CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन

(एक भाग)

डा. गोविन्द टण्डन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक: श्रीझरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा
कुञ्ज निवास,
महाराजगञ्ज, काठमाडौं ।

प्रथम संस्करण:
वि.सं. २०५३

© **सर्वाधिकार लेखकमा सुरक्षित**

मूल्य रू. २५००।- (दुइ खण्डसहित)
रु. १५००।- (प्रति भाग)

मुद्रक:
पी. यु. प्रिन्टर्स
बत्तीसपुतली, काठमाडौं
फोन नं. ४८०४५२, ४७५०८८

आवरण तस्वीर : प्रशान्ति कलरल्याब, गौशाला, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Paśupatikṣetrako Sāṅskritika Adhyayana

Dr. Govinda Tandan

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Published by: Jharendra Shumsher Jang Bahadur Rana
and Manju Rana
Kunj Niwas, Maharajgunj, Kathmandu.

First Edition:
1996 A.D.

© **Copyright Reserved**

Price NRs. 2500 (with Vol. 2)
NRs. 1500 (Per Vol.)

Printed in Nepal at
P.U. PRINTERS
Battisputali, Kathmandu, Nepal
Tel. No. 480452, 475088
Fax: 977-1-480452

Cover Photo: Pashupatinath Temple
Courtesy: Prashanti Colour Lab,
Gaushala, Kathmandu

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

नेपाल र नेपालीको उत्तरोत्तर प्रगति तथा विकासको

आभ्यन्तरिक कामना राख्दै देशको

गौरव अभिवृद्धिमा नेपालीहरू जहाँ रहून् सदैव

आफ्नो जन्मभूमि नेपालको शिर ठाडो गर्ने काममा लागि रहन

भगवान् श्रीपशुपतिनाथले

सद्प्रेरणा दिऊन् भनी प्रार्थना गर्दै

उनै सर्वान्तर्यामी, सर्वव्यापक, आशुतोष भगवान्

श्रीपशुपतिनाथको चरणकमलमा

सादर समर्पण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

यो सम्पूर्ण संसार मृत्युग्रस्त छ । पञ्चमहाभूत- (पृथ्वी, पानी, आगो, वायु, आकाश) को सम्मिश्रणबाट बनेको यो सम्पूर्ण स्थूल सृष्टिरचना क्षणभङ्गुर छ, परिवर्तनशील छ र नाशगामी छ । मृत्युको क्षेत्रभित्र भएको हुनाले स्थूल भौतिक अस्तित्वभित्र अडेको यो विशाल प्रपञ्च सम्पूर्ण नै मृत्युग्रस्त छ । यसभित्र परेर, अविद्याको बन्धनमा फँसेर, आफ्नो स्वरूपबाट अपरिचित रहेर, प्रकृतिको विकाररूप शरीरसँग मिलेर स्वयं मृत्युरहित चेतन जीव पनि 'सर्वतोमृत्यु:' बन्न पुगेको छ । यहाँ उसलाई जताजतै मृत्यु नै मृत्यु दृष्टिगोचर हुन्छ । पानीबाट उ डराउँछ, डुबेर मरिएला भनेर । आगोबाट उ डराउँछ, डढेर मरिएला भनेर, हावाबाट उ डराउँछ, उडाइदेला, ठक्कर लाग्ला र मरिएला भनेर । भीरबाट उ डराउँछ, खसिएला र मरिएला भनेर । हिंस्रक र बिषालु जनावरबाट उ डराउँछ, खाइदेला र मरिएला भनेर । विषदेखि उ डराउँछ, त्यही मरिएला भनेर । अस्त्रशस्त्रदेखि उ डराउँछ, त्यही मरिएला भनेर । शत्रुबाट उ डराउँछ, केही गरिदेला र मरिएला भनेर । यसरी सर्वत्र मृत्यु देख्दछ जीवात्माले र उ 'सर्वतोमृत्यु:' बन्न गएको छ ।

'सर्वतोमृत्यु:' भएकै कारणबाट जीवात्मा 'सर्वतोभय:' बन्न गएको छ । किनभने संसारमा जति भयहरू छन्, तिनको मूल कारण मृत्यु नै हो । मृत्युको भयका अगाडि अरू भय स्वत: नगण्य हुन्छन् । मृत्युको डरले उसलाई छोडेका दिन उ 'अकुतश्चिद्भय:' बन्दछ । सम्पूर्ण भय विलीन भएर दैवीसम्पत्तिको परम लक्ष्य 'अभय' मा उ पुग्दछ । जीवात्मालाई यस अभय पदमा पुऱ्याइदिने केवल मृत्युञ्जय भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ ।

भगवान् श्रीपशुपतिनाथको आराधनाबाट जीवात्मालाई ज्ञानको समुज्ज्वल प्रकाश प्राप्त हुन्छ । आफ्नो चिन्मय स्वरूपबाट परिचित बन्ने सौभाग्य प्राप्त हुन्छ । पञ्चमहाभूतबाट बनेको जड शरीरसँग अभेद सम्बन्ध राखेर शरीरलाई नै आफू सम्झेर बाँचुन्जेल नै त्यो भय जीवनमा अनुभव हुन्छ । जब साधनाद्वारा आफ्नो जडतापूर्ण शरीर-मिश्रित अवस्थाबाट साधक शुद्ध आत्मानुभूतिको साथ जिउने चेतनापूर्ण स्तरमा पुग्दछ, त्यस वेला उसबाट पशुभाव पनि सँगसँगै हटिरहेको हुन्छ । शरीरमा र आफूमा कति फरक छ भन्ने छुट्याउन उसले भगवान् शिवको आराधना गर्नुपर्दछ । अज्ञानले गर्दा आफू पशुकोटिमा बाँचिरहेको उसलाई अनुभव नै हुँदैन । आँखा खुलेपछि बल्ल त्यो फरक स्पष्ट हुन्छ ।

*शिवपुराण*मा द्रष्टा र दृश्यका भेदले शरीर र आत्मालाई यसरी चिनाइएको छ - "जीवात्माले शरीरलाई देख्दछ, परन्तु शरीरले जीवात्मालाई देख्तैन । शरीर र जीवात्मालाई पनि अर्का तीभन्दा माथिका परमात्माले देख्दछन्, परन्तु ती परमात्मालाई चाहिँ शरीर र जीवात्मा दुवैले देख्न सक्तैनन् । आत्मानुभूतिको त्यो चेतनामय स्थितिमा नपुगुन्जेल ब्रह्माजीदेखि लिएर यावत् स्थावरजङ्गम प्राणीहरू सबै नै पशु बनेर बाँचिरहेका हुन्छन् ।" यसरी पशुभावमा जकडिएकाहरूलाई नै लक्ष्य गरेर यो सम्पूर्ण साधनाको विधान बताइएको छ । ईश्वरका मायाको अधीन भएर आफ्नो स्वरूप बिर्सन पुगेको यस्तै सुखदु:ख भोगी जीव पशुले ईश्वरीय लीलाको साधन बनी मायाको पाशमा बाँधिएर जिउन विवश हुनुपर्दछ ।

स पश्यति शरीरं तच्छरीरं तन्न पश्यति ।
तौ पश्यति पर: कश्चित्तावुभौ तं न पश्यत: ॥
ब्रह्माद्या: स्थावरान्ताश्च पशव: परिकीर्तिता: ।
पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम् ॥
स एव बध्यते पाशै: सुखदु:खाशन: पशु: ।
लीलासाधनभूतो य ईश्वरस्येति सूरय: ॥ - *शि.पु.वा. सं. ७५९-६१*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी पाशबद्ध बनेको जीवले पाशमुक्त बन्न भगवान् शिवको आराधना गर्नुपर्दछ । भागवतधर्ममा वर्णित भक्तिसाधनाका नौ चरण भए जस्तै शैव साधनामा पनि भक्तिका अङ्ग आठवटा उल्लेख भएका छन् । माता गौरीको प्रश्नको समाधान दिँदै भगवान् शिव भन्नुहुन्छ- "मेरा भक्तहरूसँग प्रेम राख्नु, उनीहरूले गरेको पूजाअर्चनालाई अनुमोदन गर्नु, आफू स्वयं पनि पूजाअर्चना गर्नु, शरीरबाट हुने सबै कर्म मेरा निम्ति सम्झनु, मेरो कथा सुन्नमा भक्ति, स्वरभङ्ग एवं नेत्रवक्त्रविकार आदि सात्त्विक भावहरू, नित्य मेरो स्मरण, मैप्रति पूर्ण समर्पण यी मेरा भक्तले धारण गर्नुपर्ने विशेष लक्षण हुन् । यी आठवटा पवित्र लक्षण कुनै म्लेच्छमै रहेछन् भने पनि उ ब्राह्मण जस्तै श्रेष्ठ र श्रीमान् मुनि सन्न्यासी समान हुन्छ ।"

मद्भक्तजनवात्सल्यं पूजायां चानुमोदनम् ।
स्वयमभ्यर्चनं चैव मदर्थे चाङ्गचेष्टितम् ॥
मत्कथाश्रवणे भक्तिः स्वरनेत्रादिविक्रिया ।
ममानुस्मरणं नित्यं यश्च मामुपजीवति ॥
एवमष्टविधं चिह्नं यस्मिन् म्लेच्छेऽपि वर्तते ।
स विप्रेन्द्रो मुनिः श्रीमान् स यतिः स च पण्डितः ॥

- शि.पु.वा.सं. १०।६८-७०

भगवान् शिव आफ्ना भक्तको महिमा वर्णन गर्दै अगाडि भन्नुहुन्छ- "म केवल चारै वेद पढेका ब्राह्मणलाई मात्र प्यारो मान्दिन । मेरो भक्त छ, सच्चरित्र छ भने त्यो चाण्डाल भए पनि मलाई प्रिय हुन्छ । केही दिनुपर्दा केही लिनुपर्दा त्यसैसँग लिएदिए हुन्छ, त्यो मेरै पूज्य हुन्छ ।"

न मे प्रियश्चतुर्वेदी मद्भक्तः श्वपचोऽपि यः ।
तस्मै देयं ततो ग्राह्यं स च पूज्यो यथा ह्यहम् ॥

- शि.पु.वा.सं. १०।७२

मानवजीवन मुक्तिद्वार हो । यहाँ आइपुगेको जीवात्माले आफ्नो स्वरूप परिचयपूर्वक जीवन र जगत्को चिनारी गरी जीवनको पूर्णता प्राप्त गर्नुपर्दछ । *शिवपुराण*को वायवीय संहिताअनुसार तात्त्विक रूपले तीन कुरा प्रमुख छन् - पशु, पाश र पति । यी तीन मूल तत्त्वको यथार्थ परिचय पाएपछि मात्र परमार्थवेत्ता बनेर जन्ममृत्युको चक्रबाट सधैँका लागि मुक्त बन्ने सौभाग्य साधकलाई प्राप्त हुन्छ ।

यशोः पाशस्य मृत्योश्च तत्त्वतोऽस्ति पदं परम् ।
ब्रह्मविद् तद्विदित्वैव योनिर्मुक्तो भविष्यति ॥

- शि.पु.वा.सं. ५।८

पशुको, पाशको र पतिको परिचय दिँदै अगाडि भनिएको छ- "ब्रह्मादेखि लिएर स्थावर सम्मका प्राणीहरू सबै पशु हुन् । जो संसारलाई देख्दछन् र संसारका वशमा पर्दछन्, तिनैलाई पशु भनिन्छ ।" 'पश्यन्ति इति पशवः' भन्ने व्युत्पत्तिअनुसार जसलाई संसार देखिन्छ र संसारको आकर्षणले प्रभावित तुल्याउँछ, तिनै पशु हुन्छन् । मलमाया आदि पाश हुन् । जीवरूप पशुलाई यी पाशहरूबाट बचाउने परम करुणामय सर्वशक्तिमान् भगवान् सदाशिव नै पति हुनुहुन्छ । आ-आफ्नो कर्मानुसारको फलप्रदान गरेर भगवान् नै स्वयं जीवात्मालाई बाँधिदिनुहुन्छ र जीवात्माले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधनाको क्षेत्रमा पाइला सार्दै गएपछि एक दिन उहाँकै कृपाबाट मुक्ति मिल्दछ । यिनलाई मुक्ति दिने पनि भगवान् सदाशिव नै हुनुहुन्छ । पशुहरूलाई मुक्त गर्ने हुनाले नै भगवान् शिव स्वयं पशुपति हुनुहुन्छ ।

ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य शूलिनः ।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ॥
तेषां पतित्वाद्देवेशः शिवः पशुपतिः स्मृतः ।
मलमायादिभिः पाशैः स बध्नाति पशून् पतिः ॥
स एव मोचकस्तेषां भक्त्या सम्यगुपासितः ॥

- *शि.पु.वा.सं. २।११-१३*

पशु, पाश र पतिसम्बन्धी यो प्रकरण *कूर्मपुराण* उत्तरार्द्धअन्तर्गत पर्ने *ईश्वरगीता*मा अझ स्पष्ट रूपले प्रतिपादित छ । भगवान् शिव भन्नुहुन्छ ।

आत्मानः पशवः प्रोक्ताः सर्वे संसारवर्तिनः
तेषां पतिरहं देवः स्मृतः पशुपतिर्बुधैः ॥
मायापाशेन बध्नामि पशूनेतान् स्वलीलया
मामेव मोचकं प्राहुः पशूनां वेदवादिनः ॥
मायापाशेन बद्धानां मोचकोऽन्यो न विद्यते ।
मामृते परमात्मानं भूताधिपतिमव्ययम् ॥
चतुर्विंशतितत्त्वानि माया कर्मगुणा इति ।
एते पाशाः पशुपतेः क्लेशाश्च पशुबन्धनाः ॥

- *ईश्वरगीता ६।१८-२१*

अर्थात् संसारको बन्धनमा परेका सम्पूर्ण जीवात्माहरू नै पशु कहलाउँछन् । तिनको पति र इष्टदेव मै हूँ, त्यसैले विद्वान्हरू मलाई पशुपति भन्दछन् । म आफ्नो लीलाको क्रममा ती पशुहरूलाई मायारूप पाशद्वारा बाँध्दछु । वेदवेत्ताहरू ती पशुहरूको मुक्तिदाताका रूपमा मलाई नै बताउँदछन् । मायाको पाशद्वारा बाँधिएकाहरूलाई छुटकारा दिलाउने सम्पूर्ण प्राणीको अधिपति मै परमात्माबाहेक अर्को कोही छैन । अविनाशी म परमात्मा नै तिनीहरूलाई मुक्त गरिदिन्छु । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत, पाँच प्राण, मन, बुद्धि, चित्त र अहङ्कार यति चौबीस तत्त्वहरू र मायाले सिर्जना गरेको गुणहरूको यो समूह नै जीवात्मालाई बाँध्ने पाश कहलाउँछन् । पशुपतिका पाशका रूपमा यिनै चौबीस तत्त्व हुन्छन् । अनि भवबन्धनका रूपमा चाहिँ अनेकौं क्लेशहरू हुन्छन् ।

भागवतधर्ममा जस्तै शैव सम्प्रदायमा पनि जीवात्मालाई स्पष्टतः परमात्माको अंश स्वीकारिएको पाइएको छ । शिवगीतामा यसको प्रतिपादन भएको छ ।

सत्यज्ञानात्मकोऽनन्तो विभुरात्मा महेश्वरः ।
तस्यैवांशो जीवलोके हृदये प्राणिनां स्थितः ॥
विस्फुलिङ्गा यथा वन्हे र्जायन्ते काष्ठयोगतः ।
अनादिकर्मसंबद्धास्तद्वदंशा महेशितुः ।
अनादिवासनायुक्ताः क्षेत्रज्ञा इति ते स्मृताः ॥ - *शिवगीता २।२७-२८*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् सत्य ज्ञानरूप अनन्त व्यापक महेश्वर परमात्मा हुनुहुन्छ । उहाँकै अंश जीवजगत्मा प्राणीमात्रको हृदयमा जीवात्मा बनेर रहन्छ । काठको संयोगबाट जसरी आगाका झिल्का निस्कन्छन्, यस्तै परमात्माका अंश जीवहरू अनादि कर्मपाशद्वारा बाँधिएर संसारमा देखापर्दछ । अनादि संसारवासनासहितका ती जीवहरूलाई नै क्षेत्रज्ञ भनी भन्दछन् ।

शिवपुराण वायवीय संहिताअनुसार भगवान् शिवका अनन्त रूप र अनन्त नाम छन् तथापि पृथ्वी, अग्नि, जल, वायु, आकाश, जीव, सूर्य र चन्द्र यी आठ रूप ध्यान गर्ने मुख्य स्थान मानिएका छन् । परन्तु सर्वसाधारण जीवात्माका लागि आराधना गर्न र सम्झिन सजिलो पर्ने गरी भगवान् श्रीपशुपतिनाथले पाँचवटा विशेष कृपामय रूप लिनुभएको छ । ती पाँचवटा मूल रूप हुन्- ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात । यी मध्ये पहिलो ईशानरूपले सबैभन्दा श्रेष्ठ स्थान लिएको छ र प्रकृतिको भोक्ता बनेको क्षेत्रज्ञ आत्माको अधिष्ठात्री देवताको स्थानमा विराजमान भएको छ । दोस्रो तत्पुरुष रूपले त्रिगुणमयी भोग्य प्रकृतिका अधिष्ठात्री देवताको प्रतिष्ठा पाएको छ । तेस्रो अघोरनामक रूपलाई धर्म आदि आठ अङ्गयुक्त बुद्धितत्त्वका अधिष्ठात्री देवताको रूपमा सम्मान प्रदान गरिएको छ । यो अत्यन्त पूजनीय रूप हो । आगमशास्त्रका ज्ञाताहरूले वामदेवनामक चौथो रूपलाई अहङ्कारका अधिष्ठात्री देवताका रूपमा प्रतिष्ठा प्रदान गरेका छन् । अमित तेजशाली भगवान् शिवको पाँचौ सद्योजातनामक रूपलाई चाहिँ तत्त्ववेत्ताहरूले मनको अधिष्ठात्री देवता मानेका छन् ।

ईशानः पुरुषो घोरो वामः सद्यस्तथैव च ।
ब्रह्मण्येतानि देवस्य मूर्तयः पंच विश्रुताः ।
ईशानाख्या तु या तस्य मूर्तिराद्या गरीयसी ।
भोक्तारं प्रकृतेः साक्षात्क्षेत्रज्ञमधितिष्ठति ।
स्थाणोस्तत्पुरुषाख्या या मूर्तिर्मूर्तिमतः प्रभोः ।
गुणाश्रयात्मकं भोग्यमव्यक्तमधितिष्ठति ॥
धर्माद्यष्टांगसंयुक्तं बुद्धितत्त्वं पिनाकिनः ।
अधितिष्ठत्यघोराख्या मूर्तिरत्यन्तपूजिता ॥
वामदेवाह्वयां मूर्तिं महादेवस्य वेधसः ।
अहङ्कृतेरधिष्ठात्रीमाहुरागमवेदिनः
सद्योज्ञाताह्वयां मूर्तिं शम्भोरमितवर्चसः ।
मनसः समधिष्ठात्रीं मतिमन्तः प्रचक्षते ॥

शि.पु.वा.सं. ३।५-१०

सम्पूर्ण भक्तिसाधनाको क्षेत्रमा भगवान् शिवका यी पाँच रूप परम उपास्य मानिएका छन् र भगवान् श्रीपशुपतिनाथको उपासनामा यी पाँच रूपका प्रतीक पाँच विशिष्ट मुखाकृतिहरू प्रतिष्ठापित भएका छन् । भगवान् श्रीपशुपतिनाथका मुख विभिन्न दिशाहरूको क्रममा यसरी अवस्थित छन् । माथि केन्द्रमा ईशान, पूर्वमा तत्पुरुष, दक्षिणमा अघोर, पश्चिममा सद्योजात, उत्तरमा वामदेव । यी मध्ये प्रत्येकको स्वरूप र आकृतिमा आ-आफ्नै विशेषताहरू छन् । ईशानरूप चिद्रूप जीववाचक हो । त्यो प्रमुख रूप हो । किनभने चित् र अचित्को मिश्रणबाट बनेको सृष्टिभित्र ईशानरूपले चित् अंशको प्रतिनिधित्व गर्दछ । तत्पुरुष रूप अचित् रूपा प्रकृतिको प्रतिनिधित्व गर्ने रूप हो । त्यसैले यसलाई पुरुषबाहेक यहाँ केही छैन भन्ने भाव द्योतन गर्ने 'तत्पुरुष' सञ्ज्ञा दिइएको छ । गीताको भाव र भाषामा भन्दा ईशान पराप्रकृतिरूप जीवसत्ताको प्रतीक र तत्पुरुष अपरा प्रकृतिरूप अचिद्रूपा जडात्मिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतिको अधिष्ठान रूप हो । अघोररूप बुद्धितत्त्वको प्रतीक हो र दक्षिणामूर्तिको रूपमा यस रूपलाई गुरुभावनाले हेरिएको कुरा आगमशास्त्रमा प्रतिपादन गरिएको छ । भगवान् श्रीपशुपतिनाथको गुरुरूप भएको हुनाले नै चारै ढोका खुल्ने वेलामा पहिले दक्षिण ढोका खुल्दछ र अघि-पछि पनि दर्शन र परिक्रमा शुरू गर्दा यसै ढोकाबाट शुरू गर्ने परिपाटी रहेको छ । किनभने साधनामा अघि वढ्दा गुरुमुखी भएर बढेमा मात्र साधनाको फल प्राप्त हुन्छ । साधनाशास्त्रहरूले एउटै स्वरले यस कुरालाई पुष्टि दिएका छन् । श्वेताश्वतर उपनिषद् भन्दछ - "जसमा परमात्माप्रति अनन्य भक्ति छ र परमात्मामा जस्तै आफ्ना गुरुमा अनन्य भक्ति छ, त्यसैलाई उपनिषद्मा बताइएका कुराहरू सम्झिने शक्ति प्राप्त हुन्छ ।"

यस्य देवे पराभक्ति र्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ॥

- श्वे. उ. ६।२३

त्यसैले भगवान् श्रीपशुपतिनाथको गुरुरूप रहेको दक्षिण ढोका पहिले खुल्ने र त्यहींबाट परिक्रमा शुरू गर्ने परिपाटी रहेको पाइन्छ । पश्चिम मुख 'सद्योजात' नामले प्रसिद्ध छ । सद्योजात भरखर पैदा भएका बालकका लागि प्रयोग हुने शब्द हो । पश्चिम मुखमा त्यस्तै भरखर पैदा भएका बालकको जस्तो सुकुमारता देखिन्छ र मनका अधिष्ठात्री देवता भएको कारणले मनको भावुक प्रकृतिअनुकूल नै पश्चिम मुखमा कोमल भाव व्यक्त भएको छ । अरू ढोका बन्द भएका वेला पनि पश्चिम मुख निश्चित समयका लागि खुलै राखिन्छ । मनका अधिष्ठात्री देवता भएका हुनाले मनलाई निरन्तर भगवदुन्मुख बनाइराख्ने सत्प्रेरणा पश्चिम मुखबाट प्राप्त हुन्छ । उत्तर मुख वामदेवरूप हो । यी अहङ्कारका अधिष्ठात्री देवता हुन् । यही वामदेवरूप अर्धनारीश्वरस्वरूप पनि मानिएको छ । शृङ्गार फुकालेका वेला दर्शन गर्ने हो भने एक भाग गौरीरूप र अर्को भाग शङ्कररूप स्पष्टै प्रतीत हुन्छ । एक भागमा भगवान् शङ्करको जटाजूट र अर्को भागमा गौरीको केशपाश स्पष्ट देख्न पाइन्छ । त्यसै गरी एक भागमा भगवान् शङ्करको नागनिर्मित कुण्डल र अर्को भागमा माता गौरीको रत्ननिर्मित कुण्डल स्पष्टै छुट्टिन्छ । मुखाकृतिमा पनि दुइ भागमा अलग अलग स्त्रीत्व र पुरुषत्व स्पष्ट देख्न पाइन्छ । यसरी 'वामश्चासौ देवः वामदेवः' भन्ने व्युत्पत्तिद्वारा सौन्दर्यसिन्धु अर्धनारीश्वर शिवको दर्शन उत्तरमुखमा पाइन्छ । यी पाँच मुखले भगवान् शङ्करमा रहेका पाँच विशिष्ट शक्तिहरूको द्योतन गराउँछन् ।

भगवान् शङ्करलाई महेश्वर भनिन्छ किन ? बडो मार्मिक विषय छ यो । सृष्टि, स्थिति र लय यी तीन कार्य ईश्वरका सामान्य कार्य हुन् । भगवान् शङ्करका अतिरिक्त दुइ शक्ति पनि छन् । यिनलाई निग्रहशक्ति र अनुग्रहशक्ति भनिन्छ । सृष्टि, स्थिति र लयको प्रक्रिया प्रकृतिको सामान्य प्रवाहभित्र चल्ने सामान्य प्रक्रिया हो । सामान्य अवस्थामा भगवान् त्यसैलाई अनुमोदन गर्नुहुन्छ । त्यसैअनुसार कार्य सञ्चालन गर्नुहुन्छ । परन्तु उपासकहरूको स्तरअनुसार विशेष प्रकारको फलप्रदान गर्नुपर्ने वेला पनि आउँछ । कुनै-कुनै अतिविशिष्ट भक्त उपर भगवान्को विशेष कृपा हुन्छ । त्यस्ता अवसरमा प्रकृतिको सामान्य नियमलाई तोडेर सृष्टि, स्थिति र लयका अतिरिक्त निग्रह र अनुग्रह नामक दुइटा विशिष्ट शक्तिको प्रयोग गर्नुहुन्छ । किशोर तपस्वी महर्षि मार्कण्डेयलाई सोह्र वर्षमै कालकवलित हुनुपर्ने अवस्थाबाट मुक्त गरेर सप्तकल्पान्तजीवी बनाइदिनको लागि भगवान् शिवले कालका पनि महाकाल बनेर मृत्युञ्जयरूपमा प्रकट भई मार्कण्डेयलाई मृत्युको तत्काल आइपुगेको पाशबाट छुट्कारा दिनुभयो र सामान्य प्रकृतिको नियमलाई निग्रहशक्तिले रोकेर अनुग्रहशक्तिद्वारा सर्वसाधारणलाई प्राप्त हुन नसक्ने आयु प्रदान गर्नुभयो । यसरी प्रकृतिको सीमाभित्रका सृष्टि, स्थिति र लय गर्ने सामान्य शक्तिका अतिरिक्त निग्रह र अनुग्रह शक्तिको समेत प्रयोग गरेर आफ्नो पञ्चशक्तियुक्त महेश्वरत्व देखाइदिनुभयो । यिनै पाँच शक्तिका प्रतीकका रूपमा भगवान् शिवका यी पाँच मुख प्रतिष्ठित बनेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*शिवपुराण*अनुसार भगवान् शिवका पनि दश अवतार मानिएका छन् । यी प्रत्येक अवतारमा अलगअलग रूपमा शक्तिहरूले सहयोग पुऱ्याएका छन् । *शिवपुराण* शतरुद्रसंहिताअनुसार पहिलो अवतार महाकालको नामले परिचित छ । यस अवतारमा शक्तिको रूपमा महाकालीको प्राकट्य भयो । दोस्रो अवतार तार अवतार भयो । त्यसमा भगवती ताराले शक्तिका रूपमा साथ दिइन् । तेस्रो अवतार भुवनेश कालरूपमा भयो र त्यस अवतारमा माता भुवनेशीले शक्ति बनेर साथ दिइन् । चौथो अवतार षोडश नामले परिचित छ । त्यस अवतारमा भगवती षोडशीले शक्तिको रूप लिइन् । पाचौँ अवतार भैरवको रूपमा भयो र त्यस अवतारमा भैरवी शक्ति बनिन् । छैटौँ अवतार छिन्नमस्तक रूपमा भयो र छिन्नमस्ताभगवती त्यसमा शक्ति बनिन् । सातौँ धूमवान् अवतार भयो र भगवती धूमावती त्यसमा शक्ति बनिन् । आठौँ अवतार बगलामुखका रूपमा भयो र भगवती बगलामुखी शक्ति बनिन् । नवौँ अवतारमा भगवान् शिव मातङ्ग बन्नुभयो । भगवती मातङ्गी शक्ति बनिन् । दशौँ अवतार कमल कहलायो, भगवती कमला त्यसमा शक्ति बनिन् । यसरी शक्ति सहितका दश अवतार भगवान् शिवका अवतार भए ।

तत्राद्यो हि महाकालो भुक्तिमुक्तिप्रदस्सताम् ।
शक्तिस्तत्र महाकाली भक्तेहितफलप्रदा ॥
तारनामा द्वितीयश्च तारा शक्तिस्तथैव सा ।
भुक्तिमुक्तिप्रदौ चोभौ स्वसेवकसुखप्रदौ ॥
भुवनेशो हि बालाह्वस्तृतीयः परिकीर्तितः ।
भुवनेशी शिवा तत्र बालाह्वा सुखदा सताम् ॥
श्रीविद्येशः षोडशाहः श्रीविद्या षोड्शी शिवा ।
चतुर्थो भक्तसुखदो भुक्तिमुक्तिफलप्रदः ॥
पञ्चमो भैरवः ख्यातः सर्वदा भक्तकामदः ।
भैरवी गिरिजा तत्र सदुपासककामदा ॥
छिन्नमस्तकनामासौ शिवः षष्ठः प्रकीर्तितः ।
भक्तकामप्रदा चैव गिरिजा छिन्नमस्तका ॥
धूमवान् सप्तमः शम्भु र्भुक्तिमुक्तिफलप्रदः ।
धूमावती शिवा तत्र सदुपासककामदा ॥
शिवावतारः सुखदो अष्टमो बगलामुखः ।
शक्तिस्तत्र महानन्दा विख्याता बगलामुखी ॥
शिवावतारो मातङ्गो नवमः परिकीर्तित् ॥
मातङ्गी तत्र शर्वाणी सर्वकामफलप्रदा ॥
दशमः कमलः शम्भु र्भुक्तिमुक्तिफलप्रदः ।
कमला गिरिजा तत्र स्वभक्तपरिपालिनी ॥ *- शि. पु. श. रु. १७-२-११*

भगवान् शिवका आठ मूर्ति पुराण प्रसिद्ध छन् । त्यसले गर्दा उहाँको नाम नै 'अष्टमूर्ति' रहन गएको छ । ती आठ मूर्ति हुन्- भूमि, अग्नि, जल, पवन, आकाश, सूर्य, चन्द्र र जीवात्मा । यिनका अधिष्ठातृदेवका रूपमा भगवान् शङ्करका आठै नाम कहलिएका छन् । शर्व, भव, उग्र, भीम, पशुपति, ईशान, महादेव र आत्मा । माथिका आठ तत्त्वका अधिष्ठातृदेवका रूपमा क्रमशः यी आठ रूप मानिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी भगवान् श्रीपशुपतिनाथको विश्वव्यापी रूपको प्रतिपादन यी आठ रूप र आठ नामबाट गरिएको छ । यिनको विशेष चर्चा *शिवपुराण* शतरुद्रसंहिताको पहिलो अध्यायमा पाइन्छ । यिनै आठ रूप र आठ नामको संस्मरणमा भगवान् शिवलाई अष्टपुष्पिका अर्पण गर्ने चलन रहेको पाइन्छ । यो चलन धेरै अघिदेखि चलेको र शिवभक्तिको एक अभिन्न अङ्गका रूपमा प्रतिष्ठित बनेको देखिन्छ । सातौं शताब्दीका महाकवि बाणभट्टले आफ्नो कृति 'हर्षचरित' को तृतीय उच्छ्वासमा भैरवाचार्य नामका शिवभक्तले भगवान् शिवलाई अष्टपुष्पिका चढाएको प्रसङ्ग उल्लेख गरेका छन् । लिच्छवि राजा जयदेव द्वितीयले भगवान् श्रीपशुपतिनाथलाई चाँदीको अष्टदलकमल चढाएको प्रसङ्ग त उनको पशुपतिअभिलेखको माध्यमबाट बहुचर्चित नै बन्न पुगेको छ । भगवान् शिवका माथि उल्लिखित रूपमध्ये पशुपति-रूपचाहिँ आत्माको रूपमा रहेको र अन्य सबै रूपमा व्याप्त रहेको कुरा बताउँदै यो सम्पूर्ण विश्व नै शिवात्मक रहेको कुरा यसरी प्रतिपादन गरिएको छ-

आत्मा तस्याष्टमं रूपं शिवस्य परमात्मनः ।
व्यापिकेतरमूर्तीनां तस्माद् विश्वं शिवात्मकम् । — *शि. पु. शतरुद्र सं. २।१२*

यस रूपलाई 'पशुपाशनिकृन्तनः' (पशुपाशलाई काटिदिने) मानिएको छ । यी सबै कुराहरूले भगवान् श्रीपशुपतिनाथको लोकोत्तर प्रतिष्ठाका बारेमा प्रकाश पार्दछन् ।

शिवआराधनाको अभिन्न अङ्गका रूपमा लिङ्गपूजनको अतिप्राचीन परम्परा प्रतिष्ठित रहेको कुरा माथि भनिसकिएको छ । भगवान् श्रीपशुपतिनाथको लिङ्गविग्रहका बारेमा *शिवपुराण*मा स्पष्ट भनिएको छ-

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोमागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ॥ — *शि. पु. को. रु. सं. १३।१३-१९*

अर्थात् सम्पूर्ण पृथ्वीभरि प्रसिद्ध रहेको नेपालनामक नगरीमा सबै कामना सफल गरिदिने पशुपतीश्वर नाउँ गरेको शिवलिङ्ग छ । त्यो शिवलिङ्ग शिरोभाग रूपले रहेको छ ।

यहाँ जिज्ञासा हुन्छ केको शिरोभाग ? अनि यो यदि शिरोभाग हो भने अरू भाग कहाँ कुन रूपमा छ त ? यसको रहस्य शिवपुराणमै अलि पछिल्लो अंशमा स्पष्ट पारिएको छ । वनवासका वेला जब पाण्डवहरू हिमालयको क्षेत्रमा पुगेका थिए, भगवान् शिव राँगाको रूप लिएर भाग्नुभयो र छिपेर बस्नुभयो । अलिपर पुग्दा मुन्टो तल पारेर वसेको राँगोलाई उनीहरूले देखेर पुच्छरमा समातेर बारम्बार प्रार्थना गर्न लागे । भगवान् शिवचाहिँ त्यस रूपले भक्तवत्सल नाम लिएर त्यहाँ रहन लाग्नुभयो (केदारनाथ रूपलाई लिएर भनिएको हो) यसरी पूरा शरीर उहीं रह्यो । त्यसको शिरको भागचाहिँ नेपालमा पशुपतिनाथका रूपमा विराजमान छ ।

यो हि वै पाण्डवान् दृष्ट्वा माहिषं रूपमास्थितः ।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत् ॥
धृतश्च पाण्डवैस्तत्र ह्यवाङ्मुखतया स्थितः ।
पुच्छं चैव धृतं तैस्तु प्रार्थितश्च पुनःपुनः ॥
तद्रूपेण स्थितस्तत्र भक्तिवत्सलनामभाक् ।
नयपाले शिरोभागे गतस्तद्रूपतः स्थितः ॥ — *शि. पु. को. रु. सं. १९।१३-१५*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*माहेश्वरदर्शन*अनुसार शिवका पाँच विशेष शक्तिका प्रतीकका रूपमा मान्य रहेका पाँच मुखले सुशोभित लिङ्गविग्रहको पूजन परम्परा प्रचलित रहेको र त्यस प्रकारका पञ्चमुखाकृतिसहितका शिवलिङ्गको स्थापना र पूजन गर्ने विशिष्ट परम्पराको संरक्षण नेपालमा धेरै अघिदेखि हुँदै आएकोले पौराणिक कालदेखि नै नेपाललाई 'माहेश्वर क्षेत्र' का रूपमा प्रतिष्ठाप्रदान गरिएको तथ्य *महाभारत* वनपर्वको पुलस्त्य तीर्थयात्रा प्रकरणबाट स्पष्ट हुन्छ । त्यहाँ 'माहेश्वरपुर' मा गएर वृषध्वजको पूजन गरेमा ईप्सितलाभ हुने कुरा बताइएको छ र त्यस माहेश्वरपुर शब्दले पशुपतिक्षेत्रतिरै इशारा गरेको कुरा इतिहासविद्हरूले स्वीकारेका छन् । त्यो श्लोक भन्दछ -

माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ।

ईप्सितान्ल्लँभते कामानुपवासान्नसंशयः ॥

- म.भा.वनपर्व ८४।१२९

अर्थात् माहेश्वरपुरमा गएर भगवान् शिवको पूजन गरेमा साधकले चिताएका सम्पूर्ण कुराहरू प्राप्त गर्न सक्दछ ।

स्कन्दपुराण मेरुखण्डअन्तर्गत मानिएको *हिमवत्खण्ड*मा नेपालको पशुपतिशिवलिङ्गलाई ज्योतिर्लिङ्ग भनी उल्लेख गरिएको छ । प्रसिद्ध द्वादश ज्योर्तिलिङ्गहरूभित्र नपरेको भएपनि *स्कन्दपुराण*ले पशुपतिशिवलिङ्गलाई ज्योतिर्लिङ्गका रूपमा नै प्रतिष्ठा प्रदान गरेको छ । *हिवत्खण्ड*मा ब्रह्मा र विष्णुले मिलेर श्रीपशुपतिनाथको लिङ्गविग्रह स्थापना गरेको उल्लेख गरिएको छ । उक्त उल्लेख यस प्रकार छ-

यंयौ तेन समं धाता यत्र ज्योतिर्मयः स्थितः ।

सुनिर्मित्य नमन् ब्रह्मा लिङ्गं शिलामयं शिवम् ॥

सवेदिकं च पञ्चास्यं सर्वलक्षणलक्षितम् ।

स्थापितवान् मुदा भक्त्या ज्योतिर्लिङ्गोपरि ध्रुवम् ॥

- हिमवत्खण्ड ७७।३७-३८

अर्थात् भगवान् विष्णुका साथ जहाँ परमज्योतिरूप शिव विराजमान हुनुहुन्थ्यो, त्यहाँ गएर ब्रह्माले प्रणाम गरे अनि शिलाको कल्याणमय शिवलिङ्ग राम्ररी बनाएर माथि पाँच मुख तल वेदी भएको सबै शुभलक्षणले युक्त त्यस शिवलिङ्गलाई हर्षित भई भक्तिका साथ त्यो ज्योतिरूप लिङ्ग उपर अटल रूपले स्थापित गरे ।

श्रीपशुपतिनाथको प्रसिद्धि सामान्य लिङ्गको रूपमा नभई ज्योतिर्लिङ्गकै रूपमा भएको जानकारी यसरी *हिमवत्खण्ड*बाट प्राप्त हुन्छ । जस्तै-

मध्ये पशुपति र्देवो ज्योतिर्लिलिङ्गो विराजते ।

गुप्ताख्यया समं देव्या प्रमथै र्योगिनीगणैः ॥

- हिमवत्खण्ड ७१।८

अर्थात् माझमा ज्योतिर्लिङ्गस्वरूप भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ । साथमा प्रमथहरू र योगिनीहरूका साथ गुप्ता नाम गरेकी देवी अवस्थित छिन् ।

यसरी भगवान् श्रीपशुपतिनाथको प्रतिष्ठा ज्योतिर्लिङ्गका रूपमा नै रहेको कुरा स्पष्ट हुन्छ । यसै कारणले विश्वभरिका हिन्दूहरू भगवान् श्रीपशुपतिनाथको दर्शनप्रति आकृष्ट भई श्रद्धासाथ प्रतिवर्ष ठूलो सङ्ख्यामा काठमाडौं आउने गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् श्रीपशुपतिनाथको मन्दिर युगौंदेखि सम्पूर्ण ॐकार परिवारको एकताको प्रतीक रहिआएको छ । वैदिक सनातनधर्म परिवारका भगवान् शिवलाई नै इष्ट-आराध्य मान्ने शैवहरू, भगवान् शिवलाई बोधमय गुरुका रूपमा सम्मान गर्ने वैष्णवजगत्, शक्तिसहगामी ईश्वरका रूपमा शिवलाई मान्ने शाक्तहरू सबै नै भगवान् श्रीपशुपतिनाथको परिसरमा पुग्न पाउँदा प्रसन्नता र आनन्दको अनुभूति गर्दछन् । यसैगरी 'ॐ मणिपद्मे हुम्' 'नमो अरिहन्ताणम्' भन्ने मन्त्र जप्ने जैनहरू र 'एक ॐकार सत् नाम' भन्ने मन्त्र जप्ने सिक्खहरू सबैका लागि भगवान् श्रीपशुपतिनाथको मन्दिर र समीपवर्ती परिसरका विविध तीर्थहरू साझा श्रद्धाका विषय रहेका छन् ।

गुह्यकाली, वत्सलादेवी, नवदुर्गा, भुवनेश्वरी, जयवागीश्वरी जस्ता प्रसिद्ध शाक्तमन्दिरहरू यस परिसरमा अवस्थित छन् भने श्रीलक्ष्मीनारायणमन्दिर, श्रीसीताराममन्दिर, श्रीवासुकिमन्दिर, श्रीकृष्णमन्दिर आदि वैष्णव मन्दिरहरू पनि यहीं अवस्थित छन् । सुप्रसिद्ध बौद्ध केन्द्र धन्दोचैत्य यहीं रहेको तथ्य टड्कारै छ । हाल शङ्कराचार्यआगमघरमा पाइएको एउटा सुखासनमा बसेको ध्यानस्थ मूर्तिलाई जैन तीर्थङ्करको मूर्ति सिद्ध गर्न सकिने सम्भावनातर्फ इतिहासविद्हरूको विचार अभिमुख हुन थालेको पाइन्छ । त्यस मूर्तिलाई कसै-कसैले बुद्धको मूर्ति मानेका छन् । परन्तु बसाईको तरिकातिर दृष्टिदिँदा जैन तीर्थङ्करको आसनमुद्रासँग मिल्दोजुल्दो देखिने हुनाले त्यो मूर्ति जैन तीर्थङ्करको हुन सक्ने कुरा उठेको छ । सम्पूर्ण किरात जातिको मूल परिचय प्रस्तुत गर्ने किरातकालको महत्त्वपूर्ण अवशेष मानिएको प्राचीन किरातेश्वरमन्दिर यहीं गौरीघाटनगीच पाइन्छ । अर्वाचीन युगमा बनेका धार्मिक स्थलहरूमा दुइटा सुप्रसिद्ध नानकमठ आज पनि यहाँ पाइन्छन् । ती मध्ये एउटा भस्मेश्वरमा र अर्को राजराजेश्वरीमा रहेको छ । नाथसम्प्रदायका अनुयायीहरूको श्रद्धाकेन्द्र गोरखनाथमन्दिर, यसै क्षेत्रको मृगस्थलीमा अवस्थित छ । यस प्रकार पशुपतिक्षेत्र अनेकौं देवदेवीहरूका मन्दिरहरूको केन्द्र रहेको मात्र होइन अनेकौं मत र सम्प्रदायहरूको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण धार्मिक स्थलहरूले समेत परिपूर्ण रहेको छ ।

भगवान् श्रीपशुपतिनाथको पूजाअर्चनामा वैदिक र बौद्ध दुवै पूजाप्रक्रिया मिश्रित रहेको एउटा विशिष्ट पर्वपूजाको परम्परा रहेको पाइन्छ । यस प्रकारको मिश्रित पूजाप्रक्रिया प्रयोगमा आउने विशिष्ट दिन हो माघशुक्ल चतुर्दशी । त्यस दिन भगवान् श्रीपशुपतिनाथको रूपअन्तर्गत नै बुद्धको पनि रूपविधान गरी विशिष्ट पूजा सम्पन्न गरेर छायाँदर्शन गर्ने चलन छ ।

विविध सम्प्रदायका माथि उल्लिखित सबै धार्मिक स्थलहरूको पशुपतिक्षेत्रसितको समन्वयात्मक सम्बन्ध रहेको कुरा स्पष्ट छ । त्यसैले यी सबैको समन्वयात्मक मूल्य अत्यन्त उज्ज्वल र महत्त्वपूर्ण छ ।

यस क्षेत्रमा अवस्थित विविध सम्प्रदायहरूको प्रतिनिधित्व गर्ने सबै मन्दिर र मूर्तिहरूको आ-आफ्नै विशिष्ट स्थान र महत्त्व छ । ती सबैमा किरातेश्वरमन्दिरको समन्वयात्मक मूल्य र महत्ताले आफ्नै विशेषता ओगटेको छ । किरात भनिने सम्पूर्ण जातजातिहरूका आराध्य भगवान् शिव हुनुहुन्छ । यो कुरा स्वयं किरातवंशका विद्वान्हरूद्वारा स्वीकृत छ । *मनुस्मृति* (१०।४४) मा किरातलाई अतीतका क्षत्रिय भनी स्वीकारिएको छ र सदाचारको परम्पराबाट विच्छिन्न हुन पुगेकाले मात्र तल झरेको कुरा उल्लेख गरिएको छ । किरातवंशका अत्यन्त पराक्रमी र यशस्वी राजाहरूले गौरवपूर्ण राज्य चलाएको विवरण *महाभारत*बाट प्राप्त हुन्छ । राजसूययज्ञको प्रसङ्गमा दिग्विजयका लागि गएका भीमसेनले विदेह देशमा पुगेर इन्द्रकीलपर्वतनगीचका सात जना किरात अधिपतिहरूलाई जितेको कुरा सभापर्वमा आउँछ । *महाभारत* उद्योगपर्वमा चर्चित किरात राजा भगदत्त, फलामका कवच लाएका सात सय हात्ती लिएर कुरुक्षेत्रको मैदानमा पुग्ने अर्का किरात राजा यी सबैका वर्णन पढ्दा प्रागैतिहासिक कालदेखि नै किरातवंशका राजाहरूले प्रतिष्ठापूर्ण राज्य चलाएको प्रमाणित हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*माहेश्वरदर्शन*अनुसार शिवका पाँच विशेष शक्तिका प्रतीकका रूपमा मान्य रहेका पाँच मुखले सुशोभित लिङ्गविग्रहको पूजन परम्परा प्रचलित रहेको र त्यस प्रकारका पञ्चमुखाकृतिसहितका शिवलिङ्गको स्थापना र पूजन गर्ने विशिष्ट परम्पराको संरक्षण नेपालमा धेरै अघिदेखि हुँदै आएकोले पौराणिक कालदेखि नै नेपाललाई 'माहेश्वर क्षेत्र' का रूपमा प्रतिष्ठाप्रदान गरिएको तथ्य *महाभारत* वनपर्वको पुलस्त्य तीर्थयात्रा प्रकरणबाट स्पष्ट हुन्छ । त्यहाँ 'माहेश्वरपुर' मा गएर वृषध्वजको पूजन गरेमा ईप्सितलाभ हुने कुरा बताइएको छ र त्यस माहेश्वरपुर शब्दले पशुपतिक्षेत्रतिरै इशारा गरेको कुरा इतिहासविद्हरूले स्वीकारेका छन् । त्यो श्लोक भन्दछ -

माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ।
ईप्सितान्ल्लँभते कामानुपवासान्नसंशय: ॥

- म.भा.वनपर्व ८४।१२९

अर्थात् माहेश्वरपुरमा गएर भगवान् शिवको पूजन गरेमा साधकले चिताएका सम्पूर्ण कुराहरू प्राप्त गर्न सक्दछ ।

स्कन्दपुराण मेरुखण्डअन्तर्गत मानिएको *हिमवत्खण्ड*मा नेपालको पशुपतिशिवलिङ्गलाई ज्योतिर्लिङ्ग भनी उल्लेख गरिएको छ । प्रसिद्ध द्वादश ज्योर्तिलिङ्गहरूभित्र नपरेको भएपनि *स्कन्दपुराण*ले पशुपतिशिवलिङ्गलाई ज्योतिर्लिङ्गका रूपमा नै प्रतिष्ठा प्रदान गरेको छ । *हिवत्खण्ड*मा ब्रह्मा र विष्णुले मिलेर श्रीपशुपतिनाथको लिङ्गविग्रह स्थापना गरेको उल्लेख गरिएको छ । उक्त उल्लेख यस प्रकार छ-

ययौ तेन समं धाता यत्र ज्योतिर्मय: स्थित: ।
सुनिर्मित्य नमन् ब्रह्मा लिङ्गं शिलामयं शिवम् ॥
सवेदिकं च पञ्चास्यं सर्वलक्षणलक्षितम् ।
स्थापितवान् मुदा भक्त्या ज्योतिर्लिङ्गोपरि ध्रुवम् ॥

- *हिमवत्खण्ड* ७७।३७-३८

अर्थात् भगवान् विष्णुका साथ जहाँ परमज्योतिरूप शिव विराजमान हुनुहुन्थ्यो, त्यहाँ गएर ब्रह्माले प्रणाम गरे अनि शिलाको कल्याणमय शिवलिङ्ग राम्ररी बनाएर माथि पाँच मुख तल वेदी भएको सबै शुभलक्षणले युक्त त्यस शिवलिङ्गलाई हर्षित भई भक्तिका साथ त्यो ज्योतिरूप लिङ्ग उपर अटल रूपले स्थापित गरे ।

श्रीपशुपतिनाथको प्रसिद्धि सामान्य लिङ्गको रूपमा नभई ज्योतिर्लिङ्गकै रूपमा भएको जानकारी यसरी *हिमवत्खण्ड*बाट प्राप्त हुन्छ । जस्तै-

मध्ये पशुपति र्देवो ज्योतिर्लिलिङ्गो विराजते ।
गुप्ताख्यया समं देव्या प्रमथै र्योगिनीगणै: ॥

- *हिमवत्खण्ड* ७१।८

अर्थात् माझमा ज्योतिर्लिङ्गस्वरूप भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ । साथमा प्रमथहरू र योगिनीहरूका साथ गुप्ता नाम गरेकी देवी अवस्थित छिन् ।

यसरी भगवान् श्रीपशुपतिनाथको प्रतिष्ठा ज्योतिर्लिङ्गका रूपमा नै रहेको कुरा स्पष्ट हुन्छ । यसै कारणले विश्वभरिका हिन्दूहरू भगवान् श्रीपशुपतिनाथको दर्शनप्रति आकृष्ट भई श्रद्धासाथ प्रतिवर्ष ठूलो सङ्ख्यामा काठमाडौं आउने गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् श्रीपशुपतिनाथको मन्दिर युगौंदेखि सम्पूर्ण ॐकार परिवारको एकताको प्रतीक रहिआएको छ । वैदिक सनातनधर्म परिवारका भगवान् शिवलाई नै इष्ट-आराध्य मान्ने शैवहरू, भगवान् शिवलाई बोधमय गुरुका रूपमा सम्मान गर्ने वैष्णवजगत्, शक्तिसहगामी ईश्वरका रूपमा शिवलाई मान्ने शाक्तहरू सबै नै भगवान् श्रीपशुपतिनाथको परिसरमा पुग्न पाउँदा प्रसन्नता र आनन्दको अनुभूति गर्दछन् । यसैगरी 'ॐ मणिपद्मे हुम्' 'नमो अरिहन्ताणम्' भन्ने मन्त्र जप्ने जैनहरू र 'एक ॐकार सत् नाम' भन्ने मन्त्र जप्ने सिक्खहरू सबैका लागि भगवान् श्रीपशुपतिनाथको मन्दिर र समीपवर्ती परिसरका विविध तीर्थहरू साझा श्रद्धाका विषय रहेका छन् ।

गुह्येश्वरी, वत्सलादेवी, नवदुर्गा, भुवनेश्वरी, जयवागीश्वरी जस्ता प्रसिद्ध शाक्तमन्दिरहरू यस परिसरमा अवस्थित छन् भने श्रीलक्ष्मीनारायणमन्दिर, श्रीसीताराममन्दिर, श्रीवासुकिमन्दिर, श्रीकृष्णमन्दिर आदि वैष्णव मन्दिरहरू पनि यहीं अवस्थित छन् । सुप्रसिद्ध बौद्ध केन्द्र धन्दोचैत्य यहीं रहेको तथ्य टड्कारै छ । हाल शङ्कराचार्यआगमघरमा पाइएको एउटा सुखासनमा बसेको ध्यानस्थ मूर्तिलाई जैन तीर्थङ्करको मूर्ति सिद्ध गर्न सकिने सम्भावनातर्फ इतिहासविद्हरूको विचार अभिमुख हुन थालेको पाइन्छ । त्यस मूर्तिलाई कसै-कसैले बुद्धको मूर्ति मानेका छन् । परन्तु बसाईको तरिकातिर दृष्टिदिंदा जैन तीर्थङ्करको आसनमुद्रासँग मिल्दोजुल्दो देखिने हुनाले त्यो मूर्ति जैन तीर्थङ्करको हुन सक्ने कुरा उठेको छ । सम्पूर्ण किरात जातिको मूल परिचय प्रस्तुत गर्ने किरातकालको महत्त्वपूर्ण अवशेष मानिएको प्राचीन किरातेश्वरमन्दिर यहीं गौरीघाटनगीच पाइन्छ । अर्वाचीन युगमा बनेका धार्मिक स्थलहरूमा दुइटा सुप्रसिद्ध नानकमठ आज पनि यहाँ पाइन्छन् । ती मध्ये एउटा भस्मेश्वरमा र अर्को राजराजेश्वरीमा रहेको छ । नाथसम्प्रदायका अनुयायीहरूको श्रद्धाकेन्द्र गोरखनाथमन्दिर, यसै क्षेत्रको मृगस्थलीमा अवस्थित छ । यस प्रकार पशुपतिक्षेत्र अनेकौं देवदेवीहरूका मन्दिरहरूको केन्द्र रहेको मात्र होइन अनेकौं मत र सम्प्रदायहरूको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण धार्मिक स्थलहरूले समेत परिपूर्ण रहेको छ ।

भगवान् श्रीपशुपतिनाथको पूजाअर्चनामा वैदिक र बौद्ध दुवै पूजाप्रक्रिया मिश्रित रहेको एउटा विशिष्ट पर्वपूजाको परम्परा रहेको पाइन्छ । यस प्रकारको मिश्रित पूजाप्रक्रिया प्रयोगमा आउने विशिष्ट दिन हो माघशुक्ल चतुर्दशी । त्यस दिन भगवान् श्रीपशुपतिनाथको रूपअन्तर्गत नै बुद्धको पनि रूपविधान गरी विशिष्ट पूजा सम्पन्न गरेर छायाँदर्शन गर्ने चलन छ ।

विविध सम्प्रदायका माथि उल्लिखित सबै धार्मिक स्थलहरूको पशुपतिक्षेत्रसितको समन्वयात्मक सम्बन्ध रहेको कुरा स्पष्ट छ । त्यसैले यी सबैको समन्वयात्मक मूल्य अत्यन्त उज्ज्वल र महत्त्वपूर्ण छ ।

यस क्षेत्रमा अवस्थित विविध सम्प्रदायहरूको प्रतिनिधित्व गर्ने सबै मन्दिर र मूर्तिहरूको आ-आफ्नै विशिष्ट स्थान र महत्त्व छ । ती सबैमा किरातेश्वरमन्दिरको समन्वयात्मक मूल्य र महत्ताले आफ्नै विशेषता ओगटेको छ । किरात भनिने सम्पूर्ण जातजातिहरूका आराध्य भगवान् शिव हुनुहुन्छ । यो कुरा स्वयं किरातवंशका विद्वान्हरूद्वारा स्वीकृत छ । *मनुस्मृति* (१०।४४) मा किरातलाई अतीतका क्षत्रिय भनी स्वीकारिएको छ र सदाचारको परम्पराबाट विच्छिन्न हुन पुगेकाले मात्र तल झरेको कुरा उल्लेख गरिएको छ । किरातवंशका अत्यन्त पराक्रमी र यशस्वी राजाहरूले गौरवपूर्ण राज्य चलाएको विवरण *महाभारत*बाट प्राप्त हुन्छ । राजसूययज्ञको प्रसङ्गमा दिग्विजयका लागि गएका भीमसेनले विदेह देशमा पुगेर इन्द्रकीलपर्वतनगीचका सात जना किरात अधिपतिहरूलाई जितेको कुरा सभापर्वमा आउँछ । *महाभारत* उद्योगपर्वमा चर्चित किरात राजा भगदत्त, फलामका कवच लाएका सात सय हात्ती लिएर कुरुक्षेत्रको मैदानमा पुग्ने अर्को किरात राजा यी सबैका वर्णन पढ्दा प्रागैतिहासिक कालदेखि नै किरातवंशका राजाहरूले प्रतिष्ठापूर्ण राज्य चलाएको प्रमाणित हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्णको दिग्विजययात्रामा महाभारतकारले नेपाल शब्दको स्पष्टै उल्लेख गरेका छन् र नेपालका राजाहरूलाई जितेर कर्ण पर्वतशिखरबाट ओर्लेर पूर्वदिशातिर लागेको उल्लेख गरिएको छ-

नेपालविषये ये च राजानस्तानवाजयत् ।

अवतीर्य ततः शैलात् पूर्वां दिशमभिद्रुतः ॥

- म.भा.वन.३५४।७

'नेपालविषये' भनेर यस श्लोकमा नेपालको सरहदलाई इङ्गित गरिएको छ र यस क्षेत्रमा पर्ने मुख्य-मुख्य राजाहरूमा किरात राजाहरू अवश्य थिए किनभने 'हिमवद्दुर्गनिलयाः किराता रणकर्कशाः' *(म.भा.द्रो.४।७)* भनी उनीहरूलाई हिमालयको किल्लामा बसोवास गर्ने भनेरै चिनाइएको छ । *महाभारत*का अनेकौं प्रसङ्गमा किरातहरूको उल्लेख पाइन्छ । यिनीहरू 'रणकर्कश' (युद्धमा जित्न गाह्रो पर्ने खालका) भनेर त वर्णित नै भएका छन् । यसबाट युद्धको मामिलामा वीरताका लागि किरातहरू कहलिएका थिए भन्ने तथ्य छर्लङ्ग हुन्छ । नेपालको वंशावलीअनुसार उनन्तीस जना किरात राजाहरूले यहाँ राज्य गरेको वर्णन पाइन्छ । *महाभारत* सभापर्व तीसौँ अध्यायको पन्ध्रौं श्लोकमा 'किरातानामधिपतीन्' भनेर किरात राजाहरूलाई नै इङ्गित गरिएको स्पष्टै छ । 'राज' शब्दबाट अपभ्रंश भएर 'राय' भएको र 'राय' बाट अपभ्रंश भएर 'राई' शब्द बन्न गएको कुरा सम्झन गाह्रो छैन । श्री ५ पृथ्वीनारायण शाह र श्री ५ रणबहादुर शाहका कैयौँ लालमोहरमा विभिन्न ओहदामा नियुक्त किरातवंशका राजसेवकहरूलाई क्षत्रियलाई मात्र प्रयोग गरिने 'राजभारसमर्थ' शब्दले सम्बोधन गरिएको पाइन्छ । ती लालमोहरहरूमा 'राय' शब्दकै उल्लेख पाइन्छ । 'किरात' शब्दद्वारा बुझिने जातजातिहरू कुन-कुन हुन् त ? यस सम्बन्धमा डा. स्वामी प्रपन्नाचार्य भन्नुहुन्छ- "हिन्दूराष्ट्र नेपालभित्र पर्ने राई, लिम्बु, मगर, गुरुङ्ग, सुनार, तामाङ्ग, थारु, धिमाल, राजवंशी, नेवार, शौरवा, मार्छा, कोचे, मेचे आदि किरात हुन् ।" *यजुर्वेद, अथर्ववेद* र *महाभारत*देखिको किरातजातिको परिचयसँग सम्बन्धित विवरण हेर्दै जाँदा यी सबै जात-जातिको वैदिक सनातनधर्मसँग धेरै अघिदेखि सम्बन्ध रहेको बुझिन्छ । किरात जातिको मूल थलोको परिचय खोज्दै जाँदा तान्त्रिक जगत्को एउटा महत्त्वपूर्ण ग्रन्थ *शक्तिसंगमतन्त्र*मा त्यसको क्षेत्रै तोकेर उल्लेख गरेको पाइएकोले त्यस विषयमा धेरै अल्मलिनु नपर्ने कुरा स्पष्ट हुन्छ । *शक्तिसंगमतन्त्र*मा स्वयं भगवान् सदाशिव पार्वतीलाई भन्नुहुन्छ-

तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे !

किरातदेशो देवेशि ! विन्ध्यशैले च तिष्ठति ॥ *- शक्तिसंगमतन्त्र ७।४४*

अर्थात् हे देवताहरूकी स्वामिनी ! तप्तकुण्डदेखि लिएर रामक्षेत्रसम्मको भागलाई किरातदेश भनी जान्नुपर्दछ । यसका केही हिस्सा विन्ध्य पर्वतमा पनि पर्दछन् । एकथरी विद्वान्हरूले तप्तकुण्ड भनेर काश्मीरको तप्तकुण्डलाई र रामक्षेत्र भनेर अरुणाचलको परशुराम कुण्डलाई मानेका छन् ।

तप्तकुण्ड शब्दले र रामक्षेत्र शब्दले बुझाउने क्षेत्रबारे अनुसन्धान हुनु आवश्यक छ । तर यो क्षेत्र निर्धारित भएका खण्डमा किरात जातिको मूल थलो अन्त नभई यही हिमालय र विन्ध्याचलको क्षेत्रवरिपरिको क्षेत्रमै पर्दथ्यो भन्ने कुरा बुझ्न गाह्रो पर्दैन । वैदिक संस्कृतिको उद्भव र विकास भएको मूल क्षेत्र पनि यही नै रहेको तथ्य यहाँ भनिरहनु पर्दैन ।

किरात समुदायभित्र पर्ने धेरै जात-जातिले वैदिक विधिले नै आफ्नो कर्मकाण्ड गर्दै आएको कुरा किरातवंशका वरिष्ठ विद्वान्हरूमा मान्य रहेको पाइन्छ । किरातहरूले मानिआएका इष्ट आराध्यहरूलाई दृष्टिगत गरेर अनुसन्धानको क्षेत्रमा विशिष्ट योगदान गर्ने किरातवंशका विद्वान्हरूले आफ्नो जातिलाई हिन्दू नै ठहर गरेको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरातहरूले मान्ने गरेका देवीदेवताहरूको नाम र रूपतिर दृष्टि दिँदा किरातवंशको सनातन हिन्दूधर्म-संस्कृतिसँग युगौंदेखि अविच्छिन्न सम्बन्ध रहेको कुरा प्रमाणित हुन्छ । उदाहरणका लागि किरातहरू पार्वतीलाई 'सुम्निमा' मानेर पूजा गर्दछन् । शिवलाई 'पारुहाङ' मानेर अर्चना गर्ने उनीहरूको परम्परा छ । यसैगरी विभिन्न देवदेवीहरूलाई नाम मात्र फरक पारेर तर यसै रूपमा उपासना गर्ने गरेका छन् । जस्तो गणेशलाई खाङ्लोङ्माङ्, इन्द्रलाई हाङ्ओङ्लेङ्, वरुणलाई सावारुङ्, शेषनागलाई वालिम्सेङ्, सरस्वतीलाई खङ्यिङ्पुहाङ्मा, लक्ष्मीलाई पुङ्लिङ्हाङ्मा, सूर्यलाई निनामहाङ्, चन्द्रमालाई लाइडिपूमा आदि । यिनीहरूमा चण्डीनाच सुप्रसिद्ध छ ।

किरातीधर्मको मूलमन्त्रतिर दृष्टि दिँदा झन् यिनीहरू सोझै वैदिक सनातन हिन्दूधर्मसंस्कृतिसित आबद्ध रहेको तथ्य स्पष्ट हुन्छ । त्यो मन्त्र यस प्रकार छ 'ॐ चेफत्, मुक्कुम्, हिक्के, इकसा, तरक, लाए, नाम्मे आसेवारो ।' ॐ अग्नि, इन्द्र, सविता, वायु, वरुण नमो भन्ने यसको अर्थ गरिएको छ । यसैगरी 'ॐ तागेरा निङ्मा भूमाङ' अर्थात् परमात्मा सर्वव्यापी र सर्वात्मा हुनुहुन्छ भन्ने मन्त्र पनि किरातहरूमा प्रसिद्ध छ । यो कुरा इमानसिंह चेमजोङ लिखित *किरातको इतिहास* पृ. ६८ मा उल्लिखित छ । पशुपतिक्षेत्रस्थित किरातेश्वरमन्दिर त किरातसंस्कृतिको प्रकाशस्तम्भ नै बनेको छ ।

यो सबै विचार गर्दा किरातजातिका लागि भगवान् श्रीपशुपतिनाथ इष्टदेवकै रूपमा रहेको तथ्य स्पष्ट हुन्छ । अनुसन्धान गर्दै जाँदा नेपालका अरू पनि विभिन्न जातजातिहरूको राष्ट्रदेव भगवान् श्रीपशुपतिनाथसँग कुनै न कुनै रूपमा सम्बन्ध रहेको तथ्य स्पष्ट हुँदै जानेछ । वस्तुतः भगवान् श्रीपशुपतिनाथ नेपाली जातिका लागि राष्ट्रिय एकताका समष्टि प्रतीक रहनुभएको छ भन्नु अतिशयोक्ति हुँदैन । वैदिक सनातनधर्मका इष्ट-आराध्यहरूसँगको नेपालका विभिन्न जातजातिहरूको सम्बन्धको खोजी गर्नु राष्ट्रिय एकताको दृष्टिले अत्यावश्यक छ र यो अध्यवसायबाट मात्र साध्य छ । यस दिशामा प्रज्ञावान्हरूको योगदान अपेक्षित मात्रामा मिल्दै जान सके राष्ट्रलाई सांस्कृतिक एकताको दृष्टिले महत्त्वपूर्ण तथ्यहरू फेला पर्दै जाने कुरा यहाँ स्पष्टै छ ।

प्रस्तुत ग्रन्थमा ऐतिहासिक एवं सांस्कृतिक क्षेत्रका प्रबुद्ध विद्वान् डा. गोविन्द टण्डनद्वारा भगवान् श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रको धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक विषयका विविध पक्षहरूमा सविस्तार अध्ययन गरिएको पाएँ । धैर्यपूर्वक परिश्रम गरेको सुफल ग्रन्थको रूपमा जनसमक्ष आएको छ । लेखक बधाइका पात्र हुनुहुन्छ ।

प्रस्तुत ग्रन्थको प्रकाशनले पशुपतिनाथमन्दिर र पशुपतिक्षेत्र जस्तो महत्त्वपूर्ण विश्व सांस्कृतिक सम्पदा मानिएको धार्मिक-आध्यात्मिक स्थलको विषयमा विशद प्रकाश पार्न मद्दत पुऱ्याउने कुरा पक्का छ । यथार्थमा भन्ने हो भने यस विषयमा अहिलेसम्म आधिकारिक तवरले ग्रन्थाकार कुनै सामग्री प्रकाशित भएको थिएन । नेपालको धार्मिक, सांस्कृतिक क्षेत्रमा यो ग्रन्थले उद्बोधकको काम गर्नेछ भन्ने विश्वास लिएको छ ।

आचार्य खेमराज केशवशरण

घ २।४३७ केशवकुटी
सिफल, काठमाडौँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Preface

The cultural history of Deopatan and the Pashupatinatha temple has for long been a neglected chapter in the historiography of Nepal. As Mary Slusser writes in her *Nepal Mandala* (Princeton University, 1982, Vol. I, p.86): "Even the existence of [....} Deopatan has been virtually ignored despite the crucial role it has played in the nation's past."

Apart from various remarks in the historical and cultural studies on Nepal of S. Levi, D. R. Regmi, M. Slusser and others, and apart from two popular books and a remarkable monograph by Gyanamani Nepala (Pashupatinathako Darsana Sparsana Pujanasambandhama Samiksa, Kathmandu: Mahesh Raj Pant, V.S. 2043), one only finds articles on the Pashupatinatha temple most of them written by Govinda Tandan himself. Given these unsatisfactory circumstances and considering the importance of the Pashupatinatha temple for Nepal's history and her relgious identity, one welcomes any further research on Deopatan. Govinda Tandan's study, however, is not just any kind of research work. It is ambitious in its scope, monumental in the presented material and profound in its knowledge of the Pashupatiksetra.

After a lucid introduction into the arrangement and methods used in his book Tandan points out the major topographical implications of Deopatan. In this first chapter he considers also the necessity for preservation and renovation of the monuments. Tandan had proved through his activities in the Pashupatiksetra Vikasa Kosa that he is dealing with this matter not just theoretically but that he is also capable to help improve the situation at the Pashupatinatha temple.

In chapters 2-4 Tandan draws our attention to the general background of the Pashupatinatha temple as one of the major-aiva places of worship and pilgrimage. Of special importance is his careful reflection on the various names of Deopatan as recorded in the inscriptions and historical texts. It goes to his credit to have first stressed the etymological analogy of Nevari 'Gvala' to Licchavi place names ending in 'gvala', such as 'Tegvala', 'Gogvala', 'Magvala' etc. from which he concludes that gvala could mean a kind of hillock. Given the topography of Deopatan, especially the so-called Kailasa hill, this seems to be a plausible conclusion.

Chapter 5 deals with several types of worship (nityapuja and naimıttikapuja) within the Pashupatinatha temple. Being a non-Hindu I don't have first-hand information about this aspect. However, as far as I know from the literature, Tandan's remarks on the mahasnana and mahabhoga celebrations seem to be particularly valuable since this topic has not been dealt with so far.

In chapters 6 and 10 Tandan gives a precise history of the priests, importance of Pashupatinath in a Nepali Society as well as the Bhandaris at the Pashupatinatha temple. In this field much confusion has been created by other authors. Tandan,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

however, presents sound data about the fluctuating responsibility between the Sannyasin and Bhatta priests based exclusively on the available documents. It goes to his scholarly credit that he has even reconsidered his own theory on this topic first published in his article "Sri Pashupatinatha Mandirama daksinatya Brahmana pujariharubata Puja Garne Parampara- Ek Adhayayana", Abhilasa (Antarastriya Yuva Varsa 1985), V.S. 2042,pp. 90-116. Tandan also describes carefully the various functions and tasks of the priests and temple assistants.

Chapters 8 and 9 (on the development and function of guthis) are also innovative in that they introduce the complex aspect of land donations and its administration. Since most historical documents are concerned with this aspect, Tandan's argumentation is especially well based in these chapters. As in other chapters too, Tandan often tries to trace the origins of religious institutions and phenomena to the Lichhavi time. Although there is quite a difference between Sanskrit gosthi and Nepali guthi, both in function and organization of this institution, it shows Tandan's efforts not to isolate historical data and events.

In chapters 11, 12 and 14 Tandan describes all major temples, shrines and images within the Pashupatinatha temple area and beyond. At several points he corrects dates given by art historians since he had the opportunity to use documentary material not available before. The most extreme difference concerns a curious ekamukhalinga in the Vanakali area which according to P. Pal and M. Slusser must belong to the Licchavi period, but which in fact is as Tandan proves aptly through documents- 'just' a 20th century linga.

In chapter 13 Tandan elaborates on the most important festivals within the Pashupatiksetra. In this regard, too, little has been known so far, although some of these yatras such as the Vatsalajatra or Vajresvarijatra and to a certain extent also the Desoddharapuja demonstrate a highly interesting ritual overlapping of diffrent traditions, e.g. the Tantric and Vedic or Smarta strata.

In chapter 15 he deals different efforts launched at pashupati area in the past by different kings and individuals.

In his long appendix Tandan edits all the important documents used by him. Most of them are published for the first time and in the remaining parts he very often gives a much more convincing reading than others who have used the same documents before. The extraordinary value of these documents, of which little been had known so far, seem to make it necessary to give the question of preserving them, for instance by microfilming through the National Archives, a priority consideration. The appendix contain also several maps, which make it for the first time possible to allocate precisely all deities and statues within the Pashupatiksetra, as well as many photos some of them with already historical value due to the rapid change in Deopatan. The thesis is concluded by a detailed bibliography.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Govinda Tandan's method certainly is descriptive. He gives so many new and fascinating details which deserve the attention of scholars from various fields. I am sure that for many years to come Tandan's thesis will be one of the standard reference books not only for research on Deopatan but also on Nepal. One wishes that it could be published in a form that makes it accessible for the international community of researchers. I feel pleased that Tandan and I could jointly publish at least *Pashupatiksetra- Maps of Deopatan* (Bonn: VGH Wissenschaftsverlag,1993) after we both have worked and cooperated for a long time in the same area.

Some reader might miss a consideration of the broader implications of the Pashupatinatha as a holy place. In the last years, several important books on this subject have been published: Ayodhya by H.T. Bakker, Benares by Diana Eck, Madurai by Ch. Fuller, Braj area by A.W. Entwistle or Puri by several authors to mention just a few. Tandan prefers not to incorporate the results of this research, and, of course, it is also a bibliographical problem since some of these books are rarely accessible in Nepal.

Govinda Tandan's approach is a broad one. He deals with mythology, history, art history and ethnography. It goes without mentioning that nobody can be an expert in all these fields so that not all his conclusions can be equally convincing. I would, for example, rephrase some findings in which he relies on Sanskrit or Nevari material. I would also stress out more the importance of the majority Newar population of Deopatan and the Karmacarya priests at certain rituals of festivals as well as religious conflicts resulting from this fact.

However, these slight deficiencies are fully compensated by the excellent knowledge Govinda Tandan has in regard to the whole Pashupati area, his extensive use of hundreds of documents and inscriptions (some Licchavi bricks and seals have even been discovered by him) and his almost entire covering of all important aspects regarding the cultural history of the Pashupatinatha temple and its vicinity.

It is for the first time that a holy place of Nepal has been dealt with in such a deep, extensive and profound complexity. Although one feels in every line that Tandan is religiously devoted to his subject, he never sacrifices historical truth to speculation based only on belief. This seems the best way that a scholar can take care of a deity and his temple.

Prof. Dr. Axel Michaels
Iustitute for Religious
Bern University

Switzerland, 1994.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभेच्छा

विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालमा राष्ट्रदेवको रूपमा अहरह आराध्यदेव पशुपतिनाथ हुनुहुन्छ । भगवान् श्रीपशुपतिनाथको बारेमा वेदहरूमा तथा अन्य पुराणशास्त्रहरूमा अनेक प्रकारले वर्णन गरेको पाइन्छ । भगवान् श्रीपशुपतिनाथको महिमा अवर्णनीय छ भनेर वेदशास्त्रहरूमा भनिएका छन् । भगवान् श्रीपशुपतिनाथ केवल नेपालका लागि होइन अपितु विश्वका हिन्दूहरूका लागि पनि उति नै आराध्य हुनुहुन्छ । आराध्यदेव भगवान् श्रीपशुपतिनाथ मूर्तामूर्त रूपमा विभक्त हुनुहुन्छ । मूर्त रूपमा विश्वभर प्रसिद्ध नेपालका राजधानी काठमाडौंस्थित पशुपतिनाथ हुनुहुन्छ भने अमूर्त रूपमा विराजमान सवघटवासी, सर्वान्तर्यामी हुनाका साथ चराचरव्यापक हुनुहुन्छ । त्यसैले शास्त्रमा 'ब्रह्मणोद्वेयरूपे मूर्तञ्चामूर्तञ्च' ब्रह्मका मूर्त र अमूर्त दुइ प्रकारका रूप हुन्छन् । भगवान् पशुपति नै ब्रह्म हो र व्यापक रूपमा व्यापित्वेन विद्यमान हुनुहुन्छ । तर 'एकंसद्विप्रा वहुधावदन्ती' अर्थात् परमात्मा पशुपतिनाथ एकै भए तापनि व्याख्या गर्ने ऋषिमुनि आचार्यहरूले अनेक प्रकारले व्याख्या गर्छन् तथा कार्यभेदले परमात्माको व्याख्या हुन्छ । यस्तै व्याख्यामा आध्यात्मिक, आधिदैविक, आधिभौतिक र भूत, भविष्य, वर्तमान काल परिच्छेदशून्य पशुपतिनाथलाई बताइएको छ । जहाँ परमार्थतः अद्वैत भनिएको छ, त्यहाँ व्यवाहारतः द्वैतको आवश्यकता पर्छ र अद्वैत प्रतिपादन गर्नेहरूले पनि व्यवहारदशामा द्वैतलाई नअँगाली हुँदैन । यदि द्वैत अँगालेन भने अद्वैत प्रतिपादकको पनि व्यवहार चल्न सक्तैन । त्यसैले यसै व्यवहारदशामा उभिएर हेर्दा मानवले आफ्नो जीवनको चरम लक्ष्य प्राप्त गर्नका लागि उपास्य-उपास्यभाव अङ्गिकार गर्नुपर्ने हुन्छ । हाम्रा ऋषिमुनिहरूले उपास्यदेवको अनेक रूप मानेका छन् भने उपासकहरूका पनि अनेक भेद हुन्छन् । तर अन्तिम तात्पर्य एकै हो । त्यसैले *देवीभागवत*मा प्रष्ट रूपमा भनेको छ 'भक्तेस्तुः या पराकाष्ठा शैव ज्ञानं प्रकीर्तितम्' भक्तिको जो पराकाष्ठा हो त्यसैलाई ज्ञान भनिन्छ । अर्थात् अन्तिम अवस्थामा ज्ञान र भक्तिको भेद हुँदैन । दृष्टिकोणको मात्र भेद रहन्छ । ज्ञानीले सर्वत्र आफैलाई देख्छ भने भक्तले सर्वत्र भगवान् देख्दछ । बस् यति मात्र फरक हो । यही उपास्य-उपासक भाव हो ।

हिन्दूसंस्कृतिमा अनन्तकोटी देवीदेवता छन्, अनन्तकोटी उपासक हुन्छन् । परन्तु सबैको अन्तर्भाव शिवलिङ्गमा हुन्छ । शिवलिङ्ग नर्मदेश्वर, कालमुख, ईशानमुख, ॐकारेश्वर आदि भेदले अनेक हुन्छन् । लिङ्ग शब्दको अर्थ हो 'चिह्न' अथवा ज्ञान । त्यसैले 'लीनम् प्रञ्छन्नम् अर्थम् ...... गमयति वोधयतीती लिङ्गम्' जो रहस्यमय अर्थलाई बताउँछ त्यसलाई आचार्यहरूले लिङ्ग संज्ञा दिएका छन् । यद्यपि प्रसङ्गवश लिङ्ग शब्दका अनेक अर्थ हुन्छन् । तर शिवलिङ्ग शब्दमा 'लिङ्ग' शब्दको तात्पर्यार्थ रहस्यमय ज्ञानको अभिव्यक्ति हो । चतुर्दशकोटी ब्रह्माण्डमा भएका देवीदेवताहरूको पूजा, अर्चना, आदि एकै ठाउँमा गर्दा कुन ठाउँमा गर्ने भन्ने प्रश्नको उत्तरमा शिवलिङ्गमा गर्ने । त्यसैले शिवलिङ्गको अर्थ कल्याणाभिव्यक्ति हो ।

यस प्रकारको पूजनपद्धतिमा हिन्दूराष्ट्र नेपालमा प्राचीन कालदेखि ठूलो योगदान रहिआएको छ । यहाँसम्म की वेदहरूमध्ये *शुक्लयजुर्वेद* माध्यन्दिनी शाखाको उद्भव पनि नेपालभूमिमै भएको हो । यसको प्रवर्तक योगीवर याज्ञवल्क्य थिए । अनेक वैदिक र लौकिक वाङ्मयका आविष्कार यही हिमत्वखण्ड नेपालमा भएको देखिन्छ । समयभेदले गोपालवंश, अहिरवंश, किरातवंश, लिच्छविवंश, मल्लवंशदेखि लिएर शाहवंशसम्म पूजित हुँदै आएका पतितपावन भूतभावन भगवान् श्रीपशुपतिनाथ नेपालको राजधानी काठमाडौं अधित्यकामा विराजमान हुनुहुन्छ ।

नेपालमा शैव, वैष्णव, जैन, बौद्ध, शाक्त, गाणपत र तान्त्रिक पीठ रहेको देखिन्छ । यिनका दर्शन पनि अलग-अलग छन् । सूक्ष्मभेदले विचार गर्दा संस्कृति पनि भिन्नाभिन्नै जस्तो देखिन्छ । तथापि ॐकार परिवारका मूलसंस्कृति हिन्दूसंस्कृति नै हो भन्नुमा अत्युक्ति हुने छैन । यी मध्ये काठमाडौं अधित्यकाभित्र वैष्णव र शैव परम्परा पाँच हजार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षभन्दा यताका परम्परा होइनन् । यस्तै प्रकारले जैन र बौद्ध परम्परा २५०० वर्षभन्दा यताका होइनन् । परन्तु सौर र शाक्त, गाणपत परम्परा अध्ययन गर्दै जाँदा केही पछिको देखिन्छ भने तान्त्रिक परम्परा सारै पुरानो देखिँदैन । तर यी परम्पराहरूमा पछि आएर तान्त्रिक परम्पराले काठमाडौँ अधित्यकामा आफ्नो प्रभुसत्ता स्थापना गरेको देखिन्छ । तन्त्रहरूमा पनि मूलत: तीन सम्प्रदाय हुन्छ । ती हुन् - अश्वक्रान्त, रथक्रान्त र विष्णुक्रान्त । विष्णुक्रान्त तन्त्रको परम्परा दक्षिण भारतमा मात्र पाइन्छ । अश्वक्रान्त र रथक्रान्त समस्त नेपाल, भारत, चीन आदिमा पाइन्छ । यी मध्ये श्रीयन्त्रको पूजापद्धति अश्वक्रान्त तन्त्रभित्र पर्दछ । काठमाडौँ अधित्यकामा भगवान् श्रीपशुपतिनाथको पूजा अनादिकालदेखि हुँदै आएको भए तापनि श्रीयन्त्रको आधारमा गर्ने पूजापद्धतिचाँहि अश्वक्रान्त तन्त्र प्रवेश भएपछिको हो । आज यसै परिपाटीले भगवान् श्रीपशुपतिनाथको पूजाआराधना हुने गरेको छ । यस प्रकारको पूजापद्धति भारतको कैयन मठ-मन्दिरहरूमा हुने गरेता पनि नेपालमा चाँहि भगवान् श्रीपशुपतिनाथलाई छोडेर अन्यत्र देख्न पाइएको छैन । परन्तु यी मठ-मन्दिरहरूका निर्माण, पूजाआजा संरक्षणको लागि गूठी आदिको व्यवस्था भने प्राचीन कालदेखि नै हुँदै आएको छ । यस प्रकारका गूठीव्यवस्थाहरू राजा-प्रजा दुवैले आ-आफ्ना ढङ्गले गर्दै आएका छन् । यो गूठीव्यवस्था राणाकालमा अत्यन्त फलीफूली समृद्ध भएको थियो । तर दूर्दैवविपाकात् आज नेपालका मठ-मन्दिरहरू र तीर्थस्थानहरूका जो दुर्दशा भइराखेको छ त्यो लेखेर वा भनेर साध्य हुने कुरा छैन । मठ-मन्दिर रोइरहेका छन् । यहाँसम्म कि ती दुर्दिनमा पुगेका मठ-मन्दिरहरूको लागि लेखेर आवाजसम्म उठाइदिने व्यक्तिहरूको पनि अभावै देखिन्छ । यस परिस्थितिमा भगवान् श्रीपशुपतिनाथको अनुग्रहले डा. श्रीगोविन्द टण्डनले पशुपतिक्षेत्रको परिश्रमपूर्वक अध्ययन र अनुसन्धान गरेर *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* शीर्षकको ग्रन्थ तयार पारेर नीरक्षीरपाठकवृन्दसमक्ष प्रस्तुत गर्नुभएको छ, यो नेपाल राष्ट्रकै लागि महत्त्वपूर्ण र गौरवपूर्ण कार्य भएको छ । यो ग्रन्थ पन्ध्र अध्यायमा विभक्त छ । यसको व्याख्या गर्ने आवश्यकता छैन । स्वयं ग्रन्थकारले व्यापक रूपमा व्याख्या गरेर, अनुसन्धान गरेर राखिदिनुभएको छ । सानो शब्दमा भन्ने हो भने यो ग्रन्थ पशुपतिक्षेत्रको महाभारत हो । यसर्थ डा. श्रीगोविन्द टण्डनको जति प्रशंसा गरे पनि थोरै नै हुनेछ र ग्रन्थको अध्ययन जति गर्दै गयो उति नै गहन हुने सम्भावना पनि लिएको छु । तर अहिले प्रथम भाग मात्रै पाठकवृन्दसमक्ष प्रस्तुत भएको छ । अभिलेखखण्डसहितको अर्को भाग पनि यस्तै महत्त्वपूर्ण र शोधखोजपूर्ण छ भन्ने मलाई विश्वास लागेको छ । डा. श्रीगोविन्द टण्डनले यसै प्रकारले अन्य ग्रन्थहरू तयार पारेर हिन्दूसंस्कृति वाङ्मय र नेपाली भाषालाई समृद्ध बनाई नेपाली आमाको आँशु पुच्छ्नेछन् भन्ने विश्वासमा लेखनीलाई यही विराम दिन्छु ।

वि.सं. २०५२ श्रावण २३ गते **डा. स्वामी प्रपन्नाचार्य**
मृगस्थली, काठमाडौँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य

डा. श्रीगोविन्द टण्डनले विद्यावारिधि उपाधिको लागि लेख्नुभएको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययननामक* शोधग्रन्थ छापिएकोमा मलाई अत्यन्त खुसी लागेको छ । मेरो निर्देशनमा विद्यावारिधि गर्ने विद्वान् अन्वेषकहरू मध्येमा डा. श्रीटण्डन एक लगनशील, मेहनती, जेहन्दार र परिपक्व विचार भएको व्यक्तिको रूपमा पाएको छु । आफ्नो शोधकार्यावधिमा अति जिज्ञासा लिई प्रत्येक पक्षमा धेरै खोज र शोध गरी पूर्ण गर्नुभएको यो ग्रन्थले नेपालको अति प्रख्यात तथा प्राचीन पशुपतिक्षेत्रको बारेमा सबै जिज्ञासु पाठकवृन्द र विद्वान्हरूलाई धेरै तथ्यहरूको जानकारी दिनेछ ।

नेपालका प्राचीन मन्दिरहरूमध्ये एक मानिएको श्रीपशुपतिनाथको मन्दिरमा स्वदेशी मात्र होइनन्, विदेशी भक्तजनहरू पनि त्यतिकै श्रद्धा र भक्तिपूर्वक दर्शन-पूजन गर्न परापूर्वकालदेखि आउने गरेको तथ्य सर्वविदितै छ । धार्मिक दृष्टिकोणले नेपालको विशेषताहरूमा लुम्बिनीक्षेत्र, पशुपतिक्षेत्र, वराहक्षेत्र, मुक्तिक्षेत्र, त्रिवेणीक्षेत्र आदि महत्त्वपूर्ण छन् । नेपालमा त्यतिको पुरातात्त्विक उत्खननकार्य र शोधकार्यहरू हुन सकेको छैन । त्यसैले कैयौं ऐतिहासिक तथा पुरातात्त्विक्र महत्त्वपूर्ण प्रश्नहरू अहिलेसम्म नाजवाफ छन् । विदेशमा भएको अनुसन्धानकार्यको आधारमा हाम्रो देशको बारेमा अन्दाज र निर्णय गर्नुपरेको छ । तर विगत केही दशकहरूमा स्वदेशी युवाहरूले शोधकार्यमा देखाएको लगनशीलता र मेहनतले हामी सबै आशावादी छौं ।

शैवधर्मको उत्पत्तिको बारेमा धेरै विद्वान्हरूको धेरै रायहरू छन् । के.आर. सुब्रह्मण्यम् (K.R. Subramanian - *Origin of Shaivism and Its History in the Tamil Land*), जे.एच. मार्सल (J.H. Marshall - *Mohanjodaro And The Indus Valley Civilization*) सी.जी. ओल्डहाम (C.G. Oldham - *The Sun And the Serpant*) यम.आर. सखारे (M.R. Sakhare - *History and Philosophy of Lingayat Religion*) आदि विद्वान्हरूले शैव धर्मको उत्पत्तिको श्रेय द्राविड जातिलाई दिएका छन् । तिनीहरूले नागहरूको बारेमा व्याख्या गर्दै शैव धर्मको उत्पत्तिबारेमा विस्तृत व्याख्या गरेका छन् । नागहरू द्राविडजातिको एक समुदाय हो । फ़ादर हेरास् (Father Heras - *Studies in the Proto-Indian Mediterranean Culture*) जे. फर्गुसन (J. Fergusson - *Tree and Serpant Worship*), सर चार्ल्स इलियट (Sir Charles Eliot - *Hinduism and Buddhism*) हरूले पनि शैव धर्मको उत्पत्तिको श्रेय द्राविड जातिलाई दिएका छन् । हेरास्को विचारलाई मान्दै प्रो. आर.डी. वेनर्जी (R.D. Banerjee - *Prehistoric Ancient And Hindu India*) ले इण्डोआर्यन आक्रमणकारीहरूभन्दा द्राविडहरू निश्चित पनि धेरै सभ्य थिए भनी लेख्नुभएको छ । अर्को थरी विद्वान्हरू जस्तै सी.भी.एन. ऐयर (C.V.N. Iyer - *The Origin and Early History of Shaivism in South India*), आर.के. मुकर्जी (R.K. Mookerjee - *Hindu Civilization*), डा वेंकटरमनय्या (Dr. Venkataramanayya - *Rudra Shiva*) आदिले शैव धर्मको उत्पत्तिको श्रेय आर्यहरूलाई दिएका छन् र वेदमा यस बारेमा उल्लेख भएको छ भनी उल्लेख गरेका छन् । उहाँहरूका अनुसार शिव वैदिक ईश्वर हो । तर ऋग्वेदमा आर्यहरूले शिवलाई पूजा गरेको ठोस प्रमाण छैन भनी आई.सी. त्यागी (I.C. Tyagi - *Shaivism in Ancient India*) ले लेख्नुभएको छ । मुकर्जीले ऋग्वेदमा शिवको उल्लेख भएको छ भनी प्रमाणित गर्न प्रयास गर्नुभएको छ ।

शिवपूजा पहिलेदेखि भएको देखिन्छ । सबैभन्दा पुरानो धर्ममध्ये एक शैव धर्म हो । जीवात्माको वृद्धि र बाँच्नको लागि संघर्षले नै धर्मको उत्पत्ति गऱ्यो । जसको लागि ईश्वरको सृष्टि भयो । मानिसको प्रथम आवश्यक खाना हो र खाना उत्पादनको लागि उत्पादन शक्ति (Fertility) आवश्यक भयो । शुरूमा उत्पादनविषय मानिसको लागि रहस्य थियो तर मानिसले चाँडै नै उत्पादनको लागि पृथ्वी, जल र सूर्यको सम्बन्ध थाहा पाए । मानवजातिको सबै धर्ममा पृथ्वी र सूर्यलाई सबैभन्दा पुराना देवी र देवताको रूपमा उल्लेख भएको छ । शिस्न (लिङ्ग) र योनी (स्त्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षभन्दा यताका परम्परा होइनन् । यस्तै प्रकारले जैन र बौद्ध परम्परा २५०० वर्षभन्दा यताका होइनन् । परन्तु सौर र शाक्त, गाणपत परम्परा अध्ययन गर्दै जाँदा केही पछिको देखिन्छ भने तान्त्रिक परम्परा सारै पुरानो देखिँदैन । तर यी परम्पराहरूमा पछि आएर तान्त्रिक परम्पराले काठमाडौँ अधित्यकामा आफ्नो प्रभुसत्ता स्थापना गरेको देखिन्छ । तन्त्रहरूमा पनि मूलत: तीन सम्प्रदाय हुन्छ । ती हुन् - अश्वक्रान्त, रथक्रान्त र विष्णुक्रान्त । विष्णुक्रान्त तन्त्रको परम्परा दक्षिण भारतमा मात्र पाइन्छ । अश्वक्रान्त र रथक्रान्त समस्त नेपाल, भारत, चीन आदिमा पाइन्छ । यी मध्ये श्रीयन्त्रको पूजापद्धति अश्वक्रान्त तन्त्रभित्र पर्दछ । काठमाडौँ अधित्यकामा भगवान् श्रीपशुपतिनाथको पूजा अनादिकालदेखि हुँदै आएको भए तापनि श्रीयन्त्रको आधारमा गर्ने पूजापद्धतिचाँहि अश्वक्रान्त तन्त्र प्रवेश भएपछिको हो । आज यसै परिपाटीले भगवान् श्रीपशुपतिनाथको पूजाआराधना हुने गरेको छ । यस प्रकारको पूजापद्धति भारतको कैयन मठ-मन्दिरहरूमा हुने गरेता पनि नेपालमा चाँहि भगवान् श्रीपशुपतिनाथलाई छोडेर अन्यत्र देख्न पाइएको छैन । परन्तु यी मठ-मन्दिरहरूका निर्माण, पूजाआजा संरक्षणको लागि गूठी आदिको व्यवस्था भने प्राचीन कालदेखि नै हुँदै आएको छ । यस प्रकारका गूठीव्यवस्थाहरू राजा-प्रजा दुवैले आ-आफ्ना ढङ्गले गर्दै आएका छन् । यो गूठीव्यवस्था राणाकालमा अत्यन्त फलीफूली समृद्ध भएको थियो । तर दूर्दैवविपाकात् आज नेपालका मठ-मन्दिरहरू र तीर्थस्थानहरूका जो दुर्दशा भइराखेको छ त्यो लेखेर वा भनेर साध्य हुने कुरा छैन । मठ-मन्दिर रोइरहेका छन् । यहाँसम्म कि ती दुर्दिनमा पुगेका मठ-मन्दिरहरूको लागि लेखेर आवाजसम्म उठाइदिने व्यक्तिहरूको पनि अभावै देखिन्छ । यस परिस्थितिमा भगवान् श्रीपशुपतिनाथको अनुग्रहले डा. श्रीगोविन्द टण्डनले पशुपतिक्षेत्रको परिश्रमपूर्वक अध्ययन र अनुसन्धान गरेर *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* शीर्षकको ग्रन्थ तयार पारेर नीरक्षीरपाठकवृन्दसमक्ष प्रस्तुत गर्नुभएको छ, यो नेपाल राष्ट्रकै लागि महत्त्वपूर्ण र गौरवपूर्ण कार्य भएको छ । यो ग्रन्थ पन्ध्र अध्यायमा विभक्त छ । यसको व्याख्या गर्ने आवश्यकता छैन । स्वयं ग्रन्थकारले व्यापक रूपमा व्याख्या गरेर, अनुसन्धान गरेर राखिदिनुभएको छ । सानो शब्दमा भन्ने हो भने यो ग्रन्थ पशुपतिक्षेत्रको महाभारत हो । यसर्थ डा. श्रीगोविन्द टण्डनको जति प्रशंसा गरे पनि थोरै नै हुनेछ र ग्रन्थको अध्ययन जति गर्दै गयो उति नै गहन हुने सम्भावना पनि लिएको छु । तर अहिले प्रथम भाग मात्रै पाठकवृन्दसमक्ष प्रस्तुत भएको छ । अभिलेखखण्डसहितको अर्को भाग पनि यस्तै महत्त्वपूर्ण र शोधखोजपूर्ण छ भन्ने मलाई विश्वास लागेको छ । डा. श्रीगोविन्द टण्डनले यसै प्रकारले अन्य ग्रन्थहरू तयार पारेर हिन्दूसंस्कृति वाङ्मय र नेपाली भाषालाई समृद्ध बनाई नेपाली आमाको आँशु पुच्छूनेछन् भन्ने विश्वासमा लेखनीलाई यही विराम दिन्छु ।

डा. स्वामी प्रपन्नाचार्य

वि.सं. २०५२ श्रावण २३ गते
मृगस्थली, काठमाडौँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य

डा. श्रीगोविन्द टण्डनले विद्यावारिधि उपाधिको लागि लेख्नुभएको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययननामक* शोधग्रन्थ छापिएकोमा मलाई अत्यन्त खुसी लागेको छ । मेरो निर्देशनमा विद्यावारिधि गर्ने विद्वान् अन्वेषकहरू मध्येमा डा. श्रीटण्डन एक लगनशील, मेहनती, जेहन्दार र परिपक्व विचार भएको व्यक्तिको रूपमा पाएको छु । आफ्नो शोधकार्यावधिमा अति जिज्ञासा लिई प्रत्येक पक्षमा धेरै खोज र शोध गरी पूर्ण गर्नुभएको यो ग्रन्थले नेपालको अति प्रख्यात तथा प्राचीन पशुपतिक्षेत्रको बारेमा सब्बै जिज्ञासु पाठकवृन्द र विद्वान्हरूलाई धेरै तथ्यहरूको जानकारी दिनेछ ।

नेपालका प्राचीन मन्दिरहरूमध्ये एक मानिएको श्रीपशुपतिनाथको मन्दिरमा स्वदेशी मात्र होइनन्, विदेशी भक्तजनहरू पनि त्यतिकै श्रद्धा र भक्तिपूर्वक दर्शन-पूजन गर्न परापूर्वकालदेखि आउने गरेको तथ्य सर्वविदितै छ । धार्मिक दृष्टिकोणले नेपालको विशेषताहरूमा लुम्बिनीक्षेत्र, पशुपतिक्षेत्र, वराहक्षेत्र, मुक्तिक्षेत्र, त्रिवेणीक्षेत्र आदि महत्त्वपूर्ण छन् । नेपालमा त्यतिको पुरातात्त्विक उत्खननकार्य र शोधकार्यहरू हुन सकेको छैन । त्यसैले कैयौं ऐतिहासिक तथा पुरातात्त्विक्र महत्त्वपूर्ण प्रश्नहरू अहिलेसम्म नाजवाफ छन् । विदेशमा भएको अनुसन्धानकार्यको आधारमा हाम्रो देशको बारेमा अन्दाज र निर्णय गर्नुपरेको छ । तर विगत केही दशकहरूमा स्वदेशी युवाहरूले शोधकार्यमा देखाएको लगनशीलता र मेहनतले हामी सबै आशावादी छौं ।

शैवधर्मको उत्पत्तिको बारेमा धेरै विद्वान्हरूको धेरै रायहरू छन् । के.आर. सुब्रह्मण्यम् (K.R. Subramanian - *Origin of Shaivism and Its History in the Tamil Land*), जे.एच. मार्सल (J.H. Marshall - *Mohanjodaro And The Indus Valley Civilization*) सी.जी. ओल्डहाम (C.G. Oldham - *The Sun And the Serpant*) यम.आर. सखारे (M.R. Sakhare - *History and Philosophy of Lingayat Religion*) आदि विद्वान्हरूले शैव धर्मको उत्पत्तिको श्रेय द्राविड जातिलाई दिएका छन् । तिनीहरूले नागहरूको बारेमा व्याख्या गर्दै शैव धर्मको उत्पत्तिबारेमा विस्तृत व्याख्या गरेका छन् । नागहरू द्राविडजातिको एक समुदाय हो । फ़ादर हेरास् (Father Heras - *Studies in the Proto-Indian Mediterranean Culture*) जे. फर्गुसन (J. Fergusson - *Tree and Serpant Worship*), सर चार्ल्स इलियट (Sir Charles Eliot - *Hinduism and Buddhism*) हरूले पनि शैव धर्मको उत्पत्तिको श्रेय द्राविड जातिलाई दिएका छन् । हेरास्को विचारलाई मान्दै प्रो. आर.डी. वेनर्जी (R.D. Banerjee - *Prehistoric Ancient And Hindu India*) ले इण्डोआर्यन आक्रमणकारीहरूभन्दा द्राविडहरू निश्चित पनि धेरै सभ्य थिए भनी लेख्नुभएको छ । अर्को थरी विद्वान्हरू जस्तै सी.भी.एन. ऐयर (C.V.N. Iyer - *The Origin and Early History of Shaivism in South India*), आर.के. मुकर्जी (R.K. Mookerjee - *Hindu Civilization*), डा वेंकटरमनय्या (Dr. Venkataramanayya - *Rudra Shiva*) आदिले शैव धर्मको उत्पत्तिको श्रेय आर्यहरूलाई दिएका छन् र वेदमा यस बारेमा उल्लेख भएको छ भनी उल्लेख गरेका छन् । उहाँहरूका अनुसार शिव वैदिक ईश्वर हो । तर ऋग्वेदमा आर्यहरूले शिवलाई पूजा गरेको ठोस प्रमाण छैन भनी आई.सी. त्यागी (I.C. Tyagi - *Shaivism in Ancient India*) ले लेख्नुभएको छ । मुकर्जीले ऋग्वेदमा शिवको उल्लेख भएको छ भनी प्रमाणित गर्न प्रयास गर्नुभएको छ ।

शिवपूजा पहिलेदेखि भएको देखिन्छ । सबैभन्दा पुरानो धर्ममध्ये एक शैव धर्म हो । जीवात्माको वृद्धि र बाँच्नको लागि संघर्षले नै धर्मको उत्पत्ति गऱ्यो । जसको लागि ईश्वरको सृष्टि भयो । मानिसको प्रथम आवश्यक खाना हो र खाना उत्पादनको लागि उत्पादन शक्ति (Fertility) आवश्यक भयो । शुरूमा उत्पादनविषय मानिसको लागि रहस्य थियो तर मानिसले चाँडै नै उत्पादनको लागि पृथ्वी, जल र सूर्यको सम्बन्ध थाहा पाए । मानवजातिको सबै धर्ममा पृथ्वी र सूर्यलाई सबैभन्दा पुराना देवी र देवताको रूपमा उल्लेख भएको छ । शिस्न (लिङ्ग) र योनी (स्त्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुप्ताङ्ग) लाई सृष्टिको द्योतक रूपमा लिइएका छन् । सूर्य, पानी र पृथ्वीलाई पुरूष, वीर्य र स्त्रीसँग तुलना गरिएको छ । धार्मिक दृष्टिकोणले सृष्टिको क्रिया अर्थात् यौन सम्बन्ध एक महत्त्वपूर्ण, पूजनीय र पवित्र कार्य हो । यस पूजन विधिसँगै लिङ्गपूजनपद्धति (Phallic worship) शुरू भएको हो भन्ने मलाई लाग्छ ।

सृष्टिको द्योतक लिङ्गपूजनपद्धति प्राचीन कालमा सर्वव्यापक थियो । प्राचीन कालका उच्चदेखि तल्लो तहसम्मका सबै मानिसहरूले लिङ्गलाई श्रद्धाभक्तिपूर्वक पूजा गरेको प्रमाण पाइन्छ । नवपाषाण युगका गुफाहरूमा लिङ्गपूजनको महत्त्व झल्काउने चित्रहरू कुँदिएका पाइएका छन् । प्राचीन मिश्र र बेबिलोनमा पनि उत्पादनशक्तिको पूजनपद्धति अति पुरानो पूजाको रूपमा मानिएको छ । त्यहाँ पनि पृथ्वीलाई स्त्री र सूर्यलाई पुरूष मान्दथे । यसबाहेक सूमेरिया, आनाटोलिया, थ्रास्, क्रिट, फ्रिगिया, सिसिली तथा अन्य स्थानहरूका प्राचीन सभ्यताहरूमा लिङ्गपूजनपद्धति प्रचलित थियो ।

यस प्रकार शैव धर्म पूर्ववैदिक (pre - Vedic) तथा पूर्वद्राविड (pre - Dravid) धर्म हो । यसको उत्पत्ति अज्ञात पूर्वकालमा भएको थियो र क्रमिक रूपमा विभिन्न प्राचीन सभ्यताहरूको विकासक्रममा वैचारिक आदान-प्रदानको सिलसिलामा यो धर्म वा पद्धतिको समानुकूल विकास हुँदै गयो । कुनै पनि एक देश वा समाजले यो धर्म वा पद्धतिको उत्पत्ति हाम्रै हो भनी दावा गर्न मिल्दैन । यो पूजनपद्धति अति प्राचीन पितृउपासना प्रणालीको विकसित रूप हो । शिवको सम्बन्ध शाक्त धर्मसँग पनि रहेको छ । भारतमा पितृ तथा मातृउपासना प्रणालीमा विकास हुँदै शैव धर्मको विकास भयो र अहिलेको लिङ्गपूजनपद्धतिले गहिरो जरा गाड्यो ।

नेपालमा पनि मानव सभ्यताको थालनीदेखि यो पूजनपद्धतिले स्थान प्राप्त गरेको आभास हुन्छ । प्राचीन धर्मग्रन्थहरूमा शिव-पार्वती सम्बन्धित अनेक घटनाहरू नेपालमा पनि घटेका उल्लेख पाइन्छन् । पुरातात्त्विक अन्वेषण तथा उत्खनन कार्य भएको खण्डमा यसबारे अनेक नयाँ कुरा पाइने निश्चित छ । लिच्छविकालदेखि राजाहरूले आफूलाई 'पशुपतिपादानुध्यात' भनी लेख्ने चलन चल्यो र अहिलेसम्म श्री ५ महाराजाधिराज सरकारको कुनै पनि सन्देश, घोषणा वा भाषणमा 'श्रीपशुपतिनाथले हामी सबैलाई कल्याण गरून्' भन्ने उल्लेख भएबाट नेपालमा प्राचीन कालदेखि अहिलेसम्म श्रीपशुपतिनाथको महत्त्व रहेको हामी थाहा पाउँछौं । यस्तो देशमा श्रीपशुपतिनाथको मन्दिर र त्यसबाट चर्चित क्षेत्रको विस्तृत अन्वेषणात्मक शोधग्रन्थ प्रकाशन भएकोमा हामी सबैमा खुसी हुनु स्वाभाविक नै छ । उहाँबाट भविष्यमा पनि यस्तै अनुसन्धानात्मक कृतिहरूको आशा गर्दछु ।

वि.सं. २०५२ पौष **प्रा. डा. तुलसीराम वैद्य**
त्रिपुरेश्वर, काठमाडौँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभकामना

नेपालको इतिहासको क्षेत्रमा अध्ययन-अनुसन्धान गरी सकेसम्म प्रामाणिक रूपले इतिहास लेखिन थालेको धेरै भएको छैन । नेपालको इतिहासमा गर्नुपर्ने र लेख्नुपर्ने विषयहरू प्रशस्त छन् तर प्रोत्साहन पाउनु दुर्लभ छ । दिनानुदिन यो विषय शुष्क र दुष्कर बन्दै गइरहेको छ । इतिहास तयार पार्नु सजिलो काम छैन । अनेकतिर धाएर, कष्ट सहेर बल्ल-वल्ल सामग्रीहरू तयार हुन्छन् । सङ्ग्रहित सामग्रीहरूलाई केलाएर, विश्लेषण गरेर सिलसिलाबद्ध रूपमा तिनलाई आधिकारिक रूपमा विद्वान्, पारखी पाठकहरूसमक्ष प्रस्तुत हुनसक्ने तुल्याउनु चुनौतिपूर्ण कार्य हो । हतारमा कृति तयार हुन्छ, फुर्सतमा टिकाटिप्पणी हुन्छ, त्यसबाट उम्कन सक्ने ग्रन्थको तयारी गर्नु अझ परिश्रमपूर्ण हुन्छ ।

नेपालको धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण स्थान ओगटेको पशुपतिक्षेत्रको अध्ययन गरी मौलिक कृति जनसमक्ष प्रस्तुत गर्नुभएकोमा डा. गोविन्द टण्डनलाई हार्दिक बधाइज्ञापन गर्दछु । पशुपतिक्षेत्रको नेपाली जनजीवनमा रहेको महत्त्वलाई हेर्दा यस विषयमा प्रशस्त अध्ययन-अनुसन्धान भई यहाँका विविध विषयहरूमा पुस्तककार रूपमा कृतिहरू आउनुपर्ने हो । तर त्यसो हुन सकेको थिएन । एक्लैको आँट र सहृदयीहरूको भावनात्मक सहयोग पाएर उहाँले यस्तो उल्लेखनीय कृति नेपाल र नेपालीलाई दिनुभएको छ । पशुपतिक्षेत्रको विविध विषयहरूबारे ज्ञान राख्न चाहनेहरूका लागि यस्तै अर्को महत्त्वपूर्ण कृति नआउन्जेल यो ग्रन्थले ठूलो सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु । साँच्चै भन्ने हो भने कुनै सशक्त संस्थाले गर्नुपर्ने काम एउटै व्यक्तिले गरेर देखाइदिनुभएको छ डा. गोविन्द टण्डनले । कुनै संस्थाले गरेको भए यो कार्य बीसौं लाख खर्च हुने परियोजना बन्न सक्थ्यो । अनुसन्धानको सिलसिलामा कहिँ-कतैबाट एक चुनादामसम्म आर्थिक सहयोग नलिई बर्षौदेखि यस कार्यमा अविरल रूपले समर्पित भई आफूमा अन्तर्निहित धैर्य र दृढताको परिचय दिनुभएको छ उहाँले । यस ग्रन्थको महत्त्व बुझी प्रकाशनमा सहयोग गर्ने श्रीझरेन्द्रशमशेर ज.ब.रा. ले पनि ठूलो सुकीर्ति प्राप्त गर्नुभएको छ । उहाँलाई साधुवाद छ ।

ज्ञानको विषय कहिल्यै सकिँदैन । दिनानुदिन नयाँ-नयाँ विषयहरू उद्घाटित हुँदै जान्छन् । पशुपतिक्षेत्रको विषयमा पनि यहाँ जत्ति लेखियो त्यत्ति नै सबै होइन । अझै लेख्न बाँकी विषयहरू, जान्नुपर्ने कुराहरू प्रशस्त छन् । यस ग्रन्थले मार्ग प्रशस्त गरिदिएको छ, भविष्यमा थाहा नपाइएका कतिपय विषयमा अध्ययन-अनुसन्धान हुँदै रहने छ भन्ने विश्वास लिएको छु ।

डा. गोविन्द टण्डन स्नातकोत्तर तहमा अध्ययन गर्दा मेरो विद्यार्थी हुनाको साथै त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व शिक्षण विभाग, कीर्तिपुरमा सँगै अध्यापन कार्यमा लाग्ने मित्र पनि हुनुहुन्छ । उहाँको विषयमा मैले परिचय गराइरहन पर्ला जस्तो लाग्दैन । अनुसन्धानात्मक विभिन्न लेख तथा पुस्तक प्रकाशित गरिसक्नुभएको तथा विभिन्न सामाजिक-धार्मिक संस्थाहरूमा पदाधिकारी एवं सदस्यको रूपमा समर्पित तथा *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव* सरकारबाट पशुपतिक्षेत्रविकासकोष सञ्चालक परिषद्को सदस्य-सचिवसमेतमा मनोनित भई पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनमा ठूलो योगदान पुऱ्याउनुभएको छ । उहाँले आफ्नो कार्यकालमा पशुपतिक्षेत्रमा गर्नुभएका अनेकन कार्यहरूले उहाँको सुझबुझलाई देखाउँछ । उहाँबाट भविष्यमा पनि यस्तै महत्त्वपूर्ण कृतिहरू लेखिँदै रहून् भनी भगवान् श्रीपशुपतिनाथसँग प्रार्थना गर्दै शुभकामना व्यक्त गर्दछु ।

प्रो. डा. रामनिवास पाण्डेय
विभागीय प्रमुख
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग
कीर्तिपुर

वि.सं. २०५३, आषाढ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मति

डा. श्रीगोविन्द टण्डनद्वारा परिश्रमपूर्वक अध्ययन र अनुसन्धान गरी लेखिएको प्रस्तुत पुस्तक *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* पढ्न पाउँदा म जस्तो इतिहास र संस्कृतिको विद्यार्थीको हृदय हर्षले गद्‌गद् हुनु स्वाभाविकै हो । प्रस्तुत ग्रन्थमा विद्वान् लेखकले हिन्दूमात्रको आराध्य देवाधिदेव भगवान् श्रीपशुपतिनाथको विषयसम्बन्धी विविध कुरा विद्वद्‌वर्ग र जिज्ञासुहरूको सामु राखिदिनुभएको छ ।

वि.सं. १९३७ मा पं. भगवान्‌लाल इन्द्राजीले चाँगुनारायणको मानदेव प्रथमको स्तम्भाभिलेख र अन्य केही लिच्छवि र मल्लकालिक अभिलेखहरूको अध्ययन गरी नेपाली इतिहासको अध्ययनको वैज्ञानिक परम्पराको शुरूवात गरेका हुन् । यसपछि यस कार्यमा धेरै विदेशी तथा स्वदेशी विद्वान्‌हरूले योगदान दिँदै नेपालको इतिहासको रूपरेखा तयार पार्ने कार्य भइरहेको छ । स्वदेशी विद्वान्‌हरूमा श्रीअम्बिकाप्रसाद उपाध्याय (पौड्याल), ऐ.शि. श्रीबाबुराम आचार्य, पं. श्रीनयराज पन्त र श्रीतोत्रराज पाण्डेको योगदान अविस्मरणीय रहेको छ । २००७ सालपछि स्वतन्त्र वातावरणमा इतिहासकारहरूले अध्ययन र अनुसन्धान गर्ने मौका पाए । यसले गर्दा नेपालको इतिहासका नयाँ नयाँ तथ्यहरू प्रकाशमा आए । पं. श्रीनयराज पन्तद्वारा स्थापित संशोधन मण्डलले ठोस प्रमाणको आधारमा पूर्ववर्ती इतिहासकारहरूले गरेको भूलसुधार गर्ने कार्यको समेत शुरू गर्‍यो । पं. श्रीनयराज पन्तबाट प्रेरणा पाएर श्रीज्ञानमणि नेपाल, स्व. श्रीधनवज्र वज्राचार्य, डा. श्रीमहेशराज पन्त, श्रीदिनेशराज पन्त, डा. श्रीगौतमवज्र वज्राचार्य, श्रीभोलानाथ पौडेल, श्रीनयनाथ पौडेलहरूले यस क्षेत्रमा विशिष्ट योगदान पुर्‍याई भावी पुस्तालाई ठूलो गुन लगाउनुभएको छ । प्राचीन नेपालको एक भाग र मध्यकालिक नेपालको चार भाग प्रकाशन गरी डा. श्रीडिल्लीरमण रेग्मीज्यूले अन्ताराष्ट्रिय क्षेत्रमा पनि नेपालीहरू नेपालको इतिहास लेख्न सक्षम छन् भन्ने देखाइदिनुभयो । यसपछि पनि नेपाली इतिहासका नयाँ-नयाँ तथ्यहरूलाई प्रकाश गर्ने कार्य चलि नै रह्‍यो । यसै क्रममा ऐ.शि. श्रीबाबुराम आचार्यद्वारा *श्री ५ पृथ्वीनारायण शाह*, संशोधन-मण्डलद्वारा प्रकाशित इतिहासप्रधान त्रैमासिक पत्रिका *पूर्णिमा* स्व. श्रीधनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*, श्रीज्ञानमणि नेपालको *नेपाल निरूक्त* जस्ता महत्त्वपूर्ण पत्र-पत्रिका एवं ग्रन्थहरूले नेपालको इतिहासमा नयाँ नयाँ आयामहरू थप्दै गए । यस कार्यका लागि उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

वि.सं. १९३७ बाट शुरू भएको नेपालको इतिहासको अध्ययनको परम्परा त्यसको ११५ वर्षपछि मात्र एक पूर्ण खाका तयार हुनसकेको छ । यो मोटामोटी खाकाले नेपालको राजनैतिक इतिहासलाई मात्र दर्शाएको छ । यस पङ्‌क्तिका लेखकको विचारमा राजनैतिक इतिहास कुनै पनि देशको इतिहासको एक अस्थिपञ्जर मात्र हो । यसलाई पूर्ण गर्न थपिनु पर्ने रगत, मासु र नशा भने त्यस देशको सामाजिक, आर्थिक र धार्मिक इतिहास नै हुन् । तर दुर्भाग्यवश आजसम्म यस विषयमा विद्वान्‌हरूले त्यति कलम चलाएका छैनन् । जबसम्म देशको सामाजिक, आर्थिक, धार्मिक इतिहासको अध्ययन हुँदैन तबसम्म त्यस देशको इतिहासलाई पूर्ण मान्न सकिँदैन । यस क्षेत्रको अध्ययन र अनुसन्धान भने भर्खरै शुरू हुन लागेको छ ।

प्रस्तुत शोधपूर्ण ग्रन्थले पशुपतिक्षेत्रको समग्र अध्ययन गर्ने पाठकका लागि एउटा ठूलो खाँचोको पूर्ति गरिदिएको छ । नेपाल र भारतको मात्र नभएर विश्वभरका वैदिक धर्मावलम्बी हिन्दूहरूको परमपूज्य आराध्य भगवान् श्रीपशुपतिनाथको विस्तृत वर्णन यसमा गरिएको छ । शैव धर्मलगायत यस क्षेत्रका ऐतिहासिक पृष्ठभूमिको सारगर्भित अध्ययन, मन्दिरको कला र वास्तुकला एवं ऐतिहासिक घटनावली र यस क्षेत्रका मन्दिरका नित्यनैमित्तिक पूजापर्वहरूको विस्तृत र प्रामाणिक अध्ययन प्रस्तुत गरिएको छ । यसको अतिरिक्त पशुपतिनाथको स्नानको महत्त्व, मन्दिरको पुजारी तथा भँडारीको परम्पराका विभिन्न पक्षहरू, मन्दिरको संरक्षण र पूजा आदिमा गूठीको व्यवस्था,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सञ्चालन, मन्दिरको व्यवस्थापन र यस क्षेत्रका अभिलेख, मन्दिर र मूर्तिहरूका साथै विभिन्न कलाकृतिहरूको परिचय पनि समावेश गरिएको छ । लिच्छविकालदेखि नै पाशुपतक्षेत्र भनिएको यस क्षेत्रका विभिन्न चाडपर्व, यात्राहरू, प्रमुख मन्दिर स्तूप, विहारवरपर भएका निर्माण कार्यहरूको अनुसन्धानात्मक विवरणको साथै यस क्षेत्रको संरक्षणको लागि विद्वतापूर्ण मौलिक सुझावहरूसहितको यो ग्रन्थले जिज्ञासुको मनमा उठ्न सक्ने अधिकांश शङ्का र प्रश्नहरूको उत्तर दिएको छ । यस ग्रन्थका लेखकले सबै पक्षहरू दर्शाउन धेरै वर्षसम्म यस क्षेत्रको गहन अध्ययन र अनुसन्धान गर्नुभएको कुरा हर वाक्यहरूले प्रमाणित गर्दछन् । यस ग्रन्थको हरेक अध्याय नै एक-एकवटा विद्यावारिधिको शोधपत्र हुनसक्छ । महाभारतमा एक ठाउँमा 'यहाँ जे छ त्यो अन्यत्र पनि छ तर यहाँ जे छैन त्यो अन्यत्र कहीं पनि छैन' भने जस्तै पशुपतिक्षेत्रको कुनै पनि विधालाई बाँकी नराखी यावत् कुरा यथार्थ रूपले यसमा प्रस्तुत गरिएको छ । नेपालमा शैव धर्मको इतिहास र पशुपतिनाथसम्बन्धी मात्र नभएर कुनै एक मन्दिरको विषयमा यत्रो वृहत् अध्ययन भएको थिएन । यस ग्रन्थले नेपालको इतिहास र संस्कृतिको ठूलो खाँचो टारेको छ ।

डा. श्रीगोविन्द टण्डनलाई म दुइ दशकदेखि राम्ररी चिन्दछु । उहाँ मेरो स्नेहपात्र शिष्य र घनिष्ट मित्र हुनुहुन्छ । उहाँ जस्तो शिष्य र मित्र पाउनुमा म आफूलाई गौरवान्वित ठान्दछु । पशुपतिक्षेत्रकै सान्निध्यमा जन्मीहुर्किनुभएका, आफ्नो स्नातकोत्तर तहको पढाइमा पनि विशेष रूची र जाँगरको साथ यसै क्षेत्रको अध्ययन गर्नुभएका, धेरै वर्षदेखि प्राध्यापन पेशामा संलग्न भएर एक असल प्राध्यापकको रूपमा प्रतिष्ठित हुनु भएका लेखक पशुपतिक्षेत्रविकासकोषसँग पनि लामो समयसम्म सम्बद्ध रहनुभएको थियो । लामो समयको अध्ययन, अनुसन्धान, चिन्तनमननबाट निस्केको ज्ञान नै उहाँको कलमबाट यस ग्रन्थमा लिपिबद्ध भएको छ । यस्तो ग्रन्थ आफ्नो मातृभाषामा प्रकाशित गरेर एकातिर उहाँले आफ्नो मातृभाषाको श्रीवृद्धिमा योगदान पुऱ्याउनुभएको छ भने अर्कोतिर नेपाली इतिहाससंस्कृति र पुरातत्त्वको क्षेत्रमा एउटा ठूलो कीर्तिस्तम्भ खडा गर्नुभएको छ । यस्ता ग्रन्थहरू अन्ताराष्ट्रिय भाषामा समेत प्रकाशित गरी अन्ताराष्ट्रिय विद्वद् वर्ग र पाठकलाई समेत नेपालको गौरवमय सांस्कृतिक इतिहासको परिचय गराउनु पनि हाम्रो कर्तव्य हुन आउँछ ।

अन्त्यमा, प्रस्तुत महत्त्वपूर्ण शोधग्रन्थको प्रकाशन गर्ने उदारमना श्रीझरेन्द्रशमशेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणालाई अनेकौं साधुवाद दिन चाहन्छु । देवाधिदेव श्रीपशुपतिनाथले उहाँको हातबाट यस्ता धेरै ग्रन्थहरू निकाल्ने प्रेरणा दिऊन्, बढीभन्दा बढी नेपालको संस्कृतिसम्बन्धी ग्रन्थहरू प्रकाशित हुँदै जाऊन् भन्दै प्रकाशकलाई पुनः धन्यवाद दिन्छु ।

अस्तु ।

वि.सं. २०५३, आषाढ
गैह्रिधारा, काठमाडौं ।

प्रो. डा. मुकुन्दराज अर्याल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपति महाभारत

पशुपतिनाथ र पशुपतिक्षेत्रसम्बन्धी विश्वकोशात्मक रूपको यस ग्रन्थका निर्माता डा. श्रीगोविन्द टण्डनलाई यस ग्रन्थको निर्माणको आरम्भिक अवस्थातिर चिन्ने सौभाग्य पाएको थिएँ । त्यो शायद २०४० तिर होला । यस हिसाबले उहाँसँग परिचय भएको १२-१३ वर्ष पुगेछ । यस अवधिमा उहाँले अन्य अनेक कामका साथै यत्रो विशाल ग्रन्थको निर्माण गरिछाड्नु भयो ।

यत्रो काम सम्पन्न गरी नेपालको बौद्धिक क्षेत्रमा एक दुर्लभ स्थान प्राप्त गर्न श्रीटण्डन सफल हुनु भएको छ । यो हामी सबैलाई सुखकर विषय बनेको छ । तर यति काम पूरा गर्न उहाँले कति धामा गर्नु पऱ्यो होला समानधर्मी हामीले पनि आंशिक अनुमान मात्र गर्न सक्दछौँ । गूठी र मालपोत तथा अन्य अड्डाका चीसा अँध्यारा र फोहोरी कोठामा आलस्यको विलासमा लमतन्न परिरहेका कर्मचारीबीच बसेर रासका रास कागजपत्रको बीच आफ्नो चाहनाको सामग्री खोज्ने र त्यसबाट सिलसिला मिलाउने काम आफैमा वाक्क लाग्ने काम हो । यस्तो अनुभव मैले गरेको छु, किनभने म पनि डा. श्रीटण्डनले जस्तै ठूलो महत्त्वाकाङ्क्षा बोकेर बेला-बेला उपर्युक्त खालका अड्डाखानाहरूमा पुराना कागजपत्रको मुख सुँघ्न जाने गरेको छु ।

यस्तै परिश्रमबाट त्रिभुवनविश्वविद्यालयको इतिहासमा २४०० जति पृष्ठको बृहत् शोधपत्र बुझाउने उहाँ पहिलो व्यक्ति हुनु भएको छ र यो नाम उहाँले कमाउनु भएको छ आफ्नै पुरूषार्थले । हुन त उहाँको सम्पूर्ण शोधपत्र अहिले छापिएको छैन र परिशिष्टभागचाँहि पछि यथानुकूल छाप्ने उहाँको योजना भएको बुझिएको छ । बाँकी भाग पनि सकेसम्म छिटो पाठकसमक्ष आओस् भन्ने शुभकामना व्यक्त गर्दछु । तर हाल प्रकाशित खण्डमा पनि करीब ९०० पृष्ठ भएको छ । आकारले मात्रै हैन विषयवस्तुले पनि डा. श्रीटण्डनको यो ग्रन्थ अपूर्व सिद्ध भएको छ । एउटै शीर्षकमा नेपाली भाषामा लेखिएको एउटै ग्रन्थ यत्रो शायद छापिएको नहोला भन्ठान्छु र संस्कृति विषयसम्बन्धी ग्रन्थको रूपमा त्यही कुराको दावी गर्न सकिन्छ ।

यो ग्रन्थको प्रत्येक पानामा थुप्रै देवताहरूको नाम परेको छ र ती देवीदेवताहरूले उहाँलाई पूरापूर आसीक दिनेछन् विद्यासिद्धिको लागि र यस्तै काम फेरि-फेरि गर्ने सक्ने सुस्वास्थ्यको लागि । मातृभूमि र मातृभाषा तथा राष्ट्रभाषाको सेवा पनि उहाँबाट मनरगे भएको छ । भनौं भने उहाँले मातृभूमि र मातृभाषालाई आफ्नो ऋण चुक्ता गरिदिनुभएको छ । प्रत्येक नेपालीले मातृभाषा र राष्ट्रभाषा तथा मातृभूमिप्रति रहेको नैसर्गिक ऋण तिर्न सक्ने प्रेरणा पनि यस ग्रन्थबाट पाउने नै छन् भन्ने मेरो हार्दिक कामना छ । डा. श्रीटण्डनज्यूका मातापिता पनि आफ्नो पुत्रको यो उपलब्धिले अवश्यै प्रसन्न भइरहनु भएको हुनुपर्दछ । स्वपुत्ररत्नको यो सेवाबाट ।

'महत्वात् भारत्वत्वाच्च महाभारतमुच्यते'

महत्त्वपूर्ण हुनाले र गऱ्हुङ्गो (गहकिलो) हुनाले 'महाभारत' भनिन्छ र यी दुवै गुण यस ग्रन्थमा भएको र यो पशुपतिनाथसम्बन्धी हुनाले यसलाई मैले 'पशुपति महाभारत' नामकरण गरेको छु । यस ग्रन्थका पाठकले पनि यस्तै अनुभव गर्नु हुने विश्वास गर्दछु ।

यस ग्रन्थमा समेटिएका विषयवस्तु यति व्यापक छन् कि तिनका बारेमा म यहाँ चर्चा गर्नु आवश्यक ठान्दिन । पाठकहरू स्वयम् यसका सामग्रीमा व्यापकता र समग्रताको आस्वादन गर्न पाउनु हुनेछ ।

मानवीय कृतिहरूमा 'यस्तो भएको भए वा उस्तो भएको भए' भन्ने थेगोले कहिल्यै छोड्दैन । यसैले डा. श्रीगोविन्द टण्डनको यो परिश्रम पुराणका अभाव पक्षबारे वा प्रस्तुतिकरणको पद्धतिबारे केही नभनौं । यसको सकारात्मक पक्षलाई सकारौं र यसलाई परिश्रमको नमूनाको रूपमा वा बौद्धिक पसिनाको मालाको रूपमा सत्कार गरौं ।

वि.सं. २०५२ ज्येष्ठ २२ गते **डा. जगदीशचन्द्र रेग्मी**
टङ्गाल ढल्कु, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य

वैदिक वाङ्मयबाट शुरू भएको पशुपतिको वर्णन अर्वाचीन वाङ्मयसम्म पनि एकनाससँग आइरहेकोले पशुपतिको कति महत्त्व छ भन्ने स्पष्ट छ । नेपालको सन्दर्भमा त पशुपतिको अझ बढी महत्त्व छ । नेपालका वंशावलीहरूमा नेपालको पहिलो राजवंश नै पशुपतिको प्रभावले आएको हो भन्ने कुरा लेखिएको छ । [शाके] संवत् ४५५ चैत्र (वि.सं. ५९०) को भस्मेश्वरको अभिलेखमा 'भगवत: पशुपते: क्षेत्रे' भन्ने उल्लेख पाइएबाट त्यस वेला पशुपति प्रसिद्ध देवताको रूपमा पूजित थिए र उनको मन्दिरको वरिपरिको क्षेत्र पशुपतिक्षेत्र कहलाउँथ्यो भन्ने स्पष्ट छ । अंशुवर्माको बुङ्मतीको [मानदेव] संवत् २९ ज्येष्ठ (वि.सं. ६६३) को अभिलेखदेखि राजाको प्रशस्तिमा 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' भनी लेखिएबाट राजपरम्पराले पशुपतिनाथलाई महत्त्व दिएको थियो भन्ने स्पष्ट छ । अहिलेसम्म पनि श्री ५ को प्रत्येक सन्देशमा 'श्रीपशुपतिनाथले हामी सबैको कल्याण गरून्' भन्ने वाक्य लेखिएबाट लिच्छविकालदेखि शुरू भएको परम्परा अहिलेसम्म कायम रहेको स्पष्ट हुन्छ । नेपालका राजाले मात्र होइन, प्रजाले पनि पशुपतिको महिमा प्राचीनकालदेखि गाउँदै आएका छन् । अभिलेखकै आधार मात्र लिने हो भने पनि लिच्छविकालदेखि नै यस क्षेत्रमा राजा प्रजा दुवैद्वारा निकै कीर्ति राखिएका भेटिन्छन् । नेपालको विभिन्न भेगका राजा प्रजा सबैले पशुपतिको महिमा मानेर आएको देख्दा नेपालमा पशुपतिनाथको ठूलो महत्त्व छ भन्ने स्पष्ट छ ।

पशुपतिको बारेमा स्वदेशी विदेशी विभिन्न विद्वान्द्वारा केही पुस्तक प्रकाशित भएका छन् तथा पशुपतिसम्बन्धी केही लेख पनि प्रकाशमा आएका छन् । यसै परम्परामा डा. श्रीगोविन्द टण्डनको करीब ९०० पृष्ठको १५ अध्यायमा विभक्त *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन*नामक पुस्तक हाम्रो अगाडि आएको छ । यस पुस्तकमा पशुपतिसम्बन्धी सबै विषय सँगेट्न खोजिएको छ । पशुपतिनगीचको बत्तीसपुतलीका स्थायी बासिन्दा श्रीगोविन्द टण्डनले पशुपतिनाथकै विषयमा विद्यावारिधि (पीएच्.डी.) गर्नु भएको हो र उहाँको त्यससम्बन्धी शोधपत्र करीब २४०० पृष्ठको भएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । पशुपतिक्षेत्रको सर्वाङ्गीण विकासको लागि संघट्टित पशुपतिक्षेत्रविकासकोषमा कार्यकारिणी समितिका कोषाध्यक्ष तथा सञ्चालक परिषद्का सदस्य-सचिवको हैसियतमा केही वर्ष संलग्न हुने मौका पाउनुभएकोले पनि श्रीगोविन्द टण्डनको यो ग्रन्थ पशुपतिक्षेत्रको विषयमा आकरग्रन्थ भएको छ भन्दा अत्युक्ति हुनेछैन । भोलि विभिन्न दृष्टिबाट पशुपतिको विषयमा अरू अनुसन्धान हुँदै जालान्, विभिन्न विद्वान्हरूको यस क्षेत्रमा दृष्टि जाला, श्रीटण्डनले पनि यससम्बन्धी आफ्नो अध्ययन अनुसन्धान अरू बढाई यस क्षेत्रमा अझ बढी अवदान दिनुहोला भन्ने आशा राख्दै यस्तो काम पूरा गर्न समर्थ हुनुभएकोमा श्रीगोविन्द टण्डनलाई साधुवाद दिन्छु ।

डा. श्रीगोविन्द टण्डनको यस पुस्तकको नीरक्षीरविवेकी विद्वान्हरूबाट यथोचित मूल्याङ्कन हुनेछ र यस क्षेत्रमा उहाँको उत्साह अझ बढाउने काम हुनेछ भन्ने आशा राख्दै आफ्नो मन्तव्य यहीं टुङ्ग्याउँछु ।

वि.सं. २०५३, आषाढ ८ गते । **दिनेशराज पन्त**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

An Appreciation

Considering the fundamental-even immemorial-role that Lord Shiva Pashupati has played, and continues to play, in Nepalese culture it is astounding that until today no one has undertaken a study such as the one being published here. While there have been many important contributions of Nepalese and foreign scholars to an understanding of the deity, of his temple, and his larger domain, the Pashupatiksetra, without exception they have dealt only with one or more aspects related to the scared site. One scholar, for example, may be most enthralled by the magnificent sculptures which dot Pashupati's realm, another be entranced by the festivals surrounding him, while a third may consider only history or matters of cult. Not so with the present work in which every possible aspect related to Pashupatinath has been carefully examined, codified, related to the other multiple aspects, and brought into a coherent whole. Subsequent scholars, it seems clear, will be hard put to add anything to this remarkable compilation. To this scholar, who noted many years ago the neglect of the critical role Deopatan has played in the history of the Great Lord, it is particularly gratifying to observed that with Govinda Tandan's work such a complaint can no longer be justified. As with all other aspects of Pashupatinath, Deopatan, too, has been examined and brought into the total schema. For non-Hindu scholars who have so long been denied their heart's desire to themselves have darshan of the Lord, this work comes as a balm and partial compensation. If we may not have darshan at least we may have knowledge.

In the accompanying preface, Dr. Axel Michaels, himself a sincere student of the immense, encompassing lore of Pashupatinatha, has described chapter by chapter the content of this work which need not be repeated here. Like Dr. Michaels, however, I deeply regret the fact that for lack of funds this profound study must be published only in Nepali and piecemeal at that. Surely there could be no greater act of devotion to the Great Lord on the Bagmati than contributing to or fully funding the immediate publication of the second volume of this book. Indeed. since for centuries the kings of Nepal traditionally have proclaimed in their *prasastis* to be "favored by the feet of Lord Pashupati" what greater monument to the reigning king of Nepal and expression of his devotion to the national lodestar could there be than the Government funding of this work ? Because it is such a significant and all-inclusive contribution to which little is likely to be added for years to come an edition in English should follow. Even scholars well versed in Nepali cannot help but be daunted by the sheer volume of the text, appendix, bibliography and related scholarly apparatus. Like Pashupati himself, this work reflects the glory of Nepal and that of her too-little known scholars. It deserves a wider dissemination throughout the international scholarly community than this limited edition in Nepali will provide. Let all of us, Hindu and non-Hindu alike, make every effort to see that this may come about.

Dr. Mary Shepherd Slusser
Research Associate
Freer Gallery of Art and the Arthur M. Sackler Gallery
Smithsonian Institution

Washington, D.C.
May 25, 1996.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुइ शब्द

नेपाली जनजीवनमा भगवान् पशुपतिनाथको अत्यधिक महत्त्व रहिआएको छ । सम्पूर्ण हिन्दूधर्मावलम्बीहरूका आराध्ययदेव भगवान् पशुपतिनाथको मन्दिर नेपालमा हुनु गौरवको कुरा हो । शताब्दीयौँअघिदेखि पूजाआजा तथा श्रद्धाभक्ति दर्शाउने प्रमुख साधनास्थलको रूपमा पशुपतिनाथको मन्दिर र पशुपतिक्षेत्र रहिआए तापनि यस बारेमा अनभिज्ञ रहनु पर्ने अवस्था थियो । जुन वेला प्रस्तुत ग्रन्थका लेखकले स्नातकोत्तर तहको लागि पशुपतिनाथमन्दिरको सांस्कृतिक अध्ययनसम्बन्धी शोधपत्र लेख्ने कार्य थालेको थियो त्यस वेला पशुपतिनाथको विषयमा कुनै लेखमा वा पुस्तकमा सन्दर्भको वेलामा कतै उल्लेख पाइनुबाहेक पशुपतिनाथमन्दिरको विषयमा विस्तृत रूपमा लेखेको सामग्रीहरूको एकदमै अभाव थियो । स्वदेशी तथा विदेशीहरूले लेखेका एक-दुइवटा लेख थिए । तिनीहरूमा पनि शोधखोजको अभाव हुनाको साथै मन्दिरको विवरणात्मक उल्लेखबाहेक अरू थिएनन् । पशुपतिक्षेत्रको महत्त्वको बारेमा वि.सं. २०३२ सालदेखि सङ्गठनात्मक रूपमा चर्चा शुरू हुन थाल्यो । पशुपतिनाथ र पशुपतिक्षेत्रको महत्त्व दर्शाउने किसिमका लेखहरू प्रकाशित हुन थाले । यद्यपि तिनीहरू थोरै छन् तर तिनीहरूले जुन सचेतता दिन खोजेको छ, त्यो उल्लेख्य छ । पशुपतिनाथमन्दिर एवं पशुपतिक्षेत्रको महत्त्वलाई व्यापक रूपमा जनसमक्ष ल्याउने काम भने पशुपतिक्षेत्रविकासकोषको स्थापनापश्चात् मात्र हुन सक्यो । पशुपतिक्षेत्रलाई केन्द्रबिन्दु बनाई लेख-पुस्तिका लेख्ने, लेख्न लाउने, गोष्ठीहरूको आयोजना गर्ने तथा विविध विषयमा अनुसन्धानात्मक लेख तथा कार्यपत्रहरू लेख्ने काम हुन थाले ।

सम्पूर्ण हिन्दूधर्मावलम्बीहरूको श्रद्धा र आस्थाको केन्द्रको रूपमा रहेको पशुपतिक्षेत्रको योजनाबद्ध स्याहार, सम्भार, संरक्षण, संवर्द्धन गर्ने सद्उद्देश्यबाट *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट* वि.सं.२०४३ पौष १ गते पशुपतिक्षेत्रविकासकोष खडा गर्ने ऐतिहासिक घोषणा गरिबक्स्यो । पशुपतिक्षेत्रको प्राचीन कालदेखि नेपाली जनजीवनमा रहेको पावनता र महत्त्वलाई जीवन्तता प्रदान गर्न पशुपतिक्षेत्रविकासकोष सक्षम बन्नेछ भन्ने विश्वास छ । विश्व सांस्कृतिक सम्पदाको रूपमा रहेको पशुपतिक्षेत्रको योजनाबद्ध संरक्षण, संवर्द्धन र विकासपश्चात् यो क्षेत्र आस्थावान् हिन्दूधर्मावलम्बीहरूको लागि सबै सुविधासम्पन्न पवित्र तीर्थस्थल; पर्यटकहरूका लागि मठ, मन्दिर, स्तूप, बिहार, मूर्ति जस्ता सांस्कृतिक सम्पदा भएको तथा तिनको उचित स्याहार, सम्भारले गर्दा मनमोहक सांस्कृतिक स्थलको रूपमा विश्व समक्ष बढी परिचित हुने कुरामा सन्देह छैन ।

पशुपतिनाथ र पशुपतिक्षेत्र जस्तो प्रसिद्ध तीर्थस्थलको अहिलेसम्म पठनीय सामग्रीको अभावलाई दृष्टिगत गरी विभिन्न विषयहरूलाई भिन्न-भिन्न अध्यायमा विभक्त गरी यस ग्रन्थमा प्रस्तुत गरिएको छ । पशुपतितत्त्व, पशुपतिनाथको उद्भवसम्बन्धी विविध धारणा, पशुपतिनाथमन्दिरको पूजाआजा, मन्दिरको व्यवस्थापन, गूठीव्यवस्था, पशुपतिक्षेत्रका मूर्तिहरू, पशुपतिक्षेत्रमा हुने चाडपर्व, पशुपतिनाथमन्दिरको निर्माणमा विभिन्न व्यक्तिहरूको योगदान, पुजारी एवं भँडारीको परम्परा, मन्दिरमा चढ्ने भेटीघाटी, नेपाली जनजीवनमा विभिन्न कालमा रहेको पशुपतिनाथको महत्त्व, पशुपतिक्षेत्रमा भएका मठ, मन्दिर, मूर्ति, शिलालेख आदिको सङ्कलन, पशुपतिक्षेत्रको स्याहार-सम्भार र संरक्षणका लागि अतितमा भएको प्रयासदेखि लिएर योजनाबद्ध रूपमा पशुपतिक्षेत्रको स्याहार-सम्भार र संरक्षणका लागि गर्नुपर्ने कामहरूको सम्बन्धमा ठाउँ-ठाउँमा सुझाव प्रस्तुत गरिएको छ । पशुपतिनाथमन्दिरको सांस्कृतिक अध्ययनको विषयमा लेख्नुपर्ने कुराहरू प्रशस्त छन् । लेखेर कहिल्यै नसकिने विषयवस्तुको रूपमा यो रहेको छ । धेरै कुराहरू लेख्ने लोभले गर्दा यसको कलेवर बढ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिर एवं पशुपतिक्षेत्रको विविध सांस्कृतिक विषयमा विस्तृत रूपबाट लेखिएको यो पहिलो कार्य भएकोले विषयवस्तुको प्रतिपादन विश्लेषणात्मकभन्दा कतिपय अध्यायमा विवरणात्मक नै बढी हुन गएको अनुभव भएको छ । अप्रकाशित अभिलेखहरूलाई यहाँ स्थान दिइएको छ । अप्रकाशित अभिलेखहरूलाई पादटिप्पणीमा मात्र उल्लेख गरे पनि पुग्ने थियो तर अप्रकाशित अभिलेखहरू जनसमक्ष आई त्यसको उपयोग अरूले पनि गर्न सकून् भन्ने धारणाले तिनलाई महत्त्व दिई दोस्रो खण्डमा स्थान दिइएको हो । शोधपत्रलाई आफ्नो क्षमताले भ्याएसम्म स्तरीय र उपयोगी बनाउन हरसम्भव प्रयास गरेको छु । त्यसो भए तापनि कतिपय महत्त्वपूर्ण बूँदाहरू छुटेका हुन सक्छन् तथा कतिपय विषयमा सीमित ज्ञानले काम नगरेको पनि हुन सक्छ । ती कमजोरी र दोषको भागी म हुँ । यस ग्रन्थको उपयोगिता देखिन गए तथा भविष्यमा यसलाई दोस्रो संस्करण गर्ने जाँचोपाँचो मिल्न गएछ भने छुट्न गएका तर राख्नु पर्ने देखिएका विषयवस्तुहरूलाई समावेश गर्ने नै छु । सामग्रीहरूको अभावै-अभावको स्थितिमा निकै मेहनतसाथ यो ग्रन्थ तयार गरिएको छ । कस्तो भएको छ ? मैले भन्ने कुरा होइन । पशुपतिक्षेत्र जस्तो प्रसिद्ध मन्दिरक्षेत्रको सांस्कृतिक अध्ययन गर्ने अभिभारा शोधकर्ताको हैसियतले जुन बोकेका थिए त्यो पूरा गर्न पाउँदा खुशी लागेको छ । यसले पशुपतिनाथमन्दिर एवं पशुपतिक्षेत्रको विविध पक्षमा बुझ्न चाहनेहरूलाई केही सहयोग पुऱ्याए त्यही आफ्नो सफलता भएको सम्झनुबाहेक अरू के नै भन्नु पर्ला र ! अन्तमा यस विषयमा लेख्न भावनात्मक प्रेरणा दिने र कर्मक्षेत्रमा धैर्यसाथ जुटिरहन आत्मबल दिने भगवान् श्रीपशुपतिनाथको पाउमा नतमस्तक हुँदै यो ग्रन्थ अर्पण गरेको छु ।

जुन वेला मन्दिरअधिकारीहरूद्वारा पशुपतिनाथको विषयमा शोधखोज गर्नु परम्पराको विपरीत सम्झिइन्थ्यो, गर्नु नहुने काम ठानिन्थ्यो त्यस वेला पशुपतिनाथको विषयमा विद्यावारिधिको लागि शोधपत्र लेख्ने कठिन कामको थालनी गरेँ । त्रिभुवनविश्वविद्यालयमा अस्थायी दर्ताको काम सकिइसकेकोले सामग्री सङ्कलनको काम शुरू गर्ने अठोट लिई गूठीसंस्थान, पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल, तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा गई सम्पर्क राखेँ । सम्पर्क राख्दा पशुपतिनाथको विषयमा लेख्न यसै नपाइने जवाफ तात्कालिक गूठीसंस्थानका अध्यक्षबाट मिल्यो । पशुपतिअमालकोटकचहरी एवं पशुपतिभण्डारतहबिलका तालुकवाला पशुपतिनाथमन्दिरका मूलपुजारीसँग सम्पर्क राख्दा पनि त्यस्तै किसिमको जवाफ मिल्यो । तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा पशुपतिनाथमन्दिरसँग सम्बन्धित कागजातहरू भए तापनि दुइ-तीन पटक धाउँदा आलेटाले भयो । त्यसको सङ्केत सामग्री हेर्न नपाउने अर्थ लगाएँ । उनीहरूले बिनाहुकुमप्रमाङ्गी पशुपतिनाथसँग सम्बन्धित कागजपत्रहरू तथा मन्दिरप्राङ्गणका शिलालेखहरूसम्म पनि पढ्न नपाइने कुरा गरे । त्यसो भए तापनि हरेस नखाईकन आफ्नो काम गर्दै गएँ । तर पशुपतिनाथमन्दिरसँग सम्बन्धित अभिलेखहरूको अभावमा शोधपत्र पूरा नहुने भएपछि किंकर्तव्यविमूढ भएँ । गूठीसंस्थान एवं पशुपतिनाथमन्दिरसँग सम्बन्धित निकायहरूबाट सहयोग नमिलेपछि *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव*का हजुरमा सबै कुराको बेलिविस्तार एवं पशुपतिनाथमन्दिरको सम्बन्धमा अध्ययन गर्नु आवश्यक भइसकेको विषयमा श्री ५ महाराजाधिराजका तात्कालिक प्रमुख सचिव श्रीरञ्जनराज खनालमार्फत जाहेर गरेँ । सरकारबाट सम्बन्धित निकायहरूमा सहयोगका लागि भनिदिने हुकुम बक्सेअनुरूप पूर्व प्रमुख सचिव श्रीरञ्जनराज खनालले गूठीसंस्थान, तात्कालिक शिक्षा तथा संस्कृति मन्त्रालय, पशुपतिअमालकोटकचहरी एवं पशुपतिभण्डारतहबिललाई सहयोगका लागि अनुरोध गरिदिनु भयो । फलस्वरूप सबैतिर ढोका खुल्यो । *श्री ५ महाराजाधिराज सरकार*बाट निगाह बक्स भएकै कारण यो ग्रन्थ तयार हुन सकेको छ । अन्यथा गर्भमै तुहिन्थ्यो । पशुपतिनाथमन्दिरको विविध विषयमा अध्ययन गर्ने सुनौलो अवसर प्रदान गरिदिइबक्सेकोमा *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव* सरकारका हजुरमा सभक्ति कृतज्ञता चढाउँछु ।

पशुपतिनाथमन्दिरको विषयमा शोधकार्य गरिरहेकै बखत पशुपतिक्षेत्रको योजनाबद्ध स्याहार, संभार, संरक्षण, संवर्द्धन गर्ने सद्उद्देश्यले *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव*को संरक्षकत्व एवं *श्री ५ बडामहारानी*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकार*को अध्यक्षतामा वि.सं. २०४३ चैत्र २३ गते पशुपतिक्षेत्रविकासकोषको गठन भयो । कोषका अध्यक्ष सरकारबाट कार्यकारिणी समितिको कोषाध्यक्ष र संरक्षक *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार*बाट सञ्चालक परिषद्को सदस्य-सचिव जस्तो जिम्मेदारीपूर्ण पदमा शोधकर्तालाई नियुक्त गरिबक्सिएकोले शोधपत्रलाई कतिपय दृष्टिकोणले समसामयिक बनाउन प्रेरणा मिल्न गएको छ । यसका लागि पशुपतिक्षेत्रविकासकोषका संरक्षक *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव* तथा अध्यक्ष *श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह*को हजुरमा सभक्ति कृतज्ञता चढाउँछु ।

शोधपत्रका लागि सामग्री सङ्कलन गर्ने एवं यसको तयारीको अवस्थामा विभिन्न महानुभावहरूले भिन्न-भिन्न रूपमा सहयोग पुऱ्याउनु भएको छ उहाँहरूलाई हृदयदेखि नै धन्यवादज्ञापन गर्नु आफ्नो कर्तव्य सम्झन्छु । यस क्रममा *श्री ५ महाराजाधिराज*का तात्कालिक प्रमुख सचिव श्रीरञ्जनराज खनाललाई हार्दिक धन्यवादज्ञापन गर्दछु ।

आफ्नो अमूल्य समयको परवाह नगरी शोधपत्रलाई हेरी-जाँची सुझाव र निर्देशन दिई सहयोग पुऱ्याउनु हुने शोधपत्रका निर्देशक प्रा.डा. श्रीतुलसीराम वैद्यलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी वाह्य निर्देशक इतिहासकार स्व. श्रीधनवज्र वज्राचार्यप्रति आभार व्यक्त गर्न चाहन्छु ।

सामग्रीहरूको सङ्कलनको अवसरमा सहानुभूतिपूर्वक सहयोग गर्ने गूठीलगत तथा तहबिलकार्यालयका तात्कालिक प्रमुख श्रीमाधव दवाडी, काठमाडौँगूठीखर्चकार्यालयका तात्कालिक प्रमुख श्रीगिरिधारी भट्ट, पशुपतिगोश्वाराका तात्कालिक प्रमुख श्रीधनप्रसाद उपाध्याय, अभिलेखफाँटका तात्कालिक प्रमुख श्रीउपेन्द्र दवाडी, कुमारीचोकगोश्वराका प्रमुख श्रीमाधवप्रसाद कोइरालालाई पनि धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी पशुपतिअमालकोटकचहरीका तात्कालिक द्वारे श्रीलालध्वज दाहाल, पशुपतिभण्डारतहबिलका बिसेटनाइके श्रीमदन बिसेट; व्यक्तिगत सङ्ग्रहमा रहेका सामग्रीहरू हेर्न-सार्न दिई सहयोग गर्ने श्रीमदन भट्ट, श्रीपद्मप्रसाद भट्ट, श्रीकृष्णमान विसेट, दण्डीस्वामी श्रीदेवाश्रम, श्रीफत्तेबहादुर सिलवाल, श्रीकेशवानन्द वैद्य, स्वर्गीय श्रीबद्री कपाली, श्रीरामु रुपाखेती, श्रीनारायणप्रसाद राजबाहक, श्रीबद्री हमाल, श्रीशान्त शाक्य र श्रीअमृतमान भँडारीलाई पनि धन्यवादज्ञापन गर्दछु ।

समय-समयमा प्रेरणा दिई उत्साहित पार्ने डा. श्रीमहेशराज पन्त, श्रीज्ञानमणि नेपाल, डा. श्रीजनकलाल वैद्य, भिक्षु सुदर्शन, श्रीनयन सिंह तथा श्रीटेकबहादुर थापालाई हार्दिक धन्यवाद दिन चाहन्छु । उहाँहरूको प्रोत्साहन र प्रेरणाले शोधपत्र लेख्ने अवसरमा निकै ठूलो सहयोग गऱ्यो । अभिलेखहरूको अनुवाद गर्ने कार्यमा सहयोग गर्नु हुने श्रीशङ्करमान राजवंशी, श्रीऐश्वर्यधर शर्मा र श्रीपद्मप्रसाद भट्टराईलाई पनि हार्दिक धन्यवादज्ञापन गर्दछु ।

अध्ययनको क्रममा आफूसँग भएका पुस्तकहरू दिई प्रोत्साहित पार्ने श्रीपुष्करप्रसाद राजभण्डारी, स्व. श्रीनीलकण्ठराव पाध्ये, श्रीमोहन गौतम र श्रीराजजङ्ग राणालाई पनि हृदयदेखि नै धन्यवाद दिन्छु । सङ्कलित अभिलेखमध्ये केहीलाई साफी गर्ने एवं मिलाउने काममा सहयोग गर्ने श्रीनारायण धिताल तथा श्रीवासुदेव भण्डारी पनि धन्यवादका पात्र हुनुहुन्छ ।

प्रस्तुत ग्रन्थमा दिइएका अधिकांश नक्साहरू प्रो.डा. एक्सल मिखायल र मैले संयुक्त रूपमा तयार पारी प्रकाशन गरेको *पशुपतिक्षेत्र-म्याप अफ देवपाटन*नामक पुस्तकबाट आवश्यक संशोधन गरी उपयोग गरेको छु । नक्सा बनाउँदा दिन-रात जुट्ने वास्तुविद् श्रीहाराल्ड फ्रिटजेन्कोट्टर र श्रीआखिम स्कोनमेट्जलाई पनि साधुवाद दिन चाहान्छु ।

प्रस्तुत ग्रन्थमा आवश्यक पर्ने नक्सा नेपालीमा रूपान्तर गर्न सहयोग गर्ने श्रीश्यामशङ्कर गिरी, श्रीमती रीना जोशी तथा श्रीशैलेन्द्र महर्जनलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । आवश्यक तस्वीर धोई सहयोग गर्ने श्रीविजयकृष्ण श्रेष्ठ र श्रीकेयोशी मासुदालाई पनि धन्यवादज्ञापन गर्दछु । त्यस्तै कतिपय तस्वीरहरू खिचिदिई सहयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने भिनाजु श्रीमाधव खड्काप्रति पनि कृतज्ञ छु । आफ्नो परियोजनाअन्तर्गत श्रीसुरेन्द्र जोशीले तयार पारेको गुह्येश्वरी एवं गोरखनाथमन्दिरको नक्सा प्रयोग गर्न दिएकोमा श्रीनिल्स गुट्चोलाई धन्यवाद दिन्छु । साथै प्रत्यक्ष-अप्रत्यक्ष भावनात्मक एवं कार्यरूपमा सहयोग गर्ने नाम थाहा हुन नसकेका र छुटेका सहयोगी सबै शुभेच्छुहरूलाई हृदयदेखि नै धन्यवाद दिन्छु ।

प्रस्तुत ग्रन्थको भूमिका लेखिदिनु हुने आचार्य श्रीखेमराज़ केशवशरण, शुभेच्छासहित आफ्नो मन्तव्य दिई अनुगृहित पार्नुहुने श्रध्येय डा. स्वामी प्रपन्नाचार्य, प्रो.डा. श्रीतुलसीराम वैद्य, प्रो.डा. श्रीरामनिवास पाण्डेय, प्रो.डा. श्रीमुकुन्दराज अर्याल, प्रो.डा. श्रीएक्सल मिखायल र श्रीमती मेरी स्लसरप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

श्रीदिनेशराज पन्तज्यूले आधाभन्दा बढी पाण्डुलिपि हेरी सुझाव र मार्गदर्शन दिई मन्तव्यसमेत दिनुभएकोमा उहाँप्रति विशेष आभार प्रकट गर्दछु । त्यस्तै श्रीरुक्मनाथ पौडेलज्यूले आद्योपान्त पाण्डुलिपि पढी भाषा सम्पादनमा ठूलो सहयोग पुऱ्याउनु भएकोले उहाँलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

शोधपत्र तयारीको क्रममा आवश्यक पर्ने अनुकूल वातावरण बनाइदिने एवं समय-समयमा घचघचाई हौसला र प्रेरणा दिने पूज्य बुबा श्रीमहेश्वरबहादुर टण्डन, वात्सल्यमयी आमा स्व. श्रीमती मेघकुमारी टण्डन एवं काका स्व. श्रीपार्थिवबहादुर टण्डनप्रति अत्यन्त कृतज्ञ छु । मेरी श्रीमती रसना टण्डनले अनुसन्धान र लेखनको समयमा लगाएको गुन र उपलब्ध गराएको सहयोग पनि अविस्मरणीय छ । आदरणीय ससुरा श्रीकविकेशरी बस्नेत र सासु श्रीमती शान्ता बस्नेतले दिएको प्रेरणा र प्रोत्साहन उल्लेख्य छ । छोरा वसन्त टण्डन सानो उमेरको भए पनि शोधपत्रको अर्थ बुझ्न थाले पछि उसले लेखनको अमूल्य समयलाई बुझेर झन्झट् र दुःख नदिएकोले बाधा परेन । यसैले उसलाई पनि धन्यवाद दिनु कर्तव्य ठान्छु । परिवारका अरू सदस्यहरूले उपयुक्त वातावरण नबनाई दिएको भए यो शोधपत्र यसरी यो रूपमा आउन गाह्रो पर्ने थियो । यसैले सहयोग गर्ने नाम उल्लेख भएका तथा नभएका सबैप्रति आभारी छु । छोटो समयमा सफा र जतिसक्दो शुद्धसँग झन्झट् नमानी टङ्कण गरी सहयोग पुऱ्याएकोमा श्रीविष्णुगोपाल डङ्गोल, श्रीराजु खड्का तथा कम्प्यूटर सेटिङ्ग छिटो छरितो गरी सहयोग गर्ने श्रीअल्फ्रेड पिटर्स एवम् श्रीप्रकाश श्रेष्ठलाई हार्दिक धन्यवाद दिन्छु । जति सक्दो छिटो यसलाई छाप्न प्रयासरत रहेकोमा पी.यू. प्रिन्टर्सका सञ्चालक श्रीपुण्यप्रसाद लोहनीप्रति पनि आभार प्रकट गर्दछु ।

यो शोधपत्रलाई प्रकाशन गरी जनसमक्ष ल्याउनु पर्छ शोधपत्रकै रूपमा मात्र थन्क्याउनु हुँदैन भनी प्रकाशनको सम्पूर्ण अभिभारा बोकेर उत्साहित गरी गुन लगाउनु हुने उदारमना श्रीझरेन्द्रशमशेर ज.ब.रा. लाई कसरी धन्यवाद दिऊँ । मसँग साँच्चै भन्ने हो भने शब्द नै छैन । यदि उहाँले प्रकाशनको लागि चाहिँदो आर्थिक सहयोग नगर्नु भएको भए यो ग्रन्थ यस रूपमा कुनै हालतमा आउने थिएन । थन्किएर घुन लाग्ने थियो, त्यो निश्चित छ ।

अन्त्यमा अतीतका ती ज्ञात-अज्ञात, मन्त्रद्रष्टा ऋषि, महर्षिहरू तथा नेपालका कुशल र दूरदर्शी प्रशासक एवं कर्मचारीहरू जसले कागजपत्र तथा अभिलेखहरू जतनसाथ राखिदिएको फलस्वरूप विविध विषयमा अध्ययन गर्न सजिलो पारिदिएका छन्, तिनीहरू एवं पशुपतिनाथको विषयमा लेख्ने पूर्ववर्ती लेखक, विद्वान्हरूप्रति आभार व्यक्त गर्दछु ।

गोविन्द टण्डन

२०५३ श्रावण,
बत्तीसपुतली, काठमाडौँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन

विषयसूची

एक अध्याय

पशुपतिक्षेत्रको भौगोलिक अवस्था १-२९

१.१ पशुपतिक्षेत्र र क्षेत्रफल २-४
१.२ वनदुर्गको रूपमा पशुपतिक्षेत्र ५-७
१.३ पशुपतिक्षेत्रमा वनस्पति ८-९
१.४ पशुपतिक्षेत्रमा बगैंचा ९-१३
१.५ पशुपतिक्षेत्रमा वस्ती र यसको स्वरूप १३-२०
१.६ पशुपतिक्षेत्रका तीर्थस्थल, कुण्ड एवं घाटहरू २१-२९

दुइ अध्याय

नेपालमा शैव धर्म ३१-४८

२.१ लिच्छविकाल ३२-४०
२.२ मध्यकाल ४०-४२
२.३ मल्लकाल ४२-४६
२.४ शाहकाल ४६-४८

तीन अध्याय

देवपाटनको ऐतिहासिक पृष्ठभूमि ४९-६३

चार अध्याय

पशुपतिविवेचना एवं पशुपतिनाथमन्दिरपरिचय ६५-१३४

४.१ वैदिक वाङ्मयमा भगवान् पशुपति ६९-८६
४.२ भगवान् पशुपतिको मुहार ८६-८९
४.३ लिङ्ग र लिङ्गतत्त्वको विवेचना ८९-९५
४.४ पशुपतिनाथको उद्भवसम्बन्धी धारणाहरू ९५
४.४.१ साहित्यिक विवरण ९५-१००
४.४.२ वंशावलीमा पाइने विवरण १००
४.४.३ अभिलेखीय विवरण १००-१०७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.५ पशुपतिनाथमन्दिरमा दर्शन-स्पर्शन एवं बन्देज १०७-११४
४.५.१ पशुपतिनाथमन्दिरमा बन्देज ११५-११७
४.५.२ पशुपतिनाथमन्दिरमा जुत्ता लगाउन प्रतिबन्ध ११७-११८
४.६ पशुपतिनाथमन्दिरको वास्तुकला ११८-१३१
४.७ पशुपतिनाथमन्दिरमा शमसुद्दीनको आक्रमण १३१-१३४

पाँच अध्याय

पशुपतिनाथमन्दिरमा नित्यनैमित्तिक पूजापर्व १३५-१७२

५.१ नित्यपूजा १३५-१३९
५.१.१ लघुरुद्री १४०
५.१.२ रुद्रीपाठ १४०
५.१.३ महारुद्री १४०
५.१.४ अतिरुद्री १४०
५.१.५ पञ्चामृतपूजा १४१-१४३
५.२ नैमित्तिक पूजापर्व १४३
५.२.१ पवित्रारोहण १४३-१४५
५.२.२ बालाचतुर्दशी १४५-१४८
५.२.३ कैलाशकुसुमारोहण १४८-१४९
५.२.४ महास्नान-महाबलि १४९-१५६
५.२.४ शिवरात्रि १५६-१६१
५.३ पशुपतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था १६१-१६६
५.४ पशुपतिनाथमन्दिरको भेटीघाटी १६६-१७२

छ अध्याय

नेपाली समाजमा पशुपतिनाथको स्थान र महत्त्व १७३-२१३

६.१ पशुपतिमा विभिन्न समयमा गरिएका धार्मिक कृत्यहरू १७४-१८५
६.२ पशुपतिप्रतिको सम्मान एवं समर्पणभाव १८५-१९३
६.३ पशुपतिमा सन्धिपत्र, धर्मपत्र समर्पण गर्ने एवं वंशावली कुँदाई राख्ने चलन १९३-१९८
६.४ तीर्थस्थलको रूपमा पशुपतिनाथ १९८-२०९
६.५ पशुपतिको नाममा मुद्रा र संवत्को प्रचलन २०९-२११
६.६ पशुपतिमन्दिरलाई महत्त्व दिई स्थानपरिचय गर्ने चलन २११-२१२
६.७ अनावृष्टिमा पशुपतिमा शान्ति-स्वस्ति गर्ने प्रथा २१२-२१५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सात अध्याय

पशुपतिनाथमन्दिरमा पुजारी तथा भँडारीको परम्परा २१५-२५४

७.१ सन्न्यासी पुजारीहरूको व्यवस्था २१६-२२०
७.२ दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गर्ने प्रचलन २२०-२२१
७.२.१ शङ्कराचार्य स्वामीको समयदेखि चलेको क्रम २२१-२२६
७.२.२ दाक्षिणात्य ब्राह्मण पुजारीहरूको पछिल्लो क्रम २२६-२३६
७.३ पशुपतिनाथमन्दिरको मूलपुजारीको कार्यक्षेत्र २३६-२३८
७.३.१ नित्यनैमित्तिक पूजाआजा गर्ने, गराउने २३८-२३९
७.३.२ प्रशासनिक कार्यमा रेखदेख गर्ने २३९-२४०
७.३.३ रै-रकमी भर्ना गर्ने तथा पजनी गर्ने २४०-२४१
७.३.४ मन्दिरको मर्यादा कायम गराउन मदत गर्ने २४१-२४२
७.३.५ गाउँ झारा गरी देवल, पाटी, बाटो बनाउने २४२-२४३
७.३.६ आयव्ययसम्बन्धी हिसाब-किताब फरफारख गर्ने २४३-२४५
७.४ पशुपतिनाथका पुजारीहरूको पारिश्रमिक २४५-२४७
७.५ पशुपतिनाथमन्दिरका भँडारीहरू २४७-२४८
७.५.१ भँडारीको काम-कर्तव्य २४८
७.५.१.१ पशुपतिमन्दिरको रखवारी गर्ने २४८-२४९
७.५.१.२ पुजारीलाई सहयोग गर्ने २४९
७.५.१.३ आवश्यक चन्दन घोटी तयार पार्ने २४९
७.५.१.४ मीनपचासभर जङ्गलबाट दाउरा खोजी ल्याउने २४९
७.५.१.५ पशुपतिमन्दिरको भित्री ढोका खोल्ने, लाउने २४९
७.५.१.६ चन्दनप्रसाद तथा जल दिने २५०
७.५.१.७ गरगहनाको सुरक्षा गर्ने २५०
७.५.१.८ गर्भगृहभित्र सरसफाइ गर्ने २५०
७.५.१.९ मूलपुजारीले लाएअह्राएको काम गर्ने २५०
७.५.१.१० पुजारीहरूलाई मन्दिरभित्र आउँदा शिरमाला दिने तथा मन्दिरबाट बाहिर जाँदा शरीर जाँच्ने २५०
७.६ भँडारीको व्रतबन्ध एवं पालो २५१-२५४

आठ अध्याय

गूठीप्रशासन तथा व्यवस्थापन २५५-२७२

८.१ परम्परागत व्यवस्था २५६-२६४
८.२ संस्थागत नवीन व्यवस्था २६४
८.२.१ ठेक्काप्रथा २६५-२६८
८.२.२ अमानतप्रथाको थालनी २६८-२७२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नौ अध्याय
पशुपतिनाथमन्दिरमा गूठीव्यवस्था एवं सञ्चालन २७३-२९७

९.१ गूठीका स्वरूपहरू २७४-२७५
 ९.१.१ धार्मिक गूठी २७५-२७६
 ९.१.२ लौकिक गूठी २७६-२७९
९.२ मल्लकालका गूठीहरू २७९-२८३
९.३ शाहकालका गूठीहरू २८३-२८५
९.४ पशुपतिनाथको पूजाआजासँग सम्बन्धित बाह्र गूठीहरू २८५
 ९.४.१ नगरागूठी २८५-२८६
 ९.४.२ षाचिकगूठी २८६
 ९.४.३ धतुरफूलगूठी २८७
 ९.४.४ श्रीखण्डगूठी २८७
 ९.४.५ मिठाईगूठी २८७-२८८
 ९.४.६ गाईगूठी २८८
 ९.४.७ खीरगूठी २८८-२८९
 ९.४.८ गोकुलधूपगूठी २८९
 ९.४.९ धंदुवागूठी २८९-२९०
 ९.४.१० छायगूठी २९०
 ९.४.११ बालागूठी २९०-२९१
 ९.४.१२ हिंगुलगूठी २९१-२९५
९.५ दुनियाँदारगूठी २९५-२९८

दश अध्याय
पशुपतिनाथमन्दिरको व्यवस्थापन २९९-३२४

१०.१ पशुपतिगोश्वारा ३००
 १०.१.१ मर्मतजीर्णोद्धार ३००-३०१
 १०.१.२ पर्वपूजाको रेखदेख ३०१-३०२
 १०.१.३ घाट-पाटीको रेखदेख, सरसफाइ तथा बिरामीहरूको हेरचाह ३०२-३०३
 १०.१.४ ढुङ्गेधाराहरूको हेरचाह ३०३
 १०.१.५ वनको हेरचाह ३०३
 १०.१.६ बाली खुवाउने ३०३
 १०.१.७ मन्दिरको मर्यादा पालन गराउने ३०४
 १०.१.८ फकिरफकेडामाथि निगरानी ३०४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.१.९ बिजुलीबत्तीको बन्दोबस्त ३०४
१०.१.१० साक्षी बस्ने ३०४
१०.१.११ खालीखाल्सामा भर्ना गर्ने ३०५-३०६
१०.२ पशुपतिअमालकोटकचहरी ३०६-३०९
१०.२.१ मूलपुजारी ३१०
१०.२.२ द्वारे ३१०
१०.२.३ देशवारप्रधान ३१०
१०.२.४ हेलप्रधान ३१०
१०.२.५ पञ्चप्रधान ३११
१०.२.६ माहानेनाइके र माहाने ३११
१०.२.६.१ कोतभण्डारी ३११
१०.२.६.२ घाटे वैद्य ३१२
१०.२.६.३ वनडिट्ठा ३१२
१०.२.६.४ वायमचा ३१२
१०.२.६.५ सङ्घत ३१२-३१३
१०.२.६.६ नुहा ३१३
१०.२.६.७ चिरुवादार ३१३
१०.२.६.८ गलसुवार ३१३
१०.२.६.९ कुसले ३१३-३१५
१०.३ पशुपतिभण्डारतहबिल ३१६-३२०
१०.३.१ बिसेटनाइके ३२०-३२१
१०.३.२ मूल भँडारी ३२१
१०.३.३ भान्छे टहलुवा ३२१
१०.३.४ माकपेवा ३२२
१०.३.५ घडीवाल ३२२
१०.३.६ कोटवाल ३२२-३२३
१०.३.७ मोहीनायक ३२३
१०.३.८ नगर्ची ३२३-३२४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघार अध्याय
पशुपतिक्षेत्रका मन्दिर, मूर्ति तथा अभिलेखहरूको सङ्कलन ३२५-४४२

११.१ लिच्छविकालिक अभिलेखहरूबाट थाहा पाइएका पशुपतिक्षेत्रमा भएका मन्दिर, चैत्य, विहार, मूर्ति आदिको विवरण ३२८-३३१
११.२ मल्लकालिक अभिलेखहरूबाट थाहा पाइएका पशुपतिक्षेत्रका मन्दिर, चैत्य, विहार, मूर्ति आदिको विवरण ३३२-३३६
११.३ पशुपतिक्षेत्रमा भएका मन्दिर, स्तूप, विहार, चैत्य आदिको विवरण
११.४ पशुपतिक्षेत्रमा भएका मूर्ति तथा शिवलिङ्गहरूको विवरण ३६७-४२०
११.५ पशुपतिक्षेत्रमा भएका अभिलेखहरूमध्ये प्रकाशित भइसकेका लिच्छविकालिक अभिलेखहरूको विवरण ४२१-४२३
११.६ पशुपतिक्षेत्रमा भएका अभिलेखहरूमध्ये प्रकाशित भइसकेका मल्लकालिक अभिलेखहरूको विवरण ४२४-४२८
११.७ पशुपतिक्षेत्रमा भएका अभिलेखहरूमध्ये प्रकाशित भइसकेका शाहकालिक अभिलेखहरूको विवरण ४२९-४३३
११.८ पशुपतिक्षेत्रमा भएका अप्रकाशित अभिलेखहरूको विवरण ४३४-४४२

बाह्र अध्याय
पशुपतिक्षेत्रका मूर्तिहरू ४४३-५०३

१२.१ शिवमूर्तिहरू ४४६
१२.१.१ मुखलिङ्ग ४४६-४४९
१२.१.२ मूर्तिहरू ४४९
१२.१.२.१ उमामहेश्वर ४५०-४५३
१२.१.२.२ नटराज ४५३-४५५
१२.१.२.३ शङ्कर ४५५-४५६
१२.१.२.४ ज्वरेश्वर ४५६
१२.१.२.५ चण्डेश्वर ४५६-४५७
१२.२ विष्णुमूर्तिहरू ४५७
१२.२.१ विश्वरूप ४५८-४५९
१२.२.२ विष्णुविक्रान्त ४५९-४६१
१२.२.३ विष्णु ४६१-४६४
१२.२.४ राम ४६४
१२.२.५ परशुराम ४६४-४६५
१२.२.६ बलराम ४६५
१२.२.७ धन्वन्तरी ४६५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.२.८ अनन्तआदिनारायण ४६५-४६६
१२.२.९ गरुडनारायण ४६६-४६८
१२.२.१० लक्ष्मीनारायण ४६८-४६९
१२.२.११ लक्ष्मीनृसिंह ४६९
१२.२.१२ जलशयननारायण ४७०
१२.२.१३ कृष्ण ४७०
१२.३ मातृकामूर्तिहरू ४७०-४७१
१२.३.१ सप्तमातृका मूर्तिहरू ४७१-४७२
१२.३.२ मायादेवी ४७२-४७३
१२.३.३ वनकाली ४७३
१२.३.४ वज्रेश्वरी ४७३
१२.३.५ मङ्गलागौरी ४७४
१२.३.६ यमुना ४७४-४७५
१२.३.७ लक्ष्मी ४७५-४७६
१२.३.८ अन्नपूर्ण ४७६-४७७
१२.३.९ दुर्गा ४७७
१२.३.१० बालकुमारी ४७७
१२.३.११ शीतला ४७८
१२.३.१२ कार्तिकेयदेवी ४७८
१२.४ गणेशमूर्तिहरू ४७९-४८३
१२.५ सूर्यमूर्तिहरू ४८३-४८८
१२.६ बुद्धमूर्तिहरू ४८८-४९०
१२.७ विविध मूर्तिहरू ४९०
१२.७.१ विरूपाक्ष ४९०-४९२
१२.७.२ शङ्करनारायण ४९२-४९५
१२.७.३ यमराज ४९५-४९६
१२.७.४ ब्रह्मा ४९६-४९८
१२.७.५ हनूमान् ४९८
१२.७.६ गरुड ४९८
१२.७.७ कार्तिकेय ४९८-४९९
१२.७.८ नागराज ४९९
१२.७.९ गोरखनाथ ४९९
१२.७.१० महावीर जैन ४९९-५००
१२.७.११ दक्षिणामूर्ति ५००
१२.८ विभिन्न कलाकृतिहरू ५०१-५०४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेह्र अध्याय
पशुपतिक्षेत्रमा मनाइने यात्राहरू ५०५-५६०

१३.१	त्रिशूलयात्रा	५०५-५१२
१३.२	गङ्गामाईयात्रा	५१२-५१३
१३.३	उपाको वनेगु	५१३-५१४
१३.४	गणेशयात्रा	५१५-५१६
१३.५	गुह्येश्वरीयात्रा	५१६-५१८
१३.६	माधवनारायणयात्रा	५१९-५२०
१३.७	दूदू च्याँच्याँ	५२१-५२४
१३.८	देशोद्धारपूजा	५२४-५२७
१३.९	वत्सलेश्वरीयात्रा	५२८-५३२
१३.१०	वज्रेश्वरीयात्रा	५३३-५३५
१३.११	वाग्वती, कुण्ड, लिङ्ग एवं उपलिङ्गयात्राहरू	५३६
	१३.११.१ वाग्वतीतीर्थयात्रा	५३६-५४२
	१३.११.२ कुण्डयात्रा	५४२-५४३
	१३.१२.३ लिङ्गयात्रा	५४३-५४५
	१३.१२.४ उपलिङ्गयात्रा	५४५-५६०

चौध अध्याय
पशुपतिक्षेत्रमा भएका केही प्रमुख मन्दिर, स्तूप एवं विहारहरू ५६१-५९५

१४.१	गुह्येश्वरीमन्दिर	५६२-५७०
१४.२	जयवागीश्वरीमन्दिर	५७०-५७२
१४.३	वासुकिमन्दिर	५७२-५७४
१४.४	ताम्रेश्वरमन्दिर	५७४-५७५
१४.५	भुवनेश्वरीमन्दिर	५७५-५७७
१४.६	वत्सलेश्वरीमन्दिर	५७७-५७९
१४.७	राजराजेश्वरीमन्दिर	५७९-५८०
१४.८	कोटिलिङ्गेश्वरमन्दिर	५८०
१४.९	चन्द्रविनायकमन्दिर	५८०-५८२
१४.१०	विष्णुमन्दिर	५८३-५८४
१४.११	वनकालीमन्दिर	५८४-५८५
१४.१२	दक्षिणामूर्तिमन्दिर	५८५-५८६
१४.१३	गोरखनाथमन्दिर	५८६-५८८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४.१४ पञ्चदेवल ५८८-५८९
१४.१५ धन्दोचैत्य ५८९-५९१
१४.१६ चाबहिल ५९१-५९३
१४.१७ कोटुबहिल ५९३-५९४
१४.१८ विश्वरूपामन्दिर ५९४-५९५

पन्ध्र अध्याय
पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनका प्रयासहरू ५९७-६१२

१५.१ विभिन्न ऐतिहासिक कालमा भएका प्रयासहरू ५९७-६०४
१५.२ वि.सं. २०१६ को दशकमा पशुपतिक्षेत्रमा भएका विकासनिर्माणसम्बन्धी कार्यहरू ६०४
१५.२.१ पशुपतिमन्दिरको प्राङ्गणभित्र भएका कार्यहरू ६०४
१५.२.२ पशुपतिमन्दिरबाहिर भएका कार्यहरू ६०५
१५.३ पशुपतिक्षेत्रको सुधार तथा विकास गर्न विभिन्न समितिहरूको गठन एवं पशुपतिक्षेत्रविकासकोषको स्थापना ६०५-६१२

तस्वीरहरूको विवरण ६१३-६१८

तस्वीरहरू ६१९-७०४

नक्साहरूको विवरण ७०५-७०६

नक्साहरू ७०७-७७२

शब्दावली ७७३-७७६

विवरणीका ७७७-७९४

अनुक्रमणीका ७९५-८४८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द - सङ्क्षेप विवरण

अनु.	= अनुवाद
अ.प्र.	= अभिलेख-प्रकाश
आ.	= आसन्न
इ.प्र.	= इतिहास-प्रकाश
इ.सं.प्र.प्र.	= इतिहास-संशोधनको प्रमाण प्रमेय
इन्द्राजी	= Twentythree Inscriptions from Nepal
ई.पू.	= ईस्वी पूर्व
ऐ. शि.	= ऐतिहासिक शिरोमणि
क.क.	= कम्याण्डिङ कर्णेल
क.ने.स्ट.	= कन्ट्रिव्यूशन टू नेप्लीज स्टडिज
का.शि.सू.	= कान्तिपुर शिलालेख सूची
गो.प.	= गोरखापत्र
गो.व.	= गोपालराजवंशावली
ज.भी.था.त.ने.	= जनरल भीमसेन थापा र तत्कालीन नेपाल
ने.इ.गु.क्या.	= Nepalese Inscriptions in Gupta Characters
ने.प्रा.अ.	= नेपालको प्राचीन अभिलेख
ने.सं.	= नेपालसंवत्
प.द.स्प.पू.स.	= पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा
प्रा.ने..	= प्राचीन नेपाल
पृ.शा.उ.	= श्री ५ पृथ्वीनारायण शाहको उपदेश
म.भा.	= महाभारत
मे.ने.	= Medieval Nepal
लि.का.अ.	= लिच्छविकालका अभिलेख
वि.पू.	= विक्रम पूर्व
वि.सं.	= विक्रमसंवत्
शा.का.अ.	= शाहकालका अभिलेख
शि.पु.को.रु.सं.	= शिवपुराण कोटिरुद्र संहिता
शि.पु.वा.सं.	= शिवपुराण वायवीय संहिता
शि.पु.श.रु.	= शिवपुराण शतरुद्र संहिता
श्वे.उ.	= श्वेताश्वतर उपनिषद्
स.सं.	= संस्कृत-सन्देश
सम्पा.	= सम्पादक

२०९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक अध्याय

पशुपतिक्षेत्रको भौगोलिक अवस्था

काठमाडौं शहरदेखि झण्डै ५ किलोमिटर पूर्व वाग्वतीको किनारामा विभिन्न शैलीका मठ, मन्दिर, स्तूप, विहार तथा साधनाश्रमहरूद्वारा वेष्टित रहेको पशुपतिक्षेत्र धार्मिक दृष्टिकोणले अत्यन्त पवित्र स्थल मानिन्छ भने पुरातात्त्विक र ऐतिहासिक दृष्टिकोणले यो क्षेत्र नेपालको उल्लेख्य सांस्कृतिक सम्पदासम्पन्न स्थल मानिन्छ । कहीं मैदान कहीं साना डाँडाहरू र कहीं वन-जङ्गल जस्ता प्राकृतिक विविधताले पशुपतिक्षेत्रको शोभा बढाउन मदत पुऱ्याएको छ ।

पशुपतिक्षेत्रको पश्चिमपट्टिको भाग केही गहिराइमा छ भने पूर्वी भाग केही उच्चाइमा छ । बीचको भाग सम्म परेको भईकन पश्चिमपट्टिबाट हेर्दा डाँडामा अवस्थित जस्तो देखिन्छ । त्यसको पूर्वी भाग पशुपतिक्षेत्रको मध्य भागभन्दा झण्डै २०० फीट्को उच्चाइमा छ । सो भाग मृगस्थली वा श्लेष्मान्तक वनको नामबाट प्रसिद्ध छ । पशुपतिमन्दिरको उत्तरमा 'कैलाश' नामक डाँडा छ । यो स्थलको आफ्नै महत्त्व छ । खास गरी सद्‌बीज छर्न आउनेहरू जाग्राम बस्ने तथा लाखबत्ती बाल्ने काम सोही कैलाशमा बसी गर्छन् । लिच्छविकालिक शैलीका केही शिवलिङ्गहरू कैलाशडाँडामा भएको तथ्यलाई दृष्टिगत गर्दा लिच्छविकालमा पनि सो ठाउँ उल्लेखनीय रूपमा रहेको थियो भन्ने बुझिन्छ । साथै यहाँ मन्दिरमा प्रयोग हुने कलशयुक्त स्तम्भ (चि.सं. १३२, १३३, १३४ आदि) तथा ईंटाको गारोयुक्त भग्नावशेष पनि देख्न पाइने हुनाले सम्भवत: लिच्छविकाल वा त्यसभन्दा पछि यहाँ केही मन्दिरहरू निर्माण भएको अनुमान गर्न सकिन्छ । कसै-कसैले पशुपतिनाथमन्दिरको उत्तरपट्टि रहेको सो कैलाशलाई अंशुवर्मा (वि.सं. ६६३-६७९ आ.) द्वारा निर्मित कैलाशकूटभवनसँग सम्बन्ध देखाएको पाइन्छ ।[१] तर कैलाश भगवान् शिवको प्रिय वासस्थानको रूपमा संस्कृत वाङ्मयहरूमा प्रसिद्ध छ । त्यसैले पशुपतिको मन्दिर रहेको ठाउँको सान्निध्यमा रहेको यस डाँडालाई भगवान् शिवको वासस्थानको रूपमा परिकल्पना गरी नामकरण गरेको हुनु धेरै सम्भव छ । पशुपतिका अनन्य भक्त अंशुवर्माले आफ्नो दरबार पशुपतिको मन्दिरभन्दा माथि हुने गरी कैलाशडाँडामा अवश्य बनाएनन् होला भन्ने मेरी स्लसरको विचार तर्कसङ्गत देखिन्छ ।[२] सो कैलाशडाँडाको उत्तरपट्टि अविरल पानी पलाइरहने धार्मिक महत्त्वको कुण्ड रहेको छ, जुन 'उमाकुण्ड' को नामबाट प्रसिद्ध छ ।

पशुपतिक्षेत्रको पूर्वपट्टि रहेको 'मृगस्थली' वा 'श्लेष्मान्तक' वनको आफ्नै धार्मिक विशिष्टता रहेको छ । नेपालमा अत्यन्त प्रसिद्ध भएर रहेका *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण* आदि ग्रन्थहरूले मृगस्थली वा श्लेष्मान्तक जङ्गलको महत्त्व र वैशिष्ट्यको बारेमा प्रशस्त प्रकाश पारेको पाइन्छ । शिव र पार्वती मृग र मृगिणीको रूपमा श्लेष्मान्तक जङ्गलमा विहार गरेर केही काल बसेका हुनाले यो स्थल मृगस्थली नामबाट प्रसिद्ध रहेको हो भन्ने

---

१ Sylvain Lévi, *Le Népal,* étude historique d'un royaume Hindou. Vol. I, (Paris: Ernest Leroux, 1905), p.138.

२ Mary Shepherd Slusser, *Nepal Mandal: A Cultural Study of the Kathmandu Valley*. Vol. I, (New Jersey: Princeton University Press, 1982), p. 112.
"More importantly, it would be unthinkable for Amsuverma, the apparent builder of Kailasakuta, to situate his own dwelling higher than that of the deity, by the dust of whose feet he claimed to the favoured."

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा *नेपालमाहात्म्य*मा बताइएको छ ।[३] *नेपालमाहात्म्य*मा साल, ताल, तमाल, हिम्ताल (सानो ताल) हरूले भरिभराउ भएको, खजूर, सुन्तला, बिमिराहरूले सिँगारिएको, विभिन्न झर्नाहरू भएको, विभिन्न पक्षीहरूले बास गरेको भनी वर्णन गरिएकोले श्लेष्मान्तक वनको सौन्दर्य र स्वरूपको बारेमा केही कुरा बुझ्न सकिन्छ । श्लेष्मान्तक नाम रहनुको रहस्य *हिमवत्खण्ड*मा खोलिएको छ । श्लेष्मान्तक नामको नागले तपस्या गरेको ठाउँ हुनाले उनैको नामबाट त्यो वनक्षेत्रको नाउँ श्लेष्मान्तक रहेको कुरा बताइएको छ ।[४] संस्कृतमा 'श्लेष' को एक अर्थ लप्सी पनि हुने भएकोले श्लेष्मान्तकको अर्थ लप्सी नै लप्सीको जङ्गल भनेर पनि जनजीवनमा प्रसिद्ध छ । अहिले पनि त्यहाँ दुइ-चारवटा लप्सीका रूख रहेका छन् । जे होस्, श्लेष्मान्तक जङ्गललाई यहाँ पाइने धार्मिक साहित्यहरूमा निकै महत्त्व दिइएको छ । *नेपालमाहात्म्य*मा यस प्रसङ्गमा एउटा कथा पनि पाइन्छ । त्यहाँ भनिएको छ - राजसूय यज्ञ गर्दा गुरु बृहस्पतिकी पत्नी तारासँगको अनुचित संसर्गको कारण चन्द्रले शिवबाट श्राप पाए र उनी भयानक कुष्ठरोगबाट पीडित भए । सो रोगबाट त्राण पाउन उनी अनेक ठाउँमा तीर्थ, व्रत गर्न पुगे । तर कतै गए पनि प्रायश्चित्त हुन नसकेकोले अगस्त्य ऋषिको सल्लाहअनुसार श्लेष्मान्तक वनमा गई पशुपतिनाथको आराधना गरे मुक्ति मिल्ने वचनअनुसार प्रत्येक दिन वाग्वतीमा नुहाई पशुपतिनाथ र वत्सलादेवीको पूजा आराधना गरी पशुपतिको दक्षिण ढोकामा अतिशय कठोर व्रत गरेकाले उनको रोग निको भएको वर्णन पाइन्छ ।[५] यो कथाको तथ्यातथ्यभन्दा त्यसबाट मिल्ने सङ्केतको अनुशीलन गर्दा श्लेष्मान्तक जङ्गलको स्वच्छ र पवित्र वातावरणलाई संझाउँछ । साथै श्लेष्मान्तक जङ्गलप्रति जनमानसमा कस्तो धारणा रहेछ बुझ्न मदत गर्छ । "शिलष्यति आलिङ्गति रोगान् इति श्लेष्मा" भन्ने व्युत्पत्तिअनुसार 'श्लेष्मा' शब्द कफको वाचक भएको देखिन्छ । यसबाट श्लेष्मान्तक वनमा कफको प्रभाव नरहने अर्थात् स्वास्थ्यकर ठाउँ भन्ने पनि बुझिन्छ ।

१.१ पशुपतिक्षेत्र र क्षेत्रफल

भगवान् पशुपतिनाथको मन्दिर रहेकोले त्यसले चर्चेको ठाउँलाई पशुपतिक्षेत्र नामबाट सम्बोधन गरिएको पाइन्छ । लिच्छविकालमा पनि यहाँको केही क्षेत्रलाई 'पशुपतिक्षेत्र' भनिन्थ्यो भन्ने कुरा संवत् ४५५ (वि.सं.५९०) को भस्मेश्वरस्थित ध्रुवसङ्घको शिलालेखबाट थाहा हुन्छ ।[६] तर त्यस वेला पशुपतिक्षेत्रले कति क्षेत्रफललाई समेट्दथ्यो थाहा हुँदैन । त्यसपछिको मध्य, मल्ल एवं शाहकालका शिलालेखहरूले पनि त्यसबारेमा कुनै सूचना दिँदैनन् । वंशावली र पुराणहरूमा भने केही सङ्केत पाइन्छ । तर तिनीहरूले भिन्न क्षेत्रफल दिन्छन् । *हिमवत्खण्ड* मा "नेपाल मध्यमा मृगेन्द्रशिखरका कुटेश्वरदेखि दक्षिण तिलेश्वरसम्म विकटेश्वरदेखि पश्चिम चन्दनभराटेश्वरसम्म ईशानको गेगधारा नदीदेखि विष्णुतीर्थ नदीसम्म आग्नेयको गोदावरीतीर्थबाट हरितीर्थसम्म, यस भित्रको योजनप्रमाणक्षेत्रलाई

---

३ मुक्तिनाथ खनाल (सम्पा.), *नेपालमाहात्म्य,* प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०२८), अध्याय १।१०-१६ ।

४ योगी नरहरिनाथ, पं.लोकराज सत्याल आदि (सम्पा.),*हिमवत्खण्ड,* प्रथम संस्करण, (काशी: योगप्रचारिणी, वि.सं.२०१३), अध्याय७९।६ ।

५ मुक्तिनाथ खनाल, *पूर्ववत्,* पादटिप्पणी ३ सङ्ख्या, अध्याय १।६-९ ।

६ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* (कीर्तिपुर : नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), १५५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाशुपतक्षेत्र भन्छन्" भनी उल्लेख गरिएको छ ।[७] *हिमवत्खण्ड*मा उल्लिखित उपर्युक्त ठाउँ तथा उल्लिखित शिवलिङ्ग एवं स्थलहरू पत्ता लगाउन सकिएको भए पशुपतिक्षेत्रको क्षेत्रफल सजिलैसँग थाहा हुन सक्थ्यो । तर यसको खोज तथा अध्ययन गर्न बाँकी नै भएकोले अहिले केही भन्न सकिन्न । *वराहपुराण*मा पशुपतिक्षेत्रको विस्तार १४ योजन बताइएको छ ।[८] त्यहाँ कहाँदेखि कहाँसम्म गरी त्यो भएको हो, खुल्दैन । जे होस्, पशुपतिक्षेत्रको अवधारणाचाहिँ लिच्छविकाल-देखि नै थियो भन्ने कुरामा शङ्का रहँदैन ।

कसैले पूर्वमा दोलखादेखि पश्चिममा नुवाकोटसम्मको प्रदेश 'पाशुपतक्षेत्र' कहलाएको थियो भनी लेखेका छन् ।[९] तर सो कुरालाई निश्चयसाथ स्वीकार गर्ने आधारहरूको भने स्पष्ट उल्लेख गरेको पाइँदैन । पशुपतिनाथ-मन्दिरको भण्डारको काम गर्ने भँडारी एवं बिसेटहरू पशुपतिक्षेत्रभित्र जन्मेमा मात्र वैध रहने प्रचलन छ । त्यसको चारकिल्लाको रूपमा पूर्वमा वाग्वती, पश्चिममा धोबीखोला; उत्तरमा बालश्मशान र दक्षिणमा पिङ्गनस्थानलाई लिन्छन् । हुन त भँडारी एवं बिसेटहरू मुख्यतः पाँचुटोल, दथुटोल, मतमण्डिलटोल, लगनलाछी एवं नवालीटोलमा नै केन्द्रित भई बसेका र त्यहीँभित्रै शिशुहरू जन्मने हुनाले सीमाको हिसाबले अवैधताको प्रश्न आएको थाहा पाइएको छैन । कसै-कसैले चाहिँ पश्चिमको सीमा देवपाटनको भित्री शहरको पश्चिमपट्टि नवालीटोलको ढोकालाई मान्छन् । केही दशकअगाडिसम्म सो पश्चिम ढोकाभन्दा पश्चिमपट्टि बस्ती नभएको हुनाले त्यसो हुनु अस्वाभाविक होइन । तर जहाँसम्म सिमानाको कुरा आउँछ, पश्चिमपट्टिको सन्दर्भमा धोबीखोलालाई नै लिएको पाइन्छ ।[१०] पूर्वपट्टि वाग्वतीभन्दा पूर्वको क्षेत्र पनि पशुपति इलाकामा परेको छ । त्यसो भए तापनि भँडारी, बिसेटहरूको वैधतामा भने वाग्वतीलाई पूर्वी सिमानाको रूपमा लिएको पाइन्छ । उहिले सिमाना तोक्दा वाग्वतीलाई नै पूर्वी सिमानाको क्षेत्र मानिएको हुनुपर्छ । अर्को कुरा वाग्वतीपूर्वको क्षेत्र वनक्षेत्रकै रूपमा रहेको तथा बस्ती नभएको हुनाले पनि भँडारी तथा बिसेटहरूको प्रसङ्गमा पूर्वमा वाग्वतीलाई सीमा बनाइएको हुनुपर्छ । भँडारी तथा बिसेटहरूले पशुपतिनाथमन्दिरमा सम्बन्ध कायम राख्नको लागि जन्मनुपर्ने माथि चर्चित चारकिल्लालाई उनीहरू पशुपतिक्षेत्रकै रूपमा हेर्छन् । वास्तवमा यो वि. सं. १८७० फाल्गुनकृष्ण १४ शुक्रवारका दिन श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपतिमन्दिरको विभिन्न पूजाहरूको लागि देवपाटनभित्रको जग्गा सङ्कल्प गरी चढाएको चारकिल्लालाई नै आधार बनाएको देखिन्छ ।[११] त्यस वेला श्री ५

---

७ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि, *पूर्ववत्*, पादटिप्पणी ४ सङ्ख्या, अध्याय ७१। २-६ ।

मृगेन्द्रशिखरे संस्थः कुटेश्वराच्च याम्यतः ।
आतिलेश्वरपर्यन्तं ज्ञेयं तत्कामदां क्षितिम् ॥
विकटेशान्महल्लिंगात्पूर्वदिशाद्धि वारुणम् ।
आचन्दनभराटान्तं ज्ञेयं क्षेत्रोत्तमोत्तमम् ॥
योगधारा नदी श्रेष्ठा तस्याश्चैशानतः पुनः ।
आविष्णुतीर्थपर्यन्तं तत्क्षेत्रं मोक्षदायकम् ॥
गोदावरीमहातीर्थादाग्नेयाद्धि घटोद्भव ।
आहरीतीर्थपर्यन्तं प्रशस्तं सर्वतो दिशम् ॥
तेषां मध्ये च नेपालक्षेत्रं पाशुपतं परं ।
भुक्तिमुक्तिसुखं भूमिः प्राप्यते तत्र जीविभिः ॥

८ *वराहपुराण*, (बम्बई: खेमराज श्रीकृष्णदास, संवत् १९८०), २१५।३९-४० ।

९ धनवज्र वज्राचार्य, "पशुपतिक्षेत्रको धार्मिक, सांस्कृतिक वातावरणको संवर्धनः चुनौती र समाधानको उपाय", त्रिभुवन-विश्वविद्यालयद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र (वि.सं.२०४५ श्रावण), २ पृष्ठ ।

१० गोविन्द टण्डन, "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्पराः एक अध्ययन", *अभिलाषा*, (वैशाख, वि.सं. २०४२), ११३ पृष्ठ ।

११ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीर्वाणयुद्धविक्रम शाहले उत्तर-पश्चिममा चाबहिल कोटुबहिल, पूर्वमा गौरीघाटछेउको बालश्मशानतीर्थ मूल बाटो साँध, दक्षिणमा दिखेल बाटो साँध, पश्चिम देववियाखाल मूल बाटो र दोबाटो कोटुबहिल पर्खालको साँध, उत्तरमा लुहशालाखेल महंचपाल धन्यपोखरीको डिलको ठाडो ढुङ्गा बाहाहिटिजोल तितिजोलको बाटो साँध यति क्षेत्रलाई अघिको बिर्ता, गूठी, जागीरबाहेक गरी चढाएका थिए ।[१२] यही चारकिल्लालाई पछि गएर पशुपतिक्षेत्र मान्न थालिएको कुरा पशुपतिमन्दिरसँग सम्बद्ध भँडारी तथा बिसेटहरूले भ्ग्ण्डै यही क्षेत्रलाई चारकिल्ला मानेकोबाट बुझ्न सकिन्छ । वि.सं. २००९ मा उपर्युक्तानुसारका ठाउँहरू समेटी नक्सा तयार पारियो ।[१३] त्यस नक्सामा साँध-साँधमा कीलाको सङ्केत दिएको हुनाले वि.सं. १८७० मा ठाउँ-ठाउँमा कीला ठोकिएको बुझिन्छ । वि.सं. २००९ को नक्सालाई "अमालभित्रको चारकिल्ला बाउण्डरी नक्सा" भनिएबाट त्यसलाई पशुपतिक्षेत्रकै रूपमा लिएको स्पष्ट छ । पशुपतिक्षेत्रको चारकिल्लाको उल्लेखसहितको वि.सं.२००९ को यो नक्सा थाहा पाइएसम्म पशुपतिक्षेत्रको पहिलो नक्सा हो ।

पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धन एवं विकासको परिप्रेक्ष्यमा कति क्षेत्रलाई पशुपतिक्षेत्र मानी तद्नुकूल काम गर्ने भन्ने विषयमा वि.सं. १८७० कै आधारशिलालाई केही संशोधन गरी तयार पारिएको वि.सं. २००९ को नक्साको आधार लिई पशुपतिक्षेत्रसुधार तथा विकाससमितिले वि.सं. २०३५ ताका एउटा नक्सा तयार पारेको थियो । वि.सं. २०३३ सालमा पशुपतिक्षेत्रको दक्षिण सिमानाबाट चक्रपथ निर्माण भई उत्तरतर्फ छिचलेकोले वि.सं. २०३५ मा तयार पारिएको सो नक्सामा चक्रपथलाई केही ठाउँमा सिमाना बनाइएको छ । यसले गर्दा खास गरी दक्षिण र उत्तरपट्टि केही क्षेत्र बढ्न गएको छ । दक्षिणपट्टि पहिले गौशालाबाट वनकाली हुँदै गएको कच्ची बाटो सिमाना भएकोमा अहिले चक्रपथ सिमाना गरिएकोले केही क्षेत्र बढ्यो । त्यस्तै उत्तरपट्टि बाहिटीबाट चक्रपथ उत्तरतिर गएकोले उत्तरतर्फ पनि धोबीखोलापुललाई साँध बनाइँदा त्यतातिर केही क्षेत्र बढ्न गयो ।[१४] यस प्रकार त्यो समुच्चा क्षेत्रलाई पशुपतिक्षेत्र मानी सुधार-विकासका काम गर्ने पूर्वाधार तात्कालिक समितिले गऱ्यो । वि.सं. २०४३ साल पौष १ गते श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवबाट भगवान् पशुपतिनाथको क्षेत्रको योजनाबद्ध एवं सुव्यवस्थित रूपबाट स्याहार-सम्भार तथा विकास निर्माणका कामहरू गर्न "पशुपतिक्षेत्रविकासकोष" खडा गर्ने घोषणा गरिबक्सेअनुसार वि.सं. २०४३ फाल्गुन १४ गते श्री ५ को सरकारले पशुपतिक्षेत्रको चारकिल्ला तय गरी त्यस क्षेत्रलाई पशुपतिक्षेत्र मानी कोषको उद्देश्यअनुसारको कार्य गर्ने निधो गरेको पाइन्छ ।[१५] वि.सं. २०३५ मा तात्कालिक समितिले तयार गरेको नक्सामा उल्लिखित क्षेत्रलाई 'पशुपतिक्षेत्र' मानेको छ ।

पशुपतिक्षेत्रको सीमाको सन्दर्भमा भाद्रशुक्ल द्वादशीको दिन देवपाटनमा मनाइने 'उपाको वनेगु' यात्राले पनि पशुपतिको क्षेत्रलाई केही रूपमा सङ्केत गरेको प्रतीत हुन्छ । त्यसो भए तापनि 'उपाको वनेगु' को अवसरमा क्षेत्रभित्र परिक्रमा गर्दा सिमाना परिक्रमा गर्ने नभई क्षेत्रभित्रका मन्दिर तथा मूर्तिको परिक्रमा गरिने भएकोले पशुपतिक्षेत्रको सबै क्षेत्रफललाई समेट्न नसक्नु अस्वाभाविक होइन ।[१६]

---

१२ कुटुवहिल सिफलको उत्तरमा पर्दछ । बालश्मशान गौरीघाटको उत्तरमा छ । दिखेल वनकालीको गोरखनाथमन्दिरको दक्षिण-पश्चिममा पर्दछ । देववियाखाल धोबीखोला कालोपुलमा पर्दछ । लुहशालाखेल चाबहिलस्थित चन्द्रविनायकमन्दिरको उत्तरपट्टिको चौर हो । महंचपाल लुहशालाखेलको पूर्वमा पर्दछ । धन्यपोखरी धन्दोचैत्यको पश्चिमपट्टि रहेको पोखरीलाई भनिन्छ । बाहाहिटिजोल धन्दोचैत्यदेखि पूर्वपट्टि रहेको बाहिटी नामको ढुङ्गेधारालाई भनिन्छ । तितिजोल बाहिटीको पूर्वमा पर्छ ।

१३ परिशिष्टभाग, नक्सासङ्ख्या १ (घ) ।

१४ परिशिष्टभाग, नक्सासङ्ख्या १ (क) ।

१५ *नेपाल राजपत्र*, ३ भाग, ३६ खण्ड, ४६ अतिरिक्ताङ्क, (वि.सं. २०४३, फाल्गुन १४ गते) ।

१६ परिशिष्टभाग, नक्सासङ्ख्या २ (ज) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.२ वनदुर्गको रूपमा पशुपतिक्षेत्र

काठमाडौँ अधित्यकाका प्रसिद्ध देवस्थलहरू प्राय: 'वनगढ'को रूपमा रहेका छन् । यसको उदाहरणको रूपमा चाँगुनारायण, पशुपतिनाथ, स्वयम्भूनाथ, आदिनाथ, वज्रयोगिनी आदि देवस्थलहरूलाई देखाउन सकिन्छ । यद्यपि पशुपतिको मन्दिर माथि उल्लिखित मन्दिरहरू जस्तो उच्च डाँडोमा रहेको छैन, तैपनि पशुपति वनगढकै रूपमा प्रसिद्ध थियो । मल्लकालमा यो 'वारावुगढ' को नामले प्रसिद्ध थियो । पशुपतिको मन्दिर वनक्षेत्रले ढाकिएको तथा यो किल्लाको रूपमा रहेकोले नै यस ठाउँलाई 'गढ' भनिएको हो । 'गढ' बलियो गरी बनाइन्थ्यो । त्यसैले शत्रुहरू हत्तपत्त पस्न सक्तैनथे ।[१७] सुरक्षाको लागि नै वनदुर्गको रूप दिने चलन उहिले थियो । वास्तवमा यो हिन्दूमन्दिरवास्तुको विशेषता हो । 'वनदुर्ग' को उपयोगिताको चर्चा आचार्य कौटिल्यले पनि गरेका छन् ।[१८] काठमाडौँ अधित्यकाका केही मन्दिरको बाहिरी भागमा टाँसिएका हातहतियारहरूलाई कसै-कसैले वनदुर्गसँग सम्बद्ध देखाउन खोजेको पाइन्छ ।[१९] तर त्यो कुरा सत्य नभई जीवित दाताले राख्दा सिद्धि र समर्पणको भावले हातहतियार राखेको देखिन्छ भने मृतकका सन्तानले चाहिँ मृतकको पुण्यकामनाले राखेको पाइन्छ ।

वनदुर्गको रूख काट्ने सम्बन्धमा निश्चित नियमहरू हुन्थे । लिच्छविकालमा वनदुर्गका वनबाट दाउरा लगी बेच्ने, गोल बनाई बेच्ने काम गर्न पाइन्नथ्यो । दाउरा काट्ने, गोल बनाउने आदि काम गर्दा वन पातलिने र वनदुर्गको अस्तित्व नामेट हुने भएकोले त्यस्ता बन्धेज बाँधिएका हुन्थे । लिच्छवि राजाहरूकै स्थितिबन्धेजको अनुसरण मल्लकालमा पनि भएको थियो । स्वयम्भू, साँखु, वज्रयोगिनी, पशुपति, गोकर्ण आदि ठाउँमा पनि मल्लकालमा वनदुर्ग थिए । यो कुरा जयप्रकाश मल्लले विभिन्न ठाउँमा राखेका ताम्रपत्रहरूबाट बुझिन्छ ।[२०] पशुपतिमन्दिरमा भएको ने.सं.८७२ (वि.सं. १८०९) को अभिलेखमा भनिएको छ–

> "स्वयंभू चैत्यया गर, वालावु गर, गोकर्ण गर, चंगु गर,
> वज्रयोगिनिया गर, थ्वति देवया स्थानया सिमा गर,
> सुनानं सिच्छका षुनु च्छूयाङाओ काय मदु, ॥ सा,
> ब्राह्मं अतित, पनिस्त, दुर्ष विय मदु, ध्वर, माकर,
> वि, सुनानं स्याय मदु, खेल, वन, षण्ड गनं, मितय
> मदु ॥ थन मृगस्थलीया सिहर, सुब्धा सुनानं काय मदु
> ......राजदण्ड मोहो ३२ थ्वति जुरो ...."

अर्थात्, स्वयम्भूचैत्यगढ, वारावुगढ (पशुपति), गोकर्णगढ, चाँगुगढ, वज्रयोगिनीगढ यति देवस्थानका सीमागढबाट कसैले एक टुक्रा दाउरासम्म पनि चोरी काटी लिनु हुँदैन । गाई, ब्राह्मण, अतिथिहरूलाई दु:ख दिनु हुँदैन । स्याल, बाँदर,

---

१७ धनवज्र वज्राचार्य, "मल्लकालमा देशरक्षाव्यवस्था" *पूर्णिमा*, १ वर्ष, २ अङ्क, (वि.सं. २०२१ श्रावण), पृष्ठ २० ।

१८ केशवराज अर्याल (अनु.), *कौटिल्यको अर्थशास्त्र*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२४), अध्याय २।३।३
"तेषां नदीपर्वतदुर्गं जनपदारक्षस्थानं धान्ववनदुर्गमटवीस्थानम् । आपद्यपसारो वा जनपदमध्ये समुदय-स्थानं स्थानीयं निवेशयेत् ।"

१९ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ६ सङ्ख्या, १९ पृष्ठ ।

२०
- (क) रामजी तेवारी, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *ऐतिहासिक पत्रसंग्रह*, दोस्रो भाग, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०२१), ६१-६२ पृष्ठ ।
- (ख) D. R. Regmi, *Medieval Nepal*, Part IV, (Patna: D.R.Regmi, 1966), pp 304-305.
- (ग) मोहनप्रसाद खनाल, *चाँगुनारायणका ऐतिहासिक सामग्री*, (काठमाडौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४०), ३७३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्पलाई कसैले मार्न हुँदैन । चौर, जङ्गल, खण्ड (बारी) आदि ठाउँमा कतै पनि आगो लाउनु हुँदैन । यहाँ मृगस्थलीको रूखको पातसमेत केही पनि लिनु हुँदैन ।.......... लिएमा राजदण्ड ३२ मोहर हुनेछ ।[२१]

वनदुर्गको दोहोरो उपयोगिता थियो । एक त मन्दिरहरूको वातावरणलाई स्वच्छ, प्रदूषणरहित र सुरक्षित तुल्याउनु थियो भने अर्को देशरक्षा थियो । शत्रु बस्तीभित्र पस्न समर्थ भए त्यहाँका बासिन्दाहरू रसद-पानी लुकाई 'वनदुर्ग' भित्र पसी आत्मरक्षा गर्दथे । काठमाडौँ अधित्यकाभित्र उहिले समय-समयमा लडाइँ पर्दा यहाँका जनताको जीउधनको रक्षाको लागि वनदुर्गहरू उपयोगी भएको पनि देखिन्छ । बाहिरबाट हमला भई किल्ला तोडी बस्तीभित्र शत्रु घुस्न सफल भए भने त्यहाँका बासिन्दाहरू आत्मरक्षाको लागि त्यस्ता दुर्गभित्र पस्दथे । वि.सं. १३४४ मा पश्चिम कर्णाली प्रदेशका खस राजा जितारि मल्लले काठमाडौँ अधित्यकामा आक्रमण गर्दा यसै गरी सारा दुनियाँ जङ्गल पसेका र सिम्भूमा ८०० खस सैन्य मारिएपछि कायल भई जितारि मल्ल आफ्नो प्रदेश फर्केको उल्लेख पाइन्छ ।[२२]

शत्रुले आक्रमण गर्दा आत्मरक्षाको लागि दुनियाँहरू वनदुर्गभित्र पस्ने हुँदा यी वनदुर्गहरूको रक्षा गर्नु तात्कालिक आवश्यकता थियो । यसैले साँखु, वज्रयोगिनी,[२३] चाँगु, पशुपति, कीर्तिपुर[२४] आदि ठाउँका वनदुर्गहरूको रक्षाको लागि मल्ल राजाहरूले व्यवस्था गरेका हुन् ।

एकीकरणअभियान सकिएपछि वनदुर्गको उपयोगिता बिर्सँदै गएको देखिन्छ । पशुपतिको वन उजाड हुँदै गयो । यसलाई रोक्न श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८७२ मा पशुपतिका मूलपुजारी नीलकण्ठ भट्टलाई यहाँको वनको सुरक्षाको लागि केही अधिकार दिएका थिए । सो अधिकार दिँदाको लालमोहरमा अधिका अमालीहरूले वनको सम्भार नगर्दा वन उजाड भएकोले अबउप्रान्त परम्परादेखि चलाउनुपर्ने काम ढलेको तथा जीर्ण भएको रूखले चलाउने, जिउँदो रूख एउटा पनि नकाट्ने, अरू कुनै कामलाई भारदारहरूले लेखी पठाए पनि नदिने, कसैको सती जाँदा पनि आफ्नो हातले रूख नकाट्ने, नभई नहुने अवस्थामा गलसुवारको हातबाट लिई काम चलाउने, जबर्जस्ती गर्नेलाई दण्ड गर्ने, वन बनाउने काममा मोलाहिजा नगर्ने तथा आर्यघाटदेखि गौरीघाटको पुलसम्म माछा, परेवा, मार्न नदिने एवं मारेमा दण्ड सजाय गर्नू भनी त्यसको अख्तियारी पशुपतिका मूलपुजारीलाई दिइएको छ ।[२५] यसअनुसार केही कालसम्म चल्यो । तर पछि पुन: पशुपतिको जङ्गल मासिने काम भयो । एक जना दण्डी स्वामीले तात्कालिक प्रधानमन्त्री जङ्गबहादुरमार्फत श्री ५ सुरेन्द्रविक्रम शाहमा त्यस कुराको जाहेरी गराए । त्यसमा जान्ने, सुन्ने, बूढापाका, पण्डितहरूसँग सोधपुछ गरी श्लेष्मान्तक वनका रूखहरू ऋषि-मुनिहरू हुन्, हतियारले काटे महापातक लाग्छ भनी शास्त्रमा लेखिएको छ भन्ने मतैक्य भएकोले त्यस वेला यहाँको जङ्गलको सुरक्षाको लागि केही उपाय गरिएको पाइन्छ । यो घटना वि.सं.१९०४ भाद्रशुक्ल ७ रोज ५ को हो ।[२६] परम्परादेखि यस क्षेत्रका मठ-मन्दिरमा चलाउँदै आएको धुनीको लागि चाहिने दाउराको लागि सुके-ढलेका रूखबाट काम चलाउने तथा पशुपतिनाथ, गुह्येश्वरी र गोरखनाथमा भोग पकाउने काम र यात्रा-पर्वको लागि चाहिने दाउराहरू देवपाटनको आम्दानीले खरीद गर्ने व्यवस्था त्यस वेला मिलाइयो । शिवालय, घाट, सत्तल बनाउँदा, सोझो पार्दा, काट्नुपर्ने रूखबाहेक अरू नकाट्नू भन्ने बन्देज

---

२१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ८५ सङ्ख्या ।

२२ धनवज्र वज्राचार्य (प्र.सम्पा.), *इतिहास-संशोधनको प्रमाणप्रमेय,* पहिलो भाग, (काठमाडौं : जगदम्बा प्रकाशन, वि.सं.२०१९), १४८ पृष्ठ ।

२३ धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल (सम्पा.) *ऐतिहासिक पत्रसंग्रह,* पहिलो भाग, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१४), ६६ पृष्ठ ।

२४ *ऐजन,* पृष्ठ ६७ ।

२५ गोविन्द टण्डन, *पूर्ववत्,* पादटिप्पणी ९ सङ्ख्या, १०६ पृष्ठ ।

२६ परिशिष्टभाग, अभिलेखखण्ड (क), २१५ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वि.सं. १९०४ मा लगाइयो । साथै वनको सुरक्षाको लागि द्वारे, डिट्ठानाइके एक-एक जना र गलसुवार ७ जना राख्ने व्यवस्था भयो । प्रधानमन्त्रीको तर्फबाट अलग्गै रेखदेखको लागि जम्दार एक जना तथा चप्रासी दुइ जना राख्ने व्यवस्था मिलाइएको थियो । तिनीहरूले नै घाट बिग्रेको एवं पाटी, मन्दिर, सत्तलवरपर झारु-बढारु गरे-नगरेको हेर्नुपर्दथ्यो । त्यस्तै सो वनमा हात्ती, घोडा, भैंसी, भेंडा, बाख्रा, सुँगूर चराउन नपाइने, बाँदर, स्याल, सर्प, चराचुरुङ्गी समात्न नहुने, तल्लो पुल (आर्यघाट) देखि गौरीघाटको पुलसम्म कसैले पिना, माटोले नुहाउन नहुने एवं माछा, परेवा मार्न नपाउने बन्देज बाँधियो । वि.सं. १९०४ मा उक्त बन्देज बाँध्दा जयप्रकाश मल्ल एवं श्री ५ गीवार्णयुद्धविक्रम शाहले बाँधेको व्यवस्थालाई ध्यानमा राखी गरेको देखिन्छ ।

पशुपतिक्षेत्रको चार किल्लाभित्रको वनको हेरचाह पशुपतिअमालकोटकचहरीले हेर्ने गरेकोमा वि.सं. १८७४ चैत्र २८ गते सो अधिकार वनगोश्वाराले पायो । तर पछि पुनः त्यो काम अमालले नै हेर्ने भयो । समरजङ्गकम्पनीको स्थापनापछि सो काम उसैले हेर्ने व्यवस्था भयो । अहिलेसम्म यहीअनुसार चल्दै छ । तर जसरी जङ्गलको सुरक्षा हुनुपर्थ्यो, त्यस्तो हुन सकेको छैन । जङ्गलमा चौपाया चराउने, लुकीचोरी रूख, हाँगाबिँगा काट्ने काम यथावत् भएकोमा पशुपतिक्षेत्रविकासकोषको निगरानीमा अहिले केही नियन्त्रण भएको पाइन्छ । वन मास्ने केही कार्यहरू जसलाई परम्परा मानेर प्रश्रय दिइएको छ, त्यसले चाहिँ जङ्गल बिमाख पार्न मदत गरेको छ । उदाहरणको लागि पशुपतिका भँडारीहरूले प्रत्येक वर्ष सबै मिली पूजा-आजा गर्ने, भोज खाने काम गर्छन् । यसलाई नेवारी भाषामा 'भनीगूठी' भनिन्छ । प्रतिवर्ष चैत्रशुक्ल द्वादशीको दिन दश दिनसम्म चल्ने 'भनीगूठी' को कार्यको लागि श्लेष्मान्तक जङ्गलबाट 'सिकाकू' गरी रूख काटने चलन चलाएका छन् । त्यस वेला 'पामिनाय' र पालोवाला भँडारीले एउटा रूख काट्दा कहाँ काटिने रूखले दुइ-तीनवटा रूख एकसाथ ढाल्न सक्छ त्यो खोजेर काट्छन् । त्यसो गर्दा प्रतिवर्ष राम्रा, ठूला तीन-चार वटा रूख ढाल्ने काम 'भनीगूठी' को नामबाट हुन्छ । वास्तवमा त्यत्रोविधि दाउरा त्यस गूठीको निमित्त आवश्यक पर्दैन । चिसो दाउराबाट भोज सजिलोसँग तयार हुनु पनि सम्भव छैन । त्यहाँ काटिने रूखका एक-दुइ टुक्रा विधिको लागि गूठी मनाइने ठाउँमा लगे पनि अरू बाँकी दाउरा त्यहाँ गएका सबै भँडारी मिलेर आफ्नो घर पुऱ्याउँछन् । त्यसरी वि.सं. २०४२ मा चारवटा, वि.सं. २०४३ मा ठूलठूला तीनवटा रूख त्यस अवसरमा ढालिएको थियो ।[२७] वनसम्पदालाई संरक्षण गर्नुपर्ने अहिलेको अवस्था तथा श्लेष्मान्तक जङ्गलका रूखहरू सबै ऋषि-मुनिहरू हुन् भनी-भनी पुर्खाहरूले यहाँका रूखहरूलाई जोगाउन गरेको प्रयास र परम्परालाई समेत 'भनीगूठी' का लागि यहाँका रूख काटने प्रथाले उपहास गरेको छ । 'भनीगूठी' लाई चाहिने दाउरा हो, त्यो अन्यत्रबाट खरीद गरेर प्रयोग गर्न नसकिने होइन । जुन वेला दाउरा बाहिरबाट ल्याउने चलन थिएन, रूख-वृक्षको अधिकता थियो, त्यस वेला उक्त चलन सामयिक भए तापनि अहिलेको सन्दर्भमा त्याज्य छ र त्यस्तो विकृत कार्यलाई परम्परा भनेर प्रोत्साहन दिनु कुनै पनि हालतमा उपयुक्त देखिँदैन ।

श्लेष्मान्तक वनको अत्यधिक महत्त्व समाजमा थियो । यो कुरा भक्तपुरको बिस्केटजात्राको रथको पाङ्गाको लागि चाहिने काठ श्लेष्मान्तक वनबाट ल्याउनुपर्ने चलनबाट अवगत हुन्छ । यो चलनको सूत्रपात कहिलेदेखि भएको हो थाहा हुँदैन, तर वि.सं. १८५२ को एउटा लालमोहरमा यससम्बन्धी चर्चा आएको छ ।[२८] यस्तै गरी हनूमान्ढोकामा 'चीर' उभ्याउने दिन शुभमुहूर्त पारी बाजा-गाजासाथ गुरुज्यूका पल्टनहरू श्लेष्मान्तक जङ्गलमा गई मयलको हाँगो ल्याई चीर गाड्ने चलन अद्यापि छ ।

---

२७. वि.सं. २०४३ मा पशुपतिक्षेत्रविकासकोषको स्थापनापछि वनसम्पदाको संरक्षणसंवर्द्धनमा ध्यान दिएको कारण वि.सं. २०४४ सालको 'भनीगूठी' मा आधा सुकेको एउटा मात्र रूखले काम चलाएका थिए ।

२८. परिशिष्टभाग, अभिलेखखण्ड (क), १११ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.३ पशुपतिक्षेत्रमा वनस्पति

वनस्पतिको दृष्टिबाट पनि पशुपतिक्षेत्रको उल्लेखनीय महत्ता छ । पशुपतिक्षेत्रमा हुन त अहिले श्लेष्मान्तकको जङ्गल र भण्डारखालबाहेक अरू वनक्षेत्र छैन । तर पनि ती क्षेत्रमा जति वन-वृक्षहरू छन्, तिनीहरूले पशुपतिक्षेत्रलाई मनोरम बनाउन जति मदत गरेका छन्, त्यो उत्साहवर्धक छ । पशुपतिक्षेत्रमा फूल फुल्ने, फल लाग्ने, हरियाली भइरहने आदि विभिन्न थरीका वृक्षहरू छन् । यहाँ भएका वृक्षहरूमा मडिल्लो, शिरीष, हाडेबयर, सुनचाप, काउलो, प्वाँले, वायुबिडङ्ग, धुसरु, जमानीमान्द्रो, मुसलिनी, फित्तिफ्याँ, वर, पिपल, लप्सी, समी, रुद्राक्ष, कागतेपाट, फलामकाँडे, बोरिक, बाकलपाते, कालीमयल, सिलिङ्गे, जगर, काभ्रो, चिलाउने, पैऱ्यू, देवदार, सिप्लेकान, मसला, सल्ला, धूपी, काँढेसल्ला, बेल, खरी, काँगियो, बकेना आदिका रूखहरू छन् । तिनीहरू कुनै आयुर्वेदिक औषधिको लागि उपयुक्त छन् भने कुनै धार्मिक दृष्टिले महिमायुक्त छन् । यहाँ भएका वृक्षहरूमा सिलिङ्गेको विशेष महत्त्व छ । यो वृक्ष चीन र श्लेष्मान्तक जङ्गलमा बाहेक अन्यत्र पाइँदैन भन्ने जनश्रुति पाइन्छ । यो मङ्सिरतिर फुल्छ । भनिन्छ, यो फूलको बास्ना चीनसम्म पुग्छ र यसको बास्ना चीनमा पुगेपछि नेपालमा धान पाकेछ भन्ने लख चीनका मानिसहरूले काट्छन् । यसको अर्थ जेसुकै भए तापनि यसको मीठो बास्ना हुन्छ र त्यो टाढा-टाढासम्म पुग्छ भन्ने उक्त अनुश्रुतिबाट सार निकाल्न सकिन्छ । सिलिङ्गेको फूल असाध्दे सुवासयुक्त हुने भएकोले यसको फूलको अर्क अत्यन्त महँगो हुन्छ । भनिन्छ, चीनमा एक किलो अर्कलाई एक हजार डलरमा तेस्रो मुलुकलाई बिक्री गरिन्छ । खास गरी स्वास्नीमानिसहरूको लागि असल र किमती लाली र चियामा सुगन्ध निकाल्न यसको प्रयोग गरिन्छ । श्लेष्मान्तक वनमा प्रौढ सिलिङ्गेका रूखहरू छन् भने भण्डारखालमा भर्खरका सिलिङ्गेका रूखहरू प्रशस्त छन् । पशुपतिक्षेत्रमा करीब ६०० वटा सिलिङ्गेका रूखहरू भएको बताइन्छ । अहिलेसम्म यस रूखको बारेमा कमै अध्ययन भएको छ । पशुपतिक्षेत्रमा भएका सिलिङ्गेहरूको व्यावसायिक रूपबाट विचार गर्न सके राष्ट्रको लागि राम्रो आम्दानी हुने देखिन्छ । अहिले त फूल फुल्छन्, फूल फुल्दा वातावरण अत्यन्त मगमगाउँदो हुन्छ, कहाँबाट बास्ना आयो भनिन्छ । तर त्यसको खोजी गर्ने प्रवृत्ति नभएकोले फूल फुल्छन्, झर्छन्, यत्ति नै हो ।

उष्ण प्रदेशमा हुने वृक्षहरू पनि पशुपतिको जङ्गलमा पाइन्छ । भण्डारखालभित्रको विशाल सिमलको रूख जत्रो रूख तराईमा पनि सम्भवतः छैन होला । त्यही बगैंचाको पूर्वपट्टि ठण्डी ठाउँमा हुने केही देवदारका सप्रिएका वृक्षहरू देख्दा यस क्षेत्रको जलवायुको वैशिष्ट्यको बोध हुन्छ । खास गरी चिलाउने, प्वाँलो, मुसलिनी, कालीमयलका वृक्षहरूले जङ्गल ढाकिएको छ । देवदार, काँढेसल्ला, गोब्रेसल्ला, मसला बाहिरबाट ल्याई यहाँ रोपिएको हो । ती वृक्षहरू जङ्गल भित्रभन्दा मन्दिरको बाहिर, सडक तथा देखिने ठाउँहरूमा रोपिएबाट बुझिन्छ । विश्वरूपामन्दिरबाहिर र भण्डारखालको पूर्वपट्टिको देवदार, काँढेसल्ला, गोब्रेसल्ला यसकै नमूनाहरू हुन् । त्यस्तै गौशालाको चौबाटोदेखि भुवनेश्वरीसम्मका बाटोको दायाँ-बायाँका मसलाका रूखहरू बाहिरबाट ल्याई रोपिएका हुन् । जङ्गबहादुर राणाको प्रधानमन्त्रित्वकालदेखि नै बाहिरबाट वृक्षहरू ल्याई रोप्ने काम शुरू भयो । उनले वि.सं. १९२० मा विश्वरूपामन्दिरको पश्चिमपट्टि मन्दिरतिर जाने बाटोको दायाँ-बायाँ त्यस्ता वृक्षहरू रोपेका थिए । त्यस्तै जुद्धशमशेरको प्रधानमन्त्रित्वकाल (वि.सं. १९८९-२००२) मा गौशालाबाट पशुपति जाने बाटोको दायाँ-बायाँ मसलाका वृक्षहरू रोपिएका थिए ।

पशुपतिक्षेत्रमा वनसम्पदा बढाउन खाली क्षेत्रहरूमा वृक्षरोपण गर्ने विचार पशुपतिक्षेत्रको संवर्द्धन एवं संरक्षण गर्ने उद्देश्यले वि.सं. २०३४ सालमा पशुपतिक्षेत्रसुधार तथा विकाससमितिको स्थापना भएपछि शुरू हुन थाल्यो । वृक्षरोपण गर्ने कामचाहिँ वि.सं. २०३८ देखि प्रारम्भ भयो । वनकालीको उत्तर र पश्चिमपट्टि गरिएका वृक्षरोपण त्यसैताकाका हुन् । त्यस वेला पशुपतिको धार्मिकस्वरूपलाई दृष्टिगत नगरी हतारमा वृक्षरोपण गरिएको थियो भन्ने कुरा ती क्षेत्रहरूमा काँइयोका रूख र शिरीषका वृक्षलाई बढाइएबाट बुझिन्छ । रोपिएका ती वृक्षहरू पनि विनायोजना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र विचार नपुऱ्याईकन रोपिएकाले ठाउँ ओगट्ने मात्र भएको छ । तिनीहरू यति नजिक-नजिक रोपिएका छन् कि भएका वृक्षहरू बढ्न सकेका छैनन् । पशुपतिक्षेत्रमा वृक्षरोपण गर्दा धार्मिक महत्त्वका वृक्षहरूलाई बढावा दिई योजनाबद्ध रूपबाट तिनको संरक्षण गरिनु उपयुक्त हुन्छ ।

झाडी हुने वृक्षहरूमा असुरो, कनिके फूल, भुइँकाफल, पारिजात, बोरिक, आँखातरुवा, भीमसेनपाती, ऐँसेलु, मयल, काउलो, आदिका वृक्षहरू छन् । कुन्दपुष्प, वेगमबेली, सुनचाप जस्ता पुष्पवृक्षहरू पनि एक-दुइवटा छन् । साथै सञ्जीवनी झार, अभिजालो, कण्टकारी, भुइँफूल, गुन्द्रुकगानो जस्ता जडिबुटीहरू पनि यस क्षेत्रमा पाइन्छन् ।

१.४ पशुपतिक्षेत्रमा बगैँचा

पशुपतिक्षेत्रमा यहाँको भव्यतालाई अभिवृद्धि गर्ने काममा सघाउ पुऱ्याउनको लागि दाताहरूले बगैँचा राखिदिएका र त्यहाँ उत्पादन हुने फलफूलहरू यहाँ रहेका देवी-देवता तथा मन्दिरहरूमा चढाउने रीत बसालिएका उल्लेखहरू पाइन्छन् । लिच्छवि, मध्य तथा मल्लकालका प्राप्त अभिलेखहरूमा पशुपतिक्षेत्रका बगैँचाहरूको उल्लेख पाइँदैनन् । तर शाहकालका अभिलेखहरूमा भने त्यससम्बन्धी चर्चा पाइएका छन् । यस क्रममा भण्डारखालनामक बगैँचाको सर्वाधिक महत्त्व रहेको छ । गौशालाको पश्चिम र उत्तरपट्टि यो बगैँचा छ । अहिले पर्खालले घेरिएको तथा विभिन्न किसिमका रूखहरू भएको कारण पशुपतिक्षेत्रको वनसम्पदाहरूको सन्दर्भमा त्यसको चर्चा नगरी हुँदैन । यो करीब १३४ रोपनीको क्षेत्रफलमा फैलिएको छ ।

भण्डारखाल कहिलेदेखिको हो ? कसले स्थापना गरेको हो ? भन्ने कुरा स्पष्टसँग बताउन सकिन्न । यसलाई बगैँचाको रूपमा पशुपतिनाथलाई समर्पण गर्ने व्यक्तिचाहिँ श्री ५ रणबहादुर शाह हुन् ।[२९] यसलाई 'ठूलो बगैँचा' पनि भन्ने गरेको पाइन्छ ।[३०] पछि वि.सं. १८७० मा उनका छोरा श्री ५ गीर्वाणयुद्धले भगवान् पशुपतिनाथको नाममा देवपाटनलाई चारकिल्लामा बाँधी त्यसभित्रका गूठी, बिर्ता, जागीरबाहेकका जग्गा चढाई त्यसको रेखदेख पशुपतिअमालकोटकचहरीले गर्ने व्यवस्था गर्दा भण्डारखालबगैँचाको हेरचाह पनि अमालकोटकचहरीले गर्ने गरी व्यवस्था गरेका थिए ।[३१] त्यस बगैँचाको नाम 'भण्डारखाल' रहनुमा खास कारण भएको अनुमान हुन्छ । राजदरबारमा भण्डारखाल बनाउने चलन प्राचीन कालदेखि थियो । आजकाल भण्डारखालको काम साधारण खेतबारी या कहिले कहीं बगैँचा जस्तो देखिए पनि प्राचीन कालमा भण्डारखाल सुरक्षित राजकीय भण्डारको रूपमा रहेको हुन्थ्यो । संस्कृतको 'भाण्डागार' शब्दबाट अपभ्रंश भई भण्डारखाल शब्द बनेको हो । शत्रुहरूको बराबर आक्रमण भइरहने भएको हुनाले यस्ता भण्डारखालमा जतनपूर्वक खाडल खनेर धन, सम्पत्ति लुकाइने परम्परा प्राचीन कालमा थियो ।[३२] सम्भवत: त्यस्तै काममा यहाँको भण्डारखालको पनि उपयोग गरिएकोले नै सो नाम रहनु सम्भव छ । अर्को कुरा भण्डारखालदेखि दक्षिणपट्टि रहेको बत्तीसपुतलीमा लिच्छविलिपिमा 'राज्ञोमरदेवस्य' लेखिएको इँटा पाइनु तथा देवपाटनमा लिच्छविकालका दरबारहरू रहेको हुन सक्ने सङ्केत पाइनु आदिले भण्डारखाल तिनै दरबारको बगैँचाको

---

२९ वि.सं. १९१४ मार्गशुक्ल ८ रोज ३ को पत्र, गूठीलगत तथा तहबिलकार्यालय, ७ नं. पोका, १५ नं. बही, ४४ सङ्ख्या, १४ पृष्ठ ।

३० (क) *ऐजन* ।
(ख) धनवज्र वज्राचार्य (सम्पा.) *त्रिरत्नसौन्दर्यगाथा*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१९), १५९ पृष्ठ ।

३१ वि.सं. १९२४ मार्गशुक्ल ८ रोज ३ को पत्र, *पूर्ववत्*, पादटिप्पणी २८ सङ्ख्या, १४ पृष्ठ ।

३२ गौतमवज्र वज्राचार्य, *हनूमान्‌ढोका राजदरबार*, प्रथम संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३३), पृष्ठ १२३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा रहेको थियो कि भन्ने अनुमान हुन्छ ।[३३] त्यस्तै देवपाटनमा दरबार भएका उल्लेखहरू वंशावलीहरूमा पाइन्छन् । ती दरबारहरूको एक अङ्गको रूपमा भण्डारखाल रहेको पनि हुन सक्छ । अहिलेको भण्डारखालको उत्तरपट्टिको केही भाग वि.सं. १८५६ तिर त्यहाँको बस्ती उठाई श्री ५ रणबहादुर शाहले विस्तार गरेका हुन् । त्यसैको सङ्केतस्वरूप देवपाटनमा सञ्चालित हुने सबै यात्राहरूको रथ वा खट सिफल पुगेपछि भण्डारखालको पश्चिमपट्टिको कुनातिरको भागमा तीन ठक्कर लगाउने चलन अद्यापि छँदैछ । वि.सं. १८५६ मा त्यहाँबाट बस्ती उठाउँदा घर सारिएको थियो । त्यहाँबाट बस्ती सरे पनि त्यस बस्तीमा अघिदेखि लग्ने गरिएको यात्रा, नाच भने लग्न छोडिएन । उदाहरणको लागि हरिसिद्धिको बाह्रवर्षे नाच अहिलेसम्म पनि भण्डारखालभित्र लगिन्छ र त्यो पशुपतिअमालकोट-कचहरीनजिकको भण्डारखालको पूर्वपट्टिको ढोकाबाट भित्र्याइन्छ । भण्डारखालभित्र जहाँ अहिले कुनै बस्ती छैन, त्यहाँ भित्र्याइँदा जो कोहीलाई पनि आश्चर्य लाग्न सक्छ । तर माथि उल्लेख गरे जस्तै त्यसले यहाँको पूर्व बस्तीलाई सङ्केत गर्छ । बस्ती सऱ्यो, तर बस्तीमा हुने क्रियाकलाप परम्परा बनिसकेकोले हटेन । त्यसैले आजसम्म त्यसका केही अवशेष देख्न पाइन्छन् । आफ्नो पुर्खौली घर भण्डारखालमा भएको एवं त्यहाँबाट बसाइँ सरेको सम्झना गर्ने बूढापाका अझै छन् ।

भण्डारखाल लिच्छविकालमा दरबारको एक अभिन्न अङ्गको रूपमा रहेको हुनुपर्छ । त्यहाँ लिच्छविकालिक विशेषतायुक्त एउटा शिवलिङ्ग थियो । तर केही वर्षअगाडि त्यो शिवलिङ्ग हरायो । यसबाट भण्डारखालको लिच्छविकालदेखिको महत्त्व स्पष्ट हुन्छ । गौशालाबाट मैतीदेवीतिर जाँदा भण्डारखालको दक्षिणपट्टि केही प्राचीन इनारहरू ढिस्कोभित्र पुरिएर रहेको अवस्थामा केही वर्षअघिसम्म देखिन्थे । तर अहिले ती सबै भत्काएर कहीं घर बने, कहीं नामेट पारियो । ती इनारहरूका गाह्रा कलात्मक रूपले इँटाहरू मिलाएर लगाइएको थियो । तेलिया इँट जस्ता 'दची इँट' नै इनार बनाउन प्रयोग गरेको देखिन्थ्यो । भण्डारखालको दक्षिणपट्टिको खाली ठाउँमा झण्डै पचास-साठी फीटको दूरीमा चार-पाँचवटा इनारहरू थिए । एकै ठाउँमा त्यत्तिका इनारहरू हुनु निश्चय पनि कुनै असाधारण स्थितिको सङ्केत हो ।[३४]

मध्यकाल एवं मल्लकालमा भण्डारखालको के स्थिति रह्यो थाहा हुँदैन । तर शाहकालमा आइपुग्दा श्री ५ रणबहादुर शाहले भगवान् पशुपतिनाथमा फलफूल चढाउने बगैंचाको रूपमा समर्पण गरेको कुराको चर्चा माथि गरियो । त्यसपछि आजसम्म बगैंचाकै रूपमा कायम छ । करीब दश-एघार फीटको पर्खालद्वारा यो बगैंचा घेरिएको छ । पर्खालले घेर्ने काम सम्भवत: श्री ५ रणबहादुर शाहको पालामा नै भएको थियो । त्यसपछि आवश्यकता पर्दा मर्मत-जीर्णोद्धारको काम पछि-पछि पनि हुँदै रह्यो ।

भण्डारखालबगैंचाको अघिको सञ्चालनप्रक्रिया अहिले हेर्दा बडो रोचक लाग्छ । 'ब्याङ् मोही' द्वारा त्यहाँको आवश्यक कार्य हुन्थ्यो । पशुपतिमन्दिरसँग सम्बद्ध (क) दुकाविर्ता (ख) मनभोगगूठी (ग) मिठाईगूठी (घ) पायसगूठी (ङ) महास्नानगूठी र बिसेट-भँडारी मरी जगेडा हुन आएका खेतका मोहीहरूबाट भण्डारखालबगैंचाको काम गर्ने चलन थियो । त्यसरी काममा जानुपर्दा तीन रोपनीको एक जना खेतालाको दरले पठाउनुपर्थ्यो । त्यसैलाई 'ब्याङ मोही' भनिएको हो । सिंहदरबारको बगैंचाको काम पनि यस्तै ब्याङ् मोहीबाट हुने गरेको थियो । त्यस वेला गूठीजग्गा ठेक्कामा दिने चलन पनि थियो । ठेक्कामा दिंदा ठेकदारले खेताला उपलब्ध गराइदिनुपर्दथ्यो । खेतालाको सङ्ख्या जग्गाको परिमाणबाट निश्चित गरिन्थ्यो । ब्याङ् नआएमा एक जनाको चार आनाको दरले जरिबाना गरिन्थ्यो । त्यस्तो जरिबाना साल तमाम हुनासाथ असूल गरिन्थ्यो । साथै ब्याङ नपठाए जग्गा खोस्नेसमेत हुनाले डर-त्रासले पनि ब्याङ

---

३३ गोविन्द टण्डन, "बत्तीसपुतलीको पुरातात्त्विक महत्त्व: एक अध्ययन", *धर्मसन्देश,* १२ वर्ष, १ अङ्क, (वि.सं २०४०), १८-१९ पृष्ठ ।

३४ *ऐजन,* १७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पठाउनुपर्दथ्यो । त्यसरी आएका ब्याङहरूबाट बगैंचाको काम हुन्थ्यो । स्थायी रूपले त्यसको रेखदेख गर्न कर्मचारीहरू नियुक्त थिए । वि.सं १९७५ सम्म त्यस्ता कर्मचारीहरूमा चिताइदार एक जना र सिपाही तीन जना थिए ।[३५] लामो समयसम्म पशुपतिअमालकोटकचहरीअन्तर्गत यस बगैंचाको रेखदेख भयो । वनगोश्वाराको स्थापना पछि वि.सं. १९७४ चैत्र २८ गते सोमवारदेखि वनगोश्वाराले र तत्पश्चात् समरजङ्गकम्पनीले रेखदेख गर्दै आएको छ ।

अहिले पनि यस बगैंचाको रेखदख समरजङ्गकम्पनीले गर्ने गरेको छ । एक जना सुबेदारको मातहत दुइ जना हवल्दार र बीस जना सिपाही कार्यरत छन् । तिनीहरूमध्ये ६ जना माली छन् । वि.सं. २०२७ सम्म यो भव्य बगैंचाको रूपमा थियो । त्यसै साल भाद्रमा नेपालखाद्यसंस्थानद्वारा दशैंको लागि झिकाइएका भैंडा-च्याँग्राहरू करीब पन्ध्र दिनसम्म त्यहाँ राख्दा सम्पूर्ण बगैंचा सखाप भयो । त्यस वेलादेखि अहिलेसम्म त्यसैको कारण बगैंचाको रूपमा प्रतिष्ठापित हुन सकेको छैन । मुख्यतः अहिले भण्डारखालबाट पशुपतिक्षेत्रका मठ-मन्दिरमा माला र पुष्पगुच्छा लग्ने गरिन्छ ।[३६] साथै ढलेका, काटिएका मुढाहरू समरजङ्गकम्पनीले सङ्ग्रह गरी भण्डारखालमा राख्दछ र तिनीहरूलाई मागअनुसार पशुपति र शङ्खमूलको धुनी र भोगको लागि त्यही बगैंचाबाट वितरण गरिन्छ ।

भण्डारखालभित्र विभिन्न वृक्ष, वनस्पतिहरू छन् । तिनीहरूमा मडिल्लो, शिरीष, हाडेबयर, सुनचाप, काउलो, प्वाँले, गुन्द्रुकगानो, फित्तिफ्याँ, कागतेपाट, आँखातरुवा, फलामकाँडे, बोरिक, वाकलपाते, सिलिङ्गे, कालीमयल, कनकनचम्पा, काभ्रो, करवीर, असुरो, चिलाउने, देवदार, खरी, सिमल आदि मुख्य छन् ।

पशुपति जस्तो पवित्र धार्मिक स्थलमा रहेको भण्डारखालबगैंचालाई मूल उद्देश्यको विपरीत नहुने गरी भव्य र आकर्षक बनाउनु नितान्त आवश्यक भइसकेको छ । यसलाई 'पशुपतिउद्यान' को रूपमा विकसित गरी संवर्द्धन गर्न सकेको खण्डमा उपयुक्त हुने देखिन्छ । यसलाई उचित र सुव्यवस्थित रूपबाट सम्भार गराई भव्यता प्रदान गर्न सके पशुपतिक्षेत्रविकासकोषको कोषसंवर्द्धनमा समेत केही मदत पुग्न जाने पक्का छ । साथै भण्डारखालको दक्षिण र पश्चिमपट्टि भू-क्षय भइरहेको परिप्रेक्ष्यमा समयमा नै तिनको संरक्षणको लागि ठोस उपायको अवलम्बन हुनु पनि जरुरी छ ।

बस्तीको बीचमा १३४ रोपनीमा फैलिएको भण्डारखाललाई उद्यानको रूपमा विकसित गर्न सके पशुपतिक्षेत्रको महत्त्वलाई अभिवृद्धि गराउन मदत पुग्ने निश्चित छ । पशुपतिमन्दिरको बगैंचाको रूपमा रहे पनि त्यसको स्याहार-सम्भार र संवर्द्धन सामान्य रूपमा पनि हुन नसक्नु दुःखलाग्दो छ ।

श्री ५ रणबहादुर शाहले राखेका बगैंचाहरूमा भण्डारखालपछि त्यसैको पूर्वपट्टि सडकपारि रहेको बगैंचा पर्दछ । हाल त्यहाँ वेदविद्याश्रम र वि.सं. २०४२ सालमा निर्मित देवउद्यान छ । वेदविद्याश्रम बन्नुअगाडि त्यहाँ बगैंचा थियो, फूल रोपिन्थ्यो । त्यहाँबाट माला बनाएर पशुपतिक्षेत्रका विभिन्न मन्दिरहरूमा लग्नुपर्दथ्यो । देवपाटनको अरुण-वरुण नामक ढुङ्गेधाराको दक्षिणमा सडकको पूर्वपट्टि रहेको अहिले झाडी र केही वृक्षहरूले ढाकिएको क्षेत्र पनि 'साकेव' नामको बगैंचा हो ।[३७] यो बगैंचा श्री ५ कान्तवतीले समर्पण गरेकी हुन् । बिस्तार-बिस्तार यस बगैंचा क्षेत्रलाई अतिक्रमण गर्ने काम बढ्दो छ । गूठीसंस्थानअन्तर्गत रहेको ८ रोपनीको यो बगैंचा पशुपतिनाथमा प्रतिदिन बाह्रवटा

---

३५ वि.सं. १९८२ भाद्र २० गते सोमवारको पूर्जी । यसको नक्कल देवपत्तननिवासी श्रीकृष्णमान श्रेष्ठसँग छ ।

३६ परिशिष्टभाग, अभिलेखखण्ड (क) ३९१ सङ्ख्या ।

३७ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि सं. १८६४ आश्विनशुक्ल ७ को लालमोहर, अभिलेखफाँट, २ नं. पोका, ११ नं. बही, १७ सङ्ख्या, २३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माला पुऱ्याउने तथा वर्षको रू. ३८५।- बुझाउने शर्तमा व्यक्तिविशेषलाई गूठीसंस्थानले ठेक्कामा दिएको छ ।[३८] पशुपतिनाथमन्दिरको दक्षिणक्षेत्रमा सबैको आँखाको सामुन्ने पर्ने त्यस बगैँचालाई जुन रूपमा स्याहार-सम्भार गरी राख्नुपर्दथ्यो, त्यो हुन सकेको छैन । अमूल्य क्षेत्रको नै दुरुपयोग भएको छ । हाल अव्यवस्थित रूपमा झाडी र जङ्गली झारपातहरूले ढाकिएर रहेको त्यस क्षेत्रलाई बगैँचाको स्वरूप दिई जगेर्ना गर्न सकेको खण्डमा पशुपतिक्षेत्रलाई अरू आकर्षण एवं भव्यता प्रदान गर्न सकिने कुरा स्पष्ट छ ।

पशुपतिक्षेत्रका बगैँचाको क्रममा काठमाडौँ शहरको विजयभन्दा अगाडि नै बहादुर शाहद्वारा पशुपतिनाथ-मन्दिरको पश्चिमपट्टिको ढोकाको नजिकै राखेको फूलबारी उल्लेखनीय छ । त्यहाँ उनले धर्मशाला र फूलबारी तथा त्यसको सञ्चालनको लागि हरिसिद्धिमा २५०-१२-० रोपनी जग्गा गूठी राखिदिएका थिए ।[३९] उनले राखेको फूलबारी अहिले अतिक्रमण भएर हराएको छ । त्यहाँ काठमाडौँ महानगरपालिका ८ नं. वडाको कार्यालयभवन तथा व्यक्तिगत घरहरू बनिसकेका छन् । पशुपतिनाथमन्दिरको पश्चिमपट्टिको भागको पहिलेको स्वरूपलाई प्रकाश पार्न त्यस बगैँचामा रहेको सत्तलले केही मदत पुऱ्याउँछ । अहिले त्यहाँ फूलबारीको नामनिशान छैन । सत्तलसमेतमा पनि व्यक्तिविशेषहरू स्थायी रूपले बसोबास गरिरहेका छन् ।

भगवान् पशुपतिनाथको मन्दिरको पश्चिमपट्टि बहादुर शाहले राखेको फूलबारीबाहेक पशुपतिक्षेत्रमा अरू तीन-वटा बगैँचाहरू थिए । तिनीहरूमा वि. सं. १८९१ माघशुक्ल १० रोज १ मा सुब्बा कुलानन्द झा र उनका परिवारहरूले सदावर्तको निमित्त धर्मशाला बनाउँदा धर्मशालाको पूर्वपट्टि राखेको बगैँचालाई लिन सकिन्छ ।[४०] सुब्बा कुलानन्दले गूठीरूपमा राखेको फूलबारीलाई अहिले व्यक्तिगत तुल्याई व्यक्तिविशेषले घर बनाइसकेको पाइन्छ । पशुपतिक्षेत्रका पशुपतिनाथ, वासुकि, गणेश, गुह्येश्वरी, वत्सला, वनकाली, राजराजेश्वरी, कीर्तिमुख आदि देव-मन्दिरहरूमा प्रतिदिन माला लग्नुपर्ने जुन व्यवस्था कुलानन्दले गरेका थिए तथा स्थापित फूलबारीले जुन शोभा दिएको थियो, त्यो अब छैन ।

वि.सं. १९०६ मा भक्तवीर कुँवर राणाले भक्तहेमेश्वरनामक शिवालय पशुपतिको दक्षिणपट्टि 'चौसट्ठी लिङ्ग' को समीपमा बनाउँदा त्यस मन्दिरको दक्षिण-पश्चिममा बगैँचा तथा सत्तल बनाइदिएका थिए । उनले बगैँचा राखेको ठाउँमा पनि रणोद्दीपसिंहले वज्रघरनामक सदावर्तघर बनाउँदा सो बगैँचा पऱ्यो । त्यसैको सट्टामा पछि रणोद्दीपले वज्रघरको पश्चिम तथा झङ्केश्वरीको पूर्वमा करीब डेढ रोपनीको जग्गालाई वरिपरि आकर्षक पर्खाल लगाई बगैँचाको रूप दिए । वि. सं. २००७ भन्दा अगाडि त्यो बगैँचा आफ्नो अस्तित्व कायम गर्न सफल थियो । किनभने माली, बगैँचे आफ्नो काममा दत्तचित्त थिए । तात्कालिक गूठीबन्दोवस्तअड्डा गूठीको वर्चस्व नियमित र उजागर गर्न क्रियाशील थियो । पछि गूठीव्यवस्थामा दुरवस्था आएपछि गूठीअन्तर्गत हुने गरेका सम्पूर्ण काम-कारवाहीमा नराम्रो प्रभाव पऱ्यो । वज्रघरको बगैँचा झाडीमा परिवर्तन भयो । पछि गएर यो बगैँचा हो भन्ने कुरासमेत मानिसहरूले बिर्से । त्यसैले होला

---

३८ यस बगैँचाका वर्तमान ठेकदार पशुपतिमन्दिरका भँडारी श्रीबद्रीमान छन् ।

३९ पशुपतिमन्दिरको पश्चिमपट्टि कैलाशपुरी नामको मिठाईपसल रहेको धर्मशालाको पिँढीको वि.सं. १८१८ को बहादुर शाहको नाममा रहेको शिलालेख । काठमाडौँ विजयअगाडि नै बहादुर शाहले पशुपतिमा गूठी राखेको जानकारी दिलाउने यो अभिलेख दिनानुदिन भग्न हुँदैछ ।

४० (क) घनश्याम शर्मा पौडेल, "कुलानन्दझाकृतविशालधर्मशालाचतुष्कपूर्वस्थितः शिलालेखः", *संस्कृतसन्देश*, १ वर्ष, ३ अङ्क (वि.सं. २०१० आषाढ), पृष्ठ १७ ।

(ख) हाल यो सदावर्तघरमा शारदा प्राथमिक विद्यालय बसेको छ । त्यो सदावर्तघरभन्दा पूर्वपट्टि पनि सुब्बा कुलानन्द झाले बटुवालाई पानी खुवाउने, पशुपतिनाथको चन्दन दिने कामको लागि ठूलो सत्तल बनाएका थिए । हाल केही व्यक्तिले सत्तललाई आफ्नो व्यक्तिगत्त घर बनाएका छन् । विडम्बनाको कुरा यससम्बन्धी सबै विवरण गूठीलगत तथा तहबिलकार्यालयमा हुँदाहुँदै पनि सत्तललाई आ-आफ्नो भागबण्डा गरी सके । गूठीसंस्थान मौन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिले वि.सं. २०४१ मा बगैंचाको दक्षिणपट्टि रहेको आकर्षक पर्खाल भत्काएर पसलकवल बनायो । पर्खालमुनिका गुम्बजहरूमा रहेका लिच्छविकालका शिवलिङ्गहरूलाई त्यहाँबाट सारियो । तिनीहरू अहिले कहाँ छन्, थाहा छैन । त्यस्तै वि.सं. २०४२ मा तात्कालिक फोहरमैलाव्यवस्थापनसमितिले सोही बगैंचामा अव्यवस्थित रूपका दुइवटा चर्पी निर्माण गरिदियो । शौचालय आदिको व्यवस्था देवस्थलवरिपरि हुनु राम्रो कुरा हो, तर त्यस्ता सुविधाहरू उचित ठाउँमा हुनुपर्छ । त्यसो नगरीकन बगैंचाको रूपमा पहिलेदेखि रहेको ठाउँमा विपरीत कामहरू हुनु निश्चय पनि राम्रो होइन । पशुपतिमन्दिरको पश्चिम भेगलाई दुर्गन्धित तुल्याउन ती दुइ चर्पीहरू साझेदार छन् । पशुपतिनाथमन्दिरको नजिक यस क्षेत्रमा बगैंचा रहँदा जुन शोभा बढ्ने हो, चर्पी तथा पसलकवलहरू रहँदा यस भेगको महत्त्वलाई नै ह्रास गराइदिएको यस सन्दर्भमा उल्लेखनीय छ ।

पशुपतिक्षेत्रका बगैंचाहरूको चर्चा गर्दा जितजङ्ग राणाले वि.सं. १९३१ र वि.सं. १९३८ मा राजराजेश्वरीको समीपमा निर्माण गरेका दुइवटा बगैंचालाई बिर्सन सकिन्न । साँच्चै भन्ने हो भने पशुपतिक्षेत्रलाई आकर्षक र रमणीय तुल्याउनामा ती दुइ बगैंचाहरूको पनि उल्लेखनीय स्थान थियो । जितजङ्गप्रकाशेश्वरको निर्माणपश्चात् त्यसको पश्चिमपट्टि उनले उदासीमठको स्थापना गरी त्यसको अग्रभागलाई बगैंचाको रूप दिएका थिए । अहिले त्यो निर्मला-अखडाको नामले चिनिन्छ । अद्यापि त्यस ठाउँले बगैंचाको केही रूप लिएकै छ । बोगमबेली जस्तो सौन्दर्यप्रधान फूल तथा निमलगायत विभिन्न वृक्षहरू त्यस बगैंचामा लगाइएको देख्दा जितजङ्ग राणाको मनसाय बुझ्न सकिन्छ ।

जितजङ्ग राणाले ललितेश्वर नामको शिवालयको वरपर बनाएको बगैंचा अझ भव्य थियो । यो बगैंचा करीब तीन रोपनी जति जग्गामा फैलिएको छ । बगैंचाको वरिपरि आकर्षक पर्खाल तथा मन्दिरको उत्तरपट्टि कमलपुष्पयुक्त पोखरी तथा राता माछाहरूसमेत भएकाले केही दशकअगाडिसम्म यो बगैंचा पशुपतिक्षेत्रको रमणीय क्षेत्रमध्ये एउटा थियो । देवउद्यानपूर्वको मूल सडकमुन्तिरबाट निस्कने मुहानको पानी यसै छोड्दा पञ्चदेवलको दक्षिणको क्षेत्र सदा पानीले छिपछिपे हुने भएको देखेर नै जितजङ्गले त्यस मुहानबाट निस्केको पानीलाई पोखरीमा माटोको डुँडको माध्यमबाट पुऱ्याएको हुनुपर्छ । केही दशकयता यहाँको बगैंचा र पोखरी असरल्ल र बेवारिसतुल्य बन्न पुग्यो । पोखरीमा जाने मुहानको पानी बीचैमा अवरुद्ध भयो ।

जितजङ्ग राणाले विभिन्न समयमा पशुपतिक्षेत्रमा बनाएका बगैंचाहरूले राजराजेश्वरीघाटको सम्पूर्ण क्षेत्रलाई आकर्षक र दर्शनीय तुल्याएको थियो । अहिले पर्खाल भत्केका छन् । पोखरी अस्तित्वविहीन बनिसक्यो, सत्तल-मन्दिर जीर्णोद्धार हुन नसकी निस्तेज छन् । पशुपतिक्षेत्रविकासकोषले तिनको संरक्षण, संवर्द्धनको लागि केही प्रयास गरेको देखिन्छ, तर त्यो अपुग छ ।

पशुपतिमन्दिरमा प्रतिदिन माला लग्नुपर्ने बगैंचाहरूमा भण्डारेश्वरको बगैंचा पनि एउटा हो । भण्डारेश्वरको पूजाआजालाई चाहिने फूलमाला तथा पशुपतिमन्दिरमा प्रतिदिन फूलमाला पुऱ्याउने दृष्टिकोणले भण्डारेश्वरबगैंचाको स्थापना भएको हो । बहादुर शाहले राखेको सानो सदावर्तको बगैंचा तथा भण्डारखालबाहेक सबै बगैंचाहरू अहिले गूठीसंस्थानअन्तर्गत नै पर्दछन् । भण्डारेश्वरको बगैंचाको त्यहीं बस्ने सन्न्यासीद्वारा जसोतसो रेखदेख भइरहेको छ । भण्डारेश्वर सिफलस्थित कालोपुलको पारि सडकको बायाँपट्टि छ ।

१.५ पशुपतिक्षेत्रमा बस्ती र यसको स्वरूप

पशुपतिक्षेत्रको बस्तीसम्बन्धी अध्ययन यस सन्दर्भमा उल्लेखनीय मानिन्छ । पशुपतिक्षेत्र भनेर यहाँ पशुपति-क्षेत्रविकासकोषअन्तर्गतको निश्चित क्षेत्रलाई लिइएको छ । पशुपतिक्षेत्रका कतिपय ठाउँमा लिच्छविकाल वा त्यसभन्दा अगाडिदेखि नै बसोबास भइसकेको थियो । देवपाटनको पुरानो नाम 'ग्वल' हुनु र यो शब्द संस्कृत भाषाको नभएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा 'ग्वल' पछाडि जोडिएका कतिपय ठाउँका नामहरू लिच्छविकालका अभिलेखमा पाइने हुनाले 'ग्वल' अर्थात् देवपाटनमा सम्भवत: किरातकालदेखिकै बस्ती थियो ।[४१] किरातेश्वर नामको शिवलिङ्ग आर्यघाटपारि रहेको तथा त्यसले किरात जातिलाई सङ्केत गरेकोले पनि माथिको भनाइलाई पुष्टि गर्दछ । तर यस क्षेत्रमा किरातकालका अभिलेखीय प्रमाणहरू भने काठमाडौं अधित्यकाका अन्य ठाउँहरूमा झैं पाउनचाहिँ सकिएको छैन । किरातकालमा यहाँ कुन-कुन ठाउँ वा क्षेत्रमा बस्ती बसेको थियो भन्नेबारे किटानका साथ बताउने स्रोत पाउन सकिएको छैन ।

लिच्छविकालमा देवपाटनको केही भाग 'देवग्राम' नामबाट परिचित थियो । अहिलेको लेले लेम्बटीद्रङ्ग, अनन्तलिङ्गेश्वर हंसगृहद्रङ्ग आदि नामले लिच्छविकालमा प्रसिद्ध भई शहरको रूपमा विकसित भएको देखिएको तथा देवपाटनचाहिँ 'देवग्राम' नामले एउटा गाउँको रूपमा रहेको देख्दा लिच्छविकालमा देवपाटन भेग गाउँको रूपमा थियो भन्ने बुझिन्छ । संवत् ४६७ वैशाख (वि.सं. ६०३) को मानमतीको अभिलेखमा 'दोवग्राम' को चर्चा आएको छ ।[४२] शिलालेख कुँद्नेको भ्रमले देवग्रामको ठाउँमा दोवग्राम भएको हो कि भन्ने देखिन्छ । 'देवग्राम' देवपाटनलाई कहने शब्द हो । ने.सं. ५४८ भाद्र (वि. सं. १४८५) मा लेखिएको 'पाकविधिनिघण्टु' मा त्यस ठाउँलाई कहँदा 'देवपट्टन' भनिएकोले देवपट्टन नाम मल्लकालमा प्रचलित रहनुमा संयोग मात्र नभई लिच्छविकालको नामको प्रभाव देखिन्छ ।[४३] तात्कालिक देवग्राम कहाँसम्म फैलिएको थियो ? त्यहाँ को-को बस्दथे भन्नेबारेमा निश्चयका साथ भन्न सकिने स्थिति छैन । तर देवपाटन भेगका अभिलेखहरूमा आएका केही व्यक्तिहरू रत्नसङ्घ, प्रभुसङ्घ आदिका थरको सादृश्यबाट तात्कालिक बस्तीको बसोबासको सम्बन्धमा सङ्क्षिप्त जानकारी पाउन सकिन्छ । उदाहरणको लागि नवालीटोलमा प्रशस्त सङ्ख्यामा बसोबास गरेका आजका सङ्घतहरू लिच्छविकालका 'सङ्घ' विशेषका सदस्य वा लिच्छविकालका 'सङ्घ' थर भएका व्यक्तिहरूका वंशज हुन सक्ने देखिन्छ ।[४४] यस कुरालाई डा.जगदीशचन्द्र रेग्मीले पनि समर्थन गर्नुभएको छ ।[४५] सम्भवत: संवत् ३९९ आषाढ (वि.सं. ५३५) मा रत्नेश्वर तथा प्रभुकेश्वरको स्थापना गरी प्रशस्त जग्गा गूठी राखिदिने रत्नसङ्घ नवगृह (अहिलेको नवालीटोल) का बासिन्दा थिए । सङ्घतहरूले आफूलाई 'रजिक' भन्न मन पराएको नवालीटोलमा भएका शिलालेखहरूबाट बुझिन्छ ।[४६] अर्को शब्दमा भन्ने हो भने 'रजिक' र 'सङ्घत' एकै व्यवसायलाई बुझाउने थरविशेष हो । 'रजक' यो संस्कृत शब्द हो, जसको अर्थ लुगा धुने 'धोबी' जातविशेष भन्ने हुन्छ । रत्नसङ्घलाई 'सार्थवाह' भनिएको छ । सार्थवाह भन्नाले व्यापारीको नाइके भन्ने लिच्छविकालको उक्त अभिलेखबाट बुझिन्छ । यसबाट लिच्छविकालका 'सङ्घ'हरूको काम र सङ्घतहरूको काम फरक देखिने भएकोले झट्ट हेर्दा 'सङ्घ' हरू पछि गएर सङ्घत भएका होइनन् कि भन्ने पनि देखिन्छ । तर हाम्रो सामाजिक बनोटलाई सिंहावलोकन गर्दा उहिले धर्मशास्त्रले बताएअनुसारको काम नगरे वा बिराए पतित हुने अर्थात्

---

४१ गोविन्द टण्डन, "देवपाटनको प्राचीनता र महत्त्व", *नेप्लीज कल्चर*, ६ वर्ष, (जून १९८७), ८-९ पृष्ठ ।

४२ धनवज्र वज्राचार्य, पूर्ववत्, पादटिप्पणी १८ सङ्ख्या, पृष्ठ १७५ ।

४३ Luciano Petech, *Mediaeval History of Nepal*, Second, Thoroughly Revised Edition, (Roma: Is. M.E.O., 1984 A.D.) p.167.

४४ गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी ४१ सङ्ख्या, १८ पृष्ठ ।

४५ (क) डा. जगदीशचन्द्र रेग्मी, "पशुपतिक्षेत्रको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक पृष्ठभूमि: ऐतिहासिक अवलोकन", त्रिभुवन-विश्वविद्यालयद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र (वि.सं. २०४५ श्रावण ८), १५ पृष्ठ ।

(ख) वि.सं. १९१०-१९१३ को जनगणनामा हिजोआज 'सङ्घत' भनिने देवपाटन भेगका जातिहरूलाई 'सङ्घ' भनी उल्लेख गरिएको पाइएकोले वि.सं. २०४५ ताका मैले गरेको अनुमान ऐतिहासिक प्रमाणबाट पनि पुष्टि हुन आएको छ । हेर्नुहोस् Dr. Jagadish Chandra Regmi (Ed.), *The First Census of Nepal*, Part I, (Kathmandu: Office of Nepal Antiquary, 1991), pp. 40–86.

४६ नवालीटोल, गोलढुङ्गास्थित ने.सं. ८७७ (वि.सं. १८१४) आश्विनको धनसिंह रजिक एवं ने.सं. ९३४ (वि.सं. १८७१) वैशाखको ज्ञानलक्ष्मी रजिकको शिलालेख ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तल्लो जातमा खसाल्ने चलन थियो ।[४७] सङ्घहरू लिच्छविकालमा वैश्य थिए, पछि गएर 'धोवी' बन्न गए । तात्कालिक प्रचलनअनुसार शास्त्रविहित काम नगरी बाटो बिराएर नै त्यसो भएको हुनुपर्छ । लिच्छविकालको 'नवगृह' नामक बस्ती नै अहिलेको नवालीटोल हो । पशुपतिक्षेत्रमा नवालीटोलमा मात्र सङ्घतहरूको बस्ती देख्दा लिच्छविकालदेखिकै उनीहरूको मूलथलो त्यहीँ हुनुपर्ने देखिन्छ । सङ्घतहरूले अहिले लुगा धुने पेशा छोडिसकेका छन् । पशुपतिमन्दिरका पुजारीहरूको लुगा धुने कामसम्म आजकल पशुपतिअमालकोटकचहरीअन्तर्गतका सङ्घतहरूले गर्ने गरेका छन् । पशुपतिका पुजारीहरूको लुगा सङ्घतहरूले धुने गरेको कार्यलाई हेरी स्थानीय केही व्यक्तिहरू दाक्षिणात्य ब्राह्मणसँगै सङ्घतहरू दक्षिण भारतबाट आएको पनि भन्दा रहेछन् । वास्तवमा त्यो इतिहास नबुझीकन गरेको अड्कल्बाजी हो । त्यसमा कुनै सत्यता छैन । सङ्घतहरूले पछि कृषिलाई नै आफ्नो पेशा बनाए । एकाध दशकअगाडिसम्म पनि नवालीटोलका सङ्घतहरू 'तरबारे सिमी' फलाउन नामी थिए ।

देवपाटनमा हुने चाडपर्वमा सङ्घतहरूको उल्लेखनीय स्थान छ । गाईजात्रा, खड्गयात्रा, रोपाईयात्रालगायत त्रिशूलयात्रा आदिहरूमा उनीहरूको महत्त्वपूर्ण सङ्लग्नता छ । आफ्नै बाजा-गाजा भएका उनीहरूले त्यसलाई अक्षुण्ण राख्न आज पनि युवा पिँढीहरूलाई तालीम दिने क्रम जारी राखेका छन् । उनीहरू 'गाचह्रे' भनी आश्विनकृष्ण चतुर्दशीलाई र श्रीपञ्चमीलाई 'चटामरीचह्रे' को रूपमा उल्लासमय रूपले मनाउँछन् । गाचह्रेको वेला लुकुमहादेवको पूजा गर्छन् । उनीहरूका कतिपय संस्कारहरू आफ्नै किसिमका छन् । पाटी-पौवा, इनार-कुवा जस्ता कीर्ति राख्ने काममा यिनीहरू सक्रिय देखिन्छन् ।[४८] यस्तै आजसम्म पनि देवपाटनमा हुने कुनै पनि खटयात्रा, रथयात्रामा खट वा रथ तान्न होस् वा यात्रामा सामेल हुन यिनीहरूको सहभागिता बढी हुने गरेको पाइन्छ ।

पशुपतिक्षेत्रमा भएका बस्तीहरूका विभिन्न नामहरू छन् । तिनीहरूमा पुराना बस्तीहरूका आफ्नै किसिमका नाम छन् । पछि गएर नयाँ-नयाँ ठाउँमा बस्ती बढ्दै गयो र नयाँ नामकरण हुन थाल्यो । पशुपतिक्षेत्रको पुरानो बस्ती भएका क्षेत्रहरूको चर्चा गर्दा नवालीटोल, दथुटोल, पाँचुटोल, करेटोल, ज्यूनाटोल, चाबहिल मुख्य मानिन्छ । चाबहिलमा पनि भगवान्स्थानवरपर मात्र पुरानो बस्ती भएको देखिन्छ । त्यसदेखि बाहेकका क्षेत्रहरूमा उन्नाइसौँ-बीसौँ शताब्दीदेखि आवादी बढ्दै गएको हो । तिनीहरूमा पशुपतिदेखि पश्चिमपट्टि लगनलाछी, भुवनेश्वरी, भकुनटोल, इँटाटोल आदिमा विक्रमको उन्नाइसौँ शताब्दीतिर व्यक्तिगत घरहरू बन्न थालेका हुन् । नभए त्यो क्षेत्र मन्दिरहरू तथा मूर्तिहरू भएको क्षेत्र हो । यो कुरा व्यक्तिगत घरका चोक, बगैंचा आदिमा पुराना शिवलिङ्ग एवं मूर्तिहरू जताततै रहेबाट थाहा हुन्छ । साँच्चै भन्ने हो भने कुँछेदेखि पूर्वको बस्तीभित्र पहिले व्यक्तिगत घरहरू थिएनन् भन्ने कुरा देवपाटनका चारै वर्णद्वारा मिलेर राष्ट्रउद्धारको निमित्त गरिने 'देशोद्धारपूजा' मा कुँछेभन्दा पूर्वका कुनै पनि वर्णका व्यक्तिहरूले त्यस पूजामा पालो लिन नपाउने प्रचलनले स्पष्ट पार्दछ ।

वि.सं १९१०-१९१३ मा नेपालमा भएको जनगणनामा बस्तीहरूको उल्लेख गर्दा लगनलाछी, भकुनटोलको चर्चा आएको तथा त्यहाँको घरसङ्ख्या र जनसङ्ख्यालाई हेर्दा कुँछेभन्दा पूर्वतिरको बस्ती भर्खर-भर्खर फैलिन लागेको प्रतीत हुन्छ ।[४९]

---

४७ पं. गणेशदत्त पाठक (सम्पा.), *मनुस्मृतिः*, (वाराणसी: ठाकुरप्रसाद एण्ड सन्स, सन् १९८१), ११।१७५, ११।१८०, १८९ ।

४८ ने.सं ८७७ (वि.सं. १८१४) आश्विनमा धनसिंह रजिक एवं ने.सं. ९३४ (वि.सं. १८७१) वैशाखमा ज्ञानलक्ष्मी रजिकले नवालीटोलमा पाटी बनाएको उल्लेख पाइन्छ । त्यस्तै गरी माधवनारायण इनारको जीर्णोद्धार गर्ने काममा भैरवसिंह रजिक, रत्नमान रजिकले सहयोग पुऱ्याएको कुरा त्यहाँ रहेको वि.सं. १९९० ज्येष्ठशुक्ल १५ रोज २ को अभिलेखबाट बुझिन्छ ।

४९ Dr. Jagadish Chandra Regmi, *The First Cencus of Nepal*, (1855-1856) Part I, (Kathmandu: Office of Nepal Antiquary, June 1991), pp 1-43.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छवि राजा नरेन्द्रदेवको समयको संवत् ७१ (वि.सं. ७०४) को देवपाटन करेटोलको अभिलेखमा आएको 'वृजिकरथ्या' नामक टोल वा बस्ती देवपाटनमा थियो भनी कसैले मानेका छन्।[५०] तर वृजिकरथ्या देवपाटनमा नभई हाँडिगाउँमा थियो। लिच्छविकालको वृजिकरथ्या मल्लकालमा 'विजयरथपाटन' को रूपमा अपभ्रंश भयो। यो कुरा ने.सं. ६६९ (वि.सं. १६०६) को हाँडिगाउँ सत्यनारायणस्थानको नरेन्द्र मल्लको अभिलेखमा "विजय (रथ) पातेनं" उल्लेख आएकोबाट थाहा हुन्छ।[५१] त्यस्तै त्यसभन्दा अगाडिको ने.सं. ५३४ (वि.सं. १४७१) को हाँडिगाउँको उमामहेश्वरमूर्तिको पादपीठको अभिलेखमा उमामहेश्वर स्थापना भएको ठाउँको परिचय गराउँदा हाँडिगाउँको सत्यनारायणक्षेत्रलाई भन्नुपर्दा "विजयरथ पाट...नारायन संनिधाने"[५२] भनिएकोबाट वृजिकरथ्या नामबाट प्रसिद्ध ठाउँ अहिलेको हाँडिगाउँ हो भन्ने थाहा हुन्छ। यो कुरालाई ज्ञानमणि नेपालले पनि स्वीकार्नु भएको छ।[५३] त्यस ठाउँलाई पहिले 'हरिपुर' भनिन्थ्यो र त्यही नामको अप्रभ्रंश भई पछि 'हाँडिगाउँ' नाम रहन गएको हो भन्ने पनि कसैको भनाइ छ।[५४]

पशुपतिक्षेत्रमा उहिले चारै वर्णको बसोबास थियो। राजोपाध्याय, भँडारी, वैद्य, शाक्य, श्रेष्ठ, डङ्गोल, मानन्धर, कसाई, नापित, सङ्घत, गाइने, कुसले (दर्शनधारी), पोडे आदि जातहरूको देवपाटनमा बसोवास भएको देखिन्छ। राजोपाध्याय र वैद्यहरू दथुटोलमा, शाक्यहरू नवालीटोलको पूर्वी सिमानामा, डङ्गोल लगनलाछीटोल र भकुनटोलमा, भँडारीहरू दथुटोल र पाँचुटोल तथा मतमण्डिलटोलमा, श्रेष्ठहरू पाँचुटोल र भकुनटोलमा, कसाई र गाइनेहरू करेटोलमा, नापितहरू दथुटोलमा, सङ्घतहरू नवालीटोलमा, कुसलेहरू लगनलाछीटोल र भकुनटोलमा छरिएर रहेका छन्। त्यस्तै पोडेहरू पहिले इँटापाखामा थिए, तर यिनीहरूलाई वि.सं. १९४५ मा त्यहाँबाट अहिलेको ठूलो गौचरण पश्चिमको डोलमा सारिएको हो।[५५] यिनीहरूलाई सार्नाको मुख्य कारण पोडेहरू सुँगूर, कुखुरा, हाँसहरू पाल्ने तथा त्यसले पशुपतिक्षेत्रलाई दुर्गन्धित तुल्याएकोले नै हो। तात्कालिक एक जना विदेशी लेखकले आफ्नो ग्रन्थमा त्यस कुरालाई उठाएका छन्।[५६] पोडेहरूको पशुपतिनाथमन्दिरसँग सम्बन्ध रहेको बताउने कुनै ऐतिहासिक प्रमाणहरू पाइएका छैनन्। तर सरसफाइको क्रममा मन्दिरक्षेत्रबाहेकका अन्य ठाउँहरूमा पोडेहरूले सुग्घरसफा गर्ने प्रचलन रहेको एवं पुरानो बस्तीको विशेषता नै समाजमा आवश्यक सबै वर्णहरू सङ्गठित भएर रहने प्रचलनअनुरूप पशुपतिनाथमन्दिरको दक्षिण-पश्चिमक्षेत्रमा रहेका पोडेहरूलाई सार्दा टाढा नलगी ठूलो गौचरणको पश्चिमपट्टि राखेको देखिन्छ।

देवपाटनको बसाइलाई दृष्टिगत गर्दा यहाँका पुराना बासिन्दाहरूमा राजोपाध्याय, कर्माचार्य, वैद्य, भँडारी, विसेट, शाक्य, डङ्गोल, महर्जन, मानन्धर, दर्शनधारी, नापित, कसाई, पोडे देखिन्छन्। तिनीहरूमा वैदिक कर्मकाण्डमा

---

५० (क) गौतमवज्र वज्राचार्य, "वृजिकरथ्या", *पूर्णिमा*, २ वर्ष, २ अङ्क, (वि.सं. २०२२ श्रावण), १३ पृष्ठ।
(ख) धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १८ सङ्ख्या, ४७६ पृष्ठ।

५१ शङ्करमान राजवंशी (सम्पा.), *कान्तिपुरशिलालेख-सूची*, (काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७), ४७-४८ पृष्ठ।

५२ D.R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), p.5.

५३ ज्ञानमणि नेपाल, *नेपाल-निरुक्त*, पहिलो संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०), ३८ पृष्ठ।

५४ कृष्णप्रकाश श्रेष्ठ, *स्थाननामकोश*, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४४), १७० पृष्ठ।

५५ परिशिष्टभाग, अभिलेखखण्ड (क) ३०९ सङ्ख्या।

५६ Daniel Wright, *History of Nepal*, Second Indian Edition, (Calcutta:Susil Gupta Pvt. Ltd., 1958 A.D) p. 12.
"Pashupati stands on the western bank of the Bagmati, about three miles north-east of Kathmandu. The town itself is rather dilapidated, and consists of one main street, running east and west, and a few side streets, which are horribly dirty and abound with pigs."

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजोपाध्याय, तान्त्रिक कर्मकाण्डमा कर्माचार्यहरूले उत्तरदायित्व वहन गर्दै अद्यापि त्यसअनुरूप काम गर्दै आएका छन् । त्यस्तै शाक्य, वैद्य, डङ्गोल, महर्जन, मानन्धर, दर्शनधारी, नापित, कसाई आदिले आ-आफ्ना पेशागत कार्यहरू गर्दै समाजमा सेवा पुऱ्याउने काम गरेका थिए । केहीले अझै गर्दैछन् । तिनीहरूमध्ये भँडारीहरूले पशुपतिनाथ-मन्दिरसँगको सम्बन्धको कारण पशुपतिनाथमन्दिरको भण्डारको काम गर्ने, त्यस्तै बिसेटहरूले पशुपतिको भण्डारतहबिलअन्तर्गत दुकाबिर्ताको जग्गाको रेखदेख गर्ने, नित्यपूजासँग सम्बद्ध कार्य गर्ने गरेका छन् । कुसले अर्थात् दर्शनधारीहरूको पनि केही सम्बन्ध पशुपतिनाथमन्दिरसँग रहेको छ । पशुपतिनाथलगायतका यहाँ रहेका अन्य मन्दिरका प्राङ्गणमा कुचो लगाई सफा-सुग्घर गर्नेदेखि लिएर प्रत्येक पूर्णिमाका दिन र कार्तिकशुक्ल चतुर्दशीको दिन पशुपतिमा हुने महास्नान-महाभोगमा चढाएको भोग (भात) लिने काम पशुपतिका कुसलेहरूले सम्भवतः यसको शुरुवातदेखि नै गर्दै आएका छन् । पशुपतिक्षेत्रका मन्दिरप्राङ्गणमा कुचो लगाउने काम कुसलेहरूले मात्र गर्ने प्रचलन छ ।

डङ्गोल, महर्जनको पेशालाई हेर्दा उनीहरू अधिकांश कृषक भए तापनि जग्गाको नाप-जाँच आदिमा उनीहरूको सहभागितादेखि लिएर देवपाटनमा हुने रथयात्रा, खटयात्राको रथ, खट आदिको मर्मत, सम्भार तथा ती अवसरहरूमा हुने सक्रिय सहयोगलाई उल्लेख्य मान्नुपर्छ । वज्रेश्वरीको यात्रा आओस् वा वत्सलेश्वरीको यात्रा वा त्रिशूलयात्रा सबैमा उनीहरूको संलग्नता बढी नै हुन्छ । ने.सं. ७७७ (वि.सं. १७१४) को देवपाटनको एउटा अभिलेखमा धर्मकीर्ति महर्जनको उल्लेख पाइएकोले महर्जनहरूको बसोबासबारे केही थाहा हुन्छ ।[५७]

तान्त्रिक कर्मकाण्डअनुसार हुने पशुबलिपूजाको अवसरमा कसाईहरूको सक्रियता देखिन्छ । यसैले देवीका मन्दिर वा पीठसँग कसाईहरूको सम्बन्ध प्रत्यक्ष, अप्रत्यक्ष दुवै रूपले रहेको पाइन्छ । कसाईहरू करेटोलमा बसेका छन् ।

देवपाटनको दथुटोललाई केन्द्र मान्दा पश्चिमपट्टिको बाहिरी सिमानामा सङ्घत(धोबी)हरू, उत्तरको करेटोलमा कसाईहरू, दक्षिणको इँटापाखाटोलमा पोडेहरू, पूर्वको लगनलाछीटोलमा कुसलेहरू बसेको पाइन्छ । देवपाटनको पुरानो बस्तीस्थितिलाई हेर्दा अहिले पनि झण्डै त्यही रूपमा कायम रहेको छ । चाबहिल व्यापारिक केन्द्रको रूपमा वि.सं. २००७ भन्दा केहीअगाडि विस्तार भएकोले पुरानो बस्तीको स्वरूप त्यहाँ त्यति पाइँदैन । चाविहारवरपर शाक्यहरूको बस्ती छ । मल्लकालभन्दा अगाडिको बस्तीको वस्तुस्थितिको बारेमा न देवपाटनको यथार्थ बोध गर्न सकिन्छ, न देवपाटनवरपरको ठाउँको नै सकिन्छ । देवपाटनमा विभिन्न नामका चोकहरू, ढुङ्गेधाराहरू र डबलीहरू छन् । चोकहरूमा मिच्योननी, नासननी, सरस्वतीननी, सिपुननी मुख्य छन् । मिच्योननीको आफ्नै किसिमको विशेषता छ । त्यो के भने त्यस चोकमा अरू ठाउँमा जस्तो घाँस, दूबो उम्रँदैन । यस चोकमा लिच्छविकालका दुइवटा शिवलिङ्गहरू पनि छन् । त्यस्तै डबलीहरूमा जयवागीश्वरीपश्चिमको मूलडबली, नवालीटोलडबली, इँटापाखाको इँटाडबली, पशुपतिअमालकोटकचहरीको उत्तरको डबली, भुवनेश्वरीडबली, लगनलाछीको कुलानन्द झाको धर्मशालापश्चिमको डबली, भकुनटोलको वज्रेश्वरीडबली, द्रव्येश्वरपश्चिमका डबलीहरू यस सन्दर्भमा उल्लेखनीय मानिन्छन् । यी डबलीहरू निर्माण हुनाको मुख्य उद्देश्य देवी-देवताहरूको नाच देखाउन, खट, मूर्ति राख्न सजिलो होस् र त्यस्ता क्रियाकलापहरू ती ठाउँहरूमा हुँदा दर्शकहरूले राम्ररी हेर्न सकून् भन्नाको लागि हो । साँच्चै भन्ने हो भने एक किसिमले तिनीहरू मण्डप हुन् । कसै-कसैले देवपाटनमा ढुङ्गेधारा नौवटा छन्, चोक नौवटा छन्, डबली नौवटा छन्, देवी नौवटा छन्, ढोका आदि नौवटा छन् भन्ने गरेको पाइन्छ । तर वास्तवमा कुनै कुरा संयोगवश मिल्नु बाहेक सबै नौवटा छन् भन्ने कुरा तर्क मात्र हो । यो धारणा आउनाको मुख्य कारण नेवारी भाषामा देवपाटनलाई 'गोल' वा

---

५७ शङ्करमान राजवंशी (सम्पा.), पूर्ववत्, पादटिप्पणी ५१ सङ्ख्या, ८४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'ग्वल' कहिने र 'गुँ' को एउटा अर्थ 'नौ' पनि हुने भएकोले नै हुन सक्छ । जे होस्, एकै समयका हुन सक्ने नौ सङ्ख्याका त्यस्ता वस्तुहरू क्रमबद्ध रूपमा पाइँदैनन्, तानतुन पारेर मिलाउने हो भने अर्कै कुरा हो ।

वि.सं. १९१०-१९१३ को जनगणनाबाट देवपत्तनमा नवालीटोल, क्वाकोटोल, पाँचाटोल (पाँचुटोल), बिँटोल, ज्यूनाटोल, लगनलाछीटोल, भकुनटोल र कोलाछीटोल भएको बुझिन्छ । त्यस वेला यहाँका विभिन्न टोलहरूमा भएका घरसङ्ख्या एवं जनसङ्ख्या तल दिइएको तालिकाले स्पष्ट पार्दछ ।[५८]

तालिका सङ्ख्या १

क्र.सं	टोलको नाम	झिँगटी-घर	पराल-घर	जम्मा घरसङ्ख्या	लोग्ने-मानिस	स्वास्नी-मानिस	जम्मा सङ्ख्या
०१.	नवालीटोल	४०	६५	१०५	२०७	२३९	४४६
०२.	क्वाकोटोल	१०	१२	२२	६१	५८	११९
०३.	पाँचाटोल	२२	७	२९	९३	७९	१७२
०४.	बिँटोल	१५	३६	५१	१३१	१३८	२६९
०५.	ज्यूनाटोल	४१	३२	७३	१८८	२०१	३८९
०६.	लगनलाछीटोल	१३	१६	२९	१२३	१२५	२४८
०७.	भकुनटोल	१६	३२	४८	११२	११८	२३०
०८.	कोलाछीटोल	-	१९	१९	४७	३७	८४
०९.	चाबहिल	५१	२४	७५	१००	१५३	२५३
	जम्मा	२०८	२४३	४५१	१०६२	११४८	२२१०

त्यस वेला नवालीटोलमा सङ्घ, श्रेष्ठ, कर्माचार्य, खड्गी, ओझा, कुसले; क्वाकोटोलमा सङ्घ, श्रेष्ठ, बिसेट, खड्गी, ठकुरी, झा, डङ्गोल, शाक्य, कुसले; पाँचाटोलमा वैद्य, कर्माचार्य, शाक्य, शाही, गिरी; बिँटोलमा वैद्य, श्रेष्ठ, जैसी, साल्मी, डङ्गोल, शाक्य, खत्री, खड्गी, गाइने, दमाईं; ज्यूनाटोलमा ब्राह्मण, महर्जन, नाउ, भट्ट ब्राह्मण, श्रेष्ठ, पोडे, कर्माचार्य, भँडारी, मानन्धर, बलामी, बिसेट, खत्री, भाट, जुजुभाजु, उपाध्याय, कुसले; लगनलाछीटोलमा भँडारी, डङ्गोल, कुमाले, डौं, झा, श्रेष्ठ, सङ्घ, बिसेट, कुसले, खत्री, भट्ट, बनिया, मिश्र आदिको बसोबास थियो भन्ने कुरा वि.सं. १९१०-१९१३ को जनगणनाको प्रतिवेदनबाट जानकारी मिल्दछ ।

नेपालको एकीकरणपश्चात् जसरी काठमाडौँ अधित्यकाका विभिन्न भागहरूमा नयाँ बस्तीहरू बस्ने तथा बढ्ने प्रक्रिया शुरू भयो, सोहीअनुसार देवपाटनमा पनि हुन गयो । पुराना बस्तीहरूमा नयाँ व्यक्तिहरू आई बस्ने वा नयाँ ठाउँमा बस्ने गति बढ्दै गयो । फलत: सिफलको पश्चिमी भाग, चाबहिलको बजारक्षेत्रको बाहिरका विभिन्न ठाउँ तथा कुमारीगाल आदि ठाउँहरूमा पुराना बस्तीहरूको तुलनामा धेरै कुराहरूको न्यूनता पाइन्छ । खटयात्रा, रथयात्रा जस्ता यात्राहरू त्यस्ता नयाँ बस्तीमा जाँदैनन् । अर्को कुरा ती नयाँ बस्तीमा मूर्ति, मन्दिर जस्ता धार्मिक स्थल एवं साधनास्थल कमै मात्र पाइन्छन् । साथै पुराना बस्तीमा जसरी मूर्ति, मन्दिर एवं जात्राप्रति घनिष्ठ सम्बन्ध र लगाव पाइन्छ, त्यो भर्खरै बसेका क्षेत्रका बासिन्दाहरूबाट पाउनु गाह्रो छ ।

---

५८ Dr. Jagadish Chandra Regmi, *op.cit.*, foot note no. 49, pp. 43-106.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रमा बसेर केही लिपिकरहरूले विभिन्न ग्रन्थहरू सारेका उल्लेखहरू पाइनाले यहाँ विद्वत्परम्पराको कमी नभएको विदित हुन्छ । लिच्छविकाल वा त्यसभन्दा अगाडिको त्यससम्बन्धी विवरण पाइँदैन, तर मध्यकाल र मल्लकालका केही उदाहरणहरू पाइन्छन् । बलदेव (वि.सं. ११०५-१११७ आ.) को राज्य हुँदा ने.सं. १७२ (वि.सं. ११०८) माघमा जयकारजीवले *ब्रह्मयामलतन्त्र* नामक तन्त्रसम्बन्धी ग्रन्थ सारेको उल्लेख पाइन्छ । उनी पशुपतिमा बस्दथे ।[५९] हर्षदिव (वि.सं. ११४२-११५५ आ.) को समयमा पशुपतिमा बस्ने गोवर्द्धनले *तत्त्वसद्भावतन्त्र*नामक ग्रन्थ सारेका थिए । यो घटना ने.सं. २०७ (वि.सं. ११४३) फाल्गुनको हो ।[६०] त्यस्तै *एकादशीमाहात्म्य*नामक हस्तलिखित ग्रन्थ अनन्त मल्लको समय (वि.सं. १३३१-१३६५) मा पशुपतिमा सारिएको थियो ।[६१] दैवज्ञ जैतसिंहले अनन्त मल्लकै समयमा ने.सं. ४४० (वि.सं. १३७६) फाल्गुनमा *नरपतिजयचर्यास्वरोदय*नामक ग्रन्थ पशुपतिमा सारेका थिए ।[६२] यस प्रकार विद्वान् साधकहरूको पनि पशुपतिमा बसोबास थियो वा धार्मिक पुस्तक विघ्नरहित लेख्न सकियोस् भनी उनीहरू यहाँ आउँथे भन्ने बुझिन्छ । त्यसपछिका विवरण प्राप्त छैनन् । पछि गएर विद्यावंशको परम्परा शिथिल हुँदै गयो । ग्रन्थहरू सार्ने साधक र शिल्पीहरूको कमी हुँदै गयो । फलतः पहिलेको झैँ उदाहरण पाउन छोडियो ।

देवपाटन वा पशुपतिमन्दिरमा पुग्ने बाटाहरूको सन्दर्भमा केही पुराना बाटाहरू अद्यापि छन् । केही बाटाहरूलाई मानिसले बिर्सिसके । तर कुनै यात्राविशेषमा अझै त्यही बाटो भएर जानुपर्ने परम्पराले पुरानो बाटाको केही सङ्केत पाइन्छ । अहिले गौशालाको चौमुहानीबाट पशुपति जाने बाटो सबभन्दा व्यस्त देखिए पनि बानेश्वर-गौशालाको बाटो बन्नुभन्दा अगाडि त्यस्तो थिएन । सिफलबाट जयवागीश्वरी भएर जाने बाटो नै मूल बाटो थियो । यस कुरालाई विभिन्न दृष्टिबाट पुष्टि गर्न सकिन्छ । एक त देवपाटनमा प्रत्येक वर्ष भक्तपुरबाट ल्याइने नवदुर्गाको नाचलाई भित्र्याउँदा सिफलको मूल बाटोबाट भित्र्याइन्छ । अर्को सिफलमा त्यसको सङ्केतस्वरूप मूल ढोका अझै छ । डेनियल राइटले वि.सं. १९३४ मा पशुपति पुग्ने पूर्व-पश्चिम फैलिएको मूल बाटोको चर्चा गर्दा सोही बाटोलाई औँल्याएका छन् ।[६३] नवालीटोलको सडकलाई छोडेर दायाँ-बायाँ बनाएका पुराना घरहरू, त्यही किसिमले स्थापित मन्दिर, मूर्ति, ढुङ्गेधारा, डबली आदिलाई हेर्दा पनि सो बाटो नै पहिलेदेखि मूल बाटोको रूपमा रहेको कुरा स्पष्ट हुन्छ । गौशालाबाट पशुपति जाने बाटो पहिले निकै सानो थियो । त्यस बाटोको विस्तार वि.सं. २०१८ ताका भएको हो । 'महास्नानकेव' अर्थात महास्नानबगैँचाको चारकिल्लाको चर्चा गर्दा वि.सं. १८६४ को एउटा पत्रमा पशुपतिनाथलाई बगैँचा चढाएको प्रसङ्गमा गौशाला हुँदै चाबहिलतर्फ गएको बाटोलाई सङ्केत गरी मूल बाटो भनिएको एवं महास्नानबगैँचाकै एक भाग वेदविद्याश्रम रहेको स्थल हुँदा गौशालाबाट भुवनेश्वरीतर्फ जाने अहिलेको चल्ती बाटो पछि बनाइएको देखिन्छ ।[६४]

---

५९ (क) बृहत्सूचीपत्रम्, तन्त्रविषयकः द्वितीयः, खण्डः, प्रथम संस्करण, (काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२५), २२ पृष्ठ ।
(ख) H.P. Shastri, *Catalogue of Palm-leaf and Selected Paper Manuscripts belonging to the Durbar Library*, Nepal., Vol. II , (Calcutta: 1916 A.D.), p. 60.
(ग) Luciano Petech, *op.cit.*, foot note no. 43, p. 44.

६० (क) Lunciano Petech, foot note no 43, p.49.
(ख) D.R. Regmi, *Medieval Nepal*, Part I, (Calcutta: Firma K.L. Mukhopadhyay, 1965 A.D.), p.142.

६१ H.P. Shastri, *Catalogue of Palm-leaf and Selected Paper Manuscripts belonging to the Durbar Library, Nepal*, Vol. I, (Calcutta: 1905 A.D.), p.49.

६२ Luciano Petech, foot note no. 43, p.96.

६३ Daniel Wright, *op.cit.*, foot note no. 556, p. 12.

६४ श्री ५ गीवार्णयुद्धविक्रम शाहको वि.सं. १८६४ आश्विनशुक्ल ७ को लालमोहर । यो लालमोहर कुमारीगोश्वारातहबिलमा २ नं पोका, ११ नं. बही, १७ सङ्ख्या, २३ पृष्ठमा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाहिरबाट पशुपतिक्षेत्रमा पस्ने बाटाहरूमा पहिले सिफलको बाटो मूल बाटोको रूपमा रहेको थियो भन्ने चर्चा गरियो । त्यसपछि गौशाला र चाबहिलको बाटो थियो । हाँडिगाउँभेगबाट आउन धोबीखोला तर्न नपरोस् भनी राखिएको पुल स्मरणीय छ । पूर्वी भेगबाट आउने बाटोमा बौद्धनाथतिरबाट कुमारीगालको कच्ची बाटो भएर आउने गल्छेडो प्रमुख थियो । पछि आवश्यकताअनुसार भित्री बाटाहरू बन्दै गए । वि.सं. १९२७ ताका पञ्चदेवलपूर्वको बाटो फराकिलो पारिएको महसूस हुन्छ । गौशालाबाट भुवनेश्वरी निस्कने अहिलेको बाटोभन्दा गौशाला, वनकाली, चारशिवालयदक्षिण भई वाग्वती पुग्ने बाटोको प्रसिद्धि पहिले थियो । वाग्वतीमा स्नान गरी पशुपतिमा जान चाहने मानिसहरू त्यही बाटोबाट गई वाग्वतीमा स्नानादि कर्म गर्दथे । तर पछि वि.सं. २०२० मा सिँचाइको उद्देश्यले राजराजेश्वरीघाटमा बाँध बनेपछि बाँधको तल्लो भाग, जहाँ पहिले मानिसको घुइँचो लाग्थ्यो, त्यो बन्द भयो । किनभने पानीको बहाव बाँधले गर्दा अत्यन्त सीमित बन्न पुग्यो । गौशाला, वनकाली, दक्षिण भई चारशिवालयको पश्चिमपट्टि भएर पञ्चदेवल पुग्ने बाटो वाग्वती र आर्यघाटमा सजिलैसँग पुग्न सक्ने दृष्टिकोणले बनाएको पुरानो बाटो हो । त्यस बाटोको निर्माण कहिले भएको हो निश्चित गरी बताउन सकिन्न । तर वि.सं. १९२७ भन्दा पछिचाहिँ बनेको होइन भन्ने कुरा वि.सं. १९२७ मा निर्मित पञ्चदेवलको पूर्वपट्टि रहेको वि.सं. १९१३ को सुरेशकान्तेश्वर एवं अमरकान्तेश्वर, वि.सं. १९३१ को जितजङ्गप्रकाशेश्वर, वि.सं. १९४५ को चारशिवालय आदिको सत्तल, पर्खाल बनाउँदा त्यस बाटोलाई बाधा नपार्ने गरी तथा बाटोलाई ध्यानमा राखेर बनाइएकोबाट थाहा हुन्छ ।

दक्षिणामूर्ति भएर गौरीघाट हुँदै गुह्येश्वरी पुग्ने बाटो पशुपति र गुह्येश्वरीबीचको परिक्रमाबाटोको रूपमा महत्त्वपूर्ण देखिन्छ । यसको निर्माण कसले गरेको हो, थाहा हुँदैन । तर वि.सं. १८७१ मा जाइफल अधिकारीले पुल बनाई त्यसको मर्मत-सम्भारको लागि गूठी राखेबाट त्यसभन्दा अगाडि नै त्यो बाटो बनिसकेको थियो भन्ने अवगत हुन्छ । जाइफल अधिकारीले बनाएको जयेश्वर, कृष्णबहादुर कुँवर राणाले बनाएको जयेश्वरउत्तरको धर्मशाला आदि मूल बाटोलाई ध्यानमा राखी बनाएकोबाट अझ त्यस कुराको पुष्टि हुन्छ । गौरीघाटको पुललाई वि.सं. १९६६ मा चन्द्रशमशेरले जीर्णोद्धार गरेका हुन् । पाँचुटोल र बालकुमारीस्थानको पैदल मार्ग पुरानै हुन् । देवपाटनमा हुने हरेक यात्राहरू तिनै बाटो भएर लैजानुपर्छ । वत्सलेश्वरीको पूर्वपट्टिबाट प्रारम्भ भई गुह्येश्वरी पुग्ने ढुङ्गे सिँढी रामकृष्ण कुँवरले बनाएका हुन् । ढुङ्गे सिँढीले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका सेनापति रामकृष्ण कुँवरलाई स्मरणीय बनाइदिएको छ ।

देवपाटनमा एउटा 'सीं लँ' अर्थात् मुर्दाबाटो रहेको छ । पहिले मुर्दालाई जथाभावी बाटोबाट लग्न पाइँदैनथ्यो । त्यसैले ठाउँ-ठाउँमा मुर्दाबाटो बनेका हुन्थे । मुर्दाबाटोको निर्देश घाटतर्फ हुन्थ्यो । हाल देवउद्यान रहेको बगैंचाको घरको दक्षिणतर्फ खोल्सो छ । त्यो खोल्सो गौशाला वडाप्रहरीकार्यालयको पूर्वपट्टि हुँदै वनकाली पुग्दछ र त्यहाँबाट गोरखनाथ, जयमङ्गला हुँदै वज्रेश्वरीको उत्तरतर्फबाट वाग्वतीमा पुग्छ । वाग्वतीको किनारमा पहिले खाली जग्गा थियो । त्यही ठाउँमा दाहसंस्कार गर्ने प्रचलन थियो । अहिले त्यस ठाउँमा आवादी भइसकेको छ । 'राजदीप' को अवशेषसम्म त अहिले पनि छ । *भाषावंशावली*मा पनि यस बाटोको चर्चा पाइन्छ । त्यहाँ यस बाटोको निर्माण लिच्छवि राजा शिवदेवले गरेको बताइएको छ ।[६५] 'सीं लँ' को उपयोगिता अहिले केवल प्रत्येक वर्ष एकादशीमा मनाइने 'देशोद्धारपूजा' को पूजासामग्री लैजानु तथा पूजामा संलग्न हुने पालोवालालगायत अरू श्रद्धालुहरू त्यस बाटोबाट जानुमा सीमित भएको छ ।

---

६५ नयनाथ पौडेल (सम्पा.), *भाषावंशावली*, १ भाग, (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०), ८३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.६ पशुपतिक्षेत्रका तीर्थस्थल, कुण्ड एवं घाटहरू

पशुपतिनाथको मन्दिर रहेको पशुपतिक्षेत्र अघिदेखि नै तीर्थस्थलको रूपमा प्रसिद्ध छ । 'पशुपतिपुरी'[६६] 'माहेश्वरपुर'[६७] आदि नामले यस क्षेत्रलाई सम्बोधन गर्ने चलन थियो । विस्तार-विस्तार यस क्षेत्रको प्रसिद्धि अझ बढ्दै गयो । संवत् ४५५ (वि.सं. ५९०) देखि यस क्षेत्रको महत्त्व दर्शाउने शिलालेखीय प्रमाणहरू नै पाइन्छन् । संवत् ४५५ (वि.सं. ५९०) को देवपाटनको भस्मेश्वरस्थित भद्रेश्वर नामको शिवलिङ्गको जलहरीको लेखमा "भगवान् पशुपतिको क्षेत्र" को रूपमा पशुपतिक्षेत्रको महत्ता देखाइएको छ । यसै कारणले गर्दा नै ध्रुवसङ्घ नामका व्यक्तिले त्यस ठाउँमा भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर नामका पाँचवटा शिवलिङ्गहरू स्थापना गरेका थिए । त्यसभन्दा अगाडि शिवलिङ्गलगायत विभिन्न मूर्ति, मन्दिर तथा पाशुपत सम्प्रदायसँग सम्बद्ध सङ्घहरू स्थापना हुनाको तात्पर्य पनि पशुपतिक्षेत्रको धार्मिक महत्ता हुनाले नै हो भन्ने निश्चित छ । यस सम्बन्धमा पछि आउने अध्यायहरूमा विस्तृत रूपमा चर्चा गरिनेछ ।

लिच्छविकालमा पशुपतिभेगका केही स्थलहरू तीर्थस्थलको रूपमा प्रसिद्ध भएको बताउने अभिलेखहरूसमेत छन् । संवत् १०३ (वि.सं. ७३७) को नरेन्द्रदेवको वज्रघरको अभिलेखमा आर्यभिक्षुसङ्घको चारकिल्लाको उल्लेख गर्दा "पृच्छिब्रूदक्षिणेश्वराम्बुतीर्थक्षेत्राणां सन्धिः" अर्थात् पृच्छिब्रू दक्षिणेश्वर र अम्बुतीर्थका खेतको दोसाँध भन्ने कुराको चर्चा आएको छ ।[६८] यसबाट 'अम्बुतीर्थ' पशुपतिक्षेत्रभित्रै कतै हुनुपर्ने देखिन्छ । त्यस्तै गरी सोही अभिलेखमा 'ब्रह्मतीर्थ' को पनि उल्लेख आएको छ ।[६९] ब्रह्मतीर्थको अवस्थितिको बारेमा त्यस अभिलेखमा वाग्वतीको पूर्वतिर भएको सङ्केत दिइएको छ । अहिलेसम्म पनि 'वाग्वतीयात्रा' गरिँदा ब्रह्मतीर्थ भनी तिलगङ्गाको उत्तर अर्थात् राजराजेश्वरीघाटदेखि पूर्वतिर गई नुहाउने चलन छ ।[७०] अम्बुतीर्थ तथा ब्रह्मतीर्थ दुवै पशुपतिक्षेत्रमा हुनुले यहाँको धार्मिक महत्त्वलाई अभिवृद्धि गर्ने काममा उल्लेख्य सहयोग पुऱ्याएको देखिन्छ । विक्रमको सोह्रौँ शताब्दीपछि त *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराणहरूले* एकस्वरले काठमाडौँखाल्डोमा विद्यमान मूर्ति, तीर्थ, मन्दिर, कुण्ड आदिको महत्त्वलाई जनमानसमा पुऱ्याउन भरथेक गरेका छन् । पशुपति भेगका अम्बुतीर्थ एवं ब्रह्मतीर्थहरूको लिच्छविकालमा महत्त्व हुनामा के-के कारकहरू अन्तर्निहित थिए, तात्कालिक सामग्रीहरूको अभावमा भन्न सकिन्न । लिच्छविकालका अभिलेखहरूबाट त्यस वेलादेखि नै पशुपतिक्षेत्र पवित्र क्षेत्रको रूपमा विकसित हुँदै आएको देखिन्छ ।

---

६६ स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *शुक्लयजुर्वेदसंहिता,* दोस्रो खण्ड, (बम्बई: गंगेश्वर अन्तर्राष्ट्रिय वेद मिसन, वि.सं. २०३८), ३९१९, ४६१ पृष्ठ ।

६७ पं. रामचन्द्र शास्त्री किंजवाडेकर (सम्पा.), *श्रीमन्महाभारतम्,* खण्ड २, वनपर्व ३, प्रथम संस्करण, (पुना: चित्रशाला प्रेस, शकसंवत् १८५२), ८४।१२७-१२९, १२९ पृष्ठ ।

तत्रोपस्पृश्य राजेन्द्र न दुर्गतिमवाप्नुयात् ।
अभिगम्य महादेवं वरदं रुद्रमव्ययम् ॥
विराजति यथा सोमो मेघमुक्तो नराधिप ।
जातिस्मरमुपस्पृश्य शुचिः प्रयतमानसः ॥
जातिस्मरत्वमाप्नोति स्नात्वा तत्र न संशयः ।
माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ॥
ईप्सिताल्लँभते कामानुपवासान्न संशयः ।

६८ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ५०० पृष्ठ ।

६९ ऐजन ।

७० योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *हिमवत्खण्ड*, प्रथम संस्करण, (काशी: योगप्रचारिणी, वि.सं. २०१३), ७१।३, १५८ पृष्ठ ।

काशी पाशुपती साक्षात्समासते सुरालये ।
काश्याश्चतुर्गुणं मान्या पुरी पाशुपती यतः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*हिमवत्खण्ड, पशुपतिपुराण, नेपालमाहात्म्य*मा नेपालका विभिन्न तीर्थ एवं देवस्थलहरूको चर्चा पाइन्छ, त्यसमा पनि पशुपतिक्षेत्रका तीर्थ, लिङ्ग, देवी-देवताहरूको बढी उल्लेख पाइन्छ । जम्बूद्वीपमा 'काशीपुरी' र 'पशुपतिपुरी' भगवान् शङ्करले आश्रय गरिएका छन्; धर्म, अर्थ, काम, मोक्ष चारै पदार्थ पाइने हुनाले काशीभन्दा पशुपतिपुरी चौगुना माननीय छ; काशीमा प्राणीले मोक्ष पाउँछन्, माहेश्वरीपुरी (पशुपति) मा त चतुर्वर्ग नै पाइन्छ; लोकले चतुर्वर्ग पाउने हुनाले काशीभन्दा पाशुपतिपुरी श्रेष्ठ र उत्कृष्ट छ; उत्तराखण्डको पुण्यभूमिमा हुनाले पशुपतिपुरीलाई 'उत्तरकाशी' पनि भन्छन् भन्दै त्यस नगरीलाई शङ्करले एकक्षण पनि छोड्नु हुन्न भनी *हिमवत्खण्ड*मा बताइएको छ ।[७१] त्यहाँ स्वर्गमा बस्नेहरूले पशुपतिक्षेत्रका मानिसलाई तीन आँखा भएका, त्रिशूल लिएका, ध्वजामा वृष भएका, शिरमा जटा र किरीटमा चन्द्र भएका महेश्वरका गणस्वरूप देख्छन् र धर्म, अर्थ, काम, मोक्षको लागि स्वर्गमा बस्नेहरू पशुपतिपुरीमा रुद्रको साथ बस्ने इच्छा गर्छन् भनी पशुपतिक्षेत्रको महत्त्वलाई बढाइएको छ ।[७२]

हिन्दू समाजमा तीर्थको महत्त्व परम्परादेखि रहँदै आएको कारण नेपाली समाजमा पनि पहिलेदेखि नै तीर्थले अधिक महत्ता पाइआएको हो । तीर्थको उल्लेख र महत्त्व *ऋग्वेद*देखि नै पाइन्छ ।[७३] *तैत्तिरीयसंहिता*मा तीर्थमा स्नान

---

७१ *ऐजन*, अध्याय ७२।३-९ ।

जम्बूद्वीपे पुरी द्वे च रुद्रेणाधिष्ठितेऽनिशं ।
काशी पाशुपती साक्षात्समासते सुरालये ॥३॥
काश्याश्चतुर्गुणं मान्या पुरी पाशुपती यतः ।
धर्मार्थकाममोक्षाणि यस्यां प्रलभ्यते किल ॥४॥
मोक्षमेकं तु काश्यां वै लभ्यन्ते जन्तुभिः सदा ।
उमामाहेश्वरीपुर्यां चतुर्वर्गं घटोद्भव ॥५॥
तस्मात्काश्या गरिष्ठा स्यात् पाशुपती पुरी वरा ।
प्रलभ्यन्ते यतो लोकैश्चतुर्वर्गान् ध्रुवं किल ॥६॥
देव्याः स्थानोद्भवं लिङ्गं तेजोमयं चतुर्मुखं ।
तस्मादुत्तरकाशीति हिमवद्दक्षिणे यतः ॥७॥
गंगाया उत्तरे भागे हिमवत्सानुगह्वरे ।
रुद्रप्रियतमं तीव्रं नगरं राजतेऽनिशम् ॥८॥
न मुंचति क्षणं चापि शंकरो नगरीमिमां ।
तस्मादुत्तरकाशीति उत्तरपुण्यभूगता ॥९॥

७२ *ऐजन*, अध्याय ७२।१५-१७ ।

चतुर्वर्गफलैर्युक्ताः पापनिर्लिप्तदेहिनः ॥
दिविस्थास्तांश्च पश्यन्ति त्रिनेत्रिणश्च शूलिनः ।
वृषध्वजान् जटाशीर्षान्तद्गणांश्चन्द्रमौलिनः ॥
दिविस्था यत्र वाञ्छन्ति चतुर्वर्गफलाप्तये ।
त्रिदिवाधिकृते राज्ये स्यातुं रुद्रेण वै समम् ॥

७३ (क) स्वामी दयानन्द (सम्पा), ऋग्वेद, भाषाभाष्य, प्रथम भाग, (नई दिल्लीः दयानन्द संस्थान, वि.सं. २०३२), १।१९६।६ "तीर्थे नार्यः पौम्स्यांनि तस्थौ"

(ख) *ऐजन*, "करण न इन्द्रः सुतिर्थाभयम् च" - *ऋग्वेद* ४।२९।३ ।

(ग) स्वामी दयानन्द (सम्पा.) *ऋग्वेद*, भाषाभाष्य, द्वितीय भाग, (नई दिल्लीः दयानन्द संस्थान, वि.सं. २०३२), ८।४७।११ । "अरित्रम वाम दिवस पृथु तीर्थे सिन्धुनाम् रचः"

(घ) *ऐजन*, "तीर्थे न दसममुपाय यन्त्युमाः" - *ऋग्वेद* १०।३१।३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नाले मुक्ति मिल्ने कुराको चर्चा गरिएको छ ।[७४] प्रसिद्ध मन्दिर, देवी-देवता, ऋषि-मुनि, नदी आदिको प्रभाव र सामीप्यले गर्दा नजिकका नदी, स्रोत, कुण्ड, पोखरी आदि तीर्थको रूपमा प्रसिद्धि पाउने परम्परा रहिआएको पाइन्छ ।[७५] *धर्मशास्त्र*हरूमा तीर्थको दर्शन-स्पर्शन र पूजनलाई सामान्य धर्मकै रूपमा उल्लेख गरिएको पाइन्छ । *विष्णुधर्मसूत्र*मा क्षमा, सत्य, दम, शौच, दान, इन्द्रियसंयम, अहिंसा, गुरुशुश्रूषा, तीर्थभ्रमण, दया, लोभशून्य, देव-ब्राह्मणपूजन, अनभ्यसूयालाई मानव जीवनको सामान्य धर्म बताइएको छ ।[७६] तीर्थस्थल र तीर्थयात्राको मर्यादा एवं आचारविचारको सम्बन्धमा पनि प्रशस्त चर्चाहरू पाइन्छन् ।[७७] यज्ञानुष्ठान गर्दा पाइने फलभन्दा पनि तीर्थयात्रा गर्दाको फललाई बढी महत्ता केही ग्रन्थहरूमा दिएको पाइन्छ ।[७८] यिनै कारणहरूले गर्दा तीर्थ र तीर्थयात्राको महत्त्व क्रमश: बढ्दै गयो । त्यसले गर्दा तीर्थहरू एकतात्मक भावनाको वृद्धि गर्ने स्थल बन्न पुगे । वर्ण, जाति आदिमा समाज विभक्त भए तापनि तीर्थहरू सबैका लागि साझा हुन पुगे । तीर्थस्थलहरूले सबैलाई विनाभेदभाव एकै ठाउँमा जम्मा गर्न सक्यो । नैतिक, आध्यात्मिक मूल्य र मान्यताको साथै मठ, मन्दिर एवं सम्बद्ध तीर्थस्थलहरूको ज्ञानको अभिवृद्धि गर्न सघाउ पुऱ्याउने हुँदा तीर्थभ्रमणलाई महत्त्व दिएको हो । हुन त सामान्य अर्थमा तीर्थ शब्दले मठ, मन्दिर, नदी, कुण्ड

---

७४ अर्जुन चौबे काश्यप (अनु.), *धर्मशास्त्रका इतिहास*, तृतीय भाग, द्वितीय संस्करण, (लखनऊ: हिन्दी समिति, सन् १९७५), पृष्ठ १३०१ ।

"अप्सु स्नाति साक्षादेव दीक्षातपसी अवरून्धे तीर्थे स्नाति" *तैत्तिरीयसंहिता* ६।१।१। १–२ ।

७५ मनसुखरायमोर (सम्पा.), *स्कन्दपुराणम्*, माहेश्वरखण्डात्मक: प्रथमो भाग: प्रथमं संस्करणम्, (कलकत्ता: गुरुमण्डलग्रन्थमाला, वैक्रमाब्द: २०१६), २६१ पृष्ठ ।

मुख्या पुरुषयात्रा हि तीर्थयात्रानुषङ्गत: ।
सद्भि: समाश्रितो भूप भूमिभागस्तथोच्यते ॥ - *स्कन्दपुराण* २।१३।१० ।

७६ अर्जुन चौबे काश्यप (अनु.), *पूर्ववत्*, पादटिप्पणी ७४ सङ्ख्या, १३०० पृष्ठ ।

क्षमा सत्यं दम: शौचं दानमिन्द्रियसंयम: ।
अहिंसा गुरुशुश्रूषा तीर्थानुसरणं दया ॥
आर्जवं लोभशून्यत्वं देवब्राह्मणपूजनम् ।
अनभ्यसूया च तथा धर्म: सामान्य उच्यते ॥ - *विष्णुधर्मसूत्र* २।१६-१७ ।

७७ पं. रामचन्द्र शास्त्री किंजवाडेकर (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ६७ सङ्ख्या, १२९ पृष्ठ ।

यस्य हस्तौ च पादौ च मनश्चैव सुसंयतम् ।
विद्या तपश्च कीर्तिश्च स तीर्थफलमश्नुते ॥
प्रतिग्रहादपावृत्त: सन्तुष्टो येन केनचित् ।
अहङ्कारनिवृत्तश्च स तीर्थफलमश्नुते ॥
अकल्कको निरारम्भो लघ्वाहारो जितेन्द्रिय: ॥
विमुक्त: सर्वपापेभ्य: स तीर्थफलमश्नुते ॥
अक्रोधनश्च राजेन्द्र सत्यशीलो दृढव्रत: ।
आत्मोपमश्च भूतेषु स तीर्थफलमश्नुते ॥ - *महाभारत*, वनपर्व ८२।१०९-११२ ।

७८ *ऐजन* ।

ऋषिभि: क्रतव: प्रोक्ता देवेष्विह यथाक्रमम् ।
फलं चैव यथातथ्यं प्रेत्य चेह च सर्वश: ॥
न ते शक्या दरिद्रेण यज्ञा: प्राप्तुं महीपते ।
बहूपकरणा यज्ञा नानासम्भारविस्तरा: ॥
प्राप्यन्ते पार्थिवैरेतै: समृद्धैर्वा नरै: क्वचित् ।
नार्थन्यूनैर्नावगणैरेकात्मभिरसाधनै: ॥
यो दरिद्रैरपि विधि: शक्य: प्राप्तुं नरेश्वर ।
तुल्यो यज्ञफलै: पुण्यैस्तं निबोध युधां वर ॥
ऋषीणां परमं गुह्यमिदं भरतसत्तम ।
तीर्थाभिगमनं पुण्यं यज्ञैरपि विशिष्यते ॥ - *महाभारत*, वनपर्व ८२।११३।-११७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै क्षेत्रलाई समष्टिगत रूपमा बुझाउँछ । त्यसो भए तापनि पुराणहरूमा तीर्थहरूको उल्लेख गर्दा नदी, पानीको स्रोत, कुण्ड, पोखरी आदि जसमा धार्मिक दृष्टिकोणले महत्त्व दिइएको हुन्छ, त्यसलाई सङ्केत गर्न खोजेको पाइन्छ ।

पशुपतिक्षेत्रमा रहेको वाग्वतीलाई अत्यधिक महत्ता प्रदान गर्ने काममा *हिमवत्खण्ड*ले सघाउ पुऱ्याएको छ । यसअतिरिक्त पशुपतिक्षेत्रमा वामनगङ्गातीर्थ, पीटीकाख्यतीर्थ, पाशान्तमोचकतीर्थ, क्षेत्रपालतीर्थ, ब्रह्मश्मशानतीर्थ, मोक्षक्षत्रियतीर्थ, राजराजेश्वरीतीर्थ, भस्मगङ्गामहातीर्थ, जयमङ्गलातीर्थ, आकाशभैरवतीर्थ, मातृगङ्गातीर्थ, पञ्चविनायकतीर्थ, कोषोदकतीर्थ, सौभाग्यतीर्थ, कुवेरतीर्थ, गौरीतीर्थ, षर्वरीकातीर्थ, मृगोदकतीर्थ, आर्यातीर्थ, पावनीकातीर्थ, नारायणीतीर्थ, त्रिवेणीतीर्थ, ढुण्डिराजतीर्थ, अगस्त्यतीर्थ, नीलकण्ठतीर्थ, वासुकितीर्थ, देवघट्टतीर्थ, गोखुराख्यतीर्थ, भृगुपतनतीर्थ, ब्रह्मसहस्रतीर्थ, रुद्रसहस्रतीर्थ, विष्णुसहस्रतीर्थ, चक्रतीर्थ, सूर्यभागातीर्थ, चन्द्रभागातीर्थ, मनकामनातीर्थ, ज्ञानवापीतीर्थ, कर्कोटकतीर्थ, जिह्वालोलतीर्थ, अनन्तकोटितीर्थ, बालश्मशानतीर्थ, भैरवतीर्थ, विनायकतीर्थ, जलेश्वरतीर्थ, गुप्तेश्वरीतीर्थ, पशुगणपतितीर्थ, श्लेष्मानतीर्थ, ताम्रचूडतीर्थ, पशुकुण्डतीर्थ, ब्रह्मोदकतीर्थ, सुन्दरीतीर्थ, स्कन्दतीर्थ, स्तनकुण्डतीर्थ, शूलगङ्गातीर्थ, सप्तऋषितीर्थ, पशुगणतीर्थ, गोरक्षतीर्थ, गोखुरतीर्थ, योगतीर्थ, सुवर्णतीर्थ, कोशोदकतीर्थ, गौरीतीर्थ, सूर्यकुण्डतीर्थ, ब्रह्मदीपतीर्थ आदिको *हिमवत्खण्ड*मा चर्चा गरिएको छ । साथै ती तीर्थहरूमा गर्नुपर्ने धार्मिक कृत्यको बारेमा पनि त्यहाँ उल्लेख पाइन्छ । कुन पर्व, कुन तिथिविशेषमा त्यहाँ स्नान गर्नाले पुण्य प्राप्ति हुन्छ भन्ने विषयमा पनि त्यहाँ चर्चा गरिएको छ । पशुपतिक्षेत्रका माथि चर्चित तीर्थहरूको नामकरण खास गरी त्यहीं नजिकका मूर्ति, मन्दिरहरूको नामबाट भएका छन् । धेरैजसो तीर्थहरू वाग्वती नदीको छेउछाउमा रहेका छन् । तीर्थको सूचीमा कतिपय कुण्डहरू पनि पर्दछन् । बस्तीविस्तारको कारणले गर्दा पहिले तीर्थको रूपमा रहेका कुण्ड एवं स्रोतहरूमा अतिक्रमण हुन जाँदा धार्मिक महत्त्वका कतिपय तीर्थहरू अहिले लोप भइसकेका देखिन्छन् । त्यस्ता ठाउँमा कहीं घर, कहीं पर्खाल बन्नाले तीर्थको सङ्ख्या घट्दै गएको पाइन्छ ।

पशुपतिक्षेत्रमा केही कुण्डहरू छन् । धेरैजसो प्राकृतिक स्रोतको कारण पानी नसुक्ने कुण्डलाई महत्त्व दिएको पाइन्छ । कुण्डहरू सानादेखि ठूलासम्मका पाइन्छन् ।

*वराहपुराण*मा मृग रूपमा भगवान् शिवले विचरण गरेका सबै ठाउँहरू तीर्थ हुन् भनी उल्लेख गरिएको छ ।[७९] यसबाट पशुपतिक्षेत्रका तीर्थहरूलाई शिवको पौराणिक मृगावतारसँग सम्बद्ध गर्न खोजिएको देखिन्छ । पशुपतिक्षेत्रमा रहेका कुण्डहरूलाई धार्मिक महत्त्व प्रदान गरी विभिन्न पर्व तथा तिथिहरूमा स्नानादि कर्म गर्ने गरेको पाइन्छ । पशुपतिक्षेत्र र यसको वरपर रहेका कुण्डहरूको विधिवत् यात्रा गर्ने प्रचलन पनि छ । यस्ता कुण्डहरू देहायअनुसारका छन्:-[८०]

---

७९ चौधरी श्रीनारायण सिंह (अनु.), *वाराहपुराणम्*, (वाराणसी: सर्वभारतीय काशिराजन्यास, वि.सं. २०३९), ८१५ पृष्ठ ।

तस्मिन् श्लेष्मान्तकवने पुण्ये त्रिदशसेविते ।
यत्र यत्र मया देवाश्चरता मृगरूपिणा ॥१११॥
आसितं स्वपितं यातं विहृतं वा समन्ततः ।
तत्र तत्राभवत्सर्वं पुण्यक्षेत्रं च सर्वशः ॥११२ ॥

-*वाराहपुराणम्* २१३।१११-११२ ।

८० पशुपतिक्षेत्रका विभिन्न कुण्ड तथा तिनीहरू रहेका ठाउँको निर्देश कुण्डयात्रा, तीर्थयात्रा गराउने ब्राह्मणहरूसँग भएको पुस्तकबाट दिइएको हो । यो काम अहिले देवपाटननिवासी श्रीपद्मप्रसाद भट्ट, श्रीमदन भट्टले गराउँछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	कुण्डको नाम	कुण्ड रहेको ठाउँ
१.	रुद्रसहस्रकुण्ड	किरातेश्वरपश्चिम वाग्वती
२.	भैरवाख्यकुण्ड	किरातेश्वरउत्तर वाग्वती
३.	ब्रह्मोदयकुण्ड	गुह्येश्वरीमन्दिरको पूर्व गुफा
४.	बालश्मशानकुण्ड	गौरीघाटको उत्तरतर्फ
५.	गोखुरकुण्ड	गौरीतीर्थदेखि पूर्व-उत्तर
६.	पशुकुण्ड	गौरीघाटवाट गुह्येश्वरी जाँदा बाटोको दायाँतर्फको पोखरी
७.	सुन्दरीकुण्ड	गुह्येश्वरीबाट गोरखनाथतर्फ जाँदा सिँढीनजिक
८.	कुरुक्षेत्रकुण्ड	भाग्लाकभुग्लुकनजिक
९.	स्कन्दकुण्ड	विश्वरूपामन्दिरदेखि केही दक्षिणतर्फ
१०.	सरस्वतीकुण्ड	विश्वरूपामन्दिरको पूर्व-दक्षिण
११.	अम्बारिकाकुण्ड	विश्वरूपाइनार
१२.	गोरक्षकुण्ड	गोरखनाथपाटीपछाडि
१३.	सीताकुण्ड	गोरखनाथबाट गुह्येश्वरीतर्फ जाँदा सिँढीको दायाँतर्फ पात चढाउने ठाउँ
१४.	जोगकुण्ड	गुह्येश्वरीपूर्व
१५.	श्लेष्मान्तककुण्ड	गुह्येश्वरीदेखि पूर्वको पहिलो खहरे
१६.	ब्रह्मोदककुण्ड	गुह्येश्वरीमन्दिरको बाहिर पूर्वपट्टि
१७.	हरिद्वारकुण्ड	गुह्येश्वरीस्थित वाग्वती किनारबाट गौचरण जाने उकालो
१८.	ताम्रचूडकुण्ड	गुह्येश्वरीस्थित वाग्वतीको बायाँतर्फको पानीको स्रोत
१९.	सप्तर्षिकुण्ड	त्रिभुवनविमानस्थलनजिक
२०.	ब्रह्मकुण्ड	रामघाटदेखि पूर्व
२१.	वीरभद्रकुण्ड	निल्लीगाल
२२.	त्रिशूलगङ्गाकुण्ड	गौचरणपूर्व ढुङ्गेधारा
२३.	अगस्त्यकुण्ड	तिलगङ्गापूर्व
२४.	स्तनकुण्ड	ध्रुवस्थली
२५.	सुवर्णकुण्ड	तिलगङ्गाको शिर
२६.	कोखोदककुण्ड	सुवर्णकुण्डदेखि केही दक्षिण
२७.	व्यासकुण्ड	गल्फ खेल्ने ठाउँदेखि पूर्व
२८	काककुण्ड	काँडाघारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	कुण्डको नाम	कुण्ड रहेको ठाउँ
२९.	मणिकुण्ड	प्रकाशसन्न्यासआश्रमनजिक
३०.	अग्निकुण्ड	पोडेटोल
३१.	हनूमान्कुण्ड	पोडेटोलपश्चिमको फाँट
३२.	ब्रह्मकुण्ड	राजराजेश्वरीपारि वाग्वतीकिनार
३३.	गयाकुण्ड	राजराजेश्वरीपारि वाग्वतीकिनार
३४.	क्षत्रियकुण्ड	राजराजेश्वरीपारि वाग्वतीकिनार
३५.	पाशान्तपिशाचमोचनकुण्ड	विराटेश्वरमहादेव रहेको भकारी
३६.	विष्णुकुण्ड	विष्णुमन्दिर
३७.	प्रयागकुण्ड	बद्री भँडारीको घरछेउ
३८.	सिद्धरसाकुण्ड	बानेश्वरमहादेवस्थान
३९.	बाणगङ्गाकुण्ड	घण्टाकुण्ड
४०.	घण्टाकर्णकुण्ड	जयवागीश्वरीप्राङ्गणस्थित माथिपट्टि क्षेपु फर्केको धारा
४१.	भुवनादिकुण्ड	गणेश बिसेटको चोक, बालकुमारीटोल
४२.	वरुणकुण्ड	भकुनटोलको ढुङ्गेधारा
४३.	अरुणकुण्ड	वनकालीगुम्बज
४४.	चन्द्रोदयकुण्ड	वनकालीको धारा
४५.	सूर्यकुण्ड	भुयू पुख, लामपोखरी
४६.	मेघदत्तकुण्ड	वनकालीगणेशस्थान
४७.	देवघट्टकुण्ड	बत्तीसपुतलीस्थित धोबीखोलानजिकको ढुङ्गेधारा
४८.	नैर्ऋत्यकुण्ड	देवघट्टको पूर्वतर्फको ढुङ्गेधारा
४९.	ज्ञानकुण्ड	ज्ञानेश्वरधारा
५०.	मयूरकुण्ड	मैतीदेवीपूर्व दीपनिरको पोखरी
५१.	भष्मगङ्गाकुण्ड	भस्मेश्वरमहादेवखाल्डो
५२.	ज्ञानवापीकुण्ड	भुवनेश्वरीधारा
५३.	नैमिषकुण्ड	पुरुषोत्तम भँडारीको घरनजिक, पाँचुटोल
५४.	पुष्पाङ्गालकुण्ड	उमाकुण्डको पश्चिमको डाँडामा रहेको ढुङ्गेधारा
५५.	जिह्वालोलकुण्ड	ऐजनको उत्तरतर्फ
५६.	शिवाजाम्बुकुण्ड	कुटुबहिलपोखरी
५७.	वायुगणपतिकुण्ड	चाबहिल, नेपालविद्युत्प्राधिकरण रहेको ठाउँ नजिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	कुण्डको नाम	कुण्ड रहेको ठाउँ
५८.	बौद्धावतार सचिकुण्ड	बाहिटी
५९.	सनकादिकुण्ड	गधापाटी, तारागाउँनजिक
६०.	ओंकारकुण्ड	कुमारीगालपूर्व
६१.	कुमारीकुण्ड	कुमारीगाल, भैरवप्रसादको घरनिर
६२.	वाग्वादिनीकुण्ड	जयवागीश्वरी लुँहिटी
६३.	रत्नकुण्ड	पम्बू, बौद्धदक्षिण
६४.	उग्रताराकुण्ड	बौद्धदेखि उत्तरको फाँट
६५.	उमामहेश्वरकुण्ड	कैलाशको पश्चिम
६६.	ज्ञानदायीकुण्ड	कैलाशपूर्वको वाग्वती
६७.	महेन्द्रकुण्ड	कैलाशपूर्व
६८.	मालगङ्गाकुण्ड	गुह्येश्वरी जाने गौरीघाट पुलको पूर्व भित्ता
६९.	कुवेरकुण्ड	मृगेश्वरनजिक
७०.	रुद्रगारेश्वरकुण्ड	काभ्रोको जराले छोपिएको
७१.	हरिणेश्वरकुण्ड	मृगेश्वरको आसन
७२.	विघ्नहरकुण्ड	मृगेश्वरभित्र
७३.	षर्वरिकाकुण्ड	ऐजन
७४.	कीर्तिमुखकुण्ड	कीर्तिमुख र शीलताबीचको खाल्डो
७५.	नवग्रहकुण्ड	पशुपतिमन्दिरको दक्षिण पश्चिम
७६.	वासुकिकुण्ड	ऐजन
७७.	धर्मशिलाकुण्ड	पशुपतिनाथको आसन
७८.	पशुपतिज्योतिकुण्ड	गुह्येश्वरीपूर्व खेत
७९.	त्रिशूलगङ्गाकुण्ड	पम्बू, बौद्ध जाने बाटो पूर्व
८०.	नीलकण्ठकुण्ड	डोछी (एक हजार कुण्ड)
८१.	भैरवकुण्ड	ऐजन
८२.	सरस्वतीकुण्ड	पम्बू
८३.	विनायककुण्ड (मोक्ष गणेश, इनाय गणेश)	गुह्येश्वरीमन्दिरउत्तर, वाग्वतीपारि
८४.	गिरिजापार्वती कुण्ड	बराल गाउँ
८५.	नागकुण्ड	नामु, पम्बूमाथि
८६.	गुह्यकुण्ड	गुह्येश्वरीको कलश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थहरूको जस्तै कुण्डहरूको नामकरण पनि त्यहीं नजिक रहेका देव-देवीका मूर्ति, मन्दिरको नामबाट भएको पाइन्छ । प्राकृतिक रूपमा रहेका कतिपय कुण्डहरू अहिले सुकिसकेका वा कसैद्वारा अतिक्रमण भइसकेका छन् ।

वाग्वती नदीमा विभिन्न घाटहरू रहेका छन् । ती घाटहरूका नामहरू नदीकिनारमा रहेका मन्दिर, मूर्ति एवं लिङ्गहरूको नामबाट नामकरण गरिएको पाइन्छ । यहाँ रहेका घाटहरूमा उत्तरवाहिनीघाट, गौरीघाट, सूर्यघाट, देवघाट, आर्यघाट, भस्मेश्वरघाट, रामघाट, राजराजेश्वरीघाट मुख्य छन् । जुन-जुन घाटमा प्रस्तरफलकहरू छापिएका छन्, त्यहाँ-त्यहाँ घाटको नाम अङ्कित गरिएको पाइन्छ ।

धार्मिक महत्त्वले ओतप्रोत भएको वाग्वती तथा पशुपतिनाथमन्दिरको सान्निध्य पाएकोले आर्यघाटवरपरका क्षेत्रलाई अरू धार्मिक कार्यहरूबाहेक अन्तिम संस्कारको लागि पनि पवित्र ठाउँको रूपमा लिइएको पाइन्छ । *गोपालराजवंशावली*मा एक ठाउँमा राजदीपको उल्लेख आएको छ । [८१] यहाँ 'राजदीप' ले राजदीप नामको श्मशानघाटलाई सङ्केत गरेको छ । वि.सं. १३६५ श्रावणकृष्ण त्रयोदशीको दिन अनन्त मल्लको मृत्यु हुँदा उनलाई राजदीपमा दाहसंस्कार गरिएको उल्लेख पाइन्छ ।[८२] ने.सं. ६३० (वि.सं. १५६६) मार्गमा यक्ष मल्लका जेठा छोरा राय मल्लको मृत्यु हुँदा देवपाटनमा ल्याउन प्रयत्न गरिएको थियो । परन्तु भाइ रत्न मल्लसँगको मनमुटावले गर्दा दाजुको दाहसंस्कार देवपाटनमा हुन सकेनन् ।[८३]

धार्मिक तीर्थस्थलको रूपमा पशुपतिक्षेत्रले पाएको महत्ताको कारण नै दाहसंस्कार यहाँ गराउने परम्पराको थालनी भएको हो । यस चलनको सूत्रपात यहाँ कहिलेदेखि भएको हो निश्चित भन्न सकिन्न । तर मल्लकालदेखिका भने केही उल्लेखहरू पाइनाले घाटको रूपमा पशुपतिस्थित आर्यघाटको प्रसिद्धि त्यसै वेला पनि प्रशस्त भएको बुझिन्छ । प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह मल्लको दाहसंस्कार पनि यहीं गरिएको थियो । *वंशावली*मा त्यसलाई 'देवघाट राजश्मशान' भनिएको छ ।[८४] श्री ५ पृथ्वीनारायण शाहको एकीकरणअभियानद्वारा पराजित भएपछि काठमाडौंका तात्कालिक मल्ल राजा जयप्रकाश मल्लले आर्यघाटमा प्राणत्याग गर्ने मनसुवाले पशुपतिमा बस्ने अन्तिम इच्छा प्रकट गरेका थिए । केही दिनपछि वि.सं. १८२६ मार्गकृष्ण सप्तमी रोज ६ मा उनको मृत्यु आर्यघाटमा भएको थियो[८५] र त्यहीं उनको दाहसंस्कार गरिएको थियो । उनका छोरा ज्योतिप्रकाशको पनि पशुपतिको राजघाटमा दाहसंस्कार गरिएको थियो ।[८६] शाहकालमा यसको प्रसिद्धि अझ बढ्यो । राजा, राजपरिवार, भाइभारदार र दुनियाँदारहरूको दाहसंस्कार गर्ने महत्त्वपूर्ण घाटको रूपमा आर्यघाट रह्यो । अन्तिम अवस्थामा त्यहाँ पुऱ्याउने र जलाउने चलनले व्यापकता पायो । रणोद्दीपसिंहकी पत्नी हरिप्रियादेवीबाट आर्यघाटमा अन्तिम अवस्थाका बिरामीहरू राख्ने सत्तल र घाट निर्माण भयो । वीरशमशेरको प्रधानमन्त्रित्वकालमा भस्मेश्वरतर्फ घाट एवं चिताहरूको

---

८१ पशुपतिस्थित राजराजेश्वरीमन्दिरको पूर्वपट्टि त्रिविक्रम वामनको मूर्ति रहेको ठाउँदेखि उत्तरपट्टिको दीपलाई राजदीप भनिन्छ । पहिले त्यहाँ पुग्ने 'सीं लँ' (मुर्दा बाटो) नै बेग्लै थियो । पाटन, काठमाडौं, भक्तपुरबाट आउने अलग-अलग गोरेटो बाटो यहाँ थियो । दुइवटा गोरेटोको अवशेष अझै मौजूद छन् ।

८२ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *The Gopalrajvamsavali*, (Germany: Franz Steiner verlag wiesbaden GmbH, 1985 A.D.), pp. 50, 98.

८३ महेशराज पन्त, "राय मल्लको मृत्यु कहिले भयो ?", *पूर्णिमा*, १२ वर्ष, ३ अङ्क, (वि.सं. २०३७ मार्ग), २१ पृष्ठ ।

८४ (क) Daniel wright, *op.cit.*, foot note no. 56, pp. 130-131.
(ख) वासुकिमन्दिरको पूर्वपट्टि वाग्वतीको किनारमा रहेको रणबालेश्वरमन्दिरअगाडिको घाटलाई 'देवघट्ट' तीर्थनामले सम्बोधन गरिन्छ । त्यही देवघट्टलाई वंशावलीकारले देवघाट नाम दिएको हुनुपर्छ ।

८५ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, तेस्रो खण्ड, (ललितपुर: जगदम्बा प्रकाशन, वि.सं. २०२५), ८९५ पृष्ठ ।

८६ Daniel Wright, *op.cit.*, foot note no. 56, p. 138.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुनर्निर्माण भयो । पछि रामनाथ अघोरीले बर्सादको समयमा दाहसंस्कार गर्न अप्ठेरो परेको महसूस गरी टिनपाताको छत हालिदिए । वि.सं. २०४३ मा पशुपतिक्षेत्रविकास तथा सुधारसमितिबाट त्यसको जीर्णोद्धार भयो । शाहवंशीय राजाहरूमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहको मृत्यु आर्यघाटमा भएको थियो ।[८७] वि.सं. १९८२ अघि सतीप्रथा रहुञ्जेलसम्म ज्यादातर सती आर्यघाटमा जाने चलन थियो । वि.सं. २०११ मा श्री ५ त्रिभुवनको देहलाई स्वीट्जरल्याण्डबाट ल्याई आर्यघाटमा दाहसंस्कार गरियो । यस्तै गरी वि.सं. २०२८ मा श्री ५ महेन्द्रवीरविक्रम शाहको स्वर्गारोहण चितवनमा हुँदा पनि आर्यघाटमा नै ल्याई अन्तिम संस्कार गरिएको घटनाले आर्यघाटको समाजमा विद्यमान प्रतिष्ठालाई झल्काउँछ । पशुपतिनाथको दक्षिणपट्टिको घाटमा अन्तिम संस्कार गरिँदा त्यसले शिवसायुज्य पाउने कुरा *हिमवत्खण्ड*मा बताइएको छ । यसैले पनि होला, धेरैजसो बूढापाकाहरू भस्मेश्वरघाटमा जलाउन सल्लाह दिने गर्छन् र त्यहाँ अन्तिम संस्कार गर्ने सङ्ख्या पनि आर्यघाटभन्दा बढी छ ।

गुह्येश्वरीमन्दिरउत्तरतर्फको उत्तरवाहिनीघाटदेखि राजराजेश्वरीमन्दिरको केही दक्षिणसम्मका घाटहरू पक्की रूपले निर्मित छन् । पक्की घाटहरूको कारण श्रद्धालु भक्तजनहरूलाई सुविधा पुग्न गएको छ । ती घाटहरूमा पनि गौरीघाटपूर्वको दायाँतर्फको भाग तथा रामघाटखण्डमा केही ठाउँहरूमा पक्की गर्न बाँकी नै छ । पक्की घाटहरूले वातावरणसंवर्द्धनमा पनि सहयोग पुऱ्याएका छन् ।

---

८७ *Ibid.*, p. 162.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान् श्रीपशुपतिनाथको मन्दिर, वि.सं. २००० अगाडिको दृश्य ।

(तस्वीर सौजन्य : श्रीझरेन्द्रशमशेर ज.ब.रा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुइ अध्याय

नेपालमा शैव धर्म

धर्म मानवजीवनको अभिन्न अङ्ग हो । यसले सभ्यताको उषाकालदेखि नै विश्वको कुनै पनि भागका व्यक्ति र समाजलाई प्रभावित तुल्याउँदै आएको छ । मेसोपोटामिया, मिश्र, सुमेर, सिन्धुघाटी आदि ठाउँमा प्राप्त पुरातात्त्विक अवशेषहरूले तिनै कुराहरूको सङ्केत गर्दछन् । विश्वको कुनै पनि संस्कृति र सभ्यता धर्मदेखि अलग रहन सकेको छैन, त्यसले कुनै न कुनै प्रकारले धर्मलाई आत्मसात् गर्न पुगेको छ । नेपालको जनजीवनमा धर्मको आफ्नै प्रकारको विशिष्ट योगदान रहेको छ । वैदिक धर्मअन्तर्गतको शैव धर्मको ख्याति नेपालमा पहिलेदेखि नै रहेको पाइन्छ । त्यसो भए तापनि प्रामाणिक अभिलेखहरू जसले प्राचीन कालको धार्मिक स्थितिको बारेमा यथार्थ ज्ञान दिऊन्, तिनीहरू प्राप्त नभएकाले प्रारम्भिक कालको धार्मिक चहल-पहलहरूको बारेमा यथार्थ रूपमा भन्न गाह्रो छ । संस्कृत वाङ्मयमा वैदिक कालदेखिकै धार्मिक विकाससम्बन्धी कुराहरू बताउने लामो इतिहास पाइन्छ । संस्कृत वाङ्मयका विविध साहित्यहरू नेपालको धार्मिक विकास एवं जागरणमा प्रमुख स्रोतका रूपमा रहेकोले नेपालको धार्मिक अवस्थाको बोध गर्न तिनीहरूको अध्ययन अनिवार्य छ । यद्यपि संस्कृत वाङ्मयका कतिपय ग्रन्थहरूको तिथिमितिको सम्बन्धमा अन्योलको स्थिति छ, तापनि तिनीहरूले धार्मिक समुत्थानको अक्षुण्ण परम्परालाई समेटेको चाहिँ उल्लेखनीय मान्नुपर्छ ।

काठमाडौँखाल्डोका शिलालेखीय प्रमाणहरू विक्रमको पाँचौ शताब्दीदेखि मात्र पाइने तथा त्यसभन्दा अगाडिको विषयमा जान्ने सामग्रीहरूको अभावले गर्दा लामो कालको धार्मिक परम्पराको बारेमा तालमेल मिलाउन अप्ठ्यारो पर्ने स्थिति छ । यो केवल शैव धर्मको सम्बन्धमा मात्र होइन नेपालको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको बारेमा पनि यस्तै स्थिति छ । शिलालेखीय प्रमाणहरूको सन्दर्भमा नेपालको तराईभेगमा विक्रमसंवत्पूर्वका अशोकस्तम्भहरू पाइन्छन् । तर त्यसभन्दा अगाडिको त्यहाँको लामो इतिहास तथा त्यसपछि विक्रमको झण्डै उन्नाइसौँ शताब्दीसम्मका कतिपय कुराहरू अनुमानको भरमा भन्नुपर्ने स्थिति छ ।

नेपालको इतिहासका विविध पक्षमा झैँ शैव धर्मका बारेमा लेख्न अघि सर्दा काठमाडौँखाल्डो तथा केही अन्य क्षेत्रबाहेक धेरै ठाउँको वास्तविक इतिहास अन्धकारमा नै रहेकोले केही भन्न सकिन्न । जुन-जुन ठाउँको बारेमा केही कुरा थाहा हुन सकेको छ, तिनीहरू पछिल्लो कालका इतिहास मात्र छन् तथा तिनीहरू सतहमाथिका पुरातात्त्विक सामग्रीहरूको आधारमा लेखिएका छन् ।

नेपालमा शैव धर्मको कुरा गर्दा पशुपतिनाथको प्रादुर्भाव नै यसको मूल आधारको रूपमा देखापर्दछ । भगवान् शिवका अनेक नाम र स्वरूपहरूमध्ये 'पशुपति' वैदिक कालदेखि नै अत्यन्त प्रसिद्ध भई आएका आराध्यदेवको नाम हो भन्ने कुरा *यजुर्वेद, अथर्ववेद* आदिमा भगवान् पशुपतिसम्बन्धी उल्लेखहरू पाइने हुनाले थाहा हुन्छ । 'पशु' अर्थात् जीवलाई संसाररूपी पाशबाट मुक्ति दिलाउने 'पति' अर्थात् ईश्वरको रूपमा 'पशुपति' लाई लिइएको छ । यस प्रकार 'पशुपति' स्वरूप वेद जत्तिकै प्राचीन र सनातन धर्म जत्तिकै सनातन मानिन्छ । जहाँसम्म नेपालमा शैव धर्मलाई पशुपतिनाथले कहिलेदेखि अनुप्राणित गरेको हुन सक्छ भन्ने कुरा छ, यो बडो विचारणीय र अनुसन्धानको विषय छ । वेदहरूमा रुद्र वा शिवलाई अग्निको रूपमा पनि वर्णन गरिएको पाइने तथा नेपालमा प्राप्त *वंशावली* एवं लोक-धारणामा पशुपतिनाथमा प्रस्तरको मुखलिङ्ग हुनुअघि ज्योतिर्लिङ्ग थियो भन्ने परम्परा रहेको हुनाले नेपालस्थित पशुपतिको प्रसिद्धि वैदिक कालदेखि नै हुन नसक्ने होइन । यही कारणले गर्दा महाभारतकालमा पशुपतिक्षेत्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'माहेश्वरपुर' को नामले पुकारिन पुग्यो ।[१] पशुपतिनाथको लामो परम्परा नै नेपालको शैव धर्मको स्रोत हो । त्यसैले गर्दा पशुपतिनाथसम्बन्धी अनेक किम्बदन्ती र लोकधारणा जनमानसमा व्याप्त भए । त्यसका केही वर्णनहरू *वंशावली* एवं *नेपालमाहात्म्य, पशुपतिपुराण* र *हिमवत्खण्ड* आदिमा प्राप्त छन् ।

२.१ लिच्छविकाल

पशुपतिको प्रादुर्भावले सृजना गरेको शैव धर्मको परिवेशमा पछि गएर अन्य शिवलिङ्ग तथा मूर्तिहरू स्थापना हुँदै गए । वंशावलीले बताएको गोपाल एवं महिषपाल वंशका राजाहरूको अन्य देशसँगको सम्बन्धको बारेमा थाहा हुन नसके तापनि किरातकालको सम्बन्ध तात्कालिक भारतसँग भएको कुरा *महाभारत* एवं *कौटिलीय अर्थशास्त्र* जस्ता प्राचीन ग्रन्थहरूमा आएका उल्लेखहरूबाट बुझ्न सकिन्छ । लिच्छविहरूपूर्व नेपालमा किरातहरूको शासन चलेको कुरा लिच्छविकालका अभिलेखहरूमा पाइएका संस्कृतेतर शब्दहरू तथा 'किरात' नामको उल्लेख पाइनुबाट थाहा हुन्छ ।[२] लिच्छविकालभन्दा अगाडि किरातहरूले नेपालको शासन चलाएका थिए भन्ने कुरा निश्चित भइसके तापनि त्यस वेलाको राजनैतिक, धार्मिक, सांस्कृतिक, आर्थिक आदि पक्षहरूको बारेमा यथेष्ट प्रमाणहरूको अभावमा विस्तृत कुरा थाहा पाउन सक्तैनौं । तर किरातकालको सङ्केत दिने पशुपति आर्यघाटपारिको 'किरातेश्वर महादेव' नामक शिवलिङ्ग तथा पशुपति आर्यघाटमा रहेको 'विरूपाक्ष' वा 'कलि' नामले चिनिने मूर्तिहरूमा लिच्छविकालका प्रचलित मूर्तिहरूमा भन्दा भिन्न प्रकारको विशेषता पाइने हुनाले तिनीहरूको निर्माणमा किरातकालको प्रभाव पर्नु धेरै सम्भव भएकोले किरातकालिक नेपालमा कलाकौशलको विकास भएको मान्न सकिन्छ । लिच्छविकालको जनजीवनमा किरातकालको प्रभाव खास गरी राज्यपद्धति, प्रशासन र जनजीवनका अन्य विविध पक्षमा परेको कुरा लिच्छविकालका शिलालेखहरूले स्पष्ट पारेका छन् ।[३] त्यसबाट किरातकालमा सङ्गठित राज्य थियो भन्ने कुरा बुझिन्छ । नेपालमा किरातहरूले राज्य गर्दा समकालिक भारतमा पहिले जनपदयुग (षोडशमहाजनपद), नन्दवंशको युग अनि मौर्यहरूको युग थियो ।[४] त्यस वेला भारतमा राज्य गर्ने शासकहरूले शैव धर्मको विकासमा यथेष्ट ध्यान दिएको पाइन्छ । त्यसको प्रभाव छिमेकी नेपालमा पर्नु स्वाभाविक छ । त्यसभन्दा पनि वढी पशुपतिनाथको प्रादुर्भाव नै नेपालमा भएको तथा त्यसको ख्याति तात्कालिक जनजीवनमा अत्यधिक रहेकोले पनि शैव धर्मको उत्थान राम्रोसँग भएको हुनुपर्दछ । किरातहरूलाई भगवान् शिवको अनन्य भक्त बताएको उल्लेख पाइन्छ ।[५] यद्यपि किरातकालका कैयन् पक्षको बारेमा शोधखोज गर्नु

---

१ पं. रामचन्द्र शास्त्री किंजवाडेकर (सम्पा.) *महाभारतम्*, खण्ड २, वनपर्वम् ३, प्रथमं संस्करणम्, (पुना: चित्रशाला प्रेस, शकसंवत् १८५२), ८४।१२९ ।

"माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम्"

२ (क) धनवज्र वज्राचार्य, "लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव," *पूर्णिमा*, ५ वर्ष, १ अङ्क, (वि.सं. २०२५ वैशाख-असार), १-८ पृष्ठ ।

(ख) गोविन्द टण्डन, "लिच्छविकालमा किरातकालको प्रभाव", *किरातेश्वर सन्देश*, १ वर्ष, १ पुष्प, (वि.सं. २०४२) ८५-१०९ पृष्ठ ।

३ *ऐजन* ।

४ जगदीशचन्द्र रेग्मी, *लिच्छविसंस्कृति*, प्रथम संस्करण, (काठमाडौँ: रत्न पुस्तक भण्डार, वि.सं. २०३०), ९० पृष्ठ ।

५ प्रा.मधुसूदन रिसाल, 'प्रदीप' (सम्पा.), *पशुपतिपुराण*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२९), ७।११-१२, १२५ पृष्ठ ।

चम्पकद्रुमच्छायाभिः शोभितो मम विग्रहः ।
चतुर्मूर्तिधरो भक्त्या म्लेच्छैः सम्पूज्यते तदा ॥
जित्वा कैरातराजानं वाक्येन प्रत्ययेन च ।
करिष्यति तदा राज्यं वैशाल्यधिपतिर्बली ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँकी नै छ, तर आजका राई, लिम्बु, मगर, गुरुङ, दनुवार आदिले प्राचीन किरातहरूको प्रतिनिधित्व गर्दछन् भन्न सकिन्छ ।[६] उनीहरू भिन्न-भिन्न नामले भगवान् शिवलाई अद्यापि पूजा-आजा गर्दछन् ।

किरातकालपछिको लिच्छविकाल शैव धर्मको विकासमा प्रमुख मानिन्छ । लिच्छवि राजा मानदेव (वि.सं. ५२२-५६३ आ.) प्रथमभन्दा अगाडिको लिच्छवि इतिहास स्पष्ट छैन । जयदेव द्वितीयको संवत् १५७ (वि.सं. ७९०) को अभिलेख एवं *गोपालराजवंशावली*हरूमा मानदेव प्रथमभन्दा अगाडिका राजाहरूको नाम तथा ज्यादै सङ्क्षिप्त नालीबेली पाइन्छ, तर हाम्रो विवेच्य विषयमा प्रकाश पार्ने सामग्रीको भने अभाव छ । लिच्छविहरूको नेपालआगमनको साथ उनीहरूले आफ्नो प्रचलित संस्कृति र मान्यतालाई पनि साथमा ल्याएका थिए भन्ने कुरा अनुमानगम्य छ । लिच्छविहरूको आगमनपूर्व प्रचलित परम्परा र लिच्छविहरू आएपछि शैव धर्ममा निश्चित रूपमा केही न केही परिवर्तनहरू आएको हुनुपर्छ । त्यसबारे बताउने प्रमाणहरू नभेटिए तापनि शिवलिङ्गको स्थापनालाई भने किरातहरूले जस्तै लिच्छविहरूले खुबै प्रोत्साहन दिएको पाइन्छ । त्यस वेला स्थापना गरिएका केही शिवलिङ्गहरूमा शिलालेखसमेत अङ्कित गरिएको पाइनाले शैव धर्मको इतिहास बुझ्न केही सघाउ पुग्न गएको छ । शिलालेख भएका शिवलिङ्गहरूसँग शैली र स्वरूपमा सामन्जस्य राख्ने अनगिन्ती शिवलिङ्गहरू काठमाडौँखाल्डोमा यत्रतत्र छरिएर रहेका छन् । प्रतिमालक्षणअनुसार तिनको अध्ययन हुन सके लिच्छविकालको शैव धर्मको बारेमा थुप्रै कुराहरू बुझ्न मदत पुग्ने थियो ।

नेपालको पहिलो शैव अभिलेख कसैले संवत् ३९० (वि.सं. ५२६) को क्षेमसुन्दरीको अभिलेखलाई मानेका छन् ।[७] तर त्यसभन्दा दुइ वर्षअगाडिको अर्थात् संवत् ३८८ (वि.सं. ५२४) को नरवर्माको अभिलेख नै नेपालको पहिलो शैव अभिलेख हो ।[८] उनले संवत् ३८८ (वि.सं. ५२४) ज्येष्ठशुक्ल चतुर्दशीका दिन लाजिम्पाटमा मन्दिर-सहितको शिवलिङ्गको स्थापना गरेका थिए । समयको लामो अन्तरालको कारण मन्दिर त अहिले बच्न सकेको छैन, तर शिवलिङ्ग भने यथावत् छ । टुकुचाको पश्चिमपट्टि धोबीचौरनामक ढिस्कोमा उक्त शिवलिङ्ग रहेको छ । टुकुचाको हाराहारीमा क्षेमसुन्दरीले संवत् ३९० (वि.सं. ५२६) मा स्थापना गरेको शिवलिङ्ग,[९] त्यसभन्दा अगाडि सोही स्थलमा संवत् ३८९ (वि.सं. ५२५) मा[१०] मानदेव प्रथमले स्थापना गरेको त्रिविक्रम विष्णुको मूर्ति तथा संवत् ४१९ (वि.सं.५५५) मा लाजिम्पाट टुकुचापारि गुणवतीले स्थापना गरेको शिवलिङ्गहरूलाई[११] हेर्दा लिच्छविकालमा टुकुचाको अत्यधिक महत्त्व रहेकोले नै त्यसको दायाँ-बायाँ मूर्ति-मन्दिरको स्थापना भएको बुझिन्छ । लिच्छविकालपछि पनि टुकुचाको महत्त्व कायम रहेको कुरा 'नीलसरस्वती' को स्थापनाले स्पष्ट पार्दछ ।

मानदेव प्रथमका रानीहरू क्षेमसुन्दरी र गुणवतीले क्रमशः संवत् ३९० (वि.सं. ५२६) तथा संवत् ४१९ (वि.सं. ५५५) मा माथि उल्लिखित शिवलिङ्गहरूको स्थापना गरेको देख्दा उनीहरूको शैव धर्मप्रतिको आस्था प्रकट हुन्छ । लिच्छविकालमा वैष्णव, शैव, बौद्ध आदि विभिन्न धार्मिक सम्प्रदायहरू प्रचलित थिए । ती सबै सम्प्रदायहरूप्रति राजाको सद्भाव र आस्था राम्ररी देख्न पाइन्छ । त्यसले जनसामान्यलाई पनि प्रभावित पारेको थियो । मानदेव प्रथमले

---

६ डा.स्वामी प्रपन्नाचार्य, "वैदिक वाङ्मयमा किरात", *धर्मसन्देश*, १४ वर्ष, २ अङ्क, (वि.सं. २०४२), ४४-४५ पृष्ठ ।

७ डा. जगदीशचन्द्र रेग्मी, "नेपालमा शैव सम्प्रदाय," नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्वशिक्षणसमिति, कीर्तिपुरद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र, (वि.सं. २०४४), १ पृष्ठ ।

८ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, प्रथम संस्करण, (कीर्तिपुरः नेपाल तथा एशियाली अध्ययन संस्थान, (वि.सं. २०३०), ३१ पृष्ठ ।

९ ऐजन, ३९-४० पृष्ठ ।

१० ऐजन, ३४ पृष्ठ ।

११ ऐजन, ६५-६६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाँगुनारायणको पूजा, गरुडध्वजको स्थापना, वामनमूर्तिको स्थापना तथा संवत् ३९६ (वि.सं.५३२) मा विष्णुमतीको किनार पारेर थन्तुरीद्रङ्गमा शिवलिङ्ग स्थापना[१२] गरेको घटनाले त्यस कुरालाई उद्घाटित गर्दछ। यो परम्पराकै रूपमा पछिसम्म चल्यो र चल्दै आएको पनि छ।

पशुपतिक्षेत्रमा तिथिमितिसहितका केही शिवलिङ्गहरू पाइन्छन्। तिनमा सार्थवाह रत्नसङ्घले संवत् ३९९ (वि.सं. ५३५) मा स्थापना गरको 'रत्नेश्वर' तिथिमितिसहितको यस भेगको पहिलो शिवलिङ्गको हो।[१३] त्यसपछि उनैले प्रभुसङ्घको नाममा स्थापना गरिदिएको संवत् ४०२ (वि.सं. ५३८) को 'प्रभुकेश्वर' नामको शिवलिङ्ग उल्लेखनीय छ। रत्नेश्वरको लागि रत्नसङ्घले २,५७० भूमि (रोपनी) खेत चढाएको पाइनाले त्यसको तात्कालिक व्यवस्थापन राम्रो रहेको देखिन्छ। तर त्यत्रोविधि जग्गा-जमीन भएको शिवलिङ्ग अहिले नाजुक अवस्थामा छ। व्यक्तिविशेषको घरको बगैँचामा बेवारिससरह रहेको छ। त्यस्तै अवस्था प्रभुकेश्वरको छ। प्रभुकेश्वरको लागि ४५० भूमि (रोपनी) जग्गा रत्नसङ्घले गूठी राखिदिएका थिए।[१४] ती शिवलिङ्गहरू पछि संवत् ४१० (वि.सं. ५४५) मा स्थापना भएको पञ्चदेवलस्थित शिवलिङ्ग,[१५] संवत् ४१३ (वि.सं. ५४९) मा जयेश्वरले स्थापना गरेको 'जयेश्वर' नामक शिवलिङ्ग,[१६] मानदेवकी छोरी विजयवतीले संवत् ४२७ (वि.सं. ५६३) मा सूर्यघाटमा स्थापना गरेको 'विजयेश्वर' शिवलिङ्गहरू पर्दछन्।[१७] मानदेव प्रथमको राज्यकालका शिलालेखसहितका शिवलिङ्गहरू, ध्रुवसङ्घले संवत् ४५५ (वि.सं. ५९०) मा स्थापना गरेका पाँचवटा शिवलिङ्गहरू,[१८] संवत् ४६२ (वि.सं.५९८) मा आभीरी गोमिनीले स्थापना गरेको 'अनुपरमेश्वर' नामको शिवलिङ्ग[१९], मानमतीले संवत् ४६७ (वि.सं. ६०३) मा स्थापना गरेको 'नाथेश्वर'[२०] अंशुवर्माकी बहिनी भोगदेवीले स्थापना गरेको 'शूरभोगेश्वर'[२१] उनैकी भाञ्जी भाग्यदेवीले स्थापना गरेकी 'लडितमहेश्वर'[२२] तथा उनीहरूका पुर्खाले स्थापना गरेको 'दक्षिणेश्वर'[२३] आदि शिवलिङ्गहरूको चर्चा अभिलेखहरूमा पाइन्छन्। त्यस्तै पशुपतिप्राङ्गणस्थित छत्रचण्डेश्वरको मूर्ति तथा आर्यघाटपारिको उमामहेश्वरको मूर्ति पनि यस सन्दर्भमा उल्लेख्य छन्। शिलालेखसहितका शैव धर्मसँग सम्बद्ध शिवलिङ्ग तथा मूर्तिहरूको प्राप्तिले पशुपतिक्षेत्र शैव धर्मको केन्द्रबिन्दुको रूपमा रहेको अवगत हुन्छ। शैव धर्मसँग सम्बद्ध पाशुपत सम्प्रदायका मण्डल तथा सङ्घहरू पशुपतिभेगमा भएको जानकारी पाइनाले अझ त्यस कुराको बलियो पुष्ट्याइँ हुन्छ। संवत् ४५५ (वि.सं. ५९०) को माथि उल्लिखित भस्मेश्वरस्थित ध्रुवसङ्घको अभिलेखमा 'पशुपतिक्षेत्र' को चर्चा आउनुका साथै सोही अभिलेखमा उनले विभिन्न नामका पाँचवटा शिवलिङ्गहरू- भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर स्थापना गरेको विवरण दिएका छन्। त्यसबाट पशुपतिक्षेत्रको धार्मिक महत्त्व बुझ्न सघाउ पुऱ्याउँछ। त्यसले गर्दा पशुपतिक्षेत्रमा शिवलिङ्ग आदि स्थापना गर्नुलाई महत्ता दिइएको थियो भन्ने थाहा हुन्छ।

---

१२ ऐजन, २१-३३ पृष्ठ।
१३ ऐजन, ५०-५४ पृष्ठ।
१४ ऐजन, ५५-५८ पृष्ठ।
१५ ऐजन, ६१ पृष्ठ।
१६ ऐजन, ६२-६४ पृष्ठ।
१७ ऐजन, ८२-८७ पृष्ठ।
१८ ऐजन, १५५-१५७ पृष्ठ।
१९ ऐजन, १७०-१७४ पृष्ठ।
२० ऐजन, १७५-१७६ पृष्ठ।
२१ ऐजन, ३५७-३६३ पृष्ठ।
२२ ऐजन।
२३ ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रबाहेक अरू ठाउँमा पनि अन्य सम्प्रदायका मूर्तिहरूको अतिरिक्त शिवलिङ्गहरूको पनि स्थापना भएको देखिन्छ । तात्कालिक नेपालमा शिवलिङ्गहरूको स्थापना गरी मन्दिर बनाउने, तिनको सञ्चालनको लागि जग्गा गूठी राख्ने जस्ता क्रियाकलापहरूलाई पुण्यदायी धार्मिक कृत्यको रूपमा लिइएको देखिन्छ । लिच्छवि राजा मनुदेवको पाला (वि.सं. ५९०-५९५ आ.) को बूढानीलकण्ठमा भएको अभिलेखमा शिवलिङ्गको स्थापना गरेको उल्लेख छ ।[२४] शिवदेव द्वितीयको संवत् ११९ (वि.सं. ७५२) को अभिलेखमा उनले 'शिवदेवेश्वर' को स्थापना गरको विवरण पाइन्छ ।[२५] यी विवरणहरूबाट लिच्छविकालमा शैव धर्मको ख्याति गराउनामा शिवलिङ्गहरूको उल्लेखनीय हात रहेको अवगत हुन्छ । तिनीहरूबाहेक शिलालेख नभएका कैयन् शिवलिङ्गहरू यत्रतत्र छन् । तिनीहरूमध्ये केहीका नाम लिच्छविकालका तात्कालिक शिलालेखहरूमा आएका छन् । उदाहरणको लागि संवत् ५२६ (वि.सं. ६६२) को लेलेको अभिलेखमा विश्वेश्वर, चूडिकेश्वर आदिको उल्लेख छ ।[२६] त्यस्तै संवत् ३२ (वि.सं. ६६६) को हाँडिगाउँको अभिलेखमा रामेश्वर, मानेश्वर, पर्वतेश्वर, कैलाशेश्वर आदिको उल्लेख आएको छ ।[२७] ती नामहरूको पछिल्तिर 'ईश्वर' शब्द जोडिएको हुनाले तिनीहरू सबै शैव धर्मसँग सम्बद्ध आराध्यहरू हुन् भन्ने बुझिन्छ । आदेश्वरको अभिलेखमा आएको 'नाथेश्वर',[२८] नक्सालको अभिलेखमा आएको 'प्रवर्धमानेश्वर'[२९] पनि शिवलिङ्ग नै हुन् । ती शिवलिङ्गहरूमध्ये केहीको परिचय पाउन सकिएको छ ।[३०] नेपालका प्रसिद्ध चौसट्ठी शिवलिङ्गहरूमा तिनीहरूमध्ये केही पर्दछन् ।

अंशुवर्माको उदयले शैव धर्ममा नयाँ मोड ल्यायो । उनी व्यक्तिगत रूपमा शैव धर्मावलम्बी थिए भन्ने कुरा कतिपय घटनाहरूबाट अवगत हुन्छ । यसको मतलब अरू धर्महरूप्रति उनी अनास्था राख्दथे भन्ने होइन । राजाको हैसियतले अरू धर्मप्रति पनि उनको श्रद्धा-भाव भएका उल्लेखहरू पाइन्छन् । संवत् ५२० (वि.सं. ६५५) को खोपासीको अभिलेखमा अंशुवर्मालाई 'भगवद्भवपादपङ्कजप्रणामानुष्ठानतात्पर्योपायात्तायतिहितश्रेयसा' अर्थात् भगवान्को चरणकमललाई प्रणाम गर्न तत्पर रहेका हुनाले पछिका हित कल्याण गरेका भनिएको छ ।[३१] ईश्वरभक्तिमा अनुराग राख्ने व्यक्तिको रूपमा अंशुवर्मा देखापर्छन् । एक्लैले शासन गर्न थालेपछिका उनका अभिलेखहरूमा शासकीय उपाधिसाथ 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' अर्थात् भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका भन्न थालिएको पाइन्छ ।[३२] उनका भग्न अभिलेखहरूबाहेक प्राप्त सबै शिलालेखहरूमा सो भाव कुँदाएको पाइन्छ ।[३३] लिच्छविकालिक शासनमा त्यस्तो विरुदावली लिने प्रथम व्यक्ति अंशुवर्मा नै हुन् । अंशुवर्माले आफ्नो दरबारको नाम भगवान् शिवको वासस्थान कैलाशबाट नामकरण गरी 'कैलाशकूटभवन' राखेका थिए ।[३४] त्यस्तै गरी संवत् ३२ (वि.सं. ६६६) को हाँडिगाउँको अभिलेखमा तात्कालिक विभिन्न देवमन्दिरहरूलाई भाग नियत गर्दा पशुपति, रामेश्वर, मानेश्वर,

---

२४ ऐजन, १६५-१६७ पृष्ठ ।

२५ ऐजन, ५१४-५१८ पृष्ठ ।

२६ ऐजन, २८४ पृष्ठ ।

२७ ऐजन, ३२०-३२१ पृष्ठ ।

२८ ऐजन, ४११-४१३ पृष्ठ ।

२९ ऐजन, ५६६ पृष्ठ ।

३० महेशराज पन्त,"अंशुवर्माका अभिलेखका रामेश्वर र पर्वतेश्वरका विषयमा", *पूर्णिमा*, १२ वर्ष, ३ अङ्क, (वि.सं. २०३७ मार्ग), १०-१८ पृष्ठ ।

३१ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, २७४-२७८ पृष्ठ ।

३२ ऐजन, २९०, ३०१, ३१० पृष्ठ आदि ।

३३ अंशुवर्माका चौधवटा अभिलेखहरूमा पशुपतिको चरणको सेवक भन्ने भाव दर्शाउन उक्त विरुदावली लिएको पाइन्छ ।

३४ गोविन्द टण्डन, "कैलाशकूट भवन: एक अध्ययन", *नेप्लीज कल्चर*, १ वर्ष, १ अङ्क, (वि.सं. २०३६), १२ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्वतेश्वर, कैलाशेश्वर आदि शैव देवताहरूलाई पनि दिएको पाइन्छ । लोकमा रहेको प्रसिद्धि र लोकप्रियताकै आधारमा अंशुवर्माले आर्थिक सहायता दिएका हुनाले ती देवमन्दिरहरू त्यस कालका प्रसिद्ध शैव मन्दिरहरू थिए भन्ने बुझिन्छ ।

अंशुवर्मापछि गद्दीमा लिच्छविकुलका उदयदेव बसे भन्ने कुरा संवत् ४५ (वि.सं. ६७९) को चितलाङको अभिलेखबाट बुझिन्छ ।[३५] उनको राज्यकाल छोटो देखिए पनि उनको धार्मिक विश्वासको सम्बन्धमा पाइएको एउटै अभिलेख यथेष्ट हुन गएको छ । अंशुवर्माले जस्तै उदयदेवले पनि आफ्नो अभिलेखमा 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' अर्थात् भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएको भन्ने भावको विरुदावली उत्कीर्ण गराएका छन् ।[३६] यसबाट अंशुवर्मा जस्तै उनीपछि शासन गर्ने लिच्छविवंशका उदयदेव पनि शैव धर्मका अनुयायी थिए भन्ने कुरा बुझिन्छ । लिच्छवि राजाहरूमा 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' भन्ने विरुदावली लिने पहिलो व्यक्ति उदयदेव हुन् । उनको त्यस शिलालेखको शीर्ष भागमा त्रिशूल चिह्न उत्कीर्ण गरिएको छ ।

उदयदेवपछि लिच्छविगद्दीमा ध्रुवदेव बसे । अन्तिम समयसम्म यिनलाई सामन्त जिष्णुगुप्तले साथ दिइरहे । जिष्णुगुप्त पनि अंशुवर्मा, उदयदेव जस्तै शैव धर्मका अनुयायी थिए । यिनले पनि उनीहरूले जस्तै 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' भन्ने विरुदावली लिएका थिए ।[३७] यस विरुदावलीबाट पूर्वोक्त राजाहरू अंशुवर्मा, उदयदेव आदिको धार्मिक प्रभाव यिनमा मनग्य परेको देखिन्छ । सामन्त जिष्णुगुप्त तथा विष्णुगुप्तको बढ्दो चकचकीले गर्दा लिच्छवि राजा ध्रुवदेव र भीमार्जुनदेवको धार्मिक झुकाव कतापट्टि थियो स्पष्ट थाहा हुँदैन । तर अघिल्ला एवं पछिल्ला लिच्छवि राजाहरूको झुकाव शैव धर्ममा देखिनाले ध्रुवदेव (वि.सं. ६८१-६८९ आ.) तथा भीमार्जुनदेव (वि.सं. ६८९-७०० आ.) पनि प्रकारान्तरले सोही धर्ममा व्यक्तिगत रूपमा आस्थावान् थिए भन्ने बुझिन्छ । ध्रुवदेव तथा जिष्णुगुप्तद्वारा संयुक्त रूपमा राखिएको आदेश्वरको अभिलेखमा राजपुत्र नन्दवर्माले आफ्ना बाबु राजपुत्र जिष्णुवर्मा, आमा वत्सदेवी र भीमवर्मा आदि दाजुभाइहरूलाई स्वर्गमा सुखप्राप्ति होस् भन्ने उद्देश्यले 'नाथेश्वर' महादेवलाई केही जग्गा चढाउन जिष्णुगुप्तसँग निवेदन गरेका हुनाले सो मञ्जूर गरी उक्त ग्रामलाई कोट्ट (किल्ला) को रूपमा परिणत गरी सुविधा गरिदिएको कुरा परेको छ ।[३८] ध्रुवदेव-भीमार्जुनदेवकालिक शिलालेखहरूको शीर्ष भागमा शैव धर्मसँग सम्बद्ध चिह्नहरू उत्कीर्ण गरिएको पाइने हुनाले शैव धर्मको फलेफुलेको अवस्थाको सङ्केत पाइन्छ । आदेश्वर र केवलपुरका अभिलेखहरूको शीर्ष भागमा बसिरहेको 'बसाहा' उत्कीर्ण गरिएको छ । सामन्त जिष्णुगुप्त झैं उनका छोरा विष्णु-गुप्तले पनि 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' भन्ने विरुदावली लिएका थिए ।[३९]

लिच्छविकालको शैव धर्मको क्रममा जिष्णुगुप्तको समयका दुइवटा शिलालेखहरू उल्लेखनीय प्रतीत हुन्छन् । ती दुइ शिलालेखहरूमा एउटा देवपाटनस्थित पशुपतिनाथको मन्दिरको दक्षिणपूर्वपट्टि छत्रचण्डेश्वरको मूर्तिसँगै जोडेर राखिएको स्तम्भमा कुँदिएको छ भने अर्को त्यहीं छत्रचण्डेश्वरको मूर्तिको पादपीठमा अङ्कित छ । पहिलो शिलालेखको प्रारम्भमा "सबै गुणहरू (सत्त्व, रज र तम) को जमोठ भएको प्रकृतिलाई खल्बल्याएर जसले ढुङ्गा, झारपातलगायत ब्रह्मसम्मको अनेक रूप भएको सारा संसारलाई बनाउनुभयो; मानिसहरूको जीवन चलाइदिने पहाड, रूख र वनलाई जसले एकैनाससँग बनाइरहनुभएको छ; कामदेवको शरीरलाई भस्म गराउने, सम्यग्ज्ञान आदिले परिपूर्ण भएका उहाँ

३५ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, ३९८ पृष्ठ ।

३६ *ऐजन* ।

३७ *ऐजन*, ४०१,४०५, ४०७ पृष्ठ आदि ।

३८ *ऐजन*, ४११-४१३ पृष्ठ ।

३९ *ऐजन*, ४४२,४४८, ४५२ पृष्ठ आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छत्रचण्डेश्वरले खुशी भएर तिमीहरूलाई रक्षा गरून्" भन्ने भावको प्रार्थना गरिएको छ।[४०] उक्त प्रार्थनामा जगत्का कारक तत्त्वका रूपमा भगवान् शिवलाई लिई प्रार्थना गरिएको कुरालाई हेर्दा त्यस वेलाको बौद्धिक जनजीवन वेदादि साहित्यसँग राम्ररी परिचित भएको अवगत हुन्छ। त्यस अभिलेखको स्थापना आचार्य भगवत्प्रनर्दन प्राणकौशिक भन्ने एक जना सन्न्यासीले गरेका थिए। शिलालेखअनुसार तिनले भगवान् छत्रचण्डेश्वर र-कूग्राममा रहेको धाराको टुटफुट हुँदा मर्मतको लागि मुण्डशृङ्खलिक (मुण्डमाला लाउने) पाशुपत सम्प्रदायका आचार्यहरूको सङ्घलाई र वाराहस्वामी, उपसोम-ऋसोम खडुकहरूलाई समेत जग्गा दान दिएका थिए। यस अभिलेखले त्यस वेला मुण्डशृङ्खलिक पाशुपत सम्प्रदायको अस्तित्वको जानकारी दिएको छ। साँगाको अंशुवर्माको संवत् ३२ (वि.सं. ६६६) को अभिलेखमा मुण्डमाला लगाएका रौद्र रूप भगवान् शिवको चर्चा गरिएको छ। त्यहाँ भनिएको छ "कानमा गहनाको रूपमा लाइराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छ्यान्न-ब्यान्न भएको, भर्खरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई-डराईकन हेरिएको महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस्।"[४१] साँगाको अभिलेखमा रुद्र शिवको जुन रौद्रताको उल्लेख पाइन्छ, त्यसलाई हेर्दा मुण्डमाला लाएका शिवका उपासकहरू अंशुवर्माको समयमा पनि भएको सङ्केत पाइन्छ। पशुपतिस्थित छत्रचण्डेश्वरमा भएको अभिलेखले मुण्डमाला लगाउने उपासकहरू 'मुण्डशृङ्खलिक पाशुपत' को नामले सङ्गठित रूपमा रहेको जानकारी मिल्दछ।

एक अर्को अभिलेखमा भगवत्प्रनर्दन प्राणकौशिकले "देवता र दैत्यका गुरु भएका, संसाररूपी पाशोलाई चुँडाल्ने महादेवकहाँ पर्खाल लगाएको" उल्लेख पाइन्छ।[४२] संसाररूपी पाशोलाई चुडाल्ने रूपमा 'पशुपति' लाई लिइन्छ। यसैले त्यहाँ जुन महादेवको उल्लेख आएको छ, त्यो पशुपतिलाई नै भनिएको हो भन्ने देखिन्छ। अर्को कुरा उक्त अभिलेख अद्यावधि पशुपतिनाथमन्दिरको दक्षिणपूर्व दिशामा मन्दिरदेखि झण्डै सात-आठ फीटको मात्र दूरीमा रहेकोले पनि त्यो शिलालेखले सङ्केत गरेका 'महादेव' पशुपति नै हुन् भन्ने थाहा हुन्छ।

भीमार्जुनदेवपछि लिच्छविगद्दीमा नरेन्द्रदेव बसे। यिनको शासनकालमा शैव धर्मको राम्रो उन्नति भएको देखिन्छ। पूर्ववर्ती राजाहरू – अंशुवर्मा, उदयदेव तथा सामन्तहरू जिष्णुगुप्त, विष्णुगुप्तले जस्तै उनले पनि 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' भन्ने विरुदावली आफ्नो नामअगाडि राखेकाले भगवान् पशुपतिप्रति यिनको श्रद्धा भक्ति झल्कन्छ।[४३] त्यसबाहेक उनले आफूलाई 'परममाहेश्वर' पनि भनेका छन्।[४४]

---

४० ऐजन, ४२६ पृष्ठ।
सम्यग्ज्ञानादियुक्त: सकलगुणगणं क्षोभयित्वा प्रधानम्
ब्रह्मादिस्थावरान्तञ्जगदिदमखिलं योसृजद्विश्वरूपम्।
आजीव्यं सर्व्वपुंसाङ्गिरितरुगहनं य: करोत्येकरूपम्
पायात्सोद्य प्रसन्न: स्मरतनुदहनश्छत्रचण्डेश्वरो व: ॥

४१ ऐजन, ३३६ पृष्ठ।
कर्णालङ्काररौद्रश्वसदहिपवनव्यस्तपर्यस्त (के) शं
प्रत्यग्रच्छेदतापा (न्वि) तरुधिरशिरोमालभा ……
उच्चैर्मुक्ताट्टहासम्परिविगलदसृङ्नागचर्मोत्तरी (यं)
पायात्तद्रूपमैशं हिमगिरितनयाभीतभीतेक्षितं व: ॥

४२ ऐजन, ४२९ पृष्ठ।

४३ ऐजन, ४५८,३६३, ४७२ पृष्ठ आदि।

४४ ऐजन, ४९६, ४९९ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ललितपुरको यङ्गालहिटीको संवत् ६७ (वि.सं. ७०१) को अभिलेखअनुसार नरेन्द्रदेवले दुइ शैव मन्दिरहरू–मानेश्वरको 'भुवनेश्वर' र शीताटीको 'शिवगल्' मन्दिरको व्यवस्थापनको निमित्त शिलापत्र गरी सुदृढ व्यवस्था गरेको उल्लेख पाइन्छ ।[४५]

नरेन्द्रदेवको ललितपुर गैह्रिधाराको अभिलेखमा पशुपति वाग्वतीपारिको पूर्वी किनारामा भगवान् वज्रेश्वरको 'मण्डली' रहेको उल्लेख गरिएको छ । त्यस अभिलेखमा नियत समय ननघाई देवताको स्नान गराउनू, सुगन्धी वस्तु चढाउनू, फूल चढाउनू, बत्ती बाल्नू, वर्षवर्द्धन गर्नू, वर्षाकालमा बाजा बजाउनू, जप गर्नू भन्ने जस्ता कुराको प्रसङ्गवश उल्लेख आएकोले त्यस वेलाको धार्मिक मान्यता र विश्वासको बारेमा केही कुरा थाहा पाइन्छ । अभिलेखमा आएको 'वज्रेश्वरमण्डली' कुनै आश्रम प्रतीत हुन्छ । त्यसैले त्यस अभिलेखमा मण्डलीमा लिप्ने, बढार्ने, मर्मत आदि गर्ने कुराको चर्चा आएको छ । उपर्युक्तअनुसारको कार्य गरी बचेको पैसाले वज्रेश्वरलाई लक्ष्य गरी पाशुपतहरू र ब्राह्मणहरूलाई सके जति भोजन गराउने कुरा परेको छ । यसबाट त्यस वेला पशुपति भेगमा पाशुपत सम्प्रदायसम्बन्धी अनेक संस्था थिए भन्ने थाहा हुन्छ । त्यस अभिलेखमा त्यस्ता संस्थाको चर्चा गर्दा 'धार्मिकगणानाम्' भनी बहुवचन शब्दको प्रयोग भएकोबाट त्यस कुराको अझ राम्ररी पुष्ट्याइँ हुन्छ । वज्रेश्वरमण्डलीको इलाकामा सरकारी अधिकरण पस्न नपाउने, आवश्यक कामकुरा सोही धार्मिक सङ्घद्वारा मिलाउने अधिकार नरेन्द्रदेवले दिएको देखिनाले शैव धर्मको विकासमा प्रोत्साहन मिलेको बुझिन्छ । लिच्छविकालिक 'वज्रेश्वरमण्डली' वाग्वतीपारि कहाँ थियो भन्न सकिन्न । तर त्यो मृगस्थली भेगको विश्वरूपाक्षेत्र वा रामघाटक्षेत्रमा कतै हुनुपर्दछ ।

धार्मिक सङ्घहरूमा कमजोरी नआओस् भन्ने उद्देश्यले ज्ञानयोग र कर्मयोगमा विश्वास गरी शीलाचार अर्थात् सदाचारको प्रतिपालन गरिरहनू भनी नरेन्द्रदेवले निर्देशन दिएको पाइन्छ ।[४६] शैव र बौद्ध धार्मिक सम्प्रदायमा एक आपसमा परेको प्रभाव 'वज्रेश्वर' नामबाट थाहा पाइन्छ । नरेन्द्रदेवका अभिलेखहरूमध्ये धेरै अभिलेखहरूको शीर्ष भागमा अङ्कित चिह्न शैव धर्मसँग सम्बद्ध छन् । तिनीहरूमध्ये केहीमा भगवान् शिवको वाहन बसाहाको मूर्ति उत्कीर्ण गरिएका छन् ।[४७]

नरेन्द्रदेवपछि उनका छोरा शिवदेव द्वितीय राजा भए । बाबु जस्तै शिवदेव द्वितीय पनि शैव धर्मावलम्बी थिए । उनले परम्परागत रूपमा पशुपतिप्रति श्रद्धा-भक्ति दर्शाउने विरुदावली 'भगवत्पशुपतिभट्टारकपादानुगृहीतः' आफ्नो नामको अगाडि राख्न लगाएको पाइन्छ ।[४८] उनले आफ्नो नाममा 'श्रीशिवदेवेश्वर' नामक शिवमन्दिरको स्थापना गरेका थिए ।[४९] त्यस मन्दिरको स्याहारसम्भारको जिम्मा 'वशापाशुपत' सम्प्रदायका पाशुपताचार्यहरूलाई दिएका थिए ।

भृङ्गारेश्वरमा भएको उनको शिलालेखबाट भृङ्गारेश्वरको मन्दिरको स्थितिको हेरचाह तथा अन्य आवश्यक कामकुराहरू गर्न अधिकारी नै नियुक्त गरेका थिए भन्ने बुझिन्छ ।[५०] त्यस मन्दिरको पूजा-आजा आदि व्यवस्थित रूपमा गर्न केही जग्गा दान दिएका थिए । यिनका अभिलेखहरूको शीर्षभागमा पनि पूर्ववर्ती राजाहरूको झैं शैव धर्मसँग सम्बद्ध चिह्नहरू पाइन्छन् ।

---

४५ ऐजन, ४६३-४६५ पृष्ठ ।

४६ ऐजन, ४८१ पृष्ठ ।

४७ ऐजन, ४८१, ४८५, ४९४ पृष्ठ ।

४८ ऐजन, ५१२, ५१४, ५२७ पृष्ठ आदि ।

४९ ऐजन, ५१४ पृष्ठ ।

५० ऐजन, ५१९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवदेव द्वितीयपछि उनका छोरा जयदेव द्वितीय राजा भएको कुरा अभिलेखहरूबाट थाहा पाइन्छ । उनी भगवान् पशुपतिनाथका परमभक्त थिए । उनले पशुपतिनाथलाई चाँदीको अष्टदलकमल चढाउँदा राखेको शिलालेखको चौँतीस पद्यहरूमध्ये बीच-बीचका पाँचवटा पद्यमा 'राज्ञः' शब्द उत्कीर्ण गरिएकोले त्यसका रचयिता स्वयं जयदेव द्वितीय थिए भन्ने स्पष्ट हुन्छ । उनले रचेका पद्यमा भगवान् पशुपतिनाथको जसरी स्तुतिगान गरिएको छ, त्यसलाई हेर्दा उनी पशुपतिनाथका उपासक थिए भन्ने थाहा हुन्छ ।[५१] यिनले पनि आफ्ना पुर्खाहरूले जस्तै 'भगवत्पशुपतिभट्टारक-पादानुगृहीतः' भन्ने विरुदावली आफ्नो नामअगाडि राखेको पाइन्छ । डा. जगदीशचन्द्र रेग्मीले जयदेव द्वितीयले उक्त उपाधि लिएको नपाइएको उल्लेख गर्नुभएको छ ।[५२] तर त्यो कुरा सत्य होइन भन्ने कुरा गोर्खाको जयदेव द्वितीयको अभिलेखमा त्यस विरुदावलीको चर्चा आएकोबाट थाहा हुन्छ ।[५३]

जयदेव द्वितीयको समयदेखि संवत् ३०४ (वि.सं. ९३७) अर्थात् मध्यकालको प्रारम्भताकासम्म शैव धर्मको अवस्थाको बारेमा थाहा पाउने सामग्री नगण्य छन् । त्यस अवधिका थोरै मात्र शिलालेखहरू प्राप्त छन् । त्यसमा पनि शैव धर्मको बारेमा बताउने शिलालेख नगण्य छन् । शैव धर्मको मात्र होइन, त्यस कालको झण्डै डेढ सय वर्षको अरू पक्षको इतिहास पनि एकदमै कम थाहा पाइएको छ । यसै क्रममा संवत् १९४ (वि.सं. ८२७) मा चन्द्रेश्वर भन्ने एक जना व्यक्तिले पशुपतिको स्थापना गरेको कुरा इचङ्गुको एउटा चट्टानमा कुँदिएको छ ।[५४] यो प्रसिद्ध पशुपतिनाथको अनुकरणमा स्थापना गरिएको अर्को कुनै लिङ्ग होला भन्ने अनुमान गर्न सकिन्छ । किनभने पशुपतिको जस्तो मुखलिङ्गलाई पछि गएर अरू नामभन्दा 'पशुपति' नै नाम दिन रुचाएका उल्लेखहरू पाइन्छन् ।

लिच्छविकाल त्यसमा पनि अंशुवर्माको समयदेखि शैव धर्मको महत्तालाई बढाउन पशुपतिप्रतिको सम्मानले निकै योगदान गरेको बुझिन्छ । 'पशुपति' नामाङ्कित अनेक चित्र भएका मुद्राहरूको प्राप्तिले लिच्छविकालमा 'पशुपति'

---

५१ *ऐजन*, ५५१-५५२ पृष्ठ ।

देवं वन्दितुमुद्यतो द्युतिमतो विद्योतमानद्युतिः
किं ज्योत्स्नाधवला फणावलिरियं शेषस्य सन्दृश्यते ।
अन्तर्द्दूररसातलाश्रितगतेर्द्देवप्रभावश्रिया
किं क्षीरस्नपनं विधातुमुदिताः क्षीरार्ण्णवस्योर्म्मयः॥
यं स्तौति प्रकटप्रभावमहिमा ब्रह्मा चतुर्भिर्म्मुखै
र्यञ्च श्लाघयति प्रणम्य चरणे षड्भिर्म्मुखैः षण्मुखः ।
यन्तुष्टाव दशाननोपि दशभिर्व्वक्त्रैः स्फुरत्कन्धरः
सेवां यस्य करोति वासुकिरलं जिह्वासहस्रैः स्तुवन् ॥
तस्येदं प्रमथाधिपस्य विपुलं ब्रह्माब्जतुल्यं शुभं
राजद्राजतपङ्कजं प्रविततप्रान्तप्रकीर्ण्णैर्दलैः ।
पूजार्थम्प्रविधाप्य तत्पशुपतेर्य्यत्प्रापि पुण्यम्मया
भक्त्या तत्प्रतिपाद्य मातरि पुनः संप्राप्नुयां निर्वृतिं ॥
किं शम्भोरुपरि स्थितं ससलिलं मन्दाकिनीपङ्कजं
स्वर्ग्गोद्भिन्ननवाम्बुजेक्षणधिया सम्प्राप्तमम्भोरुहं ।
देवानां किमियं शुभा सुकृतिनां रम्या विमानावली
पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतम् ॥
स्रोतः स्वर्गापगायाः किमिदमवतरल्लोलकल्लोलरम्यं
किं ब्रह्मोत्पत्तिपद्मं तलकमलवरप्रेक्षणायोपयातम् ।
सम्प्राप्तञ्चन्द्रमौलेरमलनिजशिरश्चन्द्रविम्बं किमत्रे-
त्येवं यद् वीक्ष्य शङ्कां वहति भुवि जनो विस्मयोत्फुल्लनेत्रः ॥

५२ जगदीशचन्द्र रेग्मी, *लिच्छविसंस्कृति*, *पूर्ववत्*, पादटिप्पणी ४ सङ्ख्या, २६४ पृष्ठ ।

५३ *ऐजन*, ५७८ पृष्ठ ।

५४ *ऐजन*, ५९३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को स्थान र शैव धर्मको महत्त्वबारे प्रशस्त प्रकाश पार्दछ । ती मुद्राहरू 'पशुपति' कै सम्झनामा विभिन्न लिच्छवि राजाहरूले चलाएको महसूस हुन्छ । यो असम्भव पनि होइन । अंशुवर्मा, उदयदेव, जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदिले आफ्ना शिलालेखहरूमा 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' भन्ने विरुदावली आफ्नो नामअगाडि लेखाएको पाइन्छ, जसले उनीहरूको पशुपतिप्रतिको श्रद्धालाई झल्काउँछ । पशुपतिप्रति विशेष श्रद्धा र अनुराग भएका राजाहरूबाटै भगवान् पशुपतिप्रति श्रद्धा-भक्ति दर्शाउन 'पशुपति' नामाङ्कित मुद्राहरू प्रसारित हुनु स्वाभाविकै पनि हो । 'पशुपति' मुद्रा कुनै एक जना लिच्छवि राजाले चलाएको नभई अंशुवर्मालगायत त्यसपछिका भिन्न-भिन्न राजाहरूले चलाएका हुन् भन्ने कुरा मुद्रामा प्रयुक्त लिपिको शैलीमा देखिएको विविधता र मुद्राको आकार-प्रकारमा देखिएको अनेकताबाट बुझ्न सकिन्छ । यस प्रकार पशुपतिलाई केन्द्रबिन्दु बनाएर शैव धर्मको विकास द्रुततर भइरहेको कुरा अनेक प्रसङ्गहरूबाट अवगत हुन्छ ।

२.२ मध्यकाल

वि.सं ९३७ देखि वि.सं. १२५७ सम्मको ऐतिहासिक काललाई नेपालको इतिहासमा विविध नामले सम्बोधन गरिएको पाइन्छ । कसैले ठकुरीकाल,[५५] कसैले अन्धकारकाल,[५६] कसैले सङ्क्रमणकाल,[५७] र कसैले मध्यकाल भनी उल्लेख गरेका छन् ।[५८] तिनीहरूमध्ये मध्यकाल नै उपयुक्त भएकोले त्यसैको अवलम्बन यहाँ पनि गरिएको छ । मध्यकालको इतिहास थाहा पाउने सामग्रीहरूको एकदमै अभाव भएकोले त्यस कालको धार्मिक पक्षको बारेमा खुलस्त बताउन गाह्रो छ । तैपनि प्राप्त सामग्रीहरूको आधारमा केही लेखिन्छ ।

अशुंवर्मापछिका लिच्छवि राजा तथा सामन्तहरूले पशुपतिप्रति सम्मान भाव दर्शाउने किसिमका विरुदावली आफ्नो नामअगाडि राख्नाले शैव धर्ममा उनीहरूको विश्वास भएको सहजै अडकल काट्न सकिन्थ्यो । मध्यकाल लिच्छविकालपछिको लगत्तैको युग भए तापनि मध्यकालका राजाहरूमा लिच्छवि राजाहरूले लिएको विरुदावलीको प्रभाव नपर्नु आश्चर्यजनक छ । यसको खास कारण के हो ? स्पष्ट बताउन सकिन्न । मध्यकालका तीस जनाभन्दा बढी राजाहरूले एक्लै वा संयुक्त रूपमा शासन गरेको थाहा पाइन्छ । तर तिनीहरूमध्ये कसैले पनि लिच्छवि राजाहरूले लिए जस्तो पशुपतिप्रति सम्मान जनाउने विरुदावली लिएको पाइँदैन । मध्यकालमा आफ्नै किसिमबाट शैव धर्मको विकास भएको देख्न पाइन्छ । यस सम्बन्धमा सबभन्दा महत्त्वपूर्ण घटना 'पशुपतिसंवत्सर' को थालनीलाई लिन सकिन्छ । मध्यकालका राजा राघवदेवले पशुपतिसंवत्सरको प्रारम्भ गरेका हुन् भन्ने कुरा केसरपुस्तकालयमा भएको एउटा वंशावलीमा "राजा श्री राघवदेव वर्ष ६३ मास ६ ॥ श्री पशुपतिभट्टारके संवत्सरप्रवृर्त्ति: कृता"[५९] भन्ने उल्लेख

---

५५ (क) D. R. Regmi, *Medieval Nepal*, Part I, (Calcutta: Firma K.L. Mukhopadhyay, 1965), pp.105-106.
(ख) लुसियानो पेटेकको *मेडिभल हिष्ट्री अफ नेपाल*को पहिलो संस्करणमा ठकुरीकाल भनी चर्चा गरिएको छ । तर त्यस पुस्तकको दोस्रो संस्करणको ३१ पृष्ठमा सङ्क्रमणकाल भनी उल्लेख गरेको पाइन्छ ।
(ग) P. Pal, *The Arts of Nepal*, Part I, (Leiden/Koln:E.J. Brill, 1974 A.D.), p.82

५६ बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा*, आठौं संस्करण, (वाराणसी: कृष्णकुमारी देवी, वि.सं २०४२), ११५ पृष्ठ ।

५७ (क) Mary Shepherd Slusser, "Indresvara Mahadeva, a thirteenth-century Nepalese Shrine," *Artibus Asiae*, No. 41, Vol 2/3, (1979 A.D.), p.186.
(ख) Mary Shepherd Slusser, *Nepal Mandala: A Cultural Study of the Kathmandu Valley*, Vol. I, (New Jersey: Princeton University Press, 1982 A.D.), pp-41-42.

५८ धनवज्र वज्राचार्य, "मध्यकालका शुरूका केही अभिलेख", *कन्ट्रिब्यूशन टू नेप्लीज स्टडिज*, (डिसेम्बर १९७७), ९५ पृष्ठ ।

५९ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *The Gopalrajavamsavali*, (Germany : Franz Steiner verlag wiesbaden GmbH, 1985 A.D.), p. 53.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइने भएकोले थाहा हुन्छ । यस संवत्को प्रारम्भ वि.सं. ९३६ कार्तिकशुक्ल परेवाको दिन भएको थियो ।[६०] यस घटनाले पशुपतिको मध्यकालमा भएको महत्त्व बुझ्न सकिन्छ । सम्भवतः पशुपतिमा कुनै महत्त्वपूर्ण धार्मिक कृत्य गरेर त्यस संवत्को प्रारम्भ भएको हुनुपर्ने अनुमान हुन्छ । त्यही संवत् पछि गएर नेपालसंवत्को नामले प्रसिद्ध भयो र आजसम्म पनि केही न केही रूपमा यसको प्रचलन रहेको छ । पशुपतिको नाममा संवत् चलाइनु भगवान् पशुपतिप्रतिको अटल श्रद्धा, भक्ति हो भन्ने कुरामा सन्देह छैन ।

मध्यकालमा स्थापना गरिएका शिलालेख भएका र नभएका केही शैव धर्मसँग सम्बद्ध मूर्तिहरू काठमाडौँखाल्डोमा यत्रतत्र देख्न पाइन्छन् । तिनीहरूमा ने.सं १०७ (वि.सं.१०४३) को क्वाबहालको उमामहेश्वरमूर्ति,[६१] कुम्भेश्वरको उभिएको शिव-पार्वतीको मूर्ति,[६२] आर्यघाटपारिको चतुर्मुख शिवलिङ्ग[६३] लाई लिन सकिन्छ । त्यस कालका केही मूर्तिहरू विदेशिइसकेका पनि छन् । तिनीहरूमा ऐलेनवर्ग (न्यूयोर्क) मा भएको वि.सं. ११९७ को चतुर्मुखी शिवलिङ्ग,[६४] हेरोल्ड पी.उल्मन (लस एन्जल्स)[६५] तथा जे.डी. रकफेलर (न्यूयोर्क)[६६] को सङ्ग्रहमा भएको उमामहेश्वरमूर्तिहरूलाई देखाउन सकिन्छ । त्यागलटोल (पाटन) को ने.सं. १३२ (वि.सं. १०६९) को उमामहेश्वरको मूर्ति,[६७] विक्रमको दशौँ-एघारौँ शताब्दीको शिवको नृत्यमूर्ति (छाउनी),[६८] नासननी (देवपाटन) को नटराजको मूर्ति,[६९] भस्मेश्वर (देवपाटन) को उमामहेश्वर, पशुपति उमाकुण्डस्थित उमामहेश्वरमूर्तिहरूलाई पनि यही क्रममा राख्न सकिन्छ । ती मूर्तिहरूको प्राप्तिले तात्कालिक जनजीवनमा शैव धर्मबारेको जनधारणा बुझ्न सकिन्छ । सकल तथा निष्कल मूर्तिहरूको स्थापना गर्ने चलन त्यस कालमा पनि प्रचलित थियो । शङ्करदेव (वि.सं. ११२३-११२६ आ.) ले नक्सालमा शङ्करेश्वरको स्थापना गरेको उल्लेख पाइन्छ ।[७०]

मध्यकालका एक जना प्रसिद्ध राजा गुणकामदेव (वि.सं. १०३७-१०५५) ले पशुपतिनाथको मन्दिरमा एघार कोष चढाउनुका साथै देवपत्तनस्थित ईशानेश्वरको मन्दिरमा तामाको छाना चढाएको उल्लेख पाइन्छ । उनले त्यहाँ लामो पाटी, तथा सुन्धारा बनाई कोटिहोम पनि गरेका थिए ।[७१] शिवदेव (वि.सं. ११५५-११८३) ले पशुपतिनाथको मन्दिर पुनर्निर्माण गरी चाँदीको कमलको पिण्डिका बनाई चढाएका थिए । शैव धर्मप्रतिको उनको अनुरागलाई त्यसले देखाउँछ । उनले लिच्छविकालमा प्रचलित पशुपतिनामाङ्कित मुद्राको प्रभावले 'श्रीशिव' अङ्कित शिवाङ्क नामको सुनको सुकी चलाएका थिए ।

---

६० D.R. Regmi, *Medieval Nepal*, Part I, (Calcutta: Firma K.L. Mukhopadhyay, 1965 A.D.), p. 53.
६१ P.Pal, *op.cit.*, foot note no. 55 (ग), fig no. 27.
६२ *Ibid.*, fig no.143.
६३ *Ibid.*, fig no. 125.
६४ *Ibid.*, fig no. 32.
६५ *Ibid.*, fig no. 143.
६६ *Ibid.*, fig no. 133.
६७ (क) D.R. Regmi, *op.cit.*, foot note no. 60, p. 606.
(ख) D..R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), p. 3.
६८ D.R. Regmi, *op.cit.*, foot note no. 60, p. 609.
६९ गोविन्द टण्डन, "देवपाटनको शङ्कराचार्य मठ", *विश्रान्ति*, १ वर्ष, २ अङ्क, (वि.सं. २०४३ फाल्गुन), २४ पृष्ठ ।
७० Dhanavajra Vajracharya and Kamal P.Malla (Ed.), *op.cit.*, foot note no. 59, p. 80.
७१ *Ibid.*, p.79.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्यकालमा कुनै ठाउँलाई 'शिव ग्वल' नामकरण गरी भगवान् शिव र शैव धर्मप्रति आस्था बढाउने काम गरेको पाइन्छ ।[७२] सामान्य जनजीवनमा पनि शैव धर्मप्रति विशेष आस्था रहेको देखाउने यस्तै अन्य प्रमाण पाइनाले मध्यकालमा पनि यस धर्मको राम्रो स्थान रहेको बुझिन्छ । ने.सं. १५६ (वि.सं. १०९३) श्रावणको *शिवधर्म*नामक हस्तलिखितग्रन्थ पाटनमा बस्ने एक जना धोबी गदाधरसिंहले पाठ गर्न सारेको उल्लेख पाइन्छ ।[७३] त्यस्तै शङ्करदेवको राज्यकालमा ने.सं. १९० (वि.सं. ११२७) मा राघवसिंह भन्ने व्यक्तिले आफ्नो लागि *शिवधर्मशास्त्र*नामक शैव धर्मसम्बन्धी पुस्तक सारेका थिए ।[७४]

मध्यकालमा वेदाध्ययनको परिपाटी थियो । 'तैत्तिरीयशाला' जस्ता अध्ययनशालाको माध्यमबाट उनीहरू वेदाध्ययन गर्दथे ।[७५] त्यस कालमा शैव धर्मको प्रचार-प्रसारमा शैवाचार्यहरूको पनि हात रहेको थियो । शैवाचार्यहरूको उल्लेख नेपालमा पछिसम्म पनि पाइन्छ । शैवाचार्यहरू तन्त्रसाधनामा पनि रुचि देखाउँदथे । ने.सं. ३१५ (वि.सं. १२५२), को *कुब्जिकामत*नामक तन्त्रसम्बन्धी ग्रन्थमा शैवाचार्य श्रीवच्छरुद्रको उल्लेख पाइन्छ ।[७६] शैव धर्मको प्रचार-प्रसारमा यी शैवाचार्यहरूले गर्ने गरेका विधिहरूबारे विस्तृत कुरा थाहा हुँदैन । तर तिनीहरूमा प्रचलित शिष्यपरम्परा एकै थियो । छिमेकी भारतबाट पनि समय-समयमा शैव धर्मको प्रचार-प्रसार गर्न शैव धर्मका आचार्यहरू आउँदथे । ने.सं.२६२ (वि.सं. ११९९) मा वनारसको आमर्दकमठबाट शङ्कराचार्य स्वामी नामका एक जना सन्न्यासी पटक-पटक आई आफ्नो मतको प्रचार-प्रसार गरेको थाहा हुन्छ । राजदरबारसम्मको पहुँचले राजपरिवारहरूमा समेत आफ्नो प्रभाव जमाउन उनी सफल भएका थिए ।

२.३ मल्लकाल

नेपालको शैव धर्मको इतिहासमा मल्लकालको आफ्नै प्रकारको योगदान रहेको छ । कला-वास्तुकला, साहित्य एवं संस्कृतिको संवर्धन र सृजनाको माध्यमबाट शैव धर्मको जगेर्नामा त्यस कालमा निकै सहयोग पुगेको पाइन्छ । शाहकालभन्दा अगाडिका जति पनि मठ, मन्दिर, स्तूप, विहारहरू बचेका छन्, तिनीहरू मल्लकालकै देन हुन् । मल्लकालभन्दा अगाडिका अनेक कृतिहरूलाई उनीहरूले परम्परागत सम्पदाको रूपमा संरक्षण गरिदिएका हुनाले नै आजसम्म बच्न सकेका छन् । त्यस कालमा पशुपतिप्रतिको श्रद्धा-भक्तिद्वारा प्रेरित भई गरिएका कार्यहरूका बारेमा तल आउने अध्यायहरूमा विस्तृत रूपमा चर्चा गरिएकोले यहाँ दोहऱ्याउनु आवश्यक देखिँदैन । त्यस समयका राजा तथा प्रजाहरूले यहाँ प्रशस्त धार्मिक कृत्यहरू गरेका छन् । मन्दिरमा साना-तिना कार्यहरू गर्नेदेखि लिएर आवश्यक पर्दा मन्दिरको विविध कार्यको लागि नियमित आयस्रोत हुने गरी गूठीहरू राखिदिएका उल्लेखहरू शिलालेख तथा अन्य अभिलेखहरूमा निकै आएका छन् ।

मल्लकाललाई मुख्य तीन भागमा बाँड्न सकिन्छ -- (१) प्रारम्भिक मल्लकाल, (२) माध्यमिक मल्लकाल र (३) पछिल्लो मल्लकाल । अरि मल्ल (वि.सं १२५९-१२९३ आ.) को समयदेखि जयस्थिति मल्ल (वि.सं १४३९-१४५२ आ.) भन्दा अगाडिको समयलाई प्रारम्भिक मल्लकाल, जयस्थिति मल्लदेखि यक्ष मल्ल (वि.सं. १४८५- १५३९ आ.) को

---

७२ D.R. Regmi, *op.cit.*, foot note no. 67 (ख), p. 2.

७३ दिनेशराज पन्त, "राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव," *पूर्णिमा,* ८ वर्ष, २ अङ्क, (वि.सं.२०३० चैत्र), १२७ पृष्ठ ।

७४ Luciano Petech, *Mediaeval History of Nepal*, Second Thoroughly Revised Edition, (Roma: Is.M.E.O. 1984 A.D.), p. 46.

७५ (क) Luciano Petech, *op.cit.*, foot note no. 74, p. 38.
(ख) दिनेशराज पन्त, *पूर्ववत्*, पादटिप्पणी ७३ सङ्ख्या, १२६ पृष्ठ ।

७६ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 59, pp. 81, 82.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समयसम्मलाई माध्यमिक मल्लकाल र काठमाडौँ, ललितपुर र भक्तपुरमा विभाजित मल्लकाललाई पछिल्लो मल्लकालको रूपमा नामकरण गरी अध्ययन गर्दा सजिलो पर्ने देखिन्छ । जहाँसम्म मल्लकालमा शैव धर्मसम्बन्धी कुरा छ, ती तीनै कालमा आ-आफ्नो अलग स्वरूप पाइन्छ ।

भगवान् पशुपतिप्रति अनन्य भक्तिभाव दर्शाउने प्रचलन प्रारम्भिक मल्लकालमा पनि कायमै रहेको पाइन्छ । देशमा दुर्भिक्ष, अनिकाल, प्राकृतिक प्रकोप आदि जस्ता घटनाहरू नहून् भनी पशुपतिमा लक्षहोम तथा पूजादि गर्ने व्यापक चलन थियो । त्यस्तै ध्वजारोहण गर्ने,[७७] कोष चढाउने,[७८] पूजा-आजा गर्ने[७९] मन्दिरको मर्मत-जीर्णोद्धार गर्ने गरेका उल्लेखहरू वंशावलीमा पाइन्छन् ।[८०] पशुपतिनाथको अतिरिक्त अन्य शैव मन्दिरमा पनि धार्मिक कृत्यहरू गरेका छिटपुट उल्लेखहरू *वंशावली*मा पाइन्छन् ।[८१] पशुपतिनाथमन्दिरलाई बङ्गालका सुल्तान शमसुद्दीनले नष्ट पारेकोमा त्यसको पुनर्निमार्णको कार्य प्रारम्भिक मल्लकाल अर्थात् वि.सं. १४१७ मा भएको घटना यस परिप्रेक्षमा उल्लेख्य छ । त्यस कालमा राजाहरू आफूलाई शैव धर्मप्रति आस्थावान् देखाउन त्यसै अनुकूल विरुदावलीहरू लिन्थे । ने.सं. ३३६ (वि.सं. १२७३) ज्येष्ठकृष्ण सप्तमीको *अमृतेश्वरपूजा* नामक हस्तलिखित ग्रन्थमा अरि मल्ल प्रथमलाई 'परममाहेश्वरश्रीपशुपतिभट्टारकावधानाद्भक्तिजलप्रक्षालितान्त:करण' विरुदावलीको साथ उल्लेख गरेको पाइन्छ ।[८२] त्यस्तै ने.सं. ३८० (वि.सं. १३१६) चैत्रको *महालक्ष्मीव्रत*नामक हस्तलिखित ग्रन्थमा जयभीमदेवलाई पनि 'परममाहेश्वर' भनी शैव धर्ममा श्रद्धा भएका राजाको रूपमा उल्लेख गरिएको छ । यसको मतलब अरू धर्मप्रति उनी कठोर थिए भन्ने होइन । हिन्दूधर्मअन्तर्गतका सबै मतमतान्तरहरूप्रति आस्था देखाई तिनको विकासमा अवसर प्रदान गर्ने चलन नेपालमा प्राचीन कालदेखि नै परम्पराको रूपमा देखिँदै आएको कुरालाई बिर्सनु हुन्न । माथि चर्चित जयभीमदेवको कुरा गरौँ, उनलाई सोही *महालक्ष्मीव्रत*नामक हस्तलिखितग्रन्थमा 'परमसौगत' भन्ने विरुदावली दिइएको छ ।[८३] त्यस्तै गरी जयारि मल्ल (वि.सं.१३७७-१४०१ आ.) लाई ने.सं.४५७ (वि.सं. १३९४) श्रावणमा लेखिएको 'महीरावणवधनाटक' नामक ग्रन्थमा 'परमभट्टारक परमेश्वर परमवैष्णव परमदेवताधिदेव परममाहेश्वर रघुकुलतिलक भूपालपरम्परापरिणमितमौलिशिष्य पशुपतिपादारविन्द श्रीपशुपतिदेवतावरलब्धप्रसादैकमहाराजधिराज' भनी एकसाथ शैव र वैष्णव धर्ममा आस्था भएको व्यक्तिको रूपमा परिचय दिन खोजेको विवरणले माथिको भनाइलाई पुष्ट्याइँ गर्दछ ।[८४] यी केवल उदाहरण मात्र हुन् । यस्ता अनेकौँ विवरणहरू नेपालको प्रामाणिक इतिहासको शुरुवातदेखि अहिलेसम्म नै पाइन्छन् । वास्तवमा यसलाई नेपालको मौलिक विशेषताको रूपमा लिन सकिन्छ । तात्कालिक राजाहरूले हिन्दूधर्मअन्तर्गतका सबै मत-मतान्तरमा श्रद्धाभाव राखे तापनि घरायसी व्यवहार वैदिक धर्मानुकूल पद्धतिमा गर्ने गरेको पाइन्छ । प्रारम्भिक मल्लकाल अर्थात् ने.सं. ३९५ (वि.सं १३३१) चैत्रमा लेखिएको 'दिव्यशुद्धिप्रकरण' मा धर्माधिकारको उल्लेख गर्दा द्विजवर जसब्रह्मको नाम आएको छ ।[८५]

---

७७ *Ibid.*, p. 82.
७८ *Ibid.*, p. 84, 107.
७९ *Ibid.*, p. 107.
८० *Ibid.*, p. 83, 110.
८१ *Ibid.*, p. 113.
८२ Luciano Petech, *op.cit.*, foot note no. 74, p. 82.
८३ *Ibid.*, p. 82.
८४ *Ibid.*, p. 112.
८५ Luciano Petech, *op.cit.*, foot note no. 74, p. 96.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्कालिक समयमा शैव धर्मको प्रचार-प्रसार गर्ने काममा शैवाचार्यहरू सक्रिय रहेका थिए । यस्ता शैवाचार्यहरूको उल्लेख अभिलेखहरूमा छिटपुट पाइन्छ । ने.सं. २८९ (वि.सं. १२२६) ज्येष्ठमा यङ्गाल दक्षिणटोल बस्ने भट्ट श्रीशैवाचार्य अमृतमित्रले *कालोत्तरतन्त्र* सारेका थिए ।[८६] ने.सं. ३१५ (वि.सं १२५२) वैशाखमा *कुब्जिकामत*नामक तन्त्रसम्बन्धी ग्रन्थ राजपुत्र जशवच्छले सारेकोमा उनले त्यसको श्रेय शैवाचार्य श्रीवच्छरुद्रलाई दिएको घटनाले शैवाचार्यहरू अध्ययन-अध्यापन कार्यमा संलग्न भएको कुराको सङ्केत मिल्दछ ।[८७] त्यस्तै गरी ने.सं. ४७४ (वि.सं.१४११) को *वामकेश्वरतन्त्र*मा शैवाचार्य मन्मथपतिको चर्चा आएको छ ।[८८] शैवाचार्यहरूको उल्लेख अरू ग्रन्थमा पनि पाइन्छन् । *गुह्यकालीतन्त्र* जुन ने.सं. ५२५ (वि.सं. १४६२) आषाढमा सारिएको थियो, त्यो शिवाचार्य ज्योतिरामले सारेका थिए ।[८९] त्यसभन्दा अगाडि *नित्याह्निकतिलक*नामक ग्रन्थ भवभूतेश्वर शैवाचार्य नरेन्द्रपालजीवले ने.सं. ४७३ (वि.सं. १४१०) आश्विनमा सारेको वर्णन पाइन्छ ।[९०] शैवाचार्यहरूको यो परम्परा वर्तमान कालसम्म पनि पाइन्छ । शैव धर्मको प्रचार-प्रसारमा शैवाचार्यहरू सक्रिय रहन्थे भन्ने कुराको पुष्टि ने.सं. ८४२ (वि.सं. १७७९) आषाढमा *त्रिपुरासारसमुच्चयटिप्पण* सार्ने अमृतानन्दनाथले आफूलाई महामहेश्वराचार्य श्रीशक्तीश्वरानन्दनाथको शिष्य बताएकोबाट पनि हुन्छ ।[९१] यस्ता शैवाचार्यहरू काठमाडौँमा मात्र सीमित नभई बाहिर पनि कार्यरत रहेको कुरा वि.सं. १८२५ मा बन्दिपुरग्राममा *योगरत्नावली* सारेको उल्लेख पाइनाले बुझिन्छ । त्यो पुस्तक परमशैवाचार्य श्रीकण्ठशिवपण्डितले सारेका हुन् ।[९२] शैवाचार्यहरूको तन्त्रका ग्रन्थहरूपट्टि लगाव भएको देख्दा तन्त्रको माध्यममबाट शैव धर्मको प्रचार-प्रसारमा उनीहरू संलग्न रहेको बुझ्न सकिन्छ । शैव धर्ममा तन्त्रको गहिरो प्रभावको कारण नै कतिपय साधनाहरूमा तान्त्रिक प्रभाव प्रत्यक्ष रूपमा पर्न गएको छ । त्यो प्रभाव अहिलेसम्म पनि कतिपय शैव मूर्ति, मन्दिरहरूका पूजा-पद्धतिमा पाइन्छ । पशुपतिनाथमा श्रीयन्त्रपूजाविधान, महास्नानको अवसरमा बलि दिने चलन त्यसैको प्रभाव हो भन्ने कुरामा सन्देह छैन ।

पछिल्लो मल्लकालमा शैव धर्मको उत्थानमा सहयोग पुग्ने अनेकौँ क्रियाकलापहरू भएका पाइन्छन् । तिनमा शैव मन्दिरहरूको निर्माण, पूजा-आजाको लागि गुठी राख्ने कार्यहरू प्रमुख छन् । यस कालमा पनि जसले वा जसको नामले मन्दिर बनायो, त्यसैको नामबाट मन्दिरलाई सम्बोधन गर्ने व्यापक चलन थियो । यक्ष मल्लले स्थापना गरेको शिवमन्दिर 'यक्षेश्वर' भयो भने पूर्ण मल्लको नाममा स्थापना गरिएको शिवमन्दिर 'पूर्णेश्वर' नामले प्रसिद्ध हुन गयो । तात्कालिक जनजीवनमा अनुकूल धार्मिक वातावरण रहेको कारण कीर्ति स्थापना गर्नु सबैको ध्येय रहेको बुझिन्छ । यसैले गर्दा अनेकौँ मठ, मन्दिर र मूर्तिहरूको स्थापना हुन गयो । यस काममा राजा-प्रजा सबैको सहभागिता पाइन्छ ।

पछिल्लो मल्लकालमा नाटक, कथा, आख्यान आदि विधाको उत्थान भएको पाइन्छ, साथै स्तुति लेखाई प्रसिद्ध मन्दिरहरूमा राख्ने कार्यले पनि बढावा पायो । त्यस्ता स्तुतिहरूमा भगवान् शिवप्रति भक्तिभाव दर्शाउने स्तोत्रहरू रचना गरी राखिएको देखिनाले भगवान् शिवमा रहेको श्रद्धा-विश्वास प्रकट हुन्छ । नाटक, कथा, आख्यान आदि लेख्दा

---

८६ *बृहत्सूचीपत्रम्*, तन्त्रविषयकः, चतुर्थो भागः, पूर्वः खण्डः, (काष्ठमण्डपः राष्ट्रिय अभिलेखालयः, वि.सं. २०२०), ५०-५४ पृष्ठ ।

८७ *ऐजन*, ६०-६२ पृष्ठ ।

८८ *बृहत्सूचीपत्रम्*, तन्त्रविषयकः चतुर्थो भागः, द्वितीयखण्डः, (काष्ठमण्डपः राष्ट्रियाभिलेखालय,: वि.सं २०२५), १३८ पृष्ठ ।

८९ *बृहत्सूचीपत्रम्*, *पूर्ववत्*, पादटिप्पणी ८६ सङ्ख्या, १०४ पृष्ठ ।

९० *ऐजन*, २१९ पृष्ठ ।

९१ *ऐजन*, १७८-१७९ पृष्ठ ।

९२ *ऐजन* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारम्भमा 'नृत्येश्वर' वा 'अर्द्धनारीश्वर' को प्रार्थना गर्ने चलन सामान्य थियो । तात्कालिक सवैजसो कृतिहरूमा त्यस्ता स्तुतिहरू पाइन्छन् ।[९३]

पछिल्लो मल्लकालमा दशनामी, सन्न्यासी, गिरी, दिगम्बर,[९४] दर्शनधारी,[९५] आदिको प्रशस्त चर्चा पाइन्छ । तिनीहरू शैव धर्मानुयायी थिए । गिरी, पुरी, भारती, जङ्गम, योगीहरू अहिले सामान्य थरविशेषमा सीमित हुन पुगेका देखिन्छन्, तर उहिले तिनीहरूको जीवन नै शैव धर्मको उत्थानमा उत्सर्गित थियो । यही कारण हो कतिपय मठ-मन्दिरमा अझै परम्परागत रूपमा तिनीहरूको सम्बन्ध रहिआएकै छ । गिरी, पुरी, भारती, जङ्गम, योगीहरूले शैव धर्मको सम्प्रदायविशेषलाई जनाउँछ । योगीहरूको सम्बन्ध 'नाथ' सम्प्रदायसँग छ । त्यस्तै दर्शनधारीहरूको सम्बन्ध कापालिकसम्प्रदायसँग मानिन्छ । कापालिकसम्प्रदाय मान्ने भएकाले सो नाम अपभ्रंश भएर उनीहरूको थरविशेष नै 'कपाली' हुन गयो । यी कपालीहरू आफूलाई कुशलनाथको शिष्यपरम्परामा रहेको बताउँछन् । कालान्तरमा कुशलनाथ शब्द अपभ्रंश भई 'कुसले' बनेको कुरालाई कपालीहरू विश्वास गर्दछन् ।[९६] यिनीहरूमा शैव धर्म तथा गोरखनाथ-सम्प्रदायको सम्मिश्रण पाइन्छ । दीक्षा लिई शिष्य बन्ने परम्परा अझै देख्न पाइन्छ । दीक्षा लिनेले न्यास, ध्यान, भस्मधारण गर्नु अनिवार्य मानिन्छ । गोरखनाथको पादुका तथा भगवान् शिवलाई त्यसमा पनि भैरवलाई यिनीहरू आफ्नो आराध्य मान्दछन् । मल्लकालमा यिनीहरूको मुख्य जीविकोपार्जनको आधार मागी खानू रहेको कुरा जयस्थिति मल्लले बाँधेको भनी मानिने व्यवस्थामा उनीहरूलाई "कापाली भेषमै डमरु बजाई मागी खानू" तथा "जोगी दर्शनधारीले मागी खानू" भनी *वंशावली*मा लेखिएबाट थाहा हुन्छ ।[९७] मागेर हिँड्ने अवस्थामा एक विशेष प्रकारको पहिरन, हाड र दाँतहरूको माला, दायाँ हातमा डमरु तथा बायाँ हातमा त्रिशूल र झोला, निधारमा त्रिपुण्ड्र धारण गरी हिँड्नुपर्थ्यो । यस अवस्थालाई नै 'दर्शनधारी' भनिएको हो भनी कुसलेहरू मान्दछन् । बिस्तारै-बिस्तारै कुसलेहरूले बाजा बजाउने, लुगा सिउने पेशालाई अङ्गीकार गर्दै गए । यो पुरानो नभईकन नवीन घटना हो । कुसलेहरू अछूत जातिमा किन गनिन गए ? त्यसको स्पष्ट उल्लेख पाइँदैन । कुनै-कुनै पुराणहरूमा शैव, पाशुपत र लौकायतिकहरूलाई छोएमा स्नान गर्नुपर्ने कुराको चर्चा पाइन्छ । यसलाई हेर्दा तात्कालिक समाजमा उनीहरूप्रति एकथरीले आन्दोलन र विरोध जनाउन थालेको बुझिन्छ ।[९८] यसैको प्रभावले उनीहरू अछूत हुन पुगेको सम्भव छ । नेवार समुदायमा त्यसमा पनि ६ थरे वैद्यहरूमा कोही मरेपछि तेह्रौँ दिनमा मृतकको नाममा खाद्य वस्तु अर्पण गरिन्छ जसलाई 'कापालिक' भनिन्छ त्यो खाद्य वस्तु लिने अधिकारी दीक्षित कुसले हुनुपर्ने चलन अझै कतै छ । कुसलेहरू आफूलाई जोगी पनि भन्दछन् । काठमाडौँ अधित्यकाका पुराना बस्तीहरूमा खास गरी कुसलेहरूले बसोबास गरेको पाइन्छ । यसलाई हेर्दा कापालिकहरूको अस्तित्व नेपालमा पुरानो देखिन्छ ।

शैव सम्प्रदायविशेषको चर्चा तथा तिनको सङ्गठनात्मक प्रवृत्ति लिच्छविकालका अभिलेखहरूबाट अवगत हुन्छ, तर पछि त्यस्ता उल्लेखहरू पाइँदैन् भने हुन्छ । सन्न्यासी, दिगम्बर, जोगीहरूका छिटपुट उल्लेख तथा शिष्यपरम्परा रहेको चर्चा माथि गरिसकियो । तर लिच्छविकालमा जस्तो सङ्गठनचाहिँ थिएन । भगवान् शिव तथा पशुपतिप्रति श्रद्धा, आस्था, विश्वासको अनगिन्ती उदाहरण पाइए तापनि तिनले साम्प्रदायिक तवरबाट समाजमा जरो गाड्न भने उत्ति

---

९३ *बृहत्सूचीपत्रम्*, नाटक (रूपक) ग्रन्थविषयकः, तृतीयो भागः, प्रथमं संस्करणम्, (काष्ठमण्डपः वीरपुस्तकालयः,वि.सं.२०१९),२७-७३ पृष्ठ ।

९४ D.R. Regmi, *Medieval Nepal*, Part IV, (Patna:D.R. Regmi, 1966 A.D.), p. 65.

९५ परिशिष्टभाग, अभिलेखखण्ड (क), सङ्ख्या २५, ३० ।

९६ देवपत्तननिवासी वयोवृद्ध श्रीबद्रीनाथ कपाली (हाल दिवङ्गत) सँगको कुराकानीमा आधारित ।

९७ पं. देवीप्रसाद लंसाल (सम्पा.) *भाषावंशावली*, २ भाग, (काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३), ४५ पृष्ठ ।

९८ (क) T.M.P. Mahadevan, "Saivism", *The Age of Imperial Kanauj*, (Jan, 1955), p. 303.
(ख) डा. यदुवंशी, *शैव मत*, प्रथम संस्करण, (पटना: विहार राष्ट्रभाषा परिषद्, सन् १९५५), १५०-१५१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नपाएको देखिन्छ । यही कारणले गर्दा हो कतिपय राजाका विरुदावलीहरूमा एकै ठाउँमा 'परमशैव', 'परमवैष्णव' तथा 'परमसौगत' जस्ता शैव, वैष्णव एवं बौद्ध सम्प्रदायसँग सम्बद्ध विशेषणहरू पाइन्छन् । प्राचीन कालमा प्रचलित सम्प्रदायमा कापालिकहरूको अवशेष पाइए तापनि आफ्नो प्राचीन स्वरूप बदलेर प्रचलित रहेको देखिन्छ । समय-समयमा शैव धर्मका अरू सम्प्रदायविशेषका अनुयायीहरूको छिटपुट उल्लेख पाइए तापनि व्यवस्थित सम्प्रदायको रूपमा तिनीहरूको क्रियाकलाप रहेको देखाउने प्रमाण पाइएका छैनन् । नेपालमा धार्मिक सद्भाव विद्यमान रहन सक्नुमा त्यो पनि एउटा कारण रहेको छ । प्रचलित *भाषावंशावली*मा 'शिवाचार्य' हरूको वर्णन पाइन्छ । तिनीहरूको मुख्य काम शिवलिङ्गको पूजा गर्ने, जजमानी गर्ने, यज्ञ गर्ने, ब्राह्मणबाट मन्त्र सुन्ने, जनै धारण गर्ने थियो ।[९९] शैव धर्मको उत्थानमा शिवाचार्यहरूको ठूलो हात रहेको देखिन्छ । शैवाचार्यहरूको अपभ्रंश रूप नै शिवाचार्य हो । शिवाचार्यहरूको अस्तित्व पछि गएर लोप भयो । शिवलिङ्गहरूको पूजा-आजा गर्ने पेशामा पछि पुरी, गिरी, सन्न्यासी, जङ्गम तथा दाक्षिणात्य ब्राह्मणहरूले स्थान पाए । यस प्रकार पछि गएर शिवाचार्यहरूको पेशागत कार्य समाप्त भएको देखिन्छ । अहिले नेवारसमुदायमा मृतकको घरमा एघार दिने शुद्धिको कार्य गर्ने काममा नै शिवाचार्यहरू सीमित भएको पाइन्छ । यिनीहरूको सङ्ख्या नगण्य छ । यसैले अब शिवाचार्य छन् भन्ने कुरा नेवार समुदायमा नै पनि धैरैले बिर्सिसके । यिनीहरू ६ थरे नेवार वर्गमा पर्छन् । पछिल्लो मल्लकालका राजाहरूले पशुपतिभक्तिबोधक विरुदावलीहरूको साथसाथै मानेश्वरीप्रति श्रद्धा-भक्ति दर्शाउने विरुदावलीहरू पनि लिन थालेको पाइन्छ । यसले शैव धर्ममा नयाँ मोड आएको देखिन्छ ।

पछिल्लो मल्लकालमा एक ठाउँमा 'वीर शैव' सम्प्रदायको स्पष्ट उल्लेख आएको छ ।[१००] यसलाई हेर्दा तात्कालिक जनजीवनमा यसको प्रचार-प्रसार कुनै रूपमा भएको अनुमान हुन्छ । त्यसबाहेक शैव धर्मअन्तर्गत यसरी नामै किटिएर सम्प्रदायविशेषको चर्चा पाइँदैन । वीर शैव सम्प्रदायको उल्लेख वि.सं. १६३६ आषाढको महेन्द्र मल्लकी रानी जयन्तिकाले राखेको अभिलेखमा आएको छ । त्यहाँ उनले शिवजीलाई प्रसन्न पार्न मूर्तिसमेतको मठ बनाउन लाएको तथा महेन्द्र मल्लले वीर शैव सम्प्रदायलाई अर्पण गरेका अन्नहरू जयन्तिकाले त्यस मठमा बस्नेहरूलाई दिएको उल्लेख पाइन्छ । हनूमान्ढोकाको उत्तरतर्फ मखनटोलमा रहेको अभिलेखमा वीर शैव सम्प्रदायको मठ रहेको देखिनाले वीर शैव सम्प्रदाय प्रभावशाली हुन पुगेको देखिन्छ । वीर शैव सम्प्रदायले लिङ्ग र लिङ्गपूजालाई महत्त्व दिन्छ । तर यहाँ उमामहेश्वरको पादपीठमा लेखिएको अभिलेखमा त्यसको उल्लेख आएकोले यहाँका वीर शैवहरू उमामहेश्वरलाई आराध्य सम्झन्थे भन्ने देखिन्छ ।[१०१]

२.४ शाहकाल

शैव धर्मको उत्थानमा शाहकालमा कम प्रयास भएको छैन । राजा तथा प्रजाका तर्फबाट शैव धर्मको विकासमा सहयोग पुग्ने गरी राखिएका अनगिन्ती कीर्तिका उल्लेखहरू पाइन्छन् । राजा राम शाहले गोरखाको पोखरीथोकको अभिलेखमा आफूलाई भनेका छन् -[१०२]

चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं
श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ॥

---

९९ पं. देवीप्रसाद लंसाल, *पूर्ववत्*, पादटिप्पणी ९७ सङ्ख्या, ४९ पृष्ठ ।

१०० गौतमवज्र वज्राचार्य, *हनूमान्ढोकाराजदरबार*, प्रथम संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३३), १९७ पृष्ठ ।

१०१ Mary Shepherd Slusser, *op.cit.*, foot note no. 57 (ख), p. 234.

१०२ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, (सम्पा.) *शाहकालका अभिलेख*, प्रथम भाग, (कीर्तिपुर: नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, वि .सं. २०३७), १२ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात्, श्रीशिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएका सधैँ शत्रुलाई जित्ने उहाँ राजा राम शाहले आनन्द दिने मन्दिर बनाउनुभयो । यसरी आफूलाई शिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएको भनी लेखाएकाले उनी भगवान् शिवलाई मान्दथे भन्ने देखिन्छ । यस्तै गरी पृथ्वीपति शाहले गोरखा पोखरीथोकको अभिलेखमा शिवजीको भजन गरिरहेका भनी आफूलाई बताएका छन् ।[१०३] त्यत्ति मात्र होइन, त्यहाँको अभिलेखमा सालिकमा रहँदा पनि भगवान् शिवको सेवामा अनुरक्त छन् भनी उल्लेख गरेको पाइनाले भगवान् शिवप्रति रहेको श्रद्धा, विश्वास झल्कन्छ ।

श्री ५ पृथ्वीनारायण शाहले बाउन्नभन्दा वढी टुक्रामा विभाजित नेपाललाई एकीकरणको सूत्रमा बाँध्न थालेपछि नेपाल बृहद् बन्दै गयो । यसरी राजनैतिक, सामाजिक, आर्थिक आदि परिवेशहरू विस्तार भएसरह धार्मिक परिवेश पनि बढ्न गयो । कुनै क्षेत्रविशेषमा प्रसिद्ध हुन पुगेको मठ, मन्दिर सोही क्षेत्रको आराध्य नभई सबैको पूज्य बन्न थाल्यो । उदाहरणको लागि भगवान् पशुपतिनाथको मन्दिरमा काठमाडौँका बासिन्दाबाहेक अरू दर्शन गर्न जान नपाउने स्थिति पनि इतिहासमा यदाकदा आएको पाइन्छ ।[१०४] एकीकरणपश्चात् त्यसो भएन । यो कुरा उल्लेख्य छ । श्री ५ पृथ्वीनारायण शाहको सनातन रूपमा चलेका धर्मप्रति उदार दृष्टि थियो । उनले शैव धर्मको उत्थानमा सहयोग पुग्ने कतिपय कार्य गरेका थिए । पशुपतिनाथमा पञ्चामृतस्नान गर्ने गूठी,[१०५] वक्रेश्वर महादेवको पूजा-आजा गर्ने गूठी,[१०६] भ्रमरकोट महादेवको गूठी थामिदिएका घटनाहरू त्यसैका उदाहरण हुन् ।[१०७] त्यसै गरी उनले गोसाइँकुण्डमा पनि गूठी राखिदिएका थिए ।[१०८] यही परम्परा पछिसम्म रह्यो । शाहवंशका राजा-रानीहरूबाट शिवमन्दिरको स्थापना, पूजा-आजाका लागि गूठी राख्ने कार्यहरू प्रशस्त भएका छन् । त्यस्ता कार्यहरू केवल नेपालमा मात्रै सीमित नभई भारतका प्रसिद्ध तीर्थस्थलहरूमा पनि गरिएका छन् । शाहवंशीय राजाहरूले पनि पूर्व परम्परामा झैँ केवल शिवमन्दिर वा शैव धर्मको उत्थानका लागि मात्र कार्यहरू नगरी सनातन हिन्दूधर्ममा मान्यता प्राप्त भई प्रचलनमा रहेका सबै मत-सम्प्रदायका मठ-मन्दिरको विकासमा उदात्त भावनाले सहयोग गरेको पाइन्छ । यस कालमा गोरखनाथसम्प्रदाय केही फस्टायो । यस कालमा पनि कुनै सम्प्रदायविशेषको नामले शैव सम्प्रदाय चलेको देखिँदैन । मठ तथा आश्रमविशेषमा सन्न्यासी, दशनामी हुनु अर्कै कुरा हो । छिमेकी भारतमा जस्तो 'वीर शैव', 'काश्मीरी शैव', 'कापालिक शैव' जस्ता साम्प्रदायिक समूह र प्रचलनले नेपाली भूमिमा बढावा पाएको देखिन्न । लिच्छविकालमा पनि झण्डै पचासी वर्षको अवधिसम्म मात्र 'मुण्डशृङ्खलिक', 'दानपाशुपत', 'वशपाशुपत' जस्ता शैव सम्प्रदायको उल्लेख पाइन्छ । त्यसपछि पछिल्लो मल्लकालमा वीर शैवको एक ठाउँमा चर्चा आएको कुरा माथि लेखियो । सम्प्रदायहरूको सङ्गठन भई तिनको व्याप्ति नहुनु नै नेपालमा विद्यमान धार्मिक सद्भावको मूल कारक तत्त्व हो । यस्तै उदार परिवेशले सृजना भएको वातावरणमा हरिलाई हर र हरलाई हरि तथा बुद्धलाई नारायण एवं शिवलाई अष्टवीतरागमध्ये एक देख्ने सहृदयीहरू तयार भए, जसले धार्मिक समाजमा सबैप्रति आस्था बढाउन सक्यो । एक अर्काको प्रभाव ती विविध

---

१०३ *ऐजन*, २१ पृष्ठ ।

उत्तराशासुनासीरो गोर्षाचलसुधानिधि : ॥
पृथ्वीपतिर्विजयतां स्तम्भारूढः शिवं भजन् ।

१०४ खास गरी यस्तो घटना प्रारम्भिक मध्यकाल तथा काठमाडौँखाल्डोका राज्य टुक्रिएर विभिन्न भागमा विभाजित भएपछि कहिलेकहीं घटेको विवरण पाइन्छ ।

केही समयसम्म बनेपालीहरू देवपाटनमा आउनसम्म पाएका थिएनन् । यो घटना ने.सं. ४६८ (वि. सं. १४०५) तिरको हो । त्यस्तै गरी पछिल्लो मल्लकालतिर काठमाडौँसँग सम्बन्ध नराम्रो हुने राज्यका मानिसहरू आउन नपाएका उल्लेखहरू पाइन्छन् ।

१०५ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.) *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, तेस्रो खण्ड, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२५), ९१४ पृष्ठ ।

१०६ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी १०२ सङ्ख्या, ६८ पृष्ठ ।

१०७ *ऐजन*, ८६-८८ पृष्ठ ।

१०८ *ऐजन*, ३६३-३६५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मत-मतान्तरमा पाइन्छ । ती कुनै आचारपद्धतिमा छन् भने कुनै कर्मकाण्डमा परेका छन् । कसै कसैले नबुझीकन नेपालमा बौद्ध धर्मानुयायी राजा भए तापनि हिन्दूधर्मानुचरण गर्नुपर्थ्यो भनी लेखेका छन् ।[१०९] वास्तवमा त्यो नजानी-नबुझी गरिएको निष्कर्ष हो । नेपालका राजाहरूले लिएका विरुदावली र गरेका कार्यहरूलाई हेर्दा कुनै धर्म र सम्प्रदायविशेषमा मात्र राजाहरू सीमाबद्ध भएको पाइन्न । त्यस्तै कसैले प्रस्तर चैत्यहरूलाई बलजफ्ती लिङ्गमा बदलियो भनी लेखेका छन् ।[११०] यो हुन सक्ने कुरा होइन । प्रस्तर चैत्यहरूका खोपामा कहीँ बुद्धका विविध स्वरूपका मूर्ति भएको, कहीँ नभएको देखेर नभएको जति बलजफ्ती बौद्ध मतबाहेकका अन्य धर्मानुयायीहरूले झिकेको हो भन्ने तर्क निकाल्नु न्यायसङ्गत छैन । नेपालमा प्राचीन चैत्यहरूमा चारैतिरका खोपा रित्तो राख्ने चलन थियो । सातौँ शताब्दीपछिका प्रस्तर चैत्यहरूमा चाहिँ पञ्चध्यानी बुद्धका मूर्तिहरू कुद्न थालिएको पाइन्छ ।

नेपालमा शिवलाई केवल शिवलिङ्ग, मूर्ति तथा मन्दिरहरूमा मात्र होइन 'लुकु महाद्य' अर्थात्, लुकेर बसेको महादेवको रूपमा पनि पूज्ने चलन छ । नेवारसमुदायमा यसको बढी प्रचलन छ । 'लुकु महाद्य' को पूजा-आजा गर्न न कुनै पुजारीको जरुरत मानिन्छ न मन्दिर गूठी-गाना नै आवश्यक पर्दछ । चोक, गल्ली, बाटो-दोबाटोको कुनातिर माटो, ढुङ्गा वा प्रस्तरले छोपेर रहेको आकृतियुक्त वा आकृतिविहीन प्रस्तरहरूलाई 'लुकु महाद्य' भनी पिशाच-चतुर्दशीको अवसरमा विशेष गरेर पुज्दछन् । 'लुकु महाद्य' को परम्परा कसरी आयो, अनुसन्धानको विषय छ । अरू ठाउँभन्दा भिन्न देवपाटन नवालीटोलमा 'गा: चह्रे' (आश्विनशुक्ल पूर्णिमा) र 'श्रीपञ्चमी' मा क्रमशः समयबजी र चटामरी आदि चढाई 'लुकु महाद्य' को पूजा-आजा गर्ने प्रचलन छ । त्यस्तै 'हाथुद्यो' को रूपमा शिवको रौद्ररूप अर्थात् भैरवको पूजा गर्ने चलन नेवारसमुदायमा अत्यधिक छ । 'लुकु महाद्य' तथा 'हाथुद्यो' को पूजा परम्पराको गहिरो संस्कारलाई हेर्दा विविध स्वरूपका महादेवको पूजा-आजा गर्ने चलनलाई कसरी आत्मसात् गरिएको थियो भन्ने बुझिन्छ । यो अरू देशमा चलेको हिन्दूधर्ममा पाइन्न ।

शाहकालमा पशुपतिक्षेत्रलाई केन्द्रबिन्दु बनाई अनेकौँ मठ, मन्दिर, मूर्तिहरू स्थापना गरिए । भगवान् पशुपतिनाथ तथा यहाँ स्थापित अन्य मन्दिरहरूको सुव्यवस्थित सञ्चालनको लागि निश्चित आयस्रोत आउने गरी गूठीहरू राखिएका पाइन्छन् । यसै कालमा पशुपतिक्षेत्रमा सबभन्दा बढी शिवालयहरू स्थापना गरिए । शाहकालिक राजाहरूमा श्री ५ राजेन्द्रवीरविक्रम शाहदेखि श्री ५ त्रिभुवनवीरविक्रम शाहसम्मका नाममा अलग-अलग शिवमन्दिरहरू स्थापना गरिएको घटनालाई हेर्दा शैव धर्मको विकासमा उनीहरूले पुऱ्याउन खोजेको योगदानबारे थाहा पाइन्छ ।

---

१०९ Luciano Petech, *op.cit.*, foot note no.74, pp. 203-204.

११० U.Wiesner, "Nepalese Votive Stupas of the Licchavi Period: The Empty Niche," *The Stupa: Its Religious, Historical and Architectural Significance*, (Wiesbaden, 1981 A.D.), p. 171.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन अध्याय

देवपाटनको ऐतिहासिक पृष्ठभूमि

काठमाडौं हनूमान्ढोकादेखि करीब ४.८ किलोमिटर टाढा उत्तर-पूर्व दिशामा 'देवपाटन' नामक बस्ती रहेको छ । यही बस्तीमा वाग्वतीको पश्चिम किनारामा पशुपतिनाथको प्रसिद्ध मन्दिर तथा अन्य कतिपय मूर्तिहरू, मन्दिरहरू तथा धार्मिक-सांस्कृतिक महत्त्वका कीर्तिहरू रहेकाले देवपाटनको अत्यधिक महत्त्व रहेको स्पष्ट छ । देवपाटनले कहिलेदेखि के कारणले महत्त्व पाई यहाँ पशुपतिनाथलगायत त्यत्तिका मन्दिरहरू बने, मूर्तिहरू बने त्यसबारे निश्चयसाथ बोल्ने समकालिक प्रामाणिक आधारहरू केही पनि नभएकोले किटान गरी भन्न सकिने स्थिति छैन । यो स्थितिमा पशुपतिको स्थापनापश्चात् नै धार्मिक-सांस्कृतिक महत्त्व प्राप्त गरेको भन्नुबाहेक अन्य विकल्प छैन, तापनि यहाँ रहेका 'किरातेश्वरशिवलिङ्ग', 'विरूपाक्ष' एवं तथाकथित 'आयदिवी' का मूर्तिहरू र तिनमा निहित विशेषता एवं महत्त्वलाई दृष्टिगत गर्दा यस ठाउँको महत्त्वलाई बढाउन ती मूर्तिहरूको पनि योगदान रहेको बुझिन्छ । पशुपतिमन्दिरको स्थापनाले पछि गएर देवपाटनको महत्त्व र स्थितिलाई सुदृढ पार्न अझ मदत गऱ्यो । वाग्वती, जसको महत्त्व र माहात्म्य प्रशस्त पाइन्छ, प्राचीनकालदेखि यहाँ प्रवाहित छँदैथियो, पछि यहाँ विस्तार-विस्तार हिन्दूधर्मसँग सम्बद्ध मूर्ति तथा मन्दिरहरू बन्दै गए । पवित्र वाग्वती नदी, कुण्ड, पोखरी र विभिन्न मूर्ति तथा मन्दिरहरूको माहात्म्यको कारण पछि गएर यो क्षेत्र हिन्दूधर्मावलम्बीहरूको गरिमामय तीर्थस्थल बन्न गएको देखिन्छ । यस परिप्रेक्ष्यमा देवपाटनको प्राचीनता र महत्त्वको सम्बन्धमा चर्चा गर्नु सान्दर्भिक हुनाले पाइएसम्मका आधारहरू लिई केही लेखिन्छ ।

एकथरी *वंशावली*ले देवपाटनको स्थापना मौर्यसम्राट् अशोकका ज्वाइँ देवपाल तथा छोरी चारुमतीले गरेका हुन् भनी उल्लेख गरेको छ ।[१] त्यसै *वंशावली*को आधार लिई कसैले देवपाटनको स्थापना ईस्वीपूर्व तेस्रो शताब्दीमा भएको बताएका छन् ।[२] देवपाल र चारुमतीको कथामा प्रामाणिकता नभएको एवं तिनीहरूको ऐतिहासिकताको पुष्टि गर्न नसकिने भएकोले डेनियल राइटले सम्पादन गरी निकालेको *वंशावली*को विवरणलाई स्वीकार्न सक्ने स्थिति छैन । देवपाटनको महत्त्व प्रारम्भिक लिच्छविकाल वा त्यसभन्दा अगाडिदेखि निश्चित रूपले अभिवृद्धि हुँदै गइरहेको थियो । तर त्यसभन्दा अगाडिको स्थिति बताउन अहिले सामग्रीहरू प्राप्त भएका छैनन् । संवत् ३८९ (वि.सं. ५२४) देखिका लिच्छविकालका करीब बत्तीसवटा अभिलेखहरू यहाँ हुनु तथा लिच्छविकालका प्रशस्त शिवलिङ्गहरू एवं अन्य मूर्तिहरू हुनुबाट देवपाटनको प्राचीनता र महत्त्व स्पष्टसँग झल्किन्छ । साथै देवपाटनवरपर प्राचीन वास्तुकलाका अवशेषहरू यत्रतत्र प्रशस्तको सङ्ख्यामा छरिएर रहेका छन् । तिनीहरूमा मन्दिर वा भवनविशेषका प्रस्तरका कलात्मक सङ्घार, स्तम्भ आदि मुख्य छन् भने प्रस्तर चैत्यका नमूनाहरू पनि धेरै नै छन् । शैलीगत विशेषताबाट हेर्दा तिनीहरूमध्ये धेरै लिच्छविकालका अवशेषहरू छन् ।

अहिले 'देवपाटन' भन्नाले पशुपतिमन्दिरवरपरको क्षेत्रलाई मात्र लिने गरेको पाइन्छ । गाउँ-पञ्चायतको वर्गीकरण गर्दा नवालीटोलको पश्चिम ढोकादेखि पुरानो गौचरणको पश्चिमसम्म एवं गौशालादेखि मित्रपार्क (करेटोल)

---

१ Daniel Wright (Ed.), *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Pvt. Ltd, 1958 A.D.), p. 66.

२ Ronald M. Bernier, *The Temples of Nepal*, First Edition, (Kathmandu: Voice of Nepal (Pvt) Ltd., 1970 A.D.), p. 195.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मको क्षेत्रलाई गाउँ-पञ्चायत छँदा 'पशुपति आदर्श गाउँ-पञ्चायत' तथा नवालीटोलको ढोकादेखि धोबीखोलासम्म तथा मित्रपार्कको मूलसडकदेखि चाबहिलसम्मको क्षेत्रलाई 'भगवान्स्थान गाउँ-पञ्चायत' नामकरण गरिएकाले पहिलेको देवपाटनको क्षेत्र सीमित र सङ्कुचित पार्नमा मदत पुऱ्यायो । वि.सं. २०३३ मा 'काठमाडौँ नगर-पञ्चायत' को क्षेत्र विस्तारको क्रममा गाउँ-पञ्चायतबाट ती क्षेत्रहरू नगर-पञ्चायतअन्तर्गत पर्दा भगवान्स्थान ७ नं वडा एवं पशुपति आदर्श गाउँ-पञ्चायत काठमाडौँ नगर-पञ्चायतको ८ नं वडामा वर्गीकृत भएको तथा वि.सं. २०४६ पछिको व्यवस्थामा पनि तिनै क्षेत्रफललाई स्वीकारिएकोले पशुपतिमन्दिरलगायतका सीमित क्षेत्रलाई मात्र देवपाटन सम्झने र कहने चलन बढ्दै गइरहेको छ । गाउँ-पञ्चायतको वर्गीकरण हुनुभन्दा अगाडि 'देवपाटन' शब्दले अहिलेभन्दा विस्तृत क्षेत्रलाई अङ्गालेको थियो । त्यस वेला धोबीखोलापूर्व, वाग्वतीपश्चिम, चाबहिल धोबीखोलापुलदक्षिण, बानेश्वर हात्तीगौँडाउत्तरको क्षेत्रलाई 'देवपाटन अम्बल' भन्ने गरिन्थ्यो । यो कुरा वि.सं. १९२८ वैशाखको बत्तीसपुतलीस्थित रामचन्द्रमन्दिरको शिलालेखबाट पनि केही बुझिन्छ । त्यहाँ रामचन्द्रमन्दिरको स्थापना गरेको कुरा लेख्दा "........ काठमाडौँका अम्बलमध्ये देउपाटन बत्तिसपुतलि थुमकामा......" भन्ने कुरा परेकोबाट अवगत हुन्छ ।[३] साथै मरेका नातेदारहरूको सम्झनामा प्रत्येक वर्ष वामनद्वादशीको दिन देवपाटनका बासिन्दाले मनाउने 'उपाको वनेगु' को दिन देवपाटन शहर घुम्ने क्रममा बत्तीसपुतलीका केही भागलगायत रामचन्द्रमन्दिर रहेको थुम्को पनि घुम्ने चलनलाई हेर्दा अघि बत्तीसपुतली देवपाटनक्षेत्रभित्रै पर्ने गरेको बुझिन्छ । अहिले चाबहिल, मैजूबहाल, कुमारीगाल आदि ठाउँहरू देवपाटनबाट अलग्ग झैँ देखिन्छन् । तर मल्लकालमा तिनीहरू देवपाटनक्षेत्रभित्र पर्दथे भन्ने कुरा तात्कालिक शिलालेखहरूबाट बुझ्न सकिन्छ । ने.सं.७७३ (वि.सं. १७१०) को चाबहिल 'धन्दोचैत्य' को सिँढीमा भएको अभिलेखमा सो ठाउँलाई भन्नुपर्दा 'देवपट्टन' भनिएको छ ।[४] त्यस्तै चाबहिल चन्द्रविनायकमन्दिरनजिकको पाटीमा रहेको अभिलेखमा सो ठाउँलाई भन्नुपर्दा "श्रीदेवपत्तनभूम्यां चावेहाली किर्त्तिपुर्णे महावेहालस्थाने इहैव पुण्ये भूमौ" भनी चन्द्रविनायकमन्दिर इलाकाको ठाउँलाई पनि 'देवपत्तनभूमि' भनी उल्लेख गरेको छ । यताबाट मल्लकालमा देवपाटनको क्षेत्रफल कहाँसम्म फैलिएको थियो भनी किटान गर्न नसकिए पनि अहिलेको भन्दा विस्तृत क्षेत्रलाई ओगेटेको थियो भन्ने कुराचाहिँ पक्का छ । देवपाटनले पछिसम्म पनि निकै ठूलो क्षेत्रफललाई समेटेको थियो भन्ने कुरा वि.सं. १९६५ साल चैत्र २६ गतेको एउटा मञ्जुरिनामापत्रमा "........देवपाटंका अम्वलमध्ये तीनचुले चारघरे बस्ने....." भनी उल्लेख आएकोबाट अहिले बौद्धक्षेत्रमा पर्ने तीनचुले भन्ने ठाउँ पनि देवपाटनभित्रै पर्दथ्यो भन्ने बुझिन्छ ।[५] त्यस्तै सोही मितिको अर्को पत्रमा सिन्हामुगल (सिनामङ्गल) लाई पनि देवपाटन अम्बलभित्रको बताइएको छ ।[६]

लिच्छविकाल वा त्यसभन्दा अगाडि देवपाटनलाई कुन नामले पुकारिन्थ्यो, त्यसको क्षेत्रफल कहाँसम्म फैलिएको थियो, त्यस सम्बन्धमा पनि पाइएसम्मका आधार लिई यहाँ केही लेख्नु छ । तर ठोकुवा गरी बोल्न भने खोज्नुपर्ने कुरा अझै बाँकी छन् । लिच्छविकालका करीब बत्तीसवटा अभिलेखहरू यस क्षेत्रमा पाइएका छन् भन्ने कुराको चर्चा माथि गरिसकिएको छ । तीमध्ये कुनै पनि अभिलेखमा अहिलेको देवपाटनलाई कहने शब्दको स्पष्ट उल्लेख छैन । संवत् ४६७ (वि.सं.६०३) को मानमतीको अभिलेख,[७] जुन आर्यघाटको पूर्वपट्टि पुलदेखि अलि माथि रहेको छ, मा 'दोवग्राम' भन्ने ठाउँमा मानमतीले भगवान् नाथेश्वरको निम्ति २८ मानिका कुत आउने जग्गा राखेको उल्लेख छ, त्यहाँ आएको 'दोवग्राम' कुँदनेको भ्रमले 'दोव' भएको हो त्यो 'दोवग्राम' नभई 'देवग्राम' हो भनी देवपाटनको लिच्छविकालिक नाम

---

३ गोविन्द टण्डन, "सनकसिंह टण्डन लाहुरी क्षत्री र उनको योगदान" *धर्मसन्देश,* २४ वर्ष, २ अङ्क, (वि.सं. २०४२), ६९ पृष्ठ ।

४ शङ्करमान राजवंशी (सम्पा.), *कान्तिपुरशिलालेखसूची,* (काठमाडौँ : राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७), ७६ पृष्ठ ।

५ बौद्ध चारघरे बस्ने सानुलाल भोटेले शङ्कराचार्यमठ, देवपाटनलाई गरिदिएको यो मञ्जुरीनामाको सक्कल शङ्कराचार्यमठमा रहेको छ ।

६ सिन्हामुगल बस्ने दशरथ अधिकारीले जग्गा कमाउन सकार गर्दाको यो पत्र शङ्कराचार्यमठमा छ ।

७ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* प्रथम संस्करण, (कीर्तिपुरः नेपाल तथा एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), १७७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'देवग्राम' हुनुपर्छ भनेर इतिहासकारहरूले मानेका पनि छन् ।[८] त्यसो नहुन सक्ने होइन । यद्यपि मानमतीले स्थापना गरेको माथि उल्लिखित अभिलेखमा 'दोवग्राम' भन्ने ठाउँ कहाँ पर्दछ भन्ने कुरा थाहा पाउने स्पष्ट आधार छैन । तर सो शिलालेख राखेको झण्डै ८५८ वर्षपछि अर्थात् ने.सं. ५२३ (वि.सं. १४५९) मा लेखिएको *नित्याह्निकतिलक* नामक तन्त्रसम्बन्धी हस्तलिखित ग्रन्थमा पशुपतिमन्दिरवरपरको ठाउँलाइँ 'देवपट्टन' भनी उल्लेख गरिएको छ ।[९] त्यस्तै ने.सं. ५४८ (वि.सं.१४८५) को *पाकविधिनिघण्टु*नामक हस्तलिखित ग्रन्थमा[१०] पनि अहिलेको देवपाटनलाई कहँदा 'देवपट्टन' नै भनिएकोले 'देवपट्टन' नाम मल्लकालमा प्रचलित रहनुमा केवल संयोग मात्र नभई त्यसभन्दा अगाडिको कालको नामको प्रभाव रहेको देखिन्छ । देवीदेवताहरूको मूर्ति एवं मठ-मन्दिरहरू यस क्षेत्रमा निकै भएकाले 'देवग्राम' वा 'देवपट्टन' रहनु स्वाभाविक देखिन्छ । संस्कृतमा शहर वा पुरविशेषलाई कहने 'पत्तन' बाट नेवारी भाषाको उत्कर्ष कालमा नेवारीकरण हुँदा 'पट्टन' बनेको हो । 'देवपट्टन' शब्द अपभ्रंश भई कालान्तरमा 'देवपाटन' नामले प्रसिद्ध हुन गयो । अहिलेसम्म प्राप्त अभिलेखहरूमा 'देवपत्तन' नामको पहिलो उल्लेख ने.सं. ५२३ (वि.सं. १४५९) को *नित्याह्निकतिलक* भन्ने ग्रन्थमा आएको छ ।[११] त्यसको झण्डै एघार वर्षपछिको शिलालेखमा 'देवपट्टन' नामको प्रचलन पाइएको थाहा पाइने हुनाले[१२] देवपत्तनको नाम कसरी कुन वेला अपभ्रंश भएछ भन्नेबारे केही बुझ्न सकिन्छ । यसपछि 'देवपट्टन' शब्द प्रचलनमा क्रमश: बढ्दै गयो । ने.सं. ६६६ (वि.सं. १६०३) को नरेन्द्र मल्लको देवपाटन करेटोलको अभिलेख,[१३] ने. सं. ७६४ (वि.सं. १७०१) को प्रताप मल्लको पशुपतिगोश्वारामा रहेको ताम्रपत्र,[१४] त्यस्तै ने.सं. ७७३ (वि.सं. १७१०) को धन्दोचैत्यको अभिलेखमा 'देवपट्टन' नामले यस स्थललाई सम्बोधन गरिएको छ ।

बोलिचालीको भाषामा यस ठाउँलाई 'देउपाटन' पनि भनिन्छ । 'देवपत्तन' यो संस्कृत नामबाट पनि देवपाटनलाई सम्बोधन गरेको पाइन्छ । देवपाटनलाई सम्बोधन गर्नुपर्दा नेवारी भाषामा ग्वल, गोल, गोर आदि नामहरू प्रयोग गरिएको पाइन्छ । ती नामको साथमा 'देश' शब्द जोडिएको पनि पछिका अभिलेखमा पाइन्छन् । देवपाटनका बूढापाकाहरू पशुपतिको ज्योतिर्लिङ्ग रहेको ठाउँमा एउटा गाईले दिनदिनै आई दूध बहाउने गरेकोले पशुपतिको पत्ता लागेको हो, गाईले बाटो पत्ता लगाई पशुपतिलाई प्रकाश गरेकोले सो ठाउँलाई 'गोल' भन्न थालियो, पछि त्यो ठाउँ नै 'गोल' बाट प्रसिद्ध भयो भनी भन्ने गर्छन् ।[१५] डेनियल राइटले सम्पादन गरेको *वंशावली*मा यस सम्बन्धमा अर्कै विवरण दिइएको छ । त्यसअनुसार लिच्छवि राजा शिवदेवको पालामा त्यहाँ बस्ती बसाई आवश्यक सबै विधि-

---

८ (क) योगी नरहरिनाथ (सम्पा.), *संस्कृतसन्देश,* १ वर्ष, ७ अङ्क, (वि.सं. २०१० कार्तिक), ४८ पृष्ठ ।
(ख) बाबुराम आचार्य, "लिच्छविकालका शिलालेखमा किरातकालको झलक, देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरात नाम" *नेपाली,* अङ्क १६, (वि.सं. २०२० श्रावण-असोज), ११ पृष्ठ ।
(ग) Mary Shepherd Slusser, *Nepal Mandala: A Cultural Study of the Kathmandu Valley,* (New Jersey: Princeton University, 1982 A.D.), p. 105.

९ *वृहत्सूचीपत्रम्,* चतुर्थो भाग:, तन्त्रविषयक:, (काष्ठमण्डप: राष्ट्रिय अभिलेखालय:, वि.सं. २०२०), २१८ पृष्ठ ।

१० Luciano Petech, *Mediaeval History of Nepal*, Second Thoroughly Revised Edition, (Roma: Is.M.E.O, 1984 A.D.), p. 167.

११ *वृहत्सूचीपत्रम्, पूर्ववत्,* पादटिप्पणी ९ सङ्ख्या, २१८ पृष्ठ ।

१२ D. R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), p. 49.
"श्रीदेवपट्टनमहास्थाने श्रीश्रीपशुपतिभट्टारकस्य महाप्रासादोपरि सुव्वर्णकलशावरोपणप्रतिष्ठा कृता ॥

१३ शङ्करमान राजवंशी (सम्पा.),*पूर्ववत्,* पादटिप्पणी ४ सङ्ख्या, ४९-५० पृष्ठ ।

१४ गोविन्द टण्डन, "पशुपतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था: एक अध्ययन" *शैव भूमि,* २ वर्ष, २ अङ्क, (वि.सं. २०४२), २३-३४ पृष्ठ ।

१५ दक्षिणामूर्तिमन्दिरका वयोवृद्ध पुजारी पं. श्रीरमेशानन्द राजोपाध्याय (हाल दिवङ्गत) सँगको कुराकानीको आधारमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधानहरू गरी चार गणेश, चार भैरव, चार नृत्यनाथ, चार महादेव, चार कुमारी, चार बुद्ध आदिका मूर्तिहरूसहित नगरको स्थापना गरेपछि एक ढोका, दुइ इनार, तीन धारा, चार नृत्यनाथ, पाँच डबली, छ टोल, सात देवी, आठ आगम र नौवटा गणेशका मूर्तिहरू स्थापना गरिंए, त्यसपछि सो बस्तीलाई 'गोल' नाम दिए, किनभने, त्यसको आकार गोलो थियो, त्यस कारण 'गोल' नाम राखियो ।[१६] नेपालमा प्राप्त अहिलेसम्म पुरानो मानिने वंशावली *गोपालराजवंशावली* हो । त्यस वंशावलीमा देवपाटनको नाम उल्लेख गर्नुपर्दा कहीं 'ग्वह्र'[१७], कहीं 'ग्वल'[१८] शब्द प्रयोग गरिएको छ । 'गोल' को पहिलो उल्लेख अहिलेसम्म प्राप्त सामग्रीहरूमा संवत् ३०१ (वि.सं. ९३४) को सहोत्तरतन्त्रमा आएको छ ।[१९]

'ग्वल' बाट 'गोह्र', 'गोर' आदि बनेका हुन् । 'ग्वल' को शाब्दिक अर्थ के हुन सक्छ भन्ने तथ्य प्रमाण छैन । तर लिच्छविकालका केही बस्ती, पाञ्चाली र अधिकरणको नामको पछि 'ग्वल' शब्द जोडिएको पाइन्छ । उदाहरणको लागि तेग्वल,[२०] गीग्वल,[२१] टेग्वल,[२२] माग्वल,[२३] यूँग्वल,[२४] लञ्जग्वल,[२५] लिङ्ग्वल,[२६] लाई प्रस्तुत गर्न सकिन्छ । यताबाट बस्तीविशेषको नामलाई बुझाउन 'ग्वल' शब्दको प्रयोग गरिएको बुझिन्छ । लिङ्ग्वल अधिकरण (अड्डा) को नाम पनि लिङ्ग्वल नामको बस्तीबाट रहन गएको हो भन्ने अनुमान हुन्छ । लिच्छविकालपछि ने.सं. १३२ (वि.सं. १०६९) को पाटनको शिलालेखमा 'तेग्वल' नामक ठाउँको चर्चा आएको छ ।[२७] आजभोलि त्यो ठाउँलाई त्यागल भनिन्छ । त्यस्तै काठमाडौं जैसीदेवलनजीकै लिच्छवि अभिलेखमा उल्लेख आएको 'लञ्जग्वल' मल्लकालको त्यहाँ भएको अभिलेखअनुसार लुंजग्लको[२८] रूपमा प्रसिद्ध भएको देखिनाले लिच्छविकालको 'ग्वल' पछि गएर 'गाल', 'गल', 'ग्ल', आदि रूपमा परिवर्तित भएको देखिन्छ । यसैले देवपाटनको नेवारी भाषामा कहने 'ग्वल' लिच्छविकालमै प्रचलित नाम देखिन्छ । देवपाटनलाई किन 'ग्वल' भनिएको हो त्यसबारेमा भने ठोकेर भन्न सकिन्न । अहिले 'गाल' र 'डोल' बस्ती विशेषको अवस्थितिलाई हेर्दा 'गाल' ले केही उच्च ठाउँ र डोलले होचो ठाउँलाई बुझाउँछ । यसलाई हेर्दा, 'ग्वल' शब्द सामान्यतया उच्च ठाउँमा अवस्थित बस्तीलाई बुझाउने शब्द हो कि भन्ने अनुमान हुन्छ । 'ग्वल' संस्कृत शब्द होइन, लिच्छविकालभन्दा अगाडि नेपालमा शासन गर्ने किरात भाषा परिवारको शब्द हुनुपर्ने देखिन्छ । हुन पनि बस्तीको पछाडि 'ग्वल' 'गाल' शब्द जोडिएका ठाउँहरू सामान्यतया उच्च ठाउँमा अवस्थित बस्तीको एक अङ्गको रूपमा विद्यमान पाइन्छ र तिनीहरूको ऐतिहासिकता पनि प्राचीन देखिन्छ । उदाहरणको लागि यङ्गाल, टङ्गाल, त्यागल, सतुङ्गल, कुमारीगाल, सिन्हामुगल आदि प्रसिद्ध बस्तीहरूलाई प्रस्तुत गर्न सकिन्छ ।

---

१६ Daniel Wright, *op.cit.*, foot note no. 1, p. 74.

१७ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *The Gopalrajvamsavali*, (Germany: Franz Steiner Verlag Wiesbaden GmbH, 1985 A.D.), pp. 48, 96.

१८ *Ibid.*, pp. 44, 45, 48, 51, etc.

१९ धनवज्र वज्राचार्य (सम्पा.) *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, ५९९ पृष्ठ ।

२० *ऐजन*, ३४२ पृष्ठ ।

२१ *ऐजन*, ५४४ पृष्ठ ।

२२ *ऐजन*, १८७ पृष्ठ ।

२३ *ऐजन*, ४०५ पृष्ठ ।

२४ *ऐजन*, ५४४ पृष्ठ ।

२५ *ऐजन*, ५४७ पृष्ठ ।

२६ *ऐजन*, ११२, १२९, १९३, १९७ पृष्ठ आदि ।

२७ रामजी तेवारी र अरू (सम्पा.), *अभिलेखसङ्ग्रह*, नवौं भाग, (काठमाडौं: संशोधन-मण्डल, वि.सं. २०२०), २४-२५ पृष्ठ ।

२८ गौतमवज्र वज्राचार्य, *हनूमान्ढोकाराजदरबार*, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३३), ५-६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐ.शि. बाबुराम आचार्यले 'गोग्राम' बाट किरातकालमा 'गोर' शब्द बनी अपभ्रंश हुँदै पछि 'ग्वल' बनेको बताउनुभएको छ । उहाँले 'गोर' शब्दको 'गो' प्राचीन किरात भाषाको नामको अवशेष मान्नुभएको छ । तर त्यसको अर्थ गाई, गोरु होइन भन्दै 'गो' को अर्थको विषयमा थाँती राख्नुभएको छ ।[२९] *गोपालराजवंशावली*मा भगवान् पशुपतिको प्रादुर्भावको सम्बन्धमा चर्चा गर्दा एक ठाउँमा 'गोग्राम'[३०] को उल्लेख आएकोले त्यसको आधारमा उहाँले बोल्नुभएको जस्तो देखिन्छ । जे होस्, 'ग्वल' शब्द किरातकालमा अत्यधिक प्रचलनको शब्द थियो । किरातकालदेखि प्रचलित सो शब्द लिच्छवि, मध्य र मल्लकाल हुँदै अहिलेसम्म ज्यूँका त्यूँ रहेको छ । अहिलेको देवपाटनलाई कहन मल्लकालमा 'देवपट्टन', 'देवपत्तन' र 'ग्वल' आदि नाम प्रचलनमा रहेको देखिन्छ । देवपट्टनको पूर्वरूप 'देवग्राम' हो ।

अहिलेको देवपाटनको स्थापनाको सम्बन्धमा *भाषावंशावली*हरूमा छिटपुट केही चर्चाहरू पाइन्छन् । हुन त *गोपालराजवंशावली*मा एक ठाउँमा तात्कालिक राजा सुपुष्पदेवले पशुपतिनाथको मन्दिर बनाए भन्दै जाँदा त्यसपछि सुन्दर शहर बनाउन लगाए भन्ने उल्लेख पाइन्छ ।[३१] त्यस वंशावलीमा आएको चर्चालाई आधार मानी देवपाटनको निर्माता सुपुष्पदेव हुन् भन्ने निष्कर्ष निकाल्न खोजेको पाइन्छ ।[३२] वास्तवमा *गोपालराजवंशावली*मा आएको त्यस भनाइले देवपाटनलाई नै लक्ष्य गरेको हो भन्ने कुरा त्यहाँ उल्लेख भएको विवरणबाट बुझिँदैन । *भाषावंशावली*मा त्यस क्षेत्रलाई सुवर्णपुरी नामकरण गराउने काम भास्कर वर्माले गरेको उल्लेख पाइन्छ ।[३३] सुवर्णपुरी नामकरण गराउनुमा उनले जितेर ल्याएको सुवर्णादि धन पशुपतिमा चढाउनु रहेको कुरा त्यहाँ बताइएको छ । *भाषावंशावली*मा देवपाटनलाई सुवर्णपुरी भनी उल्लेख गरिए तापनि यो त्यत्ति प्रचलित हुन सकेन । सुवर्णपुरी नाम रहनुमा *भाषावंशावली*ले जेसुकै कुरा उल्लेख गरेको भए तापनि यसको पूर्वसङ्केत लिच्छविकालमै पाइन्छ । जयदेव द्वितीयको संवत् १५७ (वि.सं. ७९०) को अभिलेखमा पशुपतिनाथको मन्दिर रहेको क्षेत्रको वैशिष्ट्यको चर्चा गर्दा "सुवर्णमय सुमेरु पर्वतको शिला जस्तो भएको, देवता (पशुपतिनाथ) को विश्राम गर्ने यो वेदी (पशुपतिक्षेत्र) हिउँ परेको कुलपर्वत (ठूला ठूला पहाड) ले चारैतिर घेरिएको हुँदा सुहाइरहेको छ" भनिएको छ ।[३४] जयदेवको शिलालेखमा आएको उक्त विवरणले पशुपतिक्षेत्रलाई उच्चकोटिको बताउन सुवर्णमय सुमेरु पर्वतसँग तुलना गरिएको हो । त्यति मात्र होइन यही भावनाले समाजमा जरो गाडेको हुँदा पशुपतिनाथको लिङ्गमा फलामको टुक्रा छुवाइदियो भने तुरुन्तै त्यो फलाम सुवर्णमा परिवर्तन हुन्छ भनी पशुपतिनाथलाई 'पारसनाथ' भनी सम्बोधन गर्ने व्यक्तिहरू पनि कम छैनन् । खास गरी भारतीय जनजीवनमा यसको अत्यधिक प्रसिद्धि छ । धार्मिक दृष्टिले हेर्ने हो भने पारसनाथको गुह्य रहस्य छ । कुनै पनि व्यक्ति भगवान्‌को भक्ति, आराधना एवं उपासना गर्दछ भने उसले शान्ति एवं मुक्ति पाउँछ । वास्तवमा यस प्रकारको

---

२९ बाबुराम आचार्य, *पूर्ववत्*, पादटिप्पणी ८ (ख) सङ्ख्या, १३ पृष्ठ ।

३० Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *op.cit.*, foot note no. 17, p. 25.

३१ *ऐजन*, २७-२८ पृष्ठ ।

"राजा सुपुष्पदेव वर्ष ७६ । तेन हि नेपालभूमिश्चातुर्व्वर्ण्णकृता ॥
श्रीपशुपतिभट्टारकस्य देवालय कृतम् सङ्खलीसंछादनम् ॥। तत
सुन्दरणिर्म्मितनगरम् सकलराज्यमर्ज्जादा कृत्य: न्यायेन प्रजा:
समस्त प्रतिपालितानि: स्वस्वस्वकीयेन भूमि .... संस्य ...
व्यवहार प्रवर्तने ।"

३२ डा.जगदीशचन्द्र रेग्मी, "पशुपतिक्षेत्रको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, पृष्ठभूमि: ऐतिहासिक अवलोकन", त्रिभुवन विश्वविद्यालयद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र, (वि.सं. २०४५ श्रावण ८), १५ पृष्ठ ।

३३ नयनाथ पौडेल (सम्पा.) *भाषावंशावली*, १ भाग, (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०), ५४ पृष्ठ ।

३४ धनवज्र वज्राचार्य (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, ५५२-५५३ पृष्ठ ।
"एषा भाति कुलाचलै: परिवृता प्रालेयसंसर्ग्गिभिर्व्वेदी मेरुशिलेव काञ्चनमयी देवस्य विश्रामभू:" ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्तिको सुवर्णसँग तुलना गर्न सकिँदैन । यसैले भगवान् पशुपतिनाथको नजिक पुग्ने वा भक्तिभाव गर्ने व्यक्ति सुवर्ण झैं अमूल्य बन्छ भन्ने सङ्केत त्यसले दिने स्मरणीय छ ।

*वंशावली*का विवरणहरू हेर्दा विभिन्न समयमा यहाँको बस्तीलाई समुन्नत बनाउने काम चलिरहेको कुरा बुझिन्छ । प्रचलित *भाषावंशावली*मा वृषदेवले बौद्ध चैत्य र मञ्जुविहार बनाई चाबहिल नामको शहरको निर्माण गरेको उल्लेख पाइन्छ ।[३५] त्यस्तै गरी सोही वंशावलीमा नरेन्द्रदेवले "श्रीपशुपतिनाथकन अनेक रत्न विभिन्न कोष बनाइ चढाया । फेरि त्यहीं सुनका धारा बनाइ चढाया । जयवागीश्वरीमा फेरि पुरीसहित तीन प्रकार, कोष एक, प्रणाली एक, देवपतन पुरी एक बनाइ पशुपतिनाथकन चढाया" भनी लेखिएको छ ।[३६] *भाषावंशावली*को अर्को ठाउँमा देवपत्तनलाई शहरको रूपमा विकसित गर्ने कामको श्रेय शिवदेव द्वितीयलाई दिइएको छ । त्यहाँ "यिन राजाले वाणेश्वरका दरबार छाडी देउपाटनमा नौ तला कोट गरी बनाइ बस्या । देवपतनमा नौ तरहका टोल बनाइ नौ गणेशका मूर्ति स्थापना गऱ्या । फेरि नौ तला गरी आफू बस्याका दर्वारसन्धि भैरव शिला मूर्ति शिवपुरीदेखि मगाई देश रक्षा निमित्त बसाया । ... देवपत्तनका दक्षिणमा ठूला लोहचैत्य बनाया" भनी उल्लेख गरिएको छ ।[३७] *वंशावली*मा पाइने यी विवरणहरू र तिनको सत्यताको बारेमा झट्ट भन्न गाह्रो पर्ने भए तापनि देवपाटनको निर्माणमा विभिन्न राजाहरूको योगदान रहेको कुरालाई विनासन्देह स्वीकार गर्न सकिने देखिन्छ । हुन पनि अहिलेको देवपाटन यसै देवपत्तन बनेको छैन भन्ने कुरा संवत् ४६७ (वि.सं.६०३) को अभिलेखमा सामान्य दो(दे)वग्राम भनी चर्चित ठाउँ पछि गएर देवपत्तन बन्नुमा लामो समयको अनवरत विकास र प्रयासको संलग्नता छ भन्ने देखिन्छ ।

पशुपतिनाथमन्दिर रहेको क्षेत्र विभिन्न समयमा विभिन्न नाम कहिए तापनि पशुपतिनाथको प्रसिद्धिको कारण साधारणत: 'पशुपति' नामबाट पनि सम्बोधन हुने प्रचलन थियो ।[३८] त्यसको अतिरिक्त देवपाटनलाई कहनुपर्दा 'पाटन' शब्द मात्रैले पनि सम्बोधन गर्ने गरेको उदाहरण *गोपालराजवंशावली*मा पाइन्छ ।[३९]

कसैले देवपाटनको पुरानो नाम गणिगुल्म वा गण्डिगुल्म हो, त्यसैबाट पछि 'गाङ्गुलपत्तन' नाम रहन गएको हो भनी अनुमान गरेका छन् ।[४०] जहाँसम्म गणिगुल्मको कुरा छ, त्यसको पहिलो उल्लेख संवत् ९५ (वि.सं. ७२८) को नरेन्द्रदेवको पाटनको च्यासलटोलको अभिलेखमा आएको छ ।[४१] त्यस अभिलेखको उठानका भागहरूको पाप्रा उप्किसकेकोले 'गणिगुल्म' को किटान गर्न गाह्रो परेको र ललितपुरभेगको अभिलेखमा सो नाम आएकोले ललितपुरतिर कतै हुनुपर्छ भनी लुसियानो पेटेक[४२] र धनवज्र वज्राचार्यले[४३] मान्नुभएको छ । स्वयम्भूलाल श्रेष्ठले भने 'गाङ्गुलपत्तन'

---

३५ नयनाथ पौडेल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३३ सङ्ख्या, ५६ पृष्ठ ।

३६ *ऐजन*, ८० पृष्ठ ।

३७ *ऐजन*, ८१ पृष्ठ ।

३८ धनवज्र वज्राचार्य (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, ४८१-४८४ पृष्ठ ।

३९ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *op.cit.*, foot note no. 17, p. 45.

४० स्वयम्भूलाल श्रेष्ठ, "देवपाटनको प्राचीन नाम एक छलफल", *नेपाली*, १८ पूर्णाङ्क, (वि.सं. २०२० माघ-चैत्र), ३० पृष्ठ ।

४१ धनवज्र वज्राचार्य (सम्पा.), पादटिप्पणी ७ सङ्ख्या, ४९४-४९५ पृष्ठ ।

४२ Luciano Petech, *op.cit.*, foot note no. 10, pp. 34-35.
पहिलो संस्करणमा उनले 'गणिगुल्म' ललितपुरभेगतिर हुनुपर्ने भनी लेखेकोमा यस संस्करणमा त्यसको अवस्थितिको बारेमा थाहा नभएको लेख्दै गणिगुल्मको साथमा 'विषय' आउनाले काठमाडौँखाल्डोबाहिर जस्तो देखिन्छ भने 'विषय' शब्द नआउँदाचाहिँ काठमाडौँखाल्डोभित्रै जस्तो देखिन्छ भन्ने दोधारे विचार दिएका छन् ।

४३ धनवज्र वज्राचार्य (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, ४९५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई नै देवपाटनको पूर्वनाम मानी 'गणिगुल्म' लाई 'गाङ्गुलपत्तन' को अघिल्लो रूप मान्नुभएको छ ।[४४] देवपाटनलाई गाङ्गुलपत्तन भनी सबैभन्दा पहिले योगी नरहरिनाथले भन्नुभएको हो ।[४५] ने.सं. ११९ (वि.सं. १०५६) को *अष्टसाहस्रिका प्रज्ञापारमिता*[४६], त्यस्तै हर्षदेवको समयमा ने.सं. २१३ (वि.सं. ११५०) मा लेखिएको अर्को *अष्टसाहस्रिका प्रज्ञापारमिता*मा पनि 'गण्डिगुल्म' को चर्चा आएको छ ।[४७] पछिल्लो ग्रन्थमा त्यसलाई 'विषय' समेत भनिएकोले अहिले आएर गण्डिगुल्म वा गणिगुल्म काठमाडौँ खाल्डोभित्र नभई काठमाडौँखाल्डोबाहिर हुनुपर्छ भन्ने धारणा राख्न थालिएको छ । त्यसले अहिलेको गुल्मीभेगलाई सङ्केत गरेको हो भन्ने कुरालाई बढावा दिइएको छ[४८] र त्यो स्वीकार्य पनि छ । यसरी 'गाङ्गुलपत्तन' को पूर्वरूप 'गण्डिगुल्म' वा 'गणिगुल्म' भन्ने भनाइ अब निरर्थक हुन गएको छ । अब रह्‍यो 'गाङ्गुलपत्तन' को कुरा ।

'गाङ्गुलपत्तन' को पूर्वरूप 'गाङ्गुटालाङ्गा' हो भन्ने अनुमान हुन्छ । यसको उल्लेख राष्ट्रिय अभिलेखालयमा भएको ने.सं. १४४ (वि.सं. १०८०) को 'भगवत्या: स्वेदाया यथालब्धतन्त्रराज:' भन्ने हस्तलिखित ग्रन्थमा आएको छ ।[४९] पछि त्यो शब्द अपभ्रंश भई 'गङ्गुल' बन्यो । मल्लकालका हस्तलिखित ग्रन्थ एवं अभिलेखहरूमा 'गङ्गुल' नामक ठाउँको चर्चा पाइन्छ । पछि पुन: अपभ्रंश भई 'गाङ्गुलपत्तन' बन्यो । 'गङ्गुल' को पछिल्लो उल्लेख *महाकर्मविभङ्ग* र *कर्मविभङ्गोपदेश*नामक ने.सं. ५३१ (वि.सं. १४६८) को हस्तलिखित ग्रन्थमा आएको छ ।[५०] त्यस्तै ने.सं. ५४० को *सुवन्तरत्नाकर*नामक हस्तलिखित ग्रन्थमा पनि 'गाङ्गुलपत्तन' को उल्लेख छ ।[५१] गाङ्गुलपत्तनको अवस्थितिको सम्बन्धमा मतान्तर भएकोले यहाँ केही चर्चा गर्नु आवश्यक छ । 'गाङ्गुलपत्तन' को उल्लेख आउने विक्रमको अठारौँ शताब्दीदेखिका शिलालेख एवं ताम्रपत्रहरूमा त्यसको अवस्थितिको सम्बन्धमा केही सङ्केत मिल्छन् । ने.सं. ७८८ (वि.सं. १७२५) को प्रताप मल्ल एवं ने.सं. ८८३ (वि.सं. १८२०) को पशुपतिस्थित मृगस्थलीका अभिलेखहरूमा ".... जम्बूद्वीपे भरतखण्डे भारतवर्षे हिमवत्‌दक्षिणपादे श्रीनेपालमण्डले श्री ३ पशुपतिसंनिधाने वासुकीक्षेत्रे वाग्मत्या पश्चिमंकूले श्री ३ विष्णुमत्या पूर्वकूले गांगुलपत्तने ...." जस्ता वाक्यांशहरू पाइएको आधारमा गाङ्गुलपत्तन पशुपतिकै छेउछाउमा थियो र त्यो अवश्यमेव देवपाटन नै हो भनी स्वयम्भूलाल श्रेष्ठले लेख्नुभएको छ ।[५२] पशुपतिमन्दिरमा भएको ने.सं. ७६३

---

४४ स्वयम्भूलाल श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी ४० सङ्ख्या, ३१ पृष्ठ ।

४५ योगी नरहरिनाथ, "तुलादानशिलास्तम्भतोरणलेख:," *संस्कृत-सन्देश*, १ वर्ष, ४ अङ्क, (वि.सं. २०१०), २७ पृष्ठ ।

४६ Rahul Sankrityayan, "Sanskrit Palm-leaf mass. in Tibet", *Journal of the Bihar and Orissa Research Society*, No. 23 (1937A.D.), p 29.

४७ *Ibid.*, p.25.

४८ (क) Mahes Raj Pant, Aishvaryadhar Sharma, "The Two Earliest Copper Plate Inscriptions from Nepal", *Miscellaneous Papers* (1977A.D), pp. 19-20.

(ख) धनवज्र वज्राचार्य, "मध्यकालका शुरूका केही अभिलेख", *कन्ट्रिब्यूशन टू नेप्लीज स्टडिज*, ५ वर्ष, १ अङ्क, (वि.सं. २०३४ मङ्सिर), ९९-१०० पृष्ठ ।

४९ दिनेशराज पन्त, "राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव", *पूर्णिमा*, ३० पूर्णाङ्क, (वि.सं. २०३० चैत्र), १२६ पृष्ठ ।

५० Luciano Petech, *op.cit.*, foot note no. 10, p. 162.

"सम्वत् ५३१ मार्गशीरमासे शुक्लपक्षे त्रयोदश्यां तिथौ रोहिणीनक्षत्रे शुभघटी २ शक्रयोगे अङ्गारवासरे । त्व अनुराधाफलप्राप्तम् भवतु श्रीश्रीराजाधिराजपरमेश्वरपरमभट्टारकजयज्योतिर्मल्लदेवस्य विजयराज्ये । यजमान श्रीयं (वु)ब्रमाय श्रीगंगुलके श्रीश्रीषडाक्षरीमहाविहारे शाक्यभिक्षु श्री ... ... मम लिख्यते ।"

५१ *ऐजन*, १६४ पृष्ठ ।

"नेपालहायन संवत् ५४० भाद्रपदशुक्लपञ्चम्यां तिथौ बुधवासरे स्वातिनक्षत्रे ब्रह्मयोगे राजाधिराजपरमेश्वरपरमभट्टारक-श्रीमन्मानेश्वरीवरलब्धप्रसादश्रीश्रीजयज्योतिर्मल्लदेवस्य विजयराज्ये । श्रीमद्‌गंगुलपतनके श्रीयत्रदेवी-महाविहारे श्रीश्री-लोकेश्वरेन सेवित भिक्षुणा धर्म्माराधिकेन स्वपुस्तकम लिखितम अस्तु ।

५२ स्वयम्भूलाल श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी ४० सङ्ख्या, ३२ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वि.सं. १७००) कार्तिकशुक्लको भीम मल्लको अभिलेखको प्रारम्भमा पनि " .... चतुर्युगस्य कलेः प्रथमपादे जम्बूद्वीपे भरतखण्ड भारतवर्षे हिमवत्दक्षिनपादे नैपालदेशे श्री ३ पशुपतिसन्निधाने वासुकिक्षेत्रे वाग्मत्या पश्चिमकूले विष्णुमत्या पूर्वकूले श्रीगाङ्गुलपत्तने आर्यावर्तदिशे काष्ठमण्डपनगरे इहैव पुण्यभूमौ" [५३] अर्थात् चतुर्युगको कलिको प्रथम पाउमा, जम्बूद्वीपमा, भरखतण्डमा, भारतवर्षमा, हिमालयको दक्षिण पाउमा, नेपालमा, श्री ३ पशुपतिको नजीकै, वासुकिक्षेत्रमा वाग्वतीको पश्चिम, विष्णुमतीको पूर्व श्रीगाङ्गुलपत्तनमा आर्यावर्तमा, काष्ठमण्डपनगरमा यस पुण्यभूमिमा भनी लेखिएको छ । पशुपतिको छेउछाउ अर्थात् देवपाटनभेगका अभिलेखहरूमा मात्र माथि उल्लेख गरिए जस्तो चर्चा पाइएको भए 'देवपाटन' नै गाङ्गुलपत्तन हो भन्ने विचार त्याज्य थिएन, तर 'गाङ्गुलपत्तन' को उल्लेख भएका अभिलेखहरू देवपाटनबाहेक काठमाडौँशहरको वरपर पनि पाइने भएकाले गाङ्गुलपत्तनले देवपाटन मात्रलाई बताएको होइन रहेछ भन्ने बुझिन्छ । तानाबहाल,[५४] हनूमान्ढोका[५५] मा भएका अभिलेखअनुसार ती ठाउँहरू पनि गाङ्गुलपत्तनभित्र पर्दथे भन्ने बुझिएको छ ।

गाङ्गुलपत्तनको पहिचानको सम्बन्धमा माथि चर्चा गरिएको *महाकर्मविभङ्ग* र *कर्मविभङ्गोपदेशनामक* हस्तलिखित गन्थहरूले पनि केही मदत पुऱ्याउँछन् । ती ग्रन्थहरूमा षडाक्षरी महाविहारको चर्चा पाइनुका साथै त्यस विहारको अवस्थितिको परिचय दिंदा 'श्रीयब्रुमाय श्रीगङ्गुलके' भन्ने आएकोले काठमाडौँनगरको उत्तरी भाग गङ्गुल अर्थात् गङ्गुलपत्तनभित्रकै भाग थियो भन्ने बुझिन्छ । किनभने काठमाडौँको दक्षिण भागलाई 'यङ्गल' तथा उत्तरी भागलाई 'यम्बु' भन्ने चलन थियो ।[५६] षडाक्षरीविहार आजभोलि दुगम्बहिल नामबाट प्रसिद्ध छ । गाङ्गुलपत्तनमा 'यत्रदेवीमहाविहार' पनि थियो भन्ने कुरा ने.सं. ५४० (वि.सं. १४७७) भाद्रको *सुबन्तरत्नाकर* भन्ने हस्तलिखित ग्रन्थमा उक्त महाविहारको चर्चा आएबाट बुझिन्छ ।[५७] यत्रदेवीमहाविहारको अवस्थितिको सम्बन्धमा थाहा पाउन सकेको भए अझ बढी कुरा बताउन सकिन्थ्यो । माथि गरिएका चर्चाहरूबाट सङ्क्षिप्तमा गाङ्गुलपत्तन देवपाटनमा मात्र सीमित नभई विस्तृत ठाउँलाई ओगट्ने नाम रहेछ भन्ने थाहा पाइन्छ । वि.सं. १८४२ को भीम खवासको नक्सालको अभिलेखमा आएको चर्चा पनि यस सम्बन्धमा सान्दर्भिक मान्नुपर्छ । त्यहाँ गाङ्गुलको अवस्थिति बताउनुपर्दा - "आर्य्यावर्त्तदिशे हिमवद्दक्षिणपादे नेपालमंडले श्रीपशुपतिसंनिधाने वाग्मत्याः पश्चिमकूले विष्णुमत्याः पूर्वकुले श्रीमत्कान्तिपुरमहानगरे श्रीगांगुलङे श्रीयम्वुजमलेश्वरभट्टारकस्थाने इहैव पुण्यभूमौ ......"[५८] अर्थात् आर्य्यावर्त्त देशमा, हिमालयको दक्षिणपट्टि नेपालमण्डलमा, श्रीश्रीश्रीपशुपतिको नजीकै वाग्वतीको पश्चिम किनारमा, विष्णुमतीको पूर्व किनारामा, कान्तिपुरमहानगर श्रीगाङ्गुल श्रीयंबु जमलेश्वर भट्टारकस्थानमा यही पुण्य भूमिमा भनी उल्लेख गरिएको छ । जमलेश्वर रहेको जमलक्षेत्र पनि गाङ्गुलपत्तनको सीमाभित्र पर्ने कुरा उक्त विवरणबाट बुझिन्छ । जहाँसम्म गाङ्गुलपत्तनको निश्चित सीमाको कुरा छ, त्यस बारेमा नें.सं. ७६३ (वि.सं. १६९९) कार्तिकशुक्ल,[५९] ने.सं. ७८८ (वि.सं. १७२५),[६०] ने.सं.

---

५३ गोविन्द टण्डन, "भीम मल्लको अन्त्य", *अपाङ्गको आकांक्षा,* ३ वर्ष, २ अङ्क, (वि.सं. २०४१), २९ पृष्ठ ।

५४ गौतमवज्र वज्राचार्य, *पूर्ववत्,* पादटिप्पणी २८ सङ्ख्या, २५५-२६५ पृष्ठ ।

५५ ऐजन, २५६-२५७ पृष्ठ ।

५६ ऐजन, ५ पृष्ठ ।

५७ Luciano Petech, *op.cit.*, foot note no. 10, p. 164.

५८ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ (सम्पा.) *शाहकालका अभिलेख,* प्रथम भाग, (कीर्तिपुरः नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), १५८-१५९ पृष्ठ ।

५९ गोविन्द टण्डन, *पूर्ववत्,* पादटिप्पणी ५३ सङ्ख्या, २९ पृष्ठ ।

६० स्वम्भूलाल श्रेष्ठ, *पूर्ववत्,* पादटिप्पणी ४० सङ्ख्या, ३२ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८३१ वैशाख (वि.सं. १७६८)[६१] ने सं. ८३४ वैशाख (वि.सं १७७१),[६२] ने.सं. ८३७ फाल्गुन (वि.सं. १७७४)[६३] एवं वि.सं. १८४२[६४] का अभिलेखहरूमा "वाग्मत्याः पश्चिमकूले विष्णुमत्याः पूर्वकूले" अर्थात् वाग्वतीपश्चिम विष्णुमतीपूर्वको क्षेत्रलाई कान्तिपुरमहानगर भनी उल्लेख गरी त्यसैको साथमा गाङ्गुलपट्टनको पनि चर्चा गरिने प्रचलनलाई हेर्दा कान्तिपुरको अर्को नाम गाङ्गुलपट्टन अर्थात् गाङ्गुलपत्तन हो भन्ने देखिन्छ । यस कुरालाई *तलेजुआगम मल्लवंशावली* भनी *हिमवत्खण्ड*मा प्रकाशित पद्यमय *वंशावली*मा पाटनलाई बताउन 'ललितपट्टन' तथा कान्तिपुरलाई बताउन 'गाङ्गुलपट्टन' भनी सम्बोधन गरेकोबाट पनि पुष्ट्याइँ मिल्दछ ।[६५] यसैले गाङ्गुलपत्तनभित्र देवपाटन पर्दथ्यो तर देवपाटन मात्रैको स्वतन्त्र नाम गाङ्गुलपत्तन होइन भन्ने यताबाट स्पष्ट हुन्छ ।

ग्वल, देवपत्तन, देवपाटनले विस्तृत क्षेत्रलाई समेट्दछ । त्यसैले ग्वल, देवपत्तन वा देवपाटनअन्तर्गत अनेक टोल र बस्ती छन् भन्ने स्पष्ट छ । देवपाटनभेगको एउटा ठाउँ लिच्छविकालमा 'नवगृह' नामले प्रसिद्ध थियो । पछि मल्लकालमा पनि 'नवगृह' नाम केही प्रचलित थियो । वि.सं. १८८२ को देवपाटनसँग सम्बद्ध एक पत्रमा 'नवग्रह' नामक टोलको उल्लेख पाइनाले लिच्छविकालमा चलेको 'नवगृह' त्यस वेलाको जनजिब्रोले 'नवग्रह' भनी सम्बोधन गरे पनि लुप्तचाहिँ भइसकेको थिएन भन्ने थाहा हुन्छ ।[६६] देवपाटनलाई कहन मल्लकालमा भनिने 'ग्वल' शब्द लिच्छविकालमा प्रचलित 'नवगृह' बाट बनेको आशय पनि व्यक्त गरिएको पाइन्छ ।[६७] अब यस सम्बन्धमा यहाँ केही विचार गर्नुपरेको छ ।

देवपाटन करेटोलको संवत् ७१ (वि.सं.७०४) को लिच्छवि राजा नरेन्द्रदेवको अभिलेखमा[६८] 'नवगृह' भन्ने एउटा ठाउँको उल्लेख आएकोले त्यस वेला यसभेगमा 'नवगृह' नामको ठाउँ थियो भन्ने कुरा स्पष्ट हुनआएको छ । लिच्छविकालमा नवगृहले कति क्षेत्र ओगटेको थियो ? त्यो स्पष्टसँग भन्न नसकिए पनि लिच्छविकालको शिलालेखमा व्यवहृत भएको नवगृह नाम पछिसम्म प्रचलनमा थियो भन्ने कुरा ने.सं.५२३ (वि.सं.१४५९) मा लेखिएको *नित्याह्निकतिलक*नामक हस्तलिखित ग्रन्थबाट बुझिन्छ ।[६९] त्यहाँ यस्तो उल्लेख पाइन्छ–

"देवपत्तननगरे, श्रीनवगृहस्थाने श्रीयुवुकनिह्मंगृहाधिवास्तव्यश्रीभूतचिकित्सकवैद्यउदयब्रह्मकस्य पुस्तक स्वयमेवार्थेन लिखितमिदं ।

सम्वत् ५२३ कार्त्तिककृष्णचतुर्दश्यां ... नक्षत्रे ... बृहस्पतिवासरे सम्पूर्णमिदम् । राजाधिराजपरमेश्वरेण श्रीमत् श्रीश्रीयुवराजजयधर्ममल्लदेवस्य विजयराज्यै"

अर्थात् देवपत्तन शहरमा श्रीनवगृह भन्ने ठाउँमा श्रीयुवुकुनिह्मं भन्ने घरमा बस्ने भूतचिकित्सक वैद्य उदयब्रह्मले आफ्नै निमित्त सारेको पुस्तक हो ।

---

६१ गौतमवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी २८ सङ्ख्या, २४७ पृष्ठ ।
६२ *ऐजन*, २५४ पृष्ठ ।
६३ *ऐजन*, २५६ पृष्ठ ।
६४ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी ५८ सङ्ख्या, १५८-१५९ पृष्ठ ।
६५ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.) *हिमवत्खण्ड*, प्रथम संस्करण, (काशी योगप्रचारिणी, वि.सं. २०१३), १४७-१५० पृष्ठ ।
६६ श्री ५ राजेन्द्रवीरविक्रम शाहको वि.सं.१८८२ प्रथम श्रावणशुक्ल ८ रोज ७ को लालमोहर । यसको नक्कल मेरो सङ्ग्रहमा छ ।
६७ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, १९ पृष्ठ ।
६८ *ऐजन*, ४७४-४७५ पृष्ठ ।
६९ *बृहत्सूत्रीपत्रम्*, *पूर्ववत्*, पादटिप्पणी ११ सङ्ख्या, २२८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ने.सं. ५२३ (वि.सं. १४५९) कार्तिककृष्ण चतुर्दशी ....नक्षत्र बृहस्पतिवारका दिन राजाधिराज परमेश्वर श्रीश्रीश्रीयुवराज जयधर्ममल्लदेवको विजय राज्यमा।

यसबाट देवपत्तनको एउटा ठाउँको रूपमा 'नवगृह' रहेको थाहा हुन्छ। नवगृह नै देवपाटन नभई त्यसको एक ठाउँ मात्र हो भन्ने कुरा पनि उक्त हस्तलिखित ग्रन्थमा आएको उल्लेखले बताउँछ। यस प्रकार नवगृहको पहिलो उल्लेख आएको करीब ७५५ वर्षसम्म 'नवगृह' नाम ज्यूँका त्यूँ प्रचलनमा रहेको देखिन्छ। देवपत्तन वा देवपाटनको पर्यायवाची नेवारीमा प्रचलित नाम 'ग्वल' भएको कुराको चर्चा माथि गरिसकियो। देवपाटनअन्तर्गत एउटा ठाउँको नाम 'नवगृह' भएको हुँदा 'नवगृह' बाट 'ग्वल' नाम प्रचलित भएको होइन रहेछ भन्ने देखिन्छ। 'नवगृह' प्रारम्भदेखि नै सीमित ठाउँविशेषको नाउँको रूपमा आएको छ भने 'ग्वल' विस्तृत ठाउँलाई ओगट्ने नाउँको रूपमा प्रसिद्ध छ। यो कुरा *गोपालराजवंशावली*को विवरणबाट पनि स्पष्ट हुन्छ –[७०]

"सं. ५०७ फाल्गुणशुक्ल प्रतिपदा, हस्त, वृधि, बुधवार, श्रीग्वलम् नवहरस, ह्नाया पास्यन्ता, लु यिती हायका। श्रीश्रीजयस्थितिराजमलदेव ठाकुरस जजमान जुस्यम् दिवङ्गत श्रीराजलदेवीस उदेशनान" अर्थात् ने.सं. ५०७ (वि.सं. १४४३) फाल्गुनशुक्ल प्रतिपदा बुधबार हस्तनक्षत्र वृद्धियोगको दिन श्रीग्वल (श्रीदेवपाटन) नवहरमा पुरानो धाराको जीर्णोद्धार गराई पानी आउने पारियो। श्रीश्रीजयस्थितिराजमल्लदेव ठाकुर जजमान हुनुभएको थियो। दिवङ्गत श्री-राजल्लदेवीलाई लख गरी सो धारा बनाइएको हो।

यहाँ उल्लिखित 'नवहर' नवगृहको अपभ्रंश तथा 'ग्वल' अन्तर्गतको एक ठाउँ हो भन्ने स्पष्ट रूपमा उल्लेख भएको छ। विक्रमको पन्ध्रौं शताब्दीमा 'नवगृह' यो नाम स्थानीय बोलीचालीको भाषामा रूढ भई प्रचलनमा आउन थालिसकेको थियो। यद्यपि ने.सं. ५२३ (वि.सं. १४५९) को *नित्याह्निकतिलक*नामक हस्तलिखित ग्रन्थमा 'नवगृह' नाम नै पाइन्छ। *गोपालराजवंशावली*को विवरणबाट पनि नवहर वा नवगृह, ग्वल वा देवपाटनको एक भागसम्म मात्र हो भन्ने बुझिन्छ। पछि गएर 'नवहर' नाम नै चलनचल्तीमा देखापर्न थाल्यो। ने.सं. ६६५ (वि.सं. १६०२) को नरेन्द्र मल्लको अभिलेखमा पनि 'नवहर' नै कहिएको छ।[७१] नवगृह, नवहर, नवग्रह आदि नाम आएका अभिलेखहरूको आधारबाट नवगृह, नवहर, नवग्रह हुँदै वर्तमान 'नवाली' बनेको हो। जयवागीश्वरीमन्दिरको पश्चिम, भण्डारखालको उत्तर, कोटुबहालस्थित लामपोखरीदक्षिण र सिफलको पूर्वपट्टिको भाग अहिले 'नवालीटोल' नामबाट प्रसिद्ध छ। यस प्रकार धनवज्र वज्राचार्यले मान्नुभए जस्तो 'नवगृह' बाट ग्वल बनेको होइन। देवपाटनको पश्चिमपट्टिको एक भाग 'नवालीटोल' नामले अद्यापि प्रसिद्ध रहेको तथ्यले पनि उक्त भनाइलाई पुष्टि गर्दछ। साथै देवपाटन र त्यसलाई कहने 'ग्वल' अन्तर्गत 'नवहर' स्थानविशेषको चर्चा नरेन्द्र मल्लको अभिलेख एवं *गोपालराजवंशावली*मा आएको विवरणले पनि नवगृहबाट ग्वल बनेको भन्ने कुरा सिद्ध हुँदैन।

नवालीटोलको देवपाटनमा मनाइने धार्मिक, सांस्कृतिक चाडपर्वमा विशेष महत्त्व छ। 'देशोद्धारपूजा' मा शूद्र वर्णको प्रतिनिधित्व नवालीटोलका सङ्घतहरूले गर्नुपर्ने परम्परा छ। नवालीटोलमा बिस्तारै-बिस्तारै अरू ठाउँबाट बसाइँ आएका मानिसहरू बस्ने क्रम बढ्दै गए पनि यहाँका अधिकांश पुराना बासिन्दाहरू सङ्घतहरू हुन्। सङ्घतहरूको बारेमा ऐतिहासिक दृष्टिकोणबाट अध्ययन गर्नु बाँकी नै छ। तर 'सङ्घ' विशेषका सदस्य वा लिच्छविकालका 'सङ्घ' हरूका आजका सङ्घतहरू सन्तति हुन सक्छन्।[७२] डेनियल राइटले सम्पादन गरेको *वंशावली*मा लिच्छवि राजा शिवदेवले नयाँ बस्ती बसाई त्यस नयाँ टोललाई 'नवटोल' नामकरण गरेको बताइएको

---

७० Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *op.cit.*, foot note no. 17, p. 71 and 119.

७१ शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, ५० पृष्ठ।

७२ गोविन्द टण्डन, "देवपाटनको प्राचीनता र महत्त्व" *नेप्लीज कल्चर*, ६ वर्ष, (वि.सं. २०४४), १८ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ ।[७३] 'नवटोल' भन्नाले 'नवालीटोल' लाई सङ्केत गरेको हो भन्ने कुरा *वंशावली*को विवरणबाट बुझिन्छ । तर त्यसको प्रामाणिकता थाहा पाउने कसी नभएको हुँदा अन्दाजको भरमा यसै निर्क्योल गर्न गाह्रो छ । तर लिच्छविकालिक नाम 'नवगृह' ले पनि कुनै नयाँ भवनविशेषको आधारबाट त्यस ठाउँको नाउँ 'नवगृह' रहन गएको सङ्केत दिन्छ । त्यो 'नवगृह' नामको भवन वा दरबार कुन हो ? निश्चयसाथ भन्न सकिने प्रमाण त अहिले छैन । तर अहिले जहाँ 'पशुपतिअमालकोटकचहरी' रहेको छ त्यो भवन पुरानो दरबार हो, त्यो नौ तले थियो भन्ने जनश्रुति रहेको कुरा आफूले बाबुबाजेबाट सुन्दै आएको भनी अझै केही बूढापाकाहरू भन्दैछन् । यसमा केही सत्यता छ कि भन्ने कुरा यो ठाउँलाई अझैसम्म 'लायकू' अर्थात् दरबार भन्ने चलन एवं दरवारहरूमा आगम देवताको रूपमा पुजेर राख्ने तलेजु उक्त अमालकोटकचहरीको भवनमा रहेकोबाट केही सङ्केत मिल्दछ । त्यस आगमको नित्य-नैमित्तिक पूजा जयवागीश्वरीमा पूजा गर्ने जसको पालो परेको छ तिनै कर्माचार्य पुजारीले गर्दछन् । अहिले अमालकोटकचहरी रहेको घर गौशाला-चाबहिलको मूल बाटो बढाउने क्रममा विस्तार गर्दा झण्डै तीन खण्ड भाग भत्काउनुपरेको थियो । साथै त्यहाँ वि.सं. २०४१ सालमा अमालकोटकचहरी रहेको भवनको पुनर्निर्माण हुनुअघि त्यस भवनको तल्लो तलामा रहेको काठको फलैंचालाई राजाको गद्दी मान्ने प्रचलन थियो । तर अहिले सो फलैंचा देखिँदैन । यी सबै कुरालाई हेर्दा त्यहाँ कुनै दरबार थियो भन्ने सङ्केत मिल्छ । यहाँ नौ तले दरबार भएको कुरा डेनियल राइटले सम्पादन गरेको वंशावलीमा पनि दिइएको छ ।[७४] *गोपालराजवंशावली* एवं प्रचलित *भाषावंशावली*हरूमा देवपाटनको उल्लेख राजधानीकै रूपमा गरिएको तथा प्रारम्भिक मल्लकालसम्म पनि त्यसको केही परम्परा बाँकी थियो ।

प्रारम्भिक मल्लकाल (वि.सं. १२५७-१४३७ आ.) मा दुइ थरी राजवंशको शासन चलेको थियो । दुवै राजवंश गद्दीका समान हकदार थिए । राजा आनन्ददेव (वि.सं. १२०३-१२२४ आ.) ले भक्तपुरमा राजधानी स्थापित गरेदेखि प्रारम्भिक मल्लकालका राजाहरू र त्यसभन्दा अघिका नेपालखाल्डोका शासकहरूको राजधानी भक्तपुरमा थियो तापनि जयभीमदेव र उनका सन्तान एक थरी राजवंशको मूल घर बनेपामा थियो । त्यसकारण सो राजवंश उस वेला 'भ्वन्त' अर्थात् बनेपाली नामले प्रसिद्ध थियो । ती दुवै थरी राजवंशको भिन्नाभिन्नै राजदरवार थियो । बनेपाली वंशका राजा 'त्रिपुर' राजदरवारमा बस्दथे । अर्को थरी राजपरिवारचाहिँ 'युथनिह्मम्' भन्ने राजदरवारमा रहन्थ्यो । ती दुवै राजदरवार भक्तपुरमा थिए । तर ती दुवै राजवंशको राज्याभिषेकसम्बन्धी कामकाज भने देवपाटनको पुरानो राजदरबारमा सम्पन्न गरिन्थ्यो भन्ने कुराको सूचना *गोपालराजवंशावली*ले दिएको छ । बनेपाली राजा जयदेवको 'पट्टबन्धविधान' ने.सं. ३७६ (वि.सं. १३१३) मा 'एन्दल' भन्ने ठाउँमा भएको थियो ।[७५] ने.सं. ७७८ (वि.सं. १७१५) को प्रताप मल्लको पालाको देवपाटन करेटोलको अभिलेखमा 'एन्दकराछेतोर' को उल्लेख आएकोले 'एन्दल' देवपाटनमा थियो भन्ने थाहा हुन्छ । करेटोल अमालकोटकचहरीको उत्तरमा पर्छ । गौतमवज्र वज्राचार्यले पनि एन्दललाई देवपाटनको एक भाग मान्नुभएको छ ।[७६] त्यस ठाउँमा जयदेवको पट्टबन्धसम्बन्धी विधान भव्यसँग सम्पन्न गरिएको थियो । त्यस वेला दुनियाँलाई भोज खुवाइएको थियो । पट्टबन्धको सम्बन्धमा विस्तृत वर्णन *गोपालराजवंशावली*मा उल्लेख गरिएको छ । त्यस्तै ने.सं. ४४० (वि.सं. १३७७) मा जयारि मल्ल (वि.सं. १३७७-१४०१) को अभिषेक पनि देवपाटनमा भएको चर्चा उक्त *वंशावली*मा आएको छ ।[७७] यताबाट देवपाटनमा प्राचीन दरबार भएको र आफ्ना-आफ्ना छुट्टै दरवार भए पनि राज्याभिषेकसम्बन्धी कामहरू भने मूल दरबारमा नै आएर गर्ने चलन भएको देखिनाले

---

७३ Daniel Wright, *op.cit.*, foot note no. 1, p. 74.

७४ ऐनज, ७४-७५ पृष्ठ ।

७५ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *op.cit.*, foot note no. 17, p. 47 and 95.

७६ गौतमवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी २८ सङ्ख्या, १४८ पृष्ठ ।

७७ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *op.cit.*, foot note no. 17, p. 52 and 100.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहिले प्रचलित परम्परा र *वंशावली*ले यहाँ नौ तले दरबार थियो भनी भनेको कुरा ठीक हो भन्ने सङ्केत मिल्दछ। जयदेवको नागपट्टबन्धको विधान मनंटुटि (बनेपा) मा भइसकेर पनि देवपाटनको एन्दलमा पुन: पट्टबन्ध (राज्याभिषेकसम्बन्धी विधान) गरेको[७८] उल्लेखले देवपाटनको महत्त्वबारे अवगत हुन्छ। हुन सक्छ यही परम्परागत कारणले गर्दा पछिल्लो मल्लकालका नरेन्द्रप्रकाश मल्लले देवपाटनमा आई अलग्ग राज्य गरे। पशुपतिनाथको सान्निध्य एवं यहाँ पुरानो दरबार भएको कारणैबाट त्यसो हुनु सम्भव छ। उक्त *वंशावली*मा दुइ ठाउँमा वर्णित जयदेवको पट्टबन्धको सालमिति भिन्ना-भिन्नै छन्। तिनमा पहिलो वि.सं. १३१३ आषाढमा[७९] र दोस्रो सोही वर्षको श्रावण महीनामा[८०] भएका पट्टबन्धका मिति त्यहाँ दिइएका छन्। यसबाट पट्टबन्ध पटक-पटक गरी हुन सक्ने देखिन्छ। मल्लकालिक अभिलेखबाट त्यस वेला पुष्याभिषेक र पट्टाभिषेक गरी दुइ किसिमका राज्याभिषेकसम्बन्धी विधानहरू हुने गरेको देखिन्छ। देवपाटनमा राज्याभिषेकसम्बन्धी काम भएको अरू विवरण नपाइने हुनाले पछि गएर राजतिलकसमारोह आ-आफ्नो दरबारको मूल चोकमा सम्पन्न गर्ने चलन चलेको अवगत हुन्छ। यक्ष मल्लको मृत्युपछि नेपालखाल्डोमा भिन्ना-भिन्नै राज्यको सृजना गरेर राजकाज चल्न थालेपछि आ-आफ्नो राजधानीमा सबै काम हुन थालेकोले पनि देवपाटनको पुरानो दरबारको पहिलेको महत्त्व घट्दै जानु स्वाभाविक थियो। श्री ५ रणबहादुर शाहले यद्यपि राजाकै रूपमा शासन नगरे पनि स्वामी निर्वाणानन्द बनी यहीं बसेर केही समय काम-काज गरेका थिए।

कालान्तरमा देवपाटन अम्बलको प्रशासनसम्बन्धी काम गर्ने पशुपतिअमालकोटकचहरी त्यही पुरानो भवनमा बस्यो। यो घटना कहिलेको हो निश्चित रूपले भन्न सकिन्न। तर अम्बलविशेषका एक उच्च पद 'द्वारे' को उल्लेख वि.सं. १८३७ को अभिलेखमा आएकोले पशुपतिअमालकोटकचहरीको स्थापना त्यसभन्दा अगाडि भएको अनुमान हुन्छ। अहिले केवल पुराना केही परम्पराहरू यहाँ देख्न पाइने, अनुश्रुति सुनिने जस्ता आधारबाहेक दरबारका अन्य समकालिक प्रमाण प्राप्य छैनन्। देवपाटन क्षेत्रमा मनाइने वा गरिने अधिकांश यात्रा (जात्रा) हरू त्यस भवनकै प्राङ्गण भएर लग्नुपर्ने तथा उत्तरपट्टिको चोकको मण्डपमा बिसाउने वा विधिविधान गर्ने परम्परा रहेकोले पनि त्यस भवनको प्राचीन महत्त्वलाई सङ्केत गर्दछ। अर्को उल्लेखनीय कुरा वत्सलेश्वरीको यात्राको दोस्रो दिन पशुपति-अमालकोटकचहरीको पहिले गद्दी भएको मानिने कोठाको झ्यालबाट यात्रामा संलग्न भई बाजा-गाजा बजाउने तथा नाच्नेहरूलाई मूलपुजारीले रुपैयाँ-पैसा हुर्‍याई दिने चलनबाट पनि पुरानो दरबार र रवाफिलो कार्यको सम्झना दिलाउँछ। तर लिच्छविकालिक राजाहरूका आज्ञा, आदेशहरू मानगृह, कैलाशकूटभवन तथा भद्राधिवासभवनबाट प्रसारित भएका प्रमाणहरू पाइने सन्दर्भमा देवपाटनको दरबारको लिच्छविकालिक कुन राजासँग सम्बन्ध हुन सक्छ भन्ने कुराचाहिँ ठोकुवा गरी भन्न सकिन्न। लिच्छविकालको इतिहासको विषयमा वि.सं. १९३७ यताका अध्ययन-अनुसन्धानले निकै कुराहरू थाहा पाइसकिएको छ। कतिपय कुराहरूमा किटेर भन्न सकिने स्थिति भए तापनि अझै थाहा पाउन बाँकी कुराहरू पनि प्रशस्त छन्। वृषदेवभन्दा अगाडिका राजाहरूको बारेमा खुलेर एकातिर भन्न सक्तैनौं भने अर्कोतिर वसन्तदेव (वि.सं. ५६३-५८९ आ.) देखि शिवदेव प्रथम (वि.सं. ६४७-६६१ आ.) सम्मका बाह्र राजाहरू मध्ये कतिको अभिलेखसम्म पाउन सकिएको छैन। मानदेवका बाबु धर्मदेवका केही कीर्तिहरू पाइन्छन्। तर उनी कुन दरबारमा बसी शासन गर्दथे ? त्यो समेत बताउन गाह्रो परिरहेको सन्दर्भमा देवपाटनको पुरानो दरबार कसले बनाएको हो, यसबारेमा अहिले इदमित्थं भन्न सकिन्न। प्रारम्भिक मल्लकालसम्म देवपाटन पर्खालले घेरिएको किल्लाको रूपमा रहेको तथा काठमाडौंखाल्डोका अन्य ठाउँहरूभन्दा लिच्छविकालका कलाकृतिलगायत

---

७८ *ऐजन*, ४७, ९५ पृष्ठ।

७९ *ऐजन*, ४८, ९० पृष्ठ।

८० *ऐजन*।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिलालेखहरूसमेत अधिक मात्रामा यहाँ स्थापित भएको कुरालाई हेर्दा र यो एक किसिमले प्राकृतिक रूपबाट पूर्वमा वाग्वती, पश्चिम र उत्तरमा धोबीखोलाले घेरिएर रहेको अवस्थितिलाई हेर्दा प्राचीन राजधानीमा हुनुपर्ने केही विशेषता देवपाटनमा विद्यमान रहेको देखिन्छ । पशुपतिअमालकोटकचहरीको दक्षिण-पश्चिम दिशामा अवस्थित भण्डारखाल र प्राचीन समयमा यस्ता प्राकृतिक भण्डारहरूमा निहित महत्त्वलाई विचार गर्दा पनि त्यस भेगमा उल्लेखनीय राजप्रासाद रहेको सङ्केत मिल्छ । कुनै हेतु नभईकन 'नवगृह' नाम रहेको छैन । पछि हुने खोज तथा अनुसन्धानहरूले भविष्यमा बढी कुरा प्रकाश पार्नेछन् ।

देवपाटनको धार्मिक-आध्यात्मिक क्षेत्रमा अधिक महत्त्व थियो भन्ने कुरा यहाँ स्थापित मूर्ति एवं मन्दिरहरूबाट बुझिन्छ । यहाँ केवल वैदिक धर्मका मात्र होइनन् बौद्ध धर्मअन्तर्गतका मूर्ति एवं स्तूप, विहार, चैत्य आदि पनि भएका उदाहरणहरूले धार्मिक सद्भावलाई अभिवृद्धि गर्न यस क्षेत्रको अत्यधिक महत्त्व रहेको थियो भन्ने देखिन्छ । लिच्छविकालदेखि नै पशुपतिक्षेत्र 'वनदुर्ग' को रूपमा रहेको र त्यसै अनुकूल राख्न प्रयास गरिएस्वरूप पछिसम्म पनि देवपाटन अर्थात् पशुपतिक्षेत्रलाई वनदुर्गको रूपमा राख्न मदत पुग्ने किसिमका काम भएका उल्लेखहरू पाइन्छन् । यसैको कारण देवपाटन मजबूत किल्लाको रूपमा पनि *वंशावली*हरूमा वर्णित छ । प्रारम्भिक मल्लकालमा देवपाटन पर्खालले घेरिएको थियो । भनिन्छ, यसको चारैतिर चार ढोकाहरू थिए । यद्यपि अहिले सबै चार ढोकाहरू पुरानो ठाउँमा छैनन् । तर पश्चिममा भने ढोकाको अवशेष स्पष्टसँग देख्न पाइन्छ । (चित्र सं. २३८) हुन त त्यो ढोका पछि मात्र बनाइएको हो । यदि यहाँको पुरानो ढोकाको ठाउँमा पछि नयाँ ढोका बनाइएको हो भने देवपाटनको सिमानामा ती ढोकाहरू स्थापित नभई त्यत्तिखेरको शहरी इलाका अर्थात् भित्री भागमा ती ढोकाहरू थिए भन्ने बुझिन्छ । हुन पनि आर्यघाट पुग्दा नपुग्दै वत्सलेश्वरीमन्दिरको प्राङ्गणको पश्चिमपट्टि प्रस्तर ढोकाको सङ्घार रहेको छ । वत्सलेश्वरी-यात्राको क्रममा ती ढोकाहरूलाई महत्त्व दिईकन पूजा-आजा गर्ने परम्परा अहिलेसम्म रहेको देख्दा देवपाटनको भित्री इलाकाको पूर्वपट्टिको ढोका यही नै हुनुपर्ने देखिन्छ । सम्भवत: चारै दिशामा प्रस्तरका सङ्घारयुक्त ढोकाहरू थिए होलान् । जयवागीश्वरीमन्दिरको पश्चिमपट्टि सुन्धारानजीकैको मण्डपमा त्यस्तै किसिमका दुइवटा सङ्घारहरू छन् । आर्यघाटनजीकको माथि उल्लिखित पूर्वपट्टिको ढोकाको सङ्घार र यी दुइ सङ्घारको खापा राखिने खण्डको चौडाइ झण्डै एउटै छ । यसलाई हेर्दा मण्डपमा राखिएका ती सङ्घारहरू चार ढोका नै हुनुपर्दछ । जे होस्, दक्षिण र उत्तरपट्टिका द्वारहरू कहाँ पर्दथे, किटान गरी भन्न सक्ने आधारको भने अभाव छ । ने.सं. ४१० (वि.सं. १३४६) मा कर्णाली प्रदेशका जितारि मल्ल नेपालखाल्डोमा आक्रमण गर्ने उद्देश्यले आउँदा यहाँका प्रसिद्ध मन्दिरहरूमा दर्शन-पूजनको निमित्त गएका थिए । त्यस क्रममा उनी पशुपति पनि गएका थिए । त्यहाँ जाँदा उनी देवपाटनको पश्चिम-पट्टिको ढोकाबाट पसेको विवरण *गोपालराजवंशावली*मा टिपिएको हुनाले देवपाटनमा विभिन्न ढोकाहरू भएको सङ्केत पाइन्छ ।[८१]

प्रारम्भिक मल्लकालमा देवपाटन शक्तिसम्पन्न क्षेत्रको रूपमा देखापर्दछ । मध्यकाल र त्यसभन्दा अगाडिका त्यससम्बन्धी खुलस्त विवरण नपाइने भए तापनि लिच्छविकालमा देवपाटनको स्थिति झल्काउने विभिन्न स्रोतबाट प्राप्त जानकारीको आधारमा माथि सविस्तार वर्णन गरिसकिएको छ । प्रारम्भिक मल्लकालतिर त देवपाटनले अन्य इलाकामा आक्रमण गरेको तथा देवपाटनसँग मिलेर अरू स्थानीय ठाउँहरूमा हमला गरेका विवरणहरू पाइन्छन् । ने.सं. ३५० (वि.सं. १२८६) माघशुक्ल सप्तमीको दिन पाटनमा देवपाटनले घेरा हालेको विवरण *गोपालराजवंशावली*ले दिएको छ ।[८२] सोही *वंशावली*ले ने.सं. ३५२ (वि.सं. १२८८) चैत्रतिर पलाञ्चोकका उदयसिंहदेव र महाथ उदयमाल भाको विरुद्धमा त्रिपुर (भक्तपुर), देवपाटन, बनेपा, नुवाकोट, फर्पिङ्गले एकगठ भएर आक्रमण गरेको बयान दिएको छ, यद्यपि

---

८१ *ऐजन*, ४८, ९६ पृष्ठ ।

८२ *ऐजन*, ४२, ९० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पलाञ्चोकले उनीहरूको संयुक्त प्रयासलाई रोक्यो ।[८३] त्यस वेला अभय मल्लदेव (वि.सं. १२७४-१३१२ आ.) को राज्य थियो । त्रिपुर राजवंश र बनेपाली राजवंशको बीचमा खिँचातानीले गर्दा नेपालखाल्डोमा त्यतिखेर अशान्ति मच्चिइरहेको थियो । त्यसै सन्दर्भमा ने.सं. ४१९ (वि.सं. १३५६) भाद्रशुक्ल त्रयोदशी बुधवारको दिन त्रिपुर, देवपाटन र पाटन मिली यम्बु, यङ्गाल, फर्पिङमा ठाना हाली वंप्याछें (?) मा आक्रमण गरेका थिए । बीचमा के भयो, थाहा हुन सक्तैन । तर ने.सं. ४२७ (वि.सं. १३६३) मा बनेपाली जयशक्तिदेवले उक्त वंप्याछें किल्ला खोले ।[८४] बनेपा र त्रिपुरको राजवंशको आपसी मनमुटावको कारण देवपाटनसमेत प्रभावित भएको थियो । यही कारणले गर्दा करीब ४१ वर्षसम्म बनेपालीहरूलाई देवपाटनमा आउनसमेत बन्द गरिएको थियो । त्यसको खास कारण तात्कालिक शासक अनन्त मल्ल (वि.सं. १३३२-१३६४) बनेपालीद्वारा समर्थित शासक भएकाले हो । यसै कारणले हो कि वि.सं. १३६५ श्रावणकृष्ण त्रयोदशीमा बनेपामा उनको मृत्यु भएपछि चार दिनसम्म दाहसंस्कार हुन सकेन । किनभने देवपाटनले पशुपतिमा ल्याएर अन्तिम संस्कार गर्न अनुमति दिएन । पछि अनुमति दियो तर त्यसपछि बनेपालीहरूलाई पशुपतिमा आउन रोक लगायो । पछि बनेपाली र त्रिपुर राजवंशबीच शान्ति कायम भएपछि जयराजदेवको पालामा ने.सं. ४६८ (वि.सं. १४०५) देखि पुनः बनेपालीहरू देवपाटनमा आउन पाउने भएका हुन् ।[८५] यक्ष मल्लको मृत्युपछि नेपालखाल्डो उनका सन्तानद्वारा टुक्रिएपछि पनि आपसी मनमुटावको कारण भक्तपुर, बनेपा, ललितपुर आदिका बासिन्दाहरूलाई काठमाडौँसँग माथि उल्लिखित राज्यहरूको राम्रो सम्बन्ध हुँदाबाहेक अरू वेला आवत-जावत गर्न बन्द गरिदिएका उल्लेखहरू पाइन्छन् । पछिल्लो मल्लकालमा त सम्बन्ध अझ कटु बनेको थियो । रणजित् मल्लसँगको रीसले जयप्रकाश मल्लले सद्बीज छर्न आउने भक्तपुरेहरूलाई देवपाटनको कोटमा थुनी राखेका थिए ।[८६] पछि श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरणको कार्य प्रारम्भ गरी काठमाडौँ विजय गरेपछि पशुपति र यहाँका अरू तीर्थस्थल, मन्दिर आदिको दर्शन, पूजन गर्न पहिले जस्तो रोकटोक भएन । आ-आफ्नो परम्परा रीति-रिवाजअनुसार पूजा-आजा, तीर्थयात्रा गर्न कसैलाई बन्धेज भएन ।

देवपाटन वैदिक र बौद्ध धर्मावलम्बीहरूको निमित्त एक प्रमुख आराध्यस्थलको रूपमा उहिलेदेखि रहेको छ । किनभने बौद्धनाथ, धन्दोचैत्य जस्ता ऐतिहासिक एवं धार्मिक महत्त्वका प्रसिद्ध स्तूपहरू देवपाटन इलाकाभित्र थिए । साथै कोटुबहाल, चाविहार, मैजुबहाल जस्ता बौद्ध विहारहरू पनि यहाँ थिए । अहिले मैजुबहालको नामसम्म बाँकी छ, विहार पाताल भइसक्यो । कोटुबहालको पनि अवशेषसम्म बाँकी छ । चाविहारको समय-समयमा जीर्णोद्धार भएकोले परिस्कृत रूपको चाविहार अद्यापि छ । यसैको नामबाट त्यस बस्तीको नाम नै चाबहिल भन्ने रहन गयो । *भाषावंशावली*मा अशोककी छोरी चारुमतीले चाबहिल बनाएकीले उनैको नामबाट चाबहिल नाम रहन गएको बताइएको छ । तर यस कुराको पुष्टि गर्ने प्रामाणिक ऐतिहासिक आधारहरू केही पनि नभएकाले त्यस भनाइलाई स्वीकार गर्न सकिने स्थिति अहिले नभएकोबारे माथि चर्चा गरिसकिएको छ । अशोककी छोरीले बनाएको चाबहिल अहिलेसम्म बचेर रहनु सम्भव कुरा छैन ।[८७] ऐ. शि. बाबुराम आचार्यले त्यो विहार प्रताप मल्लको समयमा बनेको मान्नुभएको छ ।[८८] तर प्रताप मल्लको समयभन्दा अगाडि नै त्यसको अस्तित्व देखिने भएकोले उहाँको भनाइलाई मान्न सकिन्न । ने.सं. ४०१ (वि.सं.

---

८३ *ऐजन*, ४८, ९५ पृष्ठ ।

८४ *ऐजन*, ४९, ९७ पृष्ठ ।

८५ *ऐजन*, ६०, १०८ पृष्ठ ।

८६ (क) नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, तेस्रो खण्ड, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२५), ८३२ पृष्ठ ।

(ख) Daniel Wright, *op.cit.*, foot note no. 1, p. 138.

८७ बाबुराम आचार्य, *पूर्ववत्*, पादटिप्पणी ८ (ख) सङ्ख्या, १० पृष्ठ ।

८८ *ऐजन*।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३३७) मा सारिएको *अमरकोष*नामक कोषसम्बन्धी ग्रन्थमा 'चाविहार' को उल्लेख आएको छ ।[८९] त्यस्तै ने. सं. ५३८ (वि.सं. १४७५) माघकृष्ण अष्टमीमा सारिएको *दिव्यौषधिनाममाला* भन्ने हस्तलिखित ग्रन्थमा[९०] चाविहारमा बस्ने शाक्यभिक्षु मदनभद्रको उल्लेख आएकोले चाविहारको निर्माण वि. सं. १३३७ भन्दा अगाडि नै भएको बुझिन्छ । पशुपतिसँग सम्बद्ध विविध पक्षसँग चाविहारको सम्बन्ध रहेको छ ।

नेपालको धार्मिक-सांस्कृतिक पक्षसँग मात्र देवपाटनको टड्कारो सम्बन्ध रहेको नभई राजनीति र इतिहाससँग पनि गहिरो सम्बन्ध छ । हिन्दू धर्मानुयायीहरूका आराध्यदेव पशुपतिनाथको मन्दिरलगायत अन्य कतिपय धार्मिक ऐतिहासिक महत्त्वका देवस्थलहरू रहेकाले देवपाटनको नेपालको सांस्कृतिक इतिहासमा विशिष्ट स्थान छ । यहाँका विभिन्न भग्नावशेष भएका स्थलहरूमा सिलसिलाबद्ध रूपमा वैज्ञानिक ढङ्गले उत्खनन हुन सके धेरै कुराहरू प्रकाशमा आउने निश्चित छ ।

---

८९ (क) *बृहत्सूचीपत्रम्*, कोषविषयको, नवमो भागः, (काष्ठमण्डपः राष्ट्रियाभिलेखालयः, वि.सं. २०२६), ११ पृष्ठ ।

"श्रेयोऽस्तु सम्वत् ४०१ भाद्रपदशुक्लद्वादस्यायां धनेष्ठ-
नक्षेत्रे आदितवासरे । राजाधिराजपरमेश्वरपरमभट्टारिकः ।
श्रीश्रीजयार्जुनदेवस्य विजयराजे लिखितमिति । श्रीमानिग्ला-
स्थानाधिवासिनः चाविहार वैद्यश्रीजसराजनाम्नेन
लिखितम् ।"

(ख) Luciano Petech, *op.cit.*, foot note no. 10, p. 132.

९० Luciano Petech, *op.cit.*, foot note no. 10, p. 132.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वि.सं. २०५२ चैत्र १५ गते ढल खन्ने सिलसिलामा बालश्मशान, गौरीघाटमा प्राप्त पञ्चिक तथा हारितीको मूर्ति, दोस्रो–तेस्रो शताब्दी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चार अध्याय

पशुपतिविवेचना एवं पशुपतिनाथमन्दिरपरिचय

देवाधिदेव महादेव भगवान् पशुपतिनाथ नेपालमा रहनु नेपाल अधिराज्यको राष्ट्रिय गौरव हो । पशुपतिनाथकै कारण यो क्षेत्र स्वधर्मप्रति निष्ठा, सम्प्रदाय-सम्प्रदायबीच सौमनस्य, प्राणीमात्रमा सद्भाव, मानवमात्रमा बन्धुत्व जगाउने प्रेरणाभूमिको रूपमा रहेको छ । प्राचीनकालदेखि नै नेपालीहरूका निमित्त आफ्नो दु:ख-कष्टनिवृत्तिको लागि हात जोड्ने साधनास्थल, दीन-दु:खीका सेवाका लागि हात फुकाउने दानभूमि, पारलौकिक अभ्युदयका लागि यज्ञयागादि गर्ने धर्मभूमि, मानसिक शुद्धि र शान्तिको लागि जप-तप गर्ने साधनाभूमि, स्वरूपसाक्षात्कारका लागि चिन्तन गर्ने पुण्यभूमि, पूर्ण कैवल्यका लागि निर्वाण, निर्गुण चैतन्यमा स्थित रहने मोक्षभूमिको रूपमा प्रसिद्ध रहिआएको छ ।

'पशुपति' शब्दको अर्थलाई हेर्दा यसमा मूर्त तथा अमूर्त तत्त्वहरू पर्न आउँछन् । पशु र पति दुइ शब्दको सन्धिद्वारा 'पशुपति' शब्द बनेको छ । 'पशु' शब्दको व्युत्पत्ति 'दृश्' धातुदेखि पर 'दृशे: कु' सूत्रले 'कु' प्रत्यय गरेर दृश् धातुको पश्य आदेशमा 'क' कारको लोप भएपछि 'उ' शेष रहन्छ । 'य' को पनि लोप भएर 'पश्उ' अर्थात् 'पशु' बनेको छ । 'पशु' शब्दका दुइ अर्थ हुन्छन् - पहिलो हो 'सर्वान् विशेषेण पश्यतीति पशु:' अर्थात् जसले सम्पूर्ण चराचर जगत्लाई आफूभन्दा फरक रूपमा देख्दछ र दोस्रो हो 'सर्वान् अविशेषेण पश्यतीति पशु:' अर्थात् जसले सबै जीव, जगत् र आफूमा भेदभाव नराखी हेर्दछ । यसरी 'पशु' शब्दको एउटा अर्थ ब्रह्मादेखि लिएर सम्पूर्ण पशु, पक्षी-लगायतका जीवात्मा हुन्छ भने अर्कोको अर्थ सर्वव्यापक परमात्मा हुन्छ । यस कुरालाई *शुक्लयजुर्वेद*को निम्नलिखित मन्त्रले स्पष्ट पार्दछ -[१]

अग्नि: पशुरासीत्तेनायजन्त स एतं लोकमजयद्यस्मिन्नग्नि: स ते लोको भविष्यति तं जेष्यसि पिबैता अप: ।
वायु: पशुरासीत्तेनायजन्त स एतं लोकमजयद्यस्मिन्वायु: स ते लोको भविष्यति तं जेष्यसि पिबैता अप: ।
सूर्य्य: पशुरासीत्तेनायजन्त स एतं लोकमजयद्यस्मिन्त्सूर्य्य: स ते लोको भविष्यति तं जेष्यसि पिबैता अप: ।

यस मन्त्रअनुसार अग्नि, वायु, सूर्य आदि पूर्वकालमा 'पशु' बनेका थिए । अतएव चर, अचर सम्पूर्ण प्राणिजगत् नै 'पशु' शब्दको अर्थ भएको तथ्य स्पष्ट हुन आउँछ । यस अर्थमा 'पशु' शब्दको अर्थ जीवात्मा र 'पति' शब्दको अर्थ परमात्मा हो । त्यसो हुँदा "पशून् जीवात्मन: पाति रक्षतीति पशुपति:" अर्थात् जसले सम्पूर्ण जीवात्माहरूको उत्पत्ति, रक्षा र संहार गर्छ ती परमात्माको नाम 'पशुपति' भन्ने कुरा सङ्गत हुन आउँछ । 'पशूनाम् पतय:', 'पश्यन्तीति पशु:' आदि प्रमाणहरूबाट पनि उक्त कुराको पुष्टि हुन्छ ।

'पशु' शब्दको अर्थ स्वयं परमेश्वर हो भन्ने सम्बन्धमा पनि केही चर्चा गर्नुपरेको छ । यस अर्थमा जो विशेष रूपले ज्ञानवान् अथवा ज्ञानस्वरूप हुन्छ, ज्ञानस्वरूप भएर सर्वत्र व्यापक रूपले देख्दछ, त्यसलाई 'पशु' भनिन्छ । त्यसो हुँदा ऋग्वेदको दशौं मण्डलको ९० सूक्तको देहायको पन्ध्रौं मन्त्रमा आएको 'पुरुषं पशुम्' विचारणीय छ -[२]

---

१ स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *शुक्लयजुर्वेदसंहिता*, दोस्रो खण्ड, (बम्बई: गंगेश्वर अन्तरराष्ट्रिय देव मिसन, वि.सं. २०३८), २३।१७, १६१ पृष्ठ ।

२ स्वामी दयानन्द (सम्पा.), *ऋग्वेद*, द्वितीय भाग, (दिल्ली: दयानन्द संस्थान, वि.सं. २०३२), १०।९०।१५, ४६१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधः कृताः ।
देवा यद्यज्ञं तन्वाना अबध्नन्पुरुषं पशुम् ॥

उक्त मन्त्रबाट विराट्पुरुष परमात्मा नै 'पशु' शब्दको वाच्य रहेछ भन्ने अर्थ बुझिन्छ, नत्र 'सहस्रशीर्षा पुरुषः' आदि मन्त्रको अर्थ सङ्गत हुँदैन । सोही मण्डलको सोही सूक्तको पहिलो मन्त्रमा सहस्रौं शिर भएका, सहस्रौं आँखा भएका पुरुषको वर्णन गरेर त्यसपछिको मन्त्रमा 'पुरुषं पशुम्' भनेको छ । यसबाट विराट्पुरुष नै एक अर्थमा 'पशु' शब्दका बोध्य हुन् भन्ने सङ्केत पाइन्छ । *मनुस्मृति*ले पनि परात्पर परब्रह्म अथवा ईश्वर नै 'पुरुष' हुन् भन्ने उल्लेख गरेको छ[३] :-

यत्तत्कारणमव्यक्तं नित्यं सदसदात्मकम् ।
तद्विसृष्टिः स पुरुषो लोके ब्रह्मेति कथ्यते ॥

अर्थात्, सम्पूर्ण सृष्टिको कारण, अव्यक्त, नित्य, सत्-असत्स्वरूप जुन पुरुष त्यसबाट उत्पन्न भए उनलाई संसारमा 'ब्रह्म' भन्छन् । यसरी *ऋग्वेद*को दशौं मण्डलको नब्बेऔं सूक्तको पहिलो मन्त्रमा आएको सहस्रौं शिर भएका पुरुष र 'पुरुषं पशुम्' भन्ने मन्त्रमा आएको 'पुरुष' मनुको वचनानुसार निश्चित ईश्वरवाचक हुन् । उपर्युक्त वचनहरूले एक अर्थमा परमात्मा नै पशु हुन् भन्ने देखिन्छ । त्यसो भए 'पति' को के अर्थ हुन्छ, भन्ने तर्क जरूर उठ्छ । यसलाई जो पति हो त्यही पशु हो, अर्थात् "पशुश्चासौ पतिः इति पशुपतिः" भन्ने विग्रहसाथ सम्पन्न समासले अर्थ स्पष्ट पारिदिन्छ । अतः लीलास्वरूपलाई लिँदा पशुपतिको विग्रह स्वयं नै 'पशु' स्वयं नै 'पति' भन्ने हुन्छ भने जीवात्मा र परमात्माको स्वस्वामिभावसम्बन्धमा चाहिँ 'पशु' भन्नाले विविध पाशहरूबाट बद्ध 'जीवात्मा' र 'पति' भन्नाले निग्रह, अनुग्रह दुवैको सामर्थ्य भएका परात्पर परब्रह्म ईश्वर भन्ने बुझिन्छ । यहाँ प्रतिपाद्य ईश्वर गर्न, नगर्न र अन्यथा गर्न पनि सामर्थ्य राख्दछन्, उनको असीमित शक्ति छ ।

*ऋग्वेद*को पहिलो मण्डलको ११४ औं सूक्तको नवौं मन्त्रमा "उप ते स्तोमान् पशुपा इवाकरम्" भन्ने उल्लेख छ । त्यहाँ वर्णित 'पशुप' शब्द सामान्य गाईवस्तु गोठालादेखि लिएर जीवात्माको रक्षा गर्ने परमात्माको अर्थ हुन्छ । 'पशुप' शब्दको सम्बन्धमा विभिन्न भाष्यकारहरू र टीकाकारहरूको अर्थगराइ भिन्न-भिन्न भए तापनि मूल अभिप्रायलाई भने कसैले छोडेका छैनन् । *यजुर्वेद*को सोन्हौं अध्यायको चालिसौं मन्त्रमा "नमः शङ्गवे च पशुपतये च नमः उग्राय च भीमाय च नमोऽग्रेवधाय च दूरेवधाय च नमो हन्त्रे च हनीयसे च नमो वृक्षेभ्यो हरिकेशेभ्यो नमस्ताराय" अर्थात् कल्याणरूप वाणीमा रहने पशुपतिलाई नमस्कार, पापीहरूप्रति कठोर र भयङ्कर मूर्तिवालालाई नमस्कार, नजिक र टाढाका शत्रुहरूलाई नाश गर्ने, संहार गर्ने र प्रलयमा अतिशय क्रोध गर्ने, पातरूपी हरिया-हरिया कपाल भएका वृक्षको रूपमा प्रकट भएका सबैको उद्धार गर्ने तारकेश्वरलाई नमस्कार भन्दा पशुपतिको पनि उल्लेख आएको छ ।[४] त्यहाँ उल्लिखित 'पशुपति' शब्द परमात्मावाचक छ । *यजुर्वेदको तैत्तिरीयसंहिता*मा परमात्माको अर्थ निर्देश गर्दै मन्त्रले स्पष्ट भनेको छ "नमः शङ्गवे च पशुपतये च" ।[५] त्यस्तै *शतपथब्राह्मण*मा भने "अथ रुद्राय

---

३ पं. गणेशदत्त पाठक (अनु.) *मनुस्मृति*, (वाराणसीः ठाकुरप्रसाद एण्ड सन्स, सन् १९८१), १।११, ३ पृष्ठ ।

४ स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *शुक्लयजुर्वेदसंहिता*, पहिलो खण्ड (बम्बईः गंगेश्वर अन्तरराष्ट्रिय वेद मिसन, वि.सं. २०३७), १०।४०, ४९८ पृष्ठ ।

५ काशीनाथ शास्त्री आगाशे (सम्पा.), *कृष्णयजुर्वेदीय तैत्तिरीयसंहिता*, (पुनाः हरिनारायण आप्टे, सन् १९०१), १।८।६, ११६३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतये" भनी रुद्र र पशुपतिलाई पर्यायवाची मानेको छ।[६] अतएव वेदहरूमा रुद्र नामबाट सम्बोधित पुरुष निश्चित पनि पशुपति नै हुन् भन्ने देखिन्छ। उनै रुद्र, शिव, महादेव, शङ्कर पनि हुन्। यस प्रकार अनेक शास्त्रहरूमा र प्राचीन वैदिक वाङ्मयहरूमा पशुपति शब्दको अर्थ र प्राचीन इतिहास निहित छ।

*पुराण*हरूमा 'अक्षर' लाई 'पशु' र क्षरलाइ 'पाश' बताइएको छ। त्यसो हुँदा क्षर र अक्षर यी दुवैको सङ्गमन गर्नेलाई पति भनिन्छ। *पुराण*मा क्षर र अक्षरको व्याख्या गर्दै क्षरलाई प्रकृति र अक्षरलाई पुरुष भनी बताइएको पनि पाइन्छ। ती दुवैलाई प्रेरणा दिने जो परात्पर परब्रह्म परमेश्वर छन् तिनैलाई 'पशुपति' भनिन्छ। अर्को शब्दमा ब्रह्मादेखि लिएर चराचर जगत्का सम्पूर्ण प्राणीहरू पशु हुन् र यो जगत् जसको वशमा छ, जसले यसलाई शासन गरेर राख्छन् तिनै 'पशुपति' हुन्। उनैले मल, मायादि पाशले जीवात्मारूपी पशुलाई बाँधेका छन्। ज्ञान भएपछि त्यसलाई फुकालेर रक्षा गर्ने भएको हुनाले पनि उनलाई पशुपति भनिएको हो। यस सम्बन्धमा *शिवपुराण*मा भनिएको छः-[७]

अक्षरं पशुरित्युक्तः क्षरं पाश उदाहृतः।
क्षराक्षरपरं यत्तत्पतिरित्यभिधीयते ॥

अर्थात् अक्षरको नाम पशु हो, त्यो नै जीव हो तथा ब्रह्मज्ञानबाट पाश प्रकृतिको कारण क्षरण हुने भएकोले यसलाई क्षर भनिन्छ। जुन क्षराक्षरबाट भिन्न छ त्यो पति हुन्छ। क्षर तथा अक्षरको सम्बन्धमा स्पष्ट पार्दै त्यहाँ बताइएको छः-[८]

प्रकृतिः क्षरमित्युक्तं पुरुषोऽक्षर उच्यते।
ताविमौ प्रेरयत्यन्यस्स परः परमेश्वरः।

अर्थात्, प्रकृति 'क्षर' हो, पुरुष 'अक्षर' हो। ती दुवैलाई प्रेरणा गर्ने ती दुवैभन्दा पर परमेश्वर छन्। ती परमेश्वर को हुन् भन्ने सम्बन्धमा *शिवपुराण*मा यसरी स्पष्ट पारिएको छः-

ब्रह्माद्याः स्थावरांताश्च देवदेवस्य शूलिनः।
पशव : परिकीर्त्यन्ते संसारवशवर्तिनः ॥
तेषां पतित्वाद् देवेशः शिवः पशुपतिः स्मृतः।
मलमायादिभिः पाशैः स बध्नाति पशून्पतिः ॥

---

६ आचार्य सत्यव्रत सामश्रमी (सम्पा.), *शतपथब्राह्मण*, भाग ५, काण्ड ५, (कलकत्ता: दि एसियाटिक सोसाइटी अफ बङ्गाल, सन् १९०७), ५।३।३।७, १९२ पृष्ठ।
"अथ रुद्राय पशुपतये रौद्रं गावेधुक चरुं निर्व्वपति। तदेनं रुद्रं एव पशुपतिः पशुभ्यः सुवत्यय यद् गावेधुको भवति वास्तव्यो वाऽएष देवो वास्तव्या गवेधुकास्तस्माद् गावेधुको भवति।"

७ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *शिवपुराण*, वायवीय संहिता, पूर्व खण्ड, (बम्बई: खेमराज श्रीकृष्णदास, वि.सं. २०४२), ५।१४।

८ *ऐजन*, ५।१६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात्, ब्रह्मादेखि लिएर संसारवर्ती सबै जीव उनै शूलधारी देव-देवका पशु बताइन्छन् । ती पशुहरूका स्वामी भएकाले उनी देव-देव पशुपति कहिन्छन् । ती प्राणीहरूलाई भगवान् पशुपतिले मल र माया आदि पाशहरूद्वारा बन्धनमा पार्दछन् । यस प्रकार भगवान् पशुपति जगत्उद्धारक हुन् । उनको प्रसन्नतामा भुक्ति मुक्ति दुवै प्राप्त हुन्छन् । उनको कृपाले कर्मबन्धनरूपी पाशबाट पशु (जीव) ले छुटकारा पाउँछन् ।[९] वेदमा ठाउँ-ठाउँमा पशुपतिपरक मन्त्रहरू आएका छन् । *यजुर्वेद*मा यस्तो उल्लेख पाइन्छः-

"नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च" [१०]

"नमः शङ्कराय च पशुपतये च नमः" [११]

"रुद्राय पशुपतये कर्णा यामा अवलिप्ता रौद्रा नभोरूपा पार्जन्याः" [१२]

"भवस्य कण्ठ्यं रुद्रास्यान्तःपाश्र्व्यं महादेवस्य यकृच्छर्वस्य वनिष्ठुः पशुपतेः पुरीतत्" [१३]

त्यस्तै *अथर्ववेद*मा पनि यस्ता निकै उल्लेखहरू पाइन्छन्:-

"य ईशे पशुपति पशूनां चतुष्पदामुत यो द्विपदाम् ..." [१४]

"भूतपती पशुपती नमो वाम् ...." [१५]

"मक्षिकास्ये पशुपते ...." [१६]

"मुखाय ते पशुपते ...." [१७]

"चतुर्नमो अष्टकृत्वो भवाय दशकृत्वः पशुपते नमस्ते" । [१८]

"सनो मृड पशुपते नमस्ते" [१९]

"तव यक्षं पशुपते नमस्ते......" [२०]

"पशुपतिर्बभूय ...." [२१]

---

९ *ऐजन*, वायुसंहिता, उत्तर खण्ड, २ । ११-१२ ।

१० स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ४ सङ्ख्या, १६।२८, ४९२ पृष्ठ ।

११ *ऐजन*, १६।४०, ४९८ पृष्ठ ।

१२ स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, २४।३, १८३ पृष्ठ ।

१३ *ऐजन*, ३९।९, ४६१ पृष्ठ ।

१४ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.) *अथर्ववेदभाष्यम्*, द्वितीयकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७२), २।३४।१, १७५ पृष्ठ ।

१५ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्*, एकादशकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७४), ११।२।१, २४७३ पृष्ठ ।

१६ *ऐजन*, ११।२।२, २४७४ पृष्ठ ।

१७ *ऐजन*, ११।२।५, २४७६ पृष्ठ ।

१८ *ऐजन*, ११।२।९, २४७९ पृष्ठ ।

१९ *ऐजन*, ११।२।११, २४८१ पृष्ठ ।

२० *ऐजन*, ११।२।२४, २४९० पृष्ठ ।

२१ *ऐजन*, ११।२।२८, २४९३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.१ वैदिक वाङ्मयमा भगवान् पशुपति

भगवान् पशुपतिको वास्तविक स्वरूप जान्नको लागि वैदिक रुद्रबारे थाहा पाउनु आवश्यक छ । वेदहरूमा रुद्रको गणना आकाशका देवताहरूमा गरिएको पाइन्छ । यसै कारणले गर्दा कसैले रुद्रलाई घना बादलमा चम्कने बिजुली, त्यसको साथमा हुने घनघोर गर्जन र वर्षालाई मानेका छन् ।[२२] रुद्रको विशेष अस्त्र धनुष हो । त्यस धनुषबाट जुन बाण उनी छोड्छन्, त्यसले पशु र मानिस दुवैको संहार गर्दछ ।[२३] रुद्रका विविध उपाधिहरू ऋग्वेदमा पाइन्छन् । तिनीहरू हुन् गोघ्न, नृघ्न, क्षयद्वीर,[२४] कपर्दिन्[२५] (जटाजूटधारी), दिवोवराह,[२६] कल्पलीकिन[२७] आदि । ती उपाधिहरूले रुद्रको रौद्ररूपको प्रतिनिधित्व गर्दछन् । रुद्रको रौद्र र सौम्य दुवैको प्रसिद्धि वेदमा पाउँछौं । सौम्य रूपमा उनलाई 'महाभिषक' अर्थात् जसको औषधि ठण्डा र व्याधिनाशक छ भनी उल्लेख गरेको पाइन्छ । यस रूपमा रुद्रको सम्बन्ध उर्वरता, वन-वनस्पतिसँग भएको आभास मिल्दछ । सन्तानको अभिवृद्धिको लागि पनि उनलाई ठाउँ-ठाउँमा प्रार्थना गरिएको पाइन्छ ।[२८] यस प्रसङ्गमा उनको 'वृषभ' उपाधि सार्थक देखिन्छ ।

रुद्रको सादृश्य वेदमा विभिन्न देवताहरूको साथ गरिएको पाइन्छ । ऋग्वेदका कतिपय सूक्तमा रुद्रलाई सोमको साथ आह्वान गरिएको छ ।[२९] यसबाट रुद्र र सोमबीच गहिरो सम्बन्ध भएको बुझ्न सकिन्छ । तर दुइ देवताहरूको

---

२२ डा. यदुवंशी, *शैव मत*, प्रथम संस्करण, (पटना: विहार राष्ट्रभाषा परिषद्, वि.सं. २०१२), २-३ पृष्ठ ।

२३ Max Muller (Ed.), *Rigveda Samhita*, Vol. 2, (London: W.H.Allen and Co., 1854 A.D.), 2.33.10 and 4. 46.1, pp. 579, 710.

(क) अर्हन् बिभर्षि सायकानि धन्वार्हन्निष्कं यजतं विश्वरूपम् ।
अर्हन् इदं दयसे विश्वम् अभ्वं, न वा ओजियो रुद्र त्वदस्ति ॥

(ख) इमा रुद्राय स्थिरधन्वने गिरःक्षिप्रेषवे देवाय स्वधाव्ने ।
अषाल्हाय सहमानाय वेधसे, तिग्मायुधाय भरता शृणोतु नः ॥

२४ Max Muller (Ed.) *Rigveda Samhita*, Vol. 1, (London:W.H.Allen & Co., 1849 A.D.), 1.114.10, p. 911.
आरे ते गोघ्नमुत पुरुघ्नं, क्षयद्वीर सुम्नं अस्मेते अस्तु ।
मृला च नो अधि च ब्रुहि देवाधा च नः शर्म यच्छ द्विवही ॥

२५ *Ibid.*, 1.114.1, p. 904.
इमा रुद्राय तवसे कपर्दिने क्षयद्वीराय प्रभरामहे मतीः ।
यथा शम् असद्द्विपदे चतुष्पदे, विश्वं पुष्टं ग्रामे अस्मिनातुरम् ॥

२६ *Ibid.*, 1. 114.5, p. 907.
दिवो वराहम् अरुषं कपर्दिनं, त्वेषं रूपं नमसा निह्वयामहे ।
हस्ते विभ्रद्र भेषजा वार्याणि शर्म वर्म छर्दिरस्मभ्यं यंसत् ॥

२७ Max Muller (Ed.), *op.cit.*, foot note no. 23, 2.33.8, p. 578.
प्रबभ्रवे वृषभाय श्वितीचे, महो महीं सुष्टुतिमीरयामि ।
नमस्या कल्पलीकिनं नमोभिर्गृणीमसी त्वेषं रुद्रस्य नाम ॥

२८ Max Muller (Ed.), *op.cit.*, foot note no. 24, 1.43.6, p. 409.
शं नः करत्यर्वते सुगं भेषायमेष्ये नृभ्यो नारिभ्यो गवे ।

२९ Max Muller (Ed.), *Rigveda Samhita*, Vol. 3, (London: W.H.Allen & Co., 1856 A.D.), 6.74.1, 6.74.2, 6.74.3, 6.74.4, pp. 890-891.

(क) सोमारुद्रा धारयेथाम् सूर्य प्रवामिष्टयोऽरमश्नुवंतु ।
दमेदमे सप्तरत्ना दधाना शं नो भूतं द्विपदे शं चतुष्पदे ।

(ख) सोमारुद्र वि वृहतं विषूचीममीवा या नो गयमाविवेश ।
आरे बाधेथां निर्ऋतिं पराचैस्मे भद्रा सौश्रवसानि संतु ॥

(ग) सोमारुद्रा युवमेतान्यस्मे विश्वा तनूषु भेषजानि धन्तं ।
अवस्यतं मुंचतं यन्नो अस्ति, तनूषु बद्धं कृतमेनो अस्मत् ॥

(घ) तिग्मायुधौ तिग्महेती सुशेवौ सोमारुद्राविह सु मृलतं नः ।
प्रनो मुञ्चन्तं वरुणस्य पाशाद् गोपायतं नः सुमनस्यमाना ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकसाथ उल्लेख पाइनु नौलो कुरा भने होइन । सोमको इन्द्र, अग्नि र पूषाको साथ पनि आह्वान पाइन्छ । रुद्र र अग्निबीच पनि तादात्म्य पाइन्छ । अग्निलाई अनेक पटक *ऋग्वेद*मा रुद्र भनिएको छ ।[३०] रुद्रलाई 'मेधापति' को उपाधि दिइएको छ ।[३१]

*अथर्ववेद*मा रुद्रको विनाशकारी स्वरूपमा अधिक जोड दिइएको छ । उनको शर विषालु हुन्छ, रोग व्याधि फैलिन्छ, प्राणीमात्र त्यसबाट डराउँछन् भन्ने चर्चा त्यहाँ गरिएको छ ।[३२] त्यसैले रुद्रसँग प्रार्थना गर्दै उनको शर आफूमाथि नआओस् बरु शत्रुमाथि लागोस् भनिएको पाइन्छ ।[३३] *अथर्ववेद*को एक मन्त्रमा रुद्रलाई 'भीमं राजानम्' (आतङ्ककारी नृपति) र 'उपहन्तु' (विध्वंसक) भनिएको छ ।[३४] *अथर्ववेद*मा पहिलो पटक रुद्रलाई 'पशुपति' भनी पशु-वृद्धिको लागि प्रार्थना गरिएको उल्लेख छ ।[३५] *ऋग्वेद*मा भन्दा *अथर्ववेद*मा रुद्रको ख्याति र शक्तिको उत्कर्ष अधिकतर पाइन्छ । *अथर्ववेद*मा नै रुद्रलाई 'महादेव' उपाधि दिइएको छ । केही मन्त्रमा रुद्रलाई 'सहस्राक्ष' (सहस्रौँ आँखा भएका) भनिएको छ ।[३६] *ऋग्वेद*मा यो उपाधि साधारणतया वरुणलाई दिइएको पाइन्छ ।[३७] भव र शर्व रुद्रकै नाम हुन् भन्ने चर्चा *अथर्ववेद*मा पाइन्छ ।[३८] कसैले भव र शर्व पहिले स्वतन्त्र अस्तित्वका देवता थिए, पछि रुद्रको महत्त्व बढ्दै गएपछि साना-तिना देवताहरूलाई उनले आफूमा विलीन गराए भनेर विचार व्यक्त गरेको पाइन्छ ।[३९]

---

३० Max Muller (Ed.), *op.cit.*, foot note no. 23, 2.1.6, 3.2.5.
(क) त्वम् अग्ने रुद्रो असुरो महो दिवस्त्वं शर्धो मारुतं पृक्ष ईशिषे ।
त्वं वातैररुणैर्यासि शंगयस्त्वं पूषा विधतः पासिनुत्मना ॥
(ख) अग्निं सुम्नाय दधिरे पुरो जना वाजश्रवसमिह वृक्तबर्हिषः ।
यतस्रुचः सुरुचं विश्वेदेव्यं रुद्रं यज्ञानां साधद् इष्टिमपसाम् ॥

३१ Max Muller (Ed.), *op.cit.*, foot note no. 24, 1. 43.4.
गाथपतिं मेघपतिं रुद्रं जलाषभेषजम् तच्छंयोः सुम्नम् ईमहे ।

३२ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्*, षष्ठकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७३), ६।९०।१, १३८९ पृष्ठ ।

३३ (क) पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्*, सप्तमकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वायपेजी, वि.सं. १९७३), ७।७५।१, १६८५ पृष्ठ ।
विश्वरूपां सुभगामच्छावदामि जीवलाम् ।
सानो रुद्रास्यास्तां हेतिं दूरं नयतु गोभ्यः ॥
(ख) पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १५ सङ्ख्या, ११।२।२६, २४९२ पृष्ठ ।
मा नो रुद्र तक्मना मा विषेण मा नः संस्रा दिव्येनाग्निना ।
अन्यत्रास्मद विद्युतं पातयैताम् ।

३४ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्*, अष्टादशकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७६), १८।१।१०, ३३४६ पृष्ठ ।

३५ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्*, पञ्चमकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी वि.सं. १९७२), ५।२४।१२, ११०९ पृष्ठ ।
मरुतां पिता पशूनामधिपतिः सः ।

३६ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३३ (ख), सङ्ख्या ११।२।७, २४७७ पृष्ठ ।
अस्रा नीलशिखण्डनं सहस्राक्षेण वाजिनां रुद्रेणार्धकघातिना तेन मा समरामहि ।

३७ स्वामी दयानन्द (सम्पा.), *ऋग्वेद*, प्रथम भाग, (दिल्ली): दयानन्द संस्थानः वि.सं. २०३२), ५।५०।१०, पृष्ठ ४८९ ।

३८ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी सङ्ख्या ३३ (ख), ११।२।१, पृष्ठ २४७३ ।
भवाशर्वौ मृडतं माभि यातं भूतपती पशुपती नमो वाम् ।
प्रतिहितामायतां मा वि स्राष्टं मा नो हिंसिष्टं द्विपदो मा चतुष्पद ।

३९ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, १० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*यजुर्वेद*मा रुद्रको भयावह रूप कायमै रहेको पाइन्छ । त्यहाँ रुद्रलाई एक ठाउँमा 'क्रिवि' अर्थात् ध्वंसक बताइएको छ ।[४०] साथै उनका प्रशंसासूचक उपाधिहरू पनि त्यहाँ पाइन्छन् । आफ्ना भक्तहरूलाई उचित र सुमार्गमा अग्रसर गर्न त्यहाँ प्रार्थना गरिएको छ ।[४१] भिषक् रूपमा पनि उनको स्मरण गरिएको छ र मनुष्य र पशुहरूका लागि स्वास्थ्यप्रद भेषज दिनको लागि उनीसँग अनुरोध गरिएको छ ।[४२] *यजुर्वेद*मा रुद्रको 'पशुपति' रूप अझ बढी स्पष्टिन गयो ।[४३] *यजुर्वेद*मा पहिलो पटक 'शिव', 'शिवतर', आदि नामले रुद्रलाई पुकारिएको पाइन्छ । त्यहाँ 'गिरिशतं', 'गिरित्र', 'गिरिश', 'गिरिचर', 'गिरिशय' आदि उपाधिहरू रुद्रलाई दिएको देखिनाले पर्वतसँग उनको सम्बन्ध स्थापित गराएको बुझिन्छ । उनी समाजका सबैका पूज्य मानिएका छन् । त्यसैले अहिलेसम्म पनि रुद्रको माहात्म्य पाठ गर्दा उनलाई 'स्तेनानां पतिः' (चोरहरूका स्वामी), 'वंचकः' (ठग), 'स्तायूनां पतिः' (ठगहरूका स्वामी), 'तस्कराणां पतिः' (तस्करका मालिक) आदि भनी प्रार्थना गरिएको पाइन्छ । त्यस्तै 'व्रात', 'व्रातपति', 'तक्षक रथकार', 'कुलाल', 'कर्मकार', 'निषाद', 'पुञ्जिष्ठ', 'श्वनि' (कुकुर पाल्ने), मृगायु (व्याधा) आदिको पनि उल्लेख पाइन्छ जसबाट उनीहरूका पनि आराध्यको रूपमा रुद्र रहेको देखिन्छ । उनलाई 'त्र्यम्वक' भनी उल्लेख गरेको पाइन्छ । त्र्यम्बकको अर्थ कसैले तीन नेत्र भएको, कसैले तीन वाबु भएको भनी बताएको पाइन्छ ।[४४] वास्तवमा त्यसले तीनै लोकका पिता या स्वामीको रूपमा रुद्रलाई इङ्गित गरेको छ ।

*ब्राह्मणग्रन्थ*हरूमा रुद्रको पद अधिक उच्च भयो । देवताहरूसमेत उनीदेखि डराएको चर्चा *ब्राह्मणग्रन्थ*हरूमा उपलब्ध छ ।[४५] उनलाई पशुपति[४६] भनी पशुहरू उनकै नियन्त्रण र संरक्षणमा रहेको पनि बताइएको छ ।[४७]

---

४० स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ४ सङ्ख्या, १०।२०, २८२ पृष्ठ ।
रुद्र यत्ते क्रिविः परं नाम तस्मिन् हुतमस्यमेष्टमसि स्वाहा ।

४१ काशीनाथ शास्त्री आगाशे (सम्पा.), *कृष्णयजुर्वेदीय तैत्तिरीयसंहिता*, (पुनाः हरिनारायण आप्टे, सन् १९००), १।२।४, २६४ पृष्ठ ।
रुद्रस्त्वाऽवर्तयतु मित्रस्य पथास्वस्ति सोमसखा पुनरेही सहरय्या ।

४२ काशीनाथ शास्त्री आगाशे (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५ सङ्ख्या, १।८।६, ११६३ पृष्ठ ।

४३ स्वामी गोविन्दानन्द, प्रेमाचार्य शास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, २४।३ १८३ पृष्ठ ।
रुद्राय पशुपतये कर्णायामा अवलिप्ता रौद्रा नभोरूपा पार्जन्याः ।

४४ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, १७ पृष्ठ ।

४५ पं. गंगाप्रसाद उपाध्याय (अनु.) *शुक्लयजुर्वेदीय शतपथब्राह्मण*, द्वितीय भाग, (दिल्लीः गोविन्दराम हासानन्द, सन् १९८८), ९।१।१।१, ४८८ पृष्ठ ।
अथातः शतरुद्रियं जुहोति । अत्रैष सर्वोऽग्निः संस्कृतः स एषोऽत्र रुद्रो देवता । तस्मिन् देवा एतममृतं रूपमुत्तम् अद्धुः । स एषोऽत्र दीप्यमानोऽतिष्ठद् अन्नम् इच्छमानस् तस्माद्देवा अभिभयुर्यद् वै नोऽयं न हिंस्याद् इति...स एव शतशीर्षा रुद्रः समभवत् सहस्राक्षः शतेषुधिरथ य अन्या विप्रुसोऽपातंस्त असंख्यात सहस्राणीमाल्लोकान् अनुप्राविशंस्तद् यद् रुदितात् सम भवंस्तस्माद् रुद्रः सोऽयं शतशीर्षा रुद्रः....।

४६ आचार्य सत्यव्रत सामश्रमी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ६ सङ्ख्या, ५।३।३।७, १९२ पृष्ठ ।
अथ रुद्राय पशुपतये रौद्रं गावेधुकं चरुं निर्व्वपति । तदेनं रुद्रं एव पशुपतिः पशुभ्यः सुवत्यथ यद् गावेधुको भवति वास्तव्यो वाऽएष देवो वास्तव्या गवेधुकास्तस्माद् गावेधुको भवति ।

४७ आचार्य सत्यव्रत सामश्रमी (सम्पा.), *शतपथब्राह्मण*, ६ भाग, ६ काण्ड, (कलकत्ताः दि एसियाटिक सोसाइटी अफ बङ्गाल, सन् १९०८). ६।३।२७, १७० पृष्ठ ।
सोऽश्वमुत्क्रामयति । प्रतूर्वन्नेह्यवक्रामन्नशस्तिरिति पाप्मा वा अशस्तिस्त्वरमाण एह्यवक्रामन् पाप्मानम् इत्येतद् रुद्रस्य गाणपत्यं मयो भुरेउहीति रौद्रा वै पशवो या ते देवता तस्यै गाणपत्यं मयोभुरेही त्येतद् एनमश्वेनान्विच्छति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुहरू रुद्रको सम्पर्कमा नजाऊन् भनी त्यहाँ ठाउँ-ठाउँमा प्रार्थना गरिएको पाइन्छ ।[४८] रुद्रलाई स्पष्ट रूपमा 'घोर' र 'क्रूर' बताइएको छ ।[४९] *ब्राह्मणग्रन्थ*मा उत्तर अथवा उत्तर-पूर्व दिशालाई रुद्रको आवासस्थल बताएको पाइन्छ ।[५०]

*ब्राह्मणग्रन्थ*हरूमा रुद्र प्रमुख देवताको रूपमा देखापर्छन् । कर्मकाण्डहरूमा पनि उनलाई प्रमुखता दिन थालियो । उनले 'महादेव' 'देवाधिपति' को रूपमा स्थान पाएका छन् ।[५१] *जैमिनीय ब्राह्मण*मा देवताहरूले प्राणीमात्रको कर्महरूको अवलोकन गर्ने र धर्मका विरुद्ध आचरण गर्नेलाई विनाश गर्ने उद्देश्यबाट रुद्रको सृष्टि गरेको बताइएको छ । रुद्रको यस नैतिक उत्कर्षको कारण उनको महत्त्वमा वृद्धि हुँदै गयो । तिनै कारणहरूले परमपरमेश्वर पनि मानिए । प्रजापतिले सरस्वतीप्रति गरेको अगम्यागमनको दण्ड दिन रुद्रलाई नियुक्त गरेर दण्ड दिएपछि देवताहरूले रुद्रलाई पारितोषिकस्वरूप केही दिन खोज्दा रुद्रले विश्वका सम्पूर्ण कुराहरू आफ्नो बताए ।[५२] *ब्राह्मणग्रन्थ*हरूमा रुद्रको जन्मको सम्बन्धमा विविध चर्चा पाइन्छ । *कौषीतकिब्राह्मण*मा रुद्रको जन्म अग्नि, वायु, आदित्य र चन्द्रमस् (चन्द्रमा) को बीजबाट भएको बताइएको छ, जो स्वयं प्रजापतिद्वारा उत्पन्न गरिएका थिए ।[५३] *शतपथब्राह्मण*मा रुद्रलाई संवत्सर र उषाको मिलनबाट उत्पन्न भएको बताइएको छ ।[५४] *जैमिनीय ब्राह्मण*को एक ठाउँमा भनिएको

---

४८ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, परिशिष्ट खण्ड, २०६ पृष्ठ ।
नेरू रुद्रेणे यजमानस्य पशून् प्रवृहाजनीति स्वाहा ...... - *कौषीतकि* ब्राह्मण ३।४

४९ नारायण शास्त्री (सम्पा.), *तैत्तिरीयब्राह्मणम्*, प्रथमो भागः, (पुनाः हरिनारायण आप्टे, सन् १८९८), १।६।१०।३-५, ३०२ पृष्ठ ।
अन्तत एव रुद्रं निखदयते । एष ते रुद्र भाग·: सह स्वस्रम्बिकयेत्याह ।
शरद्वास्याम्विका स्वसा । तया वा एष हिनस्ति यं हिनस्ति ।
तयैवैनं सह शमयति । भेषजं गव इत्याह । यावन्त एव ग्राम्या :
पशवः । तेभ्यो भेषजं करोति । अवांम्ब रुद्रम् इदमित्याह् ।

५० नारायण शास्त्री (सम्पा.), *तैत्तिरीयब्राह्मणम्*, द्वितीयो भागः, (पुनाः हरिनारायण आप्टे, सन् १८९८), ३।२।५ ९२० पृष्ठ ।
रुद्रस्य हेतिः परिणो वृणक्त्वित्याह रुद्रदेवैनास्त्रायते ।

५१ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, २०७ पृष्ठ ।
पशून् पञ्चमेनाह्नाप्नुवन्ति पंक्ति छन्दस्त्रिणवं स्तोमंशक्कासामार्वाचीं
दिशं हेमन्तम् ऋतूनां मरुतो देवान् देवयजतं रुद्रमधिपतिम् । - *कौषीतकि* ब्राह्मण २३।३

५२ *ऐजन*, पृष्ठ २०६ ।
तं स्वर्यन्तो ब्रुवन्ने तत् ते ब्राह्मण सहस्रम् इति तदेनं समाकुर्वेणं
पुरुषः कृष्णस्वाष्युत्तरत उपोत्यायाश्रावीन् मम वा इदं ममै
वै वास्तुहम् इति ... तं पिताब्रवीत् तस्यैव पुत्रक तत् तत्
तु स तुभ्यं दास्यतीति । - *ऐतरेय* ब्राह्मण ५।२२।९

५३ *ऐजन*, पृष्ठ २०६ ।
प्रजापतिः प्रजाकामस्तपो ऽतप्यत । तस्मात् तप्तात् पञ्चाजायंत
अग्निर् वायुर् आदित्यश्चन्द्रमा उषा पञ्चमी । ....उषाः
प्राजापत्यायाप्सरो रूपं कृत्वा पुरस्तात् प्रत्युदैत् । तस्याम्
एषां मनः समपतत् । ते रेतोऽसिञ्चन्त । ते प्रजापतिं पितरम्
एत्याब्रुवन् रेतो वैऽसिञ्चामह इदं नो मा अमुया भूद् इति । - *कौषीतकि* ब्राह्मण ६।१

५४ आचार्य सत्यव्रत सामश्रमी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ४७ सङ्ख्या, ६।१।३।७-८ ४० पृष्ठ ।
संवत्सरायादीक्षन्त भूतानां पतिर्गृहपतिरासीद उषाः पत्नी ।
तद् यानि तानि भूतानि ऋतवस्तेऽथ यः स भूतानःपतिःसंवत्सरः
सोऽथ यः सोषाः पत्न्यौषसि स तानीमानि भूतानि भूतानां
च पतिः संवत्सर उषसि रेतोऽसिंचन्त्स संवत्सरे कुमारोऽजायत
सोऽरोदीत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ कि यज्ञमा जाँदा देवताहरूले आफ्ना क्रूर अंशहरू अलग गरे र तिनै क्रूर अंशबाट रुद्रको उत्पत्ति भयो ।[५५]

*उपनिषद्*कालमा आइपुग्दा रुद्रको अझ बढी उत्कर्ष भएको पाइन्छ । अब रुद्रलाई ईश, महेश्वर, शिव, ईशान आदि विविध नामले पुकारिन थालियो ।[५६] उनी योगीहरूका ध्यानको विषय बने । साथै स्रष्टा, ब्रह्म र परमात्मा मानिए ।[५७] एक ठाउँमा उनको प्राचीन उग्र रूपको पनि स्मरण गरिएको छ जसबाट उनी तिनै रुद्र हुन् भन्ने बुझिन्छ, जसको *संहिता, ब्राह्मणग्रन्थ*हरूमा उल्लेख पाइन्छ ।[५८] *उपनिषद्ग्रन्थ*हरूको परिशीलनबाट रुद्रको सम्बन्ध दार्शनिक, विचारधारा र योगाभ्यासको साथ भएको पाइन्छ, जुन *उपनिषद्*का ऋषिहरूको आध्यात्मिक उन्नतिको एक मात्र साधन मानियो । *श्वेताश्वतरउपनिषद्* मा साङ्ख्य विचारधाराको अङ्कुर पाइन्छ । यस *उपनिषद्*को चारौँ अध्यायमा पहिलो पटक विश्वको सक्रिय सर्जन शक्तिको रूपमा प्रकृतिको उल्लेख भएको छ । उनलाई त्यहाँ पुरुष अथवा परब्रह्मको शक्ति बताइएको छ, जसबाट विविध रूपयुक्त विश्वको सृष्टि हुन्छ ।[५९] उनी अनादि छन्, अतः पुरुषको समवर्ती हुन् । पुरुष स्वयं स्रष्टा होइन, अपितु एक पटक प्रकृतिलाई क्रियाशील बनाएर अलग हुन्छ र केवल प्रेक्षकको रूपमा स्थित

---

५५ डा. यदुवंशी, *पूर्ववत्,* पादटिप्पणी २२ सङ्ख्या, पृष्ठ २०९ ।
तासु श्रायन्तीयम् । देवा वै सत्रमुपयन्तो ऽब्रुवन् यन्नः क्रूरम्
आत्मनस्तन्निर्मिमामहै, मा सक्रूरा उपगमामेति । तद्यदेषां
क्रूरम् आत्मन आसीत् तौ निर्माय शरावयोः सम्मार्ज न्यदधुः ।
अतः सत्रमुपायन्स्तत एषोऽखलो देवोऽ जायत तद्यच्छर्वाभ्याम्
अजायत तस्यैतन्नामैष हा वाव सोऽग्निर्जज्ञे । न हैनम् एष
हिनस्ति य एनं वेद । स देवानब्रवीत् । कस्मै मामजीन्त्येत्यौ-
पहष्ट्यायेत्यब्रुवन् । योऽतिपादयात् तं हनासा इति ।
प्रजापतिर्होषसं स्वां दुहितरम् अन्यधायत् । स हताम्
अभ्यायत्यविध्यत् । ततः स एतद्रुपं पर्यस्योर्ध्व उदक्रामत् ।
स एष इषु त्रिकाण्डस्तमात् पृषतो स्वादुतम... । - *जैमिनीय* ब्राह्मण ३।२६१।६३ ।

५६ रामस्वरूप शर्मा (सम्पा.) *श्वेताश्वतरोपनिषद्,* (बम्बई: खेमराज़ श्रीकृष्णदास, वि.सं. १९६९), ३।११,।४।१०, १२३, १६४ पृष्ठ ।
(क) सर्वाननशिरोग्रीवः सर्वभूतगुहाशयः ।
सर्वव्यापी स भगवान् तस्मात् सर्वगतः शिवः ।
(ख) मायां तु प्रकृतिं विद्यन्मायिनं तु महेश्वरम् ।
अस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥

५७ *ऐजन,* ४।२-४, ४।७, १४१-१४५, १५५ पृष्ठ ।
(क) एको हि रुद्रो न द्वितीयाय तस्थुर्य इमान् लोकानीशत ईशनीभिः ।
प्रत्यङ्जनास्तिष्ठति संचुकोचान्तकाले संमृज्य विश्वा भुवनानि गोप्ता ॥
विश्वतश्चक्षुरूत विश्वतोमुखो विश्वतोवाहुरूत विश्वतस्पात् ।
सं बाहुभ्यां धमति सं पतत्रैर्द्यावाभूमी जनयन् देव एकः ॥
यो देवानां प्रभवश्चोद्भवश्च विश्वाधिको रुद्रो महर्षिः ।
हिरण्यगर्भ जनयामास पूर्वं स नो वुद्धया शुभया संयुनक्तु ॥
(ख) ततः परं ब्रह्म परं बृहन्तं यथा निकायं सर्वभूतेषु गुढम् ।
विश्वस्यैकं परिवेष्टितारमीशं तं ज्ञात्वाऽमृता भवन्ति ॥

५८ *ऐजन,* ४।६, १५२ पृष्ठ ।
यामिषुं गिरिशंत हस्ते विभर्ष्यस्तवे ।
शिवां गिरित्र तां कुरु मा हिंसीः पुरुषं जगत् ॥

५९ *ऐजन,* ४।९, १६१ पृष्ठ ।
य एको ऽ वर्णो बहुधा शक्तियोगाद्वर्णाननेकान् निहितार्थो दधाति ।
वि चैति चान्ते विश्वमादौ स देवः स नो वुध्द्या शुभया संयुनक्तु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहन्छ ।[६०] पछि गएर जीव र पुरुषमा यस प्रकार भेद गरिएको छ कि जीव भोक्ता हो र प्रकृतिद्वारा नियमित छ । उसको मुक्ति तब हुन्छ जब उसलाई ब्रह्मसाक्षात्कार हुन्छ र उ प्रकृति वा मायाको बन्धनबाट छुट्छ । वास्तवमा *श्वेताश्वतरउपनिषद्*मा चर्चित पुरुष अरू कोही होइन बरु रुद्र नै हुन् जसलाई शिव, ईश आदि भनी पुकारिन्छ । यसबाट *उपनिषद्*कालमा रुद्र ती व्यक्तिहरूका पनि आराध्य थिए जो साङ्ख्य सिद्धान्तको विकास गर्दै गइरहेका थिए भन्ने थाहा हुन्छ ।

*उपनिषद्*हरूमा *श्वेताश्वतरउपनिषद्* नै यस्तो उपनिषद् हो जसमा रुद्रका उपासनासम्बन्धी बढी जानकारीहरू प्राप्त हुन्छन् । अरू उपनिषद्हरूमा पनि चर्चा भने नपाइने होइन । *मैत्रायणी उपनिषद्*मा रुद्रको सम्बन्ध तमोगुण र विष्णुको सम्बन्ध सत्त्वगुणसँग भएको कुरा प्रतिपादन गरिएको छ ।[६१] यो सम्भवतः प्राचीन ग्रन्थहरूमा रुद्रबारे राखिएको धारणाकै प्रतिफल हो । उता *प्रश्नोपनिषद्*मा रुद्रलाई परिरक्षिता भनिएको छ[६२] र प्रजापतिसँग तादात्म्य गरिएको छ । *मैत्रायणी उपनिषद्*मा एक अन्य ठाउँमा रुद्र र आत्मालाई एकै मानिएको छ र रुद्रलाई पहिलो पटक त्यहाँ 'शम्भु' अर्थात् शान्तिदाता भनिएको छ जुन पछि गएर भगवान् पशुपतिको अति प्रचलित नाम हुन पुग्यो ।[६३]

*उपनिषद्*हरूले पशुपति परब्रह्म हुन् भन्ने अनुभूति जगाएर पशुपतिको ध्यानाभ्यासद्वारा ज्ञानज्योतिमा जीवलाई मिलाई ब्रह्माण्डचक्रबाट छुटकारा दिलाउने प्रयत्न गरेको पाइन्छ । *शिवोपनिषद्*मा भगवान् शिव सर्वजगत्पति तथा स्वभावतः विशुद्ध परब्रह्म तत्त्व भएकाले यस्तो परब्रह्मलाई शिवभावले पशुपतिको ध्यान गर्ने ज्ञानीहरू सहजै पाशपञ्जरबाट मुक्त हुन्छन् भन्ने रहस्य प्रकट गरिएको छ । मायायोगले खडा भएका पाँच महाभूतहरू पाँच ज्ञानेन्द्रियहरू, अन्तःकरणका चार विभागहरू, पाँच कर्मेन्द्रियहरू र पाँच प्राणहरूसमेत यी चौबीस कुरालाई पाश भन्ने ठानी पच्चीसौँ सोही माया, मूलप्रकृति वा अज्ञानलाई तिनीहरूको माउ मानिएको छ । छब्बीसौं अंश पशुरूप जीव यिनीहरूकै फन्दामा परेको हुनाले यो फन्दाबाट उम्कन सत्ताइसौँ शिवरूप पशुपतिको शरण परी सर्वस्वात्मनिवदेन गर्नुपर्दछ भनी *शिवोपनिषद्*मा बताइएको छ ।[६४]

---

६० *ऐजन,* ४।५, १४९ पृष्ठ ।
अजामेकां लोहितशुक्लकृष्णां बह्वीः प्रजाः सृज्यमानां सरूपाः ।
अजो ह्येको जुषमाणो ऽनुशेते जहात्येनां भुक्तभोगामजो ऽन्यः ॥

६१ पं. जगदीश शास्त्री (सम्पा.), *उपनिषत्संग्रहः, मैत्रायणी उपनिषद्,* (दिल्ली: मोतीलाल बनारसीदास, सन् १९८४), ४।५, १८२ पृष्ठ ।
यो ह खलु वावस्य तामसो ऽ अशोअसौ स योऽयम् ।
रुद्रोऽथ यो ह खलु वावस्य सात्विकोऽशोऽसौ स एवं विष्णुः ।

६२ Swami Gambhirananda (Trans.), *Prasna Upanisad,* (Calcutta: Advaita Ashrama, 1979 A.D.). 2.9, p. 30.
इन्द्रस्त्वं प्राणतेजसा रुद्रोऽसि परिरक्षिता ।
त्वमन्तरिक्षे चरसि सूर्यस्त्वं ज्योतिषां पतिः ॥

६३ पं. जगदीश शास्त्री (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी ६१ सङ्ख्या, ५।७, १८२ पृष्ठ ।
भर्गाख्यो भाभिर्गतिस्य हीति भर्गो भर्ज इति वैष भर्ग इति रुद्रो ब्रह्मवादिनी ।

६४ *ऐजन, शिवोपनिषद्,* १।१४-१५, ३२५ पृष्ठ ।
सप्तविंश इति प्रोक्त : शिवः सर्वजगत्पतिः ॥
यस्माच्छिवः सुसंपूर्णः सर्वज्ञः सर्वगः प्रभुः ।
तस्मात्स पाशरहितः स विशुद्धः स्वभावतः ॥
पशुपाशपरः शान्तः परमज्ञानदेशिकः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*रुद्रोपनिषद्*मा कर्म र भक्तिद्वारा शिवको शरण परेपछि त्यो शिवपूजारत अर्थात् शिवभक्त मनुष्य साधारण ब्राह्मणहरूभन्दा पनि धार्मिक क्षेत्रमा श्रेष्ठ मानिन्छ र उसले शिवमय जगत्को सौभाग्य पाउँछ भन्ने रहस्य बताइएको छ । पशुपति परमात्मास्वरूप हुनुभएकोले सर्वत्र शिवप्रीतिको भाव उदाउँछ भन्ने भाव त्यहाँ व्यक्त गरिएको छ ।[६५] ब्रह्मरूपमा शिवस्वरूप पशुपतिनाथ सबको साक्षी हुनुहुन्छ भन्ने प्रकाश *पाशुपतब्रह्मोपनिषद्*मा गरिएको छ ।[६६]

*श्रौतसूत्र*हरूमा पनि रुद्रको उपासना *ब्राह्मणग्रन्थ*हरूमा झैं प्रचलित रहेको बुझिन्छ । ती ग्रन्थहरूमा पनि रुद्र, भव, शर्व आदि नामहरू तथा महादेव, पशुपति, भूतपति आदि उपाधिहरूबाट सम्बोधित छन् ।[६७] त्यहाँ मनुष्य तथा पशुहरूको रक्षाको लागि रुद्रसँग प्रार्थना गरिएका उल्लेखहरू प्रशस्त पाइन्छन् ।[६८] उनलाई रोग व्याधिनिवारक पनि बताइएको छ ।[६९]

रुद्रको उपासनाको जुन स्वरूप *श्रौतसूत्र*हरूमा पाइन्छ लगभग त्यही स्वरूप *धर्मसूत्र*हरूमा पनि पाइन्छ । अरूमा झैं त्यहाँ पनि रुद्रका अनेक नामहरूको चर्चा पाइन्छ । *बौधायनधर्मसूत्र*मा रुद्र र रुद्रको पत्नीको उल्लेख पाइन्छ ।[७०] *गृह्यसूत्र*हरूमा पनि रुद्रको अनेक स्वरूपका चर्चा उपलब्ध छन् । उनलाई साधारणतया रुद्र नामले सम्बोधन गरेको पाइन्छ । साथै सबै वैदिक उपाधिहरूको उल्लेख त्यहाँ भएको छ । यद्यपि 'शिव', 'शङ्कर' जस्ता नाम अधिक प्रचलनमा रहे ।[७१] रुद्रलाई साधारण रूपमा वृक्ष, चौबाटो, तीर्थस्थल र श्मशान आदि सबै ठाउँमा एक्लै विचरण गर्नेवाला भनिएको छ । अनिष्टनिवारणार्थ उनको आराधना गरिन्थ्यो ।[७२] पछि गएर श्मशानसँग रुद्रको सम्बन्ध यिनै

---

६५ *ऐजन*, *रुद्रोपनिषद्*, १, ३०८ पृष्ठ ।
शिवलिङ्गार्चनयुतश्चाण्डालोऽपि स एव ब्राह्मणाधिको भवति ।

६६ *ऐजन*, *पाशुपतब्रह्मोपनिषद्*, ७, ५२५ पृष्ठ ।
स्वतः शिवः पशुपतिः साक्षी सर्वस्य सर्वदा ।

६७ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, २१४ पृष्ठ ।

६८ *ऐजन*, २१४ पृष्ठ ।
भूपते भुवपते भुवनपते भूतपते भूतानां पते महतो भूतस्य पते मृल नो द्विपदे चतुष्पदे च पशवे मृल नश्च द्विपदश्च चतुष्पदश्च पशून् योऽस्मान् द्वेष्टि यं वयं द्विष्मो दुरापूरोऽसि सच्छायाऽधिनामेन । तस्य ते धनुः हृदयं मन इषवश्चक्षु विसर्गस्तं त्वा तया वेद नमस्ते अस्तु सोमस्त्वावतु मा मा हिंसीः । – *शाङ्खायनश्रौतसूत्र* ४।२०।१

६९ *ऐजन*, २१४ पृष्ठ ।
व्याधिप्लाय रुद्राय .... - *शाङ्खायनश्रौतसूत्र* ३।४।८

७० L. Srinivasacharya (Ed.) *The Bodhayana Dharma Sutra*, (Mysore: Government Oriental Library, 1907), 2.5.20, pp. 234-235.
ओं भवं देवं तर्पयामि । ओं शर्वं देवं तर्पयामि । ओं ईशानं देव तर्पयामि । ओं पशुपतिं देवं तर्पयामि । ओं रुद्रं देवं तर्पयामि । ओं उग्रों देवं तर्पयामि । ओं भीमं देवं तर्पयामि । ओं महान्तं देवं तर्पयामि । भवस्य देवस्य पत्नीं तर्पयामि । शर्वस्य देवस्य पत्नीं तर्पयामि । ईशानस्य देवस्य पत्नीं तर्पयामि । पशुपतेर्देवस्य पत्नीं तर्पयामि । रुद्रस्य देवस्य पत्नीं तर्पयामि । उग्रस्य देवस्य पत्नीं तर्पयामि ।

७१ रामनारायण, आनन्दचन्द्र शर्मा (सम्पा.), *आश्वलायनगृह्यसूत्राणि*, (कलकत्ताः सि.वि. लुइस, विक्रमीय संवत् १९२४), २।२।१-२, ११७ पृष्ठ ।
आश्वयुज्याम् आश्वयुजीकर्म । निवेशनम् अलंकृत्य स्नाताः शुचिवाससः पशुपतये स्थालीपाकं निरुप्य जुहुयुः । पशुपतये शिवाय शङ्कराय पृषातकाय स्वाहेति ।

७२ भीमसेन शर्मा (सम्पा.), *मानवगृह्यसूत्रम्*, (दिल्लीः सत्यव्रत शर्मा, संवत् १९६१), १।१३।११-१४, ३३ पृष्ठ ।
नमो रुद्राय श्मशानसद इति श्मशाने । ये भूतानामधिपतय इति च ।
नमो रुद्राय चतुष्पथसद इति चतुष्पथे । ये पथां पथि रक्षय इति
च । नमो रुद्राय तीर्थसद इति तीर्थे । ये तीर्थानि प्रचरन्तीति च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारणहरूले रहेको हुनुपर्छ । वैदिक कालमा रुद्रलाई मृत्युसम्बन्धी देवताको रूपमा मानिएकोले श्मशानसँग सम्बन्ध रहेको हुन सक्छ । *बौधायनगृह्यसूत्र*को एक ठाउँमा रुद्रलाई विश्वव्यापी परमब्रह्म भनिएको छ ।[७३] त्यस्तै गरी एक अर्को ठाउँमा विश्वस्रष्टा बताइएको छ ।[७४] यसबाट रुद्रको दार्शनिक र सामान्य स्वरूप जनजीवनमा प्रसिद्ध रहेको अवगत हुन्छ । *गृह्यसूत्र*हरूमा रुद्रकी पत्नी र रुद्रका छोराको धर्मसूत्रहरूमा झैं उल्लेख पाइन्छ । *गृह्यसूत्र*मा रुद्रपूजाको नयाँ प्रचलनबारे उल्लेख पाइन्छ, त्यो हो मूर्तिपूजा । यसबाट मूर्तिपूजा त्यस वेला उपासनाको एक अङ्ग बनिसकेको बुझिन्छ । रुद्रको मानवाकार मूर्तिहरूको साथसाथै आकारविहीन लिङ्गहरूको चर्चा पाइन्छ ।[७५] यताबाट लिङ्गलाई भगवान् पशुपतिको प्रतीकको रूपमा पूजा गर्ने चलन त्यस वेला विद्यमान रहेको अवगत हुन्छ ।

पाणिनिले *अष्टाध्यायी*नामक आफ्नो ग्रन्थमा रुद्र तथा भव, शर्व आदिको पनि उल्लेख गरेका छन् तर शिव, शङ्कर आदिको छैन । त्यसो भए तापनि 'भक्त' 'भक्ति' आदिको उल्लेख त्यहाँ पाइनाले भक्तिवाद राम्रो फस्टाइसकेको स्पष्ट हुन्छ । पाणिनिले *अष्टाध्यायी*को प्रत्याहारसूत्रको नाम 'माहेश्वर' राखेर भगवान् शिवप्रति श्रद्धा व्यक्ति गरेका छन् । त्यस सूत्रलाई उनी भगवान् शिवले प्रकट गरेको मान्दछन् ।[७६] त्यसमा संस्कृत भाषाका सबै ध्वनिहरू समाहित छन् । यसबाट त्यस वेला मानवलाई वाक्शक्ति दिने भगवान् पशुपति हुन् भन्ने धारणा बलियो भइसकेको बुझिन्छ ।

पाणिनिको *अष्टाध्यायी*पश्चात् *कौटिलीय अर्थशास्त्र*को चर्चा गर्नुपर्ने हुन्छ, त्यहाँ दुर्गभित्र बनेका शिव र अरू देवताहरूको मन्दिरको चर्चा पाइन्छ । यसबाट कौटल्यको समय (वि.पू. तेस्रो शताब्दी) सम्ममा देवालय तथा मूर्तिपूजा हिन्दूधर्म-संस्कृतिको अभिन्न अङ्ग भइसकेको बुझिन्छ ।

रामायण र *महाभारत*मा भगवान् शिव तथा शैव धर्मको विकसित रूप देखिन्छ । त्यहाँ रुद्रको प्राचीन र अर्वाचीन दुवै उपासनापद्धति देखिन्छन् । अझ *रामायण*मा रुद्रको स्वरूप अत्यधिक विकसित देखिन्छ । अब उनी 'रुद्र' भन्दा 'शिव' रूपमा बढी प्रसिद्ध भए । 'महादेव', 'महेश्वर', 'शङ्कर', 'त्र्यम्बक' र त्र्यम्बकका पर्यायवाची अन्य नामहरू अब पहिलेको अपेक्षा बढी प्रयोग हुन थाले । 'रुद्र' अब ती रुद्र भएनन् जसको प्रकोप वा बाणबाट सबै डराऊन्, अब उनी मानवमात्रको कल्याणमा संलग्न आशुतोष, दयानिधि र वरदाताको रूपमा बढी पूजनीय भए ।[७७] भक्तिवादको उत्थानको साथ रुद्रको परब्रह्मरूपको अत्यधिक विकास हुँदै गयो । *रामायण* यद्यपि वैष्णव ग्रन्थ हो तथापि जहाँ-जहाँ शिवको प्रसङ्ग आएको छ, त्यहाँ-त्यहाँ शिवलाई परब्रह्मरूपमा देखाइएको छ । उनलाई देवताहरूमा सर्वोच्च र

---

७३ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, २१८ पृष्ठ ।
अथाग्रेणाग्निमर्कपर्णेषु हुतशेषं निदधाति....यो रुद्र ऽ ग्नौ यो ऽ प्सु य ओषधीषु यो रुद्रो विश्वा भुवना विवेश तस्मै रुद्राय नमो ऽ स्तु इति । - *मानवगृह्यसूत्रम्* १।२।७।२३

७४ *ऐजन*, २१९ पृष्ठ ।
..........हविषावलिमुपाहरति........त्वमेकमाद्यं पुरुषं पुरातनं रुद्रं शिवं विश्वसृजं यजामहे । - *मानवगृह्यसूत्रम्* ३।२।१६।३९

७५ *ऐजन*, २१८ पृष्ठ ।
तेजोऽसीति लिङ्गो चेन्निवर्तते चक्षुषोभारवात् - *मानवगृह्यसूत्रम्* ३।२।१६।१४

७६ नारायण मिश्र (सम्पा.), *अष्टाध्यायीसूत्रपाठः*, (वाराणसी: चौखम्बा ओरियन्टालिया, वि.सं. २०३७) माहेश्वर सूत्र, १ पृष्ठ ।
अइउण् ॥ १ ॥ ऋलृक् ॥ २ ॥ एओङ् ॥ ३ ॥ ऐऔच् ॥ ४ ॥
हयवरट् ॥ ५ ॥ लण् ॥ ६ ॥ ञमङणनम् ॥ ७ ॥ झभञ् ॥ ८ ॥
घढधष् ॥ ९ ॥ जबगडदश् ॥ १० ॥ खफछठथचटतव् ॥ ११ ॥
कपय् ॥ १२ ॥ शषसर् ॥ १३ ॥ हल् ॥ १४ ॥

७७ कट्टि श्रीनिवासशास्त्री: (सम्पा.), *वाल्मीकीयरामायणम्*, बालकाण्डम्, (दिल्ली: परिमल पब्लिकेसन, सन् १९८४), ३६।९, २४५ पृष्ठ ।
देवदेव महादेव लोकस्यास्य हिते रतः ।
सुराणां प्रणिपातेन प्रसादं कर्तुमर्हसि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वोत्तम तथा देवहरूका पनि देव भनिएको छ ।[७८] स्वर्गलोकमा पनि उनको उपासना हुन्छ भनी त्यहाँ बताइएको छ । देवतागणले सङ्कटको अवसरमा सङ्कटमोचनको लागि भगवान् शिवको अनुग्रह चाहने कुराको चर्चा पनि *रामायण*मा पाइन्छ । *उपनिषद्*हरूमा वर्णन गरिए झैँ 'शिव' को दार्शनिक रूपको अक्षुण्णता *रामायण*मा पाइँदैन । तैपनि शिवलाई जगतको सृष्टि र अन्त गर्ने, सबैका आधार र परम गुरु[७९] भनिएको तथा 'अमर', 'अक्षर' र 'अव्यय' रूपमा चर्चा गरिएको कारणबाट त्यसलाई *उपनिषद्*ले पहिल्याएको परब्रह्मस्वरूपकै एक लोकप्रिय तथा सहजगम्य स्वरूप मान्न सकिन्छ । शिवलाई प्रसन्न पार्ने साधनाहरूमा 'तपश्चर्या' अर्थात् योगलाई बढावा दिइएको पाइन्छ । भगीरथले त्यसैद्वारा खुशी पारे, विश्वामित्रले पनि त्यसैलाई आत्मसात् गरेको वर्णनले भगवद्दर्शन र मोक्षप्राप्तिको लागि तपश्चर्यालाई अनुकूल ठहराइएको यसबाट विदित हुन्छ ।[८०] योगको चरमोत्कर्ष हुनाले योगाधिगम्य शिवसमेत योगाभ्यासी तथा महायोगी कहलाइए । *रामायण*मा शिव र पार्वतीसम्बन्धी चर्चाको साथै पूजनको पनि विकास भयो । *केनोपनिषद्*मा 'उमा हेमवती' नामबाट चर्चित देवी अब 'उमा' बनिन् । 'हिमवत्' सँग सम्बन्ध हुनाको कारण उनी हैमवती नामले प्रसिद्ध थिइन्, त्यस्तै गरी पर्वतसँगको सम्बन्धले 'पार्वती' कहिन लागिन् । पछिगएर यो नाम नै अत्यन्त प्रचलित रह्यो ।[८१] उनको 'रुद्राणी' नामको चर्चा पनि *रामायण*मा पाइन्छ ।[८२] उनी शिवकी पत्नीको साथसाथै सौम्य, कल्याणकारिणी र दयावती देवी बनिन् ।

वेदमा उल्लेख गरिएको रुद्रका केही उपाधिहरूको व्याख्या र कथा *रामायण*मा पनि पाइन्छन् । तिनीहरूले वैदिक रुद्र र वेदोत्तरकालिक शिवको सम्बन्ध स्थापित गर्दछन् । साथै ती दुवै देवता मूल रूपमा एकै हुन् भन्ने कुरालाई पनि स्पष्ट पार्न मदत पुऱ्याउँदछन् । वैदिक रुद्रलाई उत्तर दिशाको साथ सम्बन्ध गाँसिएकोलाई पछि गएर शिवको आवासस्थल उत्तरको हिमालय मानियो । वैदिक रुद्रका अनेकन् उपाधिहरू मध्ये 'नीलग्रीव', 'नीलकण्ठ' पनि हुन् । वैदिक ग्रन्थहरूमा ती उपाधिहरू रहनुको स्पष्ट कारण थाहा पाइँदैन । तर त्यसलाई महत्त्व दिँदै कथाको माध्यमद्वारा स्मरण दिलाउने प्रयास वेदोत्तरकालिक ग्रन्थहरूमा पाइन्छ । भगवान् शिवले देवता र दानव मिलेर गरिएको समुद्रमन्थनद्वारा निक्लेको हलाहल विष सेवन गर्दा घाँटी नीलो भई 'नीलकण्ठ' नाम रहन गएको कुरा यस सन्दर्भमा उल्लेखनीय छ । *रामायण*मा शिवलाई 'त्रिपुरारि' तथा त्यसकै पर्यायवाची शिवलाई अन्य उपाधिहरूबाट सम्बोधन

---

७८ *ऐजन*, बालकाण्डम् ४५।२६ २८३ पृष्ठ ।

हालाहलं विषं घोरं संजग्राहामृतोपमम् ।
देवान्विसृज्य देवेशो जगाम भगवान्हरः ॥

७९ *ऐजन*, बालकाण्डम् ४५।२३,पृष्ठ २८३ ।

उवाचैनं स्मितं कृत्वा रुद्रं शूलभृतं हरिः ।
दैवतैर्मथ्यमाने तु यत्पूर्वं समुपस्थितम् ॥

८० *ऐजन*, बालकाण्डम् ५५।१२, ३१९ पृष्ठ ।

स गत्वा हिमवत्पृश्र्वे किन्नरोरगसेविते ।
महादेवप्रसादार्थं तपस्तेपे महातपाः ॥

८१ कट्टि श्रीनिवासशास्त्री (सम्पा.), *वाल्मीकीयरामायणम्*, उत्तरकाण्डम्, (बम्बईः गुजराती प्रिन्टिङ्ग प्रेस, सन् १९२०), ४।२७, २७४ पृष्ठ ।

ततो वृषभमास्थाय पार्वत्या सहितः शिवः ।
वायुमार्गेण गच्छन् वै शुश्राव रुदितस्वनम् ॥

८२ *ऐजन*, उत्तरकाण्डम्, १३।२३, २७७ पृष्ठ ।

कान्वेषेति महाराज न खल्वन्येन हेतुना ।
रूपं चानुपमं कृत्वा रुद्राणी तत्र तिष्ठति ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेबाट शिवद्वारा दानवहरूको तीनै पुर ध्वस्त गरेको कथा त्यस समय प्रचलित रहेको बुझिन्छ ।[८३] भगवान् शिव देवता र मनुष्यहरूका मात्र आराध्य होइनन् कि दानवहरूका पनि पूज्य थिए । रावणको शिवभक्ति, विद्युत्केश दानवलाई अमरत्वप्रदान आदि उल्लेखहरू तथा दानवलाई समय-समयमा दिएका वरदानहरूबाट उक्त कुरा बुझिन्छ । सम्भवत: यही अद्वितीय महत्त्वको कारणले नै शिवभक्तहरूले उनलाई 'देवाधिदेव', 'परम परमेश्वर' मानेका हुन् ।

*रामायण*मा शिवलाई 'हर'[८४] तथा 'वृषध्वज'[८५] उपाधि दिएको पाइन्छ । 'हर' अर्थात् लग्नेवाला, यो उपाधि पहिले अग्निको थियो । रुद्र र अग्निबीच तादात्म्य भएपछि यो अग्निको सट्टा रुद्रमा प्रयोग हुन थाल्यो र पछि गएर शिवको प्रचलित नाम बन्न पुग्यो । 'वृषध्वज' को पूर्वरूप रुद्रको 'वर्षयिता' उपाधिसँग सम्बन्धित छ, जसको अर्थ हुन्छ वर्षा गराउनेवाला । पछि गएर त्यो अर्थ मानिसले भुल्दै गएर शिवको वाहन साँढे (वृष) माने र शिवको एक प्रचलित उपाधि नै 'वृषध्वज' बन्न गयो ।[८६] फलस्वरूप भक्तहरूले वृषयुक्त झण्डा शिवको मन्दिरमा फहराउने गर्न थाले । पशुपतिनाथको मन्दिरमा पनि वृषध्वज अर्पण गर्ने चलन थियो ।[८७]

*महाभारत*कालमा आइपुग्दा रुद्र-शिवको दार्शनिक र लोकप्रचलित दुवैको उपासनाको सङ्केत पाइन्छ । दार्शनिक रूपमा शिव परब्रह्म परमेश्वर मानिन्छ । उनलाई असीम, अचिन्त्य, विश्वस्रष्टा र विश्वका आधारकै रूपमा लिइन्छ ।[८८] एक भएर पनि अनेक रूप लिने सबैमा व्याप्त, सबैको उद्गम, विश्वको आदि र उनैमा विश्व विलीन हुने सर्वव्यापी रूपमा उनको परिचय पाइन्छ । सबै महाभूतहरूका एक मात्र उद्गम र एक मात्र आधार तथा नित्य, अव्यक्त कारण नै उनै हुन् भन्ने भावनाको चरमोत्कर्ष *श्वेताश्वतरउपनिषद्*मा झैं *महाभारत*मा पनि पाइन्छ ।

---

८३ कट्टि श्रीनिवासशास्त्री: (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७७ सङ्ख्या, ७५।१२, ३९० पृष्ठ ।
अनुसृष्टं सुरैरेकं अम्बकाय युयुत्सवे ।
त्रिपुरघ्नं नरश्रेष्ठ भग्नं काकुत्स्थ यत्त्वया ॥

८४ ऐजन, बालकाण्डम् ४३।६, २७१ पृष्ठ ।
विशाम्यहं हि पातालं स्रोतसा गृहय शंकरम् ।
तस्यावलेपनं ज्ञात्वा क्रुद्धस्तु भगवान् हर: ॥

८५ कट्टि श्रीनिवासशास्त्री (सम्पा.), *वाल्मीकीयरामायणम्, युद्धकाण्डम्*, (दिल्ली: परिमल पब्लिकेसन्, सन् १९८४), ११७।३, २६६३ पृष्ठ ।
षडर्धनयन: श्रीमान् महादेवो वृषध्वज: ।
कर्ता सर्वस्य लोकस्य ब्रह्मा वेदविदां वर: ॥

८६ डा. यदुवंशी, *पूर्ववत्*, पादटिप्पणी २२ सङ्ख्या, ६५ पृष्ठ ।

८७ पं. रामचन्द्रशास्त्री किंजवाडेकर (सम्पा.), *श्रीन्महाभारतम्*, खण्ड २, वनपर्व ३, प्रथम संस्करण, (पुना: चित्रशाला प्रेस, शकसंवत् १८५२), ८४।१२९ ।
माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ।
ईप्सिताल्लँभते कामानुपवासान्न संशय: ॥

८८ पी. पी. एस शास्त्री (सम्पा.), *महाभारतम्, द्रोणपर्व*, (मद्रास: पी.पी. एस शास्त्री, सन् १९३२), ७४।५६, ७४।६१, १६९।२९ ।
(क) अचिन्त्यायाम्बिकाभर्त्रे सर्वदेवस्तुताय च ।
वृषध्वजाय मुण्डाय जटिने ब्रह्मचारिणे ॥
(ख) सहस्रनेत्रपादाय नमोऽसंख्येयकर्मणे ।
नमो हिरण्यवर्णाय हिरण्यकवचाय च ॥
(ग) दिव्यमालापरिक्षिप्तं तेजसां परमं निधिम् ।
रुद्रं नारायणो दृष्ट्वा ववन्दे विश्वमीश्वरम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृष्टिको विलयकर्ताको रूपमा उनलाई 'कालरुद्र' भनिएको छ ।[८९] त्यस्तै शिवको परब्रह्मस्वरूपको प्रादुर्भावको साथ-साथै साङ्ख्यसँग पनि सम्बन्ध भएको पाइन्छ । एक ठाउँमा शिवलाई स्वयं साङ्ख्य भनी जो साङ्ख्यको सिद्धान्तको विशेषज्ञ छ तथा तत्त्व र गुणको ज्ञान राख्दछ, त्यसैले शिवलाई पाउँछ र मोक्ष प्राप्त गर्दछ भनिएको छ । *महाभारत*मा उल्लिखित साङ्ख्यका पुरुष वेदान्तको ब्रह्मसँग अधिक तादाम्य राख्छन् न कि वेदोत्तरकालिक साङ्ख्य पुरुषसँग । त्यहाँ साङ्ख्यलाई उच्च पद दिइएको छ । त्यसलाई सन्मार्ग बताउनुका साथ-साथै मोक्षको सरल बाटो भनी उल्लेख गरेको छ । जुन मार्गको पथगामी भएर सनत्कुमार जस्ता महर्षिहरूले मोक्ष प्राप्त गरे ।

शिवको दार्शनिक उपासनाको सन्दर्भमा योगलाई पनि बढावा दिएको पाइन्छ । रामायणकालमा जुन वेला भक्तिवादको उत्थान हुँदै थियो त्यस वेला पनि योग र तपश्चर्यालाई भगवत्प्राप्तिको सरल उपायको रूपमा लिइएको कुरा माथि नै चर्चा गरिसकियो । शिवलाई तप र भक्तिद्वारा नै पाउन सकिन्छ[९०] भनी स्पष्टसाथ शिव योगीहरूका परम पुरुष हुन् भनिएको छ ।[९१] उनी आत्माको योग र समस्त तपश्चर्याहरू जान्दछन्[९२] र स्वयं महायोगी हुन् भन्ने कुरालाई त्यहाँ जोड दिइएको छ ।

लोकप्रचलित अर्चनामा शिवका सौम्य र भयङ्कर दुवै रूपको उपासना *महाभारत*मा पाइन्छ । शिवलाई एक ईश्वर, जगत्का स्रस्टा, पालनकर्ता र संहर्ता मानिएको छ । उनी देवता, मानव र दानव सबैका परमप्रभु हुन् ।[९३] उनी ईशान, महेश्वर, महादेव, शिव आदि नामहरूद्वारा सम्बोधित छन् ।[९४] सबै देवताहरू ब्रह्मा, विष्णुको साथ उनीकहाँ

---

८९ ऐजन, अनुशासनपर्व, २२।१६६, २२।१६० ।
(क) आदिस्त्वमसि लोंकानां संहर्ता काल एव च ।
(ख) स रुद्रः संहरन् कृत्स्नं जगत्स्थावरजंगमम् ।
कालो भूत्वा परं ब्रह्म याति संवर्तकानलः ॥

९० ऐजन, वनपर्व, ८५।२५ ।
तपसाराधितः शंभुर्भगवान् लोकभावनः ।

९१ ऐजन, द्रोणपर्व, ७४।४१-४२ ।
लोकादिं विश्वकर्माणमजमीशानमव्ययम् ।
तमसः परमं ज्योति खं वायुं ज्योतिषां गतिम् ॥
योगिनां परमं ब्रह्माव्यक्तं वेदविदां निधिम् ।
चराचरस्य स्रष्टारं प्रतिहर्तारमेव च ॥

९२ ऐजन, कर्णपर्व, २४।६० ।
सर्वात्मानं महात्मानं येनाप्तं विश्वमात्मना ।
तपोविशेषैर्विविधैर्योगं यो वेद चात्मनः ॥

९३ ऐजन, द्रोणपर्व, ७४।४१-४२ ।
योगिनां परमं ब्रह्माव्यक्तं वेदविदां निधिम् ।
चराचरस्य स्रष्टारं प्रतिहर्तारमेव च ॥

९४ (क) ऐजन, कर्णपर्व, २४।७० ।
ईशानायाप्रमेयाय निहंत्रे चर्मवाससे ।
तपोरताय पिंगाय व्रतिने कृत्तिवाससे ॥
(ख) ऐजन, शल्यपर्व, ४४।६ ।
तेजो माहेश्वरं स्कन्नमग्नौ प्रणिहितं पुरा ।
तत्सर्वं भगवान् अग्निर्नाशकद् धर्तुमक्षयम् ॥
(ग) ऐजन, अनुशासनपर्व, २२।१५४ ।
नमो देवाधिदेवाय महादेवाय ते नमः ।
शक्राय शक्ररूपाय शक्रवेशधराय च ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणमा जान्छन् । एक ठाउँमा ब्रह्मा र विष्णु भगवान् शिवका दुइतिर उभिएका बताइएको छ ।[९५] अर्को ठाउँमा ब्रह्मा र विष्णु भगवान् शिवको पार्श्वबाट निक्लेका बताइएको छ । यस प्रकार ब्रह्मा र विष्णुलाई भगवान् शिवको नै अङ्ग मानिएको छ । 'त्रिमूर्ति' को भावनालाई यसले बढाउन निकै उद्योग गरेको छ, जसको पछि गएर अत्यधिक प्रचार भयो । *महाभारत*मा पनि *रामायण*मा झैं 'भक्ति' लाई शिवको उपासनाको सार बताइएको छ । शिवलाई मानव जातिको कल्याणकारी र भक्तानुकम्पी रूपमा देखाइएको छ ।[९६] द्रोणपर्वको एक ठाउँमा शिवले अग्निसँग मानवसंहारणकारिणी रूपलाई शान्त पार्न अनुनय गरेका छन्, जुन अग्नि उनको कोपबाट प्रज्वलित भएको थियो र समस्त सृष्टि भस्म हुने डर थियो । अर्जुन, उपमन्यु आदिहरूले शिवभक्तिको बलले वरदान पाएको उल्लेख पनि त्यहाँ पाइन्छ ।[९७] शिवलाई प्रसन्न पार्ने अनेक उपासनाहरूमा 'पाशुपत व्रत' एक थियो । यद्यपि यसको विस्तृत वर्णन द्रोणपर्वमा पाइँदैन । यसको व्याप्ति *पुराण*कालमा अत्यधिक थियो ।[९८] शिवको पार्वतीका साथ उपासना हुने प्रचलन त्यस कालमा देखिन्छ । दयानिधान, कल्याणकारी शिवकी पत्नी पनि त्यस्तै दयाकी मूर्ति र सौम्य स्वभावकी बताइएको छ । शिवका तीन नेत्रको चर्चाको साथै सहस्राक्ष, अष्टादशभुज रूपको उल्लेख पनि त्यहाँ पाइन्छ ।[९९]

शिवको उल्लेख कतिपय ठाउँमा भूतगणको साथ पाइन्छ । यी गणहरू वैदिक रुद्रका स्वरूपका प्रतीक हुन् । रौद्र वा भयङ्कर रूपलाई पनि वेला-वेलामा सम्झेको उल्लेख पाइन्छ । *महाभारत*को कर्णपर्वमा उनलाई 'ब्रह्मद्विट्संघातिन्' अर्थात् देवता र ब्राह्मणहरूको शत्रुहरूलाई संहार गर्ने भनी बताइएको छ ।[१००] 'पिनाक' नामक धनुष र 'शूल' नामक वज्र उनको प्रिय बताइएको छ ।[१०१] उनको शक्तिको कोही मुकाबिला गर्न सक्तैनन्, जो विरोध गर्छन् तिनको

---

९५ *ऐजन*, अनुशासनपर्व, २२।१४४-१४५ ।

सव्यदेशे तु देवस्य ब्रह्मा लोकपितामहः ।
दिव्यं विमानमास्थाय हंसयुक्तमवस्थितः ॥
वामपार्श्वगतश्चापि तथा नारायणः स्थितः ।
वैनतेयं समास्थाय स्थितो देव्याः समीपतः ॥

९६ *ऐजन*, द्रोणपर्व, ४१।१५, ४१।६२ ।

(क) भक्तानुकम्पी भगवान् तस्मिंश्चक्रे ततो दयाम् ।
(ख) नमोऽस्तु देवदेवाय महाभूतधराय च ।
भक्तानुकम्पिने नित्यं सिध्यतां नो वरः प्रभो ।

९७ *ऐजन*, वनपर्व, ३३।८७ ।

यदा द्रक्ष्यसि भूतेशं त्र्यक्षं शूलधरं शिवम् ।
तदा दातासि ते तात दिव्यान्यस्त्राणि सर्वतः ॥

९८ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *पूर्ववत्*, पादटिपण्णी ७ सङ्ख्या, १०।१-५४ ।

९९ पी.पी. एस शास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ८८ सङ्ख्या, वनपर्व, २२६।२६-२७ ।

स देवं शरणं गत्वा विरूपाक्षमुमापतिम् ।
बलिं स्वयं प्रत्यगृह्णात् प्रियमानस् त्रिलोचनम् ॥

१०० *ऐजन*, कर्णपर्व, २४।७१ ।

कुमारपित्रे त्र्यक्षाय प्रवरायुधयोधिने ।
प्रपन्नार्तिविनाशाय ब्रह्मद्विट्संघघातिने ॥

१०१ *ऐजन*, वनपर्व ३३।८७ ।

गतेषु तेषु सर्वेषु तपस्विषु महात्मसु ।
पिनाकपाणिर्भगवान् सर्वपापहरो हरः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि उनी महाकाल बन्छन् ।[१०२] यस रूपमा उनी महासंहारकर्ता, भयावह र कुपित देखापर्छन् । परन्तु जो उनको शरणमा जान्छन् उनी तिनका सबै बाधा-व्यवधान हर्छन् । यस रूपमा शिवको सबभन्दा प्रसिद्ध कार्य हो त्रिपुरदाह ।

*महाभारत*मा पनि शिवको लोकप्रचलित उपासनाविधि 'भक्ति' बताइएको छ । भक्तिद्वारा वाञ्छित फल प्राप्त गरेका धेरै उल्लेखहरू पाइन्छन् । शिवका त्यस्ता अनन्य भक्तहरूमा अर्जुन र उपमन्यु प्रमुख छन् । अर्जुनले आफ्नो तपस्याद्वारा 'पाशुपतास्त्र' पाए ।[१०३] उपमन्युले कठोर तपस्या गरी अमरत्वको वरदान पाएका थिए । साधारण रूपमा भगवान् शिवको पूजा स्तुतिगान र प्रार्थनाहरूद्वारा गरिन्थ्यो । त्यस किसिमका अनेक प्रकारका स्तुतिहरू *महाभारत*मा पाइन्छन् । मानवाकार तथा लिङ्गाकार दुवै मूर्तिहरूको चर्चा *महाभारत*मा पाइन्छ । लिङ्गको उपासनाद्वारा शिव खुशी हुने बताइएको छ ।[१०४]

'कापालिक' को रूपमा शिवको कल्पना पनि त्यस वेला प्रचलित देखिन्छ । शिवको 'कापालिक' स्वरूप वैदिक रुद्रको विकासबाहेक अरू केही होइन भन्न सकिन्छ । शिवको सौम्य आकृतिको विपरीत कापालिक रूप भयावह छ । हातमा खप्पर लिने, श्मशानवासी, बेताल र पिशाच आदिको साथ विहार गर्ने रूपमा त्यहाँ शिवको उल्लेख पाइन्छ ।[१०५] *महाभारत*मा ती सबैलाई 'नक्तंचर' र 'पिशिताशन' अर्थात् राति हिँड्ने र मृत शरीरको मासु खानेवाला बताइएको छ । कापालिक शिवका उपासकहरू बलि चढाउँदथे, तर त्यस प्रथालाई अरू निन्दित मान्दथे । कृष्णले त्यसको घोर विरोध गरेका छन् । पछि गएर यी कापालिक उपासकहरूले छुट्टै सम्प्रदाय नै चलाए । सम्भवतः *महाभारत*कालमा त्यस सम्प्रदायको कुनै अस्तित्व थिएन ।

*रामायण-महाभारत*पछि लेखिएको मानिने साहित्यिक एवं धार्मिक ग्रन्थहरूमा भगवान् शिवको चर्चा प्रशस्त पाइन्छ । *कैवल्य उपनिषद्*मा शिवको दार्शनिक 'पुरुष' को रूपमा कल्पना गरिएको छ जसको आदि पनि छैन, मध्य पनि छैन र अन्त पनि छैन । जो एक छ, चित्‌रूप छ तथा आनन्दमय छ, जो साक्षी छ र जसको स्वरूपलाई जानेर ऋषिहरूले सद्ज्ञान प्राप्त गरे । त्यहाँ शिवलाई पहिलो पटक 'सदाशिव' उपाधि दिई दार्शनिक स्वरूपको सङ्केत दिइएको

---

१०२ *ऐजन*, कर्णपर्व २४।७३ ।
नमो नमस्ते सौम्याय त्र्यम्बकायोग्रतेजसे ।
मनोवाक्कर्मभिर्देव त्वां प्रपन्नान् भजस्व नः ॥

१०३ *ऐजन*, वनपर्व, ३३।८७ ।
यदा द्रक्ष्यसि भूतेशं त्र्यक्षं शूलधरं शिवम् ।
तदा दातासि से तात दिव्यान्यस्त्राणि सर्वतः ॥

१०४ *ऐजन*, अनुशासनपर्व २२।९७ ।
कस्यान्यस्य सुरैः सर्वैर्लिंगं मुक्त्वा महेश्वरम् ॥
अर्च्यते ऽर्चितपूर्वं वा ब्रूहि यद्यस्ति ते श्रुतिः ।

१०५ *ऐजन*, वनपर्व, ८६।३ ।
(क) एवमुक्ता महाबाहो हिमवत्तमुपागमत् ।
संवृतः पार्षदैर्घोरैर्नानाप्रहरणोद्यतै : ॥
(ख) *ऐजन*, द्रोणपर्व, ४९।४९ ।
ततो हरो जटी स्थाणुर्निशाचरपतिः शिवः ।
जगाम शरणं देवं ब्रह्माणं परवीरहन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ ।[१०६] लोकप्रचलित स्वरूपमा शिवलाई परमेश्वर, त्रिनेत्र, नीलकण्ठ तथा उमापति भनिएको छ ।[१०७] *जावाल उपनिषद्*मा शिवले तारकासुरलाई ब्रह्मज्ञान दिएको चर्चा छ ।[१०८] त्यस्तै *अथर्वशीर्ष उपनिषद्*मा शिवको महिमाको चर्चा गर्दै उनलाई विश्वदेवतात्मक ब्रह्मको रूपमा कल्पना गरिएको छ ।[१०९]

पतञ्जलिद्वारा रचित *महाभाष्य*मा शिवका अनेक नामहरूको चर्चा पाइन्छ । पतञ्जलि पुष्यमित्र शुङ्ग (इ.पू. १८५-१४९) का समकालिक थिए । मूर्तिपूजाको त्यस वेला अत्यधिक प्रचार भइसकेको थियो, जसको कारण मौर्य सम्राट्हरूले मूर्तिनिर्माणलाई सरकारी आम्दानीको प्रमुख स्रोत बनाएका थिए ।[११०] त्यस्तै पतञ्जलिले शिव भागवतहरूको पनि चर्चा गरेका छन् । त्यसले त्यस वेला शिव उपासकहरूको सम्प्रदायलाई 'शिव भागवत' भनिने चलन भएको सङ्केत दिन्छ ।[१११]

अश्वघोषको *बुद्धचरित*, शूद्रकको *मृच्छकटिक*, मनुको *मनुस्मृति*, वात्स्यायनको *कामसूत्र* तथा भरतको *नाट्यशास्त्र* आदि ग्रन्थहरूमा शिवसम्बन्धी अनेक उल्लेखहरू पाइन्छन् । त्यस्तै गरी कालिदासको *कुमारसम्भव* र *मेघदूत* आदि महाकाव्यहरूमा पनि शिवको लोकप्रचलित रूपमा चर्चा पाइन्छ । यस सन्दर्भमा पुराणमा वर्णित स्वरूपको चर्चा उल्लेखनीय मानिन्छ । *उपनिषद्*कालदेखि हिन्दूधर्मालम्बीहरूमा धार्मिक विश्वास र आचार-विचारमा ध्यान र भक्तिको जुन लहरको सूत्रपात भएको थियो, त्यसको पूर्ण विकास *पुराण*कालमा भएको देखिन्छ । *पुराण*हरूमा वेदोत्तरकालिक शैव धर्मको पूर्ण विकसित रूप देखिन्छ । दार्शनिक र लोकप्रचलित दुवै रूप *पुराण*हरूमा पाइन्छ । *पुराण* साहित्य प्राचीन मानिन्छ । *अथर्ववेद*मा *पुराण* र इतिहासको उल्लेख पाइन्छ । *छान्दोग्य उपनिषद्*मा इतिहास *पुराण*लाई पाँचौं वेद भनी उल्लेख गरिएको छ । यसबाट उत्तर वैदिककाल, *रामायण-महाभारत* युग र त्यसपछि पनि *पुराण*हरूको रचना बराबर हुँदै गयो । तर वर्तमानमा उपलब्ध संस्करणहरूमा नयाँ कुराहरू पनि थपिँदै जग्नाले मूलरूपलाई लोप गराइदिएको छ । जे होस्, हिन्दूधर्मका विविध पक्षहरूको बारेमा अध्ययन गर्न *पुराण*हरूलाई नहेरी हुँदैन । रामायण-महाभारतमा सङ्केत गरिएका कतिपय विषय-वस्तुहरूलाई *पुराण*हरूमा विस्तृत रूपमा चर्चा गरिएकोले वढी कुराहरू थाहा पाइन्छन् ।

---

१०६ Pandit A. Mahadeva Sastri (Ed.), *The Saiva Upanisads, Kaibalyoupanisad,* (Madras: The Adyar Library, 1950 A.D.), 18, p. 54.
त्रिषु धामसु यद्भोज्यं भोक्ता भोगश्च यद्भवेत् ।
तेभ्यो विलक्षणः साक्षी चिन्मात्रोऽहं सदाशिव : ॥

१०७ *Ibid.*, 7, p. 49.
उमासहायं परमेश्वर प्रभुं त्रिलोचनं नीलकण्ठं प्रशान्तम् ।
ध्यात्वा मुनिर्गच्छति भूतयोनिं समस्तसाक्षिं तमसः परस्ताता ॥

१०८ पं. जगदीशशास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ६१ सङ्ख्या, *जावालोपनिषद्*, १४५ पृष्ठ ।

१०९ Pandit A. Mahadeva Sastri, *op.cit.*, *Atharbashira Upanisada*, foot note no. 106, 62, p. 32.
विश्वतश्चक्षुरुत विश्वतोमुखो
विश्वतोवाहुरुत विश्वतस्पात् ।
सं बाहुभ्यां धमति संपतत्रै-
र्द्यावाभूमी जनयन् देव एकः ॥

११० पं. शिवदत्त शर्माः, पं. रघुनाथशास्त्रीः (सम्पा.), *व्याकरणमहाभाष्यम्*, तृतीयखण्डम्, (दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठान, सन् १९८८), ३० पृष्ठ ।

१११ पं. शिवदत्त शर्माः, पं. रघुनाथशास्त्री (सम्पा.), *व्याकरणमहाभाष्यम्*, द्वितीयखण्डम्, (दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठान, सन् १९८८), ५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दार्शनिक रूपमा सबभन्दा महत्त्वपूर्ण कुरा शिवको व्यापक स्वरूपप्रतिको जनधारणा र विश्वास हो । उनलाई अव स्पष्ट रूपबाट परमपुरुष अथवा परब्रह्म मानियो । उनी नै एक स्रष्टा हुन्, विश्वको आदिकारण हुन्, उनको गान चारै वेदमा गरिएको छ ।[११२] उनी दार्शनिकहरूका ब्रह्म हुन्, आत्मा हुन्, असीम र शाश्वत छन् ।[११३] उनी अव्यक्त पनि छन् र जीवात्माको रूपमा व्यक्त पनि छन् ।[११४] उनी एक आदि पुरुष हुन्, आत्मतत्त्व हुन्, परमसत्य हुन् र *उपनिषद्* तथा *वेदान्त*मा उनको महिमाको गान गरिएको छ ।[११५] *स्मृति, पुराण* र *तन्त्रसाहित्य* मा पनि उनको महिमा गाइएको छ । जो बुद्धिमान् र मोक्षकामी छन्, उनीहरू सबै विषयवासना छोडेर शिवको ध्यान गर्छन् ।[११६] उनी सर्वज्ञ छन्, सर्वस्थित छन्, चराचरका स्वामी हुन् र सबै प्राणीहरूमा आत्मरूपबाट बस्दछन् ।[११७] उनी स्वयम्भू हुन्, जो विश्वको सृष्टि, पालन र संहार गर्न तीन रूप धारण गर्छन् । उनी विश्वमा व्याप्त छन् र साररूपमा एक भएर पनि

---

११२ काशीनाथशास्त्री (सम्पा.), *सौरपुराणम्, (पुना : आनन्दाश्रममुद्रणालय,* वि.सं. १९९१), ७।३०, ३८।१-३, २१, १२५ पृष्ठ ।

(क) एक एवेति यो रुद्रो सर्ववेदेषु गीयते ।
तस्य प्रसादलेशेन मुक्तिर्भवति किंकरी ॥

(ख) चतुर्ष्वपि च वेदेषु पुराणेषु च सर्वशः ।
श्रीमहेशात्परो देवो न समानो ऽस्ति कश्चन ॥
ब्रह्मा विष्णुर्वलारातिः सर्वे यस्य वशे स्थिता ।
उत्पत्तिः सर्वदेवानां स एव ध्येय उच्यते ॥
नास्ति शंभोः परो धर्मो नास्त्यर्थः शंकरात्परः ।
शिवादन्यत्सुखं नास्ति मोक्षो नैव हरात्पर : ॥

११३ क) नागशरणसिंह (सम्पा.), *वायुमहापुराण,* पूर्वार्द्ध, (दिल्ली: नाग पब्लिसर्स, सन् १९८३), ५५।३२, पृष्ठ ८५ ।
परमेष्ठी परं ब्रह्म अक्षरं परमं पदम् ।
श्रेष्ठत्वं वामदेवश्च रुद्रः स्कन्दः शिवः प्रभुः ॥

(ख) *गरुडपुराणम्,* (मुंबई: क्षेमराज श्रीकृष्णदास, वि.सं. १९६३), १६।६-७, १२ पृष्ठ ।
अस्ति देवः परब्रह्मस्वरूपी निष्कलः शिवः ।
सर्वज्ञः सर्वकर्त्ता च सर्वेशो निर्मलो द्वय : ॥
स्वयं ज्योतिरनाद्यन्तो निर्विकारः परात्परः ।
निर्गुण : सच्चिदानन्दः तदंशाज्जीवसंज्ञकः ॥

११४ (क) नागशरणसिंह (सम्पा.), *अग्निमहापुराणम्,* (दिल्ली: नाग पब्लिसर्स, सन् १९८५), ७४।८१, ५१ पृष्ठ ।
तन्मे शिवपदस्थस्य हुं क्षः क्षेपय शंकरः ।
शिवो दाता शिवो भोक्ता शिवः सर्वमिदं जगत् ।
शिवो जयति सर्वत्र मः शिवः सो ऽहमेव च ।

(ख) नागशरणसिंह (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी ११३ (क) सङ्ख्या, २४।७०, ३३ पृष्ठ ।
द्वैधीभावेन चात्मानं प्रविष्टस्तु व्यवस्थितः ।
निष्कलः सूक्ष्ममव्यक्तः सकलश्च महेश्वर : ॥

११५ (क) काशीनाथशास्त्री (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी ११२ सङ्ख्या, २९।३१ ।
त्वामेकमाहुः पुरुषं पुराणम् आदित्यवर्णं तमसः परस्तात् ।

(ख) नागशरणसिंह (सम्पा.), *ब्रह्ममहापुराणम्,* गौतमीमाहात्म्यम्, (दिल्ली: नाग पब्लिसर्स, सन् १९८५), ५३।१९५, पृष्ठ ३२४।
नमामि शंभुं पुरुषं पुराणं नमामि सर्वज्ञमपारभावम् ।
नमामि रुद्रं प्रभुमक्षरं तं नमामि शर्वं शिरसा नमामि ॥

११६ नागशरणसिंह (सम्पा.), *पूर्ववत्,* पादटिप्पपणी ११५ (ख) सङ्ख्या, ४०।१००, ३०१ पृष्ठ ।
सर्वाणि कर्माणि विहाय धीरा-
स्त्यक्तैषणा निर्जितचित्तवाताः ।
यं यान्ति मुक्त्यै शरणं प्रयत्नात्
तमादिदेवं प्रणमामि शंभुम् ॥

११७ नागशरणसिंह (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी ११३ (क) सङ्ख्या, ३०।२८१, ४६ पृष्ठ ।
सर्वस्त्वं सर्वगो देव सर्वभूतपतिर्भवान् ।
सर्वभूतान्तरात्मा च तेन त्वं न निमंत्रितः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेक रूपमा अभिव्यक्त हुन्छन् भनेर *पुराण*हरूमा उल्लेख गरिएको छ ।[११८] सङ्क्षिप्तमा शैव धर्म एकेश्वरवादी हुँदै गएको स्पष्ट देखिन्छ । त्यस्तै गरी वैष्णवहरूमा विष्णुप्रति एकेश्वरवादी भाव पाइन्छ ।

*रामायण-महाभारत*मा भगवान् शिवलाई जसरी योगका स्रष्टाको रूपमा वर्णन गरिएको छ, त्यस्तै *पुराण*हरूमा आत्मसंयम, तपश्चर्या गर्नेहरूको ध्यानको विषय हुनाले उनलाई 'महायोगी'[११९] र योगविद्याका प्रमुख आचार्य[१२०] मानिएको पाइन्छ । त्यस समयसम्म शिवको उपासनाको सम्बन्धमा योगाभ्यासको एक विशेष विधिको विकास भएको थियो, जसलाई 'माहेश्वर योग' भनिन्थ्यो ।[१२१] त्यस्तै रूपमा शिवलाई विविध उपाधिहरू 'यति',[१२२] 'आत्मसंयमी', 'ब्रह्मचारी'[१२३] र 'ऊर्ध्वरिता:'[१२४] दिइएको पाइन्छ । साङ्ख्यको साथको सम्बन्धमा *पुराण*मा पनि उल्लेख पाइन्छ । त्यसैले उनलाई 'साङ्ख्य', 'साङ्ख्यात्मा'[१२५] र साङ्ख्यको उद्भव गर्ने भनी बताइएको पाइन्छ । उनी

---

११८ (क) *ऐजन*, ५।१०४, १११ पृष्ठ ।
एक: स्वयंभुव: कालस्त्रिभिस्त्रीन करोति स: ।
सृजते चानुगृह्णाति प्रजा: संहरते तथा ।
(ख) *लिङ्गपुराणम्*, नेपाल राष्ट्रिय पुस्तकालय, संस्कृत विभाग, ४९७४ सङ्ख्या, १।१।१, ३ पृष्ठ ।
नमो रुद्राय हरये ब्रह्मणे परमात्मने ।
प्रधानपुरुषेशाय सर्गस्थित्यन्तकारिणे ॥

११९ नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११३ (क) सङ्ख्या, २४ । १५४, ३५ पृष्ठ ।
जपो जप्यो महायोगी महादेवो महेश्वर: ।
पुरेशयो गुहावासी खेचरो रजनीचर: ॥

१२० (क) विनायक गणेश आप्टे (सम्पा.), *ब्रह्मवैवर्तपुराणम्*, प्रथमो भाग:, (पुण्याख्यपत्तने: आनन्दाश्रम मुद्रणालय, वि.सं. १९९२), ३।२०, ७ पृष्ठ ।
सर्वसिद्धेश्वर: सिद्धो योगीन्द्राणां गुरोर्गुरु: ।
(ख) *ऐजन*, ६।४, १५ पृष्ठ ।
तत: शंकरमाहूय सर्वेशो योगिनां गुरुम् ।

१२१ काशीनाथशास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११२ सङ्ख्या, १२।१, ३५ पृष्ठ ।
मध्येकचिन्तता योग इति पूर्वं निरूपितम् ।
साधनान्यष्टधा तस्य प्रवक्ष्याम्यधुना शृणु ॥

१२२ राधेश्याम खेमका (सम्पा.), *कल्याण* (मस्त्यपुराणाङ्क), ५८ वर्ष, १ सङ्ख्या (गोरखपुर: गीता प्रेस, सन् १९८४),४७।१३९,१७५पृष्ठ ।
दुन्दुभ्यायैकपादाय अजाय बुद्धिदाय च ।
अरण्याय गृहस्थानयतये ब्रह्मचारिणे ॥

१२३ (क) नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११३ (क) सङ्ख्या, २४।१६०, ३५ पृष्ठ ।
ब्रह्मण्यो ब्रह्मचारी च गोघ्नस्त्वं शिष्टपूजित: ।
वेदनामव्यम: कोशस्त्वया यज्ञ: प्रकल्पित: ॥
(ख) राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १२२ सङ्ख्या, १३२।२७, ४६७ पृष्ठ ।
वृषध्वजाय मुण्डाय जटिने ब्रह्मचारिणे ।
तप्यमानाय सलिले ब्रह्मण्यायाजिताय च ॥

१२४ (क) नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११३ (क) सङ्ख्या, २४।१३१, ३४ पृष्ठ ।
रक्षोघ्नाय मखघ्नाय शितिकण्ठोर्ध्वरितसे ।
(ख) राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११२ सङ्ख्या, ४७।१४९, १७६ पृष्ठ ।
रोचमानाय चण्डाय स्फीताय ऋषभाय च ।
व्रतिने युञ्जमानाय शुचये चोर्ध्वरितसे ॥

१२५ (क) नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १५ (ख) सङ्ख्या, १३८।३६, ५५ पृष्ठ ।
सांख्याय सांख्यमुख्याय योगाधिपतये नम: ।
(ख) नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११३ (क) सङ्ख्या, ५४।६७, ८३ पृष्ठ ।
ब्रह्मणे चैव रुद्राय विष्णवे चैव ते नम: ।
सांख्याय चैव योगाय भूतग्रामाय वै नम: ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साङ्ख्यका पुरुष हुन्, जसलाई जानेर जीव मुक्ति प्राप्त गर्दछ ।[१२६]

शिवको साहचर्यमा उनकी पत्नीको दार्शनिक स्वरूपको विकास *पुराण*हरूमा पाइन्छ । *उपनिषद्* हरूमा एक परमपुरुष र उसको प्रकृति अथवा मायाको उल्लेख पाइन्छ । जसद्वारा उनी सृष्टिको सम्पूर्ण कार्य सम्पन्न गर्दछन् । ती पुरुषको शिवका साथ तादाम्य पनि *उपनिषद्*हरूमा पाइन्छ । देवीलाई औपनिषदिक प्रकृति अथवा मायासँग तादात्म्य गरियो र शिव तथा शक्तिको सहोपासनाको दार्शनिक आधार खडा भयो । देवीलाई शिवको शक्तिस्वरूपा मानेर *पुराण*हरूमा उल्लेख गरेको पाइन्छ । उनलाई 'ज्ञानमयी शक्ति'[१२७] 'परा', 'परम शक्ति', 'माया'[१२८] आदि उपाधिसाथ उल्लेख गरी शिवको शक्तिको रूपमा उनी शिवसँग भिन्न छैनन् बरु अभिन्न छिन् भन्ने भाव व्यक्त भएको पाइन्छ ।[१२९] यसैले पनि हो शिव र पार्वतीको उपासनाका विधिहरू प्राय: सबै पुराणहरूमा दिइएको पाइन्छ । मूर्ति तथा लिङ्ग दुवै रूपमा शिवको पूजा-आजा हुन्थ्यो । त्यस्तै देवीको अलग मूर्ति राखेर र कहिलेकाहीं अर्धनारीश्वरको रूपमा पूजा गर्ने परम्परा पाइन्छ । त्यस्तै नटराज, भैरव आदि रूपको पनि *पुराण*हरूमा उल्लेख पाइन्छ । उग्र रूपमा शिवलाई 'क्रूर', 'भयावह', 'महानाशकारी', 'विध्वंसक' देवताको रूपमा मानिएको पनि देखिन्छ । त्यस रूपमा उनलाई 'चण्ड', 'महाकाल' इत्यादि उपाधि दिएको देखिन्छ ।[१३०] त्यस्तै 'क्षपण', 'भीम' र साक्षात् 'मृत्यु' भनिएको छ ।[१३१] कुनै *पुराण*मा उनलाई 'काल' को साथ तादात्म्य गरिएको पाइन्छ ।[१३२] त्यस रूपमा रक्ष, दानव, दैत्य, गन्धर्व र यक्षहरूलाई उनको अनुचर बताइएको छ ।[१३३] शिवको एक उपाधि 'यक्षपति' छ । यक्षहरू स्वभावत: निर्दयी,

---

१२६ नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११३ (क) सङ्ख्या, २४।१६३, ३५ पृष्ठ ।
योगेन त्वांन्ध्यानिनो नित्यमुक्ता ज्ञात्वा भोगान् संज्यजन्ते पुनस्तान् ।
येऽन्ये मर्त्यास्त्वां प्रपन्ना विशुध्दास्ते कर्मभिर्दिव्यभोगान् भजन्ते ।

१२७ काशीनाथशास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११२ सङ्ख्या, २।१६, ५ पृष्ठ ।
तस्य ज्ञानमयी शक्तिरव्यया गिरिजा शिवा ।
तया सह महादेव: सृजत्यवति हन्ति च ॥

१२८ *ऐजन*, २।१८, ७।२०, ५,२१ पृष्ठ ।
(क) माया सा परमा शक्तिरक्षरा गिरिजा ऽ व्यया ।
मायाविश्वात्मको रुद्रस्तज्ज्ञात्वा ह्यमृती भवेत् ॥
(ख) सा च शक्ति : परा गौरी स्वेच्छाविग्रहचारिणी ।

१२९ *ऐजन*, ५५।८, २१९ पृष्ठ ।
अहं सर्वान्तराशक्तिर्माया मायी महेश्वर: ।
अहमेका पराशक्तिरेक एव महेश्वर : ॥

१३० नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११५ (ख) सङ्ख्या, ४१।६६, ६१ पृष्ठ ।
महाकालेति विख्यात: सर्वकामप्रद: शिव: ।
शिवकुण्डे नर: स्नात्वा विधिवत्पापनाशने ॥

१३१ राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १२२ सङ्ख्या, ४७ १३४, ४७ । १३७, १७५, १७६ पृष्ठ ।
(क) निषङ्गिणे च ताराय स्वक्षाय क्षपणाय च ।
ताम्राय चैव भीमाय उग्राय च शिवाय च ॥
(ख) बहुनेत्राय धुर्याय त्रिनेत्रायेश्वराय च ।
कपालिने च वीराय मृत्यवे त्र्म्बकाय च ॥।

१३२ नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११३ (क) सङ्ख्या, ३१।३२, ४८ पृष्ठ ।
अंहकाराद् रुदन् रुद्र: सद्भूतो ब्रह्मणस्त्रय: ।
स रुद्रो वत्सरस्तेषां विजज्ञे नीललोहित: ॥

१३३ राधेश्याम खेमका (सम्पा.), *कल्याण* (मत्स्यपुराणाङ्क), ५९ वर्ष, १ सङ्ख्या, (गोरखपुर: गीता प्रेस, सन् १९८५), १८०।९.५-१०.५, ७४८ पृष्ठ ।
गुह्यका बत यूयं वै स्वभावात् क्रूरचेतस: ।
क्रव्यादाश्चैव किंभक्षा हिंसाशीलाश्च पुत्रक ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मृतमांसभक्षी, अभोज्यभक्षक र मारणशील जीव मानिने हुनाले 'यक्षपति' उपाधिबाट शिवको संहारक स्वरूपको सङ्केत पाइन्छ । सम्भवत: यिनै रौद्रताको कारणले होला *पुराण*हरूमा शिवको निन्दा पनि ठाउँ-ठाउँमा पाइन्छ ।

सम्पूर्ण वैदिक वाङ्मयमा भगवान् पशुपतिको चर्चा केही न केही रूपमा भएको छ । जीवमात्रका आश्रयदाता भूतभावन भगवान् पशुपतिनाथ सम्पूर्ण प्राणीजगत्का परमाराध्य छन् । उनी एक रहस्य पनि हुन् । त्यसैले शास्त्रहरूमा विविध रूपले त्यो रहस्यलाई जान्न प्रयास गरिएको पाइन्छ । वास्तवमा जसले जे अनुभूति गऱ्यो, जे अनुभव गऱ्यो तिनै कुराहरू शास्त्रमा विविध रूपमा वर्णित भएका छन् ।

४.२ भगवान् पशुपतिको मुहार

शिवलिङ्ग एकदेखि पाँचमुहारसम्मका पाइन्छन् । त्यस्तै मुहारविहीन सादा लिङ्ग पनि पाइन्छ । नेपालमा सादा एवं मुखलिङ्ग दुवै किसिमका शिवलिङ्गहरू पाइन्छन् । मुखलिङ्गमा एकमुहारवाला ज्यादै थोरै पाइएका छन् भने चारमुखवाला निकै पाइन्छन् । पाँचमुखवाला शिवलिङ्गमा लिङ्गको माथिल्लो भागमा चारतिर चार मुख उत्कीर्ण गरिएको हुन्छ भने लिङ्गको माथिल्लो आकृतिविहीन भागलाई पनि मुहार मानी नाम दिइएको पाइन्छ । पशुपतिनाथका पाँच मुहार छन् । ती मुहारहरू पूर्व, पश्चिम, दक्षिण, उत्तर र ऊर्ध्व पाँच दिशामा रहने पञ्चप्राणका प्रतीक मानिन्छन् । ती पाँच मुहारका अलग-अलग नाम छन् ।

सद्यो वामं तथा घोरं तत्पुरुषं चतुर्थकम् ।
पञ्चमञ्च तथेशानं योगिनामप्यगोचरम् ॥ [१३४]

अर्थात्, सद्योजात, वामदेव, अघोर र चारौँ तत्पुरुष हुन् । पाँचौं ईशानलाई योगीहरू पनि बुझ्दैनन् । शास्त्रीय ग्रन्थहरूमा ती पाँच मुखहरूको भिन्न-भिन्न ध्यान र आयुधहरू वर्णन गरिएको पाइन्छ ।

पशुपतिको पूर्वपट्टिको मुहारलाई तत्पुरुष भनिन्छ । त्यो 'तत्' शब्द परोक्ष अर्थको बोधक र परमपुरुषवाचक मानिन्छ । परमऐश्वर्यका योगले पूर्वदिशाका अधिपति 'इन्द्र' नै तत्पुरुष मानिएका छन् ।[१३५] 'इदि परमैश्वर्ये' यस धातुबाट 'इन्द्र' शब्द बनेको छ । ती इन्द्र सबै देवताहरूका राजा हुन् ती परिशुद्ध वैद्युत पुरुष हुन् । सूर्यादि सबै दिव्यदेवादि वस्तुहरूको उदय पूर्वदिशाबाट हुन्छ । त्यस कारण ती ब्राह्मीशक्तिले युक्त भएका मानिन्छन् ।[१३६] पूर्वदिशाका रुद्रलाई *अथर्ववेद*मा 'भव' भनी उल्लेख गरिएकोले 'तत्पुरुष' नै वैदिक 'भव' हुन् ।[१३७] स्वतन्त्र रूपमा तत्पुरुषको ध्यान यस रूपमा प्रसिद्ध छ:-

प्रदीप्तविद्युत्कनकावभासो विद्यावराभीतिकुठारपाणि: ।
चतुर्मुखस्तत्पुरुषस्त्रिनेत्र: प्राच्यां स्थितो रक्षतु मामजस्रम् । [१३८]

---

१३४ बलराम श्रीवास्तव, (सम्पा.), *रूपमण्डन*, (वाराणसी: मोतीलाल बनारसीदास, वि.सं. २०२१), ४।९४, १७९ पृष्ठ ।

१३५ दैवरात:, *श्रीपशुपतिहृदयम्*, (काठमाडौँ: नेपाली भाषा प्रकाशिनी समिति, वि.सं. २००२), ९ पृष्ठ ।

१३६ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्*, पञ्चदशकाण्डम्, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७५), १५।५।१, ३१७३ पृष्ठ ।
तस्मै प्राच्या दिशो अन्तर्देशाद् भवयिष्वासमनुष्ठातारमकुर्वत ।

१३७ दैवरात:, *पूर्ववत्*, पादटिप्पणी सङ्ख्या १३५, ९ पृष्ठ ।

१३८ पं. शिवदत्त मिश्र शास्त्री (सम्पा.), *शिवरहस्यम्*, (वाराणसी: ठाकुरप्रसाद बुक्सेलर, सन् १९८०), १६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात्, चम्किलो विद्युत् जस्तो स्वर्ण वर्ण भएका, हातमा ज्ञानमुद्रा (वेद), वरमुद्रा, अभयमुद्रा र परशु लिएका, चार मुख र तीन नेत्र भएका, पूर्व दिशामा रहेका तत्पुरुषले मेरो रक्षा गरून् । पाशुपतदर्शनमा तत्पुरुषको मन्त्रको रूपमा 'तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्' प्रसिद्ध छ ।[१३९] जसको अर्थ हुन्छ, ती तत्पुरुषलाई हामी जान्दछौं, ती महादेवको हामी ध्यान गर्दछौं, ती रुद्रले हामीलाई उत्कृष्ट कर्ममा प्रेरणा गरून् ।

दक्षिणपट्टिको मुहार 'अघोर' नामबाट परिचित छ । अघोरको अर्थ हुन्छ जसभन्दा घोर अरू केही छैन । 'अनुत्तम', शब्दले जसभन्दा उत्तम अरू छैन भन्ने अर्थ व्यक्त गरे झैं अघोर शब्दले पनि त्यो भन्दा घोर अर्को छैन भन्ने अर्थ बुझाउँछ । दक्षिण दिशाका अधिपति साक्षात् कालाग्निरुद्र 'यमराज' हुन् । त्यस कारण ती उग्र मानिन्छन् । अघोर महाबलशाली उत्साहयुक्त र शत्रुसङ्घलाई नाश गर्नेवाला बताइएको पाइन्छ ।[१४०] अघोरको ध्यान गर्दा भयङ्कर दाँतहरूयुक्त मुख भएका, टाउकोमा सर्प, तीन आँखा भएका, नरमुण्डको माला धारण गरेका, सर्पको कुण्डल लगाएका, सर्पकै केयूर, हार, उपवीत लगाएका, सर्पकै कटिसूत्र तथा विच्छीहरूको माला लगाएका रूपमा वर्णित छन् ।[१४१] पशुपतिको दक्षिण मुहार त्यतिको उग्र नदेखाइए तापनि अरू मुहारहरूभन्दा भिन्न घुंगुरिएको कपाल, दाहिने कानमा सर्पको कुण्डल र देब्रे कानमा गोल कुण्डलयुक्त उत्कीर्ण गरिएकोले अघोरभाव पाइन्छ । वेदमा अघोर रूपलाई 'शर्व' नामले उल्लेख गरिएको छ:-[१४२]

अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः।
सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्ते अस्तु रुद्ररूपेभ्यः ॥

अर्थात्, शान्त र घोररूप धारणा गरेका, अत्यन्त भयङ्कर भएका, सबै प्राणीहरूको संहार गर्ने तिम्रा उग्ररूप सबै रुद्रहरूलाई नमस्कार होस् ।

भगवान् पशुपतिको उत्तरपट्टिको मुहारको नाम वामदेव हो । उत्तरदिशाका अधिपति 'सोम' नै वामदेव मानिएका छन् ।[१४३] उनको अर्को नाम 'उग्रदेव' पनि हो ।[१४४] उनको ध्यानमा वरदमुद्रा, अक्षमाला, अभयमुद्रा र छिनाधारी, कमलको केसर जस्तो वर्ण भएको, तीन आँखा र चार मुखवाला भनी उल्लेख गरिएको छ:-

वराक्षमालाभयटङ्कहस्तः सरोजकिंजल्कसमानवर्णः ।
त्रिलोचनश्चारुचतुर्मुखो मां पायादुदीच्यां दिशि वामदेवः ॥

---

१३९ दैवरातः, *पूर्ववत्*, पादटिप्पणी १३५ सङ्ख्या, पृष्ठ १० ।

१४० वलराम श्रीवास्तव, *पूर्ववत्*, पादटिप्पणी १३४ सङ्ख्या, ४।९, १५५ पृष्ठ ।
महावीर्यं महोत्साहमष्टबाहुं महावलम् ।
शमयन्तं रिपोः सङ्घनिवेशो यत्र भूतले ॥

१४१ *ऐजन*,४।६, १५४ पृष्ठ ।
दंष्ट्राकरालवदनं सर्पशीर्षं त्रिलोचनम् ।
मुण्डमालाधरं देवं सर्पकुण्डलमण्डितम् ।
भुजङ्गकेयूरधरं सर्पहारोपवीतिनम् ।
योनसं (?) कटिसूत्रेण गले वृश्चिकमालिकम् ॥

१४२ दैवरातः, *पूर्ववत्*, पादटिप्पणी १३५ सङ्ख्या, ११ पृष्ठ ।

१४३ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.) *अथर्ववेदभाष्यम्*, तृतीयकाण्डम्, (दिल्लीः पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७१), ३।२७।४, ५८८ पृष्ठ ।
उदीची दिक सोमोऽधिपतिः स्वजो रक्षिताशनिदिषवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नमशषुभ्यो नमएभ्यो अस्तु ॥

१४४ पं. क्षेकरणदास त्रिविदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १३६ सङ्ख्या, १५।५।८, ३१७६ पृष्ठ ।
तस्मै उदीच्या दिशो अन्तर्देशात् उग्रंदेवमिष्वासमनुष्ठातारमकुर्वन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*रूपमण्डन*मा उनको ध्यान अलि फरक छ । त्यहाँ उनलाई रातो लुगा, रातो यज्ञोपवीत, रातो उष्णीष पहिरेका रातो आँखा भएका, रातो माला र रातो चन्दन लगाएका, जटामा चन्द्र धारण गरेका, उँचो नासिका, लामो हात तथा हातमा खड्ग, खेटक समाएका रूपमा उल्लेख गरिएको छ ।[१४५]

पशुपतिनाथको लिङ्गका अरू तीन मुखभन्दा उत्तर मुख केही विलक्षण रूपको छ । वामदेवको देब्रे कानमा नाग कुण्डल छ, फेरि देब्रेतिर शिरमा अग्लो जटाजूट छ । जटाको दाहिनेतिर बाटेको कपाल मुकुट झैं बन्न पुगेको छ । यसरी यी 'वामदेव' को दाहिनेतिरको आधा भागमा स्त्रीविलासका योग्य आभरणहरूका गुणका कलाले भूषित भएका छन् ।[१४६]

पश्चिमपट्टिको मुहारलाई 'सद्योजात' भनिन्छ । पश्चिम दिशाका अधिपति वरुण हुन् ।[१४७] यसैले सद्योजातलाई पश्चिम दिशाका देवतारूपी वरुण पनि मानिन्छ । 'सद्योजात' को शाब्दिक अर्थ 'भर्खर जन्मेको' भन्ने हुन्छ । स्वतन्त्र रूपमा उनलाई ध्यान गर्दा उनको रूप कुन्द, इन्दु, शङ्ख र स्फटिक झैं उज्ज्वल वर्ण भएका, वेद, अक्षमाला, वरद र अभय मुद्रा लिएका, तीन आँखा चार मुख भएका महाप्रभावशाली भनी वर्णन गरिएको पाइन्छ ।[१४८] सद्योजात मुहारको लक्षण बताउँदा आनन्दले परिपूर्ण, तीन आँखा भएका, सौम्य मुखमण्डल भएका तथा कुण्डलहरूबाट अलङ्कृत भएका भनी बताएको पाइन्छ ।[१४९] *अथर्ववेद*मा पश्चिमपट्टिको मुहारलाई 'पशुपति' नामबाट सम्बोधित गरिएको छ ।[१५०]

पशुपतिनाथको पश्चिमपट्टिको मुहार सद्योजात अवस्थाका बालक झैं सौम्य भावमा उत्कीर्ण गरिएको छ । चारै मुहारपट्टि दुइ-दुइ हात छन् । तिनमा सबैको दाहिने हातमा रुद्राक्ष माला र देब्रे हातमा कमण्डलु छ । रुद्रबाट निस्केका अकारादि क्षकारान्त वर्णमाला नै रुद्राक्षमाला मानिएको छ । रसतत्त्वले युक्त प्राणशक्तिरूप अमृतमय पूर्णकलश नै प्राणशक्तिको बोधक हो ।[१५१] वाक्शक्तिरूपिणी गौरी र प्राणशक्तिरूपिणी गङ्गाका साथ चार दिशामा पशुपति छन् । ती अष्टशक्तिहरूले युक्त मुहारहरू अष्टमूर्तिका तत्त्वले प्रकट छन् । अनि ती आठ भुजा आठ शक्तिका बोधक मानिएका छन् ।[१५२]

---

१४५ बलराम श्रीवास्तव, *पूर्ववत्*, पादटिप्पणी १३४ सङ्ख्या, १५४ पृष्ठ ।
रक्ताम्बरधरं देवं रक्तयज्ञोपवीतिनम् ।
रक्तोष्णीषं रक्तनेत्रं रक्तमाल्यानुलेपनम् ।
जटाचन्द्रधरं कुर्यात्त्रिनेत्रं तुङ्गनासिकम् ।
वामदेवं महाबाहुं खड्गखेटकधारिणम् ॥

१४६ दैवरातः, *पूर्ववत्*, पादटिप्पणी १३६ सङ्ख्या, १३ पृष्ठ ।

१४७ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १४३ सङ्ख्या, ३।२७।३, ५८७ पृष्ठ ।
प्रतीची दिक् वरुणोऽधिपतिःपृदाकू रक्षितान्नमिषनः ।

१४८ पं. शिवदत्त मिश्र शास्त्री, *पूर्ववत्*, पादटिप्पणी १३८ सङ्ख्या, अमोघशिवकवचम्, ११, १६ पृष्ठ ।
कुन्देदुशंखस्फटिकावभासो वेदाक्षमालावरदाभयाङ्कः ।
यक्षश्चतुर्वक्त्र उरुप्रभावः सद्यो ऽधिजातो ऽवतु मां प्रतीच्याम् ।

१४९ बलराम श्रीवास्तव, *पूर्ववत्*, पादटिप्पणी १३४ सङ्ख्या, ४।२, १५३ पृष्ठ ।
त्रिलोचनं सौम्यमुखं कुण्डलाभ्यामलङ्कृतम् ।
सद्योजातं महोत्साहं वरदाभयपाणिनम् ॥

१५० पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १३६ सङ्ख्या, १५।५।६, ३१७५ पृष्ठ ।
तस्मै प्रतीच्या दिशो अन्तर्देशात् पशुपतिमिष्वासमनुष्ठातारमकुर्वन ।

१५१ दैवरातः, *पूर्ववत्*, पादटिप्पणी १३५ सङ्ख्या, १५ पृष्ठ ।

१५२ *ऐजन*, १५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिको ऊर्ध्वमुखको नाम 'ईशान' हो । हात, मुख आदि आकृतिरहित लिङ्ग मात्र शरीर रूप छ । 'ईशान' मुखलाई पशुपतिको प्रधान स्वरूप मानिन्छ । जहाँ कुनै रूप रहँदैन, त्यही सबै रूपहरूको अधिष्ठान हो । त्यस कारण ऊर्ध्वमुख परमशिवबाट अभिन्न पराशक्तिरूप मानिन्छ ।[१५३] त्यसैले पशुपतिनाथमा पनि पूजा-आजाको क्रममा सर्वप्रथम ईशान मुहारमा पूजा-आजा गरिन्छ । ईशानलाई सबै विद्याहरूका स्वामी, सबै प्राणीहरूका नेता, ब्रह्माण्डका अधिपति, परब्रह्मरूपी मानिएको छ ।[१५४]

सबै प्राणीहरूका अन्तर्हृदयमा चेतनाशक्तिको रूपले बस्ने सर्वान्तर्यामी परमपुरुषरूपी रुद्रनामक अन्तरात्माका प्राणापानादिरूप पञ्च प्राण नै मुख मानिएका छन् । पूर्व मुख प्राण हो, पश्चिम अपान, दक्षिण व्यान, उत्तर समान र ऊर्ध्वमुख उदान हो ।[१५५] सङ्क्षिप्तमा सगुण र निर्गुण दुवैको बोधक पशुपति लिङ्ग छ ।

४.३ लिङ्ग र लिङ्गतत्त्वको विवेचन

भगवान् पशुपतिलाई साकार रूपमा अभ्यर्चना गर्दा साकार स्वरूपमा पनि निराकार भावले लिङ्गको रूपमा पूजा-आराधान गर्ने प्रचलन रहिआएको छ । लिङ्गको अर्थ केही पाश्चात्त्य विद्वान् र उनीहरूका अनुसरण गर्नेहरूले मनोमानी ढङ्गले गरे तापनि लिङ्गको वास्तविक तत्त्व र अर्थ वैदिक वाङ्मयहरूमा प्रशस्त गरिएको पाइन्छ । *संहिताग्रन्थ*देखि पछिका *स्मृति, पुराण, उपपुराण, तन्त्र* आदि ग्रन्थहरूमा लिङ्ग शब्दको उल्लेख पर्याप्त मात्रामा पाइन्छ । *शिवपुराण* र *लिङ्गपुराण* त उपक्रम र उपसंहारको रूपमा शिवलिङ्गकै विवेचना, व्याख्या र लक्षण गर्नुमा नै व्यस्त देखिन्छ । *ब्रह्मपुराण, ब्रह्माण्डपुराण, स्कन्दपुराण* आदि अनेकौं *पुराण*हरूमा केही प्रक्षिप्त पाठलाई छोडेर शिवलिङ्गको मनोरम, वैज्ञानिक अर्थहरू यत्रतत्र पाइन्छन् । 'लिङ्ग्यते गम्यते बुध्यते अनेन इति लिङ्गम्' यस व्युत्पत्तिअनुसार गत्यर्थमा विद्यमान 'लिगि' धातुबाट 'लिङ्ग' शब्दको निष्पत्ति हुन्छ यसको अर्थ जसद्वारा प्रतिपाद्य वस्तुको यथार्थस्वरूप अवगत गर्न सकिन्छ, त्यही नै 'लिङ्ग' हो । यहाँ 'लिङ्ग' शब्द अनेक अर्थमा प्रयुक्त भएको छ । मेदिनीकोषकारले निम्नलिखित अर्थहरूमा लिङ्ग शब्द व्यवहृत भएको छ भनी उल्लेख गरेका छन्:-[१५६]

लिङ्गं चिह्नेऽनुमाने च साङ्ख्योक्तप्रकृतावपि ।
शिवमूर्त्तिविशेषे च मोहनेऽपि नपुसंकम् ॥

सामान्य लोकव्यवहारमा लिङ्ग शब्द चिह्नरूप अर्थको बोधक हुन्छ भने न्यायदर्शनमा अनुमानको हेतु अर्थमा र साङ्ख्यहरूले कार्य मात्रको मूल कारण मूलप्रकृतिमा लिङ्ग शब्दको प्रयोग गरेका छन् । यस्तै *पुराण*मा भगवान् शङ्करको मूर्तिविशेषमा र कहीं-कहीं मोहनरूप अर्थमा पनि लिङ्ग शब्द प्रयोग गरिएको पाइन्छ ।

लिङ्ग शब्दको व्युत्पत्ति गर्दा 'लिङ्ग्यते प्रतीयते यत्तल्लिङ्गम्' भन्ने पनि हुन्छ । जसले पुल्लिङ्ग, स्त्रीलिङ्ग आदिको प्रतीति हुन्छ, त्यही नै लिङ्ग हो भन्ने बुझाउँछ । न्यायदर्शनमा भने 'लीनम् प्रच्छन्नम् अर्थम् गमयति बोधयतीति लिङ्गम्'

---

१५३ *ऐजन*, १६ पृष्ठ ।

१५४ *ऐजन*, १६ पृष्ठ ।

१५५ पं. जगदीश शास्त्री (सम्पा.), *पूर्ववत्, छान्दोग्योपनिषत्*, पादटिप्पणी ६१ सङ्ख्या, ३।१२।१–३, ५० पृष्ठ ।
तस्य ह वा एतस्य हृदयस्य पञ्च देवसुषयः स योऽस्य प्राङ्सुषिः
स प्राणः यो ऽ दक्षिणः सुषिः स व्यानः, योऽस्य प्रत्यङ्-
सुषिः सोऽपानः, योऽस्योदङ् सुषिः स समानः, यो
ऽस्योर्ध्वः सुषिः स उदानः इति ।

१५६ पं.जगन्नाथशास्त्री होसिंग (सम्पा.), *मेदिनीकोशः*, (वाराणसी: चौखम्बा संस्कृत सिरीज आफिस, सन् १९६८), २३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी व्युत्पत्ति गर्ने गरेको पाइन्छ । जसको अर्थ गुप्त रहेको प्रयोजन वा ध्येयलाई जसले बोध गराउँछ त्यही लिङ्ग भन्ने हुन्छ । उदाहरणको लागि 'पर्वतो वह्निमान् धूमात् महानसवत्' यस अनुमान वाक्यमा यो पर्वत आगोवाला छ । किनभने धूँवा भएको हुनाले । यहाँ 'महानसवत्' अर्थात् भान्छाघरको जस्तै भनी भान्साघरमा देखिएको आगोको धूँवाले पर्वतबाट निस्केको धूँवासँग सम्बन्ध जोड्दा यो पर्वत आगोवाला रहेछ भन्ने अनुमान वाक्यमा पर्वतमा लुकेको आगोलाई दृश्यमान धूँवाले बोध गराउने हुनाले न्यायिकहरूले धूँवालाई 'लिङ्ग' शब्दले व्यवहार गर्दछन् । साङ्ख्यदर्शनअनुसार स्थूल पञ्चमहाभूत आकाश, वायु, तेज, जल, पृथ्वी, आफ्नो कारण शब्द, स्पर्श, रूप, रस, गन्ध पञ्चतन्मात्राहरूमा लीन हुन्छन् । ती तन्मात्राहरू अहंकारमा, अहंकार बुद्धिमा र बुद्धितत्त्व मूलप्रकृतिमा लीन भएको कारण 'लीयते यत् तल्लिङ्गम्' भन्ने व्युत्पत्तिअनुसार जसमा सबै उत्पद्यमान कार्यहरू लीन हुन्छन्, त्यही नै साङ्ख्यदर्शनको साङ्केतिक लिङ्ग शब्द हो । जसलाई प्रकृति भनिन्छ ।

'लिङ्गयते मुह्यते यस्मिन् तल्लिङ्गम्' भन्ने अर्को व्युत्पत्तिअनुसार जसमा मोह हुन्छ, त्यही नै लिङ्ग हो भन्ने अर्थ बुझिन्छ । यहाँ मोह भनेको अविवेक हो । यसबाट अनेक अर्थ बुझाउने लिङ्ग शब्दको एक अर्थ विवेकशून्यको सङ्केतक पनि हो भन्ने देखिन्छ ।

यस प्रकार विविध अर्थमा लिङ्ग शब्द प्रयुक्त भए तापनि देवाधिदेव महादेवको साकार स्वरूपमा पनि लिङ्ग शब्दको प्रयोग भएको कारण यस सन्दर्भमा केही विवेचन गर्नु सान्दर्भिक हुने देखिन्छ । हिन्दूधर्ममा भगवान् शिवको साकार रूपमा पूजा गर्ने क्रममा लिङ्गपूजा गर्ने प्रचलनलाई सनातन मानिन्छ । लिङ्गलाई ऊर्ध्वगामिनी रूपमा वनाई स्थापना गरिएको कारण यसलाई प्रकाशतत्त्वको रूपमा पनि मानिन्छ । वास्तवमा ज्योतिर्लिङ्ग यसैको पुष्ट्याइँ हो । *ऋग्वेद*मा "नासदासीन्नो सदासीत् तदानीं नासीद्रजो नो व्योमा परो यत्" [१५७] अर्थात् कुनै समय यस्तो थियो जुन समयमा सत्, असत्, स्थूल, सूक्ष्म, द्यावाभूमी केही पनि थिएन । *यजुर्वेद*अनुसार त्यस वेला "सर्वे निमेषा जज्ञिरे विद्युतः पुरुषादधि नैनमूर्ध्वं न तिर्यञ्च न मध्ये परजग्रभत्" [१५८] अर्थात् विद्युत्पुरुष ज्योतिर्लिङ्गको प्रादुर्भाव हुन्छ, जसबाट सबै कला, काष्ठादि दृश्यमान चराचर स्थूल जगत्को समुत्पत्ति भयो । जो अद्भुत एवं अतिविलक्षण भएको कारण तल, माथि वरपर कुनै पनि प्रकारले कसैले पनि त्यसको वास्तविक स्वरूपलाई यथार्थमा बुझ्न सकेनन् । यसरी प्रकारान्तरले शिवलिङ्गको प्रादुर्भाव भएको चर्चा वेदमा पाइन्छ । यसको आधारमा लिङ्गपूजाको महनीय परम्परा शास्त्रसम्मत र शिष्टपरिगृहीत भएको कारण नै सृष्टिको आरम्भमा निराकार ब्रह्म साकार रूपमा परिणत हुँदा ज्योतिर्लिङ्ग स्वरूपमा प्रकट भएको आभास पाइन्छ । यसबाट ज्योतिर्लिङ्ग ब्रह्माण्डस्वरूप हो भन्ने भाव झल्कन्छ । ब्रह्माण्डको अण्डाकार मूर्तिको समान परब्रह्मको प्रतिमा 'शिवलिङ्ग' यस कल्याणकारी प्रतीकलाई आधार बनाएर भगवान् पशुपतिको मनन, पूजन तथा स्तवन गर्दछन् । तत्त्वचिन्तक ऋषिमुनिहरूले चतुर्दशकोटि ब्रह्माण्डका तेत्तीसकोटि देवीदेवताहरूलाई मान्दा कुन रूपमा कहिले मानिसक्ने ? यसको समाधानको लागि एक ब्रह्माण्डमाथि अर्को ब्रह्माण्डको खात लगाउँदा खातबाट थाक भए । थाक भएको आकार शिवलिङ्ग हो । चतुर्दशकोटि देवीदेवतागणको प्रतीक शिवलिङ्ग हो । चतुर्दशकोटि ब्रह्माण्डलाई केमा राखेर पूजा गर्ने ? यस प्रकारको शङ्कानिवारणार्थ प्रकृति अर्थात् पृथ्वीको कल्पना गरेर शिवलिङ्गको पीठिका पृथ्वी वन्यो । जति पनि प्राचीन शिवलिङ्ग पाइएका छन्, तिनको पीठिका गोलो छ । त्यही चतुर्दशकोटि ब्रह्माण्डको स्वरूप र प्रकृतिस्वरूप पीठिका नै क्रमशः शिवलिङ्ग र जलहरी हो । यसरी निराकार ब्रह्मको आदिम स्वरूप साकार रूपमा उत्पन्न भई त्यसबाट नै विश्वब्रह्माण्ड सृजित भएको कारण साङ्ख्यहरूले

---

१५७ विश्ववन्धु (सम्पा.), *ऋग्वेदः*, सप्तमो भागः, (होशियारपुरम्: विश्वेश्वरानन्द-वैदिक-शोध-संस्थानम्, वि.सं. २०२२), १०।१२९।१, ३८१० पृष्ठ ।

१५८ स्वामी गोविन्दानन्द, प्रेमाचार्यशास्त्री (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, ३२।२, ३४० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थूल जगत्को निर्विकार मूल कारणको रूपमा लिङ्गतत्त्वलाई स्वीकार गरेको कुरा युक्तियुक्त प्रतीत हुन्छ । अत: ईश्वरवादी आस्तिकहरू ऊर्ध्वगामिनी दिव्यज्योति शिवलिङ्गको उपासना गर्दछन् ।

*स्कन्दपुराण*मा आकाशलाई लिङ्ग, पृथ्वीलाई पीठिका बताइएको छ ।[१५९] आकाशलाई लिङ्ग भनी *पुराण*हरूले बताएको तथ्यलाई आधुनिक वैज्ञानिक दृष्टिबाट समेत महत्त्वपूर्ण मानिन्छ । विश्वविख्यात गणितज्ञ अलवर्ट आइन्स्टिनले सिद्ध गरेका छन् कि अनन्त आकाश वलय झैँ वक्र छ । उपादान वक्र भएपछि यस उपादानमा निर्मित भएका विद्युत्कण, परमाणु, अणुदेखि ब्रह्माण्डपर्यन्त सम्पूर्ण सृष्टि वक्र छ । लिङ्ग रूप छ । जसलाई सोझो रेखा भनिन्छ, वस्तुत: त्यो वक्रको नै अंश हो । जसको कुनै अलग अस्तित्व छैन । आइन्स्टिनको सापेक्षवादले आधुनिक पाश्चात्य वैज्ञानिक विचारधारामा ठूलो परिवर्तन ल्याएको छ । सापेक्षवादअनुसार न्यूटनद्वारा स्थापित पृथ्वीको आकर्षण शक्ति केही पनि होइन । वस्तुत: उपादानको वक्रताले गर्दा नै वस्तुहरू तलतिर खस्दछन् र गुड्दछन् । पदार्थको मात्रा जुन पिण्डमा अधिक हुन्छ, वक्रता पनि त्यसमा त्यत्तिकै मात्रामा अधिक हुन्छ । *पुराण*मा श्वेतवराह प्रचण्ड वेगले दौडे भनिएको छ, तलतिर गए भनिएको छैन । यस्तै केतकीको पात दश कल्पअघिदेखि मस्तकबाट छुट्टिँदा पनि लिङ्गको आधासम्म नपुगेको वर्णन छ । ज्योतिर्लिङ्ग अनन्त भएपछि आकाश त झन् अनन्त हुने नै भयो । यस कारण अनन्तकोटि विश्व लिङ्गमय छ र सम्पूर्ण ब्रह्माण्डका रचयिता परात्पर ब्रह्मको आकार पनि लिङ्गरूपमा छ अर्थात् निर्गुण छ । "सर्वं खल्विदं ब्रह्म" यही स्वरूपको आधारमा भनिएको हो ।[१६०]

शिवलिङ्गको उपासना गर्ने सन्दर्भमा पौराणिक परिचिन्तनको आफ्नै महत्ता छ । शाश्वत सुख तथा स्वरूप-साक्षात्कारका निमित्त श्रवण, मनन तथा निदिध्यासनको आवश्यकता हुन्छ । यो अत्यन्त कष्टसाध्य भएकोले सबै साधकहरू यसमा सफलै हुन्छन् भन्न सकिन्न । यस्ता साधनामा असमर्थ व्यक्तिका लागि सुगम तथा सुलभोपाय चिन्तन गर्ने सन्दर्भमा चित्तलाई एकाग्र गरी संसारको आसक्तिबाट विनिर्मुक्त हुने सुलभ एवं सरल अनुष्ठान भगवान् शङ्करको ज्योतिर्लिङ्गको निरन्तर पूजन, अर्चन तथा स्तवन हो र मनलाई एकाग्र गर्नका लागि सर्वोत्कृष्ट साधनको केन्द्रविन्दु हो शिवलिङ्ग । यसै कारण कल्याणमयी प्रतिमालाई प्रतीक मानी सनातन हिन्दूधर्मका उपासकहरू उपास्य सनातन परमात्माको साकार स्वरूपमा आफ्नो चित्तवृत्तिलाई केन्द्रित गर्दछन् र यसबाट आत्यन्तिकी दु:ख निवृत्ति हुनुका साथै शाश्वत सुख तथा शान्तिको प्राप्ति हुन्छ भन्ने कुरामा विश्वास राख्दछन् ।

सनातन हिन्दूधर्मअन्तर्गतका देवी-देवताहरूको पूजाको सन्दर्भमा मूर्तिमा देवत्व भावनाले पूजा गर्ने अनेकौं प्रकरण तथा उपाख्यानहरूको वर्णन पाइन्छ । तर भगवान् शिवलाई छोडेर अन्य देवताहरूको लिङ्गपूजा गर्ने या लिङ्गमा देवतत्त्वको भावनालाई उद्बोधन गर्ने शास्त्रीय वचन कहीँ पनि पाइँदैन भन्ने शङ्का हुनु स्वाभाविकै हो । तर यसको समाधानका प्रसङ्गहरू पनि उपलब्ध छन् । *शिवपुराण*को रुद्रसंहितामा भगवान् विष्णुको नाभिकमलबाट समुत्पन्न ब्रह्माले आफ्नो जन्म कहाँबाट भएको हो भन्ने रहस्य बुझ्नाको लागि बाह्र वर्षसम्म अनुष्ठित घोर तपश्चर्याको फलस्वरूप जन्मदाताको रूपमा विष्णु भगवान्लाई साक्षात्कार गर्छन् । किन्तु ब्रह्मालाई यसमा पूर्णतया विश्वास हुन्न र विचार गर्छन् वस्तुत: यो भगवान् शिवको नै माया हो । किनभने विश्व ब्रह्माण्डका जनक भगवान् शिव नै हुनुहुन्छ । तसर्थ विष्णुको जगज्जनकत्वको आभास मात्र भएकोले मेरो पिता विष्णु हुने कुरा सन्देहपूर्ण छ, सत्यासत्यलाई हृदयङ्गम गर्न सूक्ष्म परीक्षण गर्ने भावनाले भावित ब्रह्मा र विष्णुको बीचमा वास्तविक तत्त्वान्वेषण गर्ने

---

१५९ *स्कन्दपुराण* ।
आकाशं लिङ्गमित्याहु: पृथिवी तस्य पीठिका ।
आलय: सर्वदेवानां लयनाल्लिङ्गमुच्यते ॥

१६० दाउ दयाल गुप्त, *शिवमहिमा*, पाँचौं संस्करण, (दिल्ली: पुस्तक महल, सन् १९८५), २८४-२८५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छाले परस्परमा वाक्युद्ध प्रारम्भ हुन्छ । त्यही अवसरमा एउटा अद्भुत तत्त्व प्रकटित भएको कारण दुवै आश्चर्यान्वित हुन्छन् । *शिवपुराण*मा यसबारेमा चर्चा पाइन्छ–[१६१]

एतस्मिन्नन्तरे लिङ्गमभवच्चावयोः पुरः ।
विवादशमनार्थं हि प्रबोधार्थं तथा ऽऽवयोः ॥
ज्वालामालासहस्राढ्यं कालानलशतोपमम् ॥
क्षयवृद्धिविनिर्मुक्तमादिमध्यान्तवर्जितम् ॥
अनौपम्यमनिर्देश्यमव्यक्तं विश्वसम्भवम् ।
तस्य ज्वालासहस्रेण मोहितो भगवान् हरिः ॥
मोहितं चाह मामत्र किमर्थं स्पर्द्धसेऽधुना ।
आगतस्तु तृतीयोऽत्र तिष्ठतां युद्धभावयोः ॥

अर्थात्, ब्रह्मा र विष्णुको बीच वाक्युद्ध चलिरहेको वेलामा अकस्मात् अद्भुत प्रकाशपुञ्ज भएको लिङ्गको उद्भव हुन्छ, जो दुइबीचको विवादको शमक र परमार्थतः वस्तुत्वको निर्णायकको रूपमा देखापर्दछ । हजारौँ दिव्य ज्वालामालाले परिव्याप्त सैकडौँ कालानलको समान, नाश, वृद्धि, आदि, मध्य र अन्त नभएको अनुपमेय, अनिर्देश्य, अव्यक्त जसबाट विश्वब्रह्माण्ड सृजित हुन्छ, यस्ता विलक्षण गुणहरूले युक्त ज्योतिर्लिङ्गलाई देखेर ब्रह्मा तथा विष्णु दुवै आश्चर्यचकित तथा मोहित हुँदै यो के तत्त्व होला भन्ने भावनाले त्यसको अद्भुत रहस्य बुझ्ने प्रयास गर्न लागे । विष्णु भगवान् त्यस अग्निस्तम्भको अधोभागमा र ब्रह्मा तीव्र वेगमा ऊर्ध्वभागमा जाँदा विष्णुले वराहरूपलाई र ब्रह्माले हंसरूपलाई धारण गर्दछन् । प्रगाढ श्वेत अग्निको आकारमा परिलक्षित हुँदै उत्तरोत्तर निरवच्छिन्न रूपमा सहस्र वर्षसम्म भगवान् विष्णुको अधोगमन भएको कारण नै त्यस वेलादेखि 'श्वेतवराहसंज्ञक कल्प' को शुरुवात भएको हो । जुन परम्पराको संस्मरणको रूपमा हिन्दूधर्मावलम्बीहरू कुनै पनि धार्मिक कृत्य गर्दा सङ्कल्पवाक्यमा 'श्वेतवराहकल्पे' भन्दछन् । तर अग्निस्तम्भको रहस्यको खोजीमा गएको वराह एवं हंसरूपले त्यसको स्वरूपलाई लेश मात्र पनि अवगत गर्न सक्तैनन् । यस प्रकार सुदीर्घ सामूहिक प्रयासद्वारा पनि ब्रह्मा-विष्णु दुवै यस दिव्यज्योतिको यथार्थता बुझ्न निष्फल हुन्छन् । अन्तमा दयालु भगवान् शङ्करको मानसिकी दिव्य इच्छाले शब्दलक्षणवाला 'नाद' उत्पन्न हुन्छ । यसैबाट भगवान् विष्णुले दक्षिण भागमा सनातन प्रथम अक्षर अकार, उत्तर दिशामा ॐकार, मध्यमा मकार र अन्त्यमा नादलाई देखी समष्टिमा 'ॐ' को साक्षात्कार गर्दछन् । यसबाट नै विश्वब्रह्माण्ड सृजित भएकोले सगुण साकारको रूपमा भगवान् शिवको लिङ्गपूजा गर्ने अति प्राचीन र वैदिक परम्परा रहेको सिद्ध हुन्छ । उपर्युक्त अद्भुत विलक्षण सर्वकारणको पनि कारण अभूतपूर्व दिव्यज्योतिको साक्षात्कार हुँदा विष्णुद्वारा बहुधा त्यस स्वरूपको मनन, स्तवन, समाराधन गरिएकोले लोकानुग्रहाकाङ्क्षी आशुतोष प्रसन्न हुँदै भन्नुभएको कुरा *शिवपुराण*मा यसरी व्यक्त गरिएको छ–[१६२]

मम लिङ्गं सदा पूज्यं ध्येयं चैतादृशं मम ।
पूजितो लिङ्गरूपेण प्रसन्नो विविधं फलम् ॥
दास्यामि सर्वलोकेभ्यो मनोभीष्टान्यनेकशः ।

---

१६१ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, *रुद्रसंहिता*, ७४७-५० ।

१६२ नागशरणसिंह (सम्पा.), *शिवमहापुराणम्*, खण्ड १, रुद्रसंहिता, (दिल्ली: नाग पब्लिसर्स, सन् १९८६), २।१।९।१३, ४७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात्, मेरो लिङ्गको सदासर्वदा अर्चन, पूजन, समाराधन र ध्यान गर्नुपर्दछ । किनकि मेरो वास्तविक स्वरूप नै 'लिङ्ग' हो । अतः म लिङ्गरूपले पूजित हुँदा प्रसन्न हुन्छु । सबै लोकको अभीष्ट फललाई प्रदान गर्दछु । यस्तै प्रसङ्ग *महाभारत*मा पनि पाइन्छ :–[१६३]

स्थापितं त्रिषु लोकेषु शिवलिङ्गं मया मम ।

नमस्कारेण वा तस्य मुच्यन्ते सर्वकिल्विषैः ।

इष्टं दत्तमधीतं च यज्ञाश्च बहुदक्षिणाः ।

शिवलिङ्गप्रणामस्य कलां नार्हन्ति षोडशीम् ॥

अर्थात्, मैले तीनै लोकहरूमा शिवलिङ्गको स्थापना गरेको छु । जसलाई प्रणाम गर्नाले मात्र पनि साधक दुर्गुण, दुर्वासना र दुराचारहरूबाट मुक्त भई निष्कलङ्क र परिशुद्ध हुन्छ । फलस्वरूप सद्बुद्धि र सत्प्रेरणालाई प्राप्त गर्न सक्तछ । शिवलिङ्ग नै मेरो पारमार्थिक स्वरूप भएकोले श्रद्धाभक्तिपूर्वक लिङ्गको अर्चन, पूजनबाट म परितुष्ट हुन्छु । यस प्रकार सगुण साकार स्वरूप भगवान् शिवको ज्ञापक 'शिवलिङ्ग' हो । जसलाई उपासकहरूले अचिन्त्य ऊर्ध्वगामिनी दिव्यज्योतिको रूपमा स्वीकार गर्दछन् । जसको स्वरूपलाई वैदिक ऋचाहरूले 'विश्वस्य कर्ता भुवनस्य गोप्ता' अर्थात् विश्वब्रह्माण्डको रचयिता समग्र भुवनको रक्षक भनी यत्रतत्र प्रचुर व्याख्या गरेका छन् ।

शिवलिङ्गको उपासना, अर्चना, पूजा विश्वभरि अनेक रूपमा प्रचलनमा पाइन्छ । यद्यपि आज यसको अर्थ र महत्त्व बुझाउने इतिहास लोप भइसकेको छ । पश्चिमी जगत्का प्रायः सबै जातिहरूमा कुनै न कुनै रूपमा लिङ्गोपासना गर्ने परिपाटी रहेको सम्झाउने प्रमाणहरू पाइन्छन् । रोम र यूनानमा क्रमशः 'प्रियेपस' र 'फल्लुस' को नामबाट लिङ्गको पूजा हुन्थ्यो । कर्नल टाडले 'फल्लुस' शब्दको व्युत्पत्ति संस्कृतको 'फलेस' बाट मानेका छन् ।[१६४]

आशुतोष शिव पूजनको फल तुरुन्त दिन्छन् भन्ने कुरा वैदिक वाङ्मयहरूमा वर्णित छ । प्राचीन चीनिया तथा जापानी साहित्यमा पनि लिङ्गपूजाको सङ्केत पाइन्छ । अमेरिकी महाद्वीपका प्राचीन निवासी पनि लिङ्गोपासना गर्दथे । तुर्किस्तानको 'बावीलन' शहरमा एक हजार दुइ सय फिटको 'महालिङ्ग' छ । त्यस्तै हेड्रापोलिस शहरमा भएको शिवालयमा तीन सय फिट अग्लो लिङ्ग विराजमान छ । मक्कामा मक्केश्वर नामको शिवलिङ्ग छ । मुसलमानहरू यसलाई 'असवद' भन्दछन् । फ्रान्स र यूरोपका कतिपय देशहरूका गिर्जाघर, धार्मिक स्थान, सङ्ग्रहालय आदि प्रसिद्ध स्थलहरूमा लिङ्गाकारका पाषाणहरू संरक्षित र सङ्ग्रहीत छन् । आजकाल लिङ्गको पूजा-अर्चना गर्ने परिपाटी त त्यहाँ छैन । तर पहिले पाश्चात्य देशहरूमा लिङ्गोपासना निकै प्रचलित थियो जसले गर्दा 'फलिसिज्म' नामक सम्प्रदायको नै जन्म भयो र विभिन्न देशमा फैलिएको अवगत हुन्छ ।[१६५] प्राचीन चम्पा देशका महाराजा भद्रवर्मीले 'भद्रेश्वर' शिवलिङ्ग स्थापना गरेको र कालान्तरमा भद्रेश्वरको मन्दिर भत्केपछि रुद्रवर्माका छोरा शम्भुभद्र वर्मा नामका राजाले सो मन्दिर पुनः निर्माण गरी 'शम्भुभद्रेश्वर' महादेवको स्थापना गरेका थिए । अर्का राजा सत्यवर्माले 'सत्यमुखलिङ्ग' नामक महादेवको स्थापना गरेका थिए ।[१६६] अनेक कारणले गर्दा पछि लिङ्गको महत्त्व र अर्थ बुझाउने सार

---

१६३ पं. रामनारायणदत्तशास्त्री पाण्डेय (अनु.) *महाभारत,* षष्ठ खण्ड, (गोरखपुरः गीता प्रेस, वि.सं.२०४४), ६०२० पृष्ठ ।

१६४ Lieutenant Colonel Jame Tod, *Annals and Antiquities of Rajasthan*, Vol. I, (Delhi: Motilal Banarasi Das, 1971 A.D.), p. 603.

१६५ *Encyclopaedia Britannica*, Vol. 17, (Chicago: Encyclopaedia Inc. 1969), p. 794.

१६६ R.C. Majumdar, *Ancient Indian Colonies in the Far East,* Vol. II, (Dacca: Ashoka Kumar Majumdar, 1938), pp. 99-116.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्वहरूमा कमी देखापरेकाले लिङ्गलाई अर्कै रूपमा हेर्ने परिपाटी पश्चिमी जगत्मा बन्यो । हिन्दूजगत्मा विद्यमान संस्कृत वाङ्मयले चाहिँ लिङ्गको अर्थ र महत्त्वलाई अविच्छिन्न रूपमा कुनै न कुनै रूपले कायम राखेको छ ।

लिङ्गलाई मूर्तिकलामा तीन भागमा विभाजन गरी निर्माण गर्ने चलन प्रसिद्ध छ । लिङ्गको तल्लो चौकोर भागलाई ब्रह्माभाग, बीचको अष्टकोणात्मक भागलाई विष्णुभाग, माथिल्लो गोलो भागलाई रुद्रभाग भनिन्छ ।[१६७] रुद्रभागलाई पूजाभाग पनि भन्ने चलन छ । रुद्रभागमा ब्रह्मसूत्र अङ्कित गरिन्छ । ब्रह्मा, विष्णु र महेश्वर नै लिङ्गमा भावित गरेर निर्माण गर्ने प्रचलनले साम्प्रदायिक सद्भाव र श्रेष्ठतालाई इङ्गित गर्दछ । लिङ्गलाई मानको आधारमा विभिन्न भागमा विभाजन गर्ने प्रचलन छ । *मत्स्यपुराण*मा नौ प्रकारको लिङ्ग बनाउने विधि दिइएको छ । मुख्यत: लिङ्गलाई ज्येष्ठ, मध्यम र कनिष्ठ गरी तीन भागमा विभाजन गरी प्रत्येकलाई तीन-तीन भागमा बाँडी नौ किसिमका लिङ्गको त्यहाँ उल्लेख गरिएको पाइन्छ ।[१६८] *अग्निपुराण*मा भने १५४०० भेदमा लिङ्गलाई विभाजन गरिएको पाइन्छ ।[१६९] *अपराजितपृच्छा*मा १४४२० किसिमका शिवलिङ्गको चर्चा गरिएको छ । यसअनुसार प्रस्तरमय लिङ्ग कम्तीमा एक हातको हुनुपर्छ । त्यसभन्दा कम हुनु हुँदैन । लिङ्गको अन्तिम आयाम नौ हातसम्म बताइएको छ । तिनमा एक हातदेखि तीन हातसम्मको लिङ्गलाई ‘कनिष्ठ’, चार हातदेखि ६ हातसम्मको लागि ‘मध्यम’, सातदेखि नौ हातसम्मलाई ‘उत्तम’ या ज्येष्ठ बताइएको छ । मानको आधारमा लिङ्गलाई नामकरण गरिने प्रचलन छ ।[१७०] लिङ्ग र मन्दिरको गर्भगृहको नापबाट मन्दिरमा स्थापना गरिने लिङ्गको मान निर्धारण गर्ने कुराको चर्चा *मत्स्यपुराण*मा पाइन्छ ।[१७१] यही आनुपातिक सम्बन्धको आधारमा ज्येष्ठ, मध्यम र कनिष्ठ लिङ्गको मान निश्चित गर्ने परिपाटी पनि छ । यसमा गर्भगृहलाई पाँच भाग गरेर त्यसको तीन भागको लम्बाइको लिङ्ग ‘ज्येष्ठ लिङ्ग’; नौ भाग गरेर त्यसको पाँच भागको लम्बाइको लिङ्ग ‘मध्यम लिङ्ग’ र दुइ भाग गरेर एक भागको लिङ्गलाई ‘कनिष्ठ लिङ्ग’ भनिन्छ । यस सिद्धान्तअनुसार ज्येष्ठ, मध्यम र कनिष्ठ लिङ्गको अनुपात ५:३,९:५,२:१ हुन्छ ।[१७२] *रूपमण्डन*मा एक अर्को ठाउँमा लिङ्गको मान गर्भगृहको अनुपातको आधारमा ज्येष्ठादि क्रमबाट क्रमश: ४:१,५:१,६:१ को हुने कुराको चर्चा

---

१६७ राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १३३ सङ्ख्या, २६३।१५-१६, १०१९ पृष्ठ ।
आयामं तस्य देवस्य नाभ्यां वै कुण्डलीकृतम् ।
माहेश्वरं त्रिभागं तु ऊर्ध्ववृत्तं त्ववस्थितम् ॥
अधस्ताद् ब्रह्मभागस्तु चतुरस्रो विधीयते ।
अष्टाग्रो वैष्णवो भागो मध्यस्तस्य उदाहृत: ॥

१६८ *ऐजन*, २६३।१०-११, पृष्ठ १०१८ ।
ज्येष्ठमर्धं कनीयोऽर्धं तथा मध्यममध्यमम् ।
एवं गर्भ: समाख्यातस्त्रिभिर्मार्गैर्विभाजयेत् ॥
ज्येष्ठं तु त्रिविधं ज्ञेयं मध्यमं त्रिविधं तथा ।
कनीयस्त्रिविधं तद्वल्लिङ्गभेदा नवैव तु ॥

१६९ नागशरणसिंह (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ११४ (क) सङ्ख्या, ५४। १-५४, ३६ पृष्ठ ।

१७० राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १३३ सङ्ख्या, २६३।१-१७, १०१९ पृष्ठ ।

१७१ राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १३३ सङ्ख्या, २६२।२, १०१५ पृष्ठ ।
प्रासादस्य प्रमाणेन लिङ्गमानं विधीयते ।
लिङ्गमानेन वा विद्यात् प्रासादं शुभलक्षणम् ।

१७२ बलराम श्रीवास्तव, *पूर्ववत्*, पादटिप्पणी १३४ सङ्ख्या, ४।६३, १७० पृष्ठ ।
गर्भे पञ्चांशके त्र्यंशे ज्येष्ठलिङ्गं तु मध्यमम् ।
नवांशं पञ्चभागं स्याद् गर्भार्धे कन्यसोदयम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ ।[१७३] लिङ्गका मानहरू लिङ्ग बनेको वस्तुको आधारमा फरक फरक हुने उल्लेख पनि पाइन्छ । मन्दिर र लिङ्गको मानको आधारमा नेपालका शिवलिङ्गहरूको अध्ययन हुन सके अरू धेरै कुराहरू थाहा हुन सक्दछ ।

४.४ पशुपतिनाथको उद्भवसम्बन्धी धारणाहरू

पशुपतिनाथको ख्याति लामो समयदेखि रहेको छ । पशुपतिको प्रसिद्धि वेद तथा उत्तरवैदिककालका संस्कृत वाङ्मयहरूमा प्रशस्त पाइन्छ । भगवान् रुद्र अर्थात् शिवको एक प्रसिद्ध नाम 'पशुपति' हो । वेदहरूमा सम्पूर्ण चराचर जगत् तथा जीवात्माहरूका पतिको रूपमा प्रार्थना गरिएका पशुपतिलाई साकार स्वरूपमा मूर्ति बनाई पूजा गर्ने परम्परा कहिलेदेखि प्रचलनमा आयो निश्चितसँग भन्न सकिने स्थिति छैन । वेद तथा उत्तरवैदिक कालका ग्रन्थहरूमा ससम्मान आराधना गरिएका पशुपतिरूप हिमवत्खण्डअन्तर्गत पर्ने नेपालको देवपत्तनमा स्थापित 'पशुपतिनाथ' नामबाट परिचित शिवलिङ्ग हुन् वा ती धार्मिक ग्रन्थहरूमा महत्त्व गाइएपछि स्थापना भएका हुन्, त्यस बारेमा स्पष्टसँग भन्न गाह्रो छ । पशुपतिनाथको महत्त्व नेपाली जन-जीवनमा पहिलेदेखि नै प्रसिद्ध थियो । फलतः पशुपतिनाथको उद्भवसम्बन्धी भिन्न-भिन्न धारणाहरू पाउँछौं । *हिमवत्खण्ड, पशुपतिपुराण, नेपालमाहात्म्य* जस्ता पौराणिक मूलका ग्रन्थहरू तथा *गोपालराजवंशावली*लगायत *भाषावंशावली*हरूमा पनि त्यससम्बन्धी चर्चा पाइन्छ । पशुपतिनाथको उद्भवको सम्बन्धमा पाइने विवरणहरूलाई तीन भागमा विभाजित गरी हेर्नु उपयोगी हुने देखिन्छः-

(क) साहित्यिक विवरण
(ख) वंशावलीमा पाइने विवरण
(ग) अभिलेखीय विवरण

४.४.१ साहित्यिक विवरण

पशुपतिको उद्भवको सम्बन्धमा धार्मिक साहित्यहरूमा केही उल्लेखहरू पाइन्छन् । त्यहाँ पशुपतिनाथको महत्त्वलाई प्रकाश पार्ने क्रममा उद्भवसम्बन्धी धारणालाई पनि साथसाथै बताइएको छ । त्यस्ता धार्मिक साहित्यहरूमा *हिमवत्खण्ड, पशुपतिपुराण* र *नेपालमाहात्म्य* मुख्य छन् । ती तीनै साहित्यहरूमा मूलभूत कथा झण्डै एकै किसिमको छ । त्यसो भए तापनि तिनीहरूमा केही अलग धारणाहरू नपाइने होइनन् । ती साहित्यहरूमा पाइने विवरणले एकातिर जनधारणाहरू बुझ्न मदत पुऱ्याएका छन् भने अर्कोतिर जनमानसमा विश्वास जगाउन प्राचीन कालदेखि अवलम्बन गर्दैआएको कथाविधालाई दिइएको महत्त्व पनि बुझ्न सकिन्छ । अब यहाँ ती तीनै साहित्यहरूमा पाइने कथालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु प्रासङ्गिक हुनेछ । सबभन्दा पहिले *हिमवत्खण्ड*मा पाइने कथाबारे चर्चा गर्नुपरेको छ । *हिमवत्खण्ड*मा अगस्त्यले स्कन्दलाई पशुपतिको लिङ्ग कहिले ? कसरी ? केबाट उत्पन्न भयो ? ज्योतिर्लिङ्ग कसरी स्थिर भयो ? भन्ने प्रश्न गर्दा स्कन्दले बताएको कथाको रूपमा पशुपतिलिङ्गको उद्भवसम्बन्धी कथा पाइन्छ ।

अघि समुद्रले सम्पूर्ण पृथिवी ढाकेको थियो । कुनै प्राणी थिएनन् । चन्द्र, सूर्य, तारा आदि नष्ट भएर सारा पृथिवी र जलमा अन्धकार भएकाले ब्रह्मा र विष्णु मात्र बाँकी रहे । सारा प्राणीहरू जलमग्न भएर शून्य भएको बखत

---

१७३ ऐजन, ४।५९, ५-६१, १६९–१७० पृष्ठ ।
ज्येष्ठलिङ्गं तु वेदांशे षट्त्रिशं नवहस्तकम्
पञ्चादिभूतवेदान्ते प्रासादे हस्तसंख्यया ।
मध्यमं पञ्चमांशेन हस्तादिनवहस्तकम् ॥
ऋत्वादियुगतत्त्वान्ते हस्तसंख्या शिवालये ।
षष्ठांशेन प्रकर्त्तव्यं हस्तादिनवहस्तकम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जलक्रीडा गर्ने ती दुइ देवले आपसमा कुरा गर्दा दुवैले स्वयम्लाई प्रधानता दिई आफूलाई सबैको कर्ता, पितामह आदि बताए । त्यसले गर्दा ती दुइबीचमा विवाद चर्कंदै गयो । फलत: ती दुइको आपसी विवाद सुल्भाई वास्तविक कुरा बताउन ब्रह्मा र विष्णुको बीचमा सानो तेजोमय लिङ्ग प्रकट भयो । बिस्तारै-बिस्तारै बिजुली भैँ चञ्चल अत्यन्त लामो तेजपुञ्ज क्रमैसँग बढ्दै गयो । त्यो लिङ्ग एक योजन मोटो र धेरै योजन अग्लो भयो । त्यस वेला ब्रह्मा र विष्णुलाई त्यस लिङ्गको फेद र टुप्पा पत्ता लगाउन आदेश भयो । जसले पहिले फेद वा टुप्पा पत्ता लगाउँछ, त्यो नै श्रेष्ठ हो भन्ने आकाशवाणी भएअनुसार विष्णु पाताल जाने तथा ब्रह्मा अन्तरिक्षमा जाने भए । भण्डै यस्तै कथा शिवलिङ्गको उत्पत्तिको प्रसङ्गमा *शिवपुराण*मा पनि पाइन्छ ।[१७४] सोही कथालाई *हिमवत्खण्ड*मा पशुपतिको उत्पत्तिसँग जोडेको पाइन्छ ।

ब्रह्मा टुप्पो पत्ता लगाउने उद्देश्यले सात लोक पार गर्दै गोलोक भन्ने स्थानमा पुगी सुरभि नामकी गाईलाई ज्योतिर्लिङ्ग र त्यसको टुप्पा पत्ता लगाउने उपायबारेमा सोधे । ती कामधेनुले त्यो ज्योतिस्तम्भ शिवलिङ्ग भएको स्पष्ट पारिन् । साथै सर्वव्यापक, विश्वाधार ज्योतिर्लिङ्गको टुप्पा कसैले पनि पत्ता लगाउन नसक्ने कुरा बताएपछि ब्रह्माले आफू विष्णुको अधिल्तिर होच्चिनुपर्ने हुनाले एउटा चालबाजी रच्ने निर्णय गरे । त्यो चालबाजी थियो कामधेनु गाई, बन्धूक र केतकीपुष्पलाई साक्षी राखी आफूले लिङ्गको टुप्पा फेला पारेँ भन्ने भूटो बयान विष्णुको अधिल्तिर दिने । पहिले त उनीहरूले मानेनन्, पछि ब्रह्माले ज्यादै नै ढिपी गरेपछि माने ।

उता विष्णु ६ लोक पार गरेर महातल पुगे । त्यहाँ अनन्तनागलाई देखे । आफू आउनको सबै कारण उनलाई बताए । तर अनन्तनागले लिङ्गको फेद पत्ता लगाउन नसकिने कुरा बताएपछि आफ्नो केही नलाग्ने देखी पहिलेकै ठाउँमा फर्के । त्यहाँ कामधेनु, केतकी र बन्धूकपुष्पले घेरिएर ब्रह्मा बसेका देखे । ब्रह्मा हतारिँदै आफ्नो वृत्तान्त सुनाउन लागे र उनले आफूले लिङ्गको टुप्पा देखेको कुरा बताए । त्यसको साक्षी कामधेनु, केतकी र बन्धूक (जवापुष्प) भएको बताए । ब्रह्माको कुरा सुनी विष्णु निन्याउरो भए । तर त्यत्ति नै वेला ब्रह्माले भूटो साक्षी ल्याएर उनले नगरेको कुरा भनेको भन्ने आकाशवाणी भयो । त्यसपछि भूटो कथन कहने ब्रह्मालगायत कामधेनु तथा ती पुष्पहरूलाई भगवान् शिवले श्राप दिए । यसरी ती तीनै अपूज्य ठहरिए । कामधेनुको मुख बिटुलो मानियो । ब्रह्माको पूजा नहुने भयो । केतकी र बन्धूकपुष्प देवकार्यमा नचढ्ने भए ।

त्यसपछि ब्रह्मा, विष्णु दुवैले भगवान् शिवको प्रार्थना गरे, अनेक स्तुति गरे । त्यो स्तुति सुनी शिव प्रसन्न भई लिङ्गस्वरूपको दर्शन दिनुभयो । त्यस लिङ्गस्तम्भको मध्यमा तेज थियो र माभमा उमामहेश्वर रूपका शिवशक्ति थिए । पुन: स्तुति गर्दा आधा धनु लामो पाँच मुख भएको लिङ्गको रूप धारण गर्नुभयो । पाँच मुख भएको अक्षमाला, अमृतले पूर्ण घडा आदि लिएका आठ हात भएका नागकै फेटा, नागकै माला, नागकै कुण्डल, कङ्कण, कल्कीले शोभायमान, चन्द्रमाको भूषण, पाँच किसिमका पञ्चरङ्गले शोभित शरीर भएको स्वरूपको दर्शन दिई ब्रह्मा र विष्णुलाई वरदान दिनुभयो । ब्रह्मालाई सृष्टिको, विष्णुलाई पालनको वरदान दिएको उल्लेख त्यहाँ पाइन्छ ।

सम्पूर्ण पृथिवीमा पानी व्याप्त भएकाले त्यसरी पानी छउञ्जेल सृष्टिको कार्य हुन नसक्ने भएकोले गणेश, सूर्य, चन्द्र र अग्निको सृष्टि भगवान् शिवले गरिदिएको उल्लेख छ । ब्रह्मा, विष्णुलाई वरदान दिने पञ्चमुखी शिव नेपालमा रहिरहने कुरा त्यहाँ बताइएको छ । ती शिव नै 'पशुपति' हुन् भन्ने कुरा त्यहाँ सङ्केत गरिएको छ ।

*हिमवत्खण्ड*मा बताइएको छ कि ती लिङ्ग देवताहरूद्वारा पुजिएर हजारौँ वर्षसम्म रहनेछन् । त्यसपछि म्लेच्छहरूको जगजगी हुनेछ । सारा पृथिवी म्लेच्छमय बन्ने तथा म्लेच्छहरू वैदिक धर्महीन भएपछि उक्त लिङ्ग कसैले

---

१७४ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ७ सङ्ख्या, २।१।७।४७-५० ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदेख्ने गरी गूढ रूपमा रहने कुराको उल्लेख पाइन्छ । त्यसपछि त्यो स्थल वनैवनले ढाकिने तथा त्यस वनमा भगवान् शिव पशुरूप लिई लीला गर्दा देव-देवी तथा ब्राह्मणहरूले 'पशुपति' नाम राख्ने बताइएको छ ।[१७५]

केही कालपछि पाँच मुख भएको लिङ्ग पृथिवीमा धसिएको देखी कामधेनु आई पत्ता लगाउने तथा लिङ्गलाई देख्नासाथ ज्योतिद्वारा म्लेच्छहरू विलीन हुने र पाँच मुख भएको शिवलिङ्ग त्यहाँ रहने कुरा भगवान् शिवले ब्रह्मा, विष्णुलाई बताएको उल्लेख छ ।

पशुपतिको उद्भवसम्बन्धी अर्को कथा पनि *हिमवत्खण्ड*मा पाइन्छ । त्यसअनुसार पृथिवीमा जमेको पानीलाई सबै देवताहरूले मिलेर सुकाए । अग्निले पानी पिउँदा समुद्रको पानी छुट्टिएर मेरु पर्वत सात खण्ड भयो । सात समुद्र, सात द्वीप तथा जस्तो पहिले थियो उस्तै किसिमका प्राणी सातै द्वीपमा ब्रह्माले सृष्टि गरेको उल्लेख छ । नेपाललाई सुवर्णपुरको रूपमा उल्लेख गरी त्यहाँ दुइ हजार शिवलिङ्गहरू भएको तथा शिवलिङ्गहरू देवताहरूद्वारा पूजित बताइएको छ । कलियुग लागेपछि सबै लिङ्ग बिलाएर हिमालय पर्वतको टुप्पामा ज्योतिर्लिङ्ग बनेको उल्लेख छ । अनेक रूख, लहरा, फलफूलका वृक्षहरूले शोभित त्यस स्थानमा मनुष्यले नदेख्ने गरी पशुरूपमा भगवान् शङ्करले लीला गरेको र पछि सारा देवताले पूजिने एक धनु (चार हात) लामो, तेजिलो र आश्चर्यजक लिङ्ग देखेर देवताहरूले त्यस स्थललाई देवताहरूको वासस्थान भएको राजधानी बनाएको उल्लेख पाइन्छ ।[१७६] सो स्थल 'पशुपतिपुरी' भएको तथा देवताहरूले 'माहेश्वरपुरी' भन्ने नामले पनि पुकारेको चर्चा पाइन्छ । देवताहरूद्वारा सेवित नगर द्वापरको आखिरमा माटो र काठले युक्त भयो, सारा रत्न, सुवर्ण आदि बेपत्ता भए, त्यहाँका देवताहरू पनि बिलाएकोले त्यो स्थल शून्य भएको उल्लेख पाइन्छ । त्यहाँबाट ब्रह्मा गोकर्ण गई शङ्करको तपस्या गरेको, विष्णु दोलागिरिमा गएको, गणेश नैर्ऋत्य दिशामा द्वारपाल भई सिद्धिदायक रूपले बसेको बताउँदै त्यहाँ दानधर्मको शक्ति घटेकोले रत्नधातुमय लिङ्गको तेज उडेको उल्लेख छ ।[१७७] लिङ्ग जमीनमा पुरियो दश हजार वर्षपछि एक म्लेच्छले दिनैपिच्छे त्यस ठाउँमा गाई आई दूध खसाल्दै गरेको देख्यो र एक दिन त्यस म्लेच्छले त्यहाँ के रहेछ भनी कौतूहलसाथ हेर्दा प्वालबाट ज्वाला निस्केको र त्यहाँ महालिङ्ग भएको देख्यो र खन्न अघि सर्‍यो । त्यसरी खन्न अघि सर्ने जति त्यहाँ मरे । त्यो देखेर ब्रह्माले विष्णुलाई बोलाई जहाँ तेजोमय लिङ्ग थियो, त्यहाँ प्रस्तरको लिङ्ग बनाई स्थापना गरेको र त्यो लिङ्ग पञ्चमुखी भएको बताइएको छ । जहाँबाट तेज आउँदथ्यो त्यो चाहिँ जो कोहीले नदेख्ने खालि विष्णुले स्थापना गरेको प्रस्तरलिङ्ग मात्र देखिने चर्चा गर्दै पशुपतिको प्रस्तरलिङ्गको स्थापना विष्णुले गरेको बताइएको छ । त्यहाँ तीन हजार वर्षपछि किरातहरू हुने तथा तिनलाई जिती क्षत्रिय राजा हुने उल्लेख त्यस कथापछि लगत्तै पाइने हुनाले *हिमवत्खण्ड*मा पशुपतिको स्थापना किरातकालभन्दा अघि भएको बताउन खोजिएको छ ।[१७८]

पशुपतिनाथको उद्भवसम्बन्धी कथा *नेपालमाहात्म्य*मा पनि दिइएको छ । त्यहाँ छोटकरी रूपमा भगवान् शिवले गर्नुभएको लीला र पशुपति नाम रहनाको कारण दिइएको छ । त्यहाँ जनमेजय यज्ञको समाप्तिको अवसरमा जैमिनिले महात्मा मार्कण्डेयसँग नेपालको बारेमा सोध्दा उनले श्लेष्मान्तक वनको सौन्दर्य र रमणीयताको चर्चा गर्दै काशी र सुन्दर कैलाशलाई छोडेर भगवान् शिव श्लेष्मान्तक वनमा विहार गर्न गएको उल्लेख गरेका छन् । वाग्वतीको किनारस्थित श्लेष्मान्तक वनलाई देखेर शिवजी अत्यन्त खुशी भई आफ्ना गणहरूले पनि थाहा नपाउने गरी त्यहाँ बसेको बताइएको छ ।[१७९]

---

१७५ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *हिमवत्खण्ड*, (काशी: गोरक्षटिल्ला, वि.सं. २०१३), ७६।८७ ९८,१७१ ।

१७६ *ऐजन*, ७६।९२-९७, १७१ पृष्ठ ।

१७७ *ऐजन*, ७७।२१-२६, १७२ पृष्ठ ।

१७८ *ऐजन*, ७७।३७-४३, १७२ पृष्ठ ।

१७९ मुक्तिनाथ खनाल, (अनु.), *नेपालमाहात्म्य*, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२८) १।९-२७, २-४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पार्वतीको साथ श्लेष्मान्तकमा गएका शिवजी कैलाशमा नफर्कंदा देवताहरू आकुल भई खोज्न हिंडे । शहर, गाउँ, वन, नदी, उपवनहरू कहीं पनि उनीहरूले भेट्टाउन नसकी अन्तमा हिमालयको काखमा रहेको श्लेष्मान्तक वनमा गए । त्यहाँ मृगको बथानमा एक सिँग, तीनवटा आँखा भएका, मोटो र राम्रो मृगको रूप लिएका रुद्र र मृगिणीको रूप लिएकी पार्वतीलाई देखी इन्द्र, ब्रह्मा, विष्णु खुशी भई प्रार्थना गरे । प्रार्थना गर्दा पनि मृगरूप नछोडेको देखी उनीहरूले सिङ समाएर वशमा ल्याउने विचार गरे र त्यसै गरे । उनीहरूले बलपूर्वक सिङ त समाए, तर मृग उफ्रेर वाग्वतीको पल्लो किनारमा पुग्यो । सिङको टुक्रा मात्र उनीहरूको हातमा पऱ्यो । त्यसपछि ब्रह्मादि सबै देव-देवताहरूले रुद्रलाई काशी वा मनोहर कैलाशमा लग्ने हेतुले अनेक अनुनयविनय गरे । तर भगवान् शिवले श्लेष्मान्तक वनमा पशुरूपले बसेको हुँदा उनी संसारमा 'पशुपति' नामले प्रसिद्ध हुने कुरा बताई इन्द्र, ब्रह्मा र विष्णुले पाएको सिङको टुक्रा आफ्नो-आफ्नो इच्छा लागेको ठाउँमा स्थापना गर्न अह्राएको कुरा बताइएको छ ।[१८०]

त्यस्तै किसिमको कथा *पशुपतिपुराण* मा पनि पाइन्छ । त्यो कथा त्यहाँ सनत्कुमारबाट भनिएको छ । त्यसअनुसार सिद्धाद्रि नामले प्रख्यात भएको वनमा नागराज श्लेष्मान्तकले भगवान् शिवको खूबै आराधना गरेपछि भगवान् शिव प्रकट भई उसलाई देवदैत्यहरूद्वारा मार्न नसकिने वरदान दिनुका साथै आफ्नो इच्छामा स्वच्छन्द गतिमा जहाँ पनि जान सक्ने आशीर्वाद दिए । उनैको नामबाट सिद्धाद्रि नामको वन श्लेष्मान्तक नामले प्रसिद्ध हुने तथा सो वन पुण्यात्मा साधु-सन्तहरूद्वारा सेवित हुने कुरा बताए । त्यसपछि भगवान् शिवले पार्वतीलाई ज्येष्ठिला, शोकवती, भृङ्गेश्वर आदि क्षेत्रको दर्शन-पूजन गर्न अह्राई आफूचाहिँ मृगरूपमा मृगस्थलीको रमणीय वनमा घुम्ने कुरा बताए । त्यहाँ ब्रह्मा, विष्णु, इन्द्र र शिवको दर्शनको इच्छाले आएमा उनको मृगरूपको बारेमा बताइदिनू भनी पार्वतीलाई अह्राई मृगरूप लिई मृगस्थलीमा घुम्न थाले भनिएको छ ।[१८१]

भगवान् शिवको अनुपस्थितिले आकुल भएका इन्द्र भगवान् विष्णुलाई साथमा लिई ब्रह्माकहाँ गए । इन्द्रले ब्रह्माको अनेक स्तुति गरी आफूले मुञ्जवान् पर्वतमा नन्दीलाई भेटेको तथा नन्दीले शिवलाई खोज्न सम्पूर्ण पृथिवी भ्रमण गरिसक्दा पनि शिवको दर्शन नपाई किंकर्तव्यविमूढ भई शरणमा आएको कुरा बताए ।[१८२]

ब्रह्माले पर्वतराज हिमालयको पुण्यप्रद फेदी जहाँ नागराज श्लेष्मान्तकको निवास छ, त्यहीं नै भगवान् शिव गुप्त भेषमा बसेको हुनुपर्ने अनुमान गरी त्यहाँ दर्शनको निमित्त जानुपर्ने कुरा बताए । त्यसपछि ब्रह्मा, विष्णु र इन्द्र श्लेष्मान्तक वनमा पुगे । त्यहाँ पुग्दा वाग्वतीको किनारमा अत्यन्त सुन्दरी स्त्री बसिरहेकी देखी उनी पार्वती नै हुनुपर्ने अनुमान गरी अभिवादन गरे र भगवान् शिवको दर्शनको आतुरता प्रकट गरे । त्यो देखी पार्वतीले मृगकूट पर्वत (मृगस्थली) मा मृगरूपधारी शिवलाई भेट्ने कुरा बताइदिएकोले तीनै जना त्यहाँ गए ।[१८३]

मृगस्थलीमा मुलायम दूबोले परिपूर्ण ढुङ्गामाथि सुखपूर्वक बसिरहेका अत्यन्त सुन्दर एक सिङ, तीन आँखा, दाँतद्वारा मुलायम झार च्यापिरहनुभएका, चारैतिर असङ्ख्य मृगहरूले घेरिएर रहेका मृगपतिलाई देखी तीनै जनाले दर्शन गरे । दर्शन पाउनेबित्तिकै अत्यन्त विनीत बनेका ब्रह्मा, विष्णु र इन्द्रले कसैले थाहा नपाउने गरी झटपट शिवरूपी मृगको एक सिङ समाते । सिङ तीन टुक्रा बन्यो, मृगचाहिँ अलप भयो ।[१८४]

---

१८० *ऐजन,* १।२२, ४ पृष्ठ ।

१८१ प्रा. मधुसूदन रिसाल (अनु.), *पशुपतिपुराण,* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२९), १५।२४-२५, ११७ पृष्ठ ।

१८२ *ऐजन,* १६।६, ११७ पृष्ठ ।

१८३ *ऐजन,* १६।१६-१८, ११९ पृष्ठ ।

१८४ *ऐजन,* १६।२५-२६, १२१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस घटनाले विष्णु, इन्द्र मलीन मुख लिई उभिए । ब्रह्माचाहिँ दुइ हात जोडी भक्तिसाथ प्रार्थना गर्न लागे । ब्रह्माको प्रार्थनाबाट प्रभावित भई आकाशवाणी भयो - सिङ समाएरै कोही सन्तुष्ट हुन्छ भने मृग शरीरको के प्रयोजन ? त्यस वेला पृथिवीमा क्रीडा नसकी कैलाशमा नजाने कुरा पनि बताइयो ।[१८५]

त्यसपछि *पशुपतिपुराण*मा भगवान् शिवको वचनको रूपमा केही भविष्यवाणी बताइएको छ । जसअनुसार नागह्रद नामको सरोवरमा वाग्वतीको पानी रोकिएकोले जलमग्न भई सामान्य मानिसहरूको लागि त्यो दुर्गम स्थान भएको हुँदा वासुकिको तपोवलले खिँचिएको हुँदा सो स्थानमा शिव गई बस्ने बताइएको छ । द्वापरको अन्तमा प्रद्युम्न नामका कृष्णका अत्यन्त बलवान् छोरा हुने तथा उनले ब्रह्माको वरदान पाई महेन्द्रदमनलाई संहार गर्ने र महेन्द्रदमनको वध भइसकेपछि बाँध फोडी कृष्णले वाग्वतीको उद्धार गर्ने बताइएको छ । त्यसपछि वाग्वती नदीको रूपमा बहने र वनप्रदेश पनि 'जानपद' बन्ने उल्लेख छ । त्यसपछि भगवान् शिव मृगको शरीरमा शिलातनु बनी उत्पन्न हुने बताइएको छ ।[१८६]

त्यस कथाको अन्त्यमा अन्य दुइ शिवलिङ्गको चर्चा गरिएको छ । त्यसमध्ये एउटा चार मुखवाला शिवलिङ्गको प्राप्ति अनेकौँ दूधको धाराद्वारा जमीन सिञ्चित भइरहेको नदीको किनारालाई खोस्रिएपछि हुने र चाँपको रूखको छायामा सुशोभित चार शिरवाला उक्त मूर्तिलाई किरातहरूले बहुतै श्रद्धासाथ वन्दना आदि गर्ने कुरा बताइएको छ ।[१८७] त्यसै गरी ब्रह्माद्वारा पूजित अर्को एक मूर्ति त्यहीँ रहने र त्यसलाई पनि धर्मात्माहरूले मान्य र परमपूज्य सम्झने कुरा बताइएको छ ।[१८८]

माथि चर्चा गरिएका साहित्यिक विवरणहरूले जुन कथा प्रस्तुत गरेका छन्, तिनीहरू रोचक र घतलाग्दा छन् । सामान्य जनजीवनलाई पशुपतिको महत्त्व, प्रसिद्धि र शक्ति आदि कुरामा विश्वास दिलाउन नै ती कथाहरू रचिएका देखिन्छन् । भौगोलिक स्थिति र परिवेश वास्तविकताको आधारशिलामा केही अडेको भए तापनि त्यहाँ प्रस्तुत सम्पूर्ण कथा सत्य हो भन्नु गलत हुनेछ । सङ्क्षेपमा भन्दा पशुपतिको प्रसिद्धि जनमानसमा अत्यधिक भएको कुरा ती साहित्यिक विवरणहरूले स्पष्ट पार्दछन् । साथै पशुपतिको उद्‌भव प्राचीन कालमा भएको थियो भन्ने कुरालाई सङ्केतात्मक रूपमा लिन सकिन्छ । साहित्यिक विवरणमा बताइएका शब्द-शब्दलाई महत्त्व दिएर चर्चा गर्नु आवश्यक देखिँदैन । जहाँसम्म पशुपतिको उद्भवको कुराको सम्बन्धमा साहित्यिक विवरण के बताउँछ भन्ने कुरा छ, कतै त्यसबारे द्वापरयुगदेखिको चर्चा पाइन्छ, कतै कलियुगको कुरा आउँछ भने कतै किरातकालको उल्लेख पाइन्छ । एउटै ग्रन्थमा पनि अलग-अलग दृष्टिकोण रहेको देखिनाले स्पष्ट कुरा थाहा पाउन सकिन्न । यसैले त्यहाँ उल्लिखित विवरणहरू पशुपतिप्रति जनमानसमा श्रद्धा-भक्ति बढाउन नै रचिएका देखिन्छन् । अर्को कुरा माथि जुन-जुन ग्रन्थको

---

१८५ ऐजन, १६।२८, १२१ पृष्ठ ।

१८६ ऐजन, १७।९, १२४ पृष्ठ ।

वाग्वत्यां च नदी भासि वने जाते च मण्डले ।
समुत्पश्यामि ब्रन्ह्नेन्द्र तच्छरीरः शिलातनुः ॥

१८७ ऐजन, १७।११-१२, १२५ पृष्ठ ।

चम्पक द्रुमच्छायाभिः शोभितो मम विग्रहः ।
चतुर्मूर्तिधरो भक्त्या म्लेच्छैः सम्पूज्यते तदा ॥
जित्वा कैरातराजानं वाक्येन प्रत्ययेन च ।
करिष्यति तदा राज्यं वैशाल्याधिपतिर्बली ॥

१८८ ऐजन, १७।१३, १२५ पृष्ठ ।

मूर्तिरिका ममैवाऽपि ब्रह्मणेष्टा प्रतिष्ठति ।
तस्मान्मान्या च पूज्या च श्रद्धया धर्मकांक्षिभिः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चर्चा गरियो, ती त्यति प्राचीन ग्रन्थहरू नभईकन पछिल्लो कालका भएकाले तिनीहरूले बताउने ऐतिहासिकतासम्बन्धी कुरामा सत्यासत्य बुझ्न अन्य स्रोतहरूको पनि सहारा आवश्यक पर्दछ ।

४.४.२ *वंशावलीमा पाइने विवरण*

पशुपतिनाथको उद्भवको सम्बन्धमा नेपालमा उपलब्ध केही वंशावलीहरूमा सङ्क्षिप्त टिपोट पाइन्छन् । पशुपतिनाथको उद्भवको सम्बन्धमा चर्चा गर्ने पहिलो वंशावली *गोपालराजवंशावली* हो । नेपालमा अहिलेसम्म प्राप्त वंशावलीहरूमा *गोपालराजवंशावली* सबैभन्दा पुरानो मानिन्छ । त्यस *वंशावली*को सङ्कलनकाल वि.सं. १४३९-१४५२ मानिन्छ ।[१८९] त्यहाँ पशुपतिको प्रादुर्भावको सम्बन्धमा यस्तो भनिएको छ– 'नेप' कहलाएका गोपाल (ग्वाला) की बहुह्नी नाम भएकी कैली गाई दिनका दिन वाग्वतीको तीरमा गई प्वालमा पूजाको लागि दूधको धारा बगाउने गर्न लागिन्, ती गाईले सिचन गर्न लागेको त्यो ठाउँ एक जना गोपालले देखे, खनेर हेर्दा श्रीपशुपतिभट्टारकको प्रादुर्भाव भयो ।"[१९०] *गोपालराजवंशावली*मा काठमाडौं अधित्यकामा शासन गर्ने पहिलो राजवंशको रूपमा गोपालवंशलाई प्रस्तुत गरिएको छ, त्यसपछि महिषपाल, किरात र लिच्छविवंशको उल्लेख गरेको पाइन्छ । *गोपालराजवंशावली*को विवरणलाई हेर्दा पशुपतिको लिङ्गको प्रादुर्भाव गोपालवंशको राज्यकालमा भएको सङ्केत मिल्दछ । तर कुन राजाको पालामा सो घटना घटेको हो, त्यसको भने त्यहाँ उल्लेख पाइँदैन । गोपालवंशका आठ जना राजाहरूले राज्य गरेको कुराको चर्चा त्यहाँ पाइन्छ । त्यस वंशावलीमा गोपालवंश, महिषपालवंश र किरातवंशका राजाहरूको नाम तथा राज्य समयको समेत उल्लेख गरिएको छ । त्यहाँ दिइएको विवरणलाई हेर्दा लिच्छविहरूको आगमनभन्दा झण्डै २४१९ वर्षअघि पशुपतिलिङ्गको प्रादुर्भाव भएको सङ्केत पाइन्छ ।

*गोपालराजवंशावली*को लेखन समय विक्रमको पन्ध्रौं शताब्दी हो । त्यसको लेखन समयभन्दा पशुपतिको प्रादुर्भावसम्बन्धी घटना निकै अघिको हुँदा वंशावलीले दिएको विवरण कत्तिको सत्य हो यसै भन्न गाह्रो छ ।

सत्रौं शताब्दीताका नेपाली भाषामा लेखिएका *भाषावंशावली*हरूमा पनि यससम्बन्धी छिटपुट चर्चा पाइन्छन् । तर त्यहाँ ब्रह्मा र विष्णुको विवाद र बीचमा लिङ्गको उत्पत्ति भएको भन्ने *हिमवत्खण्ड*को धारणालाई आफ्नो भाषामा उल्लेख गरिएको छ ।[१९१] *भाषावंशावली*हरूमा विभिन्न राजा तथा प्रजाहरूले पशुपतिनाथको मन्दिर एवं यहाँको पूजा-आजालगायतका भिन्न-भिन्न धार्मिक कृत्यहरूको लागि राखेको गूठी तथा गरेको व्यवस्थाको बारेमा भने प्रशस्त चर्चा पाइन्छ ।

४.४.३ *अभिलेखीय विवरण*

नेपालमा पशुपतिसम्बन्धी अभिलेखीय विवरण लिच्छविकालदेखि नै पाइएका छन् । ती विवरणहरूले पशुपतिनाथको नेपाली जनजीवनमा रहेको स्थानको बारेमा प्रकाश पार्न प्रशस्त मदत पुऱ्याउँदछन् । तर जहाँसम्म पशुपतिको प्रादुर्भावसम्बन्धी कुरा छ, त्यस बारेमा बताउने शिलालेख वा अन्य प्रामाणिक अभिलेखीय सामग्री पाउन सकिएको छैन । यसैले गर्दा साहित्य र वंशावलीमा दिएको विवरणलाई नै सत्य हो भन्ने धारणालाई जनसामान्यले पछ्याउनु अस्वाभिक होइन । तिनै विवरणको आधार लिएर मल्लकालिक राजाका दरबारहरूमा पशुपतिको उद्भव-सम्बन्धी नाटक खेलाइन्थ्यो ।[१९२]

---

१८९ Dhanavajra Vajracharya and Kamal P. Malla, *The Gopalrajavamsavali*, (Germany : Franz Steiner Verlag Wiesbeden GmbH, 1985 A.D.), p. II.

१९० *ऐजन*, १७ क, ७३ पृष्ठ ।

१९१ नयनाथ पौडेल (सम्पा.), *भाषावंशावली, १ भाग,* (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं २०२०), २-३ र ६ पृष्ठ ।

१९२ जयभूपतीन्द्र मल्ल, "पशुपतिप्रादुर्भावोपाख्याननाटकम्", *बृहत्सूचीपत्रम्,* नाटकग्रन्थविषयकस्तृतीयो भागः, (काष्ठमण्डपः वीर-पुस्तकालयः, वि.सं. २०१९), २७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त सामग्रीहरूलाई हेर्दा नेपालमा अभिलेखीय विवरणहरू– शिलालेख, ताम्रपत्र (सुवर्णपत्र आदि) र हस्तलिखित ग्रन्थका रूपमा पाइन्छन् । शिलालेखहरू मुख्यत: राज्यप्रशासन एवं दानदातव्यसँग ज्यादातर सम्बद्ध भएको हुने तथा त्यहाँ सङ्क्षिप्त टिपोट मात्र पाइने हुनाले शिलालेखहरूबाट धेरै कुरा प्रकाशमा आउने आशा राख्नु हुँदैन । त्यही स्थिति ताम्रपत्रहरूको छ । अझ ताम्रपत्रहरूमा धातुको मूल्य हुनाले कालान्तरमा भएका ताम्रपत्रहरू पनि मासिए र इतिहासका कैयौं कुराहरू नामेट भए । हस्तलिखित ग्रन्थहरूको आयु छोटो हुनाले प्राचीन कालका त्यससम्बन्धी विवरण भएका अभिलेख समयको लामो अन्तरालले गर्दा पाइँदैनन् । यस परिस्थितिमा पशुपतिको प्रादुर्भावसम्बन्धी तथ्य कुरा थाहा पाउनु दुष्कर छ । तैपनि उपलब्ध प्रमाणहरूलाई केलाएर यस सम्बन्धमा सत्य कुरा पत्ता लगाउनुपरेको छ ।

पशुपतिनाथको उद्‌भवको सम्बन्धमा वंशावली र यहाँ उपलब्ध साहित्यहरूमा पाइने धारणाको सङ्क्षिप्त रूपमा माथि चर्चा गरियो । तिनीहरूले आ-आफ्नै किसिमको धारणालाई कथाको रूपमा प्रस्तुत गरेका छन् । ऐ. शि. बाबुराम आचार्यले दक्षिण भारतबाट पाशुपताचार्यहरूले पाशुपत सम्प्रदायलाई ल्याएर त्यसको प्रतीकस्वरूप देवपाटनमा पशुपतिको मूर्ति स्थापना गरेको मान्दै पशुपतिको स्थापना दक्षिण भारतका आचार्यहरूद्वारा भएको कुरालाई स्वीकार्नुभएको छ ।[१९३]

एउटा लेखमा उहाँले पशुपतिको स्थापना सन् ५७२ (वि.सं. ६२९) मा भएको मान्नुभएको छ[१९४] भने अर्को लेखमा यस मन्दिरको स्थापना सन् ४५० (वि.सं. ५०७) मा भएको बताउनुभएको छ ।[१९५] केको आधारमा उहाँले दुइ विपरीत मत बनाउनुभएको थाहा हुँदैन । जहाँसम्म दक्षिण भारतका व्यक्तिहरूद्वारा पशुपतिको स्थापना भएको हो भन्ने कुरा छ, त्यो वर्तमानकालसम्म पनि दाक्षिणात्य ब्राह्मणद्वारा पशुपतिमा हुने पूजालाई लिएर अनुमान गरेको हुनुपर्छ । तर दाक्षिणात्य ब्राह्मणहरूद्वारा पशुपतिमा पूजा गर्ने परम्परा वि.सं. ११९९ को आसपासदेखि मात्र चलेको पाइने कुरालाई हेर्दा पशुपतिको स्थापनामा दाक्षिणात्यहरूको हात रहेको कुरा सत्य देखिँदैन । अर्को कुरा नेपालको धार्मिक इतिहासको परिप्रेक्ष्यमा नेपालमा प्राचीन कालमा प्रचलित शैव धर्ममा आफ्नै किसिमको मौलिकपना पाइन्छ । उदाहरणको रूपमा मुण्डशृङ्खलिक पाशुपत, दानशृङ्खलिक पाशुपत, दान पाशुपत, वश पाशुपत आदि पाशुपत सम्प्रदायहरूलाई लिन सकिन्छ । उपर्युक्त सम्प्रदायहरूको अस्तित्व भारतमा भएको सङ्केतसम्म पनि नपाइने हुनाले पशुपतिको स्थापना र पाशुपत सम्प्रदायको प्रचलनमा भारतीय अनुकरणको प्रश्न नै उठ्दैन । बरु मल्लकाल र त्यसपछि भारतबाट सन्न्यासी विद्वान्‌हरू नेपालमा आएको उल्लेख पाइने हुनाले त्यतिखेर भारतमा प्रचलित शैव धर्मको प्रभाव नेपालमा पर्नु स्वाभाविक देखिन्छ ।

पशुपतिनाथको स्थापनाको सम्बन्धमा कुरा गर्दा एवं *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण* आदि नेपालमा उपलब्ध धार्मिक ग्रन्थहरूको परिशीलन गर्दा निश्चित रूपमा पशुपतिको उद्‌भव निकै अगाडि भएको देखिन्छ । यद्यपि ती ग्रन्थहरूमा त्यस सम्बन्धमा कथाको रूपमा चर्चा गरिएको छ, तर ती कथाको सांराशलाई सङ्केतात्मक रूपमा स्वीकार्दा पशुपतिको स्थापना प्राचीन प्रतीत हुन्छ । भगवान् रुद्र वा शिवका विविध नामहरूमध्ये 'पशुपति' नाम पनि एउटा हो र त्यस रूपको ख्याति *यजुर्वेद* देखि नै पाइने कुराको चर्चा यसभन्दा अघिल्लो अध्यायमा गरिसकिएको छ । यसैले पशुपतिको रूप त्यस वेलादेखि नै प्रचलनमा आइसकेको हुनु अस्वाभाविक होइन । यस कुरालाई *महाभारत* मा

---

१९३ बाबुराम आचार्य, "पूर्वमध्यकालीन नेपालको संस्कृति", *शारदा,* २४ वर्ष, २ अङ्क, (वि.सं. २०१६), २ पृष्ठ ।

१९४ उद्धृत जगदीशचन्द्र रेग्मी, *नेपालको धार्मिक इतिहास,* प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०३०), १५ पृष्ठ ।

१९५ बाबुराम आचार्य, "लिच्छविकालका शिलालेखमा किरातकालको झलक देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरातनाम", *नेपाली,* १६ वर्ष, (श्रावण, भाद्र, आश्विन २०२०), १२ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त विवरणले पनि पुष्टि गर्दछ । *महाभारत* वनपर्वको पुलस्त्यतीर्थयात्राप्रसङ्गमा नेपालका कतिपय प्रसिद्ध तीर्थस्थलहरूको वर्णन पाइन्छ । त्यहाँ गण्डकी, शालग्राम (मुक्तिक्षेत्र), माहेश्वरीधारा (त्रिशूली), चम्पकारण्य (चाँगु), कुशिकआश्रम (कुशेश्वर), कौशिकी, अरुण, गौरीशङ्कर हिमाल, कोकामुख (वराहक्षेत्र) आदिको उल्लेख गर्दा माहेश्वरपुरको पनि चर्चा पाइन्छ ।[१९६] माहेश्वरपुरमा गई वृषध्वजको अर्चना गर्ने कुराको वर्णन त्यहाँ पाइने भएकोले त्यो शैव क्षेत्र थियो भन्ने बुझिन्छ । नेपालमा भएका तीर्थस्थलहरूको वर्णनक्रममा माहेश्वरपुरको चर्चा आएको तथा त्यो शैव तीर्थसमेत भएको बुझिएकोले त्यो कुन ठाउँ हो भन्ने कुरा हाम्रो सामु आउँछ । नेपालमा भएका शैव तीर्थहरूमा पशुपतिनाथक्षेत्र जस्तो प्रसिद्ध एवं चर्चित प्राचीन तीर्थस्थल अरू नभएको हुनाले *महाभारत*मा उल्लिखित माहेश्वरपुर पशुपतिक्षेत्रबोधक हो भन्ने बुझिन्छ । पशुपतिक्षेत्रलाई 'माहेश्वरपुर' भन्ने चलन पछिसम्म भएको कुरा *हिमवत्खण्ड*मा त्यस नामको उल्लेखसमेत पाइने भएकोले माथिको कुराको अझ पुष्टि हुन्छ । भगवान् शिवका अनेकौं नामहरूमा महेश्वर पनि एउटा हो । भगवान् महेश्वर विराजमान भएको क्षेत्र भएकोले त्यस ठाउँलाई उहाँकै नामबाट महेश्वरपुर भनी सम्बोधन गरिनु नौलो कुरा होइन ।[१९७] कुनै प्रसिद्ध मन्दिर वा क्षेत्रको नामबाट ठाउँको नामकरण गर्ने चलन हामीकहाँ प्राचीनकालदेखि चल्दै आएको छ । पशुपतिको प्रसिद्धि व्यापक थियो भन्ने कुरा *शिवपुराण*मा नेपालस्थित 'पशुपति' को चर्चा स्पष्टसँग भएबाट पनि बुझिन्छ ।[१९८]

*महाभारत*को लेखनसमयको बारेमा भिन्न-भिन्न व्यक्तिहरूको अलग-अलग मत छ । मैक्डोनेलको अनुसार *महाभारत*को मूलरूप ईस्वीपूर्व दशौं शताब्दीभन्दा पछिको होइन । आर.सी. दत्तको अनुसार *महाभारत*का घटनाहरू ईस्वीपूर्व बाह्रौं या तेह्रौं शताब्दीका हुन् । अर्का पश्चिमी लेखक हापकिन्स *महाभारत*को काल १७०० देखि ७०० ईस्वीपूर्वको मान्छन् । काणेको अनुसार निश्चित रूपमा पाचौं शताब्दी ईस्वीपूर्वमा त्यस महाग्रन्थको प्रारम्भिक एवं मूलरूप निर्धारित भइसकेको थियो, किनकि *आश्वलायनगृह्यसूत्र*मा 'भारत' एवं 'महाभारत' को वर्णन पाइन्छ । कसैले यसको रचनाकाल ईस्वीपूर्व ४५० मान्दछन् । चारौं वा पाँचौं शताब्दीसम्म त्यस ग्रन्थको परिवर्द्धन एवं संशोधन कार्य चल्दै गयो । उनीहरूको अनुसार पाँचौं शताब्दीमा *महाभारत*ले वर्तमान स्वरूप प्राप्त गऱ्यो । साँवलिया विहारीलाल वर्माले यसको लेखन समय पाँच हजार वर्षभन्दा अघिको बताएका छन् । *महाभारत*मा उल्लेख गरिएका घटनाक्रम एवं इतिहासलाई मनन गरी पौरस्त्य विद्वान्हरूले यसलाई कलियुगको प्रारम्भभन्दा अधिको कालको मानेका छन् । त्यसअनुसार *महाभारत*को रचनाकाल आजभन्दा ५०९६ वर्षअघि हुन्छ । ५०९६ वर्षअघि रचिएको ग्रन्थमा पशुपतिनाथको उल्लेख पाइनाले पशुपतिनाथको प्राचीनताको बारेमा केही सङ्केत मिल्दछ । त्यहाँ तीर्थयात्रा गर्दा कुन-कुन ठाउँ जानुपर्छ भन्ने मार्गनिर्देश गर्दा माहेश्वरपुरको वर्णन आएकोले त्यसभन्दा अगाडिदेखि नै माहेश्वरपुर प्रसिद्ध भइसकेको बुझिन्छ । पश्चिमी विद्वान् एवं त्यस विचारधारलाई मान्ने केही पौरस्त्य विद्वान्हरू *महाभारत* आज जुन

---

१९६ पं. रामचन्द्रशास्त्री किंजवाडेकर (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ८७ सङ्ख्या, ८२। १२९ ।

माहेश्वपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ।
ईप्सितॉल्लभते कामानुपवासान्न संशयः ॥

१९७ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १७५ सङ्ख्या, ७७।१५-१७, १७२ पृष्ठ ।

राजधानी कृता दिव्या सर्व्वैर्देवैरधिष्ठिता ॥
पशुपतेः पुरी दिव्या जाम्बूनदमयी परा ।
ततः सर्वेषु देवेषु पुरी माहेश्वरी श्रुता ॥
राजते स्वर्णहैमैश्च मणियुक्तैस्तदोजसा ॥
ज्योतिर्म्मयी पुरी दिव्या पशुपतीति विश्रुता ।।

१९८ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *पूर्ववत्*, *कोटीरुद्रसंहिता*, पादटिप्पणी ७ सङ्ख्या, १२।१७–१९ ।

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा छ, त्यो एकै समयमा लेखिएको नभई पछि-पछि थपथाप हुँदै विशालकाय बनेको मान्छन् ।[१९९] धार्मिक विश्वास र परम्परालाई अङ्गीकार गर्ने एकथरी विद्वान्हरू त्यस कुरालाई मान्दैनन् । जे होस्, *महाभारत*मा उल्लिखित 'माहेश्वरपुर' ले पशुपतिको प्राचीनताको सम्बन्धमा केही आधार खडा गरिदिएको कुरा उल्लेख्य छ । *महाभारत*कालमा तीर्थस्थलको रूपमा माहेश्वरपुर प्रसिद्ध भएको एवं माहेश्वरपुर कहलाउन मदत पुऱ्याउने आराध्य पशुपतिको पनि प्रादुर्भाव भइसकेको प्रकारान्तले बुझिन्छ । तर निश्चित समय किटान गर्न भने प्रमाणहरूको अभावले गर्दा सकिँदैन ।

वंशावली एवं नेपालमा प्राप्त साहित्यिक ग्रन्थहरू – *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण* आदिको परिशीलनबाट प्रस्तरशिवलिङ्गको स्थापना हुनुभन्दा अगाडि त्यहाँ कुनै ज्योतिर्मय अवशेष भएको सङ्केत मिल्दछ । त्यही ज्योतिलाई भगवान् पशुपतिको प्रतीक मानी लामो समयसम्म पूजा आराधना गरेपछि कालान्तरमा पाँच मुख भएको प्रस्तरनिर्मित शिवलिङ्ग राखिएको हुनु धेरै सम्भव छ । पशुपतिलाई ज्योतिर्लिङ्ग भन्नुमा त्यही कारण अन्तर्निहित छ । ज्योति अग्नि वा अग्निको प्रतीक हो । यसमा वैदिक कालदेखिकै भावना समाहित छ ।

वेदमा प्राकृतिक प्रतीकको रूप मानी रुद्रलाई अग्निको स्वरूपमा प्रस्तुत गरेको र भावनात्मक रूपमा चाहिँ रुद्र मन्युका प्रतीक भएका पनि देखिन्छन् । यस कुरालाई *रामायण, महाभारत* र *पुराण*हरूले पनि आफ्नै ढङ्गले समन्वय कायम गरेको पाइन्छ । अग्नि नै रुद्र हुन् भन्ने कुरा *ऋग्वेद*मा नै पाइन्छ । त्यहाँ गृत्समद ऋषिले अग्निको प्रार्थना गर्दा अग्निलाई रुद्र भनेका छन्–[२००]

त्वमग्ने रुद्रो असुरो महोदिवस्त्वं शर्धो मारुत पृक्ष ईशिषे ।

त्यस्तै गरी रुद्र र अग्निको तादात्म्य अन्य वेदहरूमा पनि पाइन्छन् । *अथर्ववेद*मा भनिएको छ[२०१] -

यो अग्नौ रुद्रो यो अप्स्वन्तर्य ओषधीर्वीरुध आविवेश ।
य इमा विश्वा भुवनानि चाक्लृपे तस्मै रुद्राय नमो अस्त्वग्नये ।

रुद्रलाई अग्निरूप मानेमा नै भष्मदिग्ध, दिगम्बर, पिङ्गल, जटाकुल, कपिलश्मश्रु, रौद्र, भयानक आदि विशेषण र उपाधि सार्थक हुन्छन् । अग्नि खरानीले युक्त हुन्छ, अग्निले कुनै वस्त्र धारण गर्न सक्ने होइन । उसको धूममण्डल पिङ्गल जटाकुल हुन्छ, उसको श्मश्रु कैलो हुन्छ र उ डरलाग्दो हुन्छ ।[२०२] यद्यपि रुद्रको तादात्म्य अन्य देव-देवतासँग पनि गराएको नपाइने होइन ।

तर हाम्रो प्रचलित परम्परा र लोकधारणाले वैदिक कालदेखिकै विश्वास र आस्थालाई 'पशुपति' मा समेटेको उल्लेख्य छ । नेपालका मौलिक साहित्यिक ग्रन्थहरू- *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण* तथा *वंशावली*हरूले पशुपतिको रूप पहिले ज्योतिर्लिङ्ग थियो, पछि त्यसमाथि प्रस्तरलिङ्ग स्थापना भएको कुरा एकमुखले बताएका छन् । पशुपति रुद्र, अग्नि हुन् भन्ने धारणा नयाँ नभई वैदिक कालदेखिकै प्रचलित मान्यता हो । *शतपथब्राह्मण*मा पशुका पति रुद्र नै अग्नि हुन् भनिएको छ -[२०३]

---

१९९ साँवलिया विहारीलाल बर्मा, *भारत में प्रतीक पूजाका आरम्भ और विकास*, (पटना: विहार हिन्दी ग्रन्थ अकादमी, सन् १९७४), ५८ पृष्ठ ।

२०० स्वामी दयानन्द (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३७ सङ्ख्या, २।१।६, २४८ पृष्ठ ।
त्वम् अग्ने रुद्रो असुरो महोदिवस्त्वं शर्धो मारुतं पृक्ष ईशिषे ।
त्वं वातैररुणैर्यासि शंगयस्त्वं पूषाविधतः पासिनुत्मनां ॥

२०१ पं. क्षेमकरणदास त्रिविदि (सम्पा.), *अथर्ववेदभाष्यम्, सप्तमकाण्डम्*, (दिल्ली: पं. ओंकारनाथ वाजपेयी, वि.सं. १९७३), ७८७१, १७२१ पृष्ठ ।

२०२ चूडानाथ भट्टराय, *पशुपतिप्रत्यभिज्ञा*, प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०३५), ६ पृष्ठ ।

२०३ चन्द्रधर शर्मा (सम्पा.), *शतपथब्राह्मणम्, प्रथमो भागः*, (काशी: अच्युत ग्रन्थमाला कार्यालय, संवत् १९९४), १।७।३।१, १०७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अग्निर्वै स देवस्तस्येतानि नामानि शव इति यथा प्राच्या आचक्षते भव ईति यथा वाहीकः । पशूनां पति रुद्रोऽग्निरिति तानस्याशान्तान्येवेतराणि नामान्यग्निरित्येव शान्ततमं तस्मात् अग्नय ईत क्रियते स्विष्टकृत इति" ।

यसरी वंशावलीकार र शास्त्रकारहरूले पशुपतिको प्रादुर्भावको सम्बन्धमा जुन धारणा राखेका छन्, त्यो सर्वथा अप्रामाणिक होइन भन्ने देखिन्छ । अहिलेसम्म पनि बाहिर जस्तोसुकै ठण्डी भए पनि पशुपतिको गर्भगृहभित्र तातो हुन्छ, मुखलिङ्गमा घ्यू राखेपछि बिस्तारै पग्लँदै जान्छ भन्ने जुन स्वीकार गरिएको छ, त्यसबाट पनि अग्नितत्त्वको भाव अझै जीवन्त रहेको स्पष्ट देखिन्छ । *शिवपुराण*मा बाह्रवटा प्रसिद्ध ज्योतिर्लिङ्गको चर्चा पाइन्छ,[२०४] तिनमा पशुपतिलाई उल्लेख गरिएको छैन । तर नेपालमा उपलब्ध *वंशावली* एवं *पुराण*हरूमा ज्योतिर्लिङ्गको रूपमा पशुपतिको प्रसिद्धि छ । जे होस्, *शिवपुराण*मा नेपालस्थित पशुपतिको चर्चा पाइने हुनाले नेपालबाहिर पनि पशुपतिको प्राचीन कालदेखि नै ख्याति रहेको कुरा बुझिन्छ ।[२०५]

पशुपतिनाथमन्दिरमा भएको वर्तमान शिवलिङ्ग वि.सं. १४१७ मा स्थापित अर्वाचीन लिङ्ग हो । त्यसभन्दा अगाडि अर्कै शिवलिङ्ग थियो । बङ्गालका सुल्तान शमसुद्दीन इलियासको आक्रमणमा पहिलेको शिवलिङ्ग नष्ट भएको कुरा *वंशावली*[२०६] एवं शिलालेखहरू[२०७] बाट बुझिन्छ । पहिलेको शिवलिङ्गको अवशेष नपाइने हुनाले त्यसबारेमा केही बताउन सकिन्न । यही कारणले गर्दा ज्योतिर्लिङ्गमा कहिले प्रस्तरको मुखलिङ्ग राखियो ? भन्ने कुरा थाहा हुन सक्तैन । पशुपतिमा भएको प्राचीन शिवलिङ्ग पाइएको भए त्यसबाट धेरै कुराहरू थाहा हुन सक्थे । तर त्यसको अवशेष नपाइने हुनाले पशुपतिलिङ्गको वास्तविक इतिहास थाहा पाउन कठिन हुन गएको छ । कसै-कसैले पशुपतिनाथमन्दिरदेखि पश्चिमपट्टि बाहिर सडकछेउको बेलको रूखमुनि रहेको 'प्रतापेश्वर' नामको शिवलिङ्गलाई वर्तमान पशुपतिको मुखलिङ्गभन्दा अगाडिको मानेका छन् ।[२०८] तर त्यो कुरा मान्न सकिन्न । *वंशावली*हरूमा बङ्गालका सुल्तानले पशुपतिको लिङ्गलाई तीन टुक्रा गरी नष्ट पारिदिएको स्पष्ट उल्लेख पाइन्छ । त्यहाँ भएको शिवलिङ्ग 'प्रतापेश्वर' नामबाट अझै पूजा-अर्चना गरिन्छ र जलहरीसहित सबूद छ । यसैले पनि त्यो शिवलिङ्ग पशुपतिमन्दिरको पुरानो शिवलिङ्ग हो भनी मान्न सकिन्न । तात्कालिक कट्टर समाजमा विधर्मी मुसलमानले स्पर्श गरी फुटालिदिएको शिवलिङ्गलाई पुनः स्थापना गरे होलान् भन्नु मान्य र व्यावहारिक देखिँदैन ।

---

२०४ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *पूर्ववत्*, *कोटिरुद्रसंहिता*, पादटिप्पणी ७ सङ्ख्या, ७१।२१-२३ ।
सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालमोंकारे परमेश्वरम् ।
केदारं हिमवत्पृष्ठे डाकिन्यां भीमशंकरम् ।
वाराणस्यां च विश्वेशं त्र्यम्बकं गौतमीतटे ।
वैद्यनाथं चिताभूमौ नागेशं दारुकावने ।
सेतुबंधे च रामेशं घुश्मेशं च शिवालये ।

२०५ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), *पूर्ववत्*, *कोटिरुद्रसंहिता*, पादटिप्पणी ७ सङ्ख्या, १२।१७-१९ ।
नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ।

२०६ Dhanavajra Vajracharya and Kamal P.Malla, *op.cit.*, foot note no. 189, pp. 36, 60.

२०७ धनवज्र वज्राचार्य (प्र. सम्पा.), *इतिहास-संशोधनको प्रमाण प्रमेय,* पहिलो भाग, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९), १९३ पृष्ठ ।

२०८ (क) D.R.Regmi, *Ancient Nepal*, First Edition, (Calcutta: Firma K.L.Mukhopadhaya, 1960 A.D.), p. 68.
(ख) जगदीशचन्द्र रेग्मी, *पूर्ववत्*, पादटिप्पणी १९४ सङ्ख्या, १५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धार्मिक जनजीवनमा नेपालस्थित पशुपतिको ख्याति प्राचीन कालदेखि नै रहँदैआएको कुरा माथिका विवरणहरूबाट बुझ्न सकिन्छ । पशुपतिको मन्दिर रहेको भेगमा विक्रमको पाँचौ शताब्दीदेखिका झण्डै बत्तीसवटा अभिलेखहरू रहनुको पछिल्तिर पशुपतिनाथकै महत्त्वको कारण निहित रहेको अवगत हुन्छ । ती अभिलेखहरू कुनै राज्यप्रशासनसँग सम्बद्ध छन् त कुनै कीर्तिको स्थायित्वको निमित्त जग्गा-जमीन गूठी राखी त्यसको संस्मरणार्थ राखिएका छन् । त्यहाँ रहेका लिच्छविकालका शिलालेखहरूमा सत्ताइसवटा त पशुपतिनाथमन्दिरकै आसपासमा रहेकाले माथिको कुराको अझ पुष्टि हुन्छ ।

सम्भवतः मानदेव प्रथमले पशुपतिस्थित तिलगङ्गानजिक त्रिविक्रमको मूर्ति,[२०९] रत्नसङ्घले संवत् ३९९ (वि.सं. ५३५),[२१०] र संवत् ४०२ (वि.सं. ५३८)[२११] मा क्रमशः 'रत्नेश्वर' र 'प्रभुकेश्वर' को स्थापना, संवत् ४१३ (वि.सं. ५४९)[२१२] मा जयलम्भले पशुपतिनाथमन्दिरदेखि ठीक ७-८ फिट उत्तरमा 'जयेश्वर' नामको शिवलिङ्गको स्थापना, मानदेव प्रथमकी छोरी विजयवतीले सूर्यघाटमा संवत् ४२७ (वि.सं. ५६३) मा 'विजयेश्वर' को स्थापना,[२१३] संवत् ४५२ (वि.सं. ५८७) मा पुण्य गोमीले आर्यघाटमा 'पार्थिवशिला' को स्थापना,[२१४] ध्रुवसङ्घले 'भद्रेश्वर', 'नाथेश्वर', 'शुभेश्वर', 'स्थितेश्वर', 'रवीश्वर' आदि शिवलिङ्गहरूको संवत् ४५५ (वि.सं. ५९०) मा स्थापना,[२१५] संवत् ४६२ (वि.सं. ५९८) मा आभीरी गोमिनीले पशुपतिनाथमन्दिरको दक्षिणपट्टि 'अनुपरमेश्वर' को स्थापना,[२१६] संवत् ४६७ (वि.सं. ६०३) मा मानमतीले आर्यघाटमा 'नाथेश्वर' को स्थापना,[२१७] स्वामी वार्तले संवत् ४८७ (वि.सं. ६२३) मा 'शङ्करनारायण' को स्थापना,[२१८] अंशुवर्माकी बहिनी भोगदेवीले 'शूरभोगेश्वर' र भाञ्जी भाग्यदेवीले 'लडितमहेश्वर' तथा अंशुवर्माका भाञ्जीका पुर्खाहरूले त्यहाँ नै 'दक्षिणेश्वर' को स्थापना[२१९] गरेको उल्लेख पाइन्छ । अंशुवर्माकी रानीले पनि 'वनकाली' को स्थापना गरेको उल्लेख पाइन्छ । भगवत्प्रनर्दन प्राणकौशिकले मन्दिरवरपर पर्खाल आदि लगाई राखेका शिलालेखहरू पनि पाइन्छन् । लिच्छविकाल वा त्यसभन्दा अगाडिदेखि अहिलेसम्म जति पनि मूर्ति, मन्दिर, मठ स्थापित भए, तिनमा पशुपतिनाथको महत्त्व नै कारणतत्त्वको रूपमा रहेको पाइन्छ । यस कुरालाई संवत् ४५५ (वि.सं. ५९०) को ध्रुवसङ्घको भस्मेश्वरस्थित अभिलेखबाट अझ पुष्टि मिल्दछ । त्यहाँ स्पष्टसँग उनले भगवान् पशुपतिको क्षेत्रमा शिवलिङ्गहरू स्थापना गरेको कुरा लेखेका छन् ।[२२०] त्यस्तै अंशुवर्माकी बहिनी, भाञ्जी एवं उनीहरूका वंशजले पनि भगवान् पशुपतिको स्थानमा शूरभोगेश्वर, लडितमहेश्वर, दक्षिणेश्वर आदि शिवलिङ्गहरू स्थापना गरेको बताइएकोबाट पनि सो कुरा बुझिन्छ ।[२२१]

---

२०९ धजवज्र वज्राचार्य (सम्पा.) *लिच्छविकालका अभिलेख,* (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ३५ पृष्ठ ।
२१० ऐजन, ५० पृष्ठ ।
२११ ऐजन, ५५ पृष्ठ ।
२१२ ऐजन, ६२ पृष्ठ ।
२१३ ऐजन, ८२-८३ पृष्ठ ।
२१४ ऐजन, १४१ पृष्ठ ।
२१५ ऐजन, १५५-१५६ पृष्ठ ।
२१६ ऐजन, १७० पृष्ठ ।
२१७ ऐजन, १७५ पृष्ठ ।
२१८ ऐजन, १९८-२०३ पृष्ठ ।
२१९ ऐजन, ३५७-३५८ पृष्ठ ।
२२० ऐजन, १५५-१५७ पृष्ठ ।
२२१ ऐजन, ३५७-३६३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्त विवरणहरूले पशुपतिनाथको महत्त्वको साथै त्यस क्षेत्रको प्राचीनताको बारेमा उपस्थापित गरेका सङ्केतहरूलाई बुझ्न सघाउ पुऱ्याउँछन् । यसरी हेर्दा मानदेव प्रथमभन्दा अगाडिदेखि नै पशुपतिनाथको स्थापना भइसकेको बुझिन्छ । त्यसैको कारण हो कि मानदेव प्रथमको समयदेखि झण्डै अक्षुण्ण रूपमा भनेजसो त्यस मन्दिरको वरपर मूर्ति, मन्दिर जस्ता कीर्तिहरू स्थापना गर्ने लहर चल्यो । ध्रुवसङ्घको संवत् ४५५ (वि.सं. ५९०) को अभिलेखबाट त्यस वेला भगवान् पशुपति मात्र होइन, पशुपतिमन्दिरवरपरको क्षेत्र पनि पशुपतिक्षेत्र भनी पवित्र र पुण्य मानिसकिएको देखिन्छ ।[२२२]

मानदेव प्रथमभन्दा अगाडिदेखि नै पशुपतिको स्थापना र प्रसिद्धि भइसकेको सङ्केत पाइने भए तापनि निश्चित रूपमा चाहिँ कहिलेदेखि प्रस्तरलिङ्ग स्थापना गरी पूजा-अर्चना गर्न थालिएको हो, आधिकारिक प्रमाणहरूको अभावले गर्दा त्यो अनुत्तरित नै छ भने हुन्छ । यद्यपि प्रारम्भिक लिच्छविकालताकाका शिलालेख भएका-नभएका शिवलिङ्गहरू धेरैजसो सादा पाइन्छन्, 'रत्नेश्वर', 'प्रभुकेश्वर', 'विजयेश्वर' आदि यसका उदाहरणहरू हुन्, तर पशुपतिनाथको जुन लिङ्ग पहिले थियो, त्यो चाहिँ अहिलेको जस्तै चारमुखे थियो भन्ने सङ्केत पाइन्छ । यो कुरा जयदेव द्वितीयले संवत् १५७ (वि.सं. ७९०) मा भगवान् पशुपतिनाथलाई चाँदीको भव्य अष्टदलकमल अर्पण गर्दा राखेको अभिलेखमा कमलको वर्णन गर्दा उक्त कमल "भगवान् ब्रह्माको आसनी झैँ भएर रहेको ठूलो सेतो कमल नै भगवान् शिवको पनि भएकोले ब्रह्माको जस्तै चार मुख झुक्किएर आएको हो कि जस्तो" छ भनी त्यहाँ वर्णन गरिएबाट थाहा हुन्छ ।[२२३] हुन पनि नेपाली कलापरम्परामा अघिल्लो मूर्ति बिग्रिए-नासिए त्यसको सट्टामा बनाइने मूर्ति पहिलोकै अनुकरणमा बनाइने प्रचलन भएकोले तथा जयसिंहरामवर्द्धनले बङ्गालका सुल्तानले पशुपतिनाथको लिङ्गलाई नष्ट पारिदिएको दश वर्षपछि वि.सं. १४१७ मा निर्माण गराएका हालको शिवलिङ्ग चारमुखे भएकोले पनि उक्त कुराको पुष्टि हुन्छ । विक्रमको पन्ध्रौँ शताब्दीमा निर्माण भएको भए तापनि पशुपतिनाथको वर्तमान लिङ्ग समकालिक मूर्तिहरूभन्दा भिन्न सादा हुनु, सुहाउँदो किसिमको एकसरो हार घाँटीमा लगाएको रूपमा उत्कीर्ण गरिनु, आकर्षक र शोभायुक्त हुनु आदि यसका मौलिक विशेषता हुन् भन्न सकिन्छ । वस्तुतः यसले अघिल्लो मुखलिङ्गको विशेषता समेटेको हुनु धेरै सम्भव छ ।

*गोपालराजवंशावली*मा पशुपतिनाथमन्दिरको निर्माताको रूपमा सुपुष्पदेवलाई देखाएको छ । ती सुपुष्पदेवको चर्चा जयदेव द्वितीयको संवत् १५७ (वि.सं. ७९०) को पशुपतिमा रहेको शिलालेखमा पनि आएको छ । त्यहाँ उनलाई मानदेव प्रथमभन्दा ३९ पुस्ता अगाडिका बताइएको छ ।[२२४] गोपालराजवंशावलीमा लिच्छविवंशका चारौँ राजाको रूपमा उनको उल्लेख छ ।[२२५] शिलालेख तथा वंशावलीमा समेत यिनको उल्लेख पाइने हुनाले सुपुष्पदेवको अस्तित्वलाई नकार्न सकिने स्थिति छैन । जयदेवको शिलालेखमा भने यिनलाई लिच्छविवंशका बाह्रौँ राजाको रूपमा उल्लेख गरिएको छ । यसरी वंशावली र शिलालेखमा सुपुष्पदेवको उल्लेख पाइने भए तापनि समयको सम्बन्धमा भने एकमत भेटिँदैन । चौधौँ शताब्दीको *वंशावली*लाई भन्दा आठौँ शताब्दीको शिलालेखलाई भरपर्दो मान्नुपर्ने देखिन्छ, त्यसैले प्रत्येक राजालाई करीब पच्चीस वर्षको समयावधि दिँदा सुपुष्पदेव मानदेव प्रथमभन्दा झण्डै ९७५ वर्षअघिका देखिन्छन्, जुन विक्रमपूर्व ४५४ हुन आउँछ । जयदेवको अभिलेखमा चर्चित सुपुष्पदेव नेपालका लिच्छविवंशका होइनन् होला भन्न कुनै आधार छैन । बरु त्यस अभिलेखमा लिच्छविवंशमा नाम चलेका प्रसिद्ध ठानिएका राजाहरूको मात्र उल्लेख आएको र त्यही क्रममा सुपुष्पदेवको पनि उल्लेख पाइने हुनाले तिनको राज्यकाल उल्लेखनीय प्रतीत हुन्छ ।

---

२२२ *ऐजन*, १५५ पृष्ठ ।
"भगवतः पशुपतेः क्षेत्रे स्वयम्प्रतिष्ठापितेभ्यो ...."

२२३ *ऐजन*, ५५०-५५१ पृष्ठ ।

२२४ *ऐजन*, ५५१-५५२ पृष्ठ ।

२२५ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 28.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*गोपालराजवंशावली*ले उनलाई नेपालमा वर्णव्यवस्था कायम गराउने, पशुपतिमन्दिर राम्रोसँग बनाउने, राज्यको मर्यादा बाँध्ने तथा न्यायपूर्वक राज्य गर्ने राजाको रूपमा वर्णन गरेको छ ।[२२६] यिनले गरेका कार्यमा पशुपतिनाथको मन्दिर बनाएको प्रसङ्ग हाम्रो चासोको विषय बनेको छ । जयदेवको शिलालेखलाई आधार मान्दा उनको समय विक्रमपूर्व ४५४ देखिन आएको कुरा माथि नै बताइयो । लगभग विक्रमपूर्व ४५४ मा उनले मन्दिरसम्म बनाएको सङ्केत पाइनाले शिवलिङ्ग त्यसभन्दा अगाडिदेखि नै भएको आभास पाइन्छ । यसरी एकातिर *महाभारत* वनपर्वमा माहेश्वरपुरको उल्लेखले पशुपतिको सङ्केत पाइने तथा अर्कोतिर *वंशावली* र शिलालेखीय प्रमाणहरूबाट विक्रमपूर्व पाँचौं शताब्दीसम्म पशुपतिलिङ्गले जनमानसमा प्रचार पाइसकेको हुनुपर्ने देखिनाले पनि पशुपतिनाथको स्थापना अरू विद्वान्हरूले बताए जस्तो पछि भएको हो भन्ने देखिँदैन । झन् त्यसमा पनि *यजुर्वेद, अथर्ववेद* आदिमा 'पशुपति' बोधक मन्त्र एवं "पशुपतेः पुरी तत्" भनी पशुपतिपुरीको जुन चर्चाहरू आएको छ, तिनलाई हेर्दा 'पशुपति' को अस्तित्व *वेद* जत्तिकै सनातन देखिन्छ । तिनै सनातन पशुपतिलाई विभिन्न ऐतिहासिक कालहरूमा महत्ता प्रदान गरिँदै गयो । समय-समयमा श्रद्धा-विश्वासअनुसार यहाँ विभिन्न धार्मिक कृत्यहरू गरिँदै गए । यससम्बन्धी उल्लेखहरू लिच्छविकालभन्दा अगाडि त्यत्तिविधि पाइँदैनन्, तर लिच्छविकालपछिका भने प्रशस्त पाइन्छन् । यसरी भगवान् पशुपतिनाथको सम्बन्धमा साहित्यिक तथा अभिलेखीय प्रमाणहरूले लामो इतिहास उपलब्ध गराएका छन् ।

४.५ पशुपतिनाथमन्दिरमा दर्शन-स्पर्शन एवं बन्देज

पशुपतिनाथमन्दिरको दर्शन-स्पर्शन एवं त्यहाँका बन्देजसम्बन्धी कुराहरू पनि कौतूहलको विषय भएकोले पाइएसम्मका प्रमाणहरूको आधारमा सङ्क्षिप्त रूपमा यहाँ तिनको चर्चा गर्नुपरेको छ । वर्तमान अवस्थामा अहिन्दू र केही जातविशेषलाई बाहेक अरूलाई भगवान् पशुपतिनाथको मन्दिरको गर्भगृहको पश्चिम ढोकाबाहेक अरू ढोकाको भित्री प्रदक्षिणापथमा गई दर्शन-पूजन गर्न कुनै बाधा छैन । त्यस्तै पश्चिमपट्टि ढोकाको बाहिरपट्टिबाट दर्शन गर्न कसैलाई रोकटोक छैन । तर भगवान् पशुपतिनाथको मूल लिङ्ग रहेको स्थानमा जाने र छुने अधिकार पशुपतिनाथका अर्चक अर्थात् पुजारीलाई बाहेक अरूलाई छैन । पशुपतिनाथका भँडारीहरू मूलगर्भगृहभित्र जान त पाउँछन्, तर पशुपतिनाथको लिङ्गलाई छुन पाउँदैनन् । झण्डै यस्तै नियम 'गोकर्णेश्वरमहादेव', 'इन्द्रेश्वरमहादेव', 'यक्षेश्वरमहादेव', 'महेन्द्रेश्वरमहादेव', 'कुम्भेश्वरमहादेव' आदि मन्दिरहरूमा पनि छ । धरानको 'पिण्डेश्वर', जलेश्वरको 'जलेश्वर' आदि महादेवका मन्दिरहरूमा चाहिँ दर्शनार्थीहरूले छोएरै पूजा गर्न सक्छन् । यसबाट सबै मन्दिरहरूको अलग-अलग नियम देखिन्छ । चल लिङ्गलाई सदा-सर्वदा छोएरै पूजा गरिन्छ । अचल लिङ्गको सम्बन्धमा ठाउँ र चलनअनुसार निश्चित नियममा आबद्ध गरिएको पाइन्छ । यो कुरा भारतका प्रसिद्ध शैव मन्दिरहरूमा पनि रहेको पाइन्छ । उदाहरणको लागि 'केदारनाथ' मा छोएरै पूजा गर्न सकिन्छ । अझ त्यहाँ शिवमूर्तिमा घ्यू, मह आदि लिङ्गमा दलेर श्रद्धालुहरूले छाती मली-मली प्रेमपूर्वक आराधना र पूजा गर्ने प्रचलन छ । रामेश्वरमा पुजारी, शृङ्गेरीमठका शङ्कराचार्य र नेपालका हिन्दू राजाबाहेक अरूले छोएर पूजा गर्न सक्दैनन् । वि.सं. २०३० कार्तिक १ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव एवं श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहबाट 'रामेश्वर' को स्पर्शनसहित पूजा गरिबक्सेको थियो ।[२२७] शिव, विष्णु आदि वैदिक धर्मका आराध्यहरूको पूजाको प्रसङ्गमा छोएर पूजा गर्ने कुराहरूको यत्रतत्र उल्लेख पाइन्छ । भगवान् विष्णुको पूजाको सिलसिलामा *श्रीमद्भागवतमहापुराण*मा भनिएको छ- "निष्काम भावबाट श्रद्धापूर्वक आफ्नो नित्य–नैमित्तिक कर्तव्यहरूको पालन गरेर नित्य हिंसारहित उत्तम क्रियायोगको अनुष्ठान गरी मेरो भावना राखी धैर्य र वैराग्यको अवलम्बन, महापुरुषहरूलाई मान, दुःखीप्रति दया र

---

२२६ *Ibid.*, p. 28.

२२७ "राजा श्रीसुपुष्पवर्मा वर्ष ५६, तेन नेपालभूमि धर्म्मेण वृधिकृतम् ॥ पुन श्रीपशुपतिभटारिकस्य देवालये, अतिसुन्दरणिर्मितम् ॥ *गोरखापत्र*, ७३ वर्ष, १६३ अङ्क, (वि.सं. २०३० कार्तिक २ गते, बिहीबार), १ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समान स्थितिहरू भएकाप्रति मित्रताको व्यवहार गरी यी नियमहरूको पालन, अध्यात्मशास्त्रहरूको श्रवण र मेरो नामलाई उच्च स्वरबाट कीर्तन गर्ने तथा मनको सरलता, सत्पुरुषहरूको सङ्गत र अहंकारको त्यागबाट मेरो धर्मलाई अनुष्ठान गर्ने भक्त पुरुषको चित्त अत्यन्त शुद्ध भएर मेरा गुणहरूको श्रवण मात्रबाट पनि अनायास नै ममा लाग्दछ ।"[२२८] त्यस्तै पूजा गर्दा प्रतिदिन स्थिर चित्तले विष्णु भगवान्को आवाहन, अर्घ्य, पाद्य, उपस्पर्शन, स्नान, वस्त्र, यज्ञोपवीत, आभूषण, गन्ध, पुष्प, धूप, दीप र नैवेद्य आदि चढाएर पूजा गर्नुपर्ने कुराको पनि चर्चा पाइन्छ ।[२२९] यी एक किसिमले मर्यादाकै रूपमा छन् । वैष्णव भक्तहरू सोही विधिअनुसार विष्णुको पूजा-आराधना गर्दछन् ।

जहाँसम्म पशुपतिनाथको कुरा छ, पशुपतिलिङ्गलाई छोएर पूजा गर्नुपर्ने उदाहरणहरू पनि पाइन्छन् । *हिमवत्खण्ड*मा पशुपतिनाथलाई "एक पटक मात्र पनि हेऱ्यो भने त्यसको फल ठूलो छ, दर्शन गर्नाले पशुपाशदेखि मुक्त भइन्छ, साक्षात् पाँचमुखे शिवलाई छोयो भने त पशु जन्मै हुँदैन" भनिएको छ ।[२३०] अर्को ठाउँमा भक्तिपूर्वक शिवगङ्गा (वाग्वती) मा स्नान गरी पशुपतिलिङ्ग छोयो भने सुखसँग शिवलोकमा बस्न पाइन्छ भन्ने कुरा बताइएको छ ।[२३१] यस्तै प्रसङ्ग अर्को ठाउँमा पनि आएको छ । त्यहाँ - "वाग्वतीको पूर्व तटमा षर्वरी नामको तीर्थ छ । तिनको सेवा गरी मेरो शरीरलाई जसले छुन्छ त्यो ज्ञानीजन मेरो लोकमा जानेछ" भनी भगवान् शिवले बताएको रूपमा उद्धरण दिइएको छ ।[२३२] त्यति मात्र होइन आर्यतीर्थ (आर्यघाट) मा नुहाउनुभन्दा अघि पशुपतिलिङ्गलाई स्पर्श गरेर नुहाउँदा

---

२२८ *श्रीमद्भागवतमहापुराण*, प्रथम खण्ड, (गोरखपुर: गीता प्रेस, वि.सं. २००८), ३।२९।१५-१९, ३४३ पृष्ठ ।

निषेवितेनानिमित्तेन स्वधर्मेण महीयसा ।
क्रियायोगेन शस्तेन नातिहिंस्रेण नित्यशः ॥
मद्धिष्ण्यदर्शनस्पर्शपूजास्तुत्यभिवन्दनैः ।
भूतेषु मद्भावनया सत्त्वेनासङ्गमेन च ॥
महतां बहुमानेन दीनानामनुकम्पया ।
मैत्र्या चैवात्मतुल्येषु यमेन नियमेन च ॥
आध्यात्मिकानुश्रवणान्नामसङ्कीर्तनाच्च मे ।
आर्जवेनार्यसङ्गेन निरहंक्रियया तथा ॥
मद्धर्मणो गुणैरेतैः परिसंशुद्ध आशयः ।
पुरुषस्याञ्जसाभ्येति श्रुतमात्रगुणं हि माम् ॥

२२९ *ऐजन*, ६।१९।७, ७६६ पृष्ठ ।

अनेनाहरहर्मन्त्रेण विष्णोरावाहनार्घ्यपाद्योपस्पर्शनस्नानवासउपवीतविभूषणगन्धपुष्पधूपदीपोपहाराद्युपचारांश्च समाहित उपाहरेत् ।

२३० योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १९७ सङ्ख्या, ७।४७-४८, १७२ पृष्ठ ।

सकृत्पश्यन्ति लोकास्तं तेषां पुण्यफलं महत् ।
तस्य दर्शनमात्रेण पशुपाशैर्विमुच्यते ॥
स्पर्शनात्पाणिना भक्त्या पशुजन्म न विद्यते ।
ये पश्यन्ति शिवं साक्षात्पञ्चव्यूहसमाननम् ॥

२३१ *ऐजन*, ७।५१.५ - ५२.५, १७३ पृष्ठ ।

शिवगङ्गा जलाप्लावी संस्पृश्य पशुविग्रहम् ।
पश्यन् पशुपतिं भक्त्या निष्पापः शांकरे व्रजेत् ॥

२३२ *ऐजन*, ८।३।५१, १८१ पृष्ठ ।

संस्पृश्येमां तनुं धीरो मम लोकं व्रजिष्यति ।
अत्र षर्व्वरिका नाम वाग्मत्त्याः पूर्वके तटे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइलैपिच्छे दोब्बर फल पाइन्छ भनी बताइएको छ।[२३३] यी सबै दृष्टान्तहरूबाट पशुपतिनाथको लिङ्गलाई उहिले सबै दर्शनार्थीहरूले स्पर्श गर्न सक्थे भन्ने बुझिन्छ। *नेपालमाहात्म्य* तथा *पशुपतिपुराण*मा भने स्पर्श गर्ने कुराको उल्लेख पाइँदैन। पशुपतिपूजाको प्रसङ्ग *नेपालमाहात्म्य* तथा *पशुपतिपुराण*मा नपाइने त होइन, तर *हिमवत्खण्ड*मा जस्तो छुने वा छोएर पूजा गर्ने विवरण पाइँदैन। यसबाट *हिमवत्खण्ड* लेखिएताका पशुपतिलाई स्पर्शनपूर्वक पूजा गर्ने प्रचलन भएको बुझिन्छ। *हिमवत्खण्ड* लेखिएको निश्चित समय थाहा पाउन सकिएको छैन। अहिलेसम्म *हिमवत्खण्ड*का जति प्रति उपलब्ध भएका छन्, तिनीहरू शाहकालभन्दा अगाडिका छैनन्।[२३४] तर *हिमवत्खण्ड, नेपालमाहात्म्य* तथा *पशुपतिपुराण*को प्रभावलाई हेर्दा *हिमवत्खण्ड* शाहकालको पूर्वार्द्धभन्दा केही अगाडि लेखिएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ। अहिलेसम्म *पशुपतिपुराण*को पुरानो प्रति ने.सं. ६२४ (वि.सं. १५६१) को पाइएको छ।[२३५] त्यसपछि लेखिएका ने.सं. ७९९ (वि.सं. १७३६), ने.सं. ८६९ (वि.सं. १८०६) का प्रति पनि उपलब्ध छन्।[२३६] यी कुराहरूबाट पशुपतिमा स्पर्श गरेर पूजा गर्ने प्रचलन कहिलेसम्म थियो र कहिले त्यो हट्यो, त्यसबारेमा केही चर्चा गर्नु आवश्यक देखिन्छ। भगवान्‌को पूजा-अर्चनाको क्रममा मूर्तिको दर्शन, स्पर्शन, पूजा, स्तुति र वन्दना प्रसिद्ध छन्।[२३७]

पशुपतिको दर्शनस्पर्शनको सम्वन्धमा मनन गर्दा लिच्छविकालका राजा अंशुवर्मदेखि प्रचलनमा आएको 'भगवत्पशुपतिभट्टारकपादानुध्यात:' अर्थात् भगवान् पशुपतिको पाउको अनुग्रह पाएको भनी लिएको उपाधिबाट तत्कालिक राजाहरूले पशुपतिको पाउको सेवा, ध्यान गरेका थिए भन्ने भाव स्पष्टिन्छ। लिच्छवि राजाहरूको शैव धर्मप्रतिको सद्भावलाई हेर्दा त्यस उपाधिले शैव धर्मप्रतिको महत्त्वलाई पनि व्यक्त्याउँछ। त्यस्तै मल्लकालका राजाहरूले लिने गरेका प्रशस्तिहरूले माथिकै भावलाई सङ्केत गर्दछन्। ने.सं. ५०६ (वि.सं. १४४२) चैत्रमा लेखिएको *अमरकोश*मा जयस्थिति मल्ललाई 'राजाधिराज परममहेश्वर परमभट्टारक श्रीश्रीपशुपतिचरणारविन्दसेवित-श्रीमानेश्वरीवरलब्धप्रताप:' अर्थात् राजाधिराज परममहेश्वर परमभट्टारक श्रीश्रीपशुपतिको चरणको सेवा गर्ने श्रीमानेश्वरीका वरप्रसाद पाएका भन्ने प्रशस्ति दिइएको छ।[२३८] त्यसको दुइ वर्षपछिको ने.सं. ५०८ (वि.सं. १४४५) को जयवागीश्वरीको सुन्धाराको अभिलेखमा उनले आफूलाई 'श्रीश्रीपशुपतिपादपंकेरुहमधुलिट्' अर्थात् श्रीश्रीपशुपतिनाथका चरणकमलका भ्रमरा भन्न रुचाएका छन्।[२३९] जयस्थिति मल्लका छोरा धर्म मल्ललाई ने.सं. ५२१ (वि.सं. १४५८) मा सारिएको *दुर्गासप्तशती*मा बाबुको जस्तै 'श्रीश्रीपशुपतिचरणकमलसेवित

---

२३३ *ऐजन*, ८८।१२, १९५ पृष्ठ।

द्विगुणं तत्फलं विद्यात्पातको हि पदे पदे।
आर्य्यातीर्थे महत्पुण्यं लिङ्गं प्रेक्ष्य चतुर्गुणम्॥

२३४ *ऐजन*, १३ पृष्ठ।

२३५ योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ६ अङ्क, (वि.सं. २०१० आश्विन), १७ पृष्ठ।

२३६ *ऐजन*।

२३७ *श्रीमद्भागवतमहापुराण, पूर्ववत्*, पादटिप्पणी २२८ सङ्ख्या, ३।२९।१५-१९, ३४३ पृष्ठ।

निषेवितेनानिमित्तेन स्वधर्मेण महीयसा।
क्रियायोगेन शस्तेन नातिहिंस्रेण नित्यश:॥
मद्धिष्ण्यदर्शनस्पर्शपूजास्तुत्यभिवन्दनै:।
भूतेषु मद्भावनया सत्त्वेनासङ्गमेन च।

२३८ Luciano Petech, *Mediaeval History of Nepal*, Second Thoroughly Revised Edition, (Roma: Is. M. E. O., 1984 A.D.), p. 139.

२३९ (क) योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ८ अङ्क, (वि.सं. २०१०), ४६-४८ पृष्ठ।

(ख) D.R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhayay, 1966 A.D.), pp. 30-31.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीश्रीश्रीमानेश्वरीष्टदेवतावरलब्धप्रसाद:' अर्थात् पशुपतिका चरणको सेवा गर्ने, इष्टदेवी मानेश्वरीको वरप्रसाद पाएका भनी प्रशस्ति लगाइएको देखिनाले उनी पनि पशुपतिभक्त देखिन्छन्।[२४०] जयस्थिति मल्ललाई ने.सं. ५२८ माघ (वि.सं. १४६५) को चाँगुनारायणको ढोकाको अभिलेखमा 'श्रीपशुपतिभट्टारकपादानुगृहीत:' अर्थात् भगवान् पशुपतिको पाउको अनुग्रह पाएको[२४१] भनी लेख्नुको पछिल्तिर केही रहस्य रहेको हुनुपर्छ । पशुपतिप्रतिको अनन्य श्रद्धाभक्ति दर्शाउने यो विरुदावली लिच्छविकालका राजा अंशुवर्माको समयदेखि नै प्रचलनमा आएको हो । यही परम्परामा पछि गएर यस्तै भावका अनेक उपाधिहरू लिने प्रचलन मल्ल राजाहरूमा प्रसिद्ध भयो । खास गरी 'श्रीमत्पशुपतिचरण-कमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नत' अर्थात् भगवान् पशुपतिको पाउको धूलोले टाउको धूसरित भएका, इष्टदेवी मानेश्वरीको वरप्रसाद पाएका भन्ने भावको विरुदावली काठमाडौँ अधित्यकाका तीनै मल्ल राजाहरूमा प्रसिद्ध रह्यो । साँच्चै भन्ने हो भने यो एक किसिमले परम्परा नै बन्यो । सम्भवत: पहिले यो उपाधिको खास कुनै अर्थ रहेको हुनुपर्छ, पछि गएर परम्परा नै बन्यो ।

भगवान् शिवको पाउमा छोएर पूजा, सेवा गरेको कुरा बाणले पनि बताएका छन्।[२४२] बाणले *कादम्बरी*मा पनि पशुपतिलाई पाउमा छोएर ढोगेको कुराको वर्णन गरेका छन्।[२४३] यसअतिरिक्त महाश्वेताले पनि पशुपतिको पाउमा ढोगेको कुरा *कादम्बरी*मा बाणले लेखेका छन् ।[२४४] विष्णु भट्टले आफ्नो ग्रन्थ *पुरुषार्थचिन्तामणि:*मा ज्योतिर्लिङ्गमा स्पर्शपूर्वक पूजन गर्न हुने कुराको बचन प्रस्तुत गरेका छन्।[२४५]

माथि वर्णित प्रमाणहरूबाट भगवान् पशुपतिलाई स्पर्शनपूर्वक पूजा गर्ने प्रचलन नेपालको अतिरिक्त भारतमा पनि भएको कुरा स्पष्ट हुन्छ । लिच्छविकालदेखि मल्लकालसम्मका कतिपय राजाहरूले आफ्नो विरुदावलीमा पशुपतिको पाउको सेवा गरेको भावका विविध रूपमा उपाधि लिन गौरव मानेको कुरालाई दृष्टि दिँदा भगवान् पशुपतिनाथलाई उहिले छोएर पूजा गर्ने प्रचलन रहेको कुराको बोध हुन्छ । यस कुरालाई पछिका प्रमाणहरूले पनि स्पष्ट पार्छन् ।

माथि प्रस्तुत अध्ययनबाट पशुपतिमा छोएर पूजा गर्ने चलन एकताका थियो भन्ने देखिएको छ । तर यो चलन कहिलेसम्म विद्यमान थियो र कहिलेदेखि बन्द भयो, यसबारेमा भने निश्चयसाथ भन्न सकिने आधार फेला परेको छैन । कसैले ने.सं. ८५५ (वि.सं.१७९२) को जगज्जय मल्लको मानिने पत्रमा आएको "श्रीपशुपतिस्थानमा श्रीशङ्कराचार्य स्वामीबाट पुजाहारी षज्यात होला भन्नानिमित्त अघिपछि कसैले छुन नसकोस् भनी थिति गरी राख्याको हो" भन्ने वाक्यांशको आधार लिई जगज्जय मल्लको पालादेखि पशुपतिनाथलाई स्पर्श गर्न पाइने बन्देज लगाइएको हो

---

२४० Luciano Petech, *op.cit.*, foot note no. 238, p. 148.

२४१ मोहनप्रसाद खनाल, *चाँगुनारायणका ऐतिहासिक सामग्री,* (काठमाडौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०४०), १६७ पृष्ठ ।

२४२ आचार्य जगन्नाथ पाठक (अनु.), *हर्षचरित,* पाँचौँ संस्करण, (वाराणसी: चौखम्वा विद्याभवन, सन् १९८६), १७० पृष्ठ ।
भगवच्छिवभट्टारकपादसेवया समुपार्जिता: कियत्यो ऽपि संनिहिता: पुण्यकणिका: ।

२४३ कृष्णमोहनशास्त्री (सम्पा.), *कादम्बरी,* द्वितीय संस्करण, पूर्वार्द्ध (वाराणसी: चौखम्वा संस्कृत सिरिज अफिस, सन् १९६५), ३८८-३८९ पृष्ठ।
पशुपतिदर्शनहेतोर्बलादिव प्रतिपाद्यमानो भस्मव्रतम् ...
अशेषत्रिभुवनवन्दितचरणं चराचरगुरुं चतुर्मुखं भगवन्तं त्र्यम्बकम् ।

२४४ *ऐजन,* ३९१ पृष्ठ ।
पशुपतिदक्षिणमुखहासच्छविमिव बहिरागत्य कृतावस्थानाम्
प्रणामालग्नपशुपतिचरणभस्मचूर्णाभिरिव जटाभिरुद्भासितशिरोभागाम् ।

२४५ उद्धृत, डा. जगदीशचन्द्र रेग्मी, "देवता र भक्त", *किरातेश्वरसन्देश,* वर्ष ६, अङ्क ६, (वि.सं. २०४६), ४३ पृष्ठ ।
अर्चकस्य तपोयोगाद् आभिरूप्याच्च विम्बानाम् ।
देव: सान्निध्यमृच्छति ... इत्यादि वचनात् सर्वदा देवसान्निध्यात् ॥
टिप्पणीमा लेखिएको छ - देवादिभि: प्रतिष्ठापिते ज्योतिर्लिङ्गादौ स्त्रीशूद्रादिभि: स्पृष्टेऽपि: ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेका छन् ।[२४६] तर त्यस वाक्यांशले त्यस कुरालाई सङ्केत गर्दैन, बरु पुजारी नपाइएला भनी गरेको थितिलाई कसैले यताउता नगरोस् भन्ने भाव दिने कुरा स्मरणीय छ । अब प्रश्न उठ्छ, त्यसो भए भगवान् पशुपतिनाथमा छोएर पूजा गर्न पाउने चलन कहिलेदेखि समाप्त भयो ? यो महत्त्वपूर्ण प्रश्न हुँदाहुँदै पनि अहिलेलाई यकिन जवाफ दिन गाह्रो छ । प्राप्त सामग्रीहरूले बताएका सङ्केतहरूलाई विचार गर्दा जबदेखि पशुपतिनाथमा तान्त्रिक विधि-विधानले पूजा गर्ने प्रचलन भयो, त्यही वेलादेखि स्पर्श गर्न नपाइने चलन चलेको अनुमान हुन्छ । तान्त्रिक पूजाविधिहरू गोप्य रूपले गर्ने नियम तथा यसको शुरुवात पशुपतिनाथमा शङ्कराचार्य स्वामीबाट भएको देखिनाले स्पर्श गर्न नपाइने चलनको सूत्रपात त्यसै वेलादेखि भएको अनुमान हुन्छ । यी शङ्कराचार्य स्वामी आउनुभन्दा अगाडि पशुपतिनाथमा कतिपय कुराहरूमा दुरवस्था आएको थियो भन्ने लोकोक्ति अझै सुन्न पाइन्छ । ती सबै कुरालाई हटाई पूजा-पद्धतिलाई र पशुपतिनाथको व्यवस्थापन पक्षलाई समेत व्यवस्थित पार्ने काम शङ्कराचार्य स्वामीबाट भएको बुझिन्छ ।[२४७] ने.सं. २२२ (वि.सं. ११५७) को घटनासँग यिनलाई सम्बद्ध गरेको पाइन्छ ।[२४८] ने.सं २६२ (वि.सं. ११९९) को छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयको एउटा अभिलेखमा यी शङ्कराचार्यबारे केही कुरा प्रकाशमा आएको छ ।[२४९] जे होस्, पशुपतिनाथलाई श्रीयन्त्रको माध्यमबाट गोप्य विधानसँग पूजा गर्ने चलनलाई हेर्दा तान्त्रिक विधानको भेदकै रूपमा त्यसलाई लिन सकिने तथा दाक्षिणात्य ब्राह्मणद्वारा पशुपतिनाथको पूजा-आजा गराउने चलन शङ्कराचार्यले गरेका हुन् भन्ने लोकोक्ति अहिलेसम्म पाइने र यी शङ्कराचार्यबाहेक त्यसभन्दा अगाडि शङ्कराचार्य नामधारी सन्न्यासी आएको प्रमाण नपाइने भएकोले वि.सं. ११५७ कै हाराहारीदेखि पशुपतिनाथमा पहिले जस्तो स्पर्श गरी पूजा-आजा गर्न पाउने क्रमलाई समाप्त पारिएको अवगत हुन्छ । यसो गर्नाको मुख्य कारण एक त पशुपतिनाथलाई दुरवस्था हुनुबाट जोगाउनु थियो, मन्दिरको मर्यादा र प्रतिष्ठालाई कायम गराउनु थियो, अर्को तान्त्रिक पूजा-पद्धतिको थालनीसमेत भएकोले प्रचलित चलनलाई मर्यादित गर्नसमेत पुजारीबाहेक अरूले जथाभावी छोई पूजा गर्ने चलनलाई हटाइएको प्रतीत हुन्छ । त्यही चलन पछि गएर परम्पराको रूपमा कायम हुन गयो । तर समय-समयमा काठमाडौंखाल्डोमा आक्रमण गर्दा दर्शन-पूजनको इच्छा राखी आउने बाहिरिया व्यक्तिहरूले स्पर्शनपूर्वक पूजा गरेका उल्लेखहरू पाइन्छन् ।

मल्लकालमा हरसिंहदेवका महामन्त्री चण्डेश्वरले काठमाडौँखाल्डो उपर चढाइँ गर्दाको प्रसङ्गमा भगवान् पशुपतिलाई छोएर पूजा गरेको वर्णन पाइन्छ ।[२५०]

नेपालं गिरिदुर्गमं भुजबलादुन्मूल्य तद्भूपतीन्
सर्वान् राघववंशजान् रविरिपोस्तुल्यः प्रतापानलैः ।
देवं विश्ववरप्रदं पशुपतिं संस्पृश्य यो ऽ पूजयत्
केषां नैष धरातले स्तुतिपदं मन्त्रीन्द्रचण्डेश्वरः ॥

---

२४६ ज्ञानमणि नेपाल, *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा,* (काठमाडौं: महेशराज पन्त, वि.सं. २०४३), ३३ पृष्ठ ।

२४७ शङ्कराचार्य स्वामीको सम्बन्धमा विस्तृत चर्चा यसै ग्रन्थको सात अध्यायमा गरिएको छ ।

२४८ योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश,* १ वर्ष, १०-१२ अङ्क, (वि.सं. २०१०चैत्र), ८१ पृष्ठ ।
"सं. २२२ कासिनं श्रीसंकराचार्य वयाओ वाद याङाव वदेबुतकु, चावहिरया वदे द्ररछि स्याक ब्राह्मणया सास्त्र चलय याक ॥" अर्थात् सं. २२२ मा काशीबाट श्रीशङ्कराचार्य आएर शास्त्रार्थ गरे र बाँडालाई हराइदिए । चाबहिलका बाँडा हजार मारिए । ब्राह्मणको शास्त्र चलाए ।"

२४९
(क) धनवज्र वज्राचार्य, "मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव", *कन्ट्रिब्यूसन्स् टू नेप्लीज स्टडिज,* ८ वर्ष, १ अङ्क, (२०३७ पौष), २१७-२१८ पृष्ठ ।
(ख) गोविन्द टण्डन, "देवपाटनको शङ्कराचार्य मठ", *विश्रान्ति,* १ वर्ष, २ अङ्क, (२०४३ फाल्गुन), १९-३४ पृष्ठ ।
(ग) ज्ञानमणि नेपाल, *पूर्ववत्,* पादटिप्पणी सङ्ख्या २४६, पृष्ठ ५४-५५।

२५० ज्ञानमणि नेपाल (सम्पा.), *महीरावणवध,* (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४०), परिशिष्ट ८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात्, आफ्ना प्रतापाग्निले बलवान् भएका मन्त्री चण्डेश्वरले पहाडले गर्दा जान कठिन भएको नेपाल देश र त्यस देशका रघुवंशी राजाहरूलाई आफ्ना बाहुबलले उखेलेर सबैलाई वरदान दिने भगवान् पशुपतिनाथलाई हातले छोएर पूजा गरे । त्यस्ता ठूला मन्त्री चण्डेश्वरलाई यस पृथ्वीतलमा कसले प्रशंसा गर्दैन ! यस विवरणले चण्डेश्वर आएताका वि.सं. १३७१ मा पशुपतिमा स्पर्श गरेर पूजा गर्ने चलन थिएन । सो चलन नभएको कारणबाट स्पर्श गरेर पूजा गरेको कुरालाई गौरवसाथ आफ्नो ग्रन्थ *कृत्यरत्नाकर*मा उनले सगौरव उल्लेख गर्नुपऱ्यो । चलनै त्यो भएको भए गौरव मान्नुपर्ने थिएन । ज्ञानमणि नेपालले *पशुपतिनाथको दर्शन-स्पर्शन पूजनसम्बन्धमा समीक्षा* भन्ने आफ्नो पुस्तकमा चण्डेश्वरले पशुपतिको दर्शन-पूजन गरेको कुरा इतिहासकारको आँखामा नपरेको विषय भनी लेख्नुभएको छ ।[२५१] तर उहाँको ग्रन्थ छापिनुभन्दा बासट्ठी वर्षअघिदेखि यो कुरा चर्चामा आइसकेको थाहा हुन्छ ।[२५२] लिच्छविकालदेखिका राजाहरू तथा मल्ल राजाहरूले पशुपतिनाथको पाउ परेर प्रणाम गरेका अभिलेखीय उल्लेखहरू केवल भावावेश मात्र होइनन् तिनमा वास्तविकतासमेत रहेको कुरालाई चण्डेश्वरको विवरणले उद्घाटित गरिदिएको प्रसङ्ग उल्लेखनीय छ ।

पशुपतिनाथको प्रसिद्धि अहिले मात्र होइन, उहिलेदेखि नै व्यापक थियो । यस कुराको चर्चा माथि केही गरिसकिएको छ । त्यस्तै गरी लिच्छविकालका अभिलेख, मुद्रा तथा *गोपालराजवंशावली, हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण* आदि साहित्यिक प्रमाणहरूबाट यो कुरा विदित हुन्छ । *शिवपुराण*मा पनि 'पशुपति' को चर्चा गरिएको छ ।[२५३] भगवान् पशुपतिनाथको प्रसिद्धि र सम्पन्नताको कारण काठमाडौं अधित्यकामा समय-समयमा अधित्यका बाहिरका राजाहरू लुटपाट मच्चाउन आउँदथे । त्यसरी मौका छोपी आउँदा पनि काठमाडौं अधित्यकाका भगवान् पशुपतिनाथलगायत अरू देवी-देवताहरूको दर्शन–पूजन गरेको विवरण *वंशावली*हरूमा पाइन्छन् । यस सन्दर्भमा कर्णालीप्रदेशका खस राजा जितारि मल्लको दर्शनबारे पहिले चर्चा गरौं । *गोपालराजवंशावली*मा यसको विवरण दिइएको छ ।[२५४]

पश्चात् खशिया ववः । राजा जयतारि प्रथमः प्रविष्टः
सम्वच्छर चारि सय आठ पौषमासे । साह्मंगुस्थाने खशिया
अबूठ सय पातयित्वा, राष्ट्र सर्व्व वने सेवितम् खशिया तेन
पलायितम् लोक स्वस्थेन स्वस्थानस्थितम् ॥ तस्य सम्वच्छर
प्रवर्तते फाल्गुणमासशुक्ल त्रयोदशी । पुनः द्वितीय जयतारी प्रविष्टः ॥
ग्रामादि अग्निदाहम् करोति स्येंगुचेत प्रस्थयति ।
वुग्मलोकेश्वरद्रशनम् श्रीपशुपतिप्रसनम् स्वस्थेन स्वराष्ट्रगमनम्भवति ॥
सम्वच्छर चारिशय नव ॥

अर्थात्, पश्चिमबाट खसहरू आए । ने.सं. ४०८ (वि.सं. १३४४) मा जयतारि (जितारि मल्ल) पहिलो पटक पसे । सिम्भूमा आठ सय खसहरूलाई सिध्याई सारा राष्ट्र वन पस्यो । त्यस कारण खसहरू भागे । दुनियाँ आनन्दसँग

---

२५१ ज्ञानमणि नेपाल, पूर्ववत्, पादटिप्पणी २४६ सङ्ख्या, ७ पृष्ठ ।

२५२ (क) *Journal of the Asiatic Society of Bengal* (1915), p. 410.
(ख) H.P. Shastri (Ed.) *A Descriptive Catalogue of the Sanskrit Manuscripts in the Government Collection of the Asiatic Society of Bengal*, Vol. III, (Calcutta: Asiatic Society of Bengal, 1917 A.D.), pp. 698-991.
(ग) D.R. Regmi, *Medieval Nepal*, Vol. I, (Calcutta: Firma K.L.Mukhopadhyay, 1965), p. 273.

२५३ पं. ज्वालाप्रसाद मिश्र (सम्पा.), पूर्ववत्, *कोटिरुद्रसंहिता*, पादटिप्पणी ७ सङ्ख्या, १२।१७-१९।

२५४ Dhanavajra Vajracharya, Kamal P. Malla, *op.cit.*, foot note no. 189, pp. 34, 82.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो-आफ्नो ठाउँमा बसे । त्यसको एक वर्ष बित्यो । फाल्गुन महीनामा फेरि दोस्रो पटक जयतारि (जितारि मल्ल) पसे; गाउँहरूमा आगो लाइदिए । सिम्भूको चैत्यमा गए । बुङ्मतीमा लोकेश्वरको दर्शन गरे । पशुपतिलाई खुशी पारे । ने.सं. ४०९ (वि.सं. १३४५) मा आनन्दसँग आफ्नो देश फर्के ।[२५५] *गोपालराजवंशावली* को उपर्युक्त विवरणमा 'श्रीपशुपतिप्रसनम्' को अर्थ हाम्रो उद्देश्यसँग सरोकार राख्दछ । पहिले त्यसको अर्थ 'पशुपतिलाई प्रसन्न पारेर' भन्ने गरिएको थियो ।[२५६] तर अहिले आएर ज्ञानमणि नेपालले *गोपालराजवंशावली*मा उल्लिखित 'श्रीपशुपतिप्रसनम्' मा सो वंशावलीमा रेफलाई पछिल्लो वर्णमा नलाएर अघिल्लैमा जोडी संयुक्ताक्षर पारेर लेखेको धेरै उदाहरण पाइने भएकोले त्यहाँ आएको 'प्रसनम्' वास्तवमा 'स्पर्शनम्' भन्ने देखिन्छ भनी नयाँ कुराको उद्घाटन गर्नुभएको छ ।[२५७] हुन पनि *गोपालराजवंशावली*मा भाद्रपद[२५८] हुनुपर्ने ठाउँमा भाईपद, उत्तरभद्र हुनुपर्ने ठाउँमा उत्रभद्र,[२५९] सम्वत्सर हुनुपर्ने ठाउँमा सम्वच्छ्र,[२६०] सम्वच्छ्रर[२६१] जस्ता उदाहरण पाइने हुनाले ज्ञानमणि नेपालले प्रस्तुत गर्नुभएको व्याख्या ठीक जँच्दछ । साथै पशुपतिलाई छोएर पूजा गरेका विवरणहरूले पनि 'प्रसनम्' नभई 'स्पर्शनम्' हुनुपर्ने स्पष्ट देखिन्छ । यो कुरा अझ अर्को उद्धरणबाट छर्लङ्ग हुने यस सन्दर्भमा उल्लेखनीय छ । *गोपालराजवंशावली*को नेवारी भागमा जितारि मल्लले पशुपतिको दर्शन गरेको विवरण यसरी दिइएको छ-[२६२] "सं ४१० फाल्गुणकृष्ण प्रदीपदा जयतारि वस्यं लिं तेल नवक्वाठ काया, वुगन्देवल पयिसरपम्भण्डार दुंता । ग्वलंस पछिम द्वारण दुम्विस्यम् थवलान् अङ्काल विस्यम् स्वान छाया उप्रहाथ पश्चिम द्वारस टया", अर्थात् ने.सं. ४१० (वि.सं. १३४६) फाल्गुनकृष्ण प्रतिपदाको दिन जयतारि (जितारि मल्ल) आई नुवाकोट दखल गरे । बुङ्मतीको देवलमा (राता मच्छिन्द्रनाथकहाँ) गई कोश चढाए । देउपाटनमा पश्चिम ढोकाबाट पसे । यसपछि अङकाल (?) दिई फूल चढाइयो । 'उप्रहाथ' (?) पश्चिमद्वारमा राखियो भनी धनवज्र वज्राचार्यले त्यसको नेपाली अनुवाद गर्नुभएको छ ।[२६३] त्यस अनुवादमा 'अङ्काल' र 'उप्रहाथ' दुइ शब्दको अर्थ नदिई कोष्ठकमा प्रश्न चिह्न राखी खास माने थाहा नभएको सङ्केत गर्नुभएको छ ।[२६४] तर सोही पुस्तकको अङ्ग्रेजी भागमा कमलप्रकाश मल्लले 'अङ्काल' शब्दको तीन ठाउँमा तीन थरी अर्थ दिनुभएको छ । एक ठाउँमा अङ्कालको

---

२५५ यस वाक्यमा परेको 'अवूठ' को अर्थ "साढे तीन" हो भनी श्रीमहेशराज पन्तले *पूर्णिमा,* वर्ष १५, अङ्क ४, (वि.सं. २०४१ माघ) को "गोपालराजवंशावलीको अवुठ शब्दको अर्थ के हो ? भन्ने शीर्षकको लेखमा सिद्ध गर्नुभएकोले 'अवुठ सय' ले साढे तीनसय भन्ने बुझाउँछ ।

२५६ (क) धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, *इतिहास-संशोधन,* ४ सङ्ख्या, (काठमाडौं: धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, वि.सं. २०१०), १२-१३ पृष्ठ ।
(ख) योगी नरहरिनाथ, "गोपालवंशावली", *हिमवत्संस्कृति,* १ वर्ष, १ अङ्क, (वि.सं. २०१६), २९ पृष्ठ ।
(ग) योगी नरहरिनाथ (सम्पा.), *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह,* (काष्ठमण्डप: सिद्धाचल मृगस्थली गोरक्षनाथ पीठ), वि.सं. २०२२), २७४ पृष्ठ ।
(घ) Dhanavajra Vajracharya, Kamal P. Malla, *op.cit.*, foot note no. 189, p.82.

२५७ ज्ञानमणि नेपाल, *पूर्ववत्,* पादटिप्पणी २४६ सङ्ख्या, १० पृष्ठ ।

२५८ Dhanavajra Vajracharya, Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 58.

२५९ *Ibid.*, 42 (ख), p. 50.

२६० *Ibid.*, 26 (ख), p. 34.

२६१ *Ibid.*, 26 (ख), p. 34.

२६२ *Ibid.*, 40 (क), p. 48.

२६३ *Ibid.*, p.96.

२६४ *Ibid.*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ मदत,[२६५] दोस्रो ठाउँमा 'बकस'[२६६] तेस्रो ठाउँमा 'अङ्कमाल' र 'आश्रय' को अर्थमा अङ्कााललाई लिनुभएको छ ।[२६७] धनवज्र वज्राचार्यले नेपालीमा अनुवाद गर्दा तीनै ठाउँमा अलग-अलग अर्थ गर्नुभएकोले अङ्ग्रेजी अनुवाद पनि सोहीअनुसार बरालिएको देखिन्छ । वास्तवमा 'अङ्काल' को वास्तविक अर्थ के हो ? हेर्नु आवश्यक छ । संस्कृत भाषामा अङ्कमाल अर्थात् आलिङ्गन भन्ने अर्थमा पनि अङ्कपालि वा अङ्कपाली पद प्रयुक्त भएको पाइन्छ ।[२६८] यसको अर्को रूप 'अङ्कोलिका' हो ।[२६९] राल्फ लाइली टर्नरले भारतीय आर्य भाषाहरूको तुलनात्मक कोषमा अङ्कपालि, अङ्पालिका वा अङ्कोलिका शब्दका विभिन्न भाषामा हुने विभिन्न रूप देखाएका छन् । प्राकृतमा अङ्कवाली र कुमाउनीमा अङ्वाल, नेपालीमा अङ्गालो, असमीमा अङ्कोवाल, हिन्दीमा अँकवार वा अक्वार, सिन्धीमा अङ्गलु रूप भएको पनि देखाइएको छ ।[२७०] यसबाट मूल अङ्कपालीबाट अङ्कवाली हुँदै नेपाली शब्द अङ्गालो भएको देखिन्छ । *गोपालराजवंशावली*मा प्रयुक्त भएको 'अङ्काल' शब्द अङ्कोल्ला वा अङ्कोलाको नजिकको रूप देखिएकोले अङ्काल शब्दको अर्थ अङ्कमाल नै हुनुपर्छ भनेर ज्ञानमणि नेपालले ठहराउनुभएको उचित देखिन्छ ।[२७१] यसलाई सत्य मान्दा जितारि मल्लले पशुपतिनाथलाई अङ्कमाल नै गरेर पूजा गरेको मान्नुपर्छ । त्यसपछि पश्चिमद्वारमा उप्रहाथ (उपरिहस्त = टाउकोमा हात) राखेर दर्शन गरी गएको भाव *वंशावली*को विवरणले बताएको छ । 'उप्रहाथ' संस्कृत शब्द 'उपरिहस्त' को अपभ्रंश रूप हो भनी उद्घाटन गरिदिने ज्ञानमणि नेपाल हुनुहुन्छ ।[२७२] वास्तवमा तीर्थ, मूर्ति जस्ता धार्मिक स्थल वा आराध्यहरूको दर्शन-पूजन गर्दा शिरमा हात राखेर प्रणाम गर्ने प्रचलन एक किसिमले प्रसिद्ध छ ।[२७३] चण्डेश्वर तथा जितारि मल्लका विवरणहरूबाट सामान्य चलनभन्दा बाहिरको भएर नै त्यसलाई उल्लेख गर्न लेखक र वंशावलीकारले रुचाएको देखिन्छ । व्यक्तिगत रूपमा पशुपतिनाथलाई पुजारीबाहेक अरूले छोएर पूजा गरेको उल्लेख पाइँदैन । नेपालका राजाहरूले भगवान् पशुपतिको चरण ढोगेको सङ्केत दिने उपाधिहरू लिएको भए तापनि स्पर्शपूर्वक पूजा गरेको उल्लेख भने पाइँदैन । जे होस्, जुन वेलासम्म छोएर पूजा गर्ने चलन थियो, त्यस वेलासम्म स्पर्शनपूर्वक पूजा भएको तथा छोएर पूजागर्ने क्रम बन्द भएपछि सोहीअनुसार नछुने परम्परा बनेको कुरा अनुमानगम्य छ । त्यसो भए तापनि परम्परागत रूपमा चल्दै आएको पंशुपतिको चरण ढोगेको भाव दर्शाउने विरुदांवलीहरूलाई लिने परम्परा एकीकरण अगाडिसम्म पनि काठमाडौँखाल्डोका मल्ल राजाहरूमा विद्यमान थियो ।

---

२६५ *Ibid.*, p. 143.

२६६ *Ibid.*, p. 157.

२६७ *Ibid.*, p. 167.

२६८ (क) Vaman Shivaram Apte, *The Students Sanskrit-English Dictionary*, (Delhi: Motilal Banarasidas, 1982 A.D.), p. 5.

(ख) राजाराधाकान्तदेव, शब्दकल्पद्रुम, पहिलो खण्ड, (दिल्ली: नाग पब्लिसर्स, सन् १९८८), १३ पृष्ठ ।
अङ्केन क्रोडेन पालयति अङ्क + पा + अलि स्त्रियां वा डीप् पक्षे अङ्कपालिः ।) आलिङ्गनं ।

(ग) पं. जगन्नाथशास्त्री होसिङ्ग (सम्पा.), पूर्ववत्, पादटिप्पणी १५६ सङ्ख्या, १४ पृष्ठ ।
अङ्कपालिः परीरम्भे धात्रीवेदकयोः स्त्रियाम् ।

२६९ Vaman Shivaram Apte, *op.cit.*, foot note no. 268, p. 5.

२७० Ralph Lilley Turner, *A Comparative Dictionary of Indo-Aryan Language*, (London: Oxford, 1966), p. 5.

२७१ ज्ञानमणि नेपाल, पूर्ववत्, पादटिप्पणी २४६ सङ्ख्या, १४ पृष्ठ ।

२७२ ऐजन।

२७३ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), पूर्ववत्, पादटिप्पणी २३० सङ्ख्या, ८८।२५, १९५ पृष्ठ ।
प्रणम्य गौरवान्तीर्थं बद्धशीर्षो यथाविधिः ।
कुशोदकं समादाय संकल्पन्ते हि वाक्यतः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.५.१ पशुपतिनाथमन्दिरमा बन्देज

पशुपतिनाथमन्दिरको दर्शन-स्पर्शनको सम्बन्धमा चर्चा गर्दा बन्देजबारे पाइएसम्मका प्रमाणहरूका आधारमा केही लेख्नु आवश्यक देखिन्छ । पशुपतिनाथको लिङ्गको स्पर्शनको सम्बन्धमा भएको बन्देजबारे माथि चर्चा गरियो । अब यहाँ मन्दिर प्रवेशबारेको बन्देजको सम्बन्धमा लेख्नुपरेको छ । पशुपतिनाथमन्दिरमा को जान हुने, को नहुने विषयमा लिच्छविकाल, मध्यकाल र मल्लकालमा कस्तो व्यवस्था थियो ? त्यसबारेमा बताउने ठोस प्रमाणहरू केही पनि पाइँदैनन् । वर्णव्यवस्था तथा जातिपातिको उल्लेख लिच्छविकालदेखि नै पाइएको पृष्ठभूमि एवं प्रारम्भिक शाहकालतिर प्रचलित बन्देजहरू पालन गरिएको कुरामाथि दृष्टि दिँदा तात्कालिक अवस्थामा पनि केही बन्देजहरू थिए कि भन्ने अनुमान गर्न सकिन्छ । तर ठोस प्रमाण नपाईकन यसै हो भन्न सकिन्न ।

पशुपतिनाथमन्दिरमा प्रवेशसम्बन्धी पहिलो बन्देजको उल्लेख श्री ५ राजेन्द्रविक्रम शाहको वि.सं. १८८५ चैत्रकृष्ण ६ रोज ५ को लालमोहरमा आएको छ ।[२७४] जाति तथा धर्मलाई हेरेर त्यहाँ चार किसिमको बन्देज लगाइएको छ । त्यसअनुसार मन्दिरको ढोकासम्म हिन्दूधर्मका पानी चल्ने जात र पहाडका तामाङ-भोटेले सिँढी चढी दर्शन गर्न हुने बताइएको छ । त्यस्तै हिन्दूधर्मका पानी नचल्ने जातमा कामकाजले जहाँसम्म गई कामकाज गर्नुपर्छ, त्यहाँसम्म जान हुने बन्देज राखिएको पाइन्छ । कसाई, कुसले र थाक्से-भोटे मन्दिरको प्राङ्गणसम्म जान हुने तर सिँढीमा चढ्न नहुने बताइएको छ । अन्त्यमा पोडे, च्यामे, कामी, सार्की, दमाईं, भाट, बादी र हिन्दूधर्म बाहेकका पानी नचल्ने जातले मन्दिरको बाहिरी ढोकाबाट भित्र जान नहुने बन्देज त्यतिखेर लगाइएको थियो । त्यसअनुसारको बन्देजलाई पालना गराउने जिम्मा मूलपुजारी, बिसेट र भँडारीहरूलाई दिइएको कुरा सोही लालमोहरबाट अवगत हुन्छ । त्यसअनुसार परिपालन नभएमा मन्दिरमा जाने र बन्देज पालना नगराउने दुवैलाई सजायको व्यवस्था भएको थियो । वि.सं. १८८५ को त्यस लालमोहरबाट तात्कालिक अवस्थामा को–को पानी चल्ने जात एवं नचल्ने जातमा वर्गीकरण गरिएको थियो भन्ने बुझिन्छ । पहाडका भोटेहरूले प्राङ्गणसम्म गई दर्शन गर्न हुने तर थाक्सेले नहुने बन्देजबाट त्यस वेलाको सामाजिक स्थितिको स्वरूपका बारेमा अवगत गर्न सकिन्छ । वि.सं. १८८५ को उक्त बन्देज-पश्चात् वि.सं. १९८१ भाद्र ७ रोज ६ मा पशुपतिगोश्वारालाई मन्दिरप्रवेशसम्बन्धी खड्गनिशाना भयो । त्यस वेला पहिलेको तुलनामा केही खुकुलो भयो । वि.सं. १८८५ को लालमोहरअनुसार पोडे, च्यामे, कामी, सार्की, दमाईं, भाट मन्दिरको बाहिरी ढोकाबाट भित्र पस्न नहुने व्यवस्था भएकोमा वि.सं. १९८१ मा गएर उनीहरू जान पाउने गराइए ।[२७५] तर कसाई, कुसले पहिले मन्दिरको सिँढीमा जान नपाए पनि मन्दिरप्राङ्गणमा जान पाउँथे, वि.सं. १९८१ को व्यवस्थाअनुसार उनीहरू कामबाहेक विनाकाम जान पाउने भएनन् । छोई-छिटो हाल्नुपर्ने जात काममा बाहिर ढोकाभित्र पसे पनि उनीहरू मन्दिरको सिँढीमा उक्लन नपाउने व्यवस्था कायम नै भयो । त्यस्तै नियम थाक्सेहरूमा पनि कायम भयो । वि.सं. १९८१ को उक्त खड्गनिशाना कठपत्र गरी पहिले चारै ढोकामा देखिने गरी राखिएका थिए, तर आजकल ती छैनन् । भट्ट, भँडारीबाहेक ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आदि वर्णका व्यक्तिहरू पशुपतिनाथमन्दिरको भित्री गर्भगृहमा जान नहुने कुराको पहिलो उल्लेख सोही वि.सं. १९८१ को खड्गनिशानामा आएको छ ।[२७६] लालमोहर र खड्गनिशाना गरी लागू गरिएका ती बन्देजहरू पछिसम्म पनि लागू भए । सामाजिक जन-जीवनमा

---

२७४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १८९ सङ्ख्या ।

२७५ शङ्करमान राजवंशी (सम्पा.), *पुरातत्त्व पत्रसंग्रह*, तेस्रो भाग, (काठमाडौं: वीरपुस्तकालय, वि.सं. २०२०), ५१ पृष्ठ ।
"पोडे, च्यामे, कामी, सार्की, दमाई, भाटबाहेक पानी नचल्ने जात म्लेच्छलगायत साना जात बाहिर ढोकाबाट भित्र पस्न हुँदैन -- ३

२७६ ऐजन, ५१ पृष्ठ ।
"ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रलगायत श्रीपशुपतिनाथका मन्दिर भित्री ढोकाभित्र भट्ट भडारेबाहेक अरु पस्न हुँदैन -- ६ ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनीहरू यति जरा गाडेर बसे कि *मुलुकी ऐन*को प्रारम्भपश्चात् पनि केही बन्देजहरू अद्यापि प्रचलनमा छन् । च्यामे, पोडे, मन्दिरप्राङ्गणमा जानु हुँदैन, कुसलेले मन्दिरको सिँढी उक्लेर पूजा-आजा गर्नु हुन्न भन्ने भावना अझै केही व्यक्तिहरू लिन्छन् । स्वयं ती जातविशेषले पनि त्यस बन्देजलाई पालनै गरेका छन् । खास गरी स्थानीय जातजातिहरूमा विशेष मान्यता देखिन्छ । मन्दिरभित्र यो जान हुने, त्यो जान नहुने भन्ने धारणा सामाजिक परिवेशषले सृजना गरेको निश्चित छ । सम्पूर्ण हिन्दूधर्मावलम्बीहरू मन्दिरमा गई दर्शन-पूजन गर्ने प्रचलन अहिले छ । हिन्दूको परिभाषामा वैदिक, बौद्ध, जैन, सिक्ख[२७७] चारै धर्म पर्ने भएकोले भगवान् पशुपतिनाथमन्दिरको द्वारले युगौंदेखि चारै पक्षहरूलाई आत्मसात् गर्दै आएको छ । ॐकारप्रति आस्थाका साथै अन्य धेरै मूलभूत समानताको भावनास्वरूप हिन्दूधर्म-संस्कृतिका सबै अनुयायीहरूको निमित्त पशुपतिनाथमन्दिरको ढोका खुला छ । जन्मले कोही ठूलो-सानो हुन्न, कर्मले हुन्छ भन्ने भगवान् कृष्णको उद्घोष छ ।[२७८] कतिपय परम्पराहरूलाई देश, काल, परिस्थितिअनुकूल बनाउँदै लग्नुपर्दछ । त्यसो नहुँदा समाज टुक्रने र त्यसले राष्ट्रको अस्तित्वलाई नै कमजोर तुल्याउने हुन्छ । पशुपतिनाथमन्दिरक्षेत्रको बन्देजको क्रममा आर्यघाटको पुलदेखि गौरीघाटपुलसम्म पानी नचल्ने जातलाई जानबाट प्रतिबन्ध लगाइएको पाइन्छ । यसको लालमोहर वि.सं. १९०४ मा भएको थियो ।[२७९] तर पहिले यस्तो थिएन भन्ने सङ्केत *हिमवत्खण्ड*मा वाग्वतीयात्राको प्रसङ्गमा शर्मा, वर्मा, असुर, दास आदि समेत सहभागी हुन सक्ने प्रावधानबाट थाहा हुन्छ ।[२८०]

कहिले काहीं परम्पराको विपरीत पनि पशुपतिनाथको मन्दिरभित्र हिन्दूधर्मावलम्बीबाहेक अरू जान नपाउने कुरालाई बिर्सी मन्दिरभित्र लग्ने कार्यक्रमहरू सरकारी तवरबाट भएका उल्लेख पाइन्छन् । डेनियल राइटले यूरोपियनहरू मन्दिरको बाहिरी पर्खालसम्म पनि जान नपाउने कुरा उनको पुस्तक जुन वि.सं. १९३८ मा प्रकाशित भएको थियो, त्यसमा लेखेका छन् ।[२८१] तर त्यसको दश वर्षपछि वि.सं. १९४८ चैत्रकृष्ण ९ रोज २ मा ब्रिटेनका

---

२७७ वि.सं. २०३७ मा वीरगञ्जमा आयोजित विश्व हिन्दूसम्मेलनद्वारा वैदिक, बौद्ध, जैन, सिक्ख चारै पक्षका विद्वान्हरूका सम्मतिमा एउटा हिन्दूआचार-संहिता पारित गरिएको थियो, जसमा सम्पूर्ण हिन्दूजगत्मा मानिआएका प्रमुख मूलभूत मान्यताहरूका साथ हिन्दू एकताको अभिवृद्धिका निमित्त भविष्यमा अझ सक्रियताकासाथ कार्यान्वित हुनुपर्ने केही महत्त्वपूर्ण थप बुँदाहरूसमेत थपिए । हिन्दूबोधक आचारसंहिताका मर्यादा यस प्रकार छन्:-

(क) ॐ कारप्रति श्रद्धा र आस्था ।
(ख) गोवंशका प्रति अवध्यभाव ।
(ग) पुनर्जन्ममा विश्वास ।
(घ) अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, एवं अपरिग्रह यी धार्मिक, आध्यात्मिक एवं नैतिक सदाचारमा आस्था ।
(ङ) आर्यधर्मानुष्ठानहरूमा सद्भावनापूर्वक सहभागिता एवं सहयोगिता राखी सम्पूर्ण आर्यधर्म परिवारमा सामञ्जस्य, सौहार्द र आत्मीयताको अभिवृद्धिमा सतत सहयोगी बन्ने तत्परता ।

२७८ *श्रीमद्भगवद्गीता*, (गोरखपुर: गीता प्रेस, वि.सं. २०१६), ४।१३, १७० पृष्ठ ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विध्दयकर्तारमव्ययम् ॥

२७९ परिशिष्टभाग, अभिलेखखण्ड (क), २१५ सङ्ख्या ।

२८० योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २३० सङ्ख्या, ८८।३०-३१, १९५ पृष्ठ ।

अद्यादिभि: पदं ग्राह्यामुकगोत्रोऽहमेव च ।
शर्म्मा वर्म्मा सुरो दासः स्वनाम्ना युज्यते पदम् ॥
भूतिनिर्वाणकामेन हृत्कामेनाथ वा पुनः ।
अस्मिन्तीर्थे त्वहं स्नानं कुर्वे कुशोदकं त्यजेत् ॥

२८१ Daniel Wright (Ed.), *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Private Ltd. 1958 A.D.), p. 12.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कम्याण्डर-इन-चीफ वेन नेपाल आउँदा पशुपतिनाथमन्दिरभित्र जाने कार्यक्रम राखिएको थियो । त्यहीअनुरूप उनी गए, तर भट्ट पुजारीहरूले प्रवेश गर्न नदिईकनै विरोध गरी फर्काइदिए ।[२८२] त्यस्तै वि.सं. २०१७ मङ्सिरमा बर्माका प्रधानमन्त्री उनु नेपाल आएका थिए । त्यस यात्राको अवसरमा पशुपतिको मन्दिर हेर्न जाने पनि कार्यक्रम थियो । त्यो कुरा अगाडि नै थाहा भएकोले तात्कालिक 'धर्मरक्षा-महामण्डल' ले त्यसको अन्तिम समयसम्म विरोध गऱ्यो र अन्तमा कार्यक्रममा परिसकेको हुनाले उनलाई लग्न त लगियो तर पश्चिमपट्टिको ढोकाको गोपुरमाथि लगी फर्काइयो । उनी बौद्ध धर्मावलम्बी हुन् भन्ने विचारले त्यहाँसम्म लग्न दिन धर्मरक्षा-महामण्डलले मान्यो ।[२८३] धर्मरक्षा-महामण्डलले एलिजावेथ, बाबा अम्बेडकर आदिलाई प्रवेश गर्न नदिनमा आफ्नै किसिमको भूमिका निर्वाह गरेको थियो । यसबाट के कुरा स्पष्ट देखिन्छ भने एकताका पशुपतिनाथमन्दिरमा को जान हुने, को नहुने भन्ने सम्बन्धमा पुरानो प्रचलनलाई बिर्सी स्वतन्त्र वातावरण तयार पार्न लागेको बुझिन्छ ।

४.५.२ पशुपतिनाथमन्दिरमा जुत्ता लगाउन प्रतिबन्ध

संसारका सबै धर्मका आराध्यस्थलहरूमा परिधान, पोशाक आदि जस्ता कुराहरूमा आ-आफ्नै किसिमका नियम र प्रतिबन्धहरू छन् । मुसलमानका मस्जिदहरूमा जाँदा टाउको छोप्ने तथा हात-खुट्टाका भागहरू नाङ्गो देखाउन नहुने नियम प्रचलित छ भने सिक्खधर्मका गुरुद्वारा, मठ आदि साधनास्थलमा जाँदा साधनास्थलको सीमादेखि नै जुत्ता लगाएर जान पाइँदैन । हिन्दूधर्ममा पनि आफ्नै किसिमका त्यस्ता बन्देज र प्रतिबन्धहरू छन् । मन्दिरमा जुत्ता लगाएर जाँदा पाउने पुण्य पशुले पाउँछन् भनी बताएको पाइन्छ । त्यस्तै घोडा चढेर जानेले आधा, बयलगाडामा चढेर जानेले त्यसको आधा तथा मान्छेमा बोकिएर जानेले चारौँ खण्डको एक खण्ड मात्र फल पाउने कुराको उल्लेख पाइन्छ ।[२८४] यस परम्परालाई पशुपतिनाथको मन्दिरमा पनि पालन गरिएको थियो । वि.सं. १९३४ चैत्रशुक्ल ११ को खड्गनिशानामा अघि पशुपतिनाथको ढोकाभित्र जुत्ता लगाएर जाने रीत नभएको तर खड्गनिशाना गर्दाको समयसम्म बेथितिसँग ढोकाभित्र जुत्ता लाएर जाने गरेकोले पशुपतिनाथको मन्दिरको मर्यादा पालन गर्नाको लागि अघि जस्तै व्यवस्था होस् भनी तात्कालिक मूलपुजारी अनन्तराम भट्टले तात्कालिक प्रधानमन्त्रीसमक्ष निवेदन दिएका थिए ।[२८५] त्यसअनुसार अब आइन्दा साना-ठूला कसैले पनि पशुपतिनाथको बाहिरको ढोकाबाट जुत्ता भित्र नलैजानू, जसले लैजाला त्यसलाई एक पैसा दण्ड गरिने र सो रकम पशुपतिको ढुकुटीमा दाखिल गर्ने भनी वि.सं. १९३४ चैत्रशुक्ल २ मा विशेष व्यवस्था भएको थियो । यसबाट पशुपतिनाथमा पहिले कुनै पनि प्रकारको जुत्ता लाएर जान नहुने प्रचलन भएको सङ्केत पाइन्छ । यो चलन कहिलेसम्म रह्यो भनी निश्चित रूपले भन्न सकिन्न । वि.सं. १९७३ पौष ११ रोज २ को पत्रमा सिङ, हाडको टाँक लागेको लुगा लगाई मन्दिरभित्र जानेलाई दण्ड जरिबानाको व्यवस्था गरिएकोले त्यस वेलासम्म पनि छालाका वस्तु लगाई जान नहुने व्यवस्था भएको अवगत हुन्छ । सिङ, हाडको टाँक लागेको लुगा लगाई जानेलाई पुजारी भट्टले छुन नहुने नियम थियो । सो नियम उल्लङ्घन गर्ने सर्वसाधारणलाई चार पैसा जरिबाना गरिन्थ्यो । उच्च तहका व्यक्तिहरूले उल्लङ्घन गरेमा मूलपुजारीले प्रधानमन्त्रीसमक्ष कुरा पुऱ्याउँथे र प्रधानमन्त्रीको तजबीजले सजाय दिइन्थ्यो ।[२८६] छालाका जुत्तादेखि बाहेकका अरू जुत्ताचाहिँ लगाएर जान वि.सं. १९३४ को जस्तो

---

२८२ यज्ञप्रसाद रुपाखेतीले देशीकागजको कापीमा सारेर राखेको *भाषावंशावली*को १७५ पृष्ठमा यससम्बन्धी विवरण टिपेर राखिएको छ ।

२८३ धर्मरक्षामहामण्डलका तात्कालिक पदाधिकारी पं. गंगाधर पराजुली (हाल दिवङ्गत) सँगको भेटघाटको आधारमा ।

२८४ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), पूर्ववत्, पादटिप्पणी २३० सङ्ख्या, ८८।१५-१६.५, १९५ पृष्ठ ।

अश्वयानस्तदर्द्धं स्यात् गोयानस्तदधोफलम् ।
नरयानश्चतुर्थांशं तीर्थस्नानफलं लभेत् ॥
तथोपानत्प्रयाणस्य भागं गृह्णाति तत्पशुः ।

२८५ परिशिष्टभाग, अभिलेखखण्ड (क), २८८ सङ्ख्या ।

२८६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३४५ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस वेला बन्देज नलगाइएको बुझिन्छ । यस कुरालाई वि.सं. १९८१ को कठपत्रले पनि पुष्टि गर्दछ । किनभने त्यस कठपत्रमा पशुपतिनाथको मन्दिरभित्र जुत्ता लगाएर जान नहुने प्रसङ्गमा छालाको लुत्ता, छालाको टाँक, फित्ता, कमरपेटी, छालाको माल लागेको टोपी, कोट, लुगा र सिङ तथा हाडको टाँक लागेको लुगा इत्यादिको मात्र चर्चा छ ।[२८७] त्यसै वेलादेखिको प्रचलनअनुसार अहिले पनि छालाका जुत्ता, झोला र लुगा आदि लगाएर वा लिएर पशुपतिनाथमन्दिरको ढोकाभित्र जान नपाइने चलन छ । तर छालाका विभिन्न किसिमका वस्तु प्रयोगमा आइसकेकाले नजानेर वा नचिनेर त्यस्ता वस्तु लगाएर वा लिएर गएको पाइन्छ । स्मरणीय कुरा के छ भने पशुपतिप्राङ्गणभित्र जुत्ता लगाएर जाने विद्यमान प्रचलनले गर्दा जुत्तै लगाएर भैरव, अष्टमातृका, कीर्तिमुख, शेषशायी, सत्यनारायणलगायतका स्थलमा दर्शन पूजन गर्ने प्रचलनले बढावा पाइरहेको छ । निश्चय नै यो स्वस्थ र धर्मानुकूल कार्य होइन । यसैले मूल ढोकाभित्र कुनै पनि किसिमको जुत्ता लगाएर जान नपाइने व्यवस्थाको प्रबन्ध गर्नु उपयुक्त हुने देखिन्छ । मन्दिरलाई पवित्र र सफा-सुग्घर राख्न समेत यसले मदत पुऱ्याउने स्मरणीय छ ।

४.६ पशुपतिनाथमन्दिरको वास्तुकला

अहिलेको पशुपतिनाथमन्दिरको वास्तुकला विभिन्न ऐतिहासिक कालहरूमा श्रद्धावान् विभिन्न व्यक्तिहरूले गरेका अनवरत योगदानको उपलब्धि हो । पशुपतिनाथमन्दिरको निर्माण गर्न तथा यसलाई भव्यता प्रदान गर्न अतीतमा धेरै प्रयासहरू भएको कुरा यस मन्दिरमा विद्यमान अभिलेखहरूबाट थाहा हुन्छ । पशुपतिनाथको मन्दिरको निर्माणको सम्बन्धमा मल्लकालभन्दा अघिका शिलालेखीय प्रमाणहरू पाइँदैनन् । पशुपतिनाथको प्राचीनता र महत्त्वलाई हेर्दा भने मन्दिरको निर्माण मल्लकालभन्दा निकै अघि भएको माथि उल्लेख गरिसकियो । यस कुरालाई *वंशावली*हरूले पुष्टि पनि गर्दछन् । पशुपतिनाथको मन्दिरको निर्माणसम्बन्धी विवरण सर्वप्रथम *गोपालराजवंशावली*मा पाइन्छ । त्यहाँ पशुपतिनाथको मन्दिरको निर्माणको श्रेय लिच्छवि राजा सुपुष्पदेवलाई दिएको छ । उनलाई काकवर्माको छोरा भनी उल्लेख गरिएको छ ।[२८८]

"राजा श्रीकाकवर्म्मा वर्ष ७६ ॥ राजा श्रीसुपुष्पदेव वर्ष ७६ ॥ तेनं हि नेपाल भूमिश्चातुर्व्वर्ण्ण कृता ॥ श्रीपशुपतिभट्टारकस्य देवालयकृतम् सङ्खलीसंछादनम् ॥"

अर्थात्, राजा श्रीकाक वर्मा वर्ष ७६ ॥ राजा श्रीसुपुष्पदेव वर्ष ७६ ॥ तिनले नेपाल भूमिमा वर्णव्यवस्था कायम गरे । श्रीपशुपतिभट्टारकको देवालय बनाए । शृङ्खलाले छोप्ने काम गरे अर्थात् छाना लाए ।

एउटा *भाषावंशावली*मा पशुपतिनाथमन्दिरको निर्माण गर्ने राजाको रूपमा प्रशुप्रयदेवलाई उल्लेख गरेको पाइन्छ ।[२८९] उनलाई पनि काक वर्माको छोरा बताइएकोले सुपुष्पदेवलाई नै भाषावंशावलीकारहरूले प्रशुप्रयदेव भनेको हो भन्ने बुझिन्छ । *गोपालराजवंशावली*मा किरात राजाहरूलाई हराई शासन गर्ने लिच्छविवंशका चारौँ राजाको

२८७ शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २७५ सङ्ख्या, ५१ पृष्ठ ।
"गैह्र जातले । पशुपतिका बाहिर ढोकादेखि भित्र छालाको जुत्ता लगाई जान हुँदैन - १"
"गैह्र जातले छालाको टाक, फित्ता, कमरपेटी र छालाको माल लागेको टोपी, कोट, लुगा र सिङ हाडको टाँक लागेको लुगा इत्यादि लाइ पशुपतिनाथका देवालयमा जान हुँदैन - २"

२८८ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, pp. 27, 75.

२८९ बाक्लो नेपाली कागजमा राम्रा अक्षरले लेखेर राखिएको नेपाली भाषामा लेखिएको एउटा *वंशावली* श्रीबद्री हमालसँग छ । यस *वंशावली*को तस्वीर मसँग छ । त्यस *वंशावली*को १७-१८ पृष्ठमा यस्तो लेखिएको छ --
"अस्य पुत्र काक वर्मा वर्ष ७६ । अस्य पुत्र प्रशुप्रयदेव वर्ष ८६ इ राजाले चार वर्ण बसाई श्रीपशुपतिनाथका लिङ्गाकार देवालय बनाई राष्याको बिग्रचो र पाँच तला सुनको छपर बनाई चूडामणिसहित गरी गजुर बसाया कलिगतवर्ष १२३९ मा ॥ इन दीनदेषि पशुपतिनाथको मन्दिर बडो उचो हुनाले ताढैदेषि पनि मन्दिर दर्शन हुन लाग्यो ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा सुपुष्पदेवलाई प्रस्तुत गरिएको छ ।[२९०] सुपुष्पदेवको समय *गोपालराजवंशावली*मा दिइएको छैन । तर माथि चर्चा गरिएको भाषावंशावलीमा चाहिँ कलिगत वर्ष १२३९ लाई उनको राज्यकालको वर्ष मानिएको छ । भाषावंशावलीले उल्लेख गरेको पछिल्लो मल्लकालभन्दा अगाडिका कुराहरूमा कत्तिको सत्यता छ, सन्देह गर्ने आधार प्रशस्त छन् । त्यसो भए तापनि जयदेव द्वितीयको पशुपतिको संवत् १५७ (वि.सं. ७९०) को अभिलेखमा मानदेव प्रथमभन्दा ३९ पुस्ता अधिका सुपुष्पदेवले राज्य गरेको बयान गरिएको छ ।[२९१] यसबाट सुपुष्पदेव काल्पनिक होइनन् भन्ने देखिन्छ । कसैले सुपुष्पदेवको नेपालसँग सम्बन्ध रहनु सम्भव नभएको बताएका छन् ।[२९२] तर अन्य पुष्ट प्रमाण यस सम्बन्धमा नपाइने भएकोले अरू प्रामाणिक सामग्री नपाउञ्जेलसम्म उक्त विचार स्वीकार्य देखिँदैन । सुपुष्पदेवलाई मानदेव प्रथमभन्दा निकै अगाडिको राज्यकाल दिएकोले धनवज्र वज्राचार्यले उनलाई नेपालसँग सम्वद्ध हुन नसक्ने बताएको देखिन्छ । तर नेपालमा लिच्छविहरूको आगमनबारे स्पष्ट तिथि-मिति थाहा नभएको स्थितिमा सुपुष्पदेव नेपालसँग सम्बद्ध थिएनन् भन्न गाह्रो छ । अर्को कुरा *गोपालराजवंशावली* ले बताएका कतिपय कुराहरू ऐतिहासिक दृष्टिकोणले मिल्दोजुल्दोसमेत पाइएकोले पशुपतिनाथको मन्दिर निर्माण गर्ने राजाको रूपमा अहिलेलाई सुपुष्पदेवलाई नै देखाउनुपर्ने हुन्छ ।[२९३] एकथरी *भाषावंशावली*मा सुपुष्पदेवले मन्दिर बनाउनुभन्दा अगाडि लिङ्गाकार रूपको देवालय भएकोमा त्यो बिग्रेकोले वनाउनुपरेको उल्लेख छ । पुरानो मन्दिर बिग्रेकोले सुपुष्पदेवले पाँचतले सुनको छाना एवं गजुरयुक्त गरी बनाइदिएको उल्लेख पाइन्छ । त्यसपछि पशुपतिनाथको मन्दिर अग्लो भएकोले टाढैदेखि देखिने भएको प्रसङ्ग पनि उल्लेख गरिएको छ ।[२९४] *वंशावली*को यो भनाइ सत्य हो भने पहिले पशुपतिनाथको मन्दिर पाँच तले थियो भनी मान्नुपर्ने हुन्छ ।

पशुपतिनाथमन्दिरको निर्माणपश्चात् विभिन्न व्यक्तिहरूले पशुपतिनाथमा आफूले सक्दो धार्मिक कृत्यहरू गरेको वर्णन *वंशावली* तथा अभिलेखहरूमा पाइन्छ । *भाषावंशावली*मा सुपुष्पदेवका छोरा भास्कर वर्माले दक्षिणका देशहरू जिती प्रशस्त सुन ल्याई पशुपतिनाथमन्दिरमा तीन महीनासम्म सुवर्णाहुति यज्ञ गरी सुनै-सुनले पशुपतिनाथलाई स्नान गराई वाग्वतीमा बगाएको र त्यसै वेलादेखि सुवर्णको ठूलो देश बसाई सुवर्णपुरी नाम राखेको वर्णन पाइन्छ ।[२९५] *वंशावली*को यस भनाइमा निहित सत्यासत्य बुझ्ने कसी प्राप्त नभएकोले यसबारे यसै हो भनी किटान गर्न सकिँदैन ।

---

२९० Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot not no. 189, pp. 27, 75.

२९१ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी २०९ सङ्ख्या, ५४९ पृष्ठ ।

२९२ *ऐजन*, ५४७ पृष्ठ ।

२९३ गोविन्द टण्डन, "पशुपतिनाथमन्दिरको प्राचीनता र पुरातात्त्विक महत्त्व", *गोरखापत्र*, ८४ वर्ष, ८४ अङ्क, (वि.सं. २०४३), ५ पृष्ठ ।

२९४ (क) श्रीबद्री हमालको सङ्ग्रहमा भएको *भाषावंशावली*मा उल्लेख गरिएको छ --

"चार वर्ण बसाई श्रीपशुपतिनाथका लिङ्गाकार देवालय बनाई राष्याको बिग्रचो र पाँच तला सुनको छपर बनाई चूडामणिसहित गरी गजुर बसाया ॥ इन दीनदेषि पशुपतिनाथको मन्दिर बडो उचो हुनाले ताढैदेषि पनि मन्दिर दर्शन हुन लाग्यो ।"

(ख) वालचन्द्र शर्मा, "काठमाडौं उपत्यकाको एक राजवंशावली", *प्राचीन नेपाल*, ४ सङ्ख्या, (वि.सं. २०२५), पृष्ठ ४ ।

२९५ (क) श्रीबद्री हमालको सङ्ग्रहमा भएको *वंशावली*मा उल्लेख गरिएको छ -

"अस्य पुत्र भाष्कर वर्मा वर्ष ८८ इ राजाले नित्य पशुपतिको प्रसाद पाई भोजन गर्दथे । फेरि धेरै सिपाहीको लस्कर साथ ली चारै दिशा समुद्रान्त सेतुवन्ध रामेश्वरसम्म गई पशुपतिनाथकन चढाया फेरि पशुपतिनाथका पश्चिम मुष सन्धि धेरै ब्राह्मण ल्याई त्रिमासपर्यन्त सुवर्णाहुति यज्ञ गरि धेरै सुवर्ण षर्च गरि युग्मधारा सुवर्णोदकले पशुपतिनाथकन स्नान गराइं वाग्वतीमा बगाइदिया सुवर्णको ठूलो देस बनाई चारै वर्ण बसाइ सुवर्णपुरि बोलाया ।"

(ख) बालचन्द्र शर्मा, *पूर्ववत्*, पादटिप्पणी २९४ (ख) सङ्ख्या, ८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*गोपालराजवंशावली*मा पशुपतिनाथमन्दिरको उत्तरमा ठूलो त्रिशूलको प्रतिष्ठा गर्ने राजाको रूपमा विश्वदेवलाई श्रेय दिइएको छ ।[२९६] धनवज्र वज्राचार्यले विश्वदेवलाई वृषदेव मान्नुभएको छ ।[२९७] डेनियल राइटले सम्पादन गरेको *वंशावली*मा त्यसको श्रेय शङ्करदेवलाई दिइएको छ ।[२९८] अहिले पनि पशुपतिनाथमन्दिरको उत्तरमा सुनको मोलम्वा लगाइएको एउटा ठूलो त्रिशूल रहेको छ । उक्त त्रिशूल जयलम्भले राखेको जलहरीमा टम्म मिल्ने गरी राखिएको तथा वर्तमानकालमा त्यो त्रिशूल राखिएको कुनै आभास नपाइने भएकोले त्यसको निर्माण लिच्छविकालका जयलम्भ भन्ने व्यक्तिले नै गरेका हुन् भन्ने देखिन्छ । यस्तै वृषध्वज चढाउने राजाको रूपमा धर्मदेवलाई उल्लेख गरिएको छ ।[२९९] कसैले धर्मदत्त (धर्मदिव) ले नै पशुपतिनाथको मन्दिर बनाएका हुन् भनेर पनि लेखेका छन् ।[३००] तर धर्मदत्त वा धर्मदिवले पशुपतिनाथको मन्दिर बनाएको कुनै उल्लेख अन्य अभिलेखीय स्रोतबाट थाहा पाइएको छैन । कसैले त वि.सं. १९३६ मा पशुपतिनाथमन्दिरको पश्चिम प्राङ्गणमा जगत्जङ्गद्वारा स्थापित ठूलो बसाहालाई नै धर्मदिवले स्थापना गरेका हुन् भनी मनगढन्ते कुरा लेखेको पनि पाइन्छ ।[३०१]

जहाँसम्म पशुपतिनाथमन्दिरको वास्तुकलाको कुरा छ, लिच्छविकाल तथा मध्यकालमा यस मन्दिरको मर्मत-जीर्णोद्धार गरेका कुराहरूको उल्लेख अत्यन्त कम पाइन्छ । धार्मिक भावनाले कोष चढाएको, तथा अन्य कृत्यहरू गरेको भने प्रशस्त उल्लेखहरू पाइन्छन् । त्यसबारेमा पाइएसम्मका आधार लिई अघिल्लो अध्यायहरूमा चर्चा गरिसकिएको छ ।

मध्यकालमा आइपुग्दा पशुपतिनाथमन्दिरको निर्माणमा शिवदेवको ठूलो योगदान रहेको विदित हुन्छ । यस-सम्बन्धी विवरण *गोपालराजवंशावली*मा यसरी आएको छ -

"राजा श्रीशिवः देव वर्ष २७ मा तेन श्रीपशुपतिभट्टारकस्य देवुल सुवर्ण्णसंखलीसंछादन कृतम् । ... ततपश्चात् श्रीपशुपतिभट्टारकाय रजतपद्मपिण्डिकाघटितम् ...."

अर्थात्, (नेपालसंवत् २१९ लाग्दा) राजा श्रीशिवदेव (भए) वर्ष २७, महीना ७ । तिनले श्रीपशुपति भट्टारकको देवल सम्पूर्ण गरी तामाको छाना हाले ।.....त्यसपछि श्रीपशुपतिनाथलाई चाँदीको कमल, पिण्डिका बनाई चढाए ।[३०२]

*गोपालराजवंशावली*को उपर्युक्त विवरणबाट शिवदेवको पालामा पशुपतिनाथको मन्दिर पूर्ण रूपमा पुनर्निर्माण गरिएको बुझिन्छ । हर्षदेवपछि ने.सं. २१९ (वि.सं. ११५६) मा गद्दीमा बसी ने.सं. २४६ (वि.सं.११८३) सम्म

---

२९६ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 76.

२९७ *Ibid.*,

२९८ Daniel Wright, *op.cit.*, foot note no. 281, p. 73.

२९९ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no 189, p.77.

३०० C. J. Morris, *Roman-Urdu Text Book of Nepalise History*, (New Delhi: Manager of Publication, 1935), p.14

"धर्माकरके मरनेके वाद वहुत से महाराजा और राजा एक दुसरे के वाद गद्दिपर बैठे । वह मुक्तलिफं मुल्को से आए थे मसलन बेङ्गाल और मद्रास वैगैरे से । मद्रास से काञ्चिवरामका राजा धर्मदत्त एक जबरजस्त फौज साथ लेकर आया और नेपालपर कब्जा कर लिया । कहते है कि नेपाल मे इसी राजाने हिन्दूऔं के चारवर्ण कायम किये और भ्याली मे हिन्दूऔंका वह मन्दिर वनवाया जो सव से नामी और पवित्तर माना जाता है याने पशुपतिनाथ मन्दिर ।"

३०१ नन्दनन्दन सनाढ्य, *नेपाल के पूजास्थल और पर्व*, (दिल्ली: शिखर प्रकाशन, सन् १९८४), ३० पृष्ठ ।

"शिव मन्दिर (पशुपतिनाथ) के अहाते मे शिवलिङ्ग के पश्चिमी मुखकी ओर वने विशाल पीतलका नंदी काठमाडौंके शासक धर्मदिवद्वारा वनवाया माना जाता है जो पशुपति मन्दिर के संस्थापकों की २० वीं पीढीका राजा था ।"

३०२ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, pp. 32, 80.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवदेवले राज्य चलाएका थिए ।[३०३] त्यसबाहेक अरू विस्तृत विवरण *वंशावली*मा उपलब्ध छैन । जे होस्, वि.सं. ११५६ देखि वि.सं.११८३ को बीचमा पशुपतिनाथको मन्दिरको पुनर्निर्माण भएको थियो । शिवदेवको सालमितिका सम्बन्धमा *गोपालराजवंशावली*मा दिएको विवरण र हस्तलिखित ग्रन्थहरूबाट थाहा पाइएको विवरण मिल्दोजुल्दो भएको हुनाले पशुपतिनाथमन्दिरको पुनर्निर्माणको विवरणलाई अन्यथा सम्झन मिल्दैन । शिवदेव भगवान् शिवका अनन्य भक्त थिए । उनले 'श्रीशिव' अङ्कित सुनको शिवकाङ्क मुद्रा पनि चलाएका थिए ।[३०४] यी शिवदेवको समयमा आमर्दकमठ परम्पराका एक जना शङ्कराचार्य नेपाल आएका थिए । यिनको दरबारमा निकै ठूलो प्रभुत्व रहेको थियो । आनन्ददेव, वसन्तदेव आदि राजकुमारलगायत सोमेश्वर, यशो मल्ल आदिलाई दीक्षासमेत दिएको कुरालाई हेर्दा यिनको राम्रो प्रभाव रहेको बुझिन्छ ।[३०५] सम्भवत: यिनैको सरसल्लाहले शिवदेवले भगवान् पशुपतिनाथको मन्दिरको जीर्णोद्धार गरेको हुनुपर्छ ।

त्यसको निकै लामो समयपछि अनन्त मल्लले पशुपतिनाथमा ध्वजारोहण तथा सुनको छाना हाल्ने काम गरे । सुनको छाना हाल्दा मन्दिरको चार कुनामा सुनको शरभ पनि राखेको उल्लेख पाइन्छ । यो ने.सं. ४१७ (वि.सं. १३५४) को घटना हो ।[३०६] समयको अन्तरालमा सुनका ती शरभहरू के भए ! कता गए ! भन्न सकिन्न । सोही वर्ष जयशक्तिकी आमा विरम्मदेवीले पशुपतिस्थित वृषध्वजमा सुवर्ण लेप गरिन् । लुसियानो पेटेकले विरम्मदेवीले पशुपतिमा साँढेको मूर्ति स्थापना गरिन् भनेर लेखेका छन् ।[३०७] तर जुन स्रोतलाई आधार मानेर उनले लेखेका छन्, त्यहाँ अर्थात् *गोपालराजवंशावली*मा त्यसको चर्चासम्म पनि छैन ।

पशुपतिनाथमन्दिरलाई बङ्गालका सुल्तान शमसुद्दीनले ध्वस्त पारेपछि ने.सं. ४८० (वि.सं. १४१७) मा जयसिंहरामवर्द्धनले जीर्णोद्धार गरेको विवरण पाइन्छ ।[३०८] विधर्मी मुसलमानले जानाजान आक्रमण गरेकोले पशुपतिनाथको मन्दिरलाई निकै क्षति पुगेको अनुमान हुन्छ । पशुपतिनाथको पुरानो वास्तुकला त्यस वेला नष्ट भएको पनि अवगत हुन्छ । आक्रमणको दश वर्षपछि जयसिंहरामवर्द्धनले मन्दिरको पुनर्निर्माण गरेका हुन् । जयसिंहरामवर्द्धनले पुनर्निर्माण गरेको छपन्न वर्षपछि अर्थात् ने.सं ५३६ (वि.सं. १४७३) मा ज्योतिर्मल्लले पशुपतिनाथमन्दिरको पुन: जीर्णोद्धार गरेको कुराको उल्लेख अभिलेखमा पाइन्छ ।[३०९]

पशुपतिनाथमन्दिरको वर्तमान स्वरूप शिवसिंह मल्ल (वि.सं. १६३५-१६७७) की रानी गङ्गारानीले गरेको जीर्णोद्धारपछि कायम हुन आएको बुझिन्छ । *वंशावली*को भनाइअनुसार त्यसभन्दा अगाडि पशुपतिनाथको मन्दिर तीन

---

३०३ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी २४९ (क) सङ्ख्या, २०८ पृष्ठ ।

३०४ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, pp. 32,80.

३०५ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २४९ (ख) सङ्ख्या, २७-३० पृष्ठ ।

३०६ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 83.

३०७ Luciano Petech, *op.cit.*, foot note no. 238, p. 104.
"At sometime after 1297 Virammadevi, the mother of Jayasakti had the image of the bull and the flagstaff of the shrine of Pasupatinath plated with gold; it had been erected by kapatiya (Kapahrya Ganapati) who had come from Gauda."

३०८ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 62.
"सं. ४८० वैशाषशुक्ल दुतीया भगन श्रीपशुपतिस स्थापन याङा दिन, जयसिंहराम: महाय भासन, ...ध्व यज्ञस श्रीजयार्जुनदेवस वो, सङ्करदेविस वो राजा सालावुये ।

३०९ शङ्करमान राजवंशी (सम्पा.), *कान्तिपुरशिलालेखसूची*, (काठमाडौं: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७), ४५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तले थियो ।[३१०] एक अर्को *भाषावंशावली*मा मल्लकालमा शिवसिंहकी रानी गङ्गारानीले पशुपतिनाथका तात्कालिक पुजारी नित्यानन्द स्वामीको आज्ञा पाई राजा बक्साई पशुपतिनाथको तीन तलाको छाना बिग्रेकोले पछि बनाउन गाह्रो होला भनेर एक तह हटाएर दुइ तले रूपमा पुन: निर्माण गरेको कुराको उल्लेख गरेको छ । त्यसअनुसार त्यस काममा निकै सुन खर्च गरी छाना र गजुर बनाइएको थियो । यो घटना ने.सं. ७७५ (वि.सं. १७१२) को हो । यही साल 'त्रिकोण' इँटाहरू पनि तयार पारिएका थिए । यस प्रकार *वंशावली*को भनाइअनुसार पहिले पशुपतिनाथको मन्दिर पाँच तले भएको र पछि तीन तले त्यस मन्दिरलाई गङ्गारानीले दुइ तले गरी बनाइदिएको देखिन्छ । त्यस वेला तयार पारिएका त्रिकोणात्मक इँटहरू पशुपतिको प्राङ्गण छाप्ने काममा प्रयोग गरिएका थिए । अहिले पनि त्यसको नमूना उन्मत्तभैरवको उत्तरपट्टिको सिँढीमा देख्न पाइन्छ ।

नृपेन्द्र मल्लले ने.सं. ७९४ (वि.सं. १७३१) मा पशुपतिनाथमन्दिरको जीर्णोद्धार गरेका थिए ।[३११] जहाँ-जहाँ वंशावलीमा जीर्णोद्धारको प्रसङ्ग आउँछ त्यहाँ चाँडै-चाँडै मन्दिर जीर्णोद्धार गरेको विवरण पाइन्छ । यसो हुनाको मुख्य कारण इँट, काठ, माटो आदि कम टिकाउका सामग्रीहरूको प्रयोग मन्दिरमा भएकोले नै हो । ने.सं. ७९४ (वि.सं. १७३१) मा नृपेन्द्र मल्लले पशुपतिनाथमन्दिरको जीर्णोद्धार गरेको कुरालाई दृष्टिगत गरी यो मन्दिर पूर्व शाहकालसम्म पनि राम्रो स्थितिमा रहेको देखिन्छ भनी डा. जगदीशचन्द्र रेग्मीले नृपेन्द्र मल्लपछि जीर्णोद्धारको अवस्था नभएको सङ्केत दिन खोज्नुभएको छ ।[३१२] तर पूर्व शाहकालको पशुपतिनाथमन्दिरको वास्तुकलाको स्वरूप नृपेन्द्र मल्लको राज्यकालको नभई त्यसपछिको हो । किनभने नृपेन्द्र मल्लपछि पनि पशुपतिनाथमन्दिरको जीर्णोद्धार भएका उल्लेखहरू पाइन्छन् । एउटा ठ्यासफुमा ने.सं. ८१२ (वि.सं. १७४९) मा पशुपतिनाथको मन्दिरको दुइ छाना बनाइएको उल्लेख पाइएको छ ।[३१३] त्यसको पाँच वर्ष जतिपछि पशुपतिनाथको मन्दिरको जगैदेखिको पुनर्निर्माण भूपालेन्द्र मल्लको राज्यकालमा ऋद्धिलक्ष्मीको प्रेरणाले सम्पन्न भएको थियो । ने.सं. ८१७ (वि.सं. १७५३) मा गरिएको पुनर्निमार्णसम्बन्धी उल्लेख ठ्यासफुमा अलि विस्तृत रूपमा उपलब्ध छ । ठ्यासफुमा प्राप्त विवरणअनुसार ने.सं. ८१७ (वि.सं. १७५३) कार्तिककृष्ण त्रयोदशी स्वातीनक्षत्र सौभाग्यउप्रान्त शोभनयोग बृहस्पतिवारका दिन पशुपतिको गजुर झिकी मन्दिर भत्काउन प्रारम्भ गरिएको थियो ।[३१४] मन्दिर भत्काउनलाई मात्र झण्डै दुइ महीना लाग्यो । त्यो कार्य सकिएपछि ने.सं. ८१७ (वि.सं. १७५३) पौषकृष्ण षष्ठी हस्तनक्षत्र अतिगण्डयोग आइतवारको शुभमुहूर्त पारी मन्दिर बनाउन शुरू

---

३१० (क) पं. देवीप्रसाद लंसाल (सम्पा.), *भाषावंशावली*, २ भाग, (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३), ६१ पृष्ठ ।
"फेरि यिनै स्वामीका कृपाले रानी (गंगारानीले) पशुपतिनाथका देवालय पनि तिन तला छाना भै रह्याको बिग्रन लाग्यो र परन्तुसम्म कष्ट होला भनी मध्यम खण्डका छाना शून्य गरी दुई तलामात्र छाना गरी अघिको सुनका छाना बिग्र्याकोमा धेरै सुन राखी गजुर बनाई त्रिकोण इट पारी देवालय सम्पूर्ण गरी छाई बनाई गजुर चढाइन् ।
(ख) श्रीयज्ञप्रसाद रुपाखेतीको सङ्ग्रहमा रहेको *भाषावंशावली* २३ पृष्ठमा लेखिएको छ– "गंगारानीले अघिको ३ तले पुरानो जीर्ण पशुपतिनाथको देवालयलाई २ तले बनाई जीर्णोद्धार गरीन" ।

३११ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३१० (क) सङ्ख्या, ९३ पृष्ठ ।
"पशुपतिननाथका देवालयमा गंगारानीका पालादेखि बनाई राष्याका विग्र्याको (र) भुवनेश्वरी देवालय रानीसहित भै यथाक्रमले बनाई बसाया" ।

३१२ जगदीशचन्द्र रेग्मी, *शाहकालीन कला र वास्तुकला*, (काठमाडौं: साझा प्रकाशन, वि.सं. २०३३), ७१ पृष्ठ ।

३१३ D. R. Regmi, *Medieval Nepal*, Part II, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), p. 877.

३१४ रामजी तेवारी, "भूपालेन्द्र मल्ल", पूर्णिमा, १ वर्ष, ३ अङ्क, (वि.सं. २०२१ कार्तिक), ४३ पृष्ठ ।
"सं. ८१७ कार्तिककृष्ण: ॥ त्रयोदसी स्वातिनक्षत्र सौभाग्यपर शोभनयोगे बृहस्पतिवार थ्व कुन्हु श्री ३ पशुपतिया देवल गजुल कोकायाव देवल पिर" ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरियो ।[३१५] बनाउन शुरू गरिएको ६ दिनको दिन अर्थात् ने.सं. ८१७ (वि.सं. १७५३) पौषकृष्ण एकादशी अनुराधानक्षत्र वृद्धियोग शुक्रवारका दिन मन्दिरमा ढोका हालियो ।[३१६] ने.सं. ८१७ (वि.सं. १७५४) चैत्रकृष्ण षष्ठी मूलनक्षत्र परिघयोग शुक्रवारका दिन त्यहीं अग्निस्थापना गरी कोट्याहुति यज्ञ थालियो ।[३१७] त्यसको करीब डेढ महीनाभित्र अर्थात् ने.सं. ८१७ (वि.सं. १७५४) वैशाखशुक्ल एकादशी उत्तरफाल्गुनीनक्षत्र व्याघातयोग बुधवारका दिन पशुपतिको मन्दिरमा गजुर चढाइयो । गजुर हालिएको उपलक्ष्यमा पञ्चरङ्गी पताकाहरू चढाइए, फूलमाला चढाइए, महास्नान आदि गरियो ।[३१८] चैत्रकृष्ण षष्ठी मूलनक्षत्रमा प्रारम्भ गरिएको कोट्याहुति ज्येष्ठशुक्ल नवमीका दिन समापन गरियो । पशुपतिमन्दिरको निर्माणअवधिभर भूपालेन्द्र मल्ल र उनकी आमा ऋद्धिलक्ष्मी पशुपतिमै बसेका थिए । कोट्याहुति सकिएको चार दिनपछि मात्र उनीहरू दरबार भित्रिएको विवरण पाइन्छ ।[३१९] यसरी सात महीना जति लगाई पशुपतिको मन्दिरको जीर्णोद्धारको काम सिध्याइयो । भूपालेन्द्र मल्लले पशुपतिको मन्दिरको जीर्णोद्धारकार्य सकेपछि उनका मन्त्री नवमीसिंहले *तत्त्वचिन्तामणि*नामक तन्त्रविषयक ग्रन्थ रचना गरी पशुपति, गुह्येश्वरी आदिमा अर्पण गरेका थिए ।[३२०]

गङ्गारानीले पशुपतिनाथमन्दिरको जीर्णोद्धार गरेको बयालीस वर्ष तथा ने.सं. ८१२ (वि.सं. १७४९) मा जीर्णोद्धार गरेपछिको पाँच वर्षमा नै मन्दिर जगैसमेत भत्काएर बनाउनुको पछिल्तिर के रहस्य छ ? बुझ्न सकिँदैन । सम्भवतः त्यसभन्दा अगाडिको मन्दिर जयसिंहरामवर्द्धनद्वारा निर्मित भएको तथा त्यस वेला मन्दिर बनेको झण्डै ३३७ वर्ष जति पुगिसकेकोले समय-समयमा सानोतिनो जीर्णोद्धार भए पनि भित्रीरूपमा मन्दिर भग्न भएकै कारणबाट भूपालेन्द्र मल्लले मन्दिरको पुनर्निर्माण गरेको अनुमान हुन्छ ।

भूपालेन्द्र मल्लले पुनर्निर्माण गरेपछि फेरि यस प्रकारको पुनः निर्माण गरेको उल्लेख नपाइने हुनाले अहिलेको मन्दिरको स्वरूप वि.सं. १७५४ को हो भन्ने स्पष्ट छ । डी.आर. रेग्मीले अहिलेको मन्दिरको वास्तुकलालाई वि.सं. १७४९ को मान्नुभएको छ ।[३२१] त्यस कुरालाई अरूले पनि स्वीकारेका छन् ।[३२२] तर त्यो कुरा ने.सं. ८१७ (वि.सं. १७५४) मा पशुपतिनाथमन्दिर जीर्णोद्धार भएको विवरण ठ्यासफुमा पाइएबाट सत्य होइन भन्ने देखिन्छ ।

---

३१५ ऐजन,
“सं. ८१७ पौषकृष्ण षष्ठी हस्तनक्षत्र अतिगण्डयोग आदित्यवार थ्व कुन्हु श्री ३ पशुपति देवल निस्वङा दिन” ।

३१६ ऐजन,
सं. ८१७ पौषकृष्ण एकादशी अनुराधानक्षत्र वृद्धियोग शुक्रवार थ्व कुन्हु पशुपतिस देवलया खसि धुङा दिन ।

३१७ ऐजन,
“सं. ८१७ चैत्रकृष्ण षष्ठी मूलनक्षत्र पलिघयोग शुक्रवार थ्व कुन्हु कोट्याहुति जज्ञे आरम्भ अग्निस्थापना ।”

३१८ ऐजन,
“वैशाखशुक्ल एकादशी उत्रफाल्गुणीनक्षत्र व्याधातयोग वुधवार थ्व कुन्हु श्री ३ पशुपतिस्के गजुली डाकु छार स्वान माल तर तिकिनि छायाओ महासनान याक महावलि जा रुरकायकु पतापं छाव ।”

३१९ ऐजन, ।
“जेष्ठशुक्ल नवमी उत्रफाल्गुणी नक्षत्र सुद्धियोग बुधवार थ्व कुन्हु कोट्याहुति जज्ञे पूर्णयात थ्वयानं पेन्हुलिव चतुर्थी धुनकाओ श्रीश्रीभूपालेन्द्र मल्ल जुजु श्रीऋद्धिलक्ष्मी माजु देशस लिहा बिज्यात जात्रा याङाव”

३२० *वृहत्सूचीपत्रम्*, तन्त्रविषयकः, चतुर्थो भागः, (काष्ठमण्डपः वीरपुस्तकालयः, वि.सं. २०२०), १४४ पृष्ठ ।

३२१ D.R. Regmi, *op.cit.*, foot note no. 313, p. 877.

३२२ (क) Ronald M. Bernier, *The Temples of Nepal*, First Edition, (Kathmandu: Voice of Nepal, 1970 A.D.), p. 160.
(ख) नन्दनन्दन सनाढ्य, *पूर्ववत्*, पादटिप्पणी ३०१ सङ्ख्या, ३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूपालेन्द्र मल्लद्वारा निर्माण गरिएको पशुपतिनाथको वर्तमान मन्दिरलाई भव्य पार्ने तथा सिँगार्ने काम त्यसपछि विभिन्न व्यक्तिहरूद्वारा भिन्न-भिन्न समयमा हुँदैरहे । राजा, प्रजा सबैको योगदान रहेको हुनाले मन्दिरको सौन्दर्य आकर्षक एवं भव्य बन्दै गयो । साँच्चै भन्ने हो भने नेपालमा यत्तिको सुन्दर र आकर्षक मन्दिर अर्को छैन ।

पशुपतिनाथको मन्दिर खुला प्राङ्गणको बीचमा विभिन्न अरू मन्दिरहरूद्वारा घेरिएर रहेको छ । मन्दिरको बाहिर चार दिशामा चारवटा ढोकाहरू छन् । तिनमा पूर्व, पश्चिम र दक्षिणको बाहिरी ढोका आकर्षक छन् भने उत्तरतिर सामान्य आवत-जावत गर्न हुने निकाससम्म छ । पश्चिम र दक्षिण दिशाको बाहिरी ढोकाको सुनौला तोरणले गर्दा मन्दिर र ढोकाको शोभालाई बढाउन मदत पुऱ्याएको छ । ती तोरणहरूको निर्माण ने.सं. ७९७ (वि.सं. १७३४) मा चौतारा देवीदासले गरेका हुन् ।[३२३] त्यसमा दक्षिणपट्टिको ढोका विशेष भव्य छ । त्यसका खापा एवं चौकोससमेत पनि सुनको मोलम्बायुक्त छ । त्यसको निर्माण पनि देवीदासले गरेका हुन्, जसको जीर्णोद्धार पछि वि.सं. २०१५ मा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट सम्पन्न भएको थियो ।[३२४] यद्यपि अहिले पशुपतिनाथमन्दिरको प्राङ्गण बाहिरका पहिलेका ढोकाहरू छैनन्, तर दक्षिण र पश्चिमको वि.सं. १७३४ को तोरणको आकार-प्रकारलाई हेर्दा पहिलेका ढोकाहरू पनि ठूलै हुनुपर्ने देखिन्छ । त्यसै हाराहारीको हुन सक्ने कालीगडीले पूर्ण काठको ढोका पश्चिमपट्टिको मूल ढोकादेखि दक्षिणपट्टि रहेको छ । यो ढोका आजकाल शिवरात्रि, बालाचतुर्दशी जस्तो बढी दर्शनार्थीहरू भेला हुने अवसरहरूमा मात्र खोलिने गरेको छ । अरू वेला भने बन्द गरिएको हुन्छ ।

बाहिरपट्टि रहेका ढोकाहरूमध्ये पूर्व, पश्चिम र दक्षिणका ढोकाहरू वि.सं. २०१५ मा निर्माण गरी आधुनिक रूप प्रदान गरिएको हो । उत्तरपट्टि जाने-आउने निकास त छ, तर अरू दिशाको जस्तो ढोका छैन । पश्चिमपट्टिको ढोका विशेष आकर्षक छ । यो 'गोपुर' शैलीमा छ । मन्दिरको भित्रपट्टि शिवपार्वतीको आकर्षक सिमेण्टको मूर्ति छ भने बाहिरपट्टि ढोकामाथि पूर्णकदका शिव-पार्वती र कुमार, गणेशका मूर्ति छन् । पूर्वपट्टिको ढोकाको पूर्वाभिमुख दिशामा भगवान् शिव-पार्वतीका सानो कदको आकृति कुँदिएको छ । पश्चिमपट्टि भने तोरणबाहेक कुनै आकृतिहरू कुँदिएका छैनन् । सिमेण्टबाट शिव-पार्वतीका आकृतिहरू कुँदिएका भए पनि तिनीहरू आकर्षक छन् । पूर्वपट्टि ढोकाबाट वाग्वती जान सकिन्छ भने दक्षिणपट्टिको ढोकाबाट कोटिलिङ्गेश्वरमन्दिर भएर वत्सला आदिको मन्दिरमा पुग्ने बाटो छ । त्यस्तै उत्तरपट्टिको ढोकाबाट कैलाश, रुद्रगारेश्वर आदि मन्दिरको उत्तर दिशामा पुगिन्छ । पश्चिम ढोका मूल ढोकाको रूपमा विद्यमान छ । पश्चिम ढोकाको मुन्तिर बाटोको दायाँ-बायाँ दुवैपट्टि दश जना मानिसहरू एकसाथ बस्न हुने फलैंचा छ । पहिले त्यहाँ भजन-कीर्तन हुन्थ्यो । पछि गएर बन्द भयो । त्यसपछि स्वेच्छाले फूलप्रसाद दिने मानिसहरू बस्न थाले । अहिले त्यो पनि बन्द भएर मागी खाने माग्ने, जोगी आदि बसेको पाइन्छ ।

पशुपतिनाथको वर्तमान मन्दिर एक तह भएको मण्डपमाथि निर्मित छ । मण्डप जमिनसतहभन्दा झण्डै १ मी. २० से.मी. को उचाइमा छ । मन्दिर वर्गाकार छ, यसको लम्बाइ १५ मी. २६ से.मी. छ भने चौडाइ पनि १५ मी. २६ से.मी. नापको छ । मन्दिर दुइ तले दुइ छानायुक्त नेपाली शैलीमा निर्मित छ । यस शैलीलाई विदेशी एवं स्वदेशी केही विद्वान्हरूले 'प्यागोडा' शैली भनी नामकरण गरे तापनि जापान, चीन, कोरिया आदि देशमा प्रचलित प्यागोडा शैलीको भन्दा केही अन्तर पाइने भएकोले पशुपतिनाथमन्दिर जस्ता सबै मन्दिरहरूलाई चारपाखे नेपाली मण्डप शैली भन्नु उपयुक्त हुने देखिन्छ । पशुपतिनाथको मन्दिर भूईंदेखि गजुरसम्म २३ मी. ७ से.मी अग्लो छ भने भूईंदेखि पहिलो तलाको उच्चाइ ८ मी. २८ से.मी. अग्लो छ ।

---

३२३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४९ सङ्ख्या ।

३२४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३७७ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथको दुइ तले मन्दिरको दुवै छाना सुनको मोलम्बायुक्त भएको तथा मन्दिर काष्ठ कलाकृतिले समेत पूर्ण भएकोले भव्य र आकर्षक छ । मन्दिरको बाहिरी भित्ताको चारैतिर तीन-तीनवटा ढोका छन् । सुनका मोलम्वा र चाँदीद्वारा निर्मित भएकाले मन्दिरको भव्यतालाई बढाउन ती ढोकाहरूले मदत पुऱ्याएका छन् । ढोकाको दायाँ-बायाँ अप्सरालगायतका वैदिक धर्मअन्तर्गतका अष्टभैरव, अष्टमातृका आदि विभिन्न देवी-देवताका मूर्तिहरू सुहाउँदो किसिमले साना-ठूला कलात्मक खोपाहरूमा आकर्षक ढङ्गले सजिसजावट गरी राखिएका छन् । मूर्ति तथा खोपाहरूलाई धातुले मोरी ठाउँ-ठाउँमा सुनको मोलम्वासमेत गरिएकोले अझ भव्य वन्न पुगेको छ । यस प्रकार मन्दिरको तल्लो तलाको चारैतिर कलापूर्ण मूर्तिहरू रहेका छन् । छानाको मुन्तिर गारोदेखि बाहिर ४५° को कोणमा चारैतिर काठको आँखीझ्याल शैलीको पर्दा रहेकोले मन्दिरको शोभालाई बढाउन मदत गरेको छ । यस किसिमको आँखीझ्याल अन्य मन्दिरहरूमा कमै पाइएको छ । आँखीपर्दा नहुँदा अरू मन्दिरहरूमा कार्नेसमा जुन खुलापन देखिन्थ्यो, पशुपतिमन्दिरमा त्यो छैन । आँखीपर्दा रहे पनि टुँडालहरू कलात्मक तथा प्रभावोत्पादक छन् । माथिल्लो तलाका टुँडालहरूमा सोह्र योगिनीका आकृतिहरू विभिन्न रूपमा राखिएको छ भने तल्लो तलामा हिन्दूधर्मअन्तर्गत विभिन्न देवी-देवताका पूर्णकदका मूर्तिहरू छन् । तल्लो तलाको पश्चिमपट्टि हनूमान्, राम, सीता, भरत, शत्रुघ्न तथा लक्ष्मणको मूर्ति कुँदिएको छ । दक्षिणपट्टि युधिष्ठिर, द्रौपदी, भीमसेन, अर्जुन, नकुल, सहदेव आदि पाँच पाण्डवका मूर्ति छन् । उत्तरमा गणेश, कुमार, ब्रह्मा, विष्णु, महेश्वर, पार्वती र पूर्वपट्टि विश्वकर्मा, विश्वरूप, नारायण, वह्नि आदिका मूर्ति रहेका छन् । यी सबै ने.सं. ८१७ (वि.सं. १७५४) का काष्ठ कालीगडीका नमूना हुन् । प्रतिमालक्षणअनुसार तिनको रङ्ग-रोगन मिल्दो छ । टुँडालका मूर्तिहरू सबै शालभञ्जिका अवस्थामा छन् । सत्रौं शताब्दीदेखिका मन्दिरका टुँडालहरूमा कामवासनाका मूर्तिहरू टुँडालको तल्लो भागमा कुँद्ने गरेको पाइन्छ । तर यस मन्दिरको टुँडाल विक्रमको अठारौं शताब्दीको भए तापनि कामवासनाका मूर्तिहरू टुँडालमा नपाइनुले पशुपतिनाथमन्दिरको सौम्यतालाई स्पष्ट देखाएको छ ।

छानाको चारैतर्फ धुरीमा सुनको मोलम्बायुक्त चरा उड्न लागेको अवस्थामा रहेका तथा मन्दिरको चारै कुनाका टुँडालहरूमा पखेटायुक्त सिंह, शार्दूल, अजरापुरुष र महानागका आकृतिहरूले मन्दिरलाई तिनीहरूले आकाश मार्गमा उडाउन पो लागेका छन् कि भन्ने भान पार्दछ । पशुपतिनाथको मन्दिरको पहिलो तलाको टुँडालका माथिल्लो भागमा चन्द्र, सूर्य, पूर्णकलश आदिका आकृतिहरू कुँदिएका पाइन्छन् । त्यहाँ भएका पूर्णकलशलाई गुह्येश्वरीको प्रतीक मानी भावनात्मक रूपले श्रद्धालुहरूले दर्शन गर्दछन् ।

जमिनको सतहबाट चारवटा खुड्किला चढेपछि मन्दिरको बाहिरी प्रदक्षिणास्थलमा पुगिन्छ । त्यसको चारैपट्टिको माथिल्लो खुड्किलाको दायाँ-बायाँ पूर्णकदका बसेका ढलोटका सिंह-सिंहिनीको प्रतिमा छन् । मन्दिरको गर्भगृहलाई दुइ तहमा छुट्याइएको छ- (१) मूल गर्भगृह र (२) प्रदक्षिणापथ । मूल गर्भगृहको बीचमा पशुपतिनाथको लिङ्ग रहेको छ । यो क्षेत्र करीब १० × १० फिटको छ । जुन ठाउँमा पुजारी र भँडारी जान सक्छन् । मूल गर्भगृहको ठीक बाहिरपट्टि पूर्व, दक्षिण र उत्तरमा चारैतिर करीब ८-८ फिटको प्रदक्षिणापथ छ । चार ढोका खुलेको अवसरमा दर्शनार्थीहरू त्यहाँ गई दर्शन-पूजन गर्न सक्छन् । तर पश्चिमपट्टि भने उत्तर र दक्षिण भागको प्रदक्षिणापथको निकास पश्चिममा पर्खाल लगाएर बारिएकोले पूर्व, दक्षिण र उत्तरपट्टिको जस्तो पश्चिमपट्टि भित्री प्रदक्षिणास्थलमा जान सकिँदैन । बरु त्यो ठाउँ पूजा-सामग्रीहरू राख्ने, चन्दन घोट्ने, पुजारीहरूको शरीर जाँच्ने आदि काममा प्रयोग गरिएको छ । यसैले पश्चिमपट्टिबाट दर्शन गर्दा वाहिरी ढोकाबाट दर्शन गर्नुपर्दछ । यो ढोका दर्शन-पूजन गर्ने मूल ढोकाको रूपमा रहेको छ । पूर्व, उत्तर, दक्षिणका ढोकाहरू बन्द रहँदा पनि यो ढोका खुलै हुन्छ । पुजारी, भँडारी पूजाआजाको सिलसिलामा जानुपर्दा यही ढोका भएर जान्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूपालेन्द्र मल्लले पुनर्निर्माण गरेको पशुपतिनाथको मन्दिरलाई आकर्षक, भव्य र रमणीय पार्ने काममा विभिन्न व्यक्तिहरूले सयम-समयमा गरेका विविध कार्यले योगदान पुग्न गएको छ । भूपालेन्द्र मल्लको समयमा पुनर्निर्माण गरिँदा अहिले जस्तो चाँदी र सुनका मोलम्बायुक्त ढोकाहरू थिएनन्, सङ्गमर्मर टाँसिएका थिएनन्, सिँढीमा सिंह-सिंहिनीका प्रतिमा थिएनन् । भूपालेन्द्र मल्लपश्चात् भएका उपलब्धिहरू पशुपतिनाथमन्दिरको वास्तुकलाको उल्लेखनीय पक्ष भएकोले तिनीहरूबारे यहाँ सङ्क्षिप्त रूपले चर्चा गर्नुपरेको छ ।

भूपालेन्द्र मल्लले पुनर्निर्माण गरेपछिको लामो समयसम्म मल्लकालका राजाहरूले मन्दिरको लागि के-के गरे भनी प्रमाणहरूको अभावमा निश्चयसाथ भन्न सकिँदैन । शाहकालको झण्डै प्रारम्भदेखि भने केही उल्लेखहरू पाइन्छन् । ती विवरणहरू कुनै अभिलेखको रूपमा पाइन्छन् भने कुनै *वंशावली*मा उल्लिखित छन् । भगवान् पशुपतिनाथको जलहरी नभएकोले चाँदीको राम्रो जलहरी बनाई श्री ५ रणबहादुर शाहले चढाए । यो घटना वि.सं. १८३६ भन्दा अगाडिको हो । किनभने जलहरी अर्पण गरेको केही समयपछि उनले नेपाल राष्ट्र बढाउने उद्देश्यले बलि बानियाँ र सर्दार रामकृष्ण कुँवरलाई फौज दिई वि.सं. १८३६ मा पठाएका थिए ।[३२५] त्यसभन्दा अघि ने.सं. ८२३ (वि.सं. १७६०) मा काठमाडौँ ओलखुटोलनिवासी मुकुन्दसिंह भारोले भगवान् पशुपतिनाथको प्रीति गरी घण्टा चढाएका थिए । पशुपतिक्षेत्रमा भएका पुरानो घण्टाहरूमध्ये यो पनि एउटा हो । तर अहिले स्तम्भ छ, घण्टा भने छैन ।[३२६]

पशुपतिनाथको मन्दिरलाई सुन्दर बनाउने क्रममा राजपुरोहित राधावल्लभ अर्ज्याल[३२७] को प्रयास र सदिच्छा उल्लेखनीय छ । विद्वान् शक्तिवल्लभ अर्ज्यालका भाइ राधावल्लभ अर्ज्याल भगवान् पशुपतिका उपासक थिए । उनको वि.सं. १८६९ वैशाखशुक्ल एकादशी बृहस्पतिवारका दिन आर्यघाटमा मृत्यु भयो । उनले पशुपतिनाथमा चाँदीको ढोका बनाउने सङ्कल्प गरेका थिए । तर उनको जीवनकालमा सो उद्देश्य पूरा हुन सकेन । उनले मर्नुभन्दा दुइ दिनअगाडि इच्छा पूरा गर्न ६ हजार रुपैयाँ सङ्कल्प गरे । सङ्कल्प गरेअनुसारको काम पूर्ण गराउन उनका शिष्यहरू पण्डित प्रद्युम्न, सेनापति बखतमानसिंह बस्न्यात, शिवनारायण आचार्य आदि खटिए । वि.सं. १८७० माघशुक्ल पञ्चमीको दिन ढोका तयार भयो । राधावल्लभको सङ्कल्प मृत्युपश्चात् पूरा भयो । उनले सङ्कल्प गरेको गर्भगृहको दक्षिणपट्टिको चाँदीको ढोकामा कवि वाणीविलास पाँडेले श्लोकबद्ध अभिलेख रचेर राखिदिएका थिए ।[३२८] राधावल्लभले चाँदीको ढोका चढाएपछि मन्दिरमा चाँदी र सुनको मोलम्बायुक्त धातुहरूद्वारा मन्दिरलाई आकर्षक बनाउने काम अभियानकै रूपमा अगाडि बढ्यो । वि.सं. १८६९ कार्तिकशुक्ल १४ को दिन श्री ५ रणबहादुर शाहको सम्झनामा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले राधावल्लभले ढोका राखेको भागको दक्षिणपट्टि चाँदीको झल्लर बनाई अर्पण गरे ।[३२९] त्यसको केही समयपछि वि.सं. १८७० चैत्रकृष्ण ५ शुक्रवारको दिन झण्डै ११६० तोला चाँदी र ६ तोला सुनको प्रयोग गरी श्री ५ राजेन्द्रविक्रम शाहका महारानी गोरक्षराज्यलक्ष्मीदेवी शाहले गर्भगृहको पश्चिमपट्टिको ढोकालाई चाँदीयुक्त पार्ने काम गरिन् ।[३३०] गर्भगृहको ढोकाहरूलाई चाँदीले मोर्ने काममा तीव्रता आयो । उत्तरपट्टिको ढोकालाई अमरसिंह थापाले वि.सं. १८७१ कार्तिक ९ गते बनाएर अर्पण गरे । तर त्यस वेला अमरसिंहको भने उपस्थिति हुन सकेन । त्यस वेलाको राजनैतिक स्थिति सङ्कटमय घडीमा गुज्रिरहेको थियो । अङ्ग्रेजहरूसँग युद्ध चल्दै थियो । जुन वेला उनले छोरा

---

३२५ श्रीयज्ञप्रसाद रुपाखेतीसँग भएको *भाषावंशावली*को १३१ पृष्ठमा यस कुराको उल्लेख छ ।

३२६ योगी नरहरिनाथ (सम्पा.), *इतिहासप्रकाश, ३ भाग,* २ अङ्क, (वि.सं. २०१३), ४५१ पृष्ठ ।

३२७ त्यस अभिलेखमा राधावल्लभलाई 'भट्टाचार्य' उपाधि दिइएको छ ।

३२८ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *शाहकालका अभिलेख,* पहिलो भाग, (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), ५७३ पृष्ठ ।

३२९ योगी नरहरिनाथ (सम्पा.), *इतिहासप्रकाश,* २ भाग, २ अङ्क, (वि.सं. २०१३), ३१६ पृष्ठ ।

३३० परिशिष्टभाग, अभिलेखखण्ड (क), १६० सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रणध्वज थापामार्फत पशुपतिनाथमा ढोका चढाउन लगाए, त्यस वेला उनी सुदूर पश्चिममा मोर्चा बनाएर नेपाल राष्ट्रको अस्तित्वलाई बचाउन तथा नेपालको गौरव र प्रतिष्ठालाई बढाउने काममा आफ्नो ज्यानलाई हत्केलामा राखी लडाइँ लड्दै थिए । त्यस स्थितिमा भगवान् पशुपतिनाथको मन्दिरमा उनले ढोका चढाउन लगाउनुको पछिल्तिर अङ्ग्रेजहरूको विरुद्ध नेपालले सफलता पाओस्, मातृभूमि नेपालको शिर ठाडो रहोस् भन्ने कामनाबाहेक अरू हुन सक्तैन । अमरसिंहको यो अन्तिम कृति हो । उनले राखेको ढोकामा नेपालका प्रसिद्ध ६४ लिङ्गहरूका नाम र आकृति कुँदिएका छन् । साथै अमरसिंहका परिवारका मूर्ति पनि लघु आकृतिमा कुँदिएका छन् ।[३३१]

अमरसिंह थापाले चाँदीको ढोका चढाएको झण्डै तीन महीनापछि नै वि. सं. १८७१ माघशुक्ल ११ रोज २ का दिन गर्भगृहको पूर्वपट्टिको चाँदीको द्वार बनाई पशुपतिनाथको प्रीति गरी चढाउने काम श्री ५ रणबहादुर शाहकी छोरी विलासवतीले गरिन् ।[३३२] राधावल्लभले चाँदीको ढोका बनाउन उठान गरेको करीब तीन वर्षभित्रमा पशुपतिनाथको भित्री गर्भगृहका चारै ढोकाहरू विभिन्न व्यक्तिहरूको योगदानको कारण रजतमय बने । संयोग वा परिबन्द के भनौं ती चारै ढोका नेपाल-अङ्ग्रेज बीचको युद्धताका निर्माण भएका हुन् ।

भित्री गर्भगृहका चारै ढोकाहरू रजतमय भएपछि मन्दिरको भौतिक आकर्षण अझ बढ्यो । फलत: उदारमना पुरुषहरूले बाहिरपट्टिका ढोकाहरूलाई भव्य र आकर्षक बनाउनेपट्टि दृष्टि पुऱ्याउन थाले । यस क्रममा वि.सं. १८७५ ज्येष्ठ महीनामा भीमसेन थापाले मन्दिरको दक्षिणपट्टिको प्रदक्षिणापथ बाहिरको लहरै भएका तीन ढोकाहरूमध्ये बीचको ढोकालाई चाँदीले मोरेर सुन्दर बनाइदिए ।[३३३] त्यसैको पाँच महीना जतिपछि उनका भाइ रणवीरसिंह थापाले उक्त चाँदीको ढोकाको दायाँ-बायाँका ढोकाहरूमा सुनको मोलम्बायुक्त धातुले मोरेर ती दुइ ढोकाहरूलाई सुवर्णमय पारिदिनाले मन्दिरको सौन्दर्य झन् बढ्न गयो ।[३३४] यसरी अब पशुपतिनाथमन्दिरको पूर्व, पश्चिम र उत्तरको ढोकाहरू मात्र धातुद्वारा मोर्न बाँकी थिए । वि.सं. १८७५ पश्चात् झण्डै १५ वर्षसम्म ती ढोकाहरूलाई धातुले मोर्ने काममा कसैले हात बढाएन । यत्तिकैमा वि.सं. १८९१ माघशुक्ल १० रोज १ मा त्यो शुभ दिन आयो, जुन दिन किलागल बस्ने सुब्बा कुलानन्द झा र उनका परिवार- पत्नी विद्यालक्ष्मी, गुह्यलक्ष्मी, जेठा छोरा सुब्बा हीरालाल झा, बुहारी सत्यभामा, माहिला छोरा पृथ्वीलाल झा, बुहारी श्याममाया, साहिँला छोरा भैरवलाल झा, कान्छा छोरा भैयालाल झा, नाति सत्यलाल झा, मणिलाल झा, नातिनी महेन्द्रलक्ष्मीसहित भएर बाँकी तीनै दिशाका ९ वटा ढोकाहरूमा तोरण, चौकोस, खापाहरू सम्पूर्ण रूपमा रजतमय पारेर ठूलो कीर्ति राखे ।[३३५] यसरी भित्र र बाहिरका ढोकाहरू सबै अब धातुमय भए । कोही सुनका र कोही चाँदीका ढोकाहरू बनेकाले मन्दिरको भव्यता अरू बढ्न गयो ।

मन्दिरप्राङ्गणमा पनि भगवान् पशुपतिनाथको प्रीतिको निमित्त विभिन्न कीर्ति राख्ने काम हुँदै गयो । वि.सं. १८८४ पौषकृष्ण १४ रोज २ मा श्री ५ राजेन्द्रविक्रम शाहले एउटा ठूलो घण्टा मन्दिरको दक्षिण-पश्चिम कुनामा स्थापना गरिदिए ।[३३६] त्यसको पाँच वर्षपछि वि.सं. १८८९ आश्विनशुक्ल १४ रोज ३ मा पशुपतिनाथमन्दिरको पूर्व-

---

३३१ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी ३२७ सङ्ख्या, ५८१ पृष्ठ ।

३३२ विलासवतीदेवी श्री ५ रणबहादुर शाहकी छोरी एवं श्री ५ गीर्वाणयुद्धविक्रम शाहकी दिदी हुन् ।

३३३ योगी नरहरिनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३२६ सङ्ख्या, ३१८ पृष्ठ ।

३३४ योगी नरहरिनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३२९ सङ्ख्या, ४५१ पृष्ठ ।

३३५ योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ३ अङ्क, (वि.सं. २०१०), १७-२० पृष्ठ ।
डेनियल राइटले *हिष्ट्री अफ नेपाल*नामक पुस्तकको १६२ पृष्ठमा कुलानन्द झालाई कुलचन्द्र झा भनी लेखेका छन् वास्तवमा त्यो गलत छ ।

३३६ योगी नरहरिनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३२९ सङ्ख्या, ३२० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिण कुनामा ३० धार्नीको ठूलो घण्टा श्री ५ ललितत्रिपुरसुन्दरीदेवीले चढाइन् ।[३३७] पशुपतिनाथमन्दिरमा विभिन्न कीर्तिहरूको स्थापना गरी सुन्दर पार्ने क्रममा श्री ५ सुरेन्द्रविक्रम शाहबाट पशुपतिनाथमन्दिरको सिँढीको मुन्तिर चार कुनामा स्थापित फर्मायशी पानसको पनि उल्लेख गर्नुपर्ने हुन्छ । पश्चिमी शैलीमा निर्मित ती पानसहरू तायजात भएका भाँडावर्तनहरू गाली बनाइएका थिए । ती पानसहरूलाई अभिलेखहरूमा फर्मायशी पानस भनेको पाइन्छ । ती चारै पानसहरूको स्थापना वि.सं. १९११ भाद्रकृष्ण १० रोज ५ मा भएको हो ।[३३८] तिनीहरू बहत्तरदेखि बयानब्बे धार्नीसम्मका छन् । विशेषपर्व-पूजाहरूमा उक्त पानसमा श्रद्धालुहरूले बत्ती बाल्ने गर्छन् । वि.सं. १९७० सालमा ती पानसहरूको मर्मत गरिएको थियो ।[३३९]

भूपालेन्द्र मल्लबाट भगवान् पशुपतिनाथको मन्दिर जीर्णोद्धार भएपछि वि.सं. १८९५ मा पहिलो पटक श्री ५ राजेन्द्रविक्रम शाहबाट पशुपतिनाथको मन्दिरको छाना जीर्णोद्धार गरेको उल्लेख पाइन्छ ।[३४०] त्यतिखेर मन्दिरको छाना तामाको थियो । त्यसको केही समयपछि माथिल्लो छाना बिग्रेकोले वि.सं. १९२३ भाद्रकृष्ण ८ मा श्री ५ सुरेन्द्रविक्रम शाहबाट बिग्रेको छानाको जीर्णोद्धार सम्पन्न भएको थियो ।[३४१] तामाद्वारा निर्मित छानाहरूमध्ये दोस्रो तलाको छाना जीर्णोद्धार गरी वि.सं. १९८१ मा १६२० तोला सुन खर्च गरी त्यसलाई सुवर्णयुक्त बनाउने काम श्री ५ त्रिभुवनवीरविक्रम शाहद्वारा भएको थियो ।[३४२] भूपालेन्द्र मल्लले जीर्णोद्धार गरेपश्चात् मन्दिरको छानालाई सुवर्णयुक्त बनाउने पहिलो व्यक्ति श्री ५ त्रिभुवनवीरविक्रम शाह हुन् । त्यसपछि वि.सं. २०१५ मा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट मन्दिरको रङ्गरोगन र सामान्य जीर्णोद्धार हुँदा छानाको पनि मर्मत भएको थियो । त्यसपछि पनि समय-समयमा रङ्गरोगन मर्मत भइरहेका छन् । उदाहरणको लागि श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको शुभराज्याभिषेकको अवसरमा भएको जीर्णोद्धार एवं पाशुपतक्षेत्रसुधारसमितिद्वारा वि.सं. २०३८ मा भएको जीर्णोद्धारकार्यलाई लिन सकिन्छ ।

पहिलो राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले पशुपतिनाथको सिँढीको चारैतिर ढलौटे इँट बनाएर छापेका थिए ।[३४३] तर पछि चिप्लिएर लड्ने, खुट्टा काट्ने जस्ता अप्रिय घट्नाहरू घट्न थालेपछि ती इँटाहरूलाई झिकेर गालियो, पछि तिनै धातुबाट मन्दिरको बाहिर चार दिशामा भएका सिंह-सिंहिनी बनाइएको हो भन्ने जनश्रुति सुन्न पाइन्छ । जङ्गबहादुरका भाइ रणोद्दीपसिंहले वि.सं. १९३६ मा मन्दिरको बाहिरी भित्ता एवं जमीनमा सङ्गमर्मरका चौकुने इँटहरू छापी राम्रो पारे ।[३४४] त्यस वेला ती सङ्गमर्मरहरू कलकत्ताबाट झिकाइएका थिए । पछि चन्द्रशमशेरले मन्दिरको प्रदक्षिणापथको चारैपट्टिको भित्ता र जमीनमा वेलायतबाट टल्कने टायल झिकाई टाँस्न लगाए । जमीनमा

---

३३७ योगी नरहरिनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ३२६ सङ्ख्या, ४५० पृष्ठ ।

३३८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २३१, २३२, २३३, २३४ सङ्ख्या ।

३३९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३३९, ३४०, ३४१, ३४२ सङ्ख्या ।

३४० डेनियल राइटको पुस्तक *हिस्ट्री अफ नेपाल*को १६५ पृष्ठमा यसको श्रेय राजेन्द्रलक्ष्मीलाई दिएको पाइन्छ । त्यहाँ सो जीर्णोद्धार वि.सं. १८९५ मा भएको बताइएको छ । तर त्यस वेला राजेन्द्रलक्ष्मीको मृत्यु भैसकेको हुनाले उक्त छानाको जीर्णोद्धार गर्ने कार्य श्री ५ राजेन्द्रविक्रम शाहबाट भएको अनुमान गर्न सकिन्छ । छानामा भएको लेखमा पनि यसको श्रेय श्री ५ राजेन्द्रविक्रम शाहलाई दिइएको हुनाले राइटले लेखेको कुरा स्वीकार्य देखिँदैन ।

३४१ परिशिष्टभाग, अभिलेखखण्ड (क), २६६ सङ्ख्या ।

३४२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३५१ सङ्ख्या ।

३४३ बालचन्द्र शर्मा (सम्पा.) *पूर्ववत्*, पादटिप्पणी २९४ (ख) सङ्ख्या, २५ पृष्ठ ।

३४४ *ऐजन*, १७ पृष्ठ ।

> "श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका पालामा यिनै मुक्तियारी राजा रणउद्दीपसिंह राणाले श्रीपशुपतिका देवालय बाहिर खण्डमा संगमर्मरका प्रमाणका सेतो ढुंगाले छापिदियाको १९३६ सालमा बनाया ......" ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टाँसिएको टायलमा भने आफ्नो आकृतिको चाँदीको सिक्का पनि बीचमा टाँसी भूइँमा छाप्न लगाए । यसबारे विभिन्न धारणा तात्कालिक समाजमा प्रचलित रह्यो । त्यस सम्बन्धमा यहाँ चर्चा गर्नु प्रासङ्गिक देखिँदैन । भित्तामा टाँसिएका टायलमा ठाउँ-ठाउँमा 'श्री ३ पशुपतिचरणशरणचन्द्र:' भनी लेखिएको थियो । चन्द्रशमशेरद्वारा राखिएका ती टल्कने टायलहरूलाई वि.सं. २०४३ मा झिकी पशुपतिभण्डारको आम्दानीले नयाँ सङ्मर्मरका टायलमा 'श्रीपशुपतिचरणशरण श्री ५ वीरेन्द्र: ऐश्वर्य' लेखी राखिएको छ । चन्द्रशमशेरद्वारा राखिएका टायल झिक्ने काम वि.सं. २०४३ श्रावण २ गते शुरू भई सोही सालको श्रावण ३० गते श्री ५ महाराजाधिराज एवं श्री ५ वडामहारानीको समुपस्थितिमा ती कीर्तिहरूको सङ्कल्प भएको थियो । मन्दिरमा त्यस्ता टायलहरू टाँस्ने क्रममा श्री ५ महेन्द्रवीरविक्रम शाहको पनि उल्लेखनीय स्थान छ । भित्री गर्भगृहको भित्तामा तथा भूइँमा सङ्गमर्मर र टल्कने टायलहरू टाँस्ने काम श्री ५ महेन्द्रवीरविक्रम शाहको शासनकालमा भएको थियो । त्यत्ति मात्र होइन वि.सं. २०१५ सालमा पशुपतिक्षेत्रका विभिन्न धार्मिक-सांस्कृतिक स्थलहरूको मर्मत-जीर्णोद्धार गरिएको थियो । त्यस्तै वि.सं. २०२५ माघ २८ गते चाँदीको जलहरी फेर्ने, गर्भगृहको पश्चिमपट्टि रहेको रजतमय नन्दीको जीर्णोद्धार, दलीन आदि फेर्ने, दलीनका बाहिर निस्केको भागमा चाँदीको 'दलीनख्वा' वनाउने, मन्दिरको चारैतर्फका सुवर्ण एवं चाँदीका ढोकाहरूको परिष्कार तथा मन्दिरको बाहिरी भित्ताका काष्ठका मूर्तिहरूलाई धातुमय पार्ने काम श्री ५ महेन्द्रबाट भएको थियो ।[३४५] त्यस वेला ६१,५७७।४।७ तोला चाँदी र २५।५ तोला सुन खर्च गरी मर्मत भएको थियो ।

वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट वि.सं. २०४२ मा मन्दिरको भित्री प्रदक्षिणापथका दलीनहरू सबै छोपिने गरी 'श्री ५ वीरेन्द्र श्री ५ ऐश्वर्य' अङ्कित चाँदीको श्रीपेचयुक्त पाताहरू ठोक्न लाइबक्सेको यस सन्दर्भमा महत्त्वपूर्ण छ ।

पशुपतिनाथको मन्दिरभित्र केवल शिवलिङ्ग मात्र एक्लो रूपमा छैन भन्ने कुरा गजुरले पनि देखाउँछ । सामान्यतया मन्दिरहरू निर्माण गर्दा विष्णु, शिव, सूर्य, देवी र गणेशमध्ये एकलाई प्रमुखता दिई बीचमा स्थापना गरी अरूलाई त्यस मन्दिरको चार कोणमा स्थापना गरिएको पाइन्छ । पशुपतिनाथमन्दिरमा त्यसरी चार कोणमा विष्णु, सूर्य, देवी र गणेशका मन्दिरहरू स्थापना भएका छैनन् । तर मन्दिरको मूल गर्भगृहको भित्र चार कोणमध्ये उत्तर-पूर्वमा गणेश, दक्षिण-पूर्वमा सूर्य, पश्चिम-उत्तरमा विष्णु र दक्षिण-पश्चिममा देवीको मूर्तिको स्थापना गरी पशुपतिनाथमन्दिरलाई 'शिवपाञ्चायन' को स्वरूप दिन खोजिएको छ । गर्भगृहका ती मूर्तिहरू हेर्दा यो स्वरूप मल्लकालमा दिएको हुनुपर्ने देखिन्छ । मन्दिरभित्रको पाञ्चायनको सङ्केतस्वरूप पशुपतिनाथको मन्दिरमा पाँचवटा गजुरहरू स्थापित छन् । बीचको गजुर भगवान् पशुपतिनाथको भएको तथा त्यस मन्दिरको प्रधान देवता भगवान् पशुपतिनाथ भएको कारणले बीचको गजुर अरूभन्दा ठूलो छ । बीचको गजुरको चार कुनामा त्यसभन्दा साना चारवटा गजुरहरू छन् । बीचको गजुरमा भगवान् शिवको आयुध त्रिशूल र डमरु राखिएका छन् ।

पशुपतिनाथको मन्दिरको बाहिरी सिँढी तथा तल्लो तलाको चारैतर्फको भित्तामा अहिले सङ्गमर्मर टाँसिएको देखिन्छ । पहिले यस्तो थिएन । राणा प्रधानमन्त्री रणोद्दीपसिंहले ती सङ्गमर्मरहरू टाँसेका हुन् भन्ने कुराको चर्चा माथि नै गरियो । सङ्गमर्मर टाँस्नुअघि इँटाका भित्ता थिए र त्यसमा विभिन्न व्यक्तिहरूले भिन्न-भिन्न उद्देश्यले राखेका सुवर्णपत्र, ताम्रपत्रहरू टाँसिएका थिए । त्यस वेलाका धेरैजसो ताम्रपत्र, सुवर्णपत्रहरू पशुपतिगोश्वारमा अझै छन् । सिँढीमुन्तिरको भित्तामा भने चाँगुनारायणको मन्दिरमा जस्तो विभिन्न भावभङ्गीका गन्धर्व, किन्नर, अप्सराहरूका नाचगान गरिरहेका, बाजा बजाइरहेका झण्डै एक-डेढ फिटका मूर्तिहरू मन्दिर वरिपरि थिए । सङ्गमर्मर टाँस्दा ती

---

३४५ श्री ५ महेन्द्रवीरविक्रम शाहको वि.सं. २०२५ माघ २८ को ताम्रपत्र । यो ताम्रपत्र पशुपतिनाथमन्दिरको दक्षिणपट्टिको प्रदक्षिणापथको पश्चिमभित्तामा टाँसिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिहरू झिकिए । तर व्यवस्थित रूपले कहीं नराखी मन्दिर प्राङ्गणमा नै असरल्ल छोडिए । तिनमध्ये दुइ-चारवटा मूर्तिहरू लालगणेशको उत्तरपट्टिको मण्डपमा टाँसेर राखिए, केही त्यहीँ अलपत्र थिए । पछि वि.सं. २०४१ मा वासुकिमन्दिरको उत्तरपट्टिको पर्खाल निर्माण गर्दा सोही पर्खालमा टाँसेर राखिएको पाइन्छ । यद्यपि ती मूर्तिहरूको लागि त्यो उपयुक्त स्थल होइन, तैपनि केही न केही रूपमा सुरक्षित भने भएका छन् । ती मूर्तिहरूको शैली र बनोट हेर्दा विक्रमको अठारौं शताब्दीताका बनेका देखिन्छन् । धेरै सम्भव छ, यी मूर्तिहरू ने.सं. ८१७ (वि.सं. १७५४) मा भूपालेन्द्र मल्लले मन्दिरको पुनर्निर्माण गर्दा बनाएका हुन् ।

पशुपतिनाथमन्दिरप्राङ्गण वि.सं. २०१६ को मर्मतसुधार एवं जीर्णोद्धारपछि केही फराकिलो बन्न गएको हो । त्यसभन्दा अगाडि त्यस्तो थिएन । अहिले सत्यनारायणमन्दिरको अगाडि लहरै उभ्याइएका विभिन्न समयमा तुलादान गर्दा त्यसको सम्झनास्वरूप स्थापना गरिएका स्तम्भहरू प्राङ्गणको चारैतर्फ छरिएर रहेका थिए । चोकमा विभिन्न व्यक्तिहरूले समय-समयमा स्थापना गरेका शिवलिङ्गहरूले गर्दा प्राङ्गण साँगुरिएको थियो । वि.सं. २०१६ मा भएको सुधारको क्रममा त्यहाँ भएका शिवलिङ्गहरूलाई रुद्रगारेश्वरमा सारियो । त्यस्तै घण्टाहरू, शिलालेखहरू यत्रतत्र छरिएकोलाई एकत्रित गरी राख्ने काम भयो । यसले गर्दा साँगुरो प्राङ्गण खुला भयो । त्यस वेला मुक्तिमण्डपवरपरको बाटोलाई चौडा पारियो ।

पशुपतिनाथमन्दिरको प्राङ्गणको अहिलेको स्वरूप पछिको हो । जुन वेला पशुपतिनाथमन्दिरको उत्तर-पश्चिम दिशामा स्थापित दुइ तले सत्तलको निर्माण, दक्षिणतर्फको यज्ञशालाको निर्माण तथा पश्चिमतर्फको 'महेन्द्रसहारा' भवनको निर्माण भएको थिएन, त्यस वेला पशुपतिनाथमन्दिरको निश्चित प्राङ्गण भन्ने नै थिएन भने हुन्छ । जब वि.सं. १९७० ताका चन्द्रशमशेरले उत्तर-पश्चिम दिशाको सत्तल बनाउन लगाए, जुद्धशमशेरले यज्ञशालाभवन पक्की गरी बनाए र वि.सं. २०१६ मा 'महेन्द्रसहारा' भवन बन्यो, त्यसपछि एक किसिमले प्राङ्गणको स्वरूप स्वतः बन्यो । हुन त पश्चिमपट्टि त्यही स्थानमा पशुपतिनाथमन्दिरमा जाने पश्चिम मूल ढोका त्यसभन्दा अगाडि पनि थियो ।

पशुपतिनाथमन्दिरको महत्त्वले गर्दा नै त्यस मन्दिरको नजिकमा विभिन्न समयमा आ-आफ्ना कीर्तिहरू राख्न राजा-प्रजा सबै उद्यत रहेको पाइन्छ । त्यही कारणले गर्दा सातौँ-आठौँ शताब्दीमा वासुकिमन्दिरको स्थापना गरियो । नवौँ-दशौँ शताब्दीमा ब्रह्माको मन्दिर निर्माण भयो । लिच्छविकालमा त्यहाँ कमलमाथि बसेका हरिको मन्दिर पनि स्थापना भएको थियो । अहिले शिलालेख मात्र छ ।[३४६] मूर्ति तथा मन्दिर छैनन् । त्यस्तै गरी सातौँ-आठौँ शताब्दीताका मन्दिरको दक्षिणपट्टि कीर्तिमुखभैरवको स्थापना भयो । भगवत्प्रनर्दन प्राणकौशिकले सातौँ शताब्दीमा शिलापत्रसहित चण्डेश्वरको स्थापना गरे । उनले स्थापना गरेको पुरानो मूर्ति त अहिले छैन, त्यसको ठाउँमा नयाँ मूर्ति छ ।

पशुपतिनाथमन्दिरको दक्षिणतर्फ नारायण भट्टले ने.सं. ५९१ (वि.सं. १५२७) मा उन्मत्तभैरवको स्थापना गरिदिए ।[३४७] त्यस्तै गरी पार्थिवेन्द्र मल्लले ने.सं. ७९९ (वि.सं. १७३५) मा पार्थिवेश्वरमन्दिर एवं ने.सं. ७९६ (वि.सं. १७३३) मा इन्द्रेश्वरमन्दिरको स्थापना गरे । नृपेन्द्र मल्लले ने.सं. ७९७ (वि.सं. १७३४) मा पशुपतिनाथमन्दिरको पूर्वतर्फ राधाकृष्णको मन्दिरको स्थापना गरे । उनीहरूका बाबु प्रताप मल्लले ने.सं. ७७५ (वि.सं. १७१२) मा कोटिलिङ्गेश्वर महादेवको मन्दिर स्थापना गरेका थिए । त्यसै गरी मुक्तिमण्डपको स्थापना पनि उनैले गरे । पशुपतिनाथमन्दिरको उत्तरतर्फका गुम्बज शैलीका सबै मन्दिरहरू शाहकालका कीर्ति हुन् । वासुकिमन्दिरपश्चिमका देवालयहरू- रत्नकुमारेश्वर, शेरनरसिंहेश्वर, केदारनरसिंहेश्वर, होमेश्वरीभगवतीमन्दिर बद्रीनरसिंह राणा र उनका

---

३४६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १ सङ्ख्या ।

३४७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तानहरूले स्थापना गरेका हुन् । उत्तरतर्फको बद्रीनाथको मन्दिर बद्रीनरसिंहले वि.सं. १९०५ मा स्थापना गरेका हुन् ।

समय-समयमा निर्माण भएका विभिन्न मन्दिर र राखिएका विभिन्न कीर्तिहरूले गर्दा पशुपतिनाथको मन्दिरलाई भव्यता प्रदान गर्न सहयोग पुऱ्याएको यताबाट देखिन्छ । यसले पशुपतिनाथको समाजमा विद्यमान महत्त्वलाई आफ्नै ढङ्गले प्रस्तुत गरेको छ ।

४.७ पशुपतिनाथमन्दिरमा शमसुद्दीनको आक्रमण

शताब्दियौंदेखि नेपालको धार्मिक–आध्यात्मिक समुत्थानमा उल्लेखनीय स्थान राख्दै आएको पशुपतिनाथमन्दिरमा विधर्मीहरूले कुदृष्टि लगाएको पनि पाइन्छ । त्यो हो बङ्गालका सुल्तान शमसुद्दीनको आक्रमण ।[३४८] नेपालको इतिहास एवं धार्मिक जनआस्थामा नै त्यसलाई दुःखद मानिन्छ । त्यस समयमा घटेका केही विवरणहरू वंशावली एवं शिलालेखहरूमा उपलब्ध छन् । यद्यपि त्यहाँ विस्तृत विवरणहरू पाइँदैनन् । तैपनि जति प्राप्त छन्, तिनीहरू जानकारीसम्मको लागि यथेष्ट छन् । जुन वेला शमसुद्दीनले आक्रमण गरेका थिए त्यस वेला यहाँ राजदेवको शासन थियो । शमसुद्दीनले आक्रमण गर्नाको खास कारण के थियो ? स्पष्ट बताउन सकिन्न । तर विध्वंस पारेर हाहाकार मच्चाउन सफल भएर पनि राज्य लिने अभिप्राय नदेख्दा भने राज्यलिप्सा नभईकन लुटपाट गर्नु मात्रै प्रमुख कारण थियो भन्ने अनुमान हुन्छ ।

शमसुद्दीनको आक्रमण हुनाका कारणहरूमा देशको आन्तरिक राज्य प्रशासन कमजोर हुनु हो भन्ने कुरा तात्कालिक नेपालको घटनाक्रमबाट विदित हुन्छ । रुद्र मल्लको मृत्यु (वि.सं. १३८३) पछि अधिकारको लागि भारदारहरूमा जुन हानथाप चल्यो, त्यसले आन्तरिक कलहलाई बढाउँदै लगेको देखिन्छ । वि.सं. १३८३ मा रुद्र मल्लको मृत्युपछि रुद्र मल्लद्वारा गद्दीका हकदार बनाइएका उनका नातेदार अरि मल्ल गद्दिनसिन भए । उनी वि.सं. १४०१ आश्विनसम्म राजा थिए ।[३४९] अरि मल्लको मृत्युको तीन वर्षसम्म मूल राजगद्दी खाली रह्यो । त्यसमा आन्तरिक कलह नै कारण बनेको पाइन्छ । पछि वि.सं. १४०४ श्रावणमा आनन्ददेवका मठ्याहा छोरा राजदेव गद्दीमा राखिए ।[३५०] त्यसैबीच पशुपति मल्लले गद्दीमा दावी गर्न शुरू गरे । परन्तु वि.सं. १४०५ मार्गमा कैदमै उनको मृत्यु भएकोले उग्ररूप लिन पाएन ।[३५१] त्यस्तै कमजोर अवस्थाको फाइदा उठाउने हेतुले वि.सं. १४०६ मङ्सिर २२ गते बङ्गालका सुल्तान शमसुद्दीनले काठमाडौं अधित्यकामा आक्रमण गरेका थिए ।[३५२]

शमसुद्दीन पहिले सुल्तान तुगलगका सामन्त थिए । पछि उनी बङ्गालका स्वतन्त्र राजा भए । उनले वि.सं. १४०२ मा तिरहुतमाथि प्रभुत्व जमाए । तिरहुतको विजयले बलशाली भएका शमसुद्दीनले काठमाडौंखाल्डोको कमजोर अवस्थालाई देखी आक्रमण गरे ।[३५३] शमसुद्दीनको आक्रमणले नेपालमा हाहाकारको स्थिति उत्पन्न भयो । मूर्ति-मन्दिर ध्वस्त बनाइए । यसैले गर्दा त्यसभन्दा अगाडिका मूर्ति, मन्दिर ज्यादै कम प्राप्त छन् । भएका मूर्तिहरू पनि तोडफोड गरी विरूप पारिएका अवस्थामा छन् ।

---

३४८ यससम्बन्धी जानकारी दिने पहिलो व्यक्ति ऐ.शि बाबुराम आचार्य हुनुहुन्छ ।

३४९ धनवज्र वज्राचार्य, "शक्तिशाली भारदार रामवर्द्धनहरू र तात्कालिक नेपाल" *पूर्णिमा*, ७ पूर्णाङ्क, (वि.सं. २०२२ कार्तिक), १९ पृष्ठ ।

३५० धनवज्र वज्राचार्य, (प्र.सम्पा.), पूर्ववत्, पादटिप्पणी २०७ सङ्ख्या, २३५-२३६ पृष्ठ ।

३५१ Dhanavajra Vajracharya, Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 84.

३५२ धनवज्र वज्राचार्य, "शमसुद्दीनको आक्रमण", *पूर्णिमा*, ८ पूर्णाङ्क, (वि.सं. २०२२ माघ), ७ पृष्ठ ।

३५३ Luciano Petech, *op.cit.*, foot note no. 238, p. 126.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शमसुद्दीनको हमला खतरनाक थियो भन्ने कुरा *गोपालराजवंशावली*मा 'नेपाल स्मस्त भस्मीभवान' अर्थात् सारा नेपाल भस्म भयो[३५४] 'समस्त डाहरपा' अर्थात् सबैतिर डढायो[३५५] भन्ने उल्लेख, त्यस्तै वि.सं. १४०६ मङ्सिरको पाटन पिंबहालको अभिलेखमा 'नेपाल सर्वनगरै भश्मीकरोति' अर्थात् सबै नेपाल शहर भस्म पार्छ[३५६] भन्ने विवरण तथा वि.सं. १४२९ को स्वयम्भूको अभिलेखमा 'नेपाल भग्नो दग्धश्च सर्वश:' अर्थात् नेपाल सबैतिर भत्काइयो, पोलियो[३५७] भन्ने उल्लेखहरू पाइने हुनाले बुझ्न सकिन्छ । शमसुद्दीनको हमलाले तात्कालिक जनजीवनमा हाहाकारको स्थिति पैदा गऱ्यो । *गोपालराजवंशावली*मा 'हाहा भवन्ति लोकश्च' अर्थात् दुनियाँमा हाहाकार भयो, 'महाकष्ट भवामि भक्तापुरे' अर्थात् भक्तपुरमा ज्यादै दु:ख पाएँ भनी टिपिएकोले पनि उक्त कुरा बुझिन्छ । *गोपालराजवंशावली* यो आक्रमणभन्दा झण्डै चालीस वर्ष जति पछि स्थिति मल्लको पालामा तयार पारिएको हो । त्यहाँ उल्लेख गरिएका वर्णनलाई पढ्दा यसका रचयिता यस मुसलमानी आक्रमणको अनुभवी थिए भन्ने बुझिन्छ ।[३५८] त्यहाँ टिपिएको छ-

"संवत् ४६९ वेशाषीपोर्ण्णमास्यां श्रीश्रीराजा जयराजदेवेन श्रीपशुपतिभटारकस्य कोष प्रढोकितम् ॥ तनतरे पूर्व्व सुरतान समसदिन मागत्य नेपालम् श्रीपशुपति त्रिखंडीकृता नेपाल स्मस्त भस्मीभवान् हाहो (हाहा) भवन्ति लोकश्च"

अर्थात्, ने.सं. ४६९ (वि.सं. १४०६) वैशाख पूर्णिमाको दिन श्रीश्रीराजा जयराजदेवले श्रीपशुपति भट्टारकलाई कोष चढाए । त्यसपछि पूर्वतिरबाट सुल्तान शमसुद्दीन नेपाल आई श्रीपशुपतिनाथलाई तीन टुक्रा पाऱ्यो । सारा नेपाल भस्म भयो । दुनियाँमा हाहाकार फैलियो ।

उपर्युक्त विवरणबाट शमसुद्दीनले पशुपतिमा आक्रमण गरेको कुरा बुझिन्छ । वंशावलीकारले राजा राजदेवले पशुपतिमा चढाएको कोष र यो आक्रमणसँग सम्बन्ध स्थापित गर्न खोजेका छन् । सुल्तान शमसुद्दीन पूर्वपट्टिको बाटो भएर आएका थिए । यो कुरा *गोपालराजवंशावली*मा 'सम्वत् ४७० मार्गशिरशुक्ल ९ महाकष्ट भवामि भक्तापुरे' अर्थात् ने.सं. ४७० (वि.सं. १४०६) मार्गशुक्ल नवमीको दिन भक्तपुरमा ज्यादै दु:ख पाएँ भनी उल्लेख गरेको[३५९] तथा स्वयम्भूको ने.सं. ४९२ (वि.सं. १४२९) को अभिलेखमा शमसुद्दीनले ने.सं. ४७० (वि.सं. १४०६) मार्गशुक्ल दशमीको दिन आई आक्रमण गरेको उल्लेख पाइनाले थाहा हुन्छ । मुसलमानी आक्रमण पाटनमा पनि भएको थियो । *गोपालराजवंशावली*ले शमसुद्दीनले सात दिनसम्म बसी उत्पात मच्चाएको उल्लेख गरेको छ । तर ने.सं. ६३० (वि.सं. १५६७) मा सारिएको *नारदस्मृति*मा टिपिएको टिपोटमा भने ने.सं. ४७० (वि.सं. १४०६) मार्गकृष्ण नवमीसम्मको उल्लेख पाइनाले शमसुद्दीनले सातदिनभन्दा बढी समयसम्म बसेर तहस-नहस पारेको सङ्केत मिल्दछ । त्यहाँ उल्लिखित टिपोटअनुसार ने.सं. ४७० (वि.सं. १४०६) मार्गकृष्ण नवमीको दिन पशुपतिमा आक्रमण गरिएको थियो ।[३६०]

---

३५४ Dhanavajra Vajracharya, Kamal P. Malla, op.cit., foot note no. 189, p. 36.

३५५ *Ibid.*, p. 60.

३५६ धजवज्र वज्राचार्य (प्र.सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २०७ सङ्ख्या, १९३ पृष्ठ ।

३५७ *ऐजन*, पृष्ठ ९४, ९५ ।

३५८ धजवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ३५२ सङ्ख्या, ७ पृष्ठ ।

३५९ Dhanavajra Vajracharya, Kamal P. Malla, *op.cit.*, foot note no. 189, p. 36.

३६० महेशराज पन्त, दिनेशराज पन्त, "नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला", *पूर्णिमा*, १२ वर्ष, १ अङ्क, (वि.सं. २०३७ जेष्ठ), ८ पृष्ठ ।
"ॐ सम्वत् ४७० मार्गशिरकृष्ण ॥ तृराख कोन्हु समनदिन शुर्तानन नेपाल तेरो पशुपति स्यंगु खवप्वंयलं, यग्ल, यंवु मि चोया मोको दिन शनिश्चर मीनगत यजुरो"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस वेला नेपालको राजधानी भक्तपुरमा रहेको थियो । पूर्वतिरबाट पस्दा मुखैमा भक्तपुर पर्ने हुनाले शमसुद्दीनको सेना पहिले त्यहाँ विध्वंस मच्चाएर अगाडि बढेको देखिन्छ । मूर्ति तथा मन्दिरका कट्टर विरोधी भएको हुनाले तिनीहरूले देवमन्दिर भत्काउने, आगो लगाउने कार्यलाई बढावा दिए । त्यसैले गर्दा पशुपति, स्वयम्भू, पिंबहाल जस्ता प्रसिद्ध मन्दिर तथा स्तूपहरू पनि बच्न सकेनन् । मन्दिर, स्तूप, विहार आदि धार्मिक केन्द्रहरूमा त्यस वेला कोष चढाउने, अमूल्य वस्तुहरू राख्ने प्रचलन हुनाले त्यतापट्टि पनि आँखा लगाई ती वस्तुहरू हात लगाउन मठ, मन्दिर नष्ट गरेको बुझिन्छ । शमसुद्दीनको आक्रमणको प्रवृत्ति र प्राप्त अभिलेखहरूमा उल्लिखित विवरणलाई हेर्दा त्यस वेला नेपालखाल्डोका धेरैजसो मठ, मन्दिर, स्तूप, ध्वस्त भएको देखिन्छ । पशुपति, स्वयम्भू तथा पिंबहाल तिनको प्रसिद्धिको कारण पुनर्निर्माण भएकाले प्रतिष्ठा गर्दा राखिएका शिलालेखहरूबाट आक्रमणको मारको बारेमा थाहा पाउन सकियो । अरू अनगिन्ती मठ, मन्दिर, स्तूपहरू जो नष्ट पारिएपछि पुनः निर्माण हुन सकेनन्, तिनीहरू सदाको लागि लोप भए । अहिले तिनको विवरण र सङ्केतसम्म पाउन सकिन्न । आक्रमणको सात वर्षपछि अर्थात् ने.सं ४७७ (वि.सं. १४१४) मा महापात्र मेघपालले पिंबहाल चैत्यको जीर्णोद्धार गरेको, ११ वर्षपछि वि.सं. १४१७ मा महामन्त्री जयसिंहरामवर्द्धनले पशुपतिनाथको लिङ्ग प्रतिष्ठा गरेको तथा २३ वर्षपछि मात्र वि.सं. १४२९ मा स्वयम्भू जस्ता प्रसिद्ध मन्दिर र चैत्यहरूको पुनर्निर्माण भएको घटनालाई हेर्दा शमसुद्दीनको आक्रमणले आर्थिक अवस्थालाई डामाडोल पारिदिएको देखिन्छ । पशुपति, स्वयम्भू, तथा पिंबहाल जस्ता प्रसिद्ध मन्दिर र चैत्यहरू तत्काल राज्यको तर्फबाट बन्न नसक्नु त्यसको ज्वलन्त प्रमाण हो । पछि पुनर्निर्माण हुँदा पनि व्यक्तिगत रूपमा प्रजाको तर्फबाट बनेको घटनाले अन्य साना-तिना मठ-मन्दिरहरू शायदै पुनः बने होलान् भन्ने अनुमान गर्न सकिन्छ । विक्रमको पन्ध्रौँ शताब्दीभन्दा अघिका मठ, मन्दिर, स्तूपहरू कमै मात्र पाइने यथार्थलाई हेर्दा शमसुद्दीनको आक्रमण नै जिम्मेदार भएको पाइन्छ । त्यसभन्दा अगाडि विधर्मी नभए तापनि डोय (तिरहुते) हरूले पहिलो पटक वि.सं. १३६८ मा हमला गर्दा यहाँका देवस्थलमा आगो लगाउने, भत्काउने, देवस्व हरण गर्ने काम गरेका थिए ।[३६१]त्यस्तै शमसुद्दीनको आक्रमणको १७० वर्षपछि पाल्पाका मुकुन्द सेनले स्वयम्भू, भगवान्‌बहाल तथा खुसिबहिलमा आक्रमण गरेको उल्लेख पाइन्छ । उनको यो आक्रमण धर्मविरोधी भएर होइन, साङ्ग्रामिक कारणबाट भएको थियो ।[३६२] डोयहरूको आक्रमण शमसुद्दीनको तुलनामा त्यति साङ्घातिक थिएन ।

शमसुद्दीनको आक्रमणले पशुपतिमा के-के विध्वंस भयो विस्तृत बताउने अभिलेखीय विवरण पाइँदैन, तर पशुपतिमन्दिरवरपर टुटेफुटेका अवस्थामा पाइने मूर्तिहरू त्यसैको प्रतिफल हुन् कि भन्ने अनुमान हुन्छ । विक्रमको पन्ध्रौँ शताब्दीपूर्वका कुनै पनि मूर्तिहरू सग्लो रूपमा नपाइनुको पछिल्तिर यसबाहेक अर्को कारण हुन सक्तैन । तिलगङ्गाको त्रिविक्रम, आर्यघाटपारिका उमामहेश्वर, राजराजेश्वरीको बुद्ध, भस्मेश्वरको उमामहेश्वर, भीमसेननगीको विश्वेश्वर, रुद्रगारेश्वरको राम, परशुराम (अहिले हराइसक्यो) आदि अनेकौँ आकृतियुक्त मूर्तिहरूमा कसैको टाउको छैन, कसैको हात-खुट्टा छैन, अङ्गभङ्ग गरिएका छन् । अर्को कुरा पशुपतिनाथमन्दिरमा विभिन्न व्यक्तिहरूले राखेका कीर्तिको संस्मरणार्थ ताम्रपत्र, सुवर्णपत्र आदि टाँसेर राख्ने गरेको चलन त्यस मन्दिरबाट झिकेर हाल पशुपति-गोश्वारामा राखिएका सैयौँ त्यस्ता अभिलेखहरूबाट विदित हुन्छ । तिनीहरूमा सबभन्दा पुरानो ने.सं. ५३३ (वि.सं. १४७०) को ज्योतिर्मल्लको भग्न ताम्रपत्र छ । त्यसभन्दा अगाडिका ताम्रपत्रहरू त्यहाँ प्राप्त नहुनुमा शमसुद्दीनकै आक्रमण जिम्मेदार रहेको हुनुपर्छ । सम्भवतः शमसुद्दीनको आक्रमणमा परी त्यहाँ भएका ताम्रपत्र वा सुवर्णपत्रहरू नष्ट भए । त्यसैले गर्दा पशुपति जस्तो लामो इतिहास बोकेको मन्दिरमा अगाडिका ऐतिहासिक ताम्रपत्र-सुवर्णपत्रहरू बच्न सकेनन् । आक्रमण सकिएको त्रिसट्ठी वर्षपछिका ताम्रपत्रहरू मात्र पाइन्छन् ।

---

३६१ धजवज्र वज्राचार्य, "डोयहरू को हुन् ?" *पूर्णिमा,* १ वर्ष, ४ अङ्क, (वि.सं २०२१ माघ), २६-२७ पृष्ठ ।

३६२ महेशराज पन्त, दिनेशराज पन्त, पूर्ववत्, पादटिप्पणी ३६० सङ्ख्या, १९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शमसुद्दीनको आक्रमणमा पशुपतिनाथलाई तीन टुक्रा पारियो । त्यसपछि एघार वर्षसम्म पशुपतिनाथको पूजा-आजा कसरी चल्यो ? त्यस वारे यसै भन्न सकिन्न । कसैले त्यस अवधिमा शङ्कराचार्य स्वामीले स्थापना गरेका आगमघरमा पूजा गर्ने गरेको थियो भन्छन् ।[३६३] तर त्यसको स्पष्ट प्रमाण छैन । जे होस्, वि.सं. १४०६ मा शमसुद्दीनको आक्रमणमा ध्वस्त भएको पशुपतिनाथको पुनरुद्धार तत्काल हुन सकेन । एघार वर्षपछि वि.सं.१४१७ मा जयसिंहरामवर्द्धनले गरिदिए । राजकाजमा अस्थिरता रहेको कारणले राज्यको तर्फबाट त्यो काम हुन सकेन । त्यो देखी जयसिंहरामवर्द्धनले त्यस जिम्मेवारीलाई आफ्नो काँधमा लिई पूरा गरी छाडे । उनको लागि त्यो ठूलो गौरवको कुरा थियो । समाजले पनि त्यस कार्यलाई गुन सम्झी अङ्गीकार गरेको थियो । आराध्य शर्माका कान्छा छोराले राखेको देवपत्तन लगनलाछीटोलको अभिलेखमा उनलाई पशुपतिनाथको लिङ्ग स्थापना गर्ने व्यक्तिको रूपमा चर्चा गरेको छ । त्यस्तै इन्द्रेश्वरमन्दिरमा उनका परिवारले राखेको अभिलेखमा पनि 'अत्रासीज्जयसिंहरामनृपति: प्रख्यातभूमण्डले श्रीमान् श्रीभगवान् शिव: पशुपतिर्येन प्रतिष्ठापित' भनी सम्झना गरिएको छ ।[३६४] ने.सं. ४८० (वि.सं. १४१७) को इटुंबहालको अभिलेखमा पनि उनलाई पशुपतिनाथको स्थापना गर्ने व्यक्तिको रूपमा उल्लेख गरिएको छ ।

वर्तमान पशुपतिनाथको लिङ्ग यिनै जयसिंहरामवर्द्धनको कृति हो । विक्रमको पन्ध्रौं शताब्दीमा निर्माण गरिएको भए तापनि यो शिवलिङ्ग प्राचीन विशेषतायुक्त र उच्च कलाकृतिले ओतप्रोत छ । शास्त्रीय प्रमाण र आधारमा तयार गरिएको यस शिवलिङ्गलाई त्यत्तिकै श्रद्धा, विश्वास र आस्थासाथ आराध्यदेवको रूपमा पूजा-आजा गर्ने परम्परा हिन्दूधर्मावलम्बीहरूले कायम राखेका छन् । अर्वाचीनकालमा स्थापना गरेको हो भनेर कसैले पनि पशुपतिनाथलाई ह्रेर्दैनन् । भगवान् पशुपतिनाथको उहिले जुन महत्ता थियो, अहिले पनि त्यही महत्त्व जीवन्त छ ।

३६३ कुलचन्द्र कोइराला, "भगवान् श्री पशुपतिनाथको आगमघर", *प्रज्ञा*, १४ वर्ष, ४ अङ्क, (वि.सं २०४३), १४ पृष्ठ ।
३६४ गौतमवज्र वज्राचार्य, महेशराज पन्त (सम्पा.), *पूर्णिमा*, ४ वर्ष, २ अङ्क, (वि.सं २०२४ श्रावण-आश्विन), १३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँच अध्याय

पशुपतिनाथमन्दिरमा नित्यनैमित्तिक पूजापर्व

पशुपतिनाथमन्दिरमा नित्य एवं नैमित्तिक पूजापर्वहरू आफ्नै किसिमका छन् । कुनै पनि मन्दिरको सजीवता एवं जीवन्तताको लागि नित्यनैमित्तिक पूजाआजा अपरिहार्य मानिन्छ । नित्यनैमित्तिक पूजाआजा नहुने मन्दिरहरू दर्शनीय स्मारक त होलान् तर जीवन्त साधनास्थल बन्न सक्तैनन् । मन्दिर केवल पूजास्थल मात्र होइन, यो एउटा साधनास्थल पनि हो, जहाँ पुगेपछि मानिसले अनेक प्रेरणा, भावना र/जीवनमा उपयोग हुने तत्त्वहरू फेला पार्दछन् । यसैले मन्दिरलाई हिन्दूधर्म-संस्कृतिमा सर्वाधिक महत्ता दिइएको पाइन्छ । मन्दिरको अवस्थाको बारेमा थाहा पाउने कडीको रूपमा त्यहाँ हुने पूजाआजा, पर्व र व्यवस्था रहेका हुन्छन् । ती कुराहरू व्यवस्थित, नियमित र सुदृढ छन् भने मन्दिरको अवस्था राम्रो छ भन्न सकिन्छ । अन्यथा तिनीहरू साधनास्थल नभई दर्शनीय स्मारकस्थल मात्र हुन पुग्छन् । यस अध्यायमा पशुपतिनाथमन्दिरसँग सम्बद्ध नित्यनैमित्तिक पूजाआजा र पर्वविशेषको बारेमा चर्चा गर्नुपरेको छ ।

५.१ नित्यपूजा

भगवान् पशुपतिनाथको महत्त्व नेपालमा प्राचीन कालदेखि नै रहेको थियो । यससम्बन्धमा अघिल्लो अध्यायहरूमा विस्तृत रूपले चर्चा गरिसकिएको छ । शैव धर्म र पशुपतिनाथको नेपाली समाजमा प्रारम्भदेखि नै उच्च स्थान थियो । भगवान् पशुपतिनाथले राष्ट्रदेवकै रूपमा स्थान पाएका अभिलेखीय प्रमाणहरू पाइन्छन् । यस्ता उल्लेखहरू लिच्छविकालदेखिका पाइएका छन् । राज्याश्रय पाउनाको कारण त्यस वेला पशुपतिनाथको दैनिक पूजाआजामा राज्यको तर्फबाट व्यवस्था गरिएको अनुमान हुन्छ । लिच्छविकालभन्दा अगाडि पशुपतिनाथको पूजाआजामा कस्तो किसिमका व्यवस्थाहरू गरिएका थिए ? केही भन्न सकिँदैन । तर लिच्छविकालमा भने धार्मिक, सामाजिक तथा लौकिक व्यवस्था मिलाउन र तिनीहरूको समुत्थानको निमित्त विभिन्न किसिमका 'गोष्ठी' हरूको सङ्गठनका विवरणहरू पाइने हुनाले पशुपतिनाथको पूजाआजा, यसको समृद्धि र समुत्थानमा त्यस्तै गूठीहरूको माध्यमबाट काम भएको अनुमान गर्न सकिन्छ । जहाँसम्म पशुपतिनाथको पूजाआजाको कुरा छ, लिच्छविकालतिर यो वैदिक विधिअनुसार सामान्य रूपबाट हुन्थ्यो भन्ने देखिन्छ । यस कुरालाई लिच्छविकालका केही शिलालेखहरूले पुष्टि गर्दछन् । पशुपतिनाथमन्दिरको दक्षिण-पूर्व दिशामा छत्रचण्डेश्वरको मूर्ति रहेको एउटा सानो वेदी छ । त्यस वेदीको दक्षिणपट्टि भित्तामा आजकल सिमेण्ट जोडाइका साथ लगाइएको ढुङ्गाको पर्खालमा लिच्छविकालको एउटा अभिलेख रहेको छ ।[१] यद्यपि त्यस शिलालेखमा तिथि-मितिको भाग खिइसकेको छ, तर लिपि सातौँ शताब्दीमा प्रचलित शैलीमा छ । पशुपतिनाथको प्राङ्गणमा यो अभिलेख रहेको तथा शिलालेखको प्रारम्भमा 'त्रैलोक्यनाथ' को उल्लेख आएकोले त्यस अभिलेखको सम्बन्ध पशुपतिनाथसँग छ भन्ने बुझिन्छ । किनभने भगवान् शिवका विभिन्न नामहरूमध्ये 'त्रैलोक्यनाथ' पनि एउटा हो ।[२] साथै त्यसै वेलादेखि भगवान् पशुपतिनाथलाई राज्यको संरक्षण र वृद्धि गर्ने देवताको रूपमा स्वीकारिएको थियो भन्ने कुरा त्यस अभिलेखमा 'राज्यवर्द्धनदेव' को रूपमा उल्लेख गरिएबाट अवगत हुन्छ । हुन त त्यहाँ राज्यवर्द्धनदेव पशुपतिनाथलाई नै भनिएको भन्ने स्पष्ट उल्लेख छैन । तर अभिलेखको प्रारम्भ त्रैलोक्यनाथबाट गरिएको तथा ज्येष्ठशुक्ल त्रयोदशीमा विशेष पूजाको विधान बताइएकोले यो पशुपतिनाथलाई सङ्केत गरिएको हो भन्ने बुझिन्छ । त्रयोदशी, चतुर्दशी आदि तिथिहरू भगवान् शिवको पूजाआजाको निमित्त उपयुक्त तिथि मानिन्छन् । यी

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.स. २०३०), ८८ पृष्ठ ।

२ आचार्य पं. शिवदत्त मिश्र (सम्पा.), *शिवरहस्य,* प्रथम संस्करण, (वाराणसी: ठाकुरप्रसाद बूकसेलर, वि.सं. २०३७), ३१ पष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिथिहरूमा अद्यापि विशेष रूपले पूजाआजा हुने गर्दछ । त्यस्तै त्यहाँ प्रतिदिन एक-एक पण चढाउने कुराको पनि उल्लेख छ । ती कार्यहरूका लागि ६४० भूमि (रोपनी) जग्गा गूठी राखिएको थियो ।[३] त्यसमध्ये ६० मानिका (मुरी) कूत आउने जग्गा स्वयं राजाले राखेका थिए । यी सबै आधारहरूबाट 'राज्यवर्द्धनदेव' भनेका पशुपति नै हुन् भन्ने बुझिन्छ । पशुपतिनाथको महत्त्व राष्ट्रदेवको रूपमा विकसित हुँदै जानुको पछिल्तिर राज्यवर्द्धनदेव नाम पनि कारण बनेको देखिन्छ । यसबाट पशुपतिनाथको पूजा गर्दा त्यस वेला, स्नान, अङ्गपूजा जस्ता सामान्य कर्म गरिन्थ्यो भन्ने बुझिन्छ । त्यस वेला अरू देवी-देवताहरूको पनि यस्तै विधानअनुसार पूजा गरिन्थ्यो भन्ने कुरा पशुपतिको आभीरी गोमिनीको संवत् ४६२ (वि.सं. ५९८) को अभिलेखबाट बुझिन्छ ।[४] त्यहाँ आभीरी गोमिनीद्वारा स्थापित 'अनुपरमेश्वर'को पूजा गर्ने सन्दर्भमा तेल घस्ने, नुहाउने, पूजा गर्ने, चन्दन, नैवेद्य चढाउने कुराको उल्लेख छ । त्यस्तै नरेन्द्रदेवको ललितपुरगैह्रीधाराको अभिलेखको विवरणबाट पनि तात्कालिक अवस्थाको पूजा प्रक्रियाको बारेमा केही कुरा अवगत गर्न सकिन्छ । नरेन्द्रदेवको त्यस अभिलेखमा वज्रेश्वरको पूजाबारे भनिएको छ ।[५]

> "ज्ञानयोगकर्मयोगरतैः शीलाचारपरैर्वस्तव्यन्तैरपि
> यथाकालमनतिक्रम्य देवानाम् स्नपनगन्धपुष्प-
> धूपप्रदीपवर्षवर्धनवर्षाकालवादित्रजपकादिका
> कारणपूजा कर्तव्या ...."

अर्थात्, ज्ञानयोग र कर्मयोगमा लागेकाहरूले सदाचारमा रही यसको हेरविचार गर्नू । तिनीहरूले नियत समय ननघाई देवताको स्नान गराउनू, सुगन्धी वस्तु चढाउनू, फूल चढाउनू, बत्ती बाल्नु, वर्षवर्द्धन गर्नू, वर्षाकालमा बाजा बजाउनू, जप गर्नू आदि कारण-पूजा गराउनू । माथि उल्लिखित विवरण शिवलिङ्गसँग सम्बद्ध भएको तथा पशुपतिनाथ पनि शिवलिङ्ग नै भएकोले पशुपतिनाथको पूजाविधि स्पष्ट रूपमा नपाइए तापनि माथि चर्चित पूजाप्रक्रिया सामान्य प्रचलनमा थियो भन्ने बोध हुन्छ । यसबाट पशुपतिनाथमा लिच्छविकालमा गरिने पूजाआजासम्बन्धी सङ्क्षिप्त जानकारी पाइन्छ । यसरी सामान्य विधि-विधानअनुसार पूजाआजा गर्ने चलन कहिलेसम्म रह्यो किटान गर्न सकिन्न । लिच्छविकालिक राजा जयदेव द्वितीयको राज्यकालपछि लामो समयसम्म शिलालेख तथा अन्य अभिलेखहरूको अभावको कारण यसबारेमा धेरै कुरा भन्न सकिने स्थिति छैन । लिच्छविकालमा घरबार छोडेका सन्न्यासी पुजारीहरूद्वारा पशुपतिनाथको पूजाआजा गर्ने प्रचलन रहेको थियो ।[६] यो चलन लामो समयसम्म रह्यो । उनीहरूले पूजा गरुञ्जेलसम्म सामान्य विधि-विधानअनुसार नै गर्ने गरेको कुरा लिच्छविकालका शिलालेखमा आउने छिटपुट

---

३ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, ८९ पृष्ठ ।

४ *ऐजन*, १७०-१७४ पृष्ठ ।

५ *ऐजन*, ४८२ पृष्ठ ।

६ *ऐजन*, ४३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उल्लेखहरूबाट थाहा हुन्छ । एउटा *वंशावली*मा पशुपतिनाथको पुजारीको रूपमा 'ने' मुनिको चर्चा पाइन्छ ।[७] मध्यकालतिर पुग्दा तान्त्रिक विधि-विधानका समाजमा ज्यादा प्रतिष्ठापित हुन पुग्यो । यत्तिकैमा काशीबाट शङ्कराचार्य स्वामी नामका एक जना तन्त्रमा विशेष दखल भएका सन्न्यासी आए । *वंशावली* तथा शिलालेखमा उनको उल्लेख पाइन्छ । उनको पहिलो उल्लेख एउटा *वंशावली*मा पाइन्छ, जसअनुसार उनी ने.सं. २२० (वि.सं. ११५७) मा यहीं थिए ।[८] ने.सं. २६२ (वि.सं. ११९९) को राष्ट्रिय सङ्ग्रहालय छाउनीमा रहेको शिलालेखमा पनि उनको चर्चा गरिएको छ ।[९] उनी प्रभावशाली व्यक्ति थिए । त्यस वेला राजदरबारसम्म उनको ख्याति पुगेको थियो । फलतः राजकुमारहरू तथा तात्कालिक अन्य उच्चपदस्थ व्यक्तिहरूलाई समेत आफ्नो शिष्य बनाउन उनी सफल भएका थिए । *भाषावंशावली* तथा ने.सं. ८५५ (वि.सं. १७९२) को एक पत्रमा पशुपतिनाथका पुजारीहरू दाक्षिणात्य ब्राह्मण राख्ने चलनको सूत्रपात यिनै शङ्कराचार्य स्वामीले गरेको विवरण पाइन्छ ।[१०] शङ्कराचार्य स्वामी स्वयं तान्त्रिक साधनामा लागेका व्यक्ति हुनाले उनले पशुपतिनाथको पूजाआजामा त्यसलाई बढावा दिए । श्रीयन्त्रको पूजापरम्परा तथा आगमको स्थापना पनि यिनैले गरे । रत्न मल्लको समयदेखि जगज्जय मल्लको समयसम्म केही काल सन्न्यासी पुजारीहरूद्वारा पशुपतिनाथको पूजाआजा चलेको थियो । त्यस वेलाको पूजापद्धति पनि तन्त्रद्वारा प्रभावित भएको अनुमान हुन्छ । गोप्य पाशुपतमन्त्रको विधानद्वारा पूजा हुन्थ्यो । लक्ष्मीनरसिंह मल्लको समयमा घटेको घटनाले त्यही कुरालाई पुष्टि गर्दछ ।[११] आजकल भगवान् पशुपतिनाथको पूजा मिश्रित विधिद्वारा हुने गरेको छ । पशुपतिनाथमा हुने पूजाविधि गोप्य विधानअनुसार हुने भएकोले त्यससम्बन्धी विस्तृत जानकारी सहज हुन सकेन । त्यसो भए तापनि पशुपतिनाथमा बिहानदेखि बेलुकासम्म हुने विभिन्न क्रियाकलापको बारेमा चर्चा गर्नु प्रासङ्गिक हुने देखिन्छ ।

बिहान करीब चार बजेतिर भँडारीहरू वाग्वतीमा नुहाई-धुवाई ढोका खोल्छन् । जाडो महीनामा ढोका खोल्ने समय एकाध-घण्टा अवेला पनि हुन सक्छ । त्यस वेला पश्चिमपट्टिको ढोका खोल्छन् । मुख्यतः बिहानको ढोका खोलेपछि भँडारीहरू गर्भगृहभित्र सफा-सुग्घर गर्न तथा पूजाभाँडा सफा गर्न र चन्दन घोट्ने काममा व्यस्त हुन्छन् । पालो परेको एक जना भँडारी र उसको सहयोगी पालै-पालो ती कामहरूमा लाग्दछन् । दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरूलाई चन्दन-प्रसाद दिने काम पनि पालो मिलाएर गर्दछन् । साथै दिनभरि पूजा गर्न आवश्यक पर्ने पूजा-सामग्री ठीक पारेर राख्ने काम पनि पुजारीहरू मन्दिरभित्र प्रवेश हुनुअघि तयार पारी सक्छन् । बिहान आठ, साढे आठ बजेतिर पुजारीहरू मन्दिरभित्र प्रवेश गर्दछन् । प्रवेश गर्नुअघि ढोकामा पुजारीहरूलाई खुट्टा धुन भँडारीले पानी

---

७ श्रीयज्ञप्रसाद रुपाखेतीले सारेर राखेको *भाषावंशावलीमा* लेखिएको छ--
"अधि कोई कालमा मरीचीका पुत्र नेमुनी पनि योगेश्वरीको महिमा सुनी मणिचूड पर्वतमा गई १२ वर्षसम्म सारै कष्टमा रही तप गर्दा श्रीवज्रयोगिनी प्रादुरभाव भई हे नेमुनी तिम्रा तपस्याले म प्रसन्न भएँ अब तिमी सिद्ध भयौ तिम्रो कीर्ति प्रलयकालसम्म रहनेछ तीम्रै नामले यस देशको नाम पनि नेपाल रहनेछ भुक्तिमुक्तिदायी यो देस हो भन्ने बुझेर श्रीपशुपतिनाथको पुजाहारी भै बस भन्ने आज्ञा हुँदा अब एस देसको पालन कस्ता तरहले गरुँ भनी धर्मराजसँग सोध्न गये । धर्मराजबाट पनि हे मुनी सम्पूर्णको कल्याण हुने स्थिति गर्दा पहिले सत्य शौचमा रहनु अनी क्रमैले काम क्रोध लोभ मोह मदमात्सर्य छुटाउनु वेदोक्त नियम्ममा रहनु दया गर्नु इन्द्रीयलाई जित्नु राजाका अदबम्मा बस्नु यो मैले गरेको काम न्याय अन्याय के भयो भनी विचार गर्नु यस्ता रीतले ज़ो रहला त्यस्लाई कहील्यै भय होओइन त्यसको स्वयं रक्षा गरुँला भन्ने कुरा सुनी नेमुनी पनि आफ्ना आश्रममा आई पशुपतिनाथको पुजाहारी भई धर्मराजका वचनअनुसार प्रजालाई पालना गरी परम आनन्दले रहँदा भये ।"

८ *ऐजन*, ३९ पृष्ठ ।

९ गोविन्द टण्डन, "देवपाटनको शङ्कराचार्य मठ", *विश्रान्ति*, १ वर्ष, २ अङ्क, (वि.सं. २०४३ फाल्गुन), २७-२९ पृष्ठ ।

१० गोविन्द टण्डन, "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन" *अभिलाषा*, (युवा विशेषाङ्क), (वि.सं. २०४२ वैशाख), ११३-११४ पृष्ठ ।

११ *ऐजन*, ९५-९७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन्छन् । त्यसपछि पुजारीहरूले पूजा गर्दा टाउकोमा धारण गर्नुपर्ने रुद्राक्षको माला भँडारीहरूले दिन्छन् । त्यसपछि पुजारीहरूले मन्दिरमा प्रवेश गरी न्यास गर्दछन् र पशुपतिनाथलाई तीन पटक परिक्रमा गर्दछन् । चारैतिर अक्षता छर्कन्छन् । प्रवेश गर्नासाथ आदरस्वरूपको यो एक किसिमको प्रतीकात्मक पूजा हो । पुजारीहरू मन्दिरमा प्रवेश गरेपछि 'आदिकलश' स्थापनाको लागि दुइ घडा पानी वाग्वतीबाट ब्राह्मणहरूले ल्याउँछन् ।

जब चार मुहारका चार जना पुजारीहरू मन्दिरभित्र प्रवेश गरी न्यास तथा प्रदक्षिणाको कार्य सक्छन्, तब आफ्नो जिम्माको मुहारको अधिल्लो दिनको शृङ्गार उतार्ने काम हुन्छ । तर ईशानमुखको मुकुटको मुन्तिरका फूलहरू भने त्यस वेला झिकिँदैन, विशेष रूपले पूजा-प्रार्थना गरेपछि मात्र झिकिन्छ । ईशानमुखको मुकुट झिक्नुभन्दा अगाडि गणेशको पूजा गरिन्छ र ढोकामा प्रेतलाई भाग पन्छाइन्छ । त्यसपछि 'आदिकलश' मा पूजा हुन्छ । त्यो सकिएपछि 'आदिकलश' को जलले अभिषेक हुन्छ । त्यसभन्दा अगाडि पुजारीले सानो घण्टा तीन पटक बजाउँछन् । आदिकलशद्वारा हुने अभिषेक बिहान साढे नौ बजेतिर सम्पन्न हुन्छ । आदिकलशको अभिषेक सकिएपछि ईशानमुहारको आ-आफ्नो भागको श्रीयन्त्र मेट्ने काम हुन्छ त्यसपछि स्नानको कार्यारम्भ हुन्छ । त्यसै वेला पञ्चामृतस्नान पनि हुन्छ । पर्वविशेषमा पञ्चामृतले स्नान गराउने व्यवस्था विभिन्न समयमा भएको पाइन्छ । उदाहरणको लागि ने.सं. ७८५ (वि.सं. १७२१) मा महाराष्ट्रबाट आएका दामोदर भट्ट महाराष्ट्रीले पशुपतिमा माघशुक्ल पूर्णिमाको दिन पञ्चामृतस्नानको लागि २ कर्ष (८ आना) जग्गा गूठी राखिदिएका थिए ।[१२] ने.सं. ८४० (वि.सं. १७७६) मा शशीशङ्कर सिंह, छयवनसिंह आदिले माघेसङ्क्रान्तिको दिन पशुपतिनाथमा पञ्चामृतस्नानको लागि बीस रुपैयाँ गूठी राखी नियमित गराउने व्यवस्था गरेका थिए ।[१३] त्यस्तै ने.सं. ८७८ (वि.सं. १८१५) मा भक्तपुरनिवासी भिँख्वा र पूर्णेश्वरीले प्रत्येक वर्ष माघकृष्ण चतुर्दशीमा पञ्चामृतले अभिषेक गर्ने कामको लागि दुइ रोपनी जग्गा गूठी राखेका थिए ।[१४] निजी स्तरमा राखिएका गूठी हुनाले तिनीहरू समयको अन्तराल, परिस्थिति र वातावरणले गर्दा समाप्त भइसके । श्री ५ पृथ्वीनारायण शाहले काठमाडौं अधित्यका जितेपछि देवपाटनमा जाँदा पशुपतिनाथमा पर्वविशेषमा पञ्चामृतस्नान गर्ने व्यवस्था भएको तर दैनिक पञ्चामृतले स्नान गराउने व्यवस्था नभएको देखेर नित्य पञ्चामृतस्नानको लागि गूठी राखिदिएको उल्लेख *वंशावली*हरूमा पाइन्छ ।[१५] शिलालेख, ताम्रपत्र आदिमा भने यसको उल्लेख पाइएको छैन । उनैले राखेको व्यवस्थाअनुसार अहिलेसम्म भगवान् पशुपतिनाथको नित्य पञ्चामृतस्नान चलिरहेको छ । विजित देशका मानिसहरूलाई आफूप्रति आस्था बढाउन श्री ५ पृथ्वीनारायण शाहको यस कार्यले ठूलो उपादेयता राखेको पाइन्छ । यसपछि पनि पञ्चामृतस्नानको लागि गूठी राखिँदै गए । श्री ५ राजेन्द्रलक्ष्मीदेवीले कार्तिकशुक्ल पूर्णिमाको दिन पञ्चामृतस्नानको निमित्त व्यवस्था बाँधिदिएकी थिइन् ।[१६] त्यसभन्दा अगाडि वि.सं. १८४९ मा पनि चैत्रशुक्ल पूर्णिमा, वैशाखकृष्ण अमावस्या र वैशाखशुक्ल पूर्णिमा यी तीन अवसरमा पञ्चामृतस्नानको

---

१२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४२ सङ्ख्या ।

१३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६४ सङ्ख्या ।

१४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ८६ सङ्ख्या ।

१५ (क) नयराज पन्त, देवी प्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* तेस्रो खण्ड, (ललितपुर: जगदम्बा प्रकाशन, वि.सं. २०२५), ८८४-९१४ पृष्ठ ।

(ख) Daniel Wright (Ed.), *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Pvt, Ltd, (1958 A.D.), p. 140.

राइटले सम्पादन गरेको यस *वंशावली*मा श्री ५ पृथ्वीनारायण शाहले काठमाडौं जित्नु आठ महीनाअघि पञ्चामृतगूठीको बन्दोवस्त गरेको उल्लेख गरेका छन् ।

१६ वि.सं. १८५३ मङ्सिरकृष्ण ११ रोज ६ को श्री ५ रणबहादुर शाहको लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर कि.नं. २, २१९ सङ्ख्या, ८३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि गूठी राखिएको थियो । यो गूठी कसले राखेको हो पछिका अभिलेखहरूमा उल्लेख पाइँदैन ।[१७] तर यो श्री ५ रणबहादुर शाहले राखेको हुनुपर्ने देखिन्छ । पछि वि.सं. १८७० मा युगादिनवमीको दिन पञ्चामृतस्नानको लागि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले व्यवस्था गरेका थिए ।[१८] यो स्नान अहिलेसम्म पनि पशुपतिअमालकोटकचहरिले गर्ने गरेको छ । माथि उल्लिखित स्नानहरूमध्ये राजगूठीअन्तर्गत पर्ने केही स्नानहरू जिनतिन चलिरहेकै छन् । अरू भने समाप्त भइसके ।

नित्यस्नानअन्तर्गतको पञ्चामृतस्नान हुँदा-हुँदै मूलपुजारीले एकादश रुद्री एकै ठाउँमा निश्चल उभिई पाठ गर्दछन् । यो राजा र देशको कल्याणको निमित्त गर्ने गरिएको हो । यो पाठ नसकीकन अरू बाहिरिया श्रद्धालु भक्तजनले पूजारीमार्फत कुनै पनि फर्मायसी पूजाआजा गर्न नहुने प्रचलन पहिले थियो । अहिले यसमा केही शिथिलता आएको गुनासो सुनिन्छ । एकादश रुद्रीको नियमित पाठ सकिएपछि बिहानको प्रारम्भिक पूजा समाप्त हुन्छ । त्यसपछि फर्मायसी पूजा शुरू हुन्छ । यसका लागि पशुपतिभण्डारतहबिल जस्तो निकाय भए तापनि त्यससमार्फत पूजाआजा नगरी पुजारीहरूले सोझै आफ्नो सम्पर्कद्वारा पूजा गराउने प्रक्रियालाई केही दशकयता ग्राह्यता दिएकाले पुजारी-पुजारीबीच प्रतिस्पर्धा छ । उनीहरूले विविध सम्पर्कद्वारा आ-आफ्ना यजमान बनाएका हुन्छन् । पुजारीहरूलाई उनीहरूले तोकेको रकम दिएपछि पूजासामग्रीलगायत आवश्यक वस्तु दिन्छन् । यस कुरालाई मनन गर्दा पशुपतिमन्दिरका पुजारीहरू एक किसिमले पूजा-सामग्रीको ठेकेदार नै बनेका छन् । यस्तो फर्मायसी पूजा ज्यादाजसो मूलपुजारीको तर्फबाट हुन्छ । पशुपतिनाथमन्दिरमा उनको बोलबाला रहने तथा सम्पर्क पनि बढी व्यक्तिहरूसँग भएको कारण यस्तो भएको हो । स्मरणीय कुरा के छ भने यस किसिमको आफूखुशी पूजाबाट मन्दिरलाई कुनै किसिमको आर्थिक लाभ छैन । पुजारी र भँडारीलाई भने प्रशस्त लाभ छ । त्यसमा पनि जुन पुजारीको माध्यमबाट भएको हुन्छ, उसलाई प्रशस्त फाइदा छ । अर्को कुरा पशुपतिनाथमा भोग लगाउनेहरूले चढाएको चामल, तेल र तरकारी पशुपतिभण्डारतहबिलमा आम्दानी बाँध्नुपर्ने प्रचलन छ । अहिले आएर यो कुरा पुजारीको इमान्दारीमा भर परेको छ । पशुपतिभण्डारतहबिलमा त्यस्ता फर्मायसी पूजाबारे नाम लेखाउँदा दाताको नामको अङ्कन हुँदैन, बरु कुन पुजारीमार्फत पूजा हुने हो, उनको नाम लेखिन्छ । पुजारी नै दाता हुन् कि भन्ने भान पर्ने गरी नाम चढाइएको पाइन्छ । कसैले भण्डारतहबिलको त्यससम्बन्धी कागजात हेरेमा जताततै पुजारीहरूको नाम पाइँदा पुजारी दानवीर व्यक्ति रहेछन् भन्ने भान पर्न सक्छ । वास्तवमा भित्री कुरा अर्कै छ । त्यहाँ राखिने लगतमा पूजाको किसिम र रकमको उल्लेख गरिएको हुँदैन । पर्व, तिथि र महीनाअनुसार यस्ता फर्मायसी पूजाको सङ्ख्या भर पर्दछ । वैशाख र श्रावण महीनामा प्रतिदिन फर्मायसी पूजाहरू पाँच-छ सय जनासम्मले गर्दछन् भनिन्छ । मन्दिरमा जति चाँडो प्रवेश गर्‍यो त्यत्ति धेरै फर्मायसी पूजा गर्न सकिने हुनाले केही समययता पुजारीहरू मन्दिरमा बिहान आठ-साढेआठ बजे नै पस्ने गरेकोमा भँडारीहरू गुनासो गर्दछन् । भँडारीहरूले गुनासो गर्नुको पछाडि एउटा कारण रहेको छ । त्यो के भने मन्दिरभित्र चढ्ने भेटी पुजारीहरूलाई भागबण्डा गरिदिनुपर्ने खण्ड उनीहरूको मन्दिरमा प्रवेश भएपछि शुरू हुन्छ । केही दशकअगाडिसम्म बिहान ९ बजे मात्र पुजारीहरू मन्दिरमा प्रवेश गर्ने गर्दथे भनी बूढापाकाहरू बताउँदछन् । यस अघिका मूलपुजारी पद्मनाभशास्त्री मूलपुजारी भएदेखि फर्मायसी पूजालाई पुजारीमार्फत गर्ने कुरालाई ग्राह्यता दिएको भण्डारतहबिलको लगतबाट देखिन्छ । तिनीहरूमा पनि पन्चानब्बे प्रतिशतभन्दा बढी त्यस्ता पूजाहरू उनीमार्फत भएको देखिन्छ ।

आफूखुशी पूजालाई विभिन्न नामकरण गरी पुजारीहरूले त्यसलाई लाग्ने रकम तोकेका छन् । अब त्यस विषयमा सङ्क्षिप्त चर्चा गर्नुपरेको छ ।

---

१७ वि. सं. १९७४ वैशाखको पञ्चामृत गूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक १७२ लगतसङ्ख्या ।

१८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.१.१ लघुरुद्री

लघुरुद्रीमा मुख्यत: सङ्कल्प एवं पूजापछि रुद्रीपाठ हुन्छ । यसलाई आवृत्तिको आधारमा उनीहरूले तीन भागमा बाँडेका छन् । पहिलो प्रकारको लघुरुद्रीमा एघार जना ब्राह्मणद्वारा एघार आवृत्ति रुद्री पशुपतिनाथमन्दिरको प्रदक्षिणापथमा बसेर पाठ गरिन्छ । यसका लागि पूजासामग्रीको निमित्त रु. २०१।- र एघार जना ब्राह्मणलाई दक्षिणा र भोजनको निमित्त रु. २७५।- गरी जम्मा रु. ४७६।- रकम तोकेका छन् ।

दोस्रो प्रकारको लघुरुद्रीमा पनि एघार जना ब्राह्मणले एघार आवृत्ति रुद्रीपाठ गर्छन् । यसमा पशुपतिनाथको बालभोगको सामग्रीसमेत समावेश भएको हुन्छ । यसलाई रु. १,१५६।- तोकेका छन् ।

तेस्रो प्रकारको लघुरुद्रीमा पनि एघार जना ब्राह्मणहरूबाट एघार पटक रुद्रीपाठ हुन्छ । यसमा नित्यभोगको सामग्री समावेश गरिन्छ । फलफूल, नैवेद्य एघार-एघार थरी चाहिने भनी यस रुद्रीलाई रु. ३,५००।- तोकेका छन् । यसमा बिहानदेखि बेलुकासम्मको भोग, पूजा, पञ्चामृत स्नान आदि गरिन्छ ।

५.१.२ रुद्रीपाठ

एघार जना ब्राह्मणले एक-एक आवृत्ति रुद्रीपाठ गर्छन् । यसमा १० पाथी दूध चढाइन्छ । केही दशक-अगाडिसम्म गाईको दूधले बाहेक अरू दूधले भगवान् पशुपतिनाथलाई स्नान गराइन्नथ्यो । तर आजकल पाउडर दूध, डेरीको दूध, भैंसीको दूधसमेत पनि चढाइन थालेको छ । यस प्रकारको रुद्रीपाठलाई रु.५५६।- तोकेका छन् । यसमा पञ्चामृत स्नान मात्र हुन्छ ।

५.१.३ महारुद्री

यस रुद्रीमा एक सय एक्काईस जना ब्राह्मणहरूद्वारा १,३३१ आवृत्ति रुद्रीपाठ गरिन्छ । एक जना ब्राह्मणले एघार आवृत्ति रुद्रीपाठ गर्नुपर्छ । यसमा नित्यभोगको सामग्रीलगायत पन्ध्र पाथी दूधले स्नान गराउनुपर्ने गरिएको छ । साथै यसमा छप्पन्न भोग मिठाईसमेत चढाउनुपर्छ । केही वर्षयता यो रुद्री झण्डै महीनामा पाँच-दशवटा भने जस्तै मूलपूजारीमार्फत हुँदै आएको छ । दक्षिणालगायत सबै सामग्रीको लागि महारुद्रीमा न्यूनतम रु. ५१,०००।- देखि रु. ७०,०००।- सम्म लाग्ने बताइन्छ ।

५.१.४ अतिरुद्री

अतिरुद्रीमा एकतीस जना ब्राह्मणहरूले एकतीस दिनसम्म प्रत्येक दिन एक जना ब्राह्मणले बाइस आवृत्तिका हिसाबले ३१,१४२ आवृत्ति रुद्रीपाठ गरिन्छ । रुद्रीहरूमध्येमा यो अलि खर्चिलो छ । साथै व्यवस्थापनको दृष्टिले पनि विचार पुऱ्याएर गर्नुपर्ने किसिमको छ । किनभने ब्राह्मणहरूलाई भोजन, आवास आदिको उचित प्रबन्ध यसमा अपेक्षित रहन्छ । वि.सं. २०२२ मा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट रुद्रगारेश्वरस्थानमा अतिरुद्री यज्ञ भएको थियो । त्यस अघि चन्द्रशमशेर, जुद्धशमशेरले पनि गरेका थिए । जुद्धशमशेरले खुला ठाउँको दृष्टिकोणले गौशालास्थित भण्डारखालमा गरेका थिए । त्यहाँ अहिले पनि यज्ञकुण्ड छँदैछ । वि.सं. २०४२ भाद्रमा पशुपतिको यज्ञशालामा भारतका कल्छी सिंह भन्ने एक जना सरदारले तात्कालिक मूलपुजारी पद्मनाभशास्त्रीमार्फत यो यज्ञ गराएका थिए । त्यस यज्ञको लागि उनले भा.रु. २,००,०००।- खर्च गरेका थिए भन्ने कुरा त्यस वेला सुनिएको थियो । आजकल अतिरुद्रीको लागि पाँच लाख जति लाग्छ भनिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.१.५ पञ्चामृतपूजा

रुद्रीपाठबाहेक पशुपतिमा पञ्चामृतस्नान गराउन सकिने किसिमले त्यसको पनि व्यवस्था मिलाएका छन् । यो रु. १५१।- जाने र रु. २०१।- लाग्ने गरी दुइ किसिमका छन् ।

उपर्युक्त सबै किसिमका पूजाआजाहरू पशुपतिका पुजारीहरूको अग्रसरतामा हुन्छ । त्यसमा पनि मूलपुजारीको प्रमुखता रहेको हुन्छ । माथि जति पनि पूजाहरूको रकम उल्लेख गरियो, त्यसमा पुजारीको दक्षिणा समावेश भएको छैन । पशुपतिमा पूजा गर्ने मौका दिने पुजारीहरूलाई दाताहरूले राम्रैसँग दक्षिणा-भेटी देलान् भन्ने कुरा अनुमानगम्य छ । फर्मायसी पूजा र मन्दिरमा चढ्ने र व्यक्तिगत रूपमा दिने भेटी पुजारीहरूको आम्दानीको सबभन्दा ठूलो स्रोत हो ।

प्रतिदिनको पूजाको क्रममा फर्मायसी पूजा सकिएपछि भँडारीहरूले गर्भगृहको भूइँ सफा-सुग्घर पार्छन् । धूप, आरती तयार पार्छन् । मूलपुजारीले अर्घ्यस्नान गराउँछन् । त्यसपछि गोकुलधूपले आरती गर्छन् । गोकुलधूपले आरती गर्ने यस चलनलाई श्री ५ गीवार्णयुद्धविक्रम शाहले वि.सं. १८६७ मा नियमित पारेका हुन् । त्यसको लागि उनले महीनामा आधा धार्नीको दरले गोकुलधूप चढाउनको लागि ७ रोपनी जग्गा गूठी राखेका थिए ।[१९] त्यसपछि पञ्चामृतस्नान पुनः हुन्छ । फर्मायसीलगायत गूठी राखी नियमित गरिएका बाँकी पञ्चामृतस्नान यसै वेला हुन्छ । पञ्चामृतस्नान सकिएपछि पशुपतिलिङ्गमा तेल दलेर पुछपाछ गरिन्छ । त्यसपछि 'पूर्णकलश' लाई मूलपुजारीले पूजा गर्छन् र 'आदिकलश' को वेलामा झैँ घण्टा बजाइन्छ । प्राङ्गणवरपर भट्टले पूजा गर्छन् र आदिकलशको वेलामा झैँ घण्टा बजाइन्छ । त्यसपछि अभिषेकको जल सबैलाई छर्किन्छ । पुजारीले उक्त अभिषेकको जललाई बाहिर ल्याउँछन् । प्राङ्गणवरपर पूजा गर्छन् । यसलाई नेवारीमा 'चाख पूजा' भनिन्छ । त्यो कार्य सकिएपछि चारै ढोका बन्द हुन्छ । शृङ्गारको काम शुरू हुन्छ । जनै, दृष्टि (नेत्र), पोशाक पहिऱ्याउने, ओठमा 'हिँगुल' लगाई सिँगार्ने काम हुन्छ । चारै मुहारको ओठमा लगाइने लालीलाई हिँगुल भनिन्छ । प्रतिदिन हिँगुल लगाउने कामको लागि वि.सं. १८६७ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गूठी राखेका हुन् ।[२०] शृङ्गारको काम सकिन लागेपछि ईशानमुखमा मूलपुजारीले 'श्रीयन्त्र' लेख्न शुरू गर्छन् । अरू पुजारीहरू शृङ्गारको काम बाँकी भए त्यसमा लाग्छन् । श्रीयन्त्र लेख्न झण्डै आधा घण्टा जति लाग्छ । यी कामहरू भइरहेकै वेला पालोवाला पुजारी बाहिर निस्कन्छन् र भोग पकाउन जान्छन् । अरू दुइ जना पुजारी बिहानदेखि चढेको नगद-जिन्सी भागबण्डा गर्ने काममा व्यस्त हुन्छन् ।

शृङ्गारको अन्तमा ईशानमुहारमा मुकुटको आसनी पहिऱ्याइन्छ । श्रीयन्त्रलाई छोपिन्छ । मुकुट पहिऱ्याउनु-अघि भेटीघाटीको हिसाब-किताबमा संलग्न पुजारीहरू पनि आउँछन् । त्यसपछि मूलपुजारीले ईशानमुहारमा मुकुट पहिऱ्याइ दिन्छन् । शृङ्गार सकिएपछि चारै ढोका खोलिन्छ । यस वेला दिनको साढे एक-दुइ बजिसकेको हुन्छ । त्यसपछि बालभोगको तयारी हुन्छ । बालभोग टक्ऱ्याउनुभन्दा अघि धूप र त्यसपछि एक आरती हुन्छ । आरतीभन्दा अगाडि भँडारीले गर्भगृहको ठूलो घण्टा बजाउँछन् । त्यसपछि आरती हुन्छ । आरतीको काम सकिएपछि दक्षिण र पश्चिम मुहारको अगाडिको भूइँमा जलले चोखो पारी त्रिखुट्टीलाई आसनीस्वरूप राखिन्छ र त्यसैमा बालभोग चाँदीको थालमा टक्ऱ्याइन्छ । बिहानदेखि भक्तजनहरूले चढाएको फलफूल र मिठाई पनि त्यसै वेला चढाइन्छ ।

शृङ्गार, भोग र आरतीको अवसरमा मन्दिरबाहिर प्राङ्गणमा कुसलेले पञ्चेबाजा र दमाईंहरूले नगरा बजाउँछन् । यस सम्बन्धमा अघिल्लो अध्यायहरूमा सङ्क्षिप्त रूपले चर्चा गरिएको छ । बालभोग सकिएपछि पश्चिम-

---

१९ वि.सं १९७८ को गोकुलधूप गूठीको लगत । गूठीलगत तथा तहबिलकार्यालय, वटुक २४९ लगतसङ्ख्या ।

२० वि.सं. १९७८ को हिँगुलगूठीको लगत । गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३४८ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पट्टिको बाहेक मन्दिरको अरू तीनै दिशाका ढोकाहरू बन्द गरिन्छन् । त्यसपछि गर्भगृहमा सरसफाइको काम पुन: शुरू हुन्छ । यसमा पुजारीलाई सघाउन बसेका पालोवाला भँडारीहरू लाग्छन् । बालभोग सकिएको केही बेरमा नै भोगको तयारी हुन्छ । मूलपुजारी पूजा-अर्चनामा लागिरहेकै बखत भँडारीहरू त्रिखुट्टी राख्ने काममा संलग्न हुन्छन् । भोगको लागि सातवटा त्रिखुट्टी राख्छन् । फर्मायसी र विशेष पूजाको अवसरमा त्रिखुट्टीहरू आठवटा हुन्छन् । अर्को कुरा फर्मायसी पूजा हुँदा खीर मात्र भोग लगाइन्छ । भोग अर्पण गर्दा त्यससम्बन्धी प्रारम्भिक सबै कार्य सकिएपछि मूलपुजारी पनि केही क्षणको लागि पश्चिमपट्टिको बाहिरी भागमा आउँछन् । बाहिर आउँदा घण्टा बजाउँदै आउँछन् । बाहिर आइपुगेपछि पूर्वाभिमुख भएर स्तोत्रपाठ गर्दै प्रार्थना गर्छन् । करीब तीन मिनेटपछि भोग सकिएको सङ्केत भँडारीलाई दिन्छन् । भँडारी भित्र गई भोगका सबै सामग्री बाहिर दिन्छन् । त्यसपछि चारै जना पुजारीहरू प्रार्थनामा संलग्न हुन्छन् । त्यत्ति नै वेला गोकुलधूप, कपूर आदिको आरती गर्छन् । कपूरआरतीको लागि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६७ मा गूठी राखिदिएका थिए । बालभोग र भोग पशुपतिनाथलाई अर्पण गर्दा त्यहीं जलहरीनिरको चण्डेश्वरमा चढाइन्छ । चण्डेश्वरलाई चढाएको भोगका सामग्री पालोवाला कुनै एक भँडारीले बाहिर ल्याई नवग्रहमा चढाउँछन् । भोगको उत्तरार्द्धको यो काम सकिएपछि भित्र पुन: सरसफाइ, पुछपाछ गर्छन् । चारै ढोका खोलिन्छ । मूलपुजारी पाठ गर्नमा नै व्यस्त हुन्छन् । त्यसभन्दा अगाडि भोग बाहिर लग्दाखेरि पनि भँडारीहरू घण्टा बजाउँदै रहन्छन् । त्यस वेला बाहिर बसिरहेका तीन जना पुजारीहरू भित्र पस्छन् । पस्नुभन्दा अगाडि हात-खुट्टा धोएर चोख्याउँछन् । त्यसपछि एक पटक पशुपतिलिङ्गको परिक्रमा गरिसकेपछि आ-आफ्नो जिम्माको मुहारमा तकिया, पट्टा र गजुर राख्न थाल्छन् । प्रार्थना सकिन्छ । घण्टा बज्न बन्द हुन्छ । त्यसपछि चमर र पङ्खाले हम्किइन्छ । ज्वालान्ह्याक (ऐना) देखाइन्छ । त्यत्ति नै वेला मूलपुजारी शङ्खपूजाको निमित्त तयार भइसकेका हुन्छन् । पूजा सकिएपछि 'शङ्खजल' भगवान्‌लाई चढाइन्छ । त्यसपछि सो जल बाहिर त्यसैको प्रतीक्षामा उभिइरहेका भक्तजनहरूलाई छर्किइन्छ । शङ्खजलपछि बाहिरका भक्तजनहरूलाई प्रसादवितरण गर्नुअघि मूलपुजारीले गद्दीनसिन महाराजाधिराजको नाममा प्रसाद छुट्याउँछन् । त्यसपछि आफूले लाउँछन्, अनि तीन जना पुजारीलाई लगाइदिन्छन् र भँडारीलाई दिन्छन् । भँडारीलाई दिइसकेपछि बाहिरका भक्तजनहरूलाई फूल-चन्दन दिन्छन् । सो काम सकिएपछि क्षमायाचनाको लागि हात जोड्दै प्रार्थना गर्छन् र बाहिर निस्कन्छन् । यस प्रकार बिहानको पूजा दिनको दुइ-साढे दुइ बजे समाप्त हुन्छ । पुजारी मन्दिरबाहिर निस्कँदा शिरमाला भँडारीलाई बुझाएर मात्र निस्कनुपर्ने चलन छ । मन्दिर प्रवेश गर्दा शिरमाला भँडारीले नदिएमा पुजारी मन्दिरभित्र प्रवेश गर्न पाउँदैनन् । बाहिर निस्कँदा पुजारीले मन्दिरभित्र बसेका पालोवाला भँडारीलाई लुगा फुकाएर देखाउनुपर्छ । यसको मतलब पुजारीहरूले लुकाई-छिपाई केही लगेका छन् कि भनी हेर्नु हो । तर आजकल विधि पुऱ्याउने किसिमले पुजारीहरूले भोटोको तुना फुकालेको जस्तो गर्छन् र फेरि तुना बाँध्छन् । पहिले मूलपुजारीले पनि मन्दिरमा नै लुगा फुकाई देखाउनुपर्दथ्यो । तर आजभोलि पूजाआजा सकी मन्दिरबाट आफ्नो निवासमा जाँदा रै-रकमीहरूलाई पछि लगाएर कोठामा जान्छन् र त्यहाँ उनीहरूलाई चन्दन-प्रसाद दिन्छन् । त्यत्ति नै वेला लाएको लुगा फुकाल्ने हुँदा मन्दिरमा अरू पुजारीले जस्तो लुगा फुकालेर देखाउनु नपर्ने धारणा बनाएका छन् । मन्दिरको सम्पत्तिको सुरक्षाका लागि यो चलन प्रचलित भएकोले सबैले समान रूपले पहिले झैं मन्दिरभित्रै त्यससम्बन्धी विधि पुऱ्याउनु राम्रो हुने देखिन्छ ।

सन्ध्याकालिक पूजाआजा सकिएपछि चारै ढोका बन्द हुन्छ । तर भँडारीले तीर्थयात्रीहरू बढी सङ्ख्यामा आउने र आम्दानी हुने देखे भने लगाएको ढोका पनि खोलिदिन्छन् । यसैले सन्ध्याकालिक पूजाको क्रम सकिएपछि बेलुका निश्चित यति बजेसम्म ढोका बन्द हुन्छ वा खोलिन्छ भन्ने कुनै नियम छैन । दर्शनार्थीहरूको हितलाई ध्यानमा राख्ने हो भने यससम्बन्धी निश्चित नियम हुनु जरुरी देखिन्छ । पूजाआजाको काम सकिएपछि भँडारी तथा पुजारीहरू खाना खान जान्छन् । पुजारीहरू आ-आफ्नो घर जान्छन् भने भँडारीहरूचाहिँ पशुपतिनाथलाई भोग लगाएको प्रसाद खान्छन् । पालो नसकिउन्जेलसम्म घरमा खान नहुने प्रचलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सायङ्कालिक पूजाआजाको थालनी पाँच-छ बजेतिर हुन्छ । त्यस क्रममा सबभन्दा पहिले पालोवाला भँडारीले मन्दिरको पश्चिम ढोका खोल्छन् । त्यही ढोकाबाट पूजा गर्ने पालो परेका पुजारी मन्दिरभित्र प्रवेश गर्छन् । सायंकालिक पूजाको पालो सात-सात दिनको मिलाएको हुन्छ । जो दिनमा भोग पकाउने पालोमा पर्छ, त्यही नै बेलुकाको पूजा गर्ने पालोमा पर्छ । मन्दिरमा प्रवेश हुनुअगाडि पुजारी तथा भँडारीहरू आचमन गरेर हात-खुट्टा धोएर पस्छन् । त्यसपछि भँडारीहरू पूजा-सामग्री तयार पार्न थाल्दछन् । त्यतिञ्जेलसम्म मन्दिरको बाहिरी र भित्री चारै ढोका खोलिन्छ । पुजारीले धूप, पञ्चआरती गरेर 'आरतीभोग' लगाउँछन् । आरतीभोगमा दूध, च्यूरा र पेडा चढाइन्छ । त्यसपछि कपूरआरती हुन्छ, पुजारी स्तोत्रपाठ गर्दै प्रार्थनामा संलग्न हुन्छन् । बाहिरपट्टि प्रदक्षिणापथमा दर्शनार्थीहरू पनि एकस्वरले समूहगत रूपमा प्रार्थनामा मग्न हुन्छन् । त्यतिखेरको वातावरण अत्यन्त मनमोहक र चित्ताकर्षक हुन्छ । भित्र-बाहिर घण्टाको स्वर घन्किरहेको हुन्छ । प्रार्थना सकिएपछि पुजारीले चमर, पङ्खा, डोलाउँछन् । त्यसपछि सन्ध्यापूजामा जस्तै ज्वालान्ह्याक पशुपतिनाथको प्रत्येक मुहारमा देखाइन्छ । त्यो सकिनासाथ शङ्खजलको तयारी हुन्छ । शङ्खमा राखी पशुपतिनाथलाई चढाइएको जल नै शङ्खजल हो । त्यसरी चढाइएपछि शङ्खजल साङ्केतिक रूपमा वर्तमान गद्दीनसिन राजालाई समर्पण गरेपछि पुजारीले स्वयम् आफू लिन्छन् र भँडारीलाई दिन्छन् । त्यसपछि बाहिर प्रदक्षिणापथमा प्रतीक्षामा बसेका दर्शनार्थी सबैलाई छर्किदिन्छन् । सन्ध्याकालको जस्तो बेलुका आफूखुशी पूजा हुँदैन । शङ्खजलको प्रक्रिया सकिएपछि बेलुकाको पूजाआजा समाप्त हुन्छ । यो काम गर्मीको समयमा आठ बजेतिर र जाडोको समयमा सात बजेतिर सकिन्छ । पशुपतिनाथको नित्यपूजाआजाको दैनन्दिनी यसरी नै चलेको पाइन्छ ।[२१] पर्व-मेलाको बखत अरू वेलाको भन्दा फरक पुजारीको प्रवेश हुनासाथ चारै ढोका खोलिन्छ । त्यस वेला पुजारीहरू पनि अरू वेलाभन्दा अलि चाँडै आउँछन् । बेलुका पनि अबेरसम्म पूजाको काम हुन सक्छ । शिवरात्रिमा मध्यरातमा हुने पूजा, धनुर्मासमा बिहान चारै बजेतिर खिचडी भोग लगाई गरिने पूजाआजालाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

५.२ नैमित्तिक पूजापर्व

पशुपतिनाथमा विशेष रूपबाट सम्पन्न गरिने नैमित्तिक पूजापर्वहरूको चर्चा गर्नु पनि यस सन्दर्भमा उल्लेखनीय हुन आउँछ । त्यसबारे सङ्क्षिप्त रूपमा यहाँ चर्चा गर्नुपरेको छ । तिथिपर्वविशेषको महत्त्वको कारण कतिपय अवसरहरूमा पशुपतिनाथको मन्दिरमा दर्शनार्थीहरूको घुइँचो लाग्दछ । अष्टमी, एकादशी, शनिवार, गुरु-पूर्णिमा, नागपञ्चमी, ऋषितर्पणी, तीज, ऋषिपञ्चमी, नवरात्रि, वैकुण्ठचतुर्दशी, स्वस्थानी व्रतारम्भ, टिकिंछाँ (छायाँ दर्शन), स्वस्थानीव्रत समाप्ति, महाशिवरात्रि, शीतलाष्टमी, रामनवमी, चन्द्रग्रहण, सूर्यग्रहण जस्ता अवसरहरू विशेष उल्लेख्य छन् । ती अवसरहरूमा नित्यपूजासरह पूजाआजा हुन्छ । तर केही पर्वविशेषको लागि दाता महानुभावहरूले छुट्टै सरसामग्रीको व्यवस्था गरिदिएको वा गूठी राखिदिएको अवस्थामा त्यसबाट पूजाआजाबाहेक अरू विशेष केही हुँदैन । त्यसैले अब यहाँ उपर्युक्त सबै पर्वहरूको चर्चा गर्नुभन्दा विशेष महत्त्व देखिएका पर्वहरूको बारे केही उल्लेख गर्नु सामयिक हुने देखिन्छ ।

५.२.१ पवित्रारोपण (पवित्रारोहण)

वर्षभरिको पूजाविधानको सम्पूर्ण त्रुटिहरूको दोष हटाई गरिएका कर्महरूको साङ्गोपाङ्ग सम्पन्नता एवं त्यसबाट समस्त अभिष्ट फलहरूको प्राप्तिको लागि 'पवित्रारोपण' वैदिक कर्मकाण्डमा प्रचलित छ । पवित्रारोपण वैदिक सबै

२१ प्रत्येक दिन हुने पूजामा मूलपुजारीको प्रमुखता हुन्छ । मूलपुजारीको अनुपस्थितिमा दक्षिणपट्टिको मुहारका पुजारीको जिम्मेवारी बढ्छ । उपर्युक्तअनुसारका कार्यहरू कुन विधानअनुसार गरिने गरेको हो, त्यस सम्बन्धमा प्रकाश पार्ने खास सामग्री फेला पार्न सकिएको छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवी-देवताको लागि आवश्यक बताइएको पाइन्छ ।[२२] यो विधान नगरे वर्षभरको देवपूजनको फलबाट बञ्चित हुनुपर्दछ भन्ने धारणा पाइन्छ ।[२३] यस कर्मलाई पुण्यदायक मानिन्छ । आचार्य सोमशम्भुले भनेका छन् --

सर्वपूजाविधिच्छिद्रपूरणाय पवित्रकम् ।
कर्तव्यमन्यथामन्त्री सिद्धिभ्रंशमवाप्नुयात् ॥

क.क्र. ३६४

पवित्रारोपण गर्ने महीना र पवित्रारोपणको लागि उपयुक्त सूत्र (धागो) को सम्बन्धमा विभिन्न विचारहरू पाइन्छन् । सोमशम्भुको मतमा यसको लागि आषाढ महीना उत्तम, श्रावण मध्यम र भाद्र कनिष्ठ छ । ती तीन महीनाबाहेक अरू वेला पवित्रारोपण गर्नु हुँदैन ।

पवित्रारोपणमा पवित्रक बनाउनको लागि सुन, चाँदी या तामाबाट निर्मित तारको विधान बताइएको छ । तर रेशम तथा कपासको धागोबाट पनि बनाउन सकिने व्यवस्थाको *वराहपुराण*मा उल्लेख छ । *विष्णुरहस्य*मा दर्भसूत्र, पद्मसूत्र, क्षोमसूत्र, पट्टसूत्र, तथा शुद्ध कपासको धागोको पवित्रक बनाउन सकिने बताइएको छ ।[२४] आचार्य सोमशम्भुको विचारमा सुनको पवित्रक सत्ययुग, चाँदीको त्रेतायुग तथा तामाको द्वापरयुगको लागि हो । कलियुगमा कपासको पवित्रक उपयुक्त छ ।[२५]

पशुपतिनाथमन्दिरमा पहिले पवित्रारोपण गर्ने विधान नभएको अनुमान हुन्छ । पछि भूपालेन्द्र मल्लको पालामा पशुपतिनाथमन्दिरका पुजारीको रूपमा नियुक्त सन्न्यासी राघवानन्दले दमनारोहणको साथै पवित्रारोपणको परम्परा चलाएका हुन् ।[२६] मूलपुजारीले बाह्र गूठी चलाएबापतको शेष-कसरबाट अहिले पवित्रारोपण प्रत्येक वर्ष चलाउनुपर्ने प्रचलन छ । पवित्रारोपण बिसेटनाइकेको संलग्नतामा उनैको घरमा तयार हुन्छ । पशुपतिनाथको पवित्रारोपणमा काँचो धागोबाट तयार पारिएको मुकुट तथा पोशाक भगवान् पशुपतिनाथलाई पहिऱ्याइन्छ । हुन त *पुराण*हरूमा पवित्रकको तयारी गर्दा अपनाउनुपर्ने नियम, निष्ठा तथा सूतको पनि वर्णन पाइन्छ । तर यहाँ आजकल त्यसमा निश्चित विधान अपनाएको पाइन्न । बजारमा पाइने काँचो धागोबाटै पवित्रक तयार गरेर भगवान्लाई पहिऱ्याइन्छ ।

बिसेटनाइकेको घरमा तयार पारेको पवित्रक पहिले शङ्कराचार्यमठको गद्दी भएको कोठामा राखिन्छ । त्यहाँ मूलपुजारी आशागुर्जा र रै-रकमीसाथ आइसकेका हुन्छन् । सामान्य विधिविधानको काम त्यहाँ सकेपछि आशागुर्जाले अगुवाइ गर्दै पवित्रकलाई पशुपतिमन्दिरमा लगिन्छ । दक्षिणावर्त रूपले प्रदक्षिणा गरेर पवित्रकलाई दक्षिणपट्टिको ढोकाबाट पशुपतिनाथका दक्षिण मुखको पुजारीलाई मूलपुजारीले दिन्छन् । त्यसपछि मूलपुजारी हात-खुट्टा धोएर पश्चिम ढोकाबाट मन्दिरमा प्रवेश गर्छन् । पवित्रकलाई पूर्वपट्टिको मुहारको मुन्तिर राखेर मूलपुजारीले पूजा गर्छन् । उक्त पूजाको कार्य र नित्यपूजाविधिअनुसारको पूर्ण कलशको अभिषेक सकिएपछि ईशानमुखमा श्रीयन्त्र लेख्ने विधान सकिनासाथ साविकको पोशाक पहिऱ्याइन्छ । पोशाक पहिऱ्याएको केही बेरमा नै उतारी पञ्चगव्यले शोधन गरेको

---

२२ हनूमान्प्रसाद पोद्दार (सम्पा.), *कल्याण* (सङ्क्षिप्तश्रीवराहपुराणाङ्क), ५१ वर्ष, १ सङ्ख्या, (जनवरी १९७७), ५८ पृष्ठ ।

२३ *ऐजन*, ५८ पृष्ठ ।
तस्माद् भक्तिसमायुक्तैर्नरै र्विष्णुपरायणै : ।
वर्षे वर्षे प्रकर्तव्यं पवित्रारोपणं हरे : ॥

२४ *ऐजन* ।

२५ *ऐजन* ।

२६ पं. देवीप्रसाद लंसाल (सम्पा.) *भाषावंशावली*, २ भाग, (काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं.२०२३), ९६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पवित्रक पहिऱ्याइन्छ । त्यस दिनको महत्त्व थाहा पाएका भक्तजनहरू दर्शनको निमित्त आउने हुनाले पशुपतिमन्दिरमा विशेष भीड लाग्दछ । शङ्कराचार्यको आगमसहित सत्र ठाउँका देवी-देवताहरूलाई पहिऱ्याउन बिसेटनाइकेले सम्बन्धित पुजारीहरूलाई पञ्चगव्य र पवित्रक दिन्छन् । पवित्रक पहिऱ्याएपछि पूजा, आरती साविक काम बमोजिम हुन्छ । सबै सकिएपछि प्रसादको रूपमा राजा-रानीलाई पवित्रक छुट्याइन्छ । त्यसपछि मूलपुजारीले आफू लाउँछन्, तीन जना भट्ट पुजारी र भँडारीलाई दिन्छन् । मन्दिरको कार्य सकिएपछि मूलपुजारी पशुपतिभण्डारतहबिलमा गई बिसेटनाइकेलगायत अरू रै-रकमीलाई प्रसाद बाँड्छन् । भगवान्लाई पहिऱ्याइएको पवित्रक सर्वसाधारणलाई भोलिपल्ट ऋषितर्पणीको दिन बाँड्ने चलन छ । श्रावणशुक्ल चतुर्दशीमा पवित्रारोपण हुन्छ । पवित्रारोपणपछि जाडो शुरू हुन्छ भन्ने जनविश्वास प्रचलित छ । पवित्रारोपणको दिन भगवान् पशुपतिनाथ गोसाईंकुण्ड जानुहुन्छ र जनैपूर्णिमाको दिन फर्कनुहुन्छ भन्ने जनविश्वास काँचो धागोको बाक्लो लुगा लगाइदिएको तथा गोसाईंकुण्ड गएर फर्किनेहरू जनैपूर्णिमाको दिनमै फर्कने भएकोले प्रचलित रहेको हुनुपर्छ ।

५.२.२ बालाचतुर्दशी

पशुपतिमा सम्पन्न हुने बढी दर्शनार्थीहरू भेला हुने मेला-पर्वमा बालाचतुर्दशी पनि एउटा हो । तिथिहरूमा चतुर्दशी तिथि धार्मिक कृत्यहरूको लागि उपयुक्त मानिने हुनाले विभिन्न नामले चतुर्दशीहरूलाई सम्बोधन गरिएको पाइन्छ । मङ्सिरकृष्ण चतुर्दशीलाई बालाचतुर्दशी नामले कहिन्छ । बालाचतुर्दशीको सम्बन्ध पशुपतिनाथसँग रहेको कुरालाई *हिमवत्खण्ड, नेपालमाहात्म्य* तथा *पशुपतिपुराण*हरूले सङ्केत गरेका छन् । *हिमवत्खण्ड*को बयालीस अध्यायमा बालाचतुर्दशीको उद्भव र महत्त्वको सम्बन्धमा के बताएको छ भने मृगरूप लिएर भगवान् शिवले जहाँ-जहाँ घुम्नुभयो, खानुभयो, सुत्नुभयो, हिँड्नुभयो, विहार गर्नुभयो, त्यो पुण्य क्षेत्र भएकोले त्यहाँ सप्तधान्य (सद्बीज) छर्दा एउटा धानको गेडा छरेको पनि एक रत्ती सुवर्ण छरेको बराबर हुन्छ भनी हरिणेश्वर शिवजीले आकाशमार्गबाट बताएको भनी उल्लेख गरिएको छ ।

> यत्र यत्र मया देवाश्चरता मृगरूपिणा ॥
> आशितं शयितं यातं विहृतं च समन्ततः ।
> तत्र तत्राभवत्सर्वं पुण्यं क्षेत्रं हि सर्वतः ॥
> मृगस्थलीगिरिं भ्राम्य व्रीहिं विक्षेपयेत्कृतं ।
> सुवर्णरतिकातुल्यं व्रीहिमेकं च यत्फलम् ॥
> मार्गकृष्ण चतुर्दश्यां मत्प्रियायां तिथौ मया ।
> मृगरूपं धृतं तत्र पशुयोनिपरं विदुः ॥

– *हिमवत्खण्ड*, ४२।३२-३५

यसको सत्यासत्यपट्टि नलागी सोझो अर्थ निकाल्दा पशुरूपमा पनि भगवान्को अवतरण हुन्छ र तिनीहरूको पालनको लागि मानिसहरूले आवश्यक परेमा त्यागभावले खानेकुरा पनि जुटाइदिनुपर्छ भन्ने सङ्केतलाई धार्मिक पुट दिई महत्त्वपूर्ण बनाइदिएको बुझिन्छ । त्यसलाई विभिन्न समयमा विभिन्न दृष्टिले मानिसहरूले हेरे । जे होस्, मृगस्थली नामैबाट पनि सो जङ्गलमा पहिले प्रशस्त मृगहरू भएको बुझिन्छ । तिनीहरूको खानपानको लागि परोपकारको भावनाले 'सद्बीज' अर्थात् सत्यको बीज नाम दिई छरिएको अन्नहरू चराचुरुङ्गीदेखि लिएर बाँदरहरूको लागि खाना बन्छ भने बाँकी भई कुल्चिएका, छोपिएका र गाडिएका अन्नहरू केही समयपछि उम्रिएर जनावरहरूको निमित्त घाँस बन्ने कुरालाई बिर्सन सकिन्न । हिन्दूधर्ममा कतिपय कुराहरूलाई सङ्केतात्मक दृष्टिले परिचय दिएको कुरालाई यहाँ हृदयङ्गम गर्नुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैले सद्बीजारोपण पर्वको सम्बन्ध बालादैत्य नामको राक्षसको मृत्युसँग भएको देखाएका छन् । उनीहरूका अनुसार बालासुर नामको राक्षसले पशुपतिमा जलाउन ल्याएको मुर्दाहरूलाई खाएर मानिसहरूलाई सताएको र उसैको मीत वृषसिंहले पशुपतिनाथको कृपाबाट बालासुरलाई मारी उसको टाउको पशुपतिलाई चढाएपछि पशुपतिकै आज्ञाअनुसार मृतकहरूका मोक्षका लागि सद्बीज छर्ने परम्परा शुरू भएको हो ।[२७] वास्तवमा यो एउटा जनश्रुति मात्र हो । सद्बीजारोपण केवल पशुपतिक्षेत्रमा मात्र नमनाई काठमाडौं बाहिरका शिवमन्दिरक्षेत्रहरूमा पनि मनाउने नेपाली परम्परालाई हेर्दा सद्बीजारोपणपर्वको सम्बन्ध बालादैत्यसँग स्थापित गर्न खोज्नु युक्तिसङ्गत देखिँदैन । कसैलेचाहिँ मृगस्थलीमा रहेका बाँदरलाई खानेकुरा दिएको भनेर पनि लेखेका छन् ।[२८] सद्बीजारोपण पर्वमा एकातिर पितृमोक्षको कामना अन्तर्निहित छ भने अर्कोतिर नजानिदो किसिमले प्राणीमात्रमा सेवा गर्नुपर्छ भन्ने भावनालाई जगाउन खोजेको छ भन्ने कुरा छरिएका अन्नहरू पशु-पक्षीलगायत कतिपय जातिविशेषको लागि केही दिनको हातमुख जोड्ने साधन बनेकोबाट अवगत हुन्छ । धार्मिक क्षेत्रहरूमा जाने, घुम्ने प्रवृत्तिलाई यस्ता पर्वहरूले प्रोत्साहन दिएको कुरा कम उल्लेख्य छैन ।

मङ्सिरकृष्ण चतुर्दशीको दिन श्लेष्मान्तक जङ्गलमा 'सद्बीज' छर्ने चलन छ । सद्बीज छर्न नेपाल अधिराज्यका विभिन्न ठाउँहरूबाट श्रद्धालु व्यक्तिहरू आउँछन् । सदबीज छर्न आउने मानिसहरू त्रयोदशीकै दिन आई माहादीप बाली बस्छन् । चतुर्दशीको दिन मानिसहरूको अझ बढी जमघट पशुपतिमा हुन्छ । तापनि सद्बीजको शुरुवात भने मार्गकृष्ण एकादशीको दिनदेखि नै हुन्छ । मार्गकृष्ण एकादशीको दिन 'बालागूठी' को तर्फबाट पहिले वत्सलेश्वरीको पीठमा पूजाआजा हुन्छ । त्यहाँ वत्सलेश्वरीको यात्राको सन्दर्भमा 'जापाय' गरे जस्तै त्यस दिन वत्सलेश्वरीमा 'जापाय' अर्थात् अन्नप्राशन हुन्छ । त्यहाँ जति पनि पूजालगायतका विधिविधानहरू हुन्छन्, सबै कर्माचार्य पुरोहितले गर्छन् । जापायमा मुख्यत: वत्सलेश्वरीपीठमा दृश्यमान शिला नै छोपिने गरी भात चढाइन्छ तथा त्यसमाथि बोडी, सिमी, मेथी आदिका तरकारीहरू पनि चढाइन्छन् । त्यहाँ पूजा हुँदा भैरवरूपी शिवको तथा वत्सलेश्वरीको पूजाआराधना हुन्छ ।

'बालागूठी' मूलपुजारीले चलाउने 'बाह्र गूठी' मध्येको एक हो । पूजाको मूलकर्ताचाहिँ मूलपुजारीले मूल भँडारीलाई बनाइदिएका हुन्छन् । त्यसैले पूजाआजा सम्पन्न नहुञ्जेलसम्म मूल भँडारी यताउता जाँदैनन् । शिवरात्रिको अवसरमा गुह्येश्वरीमा सम्पन्न गर्नुपर्ने पूजा र बालागूठीअन्तर्गतको पूजामा बलिसमेतको काम गरिने भएको तथा पशुपतिका पुजारी शाकाहारी दाक्षिणात्य ब्राह्मणहरू भएको कारण ती दुइ पूजालाई मूलपुजारीले मूल भँडारीहरूको जिम्मा लागाइदिएको हुनुपर्छ ।

मार्गकृष्ण एकादशीको दिन वत्सलेश्वरीमा गरिने पूजाआजा सकिएपछि सद्बीज छर्ने काम हुन्छ । सबभन्दा पहिले पञ्चगणेश, अनन्तआदिनारायण, वटुकभैरव, जयमङ्गला, राजराजेश्वरीमा प्रदक्षिणाको साथ सद्बीज छर्दै-छर्दै पशुपतिनाथमा जानुपर्ने चलन छ । त्यसपछि आर्यघाटबाट ओर्ली वाग्वती, किरातेश्वर, गुह्येश्वरी, नमोबुद्ध (विश्वरूपादक्षिण) र अन्त्यमा भागलभुगलमा बाँकी भएका सबै अन्न छर्नुपर्ने चलन छ । उपर्युक्त मन्दिर र मूर्तिहरूमा छर्ने क्रममा बाटोमा पर्ने सबै देवी-देवता तथा मृगस्थलीको बाटोको दायाँ-बायाँ सबैतिर छर्छन् । सद्बीजमा भटमास,

---

२७ (क) सत्यमोहन जोशी, *नेपाली चाडपर्व*, प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं.२ ०३९), ४८-५० पृष्ठ।

(ख) *गोरखापत्र*, ८८ वर्ष, २१२ अङ्क, (वि.सं. २०४५ मङ्सिर २४ गते शुक्रवार), १० पृष्ठ ।

२८ Daniel Wright, *op.cit.*, foot note no, 15 (ख), p.24.

"This takes place on the 14th of Aghan. People on this day go to the forest of Mrigasthali (i.e., the small wood opposite the temple of Pashupati), and scatter about rice, vegetables, and sweet meats much to the delight of the monkey who dwell there."

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जौ, धान, लावा, मूलाका टुक्राहरू, ज्यामीर, हलेदोको टुक्रा, मकै आदि अन्न, फल तथा कन्दमूलका टुक्राहरू छरिन्छ । त्यस अवसरमा तीन पाथी सद्बीज छर्छन् । सद्बीज छर्ने दिन पुजारी कर्माचार्य, कर्ता मूल भँडारी र मोहीनायक चोखो बसी भात नखाई त्यस दिनको आवश्यक सबै काम गर्छन् । काम सकेपछि बेलुका भात खान्छन् । बेलुका मूल भँडारीकहाँ भोजको आयोजना हुन्छ । भोजमा विसेटनायक, मूल भँडारी, मोहीनायक, कर्माचार्य र अमालकोटकचहरीका बिचारी जान्छन् । वत्सलेश्वरीमन्दिरमा पूजाआजा गरी सद्बीज छरिने हुनाले यसलाई पार्वतीले छरेको सद्बीज भन्ने गरिन्छ । यस सम्बन्धमा बूढापाकाहरू के भन्छन् भने कैलाशबाट शिवजी श्लेष्मान्तक वनमा मृगरूपमा आई विहार गर्नुभयो । धेरै दिनसम्म पनि कैलाशमा नफर्केकोले पार्वतीलाई ज्यादै पीर पऱ्यो । वाग्वतीको किनारमा रहेको मृगस्थलीमा भगवान् शिव मृगरूपमा विहार गर्नुभएको छ भन्ने थाहा पाई शिवरूपी मृगलाई चिन्नको लागि पार्वतीले विभिन्न बीजहरू छर्नुभयो । केही समयपछि छरिएका बीजहरू उम्रिए । उम्रिएका हरिया बिरुवादेखि लोभिएर मृगहरू आउन थाले । झुण्डका झुण्ड मृगहरू अब त्यहाँ आउन थालेकाले पार्वतीलाई मृगरूपका शिवलाई चिन्न गाह्रो परेन भन्ने जनश्रुति छ । पार्वतीले शुरू गरेको सद्बीज छर्ने काम पछि गएर परम्परा बन्यो ।

सार्वजनिक रूपमा सद्बीज छर्ने काम त्यसको तीन दिनपछि अर्थात् मार्गकृष्ण चतुर्दशीमा सम्पन्न हुन्छ । यसलाई 'बालाचतुर्दशी' भन्दछन् । बालाचतुर्दशीमा मृगस्थलीको जङ्गलभरि नै जसो सद्बीज छर्ने परम्परा भएकोले बालाचतुर्दशीभन्दा केही दिन अगाडिदेखि नै श्लेष्मान्तक जङ्गलमा सामान्य रूपले हिंड्न सक्ने गरी पैदल बाटो बनाउने र ती बाटोहरूमा सरसफाइ गर्ने काम हुन्छ । यी सबै काम कुसले र पोडेहरू मिलेर गर्छन् । उनीहरूले आपसमा सीमाबन्दी गरेका हुन्छन् । त्यसअनुसार निश्चित ठाउँ तोकी आ-आफ्नो भागको बाटो बनाउने तथा सफा गर्ने काम गर्छन् । त्यही सीमाअनुसार उनीहरूले त्यहाँ छरिएको सद्बीज सोहोरेर लिन्छन् । सद्बीज मृगस्थली वा श्लेष्मान्तक जङ्गलभरि नै छरिने भएकोले त्यस अवसरमा जहाँ-जहाँ सद्बीज छरिने हो, त्यहाँ-त्यहाँ पैदल बाटो बनाइन्छ (चित्र-सङ्ख्या १६८) ।

सद्बीज छर्न अधिराज्यका विभिन्न भागहरूबाट मानिसहरू आउँछन् । ब्राह्मण, क्षत्रिय, नेवार, मगर, गुरुङ, राई, दनुवार, तामाङ, लिम्बु आदि विभिन्न वर्ण र जातका मानिसहरूको जमघट बालाचतुर्दशीमा हुन्छ । वर्ण, लिङ्ग, धर्म, सम्प्रदायको भेदभाव त्यहाँ देखिन्न । छर्नुपर्ने सबै ठाउँमा सद्बीज छरेर बाँकी भएको अन्न मृगस्थलीको 'भागलभुगल शिवलिङ्ग' मा समर्पण गरिन्छ । त्यहाँ चढाइएको सद्बीजलाई लिलाम गरी केही दशक अगाडिसम्म त्रिशूलयात्रा बृहद् र भव्य रूपमा सम्पन्न गरिन्थ्यो । तर आजकल यो चलन हराएको छ, पोडे, कुसलेहरूले बटुलेर आफै लिने गरेका छन् ।

त्यस वर्ष मरेका आफन्तहरूको चिरशान्ति, मङ्गल र पुण्यको कामनाले सद्बीज छरिन्छ । पहिलो वर्ष सद्बीज छर्नु अघिल्लो दिनको बेलुका पशुपतिनाथको मन्दिरमा 'महादीप' बालेर जाग्राम बस्छन् । दोस्रो वर्ष समापनको लागि यज्ञ गर्छन् । त्यसलाई 'चतुर्दशी यज्ञ' वा 'प्रतिष्ठा' भन्ने चलन छ । बालाचतुर्दशीको दिन आर्यघाट र मन्दिरवरपर प्रशस्तको सङ्ख्यामा ब्राह्मणहरूद्वारा त्यस्ता यज्ञहरू गराएको देखिन्छ । यज्ञको सट्टा कसै-कसैले रुद्री मात्र पनि गराएको पाइन्छ ।

सार्वजनिक रूपले सद्बीज छर्ने अघिल्लो दिन अर्थात् मार्गकृष्ण त्रयोदशीको दिन भगवान् पशुपतिनाथलाई किमती गरगहना पहिऱ्याइन्छ । सक्कली एकमुखे रुद्राक्ष, नागमणि जस्ता वस्तुहरू ढुकुटीबाट झिकिन्छन् । त्यसरी झिकिएका वस्तुहरू मार्गकृष्ण औँसीको दिन भण्डारमा पुनः राखिन्छन् । बालाचतुर्दशीको दिन मध्यरातमा अन्तिम सद्बीज छरिन्छ जसलाई 'कएन्या' भनिन्छ । यो कार्य सम्पन्न भएपछि त्यस वर्षको सद्बीज छर्ने कार्य समाप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालाचतुर्दशीको दिनदेखि पशुपतिनाथलाई स्नान गराउँदा तातो पानीले गराइन्छ । चैत्रकृष्ण चतुर्दशीसम्म प्रतिदिन यसरी नै स्नान गराइन्छ ।

सद्बीज छर्दा महत्त्व बुझ्नेहरू सबेरै वाग्वतीमा नुहाएर 'सुवर्णरत्तिकातुल्यं व्रीहिमेकं परिक्षिपेत् । मृगस्थली परिभ्रम्य पुनर्जन्म नविद्यते' भनी मन्त्र पढ्दै सद्बीज छर्छन् ।[२९]

५.२.३ *कैलाशकुसुमारोपण*

पशुपतिनाथमा सम्पन्न गरिने पर्वहरूमा कैलाशकुसुमारोपण पनि एउटा हो । यो पर्व माघशुक्ल चतुर्दशीको दिनदेखि भोलिपल्ट पूर्णिमाको दिनसम्म मनाइन्छ । यो पर्वको महत्त्व र उद्देश्यको सम्बन्धमा *भाषावंशावली*मा उल्लेख पाइन्छ । त्यहाँ लेखिएको छ –

"चाँगुमा गोत्र हत्या गर्ने धमाइको[३०] सर्वश्व बाँकी रहँदा फेरि यिनै धनले पशुपतिनाथका पुजाहारी स्वामी (विमलानन्द) सित मतो गरि शिवार्चन चण्डिकाशास्त्र प्रमाण गरी पशुपतिनाथमा वर्षवर्द्धन अस्पर्श अगमागम वस्तु अर्जित पाप क्षय निमित्त कैलासकुसुमारोहण नाम गरी प्रतिवर्ष चलाया"

उपर्युक्त विवरणबाट पशुपतिका पुजारी विमलानन्दको सम्मतिबाट तात्कालिक राजाले यो पर्वको थालनी गरेको बुझिन्छ । त्यस वेला काठमाडौंको गद्दीमा राजा भूपालेन्द्र मल्ल थिए । तर यो पर्वको वेला पूजाको सङ्कल्प गरिँदा भौमलक्ष्मीको नामबाट गरिने भएकोले कैलासकुसुमारोपण शुभारम्भ गर्न उनको हात रहेको देखिन्छ । प्रचलित भाषा-*वंशावली*मा भुवनलक्ष्मीलाई भूपालेन्द्र मल्लको रानी बताइएको छ ।[३१] यिनै भुवनलक्ष्मीलाई जनजिब्रोले भौमलक्ष्मी भनेको हुनु धेरै सम्भव छ । यो पर्वलाई नेवारी भाषामा 'टिकिंछाँ' भनिन्छ । 'छाया दर्शन' को नामबाट पनि यो पर्वले प्रसिद्धि पाएको छ ।

यो पर्व चलाउने भिन्नै गुठीको व्यवस्था छ । कैलाशपुष्पको प्रतीक बनाई पशुपतिनाथलाई पहिऱ्याइने हुनाले यसलाई 'कैलाशकुसुमारोपण' भनिएको हो । कसैले यसलाई बोधिसत्त्वको मुकुट पहिऱ्याएको भनी बताएका छन् ।[३२] यसैलाई आधार मानी विरूपाक्ष र पशुपतिबीचको मनमुटावको कथा कथेको पनि पाइन्छ । तर *वंशावली*को भनाइ, प्रचलित विधि र पहिऱ्याइने मुकुटको शैली तथा आकारलाई हेर्दा त्यो कुरा सत्य जँच्दैन । यसको निर्माणसम्बन्धी सबै काम बिसेटनाइकेको घरमा हुन्छ । पञ्चरङ्गी कपडाका टुक्रा तथा बाँसका कप्टेराहरूबाट यसको निर्माण हुन्छ । ईशानमुखको शिरमा अट्ने गोलाइ अडकलेर बाँसको कप्टेराले दुइ तह गरी (चित्रसङ्ख्या २१०) पुष्पको प्रतीकयुक्त मुकुट बनाई बाँसको कप्टेरा नदेखिने गरी पञ्चरङ्गी कपडाहरू मिलाएर सिइन्छ । यो टाढाबाट हेर्दा फूलै जस्तो देखिन्छ । त्यसमा बिच्छीको आकार-प्रकार कालो कपडाको टुक्राले बनाई टाँसिन्छ । त्यसको तयारी एक-दुइ दिन अगाडिदेखि नै गर्छन् । माघशुक्ल चतुर्दशीको दिन त्यस 'कैलाशपुष्प' लाई बिसेटनाइकेको घरबाट निकाल्छन् । बिसेटनाइकेले सो पुष्पलाई बोकेका हुन्छन् । त्यसको साथ भण्डारतहविल तथा अमालकोटकचहरीका रै-रकमी पनि

---

२९ योगी नरहरिनाथ (सम्पा.) *इतिहासप्रकाश*, १ वर्ष, १ अङ्क, (वि.सं. २०१२), १६० पृष्ठ ।

३० यज्ञप्रसाद रुपाखेतीसँग भएको *भाषावंशावली*को ७७ पृष्ठमा ती व्यक्तिलाई 'धर्मक्ष' भनी नाम दिइएको छ ।

३१ पं. देवीप्रसाद लंसाल, *पूर्ववत्*, पादटिप्पणी २५ सङ्ख्या, ९४ पृष्ठ ।

३२ D.R. Regmi, *Medieval Nepal*, Part I, (Calcutta: Firma K.L. Mukhopadhayay, 1965 A.D.), p. 557.
"On the Kartika Sukla Purnima day, the phallus is worshipped as the Bodhisatva, and special ceremony in conformity to Buddhist ritual practices as performed to propitiate the deity."
डी.आर. रेग्मीले यद्यपि कार्तिकशुक्ल पूर्णिमा भनी लेख्नुभएको छ । तर यो माघचतुर्दशीमा मनाइने पर्वलाई भन्न खोजेको हो भन्ने कुरा पुस्तकमा उल्लिखित पूर्वविवरणबाट ज्ञात हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानुपर्ने चलन छ । पशुपतिनाथमन्दिरमा लग्नुभन्दा अगाडि ताम्रेश्वरमन्दिरमा गई त्यस मन्दिरको परिक्रमा गरिन्छ । त्यस क्रममा सबभन्दा पहिले झङ्केश्वरी, भकुनटोल, इँटापाखा, जयवागीश्वरी हुँदै ताम्रेश्वरमन्दिरको एक पटक प्रदक्षिणा गरी पाँचुटोल पुग्दछ । बिसेटनाइकेले आफ्नो घरअगाडि 'लसकुस' स्वरूप पूजाआजा सकेपछि सामेल भएका सबै रै-रकमीहरूलाई बिसेटनाइकेको तर्फबाट च्यूरा बाँड्नुपर्दछ । त्यसपछि लगनलाछी हुँदै प्रतापेश्वरलाई परिक्रमा गरी पशुपतिनाथमन्दिरमा पुऱ्याइन्छ । बाहिरी ढोकाबाट भित्र प्रवेश गर्नुअघि पश्चिमपट्टिको ढोकामा पशुपतिका रकमी, राजोपाध्याय पुरोहित र काठमाडौँतलेजुका जोशीले 'लसकुस' गरी भित्र्याउँछन् । त्यसपछि पशुपतिमन्दिरको एक पटक प्रदक्षिणा गरी यज्ञशालामा लगिन्छ । त्यहाँ पूजाआजा र होम सकिएपछि दक्षिणपट्टिको ढोकाबाट बिसेटनाइकेले मूलपुजारीलाई दिन्छन् । ढोकाबाट भोग तथा शृङ्गारको काम सकिएपछि उक्त कैलाशपुष्पको प्रतीकस्वरूपको मुकुट पशुपतिनाथमा पहिऱ्याइन्छ । भोलिपल्ट पूर्णिमाको दिन पशुपतिनाथमन्दिरको भित्री गर्भगृहमा झण्डै एक-डेढ बित्ता पानी वाग्वतीबाट ल्याई जमाइन्छ । त्यही जमेको पानीमा देखिने भगवान्को आकृतिलाई 'छाया दर्शन' भनी श्रद्धासाथ दर्शनार्थीहरूले दर्शन गर्छन् । त्यस अवसरमा शाक्य, वज्राचार्य आदि बौद्ध धर्मावलम्बीहरूको पनि भीड लाग्छ । छाया दर्शनलाई पुण्य र पवित्र मान्ने प्रचलनअनुसार त्यस दिन टाढा-टाढाबाट दर्शनको लागि आउँछन् । छाया दर्शनलाई बौद्धधर्मानुयायीहरूले कसरी बोधिसत्त्वसँग सामञ्जस्य कायम राखी आत्मसात् गरेका हुन्, अहिले स्पष्ट भन्न गाह्रो छ । जे होस्, यसले पशुपतिनाथको सर्वव्यापकतालाई भने पुष्टि गर्न मदत पुऱ्याएको छ ।

५.२.४ महास्नान–महाबलि

पशुपतिनाथमन्दिरमा नियमित रूपमा गर्नुपर्ने पर्वपूजाहरूमध्ये बृहद् र तयारीसाथ गर्ने पर्वपूजामा महास्नान-महाबलि पूजाको अग्रगण्य स्थान छ । नियमित रूपमा महास्नान गर्ने प्रचलन हुनुभन्दा अघि राष्ट्रमा दुर्भिक्ष, सङ्कट र प्रकोप हुने गर्थे, तिनको निराकरण हेतु समय-समयमा पशुपतिको महास्नान गर्ने गरेका उल्लेखहरू पाइन्छन् । महास्नान गरे सङ्कट भोग्नु पर्दैन भन्ने धारणा र जनविश्वासले नै यसो भएको हो । घर वा मन्दिरमा स्थापित देवी-देवताका मन्दिरहरूमा नित्यपूजाको अवसरमा पञ्चोपचार वा षोडशोपचार पूजाअन्तर्गत स्नान गर्ने कार्य पनि पर्दछ । तर 'महास्नान' लाई अवसर विशेषमा गरिने नैमित्तिक कर्मको रूपमा लिइन्छ । यस कुरालाई पशुपतिनाथमा हुने महास्नानले पनि स्पष्ट पार्दछ । नित्यस्नानमा ज्यादाजसो जल र कहिलेकाहीँ पञ्चामृत (दूध, दही, घ्यू, मह, सख्खर) को स्नान हुन सक्छ, तर महास्नानमा जलको अतिरिक्त पञ्चामृतबाट पनि स्नान हुनैपर्छ ।

देवपूजनको क्रममा स्नानको अति नै महत्त्व छ । *हिमवत्खण्ड* मा यसको महत्त्व र फल वताउँदै भनिएको छ[३३]–

घृतेन मधुना वापि दधिक्षीररसपूतकैः ।
गन्धोदकेन क्षीरेण शीतोदकेन वा पुनः ॥१३॥
मम स्नानं प्रदत्तस्य महत्पुण्यफलं लभेत् ।
अनेनैव लभेत्स्वर्ग्गं लब्धभोगः क्रमान्मम ॥१४॥
घृतेन मम लोकं च मधुनामासुलोककं ।
दध्ना वै वैष्णवं लोकं मच्छासनाद्वजिष्यति ॥१५॥
विद्याधरपदं भूयात्स्नायतीक्षुरसेन च ।
गन्धोदकेन गन्धर्वं क्षीरेण शशिनः पुरम् ॥१६॥
शीतोदकेन निष्पापं उष्णोदकेन पोषकं ।
अङ्गपूजान्तु यः कुर्य्यात्पुनर्नानाविधैर्मम ॥१७॥

---

३३ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.) *हिमवत्खण्ड*, प्रथम संस्करण, (काशी: योगप्रचारिणी, वि.सं. २०१३), अध्याय ८३।११३-१२८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् पवित्र घ्यू, मह, दही, दूध, मीठो-मीठो बास्ना आउने सुगन्धी अथवा ठण्डा जलले जसले मलाई (पशुपति) स्नान गर्दछ, त्यसले अत्यन्त ठूलो पुण्यप्राप्ति गर्नेछ । त्यसरी स्नान गराएको पुण्यले लामो समयसम्म स्वर्गादि भोग गरीकन मेरो लोक (कैलाश) प्राप्त गर्नेछ । घ्यूले स्नान गराउनाले शिवलोक, महले स्नान गराउनाले स्वर्गलोक, दहीले स्नान गराउनाले विष्णुलोक प्राप्त गर्नेछ । उखुको रसले स्नान गराउनाले विद्याधरलोक, सुगन्धित वस्तुले स्नान गराउनाले गन्धर्वलोक, पवित्र गोदुग्धले स्नान गराउनाले सोमलोक प्राप्ति हुन्छ । शुद्ध, ठण्डा जलले स्नान गराउनाले सम्पूर्ण पापबाट मोक्ष हुन्छ । तातो पानीले स्नान गराउनाले पुष्ट हुन्छ । जुन मनुष्यले षोडशोपचारले मेरो अङ्गपूजा गर्छ, त्यो मनुष्यको सबै इच्छा सिद्ध भई कैलाशमा बास हुन्छ। यस प्रकारको वचन प्रचलित धार्मिक ग्रन्थहरूमा पाइने र महास्नानमा दूध, घ्यू, मह, दही, उखुको रसस्वरूप चिनी सबै हुने हुनाले महास्नानलाई पुण्यमय कार्यको रूपमा लिएको पाइन्छ ।

भगवान् पशुपतिनाथमा महास्नान प्रशस्त भए हुनन्, तर प्रारम्भिक मल्लकालका राजा अभयमल्लको समय (वि.सं. १२७३-१३१२ आ.) देखिको मात्र छिटपुट अभिलेखीय उल्लेखहरू पाइन्छन् । उनको समयमा दुर्भिक्ष भई प्रजाले कष्ट पाउँदा महास्नान, कैलाशपूजाको साथै शान्तिस्वस्तिको लागि प्रतिवर्ष लक्ष्यहोम एवं पक्षश्राद्ध गर्ने चलन चलाएका थिए ।[३४]

काठमाडौँका राजा नृपेन्द्रमल्लले ने.सं. ७९८ (वि.सं. १७३५) वैशाखशुक्ल पूर्णिमा चन्द्रग्रहणको दिन महास्नान-महाबलि पूजा गरेको उल्लेख पाइन्छ । उनले ब्राह्मणहरूलाई घोडा, वस्त्र, गाई आदि दान दिएका थिए ।[३५] पूर्णिमाकै दिन महास्नान गर्नुपर्छ भन्ने खास कुनै बाध्यता छैन । यो कुरा लक्ष्मीनरसिंह मल्लले ने.सं ७५४ (वि.सं. १६९१) वैशाखशुक्ल तृतीया (अक्षयतृतीया) को दिन भगवान् पशुपतिनाथमा महास्नान गर्ने गरी सोह्र रोपनी जग्गा गुठी राखिदिएको विवरणबाट बुझिन्छ ।[३६] त्यस्तै सिँख्वाल प्रधानले पूजा गर्ने व्यवस्था मिलाएअनुरूप आजसम्म त्यस दिन महास्नान-महाबलि देवीदासका छोरीपट्टिका सन्तान जोशीहरूले गर्ने गरेका छन् । उनले कार्तिकशुक्ल पूर्णिमाको दिन महास्नान गर्ने व्यवस्था गरेका थिए ।[३७] श्री ५ रणबहादुर शाहकी रानी कान्तवतीले प्रत्येक पूर्णिमाको दिन महास्नान गर्ने गूठी राखे पनि पहिलेको व्यवस्थामा केही परिवर्तन गरी कार्तिकशुक्ल चतुर्दशीको दिन सिँख्वालले राखेको गूठीबाट महास्नान हुन थाल्यो । आक्कल-झुक्कल वा प्रतिवर्ष महास्नान गर्ने बाहेक नियमित रूपमा कुनै पर्व वा तिथिमा महास्नान-महाबलि पूजाको रीत थिएन । यस अभावको पूर्तिलाई दृष्टिगत गरी श्री ५ रणबहादुर शाहकी रानीले पशुपतिनाथलाई खुशी तुल्याउनको निमित्त वैशाखपूर्णिमादेखि लिएर बाह्रै पूर्णिमाहरूमा र अधिकमासको पूर्णिमामा पनि नियम-विधि पुऱ्याई लालमोहरमा लेखिएबमोजिमका सामग्रीहरू कत्ति नघटाई पूजा गर्नको लागि वि.सं. १८५६ वैशाखशुक्ल पूर्णिमाको दिन सिन्धुपाल्चोक जिल्लाको फटकशिला तथा गोकर्णमा गरी बाइससय रोपनी जग्गा गूठी राखी यसको प्रारम्भ गरिदिइन् । त्यसमध्ये फटकशिलामा ५६६ रोपनी ४ आना तथा देवपाटन अम्बलको गोकर्णमा १६३३ रोपनी १२ आना जग्गा राखिएको थियो । तात्कालिक व्यवस्थाअनुसार गोकर्णबाट २१८० मुरी धान,

---

३४ Dhanavajra Vajracharya and Kamal P.Malla (Ed.), *The Gopalrajavamsavali*, (Germany : Franz Steiner Verlag Wiesbaden GmbH, 1985), pp. 33, 81.
"राजा श्रीअभयमलदेव वर्ष ४२ मा ६ तस्य राजें महामारी दुर्भिक्ष प्रजा कष्टीभवतिः, तस्य सान्तिकृते, वर्ष प्रति लक्षहोम, पक्षश्राध कृत्यः श्रीपशुपतिभटारकाय महास्नान केलासपूजनम्कृतम् ॥

३५ D.R.Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), Apendix III, p. 1.

३६ परिशिष्टभाग, अभिलेखखण्ड (क) २२ सङ्ख्या ।

३७ (क) पं. देवीप्रसाद लंसाल, *पूर्ववत्*, पादटिप्पणी २५ सङ्ख्या, ९३ पृष्ठ ।
(ख) वालचन्द्र शर्मा (सम्पा.), "काठमाडौँ उपत्यकाको एक राजवंशावली", *प्राचीन नेपाल*, ४ अङ्क, (वि.सं. २०२५), १८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फटकशिलाबाट ८५१ मुरी धान कूतबापत प्राप्त हुन्थ्यो । धानको अतिरिक्त ती ठाउँहरूबाट महास्नान-महाबलिमा आवश्यक पर्ने विभिन्न जिन्सी सामग्रीहरू तथा नगद, घ्यूखानी, साउन्या, फागु आदि पनि उठ्दथ्यो । अहिले फटकशिलाबाट पहिले झैं आवश्यक पर्ने सबै सर-सामग्रीहरू आउँछ । तर गोकर्णको जग्गा भने पहिले नै अमानत गरिएकोले त्यसको आयस्ता गूठीसंस्थानले लिने गरेको छ । त्यसै आम्दानीबाट महास्नान-महाबलिमा आवश्यक पर्ने कतिपय वस्तुहरू जुटाइदिने दायित्व गूठीसंस्थानको भएको छ । गूठी निकायहरूको संस्थागत रूपमा विकास हुनुभन्दा अघि महास्नानसम्बन्धी जग्गाको रेखदेख गर्न तथा त्यस पर्वलाई निर्विघ्नपूर्वक सम्पन्न गर्न गुठियार, बहिदार, टहलुवा, मोहीनायक आदि गरी १७ जना व्यक्तिहरू नियुक्त गरिएको कुरा वि.सं. १८६२ आषाढकृष्ण द्वादशी आइतवारको लालमोहरबाट अवगत हुन्छ ।[३८] महाबलिगूठी वि.सं. १९०९ देखि नै अमानत भएको अवगत हुन्छ । यो कुरा वि.सं. १९७८ चैत्रको लगत विवरणमा यससम्बन्धी पूजाको चर्चा गर्दा वि.सं. १९०९, १९४३, १९६७ सालमा तात्कालिक परिस्थिति अनकूल हुने गरी लगत तयार पारिएको थाहा हुन्छ ।[३९] महास्नान-महाबलि पर्वमा 'महास्नान' पञ्चामृतस्नानसँग सम्बद्ध छ भने महाबलिचाहिँ महास्नानको दिन कुमारी, गुह्येश्वरी, कीर्तिमुख, वत्सला, ढुण्डिगणेश आदि देव-देवीका पूजा गर्ने तथा पशुपतिमा भुजा (भात) भोग लगाउने, साँढे छोड्ने आदि कामसँग सम्बद्ध छ । महास्नान-महाबलि गूठी यसो हेर्दा अलग-अलग कामको लागि राखिएको देखिए तापनि दुवैमा एकै दिन पूजाआजा हुने भएकोले ती दुइवीच अन्योन्याश्रित सम्बन्ध छ ।

महास्नान-महाबलि पर्व-पूजाको लागि वि.सं. १८५६ वैशाखशुक्ल पूर्णिमा आइतवारको दिन पहिलो लालमोहर भएको हो । यस पर्व-पूजालाई नियमितता दिने सन्दर्भमा कदाचित् यस गूठीमा आधिदैविक, आधिभौतिक कुनै घटना घटी पूजा रोकिन गएमा राजामा जाहेर गरी उपद्रव शान्त गरी हरहालतमा महास्नान-महाबलि गर्नुपर्ने लालमोहरमा व्यवस्था गरिएको छ । महास्नान-महाबलि पूजा सकिएपछि यससम्बन्धी हिसाव-किताबको विवरण राजदरबारमा जाहेर गर्नुपर्ने चलन एकताका थियो । यसै क्रममा वि.सं. १८७१ देखि वि.सं. १८८२ मार्गशुक्ल पूर्णिमासम्म जम्मा एघार वर्षको खर्चको विवरण बैठकेहस्ते दिएको उल्लेख एउटा पत्रमा आएको छ ।[४०] यस पर्वसँग राजदरबारको नजिकको संलग्नता थियो । वि.सं. १८७५ चैत्रकृष्ण ६ रोज ४ को लालमोहरमा महास्नान-महाबलिको आचार्यको काममा सहजानन्द भाजुको सट्टामा चिँगटी भाजुलाई श्री ५ राजेन्द्रविक्रम शाहले राखेको कुरा उल्लेख छ ।[४१] अहिले पनि यस पर्वको आचार्यत्व हनूमान्ढोकास्थित तलेजुका राजोपाध्यायले गर्ने गरेका छन् ।

महास्नान-महाबलिलाई चाहिने प्रायशः सबै सामानहरू फटकशिलाबाट भारीमा बोकेर पैदलै ल्याइन्छ । प्रत्येक महिनाको शुक्लपक्षको त्रयोदशीको दिन देवपाटनस्थित महास्नानघरमा आवश्यक सबै सामग्रीहरू नाप-तौल गर्ने, मिलाउने र ठीक पारेर राख्ने काम गरिन्छ । महास्नानघर महास्नान-महाबलिको कार्य सम्पादन गर्नकै लागि निर्माण गरिएको हो । दाउरादेखि लिएर आवश्यक सबै जिन्सी सामग्रीहरू फटकशिलाबाट आउँछ । महास्नान-महाबलिमा चाहिने सामग्रीको जोरजामल यस्तो प्रकारले मिलाइएको छ कि फटकशिलामा यस पर्वको लागि छुट्याइएको जग्गा कमाउने मोहीले लालमोहरमा तोकिएअनुसारको जिन्सी वुझाउनुपर्छ, जुन उसको जग्गामा उब्जाइन्छ । दाउरा भने फटकशिलाको जङ्गलबाट ल्याइन्छ । महास्नान-महाबलिमा चाहिने सामग्रीहरूको सम्पूर्ण विवरण वि.सं. १८६७ पौष-शुक्ल ७ को लालमोहरमा दिइएको छ ।[४२]

---

३८ परिशिष्टभाग, अभिलेखखण्ड (क) १३३ सङ्ख्या ।
३९ वि.सं. १९७८ चैत्रको महास्नान-महाबलिगूठीको लगत । गूठीलगत तथा तहबिलकार्यलय, वटुक ३८२ लगतसङ्ख्या ।
४० श्री ५ राजेन्द्रवीरविक्रम शाहको वि.सं. १८८२ को लालमोहर । अभिलेख फाँट, पोका नं ८, सि.नं. २०२२, ७३७ सङ्ख्या, ६५ पृष्ठ ।
४१ श्री ५ राजेन्द्रवीरविक्रम शाहको वि.सं. १८७५ चैत्रकृष्ण ६ रोज ४ को लालमोहर । राष्ट्रिय अभिलेखालय, सङ्ख्या १४६,२५० पृष्ठ ।
४२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रयोदशीदेखि चतुर्दशीको बेलुकासम्ममा पशुपतिगोश्वरा, काठमाडौँगूठीतहसीलकार्यालय, गूठीलगत तथा तहबिलकार्यालय एवं गूठीसंस्थान केन्द्रीय कार्यालयका जिम्मेवार व्यक्तिहरूको उपस्थितिमा नाप्ने, जोख्ने, भाग लाउने आदि काम हुन्छ । पूर्णिमाको दिन बिहान आठ-नौ बजेदेखि महास्नानघरबाट सामग्रीहरू भान्छामा ओसार-पसार गर्ने काम हुन्छ । सामग्रीहरू ओसार-पसार गर्ने रकमीहरू दश जना छन् । यी कार्य परम्परादेखि उनीहरूले नै गर्दै आएका छन् । उनीहरू त्रयोदशीको दिनदेखि परेवासम्म यस काममा लाग्नुपर्दछ । यिनीहरूले फटकशिलाबाट आएको सामग्रीहरू जोख्ने, भर्ने, गन्नेदेखि लिएर भान्छामा पुऱ्याउने कामसमेत गर्नुपर्दछ । उक्त काम गरेबापत ४ पाथी ४ माना च्यूरा र वर्षको १० रुपैयाँ खान्गीस्वरूप काठमाडौँगूठीखर्चअड्डाबाट पाउँछन् । पूर्णिमाको दिन सामग्रीहरू लग्दा पहिले बालभोगका सामग्रीहरू लगिन्छ । त्यसपछि दश जनामध्ये कसैले महास्नानका सामग्रीहरू मन्दिरमा पुऱ्याउँछन् भने कसैले महाबलिका सामग्रीहरू भान्छामा ओसार्छन् । महाबलिको भुजा पकाउने भान्छा छुट्टै छ । त्यो कोटिलिङ्गेश्वरको पूर्वपट्टि पर्छ ।

पूर्णिमाको दिन हनूमान्ढोकास्थित तलेजुको 'नकिनी' (लायकु मिसा) आएर महास्नानघरको माथिल्लो तलामा महास्नानको अवसरमा पूजा गरिने पशुपतिक्षेत्रका विभिन्न देवी-देवताको लागि पूजासामग्री तयार पार्छिन् ।[४३] त्यस दिनका लागि आवश्यक पर्ने फूलहरू आजकाल भण्डारखालबगैँचाबाट ल्याइन्छ । पहिले यस दिन आवश्यक पर्ने फूलहरू 'महास्नानकेव' बाट ल्याइन्थ्यो । पूजासामग्री तयार पार्दा देहायबमोजिम गरिन्छ ।

चाँदीको कोटालमा	-	१ भाग	पित्तलको थालीमा	-	३ भाग
तामाको कोटालमा	-	१ भाग	टपरीमा	-	२६ भाग

तिनीहरूमध्ये चाँदीको कोटालको भाग महास्नान गर्दाको अवसरमा पशुपतिनाथमा पूजा गर्दा चढाइन्छ । पित्तलको थालीमा तयार पारिएकोमध्ये यज्ञशालामा होम गर्दाको लागि एक भाग र बाँकी दुइ भागमध्ये एक भाग गुह्येश्वरी र अर्को भाग कीर्तिमुखभैरवमा चढाइन्छ । टपरीमा तयार पारिएका छब्बीस भागमा पशुपतिप्राङ्गणस्थित लालगणेश, सूर्यनारायण, वासुकि, राजराजेश्वरी, जयवागीश्वरी, मनमानेश्वरी, भुवनेश्वरी आदि देवी-देवतालाई चढाउन सम्बन्धित मन्दिरका पुजारीहरूलाई दिइन्छ । सोही भागमध्ये एक भाग भोगसङ्कल्प गर्दा र अर्को भाग बसाहा छोड्दा प्रयोग गरिन्छ । महास्नानको लागि पूजा-सामग्रीहरू मिलाइदिएबापत नकिनीले १२ माना चिउरा, आधा माना तेल र ३२ पैसा पाउँछिन् । यस्ता लायकु मिसा अहिले चार जना छन् ।[४४] प्रत्येक पूर्णिमामा दुइ-दुइ जनाको पालो पर्छ । पूजा सामग्रीहरू तयार पारिसकेपछि आशा-गुर्जा, बाजा-गाजासहित पशुपतिनाथमन्दिरमा लगिन्छ । पूजा-सामग्रीहरू ब्राह्मणले समातेका हुन्छन् ।

महास्नानको अवसरमा भगवान् पशुपतिनाथलाई पोशाक फेराउने व्यवस्था छ । आवश्यक पर्ने पोशाकहरू दमाईंले नसिईकन रञ्जितकारले सिउने, रङ्गाउने आदि काम गर्छन् । पोशाकहरूमा दशवटा पगरी चढाइन्छ । पगरी रातो, हरियो, पहेँलो, सेतो र नीलो अर्थात् पञ्चरङ्गी कपडाबाट तयार गरिन्छ । तिनीहरूमध्ये पशुपतिनाथका पाँच मुहारको लागि पाँच थान र धर्मशिलामा राखी चढाइने भोगको सामग्री भगवान् पशुपतिनाथको पाँच मुहारको लागि भएकाले त्यसको लागि पाँचवटा पगरी छुट्याइन्छ । भगवान् पशुपतिनाथलाई जामा, पट्टा र चिउली (कम्मरपेटी) महास्नानको दिन पहिऱ्याइन्छ । जामा पहिले तासको बनाउनुपर्ने व्यवस्था थियो, तर अहिले नक्कली तासको बनाइन्छ । महास्नानका उपयुक्त कार्यहरू गरेबापत रञ्जितकारलाई सोह्र पाथी धान महीनैपिच्छे काठमाडौँगूठी-खर्चअड्डाले दिने गरेको छ ।

---

४३ भर्ना भएपछि यिनीहरू बडागुरुज्यूकहाँ ढोग दिन जानुपर्दछ र त्यहाँ शपथग्रहण पनि लिनुपर्दछ । पशुपतिका 'लायकु मिसा' हरू नै काठमाडौँतलेजु, पचलीभैरव र महाङ्कालस्थित द्वैमाजुमा पनि पर्वविशेषमा पूजासामग्री राख्ने काम गर्छन् ।

४४ वर्तमानमा कृष्णमाया डङ्गोल, मैया डङ्गोल, लक्ष्मी डङ्गोल र दशमाया डङ्गोल 'लायकु मिसा' भई काम गरिरहेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महास्नानको दिन भगवान् पशुपतिनाथलाई गहना पनि चढाउनुपर्ने चलन छ। ती गहनाहरू बनाउन आजकाल गूठीसंस्थानले बाँडालाई ठेक्का दिने गरेको छ। गर-गहनाहरूमा तत्पुरुष, सद्योजात, वामदेव र अघोर मुखका लागि चारवटा चाँदीका जनै तथा प्रत्येक मुहारमा तीन-तीनवटा नेत्र चाहिन्छ। त्यस अवसरमा वासुकिमा चाँदीको तिलक र जनै चढाइन्छ।

विभिन्न प्रकारका मिठाईरोटीहरू त्रयोदशीको दिन बेलुकादेखि नै तयार गरिन्छन्। ती मिठाईरोटी बनाउने हलुवाई पाटनका छन्। बालभोग र महास्नानको लागि अलग-अलग मिठाईरोटीहरू बनाउँछन्। बालभोगमा देहायअनुसारका मिठाईहरू तयार पारिन्छ।

(क)	खाजा	-	५
(ख)	मठ	-	५
(ग)	ठूलो अँठे	-	५
(घ)	फिनी	-	५
(ङ)	लाखमरी	-	५

ती रोटीहरू भगवान् पशुपतिनाथको पाँच मुहारलाई विचार गरी तयार पारी चढाउने गरिएको हो। त्यस्तै गरी महास्नान र महाभोगको अवसरमा विभिन्न आकार-प्रकारका मिठाईरोटीहरू चढाउने गरेको पाइन्छ। मिठाईरोटीहरू बनाउने क्रममा चार र छ टाउको भएका चराहरू पनि चढाएको पाइन्छ। त्यसको प्रतीकात्मक रूपमा के अर्थ रहेको छ, थाहा पाइएन। महास्नानको अवसरमा चार टाउके भङ्गेरा १, छ टाउके भङ्गेरा १, सानो भङ्गेरा ३ वटा अलग-अलग ३ भाग टपरीमा राखी भोगमा तथा ५ भाग पशुपतिनाथमन्दिरमा चढाइन्छ। गहुँको पीठो र चिनीबाट बनाइएको चौरासी नामको मस्यौरा जस्ता आकारका मिठाई १०-१० वटा राखी मन्दिरमा ५ टपरी तथा महाभोगको लागि ३ टपरी चढाइन्छ। भैरवको आकृतिको झण्डै डेढ बित्ता चौडा मिठाई तथा नागको आकृतिको मिठाई धर्मशिलामा राखिने भोगको रासमा राखिन्छ। त्यस्तै गरी त्यस रासमा सूर्य, चन्द्र, कलश, अष्टकोण, माछा, झण्डा, शङ्ख, चमर, पङ्खाको आकृतिका रोटीहरू चढाइन्छन्। महाभोग र मन्दिरको लागि देहायअनुसारका त्यस्ता रोटी चढाइन्छन्।

	रोटी	भोग	मन्दिर
(क)	सूर्य	१	-
(ख)	चन्द्र	१	-
(ग)	कलश	१	१
(घ)	अष्टकोण	१	१
(ङ)	माछा	१	१
(च)	झण्डा	१	१
(छ)	शङ्ख	१	१
(ज)	चमरपङ्खा	१	१

साथै त्यस अवसरमा साना अँठेहरू २०० वटा बनाएर चढाइन्छ। बालभोगमा चढाइने मिठाईहरू चाँदीका पाँचवटा थालमा लग्छन्। महास्नान-महाबलिको लागि टपरीमा लग्छन्। मिठाईको लागि चिनी डेढ धार्नी, घ्यू तीन धार्नी, पीठो बाह्र धार्नी र दाउरा ७ भारी लाग्दछ। यसको लागि चाहिने दाउरा फटकशिलाबाटै ल्याइन्छ।

महाबलिको भुजा मैथिल झा र मिश्र ब्राह्मणहरूले पकाउनुपर्ने चलन छ। कान्तवती मैथिल ब्राह्मणकुलकी हुनाले माइती खलकलाई प्रोत्साहन दिएको हो भन्ने भनाइ पाइन्छ। सिँख्वाल प्रधानले कार्तिकशुक्ल पूर्णिमाको निमित्त राखेको महास्नान-महाबलिका भोग पनि मैथिल ब्राह्मणहरूले नै पकाउँछन्। भान्सामा संलग्न हुने मैथिल ब्राह्मणहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्दशीका दिन एक छाक खाएर बस्छन् । भोलिपल्ट पूर्णिमाको दिन बिहानै नुहाई-धुवाई गरी दश बजेतिर पशुपतिनाथमन्दिरमा गई दर्शन-पूजन गर्छन् । त्यसपश्चात् भोग पकाउने तयारीमा लाग्छन् । सो दिन कपाल खौरी, नयाँ जनै फेरेर मात्र भोग पकाउनुपर्ने चलन छ । काठमाडौँगुठीखर्चको तर्फबाट कपाल खौरन रु ११- र जनैलाई ५० पैसाको दरले भोग पकाउने सबै ब्राह्मणलाई दिइन्छ । ब्राह्मणहरू तयार हुन्जेलसम्ममा भोगको भात पकाउने खड्कुँलोमा पानी हाल्ने, भान्सा सफा गर्ने, आगोको लागि दाउरा जोर्ने काम हुन्छ । यो काममा देवपाटनका डङ्गोलहरू परम्परादेखि नै नियुक्त छन् ।[४५]

भोग पकाउन आगो जोर्नुअघि भान्सामा रहेका भोगेश्वर नामका शिवलिङ्गको पूजा गरिन्छ । त्यस्तै सबै कुरा पाकेपछि धर्मशिलामा राख्नुअघि भोगेश्वरमा चढाएर मात्र लगिन्छ । त्यो दिन ६ मुरी, ६ मुठीको भुजा (भात) चढाइन्छ । तर श्रद्धालु भक्तजनले कसैले एक दुइ माना चामल ल्याई भोग पकाउनुअघि खड्कुँलोमा हालिदिन सक्छन्। त्यस दिन रहर, मुङ्गी, केराउ, मास, गहत, मुसुरीलगायत अठार किसिमका दालहरू पकाएर चढाइन्छ । तरकारीमा मौसमअनुसारको हुन्छ । साँझ ६-७ बजेतिर चाहिने परिकार सबै तयार भएपछि धर्मशिलामा क्रमैसँग परिकार ओसार्ने काम हुन्छ । धर्मशिलामा प्रथम पटक ल्याइने भुजा, जसमा जटासहितको नरिवलभित्र सुनको नन्दीको प्रतिमा हुन्छ, राखिन्छ । बेलुका भोगको काम सकिए तापनि कुसलेनाइकेलाई सो नन्दी जिम्मा नलाईकन झा ब्राह्मणहरू जान पाउँदैनन् । मैथिल ब्राह्मणहरूको थकालीको निर्देशनमा भोग पकाउने काम सम्पन्न हुन्छ । थकाली दुइ जना हुन्छन्। एक पूर्णिमा बिराएर एक-एक जना थकालीको पालो पर्दछ । लालमोहरमा भोग पकाउन एघार जना मैथिल ब्राह्मणहरूको दरबन्दी भए तापनि आजकाल आउन गाह्रो मान्छन् । नआउनुका विविध कारण होलान् त्यसमा पहिलो कुरा समय र परिस्थितिले गर्दा भान्छे बनेर भोग पकाउन नचाहनु, कपाल खौरन जरुरी हुनु, काम गरेबापत पारिश्रमिक सन्तोषजनक नहुनु तथा भोकै बसेर भोग पकाउने काम सकेपछि जाने बखतमा हिँडेर जानुबाहेक अरू सुविधा नहुनुलाई लिन सकिन्छ । आजकल भोग पकाउन मैथिल ब्राह्मण नपाएर ललितपुर, भक्तपुरबाट ल्याउनुपर्ने बाध्यता छ । बूढापुरानाबाहेक नयाँ पिँढीहरू संलग्न नभएको हुँदा परम्परा भनेर टिकाउनै थकालीहरूलाई गाह्रो परिरहेको देखिन्छ । भोग पकाउन संलग्न भएबापत थकालीले अतिरिक्त भागको रूपमा मान्द्रो तीनवटा, बीस हाते धोती एकवटा, र डालो एकवटा पाउँछन् । अरूले २ माना च्यूरा, २ माना चामल, आधा चौथाइ केराउको दाल, अलि-अलि नून, बेसार सिधाको रूपमा पाउँछन् । त्यसमा एउटा अँठे र एघार हाते सेतो धोती एउटा पाउँछन् ।

भोग तयार भएपछि भान्छा र धर्मशिलासम्मको बाटोमा 'पञ्चगव्य' छर्की सकेपछि मात्र भुजा लगेर राख्छन् । भुजा लग्दा आठवटा डालोबाट तिनै मैथिल ब्राह्मणहरूले ओसार्छन् । त्यो दिन पशुपतिमन्दिरको दक्षिणपट्टि रहेको यज्ञशालामा होमसहित यज्ञ तथा विधानद्वारा आवाहन, सङ्कल्प, पाठ आदिको काम हुन्छ । यो काम राजोपाध्याय ब्राह्मणबाट हुन्छ । महास्नानको अवसरमा भगवान् पशुपतिनाथलाई पहिर्‍याइने गहना, पोशाक आदिको सङ्कल्प तथा पञ्चामृतको सङ्कल्पपूजा गरेपछि मात्रै मन्दिरमा लगी त्यसैद्वारा स्नान गराइन्छ । यज्ञशालामा गरिने हवन 'कुशकण्डिका' तान्त्रिक विधिअनुसार गरिन्छ । त्यहाँ गरिने यज्ञमा विभिन्न व्यक्तिहरूले प्राणप्रतिष्ठाको लागि आफूले पुज्न खोजेका मूर्तिहरू ल्याएर दिने प्रचलन छ । त्यस दिनको यज्ञमा काठमाडौँतलेजुका कर्माचार्य १, जोशी १, भुवनेश्वरीका कर्माचार्य १, यज्ञ गर्ने राजोपाध्याय १, कर्ता १, पाठ गर्ने मैथिल ब्राह्मण ११, हवन गर्ने ब्राह्मण ३ जना हुन्छन् । यज्ञमा पहिले राजोपाध्यायले होम गर्छन्, त्यसपछि देवपाटनका अरू तीन जना राजोपाध्यायले होम गर्छन् । ती चार जनाबाट दश हजार 'पाशुपतास्त्र' मन्त्रद्वारा हवन गरिन्छ । हवन गरेबापत केही दशकअगाडिसम्म देवपाटनका राजोपाध्यायलाई पहिलेको दरवन्दीअनुसार एक धोती र ३३ पैसा दक्षिणा दिने गरेकोमा अहिले त्यसको सट्टा रु. २।- दिइन्छ ।

---

४५ महाभोगमा पानी बोकेबापत यी डङ्गोल कन्याकुमारीहरूले च्यूरा १ कुरुवा र चामल १ कुरुवा पाउँछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णकलश तथा पञ्चामृतको घडा यज्ञशालाबाट मन्दिरमा लग्दा पहिले पञ्चगव्यले बाटो पवित्र पार्दै कर्ताले पोशाक, राजोपाध्यायले पूर्णकलश र भोग पकाउने मैथिल ब्राह्मणले पञ्चामृतको घडा बोकी मन्दिरको प्रदक्षिणा गर्दछन् र दक्षिण ढोकाबाट पुजारीलाई दिन्छन् । त्यसपछि पहिले 'पूर्णकलश' जसलाई 'आदिकलश' पनि भनिन्छ । त्यो घडाले भगवान् पशुपतिनाथलाई स्नान गराइन्छ । पूर्णिमाको दिन मन्दिरको एक र यज्ञशालाको एक गरी जम्मा दुइ पूर्णकलशले स्नान हुन्छ । त्यसपछि पञ्चामृतले स्नान हुन्छ । पञ्चामृतलाई १२० घडाहरूमा तयार पारिएर राखिएको हुन्छ । त्यसैद्वारा महास्नान सम्पन्न गरिन्छ । त्यसै वेला वासुकिमा ५ घडाद्वारा पञ्चामृतस्नान हुन्छ ।

महास्नानको काम सकिएपछि मात्र महाभोगको काम प्रारम्भ हुन्छ । राजोपाध्याय पुरोहितले धर्मशिलामा 'भूमिशोधन' विधान गरी रेखी हाली पूजा सकेपछि महाभोगको भुजाहरू ल्याउने काम हुन्छ । भुजाको रासको उत्तरपट्टि त्रिशूलचिह्न र पश्चिमपट्टि श्रीयन्त्रको चिह्न बनाइन्छ । त्यस्तै दक्षिणपट्टि खड्ग र पूर्वपट्टि कमलको चिह्न बनाइन्छ । भैरवको आकृतिको मिठाईरोटी उत्तरपट्टि उत्तराभिमुख गरेर राखिन्छ भने वासुकिनागको आकृतिको रोटी रासको टुप्पामा राखिन्छ । भुजाको रासलाई पञ्चरङ्गी कपडाका टुक्राहरूले बेरिन्छ । त्यसपछि पञ्चरङ्गी काँचो धागोले टुप्पामा राखिएको वासुकिनागको आकृतिलाई बेरेर भोगको रास वरिपरि एकपल्ट बेरेर पशुपतिनाथको मन्दिरभित्र लग्न तयार पारिन्छ । ठीक त्यसै वेला मन्दिरको दक्षिणपट्टि सिँढीमा मूलपुजारीलाई बस्न आसनी राखिन्छ र त्यसको अगाडि गोबरले लिपिन्छ । भुजाको रासको वरिपरि राखिएको पालामा घ्यू र तेलका बत्ती बाल्छन् । लिपेको ठाउँमा मूलपुजारीले श्रीयन्त्रको आसन बनाएपछि त्यसमाथि त्रिखुट्टी उभ्याउँछन् र त्यहाँ अर्घ राखेर तान्त्रिक विधिबाट पूजा गर्छन् । मूलपुजारीले भुजाको रासमा जलअक्षता छर्कन्छन् । त्यो सकिएपछि पञ्चरङ्गी धागोको अघिको डल्लो मैथिल ब्राह्मणका थकालीले मूलपुजारीको अघिल्तिर राखिदिन्छन् । त्यसपछि राजोपाध्याय पूजाकार्यमा संलग्न हुन्छन् । पञ्चरङ्गी धागोको डल्लोलाई मूलपुजारीले पूजा गर्छन् । राजोपाध्यायले मूलपुजारीको हातमा जौ-तिल दिन्छन् र आफूले पनि लिन्छन् । मन्त्र पाठ गर्दै दुवैले हात जोड्छन् र त्यसलाई महाभोगको रासमा चढाउँछन् । त्यसपछि पञ्चरङ्गी धागोको डल्लो फुकाउँदै-फुकाउँदै लगेर पशुपतिनाथलिङ्गअगाडि लगेर आवाहन गरी भोग लगाउँछन् । एकैछिनपछि मूलपुजारीले पञ्चरङ्गी काँचो धागोको डल्लोलाई बेर्दै ल्याई पहिलेको टपरीमा राखिदिन्छन् । त्यसपछि मूलपुजारी तथा राजोपाध्याय दुवै जना हातमा फूलअक्षताको पुष्पाञ्जलि लिएर हात जोडेर मन्त्रपाठ गर्दै उभिन्छन् । केही बेरमा नै फूलअक्षता भोगको रासमा समर्पण गर्छन् । अर्को पटक पनि यसै गर्छन् । तत्पश्चात् मूलपुजारी मन्दिरभित्र जान्छन् । महाभोग सकिन्छ । महाभोग अर्पण हुँदा-हुँदै कीर्तिमुखभैरवमा पञ्चबाजाको साथ राँगो, बोका, र हाँसको 'त्रिबलि' हुन्छ । त्यसै वेला उन्मत्तभैरवको माथिल्लो कोठामा गोप्यपूजा हुन्छ । त्यस दिन गुह्येश्वरीमा पनि बलि दिइन्छ । महाभोग सकिनासाथ राजोपाध्यायले बसाहालाई त्रिशूलले डामेर छाड्छन् । यस प्रकार वर्षभरिमा तेह्रवटा बसाहा छाडिन्छ । महास्नानको अवसरमा 'महादीप' पनि बालिन्छ ।

महाभोग सकिएपछि देवपाटनका कुसलेहरू दरबन्दीअनुसार भोगको भुजा लिन आउँछन् । सो भुजा देवपाटनका कुसलेबाहेक अरूले लिन पाउँदैनन् । केही दशकअगाडिसम्म भोगको प्रसाद लिन तँछाड-मछाड हुने मात्र होइन गर्भको बच्चाको समेत भाग छुट्याउनुपर्दथ्यो । तर आजकाल कुसलेहरू लिन नआएर वाग्वतीमा फ्याल्नुपर्ने अवस्था आएको देखिन्छ । पहिले त्यो लिन वादी-प्रतिवादी नै भएको पनि पाइन्छ ।[४६] महाबलिको भात अधकल्चो जस्तो हुने हुनाले जाँड बनाउनबाहेक अरूमा काम नलाग्ने तथा जाँड बनाउन पनि सुकाएर राख्नुपर्ने झन्झट भएको र सुकाउने ठाउँ

४६ वि.सं. १९४५ ज्येष्ठशुक्ल १२ रोज १ को दुइ छापेमा धनवीर र चतुरसिंह, ज्ञानमान, बेषामान, तुइसिंहवीच महाबलिको भातसम्बन्धी विषयलाई लिएर मुद्दा चलेको थियो । पशुपतिको चारकिल्लाबाहिर जन्मेको वा बस्ने, देवपाटनको कुसले नाइकेको दस्तुरमा नमिलेको, पशुपतिका मूलपुजारीलाई नसाधेको कुसलेले उक्त महाबलिको भात लिन नपाउने बन्दोबस्त त्यस वेला गरिएको थियो । यो दुइछापे पत्रको तस्वीर तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा प १.९९ मा थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब उपलब्ध नहुनाले कुसलेहरू लिन नआउने गरेको देखिन्छ । अर्को कुरा धेरैजसो कुसलेहरूले लुगा सिउने व्यवसाय अपनाएको हुनाले त्यसमा समय लगाउँदा हुने फाइदा यतापट्टि नभएकोले पनि उदासीनता देखाएको देखिन्छ । कुसलेहरूलाई नै महाबलिको भात किन दिनुपरेको हो ? त्यस सम्बन्धमा स्पष्ट भन्न गाह्रो छ । भनिन्छ, महाबलिको भात पहिले अरूलाई दिँदा रगत छादे; त्यसैले जान्ने-सुन्ने पण्डितहरूसँग सर-सल्लाह गर्दा भगवान् शिवको रौद्र रूपमा चढाइएको प्रसाद खाई पच्न सक्ने क्षमता कापालिकहरूसँग मात्र भएको भन्ने धारणाले कापालिकहरूकै शिष्यपरम्पराका कपाली अर्थात् कुसलेहरूलाई दिन थालिएको हो । यसमा सत्यता कत्तिको छ भन्न गाह्रो भए तापनि जातभातको नियमलाई कडिकडाउसाथ पालना गरिरहेको बखत मठ-मन्दिरमा सरसफाइ, बाजा-गाजा बजाउने काममा घनिष्ठ सम्बन्ध कुसले जातिको भएको हुनाले तात्कालिक जनजीवनमा उनीहरूलाई प्रश्रय दिइनु अस्वाभाविक होइन । अर्कोतिर उनीहरूको पेशा मागी खाने तथा आर्थिक स्थिति विपन्न अवस्थाको हुनाले उनीहरूलाई नै महाबलिको भात दिने प्रचलन त्यस वेला चलेको हुनु धेरै सम्भव छ ।

पशुपतिका कुसलेहरू भाद्रशुक्ल अष्टमीको दिन पशुपतिअमालकोटकचहरीअगाडिको डबली ताम्रेश्वर, पशुपति एवं वासुकिको मन्दिरका पुजारी, शङ्कराचार्यआगमघर तथा मूल भँडारीको घरमा दशैंको आगमनको सूचक मङ्गलध्वनि बजाउन जाने चलन छ । त्यस्तै श्रीपञ्चमीको दिन वसन्तऋतुको आगमनको सूचना दिन जान्छन् । त्यस वेला उनीहरूलाई जो सकेको दस्तुर दिने प्रचलन छ ।

महास्नान-महाबलि कुन उद्देश्यको लागि गरिएको हो ? स्पष्ट बताउने उल्लेख नपाइए तापनि त्यस अवसरमा गरिने यज्ञको वेला 'पाशुपतास्त्र' मन्त्रको पाठ हुने भएकोले शत्रु साधना र सङ्कटमोचन नै यसको ध्येय देखिन्छ । हुन पनि एकीकरणअभियानको काम चालू भइरहेको परिप्रेक्ष्यमा हेर्दा त्यो स्वाभाविक पनि देखिन्छ । महास्नान-महाबलि पूजाको लागि व्यवस्थित ढङ्गबाट प्रबन्ध गरिएको छ । फटकशिलामा जग्गा कमाउने एकथरी छन्, बाली उठाउने अर्काथरी छन् भने जिन्सी सामग्रीहरूलाई बोकेर देवपाटन पुऱ्याउने फेरि अरू नै छन् । गूठीजग्गामाथि अहिले देखिँदै गएको व्यक्तिगत र संस्थागत अतिक्रमणले गर्दा आजकल यसमा शिथिलता आउँदै गरेको पाइन्छ ।

५.२.५ *शिवरात्रि*

स्वदेश-विदेशका दर्शनार्थीहरू आई भगवान् पशुपतिनाथमा पूजा-अर्चना गर्ने विशेष पर्वको रूपमा शिवरात्रिलाई लिइन्छ । पशुपतिनाथमा सबभन्दा भीड लाग्ने पर्व यही नै हो । वैदिक धर्ममा चार रात्रिहरूको विशेष ख्याति पाइन्छ । ती हुन् मोहरात्रि, कालरात्रि, सुखरात्रि र शिवरात्रि । ती रात्रिहरूमा विभिन्न देवी-देवताविशेषको पूजा हुन्छ । उदाहरणको रूपमा मोहरात्रिमा कृष्णको, कालरात्रिमा नवदुर्गाको, सुखरात्रिमा लक्ष्मीको तथा शिवरात्रिमा शिवको विधि-विधानसाथ पूजा-अर्चना गरिन्छ । शिवरात्रिलाई त अझ महत्ता दिई 'महाशिवरात्रि' पनि भनिन्छ । यसो हुनाको कारण शिवरात्रिको व्रतलाई व्रतहरूमध्येमा श्रेष्ठ बताइएकोले शिवपुराणमा 'व्रतराज' को संज्ञा दिइएको छ ।[४७] त्यस्तो महत्त्व शिवरात्रिमा समेटिएको हुनाले यसलाई 'महाशिवरात्रि' भनिएको हो । प्रत्येक वर्ष फाल्गुनकृष्ण चतुर्दशीको दिन महाशिवरात्रि पर्वोत्सव पर्दछ । जहाँ-जहाँ भगवान् शिवका मन्दिर र पूजास्थलहरू छन् शिवरात्रिको

---

४७ नागशरण सिंह (सम्पा.), *शिवमहापुराणम्,* खण्ड १, कोटीरुद्रसंहिता, शिवरात्रिव्रतमाहात्म्य, (दिल्ली: नाग पब्लिसर्स, सन् १९८६), १९-२१ ।

अष्टमी सोमवारे च कृष्णपक्षे चतुर्दशी ।
शिवतुष्टिकरं चैतन्नाल कार्या विचारणा ॥
चतुर्वपि वलिष्टे हि शिवरात्रिव्रत हरे ।
तस्मात्तदेव कर्तव्यं भुक्तिमुक्तिफलेप्सुभिः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन त्यहाँ भक्तजनहरूको भीड लाग्दछ । त्यसमा पनि देवपाटनस्थित भगवान् पशुपतिनाथको मन्दिर मुख्य केन्द्रबिन्दु मानिन्छ ।

शिवरात्रिको दिन पशुपतिनाथको दर्शन गर्न स्वदेश तथा विदेशबाट आएका भक्तजनहरूको बिहानैदेखि भीड लाग्दछ । वैरागी, उदासी, सन्न्यासी, नागा आदि विभिन्न सम्प्रदायका साधु-सन्तहरू पनि बढी सङ्ख्यामा आउँछन् । शिवरात्रिलाई भोग र मोक्ष दिने पुण्यदायक पर्वको रूपमा लिइएको छ । *शिवपुराण*मा भगवान् विष्णुले एकपटक भगवान् शिवलाई कुन व्रतबाट उहाँ भक्तजनहरूलाई भोग र मोक्ष एकसाथ प्रदान गर्नुहुन्छ ? भनी प्रश्न गर्दा भगवान् शिवले दशवटा व्रतहरूको नाम दिनुभएकोमा शिवरात्रिलाई अत्यधिक महत्त्व दिँदै भोग र मोक्ष चाहनेले शिवरात्रिको व्रत बस्नु योग्य छ भनी बताएको प्रसङ्गको चर्चा पाइन्छ । त्यहाँ शिवरात्रिलाई मनुष्यको हित गर्नेवाला बताइएको छ-[४८]

एतस्माच्च व्रतादन्यन्नास्ति नृणां हितावहम् ।
एतद्व्रतन्तु सर्वेषां धर्मसाधनमुन्तमम् ॥

*शिवपुराण*मा शिवरात्रिको दिन बिहानदेखि पूजाको समापन नहुञ्जेलसम्म गर्नुपर्ने पूजा विधानको बारेमा भलिभाँति व्याख्या गरिएको छ । शिवरात्रिको दिन भगवान् शिवको पूजा गर्नाले दिव्य ज्ञान दृष्टि प्राप्त गर्न सकिन्छ भन्ने कुराको दृष्टान्त स्वरूप सोही पुराणमा एउटा कथा प्रस्तुत गरिएको छ ।

प्राचीन समयमा गुरुद्रुह नाम गरेको एउटा व्याधा वनमा शिकार गरेर जीवन निर्वाह गर्दथ्यो । उ हत्या आदि जुनसुकै नराम्रो कर्म गर्न पनि पछि हट्दैनथ्यो । वनमा मृगको शिकार गर्नु र घर फर्कंदा बाटोमा हिँड्ने बटुवाहरूको धन-दौलत लुट्नु उसको नित्य कार्य थियो । बालककालदेखि युवावस्थासम्म कहिल्यै उसले राम्रो भन्ने कामै गरेको थिएन । एक दिन उसका आमा-बाबु र पत्नीले उनीहरू भोकले आकुल-व्याकुल भएकोले उसलाई जहाँबाट भए पनि खानेकुरा ल्याउन आग्रह गरे । पत्नी गर्भवती थिइन् । घरका परिवारले त्यत्ति भनेपछि उ आफ्नो धनुष-बाण उठाएर वनतिर पस्यो । त्यसदिन रात झमक्क परिसक्दा पनि कहीँ कतै शिकार भेट्टाउन सकेन । नफर्कू रात परिसक्यो फर्कू शिकार हात परेन । यसै रित्तो हात जानु भएन भन्ने सम्झी एउटा तलाउको छेउमा बेलको रूखमाथि बास बस्ने र जलाशयमा पानीले तिर्खाएको जनावर आए मार्ने ध्येयले आफूलाई चाहिने पानी लिई रूख चढ्यो । जब रातको प्रथम प्रहर भयो तिर्खाले आकुल-व्याकुल भएकी मृगिणी पानी पिउन जलाशयमा आई । त्यसलाई देख्नासाथ व्याधा खूब प्रसन्न भयो । धनुषमा बाण चढाउन प्रयत्न गरेकै वेला रूखमुन्तिर रहेको शिवलिङ्गमा पानी र बेलपत्र झर्‍यो । त्यस दिन शिवरात्रि परेका थियो । शिवरात्रिको प्रथम प्रहरको पूजा यसरी अन्जानमा नै सम्पन्न भयो । प्रथम प्रहरको शिवपूजाबाट उसको समस्त पापको क्षय भयो । यत्तिकैमा आफूमाथि धनुष चढाउन ठीक परेको देखी बडो भयभीत भएर मृगिणीले व्याधालाई उसको के गर्ने इच्छा छ सोधी । व्याधाले आफ्नो घरमा सबै जना भोकै रहेको तथा उसलाई मारी परिवारको भोक शान्त पार्ने इच्छा भएको बतायो । मृगिणीले एक जना मलाई मारेर यसका परिवारहरूको भोक शान्त हुन्छ भने ठीकै छ भन्ने सम्झी र व्याधालाई अहिले एकछिनको लागि छोडिदिएमा घरमा बालबच्चा र लोग्नेलाई सबै कुरा बुझाई आउने निवेदन गरी । पहिले त व्याधाले मानेको थिएन, पछि मृगिणीले अनेक प्रार्थना गरेपछि छोडिदियो । उता मृगिणी घरमा गई सबै वृतान्त कहेर आउन खोज्छे । बालबच्चाको क्रन्दन र लोग्नेको रुवाइले उसको घरमा सन्नाटा छाउँछ । यता यस्तै घटनां दोस्रो प्रहर, तेस्रो प्रहर र चौथो प्रहरमा पनि घट्छ । प्रथम प्रहरमा झैं जब धनुषमा बाण चढाउन खोज्छ पानी, बेलको पात, रूखमुन्तिरको शिवलिङ्गमा पर्दछ । त्यसले भगवान् शिव

४८ ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अत्यन्त खुशी हुनुभयो । आउने वचन दिएर गएकी मृगिणी परिवारसहित बिहानपख वचन दिएअनुसार व्याधाको आहाराको लागि उपस्थित भई । मृगिणीको त्यो इमान्दारी देखी व्याधाको मनमा कौतुहलता र सहानुभूति पैदा हुन्छ । त्यसैले उसले तिनीहरूलाई मार्नुको साटो मुक्त गरिदियो । व्याधाले पछि आत्म-चिन्तन गऱ्यो र थाहा पायो कि त्यो दिन महाशिवरात्रिको दिन रहेछ । तत्पश्चात् मृग-मृगिणीले शिव दर्शन पाई मोक्षपद प्राप्त गरे । गुरुद्रुह दिव्य शरीर पाएर दिव्यलोक शिवधाम प्राप्त गऱ्यो । यस प्रकार अन्जानमा गुरुद्रुह जस्तो कुकर्मीले जल र बेलपत्र खसालेकोबाट त मोक्ष पायो भने अरूले प्रेमपूर्वक पूजाआजा गरेमा ज्ञानदृष्टि नपाउने कुरै छैन भन्ने भाव बुझाउन त्यहाँ उक्त कथा दिइएको छ । शिवरात्रिमा सबभन्दा पहिले पूजा गर्ने गुरुद्रुह हो भन्ने कुराको पनि त्यहाँ वर्णन छ ।

यस्तै प्रेरक प्रसङ्गहरूको कारण शिवरात्रिको दिन व्रत, पूजा गर्ने व्यापक चलन छ । भगवान् पशुपतिनाथको मन्दिरमा शिवरात्रिको दिन पूजाआजा तथा पञ्चामृतस्नानको लागि गूठी राखिदिएको उल्लेखहरू पाइन्छन् । शिवरात्रिको दिन पूजाआजा गर्न गूठी राखेको सन्दर्भमा ने.सं. ७६० (वि.सं. १६९६) मा भीम मल्लले पूर्ण मल्लको नाउँमा पशुपतिनाथमा बेलपत्र, फूल तथा पञ्चामृतस्नानको लागि राखेको व्यवस्थालाई पशुपतिनाथमन्दिरमा गरिएको यस प्रकारको पहिलो व्यवस्थाको रूपमा उल्लेख गर्न सकिन्छ ।[४९] त्यस्तै गरी उनैले ने.सं. ७६३ (वि.सं. १६९९) मा शिवरात्रिको दिन पञ्चामृतसहित बेलपत्रले पूजा गर्न गूठी राखिदिएका थिए ।[५०] देवपाटननिवासी रामकृष्ण भारोले ने.सं. ७८८ (वि.सं.१७२५) पशुपतिनाथमा शिवरात्रिको दिन पञ्चामृतले स्नान गराउनको निमित्त गूठी राखेका थिए ।[५१] पछि गएर यी गूठीका गूठियारहरू के भए, कसो भए, नियत गरेअनुसारका पूजाआजा हुन छोड्यो । शिवरात्रिको दिन मध्यरात्रिमा भगवान् पशुपतिनाथमा विशेष पूजाआजा गर्नको लागि वि.सं. १८७० फाल्गुनकृष्ण चतुर्दशी शुक्रवारका दिन श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गूठीको व्यवस्था गरेका थिए । सो व्यवस्थाअनुसार आजसम्म पशुपतिअमालकोटकचहरीबाट उक्त पूजा हुने गरेको छ ।[५२] त्यस वेला षोडशोपचार विधिले चारै प्रहरमा पूजाआजा गरिन्छ । आवाहन, आसन, पाद्य, अर्घ्य, आचमन, स्नान, उपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवैद्य, ताम्बूल, दक्षिणा, आरती, प्रदक्षिणा आदि पूजाका क्रमहरूले त्यस दिनको पूजा हुन्छ । त्यस दिन विभिन्न अरू गूठीहरूबाट पनि पूजा सामग्री ल्याई दिन्छन् ।

शिवरात्रिको दिन देश-विदेशबाट धेरै नरनारीहरू भगवान् पशुपतिनाथको दर्शन-पूजनको लागि आउँछन । वि.सं. २००७ सालभन्दा अगाडिसम्म शिवरात्रि नै एउटा यस्तो पर्व थियो, जसको अवसर पारेर मात्र भारतीयहरू नेपालमा आउन सक्थे । त्यसभन्दा बाहेकको अरू समयमा उनीहरू आउन सक्तैनथे । यो चलन कहिलेदखि चलेको हो स्पष्ट रूपमा बताउन सकिन्न । तर श्री ५ पृथ्वीनारायण शाहबाट देशको लोक-संस्कृतिको बचाउ तथा राष्ट्रियताको संवर्द्धनमा गरेका प्रयासहरूलाई मनन गर्दा नेपालएकीकरणको प्रारम्भिक काम सकेपछि नै उक्त चलन चलेको अनुमान हुन्छ । शिवरात्रिको अवसरमा विभिन्न सम्प्रदायका साधु, सन्त तथा राजा, रजौटा, विद्वान्, नटुवा, जोगीहरू आउने चलन अघिदेखि थियो । राजा-महाराजाबाहेक अरू तोकिएको समयसम्म यहाँ बस्दथे । त्यस अवधिमा वेदान्तचर्चा चल्दथ्यो । समय सकिएपछि वा उनीहरूको विदाइ सकिएपछि परदेशी गएनन् वा फर्की आए भने सिपाही लगाएर साधु, सन्त, जोगी धपाइन्थ्यो । यस प्रचलनको पहिलो उल्लेख वि.सं. १८४९ माघमा लेखिएको *जयरत्नाकर नाटक*मा आएको छ ।[५३]

---

४९ गोविन्द टण्डन, "भीम मल्लको अन्त्य", *अपाङ्को आकाङ्क्षा*, ३ वर्ष, २ अङ्क, (वि.सं. २०४१), २७-३० पृष्ठ ।

५० *ऐजन* ।

५१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४६ सङ्ख्या ।

५२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५९ सङ्ख्या ।

५३ धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल (सम्पा.), *जयरत्नाकर नाटक*, (काठमाडौं: नेपाल सांस्कृतिक परिषद्, वि.सं.२०१४), १०८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवरात्रिको अवसरमा आएका दर्शनार्थीहरूको सुविधाको लागि वीरगञ्जदेखि थानकोटसम्म विभिन्न प्रवन्धहरू गरिएका हुन्थे । यहाँ वि.सं. २००७ भन्दा अगाडिका प्रबन्धहरूको बारेमा चर्चा गर्नु प्रासङ्गिक हुने देखिन्छ । त्यस वेला शिवरात्रिको दुइ-तीन दिन अगाडिदेखि नै वीरगञ्ज, अमलेखगञ्ज, भीमफेदी, मार्खु आदि गाउँहरूमा आवासको निमित्त पाल, भरिया र डोलेहरूको व्यवस्था हुन्थ्यो । साथै उनीहरूको निमित्त आवश्यक पर्ने औषधि र कम्पनी सटहीको पनि व्यवस्था हुन्थ्यो । डोले, भरियाहरूले सरकारले तोकेभन्दा बढी ज्याला लिन पाउँदैनथे । बीचमा भारी छोडी यात्रुलाई अलपत्र पारेमा त्यस्ता डोले, भरियालाई सजाय हुन्थ्यो । सो काम तत्परतासाथ भएको छ, छैन जाँच्न ठाउँ-ठाउँमा कर्मचारीहरू राखिन्थे । बजारभाउभन्दा वढी यात्रुहरूसँग पसलेहरूले लिन नपाउने व्यवस्था मिलाइएको हुन्थ्यो । शिवरात्रिमा आएका यात्रुहरूमध्ये कसैलाई सरुवा रोग लाग्यो भने त्यस्ता यात्रुलाई अलग्ग राखी अस्पतालका कम्पाउण्डरकहाँ पठाई औषधि गरिन्थ्यो । यात्रुहरू बस्ने ठाउँमा खानेपानी फोहरमैला गर्न नदिन, भाँडा माझ्ने ठाउँहरूमा सफा-सुग्घर गराउन, जहाँ पायो त्यहाँ दिसा-पिसाब गर्न नदिन तथा तोकिएको ठाउँहरूमा मात्र झाडा-पिसाब गराउने र नगरपालिकाबाट खटिएका मेहत्तरहरूले दिनदिनै सफा-सुग्घर गरे-गरेनन् हेर्नको लागि सुवेदार, हुद्दाहरू खटाइन्थे । त्यस कामको सम्बन्धमा सेनाका कम्याण्डिङ जनरलहरूलाई पूर्जी हुन्थ्यो । सो व्यवस्था मिलाउन उनीहरूले सम्बन्धित निकायहरूलाई आदेश दिने चलन थियो । डोले, भरियाको बन्दोबस्त गर्न भरियानाइकेलाई ठाउँ-ठाउँमा पानीको व्यवस्था गर्न पानीगोश्वाराका हाकिमलाई, पालको वरपर बिजुलीको प्रबन्ध गर्न तत्कालिक इष्टापअड्डाका हाकिम, पाल टाँग्ने बन्दोबस्त गर्न पालघरका हाकिम, पाल टाँग्न, सिधाहण्डी पुऱ्याउन, पिपाको व्यवस्था गर्न पिपागोश्वाराको हाकिमलाई पूर्जी हुन्थ्यो । त्यस्तै म्युनिसिपलगोश्वाराका हाकिमलाई शिवरात्रिमा आउने यात्रुहरूका निमित्त गर्नुपर्ने बन्दोबस्त मिलाई चारभन्ज्याङबाहिर खटी जाने जाँचकी मेहत्तरलाई यात्रुहरू आइपुग्ने तीन-चार दिनअगाडि ठाउँ-ठाउँमा पुग्ने गरी पठाउनको लागि पूर्जी दिइन्थ्यो ।

शिवरात्रिमा पशुपतिदर्शन गर्न आएका तर मठ तथा अखडाहरूमा नजाने साधु-सन्त र अरू देशी-विदेशी अतिथिहरूका निमित्त सेवा-सत्कार गर्नलाई विभिन्न अड्डाका हाकिम-कारिन्दाहरू खटिन्थे । त्यस्तो वेला भैपरी आउने कामको लागि विभिन्न गूठीका शेष-बाँकीबाट खर्च गरिन्थ्यो । शिवरात्रिमा यात्रुहरूलाई नेपालतर्फको रेलमा आधा रकम सहुलियत दिइन्थ्यो । थानकोटदेखि पशुपतिसम्म आउने लहरीहरूमा पनि आधा सुविधा दिइन्थ्यो ।[५४]

श्री ५ गूठीबन्दोबस्तअड्डा तथा श्री ३ गूठीबन्दोबस्तअड्डाको तर्फबाट हण्डी, सिधा, सदाबर्तको प्रबन्ध गरिन्थ्यो । अन्न नखाने फलफूल खाने फलाहारीहरूलाई फलफूल दिइन्थ्यो ।[५५] छुटगूठी, निजीगूठीहरूबाट पनि त्यसको व्यवस्था मिलाइएको हुन्थ्यो । शिवरात्रिको अवसरमा सबै यात्रुहरूलाई जाँचबुझपश्चात् मात्र छाडिन्थ्यो । यो-यो किसिमका यात्रुहरूलाई छाड्नु भनी केन्द्रबाट वीरगञ्जगोश्वारा र चीसापानीगढीका हाकिमहरूलाई पूर्जी हुन्थ्यो । कस्ता-कस्ता यात्रुहरूलाई छाड्ने भन्ने विषयमा वि.सं. १९८८ फाल्गुन ४ गते रोज २ मा चीसापानीगढीका हाकिमलाई आएको पत्रअनुसार साधु-सन्त, फकीर, फकेडा, तीर्थ गर्न आएका यात्रु, चटकी, वानर-भालू नचाउने मानिसलाई छाडिन्थ्यो । अरू मुजरा, मगन्ते, गवैया, सरुवा रोगीहरूलाई छाडिदैन्थ्यो । तर सिपालु गवैयालाई भने छाडिन्थ्यो । यात्रुहरू छाड्दा र फर्किंदा एक-एक गरी गन्ती गरेको कागज तात्कालिक प्रधानमन्त्रीकहाँ पठाउनुपर्दथ्यो । वैरागी, सन्न्यासीहरूका झिटी-गुण्टाहरू जाँचिन्थ्यो । जाँच्दा जालसाजी चिठ्ठीपत्रहरू फेलापरे तिनीहरूलाई त्यहीं रोकी कारवाही गरिन्थ्यो । त्यससम्बन्धी विवरण प्रधानमन्त्रीकहाँ पठाउनुपर्थ्यो । नेपालप्रवेशको लागि विनाराहदानी आउन पाइँदैनथ्यो । राहदानी शिवरात्रिपछि सात दिनसम्मको लागि दिइन्थ्यो । यात्रुहरू सबैलाई डाक्टरले जाँच्दथे । ज्वरो आएको, प्लेग लागेको बिरामीलाई छाडिन्नथ्यो । ती यात्रुहरूमा प्लेग आई कोही मरेमा त्यस्तालाई खरानी पारेर

---

५४ वि.सं. २००६ साल माघ २१ गते रोज ६ को पुर्जी । कुमारीचोकगोश्वारा तहबिलकार्यालय, पोका.नं. १७२, गोटा नं. १०४२ ।

५५ वि.सं. १९८८ फाल्गुन ३ गते रोज १ को पुर्जी । कुमारीचोकगोश्वारा तहबिलकार्यालय, पोका नं. १७२, गोटा नं. १०२७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जलाइन्थ्यो । साथै सामानहरू पनि जलाइन्थे । रोग-व्याधिको सचेतता असाद्धै लिइन्थ्यो । डोली-म्यान जाँच्दा भारीहरू पनि खोलिन्थे । भारीमा मरेका वा ज्यूँदा मुसाहरू देखिए भने मुसासमेत सबै सामान जलाइन्थ्यो । चीसापानीगढीमा चोर-डाँकुको भय हुने हुनाले बासैपिच्छे सुवेदारको नेतृत्वमा चार-चार जनाको समूहको प्रबन्ध गरिएको हुन्थ्यो । यात्रुहरूले आफ्नो प्रयोगको लागि ल्याएको सामानमा भन्सार लाग्दैनथ्यो । यात्रुहरू बाटोमा बिरामी परेमा त्यस्तालाई अस्पतालमा पुऱ्याउने तथा कोही आफ्नै घर फर्कन्छु भन्यो भने सरकारको तर्फबाट फर्काउने व्यवस्था थियो ।[५६]

साधारणतया शिवरात्रिमा आउने यात्रुहरूलाई शिवरात्रिको सात दिनअघि छोडिन्थ्यो । तर यात्रुहरूको सङ्ख्या बढ्ने सम्भावना रहेमा बाह्र दिनअगाडि नै छाडिन्थ्यो ।[५७] शिवरात्रिसम्बन्धी कामको मुख्य जिम्मा मुलुकीअड्डाको थियो ।[५८] शिवरात्रिको अवसर पारी भारतका विभिन्न ठाउँका तात्कालिक राजा-रजौटाहरू नेपालमा आएका उल्लेखहरू पनि पाइन्छन् । उनीहरूलाई फर्कंदा सौगात दिएर पठाउने चलन थियो । वि.सं. १९४६ मा काशीका राजा हरिराजसिंह आएका थिए । वि.सं. १९५० को शिवरात्रिमा पनि उनी फेरि आएका थिए । वि.सं. १९५२ मा काशीका राजा जगत्सिंहकी आमा आएकी थिइन् । वि.सं. १९५० मा हरिराजसिंह आउँदा लोग्ने मानिस १६ जना र स्वास्नीमानिस ९ जना आएका थिए । वि.सं. १९८१ मा अर्जुनसिंह तथा बरोदा महाराजाका भाइ पनि आएका थिए । शिवरात्रिको वेला राजा-महाराजा आउँदा नेपाल सरकारकै तर्फबाट खर्च गर्ने चलन थियो । वि.सं. १९८४ मा सुरसण्डको रानी दुइसय मानिसहरूका साथ आएकी थिइन् । त्यस्तै वि.सं. १९८५ मा बलरामपुरकी बडामहारानी पशुपतिनाथको दर्शन गर्न आएकी थिइन् । उनले आफ्नो साथ सत्तरी जना मानिसहरू ल्याएकी थिइन् । राजा-महाराजालाई अरू यात्रुहरू जस्तो बस्ने समय तोकिएको हुँदैनथ्यो । वि.सं. १९८० मा नासिकका राजा पशुपतिप्रताप-सिंह शिवरात्रिमा आएका थिए । उनी काठमाडौँ तेह्र दिन बसेका थिए । त्यस्तै गरी वि.सं. १९८३ वैशाखमा बरेलीका राजा कृष्णानन्द पशुपतिनाथको दर्शनका लागि आएका थिए । यसबाट राजा-महाराजालाई सामान्य व्यक्तिलाई जस्तो शिवरात्रिबाहेक अरू वेला आउने नपाउने व्यवस्था थिएन । राजा-महाराजाहरूले यहाँ बसुञ्जेल भत्ता पाउँथे । आउँदा-जाँदा राजकीय सम्मान पाउँथे । काशीका हरिराजसिंह वि.सं. १९५० मा यहाँ आउँदा बिदाइको वेला राजा र रानीलाई भा.रु. ६,०००।- र नोकर चाकरलाई भा.रु. ४७०।- दिएको उल्लेख पाइन्छ ।

पशुपतिमा मनाइने पर्वहरूमा शिवरात्रि सबैभन्दा भव्य हुन्थ्यो । वि.सं. २००७ सालपछि भारतीयहरू शिवरात्रिबाहेक अरू वेला पनि आउन सक्ने भए । वि.सं. २०११ मा त्रिभुवनराजपथको निर्माणले सुगमता ल्यायो । राजनैतिक स्थिति अर्कै भयो । अब नेपालमा आउन शिवरात्रिलाई पर्खनुपर्ने बाध्यता नरहेकोले शिवरात्रि होलो हुँदै गयो । व्यवस्थापनमा कम दृष्टि दिइन थालियो । यसले गर्दा यात्रुहरू घट्दै गए । यसो हो तापनि अहिलेसम्म सबभन्दा घुइँचो हुने पर्व महाशिवरात्रि नै छ । शिवरात्रिमा कुनै तीर्थस्थलको भ्रमण गरेर आउने भारतीय यात्रीले त्यहाँको नदीको जल लोटा, घैला आदिमा ल्याई पशुपतिनाथलाई स्नान गराउने चलन ज्यादातर छ । त्यस्तै नल्याउनेहरूले पनि वाग्वतीको जलले स्नान गराउँछन् । उनीहरूले स्नानलाई महत्त्व दिएको पाइन्छ । नेपाली यात्रुहरूले चाहिँ दर्शनलाई प्रधानता दिएको देखिन्छ । त्यस दिन व्रत बसी भगवान् शिवको पूजाआजापश्चात् प्रसादस्वरूप खानेकुरा खाने प्रचलन छ । शिवरात्रिको दिन साँझपख शिवधुनी भनी दोबाटो-चौबाटोमा आगो बाल्ने गरेको पाइन्छ । भगवान् शिव धुनीप्रिय भएको देखाउने उल्लेखहरू *पुराण* साहित्यहरूमा पाइने कारणले यसलाई महाशिवरात्रिमा स्थान दिएको हुनु त छँदैछ साथै माघको कठ्याङ्ग्रिदो जाडोको प्रभाव शिवरात्रिसम्म रहिरहेकै हुने वास्तविकताको कारण पनि 'धुनी' ले प्रश्रय पाएको हो ।

---

५६ वि.सं. १९८८ फाल्गुन ४ गते रोज २ को पूर्जी । कुमारीचोकगोश्वारा तहविलकार्यालय, पोका नं. १७२, गोटा नं. ४४२२ ।

५७ वि.सं. १९८८ फाल्गुन १५ गते रोज ६ को पूर्जी । कुमारीचोकगोश्वारा तहविलकार्यालय, पोका नं. १७२, गोटा नं. ४७३५ ।

५८ वि.सं. १९९३ कार्तिक १२ रोज ४ को जुद्धशमशेरको एकछापे । यो एकछापेको फोटो तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा सि.नं. ५१ प १।७३ मा थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि उल्लेख गरिएका पर्वहरूको अतिरिक्त पशुपतिनाथमा अन्य पर्वविशेषमा पनि विशेष किसिमको पूजाआजा र व्यवस्थाहरू छन् । तिनीहरूमा गुरुपूर्णिमा, ऋषितर्पणी, वैकुण्ठचतुर्दशी, गङ्गादशहरा, धनुर्मास र अक्षयतृतीया मुख्य मानिन्छन् । पशुपतिनाथमन्दिरमा के सामान्य दिन ! के पर्वको दिन ! सँधै श्रद्धालु भक्तजनहरूको भीड लागेको हुन्छ । अझ नेपाल अधिराज्यभित्र र बाहिर सडक यातायातको बढ्दो सुगमता र हवाई यातायातको विस्तारले गर्दा पशुपतिनाथको दर्शन गर्न आउनेहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ । त्यसो हो तापनि खास गरी एकादशी, सोमवार, चतुर्दशी, कृष्णजन्माष्टमी, तीज, रामनवमी, नवरात्रि, स्वस्थानी व्रतारम्भ र समाप्ति, शीतलाष्टमी, अष्टमी, चन्द्रग्रहण र सूर्यग्रहण, अक्षयतृतीया, पूर्णिमा आदि पर्व र तिथिविशेषमा अझ बढी दर्शनार्थी एवं तीर्थयात्रीहरू दर्शनको उद्देश्यले आउने हुनाले बढी भीड लागेको हुन्छ ।

५.३ पशुपतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था

सनातन हिन्दूधर्मअन्तर्गतका मन्दिरहरूमा भगवान्को पूजाआजाको क्रमसँगै बाजाको सम्बन्ध रहिआएको पाइन्छ । यद्यपि पञ्चोपचार र षोडशोपचार पूजाविधिमा बाजा बजाउने विधान पाइँदैन, तापनि विभिन्न मङ्गल धूनहरू बजाई पूजाआजा एवं आरती गर्ने चलन प्राचीन समयदेखि नै हिन्दूधर्मावलम्बीहरूमा व्यापक रूपमा पाइन्छ । *अमरकोश*मा कैयन् प्रकारका वाद्य सामग्रीहरूको नाम दिइएको पाइन्छ ।[५९] त्यस्तै गरी *श्रीमद्भागवतमहापुराण*मा भगवान् श्रीकृष्णको जन्मोत्सवको प्रसङ्गमा "गोकुलमा ब्राह्मण, सूत, मागध र वन्दीजन मङ्गलमय आशीर्वाद दिन तथा स्तुति गर्न लागे । गायक गाउन लागे । भेरी र दुन्दुभि आदि बाजाहरू बारम्बार बज्न लागे" भनी चर्चा गरिएको पाइन्छ ।[६०] त्यहीँ नन्दबावाको व्रजमा श्रीकृष्ण प्रकट भएको महान् उपलक्ष्यमा ठूला-ठूला विचित्रका मङ्गलमय बाजा बजाउन लागेको उल्लेख पाइन्छ ।[६१] शङ्ख, वीणा, बाँसुरी, डमरु आदि वाद्य सामग्रीहरू क्रमशः विष्णु, सरस्वती, कृष्ण र शिवका प्यारा वाद्य सामग्री हुन पुगे । यस्ता प्रसङ्गहरू पूजाआजाको प्रसङ्गमा चारै वेद, स्मृति, तन्त्र, इतिहास,

---

५९ कुलचन्द्र शर्मा (सम्पा.), *अमरकोश*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०२६), १।३-८ । ५१ पृष्ठ ।

समन्वितलयस्त्वेकतालो वीणा तु वल्लकी ।
विपञ्ची सा तु तान्त्रीभिः सप्तभिः परिवादिनी ॥
ततं वीणादिकं वाद्यमानद्धं मुरजादिकम् ।
वंशादिकं तु शुषिरं कांस्यतालादिकं घनम् ॥
चतुर्विधमिदं वाद्यं वादित्रातोद्यनामकम् ।
मृदङ्गा मुरजा भेदास्त्वङ्क्यालिङ्गयोर्ध्वकास्त्रयः ॥
स्याद्यशःपटहो ढक्का भेरी स्त्री, दुन्दुभिः पुमान् ।
आनकः पटहोऽस्त्री स्यात् कोणो वीणादिवादनम् ॥
वीणादण्डः प्रवालः स्यात्कुकुभस्तु प्रसेवकः ।
कोलम्बकस्तु कायोऽस्या उपनाहो निबन्धनम् ॥
वाद्यप्रभेदा डमरुमड्डुडिण्डिमझर्झराः ।
मर्दलः पणवोऽन्ये च नर्तकीलासिके समे ॥

६० *श्रीमद्भागवतमहापुराण*, द्वितीयखण्ड, (गोरखपुरः गीता प्रेस, वि.सं. २०३३), १०।५।५, १४५ पृष्ठ ।

सौमङ्गल्यागिरो विप्राः सूतमागधवन्दिनः ।
गायकाश्च जगुर्नेदुर्भेर्यो दुन्दुभयो मुहुः ॥

६१ *ऐजन*, १०।५।१३, १४६ पृष्ठ ।

अवाद्यन्त विचित्राणि वादित्राणि महोत्सवे ।
कृष्णे विश्वेश्वरेऽनन्ते नन्दस्य व्रजमागते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराण आदि ग्रन्थहरूमा पाइन्छन् । ती सबैको विस्तृत रूपले चर्चा गर्नु प्रस्तुत प्रसङ्गको उद्देश्य नभएकोले तिनको सङ्केतसम्म गरिएको हो । जे होस्, माङ्गलिक कार्यहरू गर्दा विविध रूप र स्वभावका वाद्यवादन गर्ने चलन प्राचीन हो भन्ने बुझिन्छ । मठ, मन्दिरमा राखिएका साना-ठूला घण्टा, नगरा, कर्णाल, तुरही आदिले त्यही कुरालाई परिलक्षित गर्दछन् ।

पशुपतिनाथमन्दिरमा बाजा बजाउने सम्बन्धमा प्राचीन कालमा कस्तो व्यवस्था थियो ? बताउने सामग्रीहरूको अभाव छ । तर लिच्छविकालमा 'वादित्र गोष्ठी'[६२] को चर्चा पाइने हुँदा सङ्गठनात्मक रूपबाट बाजा-गाजा बजाउने परिपाटीको विकास गर्न खोजिएको पाइन्छ । सम्भवत: मन्दिरका देवदास, देवदासीहरूका कतिपय कामहरूमध्ये बाजा बजाउनु, नाच्नु आदि पनि थियो ।[६३] यी प्रचलनको प्रभाव पशुपतिनाथमन्दिरमा पनि परेको हुनुपर्छ । लिच्छविकाल तथा मध्यकालमा पशुपतिनाथमन्दिरमा बाजा बजाउने व्यवस्थासम्बन्धी अभिलेखीय प्रमाण पाइँदैनन्, तर मल्लकालदेखि भने पाइन्छन् । यस प्रसङ्गमा प्रताप मल्लले ने.सं. ७६४ (वि.सं. १७०१) माघ महीनाको कृष्णपक्षमा शिवरात्रिको अवसर पारेर त्यहाँ प्रत्येक दिन दुन्दुभि, कर्णाल र कांस्यबाजा बजाउने गरी त्यसको सञ्चालनको लागि जग्गा राखी गूठीको व्यवस्था मिलाएको उल्लेख पाइन्छ । उपर्युक्तअनुसारका बाजाहरू पशुपतिनाथमन्दिरमा बजाउन, पशुपतिनाथमन्दिरको चारैतर्फ सफा-सुग्घर गर्न, शिवरात्रिमा पञ्चामृत, बेलपत्र, खीर नैवेद्य चढाउनको लागि सवा वयालीस रोपनी जग्गा गूठी राखी त्यसको आयस्ताबाट ती कार्यहरू गर्ने चाँजो-पाँजो मिलाएका थिए । ताम्रपत्रमा ती जग्गाहरूको साँध-सिमानाको विस्तृत विवरण खुलाइएको छ । साथै उनले ती कामको देखरेख एवं सञ्चालनको निमित्त केही गुठियारहरू तय गरी गूठीद्वारा गर्नुपर्ने कार्यको जिम्मा सुम्पेका थिए । प्रताप मल्लले पशुपतिमन्दिरमा गरेका बाजा बजाउनेसम्बन्धी यो व्यवस्था कतिञ्जेलसम्म चल्यो निश्चित भन्न सकिन्न ।

पशुतिनाथमन्दिरमा नगरा, दुन्दुभि दमाईंले तथा सहनाइ, झ्याली, ट्याम्को चाहिँ कुसलेहरूले बजाउँछन् । प्रताप मल्लपछि निकै लामो समयसम्म बाजासम्बन्धी कुनै व्यवस्था गरिएको उल्लेख पाइँदैन । पशुपतिनाथमन्दिरमा 'गुजराती' कहिने एकथरी बाजा बजाउने चलन थियो । वि.सं. १८३९ मा श्री ५ रणवहादुर शाहले गुजरातीबाजा बजाउने पन्ध्र जना कुसलेहरूलाई पशुपतिनाथमन्दिरमा साँझ-बिहान बाजा बजाउने लालमोहर गर्दा "अघिदेखि खाएको खायल खाऊ"[६४] भनेकोले वि.सं. १८३९ भन्दा अगाडि नै 'गुजराती' नामको बाजा सो मन्दिरमा बजाउने व्यवस्था भएको थाहा हुन्छ । यो बाजा त्यहाँ बजाउने व्यवस्था गर्नेको सम्बन्धमा खोजी गर्दै जाँदा यसको सूत्रपात पाटनका राजा विष्णु मल्ल (वि.सं. १७८६-१८०२) ले गरेका हुन् भन्ने थाहा हुन आएको छ । उनी धार्मिक प्रकृतिका राजा थिए । उनका कीर्तिहरू यत्रतत्र देख्न पाइन्छन् ।[६५] पन्ध्र जनाको समूहले बजाउने सो गुजरातीबाजा पहिले पाटनदरबारको तलेजुमन्दिरमा बजाइन्थ्यो; तर एक दिन राजा विष्णु मल्ललाई सपनामा अबदेखि पशुपतिमा गुजरातीबाजा बजाउन लगाउनु भन्ने आदेश भएकोले सो बाजा पशुपतिमन्दिरमा बजाउने चलन रहेको हो भन्ने जनश्रुति पाइन्छ ।[६६] विष्णु मल्लले राखेका बाजाहरू– सहनाइ, झ्याली, ट्याम्को आदिमा अभिलेख पनि कुँदिएका छन् । त्यसमा तिथि, मिति र राजाको नाम कुँदिएको छ । त्यहाँ वि.सं. १७८९ मा राजा विष्णु मल्लले चढाएको लेख अङ्कित छ ।[६७] उनले पाटनका

---

६२ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, २८६ पृष्ठ ।

६३ *ऐजन*, ४९६ पृष्ठ ।

६४ गोविन्द टण्डन, "पशुपतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था: एक अध्ययन", *शैव भूमि*, २ वर्ष, २ अङ्क, (वि.सं. २०४२), २५-३२ पृष्ठ ।

६५ D.R. Regmi, *Medieval Nepal*, Part II, (Calcutta: Firma K.L. Mukhopadhayay, 1966 A.D.), pp. 350- 358.

६६ यो कुरा मैले गुजरातीबाजा बजाउने मध्येकै वयोवृद्ध कुसले पाटन पिम्वाहालनिवासी श्रीअर्जुन कपालीबाट सुनेको हुँ ।

६७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ७० सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ध्र जना कुसलेहरूको समूह बनाई एक दिन सात जना अर्को दिन आठ जनाको समूहले पशुपतिनाथमन्दिरमा गई साँझ-बिहान बाजा बजाउने व्यवस्था गरेका थिए । त्यो व्यवस्थाको नवीकरण वि.सं. १८३९, वि.सं. १८४३ मा श्री ५ रणहादुर शाहबाट हुँदै रह्यो । किनभने वि.सं. १८३९ को बेहोराको लालमोहर वि.सं. १८४३ मा पनि नवीकरण भएको पाइन्छ ।[६८]

उपर्युक्त दुवै लालमोहरमा बाजा बजाउने तात्कालिक कुसलेहरू तथा तिनले बजाउने बाजाहरूको नाम दिइएको छ । उनीहरूले सहनाइ, ट्याम्को, रुद्रबाजा, झ्याली, कर्णाल बजाउनुपर्थ्यो । ती बाजा बजाउनेहरूलाई सुविधाको रूपमा अन्य झारा, उघाउनी, पघाउनी लाग्दैनथ्यो । सम्भवतः जीर्ण भएकाले होला केही सहनाइहरू श्री ५ राजेन्द्रवीर-विक्रमको पालामा वि.सं. १९०१ मा बनाइएका थिए ।[६९]

पशुपतिनाथको मन्दिरमा केही वर्ष अगाडिसम्म 'त्रिकाल बाजा' बजाइने चलन थियो । त्रिकाल बाजा पशुपतिनाथमन्दिरमा बिहान, दिउँसो र बेलुका गरी दिनको तीन पटक एघार-एघार जनाको समूहले बजाउँथ्यो । एघार जनाले बजाउने बाजाहरूमा एउटा ढोलक, एउटा झ्याली र नौवटा सहनाइहरू थिए । बिहान बाजा बजाउने प्रत्येक कुसलेलाई वर्षको ४ मुरी १० पाथी, दिउँसो बजाउनेलाई ९ मुरी र साँझमा बजाउनेलाई ४ मुरी १० पाथी धान खान्गीस्वरूप दिइने चलन थियो ।[७०] त्रिकाल बाजाको व्यवस्थाको सम्बन्धमा वि.सं. १९४३ साल भाद्रशुक्ल १२ रोज ५ र वि.सं. १९८२ साल आषाढ ३१ को सनदबाट क्रमशः व्यवस्था र नियमितताको निमित्त प्रयास भएको उल्लेख पाइन्छ ।[७१] केही दशकअगाडिदेखि यो लोप भयो । त्रिकाल बजाउने गुजरातीबाजा बजाउनको लागि आर्यघाट किनारमा छुट्टै पाटी बनाइएको थियो ।

यसै सन्दर्भमा खजाञ्ची श्यामलाल उपाध्याय (सापकोटा) का बाबुले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई बक्साई पशुपतिनाथमन्दिरमा एउटा नगरा र दुइवटा तुरहीको व्यवस्था गरी नित्य साँझ-बिहान बजाउने व्यवस्था गरेका थिए । श्यामलालका बाबु शिवानन्द पाध्या हुन् भन्ने कुरा पशुपतिगोश्वारामा रहेको वि.सं. १८५५ को धर्मपत्रबाट थाहा पाइन्छ ।[७२] उनी काश्यप गोत्रका ब्राह्मण थिए ।[७३] उनी पृथ्वीनारायण शाहको पालामा खजाञ्ची पदमा थिए । कवि ललितावल्लभले *भक्तविजय* काव्यमा 'बुधशिवानन्दसुनामधारी भृभ्भूद्नाध्यक्षकभारधारी' भनी सो कुरा लेखेका छन् ।[७४] पृथ्वीनारायण शाहका विश्वासपात्र भएका हुनाले उनले बिन्ती चढाई पशुपतिनाथमन्दिरमा नगरा र तुरही बजाउने व्यवस्था मिलाएका थिए । त्यस व्यवस्थाको नियमितता र स्थिरताको निमित्त देवपाटनको किंबहाल खेत[७५] साठी मुरी र सिन्हामुगलमा खेत मुरी २० गरी जम्मा खेत ८० अर्थात् २० रोपनी जग्गा गूठी राखेका थिए ।[७६] शिवानन्दले राखेका नगरा एक र तुरही दुइमध्ये अहिले भग्न दुइ तामाका तुरही

---

६८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०५ सङ्ख्या ।

६९ परिशिष्टभाग, अभिलेखखण्ड (क), २०५ सङ्ख्या ।

७० गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी ६३ सङ्ख्या, ३१ पृष्ठ ।

७१ वि.सं. १९४३ भाद्रशुक्ल १२ रोज ५ र वि.सं. १९८२ आषाढ ३१ को सनद, पशुपतिभण्डारतहबिल ।

७२ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी ६३ सङ्ख्या, ३६ पृष्ठ ।

७३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२८ सङ्ख्या ।

७४ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, पहिलो खण्ड, (ललितपुर:जगदम्बा प्रकाशन, वि.सं. २०२५), ३९३ पृष्ठ ।

७५ यो खेत गुह्येश्वरीमन्दिरको उत्तर वाग्वतीको दायाँपट्टिको फाँटमा पर्दछ ।

७६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२१ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिमा छन् । तर नगराको नामनिशाना छैन । जहाँसम्म नित्य साँझ-बिहान बजाउने भन्ने कुरा छ, अहिले पशुपतिनाथको शृङ्गार र भोगको वेला उक्त नगरा बजाइन्छ । दुइमध्ये एउटा तुरही कहिलेकाहीँ बजाइन्छ ।[७७]

वि.सं. १८३८ माघशुक्ल ६ रोज १ मा सिरानचोक हान्न जाँदा चौबीसेमाथि आक्रमण गरी उनीहरूलाई धपाई खोसेर ल्याएको एउटा ऐतिहासिक नगरा श्री ५ रणबहादुर शाहका पालामा पशुपतिमा समर्पण गरिएको थियो ।[७८] त्यसै वेलादेखि सो नगरा पशुपतिनाथमा बजाउँदै आए तापनि त्यसको खान्गी नहुँदा बाधा परिरहेको थियो । यत्तिकैमा वि.सं. १८६९ मा श्री ५ गीवार्णयुद्धविक्रम शाहले भमरकोटको गहत्या खेत १।२० (२९ रोपनी) र त्यसैको सिद्दानको पाखो रोपनी ७ नगरा खान्गीमा दरेका थिए । ताम्रपत्रमा दमाईंले पशुपतिनाथका मूलपुजारीको तैनाथ रही साँझ-बिहान सो नगरा बजाउनुपर्ने उल्लेख गरिएको छ । अहिले शृङ्गार र भोगको समयमा उक्त नगरा बजाइन्छ । सो ऐतिहासिक नगरा जीर्ण भएपछि वि.सं. १९९४ मा जीर्णोद्धार गरिएको कुरा अहिले भएको नगराको लेखबाट बुझिन्छ ।[७९] जीर्णोद्धारपछि कुँदिएको नगराको लेखमा सिरानचोक हान्न गएको दिन वि.सं. १८३६ माघशुक्ल १ लेखिएको छ ।[८०] तर त्यो सत्य होइन भन्ने कुरा वि.सं. १८६९ चैत्रशुक्ल १४ रोज ४ को अभिलेखबाट थाहा हुन्छ ।[८१] श्री ५ गीर्वाणयुद्धविक्रम शाहले राखेको भमरकोटको जग्गाबाट वर्षको रु.६०।- ठेकको रूपमा नगरा बजाउने दमाईंले पाउने व्यवस्था थियो । तर विगत केही वर्षदेखि त्यो रकम नगर्चीहरूले पाएका छैनन् ।[८२] ती बाजाहरूको अतिरिक्त पशुपतिमन्दिरको प्राङ्गणमा त्यस्तै माङ्गलिक उद्देश्यको लागि साना ठूला घण्टाहरू पनि राखिएका थिए । अहिले पनि केही घण्टाहरू त्यहाँ छन् ।[८३] तिनीहरूमध्ये सबभन्दा पुरानो ने.सं. ८२३ (वि.सं. १७६०) को मुकुन्दसिं भारोले राखेको घण्टा देखिन्छ ।[८४] अहिले त्यसको घण्टास्तम्भ छ, तर घण्टा भने छैन ।

पशुपतिमन्दिरमा व्यवस्था भएका उपर्युक्त अनेकौं बाजाहरूमध्ये अहिले माथि उल्लेख गरेअनुसारको 'नगरा' र 'पञ्चेबाजा' मात्र जिनतिन बजाउने गरिएको छ । पञ्चेबाजा पशुपतिनाथमन्दिरमा बजाउने चलन कहिले शुरू भयो ? यकीन भन्न सकिँदैन । पञ्चेबाजा 'कुसले' र 'डो' ले बजाउँछन् । बिहान, दिउँसो र बेलुका शृङ्गार, भोग र आरतीका बखत पञ्चेबाजा बजाइन्छ । देवपाटनमा हुने करीब पन्ध्रवटा पर्वहरूमा पनि पञ्चेबाजा तिनै व्यक्तिहरूले बजाउँछन् । यस प्रकार देवपाटनमा हुने पर्वहरूमा यिनीहरूको सहभागिता बढी देखिन्छ । गुजरातीबाजा बजाउनेहरूको सहभागिता घोडेयात्रा, गुरुपूर्णिमा, वत्सलामाईको यात्रा र प्रत्येक महास्नानमा हुन्थ्यो । पञ्चेबाजा बजाउने कुसलेहरूले पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजा, देवपाटनमा हुने पर्व-यात्राहरूबाहेक प्रत्येक दिन पशुपतिनाथको मन्दिर-वरपरको प्राङ्गणमा बिहान एक पटक कुचो लगाउनु पनि थियो । आजकल कुचो लगाउने काम छोडिसकेका छन् ।

पशुपतिमन्दिरका बाह्र गूठीहरूमध्ये एक 'नगरागूठी' पनि हो । यो नगरागूठीको व्यवस्था वि.सं. १८६७ सालको श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गरिदिएको लालमोहरमा उल्लिखित छ । अरू पूजाआजाबाहेक नगरा बजाउने नगर्ची र

---

७७ नगरा र तुरही बजाउनेलाई वर्षको १८ मुरी धान खान्गी छ । तर वि.सं. २०३४ सालदेखि नाइके श्रीलालवीर परियार र वि.सं. २०२१ सालदेखि श्रीबुद्धिबहादुर परियारले आफूले पाउनुपर्ने वार्षिक खान्गी पाएका छैनन् । शिवानन्द सापकोटाले राखेका जग्गा कति रैकरमा परिणत गरिसकिएको छ भने कति बेपत्ता भइसकेका छन् ।

७८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२० सङ्ख्या ।

७९ गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी ६३ सङ्ख्या, ३९ पृष्ठ ।

८० ऐजन ।

८१ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५७ सङ्ख्या ।

८२ श्रीलालवीर परियार र श्रीबुद्धिबहादुर परियारसँगको अन्तरवार्ता ।

८३ परिशिष्टभाग, अभिलेखखण्ड (क), सङ्ख्या १०६ ।

८४ गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी ६४ सङ्ख्या, ४० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाजा बजाउने कसाईंलाई केही रकमको बन्दोबस्त सो गूठीअन्तर्गत गरिएको छ । चौबीसेहरूबाट खोसेर ल्याएको नगराकै निमित्त थप खान्गीको व्यवस्था वि.सं. १८६७ मा गरिएको देखिन्छ । किनभने बाह्र गूठी चलाउने मूलपुजारीले खान्गीबापतको पाँच रुपैयाँ सो नगरा बजाउने नगर्चीलाई नै दिन्छन् ।[८५] वि.सं. २०४२ मङ्सिर १ गतेभन्दा अगाडिसम्म आफैले उठाई खानुपर्ने गरी पञ्चेबाजा बजाउने आठ जना कुसेलहरूले तिर्जा पाउँथे ।[८६] देवपाटनमा हुने पर्व-यात्रामा बाजा बजाउनुपर्दा ९ माना चामल र ९ माना च्यूरा पशुपतिअमालकोटकचहरीले सो समूहको लागि दिनुपर्ने चलन थियो । तर आजकल यो चलन हराइसक्यो ।

पशुपतिनाथको नित्य स्नानको अवसरमा नगरा बजाउनको निमित्त काजी अमरसिंह थापाले नगरा तथा त्यसको नियमितताको लागि जग्गा पनि गूठी राखिदिएका थिए । उनले राखेका नगराको जीर्णोद्धार उनको जेठी छोरीको पनाति डण्डकेसर थापाले वि.सं. १९८० मा गरेका थिए । यो कुरा पशुपतिप्राङ्गणमा भएको नगराको लेखबाट बुझिन्छ ।

श्री ५ पृथ्वीनारायण शाहका छोरा बहादुर शाहले पनि पशुपतिमन्दिरमा नगराको व्यवस्था गरेका थिए । पछिसम्म त्यसको रेखदेख शत्रुभञ्जन शाहले गर्दथे । उनी निःसन्तान भएपछि उनकी श्रीमती इन्द्रकुमारीले नगरागूठी-लगायत गूठीहरूको जिम्मा वि.सं. १९२१ मा आफ्नो भदा जबरजङ्ग थापालाई दिइन् ।[८७] बहादुर शाहले राखेको उक्त नगरा पशुपतिमन्दिरको दक्षिणपट्टिको प्राङ्गणमा रहेको यज्ञशालको माथिल्लो तलाको एक कुनामा थन्किएर रहेको थियो ।

उपर्युक्त बाजाहरूको अतिरिक्त पशुपतिनाथको मन्दिरप्राङ्गणमा भजन-कीर्तन गर्ने व्यवस्थाको लागि बन्दोबस्त गरिएको पनि पाइन्छ । पशुपतिनाथमन्दिरक्षेत्रमा भजनकीर्तनहरू भइरहनु आवश्यक देखिएको र यस किसिमका व्यवस्थाबाट धार्मिक अनुकूल वातावरण सम्भव भएकोले नै प्रोत्साहन पाएको हुनुपर्छ । विभिन्न ठाउँहरूबाट 'दाफभजनमण्डली' आई पर्व-उत्सवमा भजन-कीर्तन प्रस्तुत गर्ने चलन अहिले कम देखिए तापनि एकाध दशकअगाडि व्यापक थियो । भक्तपुरका विभिन्न 'भजनखलः' र 'दाफभजनमण्डली' पशुपतिनाथमन्दिरमा भीमा एकादशीको दिन पूजाआजा गरी परम्परागत शैलीमा सामूहिक स्वरमा कीर्तनहरू प्रस्तुत गर्दछन् । त्यस दिन भजन प्रस्तुत गर्ने सबै व्रत बस्दछन् । पहिले पाटन तथा काठमाडौँका विभिन्न ठाउँहरूबाट पनि आउने चलन थियो । तर अहिले त्यसरी आउन बन्दै भइसक्यो भने पनि हुन्छ ।

पशुपतिनाथमन्दिरमा भजन-कीर्तन चलिरहोस् भन्ने धारणाले वि.सं. १९९९ ताका इन्भ्वाये सिरी आक्स (इन्भ्वाय सर आप्स) ले रु. १,२५०।- को मूल धन राखी त्यसको आयस्ताले वस्ताज राखी भजन-कीर्तन चलाउने व्यवस्था गरेका थिए ।[८८] एक जना विदेशीले भजन-कीर्तनको नियमितताको लागि गूठी राखिदिनु कम उल्लेख्य छैन । गूठीबन्दोबस्तलाई जिम्मा लगाइएको सो भजनको व्यवस्था अहिले गूठीसंस्थानले गर्नुपर्ने भएको छ । यो भजन-कीर्तनमा केही समययता शिथिलता आएको पाइन्छ ।

पशुपतिनाथमन्दिरमा बाहिरपट्टिको पूर्वी ढोकामा बसेर श्रावणकृष्ण औंसीदेखि भाद्रकृष्ण औंसीसम्म रातको तीन प्रहर 'ढोलक' र 'तःइनाइचा' नामको बाजा बजाउने चलन छ । यसलाई धनबाजा पनि भन्दछन् । डेनियल राइटले

---

८५ श्रीलालवीर परियारसँगको अन्तरवार्ता ।

८६ यससम्बन्धी विवरण परिशिष्टभागको अभिलेखखण्ड (क) को ३९२ सङ्ख्यामा दिइएको छ ।

८७ गूठीलगत तथा तहबिलकार्यालयमा रहेको काम बाँकी पोका नं. २, फाइल नं. ३६ मा यससम्बन्धी कागजपत्र रहेको छ ।

८८ वि.सं. १९९९ फाल्गुनको पशुपतिभजनगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, दीर्घ ५४१ लगतसङ्ख्या । यसअनुसार व्यवस्था गरिँदा पहिलो वस्ताजको रूपमा उजिरसिंह मगरेले काम गरेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पादन गरेको *वंशावली*मा पनि यो चलनको उल्लेख छ । तर त्यहाँ बाजाको नाम 'धपनी' दिइएको छ ।[८९] यो चलनको सन्दर्भमा एउटा जनश्रुति प्रचलित छ । प्रताप मल्लको समय (वि.सं. १६९८-१७४९) मा 'कोइनावासी' नाग वाग्वती नदी हुँदै पशुपतिमन्दिरभित्र गई एकमुखी रुद्राक्ष चोऱ्यो । रुद्राक्ष चोरेको थाहा पाएर वासुकिनागले वाग्वतीमा हाम्फाली सो नागलाई मारी रुद्राक्ष ल्याई पुनः मन्दिरभित्र जलहरीमा राखिदिए । भविष्यमा त्यस्तो नहोस् भनी वासुकिको मन्दिर जीर्णोद्धार गरी मुख्य वर्षातको समयमा बाजा बजाई वासुकिलाई सजग बनाउने व्यवस्था लम्वकर्ण भट्टको सल्लाहअनुसार भएको सङ्केत डेनियल राइटद्वारा सम्पादित *वंशावली*मा उल्लेख पाइन्छ । यी दुइ बाजा बजाउने डङ्गोललाई पशुपतिभण्डारतहबिलबाट जम्मा ३० पाथी धान खान्गीस्वरूप दिने गरिएको पाइन्छ । वासुकिनाग बहिरा छन् भन्ने धारणाकै कारण यो बाजाको प्रचलन चलेको हुनुपर्छ । सनातन हिन्दूधर्मका शास्त्रीय मान्यतामा मन्दिरमा बाजा गाजा भजन-कीर्तनको प्रबन्ध गर्ने व्यक्तिको मोक्षप्राप्तिमा त्यस्तो व्यवस्था साधन हुन्छ भन्ने विचारहरू व्यक्त गरिएको देखिनाले नै विभिन्न ऐतिहासिक कालहरूमा त्यससम्बन्धी बन्दोबस्तलाई प्रोत्साहित गरिएको हुनु धेरै सम्भव छ ।

५.४ पशुपतिनाथमन्दिरको भेटीघाटी

ख्याति, प्रतिष्ठा र मान्यताले मात्र नभई चल, अचल सम्पत्तिको दृष्टिकोणले पनि नेपाल अधिराज्यका मन्दिरहरूमा पशुपतिनाथको मन्दिर सबभन्दा धनी मन्दिरमा पर्दछ । उदारमना दाताहरूले चढाएको जग्गा जमिन, गर-गहनाहरूबाट नै पशुपतिनाथमन्दिरको चल-अचल सम्पत्तिको अभिवृद्धि हुँदै गएको हो । धनी मन्दिर भएकोले विधर्मीहरूले वेला-बखत लुट्ने प्रयास एकातिर गरेको देखिन्छ भने अर्कोतिर यहाँकै राजा-महाराजाहरूले भण्डारबाट रकम झिकेर अडकोपडकोमा काम चलाएको पनि पाइन्छ । यस प्रसङ्गमा पशुपतिनाथमन्दिरमा चढाइने दक्षिणाभेटी-सम्बन्धमा प्रशस्त कौतूहल विद्यमान रहेको पाइन्छ । त्यसबारे तथ्यातथ्य वस्तुस्थिति यस अध्यायमा गर्नुपरेको छ ।

पशुपतिनाथमन्दिरको दक्षिणाभेटीसम्बन्धी कुरा गर्दा वि.सं. १८६७ भन्दा अगाडिको बारेमा बताउन सकिने प्रमाण नगण्य छन् । यसको मतलव पशुपतिनाथमन्दिरमा दक्षिणाभेटी नै चढाइन्नथ्यो भन्ने होइन । त्यससम्बन्धमा कसरी व्यवस्था गरिएको थियो, आधिकारिक प्रमाणहरूको अभावमा थाहा नभएको सम्म मात्र हो । पशुपतिनाथमा 'कोष' तथा अन्य वस्तु चढाएका प्रशस्त उल्लेख *गोपालराजवंशावली*मा टिपिएका छन् ।[९०] तर रुपैयाँ पैसा चढाएको भने *वंशावली*हरूमा कतै उल्लेख पाइँदैन । त्यस वेला पैसा महँगो, वस्तुहरू सस्तोको जमाना भएकोले रुपैयाँ-पैसाभन्दा वस्तुलाई ग्राह्यता दिनु स्वाभाविक छ । त्यसरी चढाएका किमती वस्तुहरू प्रशस्त हुनाले तिनीहरूलाई सुरक्षाको लागि गाडेर राख्ने चलन पनि थियो । शत्रुहरूले मन्दिरमा भएको सर-सम्पत्ति लुट्ने लक्ष्यले आक्रमण गरेको घटना यदाकदा पाइन्छ । ने.सं. ४३२ (वि.सं. १३६८) मा डोयहरूले काठमाडौं आक्रमण गर्दा पशुपतिनाथमन्दिरबाट त्यत्तिञ्जेलसम्म चढाएको एक्काईसवटै कोष (कवच) लुटेर लगेका थिए ।[९१] यही क्रममा पछिल्लो मल्लकालमा श्री ५ पृथ्वीनारायण शाहसँगको लडाईंमा काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले आर्थिक सङ्कट पर्दा पशुपतिनाथको भण्डार प्रयोग गरी चाहिँदो रकम बटुल्न खोजेको पाइन्छ । त्यस्तै पशुपतिनाथमा राखेको गाडधन पनि उनले झिक्ने प्रयास

---

८९ Daniel Wright (Ed.), *op.cit.*, foot note no. 15 (ख) p.31

९० Dhanavajra Vajracharya and Kamal P.Malla (Ed.), *op.cit.*, foot note no. 34, pp 28, 29, 34, 36 etc.

९१ *Ibid.*, p.98.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेका थिए ।[९२] पशुपतिनाथभण्डारबाट सङ्कट पर्दा काम चलाइएको सन्दर्भमा वि.सं. १९८१ सालमा चन्द्रशमशेरले करिया (दास-दासी) मोचन गर्न त्यहाँबाट सम्पत्ति झिकी प्रयोग गरेका थिए । त्यस वेला उनले रु. ३,६७,०००।- झिकेको कुराको उल्लेख कसैले गरेका छन् ।[९३] महेशचन्द्र रेग्मीले पशुपतिनाथमा भक्तहरूले चढाउने गरेका नगद, सुना-चाँदी, जवाहरत तथा गूठीको कार्य गरी बचेको रकम पशुपतिको ढुकुटीमा चढाउने चलन भएको र यो काम शताब्दीयौंदेखि चलिरहेकोले त्यहाँ प्रशस्त रकम हुनुपर्ने उल्लेख गर्नुभएको छ ।[९४]

नेपालमा बैङ्कहरूको स्थापना हुनुभन्दा अघि गूठी निकायहरूले विश्वासिलो ग्राहकहरूलाई बैङ्कहरूले जस्तै केही व्याज लिने गरी रकम सापट दिन्थे । देवस्वको रकम सापट लिएपछि लिनेले यथासमय तिर्छ भन्ने सामान्य जनधारणा थियो । गूठी निकायलाई केही फाइदा पनि हुने, काम पनि चल्ने भएकोले यो चलन प्रजातन्त्रअघि व्यापक थियो ।[९५] कसैको भनाइमा चन्द्रशमशेरले पनि करियामोचनको वेला त्यसै गरी सापट लिएका हुन् भन्ने छ । तर चन्द्रशमशेरले पशुपतिको भण्डारबाट रकम झिकेको बताउने कुनै पनि लिखत पशुपतिभण्डारतहबिलमा छैन । साथै पशुपतिनाथमन्दिरसँग सम्बन्धित वयोवृद्ध रै-रकमीसँग बुझ्दा त्यस वेला पशुपतिनाथमन्दिरको भण्डारबाट करिया-मोचनको लागि चन्द्रशमशेरले रकम झिकेको कुरा हल्ला सुनेको तर झिकेको चाहिँ थाहा नभएको बताउँछन् । करियामोचनसम्बन्धी विस्तृत विवरणसहितको एउटा पुस्तक वि.सं. १९८१ मा छापिएको छ ।[९६] त्यस पुस्तकमा करियामोचनको लागि कहाँ-कहाँबाट कसरी आर्थिक स्रोत जुटाइएको थियो त्यसबारेमा उल्लेख पाइन्छ । तर पशुपतिनाथको भण्डारबाट झिकेको भनिने रकमको बारेमा चाहिँ कतै चर्चा नपाइने हुनाले करियामोचनमा पशुपतिभण्डारको रकम प्रयोग गरिएको थिएन भन्ने देखिन्छ । जहाँसम्म करियामोचनसँग पशुपतिनाथमन्दिरको भण्डारको रकम किन जोडिन गयो ? भन्ने कुरा छ यसमा के देखिन्छ भने समाजमा लामो समयदेखि झण्डै परम्पराकै रूपमा भनेजसो जरो गाडेर बसेको संस्कारलाई हटाउन लरतरो प्रयासबाट मात्र सम्भव नहुने हुँदा त्यसमा प्रचलित धार्मिक आस्थासमेत सन्निहित पारिदिँदा जनजीवनमा प्रभाव पर्न गई आँटेको काम सफल हुने दृष्टिकोणले त्यस वेला करियामोचनको लागि पशुपतिको भण्डारबाट रकम झिकेको भन्ने प्रभाव जनमानसमा पारिएको हुन सक्ने देखिन्छ । यसबाट एकातिर पशुपतिको भण्डारको शिवस्व किन लिने ? वा धेरै लिनु हुन्न भन्ने भावना जगाउन मदत पुऱ्याएको हुनुपर्छ भने अर्कोतिर पशुपतिनाथको भण्डारबाट समेत करियामोचनमा रकम प्रयोग गरिएको हुनाले यस्तो पुण्य र धार्मिक कार्यमा सबैले साथ दिनु समयोचित छ भन्ने कुरालाई मनोवैज्ञानिक तरिकाले प्रोत्साहित पारी लामो समयदेखि करियामोचन गर्न गरेको प्रयास यस पटक छोटो समयमा नै सफल हुन गयो ।

---

९२ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* दोस्रो खण्ड, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२५), ८३० पृष्ठ ।
पशुपतिनाथमन्दिरप्राङ्गणमा रहेको गाडधन झिक्न लागेको दृश्य त्यस वेला नेपाल भ्रमणमा आएका पादरी जिसेपले पनि देखेथे । जयप्रकाशले त्यहाँ रहेका सबै धन झिक्न नपाउँदैमा पृथ्वीनारायण शाहले सो ठाउँमा कब्जा गरी जयप्रकाशले खन्न लाएका खाडलको वरिपरि छरिएका धन त्यहीं खाडलमा पुर्न लाएका थिए ।

९३ बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा,* (वाराणसी: कृष्णकुमारी, वि.सं. २०४२), १७८-७९, ३५४ पृष्ठ ।

९४ Mahesh C. Regmi, *Land Tenure and Taxation in Nepal*, (Kathmandu: Ratna Pustak Bhandar, 1976 A.D.), p. 706.
The surplus revenue of the temple, as well as offerings made by devotees, are credited to the temple treasury, cash, ornaments, jewelry, and other valuables once deposited in the Pashupatinath temple treasury, remain unutilized. The total value of deposits made over the centuries must therefore be considerable.

९५ ऐजन, ७८६ पृष्ठ ।
वि.सं. १८५५ मा श्री ५ रणबहादुर शाहले देगुतलेजुगूठीबाट रु. ६,०४४।- सापटी लिएको उल्लेख पाइन्छ ।

९६ Chandra Shumsher J. B.R., *The Emancipation of Slaves and Abolition of Slavery in the Country*, (Kathmandu, 1925 A.D.), pp. 1-58.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिरमा चढ्ने दक्षिणा-भेटीहरू जति चढ्छन्, त्यो सबै मन्दिरको कार्यहरू गर्न सो मन्दिरको भण्डारमा जम्मा गरिन्छ भन्ने सामान्य धारणा रहेको पाइन्छ । त्यसैले प्रतिदिन हजारौं दर्शनार्थीहरूको घुइँचो लाग्ने भगवान् पशुपतिनाथको जस्तो मन्दिरमा उनीहरूबाट चढाइने भेटीहरू प्रशस्त हुन्छ भनेर सर्वसाधारणले अनुमान गर्नु स्वाभाविक छ । त्यसको विपरीत पशुपतिनाथमन्दिरमा विद्यमान परिपाटी अर्कै प्रकारको छ । श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६७ मङ्सिरकृष्ण ७ रोज १ मा पशुपतिनाथको पूजाआजा तथा व्यवस्थापनको सम्बन्धमा गरिदिएको लालमोहर पशुपतिनाथमन्दिरको व्यवस्थापन पक्षसम्बन्धी अहिलेसम्म प्राप्त पहिलो लालमोहर हो ।[९७] जहाँसम्म पशुपतिनाथमा चढ्ने भेटीको कुरा छ, त्यस लालमोहरमा "भंडार दाषील गर्न्या रुपैयांको जैसीले लेषी पुजहारा भट्टका सहिको रसिद लिनु दवाई छपाई कसैले नषानु" भन्ने उल्लेख गरिएको छ । तर त्यस लालमोहरमा उल्लिखित रुपैयाँले कुन-कुन स्रोतबाट प्राप्त हुने रुपैयाँलाई सङ्केत गरेको हो स्पष्ट नभएकोले लामो कालसम्म अल्मलाएको पाइन्छ । पशुपतिनाथमा चढ्ने भेटी-दक्षिणा, गहना, भाँडावर्तन आदिको सम्बन्धमा समय-समयमा चर्चा-परिचर्चा उठेकोले वि.सं. १९३८ श्रावणशुक्ल द्वादशी सोमवारको दिन तात्कालिक प्रधानमन्त्री रणोद्दीपसिंहले एउटा सनद जारी गरे । जसअनुसार–

"देवताका अंगमा रह्याका गहना र चलुवा भाडा दक्षिणा भेटीको साविक दर साविक चलि आया वमोजिम तादातिको लगत वहि र ध्यास षडा गरी राष्याको हुनाले (१९) ३७ सालसम्मको बुझाउनु पर्दैन (१९) ३८ सालदेषीलाई देवताका अंगमा रह्याका गहना र चलुवा भाडा दक्षिणा भेटीको (१९) ३७ सालसम्मको अघी देषीका रीत वमोजिम् मैन्हा मैन्हामा थरघर र अरू चाहिन्या मानिस समेत वसी तायदात् भै ढुकुटी दाषिल हुन्या ढुकुटी दाषील र वाहीर जिम्मावारी रहन्या वाहीर राषी सो गहना चलुवा भाडा दक्षिणा भेटीको पैल्हे तायदात् वमोजिम् कच्चवार षोली एक प्रति कुंमारीचोकमा वुझाउनु एक प्रति देवालयमा राख्नु फेरि दोस्रो मैन्हामा तायदात् गर्दा जो थप आयाको गहना र भाडा दक्षिणा भेटी आम्दानी र ढुकुटी दाषील षर्च लेषीयाको थरघर गूठी कचहरिका कारिन्दा डिठा अरू चाहिन्या मानिस साछि वसि मैन्हा-मैन्हामा घटीवढी भयाको लेषिंदा सो घटीवढी भया वमोजिमको कागज एक प्रति कुमारीचोकमा दाषिल गरी एक प्रति देवालयमा राषी अघि दियाका लगतमा गाँसी राष्नु र बाध्नु साल तमाम भया पछी सालभरको लगतमा षर्च कटाई बाँकी मालको अर्को साललाई फेरी लगत षाडा गराई दिनु यसै रीतले सालवसाल एक प्रति आफुसँग राषी एक प्रति कुमारीचोकमा वुझाई दिनु सो तायदातमा थरघर गूठी कचहरिका कारिन्दा आई डिठा अरू चाहिन्या मानिस समेत राषी मैन्हाभरको जिम्मावारी लिन्या भडारीहरुसँग जाच्दा नपुग्याको हरायाको जिम्मालिन्यासँग पक्री उसै वषतमा सट्टा भर्ना गराई लिनया चल्याको हुनाले र मैन्हाभरमा चह्राउन ल्यायाको गहना, भाडा, दक्षिणा भेटी थपियाको चह्राउन्याले मैले चह्रायाको हो भनी सही छाप नगर्न्या हुनाले सो चह्राउन ल्यायाको दक्षिणा भेटीको र सो चलुवा गहना भाडाको आम्दानी षर्चका वासील बाँकी वुझाई फारषति लिनु पर्दैन देवताका अंगमा रह्याका गहना र चलुवा भाडा, दक्षिणा भेटीको पैल्हे तायदातमा र मैन्हा मैन्हामा जाचि दिन्या तायदात्मा जाचदा वस्याका थरघर गूठी कहचरिका मानिस समेतको सहि छाप गराउनु"[९८] भन्ने व्यवस्था भयो ।

त्यसअनुसार दक्षिणाभेटीको सम्बन्धमा साविकबमोजिम महीना-महीनामा 'थरघर' र अरू चाहिने मानिस बसी हिसाव-किताब राखी ढुकुटी दाखिल गर्ने जति ढुकुटीमा राख्न लाउने तथा बाहिर राख्ने जति बाहिर राखी त्यसको कचावार खोली एक प्रति तात्कालिक हिसाब-किताब राख्ने निकाय कुमारीचोक तथा अर्को प्रति मन्दिरमा राख्ने व्यवस्था गरियो । यसरी प्रत्येक महीनाको हिसाब राखी साल तमाम भएपछि सालभरको लगतमा खर्च कटाई बाँकी मालको अर्को साललाई पुनः लगत खडा गराउने व्यवस्था भयो । वि.सं. १९३८ सालमा भएको सो सनदमा दक्षिणा-

---

९७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

९८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९२ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेटीको कुरा आएको छ । तर पशुपतिनाथमा चढेको सबै दक्षिण-भेटी राख्ने हो वा पुजारी-भँडारीले निश्चित हिसाबले भागवण्डा गरी लिएपछि बाँकी भएको कुनै भाग राख्ने हो या के हो ? नखुलाइएकोले यस पटक पनि अलमलकै स्थिति देखापऱ्यो । पुजारी, भँडारीले आफ्नै किसिमले सम्झे र त्यसअनुसार चल्दै गयो । तर वि.सं. १९८० मा द्वारे जगन्नाथ पाध्याले पशुपतिका पुजारीहरूले मन्दिरमा चढ्ने भेटीहरू बेहिसाब गरी आफू-आफूमा बाँडचुँड गरी पुजारी र भँडारीले खान थाले भनी तात्कालिक प्रधानमन्त्रीमा उजुरी गरे ।[९९] त्यसपछि खोजीनीति शुरू भयो । पुजारी, भँडारी पक्षले वि.सं. १८५८ सालमा बाँडचुँड गरेर खानु भन्ने लालमोहर छ, त्यसैअनुसार अहिलेसम्म बाँडचुँड गरेर लिने गरेको हो भन्ने किसिमले जाहेर गरे । त्यसको प्रमाण सम्बन्धित निकायले बुझ्दै जाँदा उक्त लालमोहरको सक्कलप्रति सम्बन्धित पुजारी तथा भँडारीबाट प्राप्त हुन सकेन । त्यत्ति मात्र होइन लालमोहर भएपछि त्यसको नक्कलप्रति सुरक्षितसाथ राख्ने तात्कालिक जैसीकोठा एवं गूठीतहबिलफाँटमा पनि उनीहरूले उल्लेख गरेको वि.सं. १८५८ को लालमोहर नपाइएकोले पशुपतिनाथमन्दिरका मूलपुजारीले वि.सं. १८५८ को लालमोहरको नक्कल भनी पेश गरेको प्रतिलाई मान्न नसकिने भन्ने फैसला भयो । यति कुराबाट के थाहा हुन्छ भने वि.सं. १९८० सम्म पनि पशुपतिनाथमा चढाइएको भेटीको सम्बन्धमा पुजारी र भँडारीले बाँडेर खानु भन्ने स्पष्ट किसिमले व्यवस्था नभएको देखिन्छ । यसै कुरालाई ध्यानमा राखी तात्कालिक गूठीबन्दोबस्तअड्डाले पशुपतिनाथमन्दिरमा चढाइएको दक्षिणा-भेटी कस-कसले कसरी बाँडेर लिने गरेको छ भन्ने सम्बन्धमा पशुपतिनाथमन्दिरसँग सम्बन्धित पुजारी, भँडारीहरूसँग बयान लिने काम गऱ्यो । उनीहरूले त्यस वेला मूलपुजारी, पुजारी र भँडारीहरूले तल लेखिए बमोजिमको तरिकाले मन्दिरमा चढेको दक्षिणा-भेटी बाँडेर खाने गरेको बयान दिएका थिए ।[१००]

(१) पशुपतिमन्दिरमा चढाएको गहना, भाँडा लगतमा दर्ता भई भण्डार दाखिला गर्ने गरेको ।

(२) पशुपतिको ढुकुटीमा चढाउन भनी पुजारी वा भँडारीको हातमा दिएको ढुकुटी दाखिल हुने गरेको ।

(३) पुजारी, भँडारीको हातमा नदिई मन्दिरमा दाताले आफ्नै हातले चढाएको पुजारी, भँडारीले बाँडी खाने गरेको ।

(४) पशुपतिमन्दिरको मूल गर्भगृहको चार ढोकाभित्र परेको पुजारीहरूले बाँडी खाने गरेको ।

(५) मूल गर्भगृहको बाहिर चढेको जति भँडारीले लिने गरेको ।

(६) मूल गर्भगृहको पश्चिमपट्टिको खण्डमा चढेको जति पालोवाला भँडारीले लिने गरेको ।

(७) मूल गर्भगृहको चार ढोकाभित्र चढेको दक्षिणा-भेटीमा पनि बिहान पुजारी मन्दिरभित्र जाउञ्जेलसम्म जलहरी-बाहेकको सबै भँडारीले लिने गरेको ।

(८) मन्दिरभित्र पुजारी पसेपछि जलहरीमा चढेको सबै र मूल गर्भगृह अर्थात् भित्री खण्डको चार ढोकाभित्र चढेको सबै पाँच भाग लगाई त्यसमा तीन भाग तीन जना पुजारीले एक-एक भाग र मूलपुजारीले दुइ भाग लिने गरेको ।

(९) श्री ५ को तर्फबाट कौसीतोसाखानामार्फत रोजिन्दा चढाइने ३२ पैसा र तात्कालिक कम्याण्डर-इन-चीफकहाँबाट रोजिन्दा चढाइने दुइ पैसा भँडारीले ल्याई त्यसलाई तीन भाग लगाई एक भाग भँडारीले, दुइ भागमा पाँच खण्ड गरी दुइ खण्ड मूलपुजारीले तथा बाँकी एक-एक भाग तीन जना पुजारीले लिने गरेको ।

---

९९ वि.सं. १९८० श्रावण ३ रोज ४ को सनद । यसको सक्कलप्रति पशुपतिनाथका मूलपुजारीको जिम्मामा रहेको छ ।
१०० ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकार पशुपतिनाथमन्दिरमा पुजारी तथा भँडारीहरूले भक्तहरूले पशुपतिनाथलाई चढाएको दक्षिणा-भेटी मिलिजुली बाँडेर खाने सम्बन्धमा स्पष्ट रूपमा कुनै व्यवस्था लालमोहर, सनद, सवालमा नभएको बरु वि.सं. १८६७ मङ्सिरकृष्ण ७ रोज १ र रणोद्दीपसिंहले गरिदिएको सनदमा मन्दिरमा चढाइएको भेटी ढुकुटीमा जम्मा गर्नुपर्छ भन्ने तर्फ नै सङ्केत गरेको देखिनाले त्यतिञ्जेलसम्म जसरी पुजारी र भँडारीले आपसमा भागबण्डा लगाई भेटी लिइरहेका छन्, त्यो गर्न नहुने टिप्पणी गूठीबन्दोवस्तअड्डाले त्यस वेला तात्कालिक प्रधानमन्त्रीमा पेश गरेको थियो ।[१०१] वि.सं. १९३८ सालको सनदमा वि.सं. १९३७ सालसम्मको पशुपतिमन्दिरको हिसाब-किताब अघिदेखिको रीतबमोजिम महीना-महीनामा थरघर र अरू चाहिने मानिससमेत बसी तायदात गरी ढुकुटी दाखिल हुने ढुकुटी दाखिल गर्ने तथा बाहिर जिम्मा रहने बाहिर राखी सो गहना, चँदुवा, भाँडा, दक्षिणा, भेटीको तायदात बमोजिम कचावार खोली एक प्रति कुमारीचोक, एक प्रति मन्दिरमा राख्नु, दोस्रो महीनामा थप आयाको समेत लेखी दाखिला गर्नु भन्ने उल्लेख भएकोले वि.सं. १९३८ देखि पशुपतिनाथमन्दिरको आय-व्ययको हिसाब-किताब राख्ने सम्बन्धमा नयाँ व्यवस्था भएको बुझिन्छ । कुनै पनि कागजातमा पशुपतिमन्दिरमा चढाइने दक्षिणा-भेटी पुजारी र भँडारीहरूले बाँडेर खानु भन्ने उल्लेख नभएको तर व्यवहारमा बाँडेर खाइरहेको हुनाले त्यस परिस्थितिमा भेटी बाँडेर खाने मूलपुजारी, पुजारी, भँडारीलगायत साक्षी बस्ने थरघर, गूठीजाँच, हाजिरगोश्वाराका हाकिमहरूलाई क्रमशः बिगोबमोजिम अहिलेसम्म आएको रकम हर्जाना तिर्न लगाई सजाय गर्नुपर्ने तथा अब आइन्दालाई कौसीतोसाखानाबाट नित्य आउने, दुनियाँदारले चढाउने, पर्व-पर्वमा चढ्ने दक्षिणा-भेटी वि.सं. १९३८ सालको सनदबमोजिम पशुपतिमन्दिरको ढुकुटी दाखिल गर्ने व्यवस्था गर्नुपर्ने र दक्षिणा-भेटी हिनामिना नहुने व्यवस्था गर्न पशुपतिगोश्वाराका हाकिम, मूलपुजारी र पशुपतिभण्डारतहविलसमेतको सहीछाप गराइ प्रतिदिनको हिसाब-किताब राखी गूठीजाँचबाट जाँच्ने र महीनावारीको मास्केवारी तात्कालिक कुमारीचोकमा बुझाउने बन्दोबस्त गर्न त्यस वेला गूठीबन्दोवस्तअड्डाले सिफारिश गरेको थियो ।[१०२] त्यसै क्रममा वि.सं. १९८० सालको पशुपतिमन्दिरको दक्षिणा-भेटी हिनामिनासम्बन्धी मुद्दामा महीना-महीनामा जाँच्न जाने गूठीजाँचका जीवित साविकवाला हाकिमहरूलाई त्यसैबखत हिनामिना गरेको भनी पुजारी, भँडारीलाई पक्राउ गर्नुपर्नेमा नगरेको भनी जरिवाना गरियो । त्यत्ति हुँदा पनि लालमोहर, सनद, सवालको विपरीत दक्षिणा-भेटी भागवण्डा गरी खाने पुजारी भँडारीलाई भने "अब उप्रान्तलाई गहना भाँडा चढायाको र भेटीमा कौसीबाट आउने भेटी रोजको ।३२ पैसा मैन्हा मैन्हा ढुकुटी दाषील भयाको वासील बाँकी षढा गरी कुमारीचोक नेपाल फाँटमा बुझाउनु सो बाहेक अरू भेटी दक्षिणा चढायाको साविक बमोजिम भट्ट भँडारेहरूले बाडी खानु भन्ने सनद गरिदिनु भन्ने समेत तोक काटी सदर भएकोले सो वम्म्रेजिम् गर्नु गराउनु" भन्ने तात्कालिक प्रधानमन्त्रीबाट हुकुमप्रमाङ्गी भयो ।[१०३] पशुपतिमन्दिरमा श्रद्धालु भक्तहरूले चढाएका दक्षिणा-भेटी पुजारी भँडारीले बाँडी खाने सम्बन्धमा भएको यो पहिलो सनद हो । लालमोहर, सनद, सवाल केही नहुँदा त भगवान्लाई चढाइएको दक्षिणा-भेटी आपसमा मिलिजुली बाँडेर खाने गरेको थिए भने झन् सनदै भएपछि फुक्का भए । यसपछि भगवान् पशुपतिनाथको सात्त्विक भावले पूजाआजाभन्दा पुजारी र भँडारीहरूको दक्षिणा-भेटीमा आकर्षण बढ्यो । बिस्तारै पुजारी-पुजारीमा दक्षिणा-भेटी बढीभन्दा बढी प्राप्त गर्न आ-आफ्नो यजमान बढाउने प्रतिस्पर्धा चल्यो । लघुरुद्री, महारुद्री आदि पूजाआजा पशुपतिभण्डारतहबिल जस्तो सम्बन्धित निकाय हुँदाहुँदै पशुपतिमन्दिरका दाक्षिणात्य पुजारीले जिम्मा लिन शुरू गरे । पूजाआजालाई चाहिने सरसामाग्री जुटाउने सम्पूर्ण कामको जिम्मेवारी उनीहरूले लिंदा व्यापारिक प्रवृत्तिले बढावा पाउनु स्वाभाविक नै हो । वास्तवमा भगवान्को मन्दिरमा पूजाआजामा संलग्न पुजारी तथा भँडारीहरूमा पैसाको तँछाड-मछाड कुनै पनि हालतमा उपयुक्त होइन ।

---

१०१ *ऐजन।*
१०२ *ऐजन।*
१०३ *ऐजन।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमा चढेको दक्षिणा-भेटी अहिले पनि पुजारी, भँडारीको माथि उल्लेख गरेको बयानमा झैँ बाँडेर लिन्छन् । तर अहिले एक-दुइ कुरामा भिन्नता पाइन्छ । पहिले पशुपतिमा चढाउन भनी पुजारी वा भँडारीको हातमा दिएको ढुकुटी दाखिल हुने गरेको थियो भने अहिले उनीहरूको हातमा दिएका नोटहरू त्रिखण्डी गरी भागबण्डा गर्छन् । त्यसमा भँडारीको एक भाग पुजारीहरूको दुइ भाग र पुजारीको दुइ भागलाई पाँच खण्ड गरी दुइ खण्ड मूलपुजारीले अरू बाँकी तीन खण्ड तीन जना पुजारीले एक-एक खण्ड लिने गरेका छन् । गर्भगृहको पश्चिमपट्टिको खण्डमा चढेको नोट, पैसा फ्यालेर चढाएको वा हातमा दिएको भँडारीहरूले लिन्छन् । मूल गर्भगृहमा चढेको खुद्रा पैसा पुजारीहरू बाँडेर लिन्छन् । तर नोटमा भने भँडारीहरूको पनि भाग लाग्छ । पशुपतिमन्दिरभित्र चढाइएको दक्षिणा-भेटी होस् वा जिन्सी सामान सबै त्रिखण्डी गर्ने नियम उनीहरूले बनाएका छन् । जलहरीमा चढेको दक्षिणा-भेटी पनि पुजारीहरूले बाँडेर लिन्छन् । यस प्रकार पहिले हातमा चढाउन भनी दिएको रकम पशुपतिनाथको ढुकुटीमा जाने सम्भावना थियो भने पछि गएर त्यसलाई हटाई आफू-आफूमा भागबण्डा गर्ने रीत चलाए । त्यसरी हातमा दिएको रकम पहिले एउटा कन्तुरमा जम्मा गर्ने गरिन्थ्यो । अहिले कसैले पशुपतिनाथको ढुकुटीमा चढाइदिने भनेर दियो भने मात्र त्यो कन्तुरमा राखिन्छ । अन्यथा पशुपतिमन्दिरमा जति पनि दक्षिणा भेटी चढ्छ, बाहिर होस् वा जलहरीमा नै किन नहोस्, त्यो पुजारी र भँडारीले बाँडेर खान्छन् । पहिले असर्फीलाई बहुमूल्य धातु मानी ढुकुटीमा दाखिल गरिने गरिएको थियो तर अहिले त्यसलाई सामान्य रुपैयाँपैसासरह भागबण्डा गरेर लिन्छन् ।

पुजारी, भँडारीले भाँगबण्डा गरी नलिने वस्तुहरू - सुन, चाँदी, बहुमूल्य पत्थर, बहुमूल्य धातु र तासका कपडा मात्र हुन् । अरू जे जति वस्तु चढ्छ, त्रिखण्डी गरी बाँडचुँड गरी लिन्छन् । बहुमूल्य वस्तुहरू पनि अधिकांश विना-लगत चढ्ने गरेकाले ढुकुटीमा जाने नजाने पुजारी-भँडारीको इमान्दारीमा भर पर्छ । डालोमा छोपछाप पारेर पशुपतिमन्दिरबाट पुजारी-भँडारीले आ-आफ्नो भागको सरसामग्री लग्ने विद्यमान परिपाटी एवं त्यस्ता डालोमा के लगेको छ भनेर हेर्ने निकाय तथा लगत राखी कसैले पनि सुन, चाँदी जस्ता बहुमूल्य वस्तुहरू चढाउन पाउने रीत नभएकोले व्यवहारमा सत्यता र इमान्दारीले कत्तिको साथ दिइरहेको छ ! त्यो विचारणीय पक्ष छ । भँडारीहरूको पालो न्यूनतम पाँच-सात वर्षमा एक पटक पर्ने हुनाले पशुपतिको मन्दिरमा पालो पर्नु भनेको पैसा कमाउने ठूलो अवसर प्राप्त हुनु हो भन्ने सम्झने प्रवृत्ति भँडारीहरूमा छ । एक महिनाको पालो पर्दा पाँच-सात वर्षलाई पुग्दो कमाउनुपर्छ भन्ने धारणा पनि भँडारीहरूमा पाइन्छ ।

पशुपतिनाथमन्दिरको ढुकुटीमा जाने दक्षिणा-भेटीको विवरण हेर्ने हो भने अत्यन्त दयनीय देखिन्छ । वि.सं. १९३८ सालदेखि वि.सं. १९५२ सम्म पशुपतिको ढुकुटी दाखिल भएको रकम महीनामा बढीमा रु.२७- र घटीमा ७८ पैसा तथा असर्फी कहिलेकाहीँ एक-दुइ थान देखिन्छ ।[१०४] वि.सं. १९५२ देखि वि.सं. १९७४ सम्म ढुकुटीमा जम्मा गरिने आम्दानी घटेर बढीमा महीनामा रु. ३।०९ पैसा आम्दानी बाँधिएको उल्लेख पाइन्छ ।[१०५] त्यसपछिको आम्दानीको कागजात नपाइएकोले वि.सं. १९७४ पछि वि.सं. २०२२ अघिको दक्षिणा-भेटीको सम्बन्धमा थाहा हुँदैन । तर उत्साहवर्द्धक थिएन भन्ने चाहिँ निश्चित छ । वि.सं. २०२२ देखि वि.सं २०३५ को पशुपतिमा चढाएको दक्षिणा भेटी जुन ढुकुटी दाखिला गरिएको थियो त्यो यस प्रकार छ ।[१०६]

आर्थिक वर्ष		रकम	आर्थिक वर्ष		रकम
२०२२।२३	रु.	७२।६५	२०२३।२४	रु.	४८२।०२
२०२४।२५	रु.	२२०।३१	२०२५।२६	रु.	७४६।६१

---

१०४ ऐजन ।

१०५ ऐजन ।

१०६ गोविन्द टण्डन, "पशुपतिक्षेत्रविकासकोष: महत्त्व र उपादेयता" *गोरखापत्र*, (वि.सं. २०४३ पौष १४), ११ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्थिक वर्ष	रकम	आर्थिक वर्ष	रकम
२०२६।२७	रु. ४४६।५४	२०२७।२८	रु. ३७७४२
२०२८।२९	रु. १५७३१	२०२९।३०	रु. २५५।९७
२०३०।३१	रु. २३४।५३	२०३१।३२	रु. १३३४।२४
२०३२।३३	रु. १८११।५९	२०३३।३४	रु. ७८४।०८
२०३४।३५	रु. ५७६।८०	२०३५।३६	रु. ७२२।१८

भगवान् पशुपतिनाथप्रतिको श्रद्धा, आस्था र विश्वासले चढाइने दक्षिणा भेटी व्यक्ति-विशेषको भागवण्डामा जानु निश्चय पनि राम्रो होइन । जति-जति यातायात, सडक, आमसञ्चारका साधानहरूको विकास भइरहेको छ, त्यति-त्यति नेपालअधिराज्यको कुना-कुना तथा बाहिरका देशका हिन्दूहरूको निम्ति सुगमता थपिएर विशेष पर्व-यात्राहरूमा बाहेक अन्य दिनहरूमा पनि पशुपतिनाथमन्दिरमा दर्शन गर्न आउने दर्शनार्थी एवं तीर्थयात्रीहरूको घुँइचो लागेको हुन्छ ।

पशुपतिनाथमन्दिरमा भक्तजनहरूले चढाएका दक्षिणा-भेटीहरू पुजारी तथा भँडारीहरूले बाँडचुँड गरेर खाने थाहा पाएका केही नगण्य भक्तजनहरूले चढाएको रकम मात्र ढुकुटीमा जान्छ भन्ने कुरा माथि लेखियो । त्यस्ता रकम तथा गहना, भाँडाकुँडाहरू प्रत्येक महिनाको पूर्णिमापछिको द्वितीयाको दिन गिन्ती तथा तौल गरेर अलग-अलग महीनाको छुट्टाछुट्टै पोका बनाई जम्मा गरेर राखिन्छ । त्यस दिन पशुपतिगोश्वारा, गूठीलगतकार्यालय, कौसीतोसाखाना तथा पशुपतिभण्डारतहबिलका प्रतिनिधिहरूको रोहवरमा मुचुल्का उठाई जम्मा गर्छन् । यसरी प्रत्येक महीना जम्मा गरेको रकमलाई वर्ष दिन पुगेपछि आश्विन महीनाको त्रयोदशीका दिन एउटै पोको पारी भण्डार दाखिल गर्छन् । त्यसरी बाह्र महीनामा जम्मा भएको रकमबाट केही वर्षयता सुन किनेर राख्ने प्रचलन छ । रुपैयाँ-पैसा राखिन्न । रुपैयाँ, पैसाभन्दा सुनको महत्त्व र मूल्य विश्वसनीय भएकोले नै त्यसो गरिएको हुनुपर्छ ।

पशुपतिमन्दिरको गूठी जग्गाहरूबाट भएको आम्दानी, विभिन्न गूठी, संस्था र व्यक्तिबाट सालबसाल प्राप्त हुने दरबन्दी भोग, विभिन्न भक्तजनहरूले आफूखुशी पूजा गर्दा चढाएको भोग, ठेक, भूबहाल, दर्शनी दस्तुर, देवपत्तनका बेवारिसहरूको तायदाती तथा लगानी गर्दा प्राप्त भएका रकमहरूको आम्दानी आजकाल पशुपतिअमालकोटकचहरी तथा पशुपतिभण्डारतहबिलबाट बैङ्कमा जम्मा गर्ने गरिएको छ । ती रकमहरूबाट पशुपति र वासुकिमन्दिरमा सामान्य मर्मत-जीर्णोद्धार गर्ने गरिएको छ । पहिले पशुपतिनाथमन्दिरमा गर्नुपर्ने काम गरी बाँकी रहेको रकमबाट देवपत्तनभरिको मठ, मन्दिर, बाटो-घाटो, धारा, इनारको सम्भार एवं जीर्णोद्धारका-कार्यहरू गर्नुपर्थ्यो । पशुपतिभण्डार-तहबिल एवं पशुपतिअमालकोटकचहरीअन्तर्गतका जग्गा अधिग्रहणमा परेकोबाट मुआब्जा आएको तथा कूतहरूबाट प्राप्त रकम झण्डै २२ लाख पुगेको छ ।[१०७] पशुपतिक्षेत्रको स्याहार, सम्भार, संरक्षण, संवर्द्धन गर्ने उपयुक्त कार्यहरूमा त्यसरी सङ्कलन भएको रकमको केही अंश लगाउने नियमित कार्यक्रम रहनु अत्यन्त आवश्यक देखिन्छ । वास्तवमा पशुपतिमन्दिरको व्यवस्थापनको सम्वन्धमा वि.सं. १८७० मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट लालमोहर हुँदा पूजाआजा गरी बचेको पैसाले समुच्चा पशुपतिक्षेत्रकै संवर्द्धनमा सहयोग पुऱ्याउने दृढ आकाङ्क्षा स्पष्टिएको थियो, त्यो कुरा अहिलेको परिप्रेक्ष्यमा पनि त्यत्ति नै आवश्यक छ । अझ यसलाई प्रभावकारी तुल्याउन पुजारी, भँडारीलाई निश्चित तलवको व्यवस्था गरी मन्दिरमा हुने आम्दानीलाई सङ्कलित गरी पशुपतिमन्दिरलगायत पशुपतिक्षेत्रको मठ, मन्दिरहरूको समुचित व्यवस्थापन संरक्षण, संवर्द्धन तथा विकासमा लगाउन सके उत्तम हुने स्पष्ट छ ।

---

१०७ पशुपतिभण्डारतहबिलका विसेटनाइके श्रीमदन श्रेष्ठबाट वि.सं. २०४४ साल मङ्सिरमा मौखिक जानकारी पाएको आधारमा यहाँ यो अङ्क दिइएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ अध्याय

नेपाली समाजमा पशुपतिनाथको स्थान र महत्त्व

नेपालमा प्राचीन कालदेखि नै पशुपतिनाथको आदरपूर्ण प्रख्याति रहेको सङ्केत गर्ने विषयमा पाइएसम्मका स्रोतहरूको उपयोग गरी अघिल्लो अध्यायमा सङ्क्षिप्त रूपबाट केही चर्चा गरियो । पशुपतिनाथबारे जानकारी गराउने केही न केही सामग्रीहरू लिच्छविकालदेखि अहिलेसम्म पाइने भएकोले हिन्दूसमाजमा पशुपतिनाथको सम्मानित स्थान र महत्त्व रहेको थियो भन्ने बोध हुन्छ । नेपालमा शैव धर्मको ख्याति अत्यन्त थियो, त्यसमा सन्देह छैन । किनभने त्यसको पुष्टि गर्ने कला, वास्तुकला, मूर्ति, अभिलेख, ग्रन्थ, सिक्का आदिको अतिरिक्त जीवन्त परम्परा र अनेक अनुश्रुतिहरू छन् । त्यसो भए तापनि यस अध्यायमा शैव धर्मको समग्र रूपमा भन्दा पनि पशुपतिको समाजमा विद्यमान स्थान एवं महत्त्वको बारेमा विविध दृष्टिकोणबाट हेर्ने प्रयास गरिनेछ । यसको मतलव शैव धर्मको उद्भव र विकास एवं प्रख्यातिसँग पशुपतिनाथको सम्वन्ध छैन भन्न खोजिएको होइन ।

लिच्छविकालदेखि स्पष्ट रूपमा शिलालेखीय प्रमाणकै आधारमा निश्चयसाथ पशुपतिनाथप्रति देखाइएको दृष्टिकोणबारे केही कुराहरू बताउन सकिन्छ । तर त्यतिखेरका पशुपतिनाथको विविध विषयमा लेखिएका साहित्यिक कृतिहरू नपाइने हुनाले विस्तृत रूपमा अध्ययन गर्न सकिन्न । पशुपतिको जयदेव द्वितीयको संवत् १५७ (वि.सं. ७९०) को अभिलेखमा पशुपतिको स्वरूप र उनको महत्त्व व्यक्ताउने प्रार्थना उत्कीर्ण गरिएकोले त्यस वेला पशुपतिप्रतिको समाजको धारणा अलिकति थाहा हुन्छ । त्यो अभिलेख पशुपतिप्राङ्गणमा नै स्थापित भएकाले अझ त्यसको बढी महत्त्व छ । त्यहाँ भनिएको छ "तीन आँखा भएका, तीनै वेदले अविनाशी कहिएका, तीनै कालमा एकनाश रहने, तीनै प्रकारले (प्रत्यक्ष, अनुमान र आगमद्वारा) चिनिएका, तीनै लोकका रक्षक, त्रेता आदि युगका कारण भएका, त्रिगुणमय हुनाले त्र्यादि (त्रिदशदेवता) हरूले सदा स्तुति गरिएका, गङ्गाजीले शिर धोइएका, त्रिपुरासुरलाई जित्ने, कसैले नजितिने, समान रूपले त्रिवर्ग (धर्म, अर्थ, काम) मा लागेका, त्रिदशपति (इन्द्र) ले स्तुति गरिएका पशुपतिको अग्लो त्रिशूलले हाम्रा शत्रुहरूको नाश गरोस् । चम्किरहेका रावणका शिरका टुप्पामा लाएका शिरपेचको पङ्क्तिमा टाँसिएर रहेका हुनाले लङ्कापुरीलाई पवित्र पार्ने.........वाणासुरका मुकुट हुन पुगेका पशुपतिका पाउका धूलाले तपाइँहरूको रक्षा गरून्" भनी मङ्गलाचरणमा पशुपतिको स्तुति गरिएकोले पशुपतिलाई वेद, उपनिषद्, स्मृति, पुराण आदि धार्मिक ग्रन्थहरूले दिएको महत्त्व लिच्छविकालमा हुबहु थियो भन्ने अवगत हुन्छ ।[1] त्यहाँ शिवजीलाई प्रमथगणका मालिक भन्दै ठूला ईश्वर भनी प्रख्यात भए तापनि जो दिगम्बर (नाङ्गो) हुनुहुन्छ; व्यापक भए तापनि अत्यन्त सूक्ष्म हुनुहुन्छ; शङ्कर

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, प्रथम संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ५४८-५५४ पृष्ठ ।

ॐ त्र्यक्षस्त्रय्यव्ययात्मा त्रिसमयसदृशत्रिपतीतस्त्रिलोकी-
त्राता त्रेतादिहेतुस्त्रिगुणमयतया त्र्यादिभिर्व्वर्ण्णितोलं ।
त्रिस्रोतोधौतमूर्धा त्रिपुरजिदजितो निर्व्विबन्धत्रिवर्गो
यस्योत्तुङ्गस्त्रिशूलस्त्रिदशपतिनुत: स्तादरित्रोटनो न: ॥
राजद्रावणमूर्धपङ्क्तिशिखरव्यासक्तचूडामणि -
श्रेणीसङ्गतिनिश्चलात्मकतया लङ्काम्पुनाना: पुरीं ।
.............द्वन्ध्यपराक्रमा..........सङ्गता:
श्रीबाणासुरशेखरा: पशुपते: पादाणव: पान्तु व: ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(कल्याण गर्ने) भनी थाहा पाइएका भए तापनि प्रलयकारी हुनुहुन्छ; एक भएर पनि अष्टमूर्ति हुनुहुन्छ; देवता र दैत्यका गुरु भएर पनि लाज नमानेर नाच्नु हुन्छ भनिएको छ ।[२] जयदेवको शिलालेखको उक्त विवरणबाट पशुपतिको स्वरूपबारे तात्कालिक विद्वत्समाजमा अनभिज्ञता नरहेको देखिन्छ । त्यसको प्रभाव सामान्य जनजीवनमा परेन भन्न सकिन्न । लिच्छविकालिक शिलालेखहरूको अनुशीलन गर्दा त्यस वेला नेपालमा वैदिक साहित्यको राम्रोसँग पठन-पाठन चलेको तथा त्यससम्बन्धी विद्यावंश चलाउन 'गोष्ठी' हरूको माध्यमबाट प्रयास भएको बताउने उल्लेखहरू पाइने भएकोले वैदिक देवी-देवतासम्बन्धी धारणा एवं मान्यताहरूमा यहाँका बासिन्दाहरू स्पष्ट थिए भन्ने बुझिन्छ । यो कुरालाई तात्कालिक समयमा यहाँ चलेका विभिन्न सम्प्रदायहरूबाट अझ राम्रोसँग पुष्टि मिल्छ ।

६.१ पशुपतिमा विभिन्न समयमा गरिएका धार्मिक कृत्यहरू

कुनै पनि मठ-मन्दिरको समाजमा कस्तो किसिमको स्थान थियो ? भन्ने बुझ्नको लागि त्यसप्रति जनसामान्यले देखाएको रुचि कस्तो छ ? त्यसबाट थाहा हुन्छ । जनसामान्यको रुचि थाहा पाउने आधारहरू साहित्य, अभिलेख र त्यहाँ स्थापित कीर्तिहरू हुन् । त्यसैले यहाँ पशुपतिनाथको समाजमा विद्यमान आस्था, स्थान र महत्त्व बुझ्ने सन्दर्भमा विभिन्न ऐतिहासिक कालहरूमा यहाँ गरिएका धार्मिक कृत्यहरूको सङ्क्षिप्तमा ऊहापोह गर्नु सान्दर्भिक देखिन्छ । पशुपतिनाथमन्दिर नेपालको एक प्रमुख धार्मिक तीर्थस्थलको रूपमा वैदिक कालदेखि नै स्पष्टसँग विकास भइसकेको देखिन्छ । यसैको कारण हो कि पशुपतिप्रति श्रद्धा, भक्ति र आदर देखाउने सन्दर्भमा विभिन्न व्यक्तिहरूले आ-आफ्नो गच्छेअनुसार विविध कृत्यहरू गरेका छन् । पूजाआजा जस्ता तात्कालिक महत्त्वका कृत्यहरू गऱ्यो, सकियो । त्यसैले त्यस्ता घटनाहरू उल्लेख गर्ने कमै मात्र सामग्रीहरू छन् । तर पशुपतिको नाममा कुनै वस्तु चढाउने वा स्थापना गर्ने, स्थायी कीर्तिहरू राख्दा स्थापित अभिलेखहरूले विभिन्न ऐतिहासिक कालहरूमा गरिएका कामहरूको उल्लेख गरेका छन् । त्यस्ता उल्लेखहरू लिच्छविकालभन्दा अगाडिको नपाइने भएकोले तात्कालिक समयको बारेमा उल्लेख गर्ने आधारहरू छैनन् । लिच्छविकालदेखिका त्यससम्बन्धी उल्लेखहरू हाम्रो सामु प्रशस्त छन् । तर जति मल्लकाल र शाहकालका छन्, त्यत्ति त्यसभन्दा अघिल्लो कालको छैन । यसको मतलब पशुपतिको महत्त्व पछि-पछि अभिवृद्धि भएको हो भन्ने होइन । लिच्छविकालका अभिलेखहरूमा पशुपति एवं पशुपतिक्षेत्रको समेत उल्लेख पाइने तथा पशुपतिनाथसँग सम्बन्धित विभिन्न सम्प्रदायहरूको ख्याति नेपालमा भएको देख्दा अहिले पशुपतिको जुन स्थान समाजमा छ, त्यसको पूर्वाधार ऐतिहासिक दृष्टिकोणले निकै अगाडिदेखि नै तयार भइसकेको कुरा निश्चित छ । लिच्छविकालदेखि त शिलालेखीय प्रमाणहरू नै पाइन्छन् । पशुपतिक्षेत्रवरपर लिच्छविकालका बत्तीसवटा अभिलेखहरू पाइएका छन् । यहाँ गरिएका विभिन्न कृत्यहरू सम्झाउनको निमित्त ती अभिलेखहरू स्थापना गरिएका हुन् । यिनीहरूबाट पशुपतिनाथको तात्कालिक महत्त्वको बारेमा केही सङ्केत मिल्दछ । पशुपतिनाथको प्रत्यक्ष महत्त्व दर्शाउने लिच्छविकालका अभिलेखहरू पशुपतिक्षेत्रमा नगण्य पाइएका छन् । संवत् ३२ (वि.स. ६६५) को हाँडिगाउँको अंशुवर्माको अभिलेखमा विभिन्न मन्दिर-विहारहरूका लागि नियत गरिएको रकमको चर्चा गरिएको छ । त्यहाँ दोलाशिखरस्वामी (चाँगुनारायण), गुंविहार, श्रीमानविहार, श्रीराजविहार, खर्जुरिकाविहार, मध्यमविहार आदि मन्दिर एवं विहारहरू तथा रामेश्वर, हंसगृहदेव, मानेश्वर, साम्वपुर, धारामानेश्वर, कैलाशेश्वर, भुम्भुक्किकाजलशयन आदिको

---

२ *ऐजन*, ५५१, ५५५ पृष्ठ ।

यं स्तौति प्रकटप्रभावमहिमा ब्रह्मा चतुर्भिर्म्मुखै
र्यञ्चश्लाघयति प्रणम्य चरणे षड्भिर्म्मुखैः षण्मुखः ॥
यन्तुष्टाव दशाननोपि दशभिर्व्वक्त्रैः स्फुरत्कन्धरः
सेवां यस्य करोति वासुकिरलं जिह्वासहस्रैः स्तुवन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नियत गरिएको रकमको चर्चा छ ।[३] तिनीहरूको उल्लेख गर्दा सबभन्दा अगाडि पशुपतिको नाम दिइएको छ । साथै त्यहाँ उपर्युक्त मन्दिर एवं विहारहरूलाई अलग-अलग रकम तोकिएको छ । सम्भवतः त्यसरी छुट्टा-छुट्टै रकम तोक्ने काम त्यतिखेर समाजमा ती देव-मन्दिरहरूको स्थानलाई हेरेर गरिएको हुनुपर्छ । त्यहाँ एक थरी मन्दिरहरूलाई २ पुराण, २ पण; पशुपतिनाथ, चाँगुनारायण, गुंविहार आदि विहारलाई चाहिँ ६ पुराण, २ पण भाग तोकिएको छ । मानेश्वर, वाग्वतीपारदेव, हंसगृहदेव र अरू सामान्य विहारलाई ३ पुराण १ पण नियत गरिएको छ । यस प्रकार ६ पुराण २ पण पाउने मन्दिर तथा विहारहरू त्यस वेला उच्च स्थान ओगट्ने धार्मिक आराध्यस्थल थिए भन्ने बुझिन्छ । यसबाट लोकमा रहेको प्रसिद्धि, लोकप्रियता आदिको आधारमा देवताको वर्गीकरण गरिएको अनुमान ठीक जँच्दछ । त्यहाँ उल्लिखित पशुपति वर्तमान पशुपतिनाथ नै हुन् भन्ने पक्का छ ।

अंशुवर्माको समयदेखि लिच्छविकालका राजाहरूलाई पशुपतिप्रति बढी आदर र सत्कार देखाउने रूपमा शिलालेखहरूले परिचय गराएका छन् । यो कुरा उनीहरूले लिएको उपाधिबाट बुझिन्छ । यद्यपि सबै लिच्छवि राजाहरूले पशुपतिमा के-के धार्मिक कृत्यहरू गरे, त्यसबारे थाहा दिने प्रमाणहरूको अभाव छ । फेरि सबैले त्यस वेला धार्मिक कृत्यहरू गरे होलान् भन्न पनि सकिन्न । तर त्यस कालका जति प्रमाण प्राप्त छन्, त्यसबाट पशुपतिनाथको ख्याति राम्रो स्थितिमा थियो भने बुझिन्छ । शिवदेव द्वितीयको संवत् १२९ (वि.सं. ७६२ को) बलम्बुको अभिलेखमा पुत्तिनारायणमन्दिरको टुटफुट हुँदा मर्मत र कारणपूजा गर्ने आदेश दिँदा उक्त मन्दिरको 'कारणपूजा' गरी बचेको पैसाले भगवान् पशुपतिनाथलाई प्रतिवर्ष सुन्दर छाता चढाउनु तथा राम्रो यात्रा गर्नु भनिएबाट त्यस वेला मानिसहरू पशुपतिनाथमा धार्मिक कृत्य गराउन कत्तिको उद्यत थिए भन्ने कुराको सङ्केत मिल्दछ ।[४] उक्त विवरणबाट धार्मिक सद्भावको राम्रो दृष्टान्त पाइन्छ । यदि त्यसो नहुँदो हो त वैष्णवधर्मसँग सम्बन्धित देवता पुत्तिनारायणको 'कारणपूजा' गरी बाँकी रहेको पैसाले भगवान् पशुपतिनाथमा छत्र चढाउन राजाले आदेश दिने थिएनन् । साथै उक्त अभिलेखमा पशुपतिनाथको यात्रा गर्ने उल्लेख आएकोले पशुपतिनाथसँग सम्बन्धित यात्रा त्यस वेला पनि हुन्थ्यो भन्ने कुरा थाहा हुन्छ ।

पशुपतिनाथमा लिच्छवि राजाहरूले विभिन्न उपहारहरू चढाएका उल्लेखहरू पाइन्छन् । जयदेव द्वितीयले संवत् १५७ (वि.सं. ७९०) मा पशुपतिमा चाँदीद्वारा निर्मित अष्टदलकमल चढाएका थिए । पाशुपत सम्प्रदायका अनुयायीहरूमा अष्टपुष्पिकाको अत्यधिक महत्त्व रहेको हुनाले जयदेवले चढाएका हुन् । अष्टदलकमललाई शिवको अष्टमूर्तिको प्रतीक मानिन्छ ।[५] शिवलाई त्यस्तो पुष्प चढाउन सके पुण्य प्राप्ति हुन्छ भन्ने धारणा लिच्छविकालमा थियो । त्यसैले पशुपतिलाई चाँदीको अष्टदलकमल चढाएर पाइएको पुण्य जयदेव द्वितीयले आफ्नी आमा वत्सदेवीलाई होस् भनी समर्पण गरेका छन् । वत्सदेवीले त्यो पुण्य आफ्ना स्वर्गीय पति शिवदेव द्वितीयको लागि समर्पित गरिदिएकी

---

३ *ऐजन*, ३२०-३२१ पृष्ठ ।

४ *ऐजन*, ५३० पृष्ठ ।

५ *ऐजन*, ५५० पृष्ठ ।

मूर्त्तीरष्टाभिरष्टौ महयितुमतुलैः स्वैर्द्दलैरष्टमूर्त्तेः
पातालादुत्थितं किं कमलमभिनवं पद्मनाभस्य नाभेः ।
देवस्यास्यासनायोपगतमिह चतुर्व्वक्त्रसादृश्यमोहाद्
विस्तीर्ण्णं विष्टरं किं प्रविकसितसिताम्भोजमम्भोजयोनेः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिइन् ।[६] त्यसको साथमा वत्सदेवीले पनि साना-साना चाँदीका कमल चढाएकी थिइन् । पशुपतिलाई चढाएको कमल अत्यन्त सुन्दर र भव्य भएको कुरा अभिलेखमा वर्णित छ । उक्त कमलमा चाँदीका आठ पात थिए; बीचको केसर रहने भागचाहिँ सुनले बनेको थियो । सो अष्टदलकमल चढाउँदा त्यसको उपलक्ष्यमा जयदेवले लिच्छविवंशको वंशावली तथा कमलको भव्यताको वर्णन गरिएको शिलालेख स्थापना गरेका थिए । शिलालेखमा दिइएका श्लोकहरूमध्ये पाँचवटा श्लोक स्वयम् जयदेवले रचना गरेका थिए । यी सबै कुरालाई हेर्दा पशुपतिनाथको अष्टरूपको प्रसिद्धि लिच्छविकालमा थियो भन्ने बुझिन्छ । यद्यपि माथि चर्चित अभिलेखमा पशुपतिका आठ स्वरूपहरू के-के हुन् ? चर्चा गरिएको छैन । तर विष्णुपुराणमा भव, शर्व, ईशान, रुद्र, उग्र, भीम, पशुपति र महादेवलाई अष्टमूर्ति मानिएको छ ।[७] त्यस्तै पृथिवी, जल, तेज, वायु, आकाश, सूर्य चन्द्र, सोमयज्ञकर्तालाई पनि महादेवको अष्टमूर्तिको रूपमा गणना गर्ने प्रचलन रहिआएको पाइन्छ ।[८]

भगवान् पशुपतिनाथको प्रसिद्धिको कारण नै आज यहाँ जति कीर्तिहरू– मठ-मन्दिर, ढुङ्गेधारा, पाटी-पौवा, सत्तल, मूर्तिहरू छन्, तिनको स्थापना भएको हो । यसलाई स्पष्ट पार्ने अनेक प्रमाणहरू पाइएका छन् । लिच्छवि राजा नरेन्द्रदेवले भगवान् पशुपतिको क्षेत्रमा धारा बनाएका थिए र धारा भएको उक्त ग्रामलाई विशेष सुविधा दिई त्यसको जिम्माचाहिँ आर्यभिक्षुसङ्घलाई दिएका थिए ।[९] सो सङ्घलाई कतिपय अरू अधिकारको साथै साना-तिना मुद्दा-मामिला हेर्न पाउने अधिकार पनि दिइएको थियो । पशुपतिको क्षेत्रमा बौद्धधर्मसँग सम्बन्धित आर्यभिक्षुसङ्घलाई उक्त ग्रामको प्रशासनको जिम्मेवारी दिएको यो उदाहरणले त्यस वेला प्रचलित वैदिक र बौद्धधर्मबीचको सद्भाव र समझदारीलाई स्पष्ट पार्दछ ।

नेपालमा उपलब्ध *वंशावली* एवं ठ्यासफुहरूमा कहीं न कहीं पशुपतिक्षेत्रमा कसैले राखेको कीर्ति वा यहाँ घटेका उल्लेखनीयघटनाको बारेमा टिपिएका पाइन्छन् । *वंशावली*हरूमा उल्लेख गरिएका समकालिक कुराहरूबाहेक अघिल्लो कालका त्यहाँ वर्णित कुराहरूको सत्यासत्य बुझ्न गाह्रो छ तापनि तिनीहरूले तात्कालिक समाजमा विद्यमान जनाधारणा बुझ्न भने सघाउ पुऱ्याउँछन् । *वंशावली* हरूमा यस्ता उल्लेखहरू प्रशस्त पाइन्छन् । *गोपालराजवंशावली*मा पशुपतिको मन्दिर बनाउने तथा छाना हाल्ने काम लिच्छविवंशका राजा सुपुष्पदेवले गरेको बताइएको छ ।[१०] यो कुरालाई *भाषावंशावली*मा पनि टिपिएको छ ।[११] भास्करदेवले काञ्चीनगर जितेर प्रशस्त सुन

---

६ *ऐजन,* ५५२ पृष्ठ ।
पुण्यं पुत्रेण दत्तं शशिकरविमलं कारयित्वाब्जमुख्यं
प्राप्तं शुभ्रं शुभञ्च स्वयमपि रजतैः पद्मपूजां विधाय ।
सर्व्वं श्रीवत्सदेवी निजकुलधवलाञ्चित्तवृत्तिं दधाना
प्रादात्कल्याणहेतोश्चिरमवनिभुजे स्वामिने स्वर्ग्गताय ॥

७ मुनिलाल गुप्त (अनु.) *श्रीविष्णुपुराण,* नवौं संस्करण, (गोरखपुर: गीता प्रेस, वि.सं. २०४१), ८ अध्याय, ६ श्लोक ।
भव शर्वमथेशानं तथा पशुपतिं द्विज ।
भीममुग्रं महादेवमुवाच स पितामहः ॥

८ कुलचन्द्र शर्मा (सम्पा.), *अमरकोश,* प्रथम संस्करण (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२६), पृष्ठ १०
पृथिवी सलिलं तेजो वायुराकाशमेव च ।
सूर्याचन्द्रमसौ सोमयाजी चेत्यष्टमूर्तयः ॥

९ धनवज्र वज्राचार्य, *पूर्ववत्,* पादटिप्पणी १ सङ्ख्या, ४९६ पृष्ठ ।

१० Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *The Gopalrajavamsavali,* (Germany : Franz Steiner Verlag Wiesbadan GmbH, 1985), p.75.

११ नयनाथ पौडेल (सम्पा.), *भाषावंशावली,* २ भाग, (काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं २०२०), ५३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हात पारेका थिए, त्यसैबाट पशुपतिमा कोष चढाएका थिए भनी लेखिएको छ ।[१२] *वंशावली* मा भास्करदेवलाई सुपुष्पदेवपछिको समय दिएको छ । जयदेव द्वितीयको पशुपतिको अभिलखेमा सुपुष्पदेवलाई मानदेव प्रथम (वि.सं. ५२२-५६३ आ.) भन्दा ३९ पुस्ता अगाडिको राजाको रूपमा वर्णन गरिएको छ । सुपुष्पदेवको उल्लेख लिच्छविराजवंशकै क्रममा वंशावली तथा शिलालेखहरूमा उल्लेख आएको देख्दा उनी लिच्छविवंशका राजा हुन सक्ने देखिन्छन्, तर यिनी नेपालका राजा हुन् भन्न *वंशावली*मा आएको विवरणबाहेक अन्य प्रमाण हामीसँग छैन । कसैले अभिलेखमा नआएको कुरालाई उल्लेख गरिएको मानी सुपुष्पदेव पाटलीपुत्रमा जन्मिएका थिए भनेका छन् ।[१३]

पशुपतिनाथमन्दिरको उत्तरपट्टि ठूलो त्रिशूलको प्रतिष्ठा गर्ने राजा विश्वदेव हुन् भनी *गोपालराजवंशावली*मा उल्लेख गरिएको छ । त्यहाँ विश्वदेवलाई मानदेवका बाबु भनी बताइएको छ ।[१४] तर मानदेवभन्दा अघि न विश्वदेव नामका लिच्छवि राजाको अस्तित्व थाहा पाइएको छ न मानदेवका बाबु विश्वदेव हुन् भन्ने शिलालेखबाट प्रमाणित हुन्छ । गोपालराजवंशावलीकारले असावधानीले उक्त भूल गरेका हुन् । *सङ्क्षिप्त गोपालराजवंशावली*मा पशुपतिमा त्रिशूल स्थापना गर्ने राजाको रूपमा शङ्करदेवका बाबु वृषदेवलाई बताएकोले *गोपालराजवंशावली*ले उल्लेख गरेका विश्वदेव वृषदेव हुन् कि भन्ने बुझिन्छ ।[१५] पशुपतिनाथमन्दिरको उत्तरपट्टि मण्डपमा अवस्थित ठूलो त्रिशूल अद्यापि छ । सो त्रिशूल संवत् ४१३ (वि.सं. ५४९) को जयलम्भ नामका व्यक्तिले स्थापना गरेका शिवलिङ्गको जलहरीमा ठड्याएर राखिएको छ । जलहरीको बीचको प्वाल जहाँ त्रिशूल ठड्याइएको छ, त्यसको नाप र त्रिशूल उभ्याउन प्रयोग गरिएको प्रस्तरस्तम्भ झण्डै उत्रै नापको भएकोले सम्भवत: त्यो अग्लो त्रिशूल जयलम्भले नै राखेका हुन् ।

शङ्करदेवका छोरा धर्मदिवलाई वैदिक एवं बौद्ध धर्म दुवैमा समान आस्था देखाउने राजाको रूपमा वंशावलीहरूले परिचय गराएका छन् । उनले पशुपतिको दक्षिणपट्टि ठूलो वृषध्वज चढाएका थिए ।[१६] शैव धर्ममा वृष अर्थात् नन्दीको प्रतिकृति बनाई स्थापना गर्ने चलनको फलस्वरूप धर्मदिवले वृषध्वज चढाएका हुन् । तर उनले चढाएको भनिने वृषध्वज अहिले बचेको छैन । *गोपालराजवंशावली* मा पशुपतिको लागि कोष (धातु विशेषको कवच) चढाइएका उल्लेखहरू निकै पाइन्छन् । त्यहाँ नरेन्द्रदेवले पशुपतिलाई अनेक रत्नसहितको कोष बनाई चढाएको तथा सुन्धारा बनाइदिएको चर्चा छ । उनले धारा बनाएको विवरण संवत् १०३ (वि.सं. ७३७) को देवपाटन र पाटन यागबहालको अभिलेखमा पनि आएको छ भन्ने कुराको चर्चा माथि नै गरियो । मध्यकालका राजाहरूबाट पनि कोष चढाउने काममा अग्रसरता देखाएको पाइन्छ । गुणकामदेव (वि.सं. १०३७-१०५५ आ.) ले पशुपतिलाई एघार कोष चढाएका थिए । उनले त्यहाँ धर्मशाला तथा सुन्धारा पनि बनाई कोटीहोम गरेका थिए ।[१७] त्यस्तै मल्लकालिक राजा जयसिंह मल्लदेवले पशुपतिलाई सुनको मेखलासहित अनेक किसिमका रत्न जडिएको चतुष्कण्ठी कोष चढाएका थिए । त्यस उपलक्ष्यमा उनले यात्रा पनि चलाएका थिए । त्यसै वेला नियमित सदाबर्त बाँड्ने व्यवस्था पनि गरे ।[१८] अनन्त मल्ल (वि.सं. १३३१-१३६५ आ.) ले पशुपतिमा ध्वजारोहण गर्नुको अतिरिक्त ने.सं. ४१७ (वि.सं. १३५४) आषाढशुक्ल

---

१२ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p. 76.

१३ Dr. Hitnarayan Jha, *The Lichchhavis*, First Edition, (Varanasi: The Chowkhamba Sanskrit Series Office, 1970 A.D.), p. 126.

१४ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p. 76.

१५ Kamal P. Malla, "Nepalavamsavali: A complete version of the Kaiser Vamsavali", *Contributions to Nepalese Studies*, Vol. 12, No.2, (April 1985), p.96.

१६ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p.77.

१७ *Ibid.*, p. 79.

१८ *Ibid.*, p. 82.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चमी बुधवारको दिन पशुपतिमन्दिरमा सुनको छाना हाल्ने तथा मन्दिरको चार कुनामा शरभहरू राख्ने काम गरे ।[१९] उनले आफ्नो भण्डारका सारा सरसामानहरू पशुपतिलाई चढाएका थिए । त्यत्ति मात्र होइन त्रिपुर (भक्तपुर) को देवभण्डार झिकी त्यो पनि पशुपतिमा चढाए । तर पछि गएर जयशक्तिदेव र अनन्त मल्लको आपसी मनमुटावको कारणले पशुपतिमन्दिरको केही क्षति पनि पुऱ्यायो । अनन्त मल्लसँग साटो फेर्ने उद्देश्यले उनले डोयहरूलाई झिकाएका थिए । ने.सं. ४३२ (वि.सं. १३६८) कार्तिकशुक्ल द्वादशीको दिन डोयहरूले सारा देवालय आगो लगाई ध्वस्त पारिदिए । साथै पशुपतिनाथमा रहेको एक्काईसवटा कोषहरू झिकेर लगे ।[२०] त्यसको केही समयपछि जयशक्तिदेवकी आमा विरम्मदेवीले पशुपतिमा स्थापित वृषध्वजमा सुवर्णलेप गर्ने काम गरिन् ।[२१] ने.सं. ४६८ (वि.सं. १४०४) कार्तिक पूर्णिमाको दिन देवलदेवीले पशुपतिमा कोष चढाएकी थिइन् ।[२२] त्यतिखेर कोष चढाउने कामलाई अत्यन्त महत्त्व दिइन्थ्यो । केवल राजा र राजपरिवारले मात्र होइन सर्वसाधारण व्यक्तिहरूले पनि चन्दा उठाएर भए पनि कोष चढाएको विवरण पाइन्छ । ने.सं. ४६८ (वि.सं. १४०४) फाल्गुनशुक्ल अष्टमीको दिन त्रिपुर (भक्तपुर) र भोन्त (बनेपा) का जनता मिली प्रतिव्यक्ति एक-एक द्रम्म उठाई पशुपतिमा कोष चढाइएको विवरण *गोपालराजवंशावली*मा छ ।[२३] प्रारम्भिक मल्लकालमा पशुपतिमा केही धार्मिक अनुष्ठान गरिएको उल्लेख केही *वंशावली*मा टिपिएको छ । ने.सं. ४४८ (वि.सं. १३८५) वैशाखशुक्ल त्रयोदशीको दिन पशुपतिमा रुद्रीपाठ गराइएको थियो ।[२४]

पशुपतिप्रति श्रद्धा भक्ति देखाइएका अरू उल्लेखहरू मल्लकालमा प्रशस्त छन् । श्रद्धालु व्यक्तिहरूले विभिन्न वस्तुहरू चढाउँदथे र त्यसको संझनामा ताम्रपत्र, स्वर्णपत्र एवं शिलालेखहरू राख्ने चलनले व्यापकता पाएको थियो । हुनत: त्यस्ता ताम्रपत्रहरू ने.सं. ५३३ (वि.सं.१४७०) अघिका पाइएका छैनन् । त्यसभन्दा अघिको ताम्रपत्र नपाइनुमा विभिन्न कारणहरू होलान् । तिनीहरूमध्ये एउटा कारण ताम्रपत्र वा स्वर्णपत्रहरूमा रहेको धातुको महत्त्वले गर्दा मन्दिरमा टाँसिएका त्यस्ता पत्रहरू नासिए । त्यसमा निहित ऐतिहासिकता नबुझ्नुले पनि त्यस्ता सामग्रीहरू लोप पार्नमा मदत पुऱ्यायो । तिनीहरूमा एउटा अर्को कारणचाहिँ पशुपतिनाथको मन्दिरमा समय-समयमा भएको बाह्य आक्रमण पनि साझेदार छ । त्यसमा ने.सं. ४३२ (वि.सं.१३६८) कार्तिकमा डोय (तिरहुते) हरूले गरेको विप्लवकारी कुकृत्य एवं ने.सं. ४७० (वि.सं. १४०६) मङ्सिरमां बङ्गालका सुल्तान शमसुद्दीनले गरेको विनाशकारी आक्रमण मुख्य रूपमा साझेदार छन् । दुवै आक्रमणमा पशुपतिनाथको मन्दिरमा आगो लगाइएको थियो । फलत: यहाँ रहेका कलाकृतिहरू भस्म हुनु स्वाभाविक छ । साथै परम्पराअनुरूप मन्दिरमा कुनै कृति राख्दा वा पूजाआजा गर्दा सम्झनास्वरूप टाँसिने गरेको ताम्रपत्र, स्वर्णपत्रहरू पनि आगोको लपेटामा परी सदाको लागि समाप्त भए । यही कारण हो जसले गर्दा पशुपतिनाथमन्दिरसँग सम्बन्धित त्यस्ता अभिलेखहरू ने.सं. ५३३ (वि.सं. १४७०) अघिका पाइँदैनन् । शमसुद्दीनको आक्रमणको दश वर्षपछि पशुपतिनाथको मन्दिर त बन्यो तर आक्रमणको प्रभाव निकै वर्षसम्म रह्यो । धार्मिक कृत्यहरू भए पनि यस्तै विप्लवहरूको कारण ताम्रपत्र वा सुवर्णपत्रलाई भन्दा प्रस्तर

---

१९ *Ibid.*, p. 83.

२० *Ibid.*, p. 98-99.

२१ (क) *Ibid.*, p. 83.
(ख) Luciano Petech, *Mediaeval History of Nepal*, Second Thoroughly Revised Edition, (Roma: Is.M.E.O. 1984 A.D.), p. 104.
पेटेकले विरम्मदेवीले साँढेको मूर्ति स्थापना गरेकी थिइन् भनी लेखेका छन् । यो कुरा मूलमा छैन । वृषध्वजलाई उनले साँढेको मूर्ति सम्झेको यसबाट बुझिन्छ ।

२२ Dhanavajra Vajracharya, *op.cit.*, foot note no. 10, p.84.

२३ *Ibid.*, p. 107.

२४ *Ibid.*, p. 101.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलेखहरू राख्न रुचाइयो । शमसुद्दीनको आक्रमण भएको करीब त्रिसट्ठी वर्षपछि बल्ल मानिसहरूले पुन: कृतिहरू राख्दा यहाँ ताम्रपत्र, सुवर्णपत्र राखेको देखिन्छ । बाह्य आक्रमणको कारण आर्थिक स्थिति कमजोर हुनाले पनि कृति राख्ने काममा बाधा पर्न गयो ।[२५] यसले गर्दा हामी पशुपतिनाथमन्दिरसँग सम्बन्धित कतिपय कुराहरू थाहा पाउन असमर्थ छौं । शिलालेखहरूमा सुरक्षित विषयबाहेक त्यसभन्दा अगाडिको अवस्था थाहा पाउन सामग्रीहरूको अभाव छ । त्यसो भए तापनि *गोपालराजवंशावली*मा दिइएका केही वर्णनहरू शिलालेखहरूसँग सामञ्जस्य राख्ने हुनाले त्यहाँ उल्लिखित समकालिक विवरणहरूलाई विश्वास गर्नुपर्ने स्थिति छ ।

पशुपतिनाथमन्दिरको अवस्थितिको कारण सबै ऐतिहासिक कालहरूमा पशुपतिक्षेत्रको अत्यधिक महत्त्व थियो । भगवान् पशुपतिनाथको सार्वकालिक महत्त्वको कारण समय-समयमा भएका बाह्य र विधर्मीहरूको आक्रमणले यहाँको महत्त्वमा कुनै कमी ल्याएन । यो कुरा यहाँ स्थापित अनेकौं कृतिहरूबाट अवगत हुन्छ । विभिन्न कालमा राखिएका कति कृतिहरूले अद्यापि आफ्नो महत्त्व र प्राचीनतालाई अभिव्यक्त गरिरहेकै छन् । ने.सं. ५०८ (वि.सं. १४४४) मङ्सिरमा जयस्थिति मल्लले जयवागीश्वरीमा भएको जीर्ण धाराको जीर्णोद्धार गरिदिए । त्यस अवसरमा उनले शिलालेख पनि राखेका थिए ।[२६] त्यो घटना *वंशावली*मा पनि टिपिएको छ । तर जीर्णोद्धार गरेको समय *वंशावली*मा ने.सं. ५०७ (वि.सं. १४४३) फाल्गुनशुक्ल प्रतिपदा बताइएको छ ।[२७] त्यसभन्दा अगाडि ने.सं. ५०० (वि.सं. १४३७) ज्येष्ठमा उनले देवपाटनमा आगमघर बनाउने काम गरे ।[२८] *वंशावली*मा कुन देवताको आगमघर बनाइएको हो, बताइएको छैन । उनैले ने.सं. ५०५ (वि.सं. १४४२) ज्येष्ठशुक्ल दशमीको दिन पशुपतिमा 'सुखाडो' स्थापना गरिएको लेखिएको छ । तर सुखाडोले केलाई सङ्केत गर्दछ ? त्यो थाहा नहुनाले त्यसबारे बढी कुरा बताउन सकिन्न । यहाँ अर्को कुरा पनि विचार गर्नुपर्ने किसिमको छ, त्यो के भने समाजमा विद्यमान पशुपतिनाथको प्रतिष्ठाकै कारण हो कि पशुपतिनाथबाहेक अन्य मन्दिरहरूको निमित्त नित्यनैमित्तिक पूजाको व्यवस्था बाँधी राखिएको शिलालेख पनि यहाँ स्थापना गर्ने चलन चल्यो । मल्ल तथा शाह दुवै कालका त्यस्ता अभिलेखहरू पशुपतिमा राखिएका पाइन्छन् । ने.सं. ५२३ (वि.सं. १४५९) माघमा सोमेश्वरनामक मन्दिरको लागि राखेको गूठीसम्बन्धी शिलालेख पशुपतिमा रहेको छ ।[२९] आफूले राखेको कृति सबैको जानकारीमा आओस् र त्यसरी जानकारी गराउँदा कीर्तिको सुरक्षा हुन्छ भन्ने मनसायबाट प्रसिद्ध मन्दिरहरूमा शिलालेख, ताम्रपत्र आदि अभिलेखहरू राख्ने चलनको सूत्रपात भएको हो । त्यसैअनुरूप ने.सं. ५२३ (वि.सं. १४५९) माघमा कृष्ण भट्टले स्थापना गरेको सोमेश्वरको अभिलेख त्यहाँ राखिएको हो भन्न सकिन्छ ।

धार्मिक कृत्यहरूको सन्दर्भमा यज्ञ, कोटचाहुति आदिको पनि महत्त्व छ । पशुपतिनाथको सन्दर्भमा अभिलेखहरूमा त्यस्ता कामहरूको कम उल्लेख पाइन्छ । समाजका प्रतिष्ठित व्यक्तिहरूले महत्त्वपूर्ण अवसरहरूमा गरेका त्यससम्बन्धी केही विवरणहरू शिलालेख, ताम्रपत्र तथा ठ्यासफुहरूमा टिपोट गरिएका छन् । ज्योतिर्मल्लले पशुपतिमा लक्ष्यहोम महायज्ञ गरी पशुपतिमा सुवर्णकलशको प्रतिष्ठा गरी त्यस अवसरमा सुवर्ण मुकुट पनि चढाएका

---

२५ पशुपतिमा उपलब्ध ताम्रपत्रहरूमा सबभन्दा पुरानो ने.सं. ५३३ (वि.सं. १४७०) को ज्योतिर्मल्लको छ । तर त्यो ज्यादै नै भग्न र खिइएको छ । राजाको नाम र संवत्बाहेक अरू केही पनि पढ्न सकिँदैन ।

२६ (क) योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ८ अङ्क, (वि.सं. २०१०), ४६ पृष्ठ ।
(ख) शङ्करमान राजवंशी (सम्पा.), *कान्तिपुरशिलालेखसूची*, (काठमाडौं: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७), ३९ पृष्ठ ।

२७ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p.119.

२८ *Ibid.*, p. 115.

२९ (क) शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ६ (ख) सङ्ख्या, ४२ पृष्ठ ।
(ख) D.R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhaya, 1966 A.D.), p. 40.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए । त्यो घटना ने.सं. ५३३ (वि.सं. १४६९) माघको हो ।[३०] प्रताप मल्लले ने.सं. ७७७ (वि.सं. १७१३) मा पशुपतिको दक्षिणढोकामा सुनको विमान बनाई तुलादान गरेका थिए ।[३१] त्यस अवसरमा उनले दुइवटा तुलास्तम्भ गाड्न लगाएका थिए । [३२] प्रताप मल्ललाई *भाषावंशावली*ले व्यभिचारी राजाको रूपमा प्रस्तुत गरेको छ । उनका सयौं रखौटीहरू थिए । एक पटक उमेर नपुगेकी कन्यासँग रतिसम्बन्ध हुँदा उनी मरिन् । त्यसैको प्रायश्चित्तको लागि पशुपतिमा कोट्याहुति लगाएको *वंशावली*मा लेखिएको छ ।[३३] कोट्याहुति गर्नुभन्दा अगाडि उनले पशुपतिमन्दिरमा 'महेशाष्टक' लेखी त्यसलाई प्रस्तरमा उत्कीर्ण गराई चढाएका थिए । साथै पशुपतिनाथमन्दिरको छत्रमाथि सुनको कलश पनि चढाई आफ्नो र रानीको प्रतिमाको स्थापना गरे ।[३४] काठमाडौंका राजा भूपालेन्द्र मल्लकी आमा ऋद्धिलक्ष्मीले पशुपतिनाथमन्दिरको जीर्णोद्धार कार्य सकेपछि ने.सं. ८१७ (वि.सं. १७५४) ज्येष्ठशुक्ल नवमीको दिन कोट्याहुति यज्ञ सम्पन्न गरेकी थिइन् । त्यस अवसरमा महापूजा र महाबलि पूजा पनि भएको थियो ।[३५] त्यसभन्दा अगाडि पशुपतिनाथलाई खुशी तुल्याउने उद्देश्यले ८१७ (वि.सं. १७५४) चैत्रकृष्ण औंसीको दिन यहाँ भव्य पूजा भएको बताइएको छ ।[३६] 'विचा' पूजाको रूपमा त्यसलाई सम्पन्न गरिएको बुझिन्छ । जयप्रकाश मल्लले पशुपतिमा कोटीपार्थिवपूजा गरी कालीगण्डकीबाट 'शालिग्राम' ल्याएर पशुपति र वासुकिमा चढाउने काम पनि गरेका थिए ।[३७]

विविध प्रकारका भाँडाकुँडाहरू एवं पूजाका सामग्रीहरू राख्न प्रयोगमा आउने तथा पूजाको अवसरमा आवश्यक पर्ने भाँडाहरू पशुपतिनाथमन्दिरमा चढाएर पनि कसैले आफूलाई भगवत्सेवामा समर्पित गरेका छन् । यो क्रम निकै लामो समयसम्म चल्यो । अहिले पनि यस्तो काम यदाकदा भएको देखिन्छ । उहिले त त्यस्ता वस्तुहरू चढाउँदा अभिलेख राख्ने सामान्य प्रचलनले गर्दा कतिपय अवसरका अभिलेखहरू नै पाइन्छन् । हुन त त्यस्ता अभिलेखहरूमा भाँडाकुँडा आदि वस्तुहरूको नै धेरैजसो उल्लेख पाइन्छ । तर पनि ती अभिलेखहरूको अरू दृष्टिकोणबाट पनि अत्यधिक महत्त्व रहेको छ । त्यसबाट समाजमा प्रचलित धर्मप्रतिको मूल्य र मान्यता बुझ्न सघाउ पुऱ्याउने कुरा यहाँ उल्लेख्य छ । त्यस वेला त्यस्ता सामग्रीहरू चढाउँदा अभिलेख राख्ने चलनले गर्दा आज ती सामग्रीहरू नभए पनि अभिलेखको माध्यमबाट तात्कालिक कतिपय कुराहरू थाहा पाउन मदत गरेको छ । पशुपतिमा भाँडाकुँडा जस्ता वस्तुहरू चढाई राखेका अभिलेखहरू ने.सं. ६७१ (वि.सं. १६०७) पौषदेखिका प्राप्त छन् । पछि गएर भाँडामा नै आवश्यक लेख कुँदाउने प्रचलन चल्यो यसले गर्दा छुट्टा-छुट्टै अभिलेखहरू पाइन्नन् । चलनचल्तीका भाँडाकुँडाबाहेक अरू त्यस्ता भाँडाकुँडाहरू भण्डारमा राख्ने चलनले गर्दा प्रारम्भिक मल्लकालपछि त्यससम्बन्धी कमै मात्र जानकारी उपलब्ध हुन्छ । जे होस्, उपलब्ध अभिलेखहरूको आधारमा त्यस विषयमा यहाँ केही चर्चा गरिनेछ । ने.सं. ६७१ (वि.सं. १६०७) पौषमा टोखा धंलामविहार बस्ने निभावुमैयाँले पशुपतिमा सिन्ह्मुलगायत अरू विभिन्न

---

३० (क) D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p.47-49.
(ख) शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २६ (ख) सङ्ख्या, ४३-४४ पृष्ठ ।

३१ (क) योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ४ अङ्क, (वि.सं. २०१०), २६ पृष्ठ ।
(ख) शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणीं २६ (ख) सङ्ख्या, ८५ पृष्ठ ।
शङ्करमान राजवंशीले यो शिलालेखको संवत् ७७६ लेख्नुभएको छ । तर मूलमा अक्षर तथा अङ्क दुवैमा ने.सं. ७७७ लेखिएको छ ।

३२ *ऐजन*, २६ पृष्ठ ।

३३ Daniel Wright, *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Pvt. Ltd., 1958 A.D.), pp. 130-131.

३४ गौतमवज्र वज्राचार्य, महेशराज पन्त (सम्पा.), *अभिलेखसङ्ग्रह*, तेस्रो भाग, (काठमाडौं : संशोधन-मण्डल, वि.सं. २०१८), पृष्ठ ९ ।

३५ D.R. Regmi, *Medieval Nepal*, Part II, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), p.151.

३६ *Ibid.*

३७ Daniel Wright, *op.cit.*, foot note no. 33, p.137.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाँडाकुँडा चढाएकी थिइन् ।[३८] भाँडाकुँडा चढाए पुण्यप्राप्ति हुन्छ भन्ने जनधारणा रहेको थियो । त्यस कुराको सङ्केत त्यस्ता वस्तुहरू चढाएपछि राखिएका अभिलेखहरूमा आएको छ । ने.सं. ६७१ (वि.सं. १६०८) आश्विनको दोलखाका महापात्र कुसुमसिंह र भारसिंहले पशुपतिमा भाँडाकुँडा चढाउँदा राखेको अभिलेखमा दिवङ्गत बाबु रत्नशक्ति तथा आमा केतकीलक्ष्मीको पुण्यवृद्धि होस् भन्ने कामना गरिएकोबाट पनि उपर्युक्त कुराको सङ्केत मिल्दछ ।[३९] त्यस्तै ने.सं. ६७६ (वि.सं. १६१२) मङ्सिरमा काठमाडौँ वंतुटोल (वटुटोल) बस्ने हिकुले आफ्नो दिवङ्गत छोराको नाममा केही वस्तुहरू चढाएकी थिइन् । तर ती वस्तुहरू के-के हुन् ? त्यसको उल्लेख ताम्रपत्रमा गरिएको छैन ।[४०] केतकीमैयाँले ने.सं. ६७८ (वि.सं. १६१५) मा सिन्हमु, थाक्रो, कोपरा आदि सामग्रीहरू चढाएकी थिइन् ।[४१] यो चलन राजादेखि प्रजासम्म चलेको थियो । ने.सं. ६७८ (वि.सं. १६१५) ज्येष्ठमा नरेन्द्र मल्लले आफ्नी आमा अमृतदेवीको प्रीति कामना गरी काँसको थाल तथा धुपौरो पशुपतिमा चढाएका थिए । त्यो चढाउँदाको पुण्यले आफ्ना सन्तानहरूको राज्य अटल रहोस् तथा आफ्नो शिवसायुज्य होस् भन्ने चाहना उनले व्यक्त गरेका छन् ।[४२] बाटोघाटोको असुविधा, यातायात आदिको कठिनाइको विपरीत पनि टाढा-टाढाबाट मानिसहरू पशुपतिमा आई भाँडाकुँडाहरू चढाउने गरेका दृष्टान्तहरू पाइन्छन् । दोलखाका महापात्रहरूले भाँडाकुँडा चढाएको उल्लेख माथि गरिसक्यौँ । ने.सं ६७९ (वि.सं. १६१६) भाद्रमा नवक्वाथ (नुवाकोट) का मिरुसिं भारो र उनकी स्वास्नी सरुमैयाँले थाल, सिन्हमु, टुकी आदि वस्तुहरू चढाएका थिए ।[४३] त्यस्तै ने.सं. ७०६ (वि.सं. १६४२) माघमा उल्हासिंह भारो र उनका परिवारले थाल, काँसको भाँडा, चुपी[४४] तथा रुकुनी र उनका छोरा काशीले दियो, भाँडाकुँडा आदिका अतिरिक्त चुपीहरू चढाएका थिए ।[४५] ने.सं. ७१९ (वि.सं. १६५६) वैशाखमा टोखाकी टुकुनमैयाँले दिवङ्गत मयनसिंहको नाममा भाँडाकुँडा चढाएकी थिइन् ।[४६] वीरभद्र भारोले तामा, पित्तल, काँस र फलामका भाँडाहरूका अतिरिक्त हातहतियार ने.सं. ७६३ (वि.सं. १७००) भाद्रमा चढाए । हातहतियार मन्दिरमा चढाउने चलन पछिसम्म पनि थियो । उनले सबै अलङ्कारले सुसज्जित साहासन (सिंहासन) पनि चढाएको कुरा ताम्रपत्रमा उल्लेख गरिएको छ ।[४७]यसबाट त्यस वेला मन्दिरमा यही चढाउनुपर्छ भन्ने धारणा नरही आ-आफ्नो खुशीले जसले जे चढाए पनि हुने प्रचलन समाजमा विद्यमान थियो भन्ने बुझिन्छ । ने.सं. ७६५ (वि.सं. १७०१) कार्तिकमा वक्वद्वंवत्ताको सत्तलमा बस्ने दर्शनधारी (कुसले) र उनकी स्वास्नी गोमतीले श्रद्धानुसार भाँडा र आफूले बजाउने गरेका बाजाहरू समर्पण गरेका थिए ।[४८] भक्तपुर गोलमण्डे (गोलमाढी) टोलका कल्याण भारोले ने.सं. ७६९ (वि.सं.१७०५) कार्तिकमा पूजा भाँडा, सिन्हमु आदि वस्तुहरू चढाएका थिए ।[४९] त्यस्तै गरी ने.सं. ७७५ (वि.सं. १७११) पौषमा उद्धव खड्काले,[५०] ने.सं. ७८२ (वि.सं. १७१८) मा पूर्णमैयाँले आ-आफ्ना मृतक

---

३८ परिशिष्टभाग, अभिलेखखण्ड (क), ९ सङ्ख्या ।
३९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १० सङ्ख्या ।
४० परिशिष्टभाग, अभिलेखखण्ड (क), ११ सङ्ख्या ।
४१ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२ सङ्ख्या ।
४२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १३ सङ्ख्या ।
४३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४ सङ्ख्या ।
४४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५ सङ्ख्या ।
४५ ऐजन ।
४६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७ सङ्ख्या ।
४७ परिशिष्टभाग, अभिलेखखण्ड (क), २७ सङ्ख्या ।
४८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९ सङ्ख्या ।
४९ परिशिष्टभाग, अभिलेखखण्ड (क), सङ्ख्या ३१ ।
५० ने.सं.७७५ (वि.सं. १७११) पौषको उद्धव खड्काको यो ताम्रपत्र पशुपतिगोश्वारामा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुटुम्बहरू,[५१] र ने.सं. ७०९ (वि.सं. १६४६) मा रजिक कमलाजनले दिवङ्गत छोरा कनकराजको निमित्त विभिन्न किसिमका भाँडाकुँडा चढाएका थिए ।[५२] ने.सं. ७९९ (वि.सं. १७३६) भाद्रकृष्ण अमावस्याको दिन गोपालसिंह कोतवारका परिवारले पशुपतिमा सिंहासन चढाएको उल्लेख पाइन्छ ।[५३]

विशेषत: आफ्नो परिवारका दिवङ्गत व्यक्तिहरूका नाममा मन्दिरमा भाँडाकुँडा, बाजा-गाजा, हातहतियार चढाउने चलन मल्लकालको उत्तरार्द्धदेखि अत्यन्त प्रसिद्ध भयो । त्यसरी चढाइएका वस्तुहरू मन्दिरको बाहिर भित्तामा प्रदर्शन झैँ गरी कीला ठोकेर राख्ने चलन पनि देखिन्छ । पशुपतिनाथको मन्दिरमा भने वि.सं. १९३६ मा सङ्गमर्मर टाँस्ने क्रममा त्यस्ता भाँडाकुँडा झिकिएको बुझिन्छ । तर कीर्तिपुरको बाघभैरव, नालाभगवती, बनेपाको चण्डेश्वरी आदि शहरभन्दा बाहिरका मन्दिरमा अझैँ पनि त्यस्ता वस्तुहरू मन्दिरबाहिर झुण्ड्याइएका देख्न पाइन्छन् । त्यस्ता भाँडाकुँडा, हातहतियार कसैले भाकलको रूपमा चढाउने गरेको तथा कसैले विभिन्न अरू कामनाले चढाउने गरेको कुरा ताम्रपत्रहरूबाट बुझिन्छ ।

मल्लकालमा अत्यधिक प्रचलनमा रहेको यो चलन शाहकालमा पनि उत्तराधिकारक्रमले चलनचल्तीमा रह्यो । त्यस कालमा पनि मन्दिरमा भाँडाकुँडा चढाए पुण्य हुन्छ भन्ने भावनाले प्रोत्साहन पाएको थियो । विशेषत: दिवङ्गत व्यक्ति वा सतीहरूको नाममा त्यस्ता सामानहरू मन्दिरमा चढाउने गरेको देखिन्छ, हुन त जीवित व्यक्तिहरूले चढाएको उल्लेख पनि नपाइने होइन । यस कालमा बन्दुक, पेस्तौल, खुँडा, खुकुरी जस्ता हतियारहरू मल्लकालमा भन्दा बढी चढाएको पाइन्छ । लडाइँमा मारिएका योद्धाहरूको हतियारहरू देवताका स्थानमा राख्ने एक किसिमको चलन जस्तै बन्यो ।[५४] यसबाट त्यस वेलाको जनभावना बुझ्न केही सहयोग मिल्दछ । नेपालको एकीकरणको कार्य चल्दै रहेकोले हातहतियार चढाउनुमा सफलताको कामना अन्तर्निहित भएको पाइन्छ । वि.सं. १८२६ ज्येष्ठकृष्ण १५ मा दिवङ्गत वर थापाको नाममा उनका आमा-बाबुले तरबार, बाटा आदि वस्तुहरू चढाई ताम्रपत्र राखेका थिए ।[५५] वि.सं. १८३७ मा राय भारो, भवानीमैयाँले भगवान् पशुपतिनाथका आयुधहरू त्रिशूल र डमरु चढाएका थिए ।[५६] कोही कोही व्यक्ति यति श्रद्धावान् भएका पाइन्छन् कि उनीहरूले आफ्नो सम्पूर्ण सम्पत्ति नै पशुपतिनाथमा समर्पित गरेका थिए । वि.सं. १८४९ ज्येष्ठशुक्ल १५ मा गौरा खरेलले पूजाथाली, जलपात्र आदि वस्तुहरूको अतिरिक्त आफू बसिरहेको घर नै अर्पण गरेकी थिइन्, साथै उनले केही रुपैयाँ गूठीस्वरूप राखिदिएकी थिइन् ।[५७] वि.सं. १८५० मा राजेन्द्रसुन्दर र उनका स्वास्नी भवानीलक्ष्मीले बाटा, सिन्हमु आदि वस्तुहरू चढाएका थिए ।[५८] त्यही साल सूर्यग्रहणको दिन थकुमिसाले विभिन्न भाँडाकुँडा चढाएकी थिइन् ।[५९] वि.सं. १८५४ कार्तिकशुक्ल १५ मा साँढेवैद्य लक्ष्मीनारायण दाहालकी आमा रंघता दाहालले स्याङ्गी, पानस, काङ्ग्यो आदि चढाइन् ।[६०] साँढेवैद्य रणबहादुर शाहका दरबारका चिकित्सक थिए । वि.सं. १८६० कार्तिकशुक्ल १४ मा हरिनारायण रिजाल, उनकी धर्मपत्नी तुलसीदेवी र छोरा

---

५१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४१ सङ्ख्या ।

५२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४७ सङ्ख्या ।

५३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ५१ सङ्ख्या ।

५४ धनवज्र वज्राचार्य (सम्पा.), *त्रिरत्नसौन्दर्यगाथा,* प्रथम संस्करण, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१९), ५३ पृष्ठ ।

५५ परिशिष्टभाग, अभिलेखखण्ड (क), ९२ सङ्ख्या ।

५६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ९७ सङ्ख्या ।

५७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०७ सङ्ख्या ।

५८ राजेन्द्रसुन्दर र भवानीलक्ष्मीको ने.सं. ९१३ (वि.सं. १८५०) वैशाखको यो ताम्रपत्र पशुपतिगोश्वारामा रहेको छ ।

५९ थकुं मिसाको ने.सं. ९१३ (वि.सं. १८५०) श्रावणको यो ताम्रपत्र पशुपतिगोश्वारामा छ ।

६० परिशिष्टभाग, अभिलेखखण्ड (क), ११५ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णुधर शर्माले थालकचौरा, डाडु, पाथी, माना, पानस, ओदान आदि वस्तुहरू चढाएका थिए ।[६१] त्यस्तै वि.सं. १८६१ वैशाखशुक्ल १५ रोज ३ मा रामलेखाले तरबार, डाडु, पाथी, कचौरा चढाएकी थिइन् ।[६२] बलसिंहले उनका तीन जना दिवङ्गत आफन्तहरूका नाममा वि.सं. १८७३ मा थाँक्रो, ज्वालान्त्याक, बाटा आदि भाँडाकुँडा चढाएका थिए ।[६३] वि.सं. १८७६ मा जमदार विजयसिंह बोहरा र सुमित्राले पनि भाँडाकुँडा चढाएको उल्लेख पाइन्छ ।[६४] हर्षदेवीले वि.सं. १८८१ मा थाल, कचौरा, चुरा, लोटा, सन्दुस, टीका, सिँन्दुर चढाएकी थिइन् ।[६५] खनजन नामकी एक जना भक्तिनीले आफ्नो प्रयोगका साजबाजहरू– सारङ्गी, सितार, तबला आदि वि.सं. १८८३ मा चढाएकी थिइन् ।[६६] वि.सं. १८९० मा बालनरसिंह अधिकारी नामको छोरा मर्दा उनको नाममा उनका आमा-बाबुले बन्दुक, सङ्गीन, मार्तोल, फाली, चुलेसी आदि वस्तुहरू चढाएका थिए ।[६७] त्यसभन्दा अगाडि कल्याण ठकु नामकी महिलाले पनि वि.सं. १८८८ मा विभिन्न वस्तुहरू चढाएकी थिइन् ।[६८] त्यस्तै वि.सं. १८९० मा लप्टन रणसिंह थापाको नाममा उनको परिवारले भाँडाकुँडा चढाएका थिए ।[६९] मैजुरानीले वि.सं. १९०४ मा ज्वालान्त्याक, सिन्हमु, स्याङ्गी, थाँक्रो आदि चढाएकी थिइन् । यसपछि पशुपतिमा भाँडाकुँडा चढाए पनि छुट्टै अभिलेख राख्ने चलन हराउँदै गयो । कुनै–कुनै भाँडाकुँडा यदि सुन, चाँदीबाट निर्मित छन् भने त्यस्ता भाँडाकुँडाहरूमा दाताहरूले सम्झनाको लागि लेख उत्कीर्ण गराएको पाइन्छ, अन्यथा अरूमा राखेको कमै देखिन्छ । चलनचल्तीका बाहेक अन्य भाँडाकुँडाहरू पशुपतिमन्दिरको 'बम्वैभण्डारमा' राख्ने चलन भएको तथा त्यहाँ उत्कीर्ण लेखहरूको कुनै विवरण राख्ने चलन आजकल नभएकोले त्यसबारेमा केही बोल्न सकिन्न ।

श्री ५ पृथ्वीवीरविक्रम शाहको शासनकालमा पशुपतिमा रहेका चाँदीका चल्ती भाँडाकुँडाहरूको मर्मत-जीर्णोद्धारको काम भएको थियो ।[७०] त्यसैताक वि.सं. १९४५ मा कलकत्तानिवासी रत्नलाल भारतीयले पनि दैनिक प्रयोगका केही भाँडाकुँडाको जीर्णोद्धार गरेका थिए ।[७१] पशुपतिमा चढाइएका कतिपय पुराना चलन-चल्तीका भाँडाकुँडाहरू श्री ५ महेन्द्रबाट थपथाप गरी जीर्णोद्धार गर्ने काम भएको थियो ।[७२] यसरी चढाइएका भाँडाकुँडाहरू चलन-चल्तीका बाहेक अरूहरू पशुपतिभण्डारतहबिलअन्तर्गतको बम्वैभण्डारमा राख्ने चलन छ । बम्वैभण्डारको स्थापना पशुपतिभण्डारतहबिलसँगै भएको हो कि भन्ने देखिन्छ । बम्वैभण्डारमा प्रशस्त भाँडाकुँडाहरू सङ्ग्रहीत छन् । तिनीहरूमध्ये कति भाँडाकुँडामा अभिलेखसमेत लेखिएको हुनाले ऐतिहासिक दृष्टिकोणले तिनको आफ्नै महत्त्व छ । तर त्यहाँ कहिले देखिको त्यस्ता वस्तुहरू रहेका छन्, कुन रूपमा छन् भन्ने कुरा बताउने न कुनै खुलस्त विवरण छन् न कुनै यथार्थ जानकारी नै प्राप्त गर्न सजिलो छ ।

---

६१ परिशिष्टभाग, अभिलेखखण्ड (क) १२९ सङ्ख्या ।

६२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १३० सङ्ख्या ।

६३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६७ सङ्ख्या ।

६४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७४ सङ्ख्या ।

६५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७८ सङ्ख्या ।

६६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १८३ सङ्ख्या ।

६७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९६ सङ्ख्या ।

६८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९३ सङ्ख्या ।

६९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९७ सङ्ख्या ।

७० परिशिष्टभाग, अभिलेखखण्ड (क), ३०७ सङ्ख्या ।

७१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३०८ सङ्ख्या ।

७२ श्री ५ महेन्द्रवीरविक्रम शाहबाट मर्मत-सुधार भएको चाँदीका भाँडाकुँडा नै मन्दिरमा धेरै चल्तीमा छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाँडाकुँडाहरूका अतिरिक्त पशुपतिनाथमा गरगहना चढाई आफ्नो श्रद्धाभक्ति देखाएको पनि उल्लेखहरू पाइन्छन् । कतिपय यस्ता गहनामा लेखहरू पनि छन् । तर चल्ती एवं बेचल्ती दुवै किसिमका गहनाहरू मन्दिरभित्र रहने हुनाले चढाउने व्यक्तिहरूको बारेमा थाहा हुन सक्तैन । हुन त गूठीलगत तथा तहबिलकार्यालयबाट तिनीहरूको स्थापनाकालदेखि नै गूठी एवं छुटगूठीअन्तर्गतका मन्दिरहरूका गहनाहरूको लगत राख्ने गरेको पाइन्छ । तर हाम्रो उद्देश्यको लागि तिनीहरूबाट त्यत्तिको सहयोग मिल्दैन । वि.सं. १८७४ तिर पशुपतिमा चढाइएका पुराना गहनाहरू जीर्णोद्धार गर्ने काम भएको थियो । त्यो काम श्री ५ राजेन्द्रविक्रम शाहको राज्यकालमा श्री ५ ललितत्रिपुरसुन्दरीको हुकुमले भएको थियो ।[७३] त्यस वेला मल्लकालमा निर्मित गर-गहनाहरू पनि गाली नयाँ गहना बनाई चढाएको उल्लेख पाइन्छ । ने.सं. ७७८ (वि.सं. १७१४) कार्तिकशुक्ल १५ मा पशुपतिनाथलाई १३९ तोला २ लालको 'सुवर्णच्छत्र' प्रताप मल्लले चढाएका थिए । ने.सं. ८१७ (वि.सं. १७५४) श्रावणकृष्ण १३ मा ऋद्धिलक्ष्मीले २२ तोलाको 'सुवर्णपङ्खा' चढाएकी थिइन् । ने.सं. ८४९ (वि.सं. १७८५) कार्तिकशुक्ल ७ मा कृष्णसिंह भन्ने एक जना व्यक्तिले पशुपतिमा ७० तोला ५ मासाको 'मिंलापताहाप' चढाएका थिए । जयप्रकाश मल्लकी भित्रिनी लक्ष्मीमैजुले 'बट्टा' चढाएको उल्लेख पनि उक्त वि.सं. १८७४ को लालमोहरमा आएको छ ।[७४] साथै त्यहाँ शाहकालका अरू विभिन्न व्यक्तिहरूले चढाएका गहना, भाँडाकुँडाहरूको पनि चर्चा छ । सुवर्णप्रभाले वि.सं. १८२६ ज्येष्ठशुक्ल ८ मा महास्नान महाबलि गरी पशुपतिनाथलाई ३५ तोलाको नाग चढाएकी थिइन् । सती जाँदा पशुपतिमा गहना चढाएर जाने चलनअनुसार वि.सं. १८६३ वैशाखशुक्ल १५ मा राजराजेश्वरीदेवी सती जाँदा 'चन्दाहार'; चौतरिया समरशेर शाहका मुखेनी सती जाँदा सिक्री, मुण्डदाना चढाइएको थियो । त्यसै गरी वि.सं. १८७३ मा काजी अमरसिंह थापाकी कान्छीमुखेनी सती जाँदा बाला चढाएकी थिइन् । त्यस वेला पुराना गहनाहरू मासी ललितत्रिपुरसुन्दरीले पशुपतिनाथको भित्री गजुर, पवित्रारोहण एवं निमन्त्रणको अवसरमा ओडाइने गजुर भव्यसँग बनाइदिइन् । त्यस गजुरमा हीरा, नवरत्न आदिसमेत जडेको उल्लेख पाइन्छ । वि.सं. १८७४ भाद्रशुक्ल ६ रोज ४ को लालमोहरमा पनि पशुपतिमा चढाइएका केही चाँदीका वस्तुहरूका नाम एवं चढाउने व्यक्तिहरूका नाम पाइन्छन् । त्यसअनुसार वि.सं. १८६७ साल आषाढशुक्ल ११ मा पशुपतिको जलहरीको निमित्त श्री ५ गीर्वाणयुद्धविक्रम शाहले ४५२८ तोला चाँदी चढाएका थिए । त्यस्तै वि.सं. १८७१ साल माघशुक्ल ५ मा महारानी सिद्धिलक्ष्मीले ५६१९ तोला ७ मासाको चाँदीको कमलपत्र चढाएकी थिइन् । वि.सं. १८६६ कार्तिकशुक्ल १५ मा सुवर्णप्रभाले ७७ धार्नीको तामाको कमलपत्र, जलहरीको लागि २८ धार्नी तामा प्रदान गरेकी थिइन् ।[७५] यस्तो क्रम पछि पनि चल्दैरह्यो । तर चढाइएका सामग्रीहरू मन्दिरभित्रै रहने भएकोले बढी कुरा थाहा हुन सक्तैन । श्री ५ महेन्द्रवीरविक्रम शाहको राज्यकाल वि.सं. २०२५ माघ १८ गते पशुपतिनाथको पुरानो जलहरीको नवनिर्माण सम्पन्न गर्ने काम भएको थियो ।[७६]

गर-गहना, भाँडाकुँडाको अतिरिक्त पशुपतिनाथमा कमारीहरू पनि चढाइएका रोचक जानकारीहरू पनि प्राप्त छन् । नेपालमा लिच्छविकालदेखि नै कमारा-कमारी राख्ने प्रथा केही विद्यमान थियो ।[७७] मन्दिरको काम गर्न देवदास, देवदासीहरू राख्ने चलन थियो । त्यही चलनको प्रभावस्वरूप अहिलेसम्म बैतडी, डँडेलधुराभेगका मन्दिरमा 'देउकी' प्रथा छँदैछ । मल्लकालतिर यो प्रथाको कस्तो प्रचार थियो वताउने सामग्रीहरू छैनन्, तर प्रारम्भिक शाहकालतिर चाहिँ यो प्रथा थियो भन्ने बुझाउने अभिलेखहरू पाइएका छन् । वि.सं. १८३० मा भीरकोटका बालकृष्ण उपाध्यायले

---

७३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६९ सङ्ख्या ।

७४ *ऐजन*।

७५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७० सङ्ख्या ।

७६ वि.सं. २०२५ माघ २८ को श्री ५ महेन्द्रवीरविक्रम शाहको ताम्रपत्र पशुपतिनाथमन्दिरभित्र छ ।

७७ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, ४८६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरासहित भएर पशुपतिमा नकु र गुण नामका दुइ कमारी चढाएका थिए ।[७८] त्यस्तै वि.सं. १८६९ मा सुन्दर गिरी र उनकी स्वास्नीले लक्ष्मी, कोइली, ज्वाला नामका तीन जना कमारीहरू चढाएका थिए ।[७९] बुद्धिरेखा गोदार्नीले वि.सं. १८६३ मा विभिन्न भाँडाकुँडा, गर-गहनाको साथमा धनावती नामकी कमारी पनि चढाएको उल्लेख पाइन्छ ।[८०] मन्दिरमा कमारा-कमारी चढाइनुको के उपयोगिता रहेको थियो ? यो कौतुहलको विषय हो । धनवज्र वज्राचार्यले लिच्छविकालको देवदास-देवदासीका सन्दर्भमा मन्दिरको सरसफाइ र आरतीको वेला नृत्य आदिको लागि राखिएको चर्चा गर्नुभएको कुरा ठीकै जँच्दछ ।[८१] तर मन्दिरको निमित्त जसजसले कमारीहरू चढाए, ती तात्कालिक समयका उदार व्यक्तित्वहरू र समाजका हितचिन्तक व्यक्तिहरू हुन् भन्ने कुरामा शङ्का छैन । किनभने जुन समाजमा कमारा-कमारी राख्ने प्रथा सामान्य चलनचल्तीमा छ, त्यस्तो समाजमा बुद्धिरेखा गोदार, बालकृष्ण उपाध्याय, सुन्दर गिरी जस्ता एक-दुइ जना व्यक्तिहरू थिए, जसले कमारा-कमारी राख्ने चलन उपयुक्त छैन भन्ने धारणा राख्दथे । फलतः उनीहरूले आफ्नो घरमा भएका कमारीहरू पशुपतिको नाममा छोडिदिए । मन्दिरमा चढाउनुपर्ने भाँडाकुँडा चढाए झैं गरी वा भाँडाकुँडा चढाउने दिनमा कमारीहरू चढाइने सामान्यतः प्रचलन थियो । सुन्दर गिरीको अभिलेखमा "दषिन दर्वाजामा भाँडा टाँस्नाका दिन डोको-नाम्लो काटी पार गरि दिन्युँ" भनी लेखेको एवं बुद्धिरेखाको अभिलेखमा अन्य भाँडाकुँडाहरूको विवरणको साथमा कमारी चढाएको विवरणले पनि माथिको भनाइको पुष्टि गर्दछ । मन्दिरमा कमारा-कमारी चढाएपछि उनीहरू एक किसिमले स्वतन्त्र हुन्थे । उनीहरूले कसैको बुहार्तन सहनु पर्दैनथ्यो । मन्दिरको पुजारीहरूले समेत उनीहरूमाथि अधिकार जमाउन सक्तैनथे । तात्कालिक समाजमा विद्यमान प्रचलनमा भाउवेसाको दृष्टिले कमारीको मूल्य महँगो पर्दथ्यो । तैपनि कमारीहरू मन्दिरमा लगी चढाइदिएको घटनाले दासप्रथाको विरोधको सङ्केत समाजमा देखापर्दै गइरहेको देखिन्छ । त्यसरी मन्दिरमा चढाएपछि खाने-बस्ने व्यवस्था कसले गर्दथ्यो भन्ने कुराको जवाफ दिने आधार भने प्राप्त छैनन् । लिच्छविकालमा चाहिँ मन्दिरका देवदास-देवदासीलाई खान्गी हुन्थ्यो ।[८२] यो कुरा मन्दिरविशेषमा पनि भरपर्ने कुरा हो । पशुपतिमा तात्कालिक अवस्थामा आए-गएका साधु, सन्त, त्यागी, महात्माहरूलाई तथा घरवार नहुने गरीब-निमुखाहरूलाई भोजनको व्यवस्था गर्ने काममा सदाबर्तको माध्यमबाट सेवा पुऱ्याउन विभिन्न सदाबर्तगूठीहरू भएकाले तिनैमार्फत सम्भवतः खाने प्रबन्ध हुन्थ्यो । बस्नको लागि पाटी-धर्मशाला छँदै थिए ।

६.२ पशुपतिप्रतिको सम्मान एवं समर्पणभाव

नेपाली समाजमा प्रामाणिक इतिहासको प्रारम्भभन्दा निकै अगाडिदेखि नै भने जसो पशुपतिको महत्त्वलाई अङ्गीकार गरिसकिएको थियो । यसको मुख्य कारण वैष्णव, बौद्ध मतको साथसाथै शैव धर्मको ख्याति समाजमा अत्यन्त विकसित भइसकेको हुनाले हो । शैव धर्मको व्यापक प्रतिष्ठाको कारण राजा एवं प्रजाद्वारा शिवलिङ्गहरू स्थापना गरेका त्यतिखेरका प्रशस्त विवरणहरू पाइन्छन् । कसै-कसैले पशुपतिको प्रख्याति अंशुवर्माको समयदेखि मात्र भएको मान्छन् । तर त्यो ठीक होइन । यति निश्चय हो कि लिच्छविकालका राजा अंशुवर्माको समयदेखि पशुपतिप्रति विशेष राजकीय सम्मान देखाएका उल्लेखहरू पाइन्छन् । त्यसपछि पशुपतिप्रति राष्ट्रले चासो देखाउनुपर्ने वातावरण दिनानुदिन बढ्दै गएको छ । यद्यपि लिच्छविकाल वा त्यसभन्दा अगाडि पशुपतिनाथको

---

७८ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *शाहकालका अभिलेख*, पहिलो भाग, (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), ११४ पृष्ठ।

७९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५६ सङ्ख्या।

८० धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, पूर्ववत्, पादटिप्पणी ७८ सङ्ख्या, ४२७ पृष्ठ।

८१ धनवज्र वज्राचार्य, पूर्ववत्, पादटिप्पणी १ सङ्ख्या, ४८८ पृष्ठ।

८२ *ऐजन*, ४२८ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महत्त्वलाई स्पष्टसँग देखाउने अभिलेखीय प्रमाणहरू कमै मात्र पाइएका छन्, त्यसो भए तापनि पशुपतिनाथमन्दिरवरपर स्थापित शिवलिङ्ग, मूर्ति एवं अन्य कीर्तिहरूबाट पशुपतिनाथको तात्कालिक महत्त्वलाई बुझ्न प्रशस्त सघाउ पुऱ्याउँछ । पशुपतिको समाजमा रहेको महत्त्वकै कारण हो कि लिच्छविकालदेखिका राजाहरूले पशुपतिप्रति सम्मान देखाउने नियतले आफ्नो प्रशस्तिमा पशुपतिको भक्ति झल्काउने उपाधि लिने क्रमको प्रारम्भ गरे । सबभन्दा पहिले अंशुवर्माले संवत् २९ (वि.सं. ६६३) को बुङ्मतीको अभिलेखमा, 'पशुपतिभट्टारकपादानुध्यात' अर्थात् पशुपतिनाथको पाउको अनुग्रह पाएको भन्ने विशेषण आफ्नो प्रशस्तिमा राखे ।[८३] संवत् ३० (वि.सं. ६६४) को हाँडिगाउँ,[८४] संवत् ३१ (वि.सं. ६६४) को भेटुवाल,[८५] टिस्टुङ,[८६] संवत् ३२ (वि.सं. ६६६) को हाँडिगाउँ,[८७] संवत ३२ (वि.सं. ६६६) को साँगा,[८८] संवत् ३४ (वि.सं. ६६७) को पाटन सुन्धारा,[८९] पाटन नबहिल,[९०] संवत् ३७ (वि.सं. ६७०) को तौखेल,[९१] वटु,[९२] नक्साल भन्सारहिटी,[९३] संवत् ३९ (वि.सं. ६७३) को देवपाटन,[९४] किँसिपिँडी,[९५] गोकर्ण[९६] आदिका अभिलेखहरूमा पनि अंशुवर्माले आफ्नो नाममा उक्त विशेषण राखेका छन् । त्यसपछि त्यो चलन परम्परा नै बन्न पुग्यो । अंशुवर्मापछि राज्य गर्ने लिच्छवि राजा उदयदेवले पनि उक्त विशेषण आफ्नो प्रशस्तिमा राख्न रुचाए ।[९७] उनीपछिका लिच्छवि राजाहरू ध्रुवदेव र भीमार्जुनदेवबाहेक नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीयहरूले पनि त्यस परम्परालाई पछ्याए । ध्रुवदेव र भीमार्जुनदेवले पूर्ववर्ती राजा उदयदेवले लिए जस्तो पशुपतिबोधक उपाधि नलिनुमा राजनैतिक कारण रहेको हुनुपर्छ । एक त त्यस विशेषणको सूत्रपात महासामन्त अंशुवर्माले गरेको, अर्को त्यस चलनलाई लिच्छवि राजा उदयदेवले पनि स्वीकारेको तथा उदयदेवलाई ध्रुवदेवले राज्यच्युत गरेको कारण उनले अँगालेको परम्परालाई इन्कार गरेको देखिन्छ । शैव धर्म वा पशुपतिप्रति अनास्था भएर त्यसो गरेको नभई उदयदेवसँगको व्यक्तिगत मनमुटावले नै त्यसो गरेको हुनु सम्भव छ । किनभने शैव धर्मबोधक बसाहा ध्रुवदेवको शिलालेखहरूमा कुँदिएकोबाट पनि त्यस कुराको केही सङ्केत मिल्दछ ।[९८] तर जिष्णुगुप्त, विष्णुगुप्त आदि उनीहरूका समकालिक सामन्तहरूले भने अंशुवर्माले प्रारम्भ गरी लिएको 'पशुपतिभट्टारकपादानुगृहित' भन्ने विशेषण आफ्नो प्रशस्तिमा राखे । यो कुरा जिष्णुगुप्तको संवत् ४८ (वि.सं. ६८१) को छिन्नमस्ता,[९९] संवत् ४९ (वि.सं. ६८२) को मालटार,[१००]

---

८३ ऐजन, २९० पृष्ठ।
८४ ऐजन, ३०१ पृष्ठ।
८५ ऐजन, ३०९ पृष्ठ।
८६ ऐजन, ३११ पृष्ठ।
८७ ऐजन, ३२० पृष्ठ।
८८ ऐजन, ३३६ पृष्ठ।
८९ ऐजन, ३३९ पृष्ठ।
९० ऐजन, ३४५ पृष्ठ।
९१ ऐजन, ३४८ पृष्ठ।
९२ ऐजन, ३५१ पृष्ठ।
९३ ऐजन, ३५४ पृष्ठ।
९४ ऐजन, ३५७ पृष्ठ।
९५ ऐजन, ३६४ पृष्ठ।
९६ ऐजन, ३७० पृष्ठ।
९७ ऐजन, ३९८ पृष्ठ।
९८ ऐजन, ४१४ पृष्ठ।
९९ ऐजन, ४०१ पृष्ठ।
१०० ऐजन, ४०५ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीननारायण,[१०१] आदेश्वर,[१०२] केवलपुर,[१०३] संवत् ५५ (वि.सं. ६८९) को बलम्बु,[१०४] यङ्गालहिटी,[१०५] संवत् ५७ (वि.सं. ६९०) को थानकोट,[१०६] संवत् ६४ (वि.सं. ६९७) को यङ्गालहिटी,[१०७] का अभिलेखमा उक्त विशेषणको प्रयोग भएकोबाट बुझिन्छ । त्यस्तै विष्णुगुप्तको संवत् ६५ (वि.सं. ६९८) को भृङ्गारेश्वरको अभिलेखमा उनले त्यही विशेषण आफ्नो नामको अगाडि राखेका छन् ।[१०८] त्यसपछिका लिच्छवि राजाहरूले भने निर्बाध रूपबाट आफ्नो नाममा गौरवसाथ उक्त विशेषण प्रयोग गरे । सामन्तहरूले प्रयोग गरेको विशेषण भन्ने भावना अब रहेन । नरेन्द्रदेवले शुरूदेखि नै उक्त विशेषण लिए । उनको संवत् ६७ (वि.सं. ७००) को भन्सारचोक,[१०९] एवं यङ्गालहिटी,[११०] संवत् ६९ (वि.सं. ७०३) को देवपाटन पाँचुटोल,[१११] संवत् ७१ (वि.सं. ७०४) को देवपाटन कसाईंटोल,[११२] संवत् ८३ (वि.सं. ७१७) को ललितपुर गैह्रीधारा,[११३] अनन्तलिङ्गेश्वर,[११४] संवत् १०३ (वि.सं. ७३७) को यागबहाल[११५] र वज्रघर[११६] का अभिलेखहरूमा सगौरव आफूलाई भगवान् पशुपतिनाथको अनुग्रह पाएका भनी कुँदाएका छन् । उनीपछि राजा हुने शिवदेव द्वितीय तथा जयदेव द्वितीयले पनि त्यस परम्परालाई कायम राखे । संवत् ११९ (वि.सं. ७५२) को लगनटोल,[११७] संवत् १२१ (वि.सं. ७५५) को भृङ्गारेश्वर,[११८] संवत् १२९ (वि.सं. ७६२) को बलम्बुको शिवदेव द्वितीयको अभिलेखहरू[११९] एवं गोरखाको जयदेव द्वितीयको अभिलेखमा[१२०] पनि उक्त विशेषणको प्रयोग उनीहरूले आफ्नो नामअगाडि गरेका छन् ।

नेपालमा प्राचीन कालदेखि अनेकौं मन्दिरहरू रहेका छन् र तिनीहरूमध्ये केही मन्दिरहरूको समाजमा सम्मानित स्थान छ । त्यसमा पनि पशुपतिनाथको अनुग्रहबाट राज्यश्री कायम रहेको वा रहन सक्ने धारणा लिच्छविकालदेखि समाजमा प्रसिद्धि हुँदै गयो । कुन घटना र धारणाले त्यस भावनाको अभिवृद्धिमा सघाउ पुऱ्यायो त्यो अज्ञात छ । कुनै घटना नभईकन त्यसो हुनु सम्भव छैन । लिच्छविकालको यससँग सम्बद्ध घटनाको अनुशीलन गर्दा

---

१०१ ऐजन, ४०७ पृष्ठ ।
१०२ ऐजन, ४११ पृष्ठ ।
१०३ ऐजन, ४१५ पृष्ठ ।
१०४ ऐजन, ४१९ पृष्ठ ।
१०५ ऐजन, ४२३ पृष्ठ ।
१०६ ऐजन, ४३३ पृष्ठ ।
१०७ ऐजन, ४४२ पृष्ठ ।
१०८ ऐजन, ४४८ पृष्ठ ।
१०९ ऐजन, ४५८ पृष्ठ ।
११० ऐजन, ४६३ पृष्ठ ।
१११ ऐजन, ४७२ पृष्ठ ।
११२ ऐजन, ४७४ पृष्ठ ।
११३ ऐजन, ४८१ पृष्ठ ।
११४ ऐजन, ४८५ पृष्ठ ।
११५ ऐजन, ४९६ पृष्ठ ।
११६ ऐजन, ४९९ पृष्ठ ।
११७ ऐजन, ५१५ पृष्ठ ।
११८ ऐजन, ५१९ पृष्ठ ।
११९ ऐजन, ५३० पृष्ठ ।
१२० ऐजन, ५७८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस विशेषणलाई व्यवहारमा ल्याउने राजा अंशुवर्मा पशुपतिका भक्त थिए भन्ने देखिएको छ । उनी सामान्य सामन्तबाट राजासम्म बन्न पुगेका थिए । पाटन भीमसेनस्थानको संवत् ५१६ (वि.सं. ६५२) वैशाखसम्मको अभिलेखमा[१२१] 'श्रीसामन्त' मात्र भनी उल्लेख भएकोमा त्यसको एक महीनापछिको संवत् ५१६ (वि.सं. ६५२) ज्येष्ठको भक्तपुर गोलमाढीटोलको अभिलेखमा उनको पद 'श्रीमहासामन्त' भयो ।[१२२] यसरी छिटो पदोन्नति हुनुमा उनी आफूलाई सम्भवतः पशुपतिको अनुग्रहको कारण मान्दथे । त्यसैले हो अंशुवर्माले पशुपतिको वासस्थानको नामले आफ्नो दरबारको नाम 'कैलाशकूटभवन' राखे ।[१२३] साथै अंशुवर्मा एक्लैले शासन गर्न थालेपछिका अधिकांश अभिलेखहरूमा पशुपतिप्रति भक्ति जनाउने विशेषण नै आफ्नो नामको अगाडि शिलालेखहरूमा राख्न प्रारम्भ गरे । महासामन्तबाट राजासम्म हुन पाउनु तात्कालिक इतिहासलाई हेर्दा कम महत्त्वपूर्ण घटना होइन । पछि गएर यो उनीपछिका उत्तराधिकारीहरूका लागि पनि अनुकरणीय प्रेरणा बन्न पुग्यो ।

लिच्छवि राजा जयदेव द्वितीयदेखि शिलालेखहरूको अभाव हुँदै गयो । सम्भवतः शिलालेखभन्दा उनीहरूले ताम्रपत्र र स्वर्णपत्रलाई ग्राह्यता दिन थाले । फलतः त्यस्ता वस्तुहरू शिलालेखभन्दा भिन्न व्यक्तिविशेषहरूका अधिकारमा रहँदा तिनको ऐतिहासिक महत्त्वभन्दा धातुको महत्त्व बढी सम्झन पुगेकाले तिनीहरूलाई गाली इच्छानुसारको भाँडाकुँडा आदि सरसामग्रीहरू बन्न थाले । यही कारण हो जसले गर्दा मूर्तिका पादपीठमा भएका अभिलेखहरूबाहेक राजाद्वारा स्थापित वा प्रसारित शासनपट्टहरू जयस्थिति मल्लभन्दा अगाडिका पाइँदैनन् । त्यस अवधिमा स्थापित शैव मतसँग सम्बन्धित मूर्तिहरूबाट तात्कालिक अवस्थामा शैव मतको प्रसिद्धि अघिल्लो कालमा झैँ अनुकूल रहेको बुझिन्छ । तर जहाँसम्म राजाका प्रशस्तिमा पशुपतिप्रतिको श्रद्धा र सम्मान दर्शाउने विशेषण लिने अंशुवर्माद्वारा चलाइएको परम्पराको कुरा छ, त्यसबारेमा बोल्ने आधार थोरै छन् । मल्लकालका पहिलो राजा अरिमल्ल (वि.सं. १२५७-१२७३ आ.) ले प्राचीन परम्परालाई नवीन रूपमा अवलम्बन गरे । उनले आफ्नो प्रशस्तिमा 'श्रीनेपालराजाधिराज परमेश्वर परममाहेश्वर पशुपतिभट्टारकस्य' भन्ने विशेषण लगाएका थिए भन्ने कुरा ने.सं. ३२१ (वि.सं. १२५७) पौषमा लेखिएको *वृत्तसारसङ्ग्रहधर्मपुत्रिका* भन्ने हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ ।[१२४] जयस्थिति मल्लले पनि आफूलाई पशुपतिको भक्तको रूपमा शिलालेखहरूमा उल्लेख गरेका छन् । ने.सं. ५०६ (वि.सं. १४४२) चैत्रमा लेखिएको *अमरकोश*मा जयस्थिति मल्ललाई 'राजाधिराजपरममहेश्वर परमभट्टारक श्रीश्रीपशुपति - चरणारविन्दसेवित श्रीमानेश्वरीवरलब्धप्रताप ...' भन्ने प्रशस्ति दिइएको छ ।[१२५] त्यसको दुइ वर्षपछिको ने.सं. ५०८ (वि.सं. १४४५) मङ्सिरको जयवागीश्वरीको सुन्धाराको अभिलेखमा उनले आफूलाई 'श्रीश्री- पशुपतिपादपंकेरुहमधुलिट् ...' अर्थात् श्रीश्रीपशुपतिनाथका चरणकमलका भ्रमरा भनी उल्लेख गराएका छन् ।[१२६] लिच्छविकालका राजाहरूले 'पशुपतिभट्टारकपादानुगृहित' अर्थात्, भगवान् पशुपतिनाथको चरणको धूलोले सुहाएको भन्ने भाव दर्शाउने उपाधि लिए

---

१२१ ऐजन, २४४ पृष्ठ ।

१२२ ऐजन, २४९ पृष्ठ ।

१२३ गोविन्द टण्डन, "कैलासकूट भवन: एक अध्ययन" *नेप्लीज कल्चर*, १ वर्ष, १ अङ्क, (वि.सं. २३६), १२-१४ पृष्ठ ।

१२४ Luciano Petech, *op.cit.*, foot note no. 21 (ख), p. 80.

१२५ C. Bendall, *Catalaoge of the Buddhist Sanskrit Manuscripts in the University Library Cambridge*, (Cambridge: 1883), pp. 187-188 मा यसको मिति ने.सं. ५०९ भनी छपाएका छन् । तर पेटेकले आफ्नो ग्रन्थ *Mediaeval History of Nepal* को १३९ पृष्ठमा ने.सं. ५०६ मानी उल्लेख गरेका छन् ।

१२६ (क) योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ८ अङ्क, (वि.सं. २०१०), ४६-४८ पृष्ठ ।

(ख) D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), pp. 27-29.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भैं जसनावसु (?) पण्डितले ने.सं. ५२८ (वि.सं.१४६४) माघमा चाँगुनारायणमन्दिरमा स्वर्णप्रतिमायुक्त ढोका बनाई प्रतिष्ठा गर्दा जयस्थिति मल्ललाई "श्रीपशुपतिभट्टारकपादानुगृहित..." भनी विरुदावलीसहित उल्लेख गरेको पाइन्छ।[१२७]

पशुपतिप्रति श्रद्धा-भक्ति दर्शाउने अरू किसिमका विरुदावलीहरू पनि जयस्थिति मल्लले लिएको पाइन्छ। भैरवानन्द नाटकमा जयस्थिति मल्ललाई 'भगवत्पशुपतिचरणकमलोपचारचतुरेण........' अर्थात् भगवान् पशुपतिको चरणकमलको सेवा गर्न सिपालु भनिएको छ।[१२८] जयस्थिति मल्लका छोराहरू धर्ममल्ल र ज्योतिर्मल्ल पनि पशुपतिप्रति श्रद्धा-भक्ति राख्थे। यद्यपि उनीहरूले आफूलाई 'मानेश्वरीवरलब्धप्रसादित' अर्थात् मानेश्वरीबाट वरप्रसाद पाएको भनी पनि लेखाएका छन्। ज्योतिर्मल्ल आफूलाई दैत्यनारायणको अवतार सम्झन्थे[१२९] भने धर्म मल्ल आफूलाई वीरनारायणको अवतार सम्झन्थे।[१३०] ने.सं. ५२१ (वि.सं. १४५८) वैशाखमा सारिएको *दुर्गासप्तशती*मा धर्म मल्लको प्रशस्ति दिँदा '........श्रीश्रीपशुपतिचरणकमलसेवित श्रीश्रीश्रीमानेश्वरीष्टदेवतावरलब्धप्रसाद....' अर्थात् पशुपतिको चरणको सेवा गर्ने इष्टदेवी मानेश्वरीको वरप्रसाद पाएका भनी लेखिएको छ।[१३१] ने.सं. ५४७ (वि.सं. १४८४) ज्येष्ठको पाटन इहाबहीको ताम्रपत्रमा पनि उनलाई त्यही प्रशस्ति दिइएको छ।[१३२] उनको ने.सं. ५३३ (वि.सं. १४६९) माघको पशुपतिमा सुवर्णकलश स्थापना गरी राखेको अभिलेखमा 'श्रीपशुपतिचरणकमल धूलिधूसरितशिरोरुह श्रीमन्मानेश्वरीवरलब्ध प्रशादित...' अर्थात् श्रीपशुपतिका चरणकमलका धूलाले कपाल फुस्रो भएका, इष्टदेवता श्रीमानेश्वरीबाट वरप्रसाद पाएका भनी ज्योतिर्मल्लले लेखाएका छन्।[१३३] पछिल्ला मल्ल राजाहरूमा यो प्रशस्ति अत्यन्त प्रसिद्ध भयो। के काठमाडौं! के ललितपुर! के भक्तपुर! तीनै राज्यका अधिकांश मल्ल राजाहरूले नामअगाडि प्रशस्ति राख्दा यो विशेषणलाई छोडेनन्। ने.सं ५४३ (वि.सं. १४८०) आषाढको काष्ठमण्डपमा भएको ताम्रपत्राभिलेखमा ज्योतिर्मल्ललाई अझ विशेष किसिमको प्रशस्तिसहित उल्लेख गरिएको छ। त्यहाँ उनको प्रशस्ति 'श्रीश्रीश्रीपशुपतिभट्टारकस्य पादपंकजपराग बहुलकीर्तिः तस्य पादपद्मोपजीविनः रघुवंशावतार.... श्रीमानेश्वरीवरलब्ध प्रसादविराजमान...' अर्थात् मानेश्वरीबाट प्रसादस्वरूप वर प्राप्त गरेका भन्ने छ।[१३४] त्यसभन्दा अगाडि पशुपतिको ने.सं. ५३६ (वि.सं. १४७२) माघको उनको आफ्नो अभिलेखमा 'श्रीमतःपशुपतेश्चरणानुभक्तिः मानेश्वरीसमुपलब्धवरप्रसादश्रीराजनीति गुणनायक शास्त्रसिन्धुः' अर्थात् भगवान् पशुपतिको चरणको भक्त, मानेश्वरीबाट वर प्रसाद पाएका राजनीतिका ज्ञाता भनी लेखाएका छन्।[१३५] त्यस्तै उनका छोरा यक्ष मल्ल (वि.सं. १४८५-१५३९ आ.) पनि पशुपतिप्रति श्रद्धाभक्ति राख्ने व्यक्ति थिए। एक त उनले आफ्नी आमा संसारदेवीको

---

१२७ मोहनप्रसाद खनाल, *चाँगुनारायणको ऐतिहासिक सामग्री,* (कीर्तिपुर:नेपाल र एशियाली अनुसन्धान केन्द्र,वि.सं. २०४०), १६७ पृष्ठ।

१२८ महेशराज पन्त, *"चाडबाडमा खेलाइएका नेपालमा बनाइएका केही संस्कृत नाटक"*, पूर्णिमा, ९ वर्ष, ४ अङ्क, (वि.सं. २०३४ आषाढ), २९९ पृष्ठ।

१२९
(क) *वृहत्सूचीपत्रम्,* तन्त्रविषयकः चतुर्थो भागः (काष्ठमण्डपः वीरपुस्तकालय, वि.सं. २०२०), २३ पृष्ठ।
(ख) Luciano Petech, *op.cit.*, foot note no. 21 (ख), p. 164.
(ग) Hemaraj Shakya, *T.R. Vaidya, (Ed.) Medieval Nepal*, (Colophones and Inscriptions) (Kathmandu: T.R. Vaidya, 1970 A.D.), p. 70.

१३०
(क) D.R Regmi, *Medieval Nepal,* Part 1, (Calcutta: Firma K.L. Mukhopadhay, 1965 A.D.), p. 374.
(ख) Luciano Petech, *op.cit.*, foot note no. 21 (ख), p. 148.

१३१ ऐजन।

१३२ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p. 56.

१३३
(क) योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश,* १ वर्ष, १०-१२ अङ्क, (वि.सं. २०१०), ६९-७१ पृष्ठ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), pp. 47-50.
(ग) शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी, २६ (ख) सङ्ख्या, ६ पृष्ठ।

१३४ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), pp. 54-55.

१३५ शङ्करमान राजवंशी (सम्पा.) *पूर्ववत्,* पादटिप्पणी २६ (ख) सङ्ख्या, ४४ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुण्यकामनाको हेतुले भाइ जीव मल्लसहित भई पशुपतिमा पूजाआजा गर्ने कामको लागि गूठी नै राखिदिएका थिए ।[१३६] अर्को उनका विरुदावलीहरूबाट पनि त्यस कुराको राम्रो सङ्केत मिल्दछ । ठिमीको महादेवमन्दिरको ने.सं ५६१ (वि.सं. १४९७) फाल्गुनको अभिलेखमा उनलाई 'श्रीश्रीश्रीपशुपतिचरणारविन्दसेवापरायण श्रीमन्मानेश्वरीदेवी-वरलब्ध' अर्थात् श्रीश्रीश्रीपशुपतिको चरणको सेवा गर्ने श्रीमानेश्वरीको वर पाएका भनिएको छ ।[१३७] ने.सं. ५६१ (वि.सं. १४९८) ज्येष्ठको तौमढीटोल भक्तपुरको उनको अभिलेखमा 'श्रीभगवत: श्रीश्रीपशुपते: पादपंकजरेणुरञ्जितो पादपीठवरलब्धप्रसादसंभूतप्रभूत' अर्थात् भगवान् श्रीश्रीपशुपतिको चरणकमलको धूलोद्वारा रञ्जित पादपीठको प्रशस्त प्रसाद प्राप्त गरेका भनिएको छ ।[१३८] यक्ष मल्ललाई *चतुरङ्गमहाभारत नाटक*मा 'श्रीश्रीपशुपतिपराग धुलीपरिरञ्जितोत्तमाङ्गस्य श्रीश्रीमानेश्वरीलब्ध वरानुमोदितस्य' अर्थात् श्रीश्रीपशुपतिको पाउको धूलोले टाउको रङ्गिएका श्रीश्रीमानेश्वरीबाट पाएको वरले अनुमोदन गरिएका भन्ने भावको उपाधिद्वारा उनको चर्चा गरिएको छ । त्यसै नाटकको अर्को ठाउँमा 'श्रीमच्छ्रीश्रीपशुपतिपादारविन्दसेवितस्य श्रीश्रीमानेश्वरीपादार्च्चन-परिवर्द्धमानराजश्रिय:' अर्थात् श्रीश्रीश्रीपशुपतिको चरणकमलको सेवा गरेका श्रीश्रीमानेश्वरीको पाउको पूजा गर्नाले राज्यको ऐश्वर्य बढेको भनिएको छ ।[१३९] यक्ष मल्लको मृत्युपश्चात् जब उनका छोराहरूले केही समयसम्म संयुक्त रूपमा राज्य गर्न थाले त्यस वेला उनीहरूले पशुपतिलाई परम्परादेखि दर्शाई आएको आदर सम्मानलाई कायम नै राखे । ने.सं. ६३५ (वि.सं. १५७१) फाल्गुनको कीर्तिपुरको अभिलेखमा रत्न मल्ल, रण मल्ल, राम मल्ललाई दिइएको संयुक्त प्रशस्तिमा 'श्रीमत्पशुपतिचरणकमलसेवित श्रीश्रीमानेश्वरीवरलब्धप्रसादित परमभट्टारक परमेश्वर महाराजाधिराज...' अर्थात् भगवान् पशुपतिनाथको चरणको सेवा गर्ने, मानेश्वरीको वरप्रसाद पाएको परमभट्टारक परमेश्वर महाराजाधिराज भनी उल्लेख गरिएको छ ।[१४०] रत्न मल्लको समयमा उनकी छोरी विरमादेवीको विवाहमा वि.सं. १५४४ मा खेलाइएको 'रामायण' नाटकमा रत्न मल्ललाई 'सांद्रानंदा विरताभिवन्द्यमान श्रीश्रीश्रीपशुपतिचरण सारसकिंजल्क परागपिञ्जरितमस्तकस्य श्रीमानेश्वरी वरलब्धप्रभावसंमदविराजितस्य' अर्थात्, अत्यन्त आनन्द मानी लगातार ढोगिएको श्रीश्रीपशुपतिको चरणकमलको केशरको धूलाले टाउको पहेँलिएका श्रीमानेश्वरीको वरद्वारा पाएको प्रभावको आनन्दले सुहाएका भनी भगवान् पशुपतिप्रति रहेको उनको भक्तिलाई दर्शाइएको छ ।[१४१] सोही नाटकमा रत्न मल्लका भाइ अरि मल्ललाई 'मदनकलेवरभंजनचरणावंदितमौलिविराजिता श्रीअरिमलदेव' अर्थात् पशुपतिको पाउमा नुहाइएको श्रीपेचले सुहाएका श्रीअरिमल्लदेव भनिएको छ ।[१४२] रत्न मल्लका छोरा सूर्य मल्ल (वि.सं. १५७७-१५८७ आ.) को समयमा सारिएको ने.सं. ६४७ (वि.सं. १५८४) आषाढको *कामन्दकीयनीतिसार*मा सूर्यमल्ललाई 'श्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितोत्तमाङ्ग श्रीमनमानेश्वरीष्टदेवता समाराधनतत्परलब्धोदय...' अर्थात्, श्रीश्रीपशुपतिको चरणकमलको धूलोले धूसरित इष्टदेवता श्रीमनमानेश्वरीको आराधनामा तत्पर भई त्यसद्वारा उदय प्राप्त गरेका भनिएकोले उनी पनि पशुपतिका अनन्य भक्त देखिन्छन् ।[१४३] उनका नाति नरेन्द्रदेव पनि त्यही परम्परालाई मान्नेवाला थिए भन्ने ने.सं. ६६५ (वि.सं. १६०२) को जयवागीश्वरीमन्दिरनिरको पाटीमा भएको

---

१३६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३ सङ्ख्या ।

१३७ (क) D.R. Regmi, *op.cit.*, foot note no.29 (ख), p. 61.
(ख) शङ्करमान राजवंशी (सम्पा.), *भक्तपुरशिलालेखसूची,* (काठमाडौं: वीर पुस्तकालय, वि.सं. २०२०), ६-७ पृष्ठ ।

१३८ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p. 64.

१३९ महेशराज पन्त, *पूर्ववत्*, पादटिप्पणी १२८ सङ्ख्या, ३०१ पृष्ठ ।

१४० D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p. 102.

१४१ महेशराज पन्त, "रत्न मल्लको पालामा लेखिएको रामायण नाटकको ऐतिहासिक सार", *पूर्णिमा*, ९ वर्ष, ४ अङ्क, (वि.सं. २०३४ आषाढ), २८४ पृष्ठ ।

१४२ *ऐजन*, २८८ पृष्ठ ।

१४३ D.R. Regmi, *op.cit.*, foot note no. 35, pp. 36-37.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलेखमा 'श्रीश्रीपशुपतिचरणकमलधूलिधूसरित श्रीश्रीमन्मानेश्वरीवरलब्धप्रसादित' भनी उनलाई भनेबाट बुझिन्छ ।[१४४] आफ्नो नामअगाडि ज्योतिर्मल्लले सबभन्दा पहिले प्रयोग गरेको यो प्रशस्ति मल्ल राजाहरूमा प्रसिद्ध भयो । भक्तपुरका राजा जगज्ज्योतिर्मल्ल, जितामित्र मल्ल,[१४५] भूपतीन्द्र मल्ल,[१४६] रणजित् मल्ल[१४७] आदि राजाहरूले पनि आफ्नो प्रशस्तिमा उक्त विशेषणहरू राखे । जितामित्र मल्लले ने.सं. ७९८ (वि.सं. १७३५) आषाढको भक्तपुर दरबारक्षेत्रको अभिलेखमा 'श्रीश्रीश्रीपशुपतिपादपंकेरुहनिमग्नमधुकर श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धित...' भनी लेखाएका छन् ।[१४८] त्यस्तै पाटनका सिद्धिनरसिंह मल्ल,[१४९] योगनरेन्द्र मल्ल[१५०] र विष्णु मल्ल[१५१] का प्रशस्तिमा पनि उक्त विशेषणको प्रयोग भएको देखिनाले यद्यपि भगवान् पशुपतिनाथको मन्दिर काठमाडौँराज्यअन्तर्गत पर्दथ्यो तर त्यसो भए तापनि भक्तपुर र पाटनका मल्ल राजाहरूले आपसी द्वेष, मनमुटाव र राज्यको सीमालाई बिर्सेर समानरूपबाट पशुपतिलाई आदरभाव गरेको उदाहरणहरूले तात्कालिक समाजमा पशुपतिनाथको महत्त्वलाई राम्ररी स्पष्ट पार्दछ । पाटनका राजा श्रीनिवास मल्लले ने.सं. ७९६ (वि.सं. १७३२) कार्तिकको बुङ्मतीको अभिलेखमा पहिलो पटक 'श्रीलोकनाथचरणकमलधूलिधूसरितशिरोरुह श्रीमन्मानेश्वरीष्टदेवता वरलब्धप्रसादित देदीप्यमानमानोन्नत' भन्ने नयाँ विशेषण प्रयोग गरी लोकनाथ अर्थात् मच्छेन्द्रनाथप्रति आदरभाव दर्शाएका छन् ।[१५२] जहाँसम्म काठमाडौँका मल्ल राजाहरूको कुरा छ, लक्ष्मीनरसिंह मल्ल,[१५३] पार्थिवेन्द्र मल्ल,[१५४] भूपालेन्द्र मल्ल,[१५५] भास्कर मल्ल,[१५६] जगज्जय

---

१४४ (क) D. R. Regmi, *Medieval Nepal,* Part IV, (Patna: D. R. Regmi, 1966 A.D.), p. 6.
(ख) शङ्करमान राजवंशी, *पूर्ववत्,* पादटिप्पणी १३७ (ख) सङ्ख्या, १५ पृष्ठ ।

१४५ (क) रामजी तेवारी, धनवज्र वज्राचार्य आदि (सम्पा.), *अभिलेखसङ्ग्रह,* सातौँ भाग, (काठमाडौँ: संशोधन-मण्डल, वि.सं. २०१९), २८ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), pp. 244-265.
(ग) शङ्करमान राजवंशी, *पूर्ववत्,* पादटिप्पणी १३७ (ख) सङ्ख्या, २० पृष्ठ ।

१४६ (क) नयनाथ पौडेल (सम्पा.), *अभिलेखसङ्ग्रह,* चौथो भाग, (काठमाडौँ: संशोधन-मण्डल, वि.सं. २०८), ७, १० पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), pp. 244, 265.

१४७ (क) रामजी तेवारी, धनवज्र वज्राचार्य आदि (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी १४५ (क) सङ्ख्या, ३३ पृष्ठ ।
(ख) रामजी तेवारी, धनवज्र वज्राचार्य आदि (सम्पा.), *अभिलेखसङ्ग्रह,* एघारौँ भाग, (काठमाडौँ: संशोधन-मण्डल, वि.सं. २०२०), १४-१५ पृष्ठ ।

१४८ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 198.

१४९ (क) रामजी तेवारी, धनवज्र वज्राचार्य, *अभिलेखसङ्ग्रह,* छैटौँ भाग, (काठमाडौँ: संशोधन-मण्डल, वि.सं. २०१९), १३ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 170.

१५० रामजी तेवारी, धनवज्र वज्राचार्य आदि (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी १४७ (ख) सङ्ख्या, ११ पृष्ठ ।

१५१ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 293.

१५२ *Ibid.*, p. 168.

१५३ *Ibid.*, pp. 65, 72.

१५४ *Ibid.*, p. 200.

१५५ *Ibid.*, p. 232.

१५६ (क) *Ibid.*, p. 250.
(ख) शङ्करमान राजवंशी (सम्पा.), *पुरातत्त्व-पत्र-सङ्ग्रह,* दोस्रो भाग, (काठमाडौँ: पुरातत्त्व र संस्कृति विभाग, वि.सं. २०१८), १ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्ल,[१५७] जयप्रकाश मल्ल,[१५८] राज्यप्रकाश मल्ल[१५९] हरूले पनि 'श्रीपशुपतिचरणकमलधूलिधूसरित- शिरोरुह श्रीमन्मानेश्वरीष्टबरलब्धप्रसाद ....' भन्ने प्रशस्ति आफ्नो नाममा प्रयोग गरेका थिए ।

त्यस्तै गरी ने.सं. ६८८ (वि.सं. १६०५) को नुवाकोटको गणेशमन्दिरमा देवदासले राखेको अभिलेखमा महेन्द्र मल्ललाई 'श्रीमच्छ्रीश्रीपशुपतित्यादिनरपतिवरचक्रचूडामणिरञ्जितचरण...' भनिएको छ ।[१६०] नुवाकोटकै गोपीदेव भारोले ने.सं ७९६ (वि.सं.१७३३) वैशाखमा स्थापना गरेको शिवमन्दिरको अभिलेखमा नृपेन्द्र मल्ललाई 'श्रीमत्पशुपतिचरनकमलधूलिधूसरितशिरोरुह श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदिप्यमान' भनी उल्लेख गरिएको छ ।[१६१] मल्लकालिक प्रसिद्ध राजा प्रताप मल्लको ने.सं. ७७५ (वि.सं. १७१२) आषाढको स्वयम्भू अनन्तपुरको अभिलेखमा 'श्रीश्रीश्रीपशुपतिपादपाथोज परागरागित श्रीमन्मानेश्वरीष्ट देवतावरलब्धप्रसाददेदिप्यमान रविकुल' भन्ने उपाधिको उल्लेख पाइन्छ ।[१६२]

श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरण प्रारम्भ गरेपछि उनले आफ्नो प्रशस्तिमा पूर्ववर्ती राजाहरूले जस्तो पशुपति र इष्टदेवताप्रति श्रद्धा, भक्ति दर्शाउने विशेषण आफ्नो नामअगाडि राख्ने गरेनन् । यद्यपि उनी पशुपतिका भक्त थिए । परम्परागत हिन्दूधर्मप्रति उनको अत्यन्त अनुराग पाइन्छ । त्यसो भए तापनि पशुपतिबोधक विशेषणहरू आफ्नो प्रशस्तिमा नराखी झण्डै ११६३ वर्षदेखि नेपालका राजाहरूले निरन्तर सम्मान देखाउँदै पशुपतिलाई आफ्नो प्रशस्तिमा दिइआएको स्थानलाई श्री ५ पृथ्वीनारायण शाहले नदिएको देख्दा, पशुपतिप्रति उनको आस्था त्यत्ति थिएन कि भन्ने शङ्का कसैले गर्न सक्छ । यसमा पृथ्वीनारायण शाह मूलतः गोर्खाका राजा भएका तथा गोर्खाका राजाहरूले परम्परागत आफ्नै प्रशस्ति चलाउँदै आएकोले काठमाडौंखाल्डोको विजयपश्चात् नयाँ प्रशस्ति राख्नुपर्ने जरुरत उनले देखेनन् । यसैकारणले गर्दा नै मल्लकाल वा त्यसभन्दा अगाडिका राजाहरूले आफ्नो प्रशस्तिमा पशुपतिलाई सम्मान दिए जस्तो दिन नसकेको देखिन्छ । काठमाडौं विजयपश्चात् नै उनले पशुपतिमा दर्शनपूजन गर्न जाने मानिसहरूलाई सजिलो होस् भन्नाको लागि धोबीखोलामा पुल बनाउने तथा पशुपतिलाई पञ्चामृतले स्नान गराउने गूठी राखिदिएको कुराको चर्चा गूठीको प्रसङ्गमा गरिसकियो । त्यस्तै गरी वि.सं. १८२६ चैत्रको वसन्तपुर दरबारको अभिलेखमा 'गुह्येश्वरी र पशुपतिका दुइ पाउका धूलाका प्रसादले नेपाल स्थिर भैरहोस्' भन्ने भावको लेख कुँदाएबाट उनको पशुपति र गुह्येश्वरीप्रतिको भक्ति थाहा हुन्छ ।[१६३] यसले पृथ्वीनारायण शाहको पशुपतिनाथमा श्रद्धाभक्ति कम थिएन भन्ने सङ्केत मिल्दछ । उनीपछि सबै शाहवंशीय राजाहरू त्यही बाटोको अनुसरण गर्दै अगाडि बढे । पशुपतिनाथको पूजाआजा जस्ता नित्यनैमित्तिक कार्यहरूलगायत यहाँको व्यवस्थापनको निमित्त उनका सन्ततिहरूले गूठी राखी व्यवस्था बाँधेका अनेकौं उल्लेखहरू पाइन्छन् । त्यस सम्बन्धमा यथास्थान चर्चा गरिसकिएकोले यहाँ दोहोऱ्याइरहनु आवश्यक छैन । पशुपतिनाथ र पशुपतिक्षेत्रको धार्मिक महत्त्वलाई उजागर पार्न त्यतिखेर गरिएका धार्मिक कृत्य र व्यवस्थापन पक्षको उल्लेख्य भूमिका रहेको छ । यसको कारण यहाँको धार्मिक महत्त्व र ऐतिहासिक अन्य कतिपय परम्पराहरूलाई कायम राख्ने काममा ठूलो सहयोग पुग्न गयो । श्री ५ महेन्द्रवीरविक्रम शाहको

---

१५७ (क) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), pp. 276, 277, 286, 287.
(ख) शङ्करमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १५६ (ख) सङ्ख्या, २ पृष्ठ ।

१५८ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), pp. 298, 299, 304, 305 etc.

१५९ *Ibid.*, p. 300.

१६० शङ्करमान राजवंशी (सम्पा.), *पुरातत्त्व-पत्र-सङ्ग्रह*, तेस्रो भाग, (काठमाडौं: वीर पुस्तकालय, वि.सं. २०२०), ६ पृष्ठ ।

१६१ *ऐजन*, ७ पृष्ठ ।

१६२ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 104.

१६३ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी ७८ सङ्ख्या, ९४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्यकालदेखि स्वदेशमा दिइने शाही सम्वोधनहरूको अन्त्यमा 'हामी सबैलाई भगवान् पशुपतिनाथले कल्याण गरून्' भन्ने जस्ता कामनाहरू प्रकट हुन थाले। यसको प्रारम्भ यसभन्दा अलि भिन्न रूपमा श्री ५ पृथ्वीनारायण शाहबाट भएको थियो भन्ने कुरा वसन्तपुरको माथि चर्चित अभिलेखबाट बुझिन्छ। वर्तमान राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव[१६४] एवं श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहका देशवासीका नाममा हुने[१६५] सन्देश एवं सम्बोधनहरूमा पनि पशुपतिप्रति श्रद्धा, भक्ति दर्शाउने उक्त भावको कामना अक्षुण्ण रूपमा प्रयोग हुँदै आएको कुरा उल्लेख्य छ। प्रजातन्त्र आउनुअगाडि श्री ३ महाराजका सलामीमा पशुपतिबाट प्रसादित भनी उल्लेख गर्ने गरेको पाइन्छ।[१६६]

यस प्रकार अविच्छिन्न रूपमा भगवान् पशुपतिनाथप्रति आदरभाव एवं प्रमुखता दिइएको उल्लेखनीय छ। अभिलेखहरूमा पाइएको विवरणलाई हेर्दा वास्तवमा ती ऐतिहासिक कालहरूमा भगवान् पशुपतिनाथलाई राष्ट्रदेवकै रूपमा आदर र सम्मान प्रदान गरिएको देखिन्छ। यसैको कारणले गर्दा समाजमा पशुपतिनाथको आदर, सम्मान र प्रतिष्ठा अत्यधिक रहन पुग्यो।

६.३ पशुपतिमा सन्धिपत्र, धर्मपत्र समर्पण गर्ने एवं वंशावली कुँदाई राख्ने चलन

भगवान् पशुपतिनाथको प्रसिद्धि र ख्याति प्राचीन कालदेखि नै नेपालमा थियो भन्ने कुराको उल्लेख माथि गरियो। उनी साक्षात् छन्, उनी देवाधिदेव महादेव हुन्, आशुतोष हुन्, परम कल्याणकारी छन् भन्ने लोकधारणाको कारण प्रत्येक ऐतिहासिक कालहरूमा यहाँ धार्मिक कृत्यहरू गरिएको एकातिर देखिन्छ भने अर्कोतिर राजाप्रजा सबैले समान रूपबाट आदर र सम्मान गरेको पाइन्छ। राजाहरूबीच गरिएका सन्धि, धर्मपत्र एवं आफ्नो वंशको 'वंशावली' त्यहाँ कुदाएर राखेको देखिनाले पनि उक्त कुरा अवगत हुन्छ। हिन्दूधर्मअन्तर्गत वैदिक मतमा मूर्ति, मठमन्दिर पूजनीय र आराध्यस्थल मानिन्छन्। त्यसैले मानिसहरूको आस्था मूर्ति, मठमन्दिरमा रहनु स्वाभाविक हो। विशेष पर्वउत्सव वा यसै पनि त्यस्ता साधनास्थलहरूमा श्रद्धाभक्तिले जाने चलन हिन्दूधर्ममा सामान्य छ। यातायात र सञ्चारका माध्यमहरू त्यत्ति विकसित नभएको वेलामा सवैको जानकारी होस् भन्ने उद्देश्य र त्यस्तो पवित्र स्थलमा सन्धिपत्र, धर्मपत्र, वंशावलीहरू अभिलेखको रूपमा राखिदिए सबैले हेर्ने, पढ्ने एवं त्यस्ता अभिलेखहरू दिगो रहनुका साथै भविष्यको लागि इतिहास अध्ययनको समेत सामग्री हुने हुँदा प्रसिद्ध मन्दिरहरूमा अभिलेखहरू राखिने प्रचलन एकताका निकै थियो। आफ्नो आस्था र विश्वासअनुसार कुनै धार्मिक अनुष्ठानहरू गरी वा कुनै कृतिहरू राखेको उपलक्ष्यमा शिलालेख, ताम्रपत्र, स्वर्णपत्र राख्ने चलन प्राय: सबै मठ-मन्दिर, स्तूप, विहार जस्ता धार्मिक स्थलमा पाइन्छन्। तर सन्धिपत्र, धर्मपत्र, वंशावली, स्तोत्रहरू कुँदाई राख्ने गरेकोचाहिँ प्रसिद्ध मन्दिरमा मात्र देखिन्छ।

पशुपतिनाथमा सबभन्दा पहिले आफ्नो 'वंशावली' एवं पशुपतिको 'स्तुति' लेखी राख्ने काम लिच्छवि राजा जयदेव द्वितीयले वि.सं. ७९० मा गरेका हुन्।[१६७] लिच्छविकालको इतिहासमा त्यस अभिलेखको महत्त्वपूर्ण स्थान छ। लिच्छविराजवंशको गौरवलाई अभिवृद्धि गर्न मदत पुऱ्याउने राजाहरूको त्यहाँ उनले चर्चा गरेका छन्। त्यस अभिलेखको माध्यमबाट मानदेव प्रथमभन्दा अगाडिका लिच्छवि राजाहरूको केही जानकारी पाइएको छ। त्यसको अतिरिक्त त्यस अभिलेखमा बुद्धकीर्ति र स्वयम् राजा जयदेव द्वितीयद्वारा रचित प्रौढ र प्राञ्जल पद्यहरू छन्। जयदेवका

---

१६४ *श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, भाषण र सन्देशहरू, खण्ड १-१७,* (काठमाडौं: सूचना विभाग, वि.सं. २०२८-२०४५)।

१६५ श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहबाट वि.सं. २०४३ आश्विन २ गते सामाजिक सेवा दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा बक्सेको भाषण।

१६६ पं. अम्बिकाप्रसाद उपाध्याय, *नेपालको इतिहास,* तेस्रो संस्करण, (पटना: राजेश्वर प्रसाद उपाध्याय, सन् १९४७),२७२ पृष्ठ।

१६७ धनवज्र वज्राचार्य, *पूर्ववत्,* पादटिप्पणी १ सङ्ख्या, ५४८-५६२ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद्यहरूमा पशुपतिको स्तुति गरिएको छ । त्यस अभिलेखको काव्य प्रसिद्ध कविहरू वाण र हर्षसँग टक्कर लिने खालको भएकोले नेपालमा त्यस वेला विद्वान् कविहरू भएको जानकारी दिएको छ । साथै पशुपतिस्थित त्यस अभिलेखले जयदेव द्वितीयलाई कविको रूपमा चिनाएको छ ।

पशुपतिनाथमन्दिरमा जयदेव द्वितीयले राखे जस्तो पौरखी पुर्खाहरूको विवरण राख्ने काम उनीपछि प्रताप मल्लभन्दा अगाडिसम्म हुन सकेन । प्रताप मल्लले ने.सं. ७७७ (वि.सं. १७१३) माघमा पशुपतिमा तुलादान गरी सुनको विमान (सिंहासनविशेष) चढाउँदा आफ्नो वंशावली लेखाएर राखेका थिए । उनले सूर्य भगवान्देखि आफ्नो वंशको शुरुवात गरी *पुराण*मा उल्लिखित दिलीप, रघु, दशरथ, रामचन्द्र आदिलाई पनि पुर्खौलीमा राखेका छन् ।[१६८] प्रताप मल्लले सबभन्दा पहिले ने.सं. ७६९ (वि.सं. १७०५) फाल्गुनमा आफ्नो पुर्खौली विवरण हनूमान्ढोकास्थित कृष्णमन्दिरमा राखेका थिए ।[१६९] प्रताप मल्लको अनुकरण गरेर पार्थिवेन्द्र मल्लले पनि ने.सं. ७९९ (वि.सं. १७३५) मार्गमा पशुपतिमा आफ्नो पुर्खाहरूको सङ्क्षिप्त विवरण राख्ने काम गरेका थिए ।[१७०] उनले आफूभन्दा ६ पुस्ता अगाडिदेखिको वंशावली दिएका छन् । प्रताप मल्ल र पार्थिवेन्द्र मल्लले शिवपरकस्तुति पनि कुँदाएर पशुपतिमा राखेका छन् । प्रताप मल्लले ने.सं. ७७५ (वि.सं. १७१२) मा 'महेशाष्टकस्तोत्र' रचना गरी प्रस्तरमा उत्कीर्ण गराई पशुपतिमा समर्पण गरेका थिए ।[१७१] उनले पशुपतिनाथबाहेक स्वयम्भू,[१७२] वासुकि,[१७३] आदि प्रसिद्ध मन्दिर तथा स्तूपमा पनि तत्-तत् देवताको स्तुति रचेर राखिदिएका थिए ।[१७४] पार्थिवेन्द्र मल्लले आफ्नो वंशावलीभन्दा माथि शिलालेखको प्रारम्भिक भागमा 'शङ्करप्रामाणिकाष्टक' लेखेर चढाएका थिए ।[१७५] लिच्छवि राजा जयदेव द्वितीयले प्रारम्भ गरेको बाटो मल्ल राजाहरूमा प्रताप मल्ल र पार्थिवेन्द्र मल्लले पहिल्याए । हुन त पशुपतिमा स्थापित उनीहरूभन्दा अगाडिका राजाहरूले राखेका शिलालेखहरूमा मङ्गलाचरणको रूपमा भगवान् शिवको स्तुति गरेको नपाइने होइन ।[१७६] शाहवंशीय राजाहरूमा पशुपतिनाथको स्तुति रचना गरी राख्ने श्री ५ महेन्द्रवीरविक्रम शाह भए । उनले पशुपतिनाथको दक्षिणपट्टि सुवर्णमय पूर्णकदका अञ्जलीमुद्राका आफ्नो र तात्कालिक श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहको प्रतिमा राखेको प्रस्तरस्तम्भमा नेपाली भाषामा बडो सुन्दर भक्तिपरक स्तुति उत्कीर्ण गराई राखेका छन् ।[१७७]

जुन वेला सत्य र इमान्दारी नै धर्म हो भन्ने धारणाले समाजमा प्रसिद्धि पाएको थियो, त्यस वेला राजाहरू बीचको सन्धि अविच्छिन्न रूपले कालान्तरसम्म रहिरहोस् भन्ने उद्देश्यले सन्धिका बेहोराहरू उत्कीर्ण गराई त्यस्ता सुवर्णपत्र तथा ताम्रपत्रहरू मन्दिरमा राख्ने चलन थियो । राजाहरूबीच गरिएको सन्धि नेपालमा वि.सं. १५१० भन्दा

---

१६८ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), pp. 114-120.

१६९ (क) Bhagvanlal Indraji, (Ed.), *Twenty-three Inscriptions from Nepal*, (Bombay: Education Society's Press, 1865 A.D.), p. 30.
(ख) योगी नरहरिनाथ (सम्पा.), संस्कृत-सन्देश, १ वर्ष, ३ अङ्क, (वि.सं. २०१० आषाढ), १-३ पृष्ठ ।
(ग) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), pp. 86-88.

१७० परिशिष्टभाग, अभिलेखखण्ड (क), ५० सङ्ख्या ।

१७१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३५ सङ्ख्या ।

१७२ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 101.

१७३ *Ibid.*, p. 89-90.

१७४ *Ibid.*, pp. 91, 95-97, 97-101 etc.

१७५ परिशिष्टभाग, अभिलेखखण्ड (क), ५० सङ्ख्या ।

१७६ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), pp. 51-52, 58-61, 72-73, 82-85.

१७७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३७८ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगाडिको पाइएको छैन । हिन्दूधर्ममा मठमन्दिरलाई दिइएको महत्त्व र मठ, मन्दिर, स्तूप, विहारकै महत्त्वको कारण कुनै पनि कृति राख्ने नेपालको परम्परागत मान्यतालाई दृष्टिगत गर्दा वि.सं. १५१० भन्दा अगाडिका सन्धिपत्रहरू पनि मन्दिरमा राख्ने गरिन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । तर अनेकौं कारणले गर्दा त्यसभन्दा अगाडिका त्यस्ता सामग्रीहरू अप्राप्य हुन पुगे । पशुपतिनाथप्रतिको आस्था र सम्मानको कारण राजाहरूबीचका सन्धि दक्षिण भागमा रहेको धर्मशिलामा धर्म भाकी गर्ने चलन थियो भन्ने कुरा ने.सं. ५७३ ज्येष्ठ (वि.सं. १५१०) को त्रिपुरराजकुल (भक्तपुर) का यक्ष मल्ल र पाटन येथबहालका उदय भारो एवं फर्पिङका शक्तिसिंह भारोबीचको सन्धि सोही विधि-अनुसार भएबाट थाहा हुन्छ ।[१७८] त्यस सन्धिमा आ-आफ्नो सीमाभन्दा अर्घेलो नगर्ने, गरेमा पशुपतिलाई ध्वस्त गरेको पाप लागोस् तथा सन्धिको परिपालन भएमा जनधन, शाखा-सन्तानहरूको वृद्धि भई आयुआरोग्य बढ्ने आशय प्रकट गरिएको छ । उल्लेखनीय कार्य गरेपछि त्यसलाई मन्दिरमा सबैले देख्ने गरी टाँस्ने तात्कालिक चलनअनुसार त्यस सन्धिको बेहोरालाई पनि मन्दिरमा टाँसिएको थियो ।

कालान्तरमा आपसमा हुने सन्धिपत्रहरू एउटै बेहोराको पारी आ-आफ्नो क्षेत्रका प्रसिद्ध मन्दिरहरूमा टाँस्ने चलन पनि देखापर्‍यो । यक्ष मल्लको मृत्यु (वि.सं. १५३८) पछि उनका छोराहरू र नाति स्वतन्त्र भई काठमाडौं, ललितपुर, भक्तपुर र बनेपाको रूपमा काठमाडौंखाल्डोलाई टुक्र्याई ती-ती क्षेत्रका राजा बने । यक्ष मल्लका जेठा छोरा राय मल्लले भक्तपुर, रत्न मल्लले काठमाडौं,[१७९] रण मल्लले साँगा, बनेपा तथा राम मल्लले ललितपुरमा राज्य गर्न थाले । पछि गएर राय मल्लको सन्तानले भक्तपुर र रत्न मल्लको सन्तानले काठमाडौंमा आधिपत्य जमाए । काठमाडौंमा केही समय रत्न मल्लको साथमा इन्द्र मल्लले पनि राज्य चलाएका थिए ।[१८०] रत्न मल्लको काठमाडौंबाहेक पुस्तैनी राज्यमा पनि अरू दाजुभाइसरह केही समयसम्म राज्य चलेको थियो ।[१८१] यक्ष मल्लको मृत्युपछि साधारणतः राज्याधिकार जेठा छोराको हैसियतले राय मल्लमा जानुपर्ने थियो । तर उत्साही र विजीगीषु रत्न मल्लले कान्तिपुरका ठकुरीहरूलाई नियन्त्रणमा लिई आफ्नो बाहुबलले काठमाडौंमा अधिकार जमाउन सफल भए । आफ्नो अधिकार रहँदारहँदै पनि रत्न मल्लले काठमाडौं अँठ्याएको राय मल्ललाई मन नपर्नु स्वाभाविक थियो । परन्तु राजनीति बुझेका रत्न मल्लले राम मल्ललाई बाहेक अरू भाइहरूलाई आफ्नो पक्षमा मिलाएथे । फलतः रत्न मल्लले ने.सं. ६१५ (वि.सं. १५५२) मा भाइ रण मल्ल, अरि मल्ल र भानिज भीम मल्ल भएर 'एकानी शत्रु एकानी मित्र' अर्थात् एउटाको शत्रु अर्कोको शत्रु, एउटाको मित्र अर्कोको पनि मित्र मानी सन्धि गरे । त्यो सन्धि दाजु राय मल्ल र भाइ राम मल्लको विरुद्धमा गरिएको थियो । त्यहाँ अहिलेसम्म आ-आफ्नो मानी भोग चलन गरिएको काठमाडौंसहित राज्यहरू उनीहरूमध्ये ज-जसले पाएको हो चलाउने, त्यसमा तलमाथि नपार्ने कुरा लेखिएको छ । साथै पाटनका महापात्रहरूलाई पनि आफ्नो पक्षमा मिलाउन उद्योग गरिने कुरा त्यहाँ परेको छ । त्यसरी आपसमा सुसम्बन्ध स्थापित गर्न गरेको सन्धि महत्त्वहीन नहोस् चिरस्थायी बनी रहोस् भन्ने आकाङ्क्षाले पशुपतिनाथ र उन्मत्तभैरवको अगाडि धर्मशिलामा धर्म भाकी ताम्रपत्र गरी पशुपतिमन्दिरमा टाँसेर राखिएको थियो ।[१८२] त्यही बेहोराको ताम्रपत्र चाँगुनारायणमन्दिरमा पनि राखिएको छ ।[१८३] यसपछिका सन्धिपत्रहरू काठमाडौं, पाटन, भक्तपुरका

---

१७८ परिशिष्टभाग, अभिलेखखण्ड (क), ५ सङ्ख्या ।

१७९ रण मल्लले चाहिँ आफ्नो जीवनपर्यन्त दाजु रत्न मल्लको साथमा राज्य चलाएको उल्लेख पाइन्छ ।

१८० महेशराज पन्त, "रत्न मल्लसँगै देखिएका इन्द्र मल्लको अन्त्य कसरी भयो", *पूर्णिमा*, १२ वर्ष, ३ अङ्क, (वि.सं.२०३७ मार्ग), २३ पृष्ठ ।

१८१ धनवज्र वज्राचार्य, (प्र.सम्पा.), *इतिहास-संशोधनको प्रमाण प्रमेय*, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९), मूल भाग, १३३-१४४ पृष्ठ ।

१८२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ७ सङ्ख्या ।

१८३ मोहनप्रसाद खनाल, *पूर्ववत्*, पादटिप्पणी १२७ सङ्ख्या, १९५-१९७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तलेजुमन्दिरहरूमा पनि टाँस्ने गरेको देखिनाले मल्लकालिक समाजमा तलेजु अर्थात् तुलजादेवीले सम्मानजनक स्थान ओगट्दै आएको कुरा बुझ्न सकिन्छ । ने.सं. ७४१ (वि.सं. १६७७) माघमा कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्ल र ललितपुरका राजा सिद्धिनरसिंह मल्लले गरेको सन्धि काठमाडौँको तलेजुमन्दिरमा राखिएको छ ।[१८४] त्यस्तै गरी पाटनका श्रीनिवास मल्ल, भक्तपुरका जितामित्र मल्ल, काठमाडौँका नृपेन्द्र मल्लबीच ने.सं. ७९५ (वि.सं. १७३२) मा भएको सन्धि[१८५] पाटनका योगनरेन्द्र मल्ल, काठमाडौँका भूपालेन्द्र मल्ल र भक्तपुरका भूपतीन्द्र मल्लबीच ने.सं. ८१८ (वि.सं. १७५५) मा भएको सन्धि पाटनदरबारको मूलचोकमा छन् ।[१८६] भक्तपुरका जितामित्र मल्ल र काठमाडौँका योगनरेन्द्र मल्लबीच भएको ने.सं. ८१६ (वि.सं. १७५२) फाल्गुनको सन्धि,[१८७] पाटनका योगनरेन्द्र मल्ल र भक्तपुरका भूपतीन्द्र मल्लबीच ने.सं. ८२२ मङ्सिर (वि.सं. १७५८) मा भएको सन्धि,[१८८] तथा काठमाडौँका भास्कर मल्ल र भक्तपुरका भूपतीन्द्र मल्लबीचको ने.सं. ८२३ श्रावण (वि.सं. १७६०) का सन्धिहरू[१८९] क्रमशः पाटनको चाहिँ मूलचोकमा तथा भक्तपुरको चाहिँ तलेजुमन्दिरअगाडि टाँसेर राखिएका छन् । ती सन्धिहरूमा साक्षीको रूपमा तात्कालिक प्रसिद्ध देवीदेवताहरू तलेजु, गुह्येश्वरी, मच्छिन्द्रनाथ आदिको साथमा पशुपतिनाथको पनि उल्लेख गरिएको छ । ने.सं. ७७८ श्रावण (वि.सं. १७१५) मा काठमाडौँका राजा प्रताप मल्ल र भक्तपुरका राजा श्रीनिवास मल्लबीच भएको सन्धिचाहिँ पशुपतिनाथमन्दिरमा छ ।[१९०]

मल्लकालमा झैँ शाहकालमा पनि पशुपतिनाथप्रतिको अनुराग कायम रहेको देखाउने अनेक सामग्रीहरू छन् । जहाँसम्म सन्धिपत्रमा पशुपतिनाथलाई दिइआएको स्थानको कुरा छ, मल्लकालको जस्तो परम्परा सन्धिपत्रमा देखिँदैन । तर गद्दिनसिन राजाले भाइभारदारलाई अधिकारपत्र दिँदा पशुपतिको नाम साक्षीको रूपमा दिने गरेको पत्र पाइन्छन् । शाहकालमा प्रजातन्त्र आउनुअगाडिका पत्रहरूमा शिरबेहोरामा 'दुर्गा सहाय' लेख्ने चलन ज्यादातर देखापर्‍यो । कास्कीका राजा सिद्धिनारायण शाहले वि.सं. १८४० वैशाखशुक्ल १५ रोज ६ मा रणबहादुर शाहलाई गरिदिएको धर्मपत्रमा साक्षीको रूपमा सबभन्दा पहिले पशुपतिको नाम लेखेकोले त्यस भेगमा पनि पशुपतिनाथप्रतिको श्रद्धा-विश्वास कम नरहेको बुझिन्छ ।[१९१]

---

१८४ (क) रामजी तेवारी, भोलानाथ पौडेल आदि (सम्पा.) *ऐतिहासिक पत्र-सङ्ग्रह*, दोस्रो भाग, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०२१), १ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 56.

१८५ (क) रामजी तेवारी, धनवज्र वज्राचार्य (सम्पा.) *अभिलेखसङ्ग्रह*, दशौँ भाग, (काठमाडौँ: संशोधन-मण्डल, वि.सं. २०२०), ११ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 114 (क), p. 167.

१८६ (क) रामजी तेवारी, भोलानाथ पौडेल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १८४ (क) सङ्ख्या, २२ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 227.

१८७ (क) रामजी तेवारी, भोलानाथ पौडेल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १८४ (क) सङ्ख्या, १७ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 219.

१८८ (क) रामजी तेवारी, भोलानाथ पौडेल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १८४ (क) सङ्ख्या, ४० पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 238.

१८९ (क) रामजी तेवारी, भोलानाथ पौडेल, *पूर्ववत्*, पादटिप्पणी १८४ (क) सङ्ख्या, ४४ पृष्ठ ।
(ख) D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 239

१९० योगी नरहरिनाथ (सम्पा.), *इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह*, भाग १, (काष्ठमण्डप: सिद्धाचल मृगस्थली, वि.सं. २०२२), ५८, ६०-६१ पृष्ठ ।

१९१ *ऐजन*, ११ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ सुरेन्द्रविक्रम शाहको शासनकालमा लिखित कानून बन्नुभन्दा अगाडि राष्ट्रको प्रशासनिक व्यवस्थाको सुव्यवस्थाको लागि राजाहरूबाट सम्बन्धित व्यक्ति वा निकायको नाउँमा आज्ञा-आदेशका लालमोहर जारी गर्ने चलन थियो । तर वि.सं. १८५५ फाल्गुनशुक्ल द्वितीयाको दिन श्री ५ गीर्वाणयुद्धलाई राज्याभिषेक गर्नुअघि अन्तिम घोषणाको रूपमा राज्यव्यवस्थासँग सम्बन्धित कतिपय कुराहरू उल्लेख गरेको ताम्रपत्र पशुपतिमा समर्पित गरी मन्दिरमा टाँस्न लगाइयो ।[१९२] त्यस्तै श्री ५ गीर्वाणयुद्धविक्रमको पहिलो घोषणा पनि पशुपतिमा समर्पण गरी टाँसिएको थियो ।[१९३] श्री ५ गीर्वाणयुद्धको उक्त ताम्रपत्रमा शाहवंशमा जो राजा हुन्छन्, उनले राज्यव्यवस्थासम्बन्धी ताम्रपत्र लेखाउनुपर्ने व्यवस्था बाँधेका छन् । तर त्यसपछि त्यस्तो ताम्रपत्र जारी गरी पशुपतिमा राखेको पाइँदैन ।[१९४] आकार-प्रकारमा अहिलेसम्म नेपालमा देखिएको ताम्रपत्रमा श्री ५ रणबहादुर शाह र श्री ५ गीर्वाणयुद्धविक्रम शाहका माथि उल्लिखित दुइ ताम्रपत्रहरू सबभन्दा ठूला रहेका छन् । ती ताम्रपत्रहरू तात्कालिक प्रशासनव्यवस्थासम्बन्धी कुरा बुझ्न अत्यन्त उपयोगी छन् ।

कान्तवती श्री ५ रणबहादुर शाहकी कान्छी रानी थिइन् । श्री ५ रणबहादुर शाहको उनी मन परेकी रानी थिइन् । वि.सं. १८५४ आश्विनमा कान्तवतीको तर्फबाट गीर्वाणयुद्धविक्रम शाहको जन्म भयो ।[१९५] परन्तु छोरा जन्मेको केही महीनापछि कान्तवती बिरामी हुन थालिन् । औषधोपचार, पूजा-पाठ आदि सबै कार्यहरू भए । आखिर उनलाई क्षयरोगले समात्यो । रोग निको हुनुभन्दा बढ्दै गयो । कान्तवतीलाई प्रसन्न राख्न भावुक स्वभावका रणबहादुर शाह जे सुकै काम गर्न पनि पछि नहट्ने भए । कान्तवतीको मातृहृदयले आफू मरे पनि छोराको भलो होस् भन्ने चाह्यो । त्यसैले श्री ५ रणबहादुर शाहको सम्मुख आफ्नो छोरा राजा भएको हेर्ने चाहना भएको कुरा प्रकट गरिन् । गीर्वाणयुद्धभन्दा जेठो रणोद्योत शाह हुँदाहुँदै उनलाई राजा बनाउनु एक त परम्परालाई विखण्डित पार्ने कुरा थियो, अर्को तात्कालिक अवस्थामा त्यस कार्यले मान्यता पाउनु कठिन थियो । तर श्री ५ रणबहादुर शाह दृढनिश्चयी भए, आफूले राज्यत्याग गरी गीर्वाणयुद्धविक्रम शाहलाई राज्य दिलाउने चाँजो-पाँजो मिलाउने काममा लागे । राज्याभिषेकको साइतभन्दा केही दिनअगाडि साना-ठूला भाइभारदारहरूलाई पशुपतिको धर्मशिला छुवाई गीर्वाणयुद्धविक्रम शाहलाई राज्याभिषेक गरिने बन्दोबस्तको लालमोहरलाई मान्छौं, त्यसलाई नमानी, बन्धेजमा नरही, उपद्रव गरे इष्टदेवता, पशुपतिनाथ, गुह्येश्वरी, पाञ्चायन आदि देवताहरूको कुदृष्टि परोस् भनी श्री ५ रणबहादुर शाहले गर्न लागेको बन्धेज मान्छौं भनी पशुपतिमा धर्मपत्र गराइएको थियो । त्यस वेलाका प्रायः सबैजसो भारदारहरूले भिन्ना-भिन्नै धर्मपत्र लेखी गीर्वाणयुद्धविक्रम शाहलाई राजा मान्ने मञ्जुर गरी उपर्युक्त देवी-देवताहरूलाई साक्षी रूपमा राखी धर्मपत्र गरी दिए । यस्तो धर्मपत्र पशुपतिमा बाहेक अन्यत्र गरेको वा राखेको थाहा पाइएको छैन । तात्कालिक समाजमा अरू देवी-देवताहरूको प्रसिद्धि नभएको होइन । तर झण्डै एक किसिमले सामाजिक क्रान्ति जस्तै कदमको धर्मपत्र पशुपतिमा नै गर्न र राख्न त्यस वेला रुचाइएको देख्दा पशुपतिनाथप्रतिको विश्वास र श्रद्धाबारे बुझ्न सघाउ पुऱ्याउँछ । पशुपतिनाथमा गरिएका ती धर्मपत्रहरू सबैजसोमा धर्मपत्र गर्ने व्यक्तिको तीनपुस्ते दिइएको छ । त्यस वेलाको राजनैतिक स्थितिमा आएको नयाँ मोडलाई तिनीहरूले निश्चित सङ्केत गरेका छन् । साथै चार वर्ण छत्तीसै जातका नै भने जस्तो त्यस वेलाका भारदारहरूका ती धर्मपत्रहरू पशुपतिप्रति रहेको

---

१९२ चित्तरञ्जन नेपाली: *श्री ५ रणबहादुर शाह*, प्रथम मंस्करण, (काठमाडौँ: मेरी राजभण्डारी, वि.सं. २०२०), १२३-१३० पृष्ठ ।

१९३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२० सङ्ख्या ।

१९४ ऐजन ।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठले *शाहकालका अभिलेख*, पहिलो भाग, २६९ पृष्ठमा यो ताम्रपत्रलाई श्री ५ रणबहादुर शाहको मान्नुभएको छ । तर त्यस ताम्रपत्रमा उल्लिखित बेहोराबाट उक्त ताम्रपत्र कान्तवतीको मृत्युपछि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले राखेको भन्ने देखिन्छ ।

१९५ धनवज्र वज्राचार्य (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५४ सङ्ख्या, १५३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुराग देखाउने उल्लेखनीय उदाहरणको रूपमा रहेको यस सन्दर्भमा महत्त्वपूर्ण छ । अर्को कुरा श्री ५ रणबहादुर र श्री ५ गीर्वाणयुद्धविक्रम शाहका राज्यकालका भाइभारदारहरू एवं उनीहरूको पुर्ख्यौलीबारे अवगत गराउन यी धर्मपत्रहरू उल्लेखनीय छन् । पशुपतिगोश्वाराको भण्डारमा १३७ थान यस्ता धर्मपत्रहरू छन् । तीमध्ये केहीमा तीनपुस्ते छैन[१९६] भने केही दोहोरिएका पनि छन् ।[१९७] यसमा निहित महत्त्वको कारण बेहोरा एउटै भए पनि त्यस वेलाको विविध पक्षलाई उद्घाटन गर्न सक्ने मोहले परिशिष्टभागमा तिनको सूची समाविष्ट गरिएको छ । त्यहाँ सरदार कालु पाँडे, सुवेदार वासुदेव, सुब्बा गजसिंह, जेठाबूढा वेणुधर जैसी, सरदार प्रवल राना, सुब्बा अजय खवास, सुब्बा परशुराम थापा, डम्बर खत्री, रणवम पाँडे, जयसिंह खवास, दरोगा दयाराम पाध्या, नाना खण्ड, सुब्बा रणजित् कुँवर, इन्दु द्वान्या, चौतरिया बम शाह, उप्रेत दैवज्ञकेशरी, सुव्वा दिनानाथ पाध्या, प्राण शाही, सुवेदार वीरभद्र पन्थ, बिचारी देवहरि पाध्या, एकदेव वैद्य, जेठाबूढा अम्बरसिंह राना, धनवर फरास, नजिकी गजसिंह बस्न्यात, सर्वजित् पाँडे, सुवेदार कालु खवास, सान्या खवास, डिट्ठा लक्ष्मीनारायण, बिचारी चन्द्रमणि, बल्लभ वैद्य, दरोगा जस्या खवास, भवानन्द द्वान्या, जेठाबूढा करुणाधर, सुब्बा पुरण शाही, अङ्गद खवास, बदारसिंह बस्न्यात, सत्यधर खनाल, नयाँकेशरी, जहरसिंह बस्न्यात, देवदत्त थापा, सुवेदार बाकसिंह बाँनिया, सुवेदार हेमकर्ण थापा, चामु भण्डारी, सरदार गन्धर्व खवास, खजान्ची जगंन, पिहुवल लामा, सरदार पर्तिमन राना, सुवेदार रणजित्, भैरवसिंह द्वान्या, सुवेदार रामचन्द्र खत्री, थाइला मल्ल, जम्बरसिंह राना, हरिवंश बोहरा, श्रीहर्ष पन्थ, जगजित् पाँडे, नन्दु मिश्र, जगदेव भँडारी, धर्माधिकारी विद्याधर ओझा, यज्ञवल्लभ जैसी, राघवसिंह खड्का, चौतरिया बलभद्र शाह, धोकलसिंह बस्न्यात, खजान्ची श्रीकान्त पाध्या, अमरसिंह थापा, राधाबल्लभ जैसी, ज्यान शाही, माधौ सिंह, सुवेदार रामसिंह, शङ्करसिंह जैसी, खरिदार श्रीराम जैसी, दामोदर पाँडे, शत्रुभञ्जन मल्ल, शेरबहादुर शाह, विदुर शाह, रणजित् पाँडे, नरसिंह गुरुङ, आनन्दसिंह वैद्य, गर्भु खवास, नाहरसिंह बस्नेत, भक्ति थापा, कुलचन्द्र शाह, अमरसिंह थापा, शुकदेव जैसी, जोग मल्ल, भवानीदत्त, रतामर्दन खवास, बूढा दलमर्दन शाह, चौधरी लक्ष्मण, नजिकी चामु पाध्या, अभिमानसिंह बस्न्यात, कीर्तिमानसिंह बस्नेत, कपर्दार भोटु पाँडे, त्रिभुवन, डिट्ठा देवीदत्त, साद्यावैद्य, पुरोहित देवीदास, इन्द्रसिंह, चौतरिया रणसिंह शाह, दलभञ्जन पाँडे, मनिधर, सरदार इन्द्रसिंह, राधावल्लभ वैद्य, विष्णु शङ्कर, चौतरिया कृष्ण शाह, आचार्य भुवनेश्वर, मिल्ह्मा वैद्य, बाक्सी खवास, चिन्तामणि ददा, सुवेदार इन्दुसिंह, बालासिंह, धर शाही, भीम टक्सारी, सुवेदार बलवन्त रैका, शक्तिवल्लभ, चन्द्रवीर कुँवर, सरदार जसिवन्त भँडारी, वीरभद्र गुरुङ, बिरु रोकाया (भँडारी), सुवेदार कृष्णनन्द पाध्या, डिट्ठा कोकिल आदि तात्कालिक भाइभारदारहरूका धर्मपत्र पशुपतिमा गरिएको थियो ।[१९८] त्यसको अतिरिक्त गीर्वाणयुद्धविक्रम शाहको पहिलो घोषणापत्रमा पनि त्यतिखेरका अन्य केही भाइभारदारहरूको नाम आएको छ ।[१९९] पशुपतिमा चढाइएका उपर्युक्त सन्धिपत्र, धर्मपत्रहरूले तात्कालिक जनजीवनमा रहेको पशुपतिनाथको महत्त्वलाई स्पष्ट पार्न मदत पुऱ्याएका छन् ।

६.४ तीर्थस्थलको रूपमा पशुपतिनाथ

पशुपतिनाथको ख्याति वैदिककालदेखि नै थियो भन्ने कुराको चर्चा अघिल्ला अध्यायहरूमा गरिसकिएको छ । यजुर्वेद तथा अथर्ववेदमा पशुपतिनाथप्रति गरिएका स्तुति एवं प्रार्थनालाई हेर्दा भगवान् पशुपतिनाथको ख्याति त्यतिखेर नै अत्यधिक रहेको देखिन्छ । यजुर्वेदमा 'पशुपतिंपुरीतत्' भनी पशुपतिको नामले प्रसिद्धि पाएको स्थललाई पशुपतिपुरी भनी उल्लेख गरेको पाइने माथि नै चर्चा गरियो । *महाभारत*को वनपर्वको पुलस्त्यतीर्थयात्रा प्रसङ्गमा नेपालका कतिपय

---

१९६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११६ सङ्ख्या ।

१९७ जेठावूढा अमरसिंह रानाको पशुपतिगोश्वारामा दुइवटा धर्मपत्र छन् ।

१९८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६६ सङ्ख्या ।

१९९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११७ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसिद्ध तीर्थस्थलहरूको वर्णन पाइन्छ । त्यहाँ गण्डकी, शालग्रामक्षेत्र (मुक्तिक्षेत्र), माहेश्वरीधारा (त्रिशूली), अरुण, गौरीशङ्कर हिमाल, कोकामुख (वाराहक्षेत्र) आदिको उल्लेख गर्दा 'माहेश्वरपुर' को पनि उल्लेख आएको छ । त्यहाँ 'माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम्' भनी माहेश्वरपुरमा गई 'वृषध्वज' चढाउनुपर्ने कुराको वर्णन पाइने भएकोले माहेश्वरपुर प्रसिद्ध शैव क्षेत्र थियो भन्ने कुरा बुझिन्छ ।[२००] नेपालमा भएका तीर्थस्थलहरूको वर्णनको प्रसङ्गमा माहेश्वरपुरको चर्चा आएको हुँदा त्यो कुन ठाउँ हो भन्ने कुरा हाम्रो सामु आउँछ । नेपालमा पशुपतिक्षेत्र जस्तो प्रसिद्ध एवं चर्चित प्राचीन शैव तीर्थस्थल अरू नभएको हुनाले *महाभारत*मा उल्लिखित माहेश्वरपुर पशुपतिक्षेत्रबाहेक अरू होइन भन्ने देखिन्छ । पशुपतिक्षेत्रलाई 'पशुपतिपुरी',[२०१] 'माहेश्वरपुर'[२०२] नामले सम्बोधन गर्ने चलन पछिसम्म थियो ।

*गरुडपुराण*मा वाराहक्षेत्र, मुक्तिनाथ आदि नेपालका तीर्थहरूको उल्लेख गर्दा 'पशुपति' लाई महान् तीर्थको रूपमा चर्चा गरिएको छ ।[२०३] यसबाट पशुपतिनाथको मन्दिर रहेको पशुपतिक्षेत्रले तीर्थस्थलको रूपमा अघिदेखि नै प्रसिद्धि पाएको देखिन्छ । तिनै परम्पराहरूको कारण पछि गएर त झन्–झन् यहाँको महत्ताको विस्तार भयो । वि.सं. ५९० देखि त यस क्षेत्रको महत्त्व देखाउने शिलालेखीय प्रमाणहरू नै पाइन्छन् । संवत् ४५५ (वि.सं. ५९०) को देवपाटनको भस्मेश्वरस्थित भद्रेश्वर नामको शिवलिङ्गको जलहरीको लेखमा 'भगवान् पशुपतिको क्षेत्र' को रूपमा यहाँको चर्चा गरिएको छ । अभिलेखमा आएको यो चर्चाले 'पशुपतिक्षेत्र' लाई इङ्गित गरेको छ । यसैकारणले गर्दा नै ध्रुवसङ्घले भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर नामका पाँचवटा शिवलिङ्गहरू स्थापना गरेका थिए । त्यसभन्दा अगाडि शिवलिङ्गलगायत विभिन्न मूर्ति, मन्दिर एवं पाशुपतसङ्घहरूको स्थापना हुनाको हेतु पनि पशुपतिक्षेत्र पवित्र तीर्थस्थल मानिएकोले हो, यसमा शङ्का छैन । कुनै धार्मिक महत्त्व र जनआस्था नभईकन तीर्थस्थल नबन्ने सामान्य प्रचलनलाई हेर्दा प्रसिद्ध तीर्थस्थल बन्न लामो पृष्ठभूमिको आवश्यकता पर्ने कुरालाई नकार्न सकिँदैन ।

---

२०० पं. रामचन्द्रशास्त्री किंजवाडेकर (सम्पा.), *श्रीमन्महाभारतम्, खण्ड* २, वनपर्वम् ३, प्रथम संस्करण, (पुना: चित्रशाला प्रेस, शक संवत् १८५२), वनपर्व ८४।१२७-१२९।, १२९ पृष्ठ ।

तत्रोपस्पृश्य राजेन्द्र न दुर्गतिमवाप्नुयात् ।
अभिगम्य महादेवं वरदं रुद्रमव्ययम् ॥
विराजति यथा सोमो मेघैर्मुक्तो नराधिप ।
जातिस्मरमुपस्पृश्य शुचिः प्रयतमानसः ॥
जातिस्मरत्वमाप्नोति स्नात्वा तत्र न संशयः ।
माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ॥
ईप्सिताँल्लभते कामानुपवासान्न संशयः ।

२०१ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *हिमवत्खण्ड,* प्रथम संस्करण, (काशी: योग प्रचारिणी, वि.सं. २०१३०, ७१।३, १५८ पृष्ठ ।

काशी पाशुपति साक्षात्समासते सुरालये ।
काश्याश्चतुर्गुणं मान्या पुरी पाशुपती यतः ॥

२०२ *ऐजन*, ७१।५-६ ।

मोक्षमेकं तु काश्यां वै लभ्यते जन्तुभिः सदा ।
उमामाहेश्वरीपुर्य्यां चतुर्वर्गं घटोद्भव ॥
तस्मात्काश्या गरिष्ठा स्यात्पाशुपती पुरी वरा ।
प्रलभ्यन्ते यतो लोकैश्चतुर्वर्गान् ध्रुवं किल ॥

२०३ पञ्चाननदेव शर्मा (सम्पा.), *गरुडपुराणम्,* (कलिकाता: श्रीअरुणोदयराय, वि.सं. १९४७), पूर्व्वखण्ड, सर्वतीर्थमाहात्म्य, ८१।१४ ।

पूजा श्राद्धं पिण्डदानं सर्व्वं भवति चाक्षयम् ।
शालग्रामं सर्व्वदं स्यात् तीर्थं पशुपतेः परम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छविकालमा पशुपतिभेगका केही स्थलहरूलाई तीर्थस्थलको रूपमा प्रसिद्धि प्राप्त भइसकेको थियो । संवत् १०३ (वि.सं. ७३६) को नरेन्द्रदेवको वज्रघरको अभिलेखमा आर्यभिक्षुसङ्घको अभिभारामा सुम्पिएको ठाउँहरूको चारकिल्लाको उल्लेख गर्दा '....पृच्छिब्रुदक्षिणेश्वराम्वुतीर्थक्षेत्राणां सन्धि' अर्थात्...... पृच्छिब्रुदक्षिणेश्वर र अम्बुतीर्थको खेतको दोसाँध भन्ने कुराको चर्चा आएको छ ।[२०४] त्यहाँ दक्षिणेश्वर र अम्बुतीर्थको सँगसँगै उल्लेख आएको छ । दक्षिणेश्वर भनी लिच्छविकालमा चर्चित मन्दिर पशुपतिभेगमै कतैतिर थियो, यसबाट अम्बुतीर्थ पनि पशुपतिमन्दिरवरपर कतै हुनुपर्ने देखिन्छ । त्यस्तै सोही अभिलेखमा ब्रह्मतीर्थको पनि उल्लेख आएको छ ।[२०५] ब्रह्मतीर्थको स्थानको बारेमा त्यस अभिलेखमा वाग्वतीको पूर्वतिर भएको सङ्केत दिइएको छ । अहिलेसम्म पनि 'वाग्वतीयात्रा' गर्ने सन्दर्भमा ब्रह्मतीर्थ भनी तिलगङ्गाको उत्तर अर्थात् राजराजेश्वरीघाटदेखि पूर्वतिर गई नुहाउने चलन छ ।[२०६] लिच्छविकालको परम्परा पछिसम्म कायम रहेको यसबाट देखिन्छ । अम्बुतीर्थ तथा ब्रह्मतीर्थ दुवै पशुपतिभेगमा भएको पत्ता लाग्नाले पशुपतिनाथको मन्दिरको अवस्थितिको कारण त्यस क्षेत्रको महत्त्वलाई अभिवृद्धि गर्ने काममा तीर्थस्थलहरूको परिकल्पना पनि एक उल्लेखनीय माध्यम भएको बुझिन्छ । विक्रमको सोन्हौं शताब्दीपछि त *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण*हरूले एक स्वरले काठमाडौंखाल्डोमा विद्यमान मूर्ति, तीर्थ, मन्दिर, कुण्ड आदिको महत्त्वहरूलाई जनमानसमा विश्वास जगाउन अनेक कथाहरूका सहारा लिई तिनको प्रचार-प्रसारमा जोड दिए । यस कामलाई भाषावंशावलीकारहरूले पनि अगाडि बढाए ।

पशुपतिभेगका अम्बुतीर्थ एवं ब्रह्मतीर्थहरूको महत्त्व लिच्छविकालमा हुनामा खास के कारणहरू अन्तर्निहित थिए तात्कालिक सामग्रीहरूको अभावमा भन्न सकिँदैन । तर ती तीर्थहरूको प्राप्तिले त्यस वेला त्यहाँ अरू पनि तीर्थहरू हुँदा हुन् भन्ने सम्भावनालाई बढाएको छ । *हिमवत्खण्ड, नेपालमाहात्म्य* एवं *पशुपतिपुराण*मा त्यस्ता निकै तीर्थहरूका उल्लेख पाइन्छन् । त्यहाँ उल्लिखित तीर्थहरू कपोलकल्पित र आधारहीन होइनन् भन्ने कुरालाई पनि माथिको घटनाले सङ्केत गरेको छ । त्यहाँ वर्णित कथाहरू धार्मिक विश्वासमा आधारित छन् । किनभने जनसामान्यले तात्कालिक परिवेशमा धर्मसँग सम्बन्धित कुराहरूलाई बढी विश्वाससाथ लिने तथा तीर्थहरूप्रति विश्वास जगाउन बढी सहयोग मिल्ने हुनाले उपर्युक्त ग्रन्थहरूमा कथा र उपाख्यानमा बल दिइएको हुनुपर्छ । यसरी पशुपतिमन्दिर रहेको स्थल विक्रमको आठौं शताब्दीताकाका अभिलेखमा आएको तीर्थस्थलहरूका उल्लेखबाट पनि पवित्र क्षेत्रको रूपमा क्रमशः विकसित हुँदै गइरहेको स्पष्ट देखिन्छ । धार्मिक एवं ऐतिहासिक महत्त्वको कारण लिच्छविकालमा ख्याति पाएका मूर्ति, मन्दिर, तीर्थ आदिहरू स्वभावतः मल्ल र शाहकालमा श्रध्येय, पवित्र र आराध्यक्षेत्र बन्न गए । अनुकूल वातावरणको अभावमा कतिपय पवित्र स्थलको रूपमा उहिले मानिएको त्यस्ता स्थलहरू अहिले रछ्यानतुल्य भएका उदाहरणहरू पनि नभएका होइनन् । पशुपतिमा नै पनि त्यस्ता अनेक उदाहरणहरू छन् ।

पशुपतिमन्दिर रहेको क्षेत्र धार्मिक सद्भावले सम्पन्न उल्लेखनीय स्थलको रूपमा विकसित बन्ने काम लिच्छविकालदेखि नै भयो । एकातिर बुद्ध, अवलोकितेश्वर जस्ता मूर्ति एवं चैत्यहरूका स्थापना अत्यधिक मात्रामा यहाँ भएका थिए भने अर्कोतिर पाशुपत सम्प्रदायसँग सम्बद्ध विविध सङ्घहरूको साथसाथै आर्यभिक्षुसङ्घ जस्ता बौद्ध मतसँग सम्बन्धित सङ्गठनको अस्तित्व पनि थियो ।[२०७] पाशुपत सम्प्रदायको लागि मुख्य केन्द्र नै यही क्षेत्र थियो भने हुन्छ । नरेन्द्रदेवको पाटन गैह्रीधाराको संवत् ८३ (वि.सं. ७१७) को अभिलेखमा पशुपतिको वाग्वतीपारि रहेको

---

२०४ *ऐजन*, ५०० पृष्ठ ।

२०५ *ऐजन* ।

२०६ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २०१ सङ्ख्या, परिशिष्टखण्ड, ९ पृष्ठ ।

२०७ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, ५०० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाशुपतमण्डलीको उल्लेख आएको छ ।[२०८] त्यहाँ त्यस्ता सङ्घहरूको चर्चा गर्दा 'धार्मिकगणानाम्' बहुवचन शब्दको प्रयोग गरिएकोले यहाँ उहिले अरू पनि धार्मिक सङ्घहरू थिए भन्ने थाहा हुन्छ । त्यस्तै पशुपतिको छत्रचण्डेश्वरको अभिलेखमा 'मुण्डशृङ्खलिकपाशुपताचार्यपरिषद्' को उल्लेख आएको छ ।[२०९] पशुपतिभेगमा भएका अनेक पाशुपतमण्डलीहरूमध्ये दानपाशुपतहरूको मण्डली पनि एक थियो ।[२१०] यी सङ्घहरूको यहाँ भएको अस्तित्वले शैव धर्मअन्तर्गत विभिन्न सम्प्रदायहरूको विकास एवं प्रचार-प्रसारमा तिनीहरूको संलग्नता रहेको अवगत हुन्छ । ती सङ्घहरूमा विद्वान् आचार्यहरूको सहभागिता रहेको हुनाले पनि पशुपति र शैव धर्मको महत्त्वलाई अभिवृद्धि गर्ने काममा यहाँ रहेका धार्मिक सङ्घहरूको योगदान रहेको देखिन्छ । धर्मप्रति जनसामान्यमा धार्मिक दिई सेवाभावलाई पनि बढाउने काममा तात्कालिक सङ्घहरू लागेका थिए ।[२११] पशुपतिक्षेत्रले धार्मिक तीर्थस्थलको रूपमा ख्याति प्राप्त गरिसकेको कारणले त्यत्तिका सङ्घहरूले यहाँ आफ्नो कार्यक्षेत्र बनाउन सकेको सहजै अडकल गर्न सकिन्छ । लिच्छविकालपछि मध्यकाल एवं मल्लकालमा सङ्घ-संस्थाहरूको यहाँ कस्तो भूमिका रह्यो अवगत हुँदैन । तर विक्रमको बाह्रौं शताब्दीताका एक जना शङ्कराचार्य स्वामीले पशुपतिक्षेत्रमा आफ्नो नामले यहाँ मठ वा गद्दी स्थापना गरी लिच्छविकालको धार्मिक सङ्घले गरे झैं धार्मिक जागरणमा केही सहयोग पुऱ्याएका थिए ।[२१२] यसको अहिले पनि अस्तित्व छ, तर अहिले धार्मिक जागरण र उत्थानमा सहयोग पुऱ्याउने मूल उद्देश्यमा ह्रास भई आए-गएका दुइ-चार जना साधु-सन्तलाई बस्न-खान दिने आश्रय स्थलको रूपमा पुग्न गएको छ । विक्रमको उन्नाइसौं-बीसौं शताब्दीताका उदासी, सन्न्यासी एवं वैरागी अखडाहरूको स्थापना भई तिनीहरूबाट आए-गएका सम्बन्धित सम्प्रदायका अभ्यागत-पाहुनाहरूलाई खानपिनको बन्दोबस्तमा सहयोग पुऱ्याउने काम भएका देखिन्छन् । स्मरणीय कुरा के छ भने स्थापनाकालतिर अखडा र मठहरूको जुन जल्दो-बल्दो रूप थियो, अहिले त्यसको एक अंश पनि यहाँ भएका अखडाहरूमा छैन ।

धर्मप्रति श्रद्धा भएका उदारमना व्यक्तिहरूले मठ, मन्दिर, स्तूप, विहार, चैत्यजस्ता धार्मिक महत्त्वका साधनास्थल एवं पाटी, पौवा, धर्मशाला, सत्तल, ढुङ्गेधारा, टुटेधाराहरूको स्थापना गरिदिनाले पशुपतिक्षेत्रले पवित्र तीर्थस्थलको रूपमा विकसित हुने मौका पायो । धार्मिक साहित्यहरूमा तिनको चर्चा गरिए । अलौकिकताको तुक पनि जोडिँदै गए । फलतः श्रद्धावान् व्यक्तिहरूले कीर्ति राख्ने काममा तीव्रता देखाउँदै गए । *हिमवत्खण्ड, पशुपतिपुराण, नेपालमाहात्म्य* आदि साहित्यग्रन्थहरूले स्थापित मूर्ति, लिङ्ग, मन्दिर तथा तीर्थहरूको महत्त्वलाई उजागर गरिदिए । ती विवरणहरूमा इतिहासको दृष्टिले कमै उल्लेख्य घटना पाइने भए तापनि धार्मिक सद्भावबाट राष्ट्रिय भावनाको अभिवृद्धिमा पुऱ्याएको सहयोग तिनीहरूको सबभन्दा उल्लेखनीय पक्ष हो । त्यतिखेरको वास्तविकतालाई हेर्दा त्यस्तो कार्य राष्ट्रियताको उद्बोधनको निमित्त अत्यन्त अपरिहार्य भइसकेको थियो । भारतका तीर्थस्थलहरूलाई मात्र महत्त्व दिई आफ्ना देशका धार्मिक स्थलहरूलाई हीनताले हेर्ने मनःस्थितिले बढावा पाउँदै गएको देखेर नै आफ्नो देशमा विद्यमान मन्दिर, मूर्ति, लिङ्ग, तीर्थ आदिलाई प्रधानता दिई उपर्युक्त ग्रन्थहरू रचिएको अवगत हुन्छ । जहाँ तुलना गरिएका उदाहरणहरू आउँछन्, *हिमवत्खण्ड*मा भारतस्थित मथुरा, काशी, प्रयाग, हरिद्वारसँग तुलना गरी तीभन्दा पनि बढी महत्त्व यहाँका धार्मिक स्थललाई दिनुको पछिल्तिर माथि भनिएकै उद्देश्य अन्तर्निहित भएको देखिन्छ ।[२१३] *हिमवत्खण्ड,*

---

२०८ *ऐजन,* ४८२-४८४ पृष्ठ ।
२०९ *ऐजन,* ४२६-४२७ पृष्ठ ।
२१० *ऐजन,* ४७२-४७३ पृष्ठ ।
२११ *ऐजन* ।
२१२ गोविन्द टण्डन, "देवपाटनको शङ्कराचार्य मठ", *विश्रान्ति,* १ वर्ष, २ अङ्क, (वि.सं. २०४३ फाल्गुन), १९-२९ पृष्ठ ।
२१३ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी २०१ सङ्ख्या, ३०४-३०८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*पशुपतिपुराण, नेपालमाहात्म्य*मा काठमाडौँखाल्डोका तीर्थ, लिङ्ग, मूर्ति आदिको बखान पाइन्छ । त्यसमा पनि पशुपतिक्षेत्रका तीर्थ, लिङ्ग, मूर्ति आदिको विशेष बढी विवरणहरू दिइएका छन् । उपर्युक्त साहित्यिक कृतिहरूले यहाँका धार्मिक स्थलहरूप्रति श्रद्धा र आस्था जगाउन त्यतिखेर निकै मदत पुऱ्याएको हुनुपर्छ । सम्भवत: त्यही कारणले हो अझसम्म पनि *हिमवत्खण्ड, पशुपतिपुराण* एवं *नेपालमाहात्म्य*लाई धर्मभीरु जनताहरू बडो श्रद्धासाथ हेर्दछन् । काठमाडौँखाल्डोमा भएका धार्मिक स्थलहरूको महत्त्वलाई बढाउने काममा ती ग्रन्थहरूको ठूलो हात छ । मार्कण्डेय, पुलस्त्य, स्कन्द र स्वयम् शिवका वचनको रूपमा काठमाडौँखाल्डोका धार्मिक स्थलहरूका महत्त्व क्रमश: *नेपालमाहात्म्य, पशुपतिपुराण* र *हिमवत्खण्ड*मा दिइएका छन् । तात्कालिक जनजीवनमा पशुपतिनाथलाई कुन दृष्टिले हेरिन्थ्यो त्यसबारेमा उपर्युक्त ग्रन्थहरूमा दिइएका विवरण उल्लेखनीय मानिन्छन् ।

जम्बूद्वीपमा काशीपुरी र पशुपतिपुरी भगवान् शङ्करले आश्रय गरिएका छन् । धर्म, अर्थ, काम, मोक्ष, चारै पदार्थ पाइने हुनाले काशीभन्दा पशुपतिपुरी चौगुना माननीय छ । काशीमा प्राणीले मोक्ष पाउँछन्, माहेश्वरी (पशुपति) पुरीमा त चतुर्वर्ग नै पाइन्छ । लोकले चतुर्वर्ग पाउने हुनाले काशीभन्दा पशुपतिपुरी श्रेष्ठ र उत्कृष्ट छ । उत्तराखण्डको पुण्यभूमिमा हुनाले पशुपतिपुरीलाई 'उत्तरकाशी' भन्छन् भन्दै त्यस नगरीलाई शङ्करले एकक्षण पनि छोड्नुहुँदैन भनी *हिमवत्खण्ड*मा बताइएको छ ।[२१४] त्यहाँ स्वर्गमा बस्नेहरूले पशुपतिक्षेत्रका मानिसलाई तीन आँखा भएका, त्रिशूल लिएका, ध्वजामा वृष भएका, शिरमा जटा र किरीटमा चन्द्र भएका महेश्वरका गणस्वरूप देख्छन् भनी चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) फल पाउनाको लागि स्वर्गमा रहनेहरू पशुपतिपुरीमा रुद्रको साथ रहने इच्छा गर्छन् भनेर उल्लेख गरी पशुपतिक्षेत्रको महत्त्वलाई बढावा दिइएको छ ।[२१५] पशुपतिनाथलाई भक्तिपूर्वक एक पटक मात्र पनि जसले दर्शन गर्छ, त्यो पशुपाशबाट मुक्त हुन्छ, शुद्ध-अशुद्ध जस्तो भए पनि शङ्करको दर्शन गऱ्यो भने जन्म-जन्मान्तरको शरीर मन, वचन र कर्मले गरेको पाप नाश हुन्छ भन्दै भक्तिभावले मन्दिरको प्रदक्षिणा गरी दर्शन गऱ्यो भने शिवै स्वरूप

---

२१४ *ऐजन,* ७।३-९ ।

जम्बूद्वीपे पुरी द्वे च रुद्रेणाधिष्ठिते ऽनिशं ।
काशी पाशुपती साक्षात्समासते सुरालये ॥३॥
काश्याश्चतुर्गुणं मान्या पुरी पाशुपती यत: ।
धर्मार्थकाममोक्षाणि यस्यां प्रलभ्यते किल ॥४॥
मोक्षमेकं तु काश्यां वै लभ्यते जन्तुभि: सदा ।
उमामाहेश्वरीपुर्यां चतुर्वर्गं घटोद्भव ॥५॥
तस्मात्काश्या गरिष्ठा स्यात्पाशुपती पुरी वरा ।
प्रलभ्यन्ते यतो लोकैश्चतुर्वर्गान् ध्रुवं किल ॥६॥
देव्या: स्यानोद्भवं लिङ्गं तेजोमयं चतुर्मुखं ।
तस्मादुत्तरकाशीति हिमवद्दक्षिणे यत: ॥७॥
गङ्गाया उत्तरे भागे हिमवत्सानुगह्वरे ।
रुद्रप्रियतमं तीव्रं नगरं राजते ऽनिशम् ॥८॥
न मुंचति क्षणं चापि शङ्करो नगरीमिमां ।
तस्मादुत्तरकाशीति उत्तरपुण्यभूगता ॥९॥

२१५ *ऐजन,* ७२।१५-१७ ।

चतुर्वर्गफलैर्युक्ता: पापनिर्लिप्तदेहिन: ॥
दिविस्थास्तांश्च पश्यन्ति त्रिनेत्रिणश्च शूलिन: ।
वृषध्वजान् जटाशीर्षान्तद्गणांश्चन्द्रमौलिन: ॥
दिविस्था यत्र वाञ्छन्ति चतुर्वर्गफलाप्तये ।
त्रिदिवाधिकृते राज्ये स्थातुं रुद्रेण वै समम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ र सबै किसिमका यज्ञ, उपवास र हजारौं अश्वमेध आदि गरेर पाइने पुण्य पशुपतिको दर्शनले पाउन सकिन्छ भन्ने धारणा *हिमवत्खण्ड*मा पाइन्छ ।[२१६] त्यस्तै पशुपतिमा चन्दनमाला चढाउँदा, गौदान गर्दा, व्रत बस्दा, ब्राह्मणभोजन गराउँदा, धूपदीप चढाउँदा प्राप्त हुने फलको बारेमा विस्तृत रूपमा त्यहाँ चर्चा गरिएको छ ।[२१७] पशुपतिमा जसले एकपटक पितृकर्म अर्थात् श्राद्ध गर्छ, त्यसले बीस कुलको उद्धार गर्छ र कर्ता शिवलोकमा आनन्दसँग बस्न पाउँछ; जसले वाग्वतीको जल घडाले निकाली पशुपतिमा स्नान गराउँछ, घडाको पानीमा जति थोपा हुन्छन्, त्यत्ति वर्षसम्म कोटी कुलको उद्धार गरेर सो काम गर्ने व्यक्ति रुद्रलोकमा सुखपूर्वक बस्छ भन्ने विश्वास *हिमवत्खण्ड*ले समाजमा उब्जाइदिएको छ । त्यसैले त्यहाँ बताइएअनुसारका कार्यहरू सम्पादन गर्न धर्मानुरागी व्यक्तिहरू तिनको नियमित व्यवस्थाको लागि गूठीहरू राख्न प्रेरित भए ।[२१८]

नेपालमाहात्म्य र *पशुपतिपुराण*मा पनि पशुपतिको महत्त्वलाई दर्शाइएको छ, तर *हिमवत्खण्ड*मा जति बृहद् रूपमा चर्चा गरिएको छ त्यत्ति यी पछिल्ला ग्रन्थहरूमा छैनन् । यी ग्रन्थहरूले पशुपतिक्षेत्रमा मन्दिर, मूर्ति आदि धार्मिक कृतिहरूको स्थापनामा जोड दिए । शिवलिङ्गको स्थापना गर्नाले शिवसायुज्य प्राप्त हुन्छ, गणेशको स्थापना गर्नाले विघ्नले सताउँदैन भन्ने धारणाको वृद्धिमा पनि मदत पुऱ्याए । फलतः यस क्षेत्रमा मन्दिर, मूर्ति, शिवालयहरूको स्थापना गर्नुपर्छ भन्ने जनभावनालाई अझ प्रोत्साहित तुल्यायो ।[२१९] त्यसबाहेक वाग्वती र यहाँ भएका सानातिना पानीका खोल्सा र स्रोतहरूलाई पनि तीर्थको रूपमा उल्लेख गरिदिई सबैतिरबाट पशुपतिको महत्त्वलाई बढाउने काममा मदत पुऱ्याइयो । वाग्वतीलाई शिवजीको अट्टहासबाट निस्केको हो भन्ने अवधारणा बनाई त्यसलाई पवित्र छ भन्ने विश्वास दिलाउने प्रयास पनि उपर्युक्त ग्रन्थहरूमा भएको छ । वाग्वतीलाई शिवगङ्गा हुन् भन्दै गङ्गाभन्दा सयौं गुणा वाग्वती उत्तम छिन् भनिएको छ । त्यसैले यहाँ महापातकीले नुहाए भने पनि मृत्युपश्चात् उ शिवलोक जान्छ, नामै मात्र लिंदा पनि सम्पत्तिवान् बन्दछ; त्यहाँको जल पियो, नदीमा चोपलियो भने त कुलै तार्छ भन्ने जस्ता

---

२१६ (क) *ऐजन*, ७७।४७-५९ ।
(ख) प्रा. मधुसूदन रिसाल 'प्रदीप' (सम्पा.), *पशुपतिपुराण*, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२९), १७।२२-३७ ।

२१७ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २०१ सङ्ख्या । ८३।११३-१२८ ।

२१८ *ऐजन*, ७२।४५-४८ ।

क्षेत्रे पाशुपते यो हि सकृच्छ्राद्धं करोति च ।
विंशतिः कुलमुद्धृत्य शिवलोकं प्रगच्छति ॥
आर्यातीर्थांतिके यो वै पिंडं ददाति शांकरे ।
कुलकोटिं समुद्धृत्य रुद्रलोकं व्रजेत्सुखम् ॥
वाग्मत्याः सलिलं योहि घटेनोद्धृत्य शंकरं ।
स्नापयेत्स्कन्धवाहेन तस्य पुण्यफलं शृणु ॥
यावत्तदम्भसां विन्दुस्तावत्कालं समैककम् ।
(कोटिपितृन) कुलकोटीं समुद्धृत्य रुद्रलोके प्रमोदते ॥

२१९ मुक्तिनाथ खनाल, (सम्पा.), *नेपाल-माहात्म्य*, प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२८),

संसारे दुःखभूयिष्ठे यदीच्छेत् सुखमात्मनः ॥
मानवः स्थापयेल्लिङ्गं भुक्तिमुक्तिप्रदायकम् ।
शिवलिङ्गं स्थापयन्ति ये नरा भक्तितत्पराः ॥
तेषां ददाति संतुष्टः कैलासं पार्वतीपतिः ।
शिवस्यापि प्रियः पुत्रो गणेशो विघ्ननाशकः ॥
गणेशस्थापनाच्चापि न विघ्नैः परिभूयते ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उल्लेखहरूले वाग्वतीको महत्त्व बढाउने काममा मदत पुग्न गयो ।[२२०] त्यस्तै गरी श्लेष्मान्तक वन र यस क्षेत्रमा भएका धार्मिक महत्त्वका स्थलहरूको गुणानुवाद पनि ती ग्रन्थहरूमा बृहद् रूपले गरियो । ती सबै कारणहरूले गर्दा पशुपति र त्यसले चर्चेको क्षेत्रलाई अत्यधिक महत्त्व दिइने चलनको सूत्रपात भयो । सोऱ्हौं शताब्दीपश्चात् यहाँको महत्त्व बढाउने काममा निश्चित रूपले उपर्युक्त ग्रन्थहरूको योगदान रहेको छ । यहाँनिर एउटा कुरा के चाहिँ स्पष्ट छ भने *पशुपतिपुराण* जस्तो ग्रन्थ जसले यस क्षेत्रको महत्तालाई प्रशस्त गुणानुवाद गरेको छ, त्यो ग्रन्थ ने.सं. ६२४ (वि.सं. १५६१) श्रावणकृष्ण दशमीमा सारिएको उल्लेख पाइएको हुनाले त्यसभन्दा अगाडि पनि त्यसको अस्तित्वबारे सङ्केत मिल्छ ।[२२१] यसबाट सोऱ्हौं शताब्दीभन्दा अगाडि पनि पशुपति र यस क्षेत्रको चर्चा गरिएको शास्त्रीय आधार भएका ग्रन्थहरू जरुर थिए होलान् भन्ने अनुमान गर्न गाह्रो पर्दैन । जे होस्, मुख्य भूमिकाचाहिँ पशुपतिको स्थापनाले नै तयार पारेको हो यसमा सन्देह छैन ।

वास्तवमा हिन्दू समाजमा तीर्थको महत्त्व निकै अगाडिदेखि रहेको कारणले नै प्राचीन परम्पराको अनुसरण नेपाली जनजीवनमा पहिलेदेखि नै रहिआएको छ । तीर्थको उल्लेख र महत्त्व ऋग्वेददेखि नै पाइन्छ ।[२२२] *तैत्तिरीयसंहिता*मा तीर्थमा स्नान गर्नाले मुक्ति मिल्ने कुराको चर्चाको गरिएको छ ।[२२३] प्रसिद्ध मन्दिर, देवी-देवता, ऋषि-मुनि, नदी आदिको प्रभाव र सामीप्यले गर्दा नजिकका नदी, स्रोत, कुण्ड, पोखरी आदि तीर्थको रूपमा प्रसिद्धि पाउने परम्परा रहिआएको पाइन्छ ।[२२४] धर्मशास्त्रहरूमा तीर्थको दर्शन, स्पर्शन र पूजनलाई सामान्य धर्मकै रूपमा

---

२२० योगी नरहरिनाथ, पं. लोकराज सत्याल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी सङ्ख्या २०१, ८३।४५-४८ ।

वाग्मत्या जीवने स्नात्वा प्रविश्य च यथाविधि ।
तत्तद्दोषजपीडाभिस्तस्य शान्तिर्भविष्यति ॥
वाग्मत्या यत्र ये स्नात्वा मामर्च्चयन्ति सन्त ।
उद्धरिष्ये च तान्प्रीत्या घोरात्संसारसागरात् ॥
यस्तस्याः वारिणा पूर्णमेकं वा घटमुद्धरेत् ।
स्नापनार्थं च नियमी भक्तिश्रद्धान्वितो बुधः ॥
अश्वमेधफलं प्राप्य मम लोके महीयते ।
अम्भसां बिन्दवो यावत्तावद्वर्षं च सङ्ख्यया ॥

२२१ योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, ६ अङ्क, (वि.सं. २०१० आश्विन), १७ पृष्ठ ।

२२२ (क) स्वामी दयानन्द (सम्पा.), *ऋग्वेद*, भाषाभाष्य, प्रथम भाग, (नई दिल्ली: दयानन्द संस्थान), १ । १६।६
तीर्थे नार्यः पौंस्यांनि तस्थौ
(ख) *ऐजन* , ४।२९।३।
करण न इन्द्रः सुतिर्थाभयम् च
(ग) स्वामी दयानन्द, *ऋग्वेद*, भाषाभाष्य, द्वितीय भाग, (नई दिल्ली दयानन्द संस्थान), ८।४७।११। १९४ पृष्ठ ।
अरित्रम् वाम दिवस पृथु तीर्थे सिन्धुनाम् रचः
(घ) *ऐजन*, १०।३१।३।
तीर्थे न दसममुपाय यन्त्युमाः

२२३ अर्जुन चौवे काश्यप (अनु.), *धर्मशास्त्रका इतिहास*, तृतीय भाग, द्वितीय संस्करण, (लखनउः हिन्दी समिति, सन् १९७५), १३०० पृष्ठ ।
अप्सु स्नाति साक्षादेव दीक्षातपसी अवदन्धे तीर्थे स्नाति - *तैत्तिरीयसंहिता* ५।१।१।१-२ ।

२२४ मनसुखरायमोर (सम्पा.), *स्कन्दपुराणम्, मांहेश्वर खण्डात्मकः* प्रथमो भागः, प्रथम संस्करणम्, (कलकत्ताः गुरुमण्डल ग्रन्थमाला, वैक्रमाब्द २०१६), २।१३।१०। २६१ पृष्ठ ।
मुख्या पुरुषयात्रा हि तीर्थयात्रानुषङ्गतः ।
सद्भिः समाश्रितो भूप भूमिभागस्तयोच्यते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उल्लेख गरिएको छ । *विष्णुधर्मसूत्र*मा क्षमा, सत्य, दम, शौच, दान, इन्द्रियसंयम, अहिंसा, गुरुशुश्रूषा, तीर्थभ्रमण, दया, लोभशून्यता, देवब्राह्मणपूजन, अनभ्यसूयालाई मानव-जीवनको सामान्य धर्म बताइएको छ ।[२२५] तीर्थस्थल र तीर्थयात्राको मर्यादा एवं आचार-विचारको सम्बन्धमा पनि प्रशस्त चर्चाहरू पाइन्छन् ।[२२६] यज्ञानुष्ठान गर्दा पाइने फलभन्दा पनि तीर्थयात्रा गर्दाको फललाई बढी महत्ता दिइएको पाइन्छ ।[२२७] यिनै कारणहरूले गर्दा तीर्थ र तीर्थयात्राको महत्त्व क्रमशः बढ्दै गयो । त्यसले गर्दा तीर्थहरू एकात्म भावनाको वृद्धि गर्ने स्थल बन्न पुगे । वर्ण, जाति आदिमा समाज विभक्त भए तापनि तीर्थहरू सबैको निमित्त साझा हुन पुगे । तीर्थस्थलहरूले सबैलाई विनाभेदभाव एकै स्थलमा ल्याउन सक्यो । नैतिक, आध्यात्मिक मूल्य र मान्यताको साथै मठ, मन्दिर आदिको ज्ञानको समेत अभिवृद्धि गर्न सघाउ पुऱ्याउने हुँदा तीर्थयात्रालाई महत्ता दिइएको हो । 'तीर्थ' शब्दले जल तथा नदीलाई बढी बुझाउने गरेको पाइन्छ । हुन त सामान्य अर्थमा तीर्थ भन्दा मठ, मन्दिर, नदीलगायत सबै क्षेत्रलाई बुझाउँछ, त्यसो भए तापनि पुराणहरूमा तीर्थहरूको उल्लेख गर्दा नदी, पानीको स्रोत, कुण्ड, पोखरी आदिलाई सङ्केत गर्न खोजेको पाइन्छ ।

पशुपतिक्षेत्रमा कतिपय तीर्थहरू लिच्छविकालकै शिलालेखहरूमा पाइएको कुराको चर्चा माथि गरियो । ती तीर्थहरूमा कस्तो प्रकारले श्रद्धा, आस्था प्रकट गरिन्थ्यो प्राप्त अभिलेखहरूबाट थाहा हुन नसके तापनि तात्कालिक साहित्यिक प्रमाणहरूबाट भने त्यसबारेमा थाहा पाउन नसकिने होइन । तीर्थको सेवन वा यात्रालाई ज्यादै महत्ता प्रदान गरिनुको कारण यस प्रकारका धार्मिक यात्राहरूले जीवनको असङ्गतिहरू तथा कुप्रवृत्तिहरू निराकरण गर्न

---

२२५ अर्जुन चौबे काश्यप (अनु.) *पूर्ववत्*, पादटिप्पणी २२४ सङ्ख्या, १३०० पृष्ठ ।
क्षमा सत्यं दमः शौचं दानमिन्द्रियसंयमः ।
अहिंसा गुरुशुश्रूषा तीर्थानुसरणं दया ॥
आर्जवं लोभशून्यत्वं देवब्राह्मणपूजनम् ।
अनभ्यसूया च तथा धर्मः सामान्य उच्यते ॥
- *विष्णुधर्मसूत्र* २।१६-१७।

२२६ पं. रामचन्द्रशास्त्रि किंजवाडेकर (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २०० सङ्ख्या, वनपर्व ८२।१०९-११२। ३१८ पृष्ठ ।
यस्य हस्तौ च पादौ च मनश्चैव सुसंयतम् ।
विद्या तपश्च कीर्तिश्च स तीर्थफलमश्नुते ॥
प्रतिग्रहादपावृत्तः सन्तुष्टो येन केनचित् ।
अहङ्कारनिवृत्तश्च स तीर्थफलमश्नुते ॥
अकल्ककोनिरारम्भो लघ्वाहारो जितेन्द्रियः ॥
विमुक्तः सर्वपापेभ्यः स तीर्थफलमश्नुते ॥
अक्रोधनश्च राजेन्द्र सत्यशीलो दृढव्रतः ।
आत्मोपमश्च भूतेषु स तीर्थफलमश्नुते ॥

२२७ (क) *ऐजन*, वनपर्व ८२।११३-११७।
ऋषिभिः क्रतवः प्रोक्ता देवेष्विह यथाक्रमम् ।
फलं चैव यथातथ्यं प्रेत्य चेह च सर्वशः ॥
न ते शक्या दरिद्रेण यज्ञाः प्राप्तुं महीपते ।
बहूपकरणा यज्ञा नानासम्भारविस्तराः ॥
प्राप्यन्ते पार्थिवैरेतैः समृद्धैर्वा नरैः क्वचित् ।
नार्थन्यूनैर्नावगणैरेकात्मभिरसाधनैः ॥
यो दरिद्रैरपि विधिः शक्यः प्राप्तुं नरेश्वर ।
तुल्यो यज्ञफलैः पुण्यैस्तं निबोध युधां वर ॥
ऋषीणां परमं गुह्यमिदं भरतसत्तम ।
तीर्थाभिगमनं पुण्यं यज्ञैरपि विशिष्यते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहयोग पुऱ्याउँछन् भन्ने हो । कर्मेन्द्रिय तथा ज्ञानेन्द्रियलाई संयमित तुल्याई जीवनलाई धन्य बनाउने उद्देश्य पनि तीर्थयात्रा र तीर्थसेवनमा गाँसिएको हुन्छ ।

पशुपतिक्षेत्रमा रहेको वाग्वतीलाई बढीभन्दा बढी महत्ता प्रदान गर्ने काममा हिमवत्खण्डले धेरै सघाउ पुऱ्याएको छ ।[२२८] खास गरी वाग्वती नदीका तीर्थहरूको नामकरण नजिकका मूर्ति, मन्दिर, र यहाँ रहेको स्थलको धार्मिक महत्त्वको कारणबाट राखिएको पाइन्छ ।

महत्त्वपूर्ण तीर्थस्थल भएर लामो समयदेखि रहेको पशुपतिमा आदर-सम्मान एवं पूजाआजा गर्न आउने क्रम अगाडिदेखि नै चलेको हुँदो हो । *पशुपतिपुराण, हिमवत्खण्ड, नेपालमाहात्म्य*मा भगवान् कृष्णलगायत प्रद्युम्न, नारद आदि कतिपय पौराणिक पुरुषहरू पशुपतिमा आएको विवरण दिइएको छ । तिनीहरूमा वर्णित कतिपय कुराहरू ऐतिहासिक दृष्टिकोणले हेर्दा सन्देहात्मक भए तापनि तिनीहरूले भनेको कुरालाई सङ्केतात्मक तवरले लिंदा पशुपतिनाथको महत्त्वको कारण तीर्थयात्रा गर्ने चलन लामो समयदेखि चलेको हो भन्ने बुझिन्छ । अतीतमा कति त्यस्ता यात्रीहरू आए हुनन्, त्यस्ता व्यक्तिहरूमध्ये केहीको उल्लेख अभिलेखहरूमा पाइएका पनि छन् । ने.सं. २६२ (वि.सं. ११९९) को राष्ट्रिय सङ्ग्रहालयमा रहेको अभिलेखमा काशीका शङ्कराचार्य नेपालमा दुइ पटक आएको तथा पशुपतिनाथमन्दिरको जीर्णोद्धारसहित पूजाआजासम्बन्धी व्यवस्थापनमा केही बन्दोबस्त गरेको चर्चा परेको छ ।[२२९] उनले पशुपतिनजिक नाटेश्वर (नटराज) को मूर्ति स्थापना गरी आफ्नो नाउँबाट गद्दी पनि त्यहाँ स्थापना गरिदिएका थिए ।[२३०] साथै शैव धर्मको प्रचार-प्रसारमा निकै योगदान गरेका थिए । त्यसको झण्डै २६० वर्षपछिको ने.सं. ५२३ माघ (वि.सं. १४५९) को पशुपतिमा रहेको शिलालेखबाट कृष्ण भट्ट नामका व्यक्तिले पशुपतिमा यज्ञ आदि अनुष्ठान गरेको अवगत हुन्छ ।[२३१] सम्भवत: यिनी पशुपतिनाथमन्दिरका पुजारी होलान् । त्यस्तै ने.सं. ५२८ (वि.सं. १४६४) माघको राजराजेश्वरीको अभिलेखमा कुनै व्यक्तिले देवीको प्रतिमा स्थापना गरेको कुरा आएको छ ।[२३२] सो अभिलेखमा ठाउँ-ठाउँमा दक्षिणात्य तेलगुलिपि आएकोले देवीको मूर्तिप्रतिष्ठा गर्ने व्यक्ति दक्षिण भारतका थिए भन्ने अनुमान हुन्छ । ने.सं. ५९१ माघ (वि.सं. १५२७) को पशुपतिनाथको प्राङ्गणमा रहेको एउटा अभिलेखमा नारायण भट्टले पशुपतिनाथस्थित भैरवलाई लक्ष्य गरी नित्यनैमित्तिक पूजाआजाको लागि जग्गा गूठी राखेका थिए । यी भट्टान्त नामधारी व्यक्तिहरू विदेशी र पशुपतिनाथको पूजाआजा कार्यसँग सम्बद्ध व्यक्ति हुनुपर्ने देखिन्छ । पशुपतिमन्दिर र यस क्षेत्रको महत्त्वको संवर्द्धनमा त्यतिखेर उनीहरूले गरेका कार्यहरूले थप उत्साहवर्द्धन गरेको कुरा उल्लेखनीय छ । यो क्रम पछि पनि जारी नै रह्यो । पशुपतिनाथको यात्रा गर्न ने.सं. ७७४ (वि.सं. १७११) मा काशीबाट सोम शर्मा नामका ब्राह्मण आएका थिए ।[२३३] त्यस वेला उनले पशुपतिमा प्रतिदिन पञ्चामृतस्नानको लागि दशवटा गाई र त्यसको साथमा साँढे पनि चढाएको उल्लेख पाइन्छ । त्यस्तै 'महाराष्ट्री' उपनामधारी दामोदर भट्टले पशुपतिको यात्राको क्रममा ने.सं. ७८५ (वि.सं. १७२१) मा पशुपतिनाथमा पञ्चामृतस्नानको लागि केही जग्गा गूठी राखिदिएको उल्लेख पाइनाले पशुपतिनाथमा दर्शनपूजन गर्न विदेशी यात्रुहरू आउने–जाने गरेको स्पष्ट हुन्छ ।[२३४] वि.सं. २००७ सालअगाडि महाशिवरात्रिको अवसरमा पशुपतिनाथमा दर्शनको लागि भारतबाट प्रशस्त दर्शनार्थीहरू आउने गर्थे ।

---

२२८ योगी नरहरिनाथ, पं. लोकराज सत्याल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २०१ सङ्ख्या, परिशिष्टखण्ड, ८-८० पृष्ठ ।

२२९ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २१२ सङ्ख्या, २ परिशिष्ट, २७-२९ पृष्ठ ।

२३० *ऐजन* ।

२३१ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p. 39.

२३२ *Ibid.*, pp. 44-46.

२३३ परिशिष्टभाग अभिलेखखण्ड (क), ३३ सङ्ख्या ।

२३४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४२ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस वेलासम्म अरू समयमा सामान्य रूपमा भारतीयहरू यहाँ आउन पाउँदैनथे। त्यसरी पशुपतिनाथको दर्शन गर्न आउनेहरूमा राजा, रजौटा, विद्वान्, नटुवा, ज्योतिषी एवं जोगीहरू हुन्थे। त्यस अवसरमा शास्त्रचर्चाहरू हुन्थे।[२३५] नेपालको विभिन्न भागका राजारजौटाहरू पनि पशुपतिनाथको दर्शनको लागि आएका उल्लेखहरूले पशुपतिनाथको प्रसिद्धि देश तथा विदेशमा समान रूपमा भएको अवगत हुन्छ। कर्णालीप्रदेशका खस राजा जितारि मल्ल काठमाडौँखाल्डोमा आक्रमणको उद्देश्य लिई आउँदा ने.सं. ४०९ फाल्गुन (वि.सं. १३४५) एवं ने.सं. ४१० (वि.सं. १३४७) मा स्वयम्भू, रातो मत्स्येन्द्रनाथ आदि मन्दिरमा दर्शनपूजन गरी पशुपतिनाथमा पनि गएको विवरणले[२३६] पशुपतिनाथ, स्वयम्भू आदि मन्दिरहरूको प्रसिद्धिको कारण शत्रुदेशको देव-देवता भनी उनले भेदभाव नगरेको बुझिन्छ। त्यस्तै पाल्पाका मुकुन्द सेनले वि.सं. १५८१ मा काठमाडौँखाल्डोमाथि आक्रमण गर्न आउँदा उनी औँसीको दिन पारी पशुपतिमा नुहाउन गएका थिए।[२३७] यस प्रकार लडाइँको अवसरमा समेत पनि श्रद्धा-भक्ति देखाउन शत्रु राजाहरू उत्सुक भएका घटनाले तात्कालिक जनजीवनमा पशुपतिनाथको प्रतिष्ठालाई प्रकाश पार्न केही मदत गर्दछ। लडाइँबाहेक अन्य समयमा पनि राजाहरू पशुपतिनाथको दर्शनको अभिप्रायले आउँदथे। श्री ५ पृथ्वीनारायण शाहका बाजे वीरभद्र शाह,[२३८] श्री ५ पृथ्वीनारायणका मामा पाल्पाली राजकुमार पशुपतिनाथको दर्शनको लागि गएको उल्लेखले यस कुराको पुष्टि हुन्छ।[२३९] यस्ता उल्लेखहरू पछिसम्म पनि पाइन्छन्।[२४०] बाटोघाटो र यातायातको सुविधा पहिलेभन्दा अहिले बढ्दै गएकोले के पर्वका दिन! के सामान्य दिन। प्रत्येक दिन पशुपतिनाथमन्दिरमा हजारौँ दर्शनार्थीहरू पुग्छन्। महाशिवरात्रि, बालाचतुर्दशी, तीज आदि पर्वहरूमा अन्य दिनहरूको भन्दा बढी घुइँचो लाग्छ।

जीवनका अनेक पक्षहरूबाट पशुपतिक्षेत्रलाई महत्त्व दिने चलन प्राचीन कालदेखि नेपाली जनजीवनमा देखा-परेको बुझाउने अनेकौँ प्रमाणहरू पाइन्छन्। पशुपतिमन्दिरको सामीप्य तथा वाग्वतीको घाटमा दान दिए पुण्य प्राप्त हुन्छ भन्ने जनविश्वासस्वरूप सती जाँदा एवं जीवनको अन्तिमावस्थामा ब्राह्मणलाई जग्गा दान दिने चलन पनि पाइन्छ। वि.सं. १८६३ वैशाखशुक्ल १५ का दिन श्री ५ रणबहादुर शाहका रानी सुवर्णप्रभा आर्यघाटमा सती जाँदा पशुपति रेग्मीलाई त्यहाँ जग्गा दान दिइएको थियो।[२४१] त्यस्तै वि.सं १९३८ ताका श्री ५ सुरेन्द्रलाई आराम नभई आर्यघाट ल्याउँदा टुँडिखेलमुनिको जग्गा गौचरको निमित्त सङ्कल्प गराइएको उल्लेख पाइन्छ।[२४२] असाध्य रोगबाट पीडित व्यक्तिको स्वास्थ्यलाभका उद्देश्यले दानदक्षिणा आदिको साथै अन्य धार्मिक विधिविधान श्रद्धाविश्वाससाथ पूजाआजा गर्ने प्रचलन पहिलेदेखि नै रह्यो। श्री ५ रणबहादुरकी रानी कान्तवती सिकिस्त हुँदा ब्राह्मणहरूलाई सिधादक्षिणा दिई पिपलका पातहरूमा ॐकार लेखाई वाग्वतीमा बहाइएको थियो।[२४३] उपर्युक्त कार्यहरूलाई नकारात्मक दृष्टिकोणले हेर्नेहरूले अन्धविश्वास सिवाय केही होइन भन्लान्, तर समाजले गरेको विश्वास र आस्थालाई प्रस्फुटित गराउने काममा ती कार्यहरूको पनि नेपाली संस्कृतिमा आफ्नै स्थान भएको कुरा स्मरणीय छ।

---

२३५ धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल (सम्पा.), *जयरत्नाकरनाटक*, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१४), १०८ पृष्ठ।

२३६ Dhanvajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p.34.

२३७ महेशराज पन्त, "नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको आक्रमण", *पूर्णिमा*, १२ वर्ष, १ अङ्क, (वि.सं.२०३७ जेष्ठ), १९ पृष्ठ।

२३८ दिनेशराज पन्त, *गोरखाको इतिहास*, प्रथम भाग, (काठमाडौँ: दिनेशराज पन्त, वि.सं. २०४१), १६७ पृष्ठ।

२३९ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, पहिलो खण्ड, (ललितपुर जगदम्बा प्रकाशन, वि.सं. २०५०), ३१७ पृष्ठ।

२४० यस्तै किसिमका केही उल्लेखहरू शिवरात्रिको प्रसङ्गमा यसै पुस्तकमा प्रकाश पारिएको छ।

२४१ परिशिष्टभाग, अभिलेखखण्ड (क), २०१ सङ्ख्या।

२४२ वि.सं १९३८ श्रावणवदि १ रोज ३ को दुइछापे। गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल ५ कि.नं., ९२ सङ्ख्या, १३ पृष्ठ।

२४३ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १९५ सङ्ख्या, ४१ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धार्मिक महत्त्वले ओतप्रोत भएको वाग्वती तथा पशुपतिनाथमन्दिरको सन्निकटताले गर्दा आर्यघाटवरपरको क्षेत्रलाई अरू धार्मिक कार्यहरूबाहेक अन्तिम संस्कारको लागि पवित्र ठाउँको रूपमा लिइएको पाइन्छ । *गोपालराज-वंशावली*मा घाटको दृष्टिकोणले त्यसलाई 'राजदीप' भनिएको छ ।[२४४] वि.सं. १३६५ श्रावणकृष्ण त्रयोदशीको दिन अनन्त मल्लको मृत्यु हुँदा उनलाई देवपाटनको राजदीपमा दाहसंस्कार गरिएको उल्लेख पाइन्छ ।[२४५] ने.सं. ६३० (वि.सं. १५६६) मार्गकृष्ण सप्तमी सोमवारका दिन यक्ष मल्लका जेठा छोरा राय मल्लको मृत्यु हुँदा देवपाटनमा ल्याउन प्रयत्न गरिएको थियो । परन्तु भाइ रत्न मल्लसँगको मनमुटावले यति उग्ररूप लिएको थियो कि आफ्नै दाजुको दाहसंस्कार पनि देवपाटनमा हुन दिएनन् ।[२४६] त्यसो हुँदा उनको दाहसंस्कार भोलिपल्ट शङ्खमूलमा गरियो । धार्मिक तीर्थस्थलको रूपमा पशुपतिक्षेत्रले पाएको महत्ताको कारण नै दाहसंस्कार त्यहाँ गराउने परम्पराको थालनी भएको हो । यो चलनको सूत्रपात यहाँ कहिलेदेखि भएको हो निश्चित भन्न सकिन्न, तर मल्लकालदेखिका भने केही उल्लेखहरू पाइनाले घाटको रूपमा पशुपतिस्थित आर्यघाटको प्रसिद्धि भएको बुझिन्छ । प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह मल्लको दाहसंस्कार पनि यहीँ गरिएको थियो । *वंशावली*मा त्यसलाई देवघाटराजश्मशान भनिएको छ ।[२४७] श्री ५ पृथ्वीनारायण शाहद्वारा पराजित भएपछि काठमाडौँका तात्कालिक मल्ल राजा जयप्रकाश मल्लले आर्यघाटमा प्राणत्याग गर्ने मनसुवाले पशुपतिमा बस्ने अन्तिम इच्छा प्रकट गरेका थिए । केही दिनपछि वि.सं. १८२६ मार्गकृष्ण ७ रोज ६ मा उनको आर्यघाटमा मृत्यु भयो[२४८] र त्यहीँ दाहसंस्कार गरिएको थियो । उनका छोरा ज्योतिप्रकाशको शरीरलाई पनि पशुपतिको राजघाटमा दाहसंस्कार गरिएको थियो ।[२४९] शाहकालमा यसको प्रसिद्धि अझ बढ्यो । राजा, राजपरिवार, भाइभारदार र दुनियाँदारहरूको दाहसंस्कार गर्ने महत्त्वपूर्ण घाटको रूपमा आर्यघाट रह्यो । अन्तिम अवस्थामा त्यहाँ पुऱ्याउने र जलाउने चलनले व्यापकता पायो । श्री ५ सुरेन्द्रवीरविक्रम शाहको पालामा हरिप्रियादेवीबाट बिरामी राख्ने सत्तल र घाटको निर्माण आर्यघाटमा गरियो । वीरशमशेरको प्रधानमन्त्रित्वकालमा भस्मेश्वरतर्फ घाट एवं चितास्थलहरूको पुनर्निर्माण भयो । पछि वि.सं. २०१८ तिर रामनाथ भन्ने अघोरी साधुले वर्षातको समयमा दाहसंस्कार गर्दा असजिलो नहोस् भनी टिनको छत हालिदिएकोमा वि.सं. २०४३ सालमा पशुपतिक्षेत्रविकास तथा सुधारसमितिबाट त्यसको जीर्णोद्धार भयो । शाहवंशीय राजाहरूमा श्री ५ गीर्वाणयुद्धविक्रमको मृत्यु आर्यघाटमा भएको थियो ।[२५०] वि.सं. १९८२ अघि सतीप्रथा रहुन्जेलसम्म ज्यादातर आर्यघाटमा सती जाने चलन थियो । सतीहरू जलाउने ठाउँ छुट्टै थियो ।[२५१] श्री ५ त्रिभुवनको देहलाई स्वीट्जरल्याण्डबाट वि.सं. २०११ मा आर्यघाटमा ल्याई दाहसंस्कार गरियो । त्यस्तै वि.सं. २०२८ मा श्री ५ महेन्द्रको स्वर्गारोहण चितवनमा हुँदा पनि आर्यघाटमा ल्याइएको घटनाले पशुपति वा आर्यघाटको समाजमा विद्यमान प्रतिष्ठालाई झल्काउँछ ।

---

२४४ राजदीप त्रिविक्रमको मूर्ति रहेको ठाउँदेखि उत्तरपट्टिको भागलाई भनिन्छ । पहिले त्यहाँ पुग्ने 'सिं लँ' नै बेग्लै थियो । पाटन, काठमाडौँ, भक्तपुरबाट आउने अलग-अलग गोरेटो बाटो त्यहाँ थियो । दुइवटा गोरेटोको अवशेष अझै मौजूद छन् ।

२४५ Dhanvajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p. 98.

२४६ महेशराज पन्त, "राय मल्लको मृत्यु कहिले भयो?," *पूर्णिमा*, १२ वर्ष, ३ अङ्क, (वि.सं. २०३७, मार्ग), २१ पृष्ठ ।

२४७ (क) Daniel Wright, *op.cit.*, foot note no. 33, p. 132.

(ख) वासुकिमन्दिरको पूर्वपट्टि वाग्वतीको किनारमा रहेको रणबालेश्वरमन्दिरअगाडिको ठाउँलाई देवघट्टतीर्थ नामले सम्बोधन गरिन्छ । त्यही देवघट्टलाई वंशावलीकारले 'देवघाट' नाम दिएको हुनुपर्छ ।

२४८ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, तेस्रो खण्ड, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२५), ८९५ पृष्ठ ।

२४९ Daniel Wright, *op.cit.*, foot note no. 33, pp. 52-53.

२५० *Ibid.*, p. 162.

२५१ *Ibid.*, p. 13.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवलाई पशु र पाशबाट मुक्त गराउने आराध्यदेव भगवान् पशुपतिनाथ हुनुभएको तथा परमपावनी वाग्वती नदीको कारण पशुपतिमन्दिरका सान्निध्यका घाटहरूको अत्यधिक महत्त्व रहन गएको देखिन्छ । आर्यघाटलाई पावन, पुण्यदायक र मोक्षदायिनी मानेर जीवनको अन्तिम घडीमा यहाँ ल्याउने झण्डै परम्परा नै बसिसकेको छ । कति मानिसहरूले आफ्नो इहलीला आर्यघाटमा विसर्जन गर्ने इच्छा परिवारलाई सुनाउने र त्यही कारणले कहीं कतै परलोक भए भने पनि आर्यघाटमा नै ल्याई अन्तिम संस्कार गर्ने प्रचलन पनि छ ।

६.५ पशुपतिको नाममा मुद्रा र संवत्को प्रचलन

पशुपतिनाथको नेपाली जनजीवनमा भएको स्थानको बारेमा प्रकाश पार्न भगवान् पशुपतिनाथको सम्मानमा प्रसारित 'पशुपति' लेख उत्कीर्ण तामाका लिच्छविकालिक मुद्राहरू उल्लेखनीय मानिन्छन् । लिच्छवि, मल्ल र शाहवंशीय राजाहरूद्वारा प्रसारित कुनै-कुनै मुद्राहरूमा 'पशुपति' नाम पाइनाले उनीहरूको पशुपतिप्रतिको श्रद्धाभाव बुझ्न मदत पुग्दछ । काठमाडौँका मल्ल राजा जयप्रकाश मल्लको ने.सं. ८७३ (वि.सं. १८१०) को सुकीको अग्रभागमा 'श्रीश्रीश्रीपशुपति' एवं पृष्ठभागमा 'श्रीश्रीश्रीगुह्येश्वरी' अङ्कित[२५२] एवं श्री ५ पृथ्वीवीरविक्रम शाहको वि.सं. १९५१ को तामाको एक पैसामा (मोहरको ३२ औं भाग) पृष्ठभागमा भएको 'श्रीपशुपतिनाथ' लेखले मुद्राको माध्यमबाट पनि पशुपतिप्रति श्रद्धा, भक्ति देखाउन तात्कालिक शासकहरू पछि नपरेको बुझिन्छ ।[२५३] त्यस परम्पराको पृष्ठभूमि लिच्छविकालदेखि नै बन्दै आएको थियो भन्ने कुरा 'पशुपति' नाम उत्कीर्ण मुद्राहरूको व्यापक प्रचार लिच्छविकालमा भएबाट बुझिन्छ ।

नेपालका प्राचीन मुद्राहरूमा सबैभन्दा धेरै सङ्ख्यामा पाइने मुद्रा पशुपतिमुद्रा नै हो । यो एक किसिमले पशुपतिको नाममा चलाइएको स्मारक मुद्रा हो । विभिन्न प्रसिद्ध मन्दिरहरूको नाममा 'स्मारकमुद्रा' बनाउने चलन भारतमा पछिसम्म पाइन्छ । तर लिच्छविकालमा प्रचलित 'पशुपति' मुद्रा र भारतका तीर्थस्थलहरूमा पाइने 'स्मारक मुद्रा' हरूमा निकै अन्तर छ । जहाँ पशुपतिमुद्राको मौद्रिक मूल्य भएको देखिन्छ भने भारतका मन्दिरहरूको नाममा निष्काशित मुद्राहरूचाहिँ केवल सम्झनाका लागि बनाइएका मौद्रिक मूल्यविहीन छापहरू मात्र देखिन्छन् । अर्को कुरा-पशुपतिमुद्राको स्तरीय तौल, शैली र समानता जस्ता कुराहरूलाई हेर्दा तथा नेपालमा प्रारम्भदेखि नै मुद्रा निष्काशन गर्ने काम राज्यको भएकोले 'पशुपति' मुद्राहरू विभिन्न राजाहरूद्वारा प्रसारित देखिन्छ । जबकि कतिपय स्मारक मुद्राहरू टक्सारीहरूले टक मारी नगण्य मूल्य लिई बेच्छन् । अर्को कुरा त्यसमा दोहोरो मूल्य वा मौद्रिक मूल्य रहेको हुँदैन ।

'पशुपति' मुद्राहरूलाई तिनमा देखिने शैलीगत भिन्नताको आधारमा भिन्न-भिन्न समूहमा बाँड्न सकिन्छ । सत्यमोहन जोशीले पशुपतिमुद्रा चार किसिमका छन् भनी लेख्नुभएको छ[२५४] भने इ.एच. वाल्सले बाह्र किसिमका 'पशुपति' मुद्राहरूको वर्णन गर्नुभएको छ ।[२५५] त्यस्तै डा. जगदीशचन्द्र रेग्मीले एक ठाउँमा नौ किसिमका छन् भनी बताउनुभएको छ[२५६] भने अर्को ठाउँमा दश प्रकारका त्यस्ता मुद्राहरूको वर्णन गर्नुभएको छ ।[२५७] जे होस्, 'पशुपति'

---

२५२ E.H. Walsh, *The coinage of Nepal*, First Edition, (Varanasi: Indological Book House, 1973 A.D.), p.62.
२५३ *Ibid*., p. 86.
२५४ सत्यमोहन जोशी, *नेपाली राष्ट्रिय मुद्रा*, प्रथम संस्करण, (ललितपुर: जगदम्बा प्रकाशन, वि.सं. २०१९), ६०-६१ पृष्ठ ।
२५५ E.H.Walsh, *op.cit.*, foot note no. 252, pp. 52-53.
२५६ डा. जगदीशचन्द्र रेग्मी, *लिच्छवि-संस्कृति*, प्रथम संस्करण, (काठमाडौँ: रत्न पुस्तक भण्डार, वि.सं. २०३०), १९८-२१४ पृष्ठ ।
२५७ डा. जगदीशचन्द्र रेग्मी, *नेपालको धार्मिक इतिहास*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३०), ११०-११३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुद्राको प्रचलनले यसको सम्बन्ध पशुपतिनाथको मन्दिरसँग छ भन्ने कुरामा सन्देह छैन । पशुपतिमुद्रामा संवत् तथा राजाको नाम लेखिएको नपाइने हुनाले ती मुद्राहरू क-कसले निष्काशित गरेका हुन्, निश्चयसाथ भन्न सकिन्न । तर ती मुद्राहरूमा लिच्छविलिपिमा 'पशुपति' लेखिएको हुनाले तिनीहरू लिच्छविकालमा निष्काशित भएका मुद्रा हुन् भन्ने बारेमा चाहिँ दुइ मत छैन । जहाँसम्म यिनीहरूको प्रवर्तनको कुरा छ, पशुपतिप्रति शिलालेखहरूमा स्पष्टसँग श्रद्धा-भक्ति देखाउन अंशुवमदिखि शुरू भएको र त्यसको अनुकरण उदयदेव, जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीयहरूले पनि गरी आफ्नो नामअगाडि 'भगवत्पशुपतिभट्टारकपादनुध्यात' अर्थात् भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका भनी लेखाउन थालेका थिए । 'भगवत्पशुपतिभट्टारकपादानुध्यात' भनी पशुपतिप्रति अतिशय भक्ति प्रकट गर्ने पहिला शासक अंशुवर्मा नै हुन् । यसकारण पशुपतिनाथको सम्मानमा 'पशुपति' अङ्कित मुद्रा अंशुवर्माले नै पहिले प्रचलित गरेको देखिन्छ ।[२५८] 'पशुपति' मुद्रामा अङ्कित लिपिको विचार गर्दा ती मुद्राहरू विभिन्न समयमा निष्काशित भएका देखिन्छन् । समग्रमा भन्दा ती मुद्राहरू जयदेव द्वितीयको समयसम्ममा पशुपतिप्रति भक्तिले चढाइएका हुन् । पशुपतिनाथको मात्र होइन, पशुपतिनाथका वाहन 'वृष' को नाममा समेत लिच्छविकालमा तामाका साना मुद्राहरू प्रचलनमा ल्याइएका थिए ।[२५९] यो मुद्राको अग्रभागमा 'वृष' र पृष्ठभागमा 'शिव' लेख अङ्कित छ । जहाँसम्म यो मुद्रालाई प्रचलनमा ल्याउने व्यक्तिको कुरा छ, त्यसबारेमा निश्चित केही भन्न सकिन्न । कसैले यसलाई वृषदेवको भनी प्रचार गरेका छन्,[२६०] तर त्यसमा उत्कीर्ण लिपि त्यत्ति अघिल्लो कालको छैन । डा. जगदीशचन्द्र रेग्मीले वृषमुद्राको प्रचलन शिवदेव द्वितीयले गरेको मान्नुभएको छ ।[२६१] अरू प्रमाण नपाउन्जेलसम्म उक्त धारणा मान्य देखिन्छ । यो मुद्रा चार प्रकारका पाइएका छन् ।[२६२]

त्यस्तै पशुपतिप्रतिको सम्मानको परम्परामा राघवदेवले अर्कै मौलिक काम गरेका देखाए, त्यो हो पशुपतिको नाममा नयाँ संवत्को प्रचलन ।[२६३] पछि यो संवत् 'नेपालसंवत्' को नामले प्रसिद्ध भयो र अहिलेसम्म कुनै न कुनै रूपमा यसको प्रचलन खास गरी नेवार समुदायमा रहिरहेको छ । अंशुवर्माको समयदेखि राष्ट्रिय स्तरमा प्रचलनमा देखिएको संवत्को उल्लेख सं. ३०१ (वि.सं. ९३४) सम्म पाइएको छ, त्यस वेला राजा मानदेव तृतीय थिए ।[२६४] मानदेव तृतीयपछि राघवदेव गद्दीमा बसेका हुन् । संवत् ३०४ (वि.सं. ९३७) पछिका अभिलेख, हस्तलिखित ग्रन्थहरूमा मानदेव संवत्को प्रचलन देखिँदैन । बरु अर्कै संवत्, जुन 'नेपालसंवत्' को नामले प्रसिद्ध भयो, त्यो चल्यो । नेपालसंवत्को प्रचलन र यसको प्रवर्तकको बारेमा *भाषावंशावली*हरूमा अनेक किंवदन्तीहरू पाइन्छन् । तर ऐतिहासिक घटनाक्रमसँग तिनीहरूको तालमेल नमिल्ने हुनाले *भाषावंशावली*हरूको विवरणलाई स्वीकार्न सकिँदैन । नेपालसंवत्को प्रचलन हुनामा के कारण निहित छ भन्ने कुरा निश्चित भन्न गाह्रो छ । इतिहासमा खास गरी राजवंशको परिवर्तन हुँदा नयाँ राजवंशले आफ्नो नामबाट संवत् चलाएको पाइन्छ । तर नेपालसंवत्को सन्दर्भमा त्यस्तो घटनाको सम्बन्ध नभएको कुरा शिलालेखहरूमा एवं प्राप्त वंशावलीहरूमध्ये पुरानो मानिने *गोपालराजवंशावली*मा पनि त्यस वेला राजवंशको परिवर्तन भएको कुनै सङ्केत नपाइएबाट थाहा हुन्छ । नेपालसंवत्को प्रारम्भको केही सङ्केत सङ्क्षिप्त *गोपालराजवंशावली*मा पनि पाइन्छ । यद्यपि त्यो वंशावली पछि लेखिएको हो । त्यसमा "राजा श्री राघवदेव वर्ष ६३

२५८ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, २२४ पृष्ठ ।

२५९ यी मुद्रा छाउनीस्थित 'मुद्रासङ्ग्रहालय' मा छ । यस्तै केही अरू किसिमका मुद्राहरू श्रीहेमराज शाक्यको सङ्ग्रहमा पनि रहेका छन् ।

२६० Kesar Bahadur K.C., *Assessment of the Judicial Custom of Nepal*, (A Study Report. V.S.2016), p. 245.

२६१ डा. जगदीशचन्द्र रेग्मी, *पूर्ववत्*, पादटिप्पणी २५६ सङ्ख्या, २१६ पृष्ठ ।

२६२ *ऐजन*, २१५ पृष्ठ ।

२६३ धनवज्र वज्राचार्य,"मध्यकालका शुरूका केही अभिलेख", *कन्ट्रिब्यूशन टू नेप्लीज स्टडिज्*, ५ वर्ष, १ अङ्क, (वि.सं. २०३४), १०५ पृष्ठ ।

२६४ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, ५९९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मास ॥ श्रीपशुपतिभट्टारके सम्वत्सरप्रवृतिः कृता"[२६५] अर्थात्, राजा श्रीराघवदेव वर्ष ६३ महीना ६ ले भगवान् श्री पशुपतिको संवत् चलाए भनी उल्लेख गरेकोले राजा राघवदेवले पशुपतिको सम्झनार्थ संवत् चलाएको बुझिन्छ । सम्भवतः उनले पशुपतिनाथमा उल्लेखनीय कुनै धार्मिक अनुष्ठान गरेर त्यसको स्मरणार्थ पशुपतिको नामबाट संवत् चलाएको हुनुपर्छ । यो संवत्मा पछि गएर 'नेपाल' नाम किन जोडियो ? त्यो यथार्थ भन्न सकिन्न । तात्कालिक नेपालमा अत्यधिक प्रचलनमा आएको विक्रमसंवत् एवं शकसंवत् भारतीय उद्भवका भन्ने भएकोले राष्ट्रियताको दृष्टिकोणले नेपाल नाम किन नराख्ने ? भन्ने धारणाबाट पनि उक्त संवत्को नाम नेपालसंवत् राखिएको हुन सक्ने देखिन्छ । देशकै नामबाट नामकरण गर्दा त्यसले स्वाभाविक रूपले बढी लोकप्रियता पाउने भएकोले पनि राघवदेवले चलाएको संवत् नेपालसंवत्को नामबाट नेपालको इतिहासमा प्रसिद्ध भयो । हुन पनि मध्य र मल्ल कालमा यो संवत् अत्यन्त लोकप्रिय संवत्को रूपमा नेपालमा चल्यो । त्यस वेलाका हस्तलिखित ग्रन्थ, शिलालेख, ताम्रपत्र आदिमा नेपालसंवत्को ज्यादातर प्रयोग पाइन्छ । यो संवत्लाई पछि गएर नेवार भाषाभाषी समुदायले अझ बढी आत्मसात गरे । प्रारम्भिक शाहकालका कतिपय लिखतहरूमा पनि यो संवत्को प्रयोग भएको पाइन्छ । यस प्रकार भगवान् पशुपतिको नाममा मुद्राहरूको प्रचलन हुनु, संवत् चलाइनु जस्ता घटनाहरूले त्यस वेलाको नेपाली जनजीवनमा पशुपतिनाथप्रति रहेको आदरभावलाई खुलस्त पार्छन् । कुनै प्रसिद्ध मन्दिरविशेषको नाममा यतिको आदरभाव गरी मुद्रा र संवत् चलाइएको अन्यत्र पाइँदैन नेपालमा सर्वथा यो मौलिक रूपमा देखिएको छ ।

६.६ पशुपतिमन्दिरलाई महत्त्व दिई स्थानपरिचय गर्ने चलन

नेपाली जनजीवनका विविध पक्षहरूमा पशुपतिलाई दिइएको महत्त्व हेर्दा पशुपतिनाथ नेपालको आराध्यदेव हुन् भन्ने कुरा स्पष्ट बुझ्न सकिन्छ । कुनै कृतिहरू स्थापना गर्दा राखिने अभिलेखहरूको प्रारम्भिक भागमा स्थानको परिचय दिँदा कल्प, मन्वन्तर, युग, द्वीप, देश, क्षेत्र आदिको उल्लेख गर्ने चलन नेपालको अभिलेखीय परम्परामा प्रसिद्ध छ । मध्यकालभन्दा अगाडिका त्यससम्बन्धी उल्लेखहरू त पाउन सकिएको छैन, तर मध्यकालदेखि भने यो चलन प्रसिद्धिमा आयो । स्थानपरिचय दिँदा कल्प, मन्वन्तर, युग, द्वीप, देश, क्षेत्रको अतिरिक्त प्रसिद्ध मन्दिरको पूर्व, पश्चिम कतातिर अमुक स्थान पर्छ, त्यो पनि उल्लेख गर्ने सामान्य प्रचलन छ । त्यसरी स्थानपरिचय गर्दा काठमाडौं, भक्तपुर, पाटनलगायत पनौती, बलम्बु, चाँगु, गोर्खा, नुवाकोट आदि ठाउँका अभिलेखहरूमा ती ठाउँहरूको अवस्थिति बुझाउँदा 'पशुपतिसन्निधाने' अर्थात् पशुपतिको नजिक भनिएको पाइन्छ । यसैको अनुकरण गरी बौद्ध धर्मानुयायीहरूमा 'स्वयम्भूचैत्यसन्निधाने' भन्ने चलन भएको कुरा ने.सं. ६२९ (वि.सं. १५६६) को मिनामीबहालको ताम्रपत्र[२६६] एवं ने.सं. ६३१ (वि.सं. १५६८) को नखबहिलको ताम्रपत्रबाट थाहा हुन्छ ।[२६७] 'पशुपतिसन्निधाने' भनी लेखाउने चलनको सूत्रपात मध्यकालमा भएको कुराको उल्लेख माथि गरिसक्यौं । यस प्रचलनको उल्लेख 'सुमतितन्त्र' भन्ने सिद्धान्तज्योतिषसम्बन्धी ग्रन्थमा आएको पाइएको छ ।[२६८] त्यसपछि यो चलनमा व्यापकता आयो । ने.सं. ६०५

---

२६५ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p. 215.

२६६ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p. 95.

२६७ *Ibid.*, p. 96.

२६८ देवीप्रसाद लम्साल, "सुमतितन्त्र", *प्राचीन नेपाल*, १ वर्ष, १ अङ्क, (वि.सं. २०२४), ७ पृष्ठ ।
राष्ट्रिय अभिलेखालयमा रहेको सुमतितन्त्रमा लेखिएको छः-
"अद्य वाराहकल्पे वैवश्वतमन्वन्तरे कलियुगे भरतखण्डे जम्बूद्वीपे हिमवत्पार्श्वे आर्यावर्तदेशे पुण्यभूमौ वाग्वतीकूले वाश्वकी (वासुकि) क्षेत्रे पशुपतिसन्निधाने श्रीमच्छ्रीनेपालपत्तने शुभमस्तु सर्वजगतां ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वि.सं. १५४१) आश्विनको काष्ठमण्डपको अभिलेख,[२६९] ने.सं. ७०३ (वि.सं. १६३९) माघको गोकर्णको अभिलेख,[२७०] ने.सं. ७३९ (वि.सं. १६७६) वैशाखको पाटन यनमुगलको अभिलेख,[२७१] ने.सं. ७५२ (वि.सं. १६८९) वैशाखको इन्द्रचोकको अभिलेख,[२७२] ने.सं. ७६३ (वि.सं. १६९९) कार्तिकको यटखाटोलको अभिलेख,[२७३] ने.सं. ७८७ (वि.सं. १७२३) चैत्रको बलम्बुको अभिलेख,[२७४] ने.सं. ८०८ (वि.सं. १७४४) श्रावणको भक्तपुर दरबारक्षेत्रको अभिलेख,[२७५] पनौतीको ने.सं. ८३६ (वि.सं.१७७३) आषाढको अभिलेख,[२७६] चाँगुको ने.सं. ६६८ वि.सं.१६०५) को अभिलेख[२७७] साँखुको वि.सं. १८५६ को अभिलेख[२७८] हरूमा उपर्युक्त ठाउँहरूको अवस्थितिको सङ्केत गर्दा कल्प, मन्वन्तर आदि भनी सकेर 'पशुपतिसन्निधाने' अर्थात् पशुपतिको नजिक भनी उल्लेख गरिएका विवरणहरू पाइन्छन् । ने.सं. ८९३ (वि.सं.१८३०) को नुवाकोटको अभिलेखमा चाहिँ नुवाकोटलाई 'पशुपतिपश्चिमभागे' अर्थात् पशुपतिको पश्चिम भागमा भनी सङ्केत गरेको छ ।[२७९] उपर्युक्त विवरणहरूबाट पशुपतिनाथको अत्यधिक प्रसिद्धिको कारण अन्य ठाउँहरूको ठीक अवस्थिति बुझाउन पशुपतिनाथको मन्दिरलाई आधार बनाउने गरेको देखिन्छ । यो केवल वैदिकधर्ममा मात्र सीमित नभई बौद्धधर्मका कीर्तिहरूको परिचय गराउन पनि 'पशुपतिसन्निधाने' भनी उल्लेख गरिएको पाइन्छ ।[२८०] सबैले थाहा पाएको, सबैले बुझेको, सबैले पूजेको, चर्चित र प्रसिद्धि कमाएको मन्दिर हुनाले नै पशुपतिमन्दिरलाई यसरी प्राधान्यता दिएको हो ।

६.७ अनावृष्टिमा पशुपतिमा शान्ति-स्वस्ति गर्ने प्रथा

नेपालको आर्थिक समुन्नति कृषिमा आश्रित छ । सिँचाइको समुचित प्रबन्ध नहुनाले तथा पहाडी भू-बनोटको कारण आकाशेपानीको अपरिहार्यता उहिले जति थियो, अहिले पनि त्यति नै छ । त्यसैले खेतीको निमित्त पानीको आवश्यकता हुने मुख्य अवसरमा पानी परेन भने अनिकालको स्थिति आउने हुनाले समयमा पानी परोस्, अनावृष्टि नहोस् भनी ईश्वरराधना गर्ने व्यापक चलन थियो । सिँचाइ, कुलो आदि आवश्यक पूर्वाधारहरूको अभावमा त्यसबाहेक अन्य विकल्प पनि थिएन । *वंशावली*हरूमा अनावृष्टिका अनेक घटना पाइन्छन् ।[२८१] पानी नपर्दा पशुपतिनाथको अतिरिक्त टौदहमा नागपूजा गरी पुरश्चरण गर्ने, पाटनस्थित वासुकिनागको पूजा गर्ने, काठमाडौँ लगनटोलको बाह्रवर्षे इनार खोली पूजा गर्ने, स्वयम्भूको शान्तिपुर खोली पुरश्चरण गर्ने, फूलचोकीमाईमा पूजा गर्ने, स्वयम्भू, बौद्धनाथ आदि स्तूपहरूमा लामाद्वारा पूजा गराउने चलन थियो । ती देवस्थलहरूमा राष्ट्रकै तर्फबाट पूजा-आराधाना हुन्थ्यो ।[२८२]

---

२६९ D.R. Regmi, *op.cit.*, foot note no. 29 (ख), p. 85.
२७० *Ibid.*, p. 34.
२७१ *Ibid.*, p. 55.
२७२ *Ibid.*, p.61.
२७३ *Ibid.*, p.79.
२७४ *Ibid.*, p.136.
२७५ *Ibid.*, p.220
२७६ *Ibid.*, p.260.
२७७ मोहनप्रसाद खनाल, *पूर्ववत्*, पादटिप्पणी १२७ सङ्ख्या, २८४ पृष्ठ ।
२७८ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी ७८ सङ्ख्या, ३०६-३०७ पृष्ठ ।
२७९ *ऐजन*, ११० पृष्ठ ।
२८० Hemraja Shakya, T.R. Vaidya, *op.cit.*, foot note no. 129 (ग), p. 86.
२८१ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no 10, p.67.
२८२ कुमारीचोकगोश्वारातहविलकार्यालय, पोका नं. १, गो नं. ५३ मा वि.सं. १९४३ देखि वि.सं. १९६३ सम्मका पानी नपर्दा पटक-पटक गरिएका शान्तिस्वस्तिका खर्च र विवरण टिपिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छविकालमा पनि यो चलन थियो । लिच्छवि राजा गणदेव (वि.सं.६१४-६२४ आ.) को समयमा तीन वर्षसम्म पानी परेन, त्यसपश्चात् पानी परोस् भन्ने कामनाले महानाग साधना गरेर मणिसहितको गणदेवनामक कोष बनाई पशुपतिमा समर्पण गरेपछि ठूलो वृष्टि भयो, प्रजाहरू खुशी भए भन्ने कुरा *गोपालराजवंशावली*मा टिपिएको छ ।[२८३] त्यसरी पानी नपर्दा मल्लकालमा यात्राकै आयोजना पनि गरिन्थ्यो । ने.सं. ५०० (वि.सं १४३७) ज्येष्ठकृष्ण तृतीयाको दिन ज्येष्ठ महीना बितिसक्दा पनि धानको बीउ छर्न नसकेकोले 'लंख्वयात' (पानी माग्ने यात्रा) गरिएको थियो ।[२८४] पशुपतिमा आषाढ महीनामा सम्पन्न हुने 'त्रिशूलयात्रा' पनि एक किसिमको पानी माग्ने यात्रा हो ।

आवश्यक समयमा पानी नपरी बालीनाली नोक्सान हुने देखिएमा राष्ट्रको तर्फबाट पूजाआजा गर्ने चलन अहिलेसम्म पनि छ । वि.सं. १९४३ सालदेखि १९७८ सालसम्म पानी नपरेको अवस्थामा पशुपतिनाथलगायत अरू देवस्थानहरूमा पूजाआजा गरिएको घटनाको टिपोट पाइएको छ ।[२८५] पानी नपर्दा मुख्यत: ब्राह्मणहरूद्वारा रुद्रीपाठ गराउने, वाग्वतीमा पिपलको पातमा मन्त्र लेखी बगाउने, पशुपतिमन्दिरभित्र पानी भरी रुद्री गर्ने गरेको पाइन्छ । ती कार्यहरू गर्नको निमित्त आवश्यक पर्ने खर्च कौसीतोसाखानाले बडागुरुज्यूलाई दिन्थ्यो । बडागुरुज्यूको मातहतबाट जहाँ-जहाँ पूजाअर्चना हुनुपर्ने हो हुन्थ्यो । त्यस्तै गरी भूकम्प जस्ता घटना भएमा, पशुपतिमन्दिरमा कुनै अपशब्द आएमा तथा राष्ट्रमा आन्तरिक वा बाह्य कारणबाट कुनै सङ्कटको स्थिति आउने सङ्केत भएमा शान्तिस्वस्ति र सङ्कटको निराकरणको लागि पशुपतिमा रुद्री, पुरश्चरण जस्ता अनुष्ठान गर्ने व्यवस्थाको सङ्क्षिप्त विधान र सङ्केत जगज्जय मल्लको मानिने ने.सं. ८५५ (वि.सं. १७९२) को पत्रमा आएको छ ।[२८६] त्यसमा पशुपतिमन्दिरमा घट्ने अप्राकृतिक घटनाहरूको जानकारी साम्बसदाशिव भट्टले राखी बन्देजअनुसारको काम गर्नु उनको कर्तव्य बताइएको छ । त्यसभन्दा अगाडि ने.सं. ७९६ मङ्सिर (वि.सं. १७३२) मा पशुपतिमा ठूलो अपशब्द सुनिएकोले पुरश्चरण गरी *शिवपुराण* पारायण गरिएको कुरा ठ्यासफुमा बताइएको छ ।[२८७]

यस प्रकार माथि प्रस्तुत गरिएका विवरणहरूबाट पशुपतिको नेपाली समाजमा विद्यमान श्रद्धाभक्ति र सम्मानबारे भलिभाँति थाहा हुन्छ । शताब्दीयौंदेखि नेपाल र नेपालीले देखाएको आदरकै कारण हो कि अहिलेसम्म पशुपतिनाथप्रतिको भक्तिमा सनातन हिन्दूधर्मसंस्कृतिका अनुयायी नेपालीहरू वर्ण, जात र सम्प्रदायको सीमाभन्दा माथि उठेर समान रूपबाट नतमस्तक हुन्छन् । राष्ट्रियता र एकताको भावलाई अभिवृद्धि गर्ने काममा शताब्दीयौंदेखि पशुपतिनाथप्रतिको आस्थाले जुन महनीय भूमिका निर्वाह गरेको छ, त्यो नेपाल राष्ट्रको वर्चस्वमा नै अमर सूत्राधार बन्न गएको कुरा उल्लेखनीय छ ।

---

२८३ Dhanavajra Vajracharya and Kamal P. Malla, *op.cit.*, foot note no. 10, p. 29.
"राजा श्रीगणदेव वर्ष ४५ ॥ तस्य राजें नेपालभूमि वर्षत्रयम् अनावृष्टि वारिषोवृष्टिआकांक्षणाय कामेन: श्रीपशुपति भटारिकाय महानाग निर्ज्जित्य: तस्य मनियुक्ते गणदेवनाम कोष कृतम प्रढोकितम् तत्प्रभावात् महावृष्टि कृतम् प्रजा सुखी भवति ।"

२८४ *Ibid.*, p. 67.

२८५ यससम्बन्धी टिपोटहरू कुमारीचोकगोश्वारातहबिलकार्यलयमा छन् ।

२८६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६०, ६१ सङ्ख्या ।

२८७ D.R. Regmi, *op.cit.*, foot note no. 144 (क), p. 332.
"ॐ सम्वत् ७९६ मार्ग्गशिर वदि २ ध्व कुन्हु श्रीपशुपतिस्के रात्रीस निर्घाट शब्द वव ॥ ध्वयान न्हसन्हु, राओरणं हयि स्वह्मसेन पुरश्चरणया तका, परिवार पूजा दुगुह्मं २, हंस ह्म ४ उपाध्यान शिवधर्म पारायण याक ॥"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवालीटोलस्थित श्रीताम्रेश्वरमन्दिर

(तस्वीर : गोविन्द टण्डन)

Jayatu Sanskritam; Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सात अध्याय

पशुपतिनाथमन्दिरमा पुजारी तथा भँडारीको परम्परा

पशुपतिनाथमन्दिरका विविध रोचक पक्षहरूमध्ये पुजारीसम्बन्धी विषय पनि उल्लेखनीय मान्न सकिन्छ । पशुपतिनाथमन्दिरले पाएको स्थान र महत्त्वलाई दृष्टिगत गर्दा यस मन्दिरको पूजाआजासम्बन्धी कार्यहरूमा पहिलेदेखि राज्यकै तर्फबाट व्यवस्थाहरू भएको हुनुपर्ने देखिन्छ । लिच्छविकालभन्दा अगाडिको बारेमा अवगत हुनसक्ने सामग्रीहरूको नितान्त अभावको कारण यस विषयमा बोल्नु अनुमान गर्नु मात्र हुन्छ । जहाँसम्म लिच्छविकालको कुरा छ, त्यस कालमा पनि पशुपतिनाथको पूजाआजा एवं पुजारीहरूको विषयमा बताउने स्रोतहरूको कमी नभएको होइन । त्यसो भए तापनि प्राप्त केही शिलालेखहरूका आधारमा सङ्क्षिप्त ज्ञान हासिल गर्न सकिने स्थितिचाहिँ छ । पुजारीहरूको कुरा गर्दा आचार्य भगवत्प्रनर्दन प्राणकौशिकको पशुपतिमन्दिरप्राङ्गणस्थित दुइवटा अभिलेखहरूले लिच्छविकालमा भगवान् पशुपतिको पूजाआजा सन्न्यासीहरूद्वारा हुन्थ्यो कि भन्ने सम्भावना देखिन्छ । त्यसमध्ये एउटा अभिलेखमा उनले भगवान् पशुपतिनाथमन्दिरको चारैतिर पर्खाल लाइदिएको कुरा परेको छ । यद्यपि त्यस अभिलेखमा स्पष्टसँग पशुपतिनाथमन्दिरको उल्लेख गरिएको छैन, तर पशुपतिमन्दिरको हाताभित्र रहेको शिलालेखमा संसाररूपी पाशोलाई चुँडाल्ने महादेवकहाँ पर्खाल लाउनुभयो[1] भनी बताइएकोले ती महादेव पशुपतिबाहेक अरू हुन सक्तैन भन्ने देखिन्छ । उनी घरबार छोडेका सन्न्यासी थिए । किनभने उनको परिचय दिँदा अभिलेखमा 'वर्णाश्रमोद्‌वासित' भनी लेखिएको पाइन्छ । भगवत्प्रनर्दन प्राणकौशिक त्यस वेलाका पाशुपत सम्प्रदायका प्रतिष्ठित आचार्य थिए । पशुपतिनाथमन्दिरवरिपरि पर्खाल लगाइदिने आचार्य भगवत्प्रनर्दन पशुपतिनाथका पुजारी हुन् कि भने देखिन्छ । उनको अर्को अभिलेखमा भगवान् छत्रचण्डेश्वर र -कुग्राममा रहेको धाराको टुटफुट हुँदा मर्मतको लागि मुण्डशृङ्खलिकपाशुपत सम्प्रदायका आचार्यहरूको सङ्घलाई र वाराहस्वामी, उपसोम-क्रसोम खड्डुकहरूलाई समेत गरी ८० मानिका कूत आउने खेत दान दिएको[2] कुराको चर्चा आएको सन्दर्भलाई विचार गर्दा अरू सम्प्रदायका सङ्घहरूलाई खेत दान दिन सक्ने सम्पन्नताको पछिल्तिर उनी पशुपतिनाथको पुजारी भएको कारणले हो कि भन्ने अनुमान हुन्छ । वेलाबखत पशुपतिनाथमा सन्न्यासीहरू पुजारी भएका उल्लेखहरू *भाषावंशावली* एवं शिलालेखमा पाइने हुनाले यो परम्पराको आधार लिच्छविकालसम्म पुगेको थियो कि भन्ने देखिन्छ । सन्न्यासी भईकन पनि सम्पन्न हुनामा उपर्युक्त कारण नै निहित भएको देखिन्छ । यो कुरालाई धनवज्र वज्राचार्यले पनि स्वीकार्नुभएको छ ।[3] सन्न्यासीहरूद्वारा पशुपतिनाथमा पूजा गर्ने यो चलन कहिलेसम्म चल्यो निश्चित रूपमा भन्न सकिन्न । तर विक्रमको बाह्रौं शताब्दीको अन्त्यतिर काशीबाट आएका शङ्कराचार्य स्वामीले दाक्षिणात्य ब्राह्मणहरूबाट पशुपतिनाथमा पूजा गराउने परम्पराको थालनी गरेको प्रमाण पाइनाले सन्न्यासीद्वारा पशुपतिनाथमा पूजा गर्ने पहिलो क्रम शङ्कराचार्य स्वामीको आगमनसम्म कायम भएको देखिन्छ । त्यसपछि दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गर्ने चलन चल्यो । काठमाडौँका पहिला मल्ल राजा रत्न मल्ल (वि.सं. १५३९-१५७७ आ.) को समयदेखि पुनः सन्न्यासीहरूले पूजा गर्न थाले । जयप्रकाश मल्लको पालादेखि दाक्षिणात्य ब्राह्मणले पूजा गराउने चलन पुनः चल्यो । त्यही क्रम अहिलेसम्म एक टङ्कारले विद्यमान छ । यस प्रकार पशुपतिनाथमा पूजा गर्ने पुजारीहरूको विभिन्न समयमा भिन्न-भिन्न परम्परा र

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालंका अभिलेख*, (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ४२९ पृष्ठ ।
"........शम्भोरावरणं सुरासुरगुरोस्संसारपाशच्छिदः"

२ ऐजन, ४२९ पृष्ठ ।

३ ऐजन, ४३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चलन पाइने हुनाले त्यसबारेमा पाइएसम्मका आधारहरूबाट केही चर्चा गर्नुपरेको छ । मुख्यत: यहाँ सन्न्यासी पुजारी र दाक्षिणात्य ब्राह्मणहरूको परम्परा पाइने हुनाले तिनै कुराहरूको विस्तृत अध्ययन गर्नुपरेको छ ।

७.१ सन्न्यासी पुजारीहरूको व्यवस्था

लिच्छविकालमा सन्न्यासीहरूद्वारा पशुपतिनाथमा पूजा गर्ने चलन थियो भन्ने विषयमा माथि केही चर्चा गरियो । त्यो चलन विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धसम्म कायम रहेको देखिन्छ । त्यसपछि लामो समयसम्म सन्न्यासीहरूको परम्परा टुट्यो । त्यस अवधिमा दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गराउने चलनको सूत्रपात भयो । तर रत्न मल्लको समयदेखि पुन: सन्न्यासीहरूले पूजा गर्ने पुरानो परम्परा कायम भयो । त्यसो हुनामा खास के कारण रहेको थियो थाहा हुन सक्तैन । रत्न मल्लको समयदेखि पुन: देखापरेको सन्न्यासीहरूको परम्पराको बारेमा *भाषावंशावली*हरूमा जति विस्तृत उल्लेखहरू पाइन्छन्, त्यति शिलालेखमा पाइँदैन । *भाषावंशावली*ले बताएको सन्न्यासीहरूको परम्परा उक्त वंशावलीको आसन्न समयभन्दा अगाडिको भए पनि केही भरपर्दो छ भन्ने कुरा शिलालेखमा पनि सन्न्यासी पुजारीको चर्चा आएबाट थाहा हुन्छ ।[४] *भाषावंशावली*को अनुसार रत्न मल्लको समयमा सोमशेखरानन्द नामका एक जना सन्न्यासीको नेपाल आगमन भयो । त्यस *वंशावली*मा उनलाई मध्यदेश (मधेश) बाट आएको बताउनुका साथै पशुपतिनाथको पुजारीको निमित्त योग्य भएकोले त्यस काममा नियुक्त गरेको कुरा उल्लेख छ । त्यहाँ भनिएको छ– "शङ्कराचार्य स्वामीले रीत चलाई गयाका पूजाहारि दक्षिणे भट्ट ब्राह्मण मात्र हुन् । यिन राजाका पालामा स्वामी पूजाहारि भया" ।[५] *वंशावली*को यस विवरणबाट सन्न्यासी पुजारी हुने दोस्रो क्रममा सोमशेखरानन्द पहिलो सन्न्यासी पुजारी भएका देखिन्छन् । त्यस *वंशावली*मा उनलाई सुकुमार भएकोले उनको सहयोगको लागि बनेपाबाट दुइ जात ल्याई भँडारी गराएको उल्लेख छ । ती भँडारीहरूले पहिलेका भँडारीहरूसँग पालो गरी काम गर्नुपर्ने कुराको चर्चा गर्दै भँडारीहरूभन्दा माथि कीर्तिपुरका नेवार दुइ जातलाई बिसेट गराई रत्न मल्लले व्यवस्था गरिदिएका थिए ।[६] सोमशेखरानन्दले भँडारीहरूको देवाली गर्ने स्थान बौद्धनजिक तथा बिसेटहरूको पचलीमा चयन गरिदिई प्रत्येक वर्ष त्यहाँ इष्टदेवताको पूजा गर्ने चलन चलाइदिए ।[७] रत्न मल्लले सोमशेखरानन्दकै प्रेरणाले पशुपतिमन्दिरप्राङ्गणमा सप्तर्षि र दक्षिणकालीसहित सप्तमातृकाहरूको प्रस्तरमूर्तिहरू स्थापना गरेका थिए । *वंशावली*मा यिनले लामो समयसम्म पशुपतिनाथमा पुजारीको काम गरी समाधि लिएको बताइएको छ ।[८] सोमशेखरानन्दपछि हुने सन्न्यासी पुजारीको नाम *भाषावंशावली*मा पाइँदैन । तर ने.सं. ८५५ (वि.सं. १७९२) को जगज्जय मल्लको मानिने एउटा नक्कलप्रति पत्रबाट संवत् ७०० (वि.सं. १६३७) मा भैरवानन्द स्वामी पशुपतिनाथको पुजारी थिए भन्ने उल्लेखबाट सोमशेखरानन्दपछि भैरवानन्द पशुपतिनाथको पुजारी भए भन्ने बुझिन्छ । यिनले पनि लामो समयसम्मै पशुपतिनाथको पूजा गरेर बसेको अवगत हुन्छ । यिनको अस्तित्व ने.सं. ७०० (वि.सं.१६३७) मा भएको पाइएको तथा यिनीपछि पुजारी हुने नित्यानन्दको उल्लेख लक्ष्मीनरसिंह मल्लको समयताका (वि.सं. १६७७-१६९८ आ.) पाइएकोले भैरवानन्दले लगभग चारदशकभन्दा बढी समयसम्म पुजारीको काम गरेको

---

४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६० सङ्ख्या ।

५ पं. देवीप्रसाद लंसाल (सम्पा.), *भाषावंशावली*, २ भाग (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३), ५२ पृष्ठ ।

ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुझिन्छ । नित्यानन्द स्वामीको सम्बन्धमा *भाषावंशावली*हरूमा एउटा उल्लेखनीय घटनाको विवरण पाइन्छ ।[९] त्यस घटनाले गर्दा गुप्त पाशुपतमन्त्र रहस्योद्घाटन भएकोले केही दिनपछि उनले समाधि लिए । त्यसपछि *भाषावंशावली*हरूको अनुसार प्रताप मल्ल (वि.सं. १६९८-१७३१ आ.) को समयमा ज्ञानानन्द नामका सन्न्यासी स्वामी पशुपतिमा आएर बसेका छन् भन्ने सुनी राजा स्वयम् गई उनको परीक्षण गरी श्रीपशुपतिनाथको मन्दिरभित्र प्रवेश गराई पुजारी नियुक्त गरिएको थियो ।[१०] उनलाई दक्षिणदेशबाट आएको बताइएको छ । यिनको उपदेशानुसार राजा प्रताप मल्लले पशुपतिनाथको लागि आकर्षक छत्र बनाई चढाएका थिए । साथै श्रावणशुक्ल चतुर्दशीको दिन पशुपतिनाथलाई नीलकण्ठको रूपमा पूजा गर्ने चलन चलाए, त्यसको 'पवित्रारोपण' भन्ने नाम राखे ।[११] पवित्रारोपणसम्बन्धी मुख्य काम आजकाल झंकेश्वरीमठमा सम्पन्न गरी पशुपतिमा लग्ने चलन छ । प्रताप मल्ल ज्ञानानन्ददेखि प्रभावित भएर उनको जयसिद्धिको निमित्त बीचमा उच्च आसन भएको घर देवपाटनमा बनाइदिएको उल्लेख पाइन्छ । ज्ञानानन्दको सल्लाहले प्रताप मल्लले आफ्नो जीवनकालमा आफ्ना छोराहरूलाई एक-एक वर्षसम्म राज्य चलाउन पाउने गरिदिएका थिए ।[१२] यस प्रकार प्रताप मल्लको दरबारमा यिनको राम्रो प्रभाव भएको देखिन्छ ।

ज्ञानानन्दपछि नृपेन्द्र मल्ल (वि.सं. १७३१-१७३७ आ.) को समयमा विमलानन्द नामका सन्न्यासी टङ्केश्वरमा आई बसेका छन् भन्ने सुनी राजा आफै गई परीक्षा गरी उनलाई पशुपतिनाथको पुजारी नियुक्त गरेका थिए[१३] । केही समयपछि ज्ञानानन्दले स्वेच्छाले पुजारी पद छाडी फर्केकाले विमलानन्दलाई पुजारी गराइएको थियो । यी विमलानन्दले पशुपतिनाथमा अस्पर्श, अगमागमन वस्तुबाट अर्जित पाप क्षय गर्ने हेतुले 'कुसुमारोहण' चलाए ।[१४] पछि दक्षिण देशबाट राघवानन्द नामका सन्न्यासी पशुपतिनाथको दर्शन गर्नको निमित्त आएको बखत विमलानन्दले राजा बक्साई उनलाई पुजारी बनाई आफू काशी फर्के । काशीमा नै उनको मृत्यु भयो ।[१५] राघवानन्दले पशुपतिनाथमा 'दमनारोहण' नामको पर्व चलाउने काम गरे । यिनले पवित्रारोपणलाई पुनः जगाए । पवित्रारोपणसम्बन्धी काम प्रतिवर्ष ज्ञानानन्दको घरमा हुने गरेकोमा पछि राघवानन्द स्वामीले मठ बनाएपछि त्यहीं गर्ने प्रथाको थालनी गरे । उनले बनाएको मठ कुन हो *वंशावली*मा उल्लिखित छैन । तर राघवानन्दले चलाएको पवित्रारोपण आजकाल पनि प्रचलित भएको तथा त्यससम्बन्धी मुख्य काम झंकेश्वरीस्थित मठ, जसलाई आजभोलि शङ्कराचार्यमठ भनिन्छ, मा गरिने भएकोले उनले बनाएको मठ झंकेश्वरीमठ हो भन्ने बुझिन्छ । उनले पवित्रारोपण एवं दमनारोहण पर्वको खर्च

---

९ (क) ऐजन, ४२९ पृष्ठ ।
(ख) बालचन्द्र शर्मा, "काठमाडौं उपत्यकाको एक राजवंशावली", *प्राचीन नेपाल*, ६ सङ्ख्या, (वि.सं. २०२५ माघ), १ पृष्ठ ।
"......भीम मल्ल काजी भोटमा रहँदा कोही दुर्जनले राजाकन श्रीपशुपतिका पुजारी स्वामी नित्यानन्द पशुपतिनाथलाई ढोग दिंदैनन् भनी सुनाइ दिया र राजा आफै आई हेर्न जाँदा स्वामीले अर्थ बुझी केही नवोली नित्य पूजा सकी बाहीर आई चण्डेश्वरी पूजा गरी आई कामदेवकन ढोग दिया र कामदेवका पादुका फुटी खस्या । फेरि दक्षिण दर्वाजाभित्रका शिलामा ढोग दिया र ती पनि टुक्रा-टुक्रा गरी फुटि गया । धर्मशिलामा ढोग दिया र धर्मशिला पनि पडकि फुटि गया । फेरि भित्र गै हरहर भनी श्रीपशुपतिनाथकन ढोग दिन निमित्त आउँदा राजाले स्वामीका पाउ समाती ढोग दी वहुतै विनती गरी स्वामीकन बुझाई राजा फर्की आया । यस दिनदेखि यी स्वामीले नित्य पूजा सकी बाहिर आई नैर्ऋत्यकोणमा खडा भै पकडो ३ भनी तीन फेरा नित्य भन्या गऱ्या । केही काल पछि यी स्वामी शून्य समाधि भै गया ।"

१० पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५ सङ्ख्या, ८८ पृष्ठ ।
११ ऐजन ।
१२ ऐजन ।
१३ ऐजन, ९३ पृष्ठ ।
१४ ऐजन, ९४ पृष्ठ ।
१५ ऐजन, ९६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुजारीको खान्गीबाट चलाउने व्यवस्था गरे ।[१६] वत्सलेश्वरीयात्रा एवं सिन्दूरयात्रा चलाउने काममा पनि यिनको योगदान रहेको कुरा *भाषावंशावली*मा टिपिएको छ । पशुपतिनाथको राम्रो सेवा गरेको हुनाले राजा-प्रजा सबैलाई रिझाउन उनी सफल भएका थिए । तर यिनको पछिल्लो कालको जीवन सङ्घर्षमय बन्यो ।

नृपेन्द्र मल्लको मृत्युपछि उनका भाइ पार्थिवेन्द्र मल्ल (वि.सं. १७३७-१७४४ आ.) कान्तिपुरको राजगद्दीमा बसे । त्यस वेला कान्तिपुरको दरबारमा घरायसी झगडाको शुरुवात भइसकेको थियो । प्रताप मल्लका छोराहरू स-साना भएकाले राजाका सहयोगीहरूबीच हर्ताकर्ता बन्ने प्रतिस्पर्धा थियो । यस्तैमा वि.सं. १७४४ मा पार्थिवेन्द्र मल्लको अकस्मात् मृत्यु भयो । हर्ताकर्ता हुन खोज्ने लक्ष्मीनारायण जोशीको लागि त्यो सुवर्ण अवसर थियो । पार्थिवेन्द्र मल्ललाई विष खुवाई मारेको दोषारोपणमा उनले चौतारा चिकुटी, वंशीधर प्रभृतिको हत्या गर्न लगाए ।[१७] त्यसपछि पार्थिवेन्द्र मल्लका नाबालक छोरा भूपालेन्द्र मल्ललाई गद्दीमा राखियो । त्यसले गर्दा लक्ष्मीनारायण जोशी सर्वेसर्वा भए । तर त्यति वेला प्रताप मल्लका एक जना अर्का छोरा महीपतीन्द्र मल्ल जीवितै थिए । त्यस कारण उनीबाट कुनै पनि वेला विघ्न पर्न सक्ने सम्भावना लक्ष्मीनारायण जोशीले देखे । त्यसैले उनको विरुद्ध अनेक षडयन्त्रहरू चल्न थाले । त्यस्तो देखी महीपतीन्द्र मल्ल कहिले पाटन कहिले काठमाडौं पुग्दथे । एक पटक उनी पशुपतिनाथको पुजारी राघवानन्द स्वामीको घरमा बसेका थिए । त्यो थाहा पाई लक्ष्मीनारायणले उनलाई मार्न त्यहीं आफ्ना मान्छेहरू पठाए । लक्ष्मीनारायणको इच्छाअनुसार महीपतीन्द्र मल्ललाई मारी उनको टाउको लक्ष्मीनारायणसमक्ष पुऱ्याइयो । आफ्नो आश्रय लिई बसेका राजकुमारलाई आफ्नै आँखाअगाडि अमानुषिक रूपले हत्या गरेको देखी यस्तो अन्यायी राज्यमा के बस्नु भनी त्यसपछि राघावानन्द ललितपुर गएको उल्लेख *वंशावली*मा पाइन्छ ।[१८] *वंशावली*को विवरणअनुसार त्यो घटना ने.सं. ८०७ (वि.सं. १७४४) भाद्रशुक्ल ११ बुधवारका दिन घटेको थियो ।[१९] केही समयपछि ललितपुर गएका राघवानन्द फर्की पुनः भगवान् पशुपतिनाथको पूजाआजा गर्न थाले । केही वर्ष वितेपछि वि.सं. १७६१ वैशाखशुक्ल सप्तमीको केही दिनअगाडि राजासमक्ष कुनै मानिसले राघवानन्द स्वामीले पशुपतिनाथलाई पूजा गर्दा ढोक्दैनन् भनी कुरा लगाए । राजाले त्यो कुरा उनका गुरुलाई लेखी पठाए तथा स्वामीलाई डाकी चिठी देखाए । त्यसपछि स्वामीले गुरुको चिठी शिरमा राखी आँखा चिम्ली देवपाटनमा गई मन्त्र खोली पशुपतिनाथलाई ढोगी फुटाउने मनमा सङ्कल्प गरी दरबारबाट हिंडे । काचिली प्रधान नामको उनको भक्तले अनुनय, विनय गर्दा राजराजेश्वरीमा आँखा खोले । त्यहाँ केही उपद्रव भयो । त्यसपछि उनी ललितपुर गए र कामेश्वरीमा ढोग दिंदा उक्त मूर्ति फुटेको बताइएको छ ।[२०] त्यहाँबाट उनी देवपाटन आर्यतीर्थ (आर्यघाट) मा पुगे । राघवानन्द स्वामीले त्यहाँ सन्न्यासीहरूप्रति राजाको कस्तो भावना रहेछ, त्यो बुझ्न "म जस्ता पाशुपतमन्त्र जान्या स्वामीहरू तिमीहरूलाई

---

१६ *ऐजन ।*

१७ *ऐजन*, ९८ पृष्ठ ।

१८ *ऐजन ।*

"........ ..... यहाँ पछि केही सामर्थ्य नभयका महिपतीन्द्र मल्ल डराई लुकि रह्याका राजपुत्रकन भाद्रपद शुक्ल ११ वुधवारका दिन राघवानन्द स्वामीका घरमा लुकि रह्याका ठाउँबाट डोरिले वाँधी तानातान गर्दा राघवानन्द स्वामीले माफ गर माफ गर भनी बुझाइ बिन्ति गर्न आउँदा स्वामीकन भऱ्याङबाट खसाली महीपतीन्द्र मल्लकन अन्यायसित जीवहरण गऱ्या । उप्रान्त शिरकाटी ल्याई लक्ष्मीनारायण काजीले हेऱ्या । यहाँ पछि राघवानन्द स्वामी यस्ता अन्यायी राज्यमा बस्नु छैन भनी ललितपत्तनमा आया ।"

१९ (क) *ऐजन*, ९८ पृष्ठ ।

(ख) गौतमवज्र वज्राचार्य, "ठ्यासफुको ऐतिहासिक व्याख्या", *पूर्णिमा,* ४ वर्ष, ४ अङ्क, (वि.सं. २०२४ माघ-चैत्र), ३८० पृष्ठ ।

बालचन्द्र शर्मा, *पूर्ववत्,* पादटिप्पणी सङ्ख्या ९ (ख), ८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहिन्छ भन्या मकन वाग्वती वारितिर राख, स्वामी चाहिँदैन भन्या पारितिर राख भनी" समाधि लिए ।[२१] सन्न्यासी स्वामीहरूलाई पशुपतिको पुजारी गरी राख्नु कठिन छ भन्ने देखी उनलाई वाग्वतीपारि राजेश्वरीको सन्धिमा समाधि लिने तात्कालिक राजाले अनुमति दिए । यस प्रकार आफूले चिताएको भन्दा फरक भएकाले त्यहीं समाधि लिई उनले प्राण त्याग गरे ।[२२] नेवारी भाषामा लेखिएको एउटा ठ्यासफुमा राघवानन्दको मृत्यु ने.सं. ८२४ (वि.सं. १७६१) वैशाखशुक्ल सप्तमी आइतवारको दिन भएको उल्लेख छ ।[२३] *वंशावली*मा त्यसपछि पशुपतिनाथको पूजक योग्य पुरुषार्थी सन्न्यासी स्वामीहरू आएनन् भन्ने चर्चा पनि पाइन्छ ।[२४] *भाषावंशावली*हरूमा राघवानन्द स्वामीपछि पशुपतिनाथका अन्य पुजारीको समेत उल्लेख पाइँदैन । राघवानन्द स्वामीको त्यस वेला निकै प्रसिद्धि थियो । उनले शिष्य पनि बनाएका थिए । द्राविड ब्राह्मण शङ्कर भट्ट उनका शिष्य थिए । यी शङ्कर भट्टको राम्रो परिचय पाउन सकिएको छैन । यिनले ने.सं. ८३२ (वि.सं. १७६९) माघमा गुह्येश्वरीमा घण्टा चढाएका थिए ।[२५]

राघवानन्द स्वामीपछि सम्भवत: कपिलानन्द स्वामी पशुपतिका पुजारी भए । ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठमा जगज्जय मल्लले शङ्कराचार्य स्वामीका आगमका पुजारी साम्बसदाशिव भट्टलाई गरिदिएको मानिने पत्रमा आगमको पूजाविधान तथा पशुपतिनाथसम्बन्धी व्यवस्थाको चर्चा गर्दा "....अघिका जीर्ण पत्र पाया र जीर्ण भया देषिकन श्रीकपिलानन्द स्वामीबाट श्रीराजा जग्जयमल्लदेव साधी आफ्ना नाउँका ताडपत्र दुइ तुल्याइ इश्वरका देवालयमा एक राषी एक तारपत्र साम्बसदाशिवभट्टलाई दिया" भन्ने उल्लेख आएकोबाट माथिको शङ्काको पुष्टि हुन्छ ।[२६] राघवानन्द स्वामीको पालासम्म पशुपतिको पुजारी र शङ्कराचार्य आगमघरका पुजारी एकै व्यक्ति हुने गरेको देखिन्छ । पछि पशुपतिको पुजारी र आगमघरको पुजारी अलग-अलग हुने चलन चल्यो । यो परम्परामा केशव भट्ट शङ्कराचार्यको आगमघरका पहिलो पुजारी भए । तर त्यसपछि फेरि कपिलानन्द नै आगमघरका पुजारी भए । त्यसो हुनाको खास कारण थाहा हुँदैन । तर ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठको जगज्जय मल्लले केशव भट्टका नाति साम्बसदाशिव भट्टलाई आगमघरको पुजारी नियुक्त गर्दा दिएको पत्रमा ".......श्री कपिलानन्द स्वामीबाट श्रीराजा जगज्जय मल्लदेव साँधी आफ्ना नाउँका ताडपत्र दुइ तुल्याइ ईश्वरका देवालयमा एक राषी एक तार (ड) पत्र साम्बसदाशिवभट्टलाई दिया हिजोका बमोजिम नयाँ पत्र वनाई दियौं.....तपाईंका खायल तपाइँका बाज्याले खायका खायल खाइ शुभ काम गर्नु" भनी स्पष्टसँग लेखिएको हुनाले केशव भट्टपछि उनका छोरा पुजारी नभई त्यो काम कपिलानन्दले गरेको बुझिन्छ । त्यहीं कारणले कपिलानन्द स्वामीको नाममा ताडपत्र भएको र त्यो ताडपत्रलाई पछि दुइवटा बनाई एउटा मन्दिरमा राखी अर्को साम्बसदाशिव भट्टलाई दिइएको थियो । उक्त ताडपत्रको बेहोरा साबिक

---

२१ *ऐजन*।

२२ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५ सङ्ख्या, १०० पृष्ठ ।

२३ D.R.Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firma K.L. Mukhopadhyay, 1966 A.D.), Appendix III, p.45.
"सं. ८२४ वैशाखशुक्ल: ॥ सप्तमी आदित्यवार ध्व कुन्हुया रात्रीस श्री श्री श्रीपशुपतिया पूजावारि, राघवानन्द रावर परलोक जुर, सति कुन्हु खुसियितास वारागुस थुन ।"

२४ (क) पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५ सङ्ख्या, १०० पृष्ठ ।
(ख) वालचन्द्र शर्मा, *पूर्ववत्*, पादटिप्पणी ९ (ख) सङ्ख्या, ८ पृष्ठ ।

२५ परिशिष्टभाग, अभिलेखखण्ड (क) ६० सङ्ख्या ।
"..........श्री ३ पशुपति पुजावारी श्रीराघवानन्द स्वामिया शिष्य द्राविड ब्राह्मण श्रीशङ्कर भट्टन श्री ३ गुह्येश्वरी प्रीतिन ध्व घण्ट दुन्ता जुरो ...... ।"

२६ गोविन्द टण्डन, "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन", *अभिलाषा* (युवा विशेषाङ्क, वि.सं. २०४० वैशाख), ९८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बमोजिम बनाई साम्बसदाशिव भट्टलाई नयाँ पत्र दिइएको पनि त्यहाँ उल्लेख गरिएको तथा उनलाई खान्गी ठेक्दा बाजेको बमोजिम हुने लेखिएकोबाट माथिको कुराको पुष्टि हुन्छ । साम्बसदाशिवका बाजे केशव भट्ट थिए भन्ने कुरा ने.सं. ८३४ (वि.सं. १७७१) आश्विनको अभिलेखबाट थाहा हुन्छ ।[२७] त्यस वेलासम्म केशव भट्टको मृत्यु भइसकेको थियो ।

सन्न्यासीहरू पाशुपतमन्त्र जानेका, शैव धर्ममा आस्था एवं श्रद्धा राख्ने हुन्थे । पशुपतिनाथको सन्न्यासी पुजारीहरूको परम्परामा सबै भारतबाट आएका देखिन्छन् । पशुपतिनाथको दर्शन गर्न आएका वा यता रहेका सन्न्यासीहरूलाई आवश्यकता पर्दा राजाले जाँची-बुझी योग्य ठहराएपछि पशुपतिको पुजारीमा नियुक्त गर्ने चलन चलेको थियो । घरबार छोडेका सन्न्यासीहरूबाट त्यागपूर्ण भावनाले काम हुन सक्ने अपेक्षाले नै सन्न्यासी पुजारीद्वारा पूजा गराउने प्रथालाई रत्न मल्लले प्रश्रय दिएको हुनुपर्छ । लिच्छविकालपछि रत्न मल्लदेखि पशुपतिमा सन्न्यासीहरूले पूजा गर्ने गरेको प्रथा जयप्रकाश मल्लको समयमा समाप्त भयो । ने.सं. ८६७ (वि.सं. १८०४) मा पशुपतिनाथका पुजारी कृष्ण भट्ट देखिन्छन् । रत्न मल्लदेखि जयप्रकाश मल्लसम्मको अवधिमा निम्नानुसारका सात जना सन्न्यासी पुजारीहरूले पशुपतिमा पुजारीको काम सम्हालेका थिए:-

सोमशेखरानन्द
|
भैरवानन्द
|
नित्यानन्द
|
ज्ञानानन्द
|
विमलानन्द
|
राघवानन्द
|
कपिलानन्द

७.२ दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गर्ने प्रचलन

भगवान् पशुपतिनाथको मन्दिरमा समय र परिस्थितिअनुसार पुजारीको सम्बन्धमा विभिन्न व्यवस्थाहरू भएको कुराको केही चर्चा माथि गरियो । लिच्छविकालदेखि शङ्कराचार्यको आगमन नहुन्जेलसम्म एकटङ्कारसँग पशुपतिनाथ-मन्दिरमा सन्न्यासीहरूले पूजा गर्ने परम्परा थियो । त्यसपछि शङ्कराचार्यले दाक्षिणात्य ब्राह्मणहरूबाट पशुपतिनाथमा पूजा गराउने व्यवस्था मिलाएको सङ्केतहरू पाइन्छन् । कसैले शङ्कराचार्यले पनि सन्न्यासीहरूद्वारा पूजा गर्ने परम्परालाई नै कायम राखेको मानेका छन् ।[२८] तर ऐतिहासिक सामग्रीहरूको अनुशीलनबाट त्यो कुरा सत्य होइन भन्ने देखिन्छ । शङ्कराचार्यले दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गराउने चलन चलाए । ती दाक्षिणात्य ब्राह्मणहरूलाई

---

२७ मोहनप्रसाद खनाल, *चाँगुनारायणको ऐतिहासिक सामग्री,* (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४०), ३५५ पृष्ठ ।

२८ कुलचन्द्र कोइराला, “भगवान् श्रीपशुपतिनाथको आगमघर”, *प्रज्ञा,* १४ वर्ष, ४ अङ्क, (वि.सं. २०४३), १३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आजभोलि 'भट्ट' भन्ने चलन छ । 'भट्ट' कुनै थरविशेष नभएर विद्वान् वा पण्डितलाई बुझाउन पनि प्रयोग भएको पाइन्छ । संस्कृतको 'भर्तृ' शब्द प्राकृतमा 'भट्ट' बन्यो ।[२९] पण्डित, विद्वान्को पर्यायको रूपमा कालान्तरमा 'भट्ट' शब्द लोकप्रिय बन्यो । कालान्तरमा यसलाई केही ब्राह्मणहरूले आफ्नो थरको रूपमा प्रचलनमा ल्याए । पशुपतिका पुजारीहरूको जेसुकै थर भए पनि नेपाली जनजीब्रोले 'भट्ट' भन्न रुचाएको देखिन्छ । यसैले उनीहरूलाई भट्टपुजारी भन्ने गरेको पनि पाइन्छ । पशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गर्ने परम्पराको सन्दर्भमा (१) शङ्कराचार्य स्वामीको समयदेखि चलेको र (२) जयप्रकाश मल्लको समयदेखि चलेको क्रम गरी दुइ क्रम पाइन्छ । यसैले तिनीहरूको छुट्टा-छुट्टै अध्ययन गर्नुपरेको छ ।

७.२.१ शङ्कराचार्य स्वामीको समयदेखि चलेको क्रम

पशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मणहरूबाट पूजाआजा गर्ने चलनको शुरुवातको विषयमा विभिन्न विचार पाइन्छ । लुसियानो पेटेकले दाक्षिणात्य ब्राह्मणद्वारा पूजा गराउने परम्पराको थालनी यक्ष मल्ल (वि.सं. १४८५-१५३९ आ.) को समयदेखि भएको मान्नुभएको छ ।[३०] त्यो कुरालाई डी.आर. रेग्मीले पनि स्वीकार गर्नुभएको छ ।[३१]

महेशचन्द्र रेग्मीको यस विषयमा अलग्गै विचार छ । उहाँ त्यो चलनको शुरुवात आद्य शङ्कराचार्यको समयदेखि भई अहिलेसम्म कायम भएको मान्नुहुन्छ ।[३२] यही विचारलाई केही अन्य व्यक्तिहरूले पनि मानेका

---

२९ गौतमवज्र वज्राचार्य, महेशराज पन्त (सम्पा.), "हाम्रो वक्तव्य", *पूर्णिमा*, ४ वर्ष, ४ अङ्क, (वि.सं. २०२४ माघ-चैत्र) ४५०-४५१ पृष्ठ।

३० Luciano Petech, *Mediaeval History of Nepal*, Second Thoroughly Revised Edition, (Roma: Is.M.E.O. 1984 A.D.), p. 179.
"Jayayaksamalla's most important action in the field of religion was his entrusting the guardianship of the national shrine of Pashupatinath to the Bhattá Brahmans from Southern India, with whom it has remained to this day.".

३१ D.R.Regmi, *Medieval Nepal*, Part I, (Calcutta: Firma K.L. Mukhopadhyay, 1965 A.D.), p. 437.
"Yaksamalla like his father and grandfather was an oxthodox Hindu. He elevated the temple of Dattatraya at Bhatgaon and set up the practice of worship of Pashupatinath by the Konkani Brahmans of South India, which up til now continues."

३२ Mahesh C.Regmi, *Land Tanure and Taxation in Nepal*, Second Edition, (Kathmandu: Ratna Pustak Bhandar, 1978 A.D.), p. 710.
"The system of appointing priests at Pashupatinath temple in Kathmandu is completely different. According to a convention believed to have been established by Shankaracharya, the great Hindu revivalist who flourished in India around the beginning of the ninth century, only Brahmans belonging to the Karnatak, Maharastra, Andra and Dravid communities and born in the regions south of the Vindya mountains in India can be appointed as priests at this temple. The convention is still observed."

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् ।[३३] नन्दनन्दन सनाढ्यले शङ्कराचार्यका शिष्यहरूको हस्ताक्षर भएको ताडपत्र अझै पशुपतिमा सुरक्षित छ भनी लेखेका छन् ।[३४] पशुपतिका पुजारी एवं भँडारीहरूसमेत पनि यदाकदा यो चलनको प्रारम्भ आद्य शङ्कराचार्यले गरेको मान्छन् । यो विचारलाई उनीहरूले विभिन्न रूपबाट प्रश्रय दिइरहेका छन् ।

जहाँसम्म यक्ष मल्लले दाक्षिणात्य ब्राह्मणहरूबाट पशुपतिमा पूजा गर्ने चलन चलाए भन्ने एकथरी इतिहासकारहरूको भनाइ छ, त्यसको मूल आधार *भाषावंशावली*हरू हुन् ।[३५] शिलालेख वा अन्य अभिलेखहरूमा त्यसको सङ्केतसम्म पाइँदैन । *भाषावंशावली*हरूमा पनि यक्ष मल्लले शङ्कराचार्यद्वारा स्थापित चलनलाई प्रोत्साहन दिई दाक्षिणात्य ब्राह्मण पुजारीको सहयोगी राख्ने व्यवस्था गरेको सम्म उल्लेख छ । यो कुरालाई डेनियल राइट,[३६] लुसियानो पेटेक,[३७] र डी.आर. रेग्मी[३८] ले गलत ढङ्गले प्रस्तुत गर्नुभएको छ । वस्तुतः यक्ष मल्लले दाक्षिणात्य भट्टहरूद्वारा पूजा गर्ने चलन चलाएका हुन् भन्ने कुराको प्रसङ्ग र सङ्केतसम्म पनि कतै नपाइने हुनाले यस विषयमा चर्चा गर्नु सान्दर्भिक हुँदैन । बरु *वंशावली*ले भने जस्तो शङ्कराचार्य स्वामीले राखेको परम्परालाई अवलम्बन गर्न यक्ष मल्ले मदत गरेको हुन सक्छ ।

---

३३ (क) T.C. Majpuria and I. Majpuria, *Glimpses of Nepal*, First Edition, (India: Smt. Mahadevi 1979-80), p. 16.

(ख) नन्दनन्दन सनाढ्य, *नेपाल के पूजास्थल एवं पर्वों*, प्रथम संस्करण, (दिल्ली: शिखर प्रकाशन, सन् १९८४), पृष्ठ ३० ।
"आठवीं सदी मे यहाँ (नेपाल में) शङ्कराचार्य आए थे यह तो प्रामाणित वात है । शङ्कराचार्य ने यहाँ शैव धर्मको सुदृढ बनाने के लिए बौद्धों और शाक्तों से शास्त्रार्थ किया । यहाँ कि पूजा पद्धति सुनिश्चित की ।"

(ग) Acharya Baldeva Upadhyaya, "*Adi Shankaracharya in Nepal*". Hindutva, (May 1975), p. 129.
"Acharya Shankara as the head of the party lost no time in coming over to the temple of Pashupatinath. The worship of the deity has been discontinued owing to avil influnces of the Tantrik Buddhism and the study of Vedas had fallen in disuse on account of the prevalence of the Buddhist Tripitaka. Under his guidance his devotees cleared the temple of all its dirt and impurities and organized the worship of the deity in right earnest with help of the vedic mantras. Acharya Shankara composed a suitable stotra in praise of Lord Pashupatinath and was the first to perform the worship of the deity with all the paraphrnalia of vedic injunctions, and with sattvic purity enjoined in shastras on such ceremonial occasions."

३४ नन्दनन्दन सनाढ्य, *पूर्ववत्*, पादटिप्पणी ३२ (ख) सङ्ख्या, ४५ पृष्ठ ।
"संभाल के रखे गए एक तालपत्र मे शङ्कर के शिष्य के हस्ताक्षर है जिस मे कहा गया है हि यदि आचार्य शङ्करद्वारा निर्देशित पूजा पद्धतिका अनुसरण पशुपति के पूजा मे किसी द्वेष के होता रहा तो नेपाल राजवंश अक्षुण्ण बन रहेगा ।" सन्दर्भ हेर्दा यो ने.सं. ८५५ (वि.सं. १७९२) को पत्रलाई भन्न खोजेको बुझिन्छ । यस बारेमा विस्तृत चर्चा "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन", *अभिलाषा*, (वि.सं. २०४२ वैशाख), ९८-११६ पृष्ठमा गरिएको छ ।

३५ पं. देवीप्रसाद लंसाल (सम्पा)., *पूर्ववत्*, पादटिप्पणी ५ सङ्ख्या, ५१ पृष्ठ ।

३६ Daniel Wright (Ed.), *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Pvt. Ltd. 1958 A.D.), p. 113.
"This Raja (Yaksamalla) having studied the rules made by Shankaracharya, appointed Bhatta Brahman from the South of India to worship Pashupatinath and made the Newars of Devapatan store keepers."

३७ Luciano Petech, *op.cit.*, foot note no. 29, p. 179.

३८ D.R.Regmi, *op.cit.*, foot note no. 30, p. 437.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब आद्य शङ्कराचार्यले उक्त चलनको सूत्रपात गरेका हुन् भन्ने सन्दर्भमा केही विचार गर्नुपरेको छ । नेपालमा शङ्कराचार्य आएका थिए भन्ने अनुश्रुति अत्यन्त व्यापक छ । तर आद्य शङ्कराचार्यका चार मठका चेलाहरूलाई पनि शङ्कराचार्य भन्ने प्रचलन भएको तथा अन्य व्यक्तिहरूको नाम पनि शङ्कराचार्य हुन सक्ने कुरालाई दृष्टिगत गर्दा नेपाली परम्परामा प्रसिद्धि पाएका शङ्कराचार्य को हुन् ? हेर्नु आवश्यक छ ।

आद्य शङ्कराचार्य (वि.सं. ८४५-८७७ आ.) अद्वैत सिद्धान्त र शैव सम्प्रदायका उन्नायक थिए । हिन्दूधर्मसंस्कृतिको पुनर्जागरणमा उनको निकै ठूलो योगदान छ । बौद्ध धर्मले भारतवर्षभरि प्रभुत्व जमाएर अनीश्वर र अनात्मवादको प्रचार-प्रसार अत्यधिक मात्रामा गरिरहेको बखत उनले वैदिकधर्ममा आधारित शैव मतको प्रसार गरी आत्मवादलाई प्रश्रय दिए । उनको जीवन छोटो रह्यो तापनि अल्पायुमा जे जति गरे त्यो असाधारण छ । उनी प्रकाण्ड विद्वान् थिए, प्रतिभाका यशस्वी थिए । शङ्कराचार्यले *ब्रह्मसूत्र, श्रीमद्भागवद्गीता* माथि विद्वत्तापूर्ण भाष्य लेख्नुको अतिरिक्त एघारवटा उपनिषद्हरूमाथि अद्वैतपरक भाष्यसमेत लेखी वेदान्त विषयको विशद् ज्ञानको परिचय दिएका छन् । उनले भारतको चार महत्त्वपूर्ण ठाउँहरूमा मठ स्थापना गरे, जुन अद्यावधि उनैको नामबाट प्रसिद्ध छन् । अहिले पनि ती मठहरूले हिन्दूधर्मको उन्नयनमा अभूतपूर्व स्थान ओगटेका छन् । यद्यपि आद्य शङ्कराचार्यको समय र कृतिमा विवादहरू पनि छन्, तर उनको अस्तित्वमा शङ्का गरिन्न र धेरैले उनलाई विक्रमको नवौं शताब्दीको समय दिएका छन् । जहाँसम्म उनको नेपाल आगमन र पशुपतिमा गरिएको पुजारीसम्बन्धी व्यवस्थाको कुरा छ *शङ्करविजय, शङ्करदिग्विजय* आदि प्रामाणिक र समकालिक ग्रन्थमा त्यसबारेमा कुनै चर्चा पाइँदैन । तर अर्वाचीन केही ग्रन्थहरूमा भने त्यस कुरालाई थपिएको पाइन्छ ।[३९] यसो हुनाको कारण डेनियल राइटले सम्पादन गरेका *भाषावंशावली* जस्ता *वंशावली*को प्रभाव हुनुपर्छ । देवपाटनमा पशुपतिनाथमन्दिरको पश्चिमपट्टि 'शङ्कराचार्यमठ' नामको मठसमेत भएकोले अझ केहीले त्यस मठको निर्माण समयको विचारै नगरी त्यसलाई आद्य शङ्कराचार्यले स्थापना गरेको भन्ने गरेको पाइन्छ ।[४०] नेपालमा आद्य शङ्कराचार्य आएको एवं उनले पशुपतिनाथमा दाक्षिणात्य ब्राह्मणबाट पूजा गराउने चलन चलाए भन्ने सूचना दिने डेनियल राइटले सम्पादन गरेको *वंशावली*मा शङ्कराचार्यलाई वृषदेवको समकालिक बताइएको छ ।[४१] जुन कुरा आद्य शङ्कराचार्यको वास्तविक समयसँग तालमेल खाँदैन । सारांशमा नेपाली परम्परामा शङ्कराचार्यले यहाँ आई बौद्ध तान्त्रिकहरूलाई शास्त्रार्थमा हराई पराजित बौद्धहरूलाई विनाश पारेको बताइन्छ ।[४२] यद्यपि यी कुराहरूमा कत्तिको सत्यता छ, त्यसबारे छुट्टै अध्ययन गर्नुपर्ने हुन्छ, तर यी प्रचलित परम्परा र अनुश्रुतिबाट नेपालमा आएका भनिने शङ्कराचार्य तन्त्र विषयका ज्ञाताका रूपमा चिनिन्छन् । अर्को कुरा पशुपतिनाथको ईशानमुखमा 'श्रीयन्त्र' लेखी तान्त्रिक विधिले पूजा गर्ने पद्धतिको शुरुवात शङ्कराचार्यले गरेका थिए भन्ने लोकोक्ति अहिलेसम्म पनि सुनिन्छ । प्रसिद्ध शङ्कराचार्य, जसलाई आद्य शङ्कराचार्य भनिन्छ, वेदान्तका प्रकाण्ड विद्वान् थिए । उनको जीवनीसम्बन्धी ग्रन्थहरूले पनि त्यही कुराको पुष्टि गर्दछन् । यसबाट के कुरा थाहा हुन्छ भने आद्य शङ्कराचार्य र नेपालमा आई पशुपतिमा पूजाआजासम्बन्धी कुराहरूको व्यवस्था गर्ने शङ्कराचार्य अलग्गै हुन् । यस सम्भावनालाई ने.सं. २६२

---

३९ (क) स्वामी अपूर्वानन्द, *आचार्य शङ्कर,* पञ्चम संस्करण, (नागपुर: रामकृष्ण मठ, सन् १९८४), २७२ पृष्ठ ।
(ख) पं. कृष्णप्रसाद भट्टराई (अनु.) *श्रीशङ्कराचार्यको जीवनचरित्र,* प्रथम संस्करण, (दिल्ली: शङ्कर एकेडेमी अफ संस्कृत कल्चर याण्ड क्लासिकल आर्टस्, सन् १९६८), ६२ पृष्ठ ।

४० नन्दनन्दन सनाढ्य, *पूर्ववत्,* पादटिप्पणी २२ (ख) सङ्ख्या, ५५-५६ पृष्ठ ।

४१ (क) Daniel Wright (Ed.), *op.cit.*, foot note no. 35, p. 71.
(ख) Acharya Baldeva Upadhayay, *op.cit.*, foot note no. 32 (ग), p. 129.

४२ (क) गोविन्द टण्डन, *पूर्ववत्,* पादटिप्पणी २६ सङ्ख्या, ११२ पृष्ठ ।
(ख) गोविन्द टण्डन, "देवपाटनको शङ्कराचार्यमठ", *विश्रान्ति,* १ वर्ष, २ अङ्क, (वि.सं. २०४३ फाल्गुन), २७-३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वि.सं. ११९९) को राष्ट्रिय सङ्ग्रहालयमा भएको शिलालेखले पुष्टि गर्न अझ मदत पुऱ्याएको छ ।[४३] त्यस शिलालेखमा एक जना शङ्कराचार्यको नालीबेली पाइएको छ । त्यहाँ चर्चित शङ्कराचार्य आद्य शङ्कराचार्य नभएर काशीस्थित आमर्दक 'अग्निमठ' मा बस्ने शङ्कराचार्य हुन् । उनी प्रयाग र काशीमा बस्दथे । उनी योग र तान्त्रिक विद्याको अनुसरण गर्ने द्वैतवादी थिए । शिष्यहरू पनि बनाउने ती शङ्कराचार्यको वाक्शक्ति तथा तर्कशक्ति अद्भुतको थियो । उनी शिव-शक्तिप्रतिको निष्ठा जगाउने काममा क्रियाशील थिए भन्ने कुरा उनले राखेको अभिलेखबाट थाहा हुन्छ । दीनदु:खीको सेवा गर्ने, गुणीहरूको सत्कार गर्ने उनको चरित्र थियो । उनी दुइ पटक नेपालमा आएका थिए । पहिलो पटक कहिले आएका हुन्, शिलालेखमा उल्लेख गरिएको छैन । तर पहिलो पटक आउँदा यहाँ शिवदेव राजा भएको अनुमान हुन्छ । उक्त अभिलेखमा भनिएको छ–

"अमुष्मिन् संस्थाने समजनि जनानन्दनकरैः शिवैः शैवेराज्ञाशमितजनतातापकलुषै" अर्थात् जनतालाई आनन्द दिने, शिव नामका शैव अनुयायी राजाले जनताको तापरूपी पापलाई शमन गरे ।[४४] मध्यकालको नेपालको इतिहासमा शिवदेव तृतीय प्रसिद्ध मानिन्छन् । उनले अन्दाजी ने.सं. २१९ (वि.सं. ११५६) देखि ने.सं. २४६ (वि.सं. ११८३) सम्म राज्य गरेका थिए ।[४५] त्यसैले ती शङ्कराचार्यको पहिलो पटकको आगमन शिवदेवको माथि उल्लिखित समयावधि-भित्र हुनुपर्ने देखिन्छ । यस सन्दर्भमा वि.सं. १८२६ ताकाको कागजमा टिपिएको शङ्कराचार्यसम्बन्धी टिपोट उनको पहिलो यात्राको प्रसङ्गमा उल्लेखनीय प्रतीत हुन्छ । त्यहाँ शङ्कराचार्यको आगमन ने.सं. २२२ (वि.सं. ११५९) मा भएको बताइएको छ ।[४६] त्यसमा चर्चित शङ्कराचार्य पनि काशीबाट आएको बताइएकोले दुइ पटक नेपाल आएका भनी आफूलाई उल्लेख गर्ने शङ्कराचार्य ने.सं. २२२ (वि.सं. ११५९) मा आएका रहेछन् भन्ने अनुमान हुन्छ । पहिलो पटकको यात्रामा उनले शैव मतको निकै प्रचार गरे, शास्त्रार्थ गरे, निकै अनुयायी बनाए र प्रशस्त दक्षिणा प्राप्त गरे । ती दक्षिणाहरूबाट काशीमा दुइवटा मन्दिरको निर्माण गरे । केही समयपछि फेरि दोस्रो पटक उनी नेपालमा आए । त्यो यात्रा पनि उत्तिकै प्रभावकारी रह्यो । यहाँ थुप्रै शिष्यहरू बनाउन सफल भए । शिवदेवका छोरा राजकुमार आनन्ददेव, युवराज महेन्द्रदेवका दुइ छोराहरू – वसन्तदेव र सोमेश्वरदेव आदि राजकुमार एवं यशोमल्ल जस्ता प्रभावशाली व्यक्तिहरू उनका शिष्य भएका थिए । यस प्रकार ती शङ्कराचार्य नेपालका राजघरानाका गुरु बन्न पुगेकाले उनको प्रभाव बढ्नु तथा आर्थिक लाभ पनि हुनु स्वाभाविक हो । यहाँ आर्जित धनले पशुपतिनाथको मन्दिर जीर्णोद्धार गर्ने काम तथा नाट्येश्वरको मन्दिर बनाउने काम पनि गरे ।[४७] तान्त्रिक पद्धतिमा विशेष श्रद्धा राख्ने भएकोले पशुपतिनाथमन्दिरमा त्यसको प्रभाव छोडे । त्यतिखेरको समाजमा तन्त्रको बाहुल्यले गर्दा उक्त पद्धति अनुकूलै देखियो, समाजले सहजै स्वीकाऱ्यो । त्यही पद्धति पछि गएर परम्परा बन्न गयो । यस प्रकार एकातिर शङ्कराचार्यले पशुपतिमा श्रीयन्त्रको विधानले पूजा गर्ने चलन चलाए, दाक्षिणात्य ब्राह्मणबाट पूजा गराउने नियम बाँधे भन्ने अनुश्रुति पाइनु, अर्कोतिर ने.सं. २२२ (वि.सं. ११५९) को टिपोट एवं ने.सं. २६२ (वि.सं. ११९९) को शिलालेखमा शङ्कराचार्यको नेपाल आगमनबारे विस्तृत चर्चा पाइनुले ती शङ्कराचार्य आद्य शङ्कराचार्य नभईकन काशी स्वर्ल्लिननिवासी अग्निमठका

---

४३ डा. जगदीशचन्द्र रेग्मी, *नेपालको धार्मिक इतिहास*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३०), १२४ पृष्ठ ।

४४ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी ४२ (ख) सङ्ख्या, २८ पृष्ठ ।

४५ धनवज्र वज्राचार्य, "मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव" *कन्ट्रिब्यूशन टु नेप्लीज स्टडिज*, ८ वर्ष, १ सङ्ख्या, (वि.सं. २०३७ पौष), २०८ पृष्ठ ।

४६ योगी नरहरिनाथ (सम्पा.), *संस्कृत-सन्देश*, १ वर्ष, १०, ११, १२ अङ्क, (वि.सं. २०१० चैत्र), १३ पृष्ठ ।
योगी नरहरिनाथले टिप्पणीमा शङ्कराचार्यको आगमनको समय ने.सं. २२२ (वि.सं. ११५९) ठीक छैन भनी लेख्नुभएको छ । उहाँले सो कुरा आद्य शङ्कराचार्यको समयलाई विचार गरी दिएको हुनुपर्छ ।

४७ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी ४२ (ख) सङ्ख्या, २६-३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्कराचार्य रहेछन् भन्ने स्पष्ट हुन आएको छ । आद्य शङ्कराचार्यको प्रसिद्धि र प्रख्याति सुनेका व्यक्तिहरूले शङ्कराचार्यको नाम सुन्नासाथ आद्य शङ्कराचार्यसँग सम्बन्ध गाँस्न पुग्नु अस्वाभाविक होइन ।

पशुपतिनाथमन्दिरको प्रसङ्गमा यी शङ्कराचार्यको उल्लेखनीय कार्य पशुपतिनाथको तान्त्रिक पद्धतिले पूजा, दाक्षिणात्य ब्राह्मणद्वारा पूजा गराउने व्यवस्था र आगमघरको स्थापना देखिन्छ । *भाषावंशावली*हरूमा यक्ष मल्लको चर्चा गरी शङ्कराचार्यले पशुपतिनाथमा दक्षिणका ब्राह्मण (भट्ट) हरूले पूजा गर्ने गरेको व्यवस्थालाई टेवा दिन पशुपतिनाथमा देवपाटनका नेवारलाई भँडारी नियुक्त गरेको उल्लेख पाइन्छ।[४८] त्यस्तै कान्तिपुरका राजा रत्न मल्लले पशुपतिनाथमा सन्न्यासी पुजारीद्वारा पूजा गर्ने व्यवस्था गरेको घटनाको उल्लेख गर्दा *वंशावली*मा "यिन राजाका पाला मध्यदेशदेखि सोमेश्वरानन्द नाम षोढान्यासी एक स्वामी आया र तिनकन श्रीपशुपतिनाथका पूजक योग्य ठहराइ पुजाहारि गरिदिया । शङ्कराचार्य स्वामीले रीत चलाई गयाका पूजाहारि दक्षिणे भट्ट ब्राह्मण मात्र हुन् । यिन राजाका पालामा स्वामी पूजाहारि भया"[४९] भनी उल्लेख पाइने भएकोले दाक्षिणात्य ब्राह्मणहरू पूजक भई पशुपतिमा पूजाआजा गर्ने चलनको शुरुवात शङ्कराचार्यले गरेका रहेछन् भन्ने सङ्केत मिल्छ । यो कुरालाई ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठको जगज्जय मल्लले शङ्कराचार्यका आगमघरका पुजारी साम्वसदाशिव भट्टलांई गरिदिएको पत्रले पनि समर्थन गर्दछ । त्यहाँ "श्रीपशुपतिस्थानमा श्रीशङ्कराचार्य स्वामीबाट पुजाहारी षज्यात होला भन्ना निमित्त अघिपछि कसैले छुन नसकोस् भनी थिति गरी राख्याको हो अघि पूजाहाराहरू काम कुरा धेरै विचार गरिकन बन्देजदेखि भित्रको हो कि बाहिरकों हो नेपालको जयदान नलिन्या शरिरमा निर्मल भै खुन नभयाको विन्ध्याचलदेखि दक्षिणका तैलिङ्ग द्राविड हेरि राख्नु पर्छ, विचार गर्नु, पुज्नु, योग्य हेरि दिनु पर्छ" भनी उनलाई अख्तियारी दिएको यस विवरणबाट पनि दाक्षिणात्य ब्राह्मणहरूद्वारा पूजा गर्ने चलन शङ्कराचार्य स्वामीबाट भएको थाहा हुन्छ।[५०] त्यो चलन ने.सं. २२२ (वि.सं. ११५९) देखि ने.सं. २६२ (वि.सं. ११९९) को बीचमा प्रारम्भ भएको हुनुपर्ने देखिन्छ ।

शङ्कराचार्य स्वामीले दाक्षिणात्य ब्राह्मणहरूबाट पूजाआजा गर्ने व्यवस्था गरेदेखि रत्न मल्ल अर्थात् सन्न्यासीहरूले पूजा गर्ने परम्पराको शुरुवात नहुञ्जेलसम्म कति जना त्यस्ता पुजारीहरूले पुजारीको काम सम्हाले भन्ने विषयमा सामग्रीहरूको अभावको कारण निश्चित भन्न सकिँदैन । त्यस बीचमा कृष्ण भट्ट, नारायण भट्ट आदि व्यक्तिहरूका नाम पाइन्छन् । पशुपतिनाथको निरन्तरको प्रसिद्धिलाई हेर्दा यस मन्दिरको पूजाआजा एवं पुजारीहरूको सम्बन्धमा अभिलेखहरूमा कुनै व्यवस्था बाँधिएको हुनुपर्ने हो । त्यसो हो तापनि व्यवस्थाप्रधान अभिलेखहरू पशुपतिनाथ जस्तो प्रसिद्ध मन्दिरको सम्बन्धमा नपाइनु विचारणीय छ । यसका अनेक कारणहरू रहे होलान् । तर तिनीहरूमध्ये एउटा कारण पशुपतिनाथको व्यवस्थापन पक्षसँग सम्बन्धित कुराहरूलाई ताम्रपत्र र ताडपत्रमा लेखाएर राख्नु हो जस्तो लाग्छ । त्यस्ता ताम्रपत्रहरू मन्दिरमा टाँसेर राख्ने चलन थियो । एक त पशुपतिनाथको मन्दिर समय-समयमा भत्काई जिर्णोद्धार गरिएका उल्लेख पाइन्छन् । अर्को ताम्रपत्रको धातुको महत्त्वको कारण तिनीहरूलाई जोगाएर राख्न गाह्रो थियो । बचे-खुचेका त्यस्ता ताम्रपत्रहरू ने.सं. ४७० (वि.सं. १४०६) को शमसुद्दीन इलियासको आक्रमणले सम्भवत: नामेट गरिए । त्यसपछि ने.सं. ५३३ (वि.सं. १४७०) देखिका ताम्रपत्रहरू मात्र पाइन्छन् । ताडपत्रहरू कम टिकाउका साधन भएको कारण नासिए, मासिए । पशुपतिनाथमन्दिरको पूजाआजालगायत अन्य पुराना व्यवस्थापनहरूको सम्बन्धमा थाहा नहुनुको पछिल्तिर माथिकै कारणहरू अन्तर्निहित छन् ।

---

४८ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५ सङ्ख्या, ५०-५१ पृष्ठ ।
"अस्य पुत्र यक्षमल्ल भोग वर्ष २० यिन राजाले शंकराचार्यदेखि चलायाका दक्षिणे भट्ट ब्राह्मण पशुपतिनाथका पुजाहारिकन सुसाऱ्या र पशुपतिका भंगऱ्या (भंडाऱ्या) देवपत्तन नेवारलाई राखिदिया ।"

४९ *ऐजन*, ५२ पृष्ठ ।

५० गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २६ सङ्ख्या, ११२-११६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दिरहरूमा चढाइने भाँडाकुँडाहरू एवं गहनाहरूमा पनि लेखहरू राख्ने चलन पाइन्छ । तर पशुपतिनाथमा चलनचल्तीका गहनाबाहेक अरू वस्तु मन्दिरको पहिलो तल्लाको ढुकुटीमा राखिने तथा भाँडाकुँडा गाली पानस,[५१] सिंह[५२] आदि बनाइने उदाहरणहरूले तिनीहरूबाट थाहा हुन सक्ने जानकारी पाउनबाट वञ्चित हुनुपरेको छ । ऐतिहासिक ज्ञानको अभाव पनि त्यसमा उत्तरदायी छ । पछि ऐतिहासिक ज्ञान हुन थालेपछि लुकाउने प्रवृत्ति र आकर्षक मूल्य लिई बेच्ने जस्ता कार्यले ती वस्तुहरू मासिए । फलतः पशुपतिनाथमन्दिरको लिच्छविकालको अन्तिम चरणदेखि रत्न मल्लअधिको पुजारीलगायत अन्य विविध पक्षहरूबारे राम्रो जानकारी प्राप्त हुन सक्तैन ।

दाक्षिणात्य ब्राह्मणहरू पशुपतिका पूजक भएको सन्दर्भको पहिलो क्रममा शङ्कराचार्यको समयदेखि ने.सं. ५२३ (वि.सं. १४६०) सम्मका पुजारीहरूका नामनामेसीको बारेमा केही थाहा हुँदैन । तर ने.सं. ५२३ को पशुपतिको प्राङ्गणमा रहेको अभिलेखमा दामोदर भट्टका छोरा कृष्ण भट्टको उल्लेख आएको छ । अभिलेखअनुसार लक्ष्मीकीर्ति र रामसिंहसहित भएर कृष्ण भट्टले योगेश्वर नामका देवतालाई गूठीजग्गा राखेका थिए ।[५३] त्यस्तै ने.सं. ५९१ (वि.सं. १५२७) को पशुपतिमन्दिरप्राङ्गणमा रहेको अर्को अभिलेखमा नारायण भट्ट नामका व्यक्तिले वि.सं. १५२५ मा भैरवको मूर्ति स्थापना गरेको कुरा परेको छ ।[५४] यद्यपि कृष्ण भट्ट तथा नारायण भट्टको बारेमा राम्रो परिचय पाउन सकिएको छैन, तर *भाषावंशावली* एवं अभिलेखहरूले शङ्कराचार्य स्वामीले दाक्षिणात्य भट्ट ब्राह्मणहरूबाट पूजा गराउने चलन चलाए भन्ने उल्लेख गर्नु अर्कोतिर पशुपतिनाथको प्राङ्गणका अभिलेखहरूमा कृष्ण भट्ट, नारायण भट्ट जस्ता भट्ट ब्राह्मणहरूको उल्लेख पाइनु केवल संयोग मात्र नभई तिनीहरू पशुपतिनाथका अर्चकहरू नै हुनुपर्ने सम्भावना देखिन्छ । नारायण भट्टको विशेष झुकाव तन्त्रपट्टि थियो भन्ने कुरा उनले त्यहाँ 'उन्मत्तभैरव' को स्थापना गरेबाट बुझिन्छ । त्यस अभिलेखको मुख्य विषयवस्तु उन्मत्तभैरवसँग सम्बन्धित छ । तर पशुपतिमन्दिर एवं यहाँको भँडारीका कुराहरूको पनि चर्चा पाइने हुनाले अभिलेख स्थापनाकर्ताको सम्बन्ध पशुपतिसँग थियो भन्ने सङ्केत मिल्दछ । अभिलेखको तल्लो खण्डका अंशहरू खण्डित भएकाले त्यसबाहेक विस्तृत कुरा थाहा हुँदैन ।[५५]

७.२.२ दाक्षिणात्य ब्राह्मण पुजारीहरूको पछिल्लो क्रम

रत्न मल्लको समयदेखि दाक्षिणात्य ब्राह्मणहरूको सट्टा सन्न्यासीहरूद्वारा पशुपतिनाथको पूजा गर्ने परम्परा चल्यो र त्यो चलन जगज्जय मल्ल (वि.सं. १७७९-१७९१ आ.) को पालासम्म अक्षुण्ण रहेको देखिन्छ भन्ने कुराको सविस्तार वर्णन माथि गरियो । सन्न्यासी पुजारी परम्पराका अन्तिम पुजारी कपिलानन्द थिए भन्ने कुरा ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठको पत्रबाट बुझिन्छ भन्ने पनि माथि उल्लेख गरियो । तर कपिलानन्दले कहिलेसम्म पुजारी भई काम चलाए निश्चित रूपमा भन्न सकिन्न । ने.सं. ८६७ (वि.सं. १८०३) माघको ताम्रपत्रमा कृष्ण भट्ट नामका व्यक्ति

---

५१ परिशिष्टभाग, अभिलेखखण्ड (क), २३१, २३२, २३३, २३४ सङ्ख्या ।

५२ पशुपतिनाथमन्दिरको बाहिरी प्रदक्षिणापथमा पित्तलको पाता टाँसिएकोमा त्यसलाई झिकी वि.सं. १९३६ मा सङ्गमर्मर राखियो । झिकिएका धातुबाट चारै ढोकामा सिंह, सिंहनी बनाई राखियो ।

५३ D. R. Regmi, *op.cit.*, foot note no. 23, pp. 34-40.

५४ *Ibid.*, pp. 82-85.
ने.सं. ५२८ (वि.सं.१४६४) माघको राजराजेश्वरीको अभिलेखमा 'श्रीश्रीश्री राजभट्ट' पाठ डी.आर.रेग्मीले दिएको आधारमा राज भट्टलाई व्यक्तिविशेषको नाम सम्झी मैले "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन", *अभिलाषा*, (वि.सं. २०४२), मा उनी पशुपतिका पुजारी हुन सक्ने सम्भावना भएको कुरा लेखेको थिएँ । तर अहिले आफूले हेर्दा मूल पाठमा 'श्रीश्रीश्रीराजभट्टा ....' शब्द भएकाले यो त्यहाँस्थित राजराजेश्वरीलाई कहने 'श्रीश्रीश्रीराजभट्टारिका' हुनुपर्ने देखियो । व्यक्ति विशेषको नाममा सम्मानजनक 'श्री' एउटा मात्र प्रयोग हुने गरेको पाइन्छ । यहाँ तीनवटा श्रीश्रीश्री को प्रयोगले पनि त्यही कुराको पुष्टि गर्छ ।

५५ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुजारीको रूपमा देखिएका छन् । यसैले कपिलानन्दको नामको ने.सं. ८५५ पछिको अर्को अभिलेख नपाइनु तथा ने.सं. ८६७ देखि कृष्ण भट्टको उल्लेख पुजारीको रूपमा पाइनुले त्यसैको हाराहारीको समयलाई कपिलानन्दको समय मान्नुपर्ने हुन्छ । साथै कृष्ण भट्टलाई दाक्षिणात्य ब्राह्मणद्वारा पूजा गराउने पछिल्लो परम्पराको पहिलो पुजारीको रूपमा लिनुपर्ने हुन्छ । राघवानन्द स्वामीको पालादेखि नै सन्न्यासी पुजारीहरूलाई राख्ने-नराख्ने भन्ने जस्तो द्विविधा देखापरिसकेको कुरा उनले समाधि लिनुपरेको अवस्थाको घटनाले बुझाउँछ । दक्षिण भारतका ब्राह्मणहरू कट्टर शैव अनुयायी भएको तथा तान्त्रिकपद्धतिमा पनि उनीहरूको दखल मानिने जनविश्वास हुनाले सन्न्यासी पुजारी नहुँदाको स्थितिमा विकल्पको रूपमा पुन: दाक्षिणात्य ब्राह्मणहरूलाई नै पुजारी दिइने चलन अगाडि पनि भएको कुरा दामोदर भट्टको अभिलेखबाट बुझिन्छ । पछि गएर उनीहरूद्वारा नै पूजाआजा गराउने चलन झण्डै साढे दुइ सय वर्षको लामो अन्तरालपछि फेरि शुरू भयो ।

केही वर्षअगाडि यस क्रमका पहिलो दाक्षिणात्य ब्राह्मण पुजारी साम्बसदाशिव भट्ट हुनुपर्छ भन्ने कुरा उनका सन्तानहरूसँग भएको ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखशुक्ल १५ को ताम्रपत्रको नक्कल भनी उतार गरेको कागजमा 'श्री पशुपतिनाथका प्रथम पुजावरी साम्बसदाशिव भट्ट' भन्ने उल्लेख आएको देखेको तथा ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठको जगज्जय मल्लले गरिदिएको भन्ने पत्रमा शङ्का गर्ने प्रशस्त ठाउँ हुँदाहुँदै पनि अरू प्रामाणिक सामग्री नपाइएको अवस्थामा उनी पहिलो दाक्षिणात्य पुजारी हुन् भन्ने विचार स्थापित गर्नुपरेको थियो ।[५६] तर माथि उल्लिखित ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखशुक्ल १५ को मूल ताम्रपत्र हेर्दा नक्कलप्रतिको र मूल ताम्रपत्रको अरू बेहोरा हुबहु उस्तै भए पनि ताम्रपत्रमा 'श्रीपशुपतिनाथका प्रथम पुजावरी' भन्ने विशेषण छैन ।[५७] यसबाट नक्कलप्रतिमा साम्बसदाशिवलाई पशुपतिनाथको पहिलो पुजारी भनेर जुन कुरा लेखिएको थियो, त्यो पछि उनका सन्तानहरूमध्ये कसैले स्वार्थवश थपेको देखियो । यी साम्बसदाशिव भट्ट पशुपतिनाथमन्दिरको होइन बरु ढुण्डिगणेश, आदिपशुपति, आयदिवी, वाग्वती, विश्वेश्वर, चण्डेश्वर, भुवनेश्वर, किरातेश्वर, ज्ञानेश्वर, शङ्खनीलनारायण, सूर्यनारायण, कीलेश्वरका पुजारी बनाइएका थिए भन्ने कुरा उक्त ने.सं. ८४८ को माथि उल्लिखित ताम्रपत्रबाट थाहा हुन्छ ।[५८] ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठमा यिनलाई शङ्कराचार्यको आगमघरको पुजारीमा पनि नियुक्त गरियो । सम्भवत: उनका बाजे केशव भट्ट पनि त्यस आगमघरका पुजारी थिए । त्यसैकारणले हुनुपर्छ उनलाई अख्तियारी दिँदाको ने.सं. ८५५ (वि.सं. १७९२) माघको पत्रमा खान्गीको प्रसङ्गमा "तपाइका खायल तपाइका बाज्याले खायका षायल खाइ शुभ काम गर्नु भनी हिजो स्वामीहरू राजाहरूबाट दिया बमोजिम हामीबाट पनि जाँची बुझी परीक्षा हेरी प्रसन्न भै सहि गरि दिञ्यूँ" भनिएको छ । पशुपतिनाथको पुजारी पद बाबुपछि छोराको उत्तराधिकारी-क्रमले नपाउने चलनलाई हेर्दा एवं केशव भट्टकै खान्गी उनका नाति साम्बसदाशिव भट्टले पाएको देखिनाले पनि साम्बसदाशिव भट्ट पशुपतिनाथको पुजारी नभईकन शङ्कराचार्य स्वामीको आगमघरका पुजारी देखिन्छन् । ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखमा जगज्जय मल्लबाट यिनले गणेश, आदिपशुपति, आयदिवी, वाग्वती, विश्वेश्वर आदि देवताहरू एवं लिङ्गयात्रा, तीर्थयात्रा, कुण्डयात्राहरूको पूजा गर्ने अख्तियारी पाएका थिए ।[५९] आवश्यकता पर्दा पशुपतिनाथको लायक पुजारी छान्ने, भँडारी, बिसेट वन्धेजभित्रको हो होइन हेर्ने; पशुपतिनाथमन्दिरका पुजारीलाई पाशुपतमन्त्र नजान्ने रहेछ भने

५६
(क) Govinda Tandon, "The Antiquity and the Tradition of Priesthood of the Pashupatinath Temple", *Nepalese Culture*, Vol. II, No.2, (1981-82 A.D.), pp. 27-32.
(ख) गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी सङ्ख्या २६, पृष्ठ ९८, १०१ ।

५७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६९ सङ्ख्या ।

५८ मैले साम्बसदाशिव भट्ट पशुपतिनाथमन्दिरको पहिलो दाक्षिणात्य पुजारी हुन् भनी "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा : एक अध्ययन", *अभिलाषा,* (वि.सं. २०४२), १०१ पृष्ठमा लेखेको थिएँ त्यसको आत्मसंशोधन गर्नुपरेको छ ।

५९ ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्र दिने; राज्यमा शत्रुभय, अनावृष्टि, महामारी, भूकम्प आदि अनिष्ट हुँदा त्यससम्बन्धी विधि-विधानहरू गर्न साम्बसदाशिव भट्टलाई अधिकार दिइएको थियो ।[६०] उक्त आगमलाई शङ्कराचार्यको आगमघर भनी उल्लेख गरिनु तथा पशुपतिनाथका पुजारीहरूलाई पुजारी पदको जिम्मेवारी दिनुभन्दा अगाडि आवश्यक केही विधि-विधानहरू सोही आगमघरमा हुने परम्परालाई हेर्दा पशुपतिनाथमा दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गराउने प्रचलन शङ्कराचार्य स्वामीले गराएका हुन् भन्ने धारणालाई बल प्रदान गर्दछ । सन्न्यासी पुजारीहरू हुँदा त्यस्तो चलन भए नभएको थाहा हुँदैन तर आगमघर र पशुपतिका पुजारी त्यस वेला एउटै हुने गरेको सङ्केत मिल्छ । यस सम्बन्धमा हामीले माथि नै चर्चा गरिसक्यौं । आगमघरका पुजारीको यस दृष्टिले निकै महत्त्व देखिन्छ । तर समयअनुसार आगमघरका सबै पुजारी सुपात्र हुन नसक्ने एवं अन्य कतिपय कारणले गर्दा पहिलेको महत्ता अक्षुण्ण रहन सकेन । पशुपतिको पुजारी हुने दाक्षिणात्य ब्राह्मणले अझै पनि केही विधिविधान आगमघरमा सम्पन्न गर्नुपर्ने चलन छ । तर साम्बसदाशिव भट्टले पाएको अन्य अख्तियारी अहिले कायम छैन । साम्बसदाशिव भट्टको समयदेखि आगमघरको पुजारीको कार्य सन्तान-दरसन्तानको लागि उनैले पाए । त्यसैअनुसार उनका सन्तानले आगमघरलगायत ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखको ताम्रपत्रको अनुसारको कार्य गर्दैछन् । वि.सं. १९०१ मा श्री ५ राजेन्द्रविक्रम शाहले साम्बसदाशिव भट्टका नाति षडानन्द भट्टलाई अन्य देवीदेवताहरू– ढुण्डिगणेश, आदिपशुपति, आयदिवी, कामदेव, सूर्यनारायण, किरातेश्वर, ज्ञानेश्वर, विश्वेश्वर, वागवती, रुद्रगारेश्वर, कीलेश्वर, शङ्खनीलनारायण, पर्वतेश्वर, भस्मेश्वर, भुवनेश्वर, कोटिलिङ्ग, चौरासीको पूजाआजा गर्ने अधिकार दिए ।[६१] त्यसभन्दा अगाडि वि.सं. १८३८ को लालमोहरमा किंरातेश्वर, खञ्जनेश्वर आदि ठाउँमा लक्ष्मीनारायण भट्टलाई अख्तियारी दिँदा उनीहरूले अगाडि पनि ती ठाउँहरूमा पूजा गरिरहेकाले उहिले पनि दिएको कुरा परेकोले साम्बसदाशिव भट्टपछि लक्ष्मीनारायणले उपर्युक्त ठाउँहरूमा पूजाआजा गर्न थालेको कुरा बुझिन्छ ।[६२] तर लक्ष्मीनारायण र साम्बसदाशिव भट्टबीच के नाता पर्दथ्यो थाहा हुँदैन । ती ठाउँहरूमा पूजा गर्ने अधिकार साम्बसदाशिवले पाउँदा सन्तानदरसन्तानपर्यन्त पूजा गर्ने अधिकार पाएकोले उनी साम्बसदाशिव भट्टका छोरा हुन पनि सक्छन् । उनीपछि षडानन्दले पूजाआजा गर्न थाले । यिनीहरू पछि नेपालकै रैथाने भई यतै बसे । षडानन्दपछि लक्ष्मण भट्ट, त्यसपछि गोपाल भट्ट र उनीपछि ध्रुव भट्टले ती देव-देवताको पूजा गरे । अहिले ध्रुव भट्टका छोरा मदन भट्ट आगमघरलगायत माथि उल्लिखित ठाउँहरूमा पूजा गर्ने पुजारी छन् । पशुपतिनाथमन्दिरको परिप्रेक्ष्यमा यहाँका स्थानीय भट्ट ब्राह्मणहरूबाट पूजाआजा गरेको उल्लेख पाइँदैन । यस सम्बन्धमा त्यस्तो कुनै अनुश्रुति र परम्परा पनि सुनिँदैन । कसैले पशुपतिनाथमन्दिरमा पुजारी नभई खाली भएको अवस्थामा आगमघरका भट्ट ब्राह्मणहरूबाट पूजाआजा हुन्थ्यो भनी लेखेका छन् ।[६३] तर त्यस्तो कुनै प्रमाण नपाइने हुनाले उक्त कुरा स्वीकार्य देखिँदैन, किनभने सन्न्यासीहरूद्वारा पशुपतिमा पूजा हुञ्जेलसम्म आगमघरका पुजारी पनि उनीहरू नै हुन्थे । पछिल्लो परम्परामा भट्ट ब्राह्मणहरू पशुपतिका पुजारी हुन थालेपछि केशव भट्ट तथा उनका नाति साम्बसदाशिव भट्ट आगमघरका पुजारी थिए । साम्बसदाशिवपछि आगमघरको पुजारीत्व उनीहरूकै सन्तानमा गयो । नेपालमा विवाहवारी गरी यहीं बसेकाले उनीहरूले पशुपतिको पूजा गर्न पाएनन् भन्ने देखिन्छ । यसैले आगमघरका भट्ट ब्राह्मणहरू पशुपतिमन्दिरमा पुजारी भई काम गर्नु सम्भव छैन ।

---

६० गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २६ सङ्ख्या, ११३ पृष्ठ ।

६१ कुलचन्द्र कोइराला, *पूर्ववत्*, पादटिप्पणी २८ सङ्ख्या, १९ पृष्ठ ।

६२ श्री ५ रणवहादुर शाहले लक्ष्मीनारायण भट्टलाई वि.सं. १८३८ वैशाखशुक्ल १५ मा गरिदिएको लालमोहर । गूठीलगत तथा तहविलकार्यालय, पोका नं. ८३, सि.नं. ५१७५, प.नं. ५, ३० सङ्ख्या, ७ पृष्ठ ।

६३ कुलचन्द्र कोइराला, *पूर्ववत्*, पादटिप्पणी २८ सङ्ख्या, १३ पृष्ठ ।
सन्न्यासीहरू परमधाम भएमा आगमघरका भट्टहरू गएर पूजा चलाउँथे र अर्को योग्य सन्न्यासी बाहिरबाट आएपछि श्रीपशुपतिको मूलपुजारीमा नियुक्त गर्थे भन्ने कुरा अध्ययनबाट थाहा हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिरका दाक्षिणात्य ब्राह्मणहरूको पछिल्लो परम्पराका पहिलो पुजारीको रूपमा देखिएका कृष्ण भट्टको पहिलो उल्लेख ने.सं. ८६७ (वि.सं. १८०३) माघको रालगिरी माईको शिष्य लेवा गिरीमाईको पुण्यकामनाले पशुपतिनाथमा प्रत्येक वर्ष श्रीपञ्चमीमा परदेशी जोगीहरूलाई अन्न दान दिन राखेको गूठीलाई स्थायित्व दिई प्रतिवर्ष गर्नुपर्ने कामको जिम्मा श्रीकृष्ण भट्ट र दिव्यसिंह बिसेटलाई दिँदा आएको छ ।[६४] यद्यपि त्यहाँ कृष्ण भट्टलाई स्पष्ट रूपमा पशुपतिका पुजारी भनेर उल्लेख गरिएको छैन । तर पशुपतिको भण्डारको रेखदेख गर्ने काममा नियत गरिएका बिसेट दिव्यसिंहको साथमा आदरसाथ 'श्री' सम्बोधनसहित कृष्ण भट्टको उल्लेख आएको देखिनाले तथा पशुपतिनाथसँग सम्बन्धित गूठी हुनाले त्यस अभिलेखमा उल्लिखित कृष्ण भट्ट पशुपतिनाथकै पुजारी देखिन्छन् । पशुपतिनाथमन्दिरसँग सम्बन्धित कतिपय पछि राखिएका गूठीहरूको जिम्मा पशुपतिका पुजारी दाक्षिणात्य ब्राह्मणलाई दिइएको देखिनाले पनि त्यस कुराको पुष्टि हुन्छ । कसैले यिनलाई पशुपतिनाथमन्दिरको अतिरिक्त आगमघरका पनि पुजारी भनी लेखेका छन् ।[६५] तर ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठमा साम्बसदाशिव भट्ट आगमघरका पुजारी नियुक्त भई त्यसै वेलादेखि उनले सन्तानदरसन्तानको निमित्त पुजारीत्व पाएको तथा कृष्ण भट्ट साम्बसदाशिव भट्टका सन्तान हुन् भन्ने कुनै प्रमाण नपाइएकोले उक्त विचार मान्य देखिँदैन । अर्को कुरा आगमघरका भट्ट पुजारीले पशुपतिनाथमन्दिरमा पूजा गरेको कुनै प्रमाण पाइँदैन ।

श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरणको जग हाल्दा श्री ५ पृथ्वीनारायण शाहलाई कृष्ण भट्टले निकै सहयोग गरेका थिए । कान्तिपुरअन्तर्गत रहेको नुवाकोट कब्जा गरी श्री ५ पृथ्वीनारायण शाहले आफ्नो अभियानको केन्द्र नुवाकोटलाई बनाएपछि काठमाडौँखाल्डोमा पस्ने प्रयास गरे । तर त्यसमा सफल नभएपछि पृथ्वीनारायण शाहले आर्थिक नाकाबन्दी गर्ने तथा काठमाडौँखाल्डोका प्रभावशाली व्यक्तिहरूलाई आफ्नो प्रभावमा पारी उनीहरूद्वारा सहयोग लिने योजनालाई कार्यान्वयन गरे । उनले काठमाडौँखाल्डोका ठूला-ठूला भारदार, व्यापारी, पुजारीलगायत धार्मिक क्षेत्रका प्रभावशाली केही व्यक्तिहरूलाई आफ्नो पक्षमा मिलाउन सफल भए । त्यही क्रममा पशुपतिनाथका पुजारी कृष्ण भट्टलाई पनि भित्र-भित्रबाट श्री ५ पृथ्वीनारायण शाहले मिलाएथे । तर कृष्ण भट्ट श्री ५ पृथ्वीनारायण शाहसँग मिली उनको कुभलो गर्न लागे भन्ने कुरा कान्तिपुरका जयप्रकाश मल्लले थाहा पाए । फलत: उनले भोग गर्दै आएको ९० रोपनी जग्गा जयप्रकाश मल्लले अरू सन्न्यासीहरूलाई दिए । उक्त जग्गा श्री ५ पृथ्वीनारायण शाहले देवपाटन जितेपछि उनलाई नै दिए । त्यो कुरा वि.सं. १८३२ श्रावणशुक्ल १४ रोज ४ को पत्रबाट बुझिन्छ ।[६६] त्यसबाहेक खेत ५० रोपनी र पाखो ३९ रोपनी गरी कृष्ण भट्टका अरू ८९ रोपनी जग्गा जयप्रकाश मल्लले खोसी परदेशी सन्न्यासीहरू– कुबेर गिरी, भीम गिरी, काशी गिरी, मुक्तेश्वर गिरीहरूलाई बिर्ता गरिदिएका थिए भन्ने कुरा वि.सं. १८६२ वैशाखकृष्ण ११ रोज ५ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको ताम्रपत्रबाट थाहा हुन्छ ।[६७] श्री ५ रणबहादुर शाहले वि.सं. १८५१ मा रामचन्द्र छतकुलीको खायल १५८ रोपनी खेत त्यसभित्रको घडेरी, गाउँ, घर र लगापातसमेत गरी सबैको कूतस्वरूप रु.१८२।४० पैसा बुझाउने गरी कृष्ण भट्टलाई दिएका थिए । पञ्चखतबाहेकको दण्ड-जरिबाना पनि उनैले पाउने गरी उक्त जग्गा दिइएको थियो ।[६८] यसबाट तात्कालिक अवस्थामा कृष्ण भट्टको राम्रो प्रभाव थियो भन्ने अवगत हुन्छ । ती सबै कारणले उनलाई यहीँ बस्ने प्रेरणा पनि दियो । श्री ५ पृथ्वीनारायण शाहबाट थमौती पाएको जग्गामध्ये ८९ रोपनी जग्गा पछि हरिनाथ गिरीको शिष्य बाल गिरीले खिँचोला गरी लिन

---

६४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ८४ सङ्ख्या ।

६५ कुलचन्द्र कोइराला, *पूर्ववत्*, पादटिप्पणी २८ सङ्ख्या, ६५ पृष्ठ ।

६६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ९६ सङ्ख्या ।

६७ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *शाहकालका अभिलेख*, प्रथम भाग, (कीर्तिपुर: नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), ४१० पृष्ठ ।

६८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाग्दा श्री ५ गीर्वाणयुद्धविक्रम शाहको पालामा वि.सं. १८६२ मा कृष्ण भट्टका छोरा गणपति भट्टलाई कायम गरिएको विवरण पाइने हुनाले कृष्ण भट्टपछि उनका सन्तानहरू पनि नेपालमै बसेको देखिन्छ । कृष्ण भट्ट निश्चित रूपले कहिलेसम्म पशुपतिनाथको पुजारी भएर बसे थाहा हुँदैन, तर वि.सं. १८५१ सम्म उनी जीवित रहेको देखिनाले त्यस वेलासम्म पशुपतिका पुजारी उनै थिए भन्ने बुझिन्छ ।

कृष्ण भट्टपछि रामचन्द्र भट्ट पशुपतिनाथका पुजारी भए[६९] वि.सं. १८७३ श्रावणशुक्ल ५ रोज १ मा ललितत्रिपुरसुन्दरीको अग्रसरतामा पशुपतिनाथको पुरानो छत्रको जीर्णोद्धार गर्ने काम भएको थियो । त्यस क्रममा दाताहरूले पशुपतिनाथलाई चढाएका सुन, चाँदीका गहना, भाँडाकुँडा मासी छत्र बनाउने काममा प्रयोग गरिएको थियो । त्यस वेला प्रताप मल्ललगायतका मल्ल राजाहरू, शाहवंशी राजा एवं महारानीहरू तथा भाइभारदारहरूले चढाएका गहनाहरू एवं भाँडाकुँडाहरू गाली उक्त छत्र बनाउने काम भएको थियो । त्यस अवसरमा कसले चढाएका के-के सामानहरू मासिएका थिए, त्यसको लामो सूची नै तयार पारिएको थियो । त्यस सूचीमा "सम्वत् १८६० साल श्रावणशुक्ल १० रोज ६ साम्व शास्त्रीले चह्रायाको मार्फत् पुजाहारि रामचन्द्र भट्ट आमषोरा १ के तोला–३२।५" भन्ने उल्लेख आएको छ ।[७०] त्यस विवरणबाट वि.सं. १८६० मा पशुपतिनाथका पुजारी रामचन्द्र भट्ट थिए भन्ने कुरा थाहा हुन्छ । त्यस सूचीमा गहना एवं भाँडाकुँडामा उत्कीर्ण अभिलेखको पूर्ण विवरण दिएको भए अझ बढी कुरा थाहा हुन सक्थ्यो । तर त्यहाँ सङ्क्षिप्त टिपोट मात्र दिइएकोले अरू कुरा थाहा हुन सक्तैन । यिनी कहिलेसम्म पशुपतिका पुजारी थिए त्यो कुरा बताउने स्रोत पाइएको छैन । तर उनीपछि पुजारी हुने नीलकण्ठ भट्टको पहिलो उल्लेख वि.सं. १८६७ आषाढशुक्ल ६ रोज १ को लालमोहरमा[७१] आएकोले सम्भवतः त्यसैको हाराहारीसम्म रामचन्द्र भट्ट पशुपतिनाथको पुजारी भएको ज्ञात हुन आउँछ ।[७२] नीलकण्ठ भट्टले केही समयसम्म वर्तमान भारतस्थित केदारनाथमा नेपालका शाही परिवारद्वारा राखिएको सदाबर्त चलाउने अख्तियारी पनि पाएका थिए, तर पछि सो अख्तियारी वि.सं. १८६८ वैशाखकृष्ण १ देखि गोसाइँ जयदेव पुरीलाई दिइयो ।[७३] वि.सं. १८४७ चैत्रमा नेपालले कुमाउँ विजय गरी विस्तृत नेपालअन्तर्गत पारेको थियो । त्यस वेलादेखि सुगौलीसन्धि नभएसम्म अर्थात् पच्चीस वर्ष जति कुमाउँ विस्तृत नेपालअन्तर्गत रह्यो ।[७४] त्यसैताका बदरीनाथ, केदारनाथ जस्ता प्रसिद्ध देवस्थलहरू पनि विशाल नेपालअन्तर्गत पर्न आए । अतः केदारनाथको दर्शनार्थ आउनेहरूलाई केही सजिलो होस् भनी त्यहाँ सदाबर्तगूठी राखिएको थियो । नीलकण्ठ रावल भारतका भएकाले उनलाई त्यहाँको विषयमा विस्तृत थाहा हुने आशयले उनैलाई त्यहाँको अख्तियारी

---

६९ मैले "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन" भन्ने लेख *अभिलाषा*, (वि.सं. २०४२ वैशाख), ९०-११४ पृष्ठमा लेखुञ्जेलसम्म यिनको उल्लेख भएको कागजपत्र पाइएको थिएन । त्यसैले त्यहाँ कृष्ण भट्टपछि नीलकण्ठ भट्ट भए भनेर लेखेको थिएँ । त्यस कुरालाई यिनको नाम आएको अभिलेखले गल्ती साबित गरिदिएको छ ।
मैले *अभिलाषा*नामक पत्रिकामा वि.सं. २०४२ वैशाखमा लेखेको लेखमा प्रस्तुत गरेको पुजारीहरूको विवरण कुलचन्द्र कोइरालाले *प्रज्ञा*, वर्ष १४, अङ्क ४, (वि.सं. २०४३ वैशाख-असार) को "भगवान् श्रीपशुपतिनाथको आगमघर" भन्ने लेखमा खुरु-खुरु सबै सारेर जस लिन खोज्नुभएको छ । त्यहाँ ती कुराहरूको स्रोत बताउँदा भण्डारतहबिलमा भएको अभिलेख भनी पाठकहरूलाई झुक्याउनु भएको छ, जबकि ती सामग्रीहरू भण्डारतहबिलमा हुने सामग्री होइनन् र छैनन् पनि । अर्कोले मेहनत गरी खोजी प्रकाशमा ल्याइसकेको कुराहरूलाई आफ्नो नाममा दर्ता गर्न खोज्नु दुःखलाग्दो छ । अर्कोले दिएको स्रोतमा आधारित हुँदा कृष्ण भट्टपछि नीलकण्ठ भट्ट पशुपतिमन्दिरको पुजारी भए भनी मैले गरेको गल्ती कुलचन्द्र कोइरालाले पनि दोहोऱ्याउनुभएको छ ।

७० वि.सं. १८७४ श्रावणशुक्ल ५ रोज १ को पत्र । अभिलेख फाँट, पोका नं. २, वहि नं. ११, १८ सङ्ख्या, २९-३४ पृष्ठ ।

७१ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४६ सङ्ख्या ।

७२ *अभिलाषा* पत्रिकामा दाक्षिणात्य ब्राह्मणसम्बन्धी लेख लेख्दा नीलकण्ठ भट्टको उल्लेख आएको पहिलो पत्र वि.सं. १८७२ सम्मको पाइएको थियो । तर अहिले त्यसभन्दा झण्डै पाँच वर्षअगाडिको पाइयो ।

७३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४६ सङ्ख्या ।

७४ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ६७ सङ्ख्या, ३९९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि दिइएको हुनुपर्छ । वि.सं. १८७० चैत्रकृष्ण ३० रोज २ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको लालमोहरमा नीलकण्ठ भट्टलाई मूलपुजारी भनिएको छ ।[७५] त्यही मितिमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले कोटुबहिललगायत दक्षिणमा दिखेल, उत्तरमा लुहशालाखेल, पूर्व गौरीघाट बालश्मशान, पश्चिममा देववियाखाल यति सिमानाभित्रको गूठी, बिर्ता र जागिर बाहेकका जग्गाहरू पशुपतिलाई चढाउँदा त्यसको अख्तियारी पशुपतिनाथका मूलपुजारी नीलकण्ठ भट्टलाई दिइएको थियो ।[७६]

पशुपतिनाथको चार मुखको सेवा गर्नको निमित्त चार जना पुजारीहरू राख्ने व्यवस्था श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गरेको देखिन्छ । पशुपतिनाथमन्दिरसँग सम्बद्ध विभिन्न पूजाआजालगायत रै-रकमीहरूलाई वि.सं. १८६७ मङ्सिरकृष्ण ७ रोज १ मा खान्गीको व्यवस्था गर्दा ईशान, अघोर, तत्पुरुष र वामदेवको छुट्टा-छुट्टै जग्गाको उल्लेख गरिएको छ ।[७७] त्यसै वेलादेखि परम्परा बनी अहिलेसम्म पशुपतिनाथका चार जना पुजारीहरूले त्यसैअनुसारको खान्गी खाइरहेका छन् । तिनीहरूमा ईशानमुखको काम गर्ने पुजारीलाई मूलपुजारी भनिन थालेको कुरा उनीहरूमा अहिलेसम्म चलेको प्रचलनलाई हेर्दा बुझिन्छ ।

वि.सं. १८७४ श्रावणशुक्ल ५ रोज १ को दिन ललितत्रिपुरसुन्दरीले पशुपतिनाथको लागि पुराना गहना एवं भाँडाकुँडाहरू थिची नयाँ छत्र बनाउँदा पनि मूलपुजारी नीलकण्ठ भट्ट थिए ।[७८] त्यसपछि उनको नामोल्लेख भएको त्यस्तो कुनै पत्र पाइएको छैन । नीलकण्ठ भट्टपछि गोपाल भट्ट मूलपुजारी भए । वि.सं. १८६७ देखि पशुपतिमा पूजा गर्ने चार जना दाक्षिणात्य ब्राह्मणहरूको व्यवस्था भए पनि मूलपुजारीवाहेक अन्य सामान्य पुजारीहरूको कागजपत्रहरूमा कमै उल्लेख आउने तथा विभिन्न निकायबाट मूलपुजारीको नाममा मात्र पत्राचार हुने परम्पराले गर्दा पनि सामान्य पुजारीहरूको परिचय थाहा हुन सक्तैन, वि.सं. १८८३ माघशुक्ल ६ रोज ६ को श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहरमा मूलपुजारीको रूपमा गोपाल भट्टको नाम आएको छ ।[७९] त्यो लालमोहर पशुपतिनाथमन्दिरको व्यवस्थापनसम्बन्धी कुराहरू थाहा पाउने महत्त्वपूर्ण अभिलेखको रूपमा रहेको छ ।[८०] यिनले पशुपतिमा कहिलेसम्म मूलपुजारीको काम सम्हाले निश्चित भन्न सकिँदैन, तर उनीपछि मूलपुजारी हुने रामचन्द्र भट्टको उल्लेख वि.सं. १८९९ माघशुक्ल ४ रोज ६ को अभिलेखमा आएकोले त्यसभन्दा अगाडिसम्म उनी मूलपुजारी थिए भन्ने सम्म थाहा हुन्छ । गोपाल भट्टपछिका मूलपुजारी रामचन्द्र भट्टको नाम आएको अभिलेख वि.सं. १९०४ माघशुक्ल ५ रोज ४ को छ ।[८१] तर वि.सं. १९३७ ज्येष्ठकृष्ण ९ रोज ४ को पशुपतिनाथमन्दिरको हिसाब-किताबसम्बन्धी कुराहरूको उल्लेख भएको रणोद्दीपसिंहको सनदमा ".....सो तमसुकमध्ये कसैले तिऱ्या कसैले तिऱ्याको छैन ९४।९५ सालदेखि यता ४।५ साल २ को रावल रामचन्द्र भट्टले बुझी फारख गरी दियाको रहेछन्" भन्ने विवरणले वि.सं. १९०५ सम्म रामचन्द्र भट्ट नै मूलपुजारी देखिन्छन् ।[८२] यिनीपछि श्याम भट्ट मूलपुजारी भए । श्याम भट्ट पहिलेदेखि नै पुजारी भएर बसेका

---

७५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

७६ *ऐजन*।

७७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

७८ वि.सं. १८७४ श्रावणशुक्ल ५ रोज १ के पत्र । अभिलेख फाँट नं. २, वहि नं. ११, १८ सङ्ख्या, २९ पृष्ठ ।

७९ परिशिष्टभाग, अभिलेखखण्ड, (क), १८४ सङ्ख्या ।

८० *ऐजन*।

८१ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २६ सङ्ख्या, १०८ पृष्ठ ।

८२ गुठीलगत तथा तहबिलकार्यालय, पहाडबन्दोवस्त नक्कल किताब १७, ४७४ सङ्ख्या, २३४ पृष्ठ । मैले "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन" शीर्षकको लेख *अभिलाषा*, (वि.सं. २०४२), मा लेखुन्जेलसम्म रामचन्द्र भट्ट मूलपुजारी भएको स्पष्ट देखाउने कागजपत्र पाइएको थिएन । पाइएका कागजपत्रको आधारमा उनी मूलपुजारी हुनुपर्छ भन्ने अनुमान गरेको थिएँ । अहिले आएर त्यो अनुमान सत्य ठहरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए । यो कुरा वि.सं. १८९० ज्येष्ठकृष्ण ११ रोज ४ को जग्गा किनबेचसम्बन्धी पत्रमा "काठमाडौं टेवडटोलको पुनसिरि ज्यापुले आफ्नु सुना बिर्ता टुक्रंपानी माथि वहेल गुमनी छुढुंग्याडोल षेत रोपनी बेच्यो पुजाहारी श्याम भट्टले किन्यो" भनी आएकोबाट थाहा हुन्छ ।[८३] पशुपतिका मूलपुजारी हुनुअघि यिनी गोकर्णेश्वर, कागेश्वर आदि मन्दिरका पुजारी थिए कि भन्ने आधार प्राप्त भएको छ । वि.सं. १८७० फाल्गुनशुक्ल १५ को रुक्कामा कागेश्वरका साबिकवाला पुजारीहरू बालगोविन्द भट्ट एवं रत्नगोविन्द भट्टको लालमोहर समाप्त पारी श्याम भट्टलाई पुजारी बनाएको उल्लेख छ ।[८४] त्यस्तै १८७९ श्रावणशुक्ल ७ रोज २ को लालमोहरमा त्यहाँका साबिकका पुजारी विश्वनाथ भट्टलाई खोसी श्याम भट्टलाई कामको जिम्मा दिइएको कुरा आएको छ ।[८५] यद्यपि गोकर्णेश्वर र कागेश्वरका श्याम भट्ट पशुपतिकै पुजारी श्याम भट्ट हुन् भन्न अन्य आधार छैन, तर समकालिक घटना र मिल्दोजुल्दो नामको आधारमा हेर्दा एउटै व्यक्ति हुन सक्ने देखिन्छ । पशुपतिनाथमा कि दाक्षिणात्य ब्राह्मण कि सन्न्यासीहरूले पुजारीको काम गर्ने परम्परा रहेको तर त्यस वेला दाक्षिणात्यहरूको चलन भएको र यातायात एवं सञ्चार माध्यमहरूको अभावको कारण अरू मन्दिरमा पूजा गरिसकेको भए पनि पशुपतिमन्दिरमा लिने परम्परा थियो । श्याम भट्टले वि.सं. १९०९ मा देवपाटन चपालमा बनाएको धाराको पूर्वपट्टिको बाँझो जग्गामा बगैंचा बनाई पाउँ भनी तात्कालिक प्रधानमन्त्री जङ्गबहादुरलाई बिन्तिपत्र दिएअनुसार सोही साल आषाढशुक्ल ३ रोज १ मा बगैंचा बनाउने इजाजत पाएका थिए ।[८६] उनी वि.सं. १९२१ मा सिकिस्त बिरामी भएकाले मूलपुजारी पद छोडी काशी बास गर्न गए ।[८७]

चाबहिल गणेशयात्राको अवसरमा निकालिने गणेशको चाँदीको मालामा पशुपतिका मूलपुजारी श्याम भट्टको उल्लेख छ । तर त्यहाँ संवत् ९०९ दिइएको छ । त्यहाँ त्यो कुन संवत् हो बताइएको छैन । तात्कालिक समयमा प्रचलित तीन अङ्कको संवत् नेपालसंवत् हो भन्नुपर्ने स्थिति छ । तर त्यसलाई नेपालसंवत् मान्दा वि.सं. १८४६ हुन्छ । वि.सं. १८०४ देखि १८५१ सम्म कृष्ण भट्ट पशुपतिका मूलपुजारी भएको सङ्केत पाइनाले वि.सं. १८४६ मा श्याम भट्ट पशुपतिका मूलपुजारी हुन सक्तैनन् । त्यसैले संवत् ९०९ अगाडिको एकस्थानी अङ्क खिइसकेको वा कुँद्नेले लेख्न बिर्सेको देखिन्छ । यसैले त्यहाँ उल्लिखित संवत् विक्रमसंवत् १९०९ हुनुपर्छ ।[८८] त्यस वेला उनी मूलपुजारी भएको अन्य प्रमाणबाट पनि सिद्ध भएको माथि लेखिइसकेको छ ।

श्याम भट्टपछि वि.सं. १९२२ मा अनन्तराम भट्ट मूलपुजारी भए । यी अनन्तराम वि.सं. १९१९ मा चिन्तामणि भट्टको ठाउँमा नियुक्त भएका थिए ।[८९] यस प्रकार पुजारी नियुक्त भएको तीनै वर्षको छोटो समयमा यिनी मूलपुजारी बन्न पाएका देखिन्छन् । अनन्तरामले पुजारी एवं मूलपुजारी भएर लामो समयसम्म पशुपतिनाथको पूजाआजाको कार्य गर्न पाए । अहिलेसम्म पाइएको उनको मूलपुजारीत्वकालको कागजपत्रहरूमा सबैभन्दा पछिल्लो वि.सं. १९४५ ज्येष्ठशुक्ल १२ रोज १ को छ ।[९०] तर यिनीपछि मूलपुजारी हुने कृष्णशास्त्रीको पहिलो उल्लेख वि.सं. १९५४

---

८३ वि.सं. १८९० ज्येष्ठकृष्ण ११ रोज ४ को पत्र । अभिलेख फाँट, पो.नं. ९, सि.नं. २०४१, प.न. १ ग, ७० सङ्ख्या, १० पृष्ठ ।

८४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५९ सङ्ख्या ।

८५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०५ सङ्ख्या ।

८६ वि.सं. १९१९ को श्याम भट्टको बिन्तिपत्र । अभिलेख फाँट, पो. नं. १३, ११४ सङ्ख्या ।

८७ वि.सं. १९३७ ज्येष्ठकृष्ण ९ रोज ४ को सनद । गूठीलगत तथा तहबिलकार्यालय, पहाडबन्दोबस्त नक्कल कि.नं. १७, ४७४ सङ्ख्या, २३४ पृष्ठ ।

८८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २२९ सङ्ख्या ।

८९ गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी २६ सङ्ख्या, १०० पृष्ठ ।

९० ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पौषकृष्ण ७ को लालमोहरमा भएको हुनाले अनन्तरामको अन्तिम पुजारीत्व समय र कृष्णशास्त्रीको प्रारम्भिक समयमा केही तल-माथि पर्न सक्छ ।[९१]

अनन्तराम भट्टको समयमा पशुपतिनाथमन्दिरको आयव्ययसम्बन्धी व्यवस्थामा केही नयाँपन ल्याउन आदेश भएअनुसार कुमारीचोकले प्रयास गरेको थियो । त्यसअनुसार पहिले वि.सं. १९३४ सम्मको आयव्ययसम्बन्धी विवरण पुरानो रीतअनुसार र त्यसपछिको नयाँ रीतअनुसारले बुझाउनुपर्ने भएको थियो । नयाँ रीत कस्तो हो ? थाहा हुँदैन । तर त्यस वेला लालमोहरबमोजिमका जग्गाको र दुकाबिर्ताबाहेक अरू किनुवा बिर्ता, भोगबन्धक बिर्ता, दुनियाँले चढाएका बिर्ताका सनद, लालमोहर, तावापत्र बमोजिमका खेत, पाखो र सनद लालमोहरबाहेक परम्परादेखि दरीचली आएको आम्दानीको असूल बाँकीको बही, खर्चको बही एवं ढुकुटीबाहेक बाहिर भँडारे जिम्मा रहेको चलुवा माल, भाँडावर्तन गहना आदि छुट्याएको तायदाती बही तयार गरी महीना-महीनामा भँडारी फेरिँदा त्यस बहीअनुसार जाँच्ने तथा दुनियाँदार आदिले चढाएको र सुनाचाँदीका गहना, भाँडा, दृष्टि (नेत्र), जनै, बेलपत्र, तुलसीपत्र आदि जे-जे छन्, तिनीहरूको महीना-महीनाको आम्दानीखर्च जाँच्नलाई थरघर, बिसेट गूठीकचहरीको मानिस, डिट्ठा, मूल भँडारी र जोशीसमेत सोह्र जना बसी जाँच्दा चलुवा भाँडा, गहनामा टुटफुट भएका र हराएको माल सट्टा राख्न लगाई बुझ्न लाउने, दुनियाँदारले चढाएको महीना-महीनाको आम्दानी 'थ्यासबही' मा जात, किसिम छुट्याई लेखी महीना-महीनाको पोका पारी छाप लगाई राखी वर्षदिन पुगेपछि बाह्र महीनाको बाह्र पोकाको छाप जाँची वर्षदिनको एउटै पोका पारी ढुकुटी दाखिल गर्ने रीत भएकोमा त्यस काममा अनन्तराम भट्टबाट रीत पुऱ्याई काम हुन सकेको थिएन । त्यस किसिमको व्यवस्था वि.सं. १८६७ देखि हुँदै आएको पनि त्यहाँ चर्चा गरिएको छ । साथै वि.सं. १९३५ सालदेखिको खर्चको हिसाब प्रत्येक आठ-आठ दिनमा कुमारीचोकमा दाखिल गर्ने व्यवस्था भएको थियो । त्यसको अतिरिक्त वि.सं. १८६७ अनुसार भँडारीहरूको पालो फेरिँदाको सम्पूर्ण कुराहरूको विवरणको एक प्रति मन्दिरमा राखी अर्को प्रति महीना-महीनामा कुमारीचोकमा दाखिल गर्नुपर्ने भएको थियो ।[९२] उपर्युक्त कामहरूलाई रीतपूर्वक सम्पादन गर्न कर्मचारीको अभाव भएको थियो । त्यो काम एक जना जोशीले मात्र गर्न नसक्ने भएकोले थप कारिन्दाको आवश्यकता देखाउँदै मूलपुजारी अनन्तराम भट्टले वि.सं. १९४० कार्तिककृष्ण ६ रोज २ मा बिन्तिपत्र पेश गरेका थिए ।[९३] अहिलेसम्म पाइएको कागजपत्रहरूबाट वि.सं. १९४५ ज्येष्ठशुक्ल १२ रोज १ सम्मको यिनको मूलपुजारी कालको पत्र पाइएको छ ।[९४] तर यिनीपछि मूलपुजारी हुने कृष्णशास्त्रीको नामको उल्लेख आएको पहिलो लालमोहर वि.सं. १९५४ माघशुक्ल ७ रोज ४ को भएको हुनाले पछि हुँदै जाने खोजले यिनीहरूको आसन्नसमयमा केही फेरबदल हुन सक्ने पक्का छ । कृष्णशास्त्री मूलपुजारीको रूपमा वि.सं. १९७४ कार्तिक मसान्तसम्म कार्यरत थिए ।[९५] उनी पछि निकै बिरामी भए र बीचैमा फर्के । वि.सं. १९७५ श्रावणकृष्ण १२ देखि पटकपटक देवपत्तननिवासी नीरनाथ अर्ज्याललाई लेखेको पत्रबाट उनको बारेमा केही कुरा बुझ्न सकिन्छ । उनी महाराष्ट्री ब्राह्मण थिए । मङ्गलुर जिल्लाको हारनाडुमा गणेगलबाडीग्राममा बस्दथे । यहाँबाट फर्केको नौ महीनामा नै उनकी धर्मपत्नी परलोक भइन् । वृद्ध अवस्थामा धर्मपत्नी परलोक भएकोले उनी ज्यादै दुःखी भए, फलतः छिट्टै काशीवास जान चाहेको कुरा वि.सं. १९७५ श्रावण पूर्णिमामा नीरनाथ अर्ज्याललाई लेखेको पत्रमा उल्लिखित छ ।[९६]

---

९१ *ऐजन*।

९२ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९२ सङ्ख्या ।

९३ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २६ सङ्ख्या, १०९-११२ पृष्ठ ।

९४ *ऐजन*, १०० पृष्ठ ।

९५ पशुपतिभण्डारतहबिलका भूतपूर्व बिसेटनाइके वयोवृद्ध श्रीकृष्णमान श्रेष्ठले दिएको जानकारीअनुसार ।

९६ यो पत्र मसँग छ । वि.सं. २०४३ सालमा गौरीघाटमा श्रावणको भेलमा केही हस्तलिखित ग्रन्थ एवं ऐतिहासिक कागजात बगाई किनारमा बाँकी रहेको कागजपत्रहरू बटुलेर ल्याउँदा चारवटा चिठी फेला परेको थियो । त्यसमध्येको एउटा यो हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णशास्त्रीको ठाउँमा सुब्रह्मण्य अडिगा नियुक्त भए । वि.सं. १९७५ मार्ग २२ आइतवार कृष्णशास्त्रीले नीरनाथ अर्ज्याललाई लेखेको पत्रमा सुब्रह्मण्य अडिगाको कुरा पनि लेखेका छन् । त्यहाँ सुब्रह्मण्यले आफ्ना गुरुलाई "कृष्णशास्त्रीको काम हमको मिला पैतीस दिन हो गया कृष्णशास्त्रीका वदलामे याआ (हाँ) माहाराष्ट्र ब्राह्मणको वहुत वेमार होकर के पूजा हमारा हातसे नही होती है ऐसा गुरुजीको पास कहके सब काम हमारा स्वाधिन छोडके गया अब हमको मिल गया" भनी लेखेको कुरा कृष्णशास्त्रीले आफ्नो पत्रमा नीरनाथलाई अवगत गराएका छन् ।[९७] यो पत्रबाट कृष्णशास्त्री मूलपुजारी भएर बसेको आसन्नसमय थाहा पाउन मदत पुऱ्याएको छ । कृष्णशास्त्री यहाँबाट फर्केर गएपछि वि.सं. १९७५ भाद्रशुक्ल अष्टमीमा देवीको मूर्ति स्थापना गरेका थिए ।[९८] यसले पशुपतिका पुजारीको आर्थिक सम्पन्नतालाई पुष्टि गर्दछ । त्यस वेलासम्म मूलपुजारीको रिक्त पद काम चलाइआएका पुजारीहरूमध्येबाट नगरी नयाँलाई बोलाई दिने परिपाटी चलिसकेको भए पनि सुब्रह्मण्य मूलपुजारी नभई साधारण पुजारीको रूपमा नियुक्त भएका थिए ।

कृष्णशास्त्रीपछि मूलपुजारी भई दामोदर भट्ट आए । मूलपुजारीको रूपमा यिनले वि.सं. १९७४ मङ्सिर १ गतेदेखि काम गर्न थाले ।[९९] यिनी सङ्गीतका सोखिन थिए । ठाँटबाँटसँग बस्न मन पराउने किसिमका थिए । आफू मूलपुजारी हुनासाथ मूलपुजारी बस्ने गरेको कोटिलिङ्गेश्वरसत्तलका कोठाहरूलाई आफ्नै पैसा खर्च गरी राम्रो तुल्याएका थिए ।[१००] यिनले मूलपुजारी भई वि.सं. १९८० सम्म काम गरे । उनीपछि सुब्रह्मण्यशास्त्री अडिगा मूलपुजारी भए । यिनी सिधा र सरल प्रकृतिका थिए । भगवान् पशुपतिनाथको मन्दिरमा यिनले भक्तिभावसँग पूजा गरेको देख्ने मानिसहरू अझै पनि उनको प्रशंसा गर्दछन् । उनले आफ्नो परिवारलाई यहीं बस्ने अनुमति दिए । उनीहरू नेपाली नागरिक भएर देशविकासको विभिन्न क्षेत्रहरूमा संलग्न छन् । सुब्रह्मण्यशास्त्रीले वि.सं. २०२२ सालमा मूलपुजारी पद छोडे । त्यसपछि वि.सं. २०२२ साल आषाढ १४ गतेदेखि पद्मनाभशास्त्री मूलपुजारी भए । यिनको कार्यकालमा पशुपतिनाथमन्दिर र यहाँको व्यवस्थापनलगायत अनेक पक्षमा विवाद र समस्या चर्को रूपमा घटेको कुरा पत्र-पत्रिकामा आएका खवर र नियमित दर्शनार्थीहरूबाट बुझ्न सकिन्छ । पशुपतिनाथमन्दिरलाई यी मूलपुजारीले व्यापारको केन्द्र बनाएका थिए भन्ने जनगुनासो व्यापक रहेको स्मरणीय छ । भगवान् पशुपतिनाथका काममा श्रद्धालु भक्तजनले चढाउने भेटीघाटी, दक्षिणाहरू नगण्य रूपमा एकाध सय महीना-महीना दिनमा जम्मा हुने कुरा यसैको परिपोषकको रूपमा लिएको पाइन्छ ।[१०१] आफूले लिन-खान पाउने कुरालाई परम्परा भन्दै नछोड्ने तथा गर्नु गराउनुपर्ने कुरालाई चाहिँ तिलाञ्जलि दिँदै जाने परिपाटीलाई यिनले प्रोत्साहन दिएको कुरा बिर्सन सकिन्न ।

दाक्षिणात्य ब्राह्मणहरू पशुपतिनाथमन्दिरका पुजारी भई पूजाआजा गर्ने चलन चलेको पछिल्लो परम्परामा हालसम्म मूलपुजारी भई काम गर्ने व्यक्तिहरू बाह्र जना भएको कुरा अध्ययनबाट थाहा हुन आएको छ । अब तिनीहरूको नाम र कार्यकाल प्रस्तुत गर्नुपरेको छ–

---

९७ *ऐजन*।

९८ *ऐजन*।

९९ वि.सं. १९४२ साल आश्विनशुक्ल २ रोज ७ को प्रधानमन्त्री रणोद्दीपसिंहले गरिदिएको पशुपतिनाथसम्बन्धी एउटा अप्रकाशित रुक्कामा यो कुरा आएको छ । यसको सक्कल मूलपुजारीकहाँ छ । मैले तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमिति सि.नं. २६,प १।५८ बाट उतारेको हुँ ।

१०० गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २६ सङ्ख्या, १०० पृष्ठ ।

१०१ गोविन्द टण्डन, "पशुपतिक्षेत्रविकासकोषको महत्त्व र उपादेयता", *गोरखापत्र*, (वि.सं. २०४३, पौष १४), ११ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूलपुजारीको नाम	कार्यकाल
१. कृष्ण भट्ट	(वि.सं. १८०४-१८५१ आ.)
२. रामचन्द्र भट्ट	(वि.सं. १८५१-१८६७ आ.)
३. नीलकण्ठ भट्ट	(वि.सं. १८६७-१८७३ आ.)
४. गोपाल भट्ट	(वि.सं: १८७३-१८९९ आ.)
५. रामचन्द्र भट्ट	(वि.सं. १८९९-१९०५ आ.)
६. श्याम भट्ट	(वि.सं. १९०५-१९२१ आ.)
७. अनन्तराम भट्ट	(वि.सं. १९२२-१९४५ आ.)
८. कृष्णशास्त्री	(वि.सं. १९४५-१९७४ आ.)
९. दामोदर भट्ट	(वि.सं. १९७४-१९८० आ.)
१०. सुब्रह्मण्यशास्त्री	(वि.सं. १९८०-२०२२ आ.)
११. पद्मनाभशास्त्री	(वि.सं. २०२२-२०५०)
१२. सुब्रह्मण्यशास्त्री	(वि.सं. २०५०-अहिलेसम्म)

पशुपतिनाथको मन्दिरमा पुजारी बन्ने सन्न्यासीहरू कुनै निश्चित मठ वा ठाउँबाट आउने गरेको हो, त्यसबारे उल्लेख पाइएको छैन । तर तिनीहरू पनि भारतीय नै हुने गरेको *वंशावली*का विवरणबाट अवगत हुन्छ । धार्मिक, सांस्कृतिक कतिपय कुरामा भारत र नेपालबीच सामञ्जस्य रहेको कारण तथा तात्कालिक अवस्थामा धार्मिक मान्यताहरूमा भारतीय भूमिबाट नेपाल प्रभावित रहेकोले पनि यहाँका मन्दिरका पुजारीहरू उतैतिरको रहने परम्परा चल्न गयो । अझ खास गरी शिवालय अर्थात् शिव मन्दिरहरूमा यो चलन व्यापक बन्यो । शिवमन्दिरको पुजारी हुँदा शिवस्व लाग्छ भन्ने जनधारणाले गर्दा नेपालका ब्राह्मणहरूले शिवमन्दिरमा पुजारीको काम गर्नु यहाँ कहिले पनि उचित सम्झेनन् भन्ने धारणा रहेको वृद्धजनहरू बताउँछन् । जहाँसम्म दाक्षिणात्य ब्राह्मणको कुरा छ, पशुपतिमा पुजारीको काम गर्ने त्यस्ता ब्राह्मणहरू महाराष्ट्र, कर्णाटक एवं आन्ध्रबाट नै ज्यादातर आएका पाइन्छन् । उन्मत्तभैरवको स्थापना गर्ने पशुपतिका पुजारी नारायण भट्टले आफूलाई 'बाधूलगोत्रका द्राविड ब्राह्मण' भनेका छन् भने ने.सं. ७८५ का दामोदर भट्टले उपनाम नै महाराष्ट्र लिएका छन् ।[१०२] वर्तमान कालका पशुपतिका पुजारीहरू सबै कर्णाटकका छन् ।

पशुपतिनाथमन्दिरको पुजारीको निमित्त आवश्यक पर्ने दाक्षिणात्य ब्राह्मणहरू कसरी झिकाइन्थे त्यसबारेमा प्रमाणहरूको अभावमा यसै भन्न सकिँदैन । चन्द्रशमशेरको प्रधानमन्त्रित्वकालअगाडि आवश्यकता पर्दा शृङ्गेरीमठ (कर्णाटक) सँग सम्पर्क राख्ने पनि चलन थियो, तर पछि गएर त्यो चलन हट्यो । यहींका पुजारीले चिनेजानेका व्यक्तिलाई उनीहरूको आशयअनुसार यहाँबाट बडागुरुज्यूको प्रतिनिधि, बिसेटनाइके आदिले हेरी ल्याउने चलन थियो । आजकल मूलपुजारीकै तजबीजमा यी सबै काम भइरहेका छन् । पुजारीमा हुनुपर्ने मुख्य गुणहरू संस्कृत जानेको, वैदिक ज्ञान हासिल गरेको, कर्मकाण्ड जानेको, सच्चरित्र र असल पात्र हुन् । साथै खतखुन नभएको पनि हुनुपर्छ । पुजारीहरू नियम, निष्ठामा रहनुपर्ने, शाकाहारी हुनुपर्ने प्रचलन छ । यदि पुजारी भइसकेपछि कुनै किसिमको खतखुन प्राकृतिक वा अप्राकृतिक कारणबाट भएमा त्यस्ता पुजारीलाई हटाइने परम्परा छ । त्यसको अतिरिक्त रोगविशेषले शरीरमा छुरा, चक्कूद्वारा निदान गर्नु आवश्यक परी गरेमा पनि उसले पुजारीको कार्य गर्न नपाउने मान्यता छ ।

---

१०२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४२ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुजारीको रूपमा छनोट भएपछि उनलाई काठमाडौँ झिकाई शपथग्रहण र अरू विधि-विधानहरू गराइन्छ। शपथग्रहण गराउने एवं अरू विधि-विधानहरू गराउनेमा बिसेटनाइकेको मुख्य हात रहन्छ। बडागुरुज्यूमार्फत भावी पुजारी गद्दीनसिन महाराजाधिराजकहाँ दर्शनभेट गर्न गएपछि तीन दिनसम्म पशुपतिको भण्डारमा नियत गरिएअनुसारका अन्नबाहेक दूध, फलफूल एक छाक खाएर विधि-विधानसहित निष्ठामा बस्नुपर्छ। एक किसिमले यो पशुपतिमा पुजारी नियुक्त भएपछि केही नखाई पूजा गर्नुपर्ने हुनाले त्यसको सङ्केतस्वरूपको पूर्वतयारी हो भन्दा अत्युक्ति हुँदैन। चारौँ दिनमा पशुपतिक्षेत्रका महत्त्वपूर्ण शिवलिङ्गहरू– भण्डारेश्वर, कुवेरेश्वर, खञ्जनेश्वर, अचलेश्वर, कृष्णेश्वर, भस्मेश्वरलगायत धर्मशिला आदि एघारवटा ठाउँमा गई दर्शनपूजन गर्नुपर्ने चलन छ। साथै शङ्कराचार्य स्वामीको आगमघरमा पनि गई विधि-विधानसहित पूजा गर्नुपर्दछ। त्यसरी दर्शनपूजन गर्दा मुख्यत: लोभानी-पापानी नगर्ने, सदैव पशुपति अर्थात् श्री (पशुपति), राजा तथा जनताको भलाइमा संलग्न रहने आशयको मन्त्र पढी पूजाआजा गर्ने परम्परा छ। त्यसपछि मूलपुजारीले पाशुपतमन्त्र दिई पशुपतिमा भित्र्याउँछन्। ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठको पत्रमा त्यस कामको जिम्मा शङ्कराचार्यका आगमघरका पुजारी साम्बसदाशिव भट्टलाई दिइएको थियो। त्यस वेला पशुपतिको पुजारी छनोट गर्ने काममा आगमघरको पुजारीलाई विशेष प्राधान्य दिइएको पाइन्छ।

७.३ पशुपतिनाथमन्दिरको मूलपुजारीको कार्यक्षेत्र

पशुपतिनाथमन्दिरमा तीन जना पुजारीसहित एक जना मूलपुजारीको व्यवस्था निश्चित रूपले कहिलेदेखि राख्न थालिएको हो त्यसबारे बोल्ने प्रामाणिक सामग्री केही छैन। तर वि.सं. १८६७ भन्दा अधिका भट्टहरूको नामोल्लेख आएको कागजपत्र एवं पशुपतिनाथका सन्न्यासी पुजारीहरूको चर्चा आएको *भाषावंशावली*हरूमा एक जनाको मात्र उल्लेख पाइने हुनाले अहिले जस्तो पशुपतिनाथका पुजारीहरू चार जना नभएको बुझिन्छ। वि.सं. १८६७ मङ्सिरकृष्ण ७ रोज १ को लालमोहरमा पहिलो पटक चार मुखका पुजारीहरूको अलग-अलग खान्गी तोकिएको र त्यहीअनुसार अहिलेसम्म त्यस वेला भएको व्यवस्थाअनुसार अलग-अलग मुखका पुजारीले तोकिएअनुसारको खान्गी लिँदै आएको यथार्थतालाई हेर्दा सम्भवत: चार जना पुजारीहरूको व्यवस्था श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट त्यसै वेला भएको अनुमान हुन्छ। चार जनामध्ये ईशानमुख अर्थात् ऊर्ध्वआम्नायका अर्चकलाई मूलपुजारीको रूपमा वरण गर्ने चलन छ। मूलपुजारीबाहेक अन्य पुजारीहरूको मुख्य काम पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजा गर्नु, मूलपुजारीको अधीनमा रही लाए-अह्राएको पशुपतिनाथमन्दिरसँग सम्बन्धित कार्यहरूको सम्पादन गर्नुमा सीमित छ। त्यसदेखि अतिरिक्त पशुपतिका पुजारीहरू गई सम्पन्न गर्नुपर्ने पर्व एवं यात्राहरूमा सहभागी हुनु पनि रहेको देखिन्छ। तर मूलपुजारीको कार्यक्षेत्र केवल पूजाआजासँग मात्र सम्बद्ध नभई प्रशासनिक पक्षसँग पनि सरोकार राख्दछ। त्यसैले पशुपतिका मूलपुजारीलाई पशुपतिको मन्दिर एवं पशुपतिअमालकोटकचहरीमार्फत देवपाटनको प्रशासनिक पक्षको अख्तियारी कहिलेदेखि प्राप्त हुन गयो र ती के कस्ता छन्, हेर्नु आवश्यक छ।

पशुपतिका मूलपुजारीको कार्यक्षेत्रको बारेमा चर्चा गर्दा ने.सं. ८५५ (वि.सं. १७९२) ज्येष्ठकृष्ण ६ को जगज्जय मल्लको पालाको नक्कलको पनि नक्कल एउटा पत्रलाई पशुपतिनाथमन्दिरका पुजारी, भँडारी र बिसेटलगायत यहाँको व्यवस्थापन पक्षको मूलाधारको रूपमा लिने गरिन्छ। यस अधिका मूलपुजारी सुब्रह्मण्यशास्त्रीको औँठीछाप लागेको पाइने नक्कलको मूलप्रति अहिलेसम्म पाउन सकिएको छैन। दुइ-तीन किसिमका शैली र बेहोरामा पाइने उक्त पत्रलाई ताडपत्रको रूपमा लिने गरेको प्रचलनलाई हेर्दा अहिले पाइने ने.सं. ८५५ (वि.सं. १७९२) को पत्र अघि ताडपत्रमा थियो कि भन्ने सङ्केत पाइन्छ। पशुपतिका पुजारी, भँडारी, बिसेट र शङ्कराचार्यको आगमघरको अभिचारिक पूजा-विधानहरूको बारेमा थाहा पाउने अन्य प्रमाणहरू नपाइएको स्थितिमा त्यस पत्रबाट केही आधार लिनुपर्ने भए तापनि ऐतिहासिक दृष्टिकोणले त्यसलाई पूर्ण प्रमाणको कोटीमा राख्न सकिन्न। पशुपतिनाथमन्दिरको व्यवस्थापन पक्षलगायत भँडारी, बिसेटको पजनी र खोसुवा गर्ने जस्तो संवेदनशील कुराहरूमा त्यसलाई आधार मानेर केही समययता काम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका देखिन्छन् । केही समययता श्री ५ महाराजाधिराजबाट समय-समयमा त्यसको आधारमा हुकुमप्रमाङ्गीहरूसमेत बक्स हुने गरेको पाइन्छ । सबभन्दा महत्त्वपूर्ण कुरा त्यो पत्रलाई मूलप्रति नपाउञ्जेलसम्म सक्कलसरह मान्न गाह्रो छ भने अर्कोतिर त्यो पत्र साम्बसदाशिव भट्टको नाममा भएको छ,[१०३] जो पशुपतिनाथका पुजारी नभईकन आगमघरका पुजारी हुन् । अहिले पनि पशुपतिका मूलपुजारीसँग भएको सुब्रह्मण्यशास्त्रीको औंठीछाप लागेको नक्कलप्रतिभन्दा केही पुरानो साम्बसदाशिव भट्टका सन्तानहरूसँग छ । भनिन्छ, सुब्रह्मण्यशास्त्रीको समयमा तिनैकहाँबाट लगी नक्कल गरी राखेका हुन् । यसैले त्यस पत्रमा साम्बसदाशिव भट्टलाई दिएको अख्तियारी पशुपतिका मूलपुजारीको अख्तियार हो भनी अहिले यदाकदा मूलपुजारीले प्रयोग गर्ने गरेको युक्तिसङ्गत देखिँदैन । वि.सं. १८७० भन्दा अघि पशुपतिका पुजारीको अधिकार एवं कार्यक्षेत्र मन्दिर र पूजाआजासँग मात्र सीमित भएको बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने पशुपतिनाथमन्दिरको धार्मिक पक्षसँग मात्र उनको प्रत्यक्ष सम्बन्ध रहेको अनुमान हुन्छ । पशुपतिका पुजारीको नाताले त्यहाँ कार्यरत रै-रकमीहरूप्रति उनले निर्वाह गर्नुपर्ने दायित्व के कस्तो थियो त्यसबारेमा प्रकाश पार्ने सामग्री पाउन सकिएको छैन ।

वि.सं. १८७० मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले देवपाटनको चारकिल्लाभित्रको पहिलेका गूठी, बिर्ता र कसैको जागिरबाहेकको जग्गा पशुपतिनाथमा चढाई गूठी राख्दा त्यसको अख्तियारी पशुपतिनाथका मूलपुजारीलाई दिएदेखि उनी यस क्षेत्रको अधिकारसम्पन्न व्यक्ति हुन गए । किनभने त्यस वेलादेखि देवपाटन अम्बलको अमाली मूलपुजारीलाई नै बनाउने प्रचलन कायम हुन गएको देखिन्छ । यस क्षेत्रभित्रको आम्दानी, दण्डकुण्ड, सलामी दस्तुर, भन्सार, छुटगूठीको शेषकसरसमेत नौवटा पर्वपूजा चलाई बाँकी भण्डार दाखिल गर्ने अख्तियारी उक्त वि.सं. १८७० को लालमोहरमा मूलपुजारीलाई प्रदान गरिएबाट थाहा हुन्छ ।[१०४]

वि.सं. १८७० पछि श्री ५ महाराजाधिराज तथा राजपरिवारहरूद्वारा पशुपतिनाथमा राखिएका गूठीहरूका अख्तियारी मूलपुजारीलाई गराएको पाइन्छ । त्यसभन्दा अगाडि त्यस्तो चलन गद्दीनसिन राजाहरूबाट भएको थाहा पाइएको छैन । वि.सं. १८८५ मा श्री ५ राजेन्द्रविक्रम शाहले पशुपतिनाथमा नित्य पायस अर्थात् खीर भोग लगाउन २५ रोपनी जग्गा गूठी राख्दा त्यसको हेरचाहको अख्तियारी मूलपुजारीलाई दिइएको थियो ।[१०५] त्यस्तै वि.सं. १८८३ मा श्री ५ राजेन्द्रबाट मूलपुजारीलाई आफूअन्तर्गतका रै-रकमीहरूलाई उत्तरदायित्वपूर्ण रूपले काम नगरेमा पजनी गर्ने अधिकार दिएकोले उनको अधिकार त्यस क्षेत्रमा पहिलेभन्दा बढ्न गयो । त्योभन्दा अगाडि वि.सं. १८७२ मा श्लेष्मान्तक वनको सुरक्षा गर्ने अधिकार पनि मूलपुजारीलाई दिइयो ।[१०६] त्यसलाई पुनः वि.सं. १९०४ मा सुदृढ गरिएको पाइन्छ ।[१०७]

वि.सं. २००७ फाल्गुन ७ गते राणा शासनको अन्त भएपछि केही समयसम्म पशुपतिनाथमन्दिरमा मात्र होइन अधिराज्यभरिको गूठीव्यवस्थामा अन्यमनस्कताको स्थिति देखापर्‍यो । प्रजातन्त्रको गलत अर्थ, अशिक्षित जनता र तात्कालिक सरकारमा स्पष्टसँग देखिन थाल्यो । धर्म-संस्कृति, परम्परा र संस्कारहरू जे जति छन्, तिनीहरू सबैलाई त्यागनु नै प्रजातान्त्रि गुण हो जस्तो भान पर्न जाँदा परम्परागत धर्म-संस्कृतिमाथि अवरोधहरू आए । अमानत भई राज्यद्वारा सञ्चालित गूठीव्यवस्थालाई तदनुरूप गर्ने-गराउने गूठीबन्दोबस्तअड्डा वि.सं. २०१७ मा खारेज भई त्यो

---

१०३ (क) परिशिष्टभाग, अभिलेखखण्ड (क), ४१ सङ्ख्या ।
(ख) परिशिष्टभाग, अभिलेखखण्ड (क), ७२ सङ्ख्या ।

१०४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

१०५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १८९ सङ्ख्या ।

१०६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६६ सङ्ख्या ।

१०७ परिशिष्टभाग, अभिलेखखण्ड (क), २१५ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम अर्थखर्चविभागले हेर्ने भयो । तर निश्चित निकायले आफ्नोअनुरूप चलाउँदै आएको काम विनातयारी नयाँ व्यवस्थाद्वारा चलाउन खोज्दा त्यस अवधिमा कतिपय गूठी तथा त्यसअन्तर्गत चल्ने विधिविधानहरू समाप्त भए । त्यसले गर्दा राष्ट्रको धर्म-संस्कृतिमा विपरीत प्रभाव पर्ने वातावरण तयार भयो । त्यसै कारणले गर्दा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट धर्म-संस्कृतिको मूल आधार गूठीव्यवस्थाको जगेर्नाको लागि छुट्टै स्वतन्त्र निकायको आवश्यकता सम्झेर गूठीसंस्थानको स्थापना वि.सं. २०२१ मा भएको हो ।[१०८]

वि.सं. २०१२ मा पशुपतिनाथका मूलपुजारीलाई साविक बमोजिमको अधिकार दिइयो ।[१०९] त्यसभन्दा अगाडि वि.सं. २०१० सालमा पशुपतिनाथमन्दिरको व्यवस्थापनको सम्बन्धमा प्रजातन्त्र प्रणालीअनुसार गर्ने भन्ने कुरा चलाइएको थियो ।[११०] तर प्रजातन्त्र भन्नाले केलाई बुझाउन खोजिएको हो, स्पष्ट थाहा हुँदैन । वि.सं. २०१२ माघ १ गते श्री ५ महेन्द्रबाट पशुपतिका मूलपुजारीलाई "अघिदेखि चलि आएको रितिस्थिति र लालमोहर बमोजिम गर्नु" भन्ने हुकुमप्रमाङ्गी भएकोले वि.सं. २०१८ श्रावण २५ गते श्री ५ को सरकारले अघि जस्तै पशुपतिभण्डारतहविल, जयवागीश्वरीभण्डारतहबिल तथा पशुपतिअमालकोटकचहरीमाथिको मूलपुजारीको अख्तियारी कायम गऱ्यो । विभिन्न समयमा भएका उपर्युक्त व्यवस्थाअनुसार मूलपुजारीकै अख्तियारीमा पशुपतिनाथमन्दिरको व्यवस्थापन जसोतसो भइरहेको छ । तर यसको मतलब मूलपुजारी यस क्षेत्रको सर्वाधिकारसम्पन्न व्यक्ति हुन् भन्ने होइन । बडागुरुज्यूको तालुकीमा पशुपतिको मूलपुजारीलगायत अन्य रै-रकमी रहने परम्परा छ । पशुपतिनाथमन्दिरको सम्वन्धमा श्री ५ मा केही कुरा ज़ाहेर गर्नुपर्ने भएमा बडागुरुज्यूमार्फत मात्र जानुपर्ने चलन केही दशकअगाडिसम्म थियो । यो कुरा वि.सं. २०३१ साल मार्ग १८ गते एवं पौष २९ गतेको श्री ५ महाराजाधिराजको हुकुमप्रमाङ्गीले अझ स्पष्टसँग छर्लङ्ग्याउँछ । वि.सं. २०३१ मार्ग १८ गतेको हुकुमप्रमाङ्गीमा "श्री पशुपतिनाथमा साविक भैरहेको ८५५ सालको ताडपत्र बन्देज वि.सं. १८६७ सालको र अरू लालमोहरहरू सनदसवालबमोजिम मूलभट्टले काम गर्ने, हाम्रो हजुरमा जाहेर गर्नुपर्ने जति साविक बमोजिम तालुकवाला बडागुरुज्यूमार्फत जाहेर गर्ने र अरू गूठीसंस्थानबाट निकासा लिनुपर्ने जति गूठीसंस्थानमा जाहेर गरी चलाउने गर्नु गराउनु" भन्ने उल्लेख भएवाट पशुपतिका मूलपुजारीलाई साविक बमोजिमको अख्तियारी परम्परा सम्झी समय–समयमा दिइँदै आएको देखिन्छ ।[१११] मूलपुजारीको काम, कर्तव्य र अधिकार निम्नबमोजिम भएको देखिन्छ:–

७.३.१ *नित्यनैमित्तिक पूजाआजा गर्ने, गराउने*

पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजा अविच्छिन्न रूपले चलाउनु मूलपुजारीको पहिलो कर्तव्य मानिन्छ । नित्यपूजा एवं नैमित्तिक पूजा गर्नको निमित्त विभिन्न दाताहरूले राखेको दुकागूठीअन्तर्गतको आयस्तावाट सञ्चालन गर्नुपर्ने पूजाआजाहरू नियत पर्वउत्सवमा सम्पन्न गरी तिनीहरूलाई निरन्तरता प्रदान गर्नुका साथै तिनीहरूमार्फत भगवान्‌को सेवाअर्चना गर्नु पनि उनको दायित्व हो । दुकागूठीको अतिरिक्त राजगूठीअन्तर्गत भगवान् पशुपतिनाथको विभिन्न किसिमका पूजाआजा तथा विधि-विधानहरू गर्न राखिएका गूठीका पूजाआजाको निमित्त चाहिने सामग्रीहरू समयमा नै सम्वन्धित निकाय गूठीसंस्थान वा त्यसअन्तर्गतको गूठीखर्चअड्डामा लिन आफ्नो सम्वन्धित रै-रकमीलाई

---

१०८ गूठीसंस्थान ऐन, २०२१ ।

१०९ पशुपतिनाथमा चढ्ने भोग र मूलभट्टको अख्तियारीबारे वि.सं. २०१२ सालमा तात्कालिक अर्थखर्चविभागबाट भएको पत्र । यसको सक्कलप्रति पशुपतिनाथका मूलपुजारीसँग छ ।

११० *ऐजन* ।

१११ श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट वि.सं. २०३१ मार्ग १८ गते श्री ५ को सरकारका मुख्य सचिवलाई पशुपतिमन्दिरको विषयमा भएको हुकुमप्रमाङ्गी । यसको बोधार्थ पशुपतिनाथका मूलपुजारीसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पठाउनु वा लेखापढी गर्नुपर्ने भएमा नियत समयभन्दा अगाडि सम्पर्क राख्न लगाई त्यससम्बन्धी आवश्यक व्यवस्था मिलाउनु पनि उनको कार्य हो ।

पुजारीमध्येबाट भगवान्‌को भोग पकाउने एवं बेलुकाको आरती गर्नेको रोलक्रम मिलाइदिने, पुजारीहरूलाई सिकाउने, अह्राउने गरी नित्यनैमित्तिक पूजाहरूमा कुनै व्यवधान आउन नदिने प्रबन्ध पनि मूलपुजारीले मिलाउनुपर्ने व्यवस्था छ ।

७.३.२ *प्रशासनिक कार्यमा रेखदेख गर्ने*

मूलपुजारीको तैनाथमा पशुपतिअमालकोट, पशुपतिभण्डारतहबिल तथा जयवागीश्वरीभण्डारतहबिल रहेकाले ती निकायहरूद्वारा हुने पूजाआजा एवं तिनीहरूको प्रशासनिक काम कारवाहीहरूको रेखदेख गर्ने तथा परम्परा, प्रचलित नियम, कानूनको अधीनमा रही उपर्युक्त निकायहरूलाई व्यवस्थित रूपबाट सञ्चालन गर्ने जिम्मा मूलपुजारीको हो । प्रशासनिक कार्यहरूको सम्पादनको क्रममा मूलपुजारीबाट अपेक्षित कार्यहरू देहायअनुसारका छन्ः–

(क) पशुपतिको गूठीजग्गा वा सम्पत्तिहरू हिनामिना हुन नदिने ।
(ख) गूठीजग्गाको कूत समयमा उठाउन प्रबन्ध गर्ने ।
(ग) नियत गरिएका रै-रकमीहरूद्वारा हुनुपर्ने कार्यहरू गराउने र उनीहरूमाथि निगरानी राख्ने ।

पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजालगायत जति पनि परम्परागत पर्वउत्सवहरू छन्, अधिकांश गूठी व्यवस्थाद्वारा सञ्चालित छन् । गूठीव्यवस्थाको आम्दानीको मूल स्रोत जग्गाबाट प्राप्त हुने कूत हो । जग्गाबाट आउनुपर्ने कूत समयमा मोहीबाट प्राप्त नभएमा वा ती जग्गाहरू लोप भएमा पूजाआजामा बाधा पर्न जानु स्वाभाविक छ । मन्दिरको नाममा राखिएका गूठीहरूको मुख्य ध्येय पूजाआजा तथा पर्वउत्सवमा परम्परागत धार्मिक आस्थाअनुसार काम गर्नु हो । तिनीहरूलाई जीवन्तता प्रदान गर्न आम्दानीको स्रोतको सदैव जगेर्ना हुनुपर्ने भएकोले पशुपतिनाथमन्दिरका गूठीजग्गाहरू हिनामिना हुनुबाट बचाउने काममा मूलपुजारी क्रियाशील रहनुपर्ने व्यवस्था छ । वि.सं. १८७० भन्दा अघि पशुपतिनाथको दुकागूठी त्यहाँका पुजारीबाहेकका गुरुपुरोहितहरूको तैनाथमा थियो ।[११२] श्री ५ गीर्वाणयुद्धविक्रम शाहले त्यो साल देवपाटनका गूठी, जागिरबाहेकको जग्गा पशुपतिनाथको नाममा चढाएपछि त्यसको अख्तियारीसहित दुकाबिर्ता (गूठी) को तालुकी पनि मूलपुजारीको जिम्मामा आयो । गूठीजग्गाबाहेक पशुपतिनाथका अन्य चल, अचल सम्पत्ति एवं, गरगहना, भाँडाकुँडाहरू हिनामिना हुनुबाट बचाउने काममा उनको संलग्नता अपेक्षित मानिएकोले नै त्यसको जिम्मावारी उनलाई दिइने परम्परा कायम भएको देखिन्छ । त्यसो भए तापनि पशुपतिनाथको सरसम्पत्ति हराए-नासिए उनी जिम्मेवार हुनु नपर्ने देखिएकोले उनीबाट हुने कार्य केवल इमान्दारीमा मात्र भर पर्ने देखिन्छ । यस्तो अवस्थामा उनीबाट हुने उत्तरदायित्वको निर्वाह औपचारिक मात्र हो भन्नुपर्ने स्थिति रहेको छ ।

पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल, जयवागीश्वरीभण्डारअन्तर्गतका गूठीजग्गाहरूको कूत उठाउन प्रबन्ध गर्ने तथा तोकिएको समयभन्दा नाघेमा आवश्यक कारवाही गर्ने काम गर्नु पनि उनको कार्यक्षेत्रभित्र पर्दछ । वि.सं. २०२९ मा गूठीजग्गामा भूमिसुधार लागू भएपछि अन्य गूठीजग्गाहरूमा *भूमिसुधारऐन* अनुसार गूठीजग्गाको कूत तोक्ने काम हुनगएको थियो । तर त्यसरी तोकिएको कूत साबिकभन्दा निकै कम भएकाले पुरानो दरवन्दीअनुसारको काम गर्न गाह्रो पर्न गई गूठीअन्तर्गत गर्नुपर्ने कामहरू रोकिनसमेत गए । नेपालको मात्र नभई सम्पूर्ण हिन्दूधर्मावलम्वीहरूको पशुपतिनाथ परमआराध्यदेव भएकाले यहाँको परम्परागत गूठीव्यवस्था

---

११२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*भूमिसुधारऐन*अनुसार कामकारवाही भएमा अन्य मठमन्दिरमा झैं यहाँ पनि अव्यवस्था हुन गई धर्म लोप हुने भएकोले पशुपतिमा लागू हुन सकेन । त्यसैले भूमिसुधारको कमै प्रभाव पशुपतिअमालकोटकचहरी, भण्डारतहबिल तथा जयवागीश्वरीभण्डारअन्तर्गतका गूठीजग्गामा परेको छ । यसले गर्दा अरू मन्दिरहरूभन्दा भिन्न पशुपतिनाथमा परम्परागत पूजाआजामा त्यत्ति अवरोधहरू आएका छैनन् । तर अब त्यसको विपरीत हुँदै जाने स्थिति देखापर्दैछ ।

पशुपतिनाथको गूठीजग्गाको बाली नतिर्ने मोहीहरूलाई पजनी गरी बाली तिर्न कबुल गर्ने नयाँ मोहीलाई कायम गर्ने पुरानो चलन निकै लामो समयसम्म चल्यो । पछि त्यसमा अवरोध आयो । त्यसैले वि.सं. १९९९ मा पशुपतिका तात्कालिक मूलपुजारीले पशुपतिनाथगूठीको बाली नतिर्ने मोहीलाई पजनी गर्ने अधिकारको निमित्त तात्कालिक प्रधानमन्त्रीलाई जाहेर गर्दा माल तथा तहसिलअड्डालाई भएका सवालबमोजिम चैत्रमसान्तसम्म कूत नतिरेमा वैशाख लागेपछि म्याद टाँस गरी तीन दिनभित्र बाली बुझाउनेलाई मोही थम्ने, त्यस अवधिमा नबुझाएमा अरू दुइ दिन हकदारलाई म्याद दिने, हकदारको म्याद गुज्रेको पाँच दिनभित्र चक्लाभित्रको सँधियारलाई जग्गा कमाउन दिन सक्ने व्यवस्था भएको थियो । त्यसअनुसारको काम गर्न सक्ने अधिकार मूलपुजारीमा अद्यावधि रहेकोले अरू गूठीजग्गाहरूको भन्दा पशुपतिनाथगूठीका कूतहरू समयमा उठ्ने गरेको छ । यद्यपि बक्यौता नभएका होइनन् ।

पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिलका साथै जयवागीश्वरीभण्डारतहबिलअन्तर्गतका गूठीजग्गा कमाउने मोहीहरूले अन्नको सट्टा नगद तिर्न चाहेमा धान, गहुँ आदि अन्नको भाउ तोक्ने काम मूलपुजारीले गर्छन् । उनले तोकेको भाउअनुसार तहसिल हुने गर्छ । तर कहिलेकाहीं उनलाई त्यो अधिकार नदिएको पनि उदाहरण पाइन्छ । वि.सं. १९८० मार्ग १७ गते रोज १ को पूर्जीअनुसार त्यस वेला उक्त अधिकार मूलपुजारीबाट झिकी तात्कालिक सिंहदरबारनगदीतहबिलले तोकेको भाउअनुसार गर्ने भन्ने व्यवस्था भएको थियो ।[११३] पछि त्यस तहबिलअड्डा खारेज भएपछि त्यस्तो अन्य निकाय नभएकोले त्यस कार्य पुनः मूलपुजारीले गर्न थाले । त्यसअनुसार आजसम्म उक्त काम मूलपुजारीले गर्दैछन् ।

७.३.३ *रै–रकमी भर्ना गर्ने तथा पजनी गर्ने*

पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल तथा जयवागीश्वरीभण्डारतहबिलका उत्तराधिकारी क्रमले काम गर्ने अधिकार पाएका रै-रकमीबाहेक अरूलाई भर्ना गर्ने कामको अख्तियारी मूलपुजारीलाई नै दिइएको पाइन्छ । वि.सं. १९८५ भन्दा अगाडि त्यो अधिकार उनलाई थिएन । राणा प्रधानमन्त्रित्वकालभन्दा अगाडि मठ, मन्दिरका सानाठूला सबै रै-रकमीहरू श्री ५ बाट लालमोहर भई भर्ना गरिएका अनेक उल्लेखहरू पाइन्छन् । पशुपतिनाथमन्दिरमा पनि त्यही चलन थियो । जङ्गबहादुर राणाले प्रधानमन्त्रीको पद आफूले लिएपछि उक्त अधिकार आफ्नो हातमा लिए र यो क्रम पशुपतिनाथमन्दिरमा बयासी वर्षसम्म चल्यो । त्यस वेला त्यहाँका कर्मचारीहरूलाई भर्ना गरेपछि दर्शनभेट गराउनु पनि पर्दथ्यो । तर वि.सं. १९८५ फाल्गुन १० गते तात्कालिक प्रधानमन्त्रीबाट मूलपुजारीअन्तर्गतका रै-रकमीहरू भर्ना गर्दा अघि जस्तो दर्शन भेट गराउनु नपर्ने तथा कर्मचारी भर्ना गरेको जानकारीसम्म तात्कालिक गूठीबन्दोबस्तअड्डामा दिए पुग्ने तोक सदर भयो ।[११४] तर भँडारीको व्रतबन्धभन्दा अगाडि सुपारी र दाम राख्न जानुपर्ने चलनचाहिँ रोकिएन । अद्यापि यो चलन छँदैछ । सुपारी र दाम गद्दीनसिन श्री ५ महाराजाधिराजमा राखेर सम्पन्न गरिन्छ । यो चलन कहिलेदेखि चलेको हो भन्नको लागि प्रामाणिक सामग्रीहरू नभएकोले यसबारेमा अरू कुरा बोल्न प्रसङ्ग प्राप्त छैन ।

---

११३ वि.सं. १९८० मार्ग १७ गते रोज १ का दिन भीमशमशेरले दिएको पूर्जी । यो पत्र पशुपतिनाथका मूलपुजारीसँग छ ।

११४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३५९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूलपुजारीअन्तर्गतका रै–रकमी एवं पुजारीहरूले मूलपुजारीले लाए-अह्राएको काममा रुजू रहनुपर्ने व्यवस्था छ । काममा रुजू नरहने तथा भगवान् पशुपतिनाथको पूजाआजामा अडकाउ एवं व्यवधान पुऱ्याउनेलाई खोसी जो काममा रुजू रहन्छ, त्यसलाई काममा सरिक गराउने अख्तियारी वि.सं. १८८३ मा श्री ५ राजेन्द्रविक्रम शाहले मूलपुजारीलाई दिएका थिए । साथै दण्ड गर्ने अधिकार पनि त्यसै वेला उनलाई प्रदान गरिएको थियो ।[११५] तर पछि राणा प्रधानमन्त्रित्वकालमा त्यसमा केही शिथिलता आयो । त्यसैले वि.सं १९८५ मा पुनः मूलपुजारीलाई उक्त अधिकार दिइएको बुझिन्छ । दरबन्दीभन्दा बढी कर्मचारीहरू आवश्यक भएमा उनको स्वविवेकले पदको सृजना गर्न सक्तैनथे । वि.सं. १९२२ देखिको आयव्ययको विवरण एवं देवीदेवताको अङ्गमा रहेका गहनाहरूको सालबसालको विवरण कर्मचारीको अभावले गर्दा दिन गाह्रो परेको थियो । वि.सं. १९४० मार्गशुक्ल १२ रोज ३ मा तात्कालिक मूलपुजारी अनन्तराम भट्टले त्यसको लागि एक जना नौसिन्दा थप पाउँ भनी दिएको निवेदनबाट उक्त कुरा थाहा हुन्छ ।[११६]

७.३.४ मन्दिरको मर्यादा कायम गराउन मदत गर्ने

वि.सं. २०१९ मा नयाँ *मुलुकी ऐन* लागू हुनुभन्दा अघि समाजमा जातिपातिको अत्यधिक भेदभावको कारण जातअनुसार कुन जात मन्दिरमा कहाँ जान हुन्छ, कहाँ जानु हुँदैन भन्ने निश्चित नियमहरू थिए । त्यस वेला पशुपतिनाथमन्दिरभित्र जान केही जातलाई र हिन्दूइतर जातहरूलाई ढोकाबाट भित्र पस्नसमेत निषेध थियो । कुनै-कुनै जातका मानिसहरू सिँढीबाट माथि उक्ली दर्शन गर्न सक्तैनथे । पौराणिक ग्रन्थहरूबाहेक त्यसभन्दा अगाडिका ग्रन्थहरूमा जातिपातिको धारणा वैदिक वाङ्मयमा नदेखिने भए तापनि पछि गएर त्यसलाई धार्मिक मर्यादाको रूपमा नै हेर्ने परिपाटी रहन जानाले समाजमा त्यसले बलियो जरा गाड्यो । अतएव समाजका विविध क्षेत्रहरूमा त्यसको प्रभाव पछिसम्म रहन गयो । त्यस वेलाको मर्यादाअनुसार मन्दिरमा अन्यथा हुन नदिने कामको निगरानी राख्ने जिम्मा मूलपुजारीको मानिएको छ । यसैले तदनुकूल गर्न र गराउन उनी उद्यत हुनुपर्दथ्यो । मर्यादालाई भङ्ग गरी जाने व्यक्तिलाई दण्डसजाय गर्ने काम उनैको थियो । अहिले पनि सनातन हिन्दूधर्मसंस्कृतिअन्तर्गत वैदिक, बौद्ध, जैन, सिक्ख धर्मावलम्बीहरू विनाभेदभाव मन्दिरमा जान सक्छन् । तर हिन्दूबाहेकका लागि भने प्रवेश निषेध छ ।

मुलुकी ऐन लागू भएपछि समान्यतः जातपातको आधारमा भेदभाव छैन । तापनि परम्परालाई तोडनु हुन्न भन्ने कुरामा विश्वास राख्ने कतिपय बूढापाकाहरू पहिलेकै व्यवस्थाअनुसार जान हुने ठाउँबाहेक पशुपतिनाथमन्दिरको निषेध गरिएको ठाउँमा जाँदैनन् ।

पशुपतिनाथमन्दिरको बाहिरी ढोकाबाट भित्र जुत्ता लगाएर जाने कुरा पहिले निषिद्ध थियो । साना-ठूला पदका कसैले पनि मूल ढोकाभित्र जुत्ता लगाएर जान पाउँदैनथे । त्यसलाई मन्दिरको मर्यादाको रूपमा लिइएको थियो । कालान्तरमा त्यो प्रथा टुट्दै गयो । मन्दिरको मर्यादा कायम हुन नसकेकोले तात्कालिक मूलपुजारीले पहिले झैं व्यवस्था होस् भनी बिन्ती चढाएकोमा वि.सं. १९३४ चैत्रशुक्ल ११ रोज ७ मा पहिलेको अनुरूप मूल ढोकाबाट कसैले पनि जुत्ता लगाएर जान नपाउने नियम बसालियो । नियम मिची कसैले जुत्ता लगाएर गएमा मूलपुजारीले एक पैसासम्म जरिबाना गर्न सक्ने भए ।[११७] त्यस्तै सिङ, हाडको टाँक लागेको कपडा लगाई भित्र जान नपाउने तथा कोही त्यस्ता वस्तु लगाई गएका रहेछन् भने पशुपतिका पुजारीहरूले छुन नहुने व्यवस्था थियो । त्यस्ता वस्तुहरू लाएर यदि उच्च तहका व्यक्तिहरू गएका रहेछन् भने प्रधानमन्त्रीमा जाहेर गर्ने तथा अरू त्यसरी गएका रहेछन् भने मूलपुजारीले चार

---

११५ गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी १६ सङ्ख्या, ३ परिशिष्ट, १०७ पृष्ठ ।

११६ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९६ सङ्ख्या ।

११७ परिशिष्टभाग, अभिलेखखण्ड (क), २८७ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पैसा जरिबाना गर्न सक्ने अधिकार दिइएको थियो ।[११८] पशुपतिगोश्वाराको स्थापनापछि भने त्यो कामको रेखदेख गर्ने जिम्मेवारी पशुपतिगोश्वारामा सऱ्यो ।[११९]

७.३.५ गाउँ झारा गरी देवल, पाटी, बाटो बनाउने

पशुपतिनाथको पूजाआजा तथा यस क्षेत्रको प्रशासनिक कार्यहरूको अतिरिक्त यहाँका देवल, पाटी, बाटो आदि मर्मत-जीर्णोद्धार गर्ने काम गर्नु मूलपुजारीको प्रमुख कर्तव्य हो । जहिलेदेखि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले देवपाटनको निश्चित क्षेत्र पशुपतिनाथलाई अर्पण गरी गूठी रूपमा राखिदिए, त्यसै वेलादेखि मूलपुजारीलाई उपर्युक्त कार्य गर्ने अधिकार प्रदान गरियो । वि.सं. १८७० भन्दा अघि पशुपतिनाथका पुजारीलाई त्यससम्बन्धी कामको अभिभारा सुम्पिएको कुनै उल्लेख पाइएको छैन । देवल, पाटी, बाटो बनाउन आवश्यक पर्ने जनबल गाउँ झारा गरेर तथा रकमचाहिँ पशुपतिलाई वि.सं. १८७० मा अर्पण गरिएका गूठीजग्गाको आम्दानी एवं रकमहरूबाट गर्नुपर्ने नियत पूजाआजाहरू गरी बचेकोबाट गर्ने लालमोहर भएको थियो ।[१२०]

"......सम्वत् १८७० साल फाल्गुन कृष्ण १४ रोज ६ शिवरात्रिका दिन श्री ५ पशुपतिनाथ प्रीति गरि शिवरात्रि, रामनवमी, मेषसंक्रान्ति, दमनारोपण, धनुर्मास, दसहरा, महाष्टमी, विजयादशमी, श्रीपञ्चमी एत्ति पर्वमा तप्सील बमोजिमका सराजामले पूजाभोग आरती गर्न शेष बाँकी रह्याकोले र ताहिका झाराले देउपाटनका देवालै बिग्ऱ्या भत्क्याका घाटपाटीबाटो जीर्णोद्धार गरी बनाउन निमित्त सुवेदारले चर्चि तहसील गऱ्याको रकम कलम औ-अस्मानी रकमीहरूले अघी रैकर छँदा षायाको जागीर षेत द्वाऱ्याको षेत १ । बहिदारको मुरी । ६४ देसुवार जना ४ के षेत ३।९३ पञ्च जना ४ को मुरी । ८० हेल जना २ को मुरी । ८० हेल जना २ को मुरी । ६४ चिरुवादार १ के मुरी १४ घाट्या वैद्यको मुरी । ४२ तहसिल्या जना २ के मुरी । ४० महान्या जना ८ को षेत ४ । गलसुवार जना ८ को २ । ८० कोटका श्रीदेउताको पूजा गर्न्याको मुरी । २४ ज्मा षेत पन्द्रह मुरी एक १५ । १ र ताहिको भैंसी भन्सार औं ठूलो बगैंचा र कपर्दारको जिम्माको वारी समेत चावहिल कोटुवहिल देउपाटन सर्वअङ्ग अबुआब माफ-माफ कुश डल्लो सङ्कल्प गरि गुठि चह्रायाको मोहर ताम्वापत्र गरि चह्राव्यू.....एति आमदनीले तपसील बमोजिम पर्वपर्वमा पूजा भोग आरती लेषियाको सराजाम कत्ति नघटाई यथोक्त विधानले भक्तिपूर्वक सराजाम लगाई हाम्रो र हाम्रा सन्तानको जयबृद्धि मनाई श्री ५ पशुपतिनाथको पूजा भोग आरती गर्नु शेष रह्याको वाजवी आमदानी परि आयाको अस्मानी औ अपुताली ज्मा गरि ताहाका प्रजा झारा गरि बिग्ऱ्या भत्क्याको देवालय घाट, बाटो, पाटी बनाउँदै रहनु एस काजको अषतियारी श्री ५ पशुपतिनाथका मूलपुजारीलाई बक्स्यौं, अन्याय गरि प्रजा नपिराउनु लेष्याको सराजाम र विधि पुऱ्याइ पुजा भोग आरती गर्नु शेख बाँकी रह्याको हिसाव लेखि श्री ५ पशुपतिनाथका भँडारमा दाखिल गर्नु ।"

यसबाट देवपाटनका देवल, पाटी, बाटो भत्केबिग्रेको बनाउने कामको समुचित प्रबन्ध गर्ने काम मूलपुजारीको हो भन्ने देखिन्छ । वि.सं. १८७० मा मूलपुजारीलाई प्रदान गरिएको उक्त अधिकार वि.सं. १८८३ को लालमोहरद्वारा पनि कायम गरेको पाइन्छ ।[१२१] लालमोहरद्वारा प्रदत्त अधिकारलाई पहिलेका मूलपुजारीहरूले कत्तिको कार्यान्वयन गरे त्यसबारेमा बताउन सामग्री केही पनि छैनन् । तर वर्तमान कालमा पशुपतिमन्दिरका मूलपुजारीले ती महत्त्वपूर्ण उत्तरदायित्वहरू निर्वाह गरेको पाइँदैन । देवपाटनमा प्रशस्त मठमन्दिरहरू भएका वास्तविकतालाई हेर्दा वि.सं. १८७० मा राखिएको गूठीजग्गाहरूको आम्दानीले पर्वउत्सवमा पूजाआजा गरी बचत हुने रकमले मठमन्दिर, बाटो, पाटी

---

११८ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३४५ सङ्ख्या ।

११९ परिशिष्टभाग, अभिलेखखण्ड (ख), ३ सङ्ख्या ।

१२० परिशिष्टभाग, अभिलेखखण्ड, १६१ सङ्ख्या ।

१२१ गोविन्द टण्डन, *पूर्ववत्*, पादटिप्पणी २६ सङ्ख्या, ३ परिशिष्ट, १०७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भत्केबिग्रेको बनाउन झाराप्रथाप्रति समाजले आदर गरुञ्जेलसम्म र भाउबेसा सस्तो हुञ्जेलसम्म केही सञ्चालन भए होलान् । किनभने वि.सं. १८७० मा राखिएको गूठीजग्गाहरूको खास बचत देखिन्न । यही कारणले होला राणा प्रधानमन्त्रित्वकालमा गएर देवपाटनको मठ, मन्दिर आदिको मर्मत-जीर्णोद्धार गर्ने कामको लागि छुट्टै व्यवस्था हुन गयो । वि.सं. १९६१ मा पशुपतिगोश्वाराको स्थापना भयो । मूलपुजारीबाट हुनुपर्ने काम सम्पादन हुन नसकेको कारणबाटै छुट्टै निकायको स्थापना भएको हुनुपर्छ । पशुपतिगोश्वाराको स्थापनापछि त्यसलाई सामान्य मर्मत-जीर्णोद्धारको लागि आवश्यक पर्ने रकम गूठीबन्दोबस्तअड्डा छउञ्जेल उक्त अड्डाले र खारेज भएपछि गूठीसंस्थानले दिने बन्दोबस्त मिलाइएको छ । सामान्य मर्मतबाहेकका अलि धेरै खर्च हुने मर्मतजीर्णोद्धारका काममा भने राष्ट्रकै मुख ताक्नुपर्ने स्थिति पहिले पनि थियो अहिले पनि यहाँ छ । पशुपतिक्षेत्र हिन्दूधर्मावलम्बीहरूको पवित्र तीर्थस्थल भईकन पनि मठमन्दिर, घाट, पाटी, बाटो आदिको सामान्य मर्मत-जीर्णोद्धार पनि समुचित रूपमा पछि गएर हुन छाडेकोले दिनानुदिन यहाँको अवस्था नाजुक हुन गयो । हिन्दूराष्ट्र घोषित नेपालको निमित्त कुनै पनि हालतमा यहाँ गएगुज्रेको अवस्था कायम रहनु राम्रो नभएकोले वि.सं. २०३४ सालमा पशुपतिक्षेत्रसुधारसमिति गठन भई त्यसको माध्यमबाट यहाँको अवस्थालाई सुधार गर्ने उद्देश्य राखिएको पाइन्छ । तर विभिन्न कारणहरूले गर्दा त्यो समिति लक्ष्यमा पुग्न सकेन । त्यसैले वि.सं. २०३८ सालमा श्रीपशुपतिक्षेत्रसुधार तथा विकाससमिति गठन भयो । मठ, मन्दिर, पाटी, पौवाजस्ता महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूको जगेर्ना गर्नुको बदला छँदा-खाँदाको बाटो भत्काई संस्कार गर्ने तथा अनावश्यक भवन आदिको निर्माणमा प्राप्त रकमलाई प्रयोग गर्न थालेकोले वि.सं. २०३८ सालदेखि वि.सं.२०४२।४३ सम्म करीब एक करोड खर्च गर्दा पनि खास कुनै उल्लेख्य काम हुन सकेन ।

पहिले जस्तो देवपाटनका मन्दिर, पाटी, बाटो आदिको मर्मत-जीर्णोद्धार मूलपुजारीकै अग्रसरतामा गर्ने प्रथा समाप्त भईसके तापनि वि.सं. २०३४ एवं वि.सं.२०३८ मा गठन भएको माथि उल्लिखित सुधारसमितिहरूमा मूलपुजारीलाई सल्लाहकारको रूपमा स्थान दिइएको कुरालाई हेर्दा पशुपतिका मूलपुजारी पशुपतिमन्दिरको व्यवस्थापन र धार्मिक कृत्यहरूबाहेक अरूतिर पनि गाँसिन पुगेको पाइन्छ । यसबाट फाइदाभन्दा बेफाइदा नै बढी भएको कतिपय कुराहरूमा स्पष्ट भएको पाइन्छ । पशुपतिक्षेत्रको योजनाबद्ध संरक्षण-संवर्द्धन, स्याहार-सम्भारभन्दा आफ्नो अधिकारलाई कसरी जोगाउने भन्ने कुरामा बढी सजग र सचेत हुँदा पशुपतिक्षेत्रमा हुने र गर्नुपर्ने काममा बाधाव्यवधान बढ्न थाल्यो । फलतः ती दुवै समितिहरूले विभिन्न कामहरू गर्ने योजना बनाए तापनि समयसँगै विलीन भए । तत्पश्चात् पशुपतिक्षेत्रको बृहद् कार्यहरू गर्ने उद्देश्यका साथ वि.सं. २०४३ सालमा पशुपतिक्षेत्रविकासकोषको गठन भयो ।

७.३.६ आयव्ययसम्बन्धी हिसाब–किताब फरफारख गर्ने

पशुपतिनाथमन्दिरसँग सम्बन्धित निकायहरू मूलपुजारीको तैनाथमा रहेको नाताले लालमोहर बमोजिमको दुकाबिर्ता, लालमोहरबाहेकको किनुवाबिर्ता, भोगबन्धकी, लालमोहर हुँदा छुट, दुनियाँले चढाएको, अपुताली आएको, जायजात भई आएको, घरको बहाल, गूठीजग्गाहरूबाट आएको कूत, जिन्सी बिक्री र बजारखरीदसमेत नगदी-जिन्सीको आम्दानीखर्चमा लिनेदिनेको सहीछाप परेको बहिखाता भिडाई फारखती लिनुपर्ने व्यवस्था वि.सं. १९३८ श्रावणशुक्ल १२ रोज १ मा भयो ।[१२२] त्यसभन्दा अगाडि पनि वार्षिक आयव्यय फरफारख गर्नुपर्ने चलन थियो । तर अगाडि त्यस्तो विवरण पशुपतिभण्डारमा बुझाउनुपर्ने थियो ।[१२३] वि.सं. १८८३ देखि कौसीतोसाखानामा गई सालसालको आम्दानीखर्च बुझाउनुपर्ने भयो ।[१२४] सदरदफदरखानाको स्थापनापश्चात् यस्ता विवरणहरू सदरदफदरखानामा

१२२ परिशिष्टभाग, अभिलेखखण्ड (क)। १४० सङ्ख्या ।

१२३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

१२४ गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी २६ सङ्ख्या, ३ परिशिष्ट, १०७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुझाउनुपर्दथ्यो ।[१२५] त्यसो भए तापनि आयव्ययसम्बन्धी हिसाबकिताब फछ्र्यौटको कुरा सही ढङ्गसँग कार्यान्वयन हुन सकेन । वि.सं. १८६७ सालदेखि १९३४ सम्म जम्मा ६८ वर्षको हिसाबकिताब पुरानै ढङ्गबाट भए पनि फरफारख गर्नको निमित्त तात्कालिक मूलपुजारी अनन्तराम भट्टको नाममा वि.सं. १९३७ साल ज्येष्ठकृष्ण ९ रोज ४ मा दुइ छापे भएबाट बुझिन्छ ।[१२६] तर उनले आफ्नो कार्यकाल वि.सं. १९२२ भन्दा अधिको फरफारख गर्न नसक्ने कुरा लेखेकोले पशुपतिनाथ जस्ता प्रसिद्ध मन्दिर तथा राज्यसँग नै प्रत्यक्ष सम्बन्ध राख्ने महत्त्वपूर्ण ठाउँमा आयव्ययसम्बन्धी कार्यमा ढिलासुस्ती हुनाको खास कारण के हुन सक्छ स्पष्ट भन्न सकिन्न । त्यसरी भएका ढिलासुस्तीले पशुपतिनाथको आयव्ययमा संलग्न पुजारीहरूलगायत अन्य रै-रकमीहरूबाट अन्यथा हुन सक्ने सम्भावनालाई नकार्न मिल्दैन । हुन पनि पशुपतिको नियत पूजाआजा गरी भण्डार दाखिल गर्नुपर्ने रकम आफैंले लिएका उल्लेखहरू पाइनु त्यसैको उपज हुन् भन्नु अत्युक्ति हुँदैन ।[१२७] वि.सं. १९४० तिर पशुपतिनाथको अङ्गमा रहेको गहना, मन्दिरका चलुवा भाँडाकुँडाहरू तथा थप आम्दानी भइआएकोसमेत गाभी सालसालको नगदी, जिन्सी खेत-पाखाको समेत लगत खडा गरी कुमारीचोकलाई बुझाउने एवं गूठीबन्दोबस्तअड्डालाई आम्दानी, खर्चसम्बन्धी कागज सात-सात दिनमा बुझाउनुपर्ने व्यवस्था भएको थियो ।[१२८] त्यो चलन कतिञ्जेल रह्यो त्यो भने थाहा पाउने सामग्री पाइएको छैन ।

वि.सं. २००७ सालपछि पुराना अड्डाहरू केही खारेज भए केही नयाँ नाम लिएर देखापरे । त्यही क्रममा कुमारीचोकको कामसहित अरू केही नयाँ कामहरू गर्ने हेतुले वि.सं. २०१६ मा महालेखापरीक्षकको विभागको स्थापना भएपछि पशुपतिनाथमन्दिरको आयव्ययसम्बन्धी विवरणहरू महालेखापरीक्षकको विभागबाट हेरिन थालियो । महालेखापरीक्षकको विभाग स्थापनापछि वि.सं. २०३५ सालमा वि.सं. २०२२ देखि २०३४ आषाढ मसान्तसम्मको लेखापरीक्षण भयो । त्यस्तै वि.सं. २०३४ सालदेखि वि.सं. २०४८ सम्मको लेखापरीक्षण हालै सकियो । वि.सं. २०२२ भन्दा अगाडिको लेखापरीक्षण भएको थाहा पाइँदैन । वि.सं. २०२२ देखि वि.सं. २०४८ सम्मको लेखापरीक्षणमा प्रशस्त अनियमितता र बेरुजूहरू छन् । पशुपतिनाथमन्दिरको लेखापरीक्षणसम्बन्धी विवरणलाई सार्वजनिक जानकारीमा नल्याइएकोले जसले जे गरे पनि हुन्छ भन्ने भावनाको विकासमा सघाउ पुऱ्याएको छ । वि.सं. २००७ सालभन्दा अगाडि पशुपतिनाथको सम्पत्तिमा तलमाथि परे सम्बन्धित व्यक्तिको तायदात हुने प्रचलन थियो । वि.सं. १९८२ मा पशुपतिभण्डारतहबिलको बिसेटनाइके मेहरमानले भण्डारको रकम हिनामिना पार्दा उनको घर लिलाम गरी रकम असूलउपर गरिएको थियो ।[१२९] तर अहिले त्यस्तो कडिकडाउको चलन पशुपतिनाथमन्दिरमा मात्र होइन कहीं पनि नदेखिएकोले भ्रष्टाचारलाई प्रोत्साहन मिलेको छ । जहाँसम्म पशुपतिनाथको अहिलेको कुरा छ, यहाँ भएका अनियमितताको कुरा गर्दा पनि लाज मान्नुपर्ने स्थिति छ । प्रत्येक महीनाको पूर्णिमापछिको द्वितीयाको दिन पालो फेर्दा आम्दानी बाँधिएको सुन, चाँदीको तौलको अङ्क विनासहीछाप, विनासाक्षी पछि सच्याउने, सुन भनी लेखेको ठाउँमा चाँदी भनी लेख्ने, तौल घटी देखाउने जस्तो प्रवृत्ति तथा प्रतिदिन भोगमा श्रद्धालु भक्तहरूले चढाउने सामग्रीहरू आम्दानी नबाँधी आफूखुशी पुजारी तथा भण्डारतहबिलका रै-रकमीले हिनामिना पार्ने सामान्य प्रचलन बनेका छन् । यस स्थितिमा पशुपतिनाथमा चढाइएका मणिमाणिक्य जस्ता बहुमूल्य गरगहना, नगद, जिन्सी आदिको संरक्षण इमान्दारी-

---

१२५ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९६ सङ्ख्या ।

१२६ वि.सं. १९३७ ज्येष्ठकृष्ण ९ रोज ४ को दुइछापे । गूठीलगत तथा तहबिलकार्यालय, पा.व.नं. १७, ४७४ सङ्ख्या, २३४ पृष्ठ ।

१२७ परिशिष्टभाग, अभिलेखखण्ड (क), २८२ सङ्ख्या ।

१२८ वि.सं. १९४० मार्गशुक्ल १२ रोज ३ को दुइछापे । यो पत्रको फोटो तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा सि.नं. ५७ प १.६४ मा थियो ।

१२९ पशुपतिमन्दिरको बिसेटनाइके मेहरमानको घर रु. १०२६।९ पैसा ३ दाममा वि.सं. १९८२ भाद्र २० गतें रोज ६ को पुर्जीअनुसार लिलाम गरिएको थियो । यो पूर्जीको सक्कल पशुपतिनाथका मूलपुजारीसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वक भएको छ भनी ठान्नु ठूलो भूल हुनेछ । समयमा यसको निराकरण हुन सकेन भने हिन्दूधर्मसंस्कृतिलाई पतन गराउने कारणहरूमध्ये यहाँ हुने गरेका अनैतिक र अव्यावहारिक कार्यहरू पनि प्रमुख रूपमा साझेदार हुनेछन् भन्ने कुरामा सन्देह छैन ।

७.४ पशुपतिनाथका पुजारीहरूको पारिश्रमिक

पशुपतिनाथमन्दिरमा पुजारीहरूको लामो परम्परा भएको सम्बन्धमा माथि चर्चा गरियो । तर उनीहरूले पशुपतिनाथमा पूजाआजा गरेबापत पाउने पारिश्रमिकको बारेमा वि.सं. १८६७ अघि कुनै पनि चर्चा पाइँदैन । कुनै दाताहरूले पशुपतिनाथको मन्दिरमा पूजाआजा गर्न गूठीको माध्यमबाट व्यवस्था गर्दा यति दक्षिणा पशुपतिका पुजारीलाई दिनु भन्ने सामान्य विवरणबाहेक पारिश्रमिकको सम्बन्धमा अरू विवरणहरू पाइँदैनन् । निश्चय पनि त्यसभन्दा अगाडिका पुजारीहरूलाई पारिश्रमिकको व्यवस्था हुनुपर्दछ । तर त्यस विषयमा जानकारी दिने सामग्री अझै नपाइएकोले मौन रहनुपरेको छ । वि.सं. १८६७ मार्गकृष्ण ७ रोज १ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गरिदिएको लालमोहरमा पशुपतिभण्डारतहबिलका रै-रकमीलगायत पुजारीहरूको पारिश्रमिकस्वरूप खान्गी तय गरिएको छ । त्यहाँ "पुजहारा भट्टले परंपरादेषि षाई आयाको वमोजिम तपसिलका षेत षानगि षाई षर्च गर्नु पर्‍या षर्च पनि गर्नु" भनी लेखिएकोले वि.सं. १८६७ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट उनीहरूको पारिश्रमिकलाई थमौतिसम्म गरेको हो भन्ने देखिन्छ ।[१३०] तर उनीहरूले पाइआएको उक्त पारिश्रमिकको व्यवस्था कहिलेदेखि भएको हो निश्चयका साथ भन्न नसके पनि त्यस लालमोहरमा पशुपतिको चार मुखको खान्गीको उल्लेख आएकोले त्यस वेला चार जना पुजारीहरू भएको सङ्केत मिल्दछ ।

पुजारीहरूमा ईशानमुहारका पुजारी अर्थात् मूलपुजारीलाई २८४।८।० रोपनी, अघोरमुहारका पुजारीलाई ४३।८।० रोपनी, तत्पुरुषमुहारको पुजारीलाई ४७।०।३ रोपनी तथा वामदेवमुहारका पुजारीलाई ३७।४।० रोपनी जग्गाबाट कूतबापत प्राप्त हुने आम्दानी खान्गीको रूपमा व्यवस्था गरिएको थियो ।[१३१] पछि गरिएका नापमा ती जग्गाहरू बढ्न गई ईशानमुहारको ३०६।९।२ रोपनी, अघोरमुहारको ५३।५।३।२ रोपनी, तत्पुरुषको ५०।४।३।२ रोपनी तथा वामदेवको ४६।९ रोपनी भयो ।[१३२] महेशचन्द्र रेग्मीले मूलपुजारीको खान्गीस्वरूपको जग्गा करीब २८५ रोपनी छ भनी लेख्नुभएको छ ।[१३३] त्यो ठीक होइन । पुजारीहरूलाई नियत गरिएको जग्गाबाट प्राप्त हुने आम्दानीको सम्बन्धमा वि.सं. १८६७ को लालमोहरमा कुनै चर्चा छैन । पशुपतिभण्डारतहबिलमा त्यस तहबिलका रै-रकमी-लगायत पशुपतिनाथका मूलपुजारी तथा पुजारीहरूको खान्गी जग्गाहरूबाट प्राप्त हुने आम्दानीको फाँटवारी भएको पुरानो लगतमा त्यसबारे खुलाएर लेखिएको छ । चार मुहारका पुजारीहरूको खान्गीबापतको जग्गाबाट प्राप्त हुने नगदी र जिन्सी आम्दानी देहायअनुसारका छन्:-[१३४]

(क) ईशानमुहार		रोपनी	आना	पैसा
(अ) जग्गा		३०६	९	२
	मुरी	पाथी	माना	मुठी
(आ) धान	२९४	६	०	६.५
(इ) सरुवा चामल	७	६	७	०

---

१३० परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

१३१ ऐजन।

१३२ पशुपतिभण्डारतहबिलमा भएको लगतमा यो कुराको उल्लेख पाइन्छ ।

१३३ Mahesh C. Regmi, *op.cit.*, foot note no. 31, p. 710.

१३४ पशुपतिभण्डारतहबिलमा भएको लगत ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ई) कोदो	२	१२	४	०
(उ) गहुँ	३	१८	५	०
(ऊ) तेल	०	२	१	०
		रुपैयाँ	पैसा	दाम
(ए) ठेक		६६	०	०
(ऐ) घ्यूखाने		१८	२	१

(ख) अघोरमुहार

	रोपनी	आना	पैसा	दाम
(अ) जग्गा	५३	५	३	२
	मुरी	पाथी	माना	मुठी
(आ) धान	५६	१४	४	५
(इ) सरुवा चामल	४	४	०	०
(ई) कोदो	१	१	०	०
(उ) गहुँ	०	१९	७	२
(ऊ) तेल	०	१	४	०
		रुपैयाँ	पैसा	दाम
(ए) ठेक		७	०	०
(ऐ) घ्यूखाने		७	६३	३

(ग) तत्पुरुषमुहार

	रोपनी	आना	पैसा	दाम
(अ) जग्गा	५०	४	३	२
	मुरी	पाथी	माना	मुठी
(आ) धान	६६	१९	७	२
(इ) गहुँ	१	०	४	८
	रुपैयाँ	पैसा	आना	दाम
(ई) घ्यूखाने	५	८५	०	३

(घ) वामदेवमुहार

	रोपनी	आना	पैसा	दाम
(अ) जग्गा	४६	९	०	०
	मुरी	पाथी	माना	मुठी
(आ) धान	७३	११	१	१
(इ) गहुँ	१	१४	१	४
		रुपैयाँ	पैसा	दाम
(ई) घ्यूखाने		१६	२४	२

माथि उल्लेख गरिएअनुसारको खान्गीबाहेक पुजारीहरूलाई अरू कुनै किसिमको पारिश्रमिकको व्यवस्था भएको लालमोहर, सनद, सवाल पाइँदैनन् । भगवान् पशुपतिनाथको पूजाअर्चना गरेबापत माथि उल्लिखित पारिश्रमिकमा सन्तोष मानेर दक्षिण भारतदेखि पुजारीहरू आउने गर्दथे । पशुपतिमा पूजाआजा गर्दा कर्ताले भेटीको रूपमा चढाउने रकमलाई पुजारीहरूले अतिरिक्त आम्दानीको स्रोत बनाएका छन् । किनभने आजकाल पशुपतिनाथमा भक्तजनहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिदिन चढाउने भेटीहरू पुजारी र भँडारीहरूले बाँडेर लिने गरेका छन् । पुजारी र भँडारीहरूले पशुपतिनाथमा भेटीस्वरूपमा चढाइएका रकमहरू बाँडेर खानु भन्ने लालमोहर वा व्यवस्था नभएकोले उनीहरूले आफूखुशी बाँडचूड गर्ने परम्परा बसालेको स्पष्ट हुन्छ ।[१३५] तर यो कुनै पनि हालतमा उपयुक्त देखिँदैन । भक्तजनहरूले पशुपतिनाथप्रतिको श्रद्धा, आस्था र विश्वासले चढाएको भेटी पुजारी र भँडारीले व्यक्तिगत लाभको लागि लिने परम्परा जसरी बसालेका छन्, त्यो धर्म-संस्कृति अनुकूल छैन । पशुपतिनाथमन्दिरभित्र भएको एउटा सानो कन्तुरमा चढाइएको रकम मात्र पशुपतिको भण्डारमा जाने परम्परा हो भन्ने भ्रम सर्वसामान्यलाई पारेर अरू पुजारी र भँडारीहरू भागबण्डा गरी लिन्छन् । गरगहना, मणिमाणिक्य, तासका वस्त्रहरूबाहेक फलफूल, धोती, चोलो, असर्फीहरूसमेत उनीहरूले आफू-आफूमा भाग लगाई लिन्छन् । भगवान् पशुपतिनाथको नामले भक्तजन एवं श्रद्धालुहरूले चढाउने भेटी पशुपतिनाथ वा पशुपतिक्षेत्रको लागि नहुनु केवल पुजारीभँडारीलाई मात्र हुनु दुःखलाग्दो छ भन्नुपर्छ ।

७.५ पशुपतिनाथमन्दिरका भँडारीहरू

पशुपतिनाथमन्दिरमा पूजाआजा गर्ने पुजारीहरूको अतिरिक्त मन्दिरको सेवासुश्रूषा गर्न भँडारीहरू नियत गरिएका छन् । भगवान् पशुपतिनाथको मन्दिरको भँडारको जिम्मा यिनीहरूको हुने भएकोले त्यस्तो काम गर्नेलाई भँडारी भनिएको हो । भँडारीहरूको परम्परा त्यहाँ कहिलेदेखि प्रारम्भ भएको हो निश्चित गरी भन्न सकिन्न । भँडारीहरूको उल्लेख पहिलो पटक यक्ष मल्लको पालाको ने.सं. ५९१ (वि.सं. १५२७) माघको शिलालेखमा आएको छ । भँडारीहरूको कामको प्रकृतिलाई हेर्दा जहिलेदेखि पशुपतिमन्दिरमा पूजाआजाको नियमित व्यवस्था बाँधियो त्यसै वेलादेखि शुरू भएको हुनुपर्ने देखिए तापनि वि.सं. १५२७ भन्दा अगाडिको बारेमा त्यससम्बन्धी जानकारी दिने प्रमाण नपाइने हुनाले यसै हो भन्न गाह्रो छ । पशुपतिमन्दिरमा सेवासुश्रूषा गर्ने चार अलग-अलग कुलका भँडारीहरू छन् । ती चार कुल वा कवलका चार भिन्ना-भिन्नै नाम छन् – 'दयु', 'भडिभू', 'मतमण्डिल' र 'कोफले' कवल । देवपत्तनमा जति पनि भँडारीहरू छन्, तिनीहरू तिनै चार कवलमध्ये कुनै एकसँग सम्बद्ध छन् । ती चार कवलका भँडारीहरू कोही आफूलाई सिम्रौनगढबाट यहाँ आएको बताउँछन् भने कोही बनेपाबाट आएको भन्छन् । यिनीहरूसँग सम्बन्धित वंशावली उपलब्ध नभएकोले इदमित्थ भन्न गाह्रो छ । तर कोफले कवलका भँडारीहरू देवालीको क्रममा बनेपामा पूजाआजा गर्न जाने प्रचलन रहेकोले यिनीहरू बनेपासँग सम्बद्ध हुनुपर्ने देखिन्छ । यिनीहरू आफूलाई बनेपाबाट आएको बताउँछन् तथा वर्तमान पिँढीका दशौं पुस्ताअगाडिका धनमनलाई बनेपाबाट आई पशुपतिनाथमन्दिरको भँडारे भई काम गर्ने आफ्नो कवलको आदिव्यक्ति मान्छन् ।[१३६] केही भँडारीहरूको उल्लेख मल्लकालका केही अभिलेखहरूमा आएको पाइन्छ । ने.सं. ७२७ (वि.सं. १६६४) को तमसुकमा वंयाराच्छेटोलका बान्धव भँडारीको उल्लेख छ ।[१३७] ने.सं. ७८३ (वि.सं.१७२०) को अर्को तमसुकमा पनि उनको उल्लेख आएको छ ।[१३८] ती दुवै अभिलेखमा बान्धव भँडारीलाई भारो भनिएको छ । ती अभिलेखमा बान्धव भण्डारीलाई 'मतंमण्डिलिछें' मा बस्ने भनिएको हुनाले उनी चार कवलमध्ये मतमण्डिल कवलका भँडारी थिए भन्ने बुझिन्छ । त्यसबाट मतमण्डिल कवलको अस्तित्व वि.सं. १६६४ मा नै आइसकेको देखिन्छ । ने.सं. ७७७ (वि.सं. १७१३)

---

१३५ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९२ सङ्ख्या ।
वि.सं. १९३८ श्रावणशुक्ल १२ रोज १ को यो दुइछापेमा भँडारी फेरिँदा थरघरले गर्नुपर्ने कामको सम्बन्धमा लेख्दा "तायदाति बमोजिम भए नभएको जाच्ने र दुनियाँदारले चढाएको भेटी र सुनचाँदीको गहना भाडा, दृष्टि आदि १६ जना बसी जाँच्नु" भनिएको छ । त्यसबाट पनि पशुपतिमा चढाइने भेटीहरू भण्डार दाखिल गर्नुपर्ने बुझिन्छ ।

१३६ देवपत्तननिवासी पशुपतिका भँडारी श्रीअमृतमान भँडारीबाट प्राप्त वंशवृक्षमा त्यस कुराको सङ्केत दिइएको छ ।

१३७ यो अभिलेख अप्रकाशित छ । देवपत्तननिवासी श्रीमदन भट्टको पुर्खौली सङ्ग्रहमा यो तमसुक रहेको छ ।

१३८ ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्सिरको जयवागीश्वरीस्थित मच्छिन्द्रगणेशको मन्दिरमा भएको शिलालेखमा सुखुरी भारोलाई पशुपतिको भँडारी भनी लेखिएकोले भँडारीहरू पहिले आफूलाई 'भारो' भन्दथे भन्ने बुझिन्छ ।[१३९] सुखुरी भारो कुन कवलसँग सम्बद्ध थिए थाहा हुँदैन । त्यसै गरी ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखमा कृष्णधर भारोले पशुपतिमा 'चाकमत' (बत्ती बाल्ने) गूठीको व्यवस्था गर्दा पशुपतिनाथको पूजाआजापश्चात् भँडारीहरूलाई दक्षिणा दिने कुरा लेखिएको छ ।[१४०] मल्लकालपछिका कागजातहरूमा पनि भँडारीहरूको उल्लेख पाइन्छ ।

'दथु', 'भडिभू', 'मतमण्डिल' र 'कोफले' यी चार कवलका नाम कसरी रहन गएका हुन् थाहा लाग्दैन, तर 'दथु' कवल चार कवलमध्ये पुरानो हो कि भन्ने सङ्केत त्यस कवलको नाम एवं देशोद्धारपूजाको अवसरमा क्षत्रिय वर्णबाट पूजामा भाग लिन पाउनेमा सो कवलका भँडारीहरू पनि पर्ने भएकोले हुन्छ । 'कुँछे' भन्दा पूर्वपट्टि बसेको भए तापनि अरू तीन कवलका भँडारीहरू देशोद्धारपूजामा संलग्न हुन नपाउनुले 'दथु' कवल पुरानो कवल हो भन्ने सङ्केत पाइन्छ । 'भडिभू' कवलको मूलघरमा 'द्युद्य' नामक देवता राखी आगमको विधानद्वारा पूजा गर्ने गरेको पाइन्छ । दीक्षा लिएको व्यक्तिले मात्र पूजा गर्न पाउँछन् । 'द्युद्य' राखेको घर भएको हुनाले नै हो त्यस कवलका दीक्षा लिएको मूल भँडारी बालाचतुर्दशीको दिन पशुपतिको भँडारमा गहना लिन जान्छन् । त्यसबाहेक भँडारमा जानुपर्ने अन्य अवस्था आइपरेमा पनि सोही कवलका दीक्षा लिएका मूल भँडारी जाने प्रचलन छ । यसलाई हेरी त्यस कवलका भँडारीहरू आफूलाई मूल कवलका हौं भन्छन् । 'द्युद्य' राखी दीक्षा लिनुपर्ने परम्पराकै कारण त्यस कवलका मूल भँडारीले पशुपतिको भँडारमा जाने अनुमति पाउने गरेको हुनुपर्छ । पुरानो कवल भएको कारणले होला जस्तो देखिँदैन । देशोद्धारपूजाको प्राचीनता तथा 'दथु' कवलको त्यसमा रहने संलग्नतालाई हेर्दा दथु कवल चार कवलमध्ये पुरानो देखिन्छ ।

७.५.१ भँडारीको काम-कर्तव्य

भँडारीले गर्ने काम, कर्तव्यको बारेमा स्पष्टसँग यही हो भनी कतै लेखेको पाइँदैन । त्यसो भए तापनि उनीहरूले गर्ने गरेको काम तथा ऐतिहासिक कागजातहरूमा उनीहरूले गरेका कामका उल्लेखहरूलाई हेर्दा भँडारीहरूको काम देहायअनुसार वर्गीकरण गर्न सकिन्छः-

(१) पशुपतिमन्दिरको रखवारी गर्ने ।
(२) पुजारीलाई सहयोग गर्ने ।
(३) आवश्यक चन्दन घोटी तयार पार्ने ।
(४) मीनपचासभर जङ्गलबाट दाउरा खोजी ल्याउने ।
(५) पशुपतिमन्दिरको भित्री ढोका खोल्ने, बन्द गर्ने ।
(६) चन्दन-प्रसाद तथा जल दिने ।
(७) गरगहनाको सुरक्षा गर्ने ।
(८) गर्भगृहभित्र सरसफाइ गर्ने ।
(९) मूलपुजारीले लाए-अह्राएको काम गर्ने ।
(१०) पुजारीहरूलाई मन्दिरभित्र आउँदा शिरमाला दिने तथा मन्दिरबाट बाहिर जाँदा शरीर जाँच्ने ।

७.५.१.१ पशुपतिमन्दिरको रखवारी गर्ने

पशुपतिमन्दिरको सुरक्षाको मुख्य जिम्मा भँडारीहरूको भएको पाइन्छ । पशुपतिमन्दिरको गर्भगृहभित्र प्रवेश गर्न पाउनेमा पुजारी र भँडारी मात्र छन् । त्यसमा पनि पुजारीहरू पूजाअर्चनामा लाग्नुपर्ने हुँदा मन्दिरभित्रको सामग्री-

---

१३९ शङ्करमान राजवंशी (सम्पा.), *कान्तिपुर-शिलालेख-सूची*, (काठमाडौं: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७), ८४ पृष्ठ ।
१४० परिशिष्टभाग, अभिलेखखण्ड (क), ६८ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगायत राती मन्दिरको सुरक्षा गर्ने अभिभारा भँडारीको पाइन्छ । चार कवलका भँडारीहरू सुरक्षाको लागि रातमा मन्दिरको चारै ढोकामा पालैसँग सुत्नुपर्ने प्रचलन विद्यमान थियो । पालोवाला भँडारी पश्चिम ढोकामा तथा अन्य कवलका भँडारीहरू तीन ढोकामा मन्दिरको सुरक्षार्थ सुत्नुपर्दथ्यो । चार कवलका भँडारीहरूको पालो कसको कुन महीनामा पर्दछ, त्यसको सामञ्जस्य मन्दिरमा राती सुत्ने पालोबाट थाहा हुन्थ्यो । उदाहरणको लागि पालोवाला कवल पश्चिम ढोकामा महीना दिन सुत्थे । उसको पालो सकिएपछि त्यस कवलका भँडारीहरू उत्तर ढोका, त्यसपछि पूर्व अनि दक्षिण गर्दै पुन: त्यही कवलको पालो पर्दथ्यो । त्यस प्रकारको रीतिले गर्दा भँडारीहरूको पालोमा कचिङ्गल नपर्ने तथा मन्दिरको सुरक्षामा भँडारीहरूको सहभागिता प्रत्यक्ष रूपमा रहेको थियो । तर यो प्रचलन विस्तारै लोप हुँदै गएको छ । राती मन्दिरको सुरक्षार्थ सुत्ने प्रचलन टाढिँदै गएको छ । मन्दिरको सरसामग्री हराए, चोरिए त्यसको हर्जाना पालोवाला भँडारीले दिनुपर्ने प्रचलन छ । त्यस्ता घटना घटेको तथा भँडारीले हर्जाना तिरेको उल्लेख पनि पाइन्छ ।

७.५.१.२ पुजारीलाई सहयोग गर्ने

भँडारीको अर्को काम पुजारीलाई सहयोग गर्नु हो । नित्यनैमित्तिक पूजाको सरसामग्रीहरू मिलाउनु तथा यथास्थान राखी सहयोग गर्नु भँडारीको कर्तव्य हो । त्यस्तै गरी दर्शनार्थीले दिएका पूजासामग्री लिई चढाइदिने वा पूजाको लागि हो भने पुजारीलाई दिने काम पनि भँडारीले गर्छन् ।

७.५.१.३ आवश्यक चन्दन घोटी तयार पार्ने

नित्यपूजाको लागि आवश्यक पर्ने श्रीखण्डको चन्दन घोट्ने काम पालोवाला भँडारीले बिहानै मन्दिर खोलेर गर्छन् । त्यस्तै गरी दर्शनार्थीलाई प्रसादस्वरूप दिने चन्दन पनि भँडारीले नै घोट्नु पर्ने हो । तर आजकल त्यस निमित्त आवश्यक पर्ने चन्दन बाहिरिया व्यक्तिलाई घोट्न दिन्छन् । श्रद्धालु भक्तजनको सङ्ख्या बढ्दै गएको हुँदा धेरै परिमाणमा चन्दन चाहिने तथा भक्तजनलाई दिने चन्दनको दरबन्दी नभएको एवं पालोवाला भँडारीले आफ्नो तर्फबाट खर्च गर्नुपर्ने हुँदा प्रसादस्वरूप दिने चन्दन अत्यन्त निकृष्ट किसिमको हुन्छ । काठको धूलो, बकेनाको लेपमा रातोमाटोसमेत प्रयोग गरेर प्रसाद भनी भक्तजनलाई दिनाले प्रसादप्रति हीनताबोध एवं श्रद्धा घटाउने कामको बढोत्तरी हुँदै गएको स्पष्ट देखिएको छ ।

७.५.१.४ मीनपचासभर जङ्गलबाट दाउरा खोजी ल्याउने

भँडारीहरूको अर्को कार्य मीनपचासभर पशुपतिनाथको नित्यस्नानको लागि मृगस्थलीको वनबाट दाउरा खोजी बोकेर ल्याउनु थियो । जाडोको याम हुनाले तातो पानीले भगवान्लाई[१४१] स्नान गराउन बढी दाउराको आवश्यकता पर्ने भएको हुँदा भँडारीहरूलाई त्यस कामको जिम्मा दिएको देखिन्छ । कालान्तरमा मृगस्थलीको जङ्गलमा मात्र भर नपर्ने तथा त्यहाँको जङ्गललाई सुरक्षा गरी राख्ने परिकल्पना गरिएबमोजिम समरजङ्गकम्पनीबाट दाउरा उपलब्ध हुन थालेकोले त्यो चलन हराएर गयो ।

७.५.१.५ पशुपतिमन्दिरको भित्री ढोका खोल्ने, लाउने

भगवान् पशुपतिका पुजारीहरूको सहयोगीको रूपमा समेत भँडारीहरू रहेका हुँदा भित्री चार ढोकासहित पश्चिमपट्टिको ढोका खोल्ने तथा लाउने काम भँडारीको जिम्मामा छ । उत्तर, पूर्व, दक्षिण दिशाको मन्दिरको बाहिरी ढोका खोल्ने, बन्द गर्ने काममा कोटवालहरू नियुक्त छन् ।

---

१४१ वि.सं. १९७८ आषाढको लगतमा त्यसको उल्लेख आएको छ । गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३५१ लगतसङ्ख्यामा छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७.५.१.६ चन्दनप्रसाद तथा जल दिने

मन्दिरमा आएका दर्शनार्थीहरूलाई चन्दन, फूल प्रसाद तथा जल दिने काममा पुजारीहरूलाई सघाउ पुऱ्याउने काम भँडारीले गर्छन् । भनिन्छ, पहिले यो काम मुख्य रूपमा भँडारीहरूले गर्नुपर्दथ्यो । किनभने त्यस्तै अवस्थामा बाहेक सर्वसामान्यलाई पुजारीहरू चन्दनप्रसाद दिएर बस्दैनथे । उनीहरूको मुख्य काम भगवान्को पूजाअर्चना र सेवा-सुश्रूषा गर्नु भएकोले शास्त्रीय विधिविधानअनुसार जे-जे गर्नुपर्ने हो, त्यो गर्दा एक त फूलप्रसाद दिएर बस्ने फुर्सद नै हुँदैनथ्यो, अर्को पुजारीहरूले बाहिरिया व्यक्तिलाई कथंकदाचित् छोएमा पुन: स्नानादि कार्य गरेर मात्र आउनुपर्ने भएकोले पूजाअर्चनामा नै पुजारीहरू बढी समय लगाउने प्रचलन थियो ।[१४२] यस्तो चलन नेपालका कतिपय मन्दिरहरूमा अझै पाइन्छ । भारतका बद्रीनाथ, रामेश्वर, केदारनाथ, बालाजी, द्वारिका आदि प्रसिद्ध मन्दिरहरूमा पुजारीले बाहिरिया व्यक्तिलाई छोई चन्दनटीका लगाइदिँदैनन् । त्यसलाई कडाइका साथ पालन गर्ने प्रचलन अझै विद्यमान छ ।

७.५.१.७ गरगहनाको सुरक्षा गर्ने

पशुपतिमन्दिर तथा भँडारको सुरक्षाबाहेक भगवान् पशुपतिको पूजाआजाको क्रममा बाहिर चलनचल्तीमा झिकिएका गरगहनाको सुरक्षा गर्ने जिम्मा पालोवाला भँडारीको हुने प्रचलन छ । प्रत्येक महीनाको पूर्णिमापछिको द्वितीयाको दिन भँडारीको पालो फेरिँदा पालो बुझाउनेले आफ्नो जिम्माको गरगहना तथा सामग्रीहरू पशुपतिभण्डारतहबिल, पशुपतिगोश्वारा, गूठीलगतकार्यालयको प्रतिनिधिहरूको रोहवरमा बुझाउँछन् र पालो पर्नेले बुझ्दछन् । पालो फेरिँदा आफूले लिएको सामग्री नपाइएमा त्यसको हर्जाना तिर्नुपर्दछ ।

७.५.१.८ गर्भगृहभित्र सरसफाइ गर्ने

पशुपतिमन्दिरको गर्भगृहमा कुचो लगाउने, तथा सफा सुग्घर राख्ने काम भँडारीको हो । त्यसको अतिरिक्त मन्दिरभित्र मूर्ति राख्ने, भूइँ वा भित्ता छाप्ने वा त्यस्तै निर्माणसम्बन्धी अरू सामान्य कामहरू गर्नुपरेमा गर्भगृहभित्र पुजारी तथा भँडारीबाहेक अरू व्यक्ति जान नहुने भन्ने परम्पराअनुसार भँडारीहरूले नै गर्छन् ।

७.५.१.९ मूल पुजारीले लाएअह्राएको काम गर्ने

भँडारीहरू मूलपुजारीको मातहतमा हुने भएकोले उनले लाए-अह्राएको काममा रुजू रहनु भँडारीहरूको कर्तव्य मानिन्छ । भगवान् पशुपतिको सेवासुश्रूषा गर्ने नियत काममा नलागेमा मूलपुजारीले भँडारीलाई हटाउन सक्छन् ।

७.५.१.१० पुजारीहरूलाई मन्दिरभित्र आउँदा शिरमाला दिने तथा मन्दिरबाट बाहिर जाँदा शरीर जाँच्ने

भँडारीहरूको कतिपय कामकर्तव्यहरूमध्ये पशुपतिका पुजारी मन्दिरभित्र पस्दा शिरमा लगाउने रुद्राक्षको माला दिनु तथा मन्दिरबाट बाहिर जाँदा शरीर जाँच्नु प्रमुख मानिन्छ । शिरमाला भँडारीबाट प्राप्त नगरीकन पुजारी मन्दिरभित्र पस्न पाउँदैनन् । मन्दिरबाट बाहिर जाँदा प्रत्येक पटक शिरमाला भँडारीलाई जिम्मा दिएर जानुपर्दछ । रुद्राक्षको शिरमाला लगाएपछि मात्र पुजारी पशुपतिमा पूजाआजा गर्न सक्छन् । पशुपतिमन्दिरबाट बाहिर निस्कँदा सामान्यतया भँडारीले पुजारीको शरीर हेर्ने वा छाम्ने चलन पहिले थियो । अहिले पनि यो चलन छ तर औपचारिकता मात्रको रूपमा छ । शरीर हेर्ने वा छाम्नेभन्दा पनि विश्वासमा चलेको पाइन्छ ।

---

१४२ देवपाटननिवासी तात्कालिक बिसेटनाइके श्रीगणेशलाल श्रेष्ठ (हाल दिवङ्गत) सँग भएको कुराकानीको आधारमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७.६ भँडारीको व्रतबन्ध एवं पालो

उपनयन संस्कारपछि मात्र भँडारी संस्कारित मानिन्छ र पशुपतिमन्दिरभित्र गई नियत कार्य गर्न सक्षम हुन्छ । यसैले भँडारीहरूमा उपनयन संस्कारलाई प्रमुख मानिन्छ । गर्भ रहेदेखि हिसाब गर्दा बालकको बाह्र वर्षको उमेर जब पुग्छ तब उपनयन संस्कार गर्ने प्रचलन छ । आफ्नो जातसरहको विवाहितापट्टिबाट पशुपतिको चारकिल्लाभित्र जन्मेको छोरा मात्र भँडारी भई पशुपतिमन्दिरमा काम गर्न सक्छ । पशुपतिक्षेत्रको चारकिल्लाभित्र पश्चिममा धोबीखोला, पूर्वमा वाग्वती तथा उत्तरमा बालश्मशान, दक्षिणमा पिङ्गनस्थानलाई लिइन्छ । यतिभित्र जन्मेको भँडारीको छोरा भँडारी भई पशुपतिमा काम गर्न सक्छ । यस सीमाभन्दा बाहिर जन्मेको भँडारी पशुपतिको भँडारी भई काम गर्न सक्तैन । यसलाई परम्परा नै मानेका छन् । वि.सं. २०१८ आश्विन २२ गते पशुपतिका हिरण्यलाल भँडारीको श्रीमती रामकुमारीको गर्भबाट प्रसूतिगृहमा जन्मेको छोराको नाम चलनअनुसार पशुपतिभण्डारतहविलमा दर्ता गराउन जाँदा दर्ता गर्न नदिएपछि तात्कालिक श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहमा जाहेर हुँदा "चारकिल्ला बाहिर जन्मिएको भए पनि यो एक जनालाई साविक नरहने गरी भण्डारी हुने इजाजत दिनु" भने हुकुमप्रमाङ्गी भयो ।[१४३] तर मन्दिरका तालुकवाला मूलपूजारीले त्यस प्रमाङ्गीले परम्परा बिग्रन जाने बेहोरा जाहेर गरेपछि वि.स. २०२३ श्रावण २४ गते परम्पराअनुसार नै गर्नु भन्ने हुकुमबक्स भएको पाइन्छ ।[१४४] पशुपतिनाथको चारकिल्लाभित्र जन्मेको भँडारी मात्र पशुपतिनाथको मन्दिरको भँडारी हुनु पाउने थिति बसाल्नुको पछिल्तिर के उद्देश्य रहेको थियो स्पष्टसँग भन्न नसकिए तापनि मन्दिरको रेखदेखसमेतको जिम्मा लिएका व्यक्ति मन्दिरबाट टाढा बसोबास गर्न गए लक्षित उद्देश्यको परिपूर्ति नहुने तथा मन्दिरको दैनन्दिनी कार्यमा समेत बाधाअडचन पुग्न जाने भएकोले नै त्यस प्रकारको नियमको अवलम्बन गरिएको हुनु धेरै सम्भव छ । अर्को कुरा तीन-चार दशकअघिसम्म धेरैजसो मठ, मन्दिरहरूको मर्मतजीर्णोद्धारमा स्थानीय बासिन्दाकै सर-सहयोगको मुख्य भूमिका थियो । पशुपति जस्तो क्षेत्र जहाँ प्रशस्त मठ, मन्दिरहरू छन्, त्यस्तो स्थलमा कुनै पनि वेला आवश्यक पर्दा जनबल अपेक्षित रहनु स्वाभाविक भएकोले पनि जनबल नछरपस्टियोस् भनेर पशुपतिनाथमन्दिरसँग सम्बद्ध भँडारीहरूमा त्यस किसिमको नियम बसालिदिएको हुनुपर्छ । प्रचलित चलनको विपरीत जाँदा अधिकारबाट वञ्चित रहनुपर्ने डरले भँडारीहरू पशुपतिभन्दा बाहिर जतिसुकै आकर्षण भए पनि जान हतपत नचाहने भए । एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नु हर समूहमा सामान्य सम्झिइन्छ । तर पशुपतिका भँडारीहरू त्यस क्षेत्र छोडेर अन्यत्र गएको एउटा पनि दृष्टान्त पाइँदैन ।

लोकोक्तिले पशुपतिनाथमन्दिरमा भँडारेको काम गर्ने भँडारीहरू बाहिरबाट देवपत्तनमा आएको भनिए तापनि यहाँ आइपुगेपछि सीमाबद्ध भए । वर्तमान परिवेशलाई नहेरी त्यस वेलाको जनजीवनलाई हेर्दा यसो गर्नु आवश्यक पनि थियो । जुन वेला यस प्रकारको निश्चित सीमाबन्दीको नियम लगाउनुपर्‍यो त्यस वेला बाटोघाटोको त्यति सुविधा थिएन । यातायातको साधन अहिले जस्तो सुगम थिएन । पशुपतिनाथको मन्दिरमा आफ्नो दायित्वको काम सकेर बाहिर जाँदा रातबिरातमा अप्ठेरो पर्ने देखेकोले नै निश्चित सीमा तोकिएको हुनुपर्छ । कालान्तरमा यसले गर्दा उनीहरूको महत्त्व बढ्नाको साथै त्यसलाई विशेषताको रूपमा ग्रहण गरे र परम्परा बन्यो । क्षेत्रबाहिर जन्मने स्वतन्त्रता दिएमा बसाइँ सर्ने प्रवृत्ति बढ्ने र यसले पशुपतिनाथमन्दिरको नियमित रेखदेख आदिमा अप्ठ्यारो पर्ने हुनाले पनि भँडारीहरूलाई निश्चित सीमा तोकिएको हुनुपर्छ ।

---

१४३ श्री ५ महेन्द्रवीरविक्रम शाहबाट वि.सं. २०१८ आश्विन २२ गते तात्कालिक मूलपुजारी सुब्रह्मण्यशास्त्रीलाई भएको हुकुमप्रमाङ्गी । यो पत्र पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

१४४ श्री ५ महेन्द्रवीरविक्रम शाहबाट वि.सं. २०२३ श्रावण २४ गते पशुपतिभण्डारतहबिलका नाउँमा भएको हुकुमप्रमाङ्गी । यसको सक्कलप्रति पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भँडारीको वासस्थलको सीमाको सम्बन्धमा उनीहरू पश्चिमपट्टिको सीमा सिफल ढोकालाई लिन्छन् । अरू तीनतिरको सीमा पशुपतिक्षेत्रकै सीमालाई मान्छन् । जुन वेला भँडारीहरूलाई निश्चित ठाउँमा सीमाबद्ध गर्ने कुरा आयो, त्यस वेला सिफल ढोकाको पश्चिमतर्फ बस्ती थिएन । त्यसैले पनि सिफल ढोकालाई कसैकसैले सीमा मानेको हुनुपर्छ । तर वास्तवमा पशुपतिक्षेत्रको सिमाना नै भँडारीहरूको बसोबासको सिमाना हो भन्ने कुरा प्रकारान्तरले बुझिन्छ । भँडारीहरूको उपनयनभन्दा अघि श्री ५ मा सुपारी र दाम राखी दर्शन गर्न जानुपर्ने चलन छ । पशुपतिका भँडारीबाहेकका अरू रै-रकमीहरूलाई राणा प्रधानमन्त्रित्वकालमा श्री ३ मा दर्शन गराउन लग्ने प्रचलन थियो । यो कुरा वि.सं. १९९० वैशाख ३० गतेको एकछापेबाट अवगत हुन्छ । त्यहाँ वि.सं. १९८५ फाल्गुन १० गतेको तोकसदरअनुसार मूलपुजारीका तैनाथका रै-रकमीहरू खाली-खाल्सा भएमा दर्शन गराइरहनु पर्दैन, साविक रीतिथितिले भर्ना गर्न हुने ठहरेका मानिसलाई मूलपुजारीले नै भर्ना गरी त्यसको जनाउ तात्कालिक गूठीबन्दोबस्तमा दिए पुग्ने कुरा उल्लेख छ ।[१४५] पुजारीहरूको सम्बन्धमा भने पुजारी नियुक्त हुनुअघि श्री ५ महाराजाधिराजमा सुपारी राख्न जाने एवं भँडारीहरूमा चाहिँ उपनयनको अवसरमा जानुपर्ने परम्परा छ । श्री ५ महाराजाधिराजसमक्ष सुपारी राखेर दर्शन गरी फर्केपछि उपनयन गरिने भँडारी भण्डारेश्वरमा गई दर्शन गरी सुपारी राख्नुपर्ने चलन छ । भण्डारेश्वरलाई भण्डारको संवर्द्धक एवं रक्षा गर्ने देवताको रूपमा लिई त्यसरी पूजाअर्चना गर्ने चलन चलेको बताइन्छ । वास्तवमा भण्डारेश्वरमा 'कुवेरेश्वर' नामका कुवेर पनि छन्, जो धनका देवता हुन् । त्यहाँबाट पूजाअर्चना गरी फर्केपछि पशुपतिमन्दिरको दक्षिण-पूर्व दिशामा रहेको भण्डारघरको छिँडीमा तीन दिन, चार रातसम्म राखिन्छ । त्यस अवधिमा नून तथा नून भएको खानेकुरा एवं दाल-भात, तरकारी जस्ता माङ्गलिक कार्यमा खान नहुने चिज नखाई 'हविष्य' खान्छन् । दूध तथा लावालाई ग्राह्यता दिइन्छ । चार रात बितेपछि शुभमुहूर्त पारी व्रतबन्धको काम हुन्छ । व्रतबन्धको सबै काम पशुपतिप्राङ्गणमा नै हुन्छ । राजोपाध्याय ब्राह्मण पुरोहित एवं कर्माचार्यद्वारा आवश्यक विधान गरिन्छ । अरूको भन्दा भिन्न भँडारीहरूको व्रतबन्धमा जग्गे गाडेको हुँदैन । व्रतबन्धमा कर्ताको रूपमा घरको जेठोबाठो थकाली र फुपूको भूमिका रहेको हुन्छ ।

वटुकलाई राजोपाध्यायले मन्त्रदान दिन्छन् । मन्त्रदानपछि जोशीले धर्मशिलामा पूजासामग्री, सुपारी, दक्षिणा आदि राखेर ढोगिसकेपछि वटुकलाई पशुपतिनाथको दक्षिण ढोकातर्फ लगिन्छ । त्यस वेला दक्षिणपट्टिको भित्री ढोका पस्न हुने गरी खोलिएको हुन्छ । दक्षिणपट्टिको भित्री ढोकाबाहिर एकजोर पादुकामा पूजाअर्चना गर्ने काम हुन्छ । त्यहाँको विधि सकिएपछि मूलपुजारीले भँडारी वटुकलाई भगवान् पशुपतिका चारै मुहारको दर्शन गराउँछन् । उक्त कार्य सकिएपछि भँडारी वटुकलाई गर्भगृहभित्र हुँदै पश्चिमद्वारबाट बाहिर निकालिन्छ । त्यहाँ पुनः पादुकाको पूजाअर्चना हुन्छ ।[१४६] पादुकामा सिङ्गो सुपारी तथा दाम राख्ने काम हुन्छ । त्यसपछि भँडारी वटुकलाई बिसेटनाइकेले साथमा राखी उभिएको अवस्थामा जोशीले 'श्रीको लोभानीपापानी गर्ने छैन' भनी शपथग्रहण गराउँछन् । यो कार्य सकिएपछि भिक्षादानको विधान हुन्छ । भँडारी वटुकलाई राजोपाध्याय ब्राह्मण, कर्माचार्यलगायत उपस्थित सबैले आयु-आरोग्य र सफलताको कामना गरी लावा-अबीर चढाउँछन् । भँडारी वटुकले आफ्ना आमा-बाबुलाई तीन पटक परिक्रमा गरेपछि नवग्रह, हनूमान् आदिको दर्शन गर्दै वासुकिमन्दिरको परिक्रमा गर्छन् । वासुकिमन्दिरको दक्षिणपट्टिको सिँढीमा सप्तपरिक्रमाको प्रतीकस्वरूप सातवटा पानको पातमाथि हिँड्नुपर्छ । त्यहाँ भँडारी वटुक भाग्न लागेको जस्तो अभिनय गर्दछ । तर मामाले समात्दछन् । उक्त विधि सकिएपछि पशुपतिप्राङ्गणवरपरका देवीदेवताहरूको परिक्रमा गराउँछन् । त्यहाँको कार्य सकिएपछि भँडारी वटुकलाई सिङ्गारेर पञ्चेबाजाको साथ इँटापाखा, जयवागीश्वरी, ताम्रेश्वर,

---

१४५ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३५९ सङ्ख्या ।

१४६ चाँदीको पादुकामा भएको लेखअनुसार उक्त पादुका वि.सं. १८६४ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले चढाएका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मच्छेन्द्रगणेश, पाँचुगणेश आदि स्थानमा दर्शन गराइन्छ (चित्रसङ्ख्या २२२) । त्यसपछि घरमा 'लसकुस' गरी भित्र्याउने चलन पाइन्छ ।

उपनयनसंस्कार सकिएपछि भँडारी वटुकले पशुपतिमन्दिरमा भँडारीको लागि अधिकार प्राप्त गर्दछ । यस सम्बन्धमा वि.सं. १९९४ मा एउटा व्यवस्था भएको छ । त्यसमा भँडारीहरूमा पालो चाँडै पाउनको लागि नाबालकमै उपनयनसंस्कार गरी पालो दिने चलन चलेको तर त्यस्ता नाबालकबाट मालमत्ताको जिम्मा लिने काम हुन नसक्ने भएकोले अब आइन्दा रीतिथिति बमोजिम व्रतबन्ध भई अधिकार पुगे तापनि सोह्र वर्षको उमेर नपुगी पालो नदिने भन्ने व्यवस्था भएको थियो ।[१४७] तर त्यो व्यवस्था लामो कालसम्म चल्न सकेन । किनभने भँडारीहरूको आम्दानीमा त्यसको प्रत्यक्ष प्रभाव पऱ्यो ।

चार कवलका चार जना भँडारीलाई मूल भँडारी भनी नामकरण गरिएको पाइन्छ । पशुपतिमन्दिरमा जुन कवलको पालो पर्ने हो, त्यही कवलका मूल भँडारीको पालो भण्डारतहविलमा पर्दछ । मूल भँडारीको मुख्य काम मन्दिर र भण्डारतहविलबीच सम्बन्ध कायम राख्नु हो । साथै भण्डारतहविलबाट गर्नुपर्ने पूजा आदिको सरसामग्रीहरू मन्दिरमा पुऱ्याइदिनु हो । मूल भँडारी ज्येष्ठता, श्रेष्ठताद्वारा हुने नभई भोगको सामग्री खर्पनमा राखी ओसारपसार गर्नुपर्ने हुनाले एक किसिमले काम गर्न चाहिने बलमा भर पर्दछ । मन्दिरमा चढाइएका नित्यनैमित्तिक भोगका सामग्रीहरू खर्पनमा राखी मन्दिरमा लग्ने तथा भण्डारमा ल्याउने जस्तो कामहरू मूल भँडारीले गर्नुपर्दछ । राती भण्डार कुर्ने, सुत्ने काम मूल भँडारीले गर्छन् । मन्दिरका भँडारी र मूल भँडारीको पालो एकै दिन शुरू हुन्छ, समाप्ति पनि पूर्णिमापछिको द्वितीयाकै दिन हुन्छ ।

चार कवलका भँडारीहरूको लागि कवलैपिच्छे खान्गी तोकिएको छ ।[१४८] उक्त खान्गी भागशान्तिले बाँडेर लिन्छन् । पशुपतिका भँडारीहरू आफूलाई राजाद्वारा नियुक्त हुँ भन्ने सम्झी कतिपयले आफ्नो थरमा 'राजभण्डारी' जोड्न थालेका छन् । तर त्यो गलत हो । पशुपतिका भँडारी खान्गी खाई काम गर्ने जागिरदारसरहका खान्गीदार रकमीहरू हुन् ।[१४९] पशुपतिमन्दिर प्राचीन कालदेखि नै प्रसिद्ध रहिआएको हुँदा प्रत्यक्ष रूपमा राष्ट्रले रेखदेख गरेर आएको तथा राजा राष्ट्रका सर्वोपरि व्यक्तित्व तथा राष्ट्रिय एकताका प्रतीक हुनाले त्यहाँका रै-रकमीहरूलाई राजाको दर्शन गराउने चलन चलेको हो । राजाद्वारा नियुक्त भएको भए मूलपुजारीले भँडारीलाई कामबाट वञ्चित गराउन सक्नु नपर्ने थियो, तर व्यवहारमा यस्तो धेरै घटना पाइने हुनाले भँडारीहरूले गलत सोच्नु हुँदैन ।

पशुपतिमन्दिरमा ज्येष्ठताको क्रमले क्रमैसँग एकपछि अर्को कवलका भँडारीहरूको पालो पर्दछ । जुन कवलमा भँडारीहरूको सङ्ख्या थोरै छ, त्यस कवलका भँडारीको पालो चाँडै आउँछ । धेरै सङ्ख्या भएको कवलमा पालो दोहोरिन चार-पाँच वर्ष पनि लाग्न सक्छ । पालो पर्दा एक जनाको पर्दछ । भीडभाड हुने भएकोले आन्तरिक सल्लाहद्वारा पालोवालाले एक-दुइ जना अरू सहयोगीलाई केही रकम दिएर खेताला राख्ने गरेको पनि पाइन्छ । अहिले 'भडिभू' कवलमा संस्कारित भँडारी ९ जना, 'दथु' कवलमा २० जना, 'मतमण्डिल' कवलमा २३ जना र 'कोफले' कवलमा १४ जना गरी जम्मा ६६ जना छन् । वि.सं. १९७८ मा यस्ता भँडारीहरूको सङ्ख्या ४२ थियो ।[१५०]

---

१४७ वि.सं. १९९३ सालको दुइछापे । यो पत्र तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा सि.नं. ९३ प १।६० मा थियो ।
१४८ यससम्बन्धी विस्तृत चर्चा 'पशुपतिनाथमन्दिरको व्यवस्थापन' भन्ने अध्यायमा गरिएको छ ।
१४९ ऐजन ।
१५० वि.सं. १९७८ को भँडारी गूठीको लगत । गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३४१ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिका बिसेटहरूको पनि पशुपतिनाथमन्दिरसँग सम्बन्धित विभिन्न कार्य एवं पशुपतिक्षेत्रमा हुने त्रिशूलयात्रा, वत्सलेश्वरीयात्रा, देशोद्धारपूजा आदिमा संलग्नता भएको पाइन्छ । बिसेटहरू आफ्नो पुर्खा सिम्रौनगढबाट आएको भनी मान्छन् । उनीहरू पहिले 'तागाधारी' नै थिए । पहिले नवालीटोलस्थित गोलढुङ्गाको वरपर उनीहरूको बसोबास थियो । त्यहाँ सात चोक थियो भनी बूढापाकाहरू भन्छन् । बिसेटहरूको अन्य कार्यमा पशुपतिक्षेत्रको बेवारिस लाश जलाउन सहयोग गर्ने, विवाहवारी गर्न नसक्नेलाई सहयोग गरी विवाह गराइदिनु पनि रहेको थियो । श्री ५ रणबहादुर शाहको समयमा भण्डारखालक्षेत्रबाट बत्तीस घर सारिँदा बिसेटहरू यत्रतत्र छरिएर बस्न शुरू गरेका हुन् । पशुपतिक्षेत्रमा पहिले बिसेटहरूको पाँच कवल थियो । अहिले तीन कवल मात्र बाँकी छन् ।[१५१] बिसेटहरूमा पनि भँडारीहरू झैँ पशुपतिक्षेत्रको सीमाभित्र जन्मेको 'ठ्या छोरा' ले मात्र पशुपतिमन्दिरमा बिसेट हुन पाउँछ । अहिलेको परिवर्तित समयले गर्दा बिसेटहरू मन्दिरसँग सम्बन्धित भई काम गर्नुभन्दा अन्यत्र काम गर्न रुचाउन थालेको देखिन्छ ।

१५१ भूतपूर्व विसेटनाइने श्रीकृष्णमान विसेटसँगको कुराकानीको आधारमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठ अध्याय

गूठीप्रशासन तथा व्यवस्थापन

पशुपतिनाथमन्दिरसँग सम्बन्ध राख्ने गूठीप्रशासन र व्यवस्थापन पक्ष उल्लेखनीय हुनुको साथै रोचक पनि छ। विविध प्रकारका गूठीहरू भिन्नभिन्न रूपबाट स्थापना गरिएकाले तिनको प्रशासन र व्यवस्थापनमा एकरूपता नहुनु स्वाभाविकै हो। त्यसो भए तापनि सबै गूठीहरूको उद्देश्य नियत गरिएको काम निश्चित समयमा सम्पन्न गरी तिनको अक्षुण्णता कायम राखी अन्ततः राष्ट्रको धर्म-संस्कृतिको वर्चस्वमा सहयोग पुऱ्याउनु रहेको देखिन्छ। यहाँका गूठीहरू (१) पशुपतिअमालकोटकचहरी (२) पशुपतिभण्डारतहविल, (३) मूलपुजारी (४) गूठीसंस्थान र (५) निजी गरी पाँच प्रकारबाट सञ्चालित हुने गरेको देखिन्छ। वि.सं. १८७० मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहद्वारा स्थापित गूठीहरूको सञ्चालनको लागि पशुपतिअमालकोटकचहरीको स्थापना भएकोले ती गूठीहरूअन्तर्गत गर्नुपर्ने कार्यहरू सयम-समयमा सम्पन्न गर्नु पशुपतिअमालकोटकचहरीको मुख्य काम हो। अमालकोटकचहरीले आफ्नो छुट्टै व्यवस्थाद्वारा गूठी चलाउँछ। यस सम्बन्धमा यथास्थान विस्तृत रूपमा चर्चा गरिनेछ। त्यस्तै भण्डारतहबिलको स्थापना वि.सं. १८६७ सालमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट नयाँ-पुराना गूठीहरूको व्यवस्था गर्न गरेको लालमोहरअनुसार गूठीलाई चलाउन स्थापित भएकोले ती गूठीहरूको रेखदेख तथा सञ्चालन गर्ने काम भण्डारतहबिलको रहेको छ। दुकाबिर्ताको रूपमा श्रद्धालु व्यक्तिहरूले राखेको गूठीहरूलाई चलाउने जिम्मा पनि भण्डारतहविलको हो भन्ने कुराको चर्चा पछिल्लो अध्यायमा गरिएको छ। त्यहाँ भण्डारतहबिलबाट चलाउने गूठीहरू कसरी सञ्चालन हुन्छन् भन्ने कुराको पनि उल्लेख गरिएको छ। पशुपतिनाथको पूजाआजासँग सम्बन्धित बाह्रवटा गूठीहरू मूलपुजारीबाट चल्दैआएको छ। गूठीजग्गा कमाउने मोहीहरूले जग्गाको किसिमअनुसार तोकिएको कूत मूलपुजारीलाई दिन्छन्। त्यसैबाट ती बाह्रवटा गूठी चलाइने गरेको पाइन्छ।

राजगूठीहरूको सञ्चालनको लागि संस्थागत रूपमा गूठी निकायको स्थापना भएपछि ती गूठीहरूको बालीको असूलतहसिल गर्ने, जाँच गर्ने, खर्च गर्ने र गूठी चलाउने काम त्यस्ता निकायहरूले गर्ने प्रथाको थालनी भयो। गूठीकचहरी, गूठीबन्दोबस्तअड्डा हुँदै राजगूठीअन्तर्गतका धार्मिक तथा लौकिक कार्यहरू सम्पन्न गर्ने जिम्मा वि.सं. २०२१ मा गूठीसंस्थानको स्थापनापछि उक्त संस्थाको हुनआएको छ। त्यसैले पशुपतिनाथमन्दिरसँग सम्बन्धित सबै राजगूठीअन्तर्गतका कामहरू सम्पन्न गर्ने काम गूठीसंस्थानको हो। त्यस्ता गूठीहरूको लागि आवश्यक पर्ने कुनै वस्तुहरू ठेक्काद्वारा तथा कुनै वस्तु मोहीबाट प्राप्त हुने जिन्सीबाट चलाउने गरेको पाइन्छ।

निजी रूपमा व्यक्तिविशेषद्वारा राखिएका गूठीहरू गुठियारहरूमार्फत चल्ने लक्ष्य राखी स्थापित भएको देखिन्छ। त्यसरी निजी रूपमा राखिएका केही गूठीहरू अहिलेसम्म केही न केही रूपमा चलेका छन् भने केही नामेट भए।

प्रशासन र व्यवस्थापनको दृष्टिकोणबाट गूठीव्यवस्थालाई स्पष्ट रूपमा दुइ भागमा विभाजन गरी हेर्नुपर्ने आवश्यकता पर्दछ। अमानतव्यवस्थाको प्रारम्भ हुनुभन्दा पूर्व र त्यसपछिको व्यवस्थापन पक्षमा आनकातान फरक भएकोले पनि यसो हुनगएको हो। यसरी हेर्दा गूठीलाई दुइ भागमा बाँडी हेर्नुपर्ने हुन्छ।

(क) परम्परागत व्यवस्था (ख) संस्थागत नवीन व्यवस्था

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८.१ परम्परागत व्यवस्था

नेपालमा गूठीको लामो इतिहास छ । प्रसिद्ध मठमन्दिरहरूका सबै व्यवस्था गूठीमार्फत नै भएका उल्लेखहरू पाइने भए तापनि प्राचीन कालदेखिको गूठीको व्यवस्थापन पक्षको बारेमा थाहा पाउने सामग्रीहरूको एकदमै अभाव छ । पशुपतिनाथमन्दिरको गूठीव्यवस्थामा पनि त्यही कुरा लागू हुन्छ । शाहकालिक गूठीव्यवस्थापनको बारेमा प्रकाश पार्ने जति सामग्रीहरू पाइन्छन्, त्यति मल्लकालभन्दा अगाडिको कालको बारेमा पाइँदैनन् । परम्परागत गूठीव्यवस्थामा अमाली, द्वारे, प्रधान, बिसेट आदिहरूको योगदान महत्त्वपूर्ण मानिन्छ । गूठीव्यवस्थालाई लामो समयसम्म दिगो गराउने कतिपय आधारहरूमध्ये तिनीहरूले निर्वाह गरेका कार्यहरू पनि एक हो भनेर भन्न सकिन्छ । गूठीव्यवस्थालाई उनीहरूले अनेक रूपबाट सहयोग गरेका हुन्थे । कूत उठाउने तथा झारा बेठ-बेगारको आवश्यक पर्दा द्वारे, अमालीमार्फत सूचना पठाउने काम उनीहरूद्वारा हुन्थ्यो । साथै गूठी चलाउन उपयुक्त मानिसहरूको चयनसमेत यिनीहरूले गर्ने गरेका उल्लेख पाइन्छन् । वि.सं. १८३७ मा श्री ५ रणबहादुर शाहले देवपाटनका द्वारे शशीधरलाई लेखेको पत्रमा त्रिशूलजात्रागूठी, कोलाछेमिलगूठी, मूलननीको लिवाचागूठी, लाछीननीको लिविचागूठी कसैलाई सन्तान-दरसन्तानसम्म खोसमोस नगर्ने गरी चलाउन दिने व्यवस्था गर्न लालमोहर गरेका छन् । साथै सो गूठीबाट पानफूलबापत आउने रकमबाट वत्सलेश्वरीको सिन्दूरयात्रागूठी चलाउन द्वारेलाई अह्राएका छन् ।[1] गूठी सम्बन्धमा परेको गाह्रो-साङ्गो अमालीमार्फत राजामा पुग्दथ्यो । आफ्नो 'अम्बल' भित्रको यावत् कामकुरामा अमालीको मुख्य हात रहन्थ्यो । त्यहाँको धार्मिक-सांस्कृतिक पक्षमा पनि उनीहरूको सक्रियता त्यतिकै अपेक्षित रहन्थ्यो । मल्लकालको 'प्रमान' को स्थान एक किसिमले 'अमाली' ले पाएथे ।[2] 'अमाली' तात्कालिक समाजको सम्मानजनक पद हो । आफ्नो क्षेत्रमा साना-तिना मुद्दा-मामिला, झैं-झगडा हेर्ने तथा अन्य प्रशासनसम्बन्धी कुराहरू उनीहरूले गर्दथे । पशुपतिक्षेत्रमा अमाली मातहतको 'पशुपतिअमालकोटकचहरी' भन्ने छुट्टै अड्डा नै थियो । यसको मुख्य काम यस क्षेत्रको प्रशासनसम्बन्धी कामहरूको अतिरिक्त पशुपतिनाथको केही गूठीजग्गाहरूको आयस्ता उठाउनु तथा आफ्नो मातहतका रै-रकमीहरूलाई पशुपतिनाथको नियत कामहरू नअड्काउनु रहेको देखिन्छ । अमालीको कतिपय कामहरूमध्ये एउटा काम गूठीको पजनी गर्नु पनि थियो । तोकिएअनुसारको काम नगर्ने गुठियार तथा त्यससँग सम्बन्धित अरू रै-रकमीहरूलाई उनीहरू पजनी पनि गर्दथे । वि.सं. १८३७ को श्री ५ रणबहादुर शाहको पत्रमा नन्दरामलाई गूठीको इजारा दिंदा 'आजसम्म अम्वालीदार पजनी गर्थ्या आज अम्वालीदेषि झिकी तिमीलाई इजारा बक्स्यौं' भन्ने उल्लेखबाट सो कुरा बुझिन्छ ।[3] मठमन्दिरको निमित्त आवश्यक पर्ने कामहरूमा हरतरहले सहयोग गर्नु अमालीको कर्तव्य हुन्थ्यो । पशुपतिनाथमा फूलमाला चढाउन भनी राखिएको भण्डारखालबगैंचामा काम गर्न मानिसहरू पठाउने काम देवपाटनका अमालीको भएको कुरा वि.सं. १९१४ मार्गशुक्ल ८ को पत्रबाट बुझिन्छ ।[4] अमालीपछि द्वारेको स्थान आउँछ । पशुपतिअमालकोटकचहरीमा अहिले अमालीको व्यवस्था नभए पनि द्वारेले कार्यालयप्रमुखको रूपमा अमालकोटकचहरीमा परिआउने सबै काम गर्दछन् । झण्डै अमालीको स्थान अहिले पशुपतिको मूलपुजारीले लिएका छन् । तर वास्तवमा मूलपुजारी बडागुरुज्यू मातहतका कर्मचारीसरहका पशुपतिका अर्चक हुन् । केही लालमोहरहरूमा पशुपतिनाथमन्दिरसँग सम्बद्ध राख्ने गूठीहरूको तालुकी दिएकोले हो उनी अमालकोटकचहरीद्वारा

---

१ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०१ सङ्ख्या ।

२ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा,* (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२), ८५ पृष्ठ ।

३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०० सङ्ख्या ।

४ वि.सं. १९७५ पौष १२ गतेको एकछापे । यो पत्रको फोटोप्रति तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा सि.नं. ६, प १।७५ मा थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिने प्रशासनिक काममा पनि मुछिएका छन् । पशुपतिअमालकोटकचहरीमा कहिलेदेखि अमालीको व्यवस्था रह्यो इदमित्थ थाहा पाउँन बाँकी छ । मूलपुजारीका आदेशहरू द्वारेले कार्यान्वयन गर्ने परिपाटी अहिले द्रुततर अगाडि बढदै गइरहेको देख्दा एक किसिमले मूलपुजारीको अधिकार अनायास दिनानुदिन बढ्दै गएको देखिन्छ । मूलपुजारीभन्दा अघि अमालकोटकचहरीका अमालीले यस क्षेत्रको धार्मिक, सामाजिक, प्रशासनिक कार्यहरूको रेखदेख गर्ने गर्दथे ।

अमानतव्यवस्थाको प्रारम्भ हुनुअघि पशुपतिनाथको पूजाआजासँग सम्बन्धित गूठीहरू जति पनि छन्, ती सबै गुठियारमार्फत सञ्चालित हुन्थे । गुठियारहरूको धर्मप्रतिको श्रद्धा र आस्था तथा उनीहरूको विश्वास एवं इमान्दारीमा गूठीअन्तर्गत गर्नुपर्ने कार्यहरू निहित रहेका थिए । गूठीलाई 'देवस्व' सम्झी हिनामिना गर्न नहुने जनधारणा हुनाको कारण गूठीहरू दाताको आकाङ्क्षाअनुरूप सुचारु रूपले चल्ने गरेको पाइन्छ । धार्मिक वा लौकिक कीर्तिहरूको स्थायित्व र जगेर्नाको लागि राखिएको गूठीजग्गा वा रकमको आयस्ताको रेखदेख एवं नियत कार्यहरूको बरबन्दोबस्तको काम गर्न दाताले नियुक्त गरेको व्यक्ति वा दाताका हकवाला सन्तान वा अख्तियारवालाले गूठीसम्बन्धी कामहरूको सुव्यवस्था गर्न नियुक्ति गरेका व्यक्तिलाई 'गुठियार' शब्दले बुझाउँछ । *गूठीसंस्थान ऐन* वि.सं. २०३३ ले छुटगूठी वा निजीगूठीको सालबसाली दरबन्दीको महन्त र पुजारीलाई पनि गुठियार भनी परिभाषित गरेको छ ।[५] तर परम्परागत गूठीमा कहीं पनि पुजारी र महन्तलाई गुठियार मानेको उल्लेख पाइँदैन । गूठीअन्तर्गत सम्पन्न गर्नुपर्ने कुनै पनि नियत कार्यहरूलाई सक्रिय र सफलताका साथ गर्ने काममा गुठियारहरूको ठूलो हात रहन्छ । वास्तवमा भन्ने हो भने गुठियार गूठीव्यवस्थाको सञ्चालक निकाय हो । गूठीव्यवस्थामा गुठियारको अस्तित्व लिच्छविकादेखि नै पाइन्छ । संवत् ५२६ (वि.सं. ६६२) आश्विनको शिवदेवको लेलेको अभिलेखमा विभिन्न प्रकारका गूठीहरूको उल्लेख गर्दा गुठियारहरूको चर्चा गरी तिनीहरूलाई लेलेमा भएको विभिन्न गूठीको जग्गाबाट दिनुपर्ने भाग राजा शिवदेवले तय गरी शिलालेखमा समेत कुँदाएकोबाट थाहा हुन्छ ।[६] त्यस्तै गरी संवत् ३२ (वि.सं. ६६६) आषाढको अंशुवर्माको हाँडिगाउँको अभिलेखमा पनि गुठियारको चर्चा[७] आएको सन्दर्भलाई हेर्दा गूठीव्यवस्थामा पहिलेदेखि गुठियारहरू चयन गर्ने परम्परा भएकोले त्यो प्रभाव पछिसम्म पनि रहन गयो ।

मल्लकालमा पनि गुठियारहरूको माध्यमबाट गूठीका कार्यहरू चल्ने गरेको उल्लेख पाइन्छन् । प्रताप मल्लले ने.सं. ७६४ (वि.सं. १७००) माघमा पशुपतिनाथमा पञ्चामृतस्नानको साथै मन्दिरवरपर सरसफाइ गर्ने तथा कर्नाल आदि बाजा बजाउने कामको निमित्त राखेको गूठीको रेखदेख गर्न अभिसिंह वैद्य, प्रयाग वैद्य, धरणीधर वैद्य, नरहरि वैद्य आदि गुठियारहरू राखेका थिए ।[८] त्यस्तै गरी प्रतिवर्ष पशुपतिमा दूध चढाउने गूठी ने.सं. ७८० (वि.सं. १७१६) कार्तिकमा रामेश्वर वैद्यले राख्दा विश्वसिंह, कृष्णसिंहलाई गुठियार बनाएका थिए ।[९] देवपाटनका रामेश्वर वैद्यले प्रत्येक वर्ष शिवरात्रिमा पञ्चामृत चढाउने गूठी राखी उक्त कार्यको रेखदेख एवं सञ्चालनको लागि देव, रविराम, शिवनारायण, हरिशङ्करलाई गुठियार बनाएको उल्लेख पाइन्छ ।[१०] त्यस्तै ने.सं. ८३९ (वि.सं. १७७६) मा कृष्णधर भारोले पशुपतिको निमित्त राखेको चाकमत बाल्ने गूठीमा पनि लक्ष्मीगोविन्द शर्मा, शिवकल्याण भारो, हाकुसिंह भारो,

---

५ *गूठीसंस्थान ऐन*, वि.सं. २०३३ (काठमाडौं: कानून तथा न्याय मन्त्रालय, वि.सं. २०३३), परिच्छेद १, दफा २ (छ) ।

६ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, प्रथम संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०), २८२-२८४ पृष्ठ ।

७ ऐंजन, ३२१ पृष्ठ ।

८ गोविन्द टण्डन, "पशुतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था," *शैवभूमि*, २ वर्ष, २ अङ्क, (वि.सं. २०४२), ३०-३५ पृष्ठ ।

९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४० सङ्ख्या ।

१० परिशिष्टभाग, अभिलेखखण्ड (क), ४६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वम्भर भारो, सिद्धिराम भारो, अमरसिंह भारो आदिलाई गुठियार बनाएको विवरण पाइन्छ।[११] गुठियारहरूको मुख्य काम दाताले राखेका कीर्तिहरू गूठीको माध्यमबाट नियमित एवं अविच्छिन्न रूपले चलाउनु हो। यसै उद्देश्य प्राप्तिका लागि कुनै पनि कीर्तिको समुचित प्रबन्ध गर्नको निमित्त लिच्छविकालदेखि नै गुठियारहरू राख्ने चलनले समाजमा ज्यादै व्यापकता पायो। राजगूठी हुन् वा दुनियाँगूठी सबैमा गुठियारहरूको सहभागिता जिम्मेवारीपूर्ण रहेको थियो। ठेक्काप्रथा, अमानतप्रथा हुँदै जब गूठीलाई संस्थागत रूप दिने कदमहरू चालिए तब मात्र गुठियारहरू निष्क्रिय बने। निजी वा दुनियाँगूठीहरूमा संस्थागत विकास नभइसकेकोले गुठियारहरू कायमै छन्। व्यक्तिगत रूपमा राखिएका केही गूठीहरू अझै पनि गुठियारहरूबाट चलेका छन्। तर समय र परिस्थितिअनुसार ती गुठीहरूमा सुधार र नवीनता ल्याउन कुनै पाइला नचालिएकाले गुठियारहरूले गूठीअन्तर्गत गर्नुपर्ने कामहरूमा बेवास्ता गरेको पाइन्छ। मल्लकालमा गुठियारहरूले राजाहरूबाट वृत्ति (जागीर) लिई गाउँ-किल्ला लिई भण्डारे भई सरकारी जागीर खानलाई बन्देज थियो कि भन्ने सङ्केत ने.सं. ६१४ (वि.सं. १५५१) भाद्रको भक्तपुरको यक्षेश्वरमन्दिरको अभिलेखले दिएको छ।[१२] नियत गरिएका कामहरूमा गुठियारहरूको सदा दृष्टि रहोस् भन्ने अभिप्राय निहित रहेको देखिने यो चलन यही एउटा गूठीमा हो वा तात्कालिक सबै गूठीका गुठियारहरूमा लागू थियो, अहिले निश्चयका साथ भन्न सकिन्न। यो चलन राजगूठीको गुठियारहरूमा मात्र सीमित रहनु धेरै सम्भव छ। त्यसपछिको कालका कुनै पनि गूठीमा त्यस्तो बन्देज पाइँदैन।

गुठियारहरूले वंशानुगत रूपमा साविक बमोजिमको काम गर्ने गरेको देखिन्छ। कतिपय अभिलेखहरूमा 'तिम्रा सन्तान भयासम्म खोसमोस नगर्नु' भनी दानपत्र, लालमोहर गरिएको उल्लेख पाइने हुनाले पनि माथिको कुराको समर्थन हुन्छ। गुठियार विश्वासिलो, इमान्दार र घनिष्ठ व्यक्तिहरूलाई बनाइने गरेको देखिन्छ। एक जनाको मातहतमा एकभन्दा बढी गूठीको गुठियार बनाउने चलन पनि थियो। श्री ५ रणबहादुर शाहको दरबारका विश्वासप्राप्त मेल्ह्मा वैद्य देवपाटनको वत्सलेश्वरीको सिन्दूरगूठी[१३] एवं पशुपतिको सदाबर्तगूठीको[१४] गुठियार थिए। धेरै काम सम्पादन गर्नुपर्ने गूठीहरूमा पनि थोरै गुठियारहरूबाट कम व्ययभारमा काम भएको देख्दा गूठीव्यवस्थाको अनुसरणबाट मितव्ययितालाई प्रोत्साहन दिएको बुझिन्छ। वि.सं. १८५६ वैशाखशुक्ल १५ मा कान्तवतीले पशुपतिमा महास्नान एवं महाबलि कार्यको निमित्त फटकशिला र गोकर्णमा गरी राखेको २,२०० रोपनी जग्गाको रेखदेखको साथै गूठीबाट गर्नुपर्ने कामको आवश्यक व्यवस्था मिलाउन केवल तीन जना गुठियार नियुक्त थिए। स्मरण रहोस्, पशुपतिमा हुने नित्यनैमित्तिक पूजाहरूमा सबैभन्दा बृहद् महास्नान-महाबलि पूजा हो। विशेषत: नियत गरिएको पूजाआजा तथा गर्नुपर्ने कार्यहरू गरी बाँकी रहेको शेष नै गुठियारहरूको पारिश्रमिक हो भने हुन्छ। तर कतिपय गूठीहरूमा उनीहरूले पाउने भाग नियत गरेको पनि पाइन्छ। वि.सं. १८६० आषाढकृष्ण ९ रोज २ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले दोलखाको देवीकोटको देवताको नित्यनैमित्तिक पूजाको व्यवस्था गर्दा गूठीको निमित्त राखेको जग्गाको पैदावारमध्ये आधा गुठियारले खान पाउने गरिदिएका थिए।[१५] त्यस्तै गरी वि.सं. १८५० मा श्री ५ रणबहादुर शाहले दोलखाको भीमेश्वरको आश्विनको दशैंको निमित्त कान्तिपुरका मल्ल राजा महीन्द्रसिंहले राखेको गूठी थामी गूठीको लागि राखिएको एकसय रोपनी जग्गाको पैदावारको आधा आम्दानीले मन्दिर, भाँडा, सत्तल आदि

---

११ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६८ सङ्ख्या।

१२ भोलानाथ पौडल, "यक्षेश्वरमन्दिर", *पूर्णिमा*, २ वर्ष, १ अङ्क, (वि.सं. २०२२ वैशाख), २०-२१ पृष्ठ।

१३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११२ सङ्ख्या।

१४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११३ सङ्ख्या।

१५ धजवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा*, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१), १७२ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाउने तथा जीर्णोद्धार गर्ने तथा बाँकी आधा आम्दानी गुठियारले पाउने व्यवस्था गरिदिएका थिए ।[१६] यस्ता एकाध घटनाबाहेक गुठियारले गूठीको आम्दानीबाट बढी पाएको अन्य गूठीहरूमा देखिँदैन । वि.सं. १८८१ मा नीलकण्ठ उपाध्यायले पशुपतिको पूजाआजा तथा आफू मरेपछि गरिने श्राद्धको निमित्त ६ रोपनी जग्गा गूठी राखेका थिए । त्यसको आम्दानीमध्ये दश पाथी अन्न गूठीजनहरूले लिई काम गर्ने बन्दोबस्त गरेका थिए ।[१७] त्यस्तै गरी भोटु पाँडेले पशुपति, गुह्येश्वरी, स्वयम्भू आदि स्थलहरूका बाँदरलाई मकै खुवाउन राखेको गूठीका दुइ जना गुठियारहरूलाई खान्गीस्वरूप दुइ मुरी मकै दिने कुरा छ । यी कुराहरूलाई हेर्दा धर्म र समाज सेवा गर्ने तीव्र भावनाले गुठियारहरूलाई प्रोत्साहित गरेकोले नै उनीहरू त्यस्तो कामहरूमा संलग्न भएको देखिन्छ । अन्यथा हातमुख जोड्न नपुग्ने खान्गीमा गुठियारहरू काममा संलग्न हुनु कुनै औचित्य देखिँदैन ।

गुठियारहरूले गूठीको रकम-कलम हिनामिना गर्न हुँदैनथ्यो । उनीहरूले गूठीअन्तर्गत गर्नुपर्ने कार्य नगरे दण्ड सजाय पनि पाउँदथे । जयप्रकाश मल्लको ने.सं. ८६१ (वि.सं. १७९७) कार्तिकको अभिलेखमा नियत काम नगरी गूठी मास्ने गुठियारहरूलाई राजाले मन लागेको सजाय दिनु भनी लेखेका छन् ।[१८] श्री ५ गीर्वाणयुद्धविक्रम शाहका अभिलेखहरूमा गुठियारले गूठी मास्न पस्नेलाई ज्यान सजाय दिनुपरे पनि दिनु भन्ने उल्लेख गरेका छन् ।[१९] गूठीको बाँड्नुपर्ने सदाबर्त नबाँड्ने गुठियारलाई वि.सं. १९१० को *मुलुकी ऐन*मा ५ रुपैयाँ दण्ड गरिने कुरा लेखिएको छ ।[२०] त्यस्तै त्यहाँ "कारिन्दा गुठियार पुजाहारिले काम बेस गरी नचलाई गूठी राष्याका जग्गाको आम्दानी आफुले षान्या, उडाउन्या, बेचन्या, बंधक राषन्या काम - काममा ठेकियाको कलम बन्द गरि आफ्ना संतानलाई अंश गरि दिन्या गुठियार र बेहान बेलुका नित्य नैमित्तिकको पटल पद्धति बमोजिमको पुजा नगर्न्या पुजाहारिलाई जसले जसका पुर्षाले राष्याको छ उसले र उस्का अंशको दाइया भयाका संतानले अैन बमोजिमको बिगो षडा गराई दंड गरि लिन हुन्छ"[२१] भनी गर्नुपर्ने काम नगरेमा गुठियारलाई हटाउन सकिने व्यवस्था थियो ।[२२] गुठियारहरूले गूठीको जग्गा बेच्न पनि पाउँदैनथे । वि.सं. १८५५ मा श्री ५ रणबहादुर शाहले गूठी नचलाउने गुठियारहरूलाई हटाउने तथा गूठीको जग्गाको उब्जनीको दुइ गुना दण्ड गर्ने व्यवस्था गरेका थिए ।[२३] गुठियारहरूले गूठी रकमीहरूको पजनी गर्ने, भागीनासी गए नयाँ नियुक्ति गर्ने कार्य पनि गर्दथे । पशुपतिनाथमन्दिर प्रत्यक्ष रूपमा राजदरबारसँग सम्बद्ध भएको हुँदा पुजारी, आचार्यहरू मात्र होइन गूठीको खायल पनि राजाले तोकिदिएको देखिन्छ । पशुपतिको तेलगूठीको शिवनरसिंह नेवारको खायल भिन्देउ नेवारलाई दिँदा तात्कालिक महाराजाधिराज श्री ५ गीर्वाणयुद्धविक्रम शाहले लालमोहर गरी दिएको कुरा वि.सं. १८६५ माघकृष्ण ७ रोज १ को लालमोहरबाट थाहा हुन्छ ।[२४]

---

१६ मोहनप्रसाद खनाल, *अभिलेख सङ्कलन*, (काठमाडौँ: साझा प्रकाशन, वि.सं. २०२८), ७७-७९ पृष्ठ ।

१७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७७ सङ्ख्या ।

१८ धनवज्र वज्राचार्य, टेकबहादु श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी २ सङ्ख्या, १९ पृष्ठ ।

१९ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, (सम्पा.), *शाहकालका अभिलेख*, पहिलो भाग, (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), २७७-३०५ पृष्ठ ।

२० *श्री ५ सुरेन्द्रविक्रम शाहका शासनकालमा बनेको मुलुकी ऐन*, (काठमाडौँ: कानून तथा न्याय मन्त्रालय, वि.सं. २०२२), १४ दफा, १३ पृष्ठ ।

२१ *ऐजन*, २७ दफा, १३ पृष्ठ ।

२२ *ऐजन*, १७ दफा, १३ पृष्ठ ।

२३ चित्तरञ्जन नेपाली, *श्री ५ रणबहादुर शाह*, (काठमाडौँ: मेरी राजभण्डारी, वि.सं. २०२०), १२३-१३० पृष्ठ ।

२४ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८६५ माघकृष्ण-७ रोज १ को लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, पा.ब. नक्कल कि.नं. १४, ५४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै-कुनै गूठीहरूमा त्यसको हेरचाहको लागि गुठियारको सट्टा 'अधिकारी' नियुक्त गरेको पनि देखिएको छ । खास गरी राजगूठीहरूमा यो परम्परा देखिन्छ । पशुपतिको महास्नानगूठीमा यस्तै 'अधिकारी' को नियुक्ति गरिएको थियो ।[२५] त्यस्तै आरतीगूठीमा पनि थियो ।[२६] एक जना अधिकारीको जिम्मामा एकभन्दा बढी गूठीहरू हेर्नुपर्ने उत्तरदायित्व रहेको उल्लेखहरू पाइन्छन् । राजगूठीहरूमध्येको (१) तलेजुगूठी, (२) पशुपतिगूठी, (३) गुह्येश्वरीगूठी, (४) भाँदगाउँतलेजुगूठी, (५) पाटनदेगुतलेजुगूठी, (६) पाटनतलेजुगूठी, (७) स्वयम्भूशान्तिपुरगूठी, (८) विन्ध्यवासिनीगूठी, (९) वज्रयोगिनीगूठी, (१०) चाँगुनारायणगूठी र (११) दक्षिणकालीगूठीहरू रेखदेख गर्ने काम पहिले वीरकेशर पाँडेका बाबुले अधिकारी भई हेर्दै आएकोमा उनको मृत्युपछि आजन्म वीरकेशर पाँडेलाई उपर्युक्त गूठीहरू हेर्ने अधिकारीको रूपमा नियुक्त गरिएको थियो ।[२७] अधिकारीहरूको कामहरू के-के हुन्थे स्पष्ट थाहा हुन सक्तैन, तर प्रकारान्तरबाट गूठीको सञ्चालनमा आवश्यक पर्ने कार्यहरूको साथै असूलतहसिल जस्ता कामहरू पनि यिनीहरूले नै गर्दथे कि भन्ने अनुमान हुन्छ । गूठीको जग्गाहरूमा कुनै दैवी विपत् परे त्यो कुरा काजीमार्फत राजाकहाँ जाहेर गरी गूठी सञ्चालन गर्ने जिम्मा 'अधिकारी' को हुन्थ्यो ।[२८] गुठियार वा अधिकारीहरूबाट गूठीजग्गाहरू आफ्नो निगरानीमा रेखदेख गर्ने हुँदा जग्गाहरूको साँध-सिमाना मिचिने र हराउने कमै डर हुन्थ्यो । किनभने उनीहरूले सम्बन्धित जग्गाको क्षेत्रफल, चार किल्ला स्पष्ट थाहा पाउनुपर्ने भएकोले पनि उक्त कुरा सम्भव थियो । अमानतव्यवस्थाको थालनीले यस पक्षमा एउटा कमजोरी के देखिन थाल्यो भने साँध-सिमानाको अनभिज्ञतामा गूठीजग्गाहरू धमाधम हराउन थाले । खोज-खबर गर्ने परम्परा हरायो । फलस्वरूप गूठीजग्गाहरूबाट आउनुपर्ने आम्दानीसमेत नआई गूठीबाट गर्नुपर्ने कामहरू समाप्त हुँदै जान थाल्यो ।

गुठियार् वा अधिकारीहरूको अधीनमा अरू रै-रकमीहरू हुन्थे । कुम्हाले, नकर्मी, कुसले, कोटाल, डङ्गोल, घडिवाल, टहलुवा, माली, भँडारी आदिको पनि गूठीका कामहरूको सञ्चालनमा उल्लेखनीय स्थान रहेको छ । पशुपतिनाथमन्दिरसँग सम्बन्धित यस्ता गूठी रै-रकमीहरूको बारेमा अघिल्लो अध्यायहरूमा चर्चा गरिसकिएको हुनाले यहाँ पुनः दोहोऱ्याइरहनु आवश्यक देखिँदैन । अरू मठमन्दिरका गूठीहरूमा झैँ पशुपतिनाथको गूठीसँग सम्बन्धित रै-रकमीहरूलाई खान्गीको व्यवस्था थियो । कुनै-कुनै गूठीमा रकमै दिने चलन पनि देखिन्छ । महास्नान-महाबलिगूठीको गुठियार, बहिदार, टहलुवा, द्वारे, उप्रेत, कटुवाल आदिलाई तलबको व्यवस्था गरिएको कुरा वि.सं. १८६२ आषाढकृष्ण १२ रोज १ को लालमोहरबाट बुझिन्छ ।[२९]

गूठीरकमीहरूले आ-आफ्नो कार्यमा ध्यानपूर्वक इमान्दारीसाथ काम गर्नुपर्दथ्यो । त्यसको विपरीत भएमा दण्ड-सजायसमेत हुन्थ्यो । वि.सं. १९७३ पौषको दुइछापे पत्रमा पशुपतिक्षेत्रका गूठीसम्बन्धी कामहरू भए-नभएको हेर्ने काम देवीप्रसाद पाध्यालाई सुम्पदा एक पटक अटेरी गर्नेलाई चेतावनी दिने नमानेमा कुसले, पोडे, दमाईंलाई २० बेतसम्म हान्ने र अरूलाई ।४ पैसादेखि १।- रुपैयाँसम्म जरिबाना गर्ने कुरा लेखिएको छ । त्यति गर्दा पनि नमानेमा अरू सजायको लागि प्रधानमन्त्रीमा जाहेर गर्ने कुरा बताइएको छ ।[३०] गूठी वा मठमन्दिरसँग सम्बन्धित रै-रकमीहरूलाई

---

२५ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५६ वैशाखशुक्ल १५ रोज १ को लालमोहर । अभिलेख फाँट, पो.नं. २, वहि नं. ११, २० सङ्ख्या, ३६ पृष्ठ ।

२६ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, (सम्पा.), पूर्ववत्, पादटिप्पणी १९ सङ्ख्या, ३४४-३४७ पृष्ठ ।

२७ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८६८ आषाढशुक्ल ४ रोज ३ को लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, पा.व. लालमोहर नक्कल पोका नं. ८, १८ सङ्ख्या ।

२८ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), पूर्ववत्, पादटिप्पणी, १९ सङ्ख्या, २७३-३०४ पृष्ठ ।

२९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १३३ सङ्ख्या ।

३० परिशिष्टभाग, अभिलेखखण्ड (क), ३४५ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झारा, बेठबेगार माफ गरी सहुलियत दिने चलन थियो । कुनै-कुनै मन्दिरहरूमा गूठीरकमीहरूले राजालाई दर्शौनीस्वरूप केही महसूल बुझाउने चलन पनि थियो । पशुपतिनाथमन्दिरका गूठीरकमीहरूबाट प्राप्त महसूल काजीमार्फत सरकारमा ल्याई वेहोरा खोली ती रकमहरूबाट पशुपतिनाथमा चाहिँदो भाँडाकुँडा बनाई राजाको बाहुलीबाट चढाइन्थ्यो । वि.सं.१८६७ मङ्सिरकृष्ण ७ रोज १ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको लालमोहरमा यसको उल्लेख आएको छ ।[३१] अहिलेसम्म पनि भण्डारतहबिलको आम्दानीबाट पशुपतिनाथमा चाहिँदो काम गरी राजाबाट सङ्कल्प गराउने चलन विद्यमान नै छ । दर्शौनीको अतिरिक्त राजगूठीका रै-रकमीहरूले सालबसाल सलामी बुझाउँदथे । त्यस्तो रकमचाहिँ गूठीतहसिलमा दाखिल हुन्थ्यो । सलामी यस प्रकारको भएको बुझिन्छ ।[३२]

नगदी तलब खानेतर्फ

आठ रुपैयाँदेखि २५।- रुपैयाँसम्म खानेले ————	१२ पैसा
छब्बीस रुपैयाँदेखि ५०।- रुपैयाँसम्म खानेले ————	२५ पैसा
एकाउन्न रुपैयाँदेखि १००।- सम्म खानेले ————	५० पैसा
एक सयदेखि माथि खानेले ————	१।- रुपैयाँ

जिन्सी खानेतर्फ

धान मुरी ५ खानेले ————	१२ पैसा
त्यसभन्दा बढी १० मुरीसम्म खानेले ————	२५ पैसा
त्यसभन्दा बढी २० मुरीसम्म खानेले ————	५० पैसा
त्यसभन्दा बढी खानेले ————	१।- रुपैयाँ

यस प्रकारको सलामीरकम दिने प्रथा गूठीमा अमानतव्यवस्था लागू हुन थालेपछि बिस्तार-बिस्तार हट्दै गयो । मोहीहरूबाट 'घ्यूखाने' र 'चारदाम' नामका नगद रकम लिने चलन भने पछिसम्म कायम थियो ।

यस सन्दर्भमा मोहीको भूमिकालाई पनि बिर्सन सकिँदैन । यद्यपि गूठीप्रशासनसँग यिनीहरूको सम्बन्ध छैन तर व्यवस्थापन पक्षमा भने व्यवस्थापनलाई सुगम र सजिलो पार्न यिनीहरूको ठूलो हात छ । जग्गाको निश्चित कूत बुझाउन मञ्जुर गरी जग्गा कमाउने व्यक्तिहरूलाई मोही भनिन्छ । गुठियार एवं गूठी रै-रकमीहरू नियत काममा सदा संलग्न रहनुपर्ने भएकोले उनीहरूबाट खान्गी वा जागिरबापतका जग्गाहरू आफैँले कमाउन गाह्रो पर्ने भएकोले वा जग्गा कमाउन नचाहेकोले मोहीलाई कमाउन दिने चलनले ग्राह्यता पायो । गूठीजग्गाको धनी सम्बन्धित मठमन्दिर हुने भएकोले गूठीजग्गा कमाउने जति सबैलाई मोही नै भनिन्छ । निश्चित समयमा मोहीले कबुलेअनुसारको तिरोतिरान भएमा नै गूठीद्वारा गर्नुपर्ने कार्यहरू सम्पन्न गर्न सकिने कुरालाई ध्यानमा राख्दा भौतिक पूर्वाधार खडा गर्ने कामका यिनीहरू आधारभूत स्रोत हुन् भनी सहजै भन्न सकिन्छ । परम्परागत व्यवस्था होस् वा अमानतव्यवस्था दुवैमा मोहीको उल्लेखनीय स्थान रहेको हुन्छ । गूठीव्यवस्था दिनानुदिन ह्रासोन्मुख स्थितिमा जानुको पछिल्तिर मोहीहरूबाट तिर्नुपर्ने कूतहरू नउठ्नु पनि एक प्रमुख कारण रहेको छ ।

---

३१ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

३२ वि.सं. १९९१ भाद्र २४ गते गूठीखर्चअड्डालाई भएको अख्तियारी सवाल, १८ दफा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोहीहरूले केवल कूत तिरेर मात्र सघाउ पुऱ्याउने नभईकन उहिले पशुपतिनाथको बगैंचाको रूपमा प्रसिद्धि पाएको भण्डारखालबगैंचामा 'ब्याङ' गएर काम गर्ने[३३] तथा आवश्यकतानुसार 'झारा' गएर पशुपतिक्षेत्रका मठमन्दिरहरू भत्केबिग्रेको बनाउने तथा मूलपुजारीको आव्हानमा पशुपतिक्षेत्रको विकासनिर्माणको काममा सहयोग गर्ने गर्नुपर्दथ्यो ।[३४] जायजेथा केही नहुनेहरूलाई मात्र होइन, घरबार चलाउन गाह्रो-साङ्ग्रो परेका व्यक्तिहरूलाई पनि गूठीजग्गाबाट त्यस वेला ठूलो भरथेक भएको थियो । निश्चित कार्य गर्ने भनी गूठी राखेपछि सो गूठीका जग्गाहरू जहानबलअनुसार कमाउन दिने चलन थियो । वि.सं. १८८५ आषाढकृष्ण १४ रोज ६ को श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहरमा पशुपतिनाथमन्दिरसहित अरू विभिन्न मन्दिरसँग सम्बन्धित ३१ वटा गूठी तथा खान्गी जग्गाहरू जहानबलअनुसार बाँडिदिनु भनी देवपाटनका अम्बाली, द्वारे, देशवार, बिचारी र गुठीयारहरूलाई सम्बोधन भएको छ ।[३५] सामान्यत: यो प्रथाले मोही र जग्गाधनी दुवैलाई फाइदा थियो । जग्गा-जमीन नहुने, निश्चित तिरो तिरी जग्गा कमाउन राजी हुनेले सजिलैसँग जग्गा कमाउन पाउँथे । अर्कोतिर गूठीको प्रमुख आयस्रोतको रूपमा रहेको कूत सजिलैसँग उठ्दथ्यो । किनभने तोकेको समयभित्र कूत नतिरेमा मोहीलाई सजिलैसँग पजनी गर्न सकिन्थ्यो ।

पशुपतिनाथको गूठीजग्गाहरू कमाउने मोहीहरूले चैत्र मसान्तभित्र बाली बुझाइसक्नुपर्दथ्यो । त्यस म्यादभित्र नतिरेमा वैशाख लागेपछि बाली नतिर्नेलाई समाती असूल गर्ने त्यसरी पनि बाली उठ्न नसकेमा मोहीले कमाएको जग्गा पजनी गर्नेसम्बन्धी जग्गाको चारकिल्ला उल्लेख भएको दश दिने म्याद मोहीको घर, भण्डारतहबिल र सार्वजनिक स्थल गरी तीन ठाउँमा टाँसिन्थ्यो । त्यस म्यादभित्र साविक मोहीले कूत तिरे उसैलाई र उक्त म्याद नाघेको तीन दिनभित्र हकवालाले कूत बुझाए हकवालालाई र त्यो म्याद नाघेपछि जसले कबुल गर्छ, उसलाई बहाली पूर्जी दिइन्थ्यो । त्यति गर्दा पनि बाली नबुझाएमा मोहीको धनमाल लिलाम गरिन्थ्यो । अहिले पनि पशुपतिनाथको गूठीजग्गाको बाली नतिर्ने मोहीलाई यो नियम लागू छ । वि.सं. १९९९ पौष २१ गते रोज ३ देखि यो नियमको थालनी भएको हो ।[३६] समयमा बाली तिरिरहेको छ भने त्यस्ता मोहीलाई हटाउन पाइँदैनथ्यो । अरू गूठीहरूमा झैं पशुपतिनाथको गूठीजग्गाहरूमा पनि मोही दुइ प्रकारबाट कायम हुँदै आएको देखिन्छ– (१) वंशानुगत र (२) नयाँ नियुक्ति । मोहीले बुझाउन कबुल गरेअनुसारको कूत समय-समयका बुझाइरहेको छ भने त्यस्ता मोहीलाई हटाउन सकिन्नथ्यो । यो क्रम उसका छोरा, नातिहरूले पनि कायम गरिरहेका छन् भने मोही वंशानुगत रूपबाट चल्दथ्यो । यदि कबुलियतको विपरीत समयमा दिनुपर्ने कूत बुझाएनन्, बाली बाँझो राखे, पशुपतिको गनुपर्ने काममा बाधा पुग्यो भने अरू गूठीमा झैं मोहीलाई हटाइन्थ्यो । यसलाई कानूनी मान्यता नै प्राप्त थियो ।[३७] त्यसदेखि अतिरिक्त मोहीलाई विरलै हटाइन्थ्यो । कसुर गर्ने मोहीलाई हटाउने पनि निश्चित समय थियो । गूठीअन्तर्गतको धार्मिक-आध्यात्मिक कृत्यहरूलाई स्थायित्व दिन मोहीहरूले खेल्ने भूमिकालाई हेर्दा उनीहरूको महत्ता कम उल्लेख्य छैन ।

गूठीलाई ठेक्का दिने प्रचलन हुँदा पनि साविकवाला मोहीलाई विनाकसूर हटाउन पाइँदैनथ्यो । इजारा वा ठेक्काप्रथामा मोही वंशानुगत हुने प्रश्न उठ्दैन भन्ने पनि कसैको धारणा छ ।[३८] तर यो कुरा ठीक होइन । वि.सं.

---

३३ वि.स. १९७३ कार्तिक २६ गते रोज ६ को दुइछापे । यो पत्रको फोटो तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमिति प १।७० मा थियो ।

३४ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५६ वैशाखशुक्ल १५ रोज १ को लालमोहर । अभिलेखफाँट, पो.नं. २, वहि नं. ११, २० सङ्ख्या, २६ पृष्ठ ।

३५ ऐजन ।

३६ वि.सं. १९९९ पौष २१ गते रोज ३ को एकछापे । यो पत्र पशुपतिनाथमन्दिरका भूतपूर्व विसेटनाइके श्रीकृष्णमान श्रेष्ठसँग छ ।

३७ *श्री ५ सुरेन्द्रविक्रम शाहका शासनकालमा बनेको मुलुकी ऐन, पूर्ववत्*, पादटिप्पणी २० सङ्ख्या, ३ दफा, ३८ पृष्ठ ।

३८ Mahesh C. Regmi, *Land Tanure and Taxation in Nepal*, Second Edition, (Kathmandu:Ratna Pustak Bhandar, 1978 A.D.), p. 732.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९१४ मा जङ्गबहादुरले पशुपतिको सिक्रीगूठी ठेकदार विष्णुमानसिंहबाट ठेकदार सिंहवीरलाई दिँदा "पशुपतिका स्थानमा चढाउनु भन्या कालम स्मेत चन्हाई देवल मंदिर बनाउनु भन्या र अरू जग्गा बनाउनु भन्यामा पनी बनाउनु गूठीका जग्गा जमीनमा १९१३ सालमा चलन गर्न्या मोही घर कुरिया अघीदेषी दानपत्र लालमोहर तावापत्र सिलापत्रमा नाउ दरियाका पुजाहारि गुठियार कामदारालाई विना तक्सीरले नषोस्नु" भनी स्पष्ट लेखेको छ ।[३९] अरू मन्दिरका गूठीमा पनि यो प्रथा कायम देखिन्छ ।[४०]

साबिक मोहीले दिएको भन्दा नयाँ मोहीले बढी कूत दिने कबुल गरेमा पनि नयाँ मोहीलाई नियुक्त गर्नुभन्दा पहिले पुरानो मोहीको सल्लाहले बढी कूत पुरानो मोहीले तिर्न राजी भएमा उसलाई नै कायम गराउने चलन थियो । त्यसदेखि विपरीत गरी नयाँ मोहीलाई कमाउन दिएमा त्यसरी कमाउन दिने दर्तावाला मोहीलाई उसले कमाएको एक सालको उब्जनी जति हो, त्यति दण्ड गरिने चलन थियो । नतिरे महीनाको रु. ५।- को दरले दण्ड गरिने व्यवस्था वि.सं. १९१० को *मुलुकी ऐन*मा उल्लेख छ । जुन मोहीले आफ्नो परिश्रम र मेहनतले बाँध कुलो बनाई, खेत, पाखो राम्ररी आवाद गरेको छ, त्यस्तो मोहीलाई नयाँ मोहीले बढी कूत तिर्छु भनेमा पनि खोस्न पाइन्थ्यो ।[४१] लडाइँमा गई ज्यूज्यान दिने, सरकारको काममा मर्ने मोहीको स्वास्नी, छोराछोरीबाट मोहीहक छुटाउन पाइन्नथ्यो । खान्गीवालाहरूले तिनका सन्तान १६ वर्षको नहुञ्जेल आफैं कमाउँछु भन्न पाइन्नथ्यो ।[४२] यस प्रकार मोहीलाई हरसम्भव सुरक्षित गर्नु नेपालको परम्परा नै रहेको देखिन्छ । त्यस अवस्थामा मोही खान्गीवालाको जीवन गुजाराको साथै गूठीका कार्यहरू चलाउन यो व्यवस्थाले निकै योगदान पुऱ्याएको थियो । जग्गा बाँझो रहने कम सम्भावना थियो । जग्गा बाँझो रहन गएमा जग्गा कमाउने जिम्मावाल व्यक्तिले बाली तिर्नुपर्ने मात्रै होइन, बाँझो जग्गाको बाली तिर्न राजी हुने व्यक्तिले जग्गा कमाउन पाउँदथ्यो । यसबाट राष्ट्रको अन्न भण्डार बढाउने काममा पनि भरथेक हुने गरेको सङ्केत मिल्दछ ।

गूठीजग्गाको हक बेचविखनद्वारा स्थानान्तरण गर्न नपाउने व्यवस्था छउञ्जेलसम्म गूठीजग्गामा खिँचोला हुने, झैं-झगडा हुने कम सम्भावना थियो । जब सम्भवत: वि.सं. १९४५ देखि हक स्थानान्तरण गर्न पाउने प्रथाको थालनी भयो[४३] अनि 'देवस्व' मानिँदै आएको गूठीजग्गालाई आफ्नै सम्पत्तिसरह मान्ने प्रवृत्तिले प्रोत्साहन पायो, ऐन-कानूनमा जे-जस्तो लेखिए तापनि गूठीजग्गामा लोभलालच बढ्न थाल्यो । त्यस्तै गरी जग्गा कमाउने खास मोहीहरूलाई पनि थिचोमिचो गर्ने षड्यन्त्रहरू बढ्न थाल्यो । बाली बुझाए पनि तल्सिङ्ले भर्पाइ नदिने, भुलाउने जस्तो प्रवृत्ति बढ्दै जान थाल्यो । फलत: सबै किसिमका गूठीजग्गाहरूमा समस्या बढ्दै गयो । दर्तावालाको तुलनामा खास मोहीहरूको हक असुरक्षित भएको कारणले कुनै निर्दिष्ट कदमको आवश्यकता बोध गरी वि.सं. २०२९ सालदेखि गूठीजग्गामा पनि मोहियानी हकको व्यवस्था प्रारम्भ भयो । यो व्यवस्थाले मोहीको हकलाई कानूनी रूपमा सुरक्षित तुल्यायो । तर जग्गाहरू टुक्रिने समस्या निराकरण हुनुको बदलामा बढ्दै गयो । वि.सं. २०४१ देखि राजगूठीहरूमा दर्तावाला मोहीको सम्पूर्ण हक, अधिकारलाई समाप्त पारी त्यस्तो जग्गाको पूर्ण स्वामित्व गूठीसंस्थानको हुन गयो । पहिलेको तुलनामा अहिले मोहीलाई धेरै सुरक्षित तुल्याएको भए तापनि पहिले गूठीव्यवस्थालाई भरथेक दिन मोहीहरूबाट जति उत्साहपूर्वक नैतिक समर्थन प्राप्त थियो अब त्यो क्रमश: घट्दै गइरहेको स्पष्ट देखिँदै गएको छ । अन्य गूठीमा भन्दा पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल तथा मूलपुजारीद्वारा सञ्चालित बाह्रवटा गूठीमा मोहीहरूले तिर्नुपर्ने कूत समयमा दिने गरेको छ तापनि बक्यौता पनि केही बाँकी रहने गरेको देखिन्छ । यसको विपरीत अरू गूठीहरूमा

३९ वि.सं. १९१४ को यो पत्रको नक्कल पशुपतिनाथमन्दिरका भूतपूर्व बिसेटनाइके श्रीकृष्णमान श्रेष्ठसँग छ ।

४० धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २ सङ्ख्या, १०२-१०३ पृष्ठ ।

४१ *श्री ५ सुरेन्द्रविक्रम शाहका शासनकालमा बनेको मुलुकी ऐन, पूर्ववत्*, पादटिप्पणी २० सङ्ख्या, १९ दफा, ४१ पृष्ठ ।

४२ *ऐजन*, २० दफा, ४२ पृष्ठ ।

४३ Mahesh C. Regmi, *op.cit.*, foot note no . 38, p. 734.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोहीले बुझाउनुपर्ने कूत नबुझाएर गूठी नचलेका अनेकौं उदाहरणहरू छन् । पशुपतिनाथका उपर्युक्त गूठीहरूमा त्यस्तो नाजुक स्थिति नभएकोलाई उत्साहवर्द्धक नै मान्नुपर्छ । बाली नतिर्नेलाई कारवाही गर्ने जस्तो कार्यान्वयन पक्ष केही सुदृढ भएको तथा जग्गा लिलाम हुन्छ भन्ने डरले त्यसो हुन गएको हो ।

८.२ संस्थागत नवीन व्यवस्था

पशुपतिनाथमन्दिरको गूठीव्यवस्थालाई हेर्दा लामो समयसम्म यहाँ राजगूठीका कार्यहरू पनि गुठियारहरूको माध्यमबाट व्यक्तिगत स्तरमा भने जस्तै सञ्चालित भएको कुराको चर्चा हामीले माथि गर्‍यौं । त्यस वेला गूठीको मुख्य उद्देश्य राष्ट्रिय अर्थतन्त्रमा सघाउ पुर्‍याउनुभन्दा पनि स्थापित धर्म-कीर्तिहरूको स्थायित्व र गर्नुपर्ने पूजाआजा जस्ता विधिविधानहरूलाई निरन्तरता प्रदान गर्न सहयोग पुर्‍याउनु रहेको देखिन्छ । तात्कालिक अवस्थामा जे-जति नीतिहरू बने, राजाका आज्ञाआदेशहरू जारी भए सबैले त्यही कुराको सङ्केत दिन्छन् । साँच्चै भन्ने हो भने त्यतिखेर राष्ट्रको अवश्यकता नै त्यही थियो । पछि विस्तार-विस्तार विशेषत: राजगूठीहरूलाई कालान्तरसम्म कायम गराउने दृष्टिकोणले स्वावलम्बी बनाउन शेषकसर बुझाउनुपर्ने गरी गूठी चलाउन विभिन्न व्यक्तिहरूलाई दिने चलन देखापर्‍यो । गूठीजग्गाहरूबाट केही आम्दानी आर्जन हुन सक्ने तथा तिनीहरूको समन्वय गर्न सके राष्ट्रको धार्मिक-सांस्कृतिक सम्पदाहरूको वर्चस्व हुने तथा धार्मिक जागरणमा पनि सघाउ पुग्ने परिकल्पनाबाट नै गूठीव्यवस्थामा संस्थागत वा आधुनिक स्वरूपको सूत्रपात भएको महसूस हुन्छ । राजगूठीहरूमा सो उद्देश्य प्राप्तिको लागि विविध प्रयोगहरू भए ।

पशुपतिअमालकोटकचहरी तथा भण्डारतहबिलको स्थापनाले गर्दा केही गूठीहरू ती निकायहरूको मार्गनिर्देशन र रेखदेखमा चल्न थाले । संस्थागत रूपबाट गूठीको स्वरूपको विकास हुनुअघि पनि देवी-देवताको गूठी, सदार्वत, पाटी-पौवा, धाराहरूको गूठी जाँच्ने काम हुन्थ्यो । वि.सं. १८६७ भन्दा अघि यो कामको जिम्मा गुरु-पुरोहितहरूको थियो । पछि त्यस कामको अख्तियारी बहादुर भण्डारीलाई दिएको कुरा वि.सं. १८६७ आषाढशुक्ल ६ रोज १ को लालमोहरबाट बुझिन्छ ।[४४] गूठीको गर्नुपर्ने कामहरू चले-नचलेको श्री ५ मा बिन्ती गरी नचलेको भए दानपत्रबमोजिम चलाउन लाउनु अख्तियारवालाहरूको कर्तव्य थियो । दानपत्रबमोजिम नभएमा, गुठियारले हिनामिना पारेको र खाएको भए जुन गूठीमा छ, त्यही गूठीमा कायम गराउने प्रमाङ्गी भएकोले गूठीलाई सुरक्षा गर्ने काममा त्यतिखेर पछि नपरेको देखिन्छ । गूठी हिनामिना गर्न अघि सर्नेलाई दण्ड हुन्थ्यो ।[४५] वि.सं. १८९४ मा गूठीसम्बन्धी कुराहरू पूजाविधि, गूठीको आम्दानीखर्च आदि जाँच्ने काममा गुरुज्यू जीवनाथ पण्डित नियुक्त भएका थिए । उनलाई भएको लालमोहरमा "गुठ सदाबर्त गैह्रको आमदनि खर्च बुझाई दिनु जसले आमदनि लुकाई-छपाई राषला, हिमायत गरी आमदनि षर्च बुझावेन गुठको जग्गा बाधा बिक्री गर्‍याको ठहर्ला त्यो गुठको कामदेषि षारिज होला" भनी लेखिएको छ ।[४६] यसबाट गूठीको मूल उद्देश्य अनुरूप गूठीको जग्गाको आम्दानी नियत कामहरूमा खर्च होस्, हिनामिना हुन नपाओस् भन्ने काममा दृष्टि पुर्‍याइएको बुझिन्छ । पछि अमानतव्यवस्थाको थालनी भएपछि राजगूठी-सम्बन्धी कार्यहरू भए-नभएको जाँच गर्ने काम गूठीजाँचअड्डाले गर्ने लक्ष्य राखी स्थापना भयो । गूठीव्यवस्थालाई संस्थागत रूपबाट अघि बढाउदै लग्ने क्रममा विभिन्न प्रयोगहरू भए । तिनीहरूमा (१) ठेक्काप्रथा र (२) अमानतव्यवस्था मुख्य मानिन्छन् ।

---

४४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४६ सङ्ख्या ।

४५ *ऐजन* ।

४६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९८ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८.२.१ ठेक्काप्रथा

राष्ट्रको अर्थतन्त्रमा गुठीव्यवस्थाबाट भरथेक हुन सकोस् भन्ने विचारधाराबाट राजगुठीहरूलाई शाहकालको प्रारम्भदेखि नै हेर्न थालिएको थियो । लिच्छविकाल र मल्लकालमा त्योभन्दा भिन्न गूठी कसरी स्थायी भई अटुट चल्न सक्छ भन्नेतिर दृष्टि पुऱ्याइएको थियो । श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरण शुरू गरेको केही समयपछि मात्र गूठीव्यवस्थाबाट राष्ट्रको आर्थिक पक्षमा केही सहयोग पुग्न सक्ने गरी हेर्न थालियो । मुख्यत: एकीकरणपश्चात् नेपालको विस्तारले गर्दा अर्थतन्त्रलाई समुन्नत बनाउनुपर्ने तथा बृहत् क्षेत्रमा फैलिएका कीर्तिहरूलाई जगेर्ना गर्नुपर्ने आवश्यकता पर्दै गएकोले पनि गूठीव्यवस्थालाई स्वावलम्बी बनाई त्यसबाट राष्ट्रलाई बढीभन्दा बढी सहयोग पुऱ्याउने विचार लिइएको अवगत हुन्छ । यो विचार राख्दा गूठीका सीमित जग्गाहरूबाट आर्थिक लाभको आशा गर्नुभन्दा पनि गूठी राख्ने कामलाई प्रोत्साहन दिई नयाँ-नयाँ जग्गाहरू आवाद गर्ने गरी भूमिको क्षेत्रफललाई बढाई राष्ट्रको अर्थतन्त्रमा केही हदसम्म सहयोग पुऱ्याउने दृष्टिकोण राखेकोले श्री ५ पृथ्वीवीरविक्रम शाहको पालासम्म पनि गूठी राख्ने काममा राजाहरूले गूठीको निमित्त जग्गा दिई हौसला दिएका अनेकौं उदाहरणहरू पाइन्छन् । परम्परागत गूठीव्यवस्थामा गूठी भन्नासाथै मोही, गुठियार, रै-रकमीहरूको आवश्यकता र तिनीहरूलाई गूठीजग्गाबाट हुने सहयोग तथा अन्तत: त्यसबाट धर्म-संस्कृतिको जगेर्नामा पुग्ने गरेको मदतलाई भुल्न सकिन्न ।

गूठीव्यवस्थामा ठेक्काप्रथा जन्मनुको पछिल्तिर पनि गूठीबाट राष्ट्रिय अर्थतन्त्रको समृद्धिमा केही बल पुगोस् भन्ने नै रहेको देखिन्छ । पुराना कागजपत्रहरूमा यसलाई 'इजारा' भनिएको पनि पाइन्छ ।[४७] ठेक्काप्रथा गूठीमा कहिलेदेखि प्रारम्भ भयो निश्चयका साथ भन्न सकिँदैन । महेशचन्द्र रेग्मीले यसको शुरुवात वि.सं. १८९४ देखि भएको मान्नुभएको छ ।[४८] तर वि.सं. १८३७ का दुइवटा पत्रहरूमा गूठीको 'इजारा' सम्बन्धी कुरा आएकोले उक्त भनाइ सत्य जँच्दैन । श्री ५ रणबहादुर शाहले दिएको लालमोहरमा पाटन भेगका केही गूठीहरू गुठियारबाट झिकी नन्दरामलाई वर्षको रु. ३५१।- मा ठेक्का दिएको कुरा परेको छ ।[४९] अर्को पत्रमा पनि उनैले पाटनको भीमसेन र मत्स्येन्द्रनाथका बिसेटहरूले रेखदेख गरेको पन्ध्रवटा गूठीहरू वैजनाथ उपाध्यायलाई तीन वर्षको निमित्त वर्षको सात सय त्रियासी रुपैयाँ सरकारमा बुझाउने गरी ठेक्का दिएको उल्लेख पाइन्छ ।[५०] त्यस्तै वि.सं. १८८४ को श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहरमा जीवराज बाँडाले मत्स्येन्द्रनाथमा सुनको विमान चढाउँदा राखेको गूठी वि.सं. १८५८ मा भाजुधन जैसीले इजारा पाउँदा सो गूठी पनि पाएको चर्चा छ । तर त्यस गूठीअन्तर्गत गर्नुपर्ने काममध्ये जीवराजले राखेको विमान (रथ) बिग्रँदा नबनाएकोले उनलाई पछि हटाइयो ।[५१] राजगूठीबाहेकका अन्य गूठीहरूमा ठेक्काप्रथाको चलन देखिँदैन । यो कुरा सोही पत्रमा उक्त गूठी राख्नेका सन्तानहरूले पुर्खाले राखेको गूठी आफैं चलाउने मनसाय व्यक्त गर्दा तात्कालिक सदरदफदरखाना, कुमारीचोक आदि अड्डाहरू तथा बूढा-पुराना मानिसहरूसँग बुझ्दा राजगूठी नठहरिएकोले ५० रोपनी १२ आना जग्गा भएको उक्त गूठीको जग्गा वार्षिक रु. २७५० पोता तिर्ने गरी गूठी राख्नेका सन्तानहरूलाई नै दिएकोबाट पनि बुझिन्छ । राजगूठीहरूलाई ठेक्का दिने यो क्रम चल्दै गयो । वि.सं. १८९४ सम्मको लागि भक्तपुरतलेजुमन्दिरको गूठीको ठेक्का लक्ष्मीदास नेवारले लिएका थिए । त्यही वर्ष

---

४७ विभिन्न देव-मन्दिरहरूको पूजाआजा एवं गूठीलाई ठेक्कामा दिएको भन्ने अर्थमा 'इजारा' शब्द उहिले प्रयोगमा आएको विभिन्न उल्लेखहरू पाइन्छन् ।

४८ Mahesh C.Regmi, *op.cit.*, foot note no. 38, p. 701.

४९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०० सङ्ख्या ।

५० परिशिष्टभाग, अभिलेखखण्ड (क), ९९ सङ्ख्या ।

५१ श्री ५ राजेन्द्रविक्रम शाहले अमृतानन्द, सुन्दरानन्द बाँडालाई वि.सं. १८८४ वैशाखशुक्ल १५ रोज ६ मा गरिदिएको लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल पो.नं. ८, २२४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्युन पुतवारले आफूले ठेक्का पाएका भक्तपुरदरबारसमेत जीर्णोद्धार गर्ने शर्तमा उक्त गूठीको दुइ तिहाइ जग्गा लिई सात वर्षको लागि ठेक्का लिएका थिए । त्यसको दुइ वर्षपछि स्युन पुतवारले पाएको जग्गाको तीन खण्डमा एक खण्ड मात्र पनि दिने हो भने वर्षको रु. २००।- रुपैयाँमा ठेक्का लिने कुरा लक्ष्मीदास नेवारले गर्दा सरकारले मञ्जुर गऱ्यो ।[५२] त्यस्तै वि.सं. १८९९ मा भक्तपुरको नीलकण्ठेश्वरनाथमठको ४३५ रोपनी जग्गा वर्षको रु.२००।- बुझाउने गरी ठेक्कामा दिइएको थियो ।[५३] ठेक्काप्रथालाई राष्ट्रले नै अङ्गीकार गरेकोले विशेषत: राजगूठीहरूमा यो चलन व्यापक बन्दै गइरहेको थियो । यक्ष मल्ल र जीव मल्लले पशुपतिमा राखेको संसारदेवीगूठी पनि कालान्तरमा ठेक्काद्वारा चल्यो । सम्भवत: यो वि.सं. १८६७ पछि नै ठेक्काद्वारा चल्न शुरू भयो । वि.सं. १९३१ मा गएर बल्ल सत्र जना गुठियारहरूको नाउँमा यसलाई छुटगूठी गरियो । राजगूठीहरूलाई अमानत गर्ने सिलसिला चलिरहेको बखत उक्त गूठी अमानत गर्न खोज्दा वि.सं. १९८२ सम्म सत्र जनामध्येका एक जना गुठियार जीवितै भएकोले उनको ज्यूँताभर उनलाई छुट चलाउन दिई त्यसपछि मात्र अमानत गर्ने निर्णय भएको थियो ।[५४] त्यस्तै पशुपतिको महाबलिगूठी,[५५] पशुपतिमा जल चढाउने गूठी,[५६] पशुपतिमा रुद्री गरी जल चढाई चतुर्मासामा गुह्येश्वरीमा पाठ गर्ने गूठी[५७] तथा पशुपतिको नित्यपायसगूठीहरू[५८] पनि अमानतव्यवस्थाअन्तर्गत गूठी निकायहरूबाट सञ्चालन हुनुअघि केही समयसम्म ठेक्काप्रथाबाट नै चलेका थिए । वंशराज पाँडेले पशुपतिमा राखेको सालिकगूठी पनि ठेक्काबाट चलेको थियो । वि.सं. १९७१ मा त्यो गूठीको ठेक्का वयानप्रसादले लिएका थिए ।[५९] कहीं-कहीं पुजारी नै यस्ता गूठीका ठेकदार भएको पनि उल्लेख पाइएको छ । गुह्येश्वरीको नित्यगूठीको ठेकदार त्यहींका पुजारी ललितनारायण कर्माचार्य थिए ।[६०]

राजगूठीहरूलाई सुदृढ एवं निर्दिष्ट दिशाबोध दिने सन्दर्भमा श्री ५ सुरेन्द्रविक्रम शाहको राज्यकाल उल्लेखनीय मान्नुपर्छ । गूठीव्यवस्थालाई राष्ट्रको अर्थतन्त्रको निमित्त अझ सहयोगी बनाउने नीतिलाई त्यस वेला गरिएका प्रयासहरूले नै पछि गएर राजगूठीहरूलाई संस्थागत रूपमा विकास गर्न ठूलो सघाउ पुऱ्याएको स्मरणीय छ । वि.सं. १९०९ मा सर्वप्रथम राजगूठीअन्तर्गतका गूठीहरूको सञ्चालनमा लाग्ने खर्च तथा आम्दानीको विवरणका साथै सम्बन्धित गूठीको जग्गाको नाउँ, ठाउँ र ती जग्गाहरूबाट हुने जिन्सी, नगद, आम्दानीको लगतअभिलेख तयार पारी शेषकसर बुझाउनुपर्ने गरियो ।[६१] समय, परिस्थिति र मूल्यवृद्धिका कारण अगाडि-अगाडि स्थापना भएका गूठीहरू चल्नु गाह्रो भएकोले वि.सं. १९०९ मा तात्कालिक भाउबेसा अनुकूल पारी लगत तयार पारिएको थियो । पछि सोही लगतअनुसार गूठीअन्तर्गत गर्नुपर्ने कामहरू गर्न ठेक्का दिइयो । साथै दानपत्र, शिलापत्र एवं लालमोहरहरूमा नियत

---

५२ Mahesh C. Regmi, *op.cit.*, foot note no. 38, p. 701.

५३ *Ibid.*

५४ वि.सं. १९८२ वैशाखको संसारदेवीगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ४४६ लगतसङ्ख्या ।

५५ वि.सं. १९७८ चैत्रको महाबलिगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३८२ लगतसङ्ख्या ।

५६ वि.सं. १९७४ वैशाखको पशुपतिनाथमा वैशाख महीनाभर जल चढाउनेलाई च्यूरा बाँड्ने गूठी, गूठीलगत तथा तहबिलकार्यालय, वटुक १७२ लगतसङ्ख्या ।

५७ वि.सं. १९७६ वैशाखको पशुपतिनाथमा रुद्री गरी जल चढाउने तथा गुह्येश्वरीमा पाठ गर्ने गूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २७१ लगतसङ्ख्या ।

५८ वि.सं. १९७६ भाद्रको नित्यपायसगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २८३ लगतसङ्ख्या ।

५९ वि.सं. १९७१ माघको सालिकगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ४१ लगतसङ्ख्या ।

६० वि.सं. १९७१ फाल्गुनको गुह्येश्वरीको नित्यपूजागूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३३ लगतसङ्ख्या ।

६१ वि.सं. १९७५ पौष १२ रोज ५ को यो पूर्जीको फोटो तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा सि.नं. ६ प १।५७ मा थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएका कार्यहरू सुचारु रूपले चलेका केही गूठीहरूलाई यथावत् चलाउन दिई तथा केहीलाई ठेक्कामा एवं अरू चल्न नसकेका राजगूठीहरूलाई अमानत गरी गूठीबन्दोबस्तअड्डामार्फत सञ्चालन गरिन थालियो । गूठीअन्तर्गतका कामहरू सम्पन्न गरी जसले बढी रकम सरकारलाई बुझाउँछ, त्यस्ता व्यक्तिहरूलाई ठेक्का दिने चलन ज्यादातर देखिन थाल्यो । ठेक्काद्वारा चलिरहेका कुनै गूठीहरूलाई पछि छुटगूठी गरी चलाउन दिएको पनि देखिन्छ । यसको खुलस्त कारण बताउन सकिन्न । सम्भवत: अघि शेषकसर खानु भनी व्यक्तिविशेषलाई दिइएका गूठीहरू उनीहरूलाई मिचेर अन्यथा गर्न नहुने तात्कालिक व्यवस्थाको कारण नै यसो भएको हुन सक्छ । वि.सं. १९३१ द्वितीय आषाढकृष्ण १ रोज ३ को पशुपतिको भाजुदेवलको गूठीजग्गा वर्षको रु. २३।५० मा ठेक्का दिई आएकोमा नृपेन्द्र मल्लको पालादेखि नै शेषकसर खानु भन्ने शिलापत्र भएको हुनाले गूठीकचहरीको बहीबाट खारेज बेतालुक गरी गुठियारहरूको नाउँमा छुटगूठीको सनद गर्ने वेहोरा परेकोले पनि माथिको कुराको केही पुष्टि हुन्छ ।[६२]

मठमन्दिरको तामापत्र, शिलापत्रमा लेखिएबमोजिमको नित्यनैमित्तिक पूजाआजा, मन्दिरको जीर्णोद्धार तथा जगेडा राख्नुपर्ने राखी सलामी, ठेक, ठेकदारले सरकारमा बुझाई फारखती लिनुपर्दथ्यो । यस्ता ठेकदारले अघिदेखि दानपत्र, लालमोहर, तामापत्र, शिलापत्रमा नाउँ दरिएका पुजारी, गुठियार, कामदारहरूलाई विनाकसुर खोस्न पाइँदैनथ्यो । कबुलबमोजिम गूठी चलाई पुजारी कामदारलाई दिनुपर्ने रकम ठेकदारले नै दिनुपर्दथ्यो । दैवागत पऱ्यो भनी यस्ता ठेकदारहरूले मिन्हामोजरा माग्न पाउँदैनथे ।[६३] ठेक्का एकसाला (वर्ष), त्रिसाला, पञ्चसाला, दशसालाको दिने चलन थियो । सरकारलाई बुझाउनुपर्ने ठेक रकमहरू किस्ताबन्दीको रूपमा पनि बुझाउन सकिन्थ्यो । नुवाकोटस्थित स्वच्छन्दभैरवका ठेकदारलाई जङ्गबहादुरले वि.सं. १९१२ भाद्रशुक्ल ८ रोज ४ मा लेखेको पत्रमा उक्त भैरवको गूठी चलाउने गरी वार्षिक रु. ४६।- रुपैयाँमा ठेक्कामा दिएकोमा आश्विनमा मुङगडा किस्ताको रूपमा रु. २३।- र मङ्सिरमा चुक्तारकमस्वरूप रु. २३।- बुझाउने गरी ठेक्का दिइएको थियो । ठेकरकम गूठीकचहरीमार्फत सरकारमा बुझाउनुपर्थ्यो । ठेकबमोजिमको रकम समयमा दाखिल गर्न नसकेमा कबुल गरेको मिति नाघेको मितिदेखि ब्याजसमेत गरी बुझाउनुपर्दथ्यो । ठेकदारहरूले दानपत्र, शिलापत्र, तामापत्र, सनद, पञ्जिलबमोजिम अघिदेखि चलिआएको नित्यनैमित्तिक पूजा, वर्षवर्द्धन, सदाबर्त आदि जे-जे गर्ने भनी गूठी राखिएको हो, त्यहीअनुसार चलाउने कार्यमा सघाउ पुऱ्याउन समयमा रकम उपलब्ध गराउनु दायित्व र कर्तव्य थियो । त्यसको विपरीत भएमा बिगोबमोजिम दण्ड तिर्नुपर्दथ्यो । आफूभन्दा अगाडिको ठेकदारले जिम्मा दिएको नगद, गहना, भाँडाकुँडा, जिन्सी आदि चोरियो वा हरायो भने बहालवाला ठेकेदारले भर्ना गर्नुपर्ने चलन थियो । देवालय अनायास भत्कियो वा सम्भार गर्दागर्दै गहना, भाँडाकुँडा टुटफुट भयो भने गूठीकचहरीमा गई जाहेर गर्नुपर्दथ्यो । नयाँ ठेकेदार नियुक्त भएर नआउञ्जेलसम्म गर्नुपर्ने नित्यनैमित्तिक पूजाआजा पुरानो ठेकदारले नै गरी नयाँ बहाली भई आएपछि आफ्नो बढी गएको रकम लिने चलन थियो ।[६४] परम्परागत धार्मिक कार्यहरू कुनै पनि हालतमा अड्काउनु हुन्नथ्यो । यस प्रथामा एक जना ठेकेदारले एकभन्दा बढी मठमन्दिरको जिम्मा लिएको पनि देखिन्छ । वि.सं. १९३१ मार्गशुक्ल ८ रोज ४ को थापाथलीबन्दोबस्तअड्डाले ठेकेदार हर्षनारायण मानन्धरको मातहतका कर्मचारीहरूलाई लेखेको पत्रमा जङ्गनन्दप्रकाशेश्वर, जङ्गहिरण्येश्वर, जङ्गहिरण्यहेमनारायण, जङ्गहिरण्यहेमसरस्वती, जङ्गहिरण्यहेमलक्ष्मीका मन्दिरहरूका

---

६२ परिशिष्टभाग, अभिलेखखण्ड (क), २८१ सङ्ख्या ।

६३ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी २ सङ्ख्या, १०३ पृष्ठ ।

गूठीकचहरीले नुवाकोटनारायणगूठीका ठेकदारलाई वि.सं. १९३० ज्येष्ठकृष्ण ५ रोज ७ मा लेखेको पत्रमा भनिएको छ- "तिम्रा कबुल बमोजिमका गूठीका जग्गा जमीन षेत पाषामा षोलो पैरो लाग्यो, आगो, असिना, सुषा वालवुर्ज, दैवी पऱ्यो, वाली पाकेन, डढ्यो, मोही भाग्यो भन्या श्री ५ सर्कारबाट एक दाम मिन्हा पाउने छैनो तिम्रा घरघरानाबाट गूठी सदावर्त गैह्र काम कत्ति नघटाई चलाई दैवी प-याको वाली मोहीलाई अैन वमोजिम मिन्हा दिनु...."

६४ *ऐजन*, १०७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गूठीका खेतहरूको व्यवस्था नभएसम्म थापाथलीबन्दोबस्तले दिएको लगतबमोजिम खर्च गरी चलाउनु भनिएको छ ।[६५] राणा प्रधानमन्त्री एवं परिवारहरूले राखेका गूठीहरूको ठेक्का आदि दिने काम थापाथलीगूठीबन्दोबस्तअड्डाले गर्दथ्यो । यसैलाई पछि श्री ३ गूठीबन्दोबस्तअड्डाको नामले सम्बोधन गरिन थालियो । ठेक्काप्रथाद्वारा गूठी चलाउने चलन वि.सं. १९४८ सम्म पनि केही न केही रूपमा चलिरहेको थियो । त्यसपछि भने अमानत गरी गूठीनिकायमार्फत राजगूठीहरूको सञ्चालन हुने चलनको सूत्रपात भयो । पशुपतिनाथमन्दिरसँग सम्बन्धित केही राजगूठीहरूको शेषकसर पशुपतिको ढुकुटीमा बुझाउनुपर्दथ्यो । त्यस्ता शेषकसरहरू कुनैमा आधा ढुकुटी दाखिल गरी आधाचाहिँ गुठियारहरूलाई खुवाइने गरेको पनि पाइन्छ । सन्ध्याआरतीभोग, पायसभोग र नित्यबालभोगगूठीको बाँकी कसरमध्ये आधा पशुपतिको ढुकुटी दाखिल गर्ने तथा आधा ढुकुटी दाखिल गर्नु नपर्ने थियो । उक्त गूठीमा काम गर्ने रै-रकमीहरूलाई खान्गीको व्यवस्था नभएकोले पनि त्यस्तो व्यवस्था भएको हुन सक्छ ।[६६]

८.२.२ *अमानतप्रथाको थालनी*

गूठीको संस्थागत स्वरूपको विकासको क्रममा राजगूठीमा अमानत प्रक्रिया नवीन प्रयोगको रूपमा थालनी भयो । यहाँ सरकारी निकायबाट प्रत्यक्ष हेर विचार पुऱ्याई सञ्चालन गरिएको गूठीसम्बन्धी कामलाई 'अमानतगूठी' शब्दले बुझाउँछ । 'अमानत' उर्दू शब्द हो । राजगूठीमा अमानतप्रथा वि.सं. १९७७ देखि पूर्ण रूपमा प्रारम्भ भएको हो ।[६७] साँच्चै भन्ने हो भने ठेक्काप्रथाले गर्दा नै अमानतव्यवस्थाको अपरिहार्यता परेको हो भन्दा अत्युक्ति हुँदैन । ठेक्काप्रथाको शुरुवातले गर्दा पहिले कुनै पनि राजगूठीको व्यवस्थापनमा सम्बद्ध रहेका गुठियार, अधिकारी जस्ता व्यक्तिहरू परम्परागत कार्य गर्नुबाट च्युत भइसकेका हुनाले गूठीसम्बन्धी कामकारवाहीको निमित्त तथा रेखदेखको लागि सरकारको तर्फबाट कुनै गूठीनिकाय स्थापना हुनुपर्ने अनिवार्यता भयो । जसले गर्दा जङ्गबहादुरको प्रधानमन्त्रित्वकालमा तिनै कार्यहरू गर्ने उद्देश्यले गूठीबन्दोबस्तअड्डाको स्थापना हुन गयो । त्यसपछि राजगूठीको लगतको साथै आम्दानीखर्चको विवरणदेखि लिएर गूठीअन्तर्गत गर्नुपर्ने कार्यहरूको सिलसिलेवार विवरण वि.सं १९०९ मा तयार भयो ।[६८]

गूठीको आवश्यक विवरणहरू सबै तयार भइसकेपछि तथा गूठीको सञ्चालन संस्थागत रूपबाट गरे फाइदा हुन्छ भन्ने धारणाबाट नै अमानत प्रथाको शुरुवात भएको अनुमान हुन्छ । ठेकेदारहरूबाट चाहे मुताविकको काम हुन नसकेको वा गुठियारहरूले अर्थोपार्जनमा मात्र ध्यान दिएकोले पनि हुनसक्छ राजगूठीलाई सरकारले प्रत्यक्ष नीति-निर्देशनमा सञ्चालन गर्ने अभिभारा लियो । प्रारम्भमा अमातन भएका गूठीहरूको सञ्चालन अमानतअड्डाबाट भएको थियो कि भन्ने अनुमान हुन्छ । वि.स.१९४८ आश्विनकृष्ण १ को पशुपतिनाथमन्दिरको पूजाआजासम्बन्धी लगतमा पशुपतिनाथको फर्मायशी पानसमा सूर्य अस्ताएदेखि उदय नहुञ्जेलसम्म बत्ती बाल्ने गूठी पशुपतिनाथको महीनावारी महास्नानगूठीको ठेकामध्ये रु.७५०।- लिई खर्च चलाउनुपर्ने भनेबमोजिम १९४७ सालसम्म मुखिया कृष्णमान सिंहले चलाइआएको उल्लेख गर्दै "हाल अमानत अड्डाबाट चलाउनु भन्या रपोट सदर गरी बक्स्या वमोजीम ४८ (१९४८) सालदेखि अमानतबाट चलाएको"[६९] भन्ने लेखिएकोले अमानतबाट गूठी चलाउने कामको प्रारम्भ वि.सं.

---

६५ थापाथलीवन्दोबस्तअड्डाले तात्कालिक गूठीका ठेकेदार हर्षनारायण मानन्धरलाई वि.सं. १९३१ मार्गशुक्ल ८ मा लेखेको पत्र । गूठीलगत तथा तहबिलकार्यालय ।

६६ परिशिष्टभाग, अभिलेखखण्ड (क), २८२ सङ्ख्या ।

६७ Mahesh C. Regmi, *op.cit.*, foot note, no. 38, p.704.

६८ गूठीलगत तथा तहबिलकार्यालयमा भएका लगत विवरणको अध्ययनबाट यो कुरा थाहा हुन आएको छ ।

६९ वि.सं. १९४८ को फर्मायशी पानसगूठीको लगत । काठमाडौंगूठीखर्चकार्यालय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९४८ को हाराहारिमा भएको सङ्केत मिल्दछ । तर त्यतिखेर केही गूठीहरू मात्र अमानत भएका थिए । अमानतव्यवस्थाअन्तर्गत चलाइने भएपछि ठेक्काद्वारा गूठी चलाउने कार्य स्वतः हट्यो । अमानतव्यवस्थाको थालनी भइसकेपछि पशुपतिमन्दिरसँग सम्बन्ध राख्ने कुन-कुन गूठीहरू त्यस व्यवस्थाअन्तर्गत चलाइन थालियो, प्रामाणिक कागजहरूको अभावमा विस्तृत रूपले थाहा हुन सक्तैन । जे होस्, अमानतव्यवस्था राजगूठीहरूमा लोकप्रिय हुँदै गयो । वि.सं. १९५८ मा काठमाडौँको सुन्धारागूठी अमानत भयो । यो कुरा हर्षराजको बिन्तीपत्रबाट बुझिन्छ ।[७०] अमानत हुनुभन्दा अगाडि त्यस गूठीमा काम गर्न दरिएका डकर्मी, लोहकर्मीसमेतको व्यवस्था भएकोमा अमानतव्यवस्थाद्वारा चलाउन थालेपछि सबै हटाइयो । पछि पुनः त्यस गूठीलाई ठेक्कामा चलाउन दिएको उल्लेख पाइन्छ ।[७१] यसबाट एकताका ठेक्काद्वारा चलाइएको गूठीहरू अमानतपछि ठेक्कामा चलाउन पनि दिन सकिने देखिन्छ । अमानतव्यवस्थालाई व्यापक रूपमा लागू गर्ने क्रममा वि.सं. १९५९ मा काठमाडौँ अधित्यकाका एकचालीसवटा गूठीहरू एकै पटक अमानत गरिए । तिनमा पशुपतिनाथका गूठीहरू पनि पर्छन् । त्यसबाहेकका अन्य गूठीहरू ठेक्काबाट चलाइएको देखिन्छ । वि.सं. १९६३ साल वैशाख १० गते रोज ५ को पत्रमा सुब्बा कुलानन्द झाले पशुपतिमा राखेको सदाबर्तगूठीको ७६९ रोपनी जग्गासहितको ठेक्का गूठीबन्दोबस्तअड्डामार्फत कुंसालटोल बस्ने शमशेरबहादुर श्रेष्ठले ठेक्का लिएको[७२] एवं सोही सदाबर्तअन्तर्गतको पाटन बाहामलको घट्ट वि.सं.१९६० मा वर्षको रु.२२५।- ले तीन वर्षको लागि ठेक्का दिइएको उल्लेखहरूले अमानतको साथसाथै ठेक्काप्रथा पनि कायम रहेको बुझिन्छ । वि.सं. १९७७ देखि भने सबै राजगूठीहरू अमानत गरिए । अमानत गरिएपछि हरसम्भव खर्च घटाई आम्दानी बढाउने नीतिको अवलम्बन गरियो । तत्काल यो कार्य राम्रो जस्तो देखिए तापनि यसको असर पछि गएर गूठीव्यवस्थालाई कमजोर पार्ने कारणहरूमध्ये एउटा हुन गयो ।

बेवारिसतुल्य रहेका गूठीहरू एवं नियत काम चल्न नसकी असरल्ल परेका गूठीहरू तथा हकअधिकार नभई भोग गरिएका गूठीहरू पनि अमानत गर्दै लाने नीति अमानतव्यवस्थाको थालनीको दोस्रो चरणदेखि शुरू भयो । पशुपतिमा विभिन्न पर्वउत्सवमा चाकमत बाल्न तथा पञ्चामृतस्नान गराउन वि.सं. ८३९ (वि.सं. १७७६) मा कृष्णधर भारोले राखेको गूठी, कुलानन्द झाले राखेको सदाबर्तगूठी, त्यस्तै पशुपतिमा रुद्री गरी जल चढाउने र चतुर्मासाभरि गुह्येश्वरीमा 'गुह्येश्वरीस्तोत्रपाठ' गर्नको निमित्त शिवशङ्करले राखेका गूठीहरू यही क्रममा अमानत भएका हुन् । यस्ता धेरै उल्लेखहरू पाइन्छन् ।

अमानत भएपछि अमानत भएका गूठीहरूको जग्गाको असूलतहसिल गर्ने, पर्वपूजाको निमित्त चाहिने आवश्यक सामग्रीहरू जुटाइदिने एवं गूठीअन्तर्गत गर्नुपर्ने कामहरू भए-नभएको हेर्ने काम क्रमशः गूठीतहसिलअड्डा, गूठीखर्च-अड्डा तथा गूठीलगतअड्डाहरूले गर्न थाले । गूठी अमानत भएपछि त्यहाँ गुठियार तथा गूठीरै-रकमीहरूको कुनै स्थान रहेन । तहसिल गर्ने, खर्च गर्ने काम अड्डाको मातहतबाट चल्ने भएपछि उनीहरू निष्क्रिय बन्न पुगे । छुटगूठी एवं अमानतबाट चलेका गूठीहरूको रेखदेख र अन्य आवश्यक पर्ने काम कुराहरू गर्नको लागि गूठीबन्दोबस्तअड्डा केन्द्रीय स्तरमा कार्यरत थियो । गूठीखर्च, गूठीलगत, गूठीतहविल तथा गूठीतहसिलअड्डाहरू गूठीबन्दोबस्तअड्डाको मातहतमा चल्दथे । प्रारम्भमा काठमाडौँमा मात्र ती अड्डाहरू स्थापित थिए । वि.सं. १९९१ देखि भक्तपुरमा पनि गूठीखर्चअड्डाको स्थापना भयो ।[७३] भक्तपुर गूठीखर्चअड्डाले भक्तपुरका राजगूठीहरूको अतिरिक्त त्यहाँ राखिएका

---

७० वि.सं. १९६४ वैशाख ३ गते रोज २ को हर्षराजको बिन्तिपत्र । गूठीलगत तथा तहबिलकार्यालय, काम बाँकी पोका, ४ सङ्ख्या, फाइल ७४ सङ्ख्या ।

७१ ऐजन ।

७२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३२८ सङ्ख्या ।

७३ Mahesh C. Regmi, *op.cit.*, foot note no. 38, p. 713.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गूठीजग्गाको आयस्ताबाट अन्त चलाउनुपर्ने गूठीका कामहरू पनि चलाउंदथ्यो । भक्तपुरमा तहसिलको काम गर्ने छुट्टै अड्डाको स्थापना नहुञ्जेलसम्म काठमाडौँगूठीतहसिल अड्डाबाटै डोर गई निश्चित अवधिसम्म काम गर्ने गरेको देखिन्छ ।[७४] गूठीलगतअड्डाको कार्यक्षेत्रअन्तर्गत अमानत हुने गूठीहरूको लगत तथा गूठीसम्बन्धी जति पनि लालमोहर, सनद, सवाल आदि छन्, तिनको सङ्कलन गर्ने पनि रहेको छ । त्यसै कारणले गर्दा पहाडबन्दोबस्तअड्डा, जैसीकोठा आदिमा भएका गूठीसँग सम्बन्धित सक्कल लालमोहरका नक्कलहरू परिश्रमपूर्वक सारेर गूठीलगतअड्डामा राखिएको अझै पनि देख्न पाइन्छ । राजगूठीहरूको वक्यौता बाली उठाउने काम कालमोचनस्थित 'बालीबक्यौताअड्डा' ले गर्दथ्यो । पछि यो अड्डा खारेज भयो । अहिले गूठीको वक्यौता उठाउने कुनै खास निकाय छैन । फलस्वरूप करोडौं रुपैयाँ बराबरका जिन्सी एवं नगदहरू वक्यौता रहेकोले गूठीसंस्थान सङ्कटमा परेको छ ।

गूठीसम्बन्धी कामको बोझ बढ्दै गएपछि गूठीका कागजपत्रहरू सुरक्षित र भनेको वेलामा उपलब्ध गर्नसक्ने तुल्याउन वि.सं. १९९५ श्रावण १६ गते गूठीतहबिलफाँटको स्थापना भएको थियो । यसको पहिलो हाकिम भएर मुखिया भैरवलाल श्रेष्ठले काम गरे ।[७५] उनले गूठीतहबिलफाँटको आवश्यकता परेको अवगत गराएअनुरूप त्यस फाँटको स्थापना भएको थियो । राजगूठीसँग सम्बन्धित कुनै पनि मठ, मन्दिर एवं सदाबर्त आदिका कागजपत्रहरू त्यस फाँटले सुरक्षितसाथ राख्ने लक्ष्यअनुसार छुट्टै फाँटको रूपमा काम गर्दै आइरहेकोमा पछि गूठीलगत र तहबिल गाभिई एउटै अड्डा भए ।

काठमाडौं अधित्यकाबाहिर राजगूठीहरूको बालीतहसिल एवं पूजाआजाको लागि खर्च गर्ने काम मालपोत-अड्डाहरूले गर्दथे । अहिले पनि जहाँ गूठीसंस्थानअन्तर्गतका कार्यालयहरू छैनन्, त्यहाँ राजगूठीसम्बन्धी त्यस्ता कामहरू मालपोतकार्यालयहरूले गर्दछन् । त्यसको अतिरिक्त गूठीजग्गाहरू र कामको बोझ हेरी केही मन्दिरहरूमा छुट्टै आफ्ना स्वतन्त्र कार्यालयहरू पनि छन् । पशुपतिनाथको केही गूठीहरूको रेखदेख, तहसिल, खर्च आदि कामहरू गर्नाको लागि पशुपतिभण्डारतहबिल, पशुपतिअमालकोटकचहरी, त्यस्तै जयवागीश्वरीमन्दिरमा जयवागीश्वरीभण्डारतहबिल तथा पाटनस्थित मत्स्येन्द्रनाथको गूठीसम्बन्धी कामहरूको रेखदेखको लागि ललितपुरगूठीतहसिल तथा खर्चकार्यालय छ । पशुपतिनाथमा रहेका पशुपतिभण्डारतहबिल, जयवागीश्वरीभण्डारतहबिल तथा पशुपतिअमालकोटकचहरी पशुपतिनाथको मूलपुजारीको मातहतमा सञ्चालित छन् । जनकपुरस्थित मटिहानीमा पनि छुट्टै मटिहानीगूठीतहसिल तथा खर्चकार्यालय छ । तिनीहरूको अतिरिक्त राजगूठीसम्बन्धी कामहरू हेर्न महोत्तरी, भैरहवा, मोरङ, वीरगञ्ज आदि ठाउँहरूमा गूठी तथा खर्चकार्यालयहरू छन् । गूठीमा अमानतव्यवस्था शुरू भएपछि ती कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई गूठीकै आम्दानीले तलब खुवाउने प्रबन्ध भयो । यस प्रकार गूठीलाई धर्म-संस्कृतिसँग सम्बद्ध गूठीका कार्यहरूका साथै अन्य लोकोपकारी एवं समाज हितका कार्यहरू गर्न अग्रसरता देखाइँदै जान थालियो । प्रारम्भमा अमानत गरिँदा सनदवालाका सन्तानहरूलाई पूर्ण रूपमा नहटाई उनीहरूबाट मदत लिन पनि प्रयास गरिएको देखिन्छ । पशुपतिनाथको पञ्चामृतस्नानगूठीबाट गर्नुपर्ने नियत कार्यहरू हुन नसकेकोले वि.सं. १९७० को बालीदेखि गूठीबन्दोबस्तअड्डामा लगत कसी अमानत गरियो । तर त्यस गूठीको सनदवालाका सन्तान पूर्णगोपाल झालाई गूठीजग्गाको असूलतहसिलको काम गरुञ्जेलसम्मको लागि वार्षिक रु. १००।- दिने निर्णय गरिएकोबाट उक्त कुराको पुष्टि हुन्छ ।[७६]

---

७४ वि.सं. १९९६ सालमा गूठीखर्चअड्डालाई भएको अख्तियारी सवाल, १४ दफा ।

७५ वि.सं. १९९५ साल भाद्र १६ गते जयवागीश्वरीभण्डारतहबिललाई भएको खड्गनिशाना । यसको सक्कलप्रति पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

७६ श्री ५ त्रिभुवनवीरविक्रम शाहको वि.सं. १९६९ फाल्गुन ८ रोज ४ को लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल कि.नं. १, १६९ सङ्ख्या, २२२-२२५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिरसँग सरोकार राख्ने राजगूठीहरू जुन पशुपतिभण्डारतहबिल तथा पशुपतिअमालकोट-कचहरीमार्फत चलेका छन्, तिनीहरूअन्तर्गतका गूठीका कार्यहरू गरी बचेको रकम पशुपतिनाथको ढुकुटी दाखिल गर्नुपर्ने चलन छ । यसो भए तापनि त्यहीँ आम्दानीबाट पशुपतिमन्दिरको निर्माण-जीर्णोद्धारको काममा लगाइने गरेको पनि देखिन्छ । शाहकालको प्रारम्भताका पशुपतिमन्दिरको गूठीको आम्दानीबाट पूजाआजालगायत के-के कामहरू गर्नुपर्ने हो त्यो गरी बचेको रकमले पशुपतिक्षेत्रका मठमन्दिर, घाटपाटी, बाटो बनाउनुपर्दथ्यो ।[७७] तर अहिले त्यस्ता कामहरू हुन सकेका छैनन् । पशुपतिनाथमन्दिरमा चढाइने दक्षिणाभेटी आदि रकमहरू पशुपतिनाथको ढुकुटीमा ज्यादै नगण्य मात्र जम्मा भई सम्पूर्ण नगदी आम्दानी पुजारी तथा भँडारीहरूबीच भागबण्डा लगाई खाने गरिएको हुनाले आम्दानीको ठूलो भाग व्यक्तिगत सम्पत्तिसरह हुन पुगेकोले पशुपतिनाथमन्दिरको आयस्ताबाट न पशुपतिनाथमन्दिरको मर्मत-जीर्णोद्धारमा न त त्यसक्षेत्रको सुधार तथा विकासमा नै कुनै सघाउ पुग्न सकेको छ ।

अमानतव्यवस्थाले गर्दा गूठीको आम्दानीको स्रोत बढ्न गयो । जङ्गबहादुरको प्रधानमन्त्रित्वकालमा त्यस रकमलाई राजस्वकै रूपमा प्रयोग गर्न थालिएको थियो । तर चन्द्रशमशेरको प्रधानमन्त्रित्वकालमा भने गूठीको आम्दानीलाई साधारण राजस्वबाट अलग राखी धार्मिक तथा लोकोपकारी कार्यहरूमा लगाउने नीति तय गरियो ।[७८] गूठीका कामहरू गरी बचेका मौज्दातहरूबाट तराईका जिल्लाहरूमा अस्पताल खोल्ने, आयुर्वेदिक औषधालयहरू खोल्ने तथा अङ्ग्रेजी र नेपाली भाषाका विद्यालय एवं छात्रावास खोल्ने काममा पनि गूठीका आम्दानीहरू लगाइने नीति बनाइयो । जुद्धशमशेरको प्रधानमन्त्रित्वकालमा सो नीतिमा केही फेरबदल भयो ।[७९] जसअनुसार शैक्षिक, आयुर्वेदिक, खानेपानी, सडक निर्माण तथा पुलहरूको निर्माण सरकारको साधारण राजस्वबाट सम्पन्न गरी हण्डी, कुष्ठरोगी तथा गूठीको प्रशासनको काममा मात्र राजगूठीका आम्दानीहरूलाई लगाउने व्यवस्थाको प्रारम्भ भयो ।[८०] यस प्रकार के देखिन्छ भने राजगूठीहरूको नियत कामहरू गरी बाँकी रहने रकमहरूबाट समाजहितका कामहरू गर्ने परम्पराको थालनी गूठीव्यवस्थामा आधुनिकताको प्रवेश भएपछि भएको हो । गूठीकचहरीले गरीब-कङ्गालहरूको आवश्यक खानपिनको व्यवस्था यस्तै रकमबाट गर्दथ्यो ।[८१] बाह्र वर्षदेखि मुनिका बालक र साठी वर्ष नाघेका बूढाबूढी र आफ्ना नातागोता र सम्पत्ति नभएका हिँडडुल गर्न नसक्नेहरूलाई साँझ-बिहान गूठीकचहरीले सदाबर्तको हण्डी उपलब्ध गराइदिनुपर्थ्यो ।[८२] गूठीको आम्दानीबाट समाजसेवाको कार्यहरू गर्ने कामले बढावा पाउँदै गयो । तीन वर्ष मुनिका टुहुरा दूधे बालकहरूलाई धाई जिम्मा दिई हुर्काउने, बढाउने र बालकको तीन वर्षको उमेर नहुञ्जेलसम्म धाईलाई दिनको दुइ हण्डी र वर्षको २ जोर कपडा तथा बालकलाई तीन वर्ष नपुगुञ्जेलसम्म रोजको एक हण्डी दिने व्यवस्था भयो । त्यसपछि छोरो रहेछ भने १६ वर्षमा सरकारी काममा लगाउने, छोरी रहिछे भने एघार वर्षको उमेरमा विवाह गरिदिने र त्यतिञ्जेलसम्म तिनीहरूको स्याहार-सम्भार गर्ने काम पनि राजगूठीकै आम्दानीबाट गर्ने व्यवस्था रह्यो ।[८३] नेपालमा समाजसेवामा अग्रणी भूमिका निर्वाह गर्न शुरूमा गूठीव्यवस्थाबाट जुन सक्रिय योगदान रह्यो, त्यो चिरस्मरणीय बनेको छ । गूठीको संस्थागत रूपमा विकास हुँदै गएपछि समाजका दीन-दुःखी, गरीब-कङ्गाल, महारोगी नाबालकहरूलाई साँझबिहानको खाना र लाउनको लागि कपडा उपलब्ध गराउनु गूठीकचहरीको कर्तव्य

---

७७ वि.सं. २०४३ सालमा पशुपतिनाथमन्दिरको प्रदक्षिणापथको भित्तामा सङ्गमर्मर, वासुकिमन्दिरमा रङ्गरोगन तथा चाँदीको जलहरी सोही आम्दानीबाट भएको थियो ।

७८ वि.सं. १९७४ को *मुलुकी सवाल,* ७७ दफा, ७९-८३ पृष्ठ ।

७९ वि.सं. १९९३ को *मुलुकी सवाल,* १३ दफा, १९७-१९८ पृष्ठ ।

८० ऐजन ।

८१ *श्री ५ सुरेन्द्रविक्रम शाहको शासनकालमा बनेको मुलुकी ऐन,* पूर्ववत्, पादटिप्पणी २० सङ्ख्या, ४ दफा, ४१९ पृष्ठ ।

८२ ऐजन, ६ दफा, ४१९ पृष्ठ ।

८३ वि.सं. १९५४, १९६१, १९६२ का *मुलुकी सवाल,* २ दफा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो । प्रजातन्त्रपछि पनि कोही नभएका नाबालकहरूको १६ वर्षको उमेर नपुगेसम्म स्याहार-सम्भार राजगूठीको आम्दानीबाट गर्ने व्यवस्था थियो ।[८४] राजगूठीको आम्दानीबाट समाजहितको काम संस्थागत रूपबाट बृहद् रूपले गर्ने उद्देश्यले वि.सं. १९७० सालमा बेनिभोलेण्ट सोसाइटी गूठी र च्यारिटेबल सोसाइटीको स्थापना पनि भएको थियो । अहिलेको बाल मन्दिरहरू जन्माउन च्यारिटेबल सोसाइटीको प्रमुख हात रहेको छ ।[८५]

यसरी समष्टिमा हेर्दा गूठीको स्थापनाले धार्मिक-सांस्कृतिक सम्पदाहरूको संरक्षणको साथै समाजसेवाको कार्यमा पनि प्रशस्त सहयोग पुग्ने गरेको स्पष्ट बुझिन्छ । पशुपतिनाथमा पशुपतिअमालकोटकचहरी तथा पशुपति-भंण्डारतहबिलद्वारा सञ्चालन हुँदै आएका गूठीहरूबाट गर्नुपर्ने नियत काम गरेर बाँकी हुने आम्दानीबाट पशुपति-क्षेत्रलाई नै मदत पुऱ्याउने दृष्टिकोणले विभिन्न गूठी स्थापना भए तापनि अहिले त्यसअनुसार हुन नसक्नु बडो दुःखलाग्दो छ ।[८६] यो कामलाई पहिल्याउन पशुपतिनाथको व्यवस्थापन क्षेत्रमा बढी गम्भीरतासाथ सोचविचार गरी गूठीको मूल उद्देश्यलाई पुनः उजागर गरी व्यापक र विस्तृत गराउनुपर्ने आवश्यकता दिनानुदिन टडकारो हुँदै गइरहेको देखिन्छ ।

---

८४ *मुलुकी ऐन* (काठमाडौँ: कानून तथा न्याय मन्त्रालय, वि.सं. २०१९), ४ दफा, १०६ पृष्ठ ।

८५ गोविन्द टण्डन, "नेपालको आधुनिक कालमा संस्थागत समाजसेवाको थालनी", *उपकार*, ७ वर्ष, ३ अङ्क, (वि.सं. २०४३), १८-२० पृष्ठ ।

८६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १८४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नौ अध्याय

पशुपतिनाथमन्दिरमा गूठीव्यवस्था एवं सञ्चालन

पशुपतिनाथमन्दिरमा नित्यनैमित्तिक पूजाआजादेखि लिएर त्यस मन्दिरसँग सम्बद्ध रै-रकमी सबैलाई गूठीजग्गाको आयस्ताबाट पारिश्रमिक दिने चलनले नेपालका अन्य मन्दिरहरूमा झैं यहाँ पनि व्यापकता पाएको छ । पशुपतिनाथको पूजाआजाको निमित्त राखिएका गूठीहरूको चर्चा गर्नुभन्दा अघि गूठी के हो ? यसबारेमा जान्नु आवश्यक हुन जान्छ । संस्कृत शब्द 'गोष्ठी' बाट अपभ्रंश भई 'गूठी' शब्द बनेको हो । 'गोष्ठी' को सामान्य अर्थ सभा वा समूह भन्ने हुन्छ । त्यसो भए तापनि समूहको भलाइ र सामूहिक उत्तरदायित्वको भावनाबाट गोष्ठीको माध्यमद्वारा समष्टिरूपमा धार्मिक तथा लौकिक महत्त्वको कार्यहरू गूठीबाट हुन थालेकोले गोष्ठी शब्दको सामान्य अर्थभन्दा भिन्न रूपमा यसलाई एउटा व्यवस्थाकै अर्थमा लिन थालिएको महसूस हुन्छ । नेपाली जनजीब्रोले गोष्ठीलाई 'गूठी' भन्न रुचायो । मूल शब्द गोष्ठीमा भन्दा 'गूठी' शब्दमा अझ बढी व्यापक अर्थ समेटिएको पाइन्छ । मुख्यत: धार्मिक कीर्तिहरूको स्थापनापछि तिनको नियमित पूजाआजा, वर्षवर्द्धन, रेखदेख एवं लौकिक कीर्ति तथा समाजोपयोगी कामहरूको स्थायित्व र निरन्तरताको लागि नै गूठी राख्ने चलनको सूत्रपात भएको देखिन्छ । 'गूठी' केवल 'दान' मात्र नभएर यसभित्र सम्बन्धित कीर्तिहरूको समुचित व्यवस्था पनि साथसाथै समेटिएको हुनाले यसको बढी उपयोगिता हुनु स्वाभाविकै हो । यस प्रकार 'गूठी' शब्दले धार्मिक-लौकिक कामलाई प्रत्यक्ष रूपमा बुझाउँछ भने परोक्ष रूपमा ती कार्यहरूको सुव्यवस्थित सञ्चालन र व्यवस्थापनको निमित्त राखिएको जग्गा वा रुपैयाँलाई बुझाउँछ । यसैले 'गूठी' भन्ना साथै दुवै कुराहरू सँगसँगै आउँछन् । कुनै पनि कीर्तिहरूको व्यवस्थापन पक्षमा सहयोग पुऱ्याउन राखिएको चलअचल सम्पत्तिको आयस्ताबाट गुठियारहरूको रेखदेखमा नियत कामहरू गर्ने प्रवन्ध गूठीव्यवस्थाको उल्लेखनीय पक्ष हो । कुनै-कुनै अभिलेखहरूमा गूठीलाई 'जिउता' पनि भनिएको पाइन्छ ।[1] हुन पनि यस दृष्टिले हेर्दा गूठी 'जिउता' वा जिउनी नै हो ।

गूठी राख्नाको अनेक कारणहरू हुन सक्छन् । त्यसमा मुख्य धार्मिक कारणको प्राधान्य रहेको देखिन्छ । नेपाली समाज मूलत: परम्परागत आफ्नो धर्ममा श्रद्धा, आस्था र विश्वास राख्ने हुनाले र गूठी राखे धर्म हुन्छ भन्ने लोकधारणा परम्परादेखि चल्दै आएकोले गूठी राख्ने क्रियाकलापको अभिवृद्धि प्राचीन कालदेखि नै हुँदै आएको हो । आफन्तहरूको सम्झना र पुण्यकामनाले कुनै गूठी राखिएका देखिन्छन् भने कुनै महत्त्वपूर्ण घटना र पर्वका दिनहरूमा राखिएको देखिन्छ । जे होस्, कुनै गूठी 'सात्त्विक' देखिन्छ भने कुनै गूठी 'राजसी' देखिन्छ । अन्य कारणहरूमा समाजमा हुने प्रतिष्ठा र मान्यताले पनि गूठी राख्न उदारमनाहरूलाई प्रोत्साहित गरेको बुझिन्छ । कसैले सम्पत्ति हरण होला भन्ने डरले कुनै कीर्तिको लागि जग्गा गूठी गरी राखिएका हुन् भनी गूठीलाई लुकाउन राखेको सम्पत्तिसरह ठानी लेखेका पनि छन् ।[2] तर यो विचारलाई स्वीकार्न सकिन्न । गूठीका चल-अचल सम्पत्तिलाई हरण गर्नु हुन्न भन्ने परम्परा रहेको तथा वि.सं. १९१० देखिका मुलुकी ऐन र सवालहरूमा पनि त्यस कुरालाई बढावा दिएको देख्दा माथि उल्लिखित विचार ठीक हो कि भने जस्तो देखिन्छ तर गूठीको इतिहासलाई केलाउँदा व्यवहारमा समय-समयमा

---

१ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८६८ श्रावणशुक्ल १२ रोज ५ को पत्र । गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल पो.नं. ८, २७ सङ्ख्या ।

२ Mahesh C. Regmi, *Land Tenure and Taxation in Nepal*, Second Edition, (Kathmandu: Ratna Pustak Bhandar, 1978), p. 641.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानी-नजानी गूठीहरू हरण भएका प्रशस्त उल्लेखहरू पाइनाले सम्पत्ति हरणको डरले कुनै कीर्तिको लागि जग्गा दिई गूठी राखी सन्तानलाई जोगाएको सम्पत्ति भन्न सकिन्न । 'गूठी' लाई देवस्व मान्ने प्रचलन नेपाली समाजमा छ । निजी तवरमा राखेको भए तापनि गूठी राखेपछि त्यो देवस्व हुने परम्परा छ । वि.सं. १९५४ को *मुलुकी सवाल*मा स्पष्ट लेखिएको छ - "गूठी जति राष्याको छ सो आफ्नु हक छोडी देव प्रीति गऱ्याको ठहर्छ सो हक छोड्याको हुनाले सनदमा लेखिया बमोजिमको काम आफ्ना हकवाला सन्तानले चलाउन पाउँछ ज्मा बेचन, वन्धक राषन पाउँदैन बाँकी शेष मात्र हकवालाले बन्धक राषन पाउँछ अरू गुठियारले राषन हुँदैन" ।[३] यस्तै व्यवस्था वि.सं. २०१९ सालको *मुलुकी ऐन*मा पनि उल्लेख छ ।[४] यसबाट सम्पत्तिको सुरक्षाको लागि व्यक्तिगत स्वार्थबाट गूठी राख्ने प्रथाको शुरुवात भएको होइन भन्ने बुझिन्छ । अझ कतिपय गूठीका गुठियारहरू आफ्ना सन्तान, हकवालाभन्दा बाहिरका व्यक्तिहरू भएबाट त्यस कुराको राम्रो पुष्टि हुन्छ ।

अहिलेसम्मको अनुसन्धानबाट नेपालको प्रामाणिक इतिहासको प्रारम्भसँगै गूठीको इतिहासको थालनी भएको बुझिएको छ । गूठीको उल्लेख सबभन्दा पहिले संवत् ३८६ (वि.सं. ५२२) ज्येष्ठको मानदेव प्रथमको चाँगुनारायणको अभिलेखमा आएको छ । त्यसको अतिरिक्त लिच्छविकालका अहिलेसम्म दुइ सयवटा जति अभिलेखहरू प्राप्त भएमध्ये करीब अठ्चालीसवटा अभिलेखहरूमा कुनै न कुनै रूपमा गूठीको उल्लेख आएको छ । लिच्छविकालमा पशुपतिनाथको मन्दिरवरपर स्थापित मठमन्दिरहरूमा पनि गूठीको व्यवस्था भएका उल्लेखहरू प्राप्त छन् । लिच्छविकालका अभिलेखहरूमा आएका गूठीसम्बन्धी उल्लेखहरूबाट गूठीव्यवस्थाको ख्याति त्यस वेला राम्रोसँग भइसकेको साथै गूठीव्यवस्था प्रौढ अवस्थामा पुगिसकेको अनुमान हुन्छ । लिच्छविकालभन्दा अगाडिको गूठीव्यवस्थाको बारेमा बोल्ने प्रामाणिक सामग्रीहरू नभएकोले अनुमानको भरमा केही भन्न सकिन्न । तर 'गूठी' सम्बन्धी उल्लेख आएको अहिलेसम्मको पहिलो अभिलेखमा नै गूठीको प्रौढ स्वरूप बुझिने हुनाले गूठीव्यवस्था मानदेव प्रथमको शासनकालभन्दा अगाडि नै नेपाली जनजीवनमा प्रचलित भइसकेको अनुमान भने गर्न सकिन्छ । त्यसपछिको मध्यकाल, मल्लकाल र शाहकालमा गूठीबाट धार्मिक तथा लौकिक उपयोगका अनेकन् कामहरू गर्ने उद्देश्य राखी गूठीको व्यवस्था गरिएका उल्लेखहरू पाइन्छन् । सामान्य व्यक्तिदेखि लिएर राजासम्मले स्थापित कीर्तिहरूको स्थायित्वको निमित्त जग्गा तथा रुपैयाँहरू गूठी रूपमा राखेको विवरणहरू पाइन्छन् । अरू कालको तुलनामा मध्यकालका त्यससम्बन्धी उल्लेखहरू निकै कम छन् । सामाजिक तथा धार्मिक कतिपय कार्यहरू गर्न नेवारी समाजमा गूठीले निकै ठूलो मान्यता पाएको छ । 'सिँगूठी', 'सनागूठी' आदि गूठीहरू नेवारी समाजमा मल्लकालको प्रारम्भिक चरणदेखि नै प्रचलित रहेको देखिन्छ । नेवार समुदायमा धार्मिक तथा सामाजिक काम कुराहरू गर्न गूठीले जति मान्यता पाएको छ, त्यति नेपालको कुनै पनि समुदायमा छैन भने हुन्छ । त्यसैले पनि होला शाहकालिक राजाहरूले मठमन्दिरको लागि जग्गा गूठी राख्दा धेरैजसो नेवारहरूलाई नै गुठियार बनाएको पाइन्छ ।

९.१ गूठीका स्वरूपहरू

गूठीहरू धर्म-संस्कृतिका आधारभूत कुराहरूलाई सघाउ पुऱ्याउने तथा लोकोपकारी कार्यहरू गरी समाजसेवा गर्ने भावनाबाट अभिप्रेरित भई संस्थापना गरिएका हुन् भन्ने कुराको चर्चा माथि गरियो । गूठीको इतिहासमा विभिन्न स्वरूपका गूठीहरू देखिन्छन् । उदाहरणको लागि धार्मिक, लौकिक, मनोरञ्जन र वर्गीय स्वभावका गूठीहरूलाई देखाउन सकिन्छ । तर पशुपतिनाथमन्दिरसँग सम्बन्धित गूठीहरू भने धार्मिक र लौकिक मात्र छन् । पशुपतिनाथमन्दिरसँग सम्बन्ध राख्ने गूठीहरूको अध्ययनको प्रसङ्गमा तिनीहरूमाथि सङ्क्षिप्त रूपले दृष्टि पुऱ्याउनु

३ *मुलुकी सवाल*, वि.सं. १९५४ (काठमाडौँ: नेपाल सरकार) ।

४ *मुलुकी ऐन*, दशौँ संस्करण, (काठमाडौँ: कानून किताव व्यवस्था समिति, वि.सं. २०४०), ७ महल, १-७ दफा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवश्यक देखिन्छ । तात्कालिक अवस्थामा स्थापित गूठीहरूले सामाजिक, धार्मिक आदि पक्षहरू र त्यतिखेरको समाजको झुकाव र आस्थाको बारेमा प्रकाश पार्छन् ।

९.१.१ *धार्मिक गूठी*

समग्रमा भन्दा नेपालमा धार्मिक गूठीहरूको अधिकता छ । यसो हुनाको मुख्य कारण नेपाली समाजमा पहिलेदेखि धर्मले अत्यधिक रूपमा समाजलाई प्रभावित पार्नु नै हो । पशुपतिनाथमा भएका धार्मिक गूठीहरूमा मुख्य गरी पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजासँग सम्बन्धित छन् । त्यस्ता गूठीहरू जग्गाको आयस्ता वा रुपैयाँको व्याजबाट सञ्चालित हुने गरेका छन् । त्यसो भए तापनि धेरैजसो धार्मिक गूठीहरू जग्गाकै आयस्ताबाट मात्र चल्ने गरी व्यवस्था मिलाइएको देखिन्छ । जनसङ्ख्याको कमी, कम जनघनत्व, जग्गाको कम मूल्य र नियमित आयस्रोतका लागि जग्गा राख्नुभन्दा राम्रो अन्य विकल्प नभएको कारणले गर्दा गूठीव्यवस्थामा उहिले जग्गालाई बढी प्रश्रय दिएको देखिन्छ । हुन पनि यथार्थमा जग्गालाई न कसैले हरण गर्न सक्छ, न कसैले चोर्न सक्छ । त्यसैले साना-साना धार्मिक कृत्यहरूको स्थायित्वको निमित्त पनि जग्गा गूठी राख्ने चलनले प्रोत्साहन पायो । अरू कालको तुलनामा लिच्छविकालमा सानातिना कार्यहरूको लागि पनि धेरै परिमाणमा जग्गाहरू गूठी राखेको पाइन्छ ।[५] लिच्छवि राजा मानदेव प्रथमको पालमा रत्नसङ्घ नामका एक व्यापारीले संवत् ३९९ (वि.सं.५३५) आषाढमा पशुपतिनाथको मन्दिरनजिक देवपाटनमा रत्नेश्वरको स्थापना गरी त्यसको पूजाआजाको निमित्त २५७० भूमि (रोपनी) जग्गा गूठी राखेका थिए ।[६] लिच्छविकालको गूठीको इतिहासमा कुनै मठमन्दिरको लागि एकै पटक यत्रो परिमाणमा जग्गा गूठी राखेको योबाहेक अर्को उदाहरण छैन । वि.सं. १८५६ मा कान्तवतीले पशुपतिनाथमा महास्नान एवं महाबलिगूठीको निमित्त गोकर्ण, देवापाटनमा १६३३ रोपनी १२ आना र सिन्धुपाल्चोकको फटकशिलामा ५६६ रोपनी ४ आना गरी जम्मा २२०० रोपनी जग्गा गूठी राखेकी थिइन् ।

मठमन्दिरको सरसफाइ, मर्मतजीर्णोद्धार, नित्यनैमित्तिक पूजाआजा गर्दा पञ्चेबाजा, गुजरातीबाजा, नगरा आदि बजाउने कार्यको लागि राखिएका गूठीहरू धार्मिक गूठीअन्तर्गत पर्दछन् । पशुपतिनाथको मन्दिरसँग सम्बद्ध यस्ता गूठी निकै छन् । यसबारेमा यथास्थान विस्तृत रूपमा अध्ययन गरिएको छ । देवमन्दिरहरूमा आफूले गरेको सानोभन्दा सानो धार्मिक कृत्य पनि स्थायी रूपमा नित्यनिरन्तर चलिरहोस् भन्ने भावनाले गर्दा नै दियोबत्ती बाल्ने, झारुबढारु गर्ने, फूल चढाउने आदि हेर्दा सामान्य जस्तो लाग्ने कामहरूको निमित्त पनि जग्गाहरू गूठी रूपमा राखिदिई तिनको रेखदेख र सञ्चालनको निमित्त गुठियारहरू राखेको देखिनाले उक्त कुरा बुझिन्छ ।

धार्मिक गूठीको सिलसिलामा यात्रा (जात्रा) गूठीलाई भुल्न सकिन्न । पशुपतिमा हुने त्रिशूलयात्रा, वत्सलेश्वरी-यात्रा, गङ्गामाईयात्रा, गुह्येश्वरीयात्रा आदि यात्राहरू गूठीको माध्यमबाट चल्दै आएका छन् । यस्ता कतिपय यात्राहरू काठमाडौँ अधित्यकामा निकै अगाडिदेखि सञ्चालित थिए भन्ने कुरा लिच्छविकाल र त्यसपछिका अभिलेखहरूबाट थाहा हुन्छ । यस्ता यात्रागूठीहरू सम्पन्न गर्नको निमित्त दाताहरूले व्यक्तिगत वा सरकारी स्तरबाट गूठीजग्गा राखी त्यसको आयस्ताबाट निश्चित समयमा यात्रा चलाउने गरिएको पाइन्छ । व्यक्तिगत रूपमा राखिएका जग्गाको आयस्ताबाट व्यक्तिगत स्तरमा नै नियत पूजाआजा आदि कामहरू हुन्छन् भने सरकारको तर्फबाट राखिएका गूठी व्यक्तिविशेष वा समूह वा सरकारी निकायको मातहतमा काम हुन्छ । संस्थागत रूपले गूठीहरूको समन्वय र बन्दोबस्त गर्ने अड्डाहरूको स्थापना भएपछि भने कतिपय त्यस्ता गूठीहरू अमानत भई तिनै निकायहरूको बन्दोबस्त र खटनपटनमा

---

५ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ९, ५०, ५४ पृष्ठ ।

६ *ऐजन,* ५० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चल्ने गरेको देखिन्छ । संस्थागत रूपमा गूठीसम्बन्धी कार्यहरू हेर्ने अड्डाहरूको स्थापना हुनुभन्दा अगाडि सबै गूठीहरू व्यक्तिविशेष वा गुठियारहरूको सक्रियतामा सम्पन्न हुन्थे ।

नेपालमा विद्यमान गूठीप्रथाले बाहिरिया मानिसहरूलाई पनि प्रभावित पारेको थियो । त्यसै कारणले गर्दा उनीहरूले धार्मिक कृत्यहरू गरी तिनको स्थायित्वको निमित्त स्थायी आयस्ताको बन्दोबस्त गर्न पुगे । ने.सं. ५९१ (वि.सं. १५२७) माघमा नारायण भट्ट नामका व्यक्तिले पशुपतिस्थित उन्मत्तभैरवको पूजाको लागि गूठी राखेको उल्लेख पाइन्छ ।[७] त्यस्तै ने.सं. ७८५ (वि.सं. १७२१) माघको पशुपतिको ताम्रपत्रमा महाराष्ट्रका दामोदर भट्टले पशुपतिको पञ्चामृतस्नानको लागि गूठी राखेको उल्लेख पाइन्छ ।[८] त्यसभन्दा अगाडि ने.सं. ७७४ (वि.सं. १७११) मा काशीका सोमशर्मा भट्ट नामका व्यक्तिले पशुपतिमा प्रतिदिन गाईको दूधले स्नान गर्नको लागि गूठी राखिदिएका थिए ।[९] यस्ता प्रसङ्गहरू अरू मठमन्दिरका गूठीको सन्दर्भमा पनि पाइन्छन् ।

पशुपतिनाथमन्दिरको पूजाआजाको निमित्त विभिन्न ऐतिहासिक कालका राजा तथा प्रजाहरूले विविध उद्देश्य पूर्ति हेतु गूठी राखेका पाइन्छन् । गरगहना, कोष तथा कमलपत्र आदि जस्ता वस्तुहरू चढाएको उल्लेख लिच्छविकालदेखि नै पाइने भए तापनि पशुपतिनाथको नियत कार्य गर्नको निमित्त भनी गूठी राखेको कुनै उल्लेख लिच्छविकाल तथा मध्यकालका पाइँदैनन् । त्यस्ता विवरण मल्लकाल र शाहकालका मात्र पाइएका छन् ।

९.१.२ *लौकिक गूठी*

समाजको सर्वोपरि हितलाई दृष्टिगत गरी राखिएका कृत्यहरूको स्थायी सञ्चालन एवं तिनका रेखदेखको निमित्त निश्चित आयस्ताको बन्दोबस्त गरिएको कार्यलाई लौकिक गूठीमा वर्गीकृत गर्न सकिन्छ । पानी नभएको ठाउँमा ढुङ्गेधारा, टुटेधारा, कुवा, पेउ, इनार बनाई दिनु, व्यस्त बाटोघाटो तथा प्रसिद्ध मठमन्दिरमा पाटी, धर्मशाला बनाई गूठी राख्नु लौकिक गूठी हुन् । समाजको समष्टिगत हितको लागि यस्ता गूठीहरू राखिएका उल्लेखहरू लिच्छविकालदेखि नै पाइएका छन् । पशुपतिनाथमन्दिरसँग सरोकार राख्ने यस्ता केही गूठीहरूको चर्चा यहाँ गरिन्छ ।

लौकिक गूठीहरूको क्रममा सदाबर्तगूठीको उल्लेखनीय स्थान छ । समाजका अशक्त, लुला-लङ्गडा र निर्धन व्यक्तिहरूलाई सेवा पुऱ्याउने दृष्टिकोणले सदाबर्तगूठीहरू राखिएको देखिन्छ । प्रसिद्ध मठमन्दिरहरूमा तीर्थयात्रा गर्ने साधुसन्तलगायत लुला-लङ्गडाहरूलाई चामल, नून, दाल, दाउरा बाँड्नु नै सदाबर्तगूठीको उद्देश्य हो । यस्ता अनेकौं उल्लेखहरू पाइन्छन् । ने.सं. ७६० (वि.सं. १६९६) पौषमा भीम मल्लले आफ्ना बाबु पूर्ण मल्लको नाउँमा पशुपतिमा पूजाआजा गर्नको निमित्त गूठी राखेका थिए । त्यस गूठीअन्तर्गत पशुपतिमा पूजा गर्नुको अतिरिक्त माघेसङ्क्रान्तिको दिन पशुपतिनाथको दक्षिण ढोकामा बसेर परदेशी ब्राह्मण, सन्न्यासी, जङ्गम, जोगीहरूलाई दश माना चामल बाँड्नु पनि पर्दथ्यो । ती सबै कार्यहरू गर्नको निमित्त उनले साढे तेइस रोपनी जग्गा गूठी राखेका थिए ।[१०] त्यस्तै शिवरात्रिको दिनमा पनि त्यति नै अन्न दान गर्नको निमित्त ने.सं. ७६३ (वि.सं. १६९९) कार्तिकमा चार रोपनी जग्गा गूठी राखेको उल्लेख पाइन्छ ।[११] आफ्नो सम्बन्धित नातेदारको संस्मरणमा कीर्ति राखे पुण्य प्राप्ति हुन्छ, त्यसरी कीर्तिको स्थापना गरी गूठी राख्न सके यो लोकमा सुख, सम्पत्ति तथा परलोकमा मोक्षप्राप्ति हुन्छ भन्ने समाजमा

---

७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६ सङ्ख्या ।

८ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४२ सङ्ख्या ।

९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३३ सङ्ख्या ।

१० परिशिष्टभाग, अभिलेखखण्ड (क), २४ सङ्ख्या ।

११ परिशिष्टभाग, अभिलेखखण्ड (क), २६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याप्त धारणाले नै गूठीलाई प्रोत्साहन मिलेको थियो । ने.सं. ८३८ (वि.सं. १७७४) कार्तिकशुक्ल द्वादशीको दिनमा तुलजा गिरीको नाममा पशुपतिनाथको प्रीतिको लागि दक्षिण ढोकाबाट प्रत्येक कार्तिकशुक्ल द्वादशीमा ५० पाथी चामल बाँड्ने कामको लागि उनका नातासम्बन्धितहरूले गूठी राखिदिएका थिए ।[१२] सुवर्णप्रभाले पशुपतिमा सदावर्त बाँड्नको लागि २५० रोपनी जग्गा गूठी राखिदिएकी थिइन् । त्यहाँबाट आउने आयस्ताले सदावर्तमा फकिर, फकेडा, गरीव-गुरुवाहरू जो आए पनि प्रतिव्यक्ति १५ मुठी चामल, १ चौथाइ दाल, नून, घ्यू, दाउरा, बेसार, हाँडी एउटा र पात तीनवटा दिइन्थ्यो । त्यसरी सदावर्त लिन आउनेहरूलाई आदरसत्कार गरी एक वचन पनि कटु नबोली दिने कुरा अभिलेखमा उल्लेख छ । त्यस गूठीबाट चैत्रसङ्क्रान्ति तथा पिशाचचतुर्दशीमा पशुपतिमा पूजा पनि गर्ने व्यवस्था थियो । साथै सदावर्तगूठीको जग्गाबाट फूल र प्रतिदिन अक्षता एक माना पशुपतिमा चढाउने बन्दोवस्त गरिएको थियो । उपर्युक्त गूठीअन्तर्गत कामहरू गर्नको निमित्त बहिदार, भँडारे, टहलुवा, कुसले आदि पनि नियुक्त गरी काममा सुगमता ल्याउन प्रयास गरिएको बुझिन्छ ।[१३]

सदावर्तगूठी खास गरी प्रसिद्ध मठमन्दिरहरूमा अत्यन्त लोकप्रिय थियो । वि.सं. १८५४ मा कान्तवतीले बदरीनाथमा दर्शन गर्न जाने दर्शनार्थीहरूलाई वैशाखदेखि कार्तिकसम्म सदावर्त बाँड्ने गूठी राखेकी थिइन् । त्यस गूठीबाट २५,६०० जनालाई डेढ माना चामल, तीन तोला नून, २ तोला घ्यू बाँड्ने व्यवस्था थियो ।[१४] श्री ५ पृथ्वीनारायण शाहले गोसाइँकुण्डमा जाने तीर्थयात्रीहरूलाई सदावर्त बाँड्न गुलालराममार्फत गूठी राख्न लगाएका थिए ।[१५] श्री ५ राजेन्द्रलक्ष्मीले पशुपतिमा सदावर्त बाँड्नको लागि ७५ रोपनी जग्गा गूठी राखेकी थिइन् । त्यस गूठीबाट प्रतिदिन दुइ पाथी चामल, दुइ पाथी दाल, एक माना नून र बेसार बाँड्नुपर्दथ्यो । गूठी चलाई बाँकी भएको शेषआम्दानीले कार्तिकपूर्णिमाको दिन पशुपतिमा पञ्चामृतले स्नान गराउनुपर्दथ्यो ।[१६] त्यस्तै गरी कान्तवतीले वि.सं. १८५५ मा पशुपतिमा सदावर्तको निमित्त ४५० रोपनी जग्गा गूठी राखेको विवरण पाइन्छ । त्यस सम्बन्धमा विस्तृत अभिलेख श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६४ आश्विन ७ मा गरिदिएका थिए । सदावर्त बाँड्दा देशी-विदेशी, अतिथि, अभ्यागत, अनाथ, तीर्थमा बस्ने, माग्न नजाने भिक्षुहरूलाई दिनुपर्थ्यो तथा सदावर्तको काम गरी बाँकी भएको शेष शिवरात्रिमा बाँड्नुपर्दथ्यो । साथै गुह्येश्वरी, वत्सलेश्वरी, भैरव, वासुकि आदिहरूको यात्रा-पर्वमा पूजा पनि त्यही गूठीबाट गर्नुपर्दथ्यो । देवपाटनमा भएको यो सदावर्तले 'ठूलो सदावर्त' को नामबाट प्रसिद्धि पाएको थियो । वि.सं. २०१८ सालमा ठूलो सदावर्तगूठीको जिम्मा पशुपतिगोश्वरामा आयो । यसअघि यो गूठी लामो समयसम्म गुठियारमार्फत चल्यो । गुठियारले सञ्चालन गरेबापत ७३ रोपनीको आयस्ता खान पाउँथे । जब यो गूठी पशुपतिगोश्वरामा आयो, सदावर्तको ठाउँमा रकम हण्डी दिने व्यवस्था भयो । फलतः महीनावारी रकम पाउने व्यवस्था भएपछि गूठीको मूल उद्देश्य लोप हुन गयो । तीर्थयात्री, अतिथि, अभ्यागतले सदावर्त पाउने भन्ने कुरा हरायो । सदावर्तगूठीका आयस्ताहरू गूठीसंस्थानले लिई अहिले त्यसबापत हण्डी दिने प्रथा चल्न गएको छ । तर हण्डी प्रथामा निकै अव्यवस्था छ । नियमित रूपमा पाउनुपर्ने हण्डी नपाउने गुनासो हण्डी खाने व्यक्तिहरूको छ । वि.सं. १८६९ मा राजपुरोहित राधावल्लभले पनि पशुपतिमा सदावर्त बाँड्न गूठी राखेका थिए ।[१७] त्यसको अतिरिक्त ब्राह्मणहरूलाई भोजन खुवाउन पनि गूठी राखिएका देखिन्छन् । गूठीव्यवस्थालाई सुदृढ गर्नका लागि अमानतव्यवस्था शुरू भएपछि

---

१२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६१ सङ्ख्या ।

१३ ऐजन ।

१४ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), *शाहकालका अभिलेख,* (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), १२४ पृष्ठ ।

१५ ऐजन, ३६४ पृष्ठ ।

१६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११३ सङ्ख्या ।

१७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजगूठीका आम्दानीबाट संस्कृतविद्यालय एवं पाकशालाहरू तथा समाजोपयोगी अन्य सेवाका कामहरू गर्ने प्रचलन बढ्दै गयो । रोगी, अशक्त, लुला, लङ्गडा, गरीबहरूलाई त्यस्तो पाकशालामा पाली, खाने-बस्ने प्रबन्ध थियो । काठमाडौँमा पञ्चदेवल, पूर्णेश्वर, खोकना तथा काठमाडौँबाहिर जनकपुर, भैरहवा, बुटवल, महोत्तरी, सप्तरी आदि ठाउँहरूमा त्यस्ता पाकशालाहरू थिए । गूठीको आयस्ताबाट चलाएका पाकशालाहरूमध्ये केही अहिले महिला तथा समाजकल्याण-मन्त्रालयबाट सञ्चालित छन् । कुनैकुनै पाकशालमा भिन्नाभिन्नै गूठीद्वारा कतिपय कुरामा सहयोग पुऱ्याउन जग्गाहरू राखिएका पनि थिए । नयाँ व्यवस्थाद्वारा पाकशाला चलाएपछि अहिले त्यस्ता गूठीहरू असरल्ल भएका छन् ।

तिनीहरूको अतिरिक्त सामाजिक महत्त्वका कतिपय गूठीहरू शाहकालमा राखिए । तीमध्ये केही गूठीहरूको चर्चा यहाँ गर्नु प्रासङ्गिक नै हुनेछ । 'मुर्दादाहगूठी' त्यस्तै एउटा गूठी हो । यो गूठीको मुख्य काम पशुपतिआर्यघाटमा ल्याइएका गरीब-गुरुवाहरूको दाहसंस्कार गर्न दाउरा उपलब्ध गराउनु थियो । यसलाई 'दाउरागूठी' पनि भन्ने गरेको पाइन्छ ।[१८] जङ्गबहादुरकी मुखेनी नन्दकुमारीले सो गूठी श्री ५ सुरेन्द्रविक्रम शाहमा जाहेर गराई छैँभँडेलले प्रयोग गरिरहेको दुइ गाउँ र त्यहाँ भएका घर, बारी, पाखा सबै मुर्दादाहगूठीको लागि पाएकोले त्यहाँको आयस्ताबाट त्यो गूठी चल्दथ्यो । अहिले यो गूठी गूठीसंस्थानबाट नगण्य रूपमा चलेको छ । धेरै मानिसलाई यो गूठीबारे थाहा नभएकोले पाउनु पर्ने सुविधा उपभोग गर्नुबाट वञ्चित छन् । पशुपतिक्षेत्रमा पर्ने बेवारिस व्यक्तिको लागि मात्र यो गूठीअन्तर्गतको दाउरा दिने प्रचलन अहिले छ ।

आर्यघाटमा ल्याइएका बिरामीहरूको स्याहार-सुसार गर्ने गूठी अर्को महत्त्वपूर्ण गूठी थियो । पावन मानिएको वाग्वती भगवान् पशुपतिनाथको मन्दिरसमीपबाट बहेको तथा यहाँ पशुपतिनाथ, गुह्येश्वरी तथा वाग्द्वारबाट आएको पवित्र जल मिसिने भएकोले त्रिवेणीको रूपमा लिइन्छ । त्यही धार्मिक महत्त्वको कारण अन्तिम समयमा मानिसहरूलाई यस घाटमा ल्याउने चलन अद्यापि छँदैछ । अन्तिम अवस्थामा घाटमा ल्याइने बिरामीहरू जसको आफन्तहरू छन् तिनको लागि अरूले स्याहार-सुसार गर्नुपर्ने जरुरत पर्दैन । तर जसको आफन्त भन्ने सम्बन्धीहरू कोही हुँदैन त्यस्ताको निमित्त अन्तिम अवस्थामा सेवा गर्ने सेवीहरूको कत्तिको जरुरत हुन्छ स्वतः स्पष्ट छ । त्यस्तै वेला सुसारियाहरू आर्यघाटमा रहने व्यवस्था वि.सं. १९४१ मा श्री ५ सुरेन्द्रविक्रम शाह, रणोद्दीपसिंह र उनकी मुखेनी हरिप्रियादेवीले गरेका थिए । त्यस गूठीको लागि विभिन्न गाउँमा गरी २२ रोपनी ४ आना जग्गा गूठी राखिएको थियो । त्यस खेतको आयस्ताले आर्यघाटमा बस्ने सुसारेहरूलाई पारिश्रमिकको तथा बिरामीहरूलाई खानपिनको व्यवस्था गर्नुपर्दथ्यो ।[१९] साथै बिरामी वस्ने सत्तलमा झारुवढारु गर्ने तथा ६-६ महीनामा सत्तलका कलात्मक झ्याल, स्तम्भ आदि नबिग्रियोस भन्नाको लागि तेल लगाउनुपर्दथ्यो ।

गाईवस्तुलाई चरनको निमित्त गौचर छोड्ने, देवालयका बाँदर-मलेवालाई दानाको बन्दोबस्त गर्ने जस्ता कुराहरूलाई पनि लौकिक गूठीको क्रममा उल्लेख गर्न सकिन्छ । गाईवस्तुको चरनको निमित्त जग्गामा नून र खरानी छरी गौचर राखेका उल्लेखहरू प्रशस्त पाइन्छन् । ती कार्यहरूले गाईवस्तु पाली कृषि उद्यमलाई प्रोत्साहन दिन मदत पुऱ्याएको थियो । श्री ५ रणबहादुर शाहले पशुपतिमा छोडिने साँढेहरूको चरनको लागि एक हजार रोपनी जग्गा गौचर गराई राखेका थिए ।[२०] वेलावेलामा ती साँढेहरू जुधाई मनोरञ्जन पनि गरिन्थ्यो । त्यस वेला श्री ५

---

१८ श्री ५ राजेन्द्रवीरविक्रम शाहले नन्दकुमारीलाई आर्यातीर्थमा मुर्दादाह गराउने गूठीको सम्बन्धमा गरिदिएको लालमोहर । गूठीलगत तथा तहविलकार्यालय, लालमोहर कि.नं. १, ८८ सङ्ख्या, ८९ पृष्ठ ।

१९ श्री ५ सुरेन्द्रवीरविक्रम शाहको वि.सं. १९४३ आषाढकृष्ण ४ रोज १ को लालमोहर, गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर कि.नं. ३, २२९ सङ्ख्या, ३७४ पृष्ठ ।

२० Mahesh C. Regmi, *op.cit.*, foot note no. 2, p. 644.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रणबहादुर शाहका माल्या, बाज्या, मङ्गल्या, जुझ्या, भोट्या आदि मुख्य साँढेहरू थिए । साँढेहरूको हेरविचारको लागि वैद्य नै पनि नियुक्त गरिएका थिए । ती वैद्य 'साँढेवैद्य' को नामबाट प्रसिद्ध थिए । हरिपति पाँडे,[२१] लक्ष्मीनारायण दाहाल[२२] साँढेका वैद्य थिए । साँढेको लागि राखिएको जग्गामा हाल त्रिभुवनअन्तर्राष्ट्रियविमानस्थल बनेको छ । साँढेलाई दाना-पानी खुवाउने प्रबन्धको लागि पनि श्री ५ रणबहादुर शाहले जग्गा गूठी राखेका थिए । वि.सं. १८६८ पौषकृष्ण १२ को पत्रबाट त्यस गूठीको हेरचाह वीरकेशर पाँडेले गर्ने गरेको बुझिन्छ ।[२३] भगवान् शिवको वाहन नन्दीको रूपमा साँढेलाई वैदिक धर्मग्रन्थहरूले अङ्गीकार गरेका हुनाले त्यसैको प्रभावस्वरूप श्री ५ रणबहादुर शाहले साँढेको लागि विशेष व्यवस्था गरेको अवगत हुन्छ । पशुपतिनाथ, गुह्येश्वरी, गोरखनाथका बाँदरहरूलाई प्रतिदिन क्रमशः चार, तीन र एक माना मकै बाँड्नको लागि कपर्दार भोटु पाँडेले श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई बक्साई रानीवनमा ३६ रोपनी जग्गा गूठी राखेका थिए ।[२४] देवस्थलमा प्राणीहरूलाई त्यहाँका देवी-देवताका गण वा देवरूपकै मान्ने जनधारणाअनुरूप भोटु पाँडेले बाँदरको निमित्त गूठी राखेका हुन् भन्ने देखिन्छ । गूठी, गौचर आदिको सङ्कल्प अन्तिम अवस्थातिर गर्ने गरेका उल्लेखहरू पनि पाइन्छन् । श्री ५ सुरेन्द्रविक्रम शाहलाई आराम नभई आर्यघाटमा ल्याउँदा टुँडिलेखमुन्तिरको सामालखेत नामको १५-९-२ रोपनी जग्गा गौचर गरी छाडिएको कुरा वि.सं. १९३८ श्रावणकृष्ण १ रोज ३ को पत्रमा आएको छ ।[२५] त्यसरी गौचर गराई छोडेको जग्गामा साँढेको मूर्ति बनाई राख्ने चलनअनुसार सो गौचर जग्गामा ठूलो बसाहा बनाउन लगाइएको थियो । वि.सं. १८६१ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपतिनाथको नाउँमा ७५ रोपनी ८ आना जग्गा गौचर राखेको उल्लेख पाइन्छ ।[२६] यस प्रकार विभिन्न गूठीहरू राखी धार्मिक एवं लोकोपकारी कार्यहरू गर्ने गरेका विवरणहरूले उहिले गूठीप्रति जनजीवनमा रहेको आस्था र धारणाबारे बुझ्न पनि प्रशस्त सघाउ पुऱ्याएको छ ।

९.२ मल्लकालका गूठीहरू

पशुपतिनाथमन्दिरलाई लक्ष्य गरी मल्लकालमा राखिएका गूठीहरूबारे थाहा पाउने सामग्रीहरू शिलालेख, ताम्रपत्र र लालमोहर आदि हुन् । त्यस्ता सामग्रीहरूमध्ये शिलालेख पशुपतिनाथमन्दिरको प्राङ्गणको वरपर गाडेर राखिएकोमा वि.स. २०१६ सालको पशुपतिक्षेत्रको सुधारअभियानमा त्यसरी राखिएका शिलालेखहरूमध्ये धेरैलाई एकत्र गरी पशुपतिमन्दिरदेखि केही पर दक्षिण-पश्चिम भित्तामा टाँसेर लहरै राखिएका छन् । घाम-पानी तथा सुरक्षाको उचित प्रबन्ध नहुँदा त्यहाँ टाँसिएका शिलालेखहरूमध्ये केही पढ्न नसक्ने गरी खिइसकेका छन् भने केही शिलालेख बल्लबल्ल पढ्न सकिन्छन् ।

धार्मिक कृत्यहरू सम्पन्न गरी त्यसको स्थायी बन्दोबस्त गर्नको निमित्त उदारमनाहरूले गूठी राखेपछि त्यस कार्यको स्मरणार्थ दानपत्रको रूपमा शिलालेख वा ताम्रपत्र राख्ने चलन थियो । त्यस्ता कीर्तिहरूको स्थायित्वको निमित्त जग्गा गूठी राखेपछि शाहकालमा राजाबाट लालमोहर गराउने चलन पनि रहेको देखिन्छ । मल्लकालमा पशुपतिमा राखिएका पहिलो गूठी 'संसारदेवीगूठी' हो । मूलतः संसारदेवीगूठीको स्थापना यक्ष मल्ल (वि.सं. १४८५-१५३९ आ.) र

---

२१ धनवज्र वज्राचार्य (सम्पा.) *त्रिरत्नसौन्दर्यगाथा*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१९), ४० पृष्ठ ।

२२ *ऐजन*, १५१ पृष्ठ ।

२३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५१ सङ्ख्या ।

२४ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १४ सङ्ख्या, ४५९-६० पृष्ठ ।

२५ रणोद्दीपसिंहको वि.सं. १९३८ श्रावणकृष्ण १ को दुइछापे । गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल पो.नं. ८, ९२ सङ्ख्या, १३ पृष्ठ ।

२६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १३२ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीव मल्लले गरेका हुन् । संसारदेवी ती दुइ दाजु-भाइका आमा भएकीले आफ्नी आमालाई स्वर्गप्राप्ति र मोक्षप्राप्ति होस् भन्नाको लागि पशुपतिनाथमन्दिरको गर्भगृहको पश्चिमपट्टिको भित्री ढोकाबाहिर सुनको मोलम्बायुक्त ढलोटको दुइवटा मूर्ति बनाई स्थापना गरी, ७८ रोपनी जग्गा गूठी राखी त्यसको आम्दानीले पशुपतिनाथसहित उनलाई पनि प्रतिदिन पञ्चामृतस्नान एवं भोग लगाउने व्यवस्था गरेको उल्लेख पाइन्छ ।[२७] कसैले त्यस मूर्तिलाई गन्धर्वको मूर्ति भनी भ्रम पारिदिएका छन् ।[२८] पुजारी र उक्त गूठीको रेखदेख गर्ने गुठियारहरूको लागि यक्ष मल्ल र जीव मल्लले ४२ रोपनी जग्गा अलग्गै गूठी राखिदिएका थिए । यो गूठी पहिले राम्ररी चल्दैरहेको तथा वि.सं. १८६७ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पुन: थामिदिएको हुनाले अहिले पनि जसोतसो चलिरहेको छ । वि.सं. १८६७ मा यो गूठीको पहिलेको जग्गा केही बेपत्ता भई जम्मा ५८ रोपनी ८ आना मात्र बाँकी हुन गयो । त्यस जग्गाबाट हुने ५० मुरी १२ पाथी धानको आम्दानीले यो गूठीअन्तर्गत गर्नुपर्ने कार्यहरू सम्पन्न गरिने कुरा उक्त वि.सं. १८६७ को लालमोहरमा उल्लिखित छ । वि.सं. १९८२ वैशाखको गूठीलगतकार्यालयको लगतमा यो गूठीको आम्दानीमा धान ६८ मुरी १६ पाथी भएकोले पछि गएर कूत बढाइएको अवगत हुन्छ ।[२९]

यो गूठीबाट रोजिन्दा साँझमा एक कुरुवा चामलको भात तथा साथमा मुगी र रहरको दाल एवं कुनै एक तरकारी भोग लगाउनुपर्ने चलन छ । संसारदेवीमा पूजा गर्ने पुजारीलाई दिनको च्यूरा डेढ कुरुवाको दरले वर्षको धान ६ मुरी १६ पाथी ७ माना दिनुपर्ने कुरा लगतमा चर्चा गरिएको छ । तर वि.सं. १८६७ को माथि चर्चित लालमोहरमा प्रतिदिन च्यूरा एक कुरुवा भनी उल्लेख भए तापनि त्यो चढाउने हो वा पुजारीलाई दिने त्यस सम्बन्धमा केही पनि लेखिएको छैन । प्रत्येक वर्षको माघकृष्ण ८ मा संसारदेवीको वर्षवर्द्धन गरिने भएकोले विशेष पूजाको व्यवस्था वि.सं. १८६७ को उक्त लालमोहरमा आएको छ । वर्षवर्द्धनको दिनमा मुख्यत: संसारदेवीको मूर्तिमा लुगा फेराउने र पूजाआजा गर्ने गरिन्छ । यो चलनलाई वि.सं. १९८२ को लगतमा पनि कायम राखिएको छ । उक्त लगतमा प्रतिदिनको भोगको सरजाम १४ पैसा २ दामको हुनुपर्ने उल्लेख छ । वि.सं. १९८२ ताका भाउवेसा सस्तो हुँदा त्यति पैसाले प्रतिदिनको भोगको सामान जुटाउन जति सजिलो थियो, अब त्यति पैसाले भोगलाई चाहिने कुनै एक सामग्री जुटाउनसमेत नसकिने भएको छ । अहिलेसम्म उही वि.सं. १९८२ को लगतअनुसार नै यो गूठी चलिरहेकोले कुन स्थितिमा यो गूठीअन्तर्गत हुनुपर्ने काम भइरहेको छ त्यो बुझ्न सकिन्छ । प्रत्येक दिन चढाउनुपर्ने भोगमा निम्नानुसारको सामग्रीहरू चाहिने कुरा लगतमा उल्लेख आएको छ ।

(क)	चामल दुइ माना	(गूठीको जग्गाबाट आउने)
(ख)	दाउरा ३ पैसा	(खरीद गर्ने)
(ग)	मुगी १ पैसा २ दाम	(खरीद गर्ने)
(घ)	रहर १ पैसा २ दाम	(खरीद गर्ने)
(ङ)	तरकारी १ पैसा	(खरीद गर्ने)
(च)	अ.भ. १ पैसा	(खरीद गर्ने)
(छ)	नून १ पैसा	(खरीद गर्ने)
(ज)	घ्यू ४ पैसा	(खरीद गर्ने)
(झ)	बेसार २ दाम	(खरीद गर्ने)

---

२७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४ सङ्ख्या ।

२८ नन्दनन्दन सनाढ्य, *नेपालके पूजास्थल एवं पर्वों*, प्रथम संस्करण, (दिल्ली: शिखर प्रकाशन, सन् १९८४), ३२ पृष्ठ ।

२९ वि.सं. १९८२ वैशाखको संसारदेवीगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ४४६ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिले यो गूठी सञ्चालन गर्नको निमित्त देवपाटनका चेतानन्द वैद्यलगायत सत्र जना गुठियारहरूको नाउँमा तामापत्र भएको थियो । गूठीको स्थापनापछि लामो समयसम्म गुठियारहरूमार्फत नै सञ्चालन भइरहेकोमा पछि यो गूठी सञ्चालन गर्न रु. १२३।- मा ठेक्का दिइयो । त्यसपछि वि.सं. १९३१ मा गुठियारहरूको नाउँमा छुट भई पुनः गुठियारहरूले चलाउन थाले । वि.सं. १९८२ सम्ममा यसका गुठियारहरूमध्ये एक जना मात्र बाँकी हुन गए । राज-गूठी र बेवारिस भएका दुनियाँगूठीहरू अमानत गर्ने प्रथाको थालनी भइसकेको भए तापनि एक जना गुठियार ज्यूँदै रहेकोले उनको ज्यूँताभर अमानत नगरी शेषपछि मात्र गर्ने व्यवस्था वि.सं. १९८२ मा भएको थियो ।[३०]

संसारदेवीगूठीअन्तर्गत गर्नुपर्ने काम गूठीसंस्थानले देवपाटनका एक जना[३१] व्यक्तिलाई नियुक्त गरेअनुसार अहिले येनकेनप्रकारेण चल्दै आएको छ । यो गूठीअन्तर्गतको गूठीजग्गा कुन अवस्थामा छ, त्यसबारेमा विस्तृत थाहा हुन सक्तैन । प्रत्येक साँझ चाँदीको थालमा उपर्युक्त सबै सामग्रीहरू राखी रुमालले छोपी पशुपतिनाथको पश्चिम ढोकाको बाहिरबाटै चढाई त्यसपछि कुसलेलाई दिने चलन छ । त्यसरी चढाइएको भोग लिने कुसलेले भोलिपल्ट साँझ भोगको सामग्री सदा झैँ ल्याउनको लागि थाललाई सफा-सुग्घर पारी माझेर सो भोग ल्याउने सम्बन्धित गुठियारको घरमा पुऱ्याई दिन्छन् ।

मल्लकालमा पशुपतिनाथको पूजाआजा गर्न राखिएको सम्पूर्ण गूठीहरूको विवरण थाहा नभए तापनि केही गूठीहरूको उल्लेख तात्कालिक अभिलेखहरूमा आएबाट सङ्क्षिप्त रूपमा नै भए पनि त्यस वेलाको गूठीको स्थिति बुझ्न सकिन्छ । ने.सं. ७५४ (वि.सं. १६९१) वैशाखमा मनोहरादेवी र लक्ष्मीनरसिंह मल्लले प्रतिदिन पशुपतिनाथमा घ्यू, सक्खर, च्यूरा चढाउनको निमित्त गूठी राखेका थिए ।[३२] त्यस्तै लक्ष्मीनरसिंह मल्लले अक्षयतृतीयाको दिनमा महास्नानको निमित्त पनि गूठी राखेका थिए । यस कालमा राखिएका धार्मिक गूठीहरू सबै पशुपतिनाथकै पूजासँग मात्र सम्बन्धित देखिन्छन् । ने.सं. ७६० (वि.सं. १६९६) पौषमा भीम मल्लले राखेको गूठी यस्तै प्रकारको छ ।[३३] ने.सं. ७६३ (वि.सं. १६९९) कार्तिकशुक्ल १५ मा भीम मल्लले आफ्ना बाबु पूर्ण मल्लको पुण्य कामनाको लागि प्रत्येक शिवरात्रिको दिन पशुपतिनाथमा पञ्चामृतसहित बेलपत्रले पूजा गर्नको लागि चार रोपनी जग्गा गूठी राखिदिएका थिए । त्यसमध्ये दश माना चामल त्यस दिन गरीब-गुरुवालाई सदावर्त बाड्नको निमित्त राखेका थिए ।[३४] पशुपतिनाथमा मात्र होइन भीम मल्लले सोही दिन चाँगुनारायणको लागि पनि गूठी राखेका थिए ।[३५] नेपालमा कीर्तिको स्थायित्व र सञ्चालनको निमित्त राखिने गरेको गूठी तात्कालिक अवस्थामा व्यापक बन्न पुगेको कुराको चर्चा माथि गरियो । यो कुरा परदेशीहरूले पनि नेपालको यात्राको क्रममा आउँदा गूठी राखेको उल्लेखहरू आउनाले थाहा हुन्छ । काशीनिवासी सोम शर्मा भट्ट नामका एक जना व्यक्तिले ने.सं. ७७४ (वि.सं. १७११) वैशाखमा पशुपतिनाथको प्रतिदिनको स्नान गाईको दूधले गराउने हेतुले गूठी राखेको चर्चा पशुपतिगोश्वरामा भएको अभिलेखमा आएको छ । त्यस वेला एउटा साँढे पनि चढाएका थिए ।[३६] गाईहरू कसले हेरबिचार गरी दूध पशुपतिनाथमा पुऱ्याउनुपर्ने हो, त्यसबारे अभिलेखमा कुनै चर्चा छैन । सोम शर्माले चाँगुनारायणमन्दिरमा पनि दूधले स्नान गराउने उद्देश्यले नौवटा

---

३० ऐजन ।

३१ देवपाटन नवालीटोलनिवासी श्रीसाना वैद्यले केही वर्षदेखि संसारदेवीमा नित्य गर्नुपर्ने कार्य गर्दैछन् ।

३२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३२ सङ्ख्या ।

३३ गोविन्द टण्डन, "भीम मल्लको अन्त्य", *अपाङ्गको आकाङ्क्षा*, ३ वर्ष, २ अङ्क, (वि.सं.२०४१), २७ पृष्ठ ।

३४ परिशिष्टभाग, अभिलेखखण्ड (क), २४ सङ्ख्या ।

३५ मोहनप्रसाद खनाल, *चाँगुनारायणको ऐतिहासिक सामग्री,* (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं २०४०), २८३-२८६ पृष्ठ ।

३६ ऐजन, २९४-२९५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाईको साथमा चारवटा साँढे चढाएको उल्लेख पाइन्छ ।[३७] ईश्वरसेवाका अनेक साधनहरूमध्ये सोम शर्माले लिएको बाटो अलग्गै किसिमको रहेको देखिन्छ । त्यस्तै दामोदर भट्ट महाराष्ट्रीले ने.सं. ७८५ (वि.सं. १७२१) माघमा पशुपतिमा पञ्चामृतले पूजा गर्नको निमित्त २ कर्ष (८ आना) जग्गा राखी त्यसको आयस्ताबाट सो कार्य चलाउने गरिदिएका थिए । ती दामोदर भट्ट विदेशी हुन् भन्ने कुरा उनको नामको पछाडि 'महाराष्ट्री' उपनाम आएबाट बुझ्न सकिन्छ । प्रत्येक वर्षको माघेपूर्णिमामा पञ्चामृतले स्नान गरी पशुपतिको पूजा गरी ब्राह्मण, भँडारीलाई दक्षिणा सो गूठीअन्तर्गत दिनुपर्दथ्यो ।[३८] ने.सं. ७८० (वि.सं. १७१६) कार्तिकमा देवपाटननिवासी रामेश्वर वैद्यले पनि पशुपतिनाथमा प्रतिदिन दूध चढाउन १ रोपनी ८ आना जग्गा गूठी राखिदिएका थिए ।[३९] सो कार्य अक्षुण्ण चलोस् भन्नाको लागि उनले विश्वसिंह र कृष्णसिंहलाई गुठियार बनाइदिएका थिए । देवपाटनका अर्का रामकृष्ण भारो नामका व्यक्तिले पनि प्रत्येक वर्षको शिवरात्रिको दिन पञ्चामृतस्नानसहितको पूजा गर्नको निमित्त ने.सं. ७८८ (वि.सं. १७२४) मा जग्गा गूठी राखिदिएका थिए । त्यसका चार जना गुठियारहरू थिए ।[४०] पञ्चामृतस्नानकै प्रसङ्गमा भक्तपुर बस्ने भिँख्वार र पूर्णेश्वरी दुइ जनाले प्रतिवर्ष माघकृष्ण चतुर्दशीमा पशुपतिनाथमा अभिषेक गराउनको लागि ने.सं. ८७८ (वि.सं. १८१५) आश्विनमा २ रोपनी जग्गा गूठी राखेका थिए ।[४१]

स्नानादि कार्यको अतिरिक्त बत्ती बाल्ने तथा बाजागाजाको व्यवस्थाको लागि गूठी राखेका विवरणहरू पनि पाइन्छन् । तिनीहरूलाई पनि धार्मिक गूठीकै सन्दर्भमा उल्लेख गर्नु उपयुक्त हुन्छ । ने.सं. ८३९ (वि.सं. १७७६) वैशाखमा कृष्णधर भारो नामका एक जना व्यक्तिले पशुपतिमा कार्तिकशुक्ल पूर्णिमाको दिन एवं फाल्गुनकृष्ण चतुर्दशीमा तथा मङ्सिरकृष्ण प्रतिपदा र फाल्गुनकृष्ण औँसीमा क्रमश: चाकमत (बत्ती) तथा पूजा गर्नको निमित्त ३७ रोपनी १२ आना २ पैसा जग्गा गूठी राखेको उल्लेख पाइन्छ ।[४२] पछि ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखमा राजा जगज्जय मल्लले सोही कार्यको लागि ३२ रोपनी जग्गा थपिदिएका थिए ।[४३] वि.सं. १९८९ साल चैत्र ३० गते रोज ४ मा यस गूठीलाई छुटगूठीअन्तर्गत पारियो । त्यसभन्दा अगाडि यो गूठीलाई अमानत गरी राजगूठी बनाउन लेखापढी भए तापनि यस गूठीका गुठियारहरू मौजुदै रहेकाले शेषकसर बुझाउने गरी छुटगूठी बनाइएको उल्लेख छ ।[४४] यो गूठीबाट केही वर्ष अगाडिसम्म साबिकबमोजिम काम भइरहेको भए तापनि हाल निकै शिथिल छ । यो गूठीको ७० रोपनी २ आना जग्गाबाट धान ७० मुरी १७ पाथी ४ माना, सरुवा चामल ६ मुरी ५ पाथी ४ मान १ मुठी र गहुँ १ मुरी ५ पाथी आम्दानी हुने कुरा वि.सं. १९९० को लगतमा उल्लेख छ । गूठीको काम गरेबापत कार्तिकशुक्ल चतुर्दशी र पूर्णिमा एवं मार्गकृष्ण परेवाका दिन गूठीका रै-रकमीहरूलाई भोज खुवाउनुपर्ने चलन थियो ।[४५] गूठीमा त्यसमा संलग्न गुठियार तथा अन्य रै-रकमीहरू आपसमा भोज खाने एक आवश्यकीय अङ्गकै रूपमा देखापर्दछ ।

प्रताप मल्लले पशुपतिनाथमन्दिरवरपर सफासुग्घर गर्न तथा शिवरात्रिको दिन बेलपत्र, पञ्चामृतले पूजा-स्नान गरी खीर नैवेद्य चढाई महादीपसहित दीपामाला बाल्न तथा पशुपतिनाथको स्थानमा कर्णाल, दुन्दुभि आदि बाजा नित्य

---

३७ *ऐजन*।

३८ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४२ सङ्ख्या ।

३९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४० सङ्ख्या ।

४० परिशिष्टभाग, अभिलेखखण्ड (क), ४६ सङ्ख्या ।

४१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ८६ सङ्ख्या ।

४२ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६८ सङ्ख्या ।

४३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६९ सङ्ख्या ।

४४ वि.सं. १९९० को पशुपतिमन्दिरमा चाकमत बाल्ने गूठी, गूठीलगत तथा तहबिलकार्यालय, दीर्घमान ३५ लगतसङ्ख्या ।

४५ *ऐजन*।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बजाउनको निमित्त २४ रोपनी ४ आना जग्गा गूठी राखेका थिए ।[४६] यो घटना ने.सं. ७६४ (वि.सं. १७००) माघको हो । उपर्युक्त मल्लकालिक गूठीहरूमध्ये अहिले केवल संसारदेवीगूठी तथा चाकमतगूठी मात्र पशुपतिमन्दिरमा जसोतसो चलेका छन्, अन्य गूठीहरूको स्थिति थाहा हुन सक्तैन । सम्भवत: अरू गूठी तात्कालिक परम्पराअनुसार नथामिएका वा व्यक्तिगत गूठीसरह भएकाले संमाप्त भएको पनि हुन सक्छ । निजी रूपमा सञ्चालन भएका गूठीहरूबारे अध्ययन गर्न कमै मात्र सामग्रीहरू पाइने तथा त्यससम्बन्धी अद्यावधिक विवरण सरकारी गूठीनिकायहरूमा अप्राप्य भएकोले पनि खुलस्त थाहा हुन सक्तैन । जे होस्, मल्लकालमा पशुपतिको निमित्त राखिएका गूठीहरूबाट त्यतिखेरको जनधारणा बुझ्न सघाउ भने पुऱ्याउँछ । वैदिक धर्मअन्तर्गतका धार्मिक ग्रन्थहरूमा पञ्चामृतको अत्यधिक महत्त्व रहेको हुँदा धार्मिक गूठीअन्तर्गत त्यसलाई बढी प्रोत्साहन दिइएको देखिन्छ ।

९.३ शाहकालका गूठीहरू

पशुपतिनाथमन्दिरमा पूजाआजालगायत अन्य अनेकौं धार्मिक कृत्यहरूको लागि दुनियाँदार तथा राजा एवं राजपरिवारको तर्फबाट गूठीहरू राखेको शाहकालमा प्रशस्त देखिन्छ । प्रारम्भिक शाहकालमा धार्मिक गूठीअन्तर्गत थोरै मात्र गूठीहरू राखेको पाइने भए तापनि श्री ५ गीर्वाणयुद्धविक्रम शाहको पालादेखि भने धेरै गूठीहरूको उल्लेख पाइन्छ । *भाषावंशावली*मा श्री ५ पृथ्वीनारायण शाहले पशुपतिनाथमा पञ्चामृतस्नानको निमित्त गूठी राखेको चर्चा परेको छ ।[४७] तर त्यससम्बन्धी प्रामाणिक अन्य अभिलेखहरू भने पाइएको छैन । उनी धार्मिक प्रवृत्तिका भएकाले गूठी राख्ने, गूठी थाम्ने काममा दत्तचित्त थिए । एकीकरणअभियान सफल हुँदै गएपछि उनले दोलखामा तुलाराम पाँडेलाई पठाई त्यहाँको अघिको बिर्ता, गूठी आदि थितिको बन्दोबस्त गराएको उल्लेखले काठमाडौंखाल्डोको विजयपश्चात् परम्परागत गूठीलाई यथावत् कायम गराउने नीति लिएको थाहा हुन्छ ।[४८] यो कार्यले श्री ५ पृथ्वीनारायण शाहको एकीकरणअभियानलाई सहयोगी पनि पुऱ्यायो । गूठीको मूल उद्देश्यअनुरूप त्यसको सदुपयोग हुनुपर्छ, दुरुपयोग हुनु हुँदैन भन्ने पनि उनको धारणा रहेको बुझिन्छ । सुमेर गिरीले भमरकोटका महादेवलाई चढाएको गूठीखेत वि.सं. १८२४ मा थाम्दा "राजाले हरण गरी नखानु, सुमेर गिरीका सन्तानले बेचविषनी अंस गरी नखानु देवताको पूजा गर्नु, गुठ गर्नु, सदावर्त गर्नु, पूजा गर्न्यालाई दिनु देवल पाटि बिग्रदा बनाउनु, जो चुक्ला त्यसलाई पञ्चमहापातक लागला" भनी बोलेका छन् ।[४९] उनले शिवानन्द पाध्या (सापकोटा) लाई पशुपतिनाथमा नगरा बजाउने गूठी निमित्त देवपाटनको किंवहाल र सिन्हामुगल गरी २० रोपनी खेत गूठी राख्नको निमित्त दिएका थिए ।[५०] त्यस वेला राखिएको नगरागूठीबाट अहिले पनि बिहानको आरती र भोगको समयमा नगरा बजाउने गरिन्छ ।

शाहवंशीय रानीहरू राजकाजमा मात्र सक्रिय नभई धार्मिक कृत्यहरूमा पनि दत्तचित्त देखिन्छन् । महास्नान-महाबलि र महापूजागूठी यसका ज्वलन्त उदाहरणहरू हुन् । महास्नान-महाबलिगूठी वि.सं. १८५६ मा कान्तवतीले राखेकी हुन् । उनले भगवान् पशुपतिनाथलाई खुशी तुल्याउने उद्देश्यले वैशाख पूर्णिमादेखि लिएर बाह्रै पूर्णिमाहरू र अधिकमासको पूर्णिमामा पनि पशुपतिनाथमा महास्नान र महाबलि गर्ने गरी यो गूठी राखेकी थिइन् । पशुपतिनाथमा हुने सबैभन्दा ठूलो पूजा महास्नान-महाबलि पूजा हो । हुन त यो गूठीको स्थापना श्री ५ रणबहादुर शाहले राखेको

---

४६ गोविन्द टण्डन, "पशुपतिनाथ मन्दिरमा बाजासम्बन्धी व्यवस्था", *शैवभूमि,* २ वर्ष, २ अङ्क, (वि.सं. २०४२), ३०-३५ पृष्ठ ।

४७ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* दोस्रो खण्ड, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२५), ८८४ र ९१४ पृष्ठ ।

४८ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१), १७२-१७३ पृष्ठ ।

४९ मोहनप्रसाद खनाल, *अभिलेख सङ्कलन,* (काठमाडौं: साझा प्रकाशन, वि.सं. २०२८), ७५-७६ पृष्ठ ।

५० धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी १४ सङ्ख्या, ३१९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने गरिन्छ तर अभिलेखहरूमा यसको श्रेय कान्तवतीलाई नै ज्यादातर दिइएको छ । यो गूठीको स्थापनाको औचित्य दुइ किसिमबाट हेर्न सकिन्छ । पहिलो त जुन वेला यो गूठीको स्थापना गरियो त्यस वेला कान्तवती क्षयरोगले आक्रान्त बन्दै गइरहेकोले सो रोगबाट मुक्ति पाउने कामनाले स्थापना गरेको देखिन्छ भने अर्कोतिर नेपालको एकीकरणअभियान कार्य चल्दै रहेकोले त्यसमा सफलता मिलोस्, शत्रुमाथि विजय प्राप्त होस् भन्ने पनि देखिन्छ । सो गूठी वि.सं. १८५६ वैशाखशुक्ल पूर्णिमा सोमवारको दिन राखिएको थियो । यसको निमित्त देवपाटन र फटकशिलामा गरी २२०० रोपनी जग्गा छुट्टयाइएको थियो । त्यसमध्ये गोकर्ण, देवपाटनमा १६३३ रोपनी १२ आना तथा फटकशिलामा ५६६ रोपनी ४ आना जग्गा छन् । ती जग्गाहरूमध्ये फटकशिलाबाट २१८० मुरी तथा गोकर्ण र देवपाटनबाट ८५१ मुरी धान कूतस्वरूप प्राप्त हुने व्यवस्था गरिएको थियो । त्यसको अतिरिक्त घ्यूखानी, साउन्या, फागु आदि रकमहरू पनि त्यस वेला सङ्कलन हुन्थ्यो । सुधारको क्रममा कालान्तरमा ती व्यवस्था हटेपछि धान तथा अन्य जिन्सीहरू मात्र कूतको रूपमा उठाउने चलन चल्यो । यो गूठी अमानत हुनुभन्दा अगाडिसम्म तीन जना गुठियारले असूलतहसिल तथा अन्य आवश्यक कामकुराहरू गर्दथे । फटकशिलामा द्वार्‍या, उप्रेत र कटुवालले रेखदेख गर्नुपर्दथ्यो । सो काम गरेबापत उप्रेतले रु. ५।- द्वार्‍याले रु. १५।- तथा कटुवालले रु. ७।- पाउँदथे ।[५१] कान्तवतीले महास्नानको नियमित व्यवस्था गर्नुअघि पशुपतिमा महास्नान गर्नको लागि ने.सं. ७५४ (वि.सं. १६९१) वैशाखमा लक्ष्मीनरसिंह मल्लले १६ रोपनी जग्गा गूठी राखेका थिए ।[५२] त्यसपछि देवीदासले ने.सं. ७९५ (वि.सं. १७३२) मा पशुपतिनाथमा महास्नानको निमित्त गूठी राखेको उल्लेख पाइन्छ । लक्ष्मीनरसिंह मल्लद्वारा स्थापित महास्नानगूठी अहिले बन्द भइसकेको भए तापनि देवीदासले राखेको गूठीबाट चाहिँ उनैको छोरीपट्टिका सन्तानबाट प्रत्येक कार्तिक चतुर्दशीको दिन महास्नान हुने गरेको छ ।[५३] कान्तवतीले महास्नान-महाबलिगूठी राखी प्रत्येक पूर्णिमाको दिन विशेष रूपबाट पूजा गर्ने व्यवस्था गरिदिएकोले आजसम्म सो पूजा अक्षुण्ण रूपमा चल्न सकेको छ । महाबलिमा मुख्यत: विभिन्न किसिमका दालका परिकार तथा खाद्यान्न सामग्रीहरू चाहिन्छ । त्यस दिन चौरासी प्रकारका चीजबीजहरू भगवान् पशुपतिनाथलाई भोग लगाइन्छ । ती सामग्रीहरू एकै ठाउँमा उब्जनी हुने ठाउँ खोज्दा फटकशिला नै एक मात्र त्यस्तो ठाउँ पाइएकोले फटकशिला गाउँ नै महास्नान-महाबलिको निमित्त गूठी राखेको भन्ने जनश्रुति चलेको पाइन्छ ।

पशुपतिनाथमा आरती एवं पूजा प्रत्येक दिन गर्ने उद्देश्यले वि.सं. १८५९ मा श्री ५ राजेन्द्रलक्ष्मी, श्री ५ कान्तवती र श्री ५ सुवर्णप्रभाले गूठी राखेका थिए । आरती तथा पूजाआजाको लागि चाहिने सामग्रीको निमित्त उनीहरूले बोडे र नकदेशमा ७५ रोपनी जग्गा गूठी राखिदिएका थिए ।[५४] अमानतव्यवस्थाबाट यो गूठी चल्नुअघि यसको रेखदेखको निमित्त गुठियारको रूपमा शिवानन्द वैद्य नियुक्त गरिएका थिए । वि.सं. १९६६ ज्येष्ठ २५ गतेसम्म पनि यो गूठी गुठियारबाट नै चलिरहेको देखिन्छ ।[५५] कार्तिकशुक्ल पूर्णिमा यो गूठीको वर्षवर्द्धनको दिन भएकोले उक्त दिन पञ्चामृतले पूजा गर्नुपर्ने उल्लेख पाइन्छ । गुठियारबाट यो गूठी चलाउञ्जेलसम्म गुठियारको घरमा टहलुवाहरू आरतीका सामग्रीहरू लिन जानुपर्ने चलन थियो । अमानतबाट चल्न थालेपछि महीना दिनलाई चाहिने सामग्रीहरू काठमाडौंगूठीखर्चकार्यालयमा गई लिनुपर्ने भयो । वि.सं. १९८९ सालमा यो गूठीमा केही कचमच पर्न आयो तर पछि वि.सं. १९०९ र १९६६ सालको दरबन्दी कायम गरी सो गूठीजग्गाको आयस्ताअनुसार ठेकिएबमोजिम काम चलाउने गरी वि.सं. १९८९ मार्ग १ गते पूर्जी भएको थियो ।[५६] वि.सं. १८५९ ताका यस गूठीअन्तर्गतको केही जग्गा

---

५१ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४९ सङ्ख्या ।

५२ परिशिष्टभाग, अभिलेखखण्ड (क), २२ सङ्ख्या ।

५३ यस गूठीका गुठियारमध्येका सबैभन्दा वृद्ध बत्तीसपुतलीनिवासी कुलचन्द्र जोशी (हाल दिवङ्गत) सँगको कुराकानीको आधारमा ।

५४ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १४ सङ्ख्या, ३४४-३४७ पृष्ठ ।

५५ वि.सं. १९६६ ज्येष्ठ २५ को पशुपतिको आरतिगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, राम ६२ लगत सङ्ख्या ।

५६ *ऐजन* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरषकम्पनीभित्र पर्न गयो । पछि त्यसको सट्टा त्यसका गुठियार शिवानन्द वैद्यलाई अर्को जग्गा दिएको उल्लेख वि.सं. १८५९ भाद्रकृष्ण ११ रोज ४ को पत्रमा आएको छ ।[५७]

शाहवंशीय रानीहरूद्वारा पशुपतिक्षेत्रको लागि राखिएका गूठीहरूको सन्दर्भमा वि. सं. १८५९ मा स्थापित महापूजागूठी अर्को उल्लेखनीय गूठी हो भनी भन्न सकिन्छ । यसको स्थापना श्री ५ रणबहादुर शाहकी माहिली रानी सुवर्णप्रभाले गरेकी हुन् । महापूजाको दिन पशुपतिनाथको पञ्चामृतद्वारा पूजा हुन्छ, पोशाक फेराइन्छ । त्यसपश्चात् तीन जना कन्या एवं एक जना कुमारलाई भोजन गराई पोशाक फेराइन्छ । कन्या एवं कुमारलाई देवी-देवताको प्रतीकस्वरूप मान्ने धार्मिक आस्थाअनुरूप त्यसो गरिएको हो । त्यस दिन पशुपतिनाथमा त्यसै गूठीका आयस्ताले महाभोग चढाउनुपर्छ तथा पशुपतिवरपरका वत्सलेश्वरी, गुह्येश्वरी, उन्मत्तभैरव, अन्नपूर्ण, जलेश्वर, चन्द्रेश्वर, वासुकि, गणेश, मृगेश्वर, वाग्वती, राजराजेश्वरी, स्वच्छन्दभैरवलाई पूजासामग्री लग्नुपर्छ । महापूजाको दिन पशुपतिनाथमन्दिरको प्राङ्गणमा महादीप पनि वालिन्छ ।[५८] उपर्युक्त कामहरू गर्नको निमित्त आयस्ताको लागि विभिन्न चौबीस ठाउँहरूमा ८९ रोपनी ८ आना २ पैसा जग्गा गूठी राखिएको थियो । यस गूठीअन्तर्गत गर्नुपर्ने काम सुवर्णप्रभाका सन्तान वसन्तपुरका चौतरियाहरूबाट हुँदै आएको छ, तापनि अहिले केही वर्षदेखि यो गूठीमा खिँचातानी चलेको छ । फलस्वरूप गूठीद्वारा नियत गरिएका कामहरू हुन सकिरहेका छैनन् । सुवर्णप्रभाले वि.सं. १८५९ मा उक्त गूठी राख्नुभन्दा अघि श्री ५ गीर्वाणयुद्धविक्रम शाहले महापूजाको निमित्त ८० रोपनी जग्गा गूठी राखिदिएका थिए । उनले राखेको उक्त गूठीवाट प्रत्येक वर्ष कार्तिककृष्ण चतुर्दशीमा महापूजा गर्ने कुरा वि.सं. १८५६ आश्विनशुक्ल अष्टमीको ताम्रपत्रवाट थाहा हुन्छ ।[५९] श्री ५ गीर्वाणयुद्धविक्रम शाहले त्यसको अतिरिक्त अरू गूठीहरू पनि राखी पशुपतिनाथप्रति भक्तिभाव दर्शाएका थिए । उनले त्यहाँ स्थापना गरेका गूठीहरूलाई हेर्दा उनको प्रशस्त योगदान रहेको कुरालाई स्वीकार्नुपर्दछ । पशुपतिनाथमन्दिरको व्यवस्थापन पक्षमा पनि उनको ठूलो हात छ । श्री ५ गीर्वाणयुद्धविक्रम शाहले तात्कालिक आवश्यकतालाई विचार गरी नगरागूठी, षाचिकगूठी, धतुरफूलगूठी, श्रीखण्डगूठी, मिठाईगूठी, गाईगूठी, खीरगूठी र गोकुलधूपगूठीमध्ये केहीको स्थापना तथा केहीको नवीकरण गरी पशुपतिनाथमा नियमित रूपले चढाउने व्यवस्था बाँधेका थिए । ती गूठीहरूबारे सङ्क्षिप्त रूपमा चर्चा गर्नु यहाँ प्रासङ्गिक हुने देखिन्छ । यी गूठीहरू बाह्रगूठीको नामले प्रसिद्ध छन् । पहिले यी गूठीहरू पशुपतिभण्डारतहंबिलले चलाइआएको भए तापनि पछि पशुपतिनाथमन्दिरका मूलपुजारीले चलाउन थाले । बाह्रगूठीका जग्गाबाट प्राप्त हुने आयस्ता लिई ती गूठीहरू चलाएबापत मूलपुजारीले केही रकम पशुपतिभण्डारतहबिल एवं पशुपतिअमालकोटकचहरीमा बुझाई केही रकम शेषकसर राखी त्यसले पशुपतिनाथमा दमनारोहणपर्व चलाउने गरिएको पाइन्छ ।

९.४ पशुपतिनाथको पूजाआजासँग सम्बद्ध बाह्र गूठीहरू

९.४.१ *नगरागूठी*

पशुपतिनाथमन्दिरमा नगरा बजाउने कार्यको लागि यसको स्थापना गरिएको हो । यसको स्थापना श्री ५ गीर्वाणयुद्धविक्रम शाहले नै गरेका हुन् भन्ने कुरा वि.सं. १८६७ को लालमोहरमा यसको चर्चा पहिलो पटक आएकोवाट बुझिन्छ । नगरागूठीबाट गर्नुपर्ने कार्य केवल नगरा वादनमा मात्र सीमित नभई अन्य पूजाआजा पनि यस गूठीअन्तर्गत हुने गरेको देखिन्छ । श्री ५ गीर्वाणयुद्धविक्रम शाहले यस गूठीको सञ्चालनको लागि १५ रोपनी जग्गा

---

५७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२५ सङ्ख्या ।

५८ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२६ सङ्ख्या ।

५९ श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५६ आश्विनशुक्ल अष्टमीको ताम्रपत्र । कुमारीचोकगोश्वरातहबिलकार्यालय, पो.नं. २ वहि नं. ११, ११ सङ्ख्या, ११ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखिदिएका थिए । वि.सं. १८६७ को लालमोहरमा त्यसको आम्दानी धान १४ मुरी भनी उल्लेख गरिएको छ ।[६०] पछि यसको आम्दानी बढ्यो । यो कुरा वि.सं. १९७५ मा पशुपतिका मूलपुजारी दामोदरशास्त्रीले दिएको लगतमा धान ११ मुरी १० पाथी, सरुवा चामल ४ मुरी ५ पाथी ६ माना तथा नगदी ठेक रु. ६४ पैसा भएकोबाट बुझ्न सकिन्छ ।[६१] यस गूठीअन्तर्गत गर्नुपर्ने कार्यमध्ये पशुपतिनाथप्राङ्गणमा बलि (पाक्वान्न) छर्ने काममा नियुक्त डङ्गोल, नगरा बजाउने नगर्ची, बाजा बजाउने कसाई, कुसले आदिलाई पारिश्रमिक दिनु तथा पशुपतिनाथमा पञ्चामृतपूजा, वासुकि र लालगणेशमा पूजा गर्नु पनि रहेको छ । शिवरात्रिको दिन यस गूठीबाट पशुपतिनाथमा महादीप बाल्नुपर्ने चलन रहेको छ ।

बर्सेनी फाल्गुनकृष्ण औँसीमा गुह्येश्वरी र स्वच्छन्दभैरवमा एक-एक बोका चढाई बलिदान पूजा गर्ने थिति श्री ५ गीर्वाणयुद्धविक्रम शाहले बसालिदिए । सोही दिन यस गूठीका रै-रकमीहरू बिसेटनाइके, वहिदार, मूल भँडारी चार जना, डङ्गोल एक जना गरी जम्मा सात जना मिली नियत पूजाआजा गरी भोज खान्छन् । वि.सं. १९७६ साल वैशाखको लगतमा यो गूठीबाट पशुपतिभण्डारतहबिलमा रु. -।६४ पैसा बुझाई रु. २१।४८ पैसा शेषकसर राखिएको उल्लेख आएको छ ।[६२]

९.४.२ *षाचिकगूठी*

षाचिकगूठीको बन्दोबस्त वि.सं १८६७ कै लालमोहरअनुसार भएको बुझिन्छ ।[६३] तर त्यहाँ षाचिकगूठी भनी स्पष्ट लेखिएको छैन । 'दुका वु' गूठीजग्गाहरूको विवरण दिँदै जाँदा 'अैलाखुचा' नामको जग्गाको परिमाण, कूत लेखी सानो अक्षरमा 'षाचिक' भनी लेखेको तथा वि.सं. १९७५ साल मार्ग ५ गते बुधवार गूठीबन्दोबस्तअड्डालाई बुझाएको लगतमा त्यस्तै कुरालाई आधार मानी छुट्टै लगतसमेत दिएको आधारबाट वि.सं. १९७६ साल वैशाखमा गूठीलगतअड्डाबाट छुट्टै लगत तयार पारी गूठीबन्दोबस्तमा बुझाइएको थियो भन्ने बुझिन्छ । यस गूठीको आयस्ताको लागि २ रोपनी १२ आना जग्गा राखिएको थियो । त्यसको आयस्तास्वरूप धान ६ मुरी, घ्यूखानी रु.२।- आउने उल्लेख छ । यस गूठीबाट प्रत्येक वर्ष चैत्र महीनाको कृष्णपक्षको चतुर्दशीको दिन बिसेट १० जना, मूल भँडारी ४ जना, बहिदार १ जना र डङ्गोल १ जना गरी जम्मा सोह्र जनालाई भोज खुवाउनुपर्ने चलन छ । उपर्युक्त रै-रकमीहरू पशुपतिनाथमन्दिरको व्यवस्थापनसँग सम्बन्धित व्यक्तिहरू हुन् । वर्षभरि उनीहरूले गरेको मेहनतबापत मन्दिरको कामद्वारा धर्म-संस्कृतिको उत्थानमा प्रोत्साहन दिन तथा मन बहलाउ गर्नको निमित्त नै धार्मिक गूठीहरूमा भोज-भत्तेरको व्यवस्था मिलाइएको देखिन्छ । उक्त भोजको दिन भँडारीहरूले पशुपतिनाथको पश्चिम ढोकामा पूजा गर्छन् एवं तेल लगाउँछन् । यस गूठीबाट पशुपतिनाथभण्डारतहबिलमा दुइ पाथी तेल बुझाउनुपर्ने चलन छ । त्यति कार्यहरू सम्पन्न गरेपछि बाँकी हुने रु. १२।३५ बचाई जगेडा राख्नुपर्ने व्यवस्था वि.सं. १९८६ साल वैशाखको लगतमा गरिएको छ ।[६४]

---

६० परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

६१ वि.सं. १९७६ वैशाखको पशुपतिको नगरागूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २६३ लगतसङ्ख्या ।

६२ *ऐजन*।

६३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७० सङ्ख्या ।

६४ वि.सं. १९७६ को नित्यमिठाईगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २६५ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९.४.३ धतुरफूलगूठी

शैव पुराणहरूमा भगवान् शिवलाई मन पर्ने वस्तुहरूमा धतुर (धतुरो) पनि बताइएको छ । त्यसै हुँदा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपतिनाथमा धतुरफूल चढाउनको लागि वि.सं. १८६७ सालमा गूठी राखेका थिए । त्यसको आयस्ताले धतुरफूल चढाउनुपर्ने गरिदिएका थिए । वि.सं. १८६७ को लालमोहरबाट अरू गूठीमा झैं विस्तृत कुरा थाहा हुँदैन ।[६५] वि.सं. १९७६ साल वैशाखको लगतमा उक्त गूठीबाट प्रतिदिन एघारवटा धतुरको फूल चढाउनुपर्ने कुरा उल्लेख गरिएको छ ।[६६] धतुरफूल प्रतिदिन ल्याउन नियत गरिएको व्यक्तिलाई पारिश्रमिकस्वरूप प्रतिवर्ष ४ मुरी धान दिने व्यवस्था गरिएको थियो । आयस्तामध्ये दश पाथी धानको रकम शेषकसर राख्ने तथा घ्यूखानीबापत प्राप्त हुने ५० पैसा पशुपतिनाथको भण्डार दाखिल गर्नुपर्ने व्यवस्था थियो ।

९.४.४ श्रीखण्डगूठी

पशुपतिमा श्रीखण्ड चढाउनको निमित्त वि.सं. १८६७ साल मङ्सिरकृष्ण ७ रोज १ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले व्यवस्था गरेका थिए । त्यतिखेर व्यवस्था गरिएअनुसारको श्रीखण्डबाट नै अहिलेसम्म ईशान मुहारमा श्रीयन्त्र बनाई पूजाआजा, न्यासध्यान गर्ने चलन छ । श्री ५ गीर्वाणयुद्धविक्रम शाहले श्रीखण्डगूठी अटुट रूपले चलोस् भन्नाको लागि १० रोपनी ८ आना जग्गा गूठी राखिदिएका थिए । त्यसै जग्गाबाट प्राप्त हुने आम्दानीले उक्त गूठी चलाउँदै आएको देखिन्छ । सो जग्गाको आम्दानी धान ११ मुरी ४ पाथी थियो । सोही धानबापत प्राप्त हुने रु.१३।७५ मध्ये रु. १२।- ले श्रीखण्ड ४ धार्नी खरीद गरी पशुपतिमा चढाई रु. १।- चाहिँ पशुपतिनाथको भण्डारमा बुझाउनुपर्ने व्यवस्था गरिदिएका थिए ।

वि.सं. १९७५ मा श्रीखण्ड एक धार्नीको रु.१२।- हुन गयो । यो कुरा वि.सं. १९७५ को श्रीखण्डगूठीको लगतबाट विदित हुन्छ । वि.सं. १८६७ मा व्यवस्था गरिएभन्दा वि.सं. १९७५ को पशुपतिका तात्कालिक मूलपुजारी दामोदरशास्त्रीले पेश गरेको लगतमा मूलपुजारी र भँडारीलाई दर्शनीस्वरूप रु. १।- त्यस गूठीको आम्दानीबाट दिने लेखिएकोमा त्यसलाई लालमोहर विरुद्धको कुरा हुनाले त्यस गूठीबाट लिन नपाउने उल्लेख वि.सं. १९७६ वैशाखको गूठीलगतकार्यालयको लगतमा उल्लेख छ ।[६७]

वि.सं. १९७६ देखि यस गूठीलाई दुकागूठीसरह पशुपतिनाथभण्डारतहबिलमा अमानत राखी दरबन्दीमा कत्ति पनि नघटाई साविकबमोजिम चलाउने लालमोहर भएको थियो । यही गूठीबाट प्राप्त हुने श्रीखण्डमध्येबाट नै पशुपतिनाथका पुजारी र भँडारीहरूले दर्शनार्थीहरूलाई सम्बन्ध र सरोकार हेरी श्रीखण्डको चन्दन दिन्छन् । पशुपतिनाथको मन्दिरमा आउने दर्शनार्थीहरूलाई वि.सं. १८६७ मा राखिएको दरबन्दीबाट प्रसादस्वरूप असल चन्दन नपुग्नु आश्चर्य लाग्दो छैन । किनभने त्यतिखेर वर्षको ४ धार्नी श्रीखण्ड पुग्दो थियो भने अब उक्त परिमाण अपुग भइसकेको छ ।

९.४.५ मिठाईगूठी

पशुपतिनाथको निमित्त नित्य बालभोग चढाउने मनशायले श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६७ सालमा यो गूठीको व्यवस्था गरेको उल्लेख आएको छ । उनले यस कार्यको लागि चार रोपनी जग्गा गूठी राखेका

---

६५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

६६ वि.सं. १९७६ वैशाखको धतुरफूलगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २५४ लगतसङ्ख्या ।

६७ वि.सं. १९७६ वैशाखको श्रीखण्डगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २६८ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए । उक्त जग्गाको आम्दानीले रोजिन्दा कुनै एउटा मिठाई पशुपतिमा चढाउनुपर्ने व्यवस्था उनले गरिदिए । वि.सं. १८६७ सालको लालमोहरमा प्रतिदिन एक दामको मिठाई चढाउने व्यवस्था मिलाइएकोमा वि.सं. १९७६ वैशाखदेखि दिनको २ पैसाको मिठाई चढाउने बन्दोबस्त भयो । वि.सं. १८६७ मा गरिएको व्यवस्थाभन्दा वि.सं. १९७६ मा मिठाईको निमित्त तात्कालिक दरभाउमा निकै वृद्धि गरिएकोले यस गूठीको स्थापनाकालदेखि नै पशुपतिनाथको भण्डारमा दाखिल गर्दै आएको रु. १।६० समेत दाखिल नगरी खर्चमा चलाइएको कुरा वि.सं. १९७६ को लगतबाट अवगत हुन्छ ।[६८]

गाईगूठी भैँ यो गूठी पनि १९७६ सालको बालीदेखि पशुपतिनाथको दुकागूठीसरह पशुपतिभण्डारतहबिलले अमानत राखी दरबन्दीमा नघटाई साबिकबमोजिमको काम चलाउने बन्दोबस्त भयो । त्यसो भए तापनि यो गूठी पछि गएर मूलपुजारीले आफ्नो अन्तर्गत राखी चलाउन थालेको बुझिन्छ ।

९.४.६ *गाईगूठी*

वैदिक *धर्मशास्त्र* हरूमा गौदानको निकै महत्ता बताइएको छ । तिनै शास्त्रहरूको प्रभावको कारणले हिन्दूसमाजमा 'गौदान' को उल्लेखनीय स्थान रहिआएको छ । यसै कुरालाई दृष्टिगत गरी श्री ५ गीर्वाणयुद्धविक्रम शाहले बाह्रवटा गूठीहरूको संरक्षण तथा संवर्धन गर्दा गाई चढाउने गूठी पनि राखे । यसको निमित्त उनले ७ रोपनी जग्गा गूठी रूपमा राखिदिई त्यसको आम्दानीबाट यस गूठीको सञ्चालन हुने व्यवस्था मिलाए ।[६९] यस गूठीबाट कार्तिकशुक्ल चतुर्दशीको दिन पशुपतिनाथलाई पञ्चामृतले स्नान गराई गाई दानस्वरूप निग्रह दिने चलन छ ।[७०] वि.सं. १८६७ मा निग्रह रु.४।- दिने कुरा लालमोहरमा उल्लेख गरिएको छ भने वि.सं. १९७५ को लगतमा रु. १५।- दिने व्यवस्था गरिएको छ । त्यहीअनुसार अद्यापि ब्राह्मणहरूलाई उक्त दिन गाईको निग्रहस्वरूप रु.१५।- दिइन्छ ।

वि.सं. १८६७ को लालमोहरमा यस गूठीलाई कसले चलाउने स्पष्टसँग तोकिएको छैन । त्यसो भए तापनि पशुपतिनाथमन्दिरका तात्कालिक मूलपुजारीले वि.सं. १९७५ साल पौष २ गते सोमवार श्री ५ गूठीबन्दोबस्तअड्डामा पेश गरेको लगतबाट यो गूठी मूलपुजारीमार्फत चलिरहेको अनुमान हुन्छ । वि.सं. १९७६ सालको बालीदेखि भने यो गाईगूठी पनि पशुपतिनाथको, 'दुकागूठी' सरह पशुपतिभण्डारतहबिलमा अमानत राखी सोही अड्डाले साविक दरबन्दीमा नघटाई विधिविधानसहित तोकिएको कार्य गर्ने गरी व्यवस्था बाँधियो ।

यस गूठीबाट पशुपतिभण्डारमा प्रतिवर्ष रु.१।९३ पैसा दाखिल गरी रु. ५।४२ शेषकसर राख्ने कुरा वि.सं. १९७६ साल वैशाखको लगतबाट बुझिन्छ ।[७१] वि.सं. १८६७ सालमा पशुपतिनाथको भण्डारमा रु.३।- दाखिल गर्नुपर्ने कुरा लेखिएको छ ।

९.४.७ *खीरगूठी*

वि.सं. १८६७ सालको लगतमा खीरगूठी भनी उल्लेख भएको यो गूठीलाई वि.सं.१९७६ सालको लगतमा सङ्क्रान्ति-सङ्क्रान्तिको खीरगूठी भनी लेखेको पाइन्छ । प्रत्येक सङ्क्रान्तिको दिन पशुपतिनाथमा खीर चढाउने भएकोले यसलाई सङ्क्रान्ति खीरगूठी भनी उल्लेख गर्नु एक किसिमले स्वाभाविकै पनि हो । यो कार्यको निमित्त श्री ५

---

६८ वि.सं १९७६ वैशाखको मिठाईगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २६९ लगतसङ्ख्या ।

६९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

७० वि.सं. १९७६ वैशाखको गाईगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २६७ लगतसङ्ख्या ।

७१ *ऐजन* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६७ मा १३ रोपनी जग्गा गूठी राखिदिएका थिए । वि.सं. १८६७ सालको उक्त लालमोहरमा प्रत्येक सङ्क्रान्तिको दिन कति पाथी दूधको, कुन चामलको खीर चढाउने हो, केही पनि उल्लेख गरिएको छैन ।[७२] तर वि.सं. १९७६ साल वैशाखको लगतमा भने त्यससम्बन्धी सबै कुराहरू खोलेर लेखिएको छ ।[७३] यसअनुसार सङ्क्रान्तिपिच्छे एक पाथी दूधमा एक माना मार्सी चामलको खीर बनाई त्यसमा छोहरा, मरीच, सक्खर र नरिवलहरू हाली चढाउनुपर्ने कुराको चर्चा छ । त्यस वेला त्यति सामग्रीहरू राखी खीर पकाउनको लागि सङ्क्रान्तिपिच्छे रु.१।१९ पैसा खर्च हुन्थ्यो । यो गूठीबाट पशुपतिभण्डारतहबिलमा रु.२।६५ दाखिल गरी रु. २७।१६ पैसा बाँकी कसर राख्ने गरी वि.सं. १९७६ मा लगत बनाइएको थियो ।

पछि गएर खीरमा मार्सी चामल नै चाहिन्छ भन्ने धारणा रहन गयो । मार्सी चामल खीरको निमित्त उत्तम भएको हुनाले पनि त्यस किसिमको धारणा पछि जन्मन गएको हुनुपर्छ । किनभने गूठी राख्दाको प्रारम्भिक लालमोहरमा त्यससम्बन्धी कुनै चर्चा नै छैन ।

९.४.८ गोकुलधूपगूठी

पशुपतिनाथमा गोकुलधूपले आरती गर्नको लागि वि.सं. १८६७ सालमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले ७ रोपनी जग्गा गूठी राखी त्यसको आयस्ताले गोकुलधूप खरीद गरी चढाउने व्यवस्था गरेका हुन् ।[७४] यस गूठीबाट पशुपतिनाथमा नित्य धूप बाल्नको लागि प्रतिमहीना आधा धार्नीको दरले चढाउने व्यवस्था गरिएको थियो । वि.सं. १८६७ मा गोकुलधूप प्रतिधार्नि रु. १।- हुँदा वर्षको रु. ६।- खर्च गरी बाँकी मध्येबाट रु. १।- पशुपतिनाथभण्डार-तहबिल दाखिल गरी बाँकी हुने रु. १।७५ पैसा शेषकसर राख्ने गरेको देखिन्छ । वि.सं. १९७८ मा गोकुलधूप धार्नी एकको रु. २।४४ हुँदा यस गूठीबाट पशुपतिभण्डारतहबिलमा साबिकबमोजिम रु. १।- बुझाई शेषकसर रु. १।३२ राख्ने गरेको उल्लेख पाइन्छ ।[७५]

वि.सं. १८६७ सालमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले राखेको न्हैपताहिटी नामको ७ रोपनी जग्गा पछि के कति कारणले बेमाख भयो बुझिँदैन तापनि त्यसको सट्टामा बत्तीसपुतली, टुसाल, हाँडिगाउँको जग्गासमेत गरी ५ रोपनी ८ आना कायम भएकाले त्यसै जग्गाको आयस्ताबाट अहिले गोकुलधूपगूठी चलेको छ ।[७६] वि.सं. १९५३ अगावै यस गूठीको मूल जग्गा मासिएको बुझिन्छ ।

९.४.९ धंदुवागूठी

धंदुवागूठी बाजासँग सम्बन्धित छ । धंदुवागूठीको चर्चा श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८७० चैत्र-कृष्ण औंसीको लालमोहरमा आएको छ । *भाषावंशावली*मा पनि अप्रत्यक्ष रूपमा यसको चर्चा आएको छ । भनिन्छ, प्रताप मल्ल (वि.सं. १६९८-१७३० आ.) को समयमा वाग्वतीमा श्रावणको भेल आएको मौका छोपी 'कोइनावासी' नाम गरेको नाग वाग्वतीमा जल खस्ने निकासको बाटो हुँदै पशुपतिनाथमन्दिरभित्र प्रवेश गरी त्यहाँ भएको अमूल्य एकमुखे रुद्राक्ष चोरेर लग्यो । त्यो कुरा थाहा पाई वासुकिनागले वाग्वतीमा हाम्फाली रुद्राक्ष चोर्ने नागलाई मारी पुनः पशुपतिनाथको जलहरीमा राखिदिए । भविष्यमा यस्तो घटना नहोस् भन्नाको लागि प्रताप मल्लले

---

७२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

७३ वि.सं. १९७६ वैशाखको सङ्क्रान्तिको खीरगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २७० लगतसङ्ख्या ।

७४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

७५ वि.सं. १९८७ को गोकुलधूपगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २४९ लगतसङ्ख्या ।

७६ ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिमन्दिरप्राङ्गणको वासुकिको मन्दिरलाई राम्रो पारी जीर्णोद्धार गरिदिए । वर्षातको समयमा वासुकिनागलाई जगाउन उनले श्रावणकृष्ण औंसीदेखि भाद्रकृष्ण औंसीसम्म रातको तीन प्रहर बाजा बजाउने व्यवस्था गरिदिएका थिए ।[७७] स्थानीय व्यक्तिहरू यसलाई 'ताइनाइचा' बाजा भन्दछन् । कसैले यसलाई 'धपनी' भनी उल्लेख गरेका छन् ।[७८] वि.सं. १९७७ वैशाखको लगतमा यसलाई 'धनबाजा' भनेर सम्बोधन गरिएको छ ।[७९] यही बाजा बजाउने व्यवस्थाका लागि राखिएको गूठीलाई 'धंदुवागूठी' भनी उल्लेख गर्ने गरेको पाइन्छ । *भाषावंशावली*को भनाइलाई स्वीकार्ने हो भने यो गूठीको स्थापना प्रताप मल्लले गरेको हुनु धेरै सम्भव छ ।

प्रत्येक वर्ष श्रावण महीनाको औंसीदेखि भाद्र महीनाको औंसीसम्म बाजा बजाउनुको अतिरिक्त आश्विनशुक्ल दशमीका दिन पशुपतिअमालकोटकचहरी र पशुपतिभण्डारतहबिलका रकमीहरूलाई भोज खुवाउने र सोही दिन पशुपतिनाथ र कीर्तिमुखभैरवको पूजा गर्ने कार्य पनि यस गूठीको दायित्वभित्र पर्दछ । उपर्युक्तअनुसारका कार्यहरू गर्नको लागि साढे दुइ रोपनी जग्गा गूठीस्वरूप राखिएको पाइन्छ । गूठीअन्तर्गतका कार्यहरू गरी बाँकी भएको रकममध्ये रु. १।२८ पशुपतिअमालकोटकचहरीमा दाखिल गर्नुपर्ने परम्परा छ । शेषकसरबापत रु.४।- राख्नुपर्ने उल्लेख वि.सं. १९७७ को माथि उल्लिखित लगतमा आएको छ । मूलपुजारीअन्तर्गत यो गूठी पनि सञ्चालित भएकोले यसको गूठीजग्गाबाट प्राप्त आम्दानी उनैले लिन्छन् र त्यसअन्तर्गतका कार्यहरू गर्छन् । *वंशावली*मा पाइने विवरणलाई हेर्दा यस गूठीलाई श्री ५ गीर्वाणयुद्धविक्रम शाहले नवीकरण गरेको बुझिन्छ ।

९.४.१० छायगूठी

यस गूठीको उल्लेख श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८७० चैत्रकृष्ण औंसीको लालमोहरमा परेको छ ।[८०] यो गूठी वत्सलेश्वरीपूजासँग सम्बन्धित छ । यस गूठीअन्तर्गत प्रत्येक वर्ष चैत्रकृष्ण औंसीको दिन वत्सलेश्वरीमा कर्माचार्यद्वारा पूजाआजा सम्पन्न हुन्छ । मूलपुजारीले यो गूठीको आम्दानी लिई यसअन्तर्गत गर्नुपर्ने काम गर्ने भए तापनि यसको जिम्मा उनले कुनै एक जना मूल भँडारीलाई दिई चलाउँदै आएका छन् । यस गूठीको ९ रोपनी जग्गा रहेको छ । यो गूठी चलाएबापत मूलपुजारीले पशुपतिअमालकोटकचहरीलाई रु. १।२८ बुझाउनु पर्दछ ।[८१] त्यसबाहेक रु. २७।४२ शेषकसर राख्नुपर्ने उल्लेख वि.सं. १९७६ भाद्रको लगतमा आएको छ ।[८२]

९.४.११ बालागूठी

बालागूठीको स्थापनाको सम्बन्धमा वि.सं. १८७० चैत्रकृष्ण औंसीभन्दा अगाडिको उल्लेख पाइँदैन ।[८३] तर श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट वि.सं. १८७० चैत्रकृष्ण औंसीमा भएको पशुपतिनाथमन्दिरसँग सम्बन्धित विभिन्न गूठीको व्यवस्था नियमित गराउने क्रममा यस गूठीबाट केही रकम पशुपतिअमालकोटकचहरीलाई बुझाउनुपर्ने उल्लेख गरेको घटनालाई हेर्दा यसको स्थापना वि.सं. १८७० भन्दा अगाडि नै भएको देखिन्छ । यस गूठीबाट गरिने तन्त्रप्रधान पूजाको विधिविधानलाई हेर्दा यो गूठी पछिल्लो मल्लकालभन्दा पछिको होइन भन्ने देखिन्छ ।

---

७७ वि.सं. १९७७ वैशाखको धंदुवागूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३२९ लगतसङ्ख्या ।

७८ Daniel Wright, *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Pvt. Ltd, 1958 A.D.), p. 131.

७९ वि.सं. १९७७ को धंदुवागूठीको लगत, *पूर्ववत्*, पादटिप्पणी ७७ सङ्ख्या ।

८० परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

८१ वि.सं. १९७६ भाद्रको छायगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २८४ लगतसङ्ख्या ।

८२ *ऐजन* ।

८३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालाचतुर्दशीभन्दा ठीक तीनदिनअघि मङ्सिरकृष्ण एकादशीको दिन गरिने पूजाआजामा यो गूठी केन्द्रित छ । शतबीजारोपणको वास्तविक प्रारम्भ यसै दिन वत्सलेश्वरीको मन्दिरमा कर्माचार्यद्वारा पूजाआजा, अन्नप्राशन आदिद्वारा हुन्छ । मूलपूजारीअन्तर्गत भए पनि यो गूठीअन्तर्गत गरिने पूजाआजा कर्माचार्य, मूल भँडारी, र मोहीनाइकेको अग्रसरतामा सम्पन्न हुन्छ । पूजाआजा सकिएपछि पशुपतिभण्डारतहबिलको बिसेटनाइके, मूल भँडारी र डङ्गोललाई भोज खुवाउनुपर्ने प्रचलन छ ।

यो गूठी सञ्चालनको लागि ७ रोपनी १२ आना जग्गा राखिएको पाइन्छ । त्यसैको आयस्ताले यस गूठीअन्तर्गत गर्नुपर्ने कामहरू गरिन्छन् । यो बाह्रगूठीअर्न्तगतकै भएकोले यसको जग्गाको आम्दानी मूलपुजारीले लिई यो गूठीद्वारा गर्नुपर्ने कामको लागि पालोवाला मूल भँडारीलाई रकम दिई सञ्चालन गर्दछन् । यस गूठीको आम्दानीमध्येबाट प्रत्येक वर्ष रु. १।२८ पशुपतिअमालकोटकचहरीलाई बुझाउनुपर्छ । साथै रु.१६।१६ शेषकसरबापत राख्नुपर्ने उल्लेख वि.सं. १९७८ आषाढको लगतमा आएको छ ।[८४]

९.४.१२ *हिंगुलगूठी*

हिंगुल, कपुरआरतीगूठीलाई व्यवस्थित पार्ने काम श्री ५ सुरेन्द्रवीरविक्रम शाहले गरे । वि.सं. १९०४ भन्दा अगाडि आवश्यक हिंगुल र कपुर आरतीलाई चाहिने कपुर पशुपतिनाथको भण्डारको आम्दानीबाट चलेको थियो । पशुपतिक्षेत्रको बासिन्दाको अपुताली पशुपतिनाथमा जाने परम्पराअनुरूप ११ रोपनी जग्गाको बाली त्यसको रेखदेख गर्ने रकमीहरूले हिनामिना पारेकोले त्यसको सट्टा उक्त जग्गा हिंगुल, कपुर, आरतीगूठीको लागि राखिदिए । पशुपतिभण्डारतहबिलबाट हुने खर्च जोगिने अभिप्रायले तात्कालिक मूलपुजारी रामचन्द्र भट्टले जाहेर गर्दा सोहीबमोजिम श्री ५ सुरेन्द्रवीरविक्रम शाहले अपुताली आएको उक्त जग्गा हिंगुल र कपुरआरतीको लागि गूठी राखिदिएका थिए ।[८५] हिंगुल प्रतिदिन शृङ्गारको वेला पशुपतिनाथको मुखलिङ्गको ओठमा लगाइने लालीलाई भनिन्छ । यस गूठीबाट हिंगुल एक महीनाको एक पुरियाको दरले तथा कपुर वर्षको १८ पाउ बुझाउनुपर्छ । यो गूठी मूलपुजारीअन्तर्गत अहिले चल्ने गरेको छ । यो गूठी चलाउनेले ७८ पैसा शेषकसर बुझाउनुपर्छ ।[८६]

उपर्युक्त बाह्रगूठीहरूको अतिरिक्त पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजासँग सम्बन्धित कैयन् प्रकारका गूठीहरू छन् । ती गूठीहरू कुनै राजा तथा राजपरिवारद्वारा राखिएका छन् भने कुनै भाइभारदार एवं सामान्य प्रजाद्वारा स्थापित छन् । पशुपतिनाथमन्दिरको गूठीव्यवस्थापनको सम्बन्धमा त्यस्ता सबै गूठीहरूको खोजीनीति आवश्यक भए तापनि तिनीहरूसँग सम्बन्धित कतिपय सामग्रीहरू गोप्य मानेर पशुपतिभण्डारतहबिल तथा पशुपतिअमालकोटकचहरीले राखिदिनाले समग्र रूपमा प्रस्तुत गर्न अप्ठ्यारो पर्न गयो । जे होस्, नित्यनैमित्तिक पूजाआजासँग सम्बन्धित त्यस्ता केही गूठीहरूबारे भने यहाँ चर्चा गर्नु प्रासङ्गिक देखिन्छ । यहाँ राजगूठी, छुटगूठी एवं दुनियाँगूठीअन्तर्गतका तीनै प्रकारका त्यस्ता गूठीहरूको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

पशुपतिनाथलाई प्रतिदिन पञ्चामृतस्नान गराउनको निमित्त पञ्चामृतगूठीको स्थापना भएको थियो । वि.सं. १८६७ सालको लालमोहरमा यसको उल्लेख आए तापनि यसको स्थापना भने वि.सं. १८६१ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट भएको थियो ।[८७] प्रारम्भमा यो गूठी चलाउनको निमित्त वीरभद्र ओझालाई ताम्रपत्र भई उनका सन्तानहरूले

---

८४ वि.सं. १९७८ को बालागूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३५० लगतसङ्ख्या ।

८५ परिशिष्टभाग, अभिलेखखण्ड (क), २१९ सङ्ख्या ।

८६ वि.सं. १९७८ आषाढको हिंगुल, कपुरगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक ३४८ लगतसङ्ख्या ।

८७ श्री ५ त्रिभुवनवीरविक्रम शाहको वि.सं. १९६९ फाल्गुन ८ गतेको लालमोहर, गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल कि. नं. १, १६९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तानहरूले चलाउँदै आएका थिए । तर पछि पञ्चामृतका सरजामहरू वेला-वेलामा पुऱ्याउन नसकेको तथा राजगूठीहरू अमानत गरी गूठीबन्दोबस्तअड्डाले नै चलाउने कार्यले प्रोत्साहन पाइरहेकोले वि.सं. १९७० साल वैशाख १ गतेदेखि ताम्रपत्रवालाका सन्तान पूर्णगोपाल ओझालाई उक्त गूठीको तहसिलदार गराई उक्त गूठीजग्गाको असूलतहसिलको कार्य गरुञ्जेल सालिन्दा रु. १००।- पारिश्रमिक दिने तथा अड्डाबाट महीना-महीनामा पुजारीहस्ते दिलाई गूठी सञ्चालन गर्ने बन्दोबस्त मिलाइएको थियो । यस गूठीबाट गुह्येश्वरीमा पनि पूजा गर्नुपर्दछ । शुरुमा यो गूठीको निमित्त ५० रोपनी जग्गा राखिएकोमा वि.सं. १९६९ को नापीमा जग्गा बढ्न गई ७० रोपनी ९ आना ३ दाम हुन गयो । यस गूठीबाट धान ११२ मुरी, १० पाथी, ३ मुठी, घ्यूखानी ४ रुपैयाँ ३२ पैसा २ दाम भएको कुरा वि.सं. १९६९ फाल्गुन ८ गतेको लगतबाट थाहा हुन्छ ।[८८] पशुपतिनाथको प्रतिदिनको पञ्चामृतस्नानको लागि देहायको सामग्री चाहिने उल्लेख उक्त लगतमा आएको छ –

(क) घ्यू १३ तोला ३ मासा ५ लाल
(ख) चिनी १२ तोला ८ मासा
(ग) मह २ ॥। (पौने तीन) मुठी
(घ) गाईको दूध ५ मुठी
(ङ) गाईको दही ५ मुठी

सोही गूठीबाट बेलुकाको आरतीमा रोजिन्दा १ माना च्यूरा, फूल तथा नैवेद्य चढाउनुपर्ने व्यवस्था गरिएअनुसार अहिलेसम्म चल्दैछ ।

वि.सं. १८४९ मा पशुपतिनाथलगायत अन्य मन्दिरहरूमा पूजाआजा गर्ने कामको लागि गूठी राखेको उल्लेख वि.सं १९७४ वैशाखको लगतमा आएको छ । यद्यपि त्यो गूठी कसले स्थापना गरेको हो उल्लेख छैन, तर सो लगतमा सरकारबाट स्थापना गरेको भन्ने लेखिएको तथा त्यहाँ वि.सं. १८४९ को उल्लेख पाइने भएकोले श्री ५ रणबहादुर शाहबाट राखिएको हुनु धेरै सम्भव छ । यो गूठीको लागि ७५ रोपनी जग्गा राखिएको छ । वि.सं. १९६५ वैशाख ३१ गतेभन्दा अगाडिसम्म यो गूठी छुटगूठीअन्तर्गत थियो । त्यसपछि भने राजगूठीअन्तर्गत पारी शेषकसर खान नपाउने तर गूठीको आयस्ताले गूठीअन्तर्गत गर्नुपर्ने भनी लालमोहरमा नियत गरिएका कार्यहरू गरुञ्जेल चलाउन पाउने गरी व्यक्ति-विशेषलाई दिइएको थियो । यो गूठीबाट गर्नुपर्ने कामहरू निकै छन् । तिनीहरूमध्यें चैत्रशुक्ल पूर्णिमादेखि वैशाखशुक्ल पूर्णिमासम्म प्रतिदिन १२५ जनाको दरले ३१ दिनसम्म ३८७५ ब्राह्मणहरूद्वारा भगवान् पशुपतिनाथलाई पूर्णघडाले स्नान गराउनु एक थियो । त्यसै गरी पशुपतिनाथ, मृगेश्वर, वाग्वती, गोरखनाथ, वासुकि, लालगणेश, गुह्येश्वरी, वत्सलादेवी, उंन्मत्तभैरव, कीर्तिमुख आदि मन्दिरहरूमा च्यूरा नैवेद्य चढाउनुपर्दछ । यही गूठीबाट मङ्सिरकृष्ण दशमीको दिन गुह्येश्वरीमा विशेष पूजा तथा मङ्सिरकृष्ण नवमीको दिन नगाउँका बालकुमारी, कीर्तिपुरको बाघभैरव, नैकापको विष्णुदेवीमन्दिरमा समयबजी चढाउने चलन छ । तिनीहरूमध्ये कहीं-कहीं बलिपूजा पनि यही गूठीबाट गर्नुपर्दछ । पौषशुक्ल पूर्णिमादेखि माघशुक्ल पूर्णिमासम्म आर्यघाट, गौरीघाट, विष्णुमतीमा नुहाउने भक्तजनहरूलाई पौष-माघको कठ्याँग्रिदो जाडोबाट केही मात्र भए पनि त्राण मिलोस् भनी परालको आगो बाल्न पराल दिने काम पनि यो गूठीबाट गर्ने व्यवस्था मिलाइएको थियो ।[८९] त्यस्तै पशुपतिनाथमा चैत्रशुक्ल पूर्णिमा, वैशाखकृष्ण औंसी तथा वैशाखशुक्ल पूर्णिमाको दिन पञ्चामृतपूजा हुन्छ । पशुपतिनाथमा पूर्णघडाले स्नान गराएबापत २९६५ ब्राह्मणहरूलाई प्रतिव्यक्ति एक मुठी तथा ९१० जना ब्राह्मणलाई दुइ मुठीको दरले ३१ दिनसम्म च्यूरा तथा दक्षिणा

---

८८ *ऐजन।*

८९ वि.सं. १९७४ वैशाखको पशुपतिनाथमा वैशाख महीनाभर जल चढाउनेहरूलाई च्यूरा बाँडने गूठी, गूठीलगत तथा तहबिलकार्यालय, वटुक १७२ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र सिधा दिइन्छ । चैत्र-वैशाखमा विशेष गर्मी हुने तथा जल चढाएर पुण्य हुन्छ भन्ने लोकधारणाअनुरूप यस गूठीबाट दाताले जल चढाउने व्यवस्था गरेको हुनुपर्छ । अब त पूर्णघडाबाट स्नान गराउने काममा एकदमै शिथिलता आइसक्यो । एकातिर पानी ल्याउन ब्राह्मणहरू एक-दुइ मुठी च्यूराले काम गर्दैनन् अर्को मन्दिरमा आम्दानी हुने वेला लामो समय दिएर घडा लिई स्नान गराउन पुजारीहरू अनकनाउने गरेर रोकावट आउने गरेको छ । त्यस्तै वाग्वतीमा शुद्ध जल पाउन पनि छोडियो ।

श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८७० चैत्रकृष्ण ३० रोज २ मा पशुपतिनाथमा शिवरात्रि, रामनवमी, सङ्क्रान्ति, वैशाखशुक्ल अष्टमी, धनुर्मास, दशहरा, महाष्टमी, विजयादशमी र श्रीपञ्चमीको दिन पूजा गर्नको लागि पनि गूठी राखेका थिए । ती गूठीअन्तर्गतका कामहरू चलाउनको लागि अघि सङ्कल्प भई चढाएको जग्गा, बिर्ता, गूठी, पोता, जागिरबाहेक पश्चिममा देवबियाखाल र कोटुबहिल उत्तरमा लुहशालाखेल महंचपाल धन्यपोखरीको डील ठाडो ढुङ्गा वाहाहिटीजोल, तितिजोल उत्तर-पूर्व गौरीघाट बालश्मशान पूर्वमा वाग्वती दक्षिणमा दिखेल, यति सिमानाभित्रको अरू जग्गाहरू पशुपतिनाथलाई गूठी गरी चढाएका थिए । त्यसको अतिरिक्त रै-रकमीहरूले खाएको जागिर खेतहरू ३७५ रोपनी ४ आनालगायत भैंसीभन्सार, ठूलो बगैंचा, चावहिलको कोटुबहिलसहित केही रकमहरू पनि गूठी गरी चढाएका थिए ।[९०] माथि उल्लिखित पर्वहरूमा गर्नुपर्ने नियत पूजाहरू गरी बाँकी हुने आम्दानी, अस्मानी र अपुताली जम्मा गरी देवपाटनका जनताहरू झारा गरी बिग्रेभत्केको देवालय, घाटपाटी बनाउनुपर्ने गरी त्यस कामको अख्तियारी पशुपतिनाथका मूलपुजारीलाई दिइएको थियो । ती कामहरू गर्दा बाँकी हुने रकम मात्र पशुपतिभण्डारतहबिलमा सुम्पनुपर्दथ्यो । उपर्युक्तअनुसारको काम गर्नु पशुपतिअमालकोटकचहरीको कर्तव्यमध्ये एक थियो । अहिले पनि वि.सं. १८७० चैत्रकृष्ण ३० रोज २ को लालमोहरअनुसारको पर्वपूजा चलाउने काम पशुपतिअमालकोट-कचहरीले नै गर्ने गरेको छ ।

पशुपतिनाथमन्दिरमा फूलसमेत कहिल्यै पनि नअड्कियोस् भनी गूठीव्यवस्थाद्वारा फूल पुऱ्याउने जिम्मावारी लगाएको उल्लेख पाइन्छन् । श्री ५ रणबहादुर शाहले पशुपतिनाथमन्दिरमा फलफूल सदा उपलब्ध गराउने आशयले गौशालादेखि पश्चिमपट्टि रहेको भण्डारखाललाई पशुपतिको बगैंचाको रूपमा अर्पित गरेका थिए । पहिले उक्त बगैंचा पशुपतिनाथमन्दिरको दुकाबिर्तागूठी, मनभोगगूठी, मिठाईगूठी, पायसगूठी, महास्नानगूठीसमेत गरी पाँचवटा गूठीको नाउँमा दरिएको थियो ।[९१] वि.सं. १८७० सालमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट देवपाटनलाई पशुपतिनाथप्रीति गरी चढाएकोले भण्डारखाल पनि पशुपतिअमालकोटकचहरीअन्तर्गत पर्न गयो । वि.सं. १९१४ मा उक्त बगैंचा मूलपुजारीको जिम्मामा दिइयो । यसो गर्नाको मुख्य उद्देश्य पशुपतिनाथमा साँझ-बिहान फलफूल नअड्कियोस् भन्नु रहेको थियो । त्यसभन्दा अगाडि सो बगैंचा पशुपतिनाथमन्दिरका पुजारी श्याम भट्टलाई ठेक्कामा दिइएको थियो । भण्डारखालबगैंचामा काम गराउने अनौठो प्रचलन थियो । त्यहाँ समय-समयमा पालोअनुसार पशुपतिनाथको दुकाबिर्तागूठीको खेतको मोही, बिसेट र भँडारी मरी जगेडा हुन आएको खेतका मोहीले गएर काम गर्दथे । वि.सं. १९७५ पौष १२ गतेको खड्गनिशानाअनुसार बिसेट, भँडारी मरी जगेडा हुन आएको ५५२ रोपनी ८ आना जग्गामा १५१ जवानले त्यस वेला काम गर्दथे ।[९२] त्यसरी काम गर्ने मोहीलाई 'ब्याङरकमी' भनिन्थ्यो । नियत समयमा काम गर्न नगएमा प्रतिव्यक्ति रु. १।- जरिबाना लाग्दथ्यो । त्योभन्दा अगाडि देवपाटनका बीस घरलाई पशुपतिअमालकोटकचहरीले मूलपुजारीको जिम्मा दिन्थ्यो । त्यसपछि मूलपुजारीले लाएअह्राएको काम ती व्यक्तिहरूले

---

९० परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

९१ वि.सं १९७५ पौष १२ गतको एकछापे । यसको फोटो विघटित पशुपतिक्षेत्रसुधार तथा विकाससमितिमा सि.नं. ६, प १।५७ मा रहेको थियो ।

९२ ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दथे । यसरी गुल्जार गरी त्यहाँबाट फल्नेफुल्ने फलफूलहरू पशुपतिनाथमा चढाइन्थ्यो । अहिले भण्डारखालमा फल केही नभए पनि प्रतिदिन ६९ वटा माला त्यहाँबाट पशुपतिनाथमन्दिरलगायत पशुपतिक्षेत्रका विभिन्न मन्दिरमा लग्ने चलन छँदैछ ।

बालाजुबगैंचाबाट पनि पशुपतिनाथमा फूलमाला लग्ने प्रबन्ध गरी त्यसको निमित्त गूठी राखिएको थियो । त्यस कामको जिम्मा त्यहाँको १५ घरका घरमुलीलाई दिइएको थियो । उक्त काममा रुजू रहेबापत ५४ रोपनी जग्गाको आयस्ता उनीहरूले खान पाउँथे । साथै उनीहरूले झारा, बेठ-बेगार, उघाउनी-पघाउनी, साउने-फागु फूलबारीको उब्जनीसमेत तिर्नुपर्दैनथ्यो ।[९३] वि.सं. १८७३ चैत्रशुक्ल चतुर्थी रोज ६ को लालमोहरमा त्यससम्बन्धी चर्चा आएकोले वि.सं. १८७३ वा त्यसभन्दा केही अगाडिदेखि यस प्रथाको थालनी भएको कुरामा सन्देह रहन्न ।

पशुपतिनाथको पूजाआजामा नयाँ-नयाँ व्यवस्थाहरू थपी गूठी राख्ने क्रममा श्री ५ राजेन्द्रविक्रम शाहको पनि योगदान रहेको छ । उनले वि.सं. १८८५ पौषशुक्ल अष्टमी रोज २ मकरसङ्क्रान्तिको दिन पशुपतिनाथमा नित्य खीर भोग लगाउनको निमित्त गूठी राखेका थिए । यसको लागि भक्तपुरमा २५ रोपनी खेत गूठी राखिदिएका थिए । त्यसको आयस्ताबाट रोजिन्दा मसिनो चामल एक मानामा ८ माना दूध राखी खीर पकाई भोग लगाउनुपर्ने गरिदिएका थिए ।[९४] भाउ-बेसाले गर्दा किफायत भएको तथा शेष रहेको पशुपतिभण्डारमा जगेडा राखी बालीमा असिना, कीरा परी क्षति भएमा तथा बाली नलगाइए पनि जगेडाको आम्दानीबाट खीर भोग लगाउने गरी लालमोहर भएको थियो । उक्त गूठीको केही जग्गा नदीले खाँदा वि.सं. १८८८ मा तीन रोपनी जग्गा पुनः थपिदिएका थिए । त्यसमध्ये दुइ रोपनीको आम्दानी पशुपतिभण्डारतहबिलमा जगेडा राख्ने व्यवस्था पनि गरिदिए । मलमास परेमा सोही जगेडाको आम्दानीबाट नियत काम चलाउने उद्देश्यले त्यसो गरिएको थियो ।[९५] उक्त गूठीअन्तर्गतको कार्य पशुपतिभण्डार-तहबिलले अहिले पनि गर्नुपर्छ ।

श्री ५ राजेन्द्रविक्रम शाहले पशुपतिमा नित्य मिठाईहरू– पेडा, बर्फी, बेसनका लड्डु चढाउनको लागि वि.सं. १८९९ माघकृष्ण १२ रोज ७ मा गूठी राखेका थिए । उक्त काम सञ्चालन गर्नको लागि २५ रोपनी जग्गा गूठी राखिएको थियो ।[९६] यो काम पनि काठमाडौंगूठीखर्चकार्यालयले खर्च दिएअनुसार पशुपतिभण्डारतहबिलले गर्दछ । अमानत हुनुभन्दा अगाडि गुठियारमार्फत चल्ने गरेको थियो ।

त्यस्तै गरी प्रतिदिन बालभोग चढाउने कामको लागि वि.सं. १८९४ मा श्री ५ सुरेन्द्रविक्रम शाहले २५ रोपनी जग्गा गूठी राखिदिएका दिए । बालभोगको रूपमा दूध, घ्यू, चिनी, बदाम, छोहरा र पीठोको पक्वान्न बनाएर भोग लगाई पान-सुपारी पनि उक्त गूठीको आयस्ताबाट प्रतिदिन चढाउनुपर्दथ्यो ।[९७] वि.सं. १९७६ भाद्रको लगतमा यस गूठीलाई मनभोगगूठी भनी उल्लेख गरिएको छ । हुन पनि उक्त गूठीबाट अहिले नित्यभोगभन्दा अघि पशुपतिनाथलाई बालभोगको रूपमा मनभोग चढाइन्छ । पशुपतिका मूलपुजारीले दिएको लगतमा यस गूठीबाट सन्ध्याआरती, बालभोग र नित्यपायसगूठी पनि चलाउनुपर्ने उल्लेख गरिएको छ ।[९८] उपर्युक्त कामहरू चलाई बाँकी भएको रकम जगेडा राखी

---

९३ श्री ५ राजेन्द्रविक्रम शाहको वि.सं. १८७३ चैत्रशुक्ल ४ रोज ६ को लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल कि.नं. १३, ८० सङ्ख्या, ७४ पृष्ठ ।

९४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२६ सङ्ख्या ।

९५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९२ सङ्ख्या ।

९६ वि.सं. १९७६ वैशाखको नित्यमिठाईगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २६५ लगतसङ्ख्या ।

९७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९९ सङ्ख्या ।

९८ वि.सं. १९७५ मा पशुपतिनाथमन्दिरका मूलपुजारी दामोदरशास्त्रीले दिएको लगत । गूठीलगत तथा तहबिलकार्यालय, वटुक २९९ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दैवी परी बाली उब्जा हुन नसकेको बखत जगेडाबाट चलाउने व्यवस्था गरिएको थियो । असिनाले बाली बिगार्दा, कीराले नोक्सान पार्दा तथा बाली नरोपिएको वेलामा पनि बालभोगको काम अड्काउन नहुने बन्दोबस्त मिलाएका थिए ।[९९]

राजगूठीअन्तर्गत सिक्रीगूठी पनि पर्दछ । यो गूठीको स्थापना कसले गरेको हो थाहा हुन सक्तैन । वि.सं. १९६६ को लगतमा यो गूठीको चर्चा आएको छ । प्रत्येक वर्ष मार्गकृष्ण चतुर्दशीको दिन दुइ तोलाको चाँदीको सिक्री बनाएर पशुपतिनाथमा चढाउनु यो गूठीको काम थियो । वि.सं. १९६६ सम्म यो गूठी ठेक्काद्वारा चलाइएको देखिन्छ ।[१००] यसको लागि ५ रोपनी जग्गा गूठी राखिएको थियो । त्यसैको आम्दानीले उक्त काम सम्पन्न गर्नुपर्दथ्यो ।

कुनै कीर्तिको स्थायित्वको लागि आम्दानीको स्रोतको रूपमा जग्गालाई गूठी राखे, त्यसले कीर्ति अक्षुण्ण हुन सक्छ भन्ने धारणा गूठीमा देखिन्छ । यसैले साना-ठूला सबै कीर्तिको निरन्तरताको लागि गूठी राख्ने चलनको नेपालमा ज्यादै नै व्यापकता रहन गयो । यस्ता उल्लेखहरू अनगिन्ती पाइन्छन् । पशुपतिमा रोजिन्दा वाग्वतीको जल एक घडा चढाई एक आवृत्ति रुद्रीपाठ गर्ने जस्ता कामको लागि पनि गूठी राखेको उल्लेख पाइन्छ । व्यक्तिगत रूपमा उक्त गूठी राखे तापनि कर्णेल शिवशङ्करले उक्त काम गर्ने ब्राह्मणलाई नै जग्गाको आयस्ता खान पाउने गरी ८ आना जग्गा गूठी राखिदिएका थिए । त्यस गूठीको आयस्ता खानेले चतुर्मासाभरि गुह्येश्वरीमा एक आवृत्ति चण्डीपाठ गर्नु पर्दथ्यो ।[१०१] वि.सं. १९७६ मा यो गूठीलाई अमानत गरिएको बुझिन्छ ।

९.५ दुनियाँदारगूठी

पशुपतिनाथको पूजाआजाको लागि राजा तथा राजपरिवारको अतिरिक्त दुनियाँदारहरूले पनि गूठी राखेको उल्लेख पाइन्छन् । दुनियाँदारले स्थापना गरेको गूठी मुख्यत: तीन किसिमले चल्ने गरेको देखिन्छ– (१) गुठियार राखी सञ्चालन भएको, (२) दुकाविर्ताअन्तर्गत चलाइएको तथा (३) अमानतव्यवस्थाको शुरू भएपछि गूठीनिकायहरूमार्फत सञ्चालन भएको । पहिलो किसिमका गूठीहरू दाताले आफ्नो नाताकुटुम्ब वा बाहिरिया व्यक्तिहरूलाई रेखदेखको जिम्मा दिई चलाएको पाइन्छ । गूठी राखेको र चलाउने मानिसको जानकारी सबैले थाहा पाऊन् भनी ताम्रपत्रमा ती कुराहरूसहित अन्य आवश्यक विवरण कुँदाई सम्बन्धित मन्दिरमा टाँस्ने चलनले व्यापकता पाएको थियो । निजी रूपमा राखिएका गूठीसँग सम्बन्धित कुनै पनि निकाय नभएकोले त्यस्ता गूठीको बारेमा धेरै कुराहरू थाहा हुन सक्तैन । सम्बन्धित मन्दिरमा रहेका शिलापत्र, ताम्रपत्र र दानपत्रबाट जति थाहा हुन सक्छ, त्यसबाहेक विस्तृत विवरण पत्ता लगाउन गाह्रो छ । जहाँसम्म दोस्रो प्रकारका दुनियाँगूठीहरूको कुरा छ, पशुपतिनाथलगायत अरू प्रसिद्ध मन्दिरहरूमा पनि 'दुकाबु बिर्तागूठी' को प्रचलन छ । नेवारी भाषामा 'दुकाबु' को अर्थ भित्रिएका जग्गा भन्ने हुन्छ । यसैले देवी-देवताको नाममा कुनै नियत कार्य गर्नको लागि कसैले सम्बन्धित देवी–देवताको तहबिलअन्तर्गत रहने गरी जग्गा गूठी राखेमा त्यसलाई 'दुकाबु' भनिन्छ । यस्तै गरी नगदलाई गूठीरूपमा राखेको पनि देखिन्छ । तेस्रो प्रकारको निजीगूठीमा दाताले आफैं वा गूठी चलाउन नसकी सरकारी गूठीनिकायले अमानत गरेको वा गुठियारहरूले सबैको मिलोमतोले त्यस्ता निकायलाई सुम्पेको गूठी पर्दछन् । पछिल्लो प्रकारका गूठीहरूको विवरण सरकारी गूठी-निकायमा हुन सक्ने भएकोले माथि उल्लिखित अघिल्ला दुइ प्रकारमा भन्दा केही बढी कुराहरू थाहा पाउन सकिन्छ ।

---

९९ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९९ सङ्ख्या ।

१०० वि.सं. १९६६ को सिक्रीगूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, राम ९८ लगतसङ्ख्या ।

१०१ वि.सं. १९७६ वैशाखको पशुपतिनाथमा रुद्री गरी जल चढाउने तथा गुह्येश्वरीमा पाठ गर्ने गूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, वटुक २७१ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथको गूठीको सम्बन्धमा यस्ता केही गूठीहरू छन् । वि.सं. १८५९ मा गौरा खरेलले ६ रोपनी जग्गा, आफ्नो घर र भाँडाकुँडासहित रु.१००।- पशुपतिप्रीति गरी चढाएकी थिइन् । त्यसबाट हुने आम्दानीले प्रतिदिन दुइ मुठी अक्षता, १ दामको दूध र फूल चढाउनुपर्ने व्यवस्था गरेकी थिइन् ।[१०२] त्यस काम गर्नको लागि चिताइदार नियुक्त थिए ।

दुनियाँगूठीहरूको सन्दर्भमा दाताहरूले काठमाडौँमा मात्र होइन बाहिर पनि जग्गाहरू राखेका उल्लेखहरू पाइन्छन् । राधावल्लभ अर्ज्यालले पनि पशुपतिनाथको साँझ-बिहानको आरतीको निमित्त भिर्कोटमा करीब ३० रोपनी जग्गा गूठी राखेका थिए ।[१०३] उनले राखेको उक्त गूठी वि.सं. १८६९ ज्येष्ठशुक्ल ९ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट थामिएको थियो । कसैले राखेको गूठीको निरन्तरताको निमित्त तात्कालिक राजाद्वारा थमाउनुपर्ने एक किसिमले परम्परा नै बनिसकेको थियो ।

नीलकण्ठ उपाध्यायनामक व्यक्तिले आफू मरेपछि परलोक भएको दिनमा र अपक्ष पार्वणमा श्राद्ध गरी ब्राह्मण-ब्राह्मणी सात जनालाई भोजन गराउनको निमित्त पितृकार्य गर्न आवश्यक पर्ने भाँडाकुँडाहरू राखी गूठी राख्दाको ताम्रपत्रमा वैशाख महीनाभरि रोजिन्दा ५ घडा जलले पशुपतिमा स्नान गराई अक्षयतृतीयाको दिन सर्वत बनाई छाता-जुत्ता ब्राह्मण एक जनालाई दान दिनको निमित्त ४ रोपनी जग्गा छुट्ट्याइएको उल्लेख पाइन्छ ।[१०४]

यसै सन्दर्भमा सतीप्रथा विद्यमान रहेको वेला सती जानेले धर्मार्थ कार्यको निमित्त जग्गाजमीन गूठी राखेका उल्लेखहरू पनि पाइन्छन् । वि.सं. १८८७ मा रणसूर पण्डितकी विवाहिता श्रीमती भक्तकन्या सती जाँदा १२ रोपनी ८ आना जग्गा छुट्ट्याई त्यस जग्गाबाट हुने आम्दानीले पशुपति तथा इचँगुनारायणमा माघशुक्ल पूर्णिमाको दिन पञ्चामृतस्नान गरी ब्राह्मणभोजन गराउने कार्यको निमित्त गूठी राखेकी थिइन् ।[१०५] त्यसरी गूठी राख्दा धार्मिक तथा लौकिक कार्यहरूमा केन्द्रित भएर राखेको देखिन्छ ।

धर्मार्थ कार्यको निमित्त धेरै जना मिलेर संयुक्त रूपमा गूठीहरू राखेको उल्लेखले तात्कालिक जनजीवनमा गूठीप्रति रहेको जनविश्वास स्पष्ट हुन्छ । वि.सं. १९०३ आश्विनशुक्ल १५ रोज २ तुलसीराम, कृपानन्द, नारायण, दिनानाथ, उमापति, रामनाथ, अन्नपूर्ण, पार्वतीदेवी आदि मिलेर पशुपतिप्रीति गरी घडेरी जग्गालगायत अरू २ रोपनी ८ आना जग्गा त्यहाँको लगापात र उक्त जग्गामा उब्जेको फलफूलहरू जो छन् पशुपतिमा ल्याई चढाउने गरी गूठी राखेको उल्लेख एउटा अभिलेखमा आएको छ ।[१०६]

दुनियाँगूठीको प्रसङ्गमा छायाकुमारी खत्रीले पशुपतिमा महादीप बाल्न राखेको गूठी पनि उल्लेख्य छ, प्रतिवर्ष बालाचतुर्दशीको दिन उक्त गूठीबाट महादीप बनाई बाल्नुपर्दथ्यो । साथै सोही दिन पशुपतिको पूजाआजा पनि गरी भोलिपल्ट औँसीको दिन पाँच जना ब्राह्मणहरूबाट पशुपतिमा होम गरी आर्यघाटका मन्दिरहरूमा पूजा गरी ब्राह्मणहरूलाई भोजन गराई दक्षिणा दिनुपर्दथ्यो । साथै छोरीबेटी, भाञ्जाभाञ्जीहरूलाई निमन्त्रणा दिई प्रसादस्वरूप भोज खाई बाँकी रहेको गुठियारले खान पाउने गरी उनले ५ रोपनी जग्गा गूठी राखेकी थिइन् । त्यस गूठीबाट गुह्येश्वरीमा पनि पूजा गर्नुपर्दथ्यो ।[१०७]

---

१०२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०७ सङ्ख्या ।
१०३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५४ सङ्ख्या ।
१०४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १७७ सङ्ख्या ।
१०५ परिशिष्टभाग, अभिलेखखण्ड (क), १९१ सङ्ख्या ।
१०६ परिशिष्टभाग, अभिलेखखण्ड (क), २०९ सङ्ख्या ।
१०७ परिशिष्टभाग, अभिलेखखण्ड (क), २६० सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मकार्य गर्न चाहनेहरू आफ्नो शेषपछि पनि आफूले राखेको कुनै पनि कीर्ति रहिरहोस् भन्ने चाहन्थे । त्यसको निमित्त गूठीव्यवस्था नै एक मात्र आधार रहेकोले त्यस्ता कार्य गर्नेहरू गूठी राखी गुठियारको व्यवस्था गरी त्यसको आश्रयमा पर्दथे । अक्षता जस्तो हेर्दा नगण्य लाग्ने कामको लागि पनि गूठी राखेको देख्दा यसबाट एकातिर मानिसको धर्मप्रतिको झुकाव बुझ्न सकिन्छ भने अर्कोतिर गूठीप्रतिको विश्वास पनि साथसाथै स्पष्टिन्छ । धर्मलाई जीवनको मूल आधार नमानीकन यसो हुन सक्तैन । अक्षतागूठीको प्रसङ्गमा यहाँ अरू दुइवटा गूठीको उल्लेख पाइन्छ । वि.सं. १९२६ चैत्रशुक्ल ४ रोज मा सत्यरूपा पाँडेले दशदान तथा वृषोत्सर्गविधान गरेर पशुपतिमा प्रतिदिन अक्षता चढाउनका लागि ५ रोपनी जग्गा गूठी राखेकी दिइन् ।[१०८] त्यस्तै गरी तिलकनिधि तिवारी र ह्यपालक्ष्मीले पनि वि.सं. १९९१ कार्तिक २८ गते पशुपतिमा नित्य अक्षता चढाउनको लागि गूठी राखेको उल्लेख पाइन्छ ।[१०९] त्यस कार्यको निमित्त एक रोपनी जग्गा राखेका थिए । पछिल्ला दुइ गूठीहरू 'दुकाबु' गूठीअन्तर्गतका हुनाले पशुपतिभण्डारतहबिलले चलाउँछ । 'दुकाबु' अन्तर्गतका गूठीहरू प्रशस्त छन् । तर ती गूठीहरूबाट गर्नुपर्ने कामहरूको बारेमा थाहा पाउन लगतविवरण आदि सामग्रीहरू नहुनाले गाह्रो छ । जे होस्, 'दुकाबु' अन्तर्गतका गूठीहरूको उल्लेख वि.सं. १९५८ देखिका पाइन्छन् । यस्ता गूठीहरूबाट गूठीतहसिलमा पोता बुझाउनु पर्दछ । पोतातहसिलअड्डा छउञ्जेलसम्म त्यहाँ पनि पोता तिर्नुपर्दथ्यो । 'दुकाबु' अन्तर्गतका अधिकांश गूठीहरू प्रायः पशुपतिको विभिन्न प्रकारका पूजाआजा तथा विधिविधान गर्न राखिएका देखिन्छन् । त्यसैअन्तर्गत बडाकाजी पुष्पराज भण्डारीले वि.सं. १९९८ आषाढ २२ गते पशुपतिमा रोजिन्दा २७ वटा कुण्डपुष्प चढाउने तथा मन्दिरभित्र पुजारीबाट रोजिन्दा एक आवृत्ति रुद्रीपाठ गर्न गराउनको निमित्त गूठी राखेका थिए । त्यसको लागि उनले ९ रोपनी ४ आना २ पैसा क्षेत्रफलको जग्गा गूठी राखी पशुपतिभण्डारतहबिलमा सुम्पिदिएका थिए ।[११०]

यस प्रकार पशुपतिनाथको पूजाआजामा सघाउ पुऱ्याउन गूठीको माध्यमबाट विभिन्न व्यक्तिहरूले दृष्टि पुऱ्याएको देखिन्छ । यी कार्यहरूले गर्दा सनातन परम्परालाई सजीव तथा मन्दिरलाई जीवन्त तुल्याउन निकै भरथेक भएको कुरा स्मरणीय छ ।

---

१०८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २७१ सङ्ख्या ।

११० वि.सं. १९९९ मार्ग १६ को पशुपतिनाथमा नित्यपूजा, आरती, कुण्डपुष्प चढाउने गूठीको लगत, गूठीलगत तथा तहबिलकार्यालय, दीर्घमान ५३९ लगतसङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वाग्वतीको कलकलाउँदो रूप वि.सं. २०४४ सम्म पनि आकर्षक थियो
(तस्वीर : गोविन्द टण्डन)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दश अध्याय

पशुपतिनाथमन्दिरको व्यवस्थापन

शताब्दीयौंदेखि नेपाली जनजीवनमा अग्रगण्य स्थान ओगटेको पशुपतिनाथमन्दिरको व्यवस्थापन पक्ष कौतूहलको विषयवस्तु बन्नु स्वाभाविक छ । हुन पनि एकटङ्कारसँग जसरी यस मन्दिरको व्यवस्थापन भइरहेको छ, त्यसलाई हेर्दा अगाडिदेखि नै यस विषयमा ध्यान पुऱ्याइएको महसूस हुन्छ । तर यस विषयमा प्रकाश पार्ने सामग्रीहरूको अभावको कारण पशुपतिनाथमन्दिरको व्यवस्थापन पक्ष उल्लेखनीय भईकन पनि वि.सं. १८६७ भन्दा अगाडिको विवरणहरू प्राप्त छैनन् । लिच्छविकाल र यसभन्दा अगाडि त्यस मन्दिरको सञ्चालनमा कुनै विशेष व्यवस्था थियो या थिएन, भए कुन तरिकाबाट हुन्थ्यो ? आदि जस्ता कुराहरू जान्नको लागि हामीसँग कुनै ठोस प्रमाणहरू छैनन् । लिच्छविकालदेखि 'पशुपतिनाथ' ले पाएको मान्यता र यसले ओगटेको महत्त्वपूर्ण स्थान अझ अंशुवर्माको समयदेखि पशुपतिनाथप्रति दर्शाइएको राजकीय सम्मानहरूलाई हेर्दा त्यस वेला पशुपतिनाथमन्दिरको व्यवस्थापन राज्यकै तर्फबाट गरिन्थ्यो कि भन्ने अनुमान हुन्छ । यस कुरालाई अंशुवर्माको संवत् ३२ (वि.सं.६६५) आषाढको हाँडिगाउँको शिलालेखले पनि केही पुष्टि गर्दछ । यस अभिलेखमा लोकमा रहेको प्रसिद्धि, लोकप्रियता आदिको आधारमा तात्कालिक मठमन्दिर, विहारहरूलाई तीन भागमा विभाजन गरी पशुपतिनाथ, चाँगुनारायण, गुंविहारलाई पहिलो श्रेणीमा राखिएको छ । ती मन्दिर तथा विहारहरूलाई भाग नियत गर्ने प्रसङ्गमा पशुपतिको नाम सबभन्दा अगाडि राखी ६ पुराण २ पण छुट्याइएको छ ।[१] यसबाट अंशुवर्माको समयमा पशुपतिनाथमन्दिरको सञ्चालनमा राज्यको प्रमुख हात रहेको देखिन्छ । त्यस्तै गरी उदयदेव, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदि लिच्छवि राजाहरू, जिष्णु गुप्त, विष्णु गुप्त आदि लिच्छविकालका सामन्त शासकहरूले आफ्नो नामको अगाडि 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' अर्थात् भगवान् पशुपतिको पाउको धूलोले आफ्नो टाउको सुहाएको भनी पशुपतिनाथप्रति श्रद्धा-भक्ति दर्शाएका छन् । त्यसलाई हेर्दा पशुपतिनाथ एवं यस मन्दिरको व्यवस्थापनमा राज्यको तर्फबाट नै भरथेक भएको सम्भावनालाई देखाउँछ । नेपाली जनजीवनमा लामो समयदेखि पशुपतिनाथमन्दिरको महत्त्व रहिआएको देखाउने अनेकौं ऐतिहासिक सामग्रीहरूलाई हेर्दा पशुपतिनाथको मन्दिरको पूजाआजा तथा यहाँको सञ्चालन एवं व्यवस्थापन पक्षसँग सम्बन्धित सामग्रीहरू एकदमै कम हुनु ज्यादै आश्चर्यलाग्दो छ । जे होस्, लिच्छविकालदेखि नै प्रामाणिक रूपमा सामाजिक, धार्मिक, लौकिक काम-कुराहरू गर्नको निमित्त विभिन्न प्रकारका गोष्ठीहरू विद्यमान भएको कुरालाई दृष्टिगत गर्दा त्यस अवधिमा पनि पशुपतिनाथको नित्यनैमित्तिक पूजाआजालगायत अन्य व्यवस्थापनका कुराहरू त्यस्तै 'गोष्ठी' (गूठी) को माध्यमबाट सम्पन्न गराइने चलन थियो होला भन्ने अनुमानचाहिँ गर्न सकिन्छ ।

*गोपालराजवंशावली*मा मध्यकाल र मल्लकालका राजाहरूले पशुपतिनाथमन्दिरमा गरेका धार्मिक कृत्य तथा विभिन्न वस्तुहरू चढाएका विवरणहरू दिइएका छन् ।[२] त्यस्तै गरी *भाषावंशावली* र ठ्यासफु आदिमा पनि त्यससम्बन्धी उल्लेखहरू पाइन्छन् । पशुपतिनाथमन्दिरको निर्माण तथा अरू कार्यहरू तात्कालिक राजाहरूले तन, मन धन दिई सहयोग गरेको देख्दा पशुपतिनाथको पूजापरम्परा र व्यवस्थालाई सजीव तुल्याई राख्न उनीहरू दत्तचित्त रहेको देखिन्छ ।

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०), ३२० पृष्ठ ।

२ Dhanavajra Vajracharya and Kamal P. Malla (Ed.), *The Gopalrajavamsavali*, (Germany : Franz Steiner Verlag Wiesbaden GmbH, 1985), pp. 1-80.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिरको सञ्चालनका सम्बन्धमा भएका व्यवस्थाहरूमा अहिलेसम्म प्राप्त सामग्रीहरूमा सबैभन्दा पुरानो ने.सं. ८५५ (वि.सं १७९२) को एउटा लिखत छ । त्यस लिखतमा "पशुपतिक्षेत्रका शुभकार्य अखण्ड नगरी गराउनु पर्छ" भनी ताडपत्र, दानपत्र श्रीभैरवानन्द स्वामीबाट "संवत् ७०० (वि.सं. १६३७) वर्ष हुँदा बिसेट भँडिल श्रीविमलानन्द स्वामीका पालामा खोज हुँदा अधिका जीर्ण पत्र पाया र जीर्ण भया देखिकन श्रीकपिलानन्द स्वामीबाट श्री राजा जगज्जयमल्लदेव साधी आफ्ना नाउँका ताडपत्र दुइ तुल्याई ईश्वरका देवालयमा एक राषी एक ताडपत्र शाम्बसदाशिवभट्टलाई दिया हिजोको बमोजिम नयाँ पत्र बनाई दियौं"[३] भन्ने वाक्य भएकोले वि.सं.१७९२ भन्दा अगाडिदेखि नै पशुपतिनाथमन्दिरको व्यवस्थापनको निमित्त केही बन्दोबस्तहरू गरिएका थिए भन्ने बुझिन्छ । मुख्यत: उक्त पत्रमा पशुपतिनाथको पुजारी, भँडारी, बिसेटको सम्बन्धमा केही चर्चा परेको छ । जहाँसम्म पशुपतिनाथको व्यवस्थापन पक्षसँग सम्बन्धित कुराहरू छन्, त्यससँग सरोकार राख्ने सामग्रीहरूको एकदमै अभाव छ । पशुपतिनाथ-मन्दिरसँग सम्बन्धित ताम्रपत्र, सुवर्णपत्र एवं ताडपत्र जस्ता सामग्रीहरू पशुपतिनाथमन्दिरको एक तलामाथि रहेको मूलभण्डारमा राख्ने चलन थियो भन्ने बूढापाकाहरूले भन्नु र वस्तुस्थितिमा मन्दिरसँग सम्बन्ध राखी लामो परम्परा देखाउने सामग्रीहरू बाहिर नहुनु, यी सबै केवल संयोगको कुराहरू मात्र होइनन् कि भन्ने देखिन्छ । प्राप्त सामग्रीहरूको आधारमा अब पशुपतिनाथको व्यवस्थापनको सम्बन्धमा यहाँ केही चर्चा गर्नुपरेको छ ।

१०.१ पशुपतिगोश्वारा

पशुपतिनाथमन्दिरको मात्र होइन पशुपतिगोश्वारा पशुपतिक्षेत्रकै एक महत्त्वपूर्ण एकाइको रूपमा उहिले थियो । यसको पुरानो छापमा १९६१ लेखिएको देखिनाले यस एकाइको स्थापना वि.सं.१९६१ मा भएको बुझिन्छ । पशुपतिक्षेत्रका मठमन्दिरहरूको मर्मत-जीर्णोद्धारका कामहरूदेखि लिएर सरसफाइ, पर्वपूजाहरूको रेखदेख जस्ता कतिपय कुराहरूमा यसको प्रत्यक्ष संलग्नता रहेको छ । श्री ५ गूठीबन्दोबस्तअड्डा विघटन हुनुभन्दा अगाडिसम्म पशुपतिक्षेत्रमा गर्नुपर्ने कामहरू व्यवस्थित ढङ्गबाट सञ्चालन होस् भन्ने हेतुले यसलाई यस क्षेत्रमा सम्पादन हुने कामहरूको रेखदेखको महत्त्वपूर्ण जिम्मेवारी दिइएको थियो । वि.सं. २०२१ सालमा गूठीसंस्थानको स्थापना भएपछि गूठीबन्दोबस्तअड्डाको झैं यसले गूठीसंस्थानको एक एकाइको रूपमा काम गर्न थाल्यो । तर पहिले जस्तो स्पष्ट दिशाबोध नहुनाले तथा कार्य सम्पादनमा दोहोरोपन र अस्पष्टता देखिनाले हुनुपर्ने कार्यहरूसमेत हुन सकिरहेको छैन । यसले गर्दा वर्तमान अवस्थामा पशुपतिगोश्वाराको काम अत्यन्त सीमित हुन पुगेको छ । पशुपतिगोश्वाराको कार्यक्षेत्रको बारेमा प्रकाश पार्नको निमित्त वि.सं. १९८९ चैत्र ११ गते रोज ६ को खड्गनिशाना उल्लेख्य छ । त्यहाँ उल्लेख भएका कुराहरूलाई हेर्दा पशुपतिगोश्वाराले देहायअनुसारका कामहरू गर्नुपर्दथ्यो भन्ने थाहा हुन्छ ।

१०.१.१ *मर्मतजीर्णोद्धार*

पशुपति-गुह्येश्वरी हाताइलाकाका श्री ५ गूठी, श्री ३ गूठी तथा बेवारिस मठमन्दिर, घाट, पुल, सत्तल जे जति छन्, तिनको आवश्यक मर्मत-जीर्णोद्धार गर्ने जिम्मा पशुपतिगोश्वाराको थियो । त्यतिखेर त्यसले श्री ५ तथा श्री ३ गूठीअन्तर्गतका कृतिहरूको जीर्णोद्धारको कार्य गर्दा एक ठाउँमा मर्मत गर्दा रु. ५०।- सम्म लगत सदर गराई काम सम्पन्न गराउन सक्दथ्यो । त्यसरी काम गर्नको लागि श्री ५ गूठीबाट रु. ४००।- र श्री ३ गूठीको लागि वर्षमा रु.४००।- सम्म त्यस विधिअनुसार खर्च गर्न पाउने अधिकार दिइएको थियो । एक ठाउँमा मर्मतजीर्णोद्धारको कार्य गर्दा रु. ५०।- भन्दा बढी खर्च गर्नुपर्ने भएमा 'पब्लिक वर्क डिपार्टमेन्ट' मा लागतको लागि लेखी पठाई सम्बन्धित

---

३ (क) गोविन्द टण्डन, "श्रीपशुपतिनाथमन्दिरमा दाक्षिणात्य ब्राह्मण पुजारीहरूबाट पूजा गर्ने परम्परा: एक अध्ययन", *अभिलाषा*, (युवा विशेषाङ्क, वि.सं.२०४२), ११३-११४ पृष्ठ ।
(ख) परिशिष्टभाग, अभिलेखखण्ड (क), ७१ संङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गूठीबन्दोबस्तअड्डामार्फत सो क्षेत्रको काम गर्न-गराउन पशुपतिगोश्वारालाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था थियो । पब्लिक वर्क डिपार्टमेन्टको स्थापना इन्जिनीयरिङ्ग अफिसको खारेजीपछि भएको हो ।

पशुपतिनाथको हाताइलाकाभित्र दुनियाँदारहरूले बनाएको पाटीपौवा, घाट, बाटो, धारा, बगैंचा भत्के-बिग्रेमा दाताका सन्तान भए तिनलाई, सन्तान नभए हकवाललाई, त्यो पनि नभए अपुताली खानेलाई कीर्तिहरूको स्याहार-सम्भारको लागि सजग गराउने काम पनि यसको थियो । दाता वा उनका सन्तान, हकवाला, अपुताली खाने कोही पनि छैनन् र जगेडा गूठी पनि छैन भने त्यस कुरालाई प्रधानमन्त्रीमा जाहेर गराई त्यसरी बेवारिसतुल्य भइरहेका कीर्तिहरूको मर्मत-जीर्णोद्धारको निमित्त श्री ५ तथा श्री ३ गूठीको आयस्ताबाट प्रतिवर्ष दुइ-दुइ हजार पशुपति-गोश्वारालाई दिने व्यवस्था थियो । त्यसरी प्राप्त हुने रकममध्ये श्री ५ गूठीबन्दोबस्तबाट प्राप्त हुने कौसीतोसाखानाबाट आउँदथ्यो भने श्री ३ गूठीपट्टिको श्री ३ गूठीबन्दोबस्तअड्डाबाट सोझै आउँदथ्यो ।

पशुपति-गुह्येश्वरी हाताइलाकाको भत्के-बिग्रेका कीर्तिहरू बनाउन लगत वा रकम निकासा दिनुपर्ने अड्डाले पन्ध्र दिनभित्र निकासा दिई सक्नुपर्दथ्यो । यदि त्यस अवधिमा निकासा नदिएमा निकासा दिने अड्डाका हाकिमलाई रु.१।- जरिबाना गरी ताकिता गरिन्थ्यो । त्यति गर्दा पनि निकासा भई नआएमा भत्किन-बिग्रिन लागेको नोक्सानीको मूल्याङ्कन पशुपतिगोश्वाराका हामिकले स्वयम् जाहेर गरी त्यस्ता हाकिमलाई जे गर्नु भन्ने आदेश आउँछ, त्यो गर्ने काम पशुपतिगोश्वाराको थियो । त्यसअनुसार काम नगरे पशुपतिगोश्वाराको हाकिम सजायको भागी हुन्थ्यो । यस्तो व्यवस्थाले गर्दा पशुपतिक्षेत्रका कीर्तिहरूको जगेर्नामा ठूलो सघाउ पुगेको थियो । सामान्य मर्मतजीर्णोद्धारबाहेक जगैदेखि कुनै कीर्तिको संरक्षण गर्नुपर्दा त्यसको लगत, नापनक्सा तयार गरी निवदेन दिई निकासाअनुसारको काम गर्ने जिम्मा पशुपतिगोश्वाराको थियो । त्यसको अतिरिक्त पशुपतिक्षेत्रका मठमन्दिर, पाटीपौवा, सत्तल, धारा, पुल, बगैंचाको लगत तयार गरी राख्ने काम पनि पशुपतिगोश्वाराले गर्दथ्यो । साथै यस क्षेत्रमा कसैले देवालय-शिवालय, पाटीपौवा बनाउन इच्छा गरेमा त्यस विषयमा विस्तृत बुझी बडागुरुज्यूमार्फत जाहेर गर्ने काम सोही गोश्वाराको थियो ।

१०.१.२ पर्वपूजाको रेखदेख

पशुपतिक्षेत्रका मठमन्दिरहरूमा गर्नुपर्ने नित्यनैमित्तिक पूजाआजा नियत समयमा भएको छ-छैन भन्ने जस्ता कुराहरूको निगरानी पनि पशुपतिगोश्वाराले राख्नुपर्दथ्यो । प्रत्येक महीनाको पूर्णिमाको दिन पशुपतिनाथमा गरिने महास्नान-महाबलिमा त अझ उत्तरदायित्वपूर्ण रूपले कर्तव्यको निर्वाह गर्नुपर्दथ्यो । त्यस दिन पशुपतिनाथमा चढाइने सरसामग्रीहरूमध्ये जुन दुइ दिन राख्दा बिग्रदैन त्यस्ता वस्तुहरू दुइ दिनअगाडि, एक दिनअगाडि ठीक पार्दा नबिग्रने चीजहरू एक दिनअगाडि र दूध-दही, फूलमाला आदि वस्तु जुन सोही दिन राख्नुपर्ने हुन्छ, त्यस्ता सामग्रीहरू चाहिने समयभन्दा अगाडि तयार पार्ने, नापतौल गर्ने, गन्ती गर्ने काममा गूठीबन्दोबस्तअड्डा, गूठीजाँचअड्डा, गूठीखर्चअड्डा, गूठीतहसिलअड्डा र पशुपतिगोश्वारा बसी सम्पन्न गराउनुपर्दथ्यो । अहिले तिनीहरूमध्ये कति कार्यालयहरू विघटन भइसकेका छन् । त्यसो भए तापनि पशुपतिगोश्वाराको अहिले पनि सक्रिय भूमिका रहेको छ । महास्नान-महाबलिको काममा सामेल हुनुपर्ने हाकिम, कारिन्दा, रै-रकमीहरूलाई समयमा सामेल गराई पशुपतिनाथको बिहानको नित्यपूजा सकिएपछि अपराह्ण एक बजेदेखि महास्नानसम्बन्धी काम प्रारम्भ गराई साँझसम्म सक्ने प्रबन्ध गर्ने दायित्व पशुपतिगोश्वाराको थियो । महास्नान-महाबलिको गूठीजग्गा रहेको फटकशिलाबाट आउनुपर्ने माल पूरा आएन वा गूठीखर्चअड्डाले खरीद गरी दाखिल गर्नुपर्ने सामान दाखिल गरेन वा त्यस्ता सामग्री खराव भई काममा प्रयोग नहुने भयो भने आवश्यक पर्ने चीज जे गरेर हुन्छ तुरुन्त उपलब्ध गराउने तथा नोक्सान भएका सामानको हर्जाना जसबाट गर्नुपर्छ गराउने काम पशुपतिगोश्वाराको थियो । माथि उल्लिखित कामहरू समयमा हुन नसके गूठीबन्दोबस्तअड्डा, गूठीतहसिलअड्डा, गूठीखर्चअड्डा, गूठीजाँचअड्डा र पशुपतिगोश्वाराका हाकिमलाई जनही रु. ५०।- जरिबाना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्थ्यो । महास्नानको काम चलाउन आउनुपर्ने हाकिम वा तहरीर समयमा सामेल भएनन् भने त्यस्ताको हाजिर गयल गर्नको निमित्त 'हाजिरगोश्वाराअड्डा' मा जनाउन दिने र तीन पटकसम्म पनि समयमा उपस्थित भएन भने श्री ३ मा जाहेर गर्नुपर्दथ्यो ।

पशुपतिक्षेत्रका अरू देवी-देवताहरूको नित्यनैमित्तिक पर्वपूजा चलाउन ठेकेदारमार्फत प्राप्त हुने सामग्रीहरू तामापत्र, शिलापत्र, दानपत्र, सनद एवं कवुलियतअनुसार चले-नचलेको तथा त्यसअनुसार पूजा भए-नभएको हेर्ने काम गूठीजाँचअड्डाले गर्दथ्यो । गूठीजाँचअड्डाले आफ्नो कर्तव्य पूरा गरेको छ-छैन, छड्के जाँच गर्ने काम तथा ठेकेदारले पूरा सामग्रीहरू नल्याई धर्मलोप गरेको कुरालाई गूठीजाँचअड्डाका जाँचकीहरूले नहेरेमा बडागुरुज्यूकहाँ जाहेर गर्ने काम पशुपतिगोश्वाराको थियो । पशुपति-गुह्येश्वरीलगायत यस क्षेत्रका देवी-देवताका मन्दिरहरूमा तामापत्र, शिलापत्र, लालमोहर, सनद, दानपत्रको बन्देजअनुसार पूजाआजा र काम भए-नभएको बराबर जाँची बन्देजमा व्यवस्था गरिएअनुसार भएको रहेनछ भने एकपटकलाई राम्रोसँग सम्झाउने, त्यति गर्दा पनि मानेन भने पशुपतिगोश्वाराको हाकिमको तजबिजले कुसले, पोडे, दमाईंलाई बीस बेत तथा अरूलाई चार पैसादेखि एक रुपैयाँसम्म जरिबाना गर्न सक्थ्यो । त्यसरी जरिबाना गर्दा प्राप्त हुने रकम पशुपतिगोश्वाराको स्याहामा आम्दानी बाँधी पशुपतिको ढुकुटीमा दाखिला गर्ने चलन थियो । त्यति गर्दा पनि केही नलागेमा बडागुरुज्यूमार्फत जाहेर गर्नुपर्दथ्यो ।

१०.१.३ घाट-पाटीको रेखदेख, सरसफाइ तथा बिरामीहरूको हेरचाह

आर्यघाटस्थित चिताहरूको रेखदेख तथा तिनको प्रबन्ध गर्ने काम पशुपतिगोश्वाराले गर्दथ्यो । मुर्दादाह गर्नको निमित्त श्रीखण्ड कसैले सापट मागन आएमा पन्ध्र दिनभित्र फिर्ता गर्ने गरी दिनसक्थ्यो । घाटमा ल्याइराखेका बिरामीहरूलाई धनी-गरीब भनी पनपक्ष नगरी समान रूपले घाटे वैद्यले हेर्ने तालिका मिलाई त्यसअनुसार भए-नभएको बराबर जाँची घाटे वैद्यको खान्गी खाएर नियत काममा रुजू नरहने वैद्यलाई खारेज गरी नयाँ भर्ना गर्न बडागुरुज्यूमार्फत जाहेर गर्नु पनि पशुपतिगोश्वाराको काम थियो । पशुपतिमन्दिरको पूर्वपट्टिको आर्यघाटदेखि राजराजेश्वरीघाटसम्म ल्याइएका बेवारिस बिरामीहरू तथा तिनीहरूलाई कुर्ने व्यक्तिहरूलाई प्रतिव्यक्ति क्रमशः आठ पैसा तथा सोह्र पैसा खानाखर्चबापत उपलब्ध गराई दिने तथा त्यतिले खान नपुगेमा पञ्चदेवलको पाकशालाबाट खुवाउने प्रबन्ध मिलाई दिने काम पशुपतिगोश्वाराअन्तर्गतको थियो । त्यस्ता बेवारिस व्यक्ति मरेमा कात्रो तथा दाउरा, दाउरागूठीबाट दिलाई दिने र यदि बिरामीबाट तङ्ग्रिएमा स्वास्नीमानिस भए दिनको आठ पैसा दिई पञ्चदेवलमा, लोग्नेमानिस भए सोह्र पैसा दिई पूर्णेश्वर पाकशालामा खुवाउने प्रबन्ध पशुपतिगोश्वाराले गर्नुपर्दथ्यो ।

पञ्चदेवल पाकशालाका र अरू बेवारिस व्यक्तिहरू कोही मरेमा तिनको अन्तिम संस्कार गर्न कात्रो तथा दाउरा दाउरागूठीबाट उपलब्ध हुन्थ्यो । त्यस्तै जलाउने काम सम्पन्न गर्नको निमित्त जनै लाउने जातसम्मलाई जितजङ्गप्रकाशेश्वरगूठीबाट, जनै लाउने जातदेखिबाहेक पानी चल्ने जातसम्मलाई दाहसंस्कार गर्न श्री ३ गूठीबाट घाटेहरूको व्यवस्था भएको थियो । पानी नचल्ने जातलाई त्यही जातको मानिस खोजी एक जना मुर्दा जलाउन एक रुपैयाँ दिई अन्तिमसंस्कार गराई दिने तथा गाड्ने जातलाई राजराजेश्वरीघाटदेखि मुनि वाग्वतीपारि लगी गाड्ने व्यवस्था मिलाउने काम पनि पशुपतिगोश्वारालें गर्नुपर्दथ्यो ।

पशुपति-गुह्येश्वरीवरपर बनेका सार्वजनिक शौचालयमा बाहेक अन्यत्र दिशा-पिसाब गर्ने व्यक्तिलाई जरिबाना हुन्थ्यो । त्यस काममा इज्जतदार (ठूला, पदासीन) व्यक्तिहरूले बिराउ गरे पचास पैसा तथा अरूलाई चार पैसा जरिबाना गरी पशुपतिगोश्वाराले आम्दानी बाँधी पशुपतिनाथको ढुकुटी दाखिल गरिन्थ्यो । जरिबाना तिर्न नसक्ने व्यक्तिको हकमा भने उसले गरेको फोहरमैला उसैलाई सोहर्न लगाइन्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बेवारिस बिरामीहरूलाई मात्र होइन, कसैले बिरामी कुकुरलाई समातेर ल्याइदियो भने भाले-पोथी छुट्याएर प्रत्येक कुकुरलाई दिनको एक माना मकैको पीठो खुवाउने व्यवस्था भएकोमा उक्त काम यथावत् चलेको छ छैन भनी बराबर जाँच्ने काम पशुपतिगोश्वाराले गर्नुपर्दथ्यो । कुकुरलाई भैरवको वाहन मान्ने हिन्दूआस्था भएकोले भगवान् पशुपतिनाथको क्षेत्रमा उनका वाहनहरूले कष्ट नपाऊन् भन्ने आशय यस व्यवस्थामा देखिन्छ । देवस्थलका बाँदर, साँढे, मलेवाहरूलाई दाना-चाराको लागि गूठी राख्नुको पछिल्तिर पनि यस्तै धार्मिक आस्था र विश्वासले ठाउँ पाएको छ ।

सरसफाइकै सन्दर्भमा पशुपतिक्षेत्रभित्र परम्परादेखि सुग्घर-सफाइको निमित्त राखिएका गूठीहरू साबिकअनुसार चले-नचलेको हेर्ने तथा त्यस्ता कामको निमित्त पछि थप हुने व्यक्तिहरूमाथि निगरानी राखी सुग्घर-सफाइमा मदत गर्ने काम पशुपतिगोश्वाराको कार्यक्षेत्रअन्तर्गत पर्दथ्यो । वि.सं. १९८९ अगाडिसम्म सरसफाइ गर्ने काममा ४७ जना नियुक्त थिए । त्यसपछि त्यो सङ्ख्या घटी १३ जनामा सीमित हुन पुग्यो । अहिले पशुपति र गुह्येश्वरीमन्दिरप्राङ्गणमा पशुपतिगोश्वाराअन्तर्गत झारु-बढारु गर्ने व्यक्तिहरू छैनन् । देवस्थल इलाकामा सर-सफाइ नभएमा पशुपतिगोश्वाराका हाकिमलाई पनि सजाय हुने चलनले गर्दा आफ्नो उत्तरदायित्वलाई पूरा गर्न दुवै थरी दत्तचित्त हुन्थे । देवस्थलहरूमा काम गर्ने कुनै पनि रै-रकमीहरूलाई राष्ट्रिय बजेटबाट रकम बेहोर्नुपर्दैनथ्यो । गूठीअन्तर्गतका आयस्रोतबाट ती कामहरू हुने प्रथा थियो ।

पशुपतिनाथमन्दिरबाहिर टाँसिएका सङ्गमर्मरहरूलाई सात-सात दिनमा पुछ्नुपर्ने व्यवस्था थियो । त्यो काम गर्न एक जना नाइके र दुइ जना कामदार नियुक्त भएकोमा तिनीहरूको काम समय-समयमा हेर्ने तथा मन्दिरभित्रको भित्ताका सङ्गमर्मरहरू धोई-पुछी सफा गर्न प्रत्येक महीना पालो पर्ने भण्डारीहरूमध्ये दुइ जनालाई जिम्मा दिई सो काम गरेबापत ठूलो सदावर्तबाट साढे एक माने हण्डी दुइवटा उपलब्ध गराइदिने एवं महीना दिनलाई खाडीको रुमाल दुइवटाका दरले श्री ३ गूठीबन्दोबस्तबाट ल्याई दिने काम पनि पशुपतिगोश्वाराको थियो । नियत समयमा सफा-सुग्घर भए-नभएको हेर्ने काम पनि पशुपतिगोश्वाराको थियो ।

१०.१.४ ढुङ्गेधाराहरूको हेरचाह

पशुपतिक्षेत्रका ढुङ्गेधाराहरूको हेरचाह गर्ने काम पनि यसले गर्नुपर्दथ्यो । जयवागीश्वरीको सुन्धारा र देवपाटनमा रहेको अरुण-वरुण नामले प्रसिद्ध ढुङ्गेधारामा विशेष रूपले हेर्नुपर्दथ्यो । ती दुवै धाराको रखवारी गरी रोजिन्दा धारावरपर सफा-सुग्घर गर्ने तथा सात-सात दिनमा धारादेखि मुहानसम्मको मङ्गालहरूमा फोहरमैला हुन नपाउने गरी जम्मा भएका कसिङ्गरहरू झिक्ने काममा चप्रासीहरू खटाइएका हुन्थे । तिनीहरूको कामउपर निगरानी राखी महीना चुक्ता भएपछि तिनको हाजिरी पठाई ठूलो सदावर्तबाट हण्डी खुवाउने काम पनि पशुपतिगोश्वाराले गर्नुपर्दथ्यो ।

१०.१.५ वनको हेरचाह

पशुपतिक्षेत्रको वनको हेरचाह तथा त्यसलाई गुल्जार गर्नको निमित्त पशुपतिको ठूलो सदावर्तबाट हण्डी खाने गरी दुइ जना चिताइदार एवं एक जना चप्रासीको सहयोग समरजङ्ग कम्पनीबाट पाउने व्यवस्था थियो । तर तिनीहरूले आ-आफ्नो काम गरे-नगरेको हेर्ने भने पशुपतिगोश्वाराले गर्दथ्यो । उनीहरूलाई काममा रुजू नभएको दिन गयल गर्न सक्दथ्यो ।

१०.१.६ बाली खुवाउने

पशुपतिक्षेत्रको मठमन्दिरसँग सम्बन्धित सबै कामहरूको रेखदेख, निगरानी एवं मर्मत-जीर्णोद्धार गर्ने काम पशुपतिगोश्वाराको हुनाले वि.सं. २००७ साल फाल्गुन ७ गते अगाडिसम्म यस क्षेत्रमा भएका मठमन्दिरहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजाआजा, सुग्घर-सफाइसँग सम्बन्धित रै-रकमीहरूको बाली खुवाउन पशुपतिगोश्वाराको हाकिमको मञ्जुरी चाहिन्थ्यो । मञ्जूरी भएपछि मात्र सम्बन्धित निकायबाट खान्गी बालीको निकासा हुन्थ्यो ।

१०.१.७ मन्दिरको मर्यादा पालन गराउने

मठमन्दिर एवं देवस्थलको मर्यादा पालन गराउनामा पनि पशुपतिगोश्वाराको हात रहेको थियो । तर यस विषयमा पशुपतिनाथमन्दिरसँग मात्र यसको संलग्नता रहेको देखिन्छ । छाला र छालाबाट बनेका टाँक, फित्ता, कम्मरपेटी, टोपी, कोट, लुगा एवं सिङ र हाडबाट बनेको कुनै पनि सामग्रीहरू लिएर वा लाएर पशुपतिमन्दिरमा जान पाइन्नथ्यो । त्यस्ता वस्तुहरू लगाएर जानेलाई पशुपतिका पुजारीहरूले छुनु हुन्नथ्यो । सो व्यवस्थाको उल्लङ्घन गरी जाने व्यक्तिहरूमध्ये तात्कालिक चलनअनुसार हिराको चाँदसम्म लाउने दर्जाको व्यक्ति रहेछ भने बडागुरुज्यूमार्फत जाहेर गर्नुपर्दथ्यो । अरूलाई भने चार पैसा जरिबाना गरी सो रकम पशुपतिको भण्डारमा दाखिल गराउने काम यही गोश्वाराले गर्दथ्यो । साथै अघिदेखि मन्दिरभित्र जान हुने जातबाहेक अन्य जातहरू पशुपतिनाथ, गुह्येश्वरीमा पस्न नदिने व्यवस्था गर्ने काम पशुपतिगोश्वाराले गर्दथ्यो । पस्न नहुने व्यक्ति पसेमा पशुपतिअमालकोटमा पठाई १ देखि ५ दिनसम्म थुन्न सक्तथ्यो ।

१०.१.८ फकिरफकेडामाथि निगरानी

शिवरात्रिको अवसरमा तथा अरू वेला पनि पशुपतिक्षेत्रमा जोगी-फकिरको भेषमा वा अरू कुनै किसिमसँग आगन्तुकहरू आई बसेमा तिनीहरूको चालचलन कस्तो छ ? के कति कारणबाट बसेका छन्, त्यस बारेमा यथार्थ बुझी बडागुरुज्यूमार्फत प्रधानमन्त्रीकहाँ कुरा पुऱ्याउनु पशुपतिगोश्वाराको काम थियो । पर्वविशेषमा आउने फकिरफकेडाहरूलाई पाटीपौवामा बस्न दिई गूठी, सदाबर्तबाट बाँड्नुपर्ने सिधाहरू गोलमाल नगरीकन बाँड्ने काममा पशुपतिगोश्वाराले विशेष निगरानी राखी पाटीपौवामा फकिरफकेडा एवं गरीब-गुरुवाहरूलाई बासको प्रबन्ध गरिदिनुपर्दथ्यो । त्यस्ता पाटी-धर्मशालाहरूमा विवाह-व्रतबन्ध गर्न ठाउँ उपलब्ध गराउने र ती ठाउँहरूमा सफा-सुग्घर गर्ने लाउने जिम्मा पनि पशुपतिगोश्वाराको थियो ।

१०.१.९ बिजुलीबत्तीको बन्दोबस्त

पशुपति-गुह्येश्वरीको हाताइलाकाभित्र ठाउँ-ठाउँमा बिजुलीबत्तीको प्रबन्ध गर्ने काम पशुपतिगोश्वारालाई सुम्पिएको थियो । नवरात्रि, हरिशयनी र हरिबोधिनीएकादशी, बालाचतुर्दशी, तीज, शिवरात्रि जस्ता विशेष धार्मिक पर्वहरूमा यसैले बत्तीको प्रबन्ध गर्नुपर्दथ्यो । पशुपतिनाथ, गोरखनाथ, गुह्येश्वरीका हाताइलाकाबाहेकका ठाउँहरूमा भने बत्तीको प्रबन्ध त्यतिखेर थिएन । त्यस्तै गरी गुह्येश्वरीयात्रा जस्तो पर्वहरूमा पनि बत्ती बाल्ने काम गर्नुपर्दथ्यो ।

१०.१.१० साक्षी बस्ने

पशुपतिगोश्वाराको विभिन्न कामहरूमध्ये एउटा काम पशुपतिक्षेत्रमा भैपरी आउने कामहरूमा साक्षी बस्नु पनि रहेको देखिन्छ । त्यसमध्ये पशुपतिक्षेत्रमा बेवारिस परी अपुताली आएको धन-माल, सुनाचाँदी, नयाँ भाँडाकुँडा एवं नगद पशुपतिनाथको भण्डारमा दाखिल गरी पुराना मालहरू लिलाम गर्न पशुपतिअमालकोटकचहरीबाट साक्षी माग्न आए पठाउनुपर्दथ्यो । त्यस्तै पशुपतिभण्डारतहबिल, पशुपतिअमालकोटकचहरीलाई चाहिने जिन्सी प्रतिवर्ष मङ्सिर १५ गते कौसीतोसाखानामा गई दरभाउ गराई साक्षी बसी यामैमा निकासा लिई काम चलाउने काम पनि गर्दथ्यो । शिवरात्रि, बालाचतुर्दशीका मेलाहरूमा पसल थाप्ने ठाउँ तय गरी नियत गरिएको भूबहाल लिई अस्थायी पसल थाप्न दिने काममा साक्षी बस्नु पनि यसको काम थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.१.११ खालीखाल्सामा भर्ना गर्ने

मूलपुजारीका तैनाथबाहेकका अन्य रकमीहरू भर्ना गर्नुपरेमा आवश्यकतानुसार पशुपतिगोश्वाराले भर्ना गरी गूठीबन्दोबस्तलाई जनाउ दिए पुग्दथ्यो । त्यस्तै अरू पदपूर्ति गर्नुपर्ने भएमा गूठीबन्दोबस्तलाई लेखी पठाई भर्ना सदर गराई काम गर्न सक्तथ्यो ।

यस प्रकार पशुपतिगोश्वाराको पशुपतिक्षेत्रमा गर्नुपर्ने कामहरू प्रशस्त थिए । यसको सङ्गठन र बनावटलाई हेर्दा पशुपतिक्षेत्रसँग सम्वन्धित निकायहरू– गूठीबन्दोबस्तअड्डा, बडागुरुज्यू, पब्लिक वर्क डिपार्टमेण्ट आदिलाई यहाँको वास्तविक स्थिति अवगत गराई सुव्यवस्थित रूपबाट पशुपतिनाथमन्दिरलगायत पूरा क्षेत्रको नै निगरानी राख्नु यसको मुख्य काम देखिन्छ । अहिले पशुपतिगोश्वाराले वि.सं.१९८९ कै सवालअनुसारको काम गर्ने हो वा के गर्ने स्पष्ट नीति निर्देशनको अभावले गर्दा दोधारे स्थितिमा छ । सवालअनुसारका कतिपय अवस्थाहरू अहिले परिवर्तन भइसकेका छन् । नयाँ अवस्थालाई मिलान नगरिएको वास्तविकताले गर्दा पनि पशुपतिगोश्वाराको कार्यक्षेत्र के हो ? स्वयम्मा अस्पष्ट रहेको देखिन्छ । पहिले पशुपतिगोश्वाराले हण्डी बाँड्दा रेखदेख गर्नुपर्ने सबै सदावर्तहरू मासिई सके सिधाबापत दिनुपर्ने हण्डीहरूको अहिले रकम दिइने चलन छ । वि.सं. २०३६ अगाडि एक हण्डीको निमित्त नून, बेसारको लागि रु. १२।- र चामल दिनको डेढ मानाको दरले गूठीसंस्थानले उपलब्ध गराउँथ्यो भने त्यसपछि जिन्सी र नगदी खाने गरी दुइ भागमा वर्गीकरण गरी जिन्सी खानेलाई पनि नगदै दिन थालियो । यसअनुसार जिन्सी खानेलाई प्रतिमहीना रु. १००।- र नगदी खानेलाई रु. ४५।- दिइन थालेको छ । जिन्सी हण्डी पाउनेहरू अहिले ३९ जना छन् भने नगदी खाने ३३ जना छन् । वि. सं. २०४० भन्दाअगाडि नगदी खानेहरूलाई रु. ३०।- दिइन्थ्यो । जहाँ पहिले हण्डी बाँड्ने पूरा अधिकार पशुपतिगोश्वाराको थियो, अहिले गूठीसंस्थानले गर्दछ । साना-तिना मर्मत कार्यबाहेक पशुपतिगोश्वाराले अहिले बजेटको अभावले उत्तरदायित्वपूर्ण रूपले विगत केही दशकदेखि उल्लेख्य काम गरेको थाहा छैन । पशुपतिगोश्वाराले रेखदेख गर्ने पशुपति-गुह्येश्वरीहाताभित्रका सत्तल, पौवा, करीब २७ वटा जति छन् । ती पाटी-सत्तलहरूमध्ये केहीमा गरीब-गुरुवाहरू निःशुल्क बसिरहेका छन् । कुनै धर्मशाला, सत्तलहरूमा विवाह-व्रतबन्ध पनि हुने गर्दछ । आर्यघाटका दुइवटा सत्तलमा भने अन्तिम अवस्थाका बिरामीहरू ल्याएर राखिन्छ । तिनै सत्तलधर्मशालाहरूमध्ये पाँचवटामा पशुपति एव वासुकिका पुजारीहरू बस्दछन् ।

पशुपतिगोश्वारा अहिले गूठीसंस्थानअन्तर्गत सञ्चालित छ । यस कार्यालयको मोटामोटी काम निम्नानुसारको भएको देखिन्छ :-

(क) हण्डी खुवाउने ।

(ख) पशुपति, गुह्येश्वरी हाताइलाकाभित्रका रकमीहरूले काम गरे-नगरेको छड्के जाँच गर्ने । आफू-अन्तर्गतको रकमीहरूको भर्ना सदरको निमित्त पेश गर्ने ।

(ग) पशुपतिहाताभित्र बेवारिस भई मानिस मरेमा उसको दाहसंस्कार गर्ने ।

(घ) पशुपति-गुह्येश्वरी हाताइलाकाभित्र सुग्घर-सफाइ तथा झारु-बढारु गर्न लगाउने ।

(ङ) साना-तिना मर्मत कार्य गर्ने ।

(च) ब्रह्मनालको १ नम्बरको चितामा लाश जलाउन आएमा रु. २५।- दस्तुर लिई आम्दानी बाँध्ने ।

(छ) श्रीपशुपतिनाथको निमित्त कसैले नगद दान गर्न चाहेमा भर्पाइ दिई नगद लिई भण्डारमा दाखिल गर्ने ।

(ज) पशुपति-गुह्येश्वरीको हाताइलाकाका केही सार्वजनिक बिजुलीबत्तीको प्रबन्ध गर्ने र महसूल बुझाउने ।

(झ) वनकालीको नयाँ धर्मशालाको रेखदेख गर्नु तथा चन्दा लिई आवासको व्यवस्था गरिदिनु । उपर्युक्त कार्यहरू गर्नको निमित्त देहायको व्यवस्था र कर्मचारीहरूको संलग्नता रहेको छः-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१०.२ पशुपतिअमालकोटकचहरी

पशुपतिनाथ र पशुपतिक्षेत्रको व्यवस्थापन पक्षसँग सम्बद्ध अर्को महत्त्वपूर्ण निकाय पशुपतिअमालकोटकचहरी हो । प्रारम्भिक शाहकालको प्रशासनिक क्षेत्रमा अमालको उल्लेखनीय हात रहेको देखिन्छ । अधिराज्यको मुख्य-मुख्य बस्तीहरूमा अमालहरू थिए । कूतहरू उठाउने, झारा, बेठ-बेगारको आवश्यकता पर्दा द्वारे, अमालीमार्फत सूचना पठाउने चलन एवं गूठी चलाउन उपयुक्त मानिसहरूको चयनसमेत पशुपतिअमालकोटकचहरीले गर्ने गरेको उल्लेख पाइन्छ । वि.सं. १८३७ मा श्री ५ रणबहादुर शाहले देवपाटनका द्वारे शशिधरलाई लेखेको पत्रमा त्रिशूलजात्रागूठी, कोलाछेमिलगूठी, मूलननीको लिवाचागूठी, लाछीननीको लिविचागूठी कसैलाई सन्तान-दरसन्तानसम्म खोसमोस नगर्ने गरी चलाउन दिने व्यवस्था गर्न लालमोहर गरिदिएका थिए ।[४] पहाड-अधित्यकाका अमाली, द्वारेले गर्ने काम तराईमा चौधरीले गर्ने गरेको बुझिन्छ । आफ्नो 'अम्वल' भित्रको प्रशासनमा अमालको ठूलो हात रहन्थ्यो । अमालका मुख्य व्यक्तिलाई अमाली भनिन्थ्यो भने उनीभन्दा मुन्तिर रही काम गर्ने व्यक्तिलाई 'द्वारे' भनिन्थ्यो । गूठीको सम्बन्धमा परेको गाह्रो-साङ्ग्रो अमालीमार्फत राजामा पुग्दथ्यो । आफ्नो अम्वलभित्रको धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक आदि प्रत्येक पक्षमा उनीहरूको सक्रियता रहेको पाइन्छ । मल्लकालको 'प्रमान' को स्थान एक किसिमले 'अमाली' ले पाएथे ।[५] 'अमाली' तात्कालिक अवस्थाको सम्मानजनक पद हो । आफ्नो क्षेत्रका साना-तिना मुद्दा-मामिला, झैं-झगडा

---

४ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०१ सङ्ख्या ।

५ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा*, पहिलो संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, २०३२), ८५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा अन्य प्रशासनसम्बन्धी कुराहरू उनीहरूले हेर्दथे । पशुपतिक्षेत्रमा रहेको कारण पशुपतिअमालकोटकचहरीले सामाजिक-धार्मिक विषयसँग सम्वद्ध कुराहरू पनि हेर्नुपर्दथ्यो । प्रारम्भिक शाहकालको प्रशासनको एक महत्त्वपूर्ण अङ्गको रूपमा रहेको अमाल समय र परिवर्तनको प्रक्रियासँगै समाप्त भइसक्यो । ऐतिहासिक सामग्रीहरूमा आउने त्यससम्बन्धी सामान्य कुरा तथा बूढा-पुराना मानिसहरूले स्मृतिपटलमा सम्झनेबाहेक यसबारेमा अन्य कुराहरू थाहा हुन सक्तैन । प्रारम्भिक शाहकालको लालमोहरअनुसारकै कामहरू तथा तात्कालिक व्यवस्थाअनुसार अहिलेसम्म पनि त्यतिखेरकै नामबाट सम्वोधित भएर रहेको 'पशुपतिअमालकोटकचहरी' मात्र अहिले नमूनाको रूपमा रहेको छ । यस दृष्टिकोणबाट हेर्दा पनि यसको महत्त्व रहेको देखिन्छ ।

पशुपतिअमालकोटकचहरीको स्थापनाको विषयमा निश्चित रूपमा भन्न सक्ने आधार नभएकाले किटानका साथ केही भन्न सकिन्न । वि.सं. १८७० साल चैत्रकृष्ण ३० रोज २ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपतिनाथको प्रीति गरी शिवरात्रि, रामनवमी, मेषसङ्क्रान्ति, दमनारोपण, धनुर्मास, दशहरा, महाष्टमी, विजयादशमी, श्रीपञ्चमी आदि पर्वहरूमा पूजाआजा गर्नको निमित्त अघि रै-रकमीहरूले जागिर गरी खाएको ३७५ रोपनी ४ आना जग्गाको असूलतहसिल गरी उपर्युक्त पर्वपूजाहरू पनि पशुपतिअमालकोटकचहरीले चलाई राखेको देखिनाले यसको स्थापना पनि वि.सं. १८७० मा भएको हो कि भन्ने देखिन्छ । तर सो लालमोहरमा पशुपतिअमालकोटकचहरीको नामको कतै सङ्केतसम्म पनि छैन ।[६] सो लालमोहरमा उल्लिखित पर्वपूजा चलाउने अख्तियारी पशुपतिनाथको मूलपुजारीलाई दिइएको छ । अमालको एक कर्मचारीको रूपमा 'द्वारे' रहने व्यवस्था भएको तथा वि.सं. १८३७ को रणबहादुर शाहको एक पत्रमा देवपाटनको द्वारे शशिधरको उल्लेख पाइनाले पशुपतिअमालकोटकचहरीको स्थापना वि.सं. १८३७ भन्दा अगाडि नै भएको थियो भन्ने सम्भावना देखिन्छ । त्यसै कारणले गर्दा वि. सं. १८७० मा आफूले गूठी राखेको जग्गाहरूको रेखदेख एवं ती जग्गाहरूबाट हुने आम्दानीले विभिन्न पर्वहरू चलाई पशुपतिमा पूजा गर्ने व्यवस्था श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गरें ।

पशुपतिअमालकोटकचहरीको मुख्य काम वि.सं. १८७० मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गूठी राखेअनुसारका जग्गाको कूत उठाई गूठीका रकमीहरूलाई पशुपतिनाथको काममा रुजू गराई यहाँको कुनै पनि कामहरू नअड्काउनु रहेको देखिन्छ । सो कचहरीका कामहरूमा पशुपतिक्षेत्रको मुद्दा छिन्ने, स्थानीय कर, भैंसीभन्सार महसूल, भूबहाल आदि उठाउनुको साथै यस क्षेत्रको बेवारिस लाशको तायदात गरी नगदबाहेक अन्य धनसम्पत्ति लिलाम गराई पशुपतिनाथको भण्डारमा राख्नु थियो । पशुपतिक्षेत्रको वनमा घाँस काट्ने घँसिया तथा पत्कर सोहोर्ने तथा दाउरा भाँच्ने वा काट्नेहरूको डोको, नाम्लो लिलाम गर्नु पनि रहेको थियो । अमालका मुख्य व्यक्ति अमालीका कतिपय कामहरूमध्ये एउटा काम गूठीको पजनी गर्नु पनि थियो । तोकिएअनुसार काम नगर्ने गुठियार तथा त्यससँग सम्बन्धित अरू रै-रकमीहरूलाई उनीहरू पजनीसमेत गर्न सक्थे । वि.सं. १८३७ को श्री ५ रणबहादुर शाहको पत्रमा नन्दरामलाई गूठीको इजारा दिँदा "आजसम्म अम्वालीदार पजनी गर्थ्यां आज अम्वालीदेषि झिकी तिमीलाई इजारा बक्स्यौ" भन्ने उल्लेख भएबाट सो कुरा बुझिन्छ ।[७] यस प्रकार अमालका मुख्य व्यक्ति अमालीको निकै हात रहेको अवगत हुन्छ । पशुपतिअमालकोटकचहरीमा हिजोआज पनि पशुपतिका मूलपुजारीको प्रमुख भूमिका रहेको छ । खाली खाल्सामा रै-रकमीहरूको पदपूर्ति गर्ने कामदेखि लिएर पशुपतिनाथको पूजाआजा तथा गूठीका कुरामा उनको निर्णय मान्य हुने कुरालाई हेर्दा पशुपतिअमालकोटका अमाली मूलपुजारी नै हुन् भन्ने देखिन्छ । त्यति मात्र होइन देवपाटनमा हुने वत्सलायात्रा, गङ्गामाईयात्रा आदिमा यात्राको प्रारम्भ गर्न उनको अनुमति अनिवार्य हुने परम्परालाई हेर्दा पनि सो कुराको पुष्टि हुन्छ । तर मूलपुजारीको सम्बद्ध विषय भगवान् पशुपतिनाथको सेवा-अभ्यर्चना गर्नु हो । त्यसो भए

---

६ परिशिष्टभाग, अभिलेखखण्ड (क), १६१ सङ्ख्या ।

७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १०० सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल, जयवागीश्वरीभण्डारतहबिलमा समेत उनको प्रमुखता रहेको कारण प्रशासनिक कामकुरामा उनी अल्झन पुगेका छन् । अहिलेको स्थितिमा त्यसबाट लाभभन्दा बढी हानि नै भएको महसूस हुन्छ । पशुपतिका मूलपुजारी अमाली हुने चलन वि.सं. १८७० मा गीर्वाणयुद्धविक्रम शाहले देवपाटनका निश्चित क्षेत्रभित्रका जग्गा पशुपतिनाथमा चढाई त्यसको अख्तियार मूलपुजारीलाई दिएपछि प्रारम्भ भएको हो । त्यसभन्दा अगाडि मूलपुजारी अमाली हुने चलन थिएन । वि.सं.१८६६ मा देवपाटनका अमाली ब्रह्मा जैशी 'घिमिरे' थिए ।[८]

वि.सं.२००७ सालअगाडि पशुपतिअमालकोटकचहरीको कार्यक्षेत्र जति व्यापक र विस्तृत थियो, त्यसपछिका दशकहरूमा त्यो सीमित बन्दै गयो । नेपालको प्रशासनिक क्षेत्रमा आएका परिवर्तनहरू र नयाँ-नयाँ कार्यालयहरूको स्थापनाले गर्दा परम्परागत रूपमा भइआएका कामहरू अवरुद्ध हुन पुगे । फलस्वरूप कार्यक्षेत्र सीमित बन्दै गयो ।

पशुपतिअमालकोटकचहरीको मुख्य काम वि.सं. १८७० को लालमोहर र वि.सं. १९७४ को सनदअनुसार व्यवस्था भएका पूजाआजा एवं पर्वयात्रा चलाउनु रहेको छ । ती पर्वपूजाहरू पशुपतिक्षेत्रका चुनीरैकर एवं लालमोहरमा व्यवस्था भएअनुसारका जग्गाको आयस्ता उठाई चलाउनुपर्दथ्यो । पशुपतिक्षेत्रको वनको सुरक्षा गरी त्यसलाई गुल्जार गराई राख्नु पनि यसको एउटा काम थियो । त्यसको लागि चिताइदार डिट्ठा, माहानेनाइके र अरू ६ जना माहानेहरू पनि सहयोग गर्दथे । त्यस्तै आवश्यक सुरक्षाको लागि समरजङ्ग कम्पनीका दुइ जना सिपाहीहरू पनि उपलब्ध गराउने चलन थियो । त्यहाँको वनमा बिजाइ गर्नेलाई समाती अमालले दण्ड गर्नुपर्दथ्यो । पतकर सोहोर्नेहरूबाट पतकर सोहोर्दा बोटबिरुवा उखलिने भएकोले त्यसरी बोटबिरूवा उखेल्नेलाई त्यसको सट्टा बिरुवा रोप्न लगाइन्थ्यो । यस्तो कार्य तीन पटकसम्म गरेमा सदरजङ्गीकोटवालीमा बुझाउनुपर्दथ्यो । त्यसरी बिराउ गर्नेलाई सात दिनसम्म कैद गरिन्थ्यो ।[९] पशुपतिको वनक्षेत्रलाई जगेर्ना गर्न दृष्टि पुऱ्याइएको यसबाट देखिन्छ । पशुपतिनाथको चार किल्लाभित्रको वन साविकमा पशुपतिअमालकोटकचहरीले हेरचाह गरी दण्डकुण्डसमेत लिई आएकोमा वि.सं. १९७४ साल चैत्र २८ गते रोज २ मा सो अधिकार तात्कालिक वनगोश्वारालाई सुम्पियो । पशुपतिक्षेत्रको वनको सम्बन्धमा हुने दण्डकुण्ड पशुपतिअमालकोटकचहरीमा बुझाउने व्यवस्था त्यस वेला मिलाइएको थियो ।[१०]

पशुपतिक्षेत्रमा मरेका बेवारिस व्यक्तिहरूको तायदात एवं अपुताली आएको धनमाल सुनाचाँदी, नगदी, नयाँ भाँडाकुँडाहरू श्रीपशुपतिनाथको ढुकुटी दाखिल गर्न भण्डारतहबिलमा दिई पुराना भाँडाकुँडा र अन्य सामानहरू लिलाम बिक्री गर्ने काम पशुपतिअमालकोटले गर्दथ्यो । वि.सं. १९६१ मा पशुपतिक्षेत्रको मठमन्दिरहरूको मर्मत-जीर्णोद्धार एवं सुव्यवस्थित रूपबाट सञ्चालन गर्ने नियतले गठित पशुपतिगोश्वारालाई उसको कार्य सम्पादनमा सहयोग गर्नु पनि पशुपतिअमालकोटको कर्तव्यभित्रै पर्दथ्यो ।

पशुपतिमा हुने बालाचतुर्दशी एवं महाशिवरात्रिमा पशुपतिक्षेत्रमा अस्थायी पसल थाप्न दिई पसलबाट भूबहाल लिई सो क्षेत्रको सरसफाइ गरी बाँकी हुने रकम पशुपतिको ढुकुटीमा दाखिल गराउने व्यवस्थाअनुसार सरसफाइको कामबाहेक भूबहाल लिने काम अहिलेसम्म हुँदैछ । वि.सं. १९८९ को बालाचतुर्दशीमा पाल टाँगी पसल थाप्नेसँग १६ पैसा, अरू साधारण पसलेसँग ८ पैसा र नाङ्लो पसलेसँग ४ पैसा लिएको प्रमाण पाइएको छ । शिवरात्रिपर्वमा भने अलि बढी नै भूबहाल लिने गरिन्थ्यो । शिवरात्रिमा हलुवाई पसलेसँग ६ रुपैयाँ, चामल-च्यूरा पसलेसँग रु. २।५०,

---

८ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *शाहकालका अभिलेख,* प्रथम भाग, (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), ४६७ पृष्ठ ।

९ वि.सं. १९८९ को सनद । यो सनद पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

१० यससम्बन्धी सनदको नक्कल पशुपतिभण्डारतहबिलका भूतपूर्व बिसेटनाइके श्रीकृष्णमान श्रेष्ठसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सराफी पसलेसँग रु.१।२५, किराना, दही, दूध, सागपात, फलफूलसमेत खुद्रा पसलेसँग १६ पैसा, नाङ्ले पसलेसँग ८ पैसा, फूल पसलेसँग ४ पैसा लिने नियम बनाइएको थियो ।[११] पशुपतिअमालकोटकचहरीले बालाचतुर्दशी तथा शिवरात्रिमा त्यसरी भूबहाल लिई ठाउँ भाडामा दिने काम अहिले पनि गर्दछ । तर भूबहालको सम्बन्धमा कुनै त्यस्तो ठोस नियम छैन । वर्षैपिच्छे भने जसो भूबहालको रकम बढाएर उठाएको पाइन्छ ।

पशुपतिअमालकोटकचहरीलाई न्याय-निसाफसम्बन्धी अधिकार पनि छ । यसबाट हुने आम्दानी पशुपतिनाथमन्दिरको पूजाआजाको अर्को स्रोत थियो । वि.सं. १९७४ सालपछि त्यस अधिकारलाई सीमित पार्न खोजी रु.१०।-सम्म दण्ड हुने र रु.५०।-सम्म बिगो भएको मुद्दा मात्र अमालले हेर्न हुने अरू नहुने निर्णय भयो । तात्कालिक मूलपुजारी कृष्णशास्त्रीले कम रकम प्राप्त भई साबिक बमोजिम पूजाआजा गर्न अप्ठेरो परेको कुरा जाहेर गरेपछि उक्त हदभन्दा माथिको पशुपतिक्षेत्रका मुद्दाहरू हेर्न हुने अधिकार पुनः दिइएको देखिन्छ । तर कतिसम्म दण्ड-बिगोको मुद्दा हेर्न हुने हो, त्यो स्पष्ट छैन । आफ्नो अधिकारक्षेत्रभन्दा बाहिरको नालिसउजुर अमालमा दिन ल्याएमा सम्बन्धित अड्डाअदालत वा अमिनीथानामा पठाउनुपर्दथ्यो । पशुपतिक्षेत्रका व्यक्तिविशेषसँग सम्बन्धित दण्डजरिबाना नेपाल-अधिराज्यको जहाँकहींको अड्डाअदालतबाट पशुपतिअमालकोटकचहरीमा पठाउनुपर्ने नियम वि.सं. १९७४ देखि लागू भयो । यो चलन वि.सं. २०१८ सम्म पनि यथावत् चलेको थियो । तर त्यसपछि अड्डा-अदालतहरूबाट त्यो रकम आउन छाड्यो । न्याय-निसाफसम्बन्धी पशुपतिअमालकोटकचहरीको कार्य अहिले पनि यथावत् भएको मानिए तापनि कुनै पनि मुद्दा-मामिला एक त त्यहाँ नआउने अर्को त्यसको काम, कर्तव्यको बारेमा कमैलाई अवगत भएको तथा विश्वसनीयता नहुनाको कारण त्ससम्बन्धी कार्य हटेसरह छ ।

साबिकअनुसारका माथि उल्लिखित कुराहरूमध्ये पशुपतिक्षेत्रमा मर्ने बेवारिसहरूको धनमाल तायदात गर्ने शिवरात्रि तथा बालाचतुर्दशीमा भूबहाल लिई पशुपतिमा अस्थायी पसल थाप्न दिने नियत पर्वपूजा चलाउने र जग्गाको भूबहाल असूलतहसिल गर्ने काममा नै अहिले पशुपतिअमालकोटकचहरी सीमित छ ।

पशुपतिअमालकोटकचहरीका नियत कार्यहरू गर्नको निमित्त विभिन्न रै-रकमीहरू रहेका छन् । यद्यपि पशुपतिअमालकोटकचहरीको कार्यक्षेत्र दिनपरदिन विभिन्न कारणहरूले गर्दा साँगुरिँदै छ तथापि त्यहाँ पहिलेकै व्यवस्थानुसारका रैं-रकमीहरू कार्यरत छन् । ती रै-रकमीहरू तथा उनीहरूको कामको बारेमा अब सङ्क्षिप्त रूपबाट चर्चा गर्नुपरेको छ ।



११ वि.सं. १९८९ को सनद । यो सनद पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.२.१ मूलपुजारी

पशुपतिनाथमन्दिरको मूलपुजारीको मातहतमा अमालको काम कारबाही चल्दै आएको छ । पशुपतिअमालकोट-कचहरीको अख्तियारवाला मूलपुजारी हुने प्रचलन देखिन्छ । दैनिक कार्यसम्पादनको निमित्त द्वारेमा अधिकार प्रत्यायोजन हुन्छ । अमालको प्रशासकको हैसितयले दैनिक कार्य 'द्वारे' ले चलाउँछन् । अमालको समस्या तथा आवश्यक कुराहरू बुझ्नु परे मुलपूजारीले द्वारेलाई आफ्नो निवासमा बोलाई छलफल गर्ने चलन छ । वि.सं. १८७० पछि यस क्षेत्रको अख्तियारी मूलपुजारीले पाएका हुन् भन्ने कुराको चर्चा माथि नै गरिसकियो ।

१०.२.२ द्वारे

पशुपतिअमालकोटकचहरीको दैनिक कार्यसम्पादन गर्न सघाउ पुऱ्याउने प्रमुख व्यक्ति 'द्वारे' नै हुन् । लिच्छविकालको प्रशासनमा 'दौवारिक' हरूको ठूलो हात रहेको हुन्थ्यो । 'दौवारिक' शब्द अपभ्रंश भएर नेपाली जनजिब्रोले 'द्वारे' भन्न थालेको हो । तर लिच्छविकालको दौवारिक र द्वारे पदको कार्यक्षेत्रमा भने फरक छ । लिच्छविकालमा 'दौवारिक' राजदरबारको ढोकासँग सम्बद्ध थिए । त्यहाँ बसेर बाहिरको तथ्यातथ्य कुराहरू राजाकहाँ जाहेर गर्नु दौवारिकको काम थियो । तर द्वारे 'अम्बल' विशेषको एक प्रमुख व्यक्ति हुन्थे । मल्लकालमा खास गरी साना बस्तीमा 'द्वारे' नियुक्त गरिन्थे ।[१२] प्रारम्भिक शाहकालमा भने त्यसो भएन । पशुपतिअमालकोटकचहरीको 'द्वारे' को मुख्य काम अहिले अमालको दैनिक कार्य सञ्चालन गर्नु तथा पर्वपूजा नअड्काउने किसिमले कार्यसम्पादन गर्नु रहेको छ । द्वारेले खान्गीबापत २७ मुरी ५ माना धान प्रतिवर्ष आफैले तिर्जा उठाई खाने गरी पाउँछन् ।

१०.२.३ देशवारप्रधान

पशुपतिअमालकोटकचहरीका कर्मचारीहरूमा देशवारप्रधानको स्थान पनि प्रमुख छ । मल्लकालको प्रशासनमा 'देशवारप्रमान' भनी प्रसिद्ध भएको पद पछि गएर 'देशवारप्रधान' बन्यो । तर कहीं-कहीं 'प्रधान देशवार' पनि भनिएको पाइन्छ ।[१३] स्थानीय प्रशासनसम्बन्धी आवश्यक कामकाज गर्ने जिम्मा देशवारप्रधानकै हातमा रहने व्यवस्थाअनुसार पशुपतिअमालकोटकचहरीमा पशुपतिक्षेत्रको हेरचाह गर्ने काम देशवारप्रधानले गर्दथे । पशुपतिअमालकोटकचहरीमा भएका अरू कुनै पनि पदका व्यक्ति पशुपतिक्षेत्रकै हुनुपर्छ भन्ने जरुरी छैन । तर देशवारप्रधान भने पशुपतिक्षेत्रमा जन्मेको र यसै क्षेत्रभित्रको हुनुपर्छ । मल्लकाल एवं प्रारम्भिक शाहकालको प्रशासनको एक महत्त्वपूर्ण पदको रूपमा रहेका 'देशवार' हरू पछि गएर त्यही शब्द अपभ्रंश भई त्यसैबाट 'देशार' भनी जात विशेषको रूपमा परिचित हुन पुगेका छन् । मल्लकालदेखि नै एक प्रमुख पदको रूपमा चिनिँदै आएको देशवारप्रधान अहिले महत्त्वहीन हुन पुगेको छ । पशुपतिअमालकोटमा आइपरेको साना-तिना काम गर्नुबाहेक अरू काम के गर्ने हो त्यो समेत स्पष्ट छैन । जे होस्, दुइ जना देशवारप्रधानमध्ये एक जनाले वर्षको २५-२-० मुरी तथा अर्कोले २४-८-० मुरी धान खान्गी पाउँछन् ।

१०.२.४ हेलप्रधान

उहिले 'हेलप्रधान' को मुख्य काम पशुपतिक्षेत्रमा छाडा छोडिने गाई समाती थुन्नु रहेको थियो । साथै पर्वपूजामा बलिको लागि चाहिने बोका, राँगाहरू खरीद गरी ल्याइदिनु पनि थियो । हेलप्रधानले वर्षभरि काम गरेबापत १० मुरी १५ पाथी धान खान्गीस्वरूप पाउँछन् ।

---

१२ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा*, प्रथम संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१), ४७ पृष्ठ ।

१३ *ऐजन*, ऐतिहासिक सामग्रीखण्ड, १२३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.२.५ पञ्चप्रधान

'पञ्चप्रधान' तात्कालिक प्रशासनव्यवस्थाको मर्यादित पद हो । पशुपतिअमालकोटकचहरीमा चार जना पञ्चप्रधानको व्यवस्था भएको देखिन्छ । प्रारम्भिक शाहकालतिर यिनीहरूलाई 'पञ्चप्रमान' भनिन्थ्यो । शुरूमा जग्गा, लेनदेनसम्बन्धी मुद्दा, अंशसम्बन्धी मुद्दाहरू पञ्चहरूले नै हेर्दथे । मुद्दामामिलाबाहेक सांस्कृतिक, धार्मिक क्रियाकलापमा पनि पञ्चहरू सक्रिय रहन्थे ।[१४] पशुपतिअमालकोटकचहरीमा चार जना पञ्च हुनुपर्ने व्यवस्था भएअनुसार चार जनाको दरबन्दी कायम नै छ तर अहिले दुइ जनाले काम गरी चार जनाको खान्गी खान्छन् । खान्गीको परिमाण कम भएकोले यसो गरिएको हुन सक्छ । अहिले पशुपतिअमालकोटमा पञ्चले पहिले गरिआएको कुनै काम नभएकोले उनीहरू पियन वा ढोके बराबर छन् । पञ्चप्रधानको मुख्य काम अहिले मूलपुजारीको घरमा पालैपालो ढोका कुर्नु, घरको रखवाली गर्नु, उनले लाए-अह्राएको काम गर्नु रहेको छ । पञ्चप्रधानलाई पनि आफैले तिर्जा उठाई खाने गरी एक जनालाई ७ मुरी ८ पाथी धान खान्गी छ ।

१०.२.६ माहानेनाइके र माहाने

ठाउँपिच्छे माहानेको काम फरक हुन सक्दछ । तर पशुपतिअमालकोटकचहरीमा यिनीहरूले गर्नुपर्ने मुख्य कामहरू– (१) यात्राहरूको हेरविचार, (२) वनको हेरचाह र (३) अमालको रेखदेख हुन् । माहानेहरूको मुख्य व्यक्तिलाई माहानेनाइके भनिन्छ । उनैको प्रमुखत्वमा अन्य माहानेहरूले काम गर्छन् । माथि उल्लिखित कामहरूमध्ये पहिलो र तेस्रो काम अहिले पनि माहानेहरूले गर्दै आएका छन् । यिनीहरू खट्नुपर्ने काम धेरै भएकोले पञ्चप्रधानको भन्दा यिनीहरूको खान्गी केही बढी छ । ६ जना माहानेहरूमा १० मुरीदेखि १६ मुरीसम्म खान्गी खाने छन् । माहानेनाइकेले वर्षमा २० मुरी धान खान्गीस्वरूप पाउँछ । आश्विनशुक्ल नवमीको दिन माहानेहरूको सक्रियतामा 'फेदिपूजा' हुन्छ ।

उपर्युक्त रै-रकमीहरूबाहेक पञ्चप्रधानलाई सहयोग गर्ने आशयले बिचारी, बहिदार तथा कागजपत्रहरूको स्याहार-सम्भार गर्न तहबिलदारहरूको व्यवस्था छ । वि.सं. १९७४ पश्चात् यिनीहरूको व्यवस्था भएको देखिन्छ ।[१५] अहिले द्वारेपछि अन्य रै-रकमीहरूले भन्दा यिनीहरूले उच्च स्थान लिएका छन् । यी पदमा साक्षर युवाहरू भएको तथा अहिलेको प्रशासनिक व्यवस्थामा मिल्दो पद भएकोले पनि त्यसो हुन गएको हो ।

माथि चर्चा गरिएका रै-रकमीहरूबाहेक अरू पनि पशुपतिअमालकोटकचहरीमा संलग्न छन् । माथि चर्चित रकमीहरू यो कचहरीको दैनिक कार्यसञ्चालनमा प्रत्यक्ष सहभागी छन् भने तल चर्चा गरिन लागेका रकमीहरू विशेष पर्वपूजामा मात्र संलग्न हुने भएकाले तिनको छुट्टै चर्चा गरिदैछ । ती रकमीहरू हुन् - कोतभण्डारी, घाटे वैद्य, वन-डिट्ठा, वायमचा, सङ्घत, नुहा, चिरुवादार, गलसुवार र कुसले ।

१०.२.६.१ कोतभण्डारी

'कोतभण्डारी' भन्नाले जयवागीश्वरीका कर्माचार्य पुजारी भन्ने बुझिन्छ । यिनीहरू चार जना छन् । प्रतिमहीना यिनीहरूको पालो फेरिन्छ । यसरी चार महीनामा एक जनाको पालो पर्दछ । जयवागीश्वरीमा पूजा गर्ने पुजारीले पशुपतिअमालकोटमा भएको तुलजाभवानीको पनि पूजा गर्ने प्रचलनअनुसार नित्यपूजा हुन्छ । यसरी पूजा गरेबापत पशुपतिअमालकोटकचहरीबाट पहिले वर्षको २ मुरी धान खान्गी पाउँदै आएकोमा वि.सं. २०५० सालदेखि पालो परेको महीनामा रु. १२५।- पारिश्रमिक दिने व्यवस्था गरिएको छ ।

---

१४ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *पूर्ववत्*, पादटिप्पणी, १२ सङ्ख्या, ४९ पृष्ठ ।

१५ पशुपतिअमालकोटकचहरीका देशवारप्रधान वसुनारायणसँगको भेटवार्ता ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.२.६.२ घाटे वैद्य

आर्यघाटमा राखिने अन्तिम अवस्थाका बिरामीहरूको हेरचाह गर्न 'घाटे वैद्य' को व्यवस्था गरिएको पाइन्छ। घाटे वैद्यको चर्चा वि.सं. १८७० को लालमोहरमा पहिलो पटक आएको छ। जीवनको दोसाँधमा रहेका बिरामीहरूको अन्तिम अवस्था नबिग्रियोस्, समयमा नै धर्म-संस्कृतिअनुसार गर्नुपर्ने विधिविधान गर्न सकियोस् भन्ने धारणाले घाटे वैद्य मुख्य-मुख्य घाटहरूमा राख्ने चलन थियो। त्यहीअनुसार श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८७० मा १० रोपनी ८ आना जग्गाको खान्गी खाने गरी घाटे वैद्य राखेका थिए। यत्तिखेर पनि झण्डै त्यति नै अर्थात् १० रोपनी १२ आना जग्गाको कूत १० मुरी ४ पाथी ४ माना तिर्जा उठाई खाने गरी घाटे वैद्यको परम्परा चलेको छ। घाटे वैद्यहरूलाई पशुपतिको ठूलो सदाबर्तबाट पनि खान्गी थियो। तर सो सदाबर्त वि.सं. २०१८ सालमा पशुपतिगोश्वारामा गाभिएपछि त्यो चलन विस्तारै हराउँदै गयो। वि.सं. २०२० सालपछि त पशुपतिस्थित आर्यघाटमा मात्र होइन मुख्य-मुख्य घाटहरूमा समेत घाटे वैद्यहरूको खान्गी हटाइएकोले घाटे वैद्यको परम्परा लोप भएर गयो।[१६] पशुपतिआर्यघाटमा बिरामीहरू हेर्न दुइ जना घाटे वैद्य छन्। एक जनाको खान्गीमा ५ मुरी २ पाथी २ माना धान मात्र भएको कारण उनीहरू मन लगाएर काम गर्दैनन्। त्यो पनि तिर्जा उठाएर खानुपर्ने भएकोले आफ्नो काममा बडो उदासीन देखिन्छन् एवं जीवन व्यर्थमा गुमेको ठान्छन्। कुत उठ्न छोडेकोले आजकल प्रतिमहीना रु. २००।- पारिश्रमिकस्वरूप पाउने गरेका छन्।

१०.२.६.३ वनडिट्ठा

पशुपतिक्षेत्रको जङ्गलको रेखदेख गर्ने काम वनडिट्ठाको हो। उसको निर्देशकत्वमा सो काममा संलग्न अरू व्यक्तिहरूले काम गर्ने गर्छन्। वनको हेरचाहसम्बन्धी कामको उल्लेख वि.सं. १८७० को पशुपतिअमालकोटकचहरीका रै-रकमीहरूको उल्लेख भएको लालमोहरमा नआएकोले यसको व्यवस्था पछि मात्र भएको अनुमान हुन्छ। वनडिट्ठाको पारिश्रमिकबापत वि.सं. २०३६ साल अगाडिसम्म तिर्जा उठाई खाने गरी वर्षको १० मुरी ५ पाथी धान खान्गी भएकोमा वि.सं. २०५० देखि त्यसको सट्टा प्रतिमहीना रु. ८५०।- दिने गरिएको छ। वनको रेखदेखको सम्पूर्ण जिम्मेवारी लिनुपर्ने मानिएको वनडिट्ठाको पियनले खानेसरहको पनि पारिश्रमिक छैन। यो स्थितिमा वनडिट्ठाबाट निर्वाह हुनुपर्ने कर्तव्य के कति भएको होला सहजै अनुमान गर्न सकिन्छ।

१०.२.६.४ वायमचा

'वायमचा' नाऊलाई सम्बोधन गरिने एक नाम हो। पशुपतिअमालकोटकचहरीबाट सम्पन्न गर्नुपर्ने विभिन्न पर्वपूजामा संलग्न हुनुपर्ने व्यक्तिहरूको कपाल तथा नङ काट्ने कामको लागि वायमचाको व्यवस्था गरिएको हो। वि.सं. १८७० को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको माथि उल्लिखित लालमोहरमा वायमचाको चर्चा नपरेको हुनाले यसको व्यवस्था पछि भएको अनुमान हुन्छ। वायमचाले खान्गीबापत वर्षको २ मुरी धान पाउँछ। वि.सं. २०५० देखि खान्गीको सट्टा प्रतिमहीना रु. २००।- दिने गरेको पाइन्छ।

१०.२.६.५ सङ्घत

पशुपतिअमालकोटकचहरीमा एक जना सङ्घतको व्यवस्था छ। सङ्घतहरू लुगा धुने काममा संलग्न व्यक्तिहरू हुन्। अमालका सङ्घतले मूलपुजारीको लुगा धुने गर्छ। वि.सं. १८७० को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको लालमोहरमा पनि सङ्घतको उल्लेख आएको छ। त्यहाँ सङ्घतलाई बाह्र आना दिने कुरा लेखिएको छ। तर पछि

---

१६ पशुपतिका घाटे वैद्य श्रीभरत वैद्य (हाल दिवङ्गत) सँगको वार्तालाप।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खान्गीस्वरूप वर्षको दुइ मुरी धान दिने व्यवस्था भयो । यो चलन कहिलदेखि चल्यो निश्चित भन्न सकिन्न । त्यो प्रथा पनि हटी वि.सं. २०५० सालदेखि प्रतिमहीना रु. ३००।- दिने गरिएको छ ।

१०.२.६.६ नुहा

पशुपतिअमालकोटकचहरीबाट गरिने पर्वपूजाहरूमध्ये केहीमा बलि दिनुपर्ने पनि छ । त्यस्तो बलिको काम गर्नको निमित्त कसाईलाई खान्गी दिई राख्ने काम पहिलेदेखि नै भएको छ । वि.स. १८७० को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको लालमोहरमा पनि कसाईको उल्लेख छ । त्यहाँ कसाईको दस्तुर भनी रु. २८।- उल्लेख गरिएकोबाट सम्भवतः पशुपतिअमालकोटकचहरीको स्थापनाकालदेखि नै कसाईको व्यवस्था भएको बुझिन्छ । तिनीहरूले वि.सं. २०३६ सालभन्दा अगाडिसम्म खान्गीस्वरूप वर्षको १ मुरी १० पाथी धान तिर्जा उठाई खान पाउँथे । वि.सं. २०३६ सालदेखि चार जना 'नुहा' अर्थात् कसाईको लागि प्रतिमहीना रु. ५००।- दिने व्यवस्था गरिएको छ । बलिको कामको अतिरिक्त गङ्गामाईको यात्रा, भीमसेनयात्रा, वत्सलेश्वरीयात्रा आदिमा कसाईबाजा बजाउने काम पनि तिनै खान्गीवाला कसाईले गर्दछन् ।

१०.२.६.७ चिरुवादार

पशुपतिअमालकोटकचहरीको एउटा काम पशुपतिक्षेत्रमा छाडा छोडिने गाईवस्तुहरू थुनी जरिवाना गर्नु पनि हो । केही दशक अगाडिसम्म यो काम जति सक्रियताका साथ हुन्थ्यो अहिले त्यो काम नै गर्न छोडिसकेको छ । छाडा गाईवस्तुहरू थुनछेक गरी बाली नोक्सान हुन नदिने तथा घोडाको स्याहार-सुसार गर्ने कामको लागि चिरुवादार तैनाथ हुन्थे । वि.सं. १८७० को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको लालमोहरमा पनि चिरुवादारको चर्चा छ । त्यतिखेर चिरुवादारले ३ रोपनी ८ आना जग्गाबाट प्राप्त हुने अन्दाजी २-३ मुरी धान खान्गी पाउँथे । अहिले पनि चिरुवादारको खान्गी वर्षको २ मुरी १५ पाथी धान छ । चिरुवादारले गर्ने काम अहिले हुँदैन तैपनि चिरुवादारको व्यवस्था भने छ ।

१०.२.६.८ गलसुवार

गलसुवार भन्नाले दाउरा काट्ने र ती दाउराहरू आवश्यकतानुसार मठमन्दिर, धुनी र पशुपतिनाथको भान्सामा पुऱ्याइदिने व्यक्तिलाई बुझाउँछ । वि.सं. १८७० मा त्यो काम गर्नका निमित्त आठ जना गलसुवारहरू तैनाथ थिए ।[१७] पछि त्यो सङ्ख्या घटी पाँच हुन गयो । अहिले सो काम गर्ने तीन जना मात्र छन् । यिनीहरूको मुख्य काम पशुपतिक्षेत्रको वनका सुकेका, ढलेका दाउराहरू काट्नु र पशुपतिका धुनी, मठ, एवं भान्साहरूमा पुऱ्याउनु हो । वि.सं. २०३६ सालदेखि नगद पारिश्रमिकको व्यवस्था हुनुअघि पाँच जना गलसुवारहरूलाई भिन्ना-भिन्नै खान्गी थियो । त्यस वेला कसैले १० मुरी २ पाथी, कसैले ७ मुरी, कसैले ६ मुरी १९ पाथी, कसैले ५ मुरी १५ पाथी, कसैले ८ मुरी १० पाथी धान खान्गीबापत पाउँथे । अहिले उनीहरू प्रतिव्यक्ति प्रतिमहीना रु. १६५०।- पारिश्रमिक पाउँदछन् । पशुपतिक्षेत्रका वनका सुकेका, ढलेका दाउराहरूले मात्र नपुग्ने भएकोले आजकाल काठमाडौँवरपर ढलेका रूखहरू समरजङ्गले स्थानीय भण्डारखालमा ल्याउँछ । त्यहाँ आवश्यकतानुसार काटकुट गरी ठाउँ-ठाउँमा पुऱ्याइन्छ ।

१०.२.६.९ कुसले

पशुपतिनाथमन्दिरमा तथा पशुपतिक्षेत्रमा हुने यात्रा, पर्वहरूमा बाजा बजाउन वि.सं. १८७० देखि नै अमाल-अन्तर्गत व्यवस्था भएको देखिन्छ । हुन त त्यसभन्दा अगाडि पनि प्रताप मल्लको पालादेखि नै व्यवस्था नभएको

१७ परिशिष्टभाग, अभिलेखखण्ड (क), १५९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होइन । तर त्यो व्यवस्था अक्षुण्ण रहन सकेन । यससम्बन्धी चर्चा छुट्टै अध्यायमा गरिएको छ । वि.सं. १८७० को लालमोहरमा कति जना कुसलेहरूको व्यवस्था गरिएको थियो त्यसबारेमा केही सङ्केत गरिएको छैन । तर कुसलेको दस्तुर भनी रु. ५।- छुट्याइएको छ । अहिले भएका सात जना कुसलेहरूको दरबन्दी कहिले देखिको हो केही भन्न सकिन्न । अहिले ढोलक बजाउने एक जना, सहनाइ बजाउने चार जना, कर्नाल र झ्याली बजाउने एक-एक जना गरी जम्मा सात जना कुसले छन् । वि.सं. २०४२ मङ्सिर १ गतेभन्दा अगाडि तिनीहरूको तिर्जा उठाई खानुपर्ने खान्गी निम्नानुसारको थियो ।[१८]

	बाजा	जग्गा	धान	घ्यूखानी
(१)	ढोलक	१४-०-०	१५-७-०	-।७५
(२)	सहनाइ	१-८-०	१-१०-०	-।७
(३)	सहनाइ	०-८-०	०-१०-०	-
(४)	सहनाइ	०-८-०	०-१२-०	-
(५)	कर्नाल	१-०-०	१-०-०	-
(६)	झ्याली	१-०-०	१-०-०	-
(७)	सहनाइ	०-८-०	०-१०-०	-

ढोलक बजाउनेबाहेक अरू सवै कुसलेहरू छन् भने ढोलक बजाउनेचाहिँ 'डो' छन् । वि.सं. २०४२ मङ्सिर १ गतेदेखि तिर्जा उठाई खाने परम्परागत खान्गी प्रथा हटाई प्रतिव्यक्ति प्रतिमहीना रु. ४१०।- दिने व्यवस्था गरिएकोमा वि.सं. २०५० देखि प्रतिव्यक्ति रु. ८००।- दिन थालिएको पाइन्छ ।

पशुपतिनाथको मन्दिर तथा पशुपतिक्षेत्रको समुच्चा व्यवस्थापनमा पहिलेदेखि नै पशुपतिअमालकोटकचहरीको प्रमुख हात रहेको देखिन्छ । तर अहिले पहिले व्यवस्था गरिएअनुसारका बन्दोबस्तहरूलाई समयानुसार पार्न लामो समयसम्म पनि कुनै प्रयास नभएकोले कतिपय पुराना व्यवस्थाहरू उचित हुँदा-हुँदै पनि त्यसबाट जति फाइदा उठाउनु पर्ने हो लिन सकिएको देखिँदैन । रै-रकमीहरूलाई समयानुसार पारिश्रमिकको व्यवस्था गर्न सकेको खण्डमा अझ पनि त्यस्ता रै-रकमीहरूबाट परम्परागत विधिविधानको संवर्द्धनमा सहयोग पुग्न सक्थ्यो । वि.सं. २०३६ देखि अमालकोटकचहरीमा संलग्न रै-रकमीहरूलाई खान्गीबाहेक केही नगद रकम थप भएको छ । त्यसअनुसार द्वारेलाई रु. ३५०।-, बिचारीलाई रु. २१०।-, देशवारप्रधानलाई रु. १२५।-, तहबिलदारलाई रु. १७५।-, बहिदारलाई रु. १९५।-, पञ्चप्रधानलाई रु. १००।-, माहानेनाइकेलाई रु. १०५।- र माहानेलाई रु. ७५।- प्रतिव्यक्ति प्रतिमहीनाको लागि थपिएको छ । पशुपतिअमालकोटकचहरीको पुरानो व्यवस्थाअनुसारका कतिपय कामहरू हटी सके तापनि सो काम गर्ने रै-रकमीहरूको पद यथावत् रहिरहेको तथा वृद्ध भई काम गर्न नसक्ने व्यक्तिहरू पनि यथावत् खान्गीदार रहेको देख्दा काम गरे पनि नगरे पनि पहिलेको परम्परा अझै पनि चलेको छ भनी पदलाई देखाउनुबाहेक अरू काम कमै भएको पाइन्छ । यसले गर्दा एकातिर आर्थिक व्ययभारलाई बढाउन सघाउ पुऱ्याएको छ भने अर्कोतिर काममा निष्क्रियता र शिथिलतालाई बढाएको छ । त्यसको सट्टा पशुपतिअमालकोटकचहरीलाई सक्रिय पारी वा यसलाई कोषअन्तर्गत राखी परम्पराअनुसारको काममा प्रवृत्त गराउन शिक्षित युवा पिँढीहरूलाई त्यहाँ काम गर्ने मौका दिई अमालकोटकचहरीको अधिकार र कर्तव्यमा पनि पुनर्विचार गरी सुदृढ पार्नेतर्फ कदम चालिनु उपयुक्त हुने देखिन्छ ।

---

१८ गोविन्द टण्डन, "पशुपतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था: एक चर्चा", *शैव भूमि*, २ वर्ष, २ अङ्क, (वि.सं. २०४२), ३१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिअमालकोटकचहरीमा वि.सं. २०५० सम्म दर्ता भएको खान्गीबाहेकको जग्गाको परिमाण १,०६४ रोपनी ७ आना १ पैसा र १ दाम छ । खान्गीको जग्गा ४०७ रोपनी जति छ । यो सङ्ख्या दिन परदिन बढ्दो छ । अहिलेसम्म दर्ता भएका जग्गाबाट धान १,४५५ मुरी ९ पाथी ४ मुठी कूतस्वरूप असूल हुन्छ । त्यस्तै भूबहालचाहिँ रु. ४,९८६।९९ पैसा प्रतिवर्ष प्राप्त हुने गरेको छ ।[१९] पशुपतिक्षेत्रमा आवाद नभएको तथा कुनै गूठी वा रैकर नजनिएको, कसैको हकभोग नभएको जग्गालाई पशुपतिनाथको गूठी कायम गरी मोहीसरह अन्य व्यक्तिलाई कमाउन दिने गरिएकोले पशुपतिअमालकोटकचहरीको जग्गाको परिमाण बढ्दै गएको हो । त्यस्ता जग्गालाई 'चुनी रैकर' भन्ने चलन छ । प्रतिरोपनी रु. २५।- भूबहाल लिई गूठी कायम गराइन्छ । नयाँ दर्ता क़ायम गराउँदा वि.सं. २०२९ सालदेखिको भूबहाल तिर्नुपर्ने नियम पशुपतिअमालकोटकचहरीले गरेको छ । त्यसको अरू आम्दानीका स्रोतहरूमा— भैंसीभन्सार, शिवरात्रिको भूबहाल, गाईबस्तुको जरिवाना, बेवारिसीको धनमाल, दण्डजरिबाना, नामसारीदस्तुर, दाउराजफत तथा लिलाम आदि हुन् । तिनीहरूबाट नगण्य मात्रामा आम्दानी हुन्छ । अहिले आम्दानीको मुख्य स्रोत जग्गा र भूबहाल नै हो । पहिले पशुपतिक्षेत्रमा खुला ठाउँहरू धेरै भएको तथा भैंसी पाली जीविका गर्नेहरू भैमालमा प्रशस्त भएकाले राँगा-भैंसीहरू पशुपतिक्षेत्रका खुला चौरहरूमा बेच्नको लागि ल्याएर राखिन्थे । त्यहाँ राखेबापत निश्चित रकम सो अमाललाई बुझाउनुपर्दथ्यो । त्यसैलाई 'भैंसीभन्सार' भनिएको हो । वि.सं. २०२८-२०२९ सालसम्म पनि भैंसीभन्सार अमाललाई आउँदथ्यो ।[२०] त्यस्तै गरी छाडा छोडिएका गाईबस्तुलाई छेकथुन गरी गाईलाई ३२ पैसा, बाच्छाबाच्छीलाई १६ पैसा, भेंडाबाखालाई १६ पैसा, पाठापाठीलाई ८ पैसा र भैंसीलाई ६४ पैसा जरिबाना लाग्दथ्यो ।

वि.सं. १९७४ फाल्गुन ६ गतेभन्दा अगाडि फुटकर आम्दानीमध्येबाट अमालका केही रकमीहरूलाई दस्तुर दिने चलन पनि थियो । दण्डकुण्ड, टिकटदस्तुर तथा बेवारिसको धनमालबाट द्वारेले छैटीं, पञ्चप्रधानले दसौद तथा सर्वचान्द्रायणको रकमबाट बहिदारले छैटीं पाउँदथ्यो । अहिलेचाहिँ पशुपतिअमालकोटकचहरीमा निवदेन दिंदा टिकट-बापत रु. ५।- नत्थी गरिन्छ । त्यसलाई अरू सरकारी कार्यलयसरह आम्दानी बाँध्ने गरिएको छ ।

व्यवस्थित रूपबाट हुलाकको सञ्चालन हुनुअघि आफ्नो इलाकामा आएको हुलाकको बन्दी झोला वा बोराहरू चावहिलबाट हाँडिगाउँसम्म पुऱ्याइदिनु तथा शहरबाट आएका त्यस्ता झोलाहरू हाँडिगाउँबाट लिई चाबहिल पुऱ्याइ-दिने काम पनि पशुपतिअमालकोटकचहरीको थियो ।

यस प्रकार धार्मिक-सांस्कृतिक परम्पराको जगेर्ना, पशुपतिक्षेत्रको प्रशासनिक कामकारवाही तथा न्याय-सम्पादनमा समेत एकताका पशुपतिअमालकोटकचहरीको मुख्य हात रहेको अवगत हुन्छ । कसैले पशुपतिनाथको गूठीजग्गा रहेको सबै ठाउँमा न्यायसम्बन्धी कार्य पशुपतिअमालकोटकचहरीको क्षेत्रभित्र पर्दथ्यो भनी भ्रमात्मक कुरा पनि लेखका छन् ।[२१] वास्तवमा यो कुरा पशुपतिक्षेत्रमा मात्र सीमित थियो । बरु देवपाटनमा परिआउने झै-झगडाहरू त्यहींका भलादमीहरू बसी द्वारेप्रधानले छिन्नुपर्थ्यो, त्यहाँका मुद्दा-मामिला अन्य अदालतले हेर्न पाइन्नथ्यो । यदि द्वारेप्रधानले छिन्न सकेनन् भने मात्र उनीहरूले अदालतमा पुऱ्याउँथे । यसरी देवपाटनको मुद्दामामिलाबाट प्राप्त हुने रकम पशुपतिअमालकोटकचहरीलाई दिनुपर्दथ्यो ।[२२]

---

१९ *गूठीसंस्थानहिसाब तथा सम्पत्तिजाँचसमितिको कार्य प्रतिवेदन,* (२०३१ आश्विन), ७८ पृष्ठ ।

२० पशुपतिभण्डारतहबिलका तात्कालिक बिसेटनाइके श्रीकृष्णमान बिसेटसँगको अन्तर्वार्ताको आधारमा ।

२१ Mahesh C. Regmi, *Land Tenure and Taxation in Nepal*, Second Edition, (Kathmandu:Ratna Pustak Bhandar, 1978 A.D.), p. 676.
"As for Judicial authority Pashupatinath temple authorities originally exercised Jurisdiction not only over the actual temple area but all lands owned by the temple Guthi, irrespective of their actual location."

२२ वि.सं. १९२४ श्रावणशुक्ल ११ रोज २ को जङ्गबहादुर राणाले चार अदालतका हाकिम कर्णसिंहलाई लेखेको पत्र । यसको नक्कल पशुपतिभण्डारका तात्कालिक बिसेटनाइके श्रीकृष्णमान श्रेष्ठसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.३ पशुपतिभण्डारतहबिल

पशुपतिनाथमन्दिरको व्यवस्थापन पक्षसँग सम्बन्धित अर्को महत्त्वपूर्ण निकाय 'पशुपतिभण्डारतहबिल' हो । यसको स्थापनाको सम्वन्धमा निश्चित रूपमा केही भन्न सकिन्न । तर वि.सं. १८६७ मङ्सिरकृष्ण ७ रोज १ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गरिदिएको लालमोहरमा स्पष्टसँग पशुपतिभण्डारतहबिलको उल्लेख नआए पनि त्यससँग सम्बन्धित रै-रकमीहरूको चर्चा आएको छ । त्यहाँ भनिएको छ– "आगे पशुपतिका बिर्ता पुजाहारा जैसि विसेट भडारी कोटा डुगुल गैरहका षानगि र वमोजिम तपसिलका गूठीका षेतका आमदनिले तपसिल माफिक खर्च उप्रान्त साल बसाल गर्नाको वंदेज बाधी मोहर ढंडा गरि चह्राऔं" भनी लेखिएको छ ।[२३] यस विवरणलाई हेर्दा वि.सं. १८६७ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपतिभण्डारतहबिललाई लालमोहर गरी व्यवस्थित पारेको बुझिन्छ । साथै त्यहाँ पशुपतिनाथको पूजाआजा गर्ने प्रसङ्गमा "बिर्ता (गूठी) षेतको उब्जनीले विसेटनायक मार्फत नित्य नैमित्तिक पूजा-भोग लगाउनु र परंपरादेषी भै चलि आयाको षर्च गरि काम चलाउनु षर्च भया माफिक जैसिले वहिमा लेषी राषनू साल पुग्या पछि कारोबारी काजी छेऊ आइ वहि बुझाई फारषति लिन आश्विन सुदि १३ का दिन जैसि विसेट मूल भडारिले वसि बाकि रह्याको जमा गरि पशुपतिका भडारमा दाषिल गरि जगेरा राषनु, भडार दाषिल गऱ्याका रुपैयाको जैसीले लेषि पुजाहारा भटका सहितको रसिद लिनु, दवाई छपाई कसैले नषानु ... ."[२४] भनिएको सन्दर्भलाई हेर्दा भण्डारतहबिलको स्थापना वि.सं. १८६७ भन्दा अगाडि भएको थियो भन्ने सङ्केत मिल्दछ । अर्को कुरा त्यस लालमोहरमा उल्लिखित विधिअनुसार नै भण्डारतहबिलले आजसम्म काम गर्दै आएको देख्दा माथिको कुराको पुष्टि हुन्छ । यसको स्थापनाको आसन्नसमय भने बताउन अहिले गाऱ्हो छ । यस तहविलको पुरानो छापमा 'श्रीपशुपतिना' मात्र लेखी मिति नदिइएकोले पनि ठीक समय पत्ता लगाउन अप्ठ्यारो परेको हो । छापको लिपि देवनागरीमा छ । जहाँसम्म भण्डारतहबिलको स्थापनाको कुरा छ, यसको कार्यकलापलाई सुदृढ बनाउने काम श्री ५ गीर्वाणयुद्धविक्रम शाहवाट भएको बुझिन्छ । यसअन्तर्गत काम गर्ने केही कर्मचारीहरूको उल्लेख मल्लकालमै पाइएको छ । उदाहरणको लागि वि.सं. १७३१ मा नृपेन्द्र मल्लले त्यहाँको बिसेटको रूपमा उग्रमाल जोशीलाई वरण गरेको उल्लेखबाट त्यसको सङ्केत मिल्छ ।[२५]

पशुपतिभण्डारतहबिलको मुख्य काम 'दुकाबिर्ता' जग्गाको उठतीपुठती गरी त्यसअन्तर्गत गर्नुपर्ने नियत कामहरू गर्नु नै हो । 'दुका' नेवारी शब्द हो । यसको अर्थ 'भित्रिएको' भन्ने हुन्छ । यसकारण दुकाबिर्ता जग्गा भन्नाले देवी-देवताको पूजाआजाजस्ता कामहरू निरन्तर होस् भनी दाताले मन्दिरको नाममा दिएको जग्गा भन्ने बुझिन्छ । त्यस्ता जग्गाहरूको बाली उठाउनु, जग्गाको रक्षा गर्नु भण्डारतहबिलको धेरै कामहरूमध्येको एउटा काम हो । दुका-विर्ताअन्तर्गत गर्नुपर्ने काममा पशुपतिनाथको नित्यनैमित्तिक पूजा, महाबलि र पशुपतिनाथवरपरका देव-देवताहरूमा पूजाआजा गर्नु पनि हो । पशुपतिनाथमा प्रतिदिन बालभोग, भोगआरती आदि गर्न आवश्यक पर्ने सामग्रीहरू जुटाउने काम पशुपतिभण्डारतहविलले नै गर्छ । त्यसको अतिरिक्त पशुपतिनाथको मूलपुजारीलगायत अन्य पुजारीहरू, वहिदार, विसेट, भँडारी, कोटाल, डङ्गोल, नकर्मी आदि रै-रकमीहरूलाई पारिश्रमिकस्वरूपको वाली उठाई खान समयमा तिर्जा दिने काम पनि पशुपतिभण्डारतहविलले गर्छ । साथै संसारदेवीगूठी, पञ्चामृतगूठी, श्रीखण्डगूठी, गोकुलधुपगूठी, नगरागूठी, मिठाईगूठी, खीरगूठी, धतुरफूलगूठी टिँकिछाँगूठीअर्न्तगत गर्नुपर्ने कामहरू पनि वि.सं. १८६७ को लालमोहरअनुसार पशुपतिभण्डारतहविलले नै गर्नुपर्ने चलन थियो । तर अहिले तिनीहरूमध्ये नगरागूठी, श्रीखण्डगूठी,

---

२३ परिशिष्टभाग, अभिलेखखण्ड (क), १४७ सङ्ख्या ।

२४ *ऐजन*।

२५ गौतमवज्र वज्राचार्य, "अप्रकाशित ठ्यासफु", *पूर्णिमा,* ३ वर्ष, ४ अङ्क (वि.सं.२०२३ माघ), २३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धतुरफूलगूठी, मिठाईगूठी, गाईगूठी, खीरगूठी, गोकुलधूपगूठीको जग्गाको उठती-पुठतीलगायत त्यसको आयस्ताद्वारा चलाउनुपर्ने कामहरू मूलपुजारीले गर्ने गरेका छन् । दुकाबिर्ताअन्तर्गतका गूठीको काम-कारवाही गर्न पशुपतिभण्डार-तहविल हुँदाहुँदै मूलपुजारीलाई उपर्युक्त गूठीसञ्चालन गर्न किन दिइएको हो ? स्पष्टसँग भन्न सकिन्न । त्यसबाहेक षाचिकगूठी, हिंगुल-कपूरगूठी, छायगूठी, बालागूठी, धंदुवागूठीको गर्नुपर्ने कार्य पनि मूलपुजारीले नै गर्छन् । यस प्रकार बाह्रवटा गूठीको जिम्मा व्यक्तिगत रूपमा मूलपुजारीअन्तर्गत पर्दछ । यसो भए तापनि जग्गाको उठतीपुठती गर्ने, रखवारी गर्ने काममा भण्डारतहबिलले नै सघाउ पुऱ्याउँदै आएको छ ।

पशुपतिनाथमा विभिन्न धार्मिक कृत्यहरू गर्नको लागि विभिन्न व्यक्तिहरूले 'दुकाबिर्ता' अन्तर्गत गूठी राखेका थिए । यस्ता उल्लेखहरू प्रशस्त पाइन्छन् । वि.सं.१९५८ कार्तिकशुक्ल १२ मा क.क. फौदसिंह खत्रीले पशुपतिमा नित्य अक्षता चढाउनको निमित्त भनी २ रोपनी ८ आना जग्गा गूठी राखिदिएका थिए ।[२६] त्यस्तै भादगाउँकी भुवनकुमारीले अष्टसुगन्धित धूप चढाउनको लागि वि.सं. १९५९ वैशाखकृष्ण १२ मा १-१०-२ पैसा जग्गा गूठी राखेकी थिइन् ।[२७] उनैले वि.सं. १९६९ माघ ४ गते प्रतिदिन केरा नैवेद्य चढाउनको लागि १ रोपनी जग्गा चढाएकी थिइन् ।[२८] देवपाटन वस्ने दशलक्ष्मीले नित्यभोग चढाउनको लागि वि.सं. १९७५ पौष २३ गते ८ आना जग्गा दानपत्र गरी दिएकी थिइन् ।[२९] भोगबन्धकी, फार्स्यापत्र गरी भण्डारतहबिललाई जग्गा दिएका विवरणहरू पनि पाइन्छन् । यसबाहेक गर्नुपर्ने कार्य उल्लेख नगरी चढाएका जग्गाका विवरणहरू पनि प्रशस्त पाइन्छन् । पशुपतिनाथको दुकाबिर्ताअन्तर्गतको जग्गा ६४०-५-२ $\frac{२}{३}$ रोपनी छ ।[३०] वि.सं. १९८२ वैशाख १० को पूर्जीअनुसार पशुपतिनाथमा रहेको ठूलो सदाबर्त वि.सं. १९७४ वैशाख २८ गतेको दुइछापेअनुसार अमानत हुँदा त्यसको आम्दानीखर्च केही समयसम्म भण्डारतहविलबाटै भएको बुझिन्छ ।[३१] त्यसपछि मात्रै पशुपतिगोश्वारामा उक्त सदाबर्त गाभिएको हो । वर्षभरिको पशुपतिनाथको आम्दानी-खर्चको लेखा राख्ने काम पनि पशुपतिभण्डारतहबिलको हो । सालतमाम भएपछि प्रत्येक वर्ष आम्दानी-खर्चको हिसाब कौसीतोसाखानामा गई जैसी-बिसेटले बुझाउनुपर्दथ्यो ।[३२] पशुपतिअमालकोटकचहरीको आम्दानीबाट पशुपतिनाथको पर्वपूजा चलाई छैटीं, दसौदहरू दिई बाँकी रहने रुपैयाँ प्रत्येक वर्ष सालतमाम भएको पन्ध्र दिनभित्र पशुपतिभण्डारतहबिलमा दाखिल गर्नुपर्ने चलन छ । तर अहिले यो कार्यमा शिथिलता छ । पशुपतिअमालकोटले बैङ्कमा आफ्नो छुट्टै खाता खोली रकम जम्मा गर्ने गरेको कुराको चर्चा माथि गरिसक्यौं । पशुपतिनाथको नित्यनैमित्तिक पूजा र कोषबाहेक पशुपतिनाथको अङ्गमा रहेको सुनाचाँदी, जवाहरात, गहना, भाँडाको रेखदेख र सुरक्षा गर्नु पनि भण्डारतहबिलको काम हो । वि.सं. १९३८ श्रावणशुक्ल १२ रोज १ को दुइछापेमा पशुपतिभण्डारतहविलको काम बारेमा केही खुलस्त गरिएको छ । त्यस अनुसार लालमोहरबमोजिमको जग्गा र दुकाबिर्ताबाहेक अरू किनुवा बिर्ता, भोगबन्धक बिर्ता दुनियाँले चढाएको बिर्ताको सनद, लालमोहर, तामापत्रबमोजिमका खेतबारी र परम्परादेखि दरिचलिआएको अम्दानीको लगत असूलबाँकीको बही, लगतखर्चको बही, ढुकुटीबाहेक बाहिर भँडारेको जिम्मामा रहेको चलुवा माल, भाँडावर्तन, गहना आदिको तायदाती छुट्टा-छुट्टै लेखी महीना-महीनामा भँडारे फेरिँदा बहीमा उल्लेख गरेअनुसार जाँच्ने तथा दुनियाँदार आदिले चढाएको भेटी र सुन-

---

२६ पशुपतिभण्डारतहबिलको लगत ।
२७ ऐजन।
२८ ऐजन।
२९ ऐजन।
३० ऐजन।
३१ वि.सं. १९८२ वैशाख १० गतेको पुर्जी । यसको सक्कलप्रति पशुपतिगोश्वरामा छ ।
३२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १८४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाँदीका गहना, भाँडा, दृष्टि, जनै, बेलपत्र, तुलसीपत्र आदिको महीना-महीनाको आम्दानीखर्च जाँच्न थरघर, बिसेट, गूठीका मानिस, मूल भँडारी, भँडारी, जैसीसमेत १६ जना बसी महीना-महीना जाँच्दा चलुवा भाँडा-गहनामा टुटफुट भए तथा हराएको भए त्यसको सट्टामा भर्ना गरी पालो पर्नेलाई बुझ्न लगाई दुनियाँदारले चढाएको महीना-महीनाको आम्दानी थ्यास बहीमा जात-किसिम छुट्याई लेखी महीना-महीनाको त्यस्ता सुन-चाँदीका गहनालगायत रुपैयाँहरू पोकोपारी वर्ष दिन पुगेपछि बाऱ्ह महीनाको बाऱ्ह पोकाको छाप जाँची रुजु मिलाई जाँची वर्ष दिनको एउटै पोको पारी ढुकुटी दाखिल गर्ने काम भण्डारतहबिलकै अग्रसरतामा गर्ने कुरा उक्त दुइछापेमा परेको छ ।[३३] त्यो चलन अगाडिदेखि भएको कुरा पनि त्यहाँ लेखिएको छ । कुमारीचोकको स्थापनापछि वि.सं. १९२२ देखि त्यससम्बन्धी हिसाबकिताबको एक प्रति कुमारीचोक र एक प्रति पशुपतिभण्डारतहबिलमा राख्ने चलन थियो ।[३४] प्रजातन्त्रप्राप्ति पश्चात् कुमारीचोक खारेज भयो र त्यसको सट्टामा महालेखापरीक्षकको विभाग गठन भएपछि लेखापरीक्षणको काम सो विभागले गर्ने गरेको छ । तर प्रत्येक वर्ष सालतमाम हुनासाथ नभई चार-पाँच वर्षको लेखापरीक्षण एकै पटक हुने गरेको छ । वि.सं. २०२२ सालदेखि वि.सं. २०३४ सम्म अर्थात् एघार वर्षको लेखापरीक्षण गर्नको निमित्त वि. सं. २०३५ कार्तिक २६ गते श्री ५ बाट हुकुमप्रमाङ्गी बक्सेको थियो ।[३५] वि.सं. २०३५।३६ देखि २०४२।४३ सम्मको आर्थिक वर्षको लेखापरीक्षण वि.सं. २०४३ मा भएको थियो । भण्डारतहबिलबाट आम्दानी-खर्चको फाँटवारी बुझाउने चलन कुमारीचोकको स्थापना हुनुभन्दा अगाडि पनि थियो । त्यतिखेर सदरदफदरखानामार्फत सो काम सम्पन्न गरिन्थ्यो ।[३६] तर पशुपतिभण्डारतहबिलको सन्दर्भमा साल-बसालको हिसाब सालतमाम हुनासाथ फरिफारख गर्नुपर्ने प्रावधान लालमोहरले गरे तापनि त्यसको अनुसरण हुन सकेन । किनभने वि.सं. १८६७ देखि वि.सं. १९३४ अर्थात् ६८ वर्षको बही पुरानो तरिकाअनुसार र त्यसपछिको चाहिँ नयाँ तरिकाअनुसार बुझाउनु भन्ने वि.सं. १९३७ मा सनद भएबाट त्यस कुराको सङ्केत मिल्दछ ।[३७] पछि वि.सं. १८६७ देखि १९२२ सम्मका पुनाना अख्तियारवाला मूलपुजारीहरू र कारिन्दा नभएको भन्ने कुरा तात्कालिक मूलपुजारीले जाहेर गरेपछि त्यसैअनुसार वि.सं. १९२२ देखिको मात्र बुझाउन आदेश भयो । त्यसै गरी पशुपतिनाथको ढुकुटी ठूलो हुनाले एवं साविकमा पनि मूल ढुकुटीको लगत खडा नभएकोले मूल ढुकुटीबाहेक देवताको अङ्गमा रहेको गहना, चलुवा भाँडा, बिर्ता, गूठी, खेतबारीको बही खडा गर्नु भन्ने कुराको सनद वि.सं. १९३७ मा भयो ।[३८] यस कारणले गर्दा पशुपतिनाथको मूल ढुकुटीमा के चीजहरू कति सङ्कलित हुँदै आएका छन् त्यसको पूर्ण लगत बन्न सकेन ।

पशुपतिभण्डारतहबिल मूलपुजारीको मातहतमा चल्दछ । तहबिलका मुख्य प्रशासकको रूपमा 'बिसेटनायक' ले कार्य सम्पादन गर्दछन् । पशुपतिभण्डारतहबिलबाट गरिने यावत् पूजाआजा उनैमार्फत चल्दछ । विभिन्न अमानत भएका राजगूठीबाट पशुपतिनाथमा नित्यनैमित्तिक गरिने पूजाहरूको सामग्री सम्बन्धित गूठीखर्चअड्डामा गई प्राप्त गरी पूजाआजा गराउने काम पशुपतिभण्डारतहबिलले नै गर्दछ । गूठीबन्दोबस्तअड्डा छउञ्जेलसम्म श्री ५ गूठीबन्दोबस्तअड्डा एवं श्री ३ गूठीबन्दोबस्तअड्डाअन्तर्गतका गूठीखर्चअड्डाहरूबाट विभिन्न गूठीद्वारा चलाउनुपर्ने पूजाआजा गरिन्थ्यो । गूठीबन्दोबस्तअड्डा खारेज भएर गूठीसंस्थानको स्थापना भएपछि तथा श्री ३ गूठीबन्दोबस्त-अड्डामार्फत चल्ने सम्पूर्ण गूठीहरू गूठीसंस्थानको अधीनस्थ भएपछि अहिले काठमाडौँगूठीखर्चकार्यालयबाट पूजाआजा

---

३३ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९२ सङ्ख्या ।

३४ *ऐजन ।*

३५ यसको सक्कलप्रति पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

३६ वि.सं. १९३७ जेष्ठकृष्ण ९ रोज ४ को सनद । गूठीलगत तथा तहबिलकार्यालय, पो.व.नं. १७, ४७४ सङ्ख्या, २३४ पृष्ठ ।

३७ *ऐजन ।*

३८ *ऐजन ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चल्ने गरेको छ । तर गूठी स्थापना भएताकाको वा पुरानो दरबन्दीअनुसार नै अझसम्म पूजाआजा गरिने भएको र बजार भाउमा आकाशिँदो रूपले वृद्धि भएको हुँदा पुरानो दरबन्दीअनुसार नियत गरिएको रकमले पूजाखर्च अपुग भई कतिपय त्यस्ता गूठीअन्तर्गत गर्नुपर्ने कामहरू नामेट भइसकेका छन्, कति औपचारिकता निर्वाह गर्ने किसिममा परिणत भएका छन् ।

गूठीबन्दोबस्तअड्डाले देशको धर्म-संस्कृतिसम्बन्धी विषयहरूको हेरविचार गर्ने भएको तथा त्यसको अख्तियारवाला बडागुरुज्यू हुने भएकोले गूठीबन्दोबस्तअड्डा छउञ्जेलसम्म पशुपतिभण्डारतहबिल गूठीबन्दोबस्तअड्डाकै मातहत चलेको थियो । वि.सं. २०२२ सालमा गूठीसंस्थानको स्थापना भएपछि त्यही परम्परालाई निरन्तरता दिन सो तहबिललाई गूठीसंस्थानको अन्तर्गत राखियो । त्यसैले कुनै पनि पर्वपूजा गर्नुअघि गूठीसंस्थानको निकासा र सदरअनुसार काम सम्पन्न गर्नुपर्ने भयो । पछि काममा झिँजो बढ्दै गयो । फलत: दाताहरूले धार्मिक उद्देश्यले राखेका गूठी कार्यमा असजिलोपन बढ्दै गएकोले वि.सं. २०३१ मङ्सिर १८ गतेको श्री ५ महाराजाधिराज सरकारको हुकुमप्रमाङ्गीले त्यसदेखि उप्रान्त गूठीसंस्थानबाट निकास नलिइकनै सोझै पर्वपूजा चलाउन सक्ने भयो ।[३९]

पशुपतिभण्डारको ढुकुटीको जिम्मा मुख्य रूपमा भण्डारतहबिलको हुने गरेको देखिन्छ । प्रजातन्त्र आउनु अगाडिसम्म प्रधानमन्त्री वा कमाण्डर-इन-चीफको आदेशविना ढुकुटी चलाउन पाइन्नथ्यो । प्रजातन्त्रपछिको केही समयसम्म गूठीसम्बन्धी आर्थिक कार्यको जिम्मा अर्थखर्चविभागको हुँदा पशुपतितर्फको गूठीको रेखदेख त्यसैले गरेको थियो, धार्मिक कार्यहरूको भने बडागुरुज्यूको तहबिलबाट रेखदेख हुन्थ्यो । बडागुरुज्यूको उत्तराधिकारीक्रम परम्परागत रूपमा हुन छोडेपछि नयाँ बडागुरुज्यूबाट अघिल्लो क्रम स्वभावत: थाहा नहुनाको कारण मूलपुजारीले श्री ५ मा सिधै सम्पर्क राख्न थाले । यो क्रम प्रारम्भ हुनुअगाडि बडागुरुज्यूमार्फत जानुपर्दथ्यो । यसको कारण केही वर्षयता पशुपतिमन्दिरमा केही मर्मत-जीर्णोद्धार गर्नुपर्दा मूलपुजारीले श्री ५ मा सिधै जाहेर गरी काम गर्ने गरेको देखिन्छ । राणा प्रधानमन्त्रित्वकालअगाडि लगभग यस्तै व्यवस्था थियो । तर त्यस वेला र अहिलेमा फरक के छ भने पहिले बडागुरुज्यूमार्फत हुनाले मूलपुजारी बडागुरुज्यूमातहत कार्यहरू गर्दथे । जसले गर्दा उनको शक्ति सीमित थियो । अहिले मूलपुजारीले आफूलाई सर्वसम्पन्न ठान्ने प्रवृत्ति बढ्दै गएको छ । फलत: उनले गरेका कार्य नराम्रा भए पनि उनी मातहतका रै-रकमीहरू केही बोल्न नसक्ने स्थिति पैदा हुँदै गएको छ । कतिपय कारणहरूले गर्दा यस्तो स्थिति सृजना हुनु निश्चय पनि शुभसङ्केत होइन भन्नुपर्दछ । अहिले पशुपतिमन्दिरसम्बन्धी मर्मत-जीर्णोद्धारका कामहरू प्राय: भण्डारतहबिलबाट हुने गरेका भए तापनि पहिले त्यस्तो थिएन, कामको प्रकृति हेरेर बाँडफाँड हुने गरेको थियो । वि.सं. १९८६ फाल्गुन ३० गतेको पूर्जीमा पशुपतिमन्दिरको पश्चिमपट्टिको चाँदीको कोटाल फेर्नुपर्दा आवश्यक १००० तोला चाँदी भण्डारतहबिलले दिएको र कोटाल बनाउने कामचाहिँ कडेलचोकका कालिगडहरूबाट गर्नु भन्ने भएकोबाट माथिको कुराको पुष्टि हुन्छ ।[४०] साथै पशुपतिमन्दिरका कतिपय मर्मत-जीर्णोद्धारका कामहरू पशुपतिगोश्वारबाट पनि हुन्थ्यो । यस कुराको चर्चा पशुपतिगोश्वारा विषयक शीर्षकमा गरिसकिएको छ ।

पशुपतिभण्डारतहबिलको काम सम्पादन गर्न विभिन्न रै-रकमीहरू नियत गरिएका छन् । वि.सं. १८६७ को लालमोहरमा पुजारीहरू, बिसेट, भँडारी, घडीवाल, मोहीनाइके, नकर्मी, नगर्चीहरूको खान्गी तय गरिएको पाइएकोले तात्कालिक अवस्थामा त्यस तहबिलको काम तिनीहरूद्वारा मात्र सञ्चालन गरिन्थ्यो भन्ने थाहा हुन्छ । पछि आवश्यकताअनुसार रै-रकमीहरू थपिँदै गएको कुरा अहिले भएका रै-रकमीहरूको सङ्ख्याबाट बुझिन्छ । पशुपतिभण्डारतहबिलमा संलग्न रै-रकमीहरू निम्नानुसारका छन् :-

---

३९ यससम्बन्धी हुकुमप्रमाङ्गीको सक्कलप्रति पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

४० यससम्बन्धी सक्कलप्रति पशुपतिनाथमन्दिरका मूलपुजारीसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उपर्युक्त सबै रै-रकमीहरूले पशुपतिभण्डारतहबिलले दिएको तिर्जाअनुसार खान्गी उठाई खान्छन् । पुजारीहरू पशुपतिनाथको पूजाआजासँग मात्र सम्बन्धित छन् । त्यसो भए तापनि मूलपुजारी भने पशुपतिनाथको व्यवस्थापन पक्ष एवं प्रशासन पक्षसँग पनि सरोकार राख्छन् । उनकै मातहतमा पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल र जयवागीश्वरीभण्डारतहबिल रहेका छन् । यसो हुनाको कारण पशुपतिका मूलपुजारी देवपाटन अमालका अमाली हुने परम्पराले गर्दा अहिलेसम्म मूलपुजारीको उपर्युक्त तीन अड्डाहरूमा अख्तियारी रहेको छ ।

१०.३.१ बिसेटनाइके

पशुपतिभण्डारतहबिलबाट सम्पादन गर्नुपर्ने कामहरू बिसेटनाइकेमार्फत सञ्चालन हुन्छ । वास्तवमा बिसेटनाइके त्यस कार्यालयमा कार्यालयप्रमुख हुन् । उनीलगायत अरू नौ जना बिसेट चाहिने परम्परा भएकोमा पशुपतिभण्डारतहबिलको काम गर्दा पुरानो तिर्जाप्रथाको खान्गीद्वारा घर-परिवार चलाउन नसकिने देखी केही बिसेटहरूले भण्डारतहबिलसँगको सम्बन्ध छोडिदिए भने केही बिसेटहरूलाई कुनै लान्छना लगाई हटाउँदा उनका सन्तानहरूले भण्डारतहबिलमा बिसेट भई काम गर्न गएनन् । अहिले त्यहाँ बिसेटनाइकेलगायत तीन जना बिसेटहरू मात्र छन् ।[४१] बिसेटहरू पनि भँडारीहरू जस्तै बिसेटको विवाहिता धर्मपत्नीपट्टिबाट पशुपतिक्षेत्रभित्र जन्मेको हुनुपर्छ । पशुपतिमा हुने 'ढोँपूजा' (स्यालदेवतापूजा) बिसेटहरूले मात्र गर्नुपर्ने चलन छ । बिसेटको वरण मूलपुजारीले गर्छन् । उपनयनसंस्कार

४१ वि.सं. २०३४ मार्ग ५ गते तात्कालिक बिसेटनाइके श्रीकृष्णमान बिसेटलाई उनको साविक पदबाट हटाएपछि उनका सन्तानहरूलाई पनि काम गर्न दिइएन । फलतः उनका सन्तानहरू अन्य व्यवसाय गर्न बाध्य भए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाप्त भइसकेको बिसेटको 'ठ्या छोरा' ले आवश्यक विधिविधानसहितको पूजाआजा गरी मूलपुजारीको दर्शन गरेपछि वैधानिक रूपमा बिसेट हुन पाउँछन् । बिसेटनाइके एवं बिसेटहरूका कतिपय कामहरूमध्ये एउटा मुख्य काम पशुपतिनाथको धनसम्पत्ति हिनामिना हुन नदिनु हो । यसैले भण्डार दाखिल हुनुअघि गरगहना र बहुमूल्य वस्तुहरूको राम्ररी रेखदेख गर्नु बिसेटनाइकेको कर्तव्य मानिन्छ । प्रत्येक कृष्णपक्षको द्वितीयाको दिन बिसेटनाइकेको अग्रसरतामा पशुपतिनाथलाई पहिऱ्याइएको चल्ती गरगहना जाँच्ने काम र भण्डारमा राख्नुपर्ने गरगहना थन्क्याउने काम गरिन्छ । त्यसरी जाँच्दा चल्तीका गरगहनाहरू हराए-नासिएका रहेछन् भने पालोवाला भँडारीहरूबाट शोधभर्ना गराउनु पनि बिसेटनाइकेको कर्तव्य हो । बिसेटनाइकेको खान्गी वर्षको २७ मुरी धान र घ्यूखानी रु.२।०२ पैसा छ । अरू बिसेटहरू-मध्ये कसैको झण्डै त्यति नै आयस्ता छ, तर कसैको चाहिँ वर्षको १०-११ मुरी मात्र पनि छ । भण्डारतहबिलको लेखासम्बन्धी स्रेस्ताहरू राख्ने काम मुख्य रूपमा बिसेटनाइकेको हो । उनलाई सघाउने काम बहिदारले गर्छन् । बहिदार नहुँदाको अवस्थामा सम्पूर्ण जिम्मेवारी उनैको हुन्छ । भण्डारतहबिलको रकम बहिदारले हिनामिना पारेको देखियो भने बिसेटनायकले उनलाई दण्डजरिबाना गरिने चलन छ । वि.सं. १९८२ मा बिसेटनाइके मेहरमानले तहबिल मास्दा घर तायदात गरी लिलाम गरिएको थियो ।[४२] नियत काममा जिम्मेवारीपूर्ण रूपले रहन त्यस्तो प्रथाले मदत गरेको थियो । अहिले यो पक्ष दिनानुदिन कमजोर बन्दै गइरहेको अनुभव गर्ने आधारहरू प्रशस्त छन् ।

१०.३.२ मूल भँडारी

चार कवलका भँडारीहरूमध्येबाट प्रत्येक कवलको एक-एक जना गरी जम्मा चार जनालाई मूल भँडारीको रूपमा चयन गरिन्छ । अनुभवीभन्दा पनि पशुपतिनाथको नित्यभोगको सामग्रीहरू ओसारपसार गर्न सक्ने तन्दुरुस्त र स्वस्थ भँडारीलाई मूल भँडारीको रूपमा मूलपुजारीले वरण गर्छन् । पशुपतिनाथको पालोवाला भँडारीको जस्तै प्रत्येक महीनाको कृष्णपक्षको द्वितीयाको दिन मूल भँडारी फेरिन्छ । पशुपतिनाथमा जुन कवलको भँडारीको पालो परेको हुन्छ त्यही कवलका मूल भँडारीको भण्डारतहबिलमा पालो पर्दछ । मूल भँडारीको मुख्य काम पशुपतिका पुजारीहरूलाई भण्डारबाट उपलब्ध गराउनुपर्ने सामग्रीहरू समयमा नै उपलब्ध गराउन सहयोग गर्नु तथा बिसेटनाइकेले लाए-अह्राएको काम गर्नु हो । मूल भँडारीले आ-आफ्नो कवलका भँडारीहरूको खान्गी उठाउन मदत पनि गर्नुपर्छ । मूल भँडारीको खान्गी छुट्टाछुट्टै छ । आ-आफ्नो पालोमा भण्डारतहबिलमा काम गरेबापत 'भडिभु' र 'कोफले' कवलका मूल भँडारीले संयुक्त रूपमा धान ३४ मुरी १० पाथी २ माना ३ मुठी, कोदो १ मुरी २ मुठी तथा घ्यूखानी रु.५।१५, भण्डारतहबिलले दिएको तिर्जाअनुसार उठाउँछन् । त्यस्तै दथुकवल र मतमण्डिलकवलका मूल भँडारीलाई आधा-आधा खाने गरी धान २३ मुरी १८ पाथी २ माना, सरुवा चामल ४ मुरी, गहूँ १ मुरी २ पाथी ३ माना तेल १ पाथी तथा घ्यूखानी रु.५।१३ र १३ दाम उनीहरूलाई उठाई खान पाउने गरी तिर्जा भण्डारतहबिलले दिन्छ ।

१०.३.३ भान्छे टहलुवा

भान्छे टहलुवाको काम पशुपतिनाथलाई नित्य चढाइने बालभोग तथा भोग (दाल, भात, तरकारी) पकाउने काममा पशुपतिनाथका पुजारीलाई सहयोग गर्नु हो । बालभोग भान्छे टहलुवा र पशुपतिका पुजारी दुवैले पकाउन सक्छन् । तर भोग भने पशुपतिका पुजारीले मात्र पकाउनुपर्छ । पशुपतिका सामान्य तीन पुजारीहरूले आफ्नो समयानुकूल पालो मिलाई बालभोग तथा भोग पकाउने काम सम्हाल्छन् । बालाचतुर्दशीदेखि चैत्रकृष्ण चतुर्दशीसम्म पशुपतिनाथलाई तातो पानीले स्नान गराइन्छ । तातो पानी तताउने काम तिनै भान्छे टहलुवाले गर्छन् । एक पटकको स्नानमा बाह्र-पन्ध्र गाग्री पानी चाहिन्छ । भान्छे टहलुवाले तिर्जा उठाई खान्गी खाने नभई भण्डारतहबिलले उठाई उपलब्ध गराउँछ । भान्छे टहलुवामध्ये एक जनाले धान ९ मुरी पाउँछन् भने अर्कोले ४ मुरी १० पाथी पाउँछन् ।

---

४२ वि.सं. १९८२ भाद्र २० गते रोज ६ को पुर्जी, यसको सक्कल देवपाटननिवासी श्रीकृष्णमान श्रेष्ठसँग छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.३.४ माकपेवा

'माकपेवा' भन्नालें बाँदर कुरुवा भन्ने बुझिन्छ । पशुपतिमन्दिरभित्र पूजाआजा गर्दा तथा पर्वविशेषमा बाहिर पूजाआजा हुँदा त्यहाँ बाँदरहरूबाट विध्वंस हुन नदिनु 'माकपेवा' हरूको काम हो । पशुपतिनाथलाई प्रत्येक दिन चढाइने भोगको ७ भागमध्ये एक भाग माकपेवाले पाउँछन् । त्यो एक भागलाई पनि दुइ भाग पारी उनीहरू दुइ जनाले खान्छन् । माकपेवालाई कुनै पनि खान्गीको व्यवस्था छैन । पशुपतिमा बाहिरिया कुनै व्यक्तिले भोग लगाउँदा पुजारीहरूले व्यक्तिगत रूपमा लिने दस्तुरबाट भण्डारतहबिलका रै-रकमीहरूलाई तह हेरी एकाध रुपैयाँ दिने प्रवृत्ति विगत केही वर्षदेखि चलेको छ । यो पनि पुजारीहरूको हातको कुरा हो । दिनको दश भोग चढेकोमा एउटा मात्र हो भनेमा पनि त्यहाँ कसैले प्रतिवाद गर्दैनन् । माकपेवा लाई एक भोगको रु. १।- भित्री रूपबाट मूलपुजारीले दिन्छन् । भण्डारतहबिलका रै-रकमीहरूलाई यसरी भित्री तवरबाट दिइने रकमको बारेमा बाहिरिया मानिसलाई थाहा छैन । यसरी रकम दिनुको पछिल्तिर पुजारीहरूको आफ्नै स्वार्थ छ ।

१०.३.५ घडीवाल

घडीवालहरू पनि भण्डारतहबिलअन्तर्गत नै आफ्नो नियत काम गर्छन् । जुन वेला समय बताउने सरल साधन घडीको व्यापक उपयोग भएको थिएन, त्यस वेला 'पानीघडी' हेरेर समयको सूचना दिने काम घडीवालहरूले गर्थे । यिनीहरू चौबीसै घण्टा रुजू रहेर समयको सङ्केतस्वरूप घण्टा बजाउने काम गर्दथे । तर आजकल घडी अत्यन्त सुलभ भएकोले पहिले झैँ काममा व्यस्त रहनुपर्ने अवस्था छैन । वि.सं. १८९८ ताका चार जना घडीवालहरू उपर्युक्त काममा नियुक्त थिए ।[४३] उनीहरूलाई खान्गीको बन्दोबस्त त्यतिखेरै भएको अनुमान हुन्छ । वि.सं.१८९८ मा पशुपतिनाथको घडीवालको निमित्त कतै नदरिएको पटबाझ्रो ५१ रोपनी ८ आना जग्गा लालमोहर गरी श्री ५ राजेन्द्रविक्रम शाहले दिएको कुरा उक्त लालमोहरमा उल्लेख गरिएको छ । पछि त्यसमध्ये २६ रोपनी ८ आना जग्गा बेकायमी भएकोले वि.सं. १९०४ मा बेकायम जग्गाको सट्टामा जग्गा उपलब्ध गराई दिन जाहेर गर्दा कम्पुपल्टन, भाइभारदार जागिरदारको खान्गीमा नदरिएको बिर्ता, गूठी, गौचर, सन्धिसर्पन नपर्ने जग्गा खोजी ल्याउनु भन्ने हुकुम बमोजिम बेकायम भएकै परिमाण जत्तिको जग्गा पुन: घडीवालहरूको खान्गीमा राखिएको थियो ।[४४] अहिले पनि सो जग्गाबाट आउने आयस्ता धान ४४ मुरी ९ पाथी, ठेक रु.१।- भण्डारतहबिलबाट तिर्जा लिई उठाउँछन् । पहिले चार जनाले पाउने सो खान्गी अहिले दुइ जनाले खाने गरेका छन् । उहिले घडीवालको काम कम महत्त्वपूर्ण थिएन । उनीहरूले दिने समयसङ्केतअनुसार नै पशुपतिनाथको पूजाआजासम्बन्धी कामहरू हुन्थे । दुइ जनामध्ये एक जनाको पालैसँग रातमा पालो पर्दथ्यो । अहिले यिनीहरूको कुनै आवश्यकता देखिँदैन । तापनि दरबन्दी कायम भएकोले खान्गी-वालहरू छँदैछन् ।

१०.३.६ कोटवाल (कोटाल)

पशुपतिनाथको प्रतिदिन ढोका खोल्ने र बन्द गर्ने काममा कोटालहरू संलग्न छन् । यिनीहरू चार जना छन् । प्रत्येक दिन दुइ जनाको पालो पर्छ । पालो पर्ने दुइ जनाले पशुपतिनाथमन्दिरको बाहिर पेटीमा रातमा बसी पहरा दिने काम गर्छन् । पशुपतिनाथमन्दिरमा रातमा सुरक्षाको निमित्त कुर्ने काम पालोवाला भँडारीले पनि गर्नुपर्दछ । पशुपतिनाथको बम्बैभण्डार कुर्ने काम भने पालोवाला मूल भँडारीले गर्नुपर्ने चलन छ । तर आजकाल पहिले जस्तो कुनै वाध्यता नभएको कुरा नियत काममा उनीहरू संलग्न नभएबाट बुझिन्छ । रातमा कुरुवा बस्नेको हेलचेक्राइँले

---

४३ परिशिष्टभाग, अभिलेखखण्ड (क), २१७ सङ्ख्या ।

४४ *ऐजन ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चोरी हुन गए त्यसको जवाफदेही कुरुवा बस्नेको हुन्छ । वि.सं. १९५६ सालमा पशुपतिनाथको गहना, भाँडा आदि चोरी भयो । त्यसमा कुरुवा बस्ने शिरी भँडारीको असावधानी ठानी उनको तायदात भई घरबारी लिलाम भएको थियो ।[४५] विभिन्न व्यक्तिहरूले पशुपतिमा आफूले राखेका कृतिहरूको सुरक्षाको लागि रखवारी पनि राखेका थिए । तिनीहरूले सम्बन्धित गूठीहरूबाट पाउनुपर्ने खान्गी पाउँथे । भनिन्छ, केही दशकअगाडिसम्म पशुपतिनाथमन्दिरमा रातमा सुरक्षाको लागि कुर्ने व्यक्तिहरू तेह्र जना थिए । वि.सं. १८७१ मा कुलानन्द झाले पशुपतिनाथमा चाँदीको ढोका चढाएपछि त्यसको सुरक्षाको लागि रातबिरात बस्ने ६ जना कुरुवाको बन्दोबस्त गरेका थिए ।[४६] त्यस व्यवस्थाअनुसार अहिले दुइ जना व्यक्तिहरू छन् । उनीहरूले कुरुवा बसेबापत प्रतिमहीना रु. १०१।५० पैसा गूठीमार्फत प्राप्त गर्छन् । भण्डारतहबिलअन्तर्गतका कोटवालहरू चार जनाले जम्मा ३२ मुरी धान खान्गीस्वरूप पाउँछन् । त्यो खान्गी तिर्जा उठाई खानुपर्ने नभई भण्डारतहबिलले नै दिन्छ ।

१०.३.७ मोहीनायक

पशुपतिभण्डारतहबिलअन्तर्गतका रै-रकमीहरूमा 'मोहीनायक' को काम पनि उल्लेखनीय मानिन्छ । भण्डार-तहबिलको सम्पूर्ण जग्गाहरूको बाली समयमा नआए मोहीनायकले सम्बन्धित मोहीकहाँ गई बाली उठाउने काम गर्नुपर्छ । साथै सो तहबिलअन्तर्गतका जग्गाहरू कुन अवस्थामा छन्, त्यसको निरीक्षण गरी तहबिललाई जानकारी गराउनु उनको कर्तव्य मानिन्छ । मोहीनायकको अरू पर्वउत्सवमा पनि अनिवार्य संलग्नता रहन्छ । उदाहरणको लागि बालागूठीको तर्फबाट सद्बीज छर्नुभन्दा तीन दिनअगाडि मार्गकृष्ण एकादशीको दिन वत्सलेश्वरीमा पूजाआजा गरिसकेपछि पहिलो सद्बीज छर्ने काम मोहीनायकले नै गर्नुपर्छ । त्यस्तै भण्डारतहबिल र मूलपुजारीद्वारा गरिने सम्पूर्ण पूजाआजामा सामग्री ओसारपसार गर्ने, रखवारी गर्ने आदि कामहरू मोहीनायकले नै गर्छ । बाली बुझाउन ल्याउनेहरूको अन्न भरी भण्डारमा राख्ने काम पनि मोहीनायकले गर्छ । यति कामहरू गरेबापत मोहीनायकले भण्डारतहबिलबाट आफैले उठाई खानुपर्ने गरी १४ मुरी ६ पाथी धानको तिर्जा पाउँछ । जुन वेलासम्म मोहीनायक आफ्नो काममा सशक्त रूपमा क्रियाशील थिए, त्यति वेला गूठी जग्गाहरू मिचिने, हराउने सम्भावना थिएन । अहिले त्यसको विपरीत हुँदै गएको छ ।

१०.३.८ नगर्ची

पशुपतिनाथमा आरती गर्दा, बालभोग र भोग लगाउँदा नगरा बजाउने कामको लागि परम्परादेखिनै नगर्ची नियुक्त गरिएको छ । प्रतिदिन उक्त अवसरमा नगरा बजाउनुको अतिरिक्त पशुपतिनाथसँग सम्बन्धित यात्रापर्वहरू वत्सलेश्वरीयात्रा, त्रिशूलयात्रा, गङ्गामाईको यात्रा आदि यात्राहरूमा पनि नगरा बजाउन जानुपर्छ । वि.सं. १८६७ मार्गकृष्ण ७ रोज १ को लालमोहरमा भण्डारतहबिलका रै-रकमीहरूको उल्लेख आएको छ । त्यहाँ नगर्चीको उल्लेख नआएको हुनाले नगर्चीको व्यवस्था वि.सं. १८६७ भन्दा अगाडि वा पछाडि भएको अनुमान थियो । पशुपतिमा नगरा बजाउने कामको लागि कसले गूठी राखेका रहेछन् भन्ने खोज्दै जाँदा वि.सं. १८३८ माघशुक्ल ६ रोज १ मा सिरानचोक हान्न जाँदा चौबीसीमाथि आक्रमण गरी उनीहरूलाई धपाई खोसेर ल्याएको एउटा ऐतिहासिक नगरा श्री ५ रणबहादुर शाहले पशुपतिमा समर्पण गरेको थाहा भयो ।[४७] त्यसै वेलादेखि सो नगरा पशुपतिनाथमा बजाउँदै आए

---

४५ वि.सं. १९८१ कार्तिक २९ गते रोज ६ को मुलुकीअड्डाको रपोट । यसको नक्कलप्रति तात्कालिक बिसेटनाइके श्रीकृष्णमान श्रेष्ठसँग छ ।

४६ श्री ५ राजेन्द्रविक्रम शाहको वि.सं. १८९२ पौषशुक्ल ११ रोज ४ को लालमोहर । गूठीलगत तथा तहबिलकार्यालय, कि.नं. ५, ५ सङ्ख्या, ७ पृष्ठ ।

४७ गोविन्द टण्डन, *पूर्ववत*, पादटिप्पणी १८ सङ्ख्या, ३० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि त्यसको खान्गी नहुँदा बाधा परिरहेको थियो । यत्तिकैमा वि.सं. १८६९ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले भमरकोटको गहत्या खेत १।२० (३० रोपनी) र त्यसैको सिह्रानको पाखो जग्गा रोपनी ७ नगरा खान्गीको निमित्त राखिदिए । उक्त ताम्रपत्रमा दमाईंले पशुपतिनाथका पुजारीभट्टको तैनाथ रही साँझ-बिहान सो नगरा बजाउनुपर्ने उल्लेख गरिएको छ ।[४८] श्री ५ गीर्वाणयुद्धविक्रम शाहले राखेको भमरकोटको जग्गाबाट वर्षको रु ६०।- ठेकको रूपमा नगरा बजाउने दमाईंले पाउने व्यवस्था भएकोमा केही वर्षदेखि त्यो रकम नगर्चीहरूले पाउन सकेका छैनन् ।[४९] यस प्रकार नगरा बजाउने व्यवस्था पहिले नै भए तापनि नगर्चीको लागि गूठीद्वारा आम्दानी निश्चित गरिएको भने वि.सं. १८६९ मा हो भन्ने कुरा बुझिन्छ । नगर्चीको वार्षिक खान्गी धान १२ पाथी छ । अरू बाहिरिया आम्दानी केही पनि छैन । मरिमेटेर काम गर्दा अत्यन्त नगण्य र दिनको छाक टार्न नसक्ने पारिश्रमिक प्राप्त हुँदा पनि धर्मकार्य भनी जेनतेन काम गर्दैछन् । बाबुबाजेदेखि गर्दै आएको धर्मको काम भनेर छोड्न सकेका छैनन् । तर यसरी पुरानो दरबन्दीमा काम गराई राख्नु कुनै पनि हातलमा उपयुक्त देखिँदैन ।

उपर्युक्त रै-रकमीहरूको अतिरिक्त केही दशकअगाडिसम्म नकर्मी, अवालेहरू पनि भण्डारतहबिलअन्तर्गत थिए । आ-आफ्नो पेशाअनुसार मन्दिरमा परिआउने यावत् काम गर्नु उनीहरूको कर्तव्य मानिन्थ्यो । तर अहिले परम्परागत कामहरूलाई समय मिल्दो पारी निरन्तरता दिने काममा तन्मय देखाउन नसक्दा त्यस्ता कतिपय राम्रा परम्पराहरू छुट्दै गइसकेका छन् । नकर्मीको खान्गी धान ३ मुरी २ पाथी थियो भने अवालेको ७ मुरी ७ पाथी ७ माना थियो । पशुपतिभण्डारतहबिलमा कतिपय पुराना दरबन्दी परिपूर्ति गर्न नसकिने स्थिति देखापर्दै गएको छ । यसो हुनाको कारण समयअनुसार तोकिएको दरबन्दी परिवर्तन भई आर्कषक नहुनाले हो भन्न सकिन्छ । यो केवल त्यहाँको मात्रै समस्या नभईकन सम्पूर्ण गूठीव्यवस्थामा देखिएको समष्टिगत जटिल समस्या हो । त्यसको निराकरण समयसँग मिल्दो-जुल्दो पारी गर्न सकेको भए गूठीव्यवस्थामा ह्रासोन्मुखको स्थिति आउने थिएन । अझै समय गएको छैन । यसको निरूपणको लागि गर्न खोजे नहुने भन्ने छैन । तर यसको लागि तिनीहरूको स्थापनाकालदेखि अहिलेसम्म केही उल्लेखनीय नवीनता दिने प्रयास नै भएन । कुनै पनि व्यवस्था सदाको लागि लायक हुन्छ भन्नु भूल हो । गूठीव्यवस्थामा पनि त्यस्तै भयो । एकपटक दाताले तोकेको दरबन्दी वा खान्गी सँधैको लागि हो भन्ने भ्रम परेकोले असजिलो स्थितिहरू उत्पन्न हुँदै जाँदा मठमन्दिरको सञ्चालन तथा व्यवस्थापनलाई गतिलो पार्न विगतमा गरिएका प्रयासहरू अहिलेको लागि पनि उत्तिकै उपयुक्त हुँदाहुँदै पनि तिनको संस्कारको लागि केही गर्न नसक्ने स्थितिमा पुग्न गयो । भण्डारतहबिलकै कुरा गरौं दश जना बिसेटले गर्ने काम तीन जनाबाट भएको छ भने जैसी वा बहिदारले राख्नुपर्ने हिसाबकिताबको काम आजकल उनीहरू नहुँदा बिसेटनाइकेले नै तिनीहरूको खान्गीसमेत खापेर खाएका छन् । दुइ जनाको कामको क्षेत्रै अलग्ग हो । त्यस्तो स्थितिमा काम भइरहनु निश्चित पनि राम्रो कुरा होइन । अनावश्यक रै-रकमीहरू झिक्दै जाने वा भएकालाई अनुकूल र सक्षम बनाउनेतर्फ पम्परागत रै-रकमी भएका निकायहरूमा विचार पुऱ्याउने वेला आइसकेको छ । अन्यथा यसले कार्य क्षमतामा नै हानि पुऱ्याउन सक्ने देखिन्छ । पशुपतिक्षेत्रमा परम्परागत रूपमा रहिआएका उपर्युक्त निकायहरूलाई समयानुसार परिमार्जन गर्नुपर्ने वेला आइसकेको छ । साँच्चै भन्ने हो भने पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल, जयवागीश्वरीभण्डारतहबिल दिशाविहीन भएर बसेका छन् । न स्वतन्त्र रूपले काम गर्न नीति नियम नै छ न कुनै अन्य निकायको अन्तर्गत रही काम गर्ने मानसिकता बनाउन सकेका छन् । अर्को शब्दमा भन्ने हो खिचातानी छ, असमझदारी छ । ती निकायहरूमा संलग्न रै-रकमी तथा कर्मचारीहरू आफ्नो पदलाई सँधै असुरक्षित सम्झन्छन् । त्यसैले आफ्नो कार्यालयको अवस्था जस्तोसुकै होस्, काम होस्, नहोस् त्योसँग त्यति सरोकार राखेको पाइन्न ।

---

४८ *ऐजन*।

४९ नगर्ची श्रीलालवीर परियार र श्रीबुद्धिबहादुर परियारसँगको अन्तरवार्ता ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघार अध्याय

पशुपतिक्षेत्रका मन्दिर, मूर्ति तथा अभिलेखहरूको सङ्कलन

धार्मिक, आध्यात्मिक एवं सांस्कृतिक क्षेत्रमा पशुपतिक्षेत्रको प्राचीन कालदेखि नै अत्यधिक महत्त्व रहेको सम्बन्धमा अघिल्ला अध्यायहरूमा प्रशस्त चर्चा गरिसकिएको छ । यहाँनिर एउटा कुरा के स्पष्ट पार्नुपर्छ भने धार्मिक, आध्यात्मिक महत्त्वकै कारण पशुपतिक्षेत्रको कला-वास्तुकलाको क्षेत्रमा पनि ठूलो स्थान र योगदान रहेको हो । राजादेखि प्रजासम्ममा अन्तर्निहित परम्परागत धर्म-संस्कृतिप्रतिको लगाव र झुकावले गर्दा विभिन्न आराध्यदेव-देवीको मूर्तिहरू स्थापित भए, मन्दिर बने, आउने-जाने तीर्थयात्रीहरूको सजिलाका निमित्त पाटीपौवा, सत्तल, धर्मशालाहरू बन्दै गए । एउटाले देवमूर्ति स्थापना गऱ्यो, अर्कोले मन्दिर निर्माण गऱ्यो, गर्दागर्दै यस क्षेत्रमा अनगिन्ती कृतिहरू स्थापना भए । स्थापित कीर्तिहरूको संवर्धनका लागि व्यक्तिगत प्रयास, सामूहिक प्रयास एवं राष्ट्रको तर्फबाट पनि समय-समयमा कदमहरू अपनाइए । फलस्वरूप तिनीहरूको सम्बन्धमा अनेक धार्मिक पुट र अनुश्रुतिहरू कालान्तरमा गाँसिँदै गए । यसले गर्दा समाजमा तिनीहरूको मूल्य र मान्यतालाई बढाउन ठूलो भरथेक पनि हुन गयो । कीर्तिहरूको स्थापना गरी तिनको सम्झनाको लागि राखिएका अभिलेखहरू धार्मिक-सांस्कृतिक इतिहासको लागि मात्र नभई राजनैतिक इतिहासलगायत त्यस वेलाको सामाजिक, आर्थिक अवस्था बुझ्नको लागि समेत महत्त्वपूर्ण सामग्री हुन पुगेको छ ।

पशुपतिक्षेत्रमा भएका मन्दिर, स्तूप, चैत्य, विहार, अभिलेख, तथा मूर्तिहरूको बारेमा अध्ययन गर्ने हो भने सानोतिनो लेख पर्याप्त हुँदैन, ठेलीका ठेली ग्रन्थहरू तयार हुन सक्छन् । एक व्यक्तिको सीमित कार्यक्षेत्र र क्षमताबाट मात्र सम्भव पनि छैन । त्यसैले यस अध्यायमा तिनीहरूबारे सङ्क्षिप्त टिपोट मात्र प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

पशुपतिक्षेत्रको महत्त्व प्राचीन कालदेखि नै थियो । भगवान् पशुपतिनाथ र पशुपतिक्षेत्रको महत्त्वले गर्दा नै यहाँ अनगिन्ती मठ, मन्दिर, स्तूप, विहार एवं मूर्तिहरूको स्थापना भएको हो । लिच्छविकालभन्दा अगाडिको प्रामाणिक रूपले भन्न सकिने कला, वास्तुकलाका नमूनाहरू यहाँ अहिले छैनन् । लिच्छविकालमा पशुपतिक्षेत्रको केही भाग 'देवग्राम' नामबाट सम्बोधित भएकोले यस भेगमा प्रशस्त धार्मिक कीर्तिहरू भएको अनुमान गर्न सकिन्छ । तर प्रारम्भिक लिच्छविकालका केही कृतिहरू अद्यापि केही रहेको भए तापनि वास्तुकलाको नमूना भने ज्यादै थोरै छन् । यहाँ रहेका ती कृतिहरूले पशुपतिक्षेत्रको महत्त्वलाई अभिवृद्धि गर्ने काममा मदत पुऱ्याएका छन् ।

पशुपतिक्षेत्र वैदिक तथा बौद्ध धर्मबीचको समान धार्मिक महत्त्वको स्थलको रूपमा शताब्दीयौँदेखि परिचित छ । शिवदेवविहार,[१] राजविहार,[२] आदि बौद्ध विहारहरूको अवस्थिति पशुपतिक्षेत्रमा नै भएको सङ्केतले ती कुरालाई स्पष्ट पार्छ । कोटुबहिल, चाबहिल, मैजूबहाल आदि बहालहरू तथा धन्दोचैत्य, बौद्धनाथ आदि महत्त्वपूर्ण स्तूपहरूको अवस्थितिले पनि माथिको कुरालाई पुष्टि गर्दछ । लिच्छविकालको शिलालेखहरूमा पशुपतिक्षेत्रका विहारहरूको क्रममा शिवदेवविहार, राजविहारको मात्र उल्लेख पाइन्छ । पशुपतिक्षेत्रमा भिक्षुहरूको सङ्घ पनि थियो । नरेन्द्रदेवले स्थापना गरेको धाराको रेखदेखको जिम्मा पशुपतिमा भिक्षुसङ्घलाई दिएको विवरणले धार्मिक सद्भावलाई राम्रोसँग

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* प्रथम संस्करण, (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ४९६ पृष्ठ ।

२ ऐजन, ३२४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झल्काउँदछ ।[३] पशुपतिक्षेत्रमा प्रशस्त कलात्मक प्रस्तरका चैत्यहरू यत्रतत्र छरिएर रहेका छन् । सग्लो स्वरूपको त्यस्ता प्रस्तरचैत्यहरू धन्दोचैत्यको प्राङ्गण, कोटुबहिलको चौर, नवालीटोल आदि ठाउँहरूमा अद्यापि छन् । त्यस्तै चैत्यका पीठिकाहरू पनि जताततै भनेजस्तो छरिएर रहेका छन् । धन्दोचैत्यवरपर एक ठाउँमा दशवटा लिच्छविकालका कलात्मक प्रस्तरचैत्यहरू छन् । नवालीटोलस्थित लुँहिटीको सिँढीको दायाँ-बायाँ रहेका गोलाकार कलात्मक पीठिका पनि आकर्षक छन् । त्यहाँ यत्रतत्र उपेक्षित अवस्थामा रहेका प्रस्तर निर्मित चैत्यका पीठिका, हर्मिका आदि भागहरू जताततै रहेको कुरालाई हेर्दा लिच्छविकालमा प्रस्तर निर्मित चैत्यहरू यस भेगमा प्रशस्त स्थापित थिए भन्ने कुरालाई मान्नुपर्छ । कालान्तरमा तिनीहरूको हेरचाहको लागि गरिएको व्यवस्था कालक्रमले अवरुद्ध भयो । आम्दानीको स्रोतको रूपमा राखिएका गूठीजग्गाहरू पनि मासिँदै गए । यसरी स्याहार-सम्भार नहुँदा उपेक्षित हुँदै गए, बेवारिस बन्दै गए । साथै ऐतिहासिक मूल्य र मान्यता नबुझ्दा रेखदेख गर्ने कोही भएन । जसको कारण तिनीहरू अलपत्र परे र आजको स्थितिमा पुगे ।

वैदिक धर्मानुयायीहरूले यस क्षेत्रमा परम्परागत आस्थाअनुरूप मठ, मन्दिरहरूको स्थापना गर्ने काम लिच्छविकाल वा त्यसभन्दा अगाडिदेखि नै प्रारम्भ गरेका हुन् । राजा मानदेव प्रथमले आफ्नी आमा राज्यवतीको नाममा प्रशस्त धन खर्च गरेर मन्दिर बनाएको उल्लेख पाइन्छ ।[४] तर आज सो मन्दिरको भग्नावशेषसम्म पाइँदैन, मूर्ति असुरक्षित अवस्थामा छ । त्यस्तै रत्नसङ्घले 'रत्नेश्वर',[५] 'प्रभुकेश्वर',[६] जयलम्भले 'जयेश्वर',[७] विजयवतीले 'विजयेश्वर',[८] ध्रुवसङ्घले 'भद्रेश्वर', 'नाथेश्वर', 'शुभेश्वर', 'स्थितेश्वर', 'रवीश्वर'[९] आदि शिवलिङ्गहरू, आभीरी गोमिनीले अनुपरमेश्वर,[१०] मानमतीले नाथेश्वर,[११] स्वामी वार्तले शङ्करनारायण[१२] भोगदेवीले शूरभोगेश्वर,[१३] भाग्यदेवीले 'लडितमहेश्वर',[१४] शूरसेनका पुर्खाले 'दक्षिणेश्वर',[१५] अंशुवर्माकी रानीले 'वनकाली' को स्थापना गरेका थिए । प्राय: सबैको छुट्टाछुट्टै मन्दिर थियो । लिच्छविकालमा शिवलिङ्गहरू कलात्मक चारवटा प्रस्तरमाथि एउटै प्रस्तरबाट निर्मित छाना राखी सामान्य रूपले बनाउने गरेको पनि पाइन्छ । राजराजेश्वरीघाट (चित्रसङ्ख्या १७५) एवं पशुपतिनाथप्राङ्गण एवं राजराजेश्वरीक्षेत्रमा त्यस शैलीको मन्दिरको नमूना अझै देख्न पाइन्छ (चित्रसङ्ख्या १९४) । लिच्छविकालमा स्थापित प्रसिद्ध शिवलिङ्गबाहेक अरू सबै शिवलिङ्गहरूको सम्भवत: त्यस्तै मन्दिरहरू हुनुपर्छ । एक-दुइ शिवलिङ्ग छोडेर अहिले पशुपतिक्षेत्रमा पुराना कुनै पनि शिवलिङ्गको मन्दिर छैन । अतीतमा त्यस्ता मन्दिरहरू कसरी विलुप्त बने त्यसको वास्तविक कारण जान्न सकिएको छैन । उहिलेका स्तम्भयुक्त मन्दिरका त्यस्ता कति खम्बाहरू

---

३ *ऐजन*, ४९६-५०१ पृष्ठ ।
४ *ऐजन*, ३५-३८ पृष्ठ ।
५ *ऐजन*, ५०-५४ पृष्ठ ।
६ *ऐजन*, ५५-५८ पृष्ठ ।
७ *ऐजन*, ६२-६४ पृष्ठ ।
८ *ऐजन*, ८२-८७ पृष्ठ ।
९ *ऐजन*, १५५-१५७ पृष्ठ ।
१० *ऐजन*, १७०-१७४ पृष्ठ ।
११ *ऐजन*, १७५-१७६ पृष्ठ ।
१२ *ऐजन*, १९८-२०३ पृष्ठ ।
१३ *ऐजन*, ३५७-३५८ पृष्ठ ।
१४ *ऐजन* ।
१५ *ऐजन* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यताउता छरिएका पाइन्छन् । त्यस्ता कुनै खम्बाहरू सिँढीको रूपमा प्रयोग गरिएका छन्[१६] भने कुनै जगमा गारो लगाउन प्रयोग भएको देखिन्छ । त्यस्तै कुनै मण्डपनिर्माणमा प्रयोग भएका छन् (चित्रसङ्ख्या १४३, १४४) । ने.सं ७२४ (वि.सं. १६६०) कार्तिकमा निर्माण गरिएको लुँहिटीको लक्ष्मीनारायणको मन्दिरको जगमा माथि उल्लेख गरिएको शैलीको मन्दिरको खम्बा प्रयोग गरिएको देखिनाले सत्रौं शताब्दीमा नै स्तम्भयुक्त मन्दिरका खम्बाहरू असरल्ल भइसकेका र तिनको महत्त्व सामान्य जनजीवनमा सादा ढुङ्गाभन्दा विशेष नभएको कुरा बुझिन्छ (चित्रसङ्ख्या १७६) । त्यस्ता विभिन्न शैलीका स्तम्भहरू पशुपतिक्षेत्रमा प्रशस्त छन् । त्यस्तै स्तम्भमध्ये एउटामा 'प्रद्युम्नप्राणस्य कीर्ति:'[१७] लेखिएको एवं स्तम्भशैलीको प्रस्तरछानाको किनारको भागमा लिच्छवि लिपियुक्त लेख[१८] पाइएको तथा त्यहाँ प्रयुक्त लिपिको शैली सातौं शताब्दीताकाको अनुमान गरिएको एवं लेख भएका स्तम्भसँग तुलना गर्दा यहाँ रहेका कतिपय स्तम्भहरू उही बनोट र बान्कीमा भएकाले ती मिल्किएर रहेका स्तम्भहरूको समय अनुमान गर्न गाह्रो पर्दैन । छरिएर रहेका ती खम्बाहरू तथा अन्य कलाकृतिहरूलाई सङ्कलन गरेर राख्ने हो भने लिच्छविकालमा प्रचलित वास्तुकला र शैलीको राम्रो ज्ञान गर्न सकिन्छ । त्यसको अलि विकसित रूप मल्लकालमा पनि प्रचलित रह्यो । त्यसको राम्रो उदाहरण आर्यघाटस्थित अनन्तआदिनारायणको उत्तरपट्टिको शिवालय र पशुपतिमन्दिरको दक्षिण-पश्चिमस्थित ब्रह्माको मन्दिरसँगै चार स्तम्भद्वारा निर्मित शिवालयलाई लिन सकिन्छ । त्यसबाहेक अरू प्रकारका शैली पनि प्रचलित थिए भन्ने कुरा मन्दिरमा प्रयोग हुने यक्षयुक्त खम्बाहरू पशुपतिक्षेत्रमा प्रशस्त सङ्ख्यामा पाइने हुनाले थाहा हुन्छ । यक्षयुक्त खम्बाहरूको शैली र बनावटलाई हेर्दा तिनीहरू लिच्छविकालका मन्दिरवास्तुकलाका अवशेष हुनुपर्ने देखिन्छ (चित्रसङ्ख्या १३१, १३२, १३३, १३४, १३५, १३६, १५४) । पशुपतिक्षेत्रमा भएका लिच्छविकालका मठमन्दिरहरूमा रत्नेश्वर नामको शिवलिङ्गको अत्यधिक महत्त्व रहेको कुरा अभिलेखबाट बुझिन्छ । त्यसको स्थापना रत्नसङ्घले गरेका हुन् ।[१९] रत्नेश्वरको लागि उनले २५७० भूमि (रोपनी) जग्गा गूठी राखिदिएका थिए । वि.सं.५३४ मा स्थापित सो शिवलिङ्गको अहिलेको दयनीय अवस्थालाई हेर्दा लिच्छविकालको महत्त्वलाई प्रकाश पार्न सक्दैन । लिच्छविकालको अभिलेखहरूबाट थाहा पाइएका मन्दिर, चैत्य, विहार आदिहरूको बारे विस्तृत रूपमा थाहा पाउन सक्ने स्थिति नभए तापनि शिलालेखहरूबाट थाहा पाइएका नामहरूको सङ्क्षिप्त सूची यहाँ दिनु उपयुक्त हुने देखिन्छ –

---

१६ कुनै मन्दिरविशेषमा प्रयोग गरिएको हुनुपर्ने कलात्मक प्रस्तर खम्बाहरू देवपाटनबाट कैलाशडाँडामा जाने सिँढी, जयवागीश्वरीमन्दिर, पाँचुटोल, वत्सलेश्वरीमन्दिरप्राङ्गण आदि ठाउँहरूमा असरल्ल अवस्थामा रहेका छन् ।

१७ धनवज्र वज्राचार्य, पूर्ववत्, पादटिप्पणी १ सङ्ख्या, ५९६ पृष्ठ ।

१८ ऐजन , ४९७ पृष्ठ ।

१९ गोविन्द टण्डन, "लिच्छविकालमा भूमि तथा कृषिसम्बन्धी व्यवस्था", *यौवन,* (युवा डाइजेष्ट), ३ वर्ष, ३ अङ्क, १३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.१ लिच्छविकालिक अभिलेखहरूबाट थाहा पाइएका पशुपतिक्षेत्रमा भएका मन्दिर, चैत्य, विहार, मूर्ति आदिको विवरण

क्र. सं.	नाम	संवत्	स्थान	सन्दर्भस्रोत
१.	त्रिविक्रम	संवत् ३८९ (वि.सं. ५२५) वैशाख	तिलगङ्गा	*स.सं.* १ वर्ष, १०-१२ अङ्क, २ पृष्ठ । *लि.का.अ.* ५ सङ्ख्या । *ने.इ.गु.क्या.* ३ सङ्ख्या । *ने.प्रा.अ.* ५ सङ्ख्या ।
२.	रत्नेश्वर	संवत् ३९९ (वि.सं. ५३५) आषाढ	पाँचुटोल	*ने.इ.गु.क्या.* ६, *इ.सं.प्र.प्र.* २६४ पृष्ठ, *लि.का.अ.* १० सङ्ख्या, *ने.प्रा.अ.* १२ सङ्ख्या ।
३.	प्रभुकेश्वर	संवत् ४०२ (वि.सं. ५३८) ज्येष्ठ	पाँचुटोल	*ने.इ.गु.क्या.* १०, *लि.का.अ.* ११ सङ्ख्या, *ने.प्रा.अ.* १३ सङ्ख्या ।
४.	शिवलिङ्ग	संवत् ४१० (वि.सं. ५४५) माघ	पञ्चदेवल	*अ.सं.* भाग १, २३ पृष्ठ, *लि.का.अ.* १३ सङ्ख्या, *ने.प्रा.अ.* १५ सङ्ख्या ।
५.	जयेश्वर	संवत् ४१३ (वि.सं. ५४९) ज्येष्ठ	पशुपति	इन्द्राजी २, *सं.स.* १ वर्ष, ९ अङ्क, १५ पृष्ठ, *ने.इ.गु.क्या.* ८, *इ.सं.प्र.प्र.* ४७ पृष्ठ । ६, *लि.का.अ.* १४ सङ्ख्या, *ने.प्रा.अ.* १६ सङ्ख्या ।
६.	विजयेश्वर	संवत् ४२७ (वि.सं. ५६३) आषाढ	सूर्यघाट	*अ.सं.* १ भाग, २३-२४ पृष्ठ । *लि.का.अ.* २० सङ्ख्या । *ने.प्रा.अ.* २० सङ्ख्या ।
७.	राज्यवर्द्धनदेव	-	पशुपति	*अ.सं.* ५, ६ पृष्ठ । *लि.का.अ.* २८ सङ्ख्या । *ने.प्रा.अ.* १७ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	संवत्	स्थान	सन्दर्भस्रोत
८.	पार्थिवशिला	संवत् ४५२ (वि.सं. ५८७)	आर्यघाट	ने.इ.गु.क्या. ८७। पूर्णिमा ५ वर्ष, ४ अङ्क, २७७ पृष्ठ। लि.का.अ. २९ सङ्ख्या। ने.प्रा.अ. ३० सङ्ख्या।
९.	भद्रेश्वर	संवत् ४५५ (वि.सं. ५९०) चैत्र	भस्मेश्वर	अ.सं. १ भाग, २६ पृष्ठ। लि.का.अ. ३४ सङ्ख्या। ने.प्रा.अ. ३७ सङ्ख्या।
१०.	नाथेश्वर	संवत् ४५५ (वि.सं. ५९०) चैत्र	भस्मेश्वर	अ.सं. १ भाग, २६ पृष्ठ। लि.का.अ. ३४ सङ्ख्या। ने.प्रा.अ. ३७ सङ्ख्या।
११.	शुभेश्वर	संवत् ४५५ (वि.सं. ५९०) चैत्र	भस्मेश्वर	अ.सं. १ भाग, २६ पृष्ठ। लि.का.अ. ३४ सङ्ख्या। ने.प्रा.अ. ३७ सङ्ख्या।
१२.	स्थितेश्वर	संवत् ४५५ (वि.सं. ५९०) चैत्र	भस्मेश्वर	अ.सं. १ भाग, २६ पृष्ठ। लि.का.अ. ३४ सङ्ख्या। ने.प्रा.अ. ३७ सङ्ख्या।
१३.	रवीश्वर	संवत् ४५५ (वि.सं. ५९०) चैत्र	भस्मेश्वर	अ.सं. भाग १, पृष्ठ २६। लि.का.अ. ३४ सङ्ख्या। ने.प्रा.अ. ३७ सङ्ख्या।
१४.	अनुपरमेश्वर	संवत् ४६२ (वि.सं. ५९८) ज्येष्ठ	पशुपति	स.सं. २ वर्ष, १-३ अङ्क, १ पृष्ठ। ने.इ.गु.क्या. १६। लि.का.अ. ३८ सङ्ख्या। ने.प्रा.अ. ४० सङ्ख्या।
१५.	नाथेश्वर	संवत् ४६७ (वि.सं. ६०३) वैशाख	मृगस्थली	स.सं. १ वर्ष, ७ अङ्क, ४८ पृष्ठ। स.सं. २ वर्ष, १-३ अङ्क, २ पृष्ठ। ने.इ.गु.क्या. १७। लि.का.अ. ३९ सङ्ख्या। ने.प्रा.अ. १९ सङ्ख्या।
१६.	शङ्करनारायण	संवत् ४८७ (वि.सं. ६२३) प्रथम आषाढ	गचाननी	स.सं. १ वर्ष, ८ अङ्क, १७-१८ पृष्ठ। ने.इ.गु.क्या २०। लि.का.अ. ५० सङ्ख्या। ने.प्रा.अ. ५३ सङ्ख्या।
१७.	कैलाशेश्वर	संवत् ३२ (वि.सं. ६६६) आषाढ	पशुपतिक्षेत्र	लि.का.अ. ७७ सङ्ख्या।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	संवत्	स्थान	सन्दर्भस्रोत
१८.	वाग्वतीपारदेव	संवत् ३२ (वि.सं. ६६६) आषाढ	तिलगङ्गा	*लि.का.अ.* ७७ सङ्ख्या।
१९.	शुभभोगेश्वर	संवत् ३९ (वि.सं. ६७३) वैशाख	देवपाटन	इन्द्राजी ७। *स.सं.* २ वर्ष, १-३ अङ्क, ३ पृष्ठ। *ने.इ.गु.क्या.* ४१। *लि.का.अ.* ८५ सङ्ख्या। *ने.प्रा.अ.* ८९ सङ्ख्या।
२०.	लडितमहेश्वर	संवत् ३९ (वि.सं. ६७३) वैशाख	देवपाटन	इन्द्राजी ७। *स.सं.* २ वर्ष, १-३ अङ्क, ३ पृष्ठ। *ने.इ.गु.क्या.* ४१। *लि.का.अ.* ८५ सङ्ख्या। *ने.प्रा.अ.* ८९ सङ्ख्या।
२१.	राजविहार	-	चाबहिल	*लि.का.अ.* ७७ सङ्ख्या।
२२.	दक्षिणेश्वर	संवत् ३९ (वि.सं. ६७३) वैशाख	देवपाटन	इन्द्राजी ७। *सं.स.* २ वर्ष, १-३ अङ्क, ३ पृष्ठ। *ने.इ.गु.क्या.* ४१। *लि.का.अ.* ८५ सङ्ख्या। *ने.प्रा.अ.* ८९ सङ्ख्या।
२३.	शिवदेवविहार	संवत् १०३ (वि.सं. ७३७) ज्येष्ठ	पशुपतिक्षेत्र	*लि.का.अ.* १३३-१३४ सङ्ख्या।
२४.	छत्रचण्डेश्वर	-	पशुपति	इन्द्राजी ११, *ने.इ.गु.क्या.* ५९। *पूर्णिमा,* ४ वर्ष, २ अङ्क, १२४-१२५ पृष्ठ। *लि.का.अ.* ११२ सङ्ख्या। *ने.प्रा.अ.* ११२ सङ्ख्या।
२५.	धर्मधातु चैत्य	-	धन्दोचैत्य	*पूर्णिमा,* ६ वर्ष, ४ अङ्क, ३३६ पृष्ठ। *लि.का.अ.* १२१ सङ्ख्या।
२६.	उमामहेश्वर	-	मृगस्थली	*ने.प्रा.अ.* १४६ सङ्ख्या। *कैलाश,* १ वर्ष, २ अङ्क २ पृष्ठ। *लि.का.अ.* १५३ सङ्ख्या।
२७.	महाभैरव		पशुपति	*का.शि.सू.* ३६ पृष्ठ। *लि.का.अ.* १८५ सङ्ख्या। *ने.प्रा.अ.* १६६ सङ्ख्या।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि चर्चित कुनै पनि मूर्ति तथा शिवलिङ्गहरूको अहिले मन्दिर छैन । अर्को कुरा लिच्छविकालमा जुन नामले तिनीहरू चिनिन्थे अहिले अर्कै नामबाट सम्बोधन हुन्छन् । यो कुरा विशेषतः शिवलिङ्गमा धेरै देखिन्छ । कुनै-कुनै देवमूर्तिहरूलाई स्थानीय नेवारी भाषाबाट नाम दिएको पाइन्छ । उदाहरणको लागि स्थानीय बासिन्दाहरू नवालीटोलको माधवेश्वरलाई 'लुन्ति महाद्य,'[२०] तिलगङ्गाको त्रिविक्रमलाई 'धापाद्य'[२१] आदि नामले सम्बोधन गर्छन् । शिलालेख, ताम्रपत्र आदि अभिलेखहरूका आधारबाट ज्ञान बढाउने वा अध्ययन-अध्यापन गर्ने प्रचलनको अभावको कारणबाट पनि मूल नामलाई बिर्सी अर्को नाम राख्नुपरेको देखिन्छ । कतिपय त्यस्ता मूर्ति, लिङ्गहरू अहिले छँदा पनि छैनन् ।

मध्यकालका अभिलेखहरू अत्यन्त कम पाइएका तथा ती अभिलेखहरूबाट पशुपतिक्षेत्रका वा यहाँ स्थापित मठ, मन्दिरहरूको बारेमा प्रकाश पार्दैनन् । मल्लकालका अभिलेखहरूबाट भने पशुपति, गुह्येश्वरी आदि प्रसिद्ध मन्दिरहरूको उल्लेख पाउनुको अतिरिक्त नयाँ मठमन्दिरहरूको पनि जानकारी पाइन्छ । राजा तथा प्रजाहरूबाट पशुपतिक्षेत्रमा अनेक मन्दिरहरू बनेका थिए । तिनीहरूमध्ये त्यसकालका मन्दिरहरूमा– 'गुह्येश्वरी', 'इन्द्रेश्वर', 'पार्थिवेश्वर', 'भवानीशङ्करेश्वर', 'वासुकि', 'गोरखनाथ', 'कोटिलिङ्गेश्वर', 'ल्होसला गणेश'[२२] का मन्दिर छन् । 'पशुपति', 'भुवनेश्वरी', 'जयवागीश्वरी', 'ताम्रेश्वर' आदि मन्दिरहरूको वर्तमान बनोट पनि मल्लकालिक हुन् । त्यस वेला स्थापित केही मन्दिरहरूको अहिले कुनै अस्तित्वसमेत छैन । ने.सं. ७२४ (वि.सं. १६६०) कार्तिकमा नवालीटोलमा स्थापित लक्ष्मीनारायण र धन्वन्तरीनारायणको मन्दिर तथा त्यहींको देवीमन्दिर पशुपतिक्षेत्रमा भएका शिखर शैलीका उल्लेखनीय नमूना हुन् । यद्यपि तिनीहरू आकृति र बनोटमा साना छन् । तर तिनीहरूको आफ्नै महत्त्व छ । प्रस्तरद्वारा निर्मित ती मन्दिरहरूले विक्रमको सत्रौं शताब्दीमा साना-ठूला सबै प्रकारका शिखर शैलीका मन्दिरहरू बनाउने काममा नेपाली कालिगडहरू पोख्त रहेका थिए भन्ने देखिन्छ । जयवागीश्वरीमन्दिरदेखि पश्चिमको देवीको मन्दिर पाँच घोडाले तान्न लागेको आभास झल्कने गरी तयार पारिएको छ । मन्दिर सानो भईकन पनि मन्दिरको चारैतिर देवी-देवताका आकर्षक मूर्तिहरू कुँदिनु ती मन्दिरहरूको आफ्नो विशेषता हो ।

मल्लकालिक अभिलेखहरूमा उल्लिखित पशुपतिक्षेत्रका मन्दिर, विहार, चैत्यहरू देहायअनुसारका छन् । प्राप्त उल्लेखहरूमा केही ती कीर्तिहरूको स्थापनासँग नै सम्बन्धित छन् भने केही पूर्व स्थापित कीर्तिलाई व्यवस्थित पार्ने प्रसङ्गमा आएका छन् । तिनीहरूको सूचीबाट तात्कालिक मठमन्दिरहरूको स्थिति बुझ्न सघाउ पुऱ्याउने भएकोले यहाँ प्रस्तुत गरिन्छ :-

---

२० यो शिवलिङ्ग नवालीटोलस्थित माधवनारायणकुण्डको दक्षिणपट्टि रहेको छ । चारमुखे यो शिवलिङ्ग ज्यादै जीर्ण अवस्थामा पुगेको छ ।

२१ मानदेव प्रथमद्वारा वि.सं. ५२५ मा तिलगङ्गामा स्थापित त्रिविक्रमविष्णुको मूर्तिलाई नेवारी भाषा बोल्नेहरूले 'धापा द्य' नामले सम्बोधन गर्छन् । 'धापा' को अर्थ नेवारी भाषामा खुट्टा फट्याएको भन्ने हुन्छ । त्रिविक्रमविष्णुको मूर्तिमा वामनरूपी विष्णुले राजा बलिले तीन पाइला जग्गा भिक्षा दिने कबुल गरेपछि सो तीन पाइला नाप्ने क्रममा एउटा खुट्टाले पृथ्वी, अर्कोले स्वर्ग नाप्न लागदा खुट्टा फट्याएको रूपमा मूर्ति कुँदिएको छ ।

२२ यो चाबहिलस्थित चन्द्रविनायकलाई कहने पुरानो नाम हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.२ मल्लकालिक अभिलेखहरूबाट थाहा पाइएका पशुपतिक्षेत्रका मन्दिर, चैत्य, विहार, मूर्ति आदिको विवरण

क्र.सं.	नाम	संवत्	स्थान	सन्दर्भस्रोत
१.	महागौरी	ने.सं. ३५६ (वि.सं. १२९३) आषाढशुक्ल अष्टमी	नवालीटोल	*अ.स.* २ भाग, १४ पृष्ठ । *कैलाश,* २ वर्ष, १-२ अङ्क, ४९ पृष्ठ ।
२.	योगेश्वर	ने.सं. ५२३ (वि.सं. १४५९) माघशुक्ल पूर्णिमा	पशुपतिनाथमन्दिर	*मे.ने.* ३ भाग, ३९-४० पृष्ठ । *का.शि.सू,* ४२ पृष्ठ ।
३.	महाराजेश्वरी	ने.सं. ५२८ (वि.सं. १४६४) माघकृष्ण अष्टमी	राजराजेश्वरीप्राङ्गण	*मे.ने.* ३ भाग, ४४-४५ पृष्ठ । *का.शि.सू,* ४२ पृष्ठ ।
४.	पशुपति	ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्ल त्रयोदशी	पशुपतिनाथमन्दिर	*सं.स.* १ वर्ष, १०-१२ अङ्क, ६९-७१ पृष्ठ । *मे.ने.* ३ भाग, ४७-५० पृष्ठ । *का.शि.सू* ४२-४४ पृष्ठ ।
५.	पशुपति	ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठ	पशुपतिनाथमन्दिर	*मे.ने.* ३ भाग, ५८-६१ पृष्ठ ।
६.	पशुपति	ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्ण दशमी	पशुपतिनाथमन्दिर	*मे.ने.* ३ भाग, ७२-७३ पृष्ठ ।
७.	पशुपति	ने.सं. ५९१ (वि.सं. १५२७) माघशुक्ल नवमी	पशुपतिनाथमन्दिर	*मे.ने.* ३ भाग, ८२-८५ पृष्ठ ।
८.	पशुपति	ने.सं. ६६८ (वि.सं. १६०५) भाद्रकृष्ण नवमी	पशुपतिनाथमन्दिर	*मे.ने.* ३ भाग, १०८-१११ पृष्ठ ।
९.	पशुपति	ने.सं. ६७८ (वि.सं. १६१५) ज्येष्ठकृष्ण चतुर्दशी	पशुपतिनाथमन्दिर	*मे.ने.* ४ भाग, १७ पृष्ठ ।
१०.	पशुपति	ने.सं. ७३४ (वि.सं. १६७१) वैशाखशुक्ल तृतीया	पशुपतिनाथमन्दिर	*मे.ने.* ४ भाग, ६६-६७ पृष्ठ ।
११.	पशुपति	ने.सं. ७७५ (वि.सं. १७१२)	पशुपतिनाथमन्दिर	*अ.सं.* २ भाग, ९-१० पृष्ठ । *मे.ने.* ४ भाग, ९५-९७ पृष्ठ । *का.शि.सू,* ८० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	संवत्	स्थान	सन्दर्भस्रोत
१२.	पशुपति	ने.सं. ७७८ (वि.सं. १७१४) माघशुक्ल सप्तमी	पशुपतिनाथ	इन्द्राजी १८ मे.ने. ४ भाग, ११५ पृष्ठ ।
१३.	पशुपति	ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्ण सप्तमी	पशुपतिनाथ	मे.ने. ४ भाग, ११३-११४ पृष्ठ ।
१४.	पशुपति	ने.सं. ७९९ (वि.सं. १७३५) मार्ग दशमी	पशुपतिनाथ	सं.स. १ वर्ष, १०-१२ अङ्क, २३-२५ पृष्ठ । मे.ने. ४ भाग, १८१-१८४ पृष्ठ । का.शि.सू. १२२-१२४ पृष्ठ ।
१५.	पशुपति	ने.सं. ८४७ (वि.सं. १७८३) पौषशुक्ल पूर्णिमा	पशुपतिनाथ	मे.ने. ४ भाग, २८२–२८३ पृष्ठ ।
१६.	वासुकि	ने.सं. ७७० (वि.सं. १७०६) माघशुक्ल पूर्णिमा	पशुपतिनाथ	अ.सं. ३ भाग, ७-८ पृष्ठ । मे.ने. ४ भाग, ८९-९० पृष्ठ । का.शि.सू. ७३-७४ पृष्ठ ।
१७.	वासुकि	ने.सं. ५९१ (वि.सं. १५२७) माघशुक्ल नवमी	पशुपतिनाथ	मे.ने. ४ भाग, ८२-८५ पृष्ठ । का.शि.सू. ४६ पृष्ठ ।
१८.	भैरव	ने.सं. ५८८ (वि.सं. १५२५) चैत्रकृष्ण अष्टमी	पशुपतिनाथ	मे.ने. ४ भाग, ८२-८५ पृष्ठ । का.शि.सू. ४६ पृष्ठ । प.द.स्प.पू.स. ५४-५६ पृष्ठ ।
१९.	उभयभैरव	ने.सं. ६१५ (वि.सं. १५५२) ज्येष्ठकृष्ण त्रयोदशी	पशुपतिनाथ	मे.ने. ३ भाग, ९०-९३ पृष्ठ ।
२०.	शङ्करनारायण	ने.सं. ५८४ (वि.सं. १५२१) वैशाखशुक्ल त्रयोदशी	पशुपतिनाथ	का.शि.सू. ४५-४६ पृष्ठ ।
२१.	उभयभैरव	ने.सं. ६६८ (वि.सं. १६०५) भाद्रकृष्ण नवमी	पशुपतिनाथ	मे.ने. ३ भाग, १०८-१११ पृष्ठ ।
२२.	गुह्येश्वरी	ने.सं. ७७४ (वि.सं. १७१०) माघशुक्ल एकादशी	गुह्येश्वरी	का.शि.सू., ७९ पृष्ठ ।
२३.	राजविहार	ने.सं. ७७५ (वि.सं. १७११) चैत्रकृष्ण त्रयोदशी	देवपत्तन	का.शि.सू., ८१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	संवत्	स्थान	सन्दर्भस्रोत
२४.	कोटिलिङ्गेश्वर	ने.सं. ७७५ (वि.सं. १७१२)	पशुपतिनाथ	*अ.सं.* २ भाग, ९-१० पृष्ठ । *मे.ने.* ४ भाग, ९५-९७ पृष्ठ । *का.शि.सू.*, ८० पृष्ठ ।
२५.	धर्मधातु	ने.सं. ७७६ (वि.सं. १७१३)	चाबहिल	*का.शि.सू.*, ८२ पृष्ठ ।
२६.	वज्रधातु	ने.सं. ७७६ (वि.सं. १७१३)	चाबहिल	*का.शि.सू.*, ८२ पृष्ठ ।
२७.	भलादचैत्य	ने.सं. ७७७ (वि.सं. १७१३) कार्तिकशुक्ल चतुर्दशी	चाबहिल	*का.शि.सू.*, ८४ पृष्ठ ।
२८.	शिवविमलेश्वर	ने.सं. ७७८ (वि.सं. १७१५) ज्येष्ठशुक्ल अष्टमी	करेटोल	*का.शि.सू.*, ११३ पृष्ठ ।
२९.	शिवलिङ्ग	ने.सं. ७९६ (वि.सं. १७३३)	पशुपतिनाथ	*का.शि.सू.*, ११४-११५ पृष्ठ ।
३०.	वंशीधर	ने.सं. ७९७ (वि.सं. १७३४)	पशुपतिनाथ	*का.शि.सू.*, १८८-१८९ पृष्ठ ।
३१.	नारायणमन्दिर	ने.सं. ७९७ (वि.सं. १७३४)	पशुपतिनाथ	*का.शि.सू.*, ११८-११९ पृष्ठ ।
३२.	भवानीशङ्करेश्वर	ने.सं. ८०१ (वि.सं. १७३७) माघकृष्ण त्रयोदशी	पशुपतिाथ	*का.शि.सू.*, १२४-१२५ पृष्ठ ।
३३.	धनदेदेव	ने.सं. ८३५ (वि.सं. १७७२)	पशुपतिनाथ	*का.शि.सू.*, १२२-१२४ पृष्ठ ।
३४.	धनदेश्वर	ने.सं. ८०१ (वि.सं. १७३७) माघकृष्ण त्रयोदशी	पशुपतिनाथ	*का.शि.सू.*, १२४-१२५ पृष्ठ ।
३५.	मानसिंहेश्वर	ने.सं. ८०१ (वि.सं. १७३७) माघकृष्ण त्रयोदशी	पशुपतिनाथ	*का.शि.सू.*, १२४-१२५ पृष्ठ ।
३६.	कीर्तिपुर्ण	ने.सं. ८४० (वि.सं.१७७७) वैशाखशुक्ल दशमी	चाबहिल	*मे.ने.* ४ भाग, २६६-२६८ पृष्ठ । *का.शि.सू.*, १५३ पृष्ठ ।
३७.	लोहोशकेदेव	ने.सं. ८४० (वि.सं. १७७७) वैशाखशुक्ल दशमी	चाबहिल	*मे.ने.* ४ भाग, २६६-२६८ पृष्ठ । *का.शि.सू.*, १५३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्लकालमा बनेका तर हेरचाह राम्रो नपुगेका मन्दिरहरू विभिन्न प्राकृतिक कारणहरूले गर्दा नासिए । तिनको समयमा मर्मत-जीर्णोद्धार हुन नसक्दा पुनः प्रतिष्ठा हुन सकेन । फलतः मूर्तिहरू मात्र केही रूपमा बाँकी भए । तिनको पनि उचित सुरक्षा नहुँदा नगण्य मूर्तिहरू, शिवलिङ्गहरू आज रहेका छन् । जयवागीश्वरी, भुवनेश्वरी, गोरखनाथ, ताम्रेश्वर, वत्सलेश्वरी जस्ता मन्दिरहरूको समाजमा प्रतिष्ठापूर्ण स्थान रहेकोले तिनको स्याहार-सम्भार हुन गयो । जसको कारण आजसम्म आराध्य मन्दिरको रूपमा तिनीहरूको अक्षुण्णता र जीवन्तता समाजमा विद्यमान छ । तर अरू स्थापित कीर्तिहरूमा त्यसो नहुँदा भएका मन्दिरहरू नासिए–भत्किए, सदाको लागि समाप्त भए । ध्यानयोग्य कुरा के छ भने राज्याश्रयको छहारी जुन-जुन मठ, मन्दिर, स्तूप, विहारहरूले पाएका छन् ती कमै मात्र नासिएका छन् । अझ त्यसमा गूठीजग्गाको आम्दानीले भरथेक भएको छ भने तिनमा पूजाआजाको परम्परा जीवन्त बनेको पाइन्छ ।

पशुपतिक्षेत्रलाई महत्त्वपूर्ण धार्मिक स्थलको रूपमा विकसित गराउनामा किरात, लिच्छवि, मध्य, मल्ल र शाहकालका राजा, राजपरिवार, भाइभारदार र जनताहरूको प्रशस्त योगदान रहेको छ । प्रत्येक ऐतिहासिक कालको उत्तराधिकारी काललाई प्रशस्त प्रभाव परेको र परम्परालाई जोगाउनु सबैको परम कर्तव्यको रूपमा लिने नेपाली संस्कृतिगत मान्यताको कारणले पनि पशुपतिको महत्त्व र प्रभावलाई उजागर बनाइराख्न मदत पुग्न गयो ।

शाहकालमा पशुपतिक्षेत्रमा प्रशस्त कृतिहरूको स्थापना भयो । पशुपतिक्षेत्रको अहिलेको भव्य स्वरूपलाई निर्माण गर्न शाहकालको ठूलो योगदान छ । खास गरी मन्दिरनिर्माण तथा तिनको पूजाआजाको व्यवस्था गर्ने काममा शाहकालमा जे जति प्रयास भएको छ, त्यसले हिन्दूपरम्परालाई सजीव तुल्याइराख्न ठूलो मदत पुऱ्याएको छ । मृगस्थली, गुह्येश्वरी, पञ्चदेवल, पशुपतिको प्राङ्गण, कैलाश, नवालीटोल, करेटोल, भस्मेश्वरघाट, रामघाट, राजराजेश्वरीघाट, गौरीघाट आदि ठाउँहरूमा शाहकालमा प्रशस्त मन्दिरहरू बने । छानामाथि छानायुक्त नेपाली चारपाखे मण्डप शैली तथा शिखर शैलीभन्दा यस कालमा 'गुम्बज शैली' र 'राजकीय गुम्बज शैली' का वास्तुकलालाई बढी चाहना गरियो । यसको खास कारण थाहा हुन सक्तैन । तर गुम्बज शैलीका मन्दिरहरू कम खर्चिलो र प्रस्तरद्वारा निर्मित भएको हुनाले बढी टिकाउ हुने अपेक्षाकै कारण गुम्बज शैलीलाई व्यापक रूपमा स्वीकारिएको हुनुपर्छ । त्यस वेला छिमेकी भारतमा यस्ता शैलीका मन्दिरहरूको बढी प्रचलन भएकोले त्यसको प्रभावले पनि यहाँ प्रोत्साहन पायो । गुम्बज शैलीका मन्दिरहरू विशेषतः शिवलिङ्गको निमित्त बढी प्रयोग गरिएको पाइन्छ । गुम्बज शैलीका मन्दिरहरू तेलिया इँटाद्वारा निर्मित पनि पाइएका छन् । खास गरी तेलिया इँटाका त्यस्ता मन्दिरहरू विक्रमको बीसौं शताब्दीको पहिलो दशकमा निर्मित भएका देखिन्छन् । उदाहरणको लागि गोरखनाथक्षेत्रको वि.सं. १९०५ मा बद्रीनरसिंह राणाद्वारा स्थापित बद्रीभक्तेश्वर, लीलाभक्तेश्वर, ज्योतिभक्तेश्वर, आर्यघाटमा वीरभद्र राणाले स्थापना गरेको वीरभद्रेश्वरलाई प्रस्तुत गर्न सकिन्छ ।

गुम्बज शैलीका मन्दिरभन्दा अलि भिन्नै प्रकारका तथा इँटाद्वारा निर्मित भईकन वज्रलेपन गरी चून पोतिएका गुम्बज र शिखर शैलीको मिश्रण भएको ठूला आकारका मन्दिरलाई यहाँ 'राजकीय गुम्बज शैली' नामले परिभाषित गरिएको छ । डा. जगदीशचन्द्र रेग्मीले यो शैलीलाई राजपूत शैली मान्नुभएको छ ।[२३] यो शैलीलाई राजा राम शाहले भित्र्याएका हुन्[२४] तथा जङ्गबहादुर राणाले नेपालमा चल्ती गराएका हुन् । उनले स्थापना गरेका प्रायः सबैजसो मन्दिरहरू यही शैलीमा निर्मित छन् । राजकीय गुम्बज शैलीको प्रयोग पशुपतिक्षेत्रमा वि.सं. १९८५ सम्म भएको

---

२३ जगदीशचन्द्र रेग्मी, *शाहकालीन कला र वास्तुकला*, (काठमाडौं: साझा प्रकाशन, वि.सं. २०३३), ३३-३५ पृष्ठ ।

२४ ऐजन, ३४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । पशुपतिक्षेत्रमा त्यसका अन्तिम प्रयोक्ता श्री ५ त्रिभुवनवीरविक्रम शाह थिए ।[२५] यो शैलीको मन्दिरभित्र गुम्बज शैलीका मन्दिरमा जस्तो केवल शिवलिङ्ग मात्र नभई अन्य आराध्यका मूर्तिहरू पनि स्थापित गर्ने गरेको पाइन्छ । उदाहरणको लागि कामकामेश्वरी (विश्वरूपा), आर्यघाटपारिको विष्णुमन्दिरलाई देखाउन सकिन्छ । गुम्बज शैलीका मन्दिरभन्दा राजकीय गुम्बज शैलीको मन्दिरको निर्माण खर्चिलो भएको हुनाले यसलाई सबैले अवलम्बन गर्न सकेनन् । यसैले यो मन्दिर राजा, राजपरिवार, प्रधानमन्त्री र भाइभारदारमा मात्र सीमित हुन गयो । पशुपतिक्षेत्रमा राजकीय गुम्बज शैलीको मन्दिरको प्रयोग शिवलिङ्गको लागि नै बढी प्रयोग भएको कुरा पञ्चदेवल, त्रैलोक्येश्वर, पृथ्वीप्रकाशेश्वर, त्रिभुवनप्रकाशेश्वर, प्राणेश्वर, एकादश रुद्र, जयेश्वर आदि शिवालयहरूबाट अवगत हुन्छ ।

शाहकालमा जीवित व्यक्तिहरूको साथै मृतकको आत्माको शान्ति र स्वर्गप्राप्तिको लागि त्यसभन्दा अगाडिको कालमा झैं शिवलिङ्गको स्थापना गर्ने चलन व्यापक थियो । त्यसरी शिवलिङ्गको स्थापना गर्दा व्यक्तिको नामबाट शिवलिङ्गलाई सम्बोधन गर्ने चलन भयो । मृतकको मुक्तिको कामनाले स्थापना गरिएको शिवलिङ्गको नामको पछाडि 'मुक्तेश्वर' जोडिएको पाइन्छ भने जीवित व्यक्तिहरूको सुख, शान्ति, आयु, आरोग्यको लागि जीवित व्यक्तिले स्थापना गरेको शिवलिङ्गहरूमा नामको पछाडि 'प्रकाशेश्वर' वा 'ईश्वर' जोड्ने चलन व्यापक भयो । यस प्रकार शिवालयको नामबाट नै त्यो कुन उद्देश्यले स्थापना गरेको हो सजिलैसँग थाहा हुन्छ । पशुपतिक्षेत्रमा प्रकाशेश्वर तथा मुक्तेश्वर दुवै किसिमका शिवालयहरू छन् । कुनै व्यक्तिको समाधिमाथि पनि शिवलिङ्ग स्थापना गर्ने गरेको पाइन्छ । यस्ता शिवलिङ्गलाई प्रेतलिङ्ग भन्ने चलन छ । शिवालयहरूमा स्थापित शिवलिङ्गहरू मानवनिर्मित एवं प्राकृतिक दुवै किसिमका छन् । प्राकृतिक शिवलिङ्गहरूमा नर्मदा नदीमा प्राप्त हुने लिङ्गहरूलाई स्थापना गरेको पाइन्छ । यस्ता लिङ्गलाई 'नर्मदेश्वर', 'वाणलिङ्ग' भन्ने गरेको पाइन्छ । यो चलन यहाँ विक्रमको बीसौं शताब्दीदेखि प्रारम्भ भएको देखिन्छ । त्यसभन्दा अगाडि स्थापित शिवलिङ्गहरू मानवनिर्मित कालो कडा प्रस्तरका शिवलिङ्गहरू मात्र पाइन्छन् । त्यसमध्ये केहीलाई स्वयम्भू अर्थात् आफैं उत्पन्न भएको मान्ने धारणा पनि पाइन्छ ।

शाहकालमा पशुपतिक्षेत्रमा प्रशस्त शिवालयहरू स्थापना भए । शिवालयहरू स्थापना गरे यो लोकमा सुख, शान्ति, आयु, आरोग्यप्राप्ति भई परलोकमा मुक्ति प्राप्त हुन्छ भन्ने धारणाको कारण नै मन्दिर बनाई वा नबनाई शिवलिङ्गहरू स्थापना गरेका प्रशस्त उल्लेख पाइन्छन् । पुगिसरी प्राप्त गरेकाहरूले आफूले स्थापना गरेका शिवालय, देवालयहरूका निमित्त गूठीको व्यवस्थासमेत गरिदिएकाले तिनीहरूको पूजाआजा तथा संवर्द्धन हुने परम्परा कायम भएको छ । गूठीजग्गाबाट प्राप्त हुनुपर्ने आम्दानी नउठ्नु, धार्मिक वातावरणको दिनानुदिन ऱ्हास हुनु आदिले गर्दा कतिपय मन्दिरहरू अब बेवारिससरह बन्दै गएका पनि छन् । राजगूठी, छुटगूठी एवं निजी गूठीहरू सबैमा यो समस्या बढ्दो छ ।

पशुपतिक्षेत्रमा विद्यमान मन्दिरहरूमा दृश्यमान मन्दिरहरूमध्ये केहीलाई छाडेर प्राय: सबैजसो मन्दिरहरू शाहकालमा निर्माण गरिएका छन् । साथै केहीलाई छोडेर जति पनि सत्तल, धर्मशाला, पाटी, पौवा छन् तिनीहरू शाहकालकै उपज हुन् । यसैले पशुपतिक्षेत्रलाई धार्मिक तथा आध्यात्मिक दृष्टिबाट उल्लेखनीय बनाउन शाहकालको प्रशस्त योगदान रहको कुरा स्मरणीय छ । पशुपतिक्षेत्रमा मन्दिर, स्तूप, विहार आदि प्रशस्त छन् । तिनीहरू देहायअनुसारका छन् :-

---

२५ (क) गोविन्द टण्डन, "श्रीपशुपतिनाथमन्दिरको सङ्क्षिप्त परिचय तथा पशुपतिक्षेत्रको संरक्षण एवं संवर्धन", *धर्म-सन्देश*, १२ वर्ष, २ अङ्क, (वि.सं. २०४०), ३७ पृष्ठ ।

(ख) गोविन्द टण्डन, "हाम्रा राजकीय गुम्बजशैलीका मन्दिरहरू", *शैवभूमि*, ६ वर्ष, ६ अङ्क, (वि.सं. २०४६), २२-२९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.३ पशुपतिक्षेत्रमा भएका मन्दिर, स्तूप, विहार, चैत्य आदिको विवरण

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
१.	पशुपतिमन्दिर	सुपुष्पदेव	-	विक्रम पूर्व पाँचौं	चारपाखे नेपाली मण्डप शैली	पशुपति-मन्दिरप्राङ्गण	पहिले पाँच तले, वर्तमान मन्दिर । काठमाडौंका मल्ल राजा भूपालेन्द्र मल्लले पुनर्निर्माण गरेको ।
२.	वासुकिमन्दिर	प्रताप मल्ल	ने.सं.७७० (वि.सं. १७१७)	अठारौं	चारपाखे नेपाली मण्डप शैली	पशुपतिमन्दिर प्राङ्गण	वर्तमान मन्दिर प्रताप मल्लले बनाएको ।
३.	लक्ष्मीअन्न-पूर्णेश्वर	-	-	सातौं-आठौं	मण्डप शैली	वासुकिमन्दिरप्राङ्गण	
४.	ब्रह्मामन्दिर	-	-	नवौं-दशौं	शिखर	पशुपतिमन्दिरप्राङ्गण	
५.	शिवालय	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	भजनघरपूर्व
६.	शिवालय	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	जयेश्वरलिङ्गको उत्तर ।
७.	शिवालय	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	ब्रह्मामन्दिरको दक्षिण ।
८.	शिवालय	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर	ब्रह्मामन्दिरको दक्षिण-पूर्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
९.	शिवालय	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	ठूलो नन्दीको उत्तर-पश्चिम ।
१०.	शिवालय	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	ठूलो नन्दीको उत्तर-पूर्व ।
११.	सत्यनारायण	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	
१२.	भीष्मेश्वर	-	वि.सं. १८९२	उन्नाइसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	सत्यनारायणमन्दिरको उत्तर।
१३.	शिवेश्वर	-	वि.सं.१८९२	उन्नाइसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	भीष्मेश्वरको पूर्व
१४.	अनन्तेश्वर	-	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	शिवेश्वरको पूर्व ।
१५.	उन्मत्तभैरव	नारायण भट्ट	ने.सं. ५९१ माघशुक्ल (वि.सं. १५२७)	सोह्रौं	-	पशुपतिमन्दिर-प्राङ्गण	हालको मन्दिर वि.सं. २०४९मा बनाइएको हो ।
१६.	पार्थिवेश्वर	पार्थिवेन्द्र मल्ल	ने.सं. ७९९ मार्ग (वि.सं. १७३५)	अठारौं	शिखर	पशुपतिमन्दिर-प्राङ्गण	कीर्तिमुखभैरवको उत्तरको शिवालय वि.सं. २०१६ मा मूल स्वरूपमा परिवर्तन ।
१७.	इन्द्रेश्वर	नृपेन्द्र मल्ल	ने.सं. ७९६ फाल्गुन (वि.सं. १७३३)	अठारौं	शिखर	पशुपतिमन्दिर-प्राङ्गण	पार्थिवेश्वरको उत्तर । वि.सं. २०१६ मा मूल स्वरूप परिवर्तन ।
१८.	दिव्येश्वर	देवीदास	ने.सं. ७९७ (वि.सं. १७३४)	अठारौं	शिखर	पशुपतिमन्दिर-प्राङ्गण	राधाकृष्णमन्दिरको दक्षिण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
१९.	राधाकृष्णमन्दिर	हरिरामदास	ने.सं. ७९७ (वि.सं. १७३४)	अठारौँ	शिखर	पशुपतिमन्दिर-प्राङ्गण	ढुण्डीगणेशमन्दिरको दक्षिण
२०.	ढुण्डीगणेश	-	-	उन्नाइसौँ-बीसौँ	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	राधाकृष्णमन्दिरको उत्तर।
२१.	सूर्य	-	-	उन्नाइसौँ-बीसौँ	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	ढुण्डीगणेशमन्दिरको उत्तर।
२२.	हनूमदीश्वर	-	-	अठारौँ-उन्नाइसौँ	मण्डपाकार	पशुपतिमन्दिर-प्राङ्गण	बद्रीश्वरको उत्तर पश्चिम चार स्तम्भमा बनेको प्रस्तरको सानो मन्दिर
२३.	शिवालय	-	-	अठारौँ-उन्नाइसौँ		पशुपतिमन्दिर-प्राङ्गण	चण्डेश्वरमन्दिरको पूर्व।
२४.	बद्रीश्वर	-	-	आठौँ-नवौँ	मण्डपाकार	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिबाट पशुपति-मन्दिरतर्फ आउँदा सिँढीको दायाँतर्फ रहेको चार स्तम्भमा बनेको प्रस्तरको सानो मन्दिर।
२५.	शिवालय	-	-	बीसौँ	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिमन्दिरबाट चण्डेश्वरतर्फ ओर्लदा बायाँतर्फको पहिलो।
२६.	चण्डेश्वर	-	-	उन्नाइसौँ-बीसौँ	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	पशुपतिनाथमन्दिरको उत्तर।

Jayatu Sanskritam, Kathmandu, Nepal

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
२७.	रत्नकुमारेश्वर	रत्नकुमारी	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिमन्दिरको पश्चिमतर्फको पहिलो मन्दिर ।
२८.	शेरनरसिंहेश्वर	शेरनरसिंह	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिमन्दिरको पश्चिम तर्फको दोस्रो मन्दिर ।
२९.	केदारनरसिंहेश्वर	केदारनरसिंह	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिमन्दिरको पश्चिम तर्फको तेस्रो मन्दिर ।
३०.	होमेश्वरीभगवती	होमेश्वरी	-	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिमन्दिरको पश्चिम तर्फको चौथो मन्दिर ।
३१.	बद्रीनाथ	बद्रीनरसिंह	वि.सं.१९०५ वैशाख	बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	वासुकिमन्दिरको उत्तरतर्फको चोकमा भएको मन्दिर ।
३२.	शिवालय	-	-	उन्नाइसौं-बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	चण्डेश्वरमन्दिरतर्फबाट जाँदा उत्तरतर्फको भित्तामा अर्धनारीश्वरको मूर्ति भएको मन्दिर ।
३३.	शिवालय	-	-	उन्नाइसौं-बीसौं	गुम्बज	पशुपतिमन्दिर-प्राङ्गण	चण्डेश्वरमन्दिरतर्फबाट वासुकितर्फ जाँदा अर्धनारीश्वरको मूर्ति भएको मन्दिरको दक्षिण
३४.	कोटिलिङ्गेश्वर	प्रताप मल्ल	ने.सं. ७७५ (वि.सं. १७१२)	अठारौं	छत्राकार	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	उन्मत्तभैरवमन्दिरको दक्षिण ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
३५.	जगत्जङ्गेश्वर	जगत्शमशेर राणा	वि.सं. १९१२	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	पशुपतिका मूलपुजारी बस्ने घरको पूर्वपट्टि ।
३६.	रामभक्तेश्वर	रणोद्दीपसिंह	वि.सं. १९११ आषाढशुक्ल ४	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	जगत्जङ्गेश्वरको दक्षिण।
३७.	हरिप्रियेश्वर	हरिप्रियादेवी	वि.सं. १९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	रामभक्तेश्वरको दक्षिण ।
३८.	मानकुमारेश्वर	मानकुमारी	वि.सं. १९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	हरिप्रियेश्वरको दक्षिण ।
३९.	पद्ममञ्जरेश्वर	पद्ममञ्जरीदेवी	वि.स. १९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	मानकुमारेश्वरको दक्षिण
४०.	शान्तबालेश्वर	शान्तकुमारी-देवी राणा	विसं. १९०६ वैशाखशुक्ल ५	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	वज्रघरपट्टिको मूल-सडकबाट चौसट्ठीतिर जाँदाको सामुन्नेको शिवालय ।
४१.	भक्तहेमेश्वर	भक्तवीर कुँवर राणा	वि.सं. १९०६ वैशाखशुक्ल ५	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	शान्तबालेश्वरको पूर्व ।
४२.	हेमभक्तेश्वर	हेमकुमारी राणा	वि.सं. १९०६ वैशाखशुक्ल ५	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	भक्तहेमेश्वरको पूर्व ।
४३.	देवभक्तेश्वर	देवभक्त	वि.सं १९२१	बीसौं कार्तिकशुक्ल १३	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	वज्रघरको पूर्व पाँचवटा समूहको प्रस्तर मन्दिर-मध्ये ठूलो मन्दिर ।
४४.	लीलेश्वर	नीलकुमारी	वि.सं. १९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	देवभक्तेश्वरको दायाँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
४५.	मीनेश्वर	मीनकुमारी	वि.सं. १९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	लीलेश्वरको पश्चिम ।
४६.	जमुनेश्वर	जमुना	वि.सं.१९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	मीनेश्वरको उत्तर ।
४७.	दिलभक्तेश्वर	दिलकुमारी	वि.सं. १९२१ कार्तिकशुक्ल १३	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	जमुनेश्वरको उत्तर ।
४८.	शिवालय	-	-	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	हेमभक्तेश्वरको दक्षिण ।
४९.	शिवालय	-	-	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	हेमभक्तेश्वरको पूर्व गणेशमूर्तिसँगै ।
५०.	शिवालय	-	-	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	हेमभक्तेश्वरपूर्वको शिवालयको उत्तर ।
५१.	शिवालय	-	-	बीसौं	गुम्बज	कोटिलिङ्गेश्वर-मन्दिरप्राङ्गण	हेमभक्तेश्वरको पूर्व उत्तर कुनामा पाटीसँगैको सानो शिवालय ।
५२.	ललितमुक्तेश्वर	जितजङ्ग राणा	वि.सं. १९३१	बीसौं	गुम्बज	आर्यघाट	ललितमुक्तेश्वरको दायाँ ।
५३.	भैरवप्रकाशेश्वर	-	-	बीसौं	गुम्बज	आर्यघाट	ललितमुक्तेश्वरको दायाँ ।
५४.	विरूपाक्ष	-	-	उन्नाइसौं बीसौं	गुम्बज	आर्यघाट	ललितमुक्तेश्वरको दायाँ ।
५५.	रणबालेश्वर	बालनरसिंह कुँवर	वि.सं. १८६६ वैशाखशुक्ल त्रयोदशी	उन्नाइसौं	गुम्बज	आर्यघाट	देवघट्टतीर्थको पश्चिम ।
५६.	गङ्गामाई	-	वि.सं. १९०५	बीसौं	गुम्बज	आर्यघाट	आर्यघाटको ब्रह्मनालको पश्चिम ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
५७.	अखवरेश्वर, अम्बरेश्वर	सरदार अमरसिंह थापा	-	बीसौं	गुम्बज	आर्यघाट	वत्सलेश्वरीमन्दिरदेखि उत्तर-पूर्व वाग्वतीको किनार ।
५८.	पूर्णेश्वर	पुतलीदेवी राणा	वि.सं. १९१८ ज्येष्ठशुक्ल १०	बीसौं	गुम्बज	मृगस्थली	जगनन्दभोगेश्वरको उत्तरपट्टि एघार शिवालयमा पहिलो शिवालय ।
५९.	गङ्गेश्वर	गङ्गादेवी राणा	वि.सं. १९२० वैशाखशुक्ल १२	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, दोस्रो शिवालय
६०.	हेमगिरीनन्दिन-भक्तेश्वर	हिरण्यगर्भकुमारी राणा	वि.सं. १९२० वैशाखशुक्ल १२	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, तेस्रो शिवालय
६१.	यज्ञेश्वर	यज्ञेश्वरी राणा	वि.सं. १९२१ कार्तिककृष्ण ५	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, चौथो शिवालय ।
६२.	विष्णुमुक्तेश्वर	जङ्गबहादुर राणा	वि.सं. १९१५ मार्गकृष्ण २	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, पाँचौं शिवालय ।
६३.	हिरण्यभक्तेश्वर	हिरण्यगर्भकुमारी राणा	वि.सं. १९१५ मार्गकृष्ण २	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, छैटौं शिवालय ।
६४.	शुभमुक्तेश्वर	शुभकुमारी राणा	वि.सं.१९१५ मार्गकृष्ण २	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, सातौं शिवालय ।
६५.	राधामुक्तेश्वर	राधादेवी राणा	वि.सं. १९१७ आषाढशुक्ल १०	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, आठौं शिवालय ।
६६.	हेममुक्तेश्वर	जङ्गबहादुर राणा	वि.सं. १९२१ कार्तिककृष्ण ५	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, नवौं शिवालय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	नाम	निर्माणकर्ता	संवत्	शताब्दी	शैली	स्थान	कैफियत
६७.	यज्ञमुक्तेश्वर	भुवनकुमारी राणा	वि.सं. १९१५ मङ्सिरकृष्ण २	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, दशौं शिवालय।
६८.	कृष्णभोगेश्वर	कृष्णकुमारी राणा	वि,सं. १९२१ कार्तिककृष्ण ५	बीसौं	गुम्बज	मृगस्थली	सोही ठाउँ, एघारौं शिवालय।
६८६.	सूर्य	नवालीटोल	मन्दिरभित्र	१८.४ इञ्च	-	सत्रौं-अठारौं	ताम्रेश्वरमन्दिरभित्र पूर्व-दक्षिण दिशामा ।
६८७.	गणेश	नवालीटोल	मन्दिरभित्र	१७.४ इञ्च	-	सत्रौं-अठारौं	ताम्रेश्वरमन्दिरभित्र पूर्व-पश्चिम दिशामा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	मूर्ति/शिवलिङ्ग	स्थान	मन्दिर/बाहिर	उचाइ	संवत्	शताब्दी	कैफियत
६८८.	भीमसेन	सिफल	बाहिर	२३.४ इन्च	-	उन्नाइसौं-बीसौं	नवालीटोलबाट सिफल जाँदा बाटोको दायाँतर्फ ।
६८९.	शिवलिङ्ग (सादा)	सिफल	बाहिर	३ इन्च	-	उन्नाइसौं-बीसौं	भीमसेनको दायाँतर्फ ।
६९०.	नरदेश्वर	भण्डारखालबगैंचा	बाहिर	११ इन्च	-	सोऱ्हौं-सत्रौं	भण्डारखालमा धाछेभैरवनजिक ।
६९१.	भण्डारेश्वर	भण्डारखालबगैंचा	मन्दिरभित्र	२२.४ इन्च	-	पाँचौं-छैटौं	-
६९२.	चतुरनारायण	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	२०.४ इन्च	-	सातौं-आठौं	भण्डारेश्वरमन्दिर
६९३.	कुँवेरेश्वर	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	३.४ इन्च	-	आठौं-नवौं	भण्डारेश्वरमन्दिर
६९४.	चण्डेश्वर	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	-	-	उन्नाइसौं-बीसौं	भण्डारेश्वरको उत्तर भित्तामा ।
६९५.	शिव	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	१२.४ इन्च	-	बीसौं-एक्काईसौं	सोही ठाउँ ।
६९६.	लक्ष्मीनारायण	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	११ इन्च	-	बीसौं-एक्काईसौं	सोही ठाउँ ।
६९७.	गरुडनारायण	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	१३.४ इन्च	-	एक्काईसौं	भण्डारेश्वरको पूर्वपट्टिको भित्ता ।
६९८.	शिवपार्वती	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	१३.४ इन्च	-	एक्काईसौं	सोही ठाउँ ।
६९९.	गणेश	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	८ इन्च	-	एक्काईसौं	सोही ठाउँ ।
७००.	गणेश	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	७ इन्च	-	एक्काईसौं	भण्डारेश्वरको उत्तर भित्ता ।
७०१.	महिषासुरमर्दिनी	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	८ इन्च	-	एक्काईसौं	भण्डारेश्वरको पूर्व भित्ता ।
७०२.	देवी	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	८ इन्च	-	एक्काईसौं	भण्डारेश्वरको पूर्व भित्ता ।
७०३.	सरस्वती	भण्डारेश्वरमन्दिर	मन्दिरभित्र	३२ इन्च	वि.सं. २०४३	एक्काईसौं	भण्डारेश्वरको मन्दिरप्राङ्गणको पूर्व ।
७०४.	भैरव	कुटुबहिल्	पाटीभित्र	५ इन्च	-	उन्नाइसौं-बीसौं	कुटुबहिलबाहिरको पाटीभित्र ।
७०५.	बुद्ध	कुटुबहिल	बहालभित्र	-	-	एघारौं-बाऱ्हौं	सोही ठाउँ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	मूर्ति/शिवलिङ्ग	स्थान	मन्दिर/ बाहिर	उचाइ	संवत्	शताब्दी	कैफियत
७०६.	पद्मपाणि लोकेश्वर	कुटुबहिल	बहालभित्र	-	-	एघारौं-बाऱ्हौं	सोही ठाउँ।
७०७.	गण	कुटुबहिल	बाहिर	४ इञ्च	-	पाँचौं-छैटौं	सोही ठाउँ।
७०८.	तारा	कुटुबहिल	पाटीभित्र	१३ इञ्च	-	उन्नाइसौं-बीसौं	विश्वरूपको मूर्ति भएको पाटीभित्र।
७०९.	विश्वरूप	कुटुबहिल	पाटीभित्र	२३.६ इञ्च	-	दोस्रो-तेस्रो	-
७१०.	महाकाल	कुटुबहिल	पाटीभित्र	१८ इञ्च	-	उन्नाइसौं-बीसौं	विश्वरूपमन्दिर भएको पाटी।
७११.	गणेश	चाबहिल	बाहिर	८ इञ्च	-	उन्नाइसौं-बीसौं	चाबहिलबाट मित्रपार्क जाने कच्ची बाटोमा।
७१२.	चन्द्रविनायक	चाबहिल	मन्दिरभित्र	१५ इञ्च	-	नवौं-दशौं	चाबहिलगणेश नामले प्रसिद्ध मूर्ति।
७१३.	बुद्ध	चाबहिल	मन्दिरभित्र	-	-	छैटौं-सातौं	चन्द्रविनायकको पूर्वपट्टि।
७१४.	बुद्ध	चाबहिल	बाहिर	१२ इञ्च	-	छैटौं-सातौं	चन्द्रविनायकको उत्तर प्रदक्षिणामार्गमा
७१५.	बुद्ध	चाबहिल	बाहिर	१३ इञ्च	-	छैटौं-सातौं	चन्द्रविनायकको उत्तरपट्टि प्रदक्षिणा-मार्गमा।
७१६.	मातृका	चाबहिल	बाहिर	१० इञ्च	-	पाँचौं-छैटौं	चन्द्रविनायकको उत्तरपट्टि प्रदक्षिणा-मार्गमा।
७१७.	चण्डेश्वर	चाबहिल	बाहिर	११.४ इञ्च	-	बाऱ्हौं-तेऱ्हौं	चन्द्रविनायकको उत्तरपट्टि प्रदक्षिणा-मार्गमा।
७१८.	बुद्ध	चाबहिल	बाहिर	६.४ इञ्च	-	सातौं-आठौं	चन्द्रविनायकको उत्तरपट्टि प्रदक्षिणा-मार्गमा।
७१९.	मातृका	चाबहिल	बाहिर	१०.४ इञ्च	-	तेस्रो-चौथो	चन्द्रविनायकको उत्तरपट्टि प्रदक्षिणा-मार्गमा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	मूर्ति/शिवलिङ्ग	स्थान	मन्दिर/बाहिर	उचाइ	संवत्	शताब्दी	कैफियत
७२०.	रामसीता	चाबहिल	बाहिर	१४ इञ्च	वि.सं. २०४३	एक्काईसौं	चन्द्रविनायकको मन्दिरको पश्चिमतर्फ प्रदक्षिणातर्फको पहिलो मूर्ति ।
७२१.	बालगोपाल	चाबहिल	बाहिर	५ इञ्च	-	एक्काईसौं	सोही ठाउँ, दोस्रो मूर्ति ।
७२२.	शिवलिङ्ग (सादा)	चाबहिल	बाहिर	९ इञ्च	-	उन्नाइसौं-बीसौं	चन्द्रविनायकमन्दिरको पूर्व ।
७२३.	शिवलिङ्ग (सादा)	चाबहिल	बाहिर	४ इञ्च	-	उन्नाइसौं-बीसौं	चन्द्रविनायकमन्दिरको दक्षिण ।
७२४.	कृष्ण	चाबहिल	बाहिर	१९.४ इञ्च	-	एक्काईसौं	चन्द्रविनायकमन्दिरको दक्षिण ।
७२५.	सरस्वती	चाबहिल	बाहिर	१९ इञ्च	-	एक्काईसौं	कृष्णको बायाँतर्फ ।
७२६.	लक्ष्मीनारायण	चाबहिल	बाहिर	१४.४ इञ्च	वि.सं. २०४४ आषाढ १९	एक्काईसौं	सरस्वतीको बायाँतर्फ ।
७२७.	बेताल	चाबहिल	बाहिर	८ फिट	-	उन्नाइसौं-बीसौं	चन्द्रविनायकमन्दिरबाट चाबहिलचोक जाँदा बाटोको बायाँतर्फ ।
७२८.	भीमसेन	चाबहिल	बाहिर	२५ इञ्च	-	उन्नाइसौं-बीसौं	चन्द्रविनायकमन्दिरबाट चाबहिलचोक जाँदा बाटोको बायाँतर्फ ।
७२९.	लोकेश्वर	चाबहिल	बाहिर	-	-	बाऱ्हौं-तेऱ्हौं	चन्द्रविनायकचोकभित्र ।
७३०.	बुद्ध	चाबहिल	बाहिर	११ इञ्च	-	तेऱ्हौं-चौधौं	धन्दोचैत्यको पश्चिम ।
७३१.	बोधिसत्त्व	चाबहिल	बाहिर	२३ इञ्च	-	उन्नाइसौं-बीसौं	धन्दोचैत्यको दक्षिणको पाटी ।
७३२.	पद्मपाणि बोधिसत्त्व	चाबहिल	बाहिर	२२.४ इञ्च	-	उन्नाइसौं-बीसौं	धन्दोचैत्यको दक्षिणको पाटी ।
७३३.	बोधिसत्त्व	चाबहिल	बाहिर	४४.४ इञ्च	-	छैटौं-सातौं	धन्दोचैत्यको दक्षिण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	मूर्ति/शिवलिङ्ग	स्थान	मन्दिर/बाहिर	उचाइ	संवत्	शताब्दी	कैफियत
७३४.	नचिनेको मूर्ति	चाबहिल	बाहिर	२२.४ इन्च	-	सोन्हौं-सत्रौं	धन्दोचैत्यको दक्षिण-पूर्व पेटी।
७३५.	अक्षोभ्य बुद्ध	चाबहिल	बाहिर	१५ इन्च	-	सोन्हौं-सत्रौं	धन्दोचैत्यको दक्षिण-पूर्व पेटी।
७३६.	अक्षोभ्य बुद्ध	चाबहिल	बाहिर	१८ इन्च	-	सोन्हौं-सत्रौं	धन्दोचैत्यको दक्षिण-पूर्व पेटी।
७३७.	भक्तिनी	चाबहिल	बाहिर	१२.४ इन्च	-	चारौं-पाँचौं	धन्दोचैत्यको दक्षिण।
७३८.	भक्तिनी	चाबहिल	बाहिर	१३ इन्च	-	चारौं-पाँचौं	धन्दोचैत्यको पूर्व पेटी।
७३९.	महाकाल	चाबहिल	बाहिर	१४.४ इन्च	-	उन्नाइसौं-बीसौं	धन्दोचैत्यदेखि पश्चिमको घरमा।
७४०.	मञ्जुश्री	चाबहिल	बाहिर	३८ इन्च	-	उन्नाइसौं-बीसौं	धन्दोचैत्यको पश्चिम।
७४१.	भक्तिनी	चाबहिल	बाहिर	१८.४ इन्च	-	आठौं-नवौं	धन्दोचैत्यको पश्चिम।
७४२.	पद्मपाणि बोधिसत्त्व	चाबहिल	बाहिर	५ फिट	-	सातौं-आठौं	धन्दोविहार नामको भग्न विहारभित्र।
७४३.	महाकाल	चाबहिल	बाहिर	२० इन्च	वि.सं. २०४३	एक्काईसौं	धन्दोचैत्यको उत्तर नयाँपाटी।
७४४.	महाकाल	चाबहिल	बाहिर	२१ इन्च	-	बीसौं-एक्काईसौं	धन्दोचैत्यको उत्तरपाटी।
७४५.	महाकाल	चाबहिल	बाहिर	१६ इन्च	-	बीसौं-एक्काईसौं	धन्दोचैत्यको उत्तर नयाँमन्दिरबाहिर।
७४६.	अक्षोभ्य	चाबहिल	बाहिर	-	-	अठारौं-उन्नाइसौं	धन्दोचैत्यको गर्भगृहको पूर्व भाग।
७४७.	रत्नसम्भव	चाबहिल	बाहिर	-	-	अठारौं	धन्दोचैत्यको गर्भगृहको दक्षिण भाग।
७४८.	अमिताभ	चाबहिल	बाहिर	-	-	अठारौं	धन्दोचैत्यको गर्भगृहको पश्चिम भाग।
७४९.	अमोघसिद्धि	चाबहिल	बाहिर	-	-	अठारौं	धन्दोचैत्यको गर्भगृहको उत्तर भाग।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलेखीय दृष्टिकोणले पनि पशुपतिक्षेत्रको महत्त्व अत्यधिक रूपमा रहेको छ । नेपालकै धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक जनवजीवनमाथि प्रकाश पार्ने अभिलेखहरू पशुपतिक्षेत्रमा प्रशस्त रहनुले पनि नेपालको इतिहास-निर्माणको परिप्रेक्ष्यमा यस क्षेत्रको योगदानलाई नकार्न सकिन्न । लिच्छविकालदेखि शाहकालसम्मका शिलालेख, ताम्रपत्र, सुवर्णपत्रहरू यहाँ छन् । यहाँका मठ, मन्दिर, स्तूप, चैत्यसँग सम्बन्ध राख्ने लालमोहर, सनद, सवाल आदि ऐतिहासिक अभिलेखहरूलाई समावेश गर्ने हो भने त अनगिन्ती अभिलेखहरू हुन जान्छन् । लिच्छविकालका मात्र करीब बत्तीसवटा अभिलेखहरू यहाँ छन्, मध्यकालको अभिलेख अहिलेसम्म एउटा पनि प्राप्त छैन भने मल्लकालको चाहिँ प्रशस्त अभिलेखहरू यहाँ छन् । पशुपतिनाथमन्दिरसँग सम्बन्ध राख्ने कतिपय अप्रकाशित अभिलेखहरू यहाँ परिशिष्ट भागमा दिइएका छन् । मन्दिरसँग असम्बन्ध अभिलेखहरूलाई केवल सूचीमा स्थानसम्म दिइएको छ । यहाँ दिइएको सूचीबाहेक पनि अभिलेखहरू छन् तर ती पढ्न दुस्साध्य भएर वा पढ्न सक्ने पहुँचभन्दा बाहिर भएकोले छोडिएका हुन् । पशुपतिनाथमन्दिर वा पशुपतिक्षेत्रसँग सम्बन्धित प्रकाशित लालमोहर, सनद, सवाललाई यहाँ अभिलेखकै प्रसङ्गमा सूचीमा राखिएका छन् । साथै यस पुस्तकमा पहिलो पटक प्रस्तुत गरिएका त्यस्ता ऐतिहासिक सामग्रीहरूलाई पनि यहाँ सूचीमा दिइएको छ ।

पशुपतिक्षेत्रमा भएका शिलालेखहरूको स्वरूपलाई अध्ययन गर्दा यहाँका अधिकांश शिलालेखहरू धर्मसँग सम्बद्ध देखिन्छन् । लिच्छवि राजा नरेन्द्रदेवको संवत् ७१ (वि.सं. ७०४) कार्तिकको कसाईटोलको शिलालेख मात्र स्थितिबन्धेजसँग सम्बन्धित छ । धार्मिक अभिलेखहरूले मठ, मन्दिरको पूजाआजा, व्यवस्थापन तथा स्थापनाको सम्बन्धमा प्रकाश पार्छन् ।

समय र परिस्थितिले गर्दा यस क्षेत्रका कतिपय अभिलेखहरू हराइसकेका छन् । केही अभिलेखहरू अञ्जानमा नासिएका छन् भने केही अभिलेखहरू जानाजान नामेट पारिएका छन् । अभिलेखहरूमा मठ, मन्दिरको विषयमा जग्गा-जमिनदेखि लिएर गुठियारहरूले गर्नुपर्ने यावत् कार्यहरूको बारेमा विस्तृत विवरण हुने भएकोले मठ, मन्दिरको नियत कार्य गर्न खटिएका व्यक्तिका सन्तानहरूले जग्गा मास्ने तथा तोकिएको कार्य नगर्ने उद्देश्यले शिलालेखहरू गायव पार्ने, फुटाइदिने जस्ता गर्न नहुने कार्य गरेका छन् । खास गरी मल्लकाल र शाहकालमा स्थापित शिलालेखहरू यस किसिमको चपेटामा परेका छन् । यस्तै कारणहरूले गर्दा कतिपय कुराहरू जान्नबाट वञ्चित हुनुपरेको छ । भएका शिलापत्रहरू नामेट पारिदिनाले पशुपतिक्षेत्रका कतिपय मन्दिरहरूको पूजाआजा, वर्षवर्द्धन, स्याहार-संभारको कुरा त परै जाओस् नामसमेत थाहा हुन सकेको छैन ।

शाहकालका शिलालेखहरू धेरैजसो सत्तल, धर्मशालाका पिँढीमा राख्ने गरेको पाइन्छ । सत्तल, धर्मशालामा बस्ने व्यक्तिहरूले शिलापत्रको महत्त्व नबुझ्दा वा सत्तललाई व्यक्तिगत बनाउने उद्देश्यले भएका शिलापत्रहरू नाश गरिदिएको पनि पाइन्छ । कतिपय त्यस्ता ठाउँका शिलापत्रहरू भने माटो, कमेरो वा तेल लगाइदिएर पढ्न नसक्ने गरी बिगारिदिएको पनि पाइन्छ । समाजमा विद्यमान यस प्रकारको कार्यहरूले गर्दा राष्ट्रिय इतिहासका कैयन् महत्त्वपूर्ण सामग्रीहरू समाप्त हुँदै गइरहेको विचारणीय छ ।

हाम्रो यहाँ शिलालेख दुइ किसिमले राख्ने गरेको पाइन्छ– (१) पादपीठ वा सम्बद्ध मूर्ति वा शिवलिङ्गमा र (२) छुट्टै । पादपीठ वा सम्बद्ध मूर्तिविशेषमा हुने लेखहरू सङ्क्षिप्त हुन्छन् भने छुट्टै राखिएका शिलालेखहरू अलि लामा हुन्छन् । दोस्रो प्रकारको अभिलेखमा साँच्चै भन्ने हो भने एक किसिमले स्थापित कीर्तिको सङ्क्षिप्त इतिहासै हुन्छ । त्यस्ता शिलालेखहरूमा शीर्षभागमा दाताको झुकाव वा आस्था देखाउने गरी धर्मसँग सम्बन्ध राख्ने प्रतीक चिह्नहरू हुन्छन् । राजकीय शिलालेख भए प्रशस्ति, नभए सङ्कल्पवाक्य वा भगवद्वन्दना त्यसपछि दिइएको हुन्छ । अनि गर्नुपर्ने कार्य र पद्धतिको विवरण दिई अन्तिममा साल, मिति, महीना, तिथि वा गते दिइएको हुन्छ । पादपीठ वा सम्बद्ध कीर्तिमा पाइने शिलालेखहरूमा सोझै बेहोरा हुन्छ । लालमोहर, सनद, सवालमा भने लालमोहर जारी गर्ने राजाको शीर्षभागमा सिन्दुरे छाप र सनद, सवालमा प्रधानमन्त्रीको छाप लागेको पाइन्छ । वि.सं. २००७ सालपछि लालमोहर, सनद, सवालको चलन हरायो । केवल संविधान, ऐन तथा अध्यादेशमा मात्र गद्दीनसिन राजाबाट लालमोहर हुने चलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.५ पशुपतिक्षेत्रमा भएका अभिलेखहरूमध्ये प्रकाशित भइसकेका लिच्छविकालिक अभिलेखहरूको विवरण

क्र.सं.	संवत्	राख्ने व्यक्ति	विषय	स्थान	प्रकाशित
१.	-	अज्ञात नारी	भिक्षुसङ्घलाई भोजन गराउन जग्गा गूठी राखेको	धन्दोचैत्य	अ.सं. नवौं भाग, १८ पृष्ठ, लि.का.अ. १, ने.प्रा.अ. २२।
२.	संवत् ३८९ (वि.सं. ५२५) वैशाख	मानदेव	त्रिविक्रममूर्तिको स्थापना	तिलगङ्गा	सं.स. वर्ष १, १०-१२ अङ्क, २ पृष्ठ ने.इ.गु.क्या. ३, लि.का.अ. ५, ने.प्रा.अ.सं. ५ ।
३.	संवत् ३९९ (वि.सं. ५३५) आषाढ	रत्नसङ्घ	रत्नेश्वरशिवलिङ्गको स्थापना	पाँचुटोल	ने.इ.गु.क्या. ६, इ.सं.प्र.प्र, २६४ पृष्ठ, लि.का.अ. १०, ने.प्रा.अ. १२।
४.	संवत् ४०२ (वि.सं. ५३८) ज्येष्ठ	रत्नसङ्घ	प्रभुकेश्वरशिवलिङ्गको स्थापना	पाँचुटोल	ने.इ.गु.क्या. १०, लि.का.अ. ११, ने.प्रा.अ. १३।
५.	संवत् ४१० (वि.सं. ५४५) माघ	-	शिवलिङ्गको स्थापना	पञ्चदेवल	अ.सं. १ भाग, २३ पृष्ठ, लि.का.अ. १३, ने.प्रा.अ. १५ ।
६.	संवत् ४१३ (वि.सं. ५४९) ज्येष्ठ	जयलम्भ	जयेश्वरशिवलिङ्गको स्थापना	पशुपति	इन्द्राजी २ सं.स. १ वर्ष, ९ अङ्क, १५ पृष्ठ, ने.इ.गु.क्या. ८, इ.सं.प्र.प्र. ४७, ६ पृष्ठ, लि.का.अ. २४, ने.प्रा.अ. १६ ।
७.	संवत् ४२७ (वि.सं. ५६३) आषाढ	विजयवती	विजयेश्वरशिवलिङ्गको स्थापना	पशुपति	अ.सं. १ भाग, २३-२४ पृष्ठ, लि.का.अ. २०, ने.प्रा.अ. २०।
८.	-	अज्ञात लिच्छवि राजा	राज्यवर्द्धनदेवको पूजाआजा गर्न जग्गा गूठी राखेको	पशुपति	अ.सं. ५, ६ पृष्ठ, लि.का.अ. २१, ने.प्रा.अ. १७।
९.	संवत् ४५२ (वि.सं. ५८७)	पुण्य गोमी	पार्थिवशिलाको स्थापना	आर्यघाट	ने.इ.गु.क्या. ८७, पूर्णिमा, ५ वर्ष, ४ अङ्क, २७७ पृष्ठ, लि.का.अ. २८, ने.प्रा.अ. ३०।
१०.	संवत् ४५५ (वि.सं. ५९०)	ध्रुवसङ्घ	भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर शिवलिङ्गहरूको स्थापना	भस्मेश्वर	अ.सं. १ भाग, २६ पृष्ठ, लि.का.अ. ३४, ने.प्रा.अ. ३७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	विषय	स्थान	प्रकाशित
११.	संवत् ४६२ (वि.सं. ५९८) ज्येष्ठ	आभीरी गोमिनी	अनुपरमेश्वरशिवलिङ्गको स्थापना ।	पशुपति	सं.स. २ वर्ष, १-३ अङ्क, १ पृष्ठ, ने.इ.गु.क्या. १६, लि.का.अ. ३८, ने.प्रा.अ. ४० ।
१२.	संवत् ४६७ (वि.सं. ६०३) वैशाख	मानमती	नाथेश्वरशिवलिङ्ग स्थापना गरी पूजाआजाको लागि जग्गा गूठी राखेको ।	मृगस्थली	सं.स. १ वर्ष, ७ अङ्क, ४८ पृष्ठ । सं.स. २ वर्ष, १-३ अङ्क, २ पृष्ठ । ने.इ.गु.क्या. १७ । लि.का.अ: ३९ । ने.प्रा.अ. ४१ ।
१३.	संवत् ४८७ (वि.सं. ६२३) प्र.आषाढ	स्वामी वार्त्त	शङ्करनारायणको स्थापना ।	गचाननी	सं.स. १ वर्ष, ८ अङ्क, १७-१८ पृष्ठ । ने.इ.गु.क्या. २० । लि.का.अ. ५० । ने.प्रा.अ. ५३ ।
१४.	संवत् ३९ (वि.सं ६७३) वैशाख	अंशुवर्मा	अध:शालाका पाञ्चालिकहरूलाई शूरभोगेश्वर, लडितमहेश्वर, दक्षिणेश्वरको बन्दोबस्तको जिम्मा दिएको ।	देवपाटन	इन्द्राजी ७ । सं.स. २ वर्ष, १-३ अङ्क, ३ पृष्ठ । ने.इ.गु.क्या. ४१ । लि.का.अ. ८५ । ने.प्रा.अ. ८९ ।
१५.	-	आचार्य भगवत्प्रनर्दन प्राणकौशिक	भगवान् छत्रचण्डेश्वर र-कुग्रामको धाराको टुटफुट हुँदा मर्मत-सम्भारको लागि गूठी राखेको ।	पशुपति	इन्द्राजी ११ । ने.इ.गु.क्या. ५९ । पूर्णिमा, ४ वर्ष,२ अङ्क, १२-१२५ पृष्ठ, लि.का.अ. ११२ । ने.प्रा.अ. ११२ ।
१६.	-	आचार्य भगवत्प्रनर्दन प्राणकौशिक	पशुपतिमा पर्खाल लगाएको ।	पशुपति	ने.इ.गु.क्या. ६० । लि.का.अ. ११३ । ने.प्रा.अ. ११३ ।
१७.	-	शाक्यभिक्षु बन्धुभद्र	धर्मधातु चैत्यमा दानधर्म गरेको ।	धन्दोचैत्य	पूर्णिमा, ६ वर्ष, ४ अङ्क, ३३६ पृष्ठ, लि.का.अ. १२१ । ने.प्रा.अ. १४६ ।
१८.	संवत् ६९ (वि.सं. ७०३) ज्येष्ठ	सुवर्ण गोमिनी	दानपाशुपताचार्य दक्षिण तिलडुकलाई जग्गा दान दिएको ।	पाँचुटोल	ने.इ.गु.क्या. ६५ । लि.का.अ. १२५। ने.प्रा.अ. १२४ ।
१९.	संवत् ७१ (वि.सं. ७०४) कार्तिक	नरेन्द्रदेव	देवपाटनस्थित नवगृहमा स्थितिबन्धेज बाँधेको ।	देवपाटन कसाईटोल	ने.इ.गु.क्या. ६८ पूर्णिमा, २ वर्ष, २ अङ्क, ११-१२ पृष्ठ, । लि.का.अ. १२६ । ने.प्रा.अ. १२५ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	विषय	स्थान	प्रकाशित
२०.	संवत् १०३ (वि.सं. ७३७) ज्येष्ठ	नरेन्द्रदेव	देवपाटनमा बनाएको धाराको हेरचाह तथा अन्य विविध कामको अधिकार आर्यभिक्षुसङ्घलाई दिएको	वज्रघर	इन्द्राजी १३ *ने.इ.गु.क्या.* ७३ *पूर्णिमा,* ४ वर्ष, २ अङ्क, ११९-१२१ पृष्ठ। *लि.का.अ.* १३४ सङ्ख्या।
२१.	संवत् १५७ (वि.सं. ७९०) कार्तिक	जयदेव द्वितीय	पशुपतिमा अष्टदल कमल चढाएको	पशुपति	इन्द्राजी १५। *सं.स.* १ वर्ष, १ अङ्क, पृ. १०७ पृष्ठ। *ने.इ.गु.क्या.* ८१। *लि.का.अ.* १४८। *ने.प्रा.अ.* १५५।
२२.	-	-	उमामहेश्वर स्थापना	मृगस्थली	*कैलाश,* १ वर्ष, २ अङ्क, २ पृष्ठ। *लि.का.अ.* १५३।
२३.	-	गुहसोम	जयवागीश्वरीको पादुका स्थापना	जयवागीश्वरी	*कैलाश,* १ वर्ष, २ अङ्क, ३ पृष्ठ। *लि.का.अ.* १५६।
२४.	-	-	मण्डलको स्थापना	धन्दोचैत्य	*कैलाश,* १ वर्ष, २ अङ्क, ६ पृष्ठ। *लि.का.अ.* १६१।
२५.	-	-	माटोको छापमा चैत्य	धन्दोचैत्य	*लि.का.अ.* १६६। *प्रा.ने.* १५, ५६ पृष्ठ।
२६.	-	प्रद्युम्नप्राण	चारस्तम्भयुक्त मन्दिरको स्थापना	भुवनेश्वर	*अ.प्र.* ८। *लि.का.अ.* १८१। *ने.प्रा.अ.* १७०।
२७.	-	-	महाभैरवको स्थापना	पशुपति	*का.शि.सू.* ३६। *लि.का.अ.* १८५। *ने.प्रा.अ.* १६६।
२८.	-	-	वनकालीको स्थापना	वनकाली	*कैलाश,* १ वर्ष, २ अङ्क, १० पृष्ठ। *लि.का.अ.* १८७।
२९.	-	-वदेव	शिवलिङ्गको स्थापना	पञ्चदेवल	*लि.का.अ.* १८८।
३०.	-	-	मन्दिरको स्थापना	पशुपति	*गो.प.*।
३१.	-	-	शिवस्तुति	पशुपति	*गो.प.*।
३२.	-	-	-	पशुपति	*गो.प.*।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.६ पशुपतिक्षेत्रमा भएका अभिलखेहरूमध्ये प्रकाशित भइसकेका मल्लकालिक अभिलेखहरूको विवरण

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
१	ने.सं. ३४६ (वि.सं. १२८३) आषाढ	विजयपाल	शिलालेख	महागौरीको मूर्तिको स्थापना	*अ.सं.* दोस्रो भाग, १४ पृष्ठ। *कैलाश,* २ वर्ष, १-२ अङ्क, ४ पृष्ठ।
२.	ने.सं. ४२७ (वि.सं १३६३) फाल्गुन	-	शिलालेख	पशुपतिमा जलद्रोणीको स्थापना	*सं.स.* २ वर्ष, १-३ अङ्क, ११३ पृष्ठ। *मे.ने.* तेस्रो भाग, १७-१९ पृष्ठ।
३.	ने.सं. ५०८ (वि.सं. १४४४) मार्गशुक्ल	जयस्थिति मल्ल	शिलालेख	नवालीटोलको सुन्धाराको जीर्णोद्धार	*सं.स.* १ वर्ष, ८ अङ्क, ४६-४८ पृष्ठ, *मे.ने.* तेस्रो भाग, २७-२९ पृष्ठ।
४.	ने.सं. ५२० (वि.सं. १४५७)	जयसिंहरामवर्द्धन	शिलालेख	शङ्करनारायणमन्दिरको जीर्णोद्धार	*का.शि.सू.* ३९-४० पृष्ठ। *मे.ने.* तेस्रो भाग, ३९-३६ पृष्ठ।
५.	ने.सं. ५२३ (वि.सं. १४५९) माघशुक्ल पूर्णिमा	कृष्ण भट्ट, रामसिंह	शिलालेख	योगेश्वरका लागि जग्गा अर्पण	*मे.ने.* तेस्रो भाग, ३९-४० पृष्ठ। *का.शि.सू.* ४१ पृष्ठ।
६.	ने.सं. ५२८ (वि.सं. १४६४) माघशुक्ल अष्टमी	-	शिलालेख	राजराजेश्वरीमन्दिरलाई जग्गा अर्पण	*मे.ने.* तेस्रो भाग, ४४-४५ पृष्ठ। *का.शि.सू.* ४२ पृष्ठ।
७.	ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्लत्रयोदशी	जयज्योतिर्मल्ल	शिलालेख	पशुपतिनाथमन्दिरमा सुवर्ण कलश अपर्ण	*सं.स.* १ वर्ष, १०-१२ अङ्क, ६९-७० पृष्ठ। *मे.ने.* तेस्रो भाग, ४७-५० पृष्ठ, *का.शि.सू,* ४३-४४ पृष्ठ।
८.	ने.सं. ५३६ (वि.सं. १४७३)	जयज्योतिर्मल्ल	शिलालेख	मन्दिर जीर्णोद्धार	*का.शि.सू,* ४४-४५ पृष्ठ।
९.	ने.सं. ५६१ (वि.सं. १९४८)	यक्ष मल्ल, जीव मल्ल	शिलालेख	संसारदेवीको प्रतिमा स्थापना एवं गूठीजग्गा अर्पण	*मे.ने.* तेस्रो भाग, ५८-६१ पृष्ठ।
१०.	ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्ण दशमी	यक्ष मल्ल, उदय भारो, शक्तिसिंह	शिलालेख	सन्धि	*मे.ने.* तेस्रो भाग, ७२-७३ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
११.	ने.सं. ५८४ (वि.सं. १५२१) वैशाखशुक्ल त्रयोदशी	यक्ष मल्ल	शिलालेख	शङ्करनारायणमन्दिरमा ध्वजारोहण	*का.शि.सू.* ४५-४६ पृष्ठ।
१२.	ने.सं. ५९१ (वि.सं. १५२७) माघ	नारायण भट्ट	शिलालेख	उन्मत्तभैरवको स्थापना र गुठीजग्गा अर्पण	*मे.ने.* तेस्रो भाग, ८८-८५ पृष्ठ। *का.शि.सू.* ४६ पृष्ठ।
१३.	ने.सं. ६१५ (वि.सं. १५५२) ज्येष्ठ	रत्न मल्ल, रण मल्ल, अरि मल्ल, भीम मल्ल	ताम्रपत्र	सन्धि	*मे.ने.* तेस्रो भाग, ९१-९६ पृष्ठ।
१४.	ने.सं. ६६५ (वि.सं. १६०१) चैत्रशुक्ल पूर्णिमा	-	शिलालेख	मण्डपनिर्माण	*का.शि.सू.*, ५० पृष्ठ।
१५.	ने.सं. ६६६ (वि.सं. १६०२) माघकृष्ण दशमी	क्षेमसिंह भारो	शिलालेख	-	*का.शि.सू.* ४८ पृष्ठ।
१६.	ने.सं. ६६८ (वि.सं. १६०५) भाद्रकृष्ण ९	वीर मल्ल, नरेन्द्र मल्ल, कृष्ण मल्ल, कल्याण मल्ल, प्रभु मल्ल, जयगोविन्द, विष्णु मल्ल, विक्रम राउत	ताम्रपत्र	सन्धि	*मे.ने.* तेस्रो भाग, १०८-१११ पृष्ठ।
१७.	ने.सं. ६६९ (वि.सं. १६०५) चैत्रकृष्ण ३०	...वैद्य	शिलालेख	गौचरअर्पण	*मे.ने.* चौथो, भाग, ७-८ पृष्ठ। *का.शि.सू.* ५२ पृष्ठ।
१८.	ने.सं. ६६९ (वि.सं. १६०५) चैत्र	(अ) मरसिंह	शिलालेख	-	*का.शि.सू.* ५२-५३ पृष्ठ।
१९.	ने.सं. ६७८ (वि.सं. १६१५) ज्येष्ठ	अमृतदेवी	ताम्रपत्र	पशुपतिमन्दिरमा काँसको धूपदानीअर्पण	*मे.ने.* भाग, १७ पृष्ठ।
२०.	ने.सं. ६९८ (वि.सं. १६३४) कार्तिककृष्ण द्वितीया	न्हुछे	शिलालेख	मृगस्थलीस्थित महादेव मन्दिरमा छानाअर्पण	*का.शि.सू.* ५५-५६ पृष्ठ, *पूर्णिमा*, १९ वर्ष, २ अङ्क, २१ पृष्ठ। *मे.ने.* दोस्रो भाग, ४५ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
२१.	ने.सं. ७५४ (वि.सं. १६९१) वैशाखशुक्ल तृतीया	मनाहरादेवी र लक्ष्मीनरसिंह मल्ल	ताम्रपत्र	पशुपतिलाई गूठीजगगाअर्पण	मे.ने. चौथो भाग, ६६-६७ पृष्ठ ।
२२.	ने.सं. ७७० (वि.सं. १७०६) माघशुक्ल पूर्णिमा	प्रताप मल्ल	शिलालेख	वासुकिमन्दिर जीर्णोद्धार	अ.सं. भाग ३, पृष्ठ ७-८ । मे.ने. चौथो भाग, ८९-९० पृष्ठ, का.शि.सू. ९३-७४ पृष्ठ ।
२३.	ने.सं.७७३ (वि.सं. १७१०) वैशाखशुक्ल चतुर्थी	अभिसिंह	शिलालेख	-	का.शि.सू. ७६-७७ पृष्ठ ।
२४.	ने.सं. ७७४ (वि.सं. १७१०) माघशुक्ल एकादशी	प्रताप मल्ल	शिलालेख	गुह्येश्वरीमा सिंहध्वज स्थापना	सं.स. १ वर्ष, १० अङ्क, ३३ पृष्ठ का.शि.सू. ७९ पृष्ठ ।
२५.	ने.सं. ७७४ (वि.सं. १७११)	प्रताप मल्ल	शिलालेख	गुह्येश्वरीमन्दिरनिर्माण	सं.स. १ वर्ष, १०-१२ अङ्क, २६-३२ पृष्ठ ।
२६.	ने.सं. ७७५ (वि.सं. १७११) चैत्रकृष्ण १३	भिक्षु श्रीजयतक्लपसिंह	शिलालेख	राजविहारमा गजूरनिर्माण	का.शि.सू. ८१ पृष्ठ ।
२७.	ने.सं. ७७५ (वि.सं. १७१२)	प्रताप मल्ल	शिलालेख	कोटिलिङ्गेश्वरमन्दिरको स्थापना	अ.सं. ३ भाग, ९-१० पृष्ठ । मे.ने. चौथो भाग, ९५-९७ पृष्ठ । का.शि.सू., ८० पृष्ठ ।
२८.	ने.सं. ७७६ (वि.सं. १७१३)	विष्णु सिंह	शिलालेख	वज्रधातु चैत्य स्थापना एवं धर्मधातु चैत्यको सुधार	का.शि.सू., ८२ पृष्ठ ।
२९.	ने.सं. ७७७ (वि.सं. १७१३ कार्तिकशुक्ल चतुर्दशी	धर्मकीर्ति महर्जन	शिलालेख	भलाद चैत्यको वर्षवर्धन	का.शि.सू., ८४ पृष्ठ ।
३०.	ने.सं. ७७७ (वि.सं. १७१३) मार्गकृष्ण षष्ठी	सुसुरी भारो	शिलालेख	पाटी जीर्णोद्धार	का.शि.सू., ८४-८५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
३१.	ने.सं. ७७७ (वि.सं. १७१३) माघशुक्ल सप्तमी	प्रताप मल्ल	शिलालेख	पशुपतिमा तुलादान	*सं.स.* १ वर्ष, ४ अङ्क, २६ पृष्ठ। *का.शि.सू.*, ८५-८६ पृष्ठ।
३२.	ने.सं. ७७८ (वि.सं. १७१४) माघशुक्ल सप्तमी	प्रताप मल्ल	शिलालेख	मल्लवंशावली	इन्द्राजी सङ्ख्या १८, *मे.ने.* तेस्रो भाग, ११४-१२० पृष्ठ।
३३.	ने.सं. ७७८ (वि.सं. १७१५) ज्येष्ठशुक्ल अष्टमी	विमलानन्द	-	शिवविमलेश्वरको स्थापना	*का.शि.सू.*, ८७ पृष्ठ।
३४.	ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्ण सप्तमी	प्रताप मल्ल, श्रीनिवास मल्ल	ताम्रपत्र	सन्धि	*मे.ने.* चौथो भाग, ११३-११४ पृष्ठ।
३५.	ने.सं. ७८६ (वि.सं. १७२२) फाल्गुनशुक्ल द्वितीया	विश्वदेव मानन्धर	-	चन्द्रविनायकमन्दिरमा गजूरनिर्माण	*का.शि.सू.*, ९५ पृष्ठ।
३६.	ने.सं. ७९० (वि.सं. १७२७)	दर्शनधारी बालनाथ योगी	शिलालेख	गोरखनाथको पञ्चोपचार पूजा र बाह्रपन्थीहरूलाई भण्डारा गराउन गूठीजग्गा अर्पण	*इ.प्र.* २ अङ्क, ३ भाग, ४५२ पृष्ठ।
३७.	ने.सं. ७९६ (वि.सं. १७३२) फाल्गुनशुक्ल अष्टमी	नृपेन्द्र मल्ल	शिलालेख	पशुपतिनाथमन्दिर प्राङ्गणमा इन्द्रेश्वरको स्थापना	*का.शि.सू.*, ११३ पृष्ठ।
३८.	ने.सं. ७९६ (वि.सं. १७३२) फाल्गुनशुक्ल अष्टमी	सिद्धिराज	शिलालेख	पशुपतिस्थित जीर्ण भवन उद्धार, शिवलिङ्गको स्थापना	*का.शि.सू.*, ११४-११५ पृष्ठ।
३९.	ने.सं. ७९७ (वि.सं. १७३४) वैशाखशुक्ल दशमी	हरिरामदास	शिलालेख	पशुपतिनाथमन्दिरको पूर्वपट्टि नारायणमन्दिर जीर्णोद्धार गरी वंशीधरमूर्ति स्थापना	*का.शि.सू.*, ११८-११९ पृष्ठ।
४०.	ने.सं. ७९८ (वि.सं. १७३४) मार्गशुक्ल पञ्चमी	भवानीशङ्करदास	सुवर्णलेख	पशुपतिमन्दिरको पश्चिमपट्टिको सानो सुनौला नन्दीको स्थापना	*इ.स.प्र.प्र.*, १४९ पृष्ठ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
४१.	ने.सं. ७९९ (वि.सं. १७३५) मार्गदशमी	पार्थिवेन्द्र मल्ल	शिलालेख	मल्लवंशावली	*सं.स.* १ वर्ष, १०-१२ अङ्क, २३-२५ पृष्ठ, *मे.ने.*, चौथो भाग, १८१-१८४ पृष्ठ, *का.शि.सू.*, १२२-१२४ पृष्ठ ।
४२.	ने.सं. ८०१ (वि.सं. १७३७) माघकृष्ण त्रयोदशी	भवानीशङ्करदास	शिलालेख	पशुपतिस्थित श्रीभवानीशङ्करेश्वर, श्रीधनदेश्वर, श्रीमानसिंहेश्वरको जीर्णोद्धार	*का.शि.सू.*, १२४-१२५ पृष्ठ ।
४३.	ने.सं. ८२३ (वि.सं. १७६०)	मुकुन्दसिंह भारो	शिलालेख	पशुपतिनाथमा घण्टाअर्पण	*इ.प्र.* २ अङ्क, ३ भाग, ४५०-४५१ पृष्ठ ।
४४.	ने.सं. ८३३ (वि.सं. १७६९) माघकृष्ण चतुर्दशी	शङ्कर भारो	घण्टाभिलेख	गुह्येश्वरीमा घण्टाअर्पण	*का.शि.सू.* १४८ पृष्ठ ।
४५.	ने.सं. ८३५ (वि.सं. १७७१) पौषकृष्ण षष्ठी	धर्मचन्द्र, पूर्णसिंह, सूर्यचन्द्र	शिलालेख	धन्दोचैत्यमा सुनको छत्र राखी यज्ञसम्पादन	*मे.ने.* चौथो भाग, २५७-२५८ पृष्ठ । *का.शि.सू.*, १५०-१५१ पृष्ठ ।
४६.	ने.सं. ८४० (वि.सं. १७७७) वैशाख दशमी	हरिनारायण, धर्मसिद्रेश्वर, धनरामदेवसिंह	शिलालेख	चन्द्रविनायकमन्दिरको जीर्णोद्धार	*मे.ने.* चौथो भाग, २६६-२६८ पृष्ठ । *का.शि.सू.*, १५३ पृष्ठ ।
४७.	ने.सं. ८४१ (वि.सं. १७७७) मार्गशुक्ल पूर्णिमा	मदननायक ब्राह्मण	शिलालेख	पशुपतिमा सदाबर्तको लागि जग्गा अर्पण	*का.शि.सू.*, १५४ पृष्ठ ।
४८.	ने.सं. ८४७ (वि.सं. १७८३) पौषशुक्ल पूर्णिमा	नाथानन्दोपाध्याय	ताम्रपत्र	पशुपतिमा विविध धार्मिक कृत्यको लागि गूठीजग्गा अर्पण ।	*मे.ने.* चौथो भाग, २८२-२८३ पृष्ठ ।
४९.	ने.सं. ८४८ (वि.सं. १७८४) कार्तिककृष्ण नवमी	जगज्जय मल्ल	शिलालेख	गुह्येश्वरीयात्राको लागि जग्गा अर्पण	*का.शि.सू.*, १५६ पृष्ठ ।
५०.	ने.सं. ८४८ वि.सं. १७८५)	कृष्णधर	ताम्रपत्र	पशुपतिनाथमा विविध धार्मिक अनुष्ठानको लागि जग्गाअर्पण	*मे.ने.*चौथो भाग, २८३-२८५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.७ पशुपतिक्षेत्रमा भएका अभिलेखहरूमध्ये प्रकाशित भइसकेका शाहकालिक अभिलेखहरूको विवरण

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
१.	वि.सं. १८३० आषाढ-शुक्ल चतुर्थी	बालकृष्णदेव शर्मा	ताम्रपत्र	पशुपतिमा देवदासीअर्पण	*क.ने.स्ट.* १ वर्ष, २ अङ्क, १०४-१०५ पृष्ठ, *शा.का.अ.* २९ सङ्ख्या ।
२.	वि.सं. १८३२	क्षमानाथ माता	तामपत्र	गोरखानाथमा अखण्ड धुनीको व्यवस्था	*इ.प्र.* २ अङ्क, ३ भाग, ५९८ पृष्ठ ।
३.	वि.सं. १८३२	पतका कुसले	-	पाटीनिर्माण	*इ.प्र.* २ अङ्क, ३ भाग, ५९७ पृष्ठ ।
४.	वि.सं. १८३९ ज्येष्ठ षष्ठी	श्री ५ रणबहादुर शाह	लालमोहर	पशुपतिनाथमन्दिरमा गुजराती-बाजाको व्यवस्था	*शैव भूमि*, २ अङ्क, ३३-३४ पृष्ठ ।
५.	वि.सं. १८४३ माघ-कृष्ण द्वितीया	श्री ५ रणबहादुर शाह	लालमोहर	पशुपतिनाथमा गुजरातीबाजाको व्यवस्था	*शैव भूमि*, अङ्क २, पृष्ठ ३६ ।
६.	वि.सं. १८४९ वैशाख-शुक्ल तृतीया	शक्तिवल्लभ भट्टाचार्य	घण्टाभिलेख	पशुपतिनाथमन्दिरमा घण्टाअर्पण	*इ.प्र.* २ अङ्क, ३ भाग, ४५० पृष्ठ, *शैव भूमि*, २ अङ्क, ४० पृष्ठ ।
७.	वि.सं. १८५१ मार्ग-शुक्ल पञ्चमी	रमापति ओझा	-	वासुकिमन्दिरमा सुवर्ण छत्रअर्पण	*इ.प्र.* १ अङ्क, २३९ पृष्ठ ।
८.	वि.सं. १८५५ श्रावण-शुक्ल द्वितीया	श्री ५ रणबहादुर शाह	-	गौचरअर्पण	*शा.का.अ.* ६६ सङ्ख्या ।
९.	वि.सं. १८५५ माघ-शुक्ल पूर्णिमा	भीम टक्सारी	ताम्रपत्र	धर्मपत्र	*शा.का.अ.* ६७ सङ्ख्या ।
१०.	वि.सं. १८५५ माघ-शुक्ल पूर्णिमा	श्यामलाल पाध्या	ताम्रपत्र	धर्मपत्र	*शा.का.अ.* ६८ सङ्ख्या ।
११.	वि.सं. १८५५ माघ-शुक्ल पूर्णिमा	माधोसिंह	ताम्रपत्र	धर्मपत्र	*शा.का.अ.* ६९ सङ्ख्या ।
१२.	वि.सं. १८५५ माघ-शुक्ल पूर्णिमा	जसराम खवास	ताम्रपत्र	धर्मपत्र	*शा.का.अ.* ७० सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
१३.	वि.सं. १८५५ माघ-शुक्ल पूर्णिमा	बूढा दलमर्दन शाही	ताम्रपत्र	धर्मपत्र	*शा.का.अ.* ७१ सङ्ख्या ।
१४.	वि.सं. १८५५ माघ-शुक्ल पूर्णिमा	थाइला मल्ल	ताम्रपत्र	धर्मपत्र	*शा.का.अ.* ७२ सङ्ख्या ।
१५.	वि.सं. १८५५ फाल्गुन-शुक्ल द्वितीया	श्री ५ रणबहादुर शाह	ताम्रपत्र	राजकीय घोषणा	*शा.का.अ.* ७३ सङ्ख्या ।
१६.	वि.सं. १८५५	श्री ५ रणबहादुर शाह	ताम्रपत्र	राजकीय घोषणा	*शा.का.अ.* ७४ सङ्ख्या ।
१७.	वि.सं. १८५६ वैशाख-शुक्ल पूर्णिमा	श्री ५ कान्तवती	ताम्रपत्र	पशुपतिनाथमा महास्नान, महाबलि पूजाको लागि जग्गाअर्पण	*शा.का.अ.* ७६ सङ्ख्या ।
१८.	वि.सं. १८५७ भाद्र-शुक्ल तृतीया	-	ताम्रपत्र	पशुपतिमा भाँडा-कुँडाअर्पण	*शा.का.अ.* ८८ सङ्ख्या ।
१९.	वि.सं. १८५७ आश्विन-कृष्ण चतुर्दशी	-	ताम्रपत्र	पशुपतिनाथमन्दिरमा नगराको व्यवस्था	*शैव भूमि*, २ अङ्क, ३७-३८ पृष्ठ ।
२०.	वि.सं. १८५७ आश्विन-शुक्ल एकादशी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	गूठी थमौती	*शा.का.अ.* ८९ सङ्ख्या ।
२१.	वि.सं. १८५९ ज्येष्ठ-कृष्ण दशमी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	पशुपतिनाथमा आरतिको लागि जग्गाअर्पण	*शा.का.अ.* ९९ सङ्ख्या ।
२२.	वि.सं. १८५९ भाद्र-शुक्ल त्रयोदशी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	महापूजाको व्यवस्थापन	*शा.का.अ.* १०३ सङ्ख्या ।
२३.	वि.सं. १८६० आषाढ-कृष्ण नवमी	श्यामलाल उपाध्याय	ताम्रपत्र	पशुपतिनाथमा भाँडा-कुँडाअर्पण	*शा.का.अ.* ११२ सङ्ख्या । *शैव भूमि*, २ अङ्क, ४१ पृष्ठ ।
२४.	वि.सं. १८६१ आश्विन-कृष्ण द्वितीया	जवरसिंह खत्री, जहरसिंह खत्री	ताम्रपत्र	पशुपतिनाथमा भाँडा-कुँडाअर्पण	*शा.का.अ.* ११३ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
२५.	वि.सं. १८६१ श्रावण-कृष्ण दशमी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	सङ्कल्प भएको जग्गा ब्राह्मणलाई प्रदान	शा.का.अ. १२१ सङ्ख्या ।
२६.	वि.सं. १८६३ आश्विन-शुक्ल पञ्चमी	बुद्धिरेखा गोदार	ताम्रपत्र	पशुपतिनाथमा विभिन्न वस्तु अर्पण	शा.का.अ. १२४ सङ्ख्या ।
२७.	वि.सं. १८६३ आश्विन-शुक्ल त्रयोदशी	भोटु पाँडे	स्वर्णलेख	श्री ५ रणबहादुर शाह र श्री ५ राजराजेश्वरीदेवीको सालिक स्थापना	सं.स. १ वर्ष, ६ अङ्क, १८ पृष्ठ । शा.का.अ. १२५ सङ्ख्या ।
२८.	वि.सं. १८६३ कार्तिक-शुक्ल तृतीया	भोटु पाँडे, बलभञ्जन पाँडे आदि	ताम्रलेख	धर्मशिलाको जीर्णोद्धार	सं.स. १ वर्ष, ४ अङ्क, २७-२८ पृष्ठ । शा.का.अ. १२५ सङ्ख्या ।
२९.	वि.सं. १८६३ माघ-शुक्ल अष्टमी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	सालिकगूठीको लागि जग्गाप्रदान	शा.का.अ. १२७ सङ्ख्या ।
३०.	वि.सं. १८६४ ज्येष्ठ-कृष्ण त्रयोदशी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	पाटीको लागि जग्गाअर्पण	शा.का.अ. १३० सङ्ख्या ।
३१.	वि.सं. १८६४ ज्येष्ठ-कृष्ण त्रयोदशी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	पशुपतिमा स्थापित चौघेरा, पोखरी, धाराको लागि जग्गाअर्पण	शा.का.अ. १३१ सङ्ख्या ।
३२.	वि.सं. १८६५ ज्येष्ठ-शुक्ल सप्तमी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	पशुपति, गुह्येश्वरी एवं गोरखनाथका बाँदरलाई मकै खुवाउन जग्गाअर्पण	शा.का.अ. १३२ सङ्ख्या ।
३३.	वि.सं. १८६५ आषाढ-शुक्ल एकादशी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	सालिकगूठी, बाँदरगूठीको लागि गुठियारको नियुक्ति	शा.का.अ. १३२ सङ्ख्या ।
३४.	वि.सं. १८६५ भाद्रकृष्ण	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	कालिका, चालामाई तथा कामाक्षाको लागि जग्गाअर्पण	शा.का.अ. १३५ सङ्ख्या ।
३५.	वि.सं. १८६८	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	भीमसेन थापालाई जग्गा बिर्ता	ज.भी.था.त.ने. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
३६.	वि.सं. १८६८ श्रावण-शुक्ल पञ्चमी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	भीमगिरी गोसाईंको बिर्ता जग्गाथमौती	*शा.का.अ.* १४८ सङ्ख्या ।
३७.	वि.सं. १८६८ कार्तिक-कृष्ण नवमी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रपत्र	बिर्ताजग्गा सट्टा प्रदान	*शा.का.अ.* १४९ सङ्ख्या ।
३८.	वि.सं. १८६९	श्री ५ ललित-त्रिपुरसुन्दरीदेवी	रजतलेख	पशुपतिनाथमन्दिरमा चाँदीको चँदुवाअर्पण	*इ.प्र.* २ अङ्क, २ भाग, ३१६ पृष्ठ ।
३९.	वि.सं. १८६९ चैत्र-शुक्ल चतुर्दशी	श्री ५ गीर्वाणयुद्ध-विक्रम शाह	ताम्रलेख	पशुपतिनाथमन्दिरमा राखिएको नगराको व्यवस्था	*शैव भूमि*, २ अङ्क, ३९ पृष्ठ ।
४०.	वि.सं. १८७० वैशाख-शुक्ल नवमी	राधावल्लभ अर्ज्याल	रजतलेख	पशुपतिनाथमन्दिरमा ढोकानिर्माण	*इ.प्र.* २ अङ्क, २ भाग, ३१७-३१८ पृष्ठ, *पृ.शा.उ.*, ५०२-५०४ पृष्ठ । *शा.का.अ.* १५९ सङ्ख्या ।
४१.	वि.सं. १८७१ आश्विन-शुक्ल दशमी	अमरसिंह थापा	रजतलेख	पशुपतिनाथमन्दिरमा ढोकाअर्पण	*इ.प्र.* २ अङ्क, २ भाग, ३१४-३१५ पृष्ठ ।
४२.	वि.सं. १८७१ माघ-शुक्ल एकादशी	विलासवतीदेवी	रजतलेख	पशुपतिनाथमन्दिरमा ढोकानिर्माण	*इ.प्र.* २ अङ्क, ३ भाग, ३१३ पृष्ठ । *शा.का.अ.* १६२ सङ्ख्या ।
४३.	वि.सं. १८७२ ज्येष्ठ-शुक्ल सप्तमी	श्री ५ राजेन्द्रविक्रम शाह	लालमोहर	पशुपतिक्षेत्रको वनको व्यवस्था	*अभिलाषा*, १०५ पृष्ठ ।
४४.	वि.सं. १८७३ फाल्गुन-शुक्ल तृतीया	भोटु पाँडे	शिलालेख	पशुपतिनाथमन्दिरमा सालिक स्थापना	*सं.स.* १ वर्ष, ४ अङ्क, २७ पृष्ठ ।
४५.	वि.सं. १७७५ कार्तिक-शुक्ल पूर्णिमा	रणवीरसिंह थापा	रजतलेख	पशुपतिमन्दिरमा कनकद्वारनिर्माण	*इ.प्र.* २ अङ्क, ३ भाग, ४५१ पृष्ठ ।
४६.	वि.सं. १८७५	रणवीरसिंह थापा	रजतलेख	पशुपतिमन्दिरमा कनकद्वारनिर्माण	*इ.प्र.* २ अङ्क, ३ भाग, ४५१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	प्रकाशित
४७.	वि.सं. १८७५ ज्येष्ठ-शुक्ल दशमी	भीमसेन थापा	रजतलेख	पशुपतिमन्दिरमा चाँदीको द्वारनिर्माण	इ.प्र. २ अङ्क, ३ भाग, ४५२ पृष्ठ।
४८.	वि.सं. १८८०	श्री ५ राजेन्द्रविक्रम शाह	शिलालेख	गुह्येश्वरीमा सिंहध्वज स्थापना	अ.सं. १२ भाग, १६-१७ पृष्ठ।
४९.	वि.सं. १८८३ माघ-शुक्ल षष्ठी	श्री ५ राजेन्द्रविक्रम शाह	-	देवपाटनको व्यवस्थापन	अभिलाषा, १०७ पृष्ठ।
५०.	वि.सं. १८८४ आश्विन-शुक्ल दशमी	श्री ५ राजेन्द्रविक्रम शाह	घण्टाभिलेख	पशुपतिनाथमन्दिर घण्टाअर्पण	इ.प्र. २ अङ्क, २ भाग, ३२० पृष्ठ।
५१.	वि.सं. १८८९ आश्विन-शुक्ल चतर्दशी	श्री ५ ललित-त्रिपुरसन्दरीदेवी	घण्टाभिलेख	पशुपतिनाथमन्दिरमा घण्टाअर्पण	इ.प्र. २ अङ्क, ३ भाग, ४५० पृष्ठ।
५२.	वि.सं. १८९१ माघ-शुक्ल दशमी	सुब्बा कुलानन्द झा	रजतलेख	पशुपतिनाथमन्दिरमा ढोकानिर्माण	इ.प्र. २ अङ्क, ३ भाग, ४५१ पृष्ठ।
५३.	वि.सं. १८९१ माघ-शुक्ल दशमी	सुब्बा कुलानन्द झा	रजतलेख	पशुपतिनाथमन्दिरमा ढोकानिर्माण	इ.प्र. २ अङ्क, ३ भाग, ४५१ पृष्ठ।
५४.	वि.सं. १८९१ माघ-शुक्ल दशमी	सुब्बा कुलानन्द झा	रजतलेख	पशुपतिनाथमन्दिरमा ढोकानिर्माण	इ.प्र. २ अङ्क, ३ भाग, ४५२ पृष्ठ।
५५.	वि.सं. १८९७ कार्तिक-शुक्ल नवमी	सुब्बा कुलानन्द झा, विद्यालक्ष्मी, गृह्यलक्ष्मी	रजतलेख	पशुपतिनाथमा धार्मिक अनुष्ठान	सं.स. १ वर्ष, ३ अङ्क, १७-२५ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११.८ पशुपतिक्षेत्रमा भएका अप्रकाशित अभिलेखहरूको विवरण

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
१.	-	-	शिलालेख	पशुपतिनाथको प्रार्थना (लिच्छविलिपि)	पशुपतिमन्दिरप्राङ्गण ।
२.	-	-	शिलालेख	पशुपतिनाथको प्रार्थना (लिच्छविलिपि)	पशुपतिमन्दिरप्राङ्गण ।
३.	ने.सं. ७२९ (वि.सं. १६६६)	-	शिलालेख	विष्णुमन्दिर पूर्वपट्टि चतुर्मुख शिवलिङ्गको स्थापना	मृगस्थली ।
४.	ने.सं. ७४२ (वि.सं. १६७९)	-	शिलालेख	ढोघेचौरमा चैत्यस्थापना एवं यज्ञसम्पादन	कुटुबहिल ।
५.	ने.सं. ७४५ (वि.सं. १६८२)	जीवन वैद्य	शिलालेख	गूठीजग्गाअर्पण	सिफलचौर ।
६.	ने.सं. ७७६ (वि.सं. १७१३)	दुर्गामयी वैद्य	शिलालेख	जयवागीश्वरीमन्दिरअगाडि प्रस्तरको मयूरस्तम्भ स्थापना	नवालीटोल ।
७.	-	प्रताप मल्ल	शिलालेख	गुह्येश्वरीमा आठवटा प्रस्तरको सिंहस्थापना	गुह्येश्वरीमन्दिर-प्राङ्गण ।
८.	ने.सं. ७८० (वि.सं. १७१७) भाद्र	-	शिलालेख	धन्दोचैत्यमा धार्मिक कृत्य गरेको	चाबहिल ।
९.	ने.सं. ७९३ (वि.सं. १७२९) माघ	कृष्णसिंह भारो, कृष्णमान भारो	शिलालेख	वराहीको पञ्चोपचारपूजाको लागि गूठीजग्गा-अर्पण	नवालीटोल ।
१०.	ने.सं. ८०४ (वि.सं.१७४०) माघ	-	शिलालेख	घण्टार्पण	
११.	ने.सं. ८१४ (वि.सं. १७५१) आषाढशुक्ल दशमी	अनन्तदेव वैद्य	शिलालेख	नृसिंहमन्दिरको स्थापना	नवालीटोल ।
१२.	ने.सं. ८१५ (वि.सं. १७५२) आषाढशुक्ल दशमी	अनन्तदेव वैद्य	शिलालेख	स्थान गणेशका लागि पाटीनिर्माण	नवालीटोल ।
१३.	ने.सं. ८१९ (वि.सं. १७५६) वैशाख	बेखासिंह भारो, मनोहरसिंह भारो	शिलालेख	माधवकुण्डइनारनिर्माण	नवालीटोल
१४.	-	भूपालेन्द्र मल्ल	शिलालेख	माधवनारायणइनारको स्थापना	नवालीटोल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
१५.	सं. १६२३ (वि.सं. १७५८) माघशुक्ल पञ्चमी	शिवनारायण	शिलालेख	पशुपतिनाथमा धार्मिक कृत्य	कोटिलिङ्गेश्वरप्राङ्गण ।
१६.	ने.सं. ८४३ (वि.सं. १७८०) ज्येष्ठशुक्ल सप्तमी	-	शिलालेख	गुह्येश्वरीमा नारायणसिंह भारो, कृष्णसिंह भारोको वैकुण्ठवासको कामनाले पाटीनिर्माण	गुह्येश्वरी ।
१७.	वि.सं. १८१८ कार्तिक-शुक्ल पूर्णिमा	बहादुर शाह	शिलालेख	पशुपतिमन्दिर पश्चिम फूलबारी र सत्तल-निर्माण	मतमण्डिलटोल ।
१८.	ने.सं. ८७७ (वि.सं. १८१४) आश्विन	धनसिंह रजिक	शिलालेख	नवालीटोलमा पाटीनिर्माण	नवालीटोल ।
१९.	वि.सं. १८१९ वैशाख	-	शिलालेख	पशुपतिनाथमन्दिरमा नानीसाहेबको सालिक-निर्माण	पशुपतिमन्दिरप्राङ्गण ।
२०.	वि.सं. १८२०	-	शिलालेख	वैद्यहरूको कुलदेवतास्थापना	कुटुबहिल ।
२१.	-	शिवानन्द वैद्य, जीवानन्द वैद्य	शिलालेख	वैद्यहरूको कुलदेवतामन्दिरस्थापना	कुटुबहिल ।
२२.	ने.सं. ८९५ (वि.सं. १८३१) कार्तिक	हरेराम	शिलालेख	-	नवालीटोल ।
२३.	ने.सं. ९०० (वि.सं. १८३६) माघ	महन्तसिं वैद्य, भागिराम वैद्य	शिलालेख	नारायण प्रीति गरी जग्गाअर्पण	नवालीटोल ।
२४.	ने.सं. ९११ (वि.सं. १८४८) आषाढ	नापित मानसिंह नापित हरिमान सिंह	शिलालेख	पाटीनिर्माण	दथुटोल ।
२५.	ने.सं. ९१४ (वि.सं. १८५१) आश्विन	अमृतसिंह रजिक	शिलालेख	धन्दोचैत्यमा धार्मिक कार्य	चाबहिल ।
२६.	ने.सं. ९२८ (वि.सं. १८६५)	विद्यानन्द वैद्य, विद्यानन्द वैद्य, मुक्तानन्द वैद्य	घण्टाभिलेख	जयवागीश्वरीमन्दिरमा घण्टार्पण	नवालीटोल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
२७.	ने.सं. ९३४ (वि.सं. १८७१) वैशाख	ज्ञानलक्ष्मी रजिक	शिलालेख	पाटीनिर्माण	नवालीटोल ।
२८.	ने.सं. ९३५ (वि.सं. १८७१) चैत्र	वैद्य विश्वानन्द भारो, वैद्य धनकृष्णनन्द भारो	शिलालेख	पाटीनिर्माण	दथुटोल ।
२९.	ने.सं. ९३५ (वि.सं. १८७१) चैत्रकृष्ण तृतीया	विश्वानन्द वैद्य, अमृतलक्ष्मी आदि	ताम्रपत्र	मृत्युञ्जयमन्दिरको जीर्णोद्धार	नवालीटोल ।
३०.	ने.सं. ९३५ (वि.सं. १८७२) वैशाख	-	शिलालेख	गुह्येश्वरीमा धार्मिक कृत्य	गुह्येश्वरी ।
३१.	ने.सं. ९३७ (वि.सं. १८७३) कार्तिक	चन्द्रलक्ष्मी	लेख	चाबहिल गणेशयात्रामा निकालिने गणेशका लागि पात्रअर्पण	चाबहिल ।
३२.	वि.सं. १८७६	श्री ५ राजेन्द्रवीर-विक्रम शाह	शिलालेख	गुह्येश्वरीमन्दिरबाहिर पाटीनिर्माण	यो पाटी वि.सं. २०१६ मा गुह्येश्वरीको पूर्व वाग्वतीको किनारामा स्थानान्तरण भयो ।
३३.	वि.सं. १८८०	श्री ५ राजेन्द्रवीर-विक्रम शाह	शिलालेख	गुह्येश्वरीको मन्दिरमा सिंहध्वजस्थापना	गुह्येश्वरीमन्दिर-प्राङ्गण ।
३४.	-	श्री ५ साम्राज्य-लक्ष्मीदेवी शाह	घण्टाभिलेख	शङ्कर भट्टले चढाएको घण्टा पुनर्निर्माण गरी अर्पण	गुह्येश्वरीमन्दिर-प्राङ्गण ।
३५.	वि.सं. १८८२ ज्येष्ठशुक्ल दशमी रोज ५	श्री ५ राजेन्द्रवीर-विक्रम शाह	शिलालेख	गौरीघाटको पश्चिमतर्फ घाटनिर्माण गर्ने शिवानन्द वैद्यको नाममा शिलापत्र	गौरीघाट ।
३६.	ने.सं. ९४७ (वि.सं. १८८३) फाल्गुनशुक्ल एकादशी	-	शिलालेख	गणेशमन्दिरको जीर्णोद्धार	नवालीटोलस्थित चन्द्र-विनायकमन्दिर ।
३७.	-	श्री ५ उपेन्द्रविक्रम शाह	घण्टाभिलेख	गुह्येश्वरीमा घण्टार्पण	गुह्येश्वरी ।
३८.	वि.सं. १८८७ माघशुक्ल दशमी रोज ३	-	शिलालेख	रणशूर पण्डितकी श्रीमती तिलोत्तमा सती जाँदा जग्गाअर्पण	पशुपतिमन्दिरप्राङ्गण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
३९.	वि.सं. १८९६	..... अर्याल	शिलालेख	कुटुबहिलबाहिर सडकमा पाटीनिर्माण	कुटुबहिल ।
४०.	वि.सं. १९०३ आश्विन-शुक्ल पूर्णिमा रोज २	तुलसीराज, कृपानन्द नारायण आदि	शिलालेख	पशुपतिनाथमा गूठीजग्गाअर्पण	पशुपतिनाथमन्दिर प्राङ्गण ।
४१.	वि.सं. १९०३	रक्षाकुमारी	शिलालेख	रक्षेश्वरको स्थापना र गूठीजग्गाअर्पण	गोरखानाथ ।
४२.	वि.सं. १९०५ कार्तिकशुक्ल चतुर्दशी रोज ६	बमबहादुर कुँवर	शिलालेख	बमरामेश्वरको स्थापना	गोरखनाथ ।
४३.	वि.सं. १९०५ माघशुक्ल पञ्चमी रोज २	बद्रीनरसिं कुँवर	शिलालेख	बद्रीनाथ प्रीति गरी घण्टार्पण	वासुकिमन्दिरप्राङ्गण ।
४४.	ने.सं. ९६९ (वि.सं. १९०६) वैशाखशुक्ल एकादशी	लक्ष्मी, हरि, कृष्णसिंह	शिलालेख	ढोचेमा धार्मिक कृत्य	कुटुबहिल ।
४५.	वि.सं. १०६ वैशाख शुक्ल ६	भक्तवीर राणा	शिलालेख	शान्तबालेश्वर, भक्तहेमेश्वर, हेमभक्तेश्वर आदिको स्थापना	कोटिलिङ्गेश्वरमन्दिर-प्राङ्गण ।
४६.	वि.सं. १९०६ माघ	रक्षाकुमारी	शिलालेख	गोरखनाथमन्दिरको जीर्णोद्धार	गोरखनाथ ।
४७.	वि.सं. १९०७	उपेन्द्रानन्दनाथ शाह	शिलालेख	साम्राज्येश्वरमा घण्टार्पण	साम्राज्येश्वरमन्दिर-प्राङ्गण ।
४८.	वि.सं. १९११ कार्तिक	रक्षाकुमारी	शिलालेख	रक्षेश्वरका लागि गूठीजग्गाअर्पण	गोखनाथ ।
४९.	वि.सं १९११ माघशुक्ल १४	विष्णुकुमार सिंह	घण्टाभिमेख	भगवती प्रीति गरी घण्टार्पण	मतमण्डिलटोल ।
५०.	वि.सं. १९१२ वैशाखकृष्ण चतुर्दशी रोज १	उपेन्द्रनन्दनाथ शाह	शिलालेख	साम्राज्येश्वर, साम्राज्येश्वरीका लागि गूठीजग्गाअर्पण	साम्राज्येश्वरमन्दिर-प्राङ्गण ।
५१.	वि.सं. १९१२ वैशाख	उपेन्द्रनन्दनाथ शाह	शिलालेख	साम्राज्येश्वरमा सिंहस्तम्भको स्थापना	साम्राज्येश्वरमन्दिर-प्राङ्गण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
५२.	वि.सं. १९१२ आषाढशुक्ल षष्ठी रोज ६	उपेन्द्रनन्दनाथ शाह	शिलालेख	महायोगेश्वरीको स्थापना	राजराजेश्वरीघाट ।
५३.	वि.सं. १९१२ आषाढ-कृष्ण १ रोज ७	बद्रीनरसिंह कुँवर	शिलालेख	बद्रीनाथ, बद्रीभक्तेश्वर, ज्योतिभक्तेश्वर, लीलाभक्तेश्वर मन्दिरका लागि गूठीजग्गाअर्पण	वासुकिमन्दिर-प्राङ्गण ।
५४.	वि.सं. १९१३ माघशुक्ल नवमी रोज ३	गङ्गादेवी	लेख	चाबहिलका गणेशको यात्रामा निकालिने मूर्तिलाई चाँदीको मुण्डमाला अर्पण	चाबहिल ।
५५.	वि.सं. १९१५	त्रैलोक्यमोहन-राज्यलक्ष्मी	घण्टाभिलेख	त्रैलोक्यमुक्तेश्वरमा घण्टार्पण	गुह्येश्वरी ।
५६.	वि.सं. १९१६	दीपकुमारी शाह	शिलालेख	प्राणमुक्तेश्वर शिवालयको स्थापना	भस्मेश्वर ।
५७.	ने.सं. ९८१ (वि.सं. १९१८) भाद्रकृष्ण चतुर्थी	राजवीर	लेख	चाबहिलका गणेशको यात्रामा निकालिने मूर्तिका लागि छत्र अर्पण	चाबहिल ।
५८.	ने.सं. ९८१ (वि.सं. १९१८)	हर्षमाया	लेख	चाबहिलका गणेशको यात्रामा निकालिने मूर्तिका लागि किकिस्वाँअर्पण	चाबहिल ।
५९.	वि.सं. १९२० पौष १९ रोज ३	-	लेख	चाबहिलका गणेशको यात्रामा निकालिने खटका लागि घण्टार्पण	चाबहिल ।
६०.	वि.सं. १९२२	धीरशमशेर	शिलालेख	गोरखानाथमा शिवालयहरूको स्थापना	गोरखनाथमन्दिर-प्राङ्गण ।
६१.	ने.सं. ९८८ (वि.सं. १९२४) कार्तिक	राजवीर	लेख	चाबहिलका गणेशको यात्रामा निकालिने गणेशलाई सुनको पताका अर्पण	चाबहिल ।
६२.	वि.सं. १९२५ वैशाखकृष्ण तृतीया रोज २	डिल्लीसिंह बस्न्यात	ताम्रपत्र	भस्मेश्वरमा शिवालयको स्थापना र गूठीव्यवस्था	हाल उक्त ताम्रपत्र बत्तीसपुतलीस्थित गुठियारकहाँ छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
६३.	वि.सं. १९२९ वैशाखशुक्ल २	रत्नकुमारी पाँडे, राजकुमारी पाँडे आदि	शिलालेख	पशुपतिनाथमन्दिरप्राङ्गणमा कृष्ण, राधिका, रुक्मिणीको स्थापना	पशुपतिमन्दिरप्राङ्गण ।
६४.	वि.सं. १९३१ मार्गकृष्ण द्वितीया	हेमकुमारी राणा	शिलालेख	कोटिङ्गेश्वरको दक्षिणमा अष्टधातुको कृष्ण एवं प्रस्तरको बालगोपालको स्थापना	कोटिलिङ्गेश्वरमन्दिर-प्राङ्गण ।
६५.	वि.सं. १९३१ चैत्र	विननसिंह रजिक, कुलमान गोराचा	शिलालेख	पुनदेवल जीर्णोद्धार एवं पाटीनिर्माण	नवालीटोल ।
६६.	वि.सं. १९३१	जितजङ्ग राणा	शिलालेख	जितजङ्गप्रकाशेश्वरको स्थापना	राजराजेश्वरीमन्दिर-प्राङ्गण ।
६७.	वि.सं. १९३६ माघ	श्री ५ उपेन्द्रविक्रम शाह	शिलालेख	प्रकाशेश्वर शिवालयको स्थापना	राजराजेश्वरीघाट ।
६८.	ने.सं. १००१ (वि.सं. १९३७) कार्तिककृष्ण १	मदन मानन्धर	लेख	चाबहिलगणेशको यात्रामा निकालिने भैरवलाई सुनको पताका अर्पण	चाबहिल ।
६९.	वि.सं. १९३९ भाद्रकृष्ण ८	जितजङ्ग राणा	शिलालेख	राजराजेश्वरीमन्दिरमा सुवर्णको तोरण, ढोका, झ्याल अर्पण	राजराजेश्वरीमन्दिर-प्राङ्गण ।
७०.	वि.सं. १९४१ कार्तिककृष्ण ८	जितजङ्ग राणा	शिलालेख	राजराजेश्वरीमन्दिरमा सुवर्णको छाना, गजूरअर्पण	राजराजेश्वरीमन्दिर-प्राङ्गण ।
७१.	वि.सं. १९४१ आषाढशुक्ल १४	अभयानन्द राजेपाध्याय	शिलालेख	दक्षिणामूर्तिमन्दिरमा गूठीजग्गाअर्पण	पाँचुटोल ।
७२.	वि.सं. १९४४ फाल्गुन-शुक्ल १५ रोज ६	विष्णुभक्त	लेख	गौरीप्रीति गरी घण्टार्पण	
७३.	वि.सं. १९४४	भूमानन्द	लेख	शङ्कराचार्यप्रीति गरी नगरार्पण	शङ्कराचार्यमठ ।
७४.	वि.सं. १९४५ वैशाखशुक्ल १२	वीरशमशेर	घण्टाभिलेख	जगत्मुक्तेश्वरमा घण्टार्पण	कोटिलिङ्गेश्वरमन्दिर-प्राङ्गण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
७५.	वि.सं. १९४६	देवीबहादुर	लेख	कीर्तिमुखभैरवमा सुनको कलात्मक पाताअर्पण	पशुपतिमन्दिरप्राङ्गण ।
७६.	वि.सं. १९४९ आश्विन-शुक्ल १३ रोज ३	कुलविक्रमध्वज राणा	लेख	शङ्कराचार्यमठमा नगरार्पण	शङ्कराचार्यमठ ।
७७.	वि.सं. १९५२ मार्गशुक्ल १२ रोज ६	-	शिलालेख	कृष्ण, गुह्येश्वरी आदिको स्तुति	कोटिलिङ्गेश्वरमन्दिर-प्राङ्गण ।
७८.	वि.सं. १९५४ चैत्रशुक्ल १५	रणशमशेरकी मुखेनी	शिलालेख	गोरखनाथक्षेत्रमा डम्बरमुक्तेश्वरको स्थापना	गोरखनाथ ।
७९.	वि.सं. १९५६	भागवतभक्त, कृष्णकुमारी, नन्दकुमारी	लेख	पशुपतिमन्दिरमा सिंख्वाअर्पण	पशुपतिमन्दिरप्राङ्गण ।
८०.	वि.सं. १८५८ चैत्रकृष्ण ४ रोज ६	सिद्धिकुमारी वैद्य	घण्टाभिलेख	चाबहिलमा गणेशयात्राको खटमा घण्टाअर्पण	चाबहिल ।
८१.	वि.सं. १९६६ कार्तिकशुक्ल १५	-	लेख	चाबहिलमा गणेशयात्रामा निकालिने गणेशमूर्तिमा न्ह्यापचाअर्पण	चाबहिल ।
८२.	वि.सं. १९६६	चन्द्रशमशेर	लेख	गौरीघाटमा चन्द्रबत्ती स्तम्भस्थापना	गौरीघाट ।
८३.	वि.सं. १९६६ कार्तिकशुक्ल कुष्माण्डनवमी	चन्द्रशमशेर	शिलालेख	लुँहिटीजीर्णोद्धार	नवालीटोल ।
८४.	वि.सं. १९७० वैशाखशुक्ल १०	राम गिरी	शिलालेख	कैलाशमा रामगिरीप्रकाशेश्वरको स्थापना	कैलाश ।
८५.	वि.सं. १९७७	ठाकुरप्रसाद टण्डन	शिलालेख	वनकालीमा प्रस्तरफलक छापेको	वनकाली ।
८६.	वि.सं. १९८१ वैशाख १६ गते रोज २	स्वर्णजङ्ग राणा	शिलालेख	मृगस्थलीमा बखतमुक्तेश्वर, स्वर्णप्रकाशेश्वर, बहादुरजङ्ग, नीलप्रकाशेश्वर र सत्तलको निर्माण	गोरखनाथ मन्दिर प्राङ्गण ।
८७.	वि.सं. १९८६ भाद्र ४ गते रोज २	पूर्ण गिरी	लेख	शङ्कराचार्यमठमा चाँदीको लठ्ठीअर्पण	शङ्कराचार्यमठ ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
८८.	वि.सं. १९८६ कार्तिक	चन्द्रमान, जुजुमान	लेख	चाबहिलमा गणेशयात्रामा निकालिने भैरवलाई खटअर्पण	चाबहिल।
८९.	वि.सं. १९९२ वैशाख-शुक्ल तृतीया	दिव्यलक्ष्मी देवी	घण्टाभिलेख	रामघाटलक्ष्मीनारायणमन्दिरमा घण्टार्पण	मृगस्थली।
९०.	ने.सं. १०६२ (वि.सं.१९९९) आश्विनकृष्ण १२	बुद्धरत्न, चक्रवर, जगत्मान	लेख	आर्यघाटपारि विष्णुमन्दिरमा सुनको मण्डलअर्पण	मृगस्थली।
९१.	वि.सं २०११ कार्तिक	जितराम डङ्गोल, किसनलाल आदि	लेख	चाबहिलमा गणेशयात्रामा निकालिने खटअर्पण	चाबहिल।
९२.	वि.सं. २०१५ आश्विन	श्री ५ महेन्द्रवीर-विक्रम शाह	शिलालेख	चन्द्रविनायकमन्दिरमा पित्तलको छानानिर्माण	चाबहिल।
९३.	वि.सं. २०१५	श्री ५ महेन्द्रवीर-विक्रम शाह	शिलालेख	वनकालीमन्दिरमा पर्खालनिर्माण	वनकाली।
९४.	वि.सं. २०१६	श्री ५ महेन्द्रवीर-विक्रम शाह	शिलालेख	पशुपतिनाथमन्दिरमा सालिकस्थापना	पशुपतिमन्दिरप्राङ्गण।
९५.	वि.सं. २०१८ मार्ग १४ रोज ४	चन्द्रमान डङ्गोल	शिलालेख	अरुणधारापूर्व चैत्यस्थापना	भकुनटोल।
९६.	वि.सं. २०२०	-	लेख	चाबहिल गणेशयात्रामा निकालिने मूर्तिलाई 'हिराफो' गहनाअर्पण	चाबहिल।
९७.	वि.सं. २०२२ मार्ग	श्री ५ महेन्द्रवीर-विक्रम शाह	शिलालेख	रुद्रगारेश्वरमा रुद्रमहायज्ञका लागि चतुर्हस्त कुण्डनिर्माण	रुद्रगारेश्वर।
९८.	वि.सं. २०२५ माघ २८	श्री ५ महेन्द्रवीर-विक्रम शाह	शिलालेख	पशुपतिनाथको चाँदीको जलहरीनिर्माण	पशुपतिमन्दिरप्राङ्गण।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्र.सं.	संवत्	राख्ने व्यक्ति	माध्यम	विषय	ठेगाना
९९.	वि.सं. २०२५ माघ २८	श्री ५ महेन्द्रवीर-विक्रम शाह, श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाह	शिलालेख	पशुपतिनाथमन्दिरको दलिनका बाहिरी सिँख्वाहरू चाँदीले मोरेको	पशुपतिमन्दिरप्राङ्गण ।
१००.	वि.सं २०३३ भाद्र ८	-	शिलालेख	गोरखनाथ तथा जयमङ्गलाको मन्दिरको पुनर्निर्माण	वनकाली ।
१०१.	वि.सं. २०३३ आश्विन ९ गते	भक्तदास श्रेष्ठ	घण्टाभिलेख	भुवनेश्वरीमन्दिरमा घण्टार्पण	भुवनेश्वरीमन्दिर-प्राङ्गण ।
१०२.	वि.सं. २०३३ ज्येष्ठ २६	-	घण्टाभिलेख	भुवनेश्वरीमन्दिरमा घण्टार्पण	भुवनेश्वरीमन्दिर-प्राङ्गण ।
१०३.	वि.सं. २०४३ ज्येष्ठ १०	पञ्चनारायण मानन्धर	घण्टाभिलेख	भुवनेश्वरीमन्दिरमा घण्टार्पण	भुवनेश्वरीमन्दिर-प्राङ्गण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्र अध्याय

पशुपतिक्षेत्रका मूर्तिहरू

कला, वास्तुकलाको दृष्टिकोणबाट हेर्दा पशुपतिक्षेत्र एउटा समृद्ध धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक स्थलको रूपमा रहेको कुरा यहाँ भएका अनगिन्ती मूर्ति र मन्दिरहरूको अवस्थितिले थाहा हुन्छ । वाग्वतीको किनारमा रहेको पशुपतिक्षेत्रको विभिन्न ऐतिहासिक कालहरूमा उल्लेख्य स्थान रहेकोले मुख्यत: धार्मिक एवं पारलौकिक दृष्टिकोणबाट निकै मूर्ति तथा मन्दिरहरू स्थापना हुन गए । नेपालको मूर्तिकलाको इतिहासमा पशुपतिक्षेत्रमा भएका मूर्तिहरूको आफ्नै किसिमको योगदान छ । श्रद्धा, आस्था र भक्तिभाव दर्शाउने प्रमुख केन्द्रको रूपमा पशुपतिक्षेत्र रहेकोले त्यसैबाट अनुप्राणित भएर भक्तजनले पशुपतिनाथको मन्दिरले चर्चेको यस क्षेत्रमा आ–आफ्ना श्रद्धा, विश्वासअनुसारका मूर्तिहरू स्थापना गरेर आफूलाई कृतकृत्य तुल्याए ।

पशुपतिक्षेत्र देवपत्तन नामको पुरानो शहरभित्र पर्दछ । मध्यकालमा देवपत्तन राजधानीकै रूपमां देखापर्दछ । त्यसो भए तापनि त्यस वेला खास यहाँकै स्थानीय बासिन्दाहरूले भन्दा धार्मिक स्थल भएको हुनाले बाहिरिया श्रद्धालुहरूबाट यहाँ बढी मूर्ति तथा मन्दिरहरूको स्थापना भएको पाइन्छ । पवित्र धार्मिक स्थल हुँदा नै कला वास्तुकलाले राम्ररी समृद्ध हुन पाएको देखिन्छ । भगवान् पशुपतिनाथको मन्दिर रहेको कारणले गर्दा पशुपतिक्षेत्रको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको बारेमा पनि विभिन्न अध्यायहरूमा विस्तृत रूपले चर्चा गरिसकिएको छ । धार्मिक तीर्थस्थलको मान्यताले गर्दा विभिन्न ऐतिहासिक कालहरूमा पशुपतिक्षेत्रमा शिवलिङ्गलगायत देवदेवीका विभिन्न स्वरूपका मूर्तिहरू स्थापना भएको पाइन्छ । आ-आफ्नो श्रद्धा, आस्था र विश्वासले स्थापना गरिएका मूर्ति तथा शिवलिङ्गहरूको धार्मिक महत्त्व एवं मान्यताको अतिरिक्त समयको लामो फेरले गर्दा पुरातात्त्विक महत्त्व पनि रहन जाँदा अहिले गएर यहाँ रहेका त्यस्ता शिवलिङ्ग तथा मूर्तिहरू नेपालको अमूल्य निधि बन्न पुगेका छन् ।

पशुपतिक्षेत्रमा रहेका अधिकांश मूर्तिहरू प्रस्तरनिर्मित छन् । यहाँका कतिपय मूर्तिहरू नेपालको प्रतिनिधि मूर्तिकलाका नमूनाको रूपमा छन् । खास गरी पशुपतिक्षेत्रको पूर्वमा मृगस्थली, पश्चिममा धोबीखोला, दक्षिणमा पिङ्गनस्थान, उत्तरमा गौरीघाट तथा ल्होसलाखेलसम्मको सीमाभित्र मूर्तिहरू स्थापित भएका तथा छरिएर रहेका छन् । मूर्तिहरू कुनै मन्दिरमा छन्, कुनै पर्खालमा टाँसिएर राखिएका अवस्थामा छन् त कुनै चारकुने पर्खालभित्र रहेका छन् भने कति यत्रतत्र असरल्ल मिल्किएका अवस्थामा पाइन्छन् । सुरक्षाको अभावको कारणले कैयन् महत्त्वपूर्ण मूर्ति तथा शिवलिङ्गहरू हराए ।

धार्मिक तीर्थस्थलहरूमा मूर्तिहरूको स्थापना गरेमा पुण्यप्राप्ति हुन्छ; मोक्ष पाइन्छ भन्ने धारणा प्राचीन कालदेखि नै नेपाली जनजीवनमा व्याप्त भएकोले पशुपतिक्षेत्रमा अनगिन्ती मूर्ति तथा मन्दिरहरूको स्थापना हुन गएको हो । यो कुरा अभिलेखहरूबाट थाहा हुन्छ । लिच्छवि राजा मानदेव प्रथम (वि.सं. ५२२–५६३ आ.) ले आफ्नी आमा राज्यवतीको पुण्यवृद्धि होस् भन्ने कामनाले तिलगङ्गामा त्रिविक्रम विष्णुको मूर्ति स्थापना गरेको पाइन्छ ।[१]

त्यस्तै गरी आफ्ना मृत नातेदारहरूको सम्झनामा मूर्तिहरू स्थापना गर्ने चलन लिच्छविकालदेखि पछिसम्म पाइन्छ । रत्नसङ्घले संवत् ४०२ (वि.सं ५३८) ज्येष्ठमा स्थापना गरेको प्रभुकेश्वर[२], ध्रुवसङ्घले संवत् ४५५ (वि.सं.

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ३५ पृष्ठ ।

२ ऐजन, ५५-५६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वि.सं. ५९०) चैत्रमा स्थापना गरेका भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर,[३] आभीरी गोमिनीले संवत् ४६२ (वि.सं. ५९८) ज्येष्ठमा स्थापना गरेको अनुपरमेश्वर[४] आदि लिच्छविकालका केही उदाहरणहरू हुन् । यो चलनको पुनरावृत्ति मल्लकाल तथा शाहकालमा पनि पाइन्छ । जसको कारण आफ्नो मृतक नातेदारहरूको सम्झनामा मूर्ति तथा मन्दिरहरू स्थापना भएका छन् । विजयपालकी छोरी अमृतदेवीको सम्झनामा संवत् ३५६ (वि.सं. १२९३) आषाढमा महागौरीको स्थापना गरिएको थियो ।[५] शाहकालमा पनि यस्ता उल्लेखहरू पाइन्छन् । मुहारविहीन सादा लिङ्गहरू शाहकालमा प्रशस्त स्थापना भए । त्यसमा नर्मदालिङ्ग, वाणलिङ्ग पनि छन् ।

पशुपतिक्षेत्रमा लिच्छविकाल तथा त्यसभन्दा अगाडिदेखिका प्रस्तरमूर्तिहरू छन् । एक–दुइवटा बाहेक त्यस्ता सबै मूर्तिहरू सयौं वर्षको घामपानी सहेर रहेका छन् र आश्रयको खोजीमा छन् । प्राचीन मूर्तिहरू पुरातात्त्विक दृष्टिले निकै महत्त्वका हुन्छन्, तर यस क्षेत्रमा असुरक्षित अवस्थामा बाहिर रहेको कारण त्यस्ता कैयन् मूर्ति तथा शिवलिङ्गहरू हराइसके । यहाँ भएका प्राचीन केही मूर्तिहरूले परम्परागत मान्यता अझसम्म ओगट्न सकी आफ्नो वैभवलाई कायम राखी दिनानुदिन धार्मिक महत्त्वमा अभिवृद्धि पनि गर्दै छन् । तर कैयन् प्राचीन मूर्ति तथा शिवलिङ्गहरू भने 'भिल्लको देशमा मणि' भने झैं बेगिन्ति फ्यालिएका छन् । स्थापना हुँदा मन्दिरभित्र थापिएका मूर्तिहरू कालक्रम र अव्यवस्थाले गर्दा मन्दिरविहीन भइसकेका छन् । पुग्दो जग्गा-जमीनको गूठी राखी व्यवस्था बाँधिएको बन्दोबस्त विलीन भइसकेका छन् । फलतः आज कति मूर्तिहरू बेवारिस एवं महत्त्वविहीन झैं हुन पुगेका छन् । धार्मिक, ऐतिहासिक एवं पुरातात्त्विक महत्त्व भए तापनि संरक्षण, संवर्द्धनको अभाव खट्किएको पाइन्छ । मूर्ति, मन्दिर स्थापना गरी उहिले सम्बन्धित मन्दिर तथा मूर्तिको लागि छोडिएको वा गूठीस्वरूप राखिएको जग्गाजमीन अहिले व्यक्तिविशेषले आफ्नो सम्पत्ति बनाउने बढ्दो प्रवृत्तिले गर्दा मूर्ति-मन्दिरहरू व्यक्तिगत झैं हुन पुगेका छन् । त्यस्ता कति मूर्ति एवं शिवलिङ्गहरू चोक, बारी, बगैंचामा असरल्ल मिल्किएका छन् । केहीलाई जानाजान पुरिएको वा गायव पारिएको पनि पाइन्छ । मूर्ति, मन्दिर भएन भने जग्गालाई व्यक्तिगत पार्न सजिलो पर्छ भन्ने धारणाअनुरूप भएका मूर्तिहरूलाई पुरिदिने वा गायब पार्ने प्रचलनले बढावा पाएको छ । धर्म-संस्कृतिप्रति कम झुकाव र लगावको कारणले नै यस्ता विकृतिहरू समाजमा देखापरेका हुन् जसको कारण धर्म-संस्कृतिका आधारशिलाहरूकै अवमूल्यन भइरहेको छ ।

नेपालको सबै ऐतिहासिक कालका प्रतिनिधित्व गर्ने मूर्तिहरू पशुपतिक्षेत्रमा हुनु यहाँको विशेषता नै भएको छ । त्यति मात्र होइन यहाँ वैदिक, बौद्ध, जैन आदि मतका मूर्तिहरू तथा आराध्यस्थलहरू हुनु झन् अर्को विशेषता हो । नेपालमा प्रचलित हिन्दूधर्मको यो धार्मिक सद्भावको पक्ष अत्यन्त अनुकरणीय छ । बुद्ध तथा लोकेश्वरका मूर्तिहरू तथा स्तूप र प्रस्तरनिर्मित चैत्यहरू पशुपतिक्षेत्रमा हुनु तथा समान श्रद्धा र आस्थासाथ तिनीहरूलाई आत्मसात् गरिनु कम उल्लेखनीय छैन । त्यस्तै वैदिक धर्मअन्तर्गत पनि वैष्णव, शैव, शाक्त र स्मार्त मतसँग सम्बद्ध मूर्तिहरूको अधिकता पाइनु तथा विष्णु र शिव एक अर्कामा भिन्न छैनन् अभिन्न छन्, दुवै एकै हुन् भन्ने भाव र धारणाले निर्मित 'शङ्करनारायण' को प्राचीन परम्पराको मूर्त रूपको प्रहिलो उदाहरण पशुपतिक्षेत्रमा पाइनु आदिले गर्दा धार्मिक एवं साम्प्रदायिक सद्भावको विकासमा पशुपतिक्षेत्रले निर्वाह गरेको महत्ता उल्लेख्य मान्नुपर्छ ।

विभिन्न ऐतिहासिक कालका मूर्तिहरू यहाँ विद्यमान भएको कुरालाई हेर्दा अभिलेखहरूले यो क्षेत्रलाई 'देवग्राम' भनी जुन उल्लेख गरेका छन्, त्यसको कारण पत्ता लगाउन गाह्रो पर्दैन । विविध मत तथा सम्प्रदायसँग सम्बन्ध राख्ने मूर्तिहरूको बाहुल्य प्राचीन कालदेखि रहेकोले नै यो क्षेत्रलाई देवग्राम भनिएको हो भन्ने निश्चित छ ।

---

३ *ऐजन*, १५५-५७ पृष्ठ ।

४ *ऐजन*, १७०-१७१ पृष्ठ ।

५ रामजी तेवारी, धनवज्र वज्राचार्य आदि (सम्पा.), *अभिलेखसङ्ग्रह*, दोस्रो भाग, (काठमाडौं: संशोधन-मण्डल, वि.सं. २०१८), १४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काठमाडौँखाल्डोका अनेक प्राचीन बस्तीहरूमध्ये देवपाटन पनि एक हो । प्राचीन बस्ती एवं वाग्वतीको किनारमा अवस्थित पशुपतिनाथको महत्त्वको कारण तथा उपयुक्त प्रकारको बनोट र धार्मिक श्रद्धाभावले गर्दा यस क्षेत्रको आफ्नै प्रकारको विशेष महत्त्व रहन गएको देखिन्छ । यही सकारात्मक वस्तुस्थितिले गर्दा इतिहासमा अनेक वंशको परिवर्तनको फलस्वरूप राजवंशमा नै फेरबदल भए तापनि यस क्षेत्रको मूल्य र मान्यतामा केही फरक पारेन । काठमाडौँखाल्डोका अन्य प्राचीन ठाउँहरूका इतिहास जस्तै यहाँका मन्दिर, देवालय, ढुङ्गेधारा, विहार, स्तूप, चैत्यसँग अनगिन्ती कथा र किंवदन्ती गाँसिएका छन् ।

पशुपतिक्षेत्रमा अहिले भएका सबैजसो मूर्तिहरू प्रस्तरनिर्मित छन् । धातुनिर्मित मूर्तिहरूको यहाँ अभाव छ । पशुपतिनाथमन्दिरप्राङ्गण, गुह्येश्वरीमन्दिरमा रहेका सालिक, सिंहका मूर्ति र विश्वरूपामा रहेको कामकामेश्वरी र त्यहीँकै केही अन्य युगल मूर्तिहरूबाहेक अहिले त्यहाँ धातुका मूर्तिहरू छैनन् भने हुन्छ (चित्रसङ्ख्या १८२, १८३) । पशुपतिमन्दिरप्राङ्गणको उत्तर-पश्चिमस्थित मण्डपनिर्माणको क्रममा चन्द्रशमशेरको प्रधानमन्त्रित्वकालमा केही धातुका पूर्णकदका मूर्तिहरू प्राप्त भएका थिए तिनीहरू सुरक्षापूर्वक नराखिएकोले सबै चोरिए । ती कसका मूर्ति थिए ? कुन ऐतिहासिक कालसँग सम्बद्ध राख्थे ? केही थाहा लाग्दैन ।[६]

पशुपतिक्षेत्रमा स्थापित मूर्तिहरू नेपालको अरू भागमा भएका मूर्तिहरू जस्तै अज्ञात नेपाली कलाकारहरूद्वारा निर्मित छन् । बनाउने कलाकारको नाम उत्कीर्ण गर्ने सामान्यतया प्रचलन नभएकोले पनि त्यसो हुन गएको हो । नवालीटोलस्थित महागौरीको मूर्ति बनाउने शिल्पकार नन्दपाल एक जनाबाहेक अरूको नाम थाहा हुन सकेको छैन । यहाँ मूर्तिकलाको विकासक्रमको दृष्टिले चर्चा गर्नुभन्दा पनि भएका उल्लेख्य मूर्तिहरूको विवरण सङ्क्षिप्त रूपमा दिन खोजिएको छ । यहाँको मूर्तिकलाको आधारमा मात्र नेपालको मूर्तिकलाको उद्भव, विकास र स्थितिको बारेमा चर्चा गर्दा अधूरो अध्ययन हुने तथा ती सबैलाई समेटेर अध्ययन गर्दा विषयवस्तु बाहिर जान सक्ने भएकोले पनि सङ्क्षिप्त विवरणबाहेक यस सम्बन्धमा विस्तृत अध्ययन गर्नु उपयुक्त देखिएन ।

पशुपतिक्षेत्रवरपर रहेका मूर्तिहरूमध्ये धेरैजसो मूर्ति फुटेका र भग्न देखिन्छन् । यी मूर्तिहरू किन वा कसरी फुटे ? कौतूहलको विषय हुनु स्वाभाविकै हो । यस्ता मूर्तिहरू हेर्दा तिनीहरू बलजफ्ती फुटालेको देखिन्छ । आराध्य रूपमा पूजाआराधना गरिने मूर्तिहरूलाई वैदिक, बौद्ध धर्मावलम्बीहरूले निश्चय पनि फुटालेका होइनन् । मूर्तिपूजा विरोधीहरूको यसमा हात देखिन्छ । वि.सं. १४०६ मा बङ्गालका सुल्तान शमसुद्दीनको आक्रमण काठमाडौँखाल्डोले खेप्नुपरेको तथा त्यस आक्रमणले पशुपतिनाथ, स्वयम्भू, पिम्बहाल आदि प्रसिद्ध साधनास्थलहरू तहसनहस पारेको उल्लेख पाइनाले यहाँका महत्त्वपूर्ण मूर्तिहरू बिगार्ने, फुटाल्ने काममा तिनै सुल्तान र उनका फौजको हात रहेको देखिन्छ । त्यस्तो नहुँदो हो त यहाँका मूर्तिहरू विरूप हुने गरी तहसनहस गरिने थिएनन् । वंशावलीहरूमा ती सुल्तानले पशुपतिनाथमन्दिरलाई आगो लगाइदिएको विवरण पाइन्छ । मन्दिर जलाउन सक्ने व्यक्तिले यहाँका मूर्तिहरूलाई फुटालेनन् भन्न सकिन्न ।[७]

पशुपतिक्षेत्रमा भएका मूर्तिहरूमध्ये कतिपय उल्लेख्य मूर्तिहरू पशुपतिनाथमन्दिरप्राङ्गणभित्र छन् । तर यस क्षेत्रमा तस्वीर खिच्न निषेध भएकोले तस्वीरसहित विस्तृत रूपमा तिनीहरूबारे बताउन सकिएन । मूर्तिहरूको तथ्य समय खुट्याउने काममा अरूतिर देखिएको समस्या पशुपतिक्षेत्रका मूर्तिहरूमा पनि छ । एक-दुइवटा मूर्तिहरूमा बाहेक अरूमा तिथिमिति नपाइने हुनाले तिनमा पाइने शैलीगत ढाँचा र लक्षणहरूबाट अनुमानित समय बताउनुपर्ने स्थिति

६ देख्ने-सुन्नेहरू त्यस वेला यहाँ तेह्रवटा पूर्णकदका मूर्तिहरू प्राप्त भएको एवं सबै मूर्तिहरू सुनको मोलम्बायुक्त भएको बताउँछन् ।

७ धनवज्र वज्राचार्य (प्र.सम्पा)., *इतिहास-संशोधनको प्रमाणप्रमेय,* पहिलो भाग, (ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९), १९२-१९३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । अर्को कुरा कतिपय प्रमुख मूर्तिहरू पशुपतिक्षेत्रबाट हराइसकेकाले आजभन्दा केही वर्ष पहिले जसरी पशुपतिक्षेत्र मूर्तिकलाको दृष्टिले महत्त्वपूर्ण स्थल मानिन्थ्यो अहिले दिनानुदिन त्यो प्रतिष्ठा घट्दै गइरहेको देखिन्छ ।

मूर्तिहरूमा शैलीगत प्रभावको कुरा गर्दा मथुरा-कुषाणशैलीबाट प्रभावित प्रारम्भका केही मूर्तिहरू पाइँदा तात्कालिक परिस्थितिलाई अङ्गीकार गर्नबाट नेपाली समाज वञ्चित नभएको देखिनुका साथै त्यति हुँदा पनि आफ्नो मौलिकपन र परिवेशअनुकूल पारी नेपाली ढाँचा र शैलीको आफ्नै परम्परा मौलाउने अवसरको सूत्रपात हुनु वैशिष्ट्यपूर्ण छ । जसको कारण मूर्तिहरू नेपाली शैली अर्थात् आफ्नै शैलीमा विकिसित हुन पुगे । लिच्छविकाल, मध्यकाल, मल्लकाल र शाहकालमा आ–आफ्नै परिस्थितिअनुरूप मूर्तिहरू बने । यसले गर्दा हेर्नासाथै कुन मूर्ति कुन कालमा बनेको हो भनेर छुट्याउन त्यति गाह्रो पर्दैन । तर त्यसमा लिच्छविकाल प्रस्तरमूर्तिकलाको दृष्टिले सबैभन्दा समृद्ध युग हो । त्यस कालमा जसरी सुसंस्कारपूर्ण, आकर्षक र प्रभावोत्पादक मूर्तिहरूको निर्माण भए त्यसरी त्यसभन्दा पछि बन्न सकेनन् । पछि गएर तान्त्रिक मतको जटिलताले गर्दा देवदेवीका मूर्तिहरूमा नयाँ आयाम थपियो । सरलताको ठाउँमा जटिलता थपियो । सहजस्वरूपको सट्टा भव्यता प्रदान गर्न बढी छिनो चलाइयो । फलत: गरगहनाहरू बढी प्रयोग हुन थाले । धेरै हात, टाउका भएका मूर्तिहरूले प्राधान्य पाए । आभरण र ज्वालावलीहरू पनि बढी कलात्मक पारिन थालिए । यसरी मूर्तिमा शृङ्गार बढ्यो । यो प्रभाव समान रूपले सबै मतका मूर्तिहरूमा पाइन्छ ।

पशुपतिक्षेत्रमा भएका मूर्तिहरूलाई देहायअनुसार सात भागमा विभाजन गरी सङ्क्षिप्त रूपमा यहाँ तिनीहरूको चर्चा गरिएको छ ।

१.	शिवमूर्ति	२.	विष्णुमूर्ति	३.	मातृकामूर्ति
४.	गणेशमूर्ति	५.	सूर्यमूर्ति	६.	बुद्धमूर्ति
७.	विविध मूर्ति				

१२.१ शिवमूर्तिहरू

पशुपतिक्षेत्रमा शिवका विभिन्न स्वरूपका मूर्तिहरूलाई भिन्न–भिन्न कालमा भक्तहरूले स्थापना गरेका छन् । तर सादा शिवलिङ्ग र मुखलिङ्गहरूको सङ्ख्या अरू मूर्तिहरूको तुलनामा बढी छन् । खास गरी यहाँ (क) एकमुखे शिवलिङ्ग (ख) चारमुखे शिवलिङ्ग (ग) आकारविहीन सादा शिवलिङ्ग (घ) एक्लै उभिएको शिव (ङ) भैरव (च) उमामहेश्वरस्वरूपका मूर्तिहरू छन् । यहाँ भएका शैव मूर्तिहरू एवं लिङ्गहरू नेपालको मूर्तिकलाको इतिहासमा महत्त्वपूर्ण स्थान राख्दछन् । पशुपतिक्षेत्र शताब्दीयौँअघिदेखि पावन शैव तीर्थस्थलको रूपमा प्रसिद्ध रहिआएकोले यहाँ शैव मूर्तिहरू एवं लिङ्गहरूको बाहुल्य हुनु स्वाभाविक हो । यहाँ भएका शैव मूर्तिहरूलाई मुखलिङ्ग तथा मूर्तिहरूको रूपमा विभाजित गरी अध्ययन गर्नु सामयिक देखिने हुनाले यसैअनुसार सङ्क्षिप्त टिपोट दिनुपरेको छ ।

१२.१.१ मुखलिङ्ग

भगवान् शिवलाई मूर्ति र लिङ्गको रूपमा पूज्ने चलन प्राचीन कालदेखि नै चल्दैआएको छ । मूर्तिलाई सकल, लिङ्गलाई निष्कल भावले शैवानुयायीहरू पूज्दछन् । निष्कल रूपले पूजिने लिङ्गमा पनि एक थरी सादा र अर्को थरी मुखाकृति भएको पाइन्छ । पशुपतिक्षेत्र मुख्यत: शैव क्षेत्रको रूपमा प्रसिद्ध पाएको हुनाले यहाँ सादा एवं मुखलिङ्ग प्रशस्तको सङ्ख्यामा छन् । कतिपय सादा शिवलिङ्गहरूमा लेख नै उत्कीर्ण भएको हुनाले शिवलिङ्गको विकासको अध्ययनको क्रममा यिनीहरू उल्लेख्य मानिन्छन् । शिवलिङ्गहरू बारी, बगैंचा, चोक र घरका छिंडीहरूमा पनि देख्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छन् । पुराना शिवलिङ्गहरू यस रूपमा देख्दा अहिले बारी, बगैंचा, चोक भएका ठाउँहरू पहिले खुला स्थल र देवस्थल थिए भन्ने सहजै अनुमान गर्न सकिन्छ । सादा शिवलिङ्गहरूमा साना वाणलिङ्गदेखि ठूला मानुषलिङ्गहरूसमेत पाइन्छन् । नेपालको नै सबैभन्दा मोटो छैटौं-सातौं शताब्दीताकाको विराटेश्वर नामको शिवलिङ्ग (चित्रसङ्ख्या १) यहीँ छ । शिवलिङ्गलाई पशुपतिक्षेत्रमा विविध रूपले महत्त्व दिएको पाइन्छ । मुख्यतः पशुपतिनाथमन्दिरको नयाँ पुजारी नियुक्त हुँदा र भँडारीको व्रतबन्ध गर्दा यहाँ भएका मुख्य–मुख्य एघारवटा ठाउँमा दर्शन र शपथका लागि जानुपर्ने चलन छ । ती एघारवटा ठाउँलाई एकादश रुद्रको प्रतीकको रूपमा लिइन्छ । तिनीहरूमध्ये केही शिवलिङ्ग छन् । यस्तै गरी लिङ्गयात्रा, उपलिङ्गयात्राको क्रममा पनि यहाँ भएका कतिपय लिङ्गलाई पूजा गर्नुपर्ने चलन छ ।

पशुपतिक्षेत्रमा भएका मुखलिङ्गहरू यस सन्दर्भमा उल्लेखनीय मान्नुपर्दछ । नेपालमा भएका प्राचीन र उल्लेख्य शिवलिङ्गहरू पशुपतिक्षेत्रमा छन् । शिवलिङ्गको रुद्रभाग अर्थात् पूजाभागमा एकदेखि पाँच मुख बनाएर शिवको पाँच विविध रूप– तत्पुरुष, अघोर, सद्योजात, वामदेव र ईशानलाई व्यक्त गरिन्छ । ईशानस्वरूपचाहिँ अव्यक्त मानिन्छ ।[८] यो शिरोभाग हो र मुखविहीन हुन्छ । मुखलिङ्गको सन्दर्भमा ईशानलाई समावेश नगरी चतुर्मुखको मात्र उल्लेख गरिएको पनि पाइन्छ ।[९]

'मुखलिङ्गं त्रिवक्त्रं वा एकवक्त्रञ्चतुर्मुखम्' अर्थात् मुखलिङ्ग एक मुखे, तीनमुखे वा चारमुखे हुन्छ । *रूपमण्डन* नामको प्रतिमालक्षणसम्बन्धी ग्रन्थमा एक मुखवाला लिङ्गमा मुखलाई सामुन्नेमा बनाउनुपर्ने निर्देश पाइन्छ । तीनमुखवाला शिवलिङ्गमा पछाडिपट्टि मुख हुँदैन । एक मुख बीचमा तथा दुइ मुख दायाँ-बायाँ बनाइन्छन् । चतुर्मुख शिवलिङ्गमा चार मुख चार दिशामा बनाइन्छन् । पूर्वको मुखलाई तत्पुरुष, दक्षिणको मुखलाई अघोर, पश्चिमको मुखलाई सद्योजात, उत्तरको मुखलाई वामदेव भनिन्छ । पशुपतिक्षेत्रमा एक मुख र चर्तुर्मुखवाला शिवलिङ्गहरू ज्यादा छन् । मुखलिङ्गको महत्त्वको कारण कतिपय यस्ता शिवलिङ्ग हराइसकेका छन् ।

मुखलिङ्गहरूमा आर्यघाटपारि रहेको श्लेष्मान्तकेश्वर नामको एकमुखे शिवलिङ्ग ज्यादै सुन्दर छ (चित्रसङ्ख्या १५६) । पश्चिमाभिमुख भएर रहेको यो शिवलिङ्ग सौम्य मुद्रामा छ । आकर्षक जटामुकुट टाउकोमा परिधानको रूपमा रहेको यो मुखलिङ्गलाई उमाको स्वरूपमा देख्ने पनि छन् । तर त्रिनेत्र र नारीगत विशेषता नभएको यो मुखलिङ्ग भगवान् शिवकै प्रतिनिधित्व गर्दछ । केही अगाडि आएको चुच्चे नाक, लामो कान तथा माथिल्लो ओठभन्दा तल्लो ओठ केही ठूलो भएको यो मुखलिङ्गमा एक प्रकारको सौन्दर्य छ र जो कोहीलाई मुग्ध पार्दछ । यो सौन्दर्यलाई देख्न नसकी हालसालै कुनै कुबुद्धि भएकोले नाक फुटाली मुखलिङ्गलाई विरूप तुल्याइदिएको छ । प्रतापादित्य पालले यो मुखलिङ्गलाई भारतको खोहको एकमुखे लिङ्गसँग तुलना गरी ईस्वीको पाँचौं शताब्दीको समय दिएका छन् ।[१०] खोहको मुखलिङ्गसँग त्यति तुलनीय नभए पनि यो मुखलिङ्गमा निहित विशेषताहरूलाई हेर्दा यो विक्रमको चारौं–पाँचौं शताब्दीमा निर्मित देखिन्छ ।

एकमुखे शिवलिङ्गको सन्दर्भमा भण्डारेश्वर (चित्रसङ्ख्या २), कुशेश्वर (चित्रसङ्ख्या ३), विश्वामित्रेश्वर (चित्रसङ्ख्या ४), चौसट्ठीलिङ्गस्थानको पूर्णेश्वर, वचलेश्वर (चित्रसङ्ख्या ५), पशुपतिनाथमन्दिरप्राङ्गणको सिद्धेश्वर

---

८ सद्यो वामं तथाऽघोरं तत्पुरुषं चतुर्थकम् ।
पञ्चमञ्च तथेशानं योगिनामप्यगोचरम् ॥
बलराम श्रीवास्तव (सम्पा.), *रूपमण्डन*, (वाराणसी: मोतीलाल बनारसीदास, (वि.सं. २०२१), ४।९४, १७९ पृष्ठ ।

९ मुखलिङ्गं त्रिवक्त्रं वा एकवक्त्रञ्चतुर्मुखम् ।
सम्मुखं चैकवक्त्रं स्यात्त्रिवक्त्रे पृष्ठतो नहि ॥
ऐजन, ४।९२, १७९ पृष्ठ ।

१० Pratapaditya Pal, *The Arts of Nepal*, Part I, (Leiden: E.J. Brill, 1974 A.D.), p. 84.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख्य मानिन्छन् । तिनीहरूमा श्लेष्मान्तकेश्वरसँग केही हदसम्म सौन्दर्यमा सामञ्जस्य राख्ने एकमुखे लिङ्गमा विश्वामित्रेश्वर छ । जटामुकुटको शैली र शिवको जटा कानको पछाडिबाट खसेको दुवैमा उस्तै छ । तर विडम्वना सो मुखलिङ्गको अग्रभाग फुटेकोले यसको सौन्दर्यको आस्वादन गर्नबाट विमुख हुनुपरेको छ । यसमा दायाँ हात अभयमुद्रामा छ । बायाँ हातमा कमण्डलु छ । दायाँ अभयमुद्रामा रहेको हातको हत्केलाको रेखीसमेत सबै अझै स्पष्ट देखिन्छ । मुलखिङ्गको लिङ्ग भागमा भएको प्रस्तरपालिस चोइटा–चोइटा परेर गएको छ । बाँकी भागले आफ्नो सौन्दर्यलाई व्यक्त गरिरहेको छ । श्लेष्मान्तकेश्वरकै समयको हाराहारीको हुन सक्ने यो मुखलिङ्ग अहिले एउटा चोकमा यसै अलपत्र रहेको छ । छैटौं-सातौं शताब्दीताकाको हुन सक्ने अचलेश्वरननीमा रहेको शिवलिङ्ग (चित्रसङ्ख्या १५९) को मुखभाग दायाँ हातबाहेक सम्पूर्ण फुटेकोले यसको बारेमा त्यति धेरै कुरा जान्न सकिदैन । यहि चोकमा रहेको वचलेश्वर (चित्रसङ्ख्या ५) नामको मुखलिङ्ग लघु आकारमा छ । यसको मुखभाग धेरै नै खिइएको छ । घाँटीमा लगाएको माला र तल झरेको केश केही देख्न पाइन्छ । यो चौधौं-पन्ध्रौं शताब्दीताकाको हुनुपर्ने देखिन्छ ।

पशुपतिक्षेत्रमा भएका चतुर्मुखी लिङ्गहरूमा प्राचीनताको दृष्टिकोणले भूतेश्वर (चित्रसङ्ख्या ६), तथा पञ्चदेवलको बाहिर दक्षिण–पूर्व दिशामा रहेको शिवलिङ्ग (चित्रसङ्ख्या ७) उल्लेखनीय थिए । तर अपशोच ती दुवै मूर्तिहरू वि.सं. २०४२ मा हराए । भूतेश्वरको चारैतर्फका मुख निकै सौन्दर्यपूर्ण थिए । तिनमा निहित केशविन्यास, सन्तुलित तालमान र सौम्यताले गर्दा भूतेश्वर लोभलाग्दो शिवलिङ्गको रूपमा वत्सलेश्वरीमन्दिरको पूर्वतर्फ आर्यघाटको पुलपारि रहेको थियो । अघोरमुहारको केशविन्यास बुद्धको मूर्तिको जस्तो हुनाले बुद्धको सम्झना यसले गराउँदथ्यो । सतीप्रथा कायम रहुन्जेल भूतेश्वरलाई खुबै मानिन्थ्यो । अग्निज्वालामा जिउँदै होमिन पुगेकी सतीनारी चिताबाट बौरिन थालेमा भूतेश्वरमा पूजा गरेपछि शान्त भई सजिलै जल्छिन् भन्ने विश्वास त्यस वेला गरिन्थ्यो ।

भूतेश्वरकै शैलीमा पञ्चदेवलबाहिर एकमुख लिङ्ग (चित्रसङ्ख्या ७) रहेको थियो । ती दुइ शिवलिङ्गमा धेरै समानताहरू विद्यमान थिए । चारै मुहार सौम्य मुद्रामा हुनु, सौन्दर्यपूर्ण अनुहार, सुहाउँदो गरगहना र केशविन्यासको प्रयोग यसका विशेषता थिए । टाउकोपछाडिको बुट्टे पट्टा आकर्षक थियो । दायाँ हात अभयमुद्रा र बायाँ हातमा कमण्डलु उक्त मुखलिङ्गमा जस्तै यसमा पनि थियो । चारैवटा मुहारको निधारमा त्रिनेत्र हुनु यसको अर्को विशेषता थियो । ठाडो नेत्रको सट्टा यसमा तेस्रो नेत्रहरू निधारमा उत्कीर्ण थिए । विक्रमको पाँचौं-छैटौं शताब्दीताका निर्मित भव्य र आकर्षक ती मुखलिङ्गहरू हाम्रो सामु अहिले छैनन् ।

पशुपतिनाथमन्दिरको मूल ढोकाबाहिर पश्चिमपट्टि बेलको रूखमुनि रहेको प्रतापेश्वर नामको चतुर्मुख शिवलिङ्ग यहाँको अर्को उल्लेख्य लिङ्ग हो (चित्रसङ्ख्या ८) । यसलाई केही इतिहासकारहरूले पशुपतिनाथको मूल लिङ्ग मानेका छन् ।[११] तर यो पशुपतिनाथको मूल लिङ्ग होइन भन्ने बारेमा अघिल्लो अध्यायमा चर्चा गरिसकिएको छ । यो शिवलिङ्ग सग्लो रूपमा छ । पहिलेको यो शिवलिङ्ग अहिले काठमाडौं महानगरपालिका वडा नं. ८ को भवन बनेको ठाउँमा थियो । सो भवन बनाउँदा यो शिवलिङ्गलाई यहाँ ल्याई राखिएको हो । नजान्ने व्यक्तिहरूले सारेकोले हुन सक्छ जलहरी पूर्वपट्टि फर्काइएको छ । तत्पुरुषमुहार दक्षिणतर्फ परेको छ, अघोर पश्चिमतर्फ, सद्योजात उत्तरतर्फ र वामदेव पूर्वपट्टि फर्काइएको छ । यस मुखलिङ्गका मुहारहरू सौम्य मुद्रामा रहेका छन् । अरू मुखलिङ्गमा जस्तै दायाँ हात अभयमुद्रामा छ र बायाँ हातमा कमण्डलु समातेको रूपमा मुखलिङ्ग बनाइएको छ । अघोरमुहारको कपाल घुङ्गुरिएको तथा अरू मुहारमा थरी–थरीका केशविन्यासले जटामुकुट बनाइएको छ । घाटीमा एकसरो हारसिवाय केही छैन । कानमा कुण्डल छ । तत्पुरुषमुहारको केशविन्यास कलात्मक किसिमले मालाले सजाइएको छ । भूतेश्वर तथा

---

११ (क) D.R. Regmi, *Ancient Nepal*, First Edition, (Calcutta: Firma K.L. Mukhopadhyay, 1960 A.D.), p. 68.
(ख) जगदीशचन्द्र रेग्मी, *नेपालको धार्मिक इतिहास*, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३०), १५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चदेवलबाहिरको माथि चर्चित शिवलिङ्गमा भन्दा भिन्न बुट्टे पट्टा टाउकोपछाडि नभईकन हातको केही तल वरिपरि दिइएको छ । पाँचौं-छैटौं शताब्दीताकाको हुन सक्ने यो शिवलिङ्ग पहिले घामपानीले बिग्रन खोजे पनि अहिले यो मुखलिङ्गलगायत अरू केही मूर्तिहरूलाई ढाक्ने गरी सानो मन्दिर बनाइएको छ ।

चतुर्मुख शिवलिङ्गहरूको चर्चाको सन्दर्भमा भुवनेश्वर (चित्रसङ्ख्या १०) पनि उल्लेखनीय छ । यो चतुर्मुख लिङ्गहरूमा आइपुग्दा समयको फेरले गर्दा निकै परिवर्तन आइसकेको स्पष्ट देख्न पाइन्छ । जटामुकुट तथा केशविन्यासमा भद्दापन, मुहारमा सौन्दर्य प्रदान गर्ने तत्त्वको कमी हुनु, हातहरू भद्दा हुनु आदिले यो मुखलिङ्ग नवौं-दशौं शताब्दीताकाको सृजना हुन सक्ने देखिन्छ । एघारौं-बाह्रौं शताब्दीको जस्तो देखिने शिवलिङ्ग आर्यघाटपारिको कलियुगेश्वर (चित्रसङ्ख्या ११) को छ ।

प्रस्तरमा बाहेक धातुमा बनाएको शिवलिङ्ग पनि नेपालमा प्रचलनमा रहेको थियो । नवालीटोलमा रहेको ताम्रेश्वर शिवलिङ्ग पूरै तामाबाट निर्मित छ (चित्रसङ्ख्या १५८) । तामाको पातामा नभईकन तामालाई गालेर साँचोमा ढाली बनाइएको यो शिवलिङ्गले शिवलिङ्गको निर्माणमा नौलो आयाम थापिदिएको छ । प्रस्तरको जलहरीको बीचमा निर्मित यो शिवलिङ्गको चारैतिर शिवका चार मुहारहरू रहेका छन् । झट्ट हेर्दा प्रस्तरमा निर्मित हो जस्तो लाग्दछ तर नजिकमा गई राम्ररी हेरेमा तामाबाट बनेको स्पष्टसँग देख्न सकिन्छ । ताम्रेश्वरका चारै मुहारहरू सौम्य देखिन्छन् । मुखलिङ्गमा नाक केही चुच्चो देखाइएकोले केही भद्दा भएको हो कि जस्तो लाग्दछ । चारै मुहारका मुकुटहरू फरक-फरक छन् । अघोर मुहारपट्टिको केशविन्यास अरू मुहारको भन्दा आकर्षक छ । उत्तरपट्टिको मुहार उमामहेश्वरस्वरूपको हो भन्ने देखाउन मुकुट एउटै भए तापनि आधा एक किसिमको छ भने आधा अर्कै किसिमको छ । हातमा अक्षमाला भईकन अभयमुद्रामा छ । बायाँ हातमा कमण्डलु छ । यो मुखलिङ्गको टाउकोपछाडिको पट्टा अरूमा भन्दा भिन्न बुट्टाविहीन छ । सद्योजातमुहारको मुकुटको बीचमा चन्द्रमाको आकृति छ । मुकुट तीन चोसे छ । भुवनेश्वर (चित्रसङ्ख्या ९), पञ्चदेवल (चित्रसङ्ख्या १०) को मुखलिङ्गभन्दा केही पछिको देखिने यो शिवलिङ्ग दशौं-एघारौं शताब्दीताका निर्मित देखिन्छ ।

पशुपतिनाथको मन्दिरभित्र रहेको वर्तमान मुखलिङ्ग भव्य र आकर्षक मुखलिङ्ग मध्येको एक हो । यद्यपि यो विक्रमको पन्ध्रौं शताब्दीको प्रारम्भमा निर्मित भएको हो । तर यस मुखलिङ्गमा निहित गुण र विशेषतालाई हेर्दा कसैले पनि यसलाई पन्ध्रौं शताब्दीको प्रारम्भको भन्न सक्तैन । सौम्य र सुन्दर मुखाकृति, सुहाउँदो गरगहनाको प्रयोग, सन्तुलित तालमानले गर्दा आकर्षक बन्न पुगेको छ । चारै मुहारपट्टि दायाँ हात अभयमुद्रामा छ भने बायाँ हातमा कमण्डलु छ । कालो कडा प्रस्तरमा निर्मित यो मुखलिङ्गमा नित्यनैमित्तिक पूजाआजाले गर्दा जीवन्त तुल्याएको छ ।

विक्रमको अठारौं-उन्नाइसौं शताब्दीताका निर्मित पादवेश्वर नामको मन्दिरमा पनि चतुर्मुख लिङ्ग रहेको थियो (चित्रसङ्ख्या १२) । तर वि.सं २०४२ मा यो लिङ्ग हरायो । यो मुखलिङ्ग कलाकारिताको दृष्टिकोणले त्यति उल्लेख्य नभए पनि धार्मिक विश्वास र मूर्तिकलाको विकासक्रमको अध्ययनको लागि भने महत्त्वपूर्ण थियो । यसै शताब्दी-ताकाको हुन सक्ने लघु आकारको एउटा चतुर्मुख शिवलिङ्ग आर्यघाटपारिको विष्णुमन्दिरको पूर्वपट्टि रहेको छ (चित्रसङ्ख्या १३) ।

१२.१.२ मूर्तिहरू

मुखलिङ्गबाहेक साकार रूपका प्रतीकस्वरूप शिवका अनेक किसिमका मूर्तिहरू प्रचलनमा छन् । पशुपतिक्षेत्रमा प्रचलनमा पाइने मुख्य-मुख्य स्वरूपका मूर्तिहरू निकैको सङ्ख्यामा छन् । पशुपतिक्षेत्र शैव धर्मको प्रमुख स्थल भएको हुनाले यहाँ विविध किसिमका मूर्तिहरू स्थापना गरिए । धार्मिक-आध्यात्मिक महत्त्वको अतिरिक्त यी मूर्तिहरू मूर्तिकलाको दृष्टिले पनि उल्लेखनीय मानिन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.१.२.१ उमामहेश्वर

उमामहेश्वर मूर्तिहरूको क्रममा प्रचलित शैलीभन्दा भिन्न शैलीको एउटा मूर्ति देवपाटनस्थित अरूणधारामा रहेको छ । कमलो पत्थरमा मूर्ति कुँदिएकोले मूर्तिमा अपेक्षित आकर्षण र भव्यता नामेट भइसकेको छ । यसमा उमामहेश्वर र नन्दी मात्र छन् । बीचमा रहेका शिव सुखासन अर्थात् दुवै खुट्टा पलेटी मारेर बसेका छन् । शिवको दायाँ हात छातीको तहसम्म उठाइएको तथा अभयमुद्राको केही आकृति आउने हुँदा सम्भवत: यो अभयमुद्रामा थियो भन्ने अनुमान हुन्छ । बायाँ हातले उमाको दायाँ हातलाई च्यापेर उनको काखीमुन्तिरबाट ल्याई आफ्नो काखमा राखेको देखाइएको छ । उता उमा आफ्नो आसनीलाई छोडेर शिवको दायाँ काखमा केही अडस लाग्न आइपुगेकी देखाइएको छ । उमाको कम्मरमुन्तिरको भाग दक्षिणदिशापट्टि फर्केको तर कम्मरमाथिको भागमा मुहार शिवपट्टि फर्काउन खोज्दा अस्वाभाविक बसाइ हुन पुगेको छ । उनको दाहिते हात शिवको कम्मर समाउन पुगेको छ । देब्रे हात घुँडामाथि अडेस लगाएर राखिएको छ । उमा दुवै घुँडा मारेर बसेकी छिन् । यो कुँदिएको मूर्ति निकै खिइएको हुँदा वस्त्रसहित हो वा निर्वस्त्र हो भन्ने कुरा झट्ट हेर्नासाथ भन्न गाह्रो पर्ने किसिमको छ । तर शिवको धोतीको फेर काखमुन्तिरबाट मुजामुजा परेर झरेको रूप उत्कीर्ण गरिएकोले निर्वस्त्रचाहिँ होइन रहेछ भन्ने बुझिन्छ । शिवको जटामुकुट छ तथा उमाले कुनै मुकुटधारणा गरेकी छैनन् । उमा तथा शिव नन्दीको शरीरमा अडेस लगाएर बसेको देखिन्छ । जसको टाउको शिवको दायाँ भागमा देखिन्छ । यो मूर्ति खिइएर ज्यादै नष्ट भइसकेको भए तापनि जटामुकुट, कण्ठहार आदि बलम्बु र राष्ट्रिय नाचघरका शिवका जस्तै छन्, केही ठूला कुण्डलहरू स्पष्ट देखिन्छन् । प्रारम्भिक कालका मूर्तिहरूमा देखिने सरलता यस मूर्तिमा विद्यमान छ । लैनसिंह बाङ्देलले नन्दीमाथि कुमार चढेर दुइवटा सिङ समातेर बसेका छन् भन्नुभएको छ ।[१२] तर यस मूर्तिमा कुमारको मूर्ति छैन । चामुण्डामन्दिरको मूर्तिको अभिव्यक्तिसँग यो मूर्तिले केही सादृश्य राख्दछ । यो मूर्तिको बनोट र शैलीलाई हेर्दा विक्रमको दोस्रो–तेस्रो शताब्दीको हुनुपर्ने देखिन्छ (चित्रसङ्ख्या १४) ।

पशुपतिक्षेत्रमा भएका उमामहेश्वरमूर्तिमा आर्यघाटपारि रहेको उमामहेश्वरमूर्ति पनि उल्लेख्य छ । हुनत यो मूर्ति ज्यादै नै भग्न छ (चित्रसङ्ख्या १५) । यस मूर्तिमा अभिलेख पनि कुँदिएको छ । तर अभिलेख ज्यादै खिइसकेको हुनाले दुइ अक्षर 'म-रा' बाहेक अरू नबुझिने भएको छ । केही वर्षअगाडि सो मूर्ति रहेको भुइँमा इँटा छाप्ने काम हुँदा भएका ती अक्षरहरू पनि छोपिए । ती दुइ अक्षरको आधारमा यसलाई मानदेव प्रथम (वि.सं. ५२२-५६३ आ.) को समयको मानिएको छ ।[१३] मूर्तिफलकमा थोरै मात्र अरू चित्रहरू छन् । यसले गर्दा मूर्ति साधारण देखिन्छ । मूर्तिफलकको माथिल्लो खण्डमा दायाँ-बायाँ चण्डेश्वर छन् । उनीहरूको छातीभन्दा माथिको भाग मात्र देखिन्छ । दायाँतर्फको चण्डेश्वरको दायाँ हातमा त्रिशूल तथा बायाँतर्फको चण्डेश्वरको बायाँ हातमा त्रिशूल समाएको देखाइएको छ । ती दुवै सौम्य मुद्रामा छन् । मूर्तिको तलदेखि माथिसम्मको पृष्ठभूमि पहाडको छ । बीचको खण्डमा पहाडलाई नै आसनी बनाएर शिव अर्धपर्यङ्कासनमा बसेका छन् । त्यस्तै पार्वती शिवको बायाँतर्फ अर्को त्यस्तै किसिमको आसनी-माथि बसेकी छिन् । यस किसिमको साधारण आसनी यसपछिका उमामहेश्वरका मूर्तिमा पाइँदैन । उमामहेश्वर हृष्टपुष्ट अवस्थामा उत्कीर्ण छन् । शिवका चार हातहरूमध्ये दायाँतर्फको माथिल्लो हातमा त्रिशूल एवं तल्लो हातमा मातुलुङ्ग छ । बायाँतर्फको माथिल्लो हातमा अक्षमाला छ र तल्लो हात आफ्नै बायाँतर्फको काखमाथि छ । धेरैजसो उमामहेश्वरमूर्तिमा शिवको बायाँतर्फको माथिल्लो हातमा त्रिशूल पाइन्छ । यसमा चाहिँ त्यसको विपरीत छ । शिवको बायाँतर्फ नन्दी बसिरहेको छ । नन्दी हृष्टपुष्ट छ र गलामा बुट्टे पट्टाले सिँगारिएको छ । नन्दीको मुन्तिर शिवको दायाँ

---

१२ लैनसिंह बाङ्देल, *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*, प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३९), १०० पृष्ठ ।

१३ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, ५८१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खुट्टापट्टि कुमार ललितासनमा बसेका छन् । उमामहेश्वरले तल्लो शरीरमा लगाएको धोती यति पारदर्शक किसिमको छ कि दुवैको जननेन्द्रियको आभास धोतीबाहिरैबाट हुन्छ । पार्वतीका दुइ हातमध्ये दायाँ हातले केही डल्लो पदार्थ समाएको छ भने बायाँ हात बायाँ घुँडामा अडेस लगाएर राखिएको छ । यो हातको अग्रभाग फुटेको छ । शिव तथा पार्वतीको घाँटीमा एकसरो गहना छन् । दुवैको पाखुरामा बुट्टे बाजु छन् । पार्वतीको खुट्टामा कल्ली छ । पार्वतीको बायाँतर्फ नारी सेविका उभिएकी छिन् । उनका पनि चार हात छन् । चार हातमध्ये बायाँतर्फको माथिल्लो हातमा भएको चमर ज्यादै स्वाभाविक किसिमको छ । त्यसको रौँ–रौँ मिहिन ढङ्गले छुट्याइएको छ । उनको बायाँतर्फको माथिल्लो हातमा खड्ग छ र त्यसलाई कम्मरमा भिरेको छ । उमामहेश्वरको मुन्तिर शिवका तीन जना गण वाद्यवादन गरिरहेको अवस्थामा छन् । यसलाई प्रतापादित्य पालले ईस्वीको सातौँ शताब्दीको मूर्ति मानेका छन् । तर यसमा विद्यमान विशेषताहरूलाई हेर्दा पाँचौँ-छैटौँ शताब्दीको हुनसक्ने देखिन्छ । उमामहेश्वरको यस्तै साधारण ढङ्गले निर्माण गरिएको एउटा मूर्ति ठमेलमा पनि छ (चित्रसङ्ख्या १६) । तर यो मूर्ति आर्यघाटको भर्खरै चर्चित उमामहेश्वर मूर्तिभन्दा अलि पछिको हो भन्ने कुरा मूर्तिमा निहित विशेषताहरूबाट बुझ्न सकिन्छ ।

उमामहेश्वरका आकर्षक मूर्तिहरूमध्ये एउटा उत्कृष्ट उमामहेश्वरको मूर्ति अहिले नवालीटोलमा एक जना व्यक्तिविशेषको घरमा (चित्रसङ्ख्या १७) छ । पहिले यो मूर्ति जयवागीश्वरीबाट चावहिल जाँदा बाटोमा पर्ने निर्वाणेश्वरमन्दिरको पूर्वपट्टिको प्राङ्गणमा पर्दथ्यो । पछि सो बाटोलाई विस्तार गर्ने क्रममा केही मूर्तिहरू परे र त्यसलाई गुठियारहरूले आफ्नो घरमा ल्याई राखे । लैनसिंह बाङ्देलले यो मूर्तिलाई हराइसकेको मूर्ति भनी आफ्नो पुस्तकमा लेख्नुभएको छ ।[१४] यो मूर्तिलाई तीन भागमा विभाजित गरी हेर्न सकिन्छ । बीचको खण्डमा नन्दी, उमामहेश्वर र उमाको सेविका छिन् । त्यसभन्दा माथि उमामहेश्वरको दायाँ–बायाँ चण्डेश्वर र शिवको शिरमाथि गङ्गा हात जोडेर आकाशमार्गबाट आएको भान पर्ने गरी खुट्टा आकाशतिर फर्काएको रूपमा उत्कीर्ण गरिएको छ । उमामहेश्वरको आसनको तल्लो खण्डमा शिवका गणहरू नाच्दै-गाउँदै रहेको देखाइएको छ । शिव र पार्वती अलग–अलग कलात्मक आसनीमाथि बसेका छन् । शिवको बायाँ खुट्टा पलेटी मारेको अवस्थामा छ भने दायाँ खुट्टा आसनीबाट तल झारेको जस्तो गरी अर्धपर्यङ्कासनमा छ । पार्वती शिवपट्टि ढेसिएर दुवै खुट्टा अलि अप्ठयारो किसिमले आसनीको बायाँपट्टि खसालेको रूपमा देखाइएको छ । शिवका चार हातहरूमा दायाँ माथिल्लो हातमा अक्षमाला तल्लोमा मातुलुङ्ग छ । यो हात दायाँतर्फको घुँडामा अड्याइएको छ । दायाँ माथिल्लो हातमा त्रिशूल छ । तल्लो हातले पार्वतीको कम्मर समाएको देखाइएको छ । मूर्ति मिल्दो तालमानले गर्दा आकर्षक छ । गरगहना, आभूषणहरू सुहाउँदो ढङ्गले पहिऱ्याएको देखाइएको छ । यस किसिमका अरू उमामहेश्वर फलकमा भन्दा भिन्न यसमा शिवको दायाँतर्फ नन्दी उभिएको छ र उसले टाउको आफ्ना स्वामीपट्टि फर्काएको छ । पार्वतीको बायाँतर्फ नारी सेविका चमर डोल्याइरहेको रूपमा उत्कीर्ण छ । कालो कडा प्रस्तरमा निर्मित यो मूर्ति आर्यघाटस्थित विक्रमको पाँचौं शताब्दीको उमामहेश्वरमूर्तिभन्दा केही पछिको देखिन्छ भने पाटन क्वावहालको वि.सं. १०९४ को उमामहेश्वरको मूर्तिमा भन्दा प्राचीन विशेषताहरू पाइने हुनाले यसलाई सातौँ–आठौँ शताब्दीको समय दिन सकिन्छ ।

अर्को उमामहेश्वर मूर्तिफलक राजराजेश्वरीमन्दिरप्राङ्गणमा छ (चित्रसङ्ख्या १८) । यो मूर्तिफलक २९ इञ्च अग्लो छ । यो मूर्तिफलकमा देव-देवी तथा गणहरूका आकृति प्रशस्त छन् । तापनि तिनीहरूको निर्माण सुहाउँदो किसिमबाट भएकोले मूर्ति उच्चकोटीको हुन पुगेको छ । मूर्तिफलकको कुनै पनि ठाउँलाई कलाकारले यसै छोडेका छैनन् । उमामहेश्वरको शिरमाथि रहेको छत्र कलात्मक छ । छाताको मुन्तिर दायाँ–बायाँ चन्द्रसूर्यको गोलाकार मण्डल छ । उमामहेश्वरको दायाँतर्फ एक जना अप्सरा र गङ्गा आकाशमार्गबाट आइरहेको जस्तो गरी उत्कीर्ण गरिएको छ । बायाँतर्फ अर्को एक अप्सराको आकृति उत्कीर्ण छ । त्यसकै केही मुन्तिर दायाँ–बायाँ चण्डेश्वको मूर्ति

१४ Lain S. Bangdel, *Stolen Images of Nepal*, (Kathmandu : The Royal Nepal Academy, 1989), pp. 124-125.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । चण्डेश्वरका चार हातमा भगवान् शिवका जस्तै आयुधहरू छन् । उमामहेश्वर व्याघ्रचर्ममाथि ओछ्याइएको आसनीमाथि बसेका छन् । उमामहेश्वरको अरू मूर्तिफलकमा भन्दा फरक यसमा शिव पलेटी मारेर सुखासनमा बसेका छन् । उनका चार हातहरूमध्ये दायाँतर्फको माथिल्लो हातमा अक्षमाला, तल्लोमा मातुलुङ्ग तथा बायाँ माथिल्लोमा त्रिशूल र तल्लो हात उमालाई अङ्गालो मारिकन उनको बायाँ हातमाथि रहन पुगेको छ । शिव सौम्य मुद्रामा छन् । टाउकोमा जटामुकुट, कानमा पुष्पाकृति कुण्डल, गलामा दुइवटा हार,पाखुरामा सर्पको बाजु शिवले पहिरेका छन् । माथिल्लो शरीरमा कुनै वस्त्र छैन । तल्लो शरीरमा भने पारर्दशक धोती छ । धोती बाँध्न प्रयोग भएको कमरबन्द आकर्षक बुट्टायुक्त छ ।

शिवको बायाँतर्फ उमा छुट्टै आसनीमा छिन् । तर उनी शिवसँग लेस्सिएर बसेकी छिन् । उनको दायाँ हात शिवको बायाँ काखमा अड्याएर बसेकी छिन् । दायाँ खुट्टा घुँडा मारेर बायाँ खुट्टा अर्धपर्यङ्कासनमा छ । यो खुट्टालाई उनको नारी सेविकाले समातेर मलिरहेको रूपमा मूर्तिमा उत्कीर्ण छ । पार्वतीको बारुले कम्मर, उठेको पुष्ट स्तनले यौवनावस्थालाई सङ्केत गर्दछ । गलामा बाक्लो बुट्टे हार, कानमा पुष्पाकृति कुण्डल सुहाएको छ । लगाएको धोतीको फेर घुँडा मारेको दायाँ खुट्टाबाट बगेको आकर्षक छ । उमामहेश्वरको आसनीको दायाँ–बायाँको कुनामा सिंहको लघु आकृति कुँदिएको छ । पार्वतीको बायाँतर्फ दुइ जना सेविका उभिएका छन् । त्यसमध्ये पार्वतीसँगैकीले पार्वतीलाई छाता ओढाइरहेकी छिन् । छाताको डण्डीदेखि लिएर माथिल्लो छत्रसमेत कलात्मक छ । छाताको यो लघु आकारमा समेत आफ्नो शीप देखाउने कलाकारको प्रशंसा नगरिरहन सकिन्न ।

शिवको दायाँ भागमा सँगै शिवको वाहन नन्दी बसेको अवस्थामा छ । नन्दीको दुइ सिङको बीचको भाग तथा निधारमा कलात्मक आभूषण पहिऱ्याइएको छ । नन्दीको दायाँतर्फ कुमार सुखासनमा छन् । उनको दुइ हातमध्ये बायाँतर्फको हातले दण्ड समाएको छ । दायाँ हातको अग्रभाग फुटेकोले त्यसमा के थियो थाहा हुन सक्तैन । कुमारको टाउकोपछाडि आभरण छ । सो आभरणको बाहिरपट्टि उनको दायाँतर्फ बसेको मयूरको पखेटा फिँजिएर बनेको गोलो आभरणले मूर्तिकारको कल्पना शक्तिको तारिफ गर्न कर लाग्छ । कुमारको दायाँतर्फको कुनामा गणेशका वाहन मुसा हात जोडेर बसिरहेको छ । उमामहेश्वरको आसनीको मुन्तिर शिवका गणहरू नाचगानमा मस्त छन् । सातौं–आठौं शताब्दीतिर निर्मित यो मूर्ति साँच्चिकैको मनमोहक छ ।

पशुपतिनाथमन्दिरप्राङ्गणको पूर्वपट्टि रहेको बिरामी राख्ने घरको कोठाभित्र एउटा अर्को उमामहेश्वरको मूर्ति रहेको छ । यसमा शिवका चार हातहरू छन् । तिनीहरूमध्ये दायाँपट्टिको माथिल्लो हातमा अक्षमाला छ भने तल्लो हात वरदमुद्रामा छ । बायाँतर्फका दुइ हातमध्ये माथिल्लोमा त्रिशूल छ । तल्लो हातले पार्वतीको कम्मर समाएको रूपमा उत्कीर्ण छ । यस मूर्तिफलकमा पार्वतीको टाउको काटिएको जस्तो गरी फुटेको छ । यसलाई हेर्दा यो मूर्तिलाई कहींबाट संरक्षण हेतु यस ठाउँमा ल्याएर राखेको जस्तो देखिन्छ । उमामहेश्वरको दायाँ-बायाँ क्रमशः गणेश, कुमार छन् । उमामहेश्वरको शिरमाथि गङ्गा तथा त्यसको केही मुन्तिर दायाँ-बायाँ ब्रह्मा, विष्णुको मूर्ति कुँदिएको छ । पार्वतीको बायाँतर्फ नारी अनुचर छ । यस मूर्तिमा शिवको आसनीमुन्तिर वाहन नन्दी तथा पार्वतीको आसनीमुन्तिर सिंह रहेका छन् । यो नौलो प्रयोग हो । उमामहेश्वरलगायतका सबै मूर्तिहरूका अवयव सुडौल र हृष्टपुष्ट छन् । उमामहेश्वरमा गरगहनाहरू सुहाउँदो किसिमले प्रयोग गरिएको छ । कालो कडा प्रस्तरमा निर्मित यस उमामहेश्वर मूर्तिमा लिच्छविकालिक मूर्तिमा देखिने पालिसको प्रयोग भएको छ । यो मूर्ति राजराजेश्वरीघाटकै उमामहेश्वरको हाराहारीको समयको हुन सक्ने देखिन्छ ।

एउटा अर्को उमामहेश्वरको मूर्ति वासुकिमन्दिरको पछाडिपट्टि रहेको छ । यस मूर्तिको ढुङ्गा पनि कालो रङ्गको छ । पालिसको प्रयोग यसमा पनि भएको छ । मूर्तिलाई हेर्दा यो सातौं-आठौं शताब्दीको जस्तो देखिन्छ । तर अहिले यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिमा शिवजीको आधा दाहिने भागबाहेक अरू भाग फुटिसकेको छ । बाँकी भागलाई हेर्दा यो मूर्ति सग्लो हुँदा आकर्षक रहेको अनुमान हुन्छ ।

उमामहेश्वरको अर्को मूर्ति भद्रेश्वरशिवलिङ्गको उत्तर-पूर्व दिशामा स्थापित (चित्रसङ्ख्या १९) छ । के कारणले हो माथिल्लो खण्डमा नन्दीलगायत देव-देवीका मुखाकृति फुटालिएर विरूप पारिएको छ । विक्रमको तेह्रौं-चौधौं शताब्दीको हुन सक्ने यो मूर्ति भिन्न शैलीमा निर्माण गरिएको छ । शिव र पार्वती एउटै आसनीमा बसेको देखाइएको छ । शिव दाहिने खुट्टा उठाएर पलेटी आसनमा बसेका छन् । देब्रेतर्फ पार्वती छिन् । शिवको पलेटी कसेको घुँडाले पार्वतीको तिघ्रा थिचेको अवस्थामा देखाइएको छ । पार्वतीले दाहिने खुट्टा पलेटी मारेर देब्रे खुट्टा आसनमुन्तिर झारेकी छिन् त्यसलाई सेविकाले आफ्नो हातमाथि राखेकी छिन् । शिवको दाहिनेतर्फ नन्दी र नन्दीको मुन्तिर कार्तिकेय सुखासनमा बसेका छन् । तर देब्रे हातले शिवको उठेको घुँडा समाइरहेको देखाइएको छ । शिवजीको दायाँ-बायाँ उठेका सेवकहरू छन् । उनीहरूका चार हात छन् र अरू हातमा आयुध भग्न भएकोले चिनिँदैन । तर त्रिशूल भने दुवैले दाहिने र देब्रे हातमा समातेका छन् । शिवको झैँ यिनीहरूको टाउकोपछाडि आभरण छ । शिवको देब्रेतर्फ रहेको सेवक र पार्वती केही दूरीमा रहँदा बनेको खाली भागमा पनि मुखाकृति र हातसम्म देखिने गरी पार्वतीको छत्रधरले कलात्मक छत्र उठाइरहेको देखाइएको आकर्षक छ । अरू उमामहेश्वर मूर्तिहरूमा भन्दा भिन्न पार्वतीको देब्रेतर्फकी स्त्री अर्थात् चामरधर बसेर चमर हम्किरहेको देखाइएको छ ।

शिव गठिलो तर चटक्क सुहाउँदो मानवाकार शरीरमा चित्रित छन् । चार हातहरूमध्ये दायाँतर्फको दुइ हात भग्न भएकाले आयुध चिनिँदैन । देब्रेतर्फका दुइ हातमध्ये माथिल्लो हातमा त्रिशूल र तल्लो हातले पार्वतीलाई अङ्गालो मारिरहेको देखाइएको छ । शिवको माथिल्लो शरीरमा वस्त्र छैन । तल्लो शरीरमा वस्त्रहरू छन् । पारदर्शक धोती तह–तह परेर जाँघमा सपक्क बसेको हुँदा मर्यादित रूपमा शिवलाई कलाकारले देखाउन सफल भएका छन् । कटिबन्धमाथि भुँडीको मांसपेशी सामान्यतया बस्दा जस्तो हुन्छ त्यस्तै स्वाभाविक रूपमा देखाइएको छ । पृष्ठभूमिमा बादलका सङ्केतस्वरूप बुट्टा कुँदिएको छ । शिवपार्वतीको आसनीमुन्तिर बीचमा गणेश तथा दायाँबायाँ वीरभद्र, भृङ्गीगण सबै बसेको अवस्थामा छन् । सबै अलग–अलग आसनीमा बसेका छन् ।

जयवागीश्वरीमन्दिरको पूर्वमा मूलसडकको पारिपट्टि पादवेश्वरमन्दिरको पश्चिमपट्टिको पेटीमा दायाँ–बायाँ दुइवटा उमामहेश्वरको मूर्ति रहेको छ । विक्रमको अठारौँ-उन्नाइसौं शताब्दीतिर बनेको यी दुइ उमामहेश्वरमूर्तिले नेपालमा पछि गएर प्रस्तरमूर्तिकला कसरी अधोगतितिर उन्मुख हुन थाल्यो भन्ने स्पष्ट देखाउँछ । लिच्छविकालका आकर्षक उमामहेश्वरमूर्तिहरूको तुलनामा यिनीहरू दाँजिनै सक्तैनन् । यी दुवै मूर्ति एक आपसमा धेरै मिल्दाजुल्दा छन् । कमलको पीठिकामाथि रहेको एउटा आसनीमा शिवपार्वती बसेका छन् । शिवको दायाँपट्टि घुँडानजिक वाहन नन्दी बसेको अवस्थामा छ । पादवेश्वरमन्दिरको सिँढीको दायाँतर्फको उमामहेश्वर (चित्रसङ्ख्या २०) मूर्तिमा शिव अर्धपर्यङ्कासनमा छन् । उमा बायाँतर्फ आसनीमा छिन् । अर्को मूर्तिमा भने उमा शिवको काखमाथि बसेकी छिन् (चित्रसङ्ख्या २१) । शिवका चार हातहरूमध्ये दायाँतर्फको मूर्तिमा शिवको दायाँ माथिल्लो हातमा अक्षमाला, तल्लोमा मातुलुङ्ग, बायाँ माथिल्लो हातमा त्रिशूल छन् र तल्लो हातको कुहिना पार्वतीको काँधमा छ, हातमा भने कमण्डलु समातेको छ । पार्वती शिवको काखमा लेस्सिएर बसेकी छिन् । दाहिने हात शिवको काखमा अड्याएकी छिन् । बायाँ पट्टिको हात बायाँ घुँडामाथि छ । मूर्तिको बाहिर दुइ तहयुक्त आभरण र शिवको टाउकोपछाडि ज्वालावली दुवै मूर्तिफलकमा छ । शिवको जटामुकुट छ । शिव र पार्वती दुवैको घाँटीमा हार पहिऱ्याएको देखाइएको छ ।

१२.१.२.२ नटराज

जसरी शिव ज्ञान, विज्ञान र योगको स्वामी मानिन्छन् त्यस्तै गरी उनलाई नृत्य तथा वाद्यवादनको जन्मदाता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिएको छ । यसै कारणले गर्दा उनलाई नटराज नामले पुकारिन्छ । शिव नाट्यशास्त्रको प्रथम प्रतिष्ठापक एवं मूलाचार्य मानिन्छन् । भरतमुनिले आफ्नो 'नाट्यशास्त्र' मा शिवको १०८ किसिमका नृत्य मुद्राको उल्लेख गरेका छन् । शिवको नटराज मूर्ति भन्नाले नृत्य रूपको अवस्था बुझिन्छ ।

*श्रीमद्भागवत*मा एक पटक ताण्डव नृत्य गर्दै शिवलाई बाणासुरले आफ्नो हजार हातहरूले बाजागाजा बजाएर प्रसन्न गरेका थिए भन्ने उल्लेख पाइन्छ । *विष्णुपुराण*मा शिवलाई 'नटराजेन राजितम्' विशेषणको प्रयोग भएको छ । *मत्स्यपुराण*मा नटराज मूर्ति निर्माण गर्ने विधिको बारेमा विस्तृत रूपमा वर्णन गरिएको छ । नेपालमा पनि शिवको नटराजस्वरूपको मूर्ति पहिलेदेखि नै प्रसिद्ध थियो । तिनीहरूमा अहिलेसम्म प्राप्त सबैभन्दा पुरानो मूर्ति पशुपतिनाथमन्दिरको पश्चिमपट्टिस्थित ब्रह्माको मन्दिरको पछाडिको भित्तामा रहेको छ । यो मूर्ति सानो प्रस्तरफलकमा निर्मित छ । यहाँ शिव ज्यादै उन्मुक्त र आनन्दविभोर भएर नाचिरहेका रूपमा कुँदिएको छ । उनी मात्र होइन पादपीठमा भएका उनका गणहरू नन्दी, भृङ्गी आदि पनि विभिन्न वाद्यवादनमा हर्षविभोर भएर नाचेको रूपमा उत्कीर्ण गरिएको छ । यस मूर्तिमा शिवका बाह्रवटा हातहरू छन् । उनको वाहन नन्दी ठीक उनको पछाडि उभिएको छ । मूर्तिफलकको माथिल्लो भागमा दायाँ-बायाँ चन्द्र-सूर्य मानवाकार रूपमा उत्कीर्ण छन् । त्यति सानो गोलाकार मण्डलमा पनि चन्द्र-सूर्य मानवाकार रूपमा प्रस्तुत गर्न सक्नु अज्ञात कलाकारको वैशिष्ट्य हो । ब्रह्माको यस मन्दिरमा भएका एक-दुइ मूर्तिबाहेकका अरू मूर्तिहरू नेपाली कलाकारको हातभन्दा बाहिरिया कलाकारको हातबाट सिर्जित देखिन्छ । तर यो नटराजको मूर्तिमा भने नेपालीपन झल्केको पाइन्छ । यो मूर्तिमा विद्यमान विशेषताहरूलाई हेर्दा नवौं-दशौं शताब्दीको समय दिन सकिन्छ ।

भगवान् शिवका विभिन्न रूपहरूमध्येको एक नटराजको मूर्ति रहेको कारणले 'नासननी' नामकरण हुन पुगेको पशुपतिनाथमन्दिरको पश्चिमपट्टिको चोकमा एक नटराजको मूर्ति रहेको छ । बाह्र हात भएको अनौठो किसिमको आभरण भएको यो मूर्ति त्यति कलात्मक छैन तापनि उल्लेखनीय छ (चित्रसङ्ख्या २५) । मूर्तिको पृष्ठभूमि पहाडको सङ्केत दिने किसिमका बुट्टाहरूले भरिएको छ । नाच्न लागेको देखिने नटराजको यो मूर्तिमा शिव नाङ्गै नाच्न लागेको देखाइएको छ । माथिल्लो शरीरमा भने व्याघ्रचर्म पहिरेको देखिन्छ । मूर्तिको शिरमाथि आकर्षक छत्र बनाइएको छ । फुस्रो ढुङ्गामा मूर्तिको निर्माण भएकोले खिइसकेको छ ।

*मत्स्यपुराण*मा नटराजको विभिन्न भेद दिइएको छ । तिनीहरूमा दश हात भएको मूर्तिलाई विशाख, सोह्र हात भएको मूर्तिलाई त्रिपुरान्तक तथा चार हात भएको मूर्तिलाई ज्ञानयोगेश्वर बताइएको छ ।[१५] बाह्र हात भएको मूर्तिको सम्बन्धमा केही पनि बताइएको छैन ।

जहाँसम्म यो मूर्तिको तिथिमितिको कुरा छ, यससँग सम्बन्धित कुनै पनि अभिलेखहरू यस ठाउँमा नभएकोले किटानको साथ भन्न सकिन्न । तर राष्ट्रिय सङ्ग्रहालय छाउनीमा भएको ने.सं. २६२ (वि.सं.११९९) को एउटा शिलालेखमा शङ्कराचार्य स्वामी भन्ने एक जना सन्न्यासीले नटराजको प्रतिमा स्थापना गरेको कुराको चर्चा छ । नटराजको मूर्ति कहाँ स्थापना गरिएको हो सो शिलालेखमा स्पष्टसँग लेखेको छैन । यसबाट शङ्कराचार्य स्वामीले स्थापना गरेका नाटचेश्वरको मूर्ति कुन हो भन्ने प्रश्न उठ्छ । राष्ट्रिय सङ्ग्रहालयमा रहेको माथि उल्लिखित शिलालेखको मूल ठाउँसम्म पत्ता लाग्न सकेको भए यस विषयमा केही कुरा खुल्न सक्थ्यो । तर त्यसको कुनै निश्चित

---

१५ राधेश्याम खेमका (सम्पा.), *मत्स्यपुराण*, अन्तिम खण्ड, (गोरखपुर:गीता प्रेस, सन् १९८५), १०४४ पृष्ठ ।
नृत्यन् दशभुज: कार्यो गजचर्मधरस्तथा ।
तथा त्रिपुरदाहे च बाहव: षेडशैव तु ॥
शंखं चक्रं गदा शार्ङ्गं घण्टा तत्राधिका भवेत् ।
तथा धनु: पिनाकश्च शरो विष्णुमयस्तथा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवरण उपलब्ध हुन नसकेकोले अप्ठ्यारो परेको छ । तापनि ती शङ्कराचार्य पशुपतिक्षेत्रस्थित झङ्केश्वरीमठमा बस्दथे भन्ने कुरा ऐतिहासिक पत्रहरूमा शङ्कराचार्यगद्दीको उल्लेख पाइने हुनाले थाहा हुन्छ ।[१६] यसलाई हेर्दा राष्ट्रिय सङ्ग्रहालयमा भएको शिलालेख झङ्केश्वरीमठभेगकै हुनुपर्छ ।

राष्ट्रिय सङ्ग्रहालयको ने.सं. २६२ (वि.सं. ११९९) को अभिलेखमा शङ्कराचार्यले नाटचेश्वरको प्रतिमा स्थापना गरेको उल्लेख पाइनु तथा शङ्कराचार्यको गद्दीको प्रसिद्धि रहेको ठाउँकै सान्निध्यमा नाटचेश्वरको मूर्ति प्राप्त हुनुले यो मूर्ति तिनै शङ्कराचार्यद्वारा स्थापित मूर्ति हो भन्ने बुझिन्छ । उहिले नाटचेश्वरको मूर्ति रहेको चोक शङ्कराचार्यमठ-भित्रैको क्षेत्रमा पर्दथ्यो भन्ने चर्चा अझै सुनिन्छ । यसलाई दृष्टिगत गर्दा पनि नाटचेश्वरको उक्त मूर्ति तिनै शङ्कराचार्यद्वारा प्रतिष्ठापित मूर्ति हो भन्ने देखिन्छ । कालान्तरमा मानिसको बस्ती बढ्दै गएपछि यो क्षेत्र सङ्कुचित हुँदै गयो । यही कारणले गर्दा नाटचेश्वरको मन्दिर रहेको भागसमेत शङ्कराचार्यमठ क्षेत्रको साँधबाहिर पर्न गयो । यसबाट यो मूर्तिको निर्माण विक्रमको बाह्रौँ शताब्दीतिर भएको देखिन्छ । मेरी सेफर्ड स्लसरले यो मूर्तिलाई ईस्वीको दशौँ शताब्दीको समय दिएकी छिन् ।[१७]

१२.१.२.३ शङ्कर

वत्सलेश्वरीप्राङ्गणमा रहेको शङ्करको मूर्ति यहाँ उल्लेख्य छ । कालो प्रस्तरफलकमा बीचमा शङ्कर, उनको दाहिनेतर्फ पार्वती र देब्रेतर्फ कुमारको मूर्ति उत्कीर्ण गरिएको छ । ती तीन मूर्तिहरूमा शङ्कर ठूलो आकारमा, पार्वती केही सानो र कुमार पार्वतीभन्दा अरू सानो आकारमा कुँदिएको छ (चित्रसङ्ख्या २६) । शङ्कर सौम्य देखिन्छन् । उनका चार हातहरू छन् । दाहिनेतर्फको माथिल्लो हातमा बञ्चरोसहितको त्रिशूल, तल्लोमा कमण्डलु तथा देब्रेतर्फको माथिल्लो हातमा अक्षमाला र तल्लो हातमा मातुलुङ्ग छ । शङ्करको शरीर सुडौल र सुहाउँदो किसिमको छ । हातमा केयूर र कङ्कण छ तर घाँटीमा कुनै पनि गहना पहिरेको छैन । मूर्तिको घुँडाभन्दा मुन्तिरको भाग जमीनमा छ । टाउकोमा जटामुकुट छ । कानमा फूलबुट्टे कुण्डल छ । माथिल्लो शरीरमा वस्त्र छैन, तर उदरबन्द नाइटोमाथि बाँधेको छ । तल्लो शरीरमा धोती पहिरेको छ । धोतीलाई कटिबन्दले अड्याएको छ । तिघ्रासम्म धोतीको अर्धवर्तुलाकार आकृतिको फेर लत्रेको छ । टाउकोपछाडि अग्निमय सुहाउँदो आभरण छ । शङ्करको मूर्ति आठौँ शताब्दीताकाका राजराजेश्वरीको उमामहेश्वर फलकको शिवमूर्ति तथा पशुपतिभेगतिर भएका चारस्तम्भयुक्त लघु मन्दिरका स्तम्भमा कुँदिएका शिवको मूर्तिसँग मिल्ने हुँदा यसको निर्माणकाल पनि सातौँ-आठौँ शताब्दी हुन सक्ने देखिन्छ ।

शिवको दाहिनेतर्फ पार्वतीको मूर्ति कुँदिएको छ । उनका दुइ हात छन् । दाहिने हातले फक्रेको कमलपुष्प समातेको छ भने देब्रे हातमा मातुलुङ्ग छ । पार्वतीको टाउँकोमा अल्खा तथा साधारण मुकुट छ । सानो मूर्ति भईकन तालमान मिलेकोले आकर्षक छ । बारुले कम्मर, फुकेको छाती सुहाउँदो छ । उनको टाउकोपछाडि आभरण छ । शिवको देब्रेतर्फ लघु आकारमा कुमार छन् । कुमारको मूर्ति निकै भग्न भएकाले आयुधहरू चिनिँदैनन् । कुमारको टाउको पछाडि पनि आभरण छ । यस किसिमको शैलीको शिवपरिवारको मूर्ति निर्माणको यो नौलो प्रयोग हो । यस्तो मूर्ति अर्को पाइएको छैन । बाङ्देलले यसलाई चण्डेश्वरको मूर्ति मान्नुभएको छ ।[१८] के को आधारमा चण्डेश्वरको मूर्ति भन्नुभएको हो त्यो उल्लेख गर्नुभएको छैन । तर पार्वती र कुमारको साथ भएको यो मूर्ति शङ्करकै मूर्ति हो ।

---

१६ गोविन्द टण्डन, "देवपाटनको शङ्कराचार्यमठ", *विश्रान्ति*, १ वर्ष, २ अङ्क, (वि.सं. २०४३ फाल्गुन), २४ पृष्ठ ।

१७ Mary Shepherd Slusser, *Nepal Mandal: A Cultural Study of the Kathmandu Valley*, Vol. II, First Edition, (New Jersey: Princeton University, 1982), plate 356.

१८ लैनसिंह बाङ्देल, "नेपाली धातुका मूर्ति", *प्रज्ञा*, १ वर्ष, ४ अङ्क, (वि.सं. २०२८), ८७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्करको एउटा अर्को मूर्ति गौरीघाटमा रहेको छ । गौरीघाटको दायाँतर्फको पर्खालको कुनामा रहेको यो मूर्ति कुनै वेला पानीको धारमा परेर खिइएको जस्तो गरी धसिएको छ । बायाँ माथिल्लो हातमा लिएको लामो त्रिशूलले मात्र यो शङ्करको मूर्ति हो भन्ने अनुमान हुन्छ । नत्र चिन्नसमेत गाह्रो भइसकेको छ (चित्रसङ्ख्या २७) । दायाँपट्टि केही लच्केर उभिएको अवस्थाको यो मूर्तिको शैलीलाई हेर्दा एघारौँ–बाह्रौँ शताब्दीताका निर्मित देखिन्छ ।

१२.१.२.४ ज्वरेश्वर

ज्वरेश्वर नामले प्रसिद्ध तीन हात, तीन खुट्टा, तीन टाउको भएको एउटा अनौठो मूर्ति पशुपतिनाथमन्दिरको उत्तरपट्टि रहेको मण्डपमा दक्षिणाभिमुख भएर रहेको छ । ठूला-ठूला आँखा भएको, बाघको छाला कम्मरका भिरेको, त्रिभङ्ग अवस्थामा उभिएको यस्तो मूर्ति अर्को नेपालमा अन्यत्र भएको थाहा पाइएको छैन । शैली र बनोट हेर्दा यो मूर्ति विक्रमको अठारौँ-उन्नाइसौँ शताब्दीभन्दा अघिको होइन भन्ने देखिन्छ । स्थानीय व्यक्तिहरूले शिवकै स्वरूप मानी यसको पूजाआजा गर्दछन् । खास गरी कसैलाई अति ज्वरो आयो र औषधि मूलो गर्दा पनि बिसेक भएन भने यो मूर्तिमा पूजा गर्छन् ।

यो मूर्तिको दायाँतर्फ दुइ हात छन् । बायाँतर्फ एउटा मात्र हात छ । दायाँतर्फको माथिल्लो हातमा अक्षमाला छ तथा तल्लो अभयमुद्रामा छ । दायाँतर्फको हातमा केही समातेको जस्तो देखिन्छ । तर स्पष्टसँग चिन्न भने सकिँदैन ।

१२.१.२.५ चण्डेश्वर

प्रस्तरका एक थरी लघु शैलीका मन्दिरका स्तम्भहरूमा चण्डेश्वरका मूर्तिहरू उत्कीर्ण गरिएको पाइन्छ । यस्ता स्तम्भहरू पशुपतिक्षेत्रमा निकै पाइएका छन् । कुनै मन्दिरकै रूपमा अद्यापि छन् भने कुनै मन्दिरबाट अलग भई यताउता रहेका छन् । पशुपतिनाथमन्दिरप्राङ्गणभित्र मन्दिरकै रूपमा रहेका स्तम्भहरू पाइन्छन् । यस्ता स्तम्भहरू लघु आकारका हुन्छन् । यस्ता चारवटा स्तम्भ राखेर माथि छानाको रूपमा प्रस्तरफलक राखिदिई मन्दिर बनाउने सजिलो चलन एकताका नेपालमा चलेको थियो । शिवालय बनाउन मात्र यस्तो शैली प्रयोग गरिन्थ्यो । यो कुरा शिववाहेक अरूको मूर्ति त्यस्ता मन्दिरमा नपाइएबाट थाहा हुन्छ । एक थरी यस्ता स्तम्भहरूमा कुनै पनि आकृति नकुँदेको पाइएका छन् । साधारणतः यस्ता स्तम्भहरूमा दुइ भाग पाइन्छ । स्तम्भको दृश्यमान बीचको भागमा चण्डेश्वरको मूर्ति तथा मूर्तिको माथिल्लो खण्डमा कहीं पुष्प बुट्टा कहीं किरीटमुख आकृति पाइन्छन् ।

यस प्रकारका खम्बाहरूलाई अलग-अलग गाडेर मानौ मूल मूर्ति नै यिनै हुन् कि भने जस्तो गरी अहिले राखिएको पनि पाइन्छ । वस्तुतः तिनीहरू अलग्गै मूर्ति नभईकन मन्दिर स्थापत्यका एक अङ्ग मात्र हुन् । खास गरी त्यसरी स्थापना गरिएका यस्ता चण्डेश्वरका मूर्तिहरू विभिन्न देव-देवीका स्थानमा पाइएका छन् । पशुपतिक्षेत्रमा सुकुलविनायक (चित्रसङ्ख्या २८), वत्सलेश्वरी (चित्रसङ्ख्या १६०), बालकुमारी (चित्रसङ्ख्या २९), भकुनटोल गणेश (चित्रसङ्ख्या ३०) गुह्येश्वरीमन्दिर प्राङ्गण, वनविनायक आदि स्थानहरूमा स्थापना गरिएका छन् ।

यी स्तम्भहरू झण्डै उस्तै शैली र उत्कीर्ण मूर्ति पनि एकै प्रकारको अभिव्यक्तिमा पाइने हुँदा तिनीहरूको निर्माण समयमा त्यतिविधि समयको अन्तर नभएको अनुमान हुन्छ । सामान्यतया यस्ता मूर्तिहरूमा चण्डेश्वर कुनै साधारण आसनीमा उभिएका हुन्छन् । उनका चार हातहरू हुन्छन् । चार हातहरूमा त्रिशूल, अक्षमाला, मातुलुङ्ग र कमण्डलु हुन्छन् । तल्लो शरीरमा धोती माथिल्लो शरीर निर्वस्त्र, गलामा हार, हातमा केयूर तथा कङ्कण, कानमा कुण्डल तथा टाउकोमा जटामुकुट हुन्छन् । सबैजसो स्तम्भका मूर्तिहरू तालमान मिलेका आकर्षक देखिन्छन् । स्तम्भ बनाउन प्रयोग गरिएको ढुङ्गा कडा किसिमको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जहाँसम्म यस्ता स्तम्भहरूको निर्माणसमयको कुरा छ, यी चण्डेश्वरको मूर्तिको भावभङ्गी र शैलीले सातौँ-आठौँ शताब्दीका प्रस्तरमूर्तिहरूसँग सामञ्जस्य राख्दछ । वत्सलेश्वरीमन्दिरको दक्षिणतर्फ रहेको विक्रमको आठौँ शताब्दीताकाको शङ्करको मूर्तिसँग सादृश्य राख्दछ । अर्को कुरा यस किसिमका शैलीमा निर्मित कुनै मन्दिरको स्तम्भ तथा छानामा लेख उत्कीर्ण भएको पाइएको छ । भुवनेश्वरीमन्दिरअगाडिको यस्तै एउटा स्तम्भमा 'प्रद्युम्न प्राणस्य कीर्ति' लेखिएको छ भने छानामा लेख उत्कीर्ण भएको एउटा छत्र राजराजेश्वरीस्थित धाराको मङ्गालमा छ । ती दुवैमा लिच्छविलिपिमा लेख उत्कीर्ण भएको तथा तिनीहरूको शैली विक्रमको सातौँ शताब्दीको हुनाले यस किसिमका मन्दिरहरूको प्रचलन सातौँ-आठौँ शताब्दीमा निकै प्रचलनमा रहेको बुझिन्छ, त्यसैले पनि लघु मन्दिरका स्तम्भमा उत्कीर्ण मूर्तिहरू सातौँ-आठौँ शताब्दीताका निर्माण भएको हुनुपर्ने देखिन्छ । प्रतापादित्य पालले यस्ता मूर्तिहरूलाई ईस्वीको दशौँ शताब्दीको समय दिएका छन् ।[१९]

यसबाहेक चण्डेश्वरका नवौँ-दशौँ शताब्दीताका बनेका हुन सक्ने केही मूर्तिहरू पशुपतिक्षेत्रमा छन् । उपर्युक्त मूर्तिहरूबाहेक पनि पशुपतिक्षेत्रमा कैयन् शैव मूर्तिहरू छन् । ती सबैको एक-एक व्याख्या यहाँ प्रस्तुत गर्न स्थान र समयले पुग्दैन । पशुपतिनाथमन्दिरको दक्षिणपट्टिरहेको कीर्तिमुखभैरव र उन्मत्तभैरव यहाँका प्रसिद्ध मूर्तिहरू हुन् । कीर्तिमुखभैरवको केवल मुखाकृति मात्र छ र यो भुइँमा टाँसिएको अवस्थामा छ । पशुपतिनाथको अघोरस्वरूपको प्रतीकको रूपमा यी दुवै भैरवलाई लिइन्छ । यसैले पशुपतिनाथमा नैमित्तिक पूजाको क्रममा तान्त्रिक विधिबाट हुने पूजाको आव्हान यहाँ गरेर पशुपतिनाथलाई चढाइन्छ । ठूला आँखा, बाटुलो अनुहार सुहाउँदो छ । कसैले कीर्तिमुखको यो मूर्तिलाई नारायण भट्टले ने.सं. ५८८ (वि.सं. १५२५) मा स्थापना गरेको भनी गलत अर्थ गरेका छन् ।[२०]

कीर्तिमुखभैरव स्थापना गर्ने व्यक्तिको बारेमा अहिलेसम्म केही थाहा हुन सकेको छैन । यो प्राचीन मूर्ति हो । उन्मत्तभैरवको स्थापनाचाहिँ ने.सं. ५८८ (वि.सं. १५२५) चैत्रमा नारायण भट्टले गरेका हुन् । यो मूर्ति स्थापना गर्दाको शिलालेख अहिले पनि पशुपतिनाथमन्दिरप्राङ्गणमा छ ।[२१] उन्मत्तभैरवलाई उनले मन्दिरै पनि बनाइदिएका थिए । ने.सं. ५९१ (वि.सं. १५२७) माघमा उनले सो मन्दिरमा सुनका तीनवटा गजुर चढाएका थिए । यो मूर्ति तामाको पाताबाट निर्मित छ । झण्डै १० फीट अग्लो यो मूर्ति रौद्र रूपमा छ । मुर्दामाथि उभिएका उन्मत्त भैरवका तीन नेत्र छन् । दायाँतर्फका हातमा शूल, तरवार, पात्र, डमरु र वरद मुद्रा छ बायाँतर्फका हातमा खट्वाङ्ग, पासो, अभयमुद्रा छ । व्याघ्रचर्म पहिरेका उन्मत्तभैरव नाङ्गै छन् । पुरुष चिह्न ऊर्ध्व रूपमा देखाइएको छ । भनिन्छ, पशुपतिनाथको दक्षिण पट्टिको अघोर मुखलाई शान्त पार्न तान्त्रिक रूपमा उन्मत्तभैरवको स्थापना भएको हो । सन्तान नहुनेहरू यिनको पूजा-आराधना गर्न आउँछन् । यिनको पूजाआजा गर्नाले सन्तान हुन्छ भन्ने जनविश्वास छ ।

१२.२ विष्णुमूर्तिहरू

पशुपतिक्षेत्रमा विष्णुका विभिन्न स्वरूपका मूर्तिहरू पाइन्छन् । नेपालको प्रतिनिधित्व गर्न सक्ने कतिपय विष्णुका मूर्तिहरू यहाँ छन् । भगवान् विष्णुको विश्वरूपदेखि लिएर दशअवतार, चौबीसअवतारका मूर्तिहरूसम्म पनि यहाँ पाइएका छन् । पशुपतिक्षेत्रको महिमा बढाउन यी मूर्तिहरूको ठूलो हात रहेको छ । यहाँ भएका विष्णुका प्रमुख मूर्तिहरूको सङ्क्षिप्त टिपोट अब प्रस्तुत छ ।

---

१९ Pratapaditya Pal, *op.cit.*, foot note no. 10, fig. 149.

२० कुलचन्द्र कोइराला, "भगवान् श्रीपशुपतिनाथको आगमघर", *प्रज्ञा*, १४ वर्ष, २ अङ्क, (वि.सं २०४३), १३ पृष्ठ ।

२१ परिशिष्टभाग, अभिलेखखण्ड, ६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.२.१ *विश्वरूप*

नेपाली कलाकारहरूले समय-समयमा विविध स्वरूप र शैलीका मूर्तिहरू बनाई तात्कालिक जनजीवनको रुचि तथा मूर्तिकलाको इतिहासलाई धनी बनाउन उल्लेख्य काम गरेको देखाउने अनेक उदाहरणहरू छन् । कतिपय यस्ता मूर्तिहरू सर्वथा नौलो प्रयोगको रूपमा देखिएका छन । तिनीहरूमध्ये एउटा कुटुबहालको विश्वरूपमूर्ति (चित्रसङ्ख्या ३१) छ । यस मूर्तिको कथावस्तुले अर्जुनलाई भगवान् श्रीकृष्णले दिव्यचक्षु दिई देखाउनुभएको विश्वरूपस्वरूपसँग तादाम्य राख्दछ । *श्रीमद्‌भागवतपुराण*मा यससम्बन्धी विवरण पाइन्छ । यो मूर्ति नपाउन्जेल चाँगुनारायणमा भएको मूर्तिबाहेक अर्को विश्वरूपको पुरानो मूर्ति छैन भन्ने धारणा भएकोमा यो मूर्तिको प्राप्तिले त्यसलाई गलत सावित गरिदिएको छ । चाँगुनारायणको विश्वरूप तथा कुटुबहिलको विश्वरूपको स्वरूप, बनोट र शैली अलग-अलग किसिमको हुँदा एउटाबाट अर्को प्रभावित भएको देखिँदैन ।

कुटुबहिलको विश्वरूप मूर्ति ३१.५ इन्च अग्लो छ । सादा आसनीमा विश्वरूप समभङ्ग अवस्थामा उभिएका छन् । यद्यपि मूर्ति निकै खिइसकेको छ, त्यसो भए तापनि आकार-प्रकार नचिनिने भइसकेको भने छैन । फराकिलो छाती, सुदृढ बाहु, बलिया खुट्टा तथा हृष्टपुष्ट शरीरले गर्दा विश्वरूपको शक्तिलाई कलाकारले मूर्तिमा देखाउन खोजेको अभिव्यक्ति मिल्दो छ । कमसल प्रस्तरको प्रयोगले गर्दा मूर्तिको भव्यता नामेट भइसकेको छ । धेरै वर्षसम्म खुला ठाउँमा रहेकोले घाम-पानीले मूर्ति ठाउँ-ठाउँमा खिइएको र चोइटा उप्केको देखिन्छ । विश्वरूपको माथिल्लो शरीरमा वस्त्र देखिँदैन । तल्लो शरीरमा भने धोती लगाएको छ । धोतीको घुँडासम्मको फेरपट्टिको भाग खिइएकोले कट्टु लगाएको जस्तो भान पर्दछ । घाँटीमा मोटो हार लगाएको छ । तीन मुहार देखिन्छन् । ती तीनै मुहार बाटुलो आकारका छन् । टाउकोमा जटा देखिने गरी सामान्य मुकुट पहिरेको छ । कानमा ठूला-आकारका कुण्डल धारण गरेको छ । विश्वरूपको खुट्टाको पैतालामाथिको भाग त्यति खिइएको छैन । ठूला आकार र फिँजिएको सो भागबाट मूर्तिको पहिलेको स्वरूपको केही अनुमान गर्न सकिन्छ ।

विश्वरूपका आठ हात छन् । दाहिनेपट्टिको माथिल्लो हातमा चक्र छ । त्यसभन्दा मुन्तिरका दुइ हातमा भएका आयुधहरू चिनिँदैन । चौथो हात केही खुम्च्याई वरदमुद्रामा रहेको छ । यस किसिमको खुम्च्याइ प्रारम्भिक कालका मूर्तिका विशेषताहरू हुन् ।

देब्रेतर्फका हातहरूमध्ये सबभन्दा माथिल्लो हातमा लिएको आयुध देखिँदैन । त्यसभन्दा तल्लो हातले गदा समातेको छ । तेस्रोमा पद्म र चौथो हातमा शङ्ख लिएको देखिन्छ । त्यो हात पनि केही खुम्च्याइएको छ । नाडीमा मोटो कङ्कणको प्रयोग गरिएको छ ।

विश्वरूपको दुइ खुट्टाको बीचमा जाँघभन्दा मुन्तिर एउटा नारी मूर्ति देखिन्छ । यिनी भूदेवी हुनु धेरै सम्भव छ । उनको मुहार बाटुलो छ । स्तन गोलाकार र पुष्ट देखिन्छन् । तिनले दुवै हात फैलाएर विष्णुका दुइ पैतालामुनि राखेकी छिन् । विष्णुको खुट्टाको दायाँ-बायाँ विष्णुको मुहारतिर हेरिएका नागको फणायुक्त दुइ मूर्तिको आधा शरीर देखिन्छ । ती दुवै नाग मानवाकार रूपमा छन् । दाहिनेपट्टिको नागको घाँटीमा गोलाकार डल्लो वस्तुबाट बनेको माला छ । ती नागहरूका माथिल्लो भागमा खुट्टाको दायाँ-बायाँ दुइ नारी मूर्ति अञ्जलिमुद्रामा छन् । तिनीहरू अप्सराका मूर्तिहरू हुन सक्छन् । दुइ खुट्टाको बीचकी भूदेवीको आकृति तथा बनोट जयवागीश्वरी, मालीगाउँ आदिका मातृका मूर्तिसँग समता राख्दछन् । विश्वरूप मूर्तिफलकमा भएका विभिन्न देव-देवीले लगाएका गहनाहरू प्रारम्भिक कालका मूर्तिहरूमा जस्तै छन् । धोतीको शैली कुम्भेश्वरको सूर्यमूर्तिसँग मिल्दछ । सबभन्दा महत्त्वपूर्ण कुरा कुटुबहिलको विश्वरूप र राष्ट्रिय नाचघरको शिवमूर्तिमा शारीरिक अवयवहरू उस्तै किसिमका छन् । सङ्क्षिप्तमा यसको रचना शैली सरल, हातखुट्टा सुदृढ मोटा र त्यति परिमार्जित भई नसकेको प्रारम्भिक अवस्थाताकाका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसलाई हेर्दा यो मूर्ति विक्रमको दोस्रो-तेस्रो शताब्दीको हुन सक्ने देखिन्छ । लैनसिंह बाङ्देलले यसमा मथुरा-कुषाण शैलीको प्रभाव परेकोले ईस्वीको दोस्रो–तेस्रो शताब्दीको मान्नुभएको छ ।[२२] तर उहाँले मथुरा-कुषाण कालको के प्रभाव परेको हो ? त्यो बताउनुभएको छैन । वास्तवमा यस मूर्तिमा मथुरा-कुषाणको प्रभाव भन्न सकिने स्पष्ट चिह्न केही छैनन् । मेरी सेफर्ड स्लसरले यसलाई ईस्वीको छैटौं-सातौं शताब्दीको मानेकी छिन् ।[२३]

विश्वरूपको मूर्तिको क्रममा एउटा अर्को विश्वरूपको मूर्तिको उल्लेख प्रासङ्गिक देखिन्छ । पशुपतिको पूर्वपट्टिको ढोकाबाट आर्यघाटपट्टि ओर्लदा देब्रेपट्टि रहेको एउटा खोपाभित्र यो मूर्ति पाइएको छ । अहिलेसम्म यो मूर्तिको बारेमा कसैले पनि चर्चा गरेको थाहा छैन । मूर्ति ज्यादै खिइएको छ । मूर्तिको सम्पूर्ण भाग नदेखिने हुनाले यो के को मूर्ति हो ? भन्ने बारेमा झट्ट भन्न गाह्रो पर्ने भए तापनि मूर्तिलाई नियालेर हेर्‍यौं भने चिन्न गाह्रो पर्दैन । यसको शैलीले कुटुबहिलको विश्वरूपकै शैलीसँग तादात्म्य राख्दछ ।

यसमा बीचको मूर्ति उभिएको अवस्थामा छ । करीब ३० इञ्च अग्लो विश्वरूपको यो मूर्तिको दायाँ-बायाँ दुइवटा मूर्तिहरू छन् । तिनीहरू निकै खिइएका छन् । बायाँतर्फको मूर्तिले हात जोडिरहेको छ । विश्वरूपको प्रशस्त हातहरू भएको भान पर्ने गरी मूर्ति निर्माण गरिएको छ । तर हातमा भएका आयुधहरू भने चिनिँदैनन् । कुटुबहिलको झैँ विश्वरूपको टाउकोभन्दा माथिल्लो भागमा दायाँ-बायाँ फिँजाइएको हातजस्तो आकृति आर्यघाटनजिकको यो मूर्तिमा पनि छ । यसको शैलीलाई हेर्दा यो मूर्ति कुटुबहिलको विश्वरूपकै हाराहारीको समयको देखिन्छ ।

१२.२.२ *विष्णुविक्रान्त*

तिथिमिति तथा अभिलेखसहितको नेपालको पहिलो मूर्तिको क्रममा पशुपतिको तिलगङ्गा तथा हाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा रहेको विष्णुविक्रान्तका मूर्तिहरू आउँछन् । तिलगङ्गामा रहेको विष्णुविक्रान्तको मूर्ति वाग्वतीको पूर्वपट्टिको खेतमा रहेको छ (चित्रसङ्ख्या ३२) । ती दुइ मूर्तिहरूको प्रतिष्ठा लिच्छवि राजा मानदेव प्रथमले संवत् ३८९ (वि.सं. ५२५) वैशाखमा आफ्नी आमा राज्यवतीको नाउँमा गरेका हुन् । असुरक्षित अवस्थामा रहेकोले तिलगङ्गाको मूर्ति निकै भग्न भइसकेको छ । विष्णुविक्रान्तमूर्तिको फलकमा भएका सबै अनुहारहरूको मुखाकृति झण्डै नचिनिने भएका छन् । विष्णु तथा विष्णुको जाँघमुन्तिर उत्कीर्ण गरिएको वामनलाई जानाजान कसैले फुटालेको जस्तो बलजफ्ती उप्किएका पाप्राहरूबाट अवगत हुन्छ ।

विष्णुविक्रान्तको मूर्ति प्रचलित कथावस्तुको आधारमा उत्कीर्ण गरिएको छ । वामन र त्रिविक्रम विष्णु एउटै अवतारमा पर्दछन् । बलिसँग छलपूर्वक दान लिउञ्जेल वामन र दान लिई सकेपछि तीनै लोक ढाक्ने गरी विष्णुले लिएको स्वरूपलाई त्रिविक्रम भन्दछन् । त्रिविक्रमको वर्णन वेदहरूमा पनि पाइन्छ । अग्नि, वायु र सूर्यका रूपले तीनै लोक ढाक्ने, पाद (किरण) द्वारा स्वर्ग अन्तरिक्ष र पृथिवी तीनै लोक ढाक्ने, तीनै लोकमा पाद (पाउ वा किरण) द्वारा आफ्नो पराक्रम फैलाउने आदि अर्थ वैदिक मन्त्रहरूमा गरिएको छ । *पुराण*हरूमा यससम्बन्धी धारणालाई बुझाउन कथा नै दिएको पाइन्छ । जसअनुसार असुरहरूका राजा बलि दान गर्नामा अग्रगण्य हुन पुगे । दानको प्रभावले उनको कीर्ति फैलिँदै गयो । देवताहरूमा हाहाकारको स्थिति ल्यायो । तर दानको कारण उनमा घमण्ड पनि बढ्दै गयो । उनको शक्ति र कीर्तिलाई रोक्न देवताहरूले भगवान् विष्णुसँग अनुनय-विनय गरे । फलतः भगवान् विष्णुले वामनको भेषमा गई तीन पाइला जमीन माग्ने तथा त्रिविक्रमको रूपमा तीनै लोक ढाकी बलिलाई आफूले कबुलेअनुसार दान दिन नसकेको कसुरमा मर्त्यलोक पठाउने उद्देश्यले बलिले अश्वमेघ यज्ञ गरिरहेको ठाउँमा गएको कुरा पाइन्छ । त्यसैलाई विषयवस्तु बनाएर उपर्युक्त मूर्तिहरू उत्कीर्ण गरिएको छ ।

---

२२ लैनसिंह बाङ्देल, *पूर्ववत्*, पादटिप्पणी १२ सङ्ख्या, १२२ पृष्ठ ।

२३ Mary Shepherd Slusser, *op.cit.*, foot note no. 16, plate 370.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सो मूर्तिफलकको तल्लो खण्डमा वामन रूपका विष्णुलाई बलिले तीन पाइला जमीन दिने सङ्कल्प भारीद्वारा पानी वामनको हातमा खसाल्दै गरेका छन् । बलिको पछाडि उनकी रानी विन्ध्यावली हात जोडेर उभिइरहेकी छिन् । उनको पछाडि घुँडा टेकेर बसेका, देब्रे हातमा तरवार लिएका, दाहिने हात उठाएका एक जना व्यक्ति देखाइएको छ । उनी बलिका गुरु शुक्राचार्य हुन् । उनी हात उठाएर बलिलाई वामन भेष धरेर आएका कुनै देव हुन्, तीन पाइलै मागे पनि जमीन दिन हुँदैन भनी दान दिन निषेध गर्ने प्रयासमा छन् । उनको दायाँपट्टि एक जना अर्को पुरुष मूर्ति उभिरहेको देखिन्छ । दायाँ हातमा माला लिइरहेको देखाइएकोले यिनी पुरोहितविशेष हुनुपर्छ ।

वामनको ठीक माथि वामनलाई जाँघमुन्तिर पार्ने गरी विष्णुले त्रिविक्रमको स्वरूप लिएको देखाइएको छ । उनले आफ्ना दुवै खुट्टा झण्डै ७०° को कोणमा फट्याएका छन् । पृथ्वीमा रहेको दाहिने खुट्टालाई भूदेवीले आफ्नो हातमा राखिदिएकी छन् । भूदेवीको देब्रेतर्फको हातमा फक्रेको पुष्प समाइरहेको कुरा उनको टाउकोभन्दा केहीमाथि फक्रिएका फूलहरू उत्कीर्ण गरिएबाट थाहा हुन्छ । भूदेवीको देब्रेतर्फ एउटी नागकन्याले त्रिविक्रमको दाहिने खुट्टालाई दुवै हातले अङ्गालो मारेकी छिन् । सो खुट्टाको मुन्तिर मानवाकार मूर्तिमा नागको मूर्ति उत्कीर्ण छ, जसले माथितिर फर्केर त्रिविक्रमको पृथ्वीमा भएको खुट्टालाई दाहिने हातले समाइरहेको देखाइएको छ । नागको टाउकोमाथि नागका फणाहरू छन् । यसलाई हेर्दा यो नागका राजा वासुकि भएको देखिन्छ । दाहिने खुट्टामाथि तथा दाहिने हातहरूको मुन्तिरको खाली भागमा गरुड तथा अप्सराको मूर्ति छ । त्यस्तै गरी आकाशतर्फ फैलाइएको खुट्टाको टुप्पापट्टिको भागलाई राहुको जस्तो डरलाग्दो आकृतिले मुखमा राख्न लागेको जस्तो देखाइएको छ । दाहिने खुट्टाको मुन्तिर उभिण्डो परेको त्रिशङ्कुको मूर्ति छ ।

त्रिविक्रमका आठ हात छन् । दायाँतर्फका हातहरूमध्ये माथिल्लो तीन हातका अग्र भागहरू खण्डित भएकाले आयुधहरू चिनिँदैन । तल्लो हातचाहिँ वरदमुद्रामा छ । बायाँतर्फको माथिल्लो हातमा चक्र, त्यसभन्दा मुन्तिरको हातमा गदा, तेस्रो हातमा भएको आयुध चिनिन्न । त्यसभन्दा मुन्तिरको चौथो हात छातीपट्टि फर्केको छ र सो हातमा शङ्ख समातेको छ । हातमा लिएका आयुधहरूमध्ये चक्र अत्यन्त मिहिन कलाले पूर्ण छ । त्यसको रेखाहरू र बुट्टा कलात्मक छ ।

त्रिविक्रमको माथिल्लो शरीरमा वस्त्र छैन । तल्लो शरीरमा भने पारदर्शक धोती पहिरेको छ । धोतीका धर्के रेखाहरू स्पष्ट देखिन्छन् । जाँघको मुन्तिर दायाँ र बायाँतर्फको घुँडाबाट बहेका बुट्टे किनारहरू आकर्षक देखिन्छन् । धोती बाँध्न कटिबन्धको रूपमा प्रयोग गरिएको डोरो अरू मूर्तिहरूमा भन्दा फरक छ । पाखुराका केयूरहरू बुट्टे र आकर्षक छन् । त्यस्तै हातमा भएका कङ्कणहरू पनि एकसरो र बुट्टायुक्त छन् । तीनचोसे किरीटमुकुटको आकारसम्म चिन्न सकिन्छ । कानको माथिल्लो भागमा दायाँ-बायाँ ठाडा-ठाडा भएर निस्केका बुट्टाहरू अनौठा प्रकारका छन्, जुन अरू मूर्तिहरूमा देख्न पाइन्न । भारतको वदामीको त्रिविक्रममूर्तिमा भने यस्तो बुट्टा छ । त्रिविक्रमका आठ हातले आठ दिशा र तल-माथि फैलिएका पाउले पृथ्वीअन्तरिक्षसमेत दशै दिशा ढाकेको सङ्केत दिन खोजिएको छ ।

मूर्तिमा पालिस लगाएजस्तो टलक छ । यस मूर्तिमा अज्ञात कलाकारले जुन कुशलता देखाएका छन्, त्यो ज्यादै कलापूर्ण र सजीव बन्न गएको छ । जसको कारण यो मूर्तिले विक्रमको छैटौँ शताब्दीसम्ममा नेपालको प्रस्तरमूर्तिकला ज्यादै उन्नत अवस्थामा पुगिसकेको सङ्केत दिन्छ । झण्डै सवा पन्ध्रसय वर्ष बितिसक्यो तर यो मूर्तिले अहिले पनि त्यस जमानाको कलाको वैभव, उन्नत कलाशैली र विकसित कौशलतालाई देखाउँछ ।

भारतको बदामीमा रहेको गुफामा विक्रमको सातौँ शताब्दीको विष्णुविक्रान्तको मूर्ति पाइएको छ तर यो जस्तो जीवन्त र आकर्षक बन्न सकेको छैन (चित्रसङ्ख्या ३३) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णुविक्रान्तको प्रतिमालक्षण *मत्स्यपुराण*मा दिएभन्दा केही फरक छ । *मत्स्यपुराण*मा वामन ब्रह्माण्ड नाप्न तयार भइरहेको एवं उनको पाउको माथिल्लो भागमा हात बनाउने तथा तलतिर बायाँ हातमा कमण्डलु धारण गरेका वामनको रचना गर्नुपर्ने बताइएको छ । वामनको दाहिने हातमा छाता हुनुपर्ने तथा मुखमण्डलमा दीनता देखाउनुपर्ने कुरा छ । उनको नजीकै हातमा झारी लिएको बलि बनाउने तथा बलिलाई बाँध्दै गरेको गरुड एकातिर देखाउनुपर्ने उल्लेख पनि पाइन्छ ।[२४] *रूपमण्डन*मा दिइएको त्रिविक्रम एवं वामनको विवरणले यो मूर्तिसँग तादात्म्य राख्दैनन् ।[२५] प्रचलित कथावस्तुलाई आधार बनाएर शिल्पकारले आफ्नो धारणालाई अघि सारेर प्रस्तुत मूर्तिको निर्माण गरेको अवगत हुन्छ । तिथिमितिसहितको यो मूर्तिको प्राप्तिले तिथिमिति नभएका अरू मूर्तिहरूको सम्भाव्य समय थाहा पाउन केही सहयोग पुऱ्याएको छ । यो मूर्तिमा देखिएको उच्च कलाकारितालाई हेर्दा नेपालमा प्रस्तरमूर्तिकलाको विकास क्रमागतरूपले अघिदेखि हुँदै आएकोले नै विक्रमको छैटौं शताब्दीमा विष्णुविक्रान्तको जस्तो उत्कृष्ट मूर्ति बन्न सकेको देखिन्छ ।

१२.२.३ *विष्णु*

विष्णुको एउटा नमूनालायक मूर्ति आर्यघाटपारि रहेको छ । स्थानीय बासिन्दाहरू यसलाई रामचन्द्रको मूर्ति भनेर पूज्दछन् । प्रचलित *भाषावंशावली*हरूमा यसलाई जयस्थिति मल्लद्वारा स्थापित लव, कुशसहितको रामचन्द्रको मूर्ति भनी उल्लेख गरिएकोले पनि स्थानीय बासिन्दाहरूले यसलाई रामचन्द्रको मूर्ति भन्न रुचाएको हुनुपर्छ ।

पूर्णकदको झण्डै १० फीट अग्लो यो मूर्ति कालो प्रस्तरमा कुँदिएको छ । नेपालमा प्राप्त प्राचीन प्रस्तरमूर्तिहरूमा बुढानीलकण्ठनारायणको मूर्तिपछि यो आकारमा दोस्रो ठूलो मूर्ति हो (चित्रसङ्ख्या ३४) । सधैंजसो पोशाक पहिऱ्याएर राखिने तथा ढोका पनि बन्द रहने हुनाले धेरैले यो मूर्तिको यथार्थ रूप नदेखेको हुन सक्छ । प्राचीनकालिक मूर्तिको विशेषताले ओतप्रोत तथा तालमानहरूको मिल्दो अनुपातले गर्दा मूर्ति भव्य र आकर्षक बन्न पुगेको छ ।

स्थानीय बासिन्दाहरूले यस मूर्तिलाई रामको मूर्ति माने तापनि यो रामको मूर्ति होइन । रामको प्रचलित मूर्तिहरूमा धनुष तथा बाण लिएको पाइन्छ । यो कुरालाई प्रतिमालक्षणसम्बन्धी ग्रन्थहरूले पनि पुष्टि गर्छन् ।[२६] तर यो मूर्तिले रामका आयुधहरू हातमा लिएको छैन । रामका लव, कुशनामक दुइ छोराहरू भएका तथा यस मूर्तिमा पनि रामका दायाँ-बायाँ मानावाकर दुइ लघु मूर्तिहरू भएकाले तिनैलाई लव, कुश मानी मानिसहरूले त्यही रूपमा पूजा गर्न थालेको हुनुपर्छ । गूठीको लगतमा पनि यसलाई रामचन्द्रको मूर्ति भनी उल्लेख गरिएको छ । रामका

---

२४ राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १५ सङ्ख्या, २६०।३६-३९, १००८ पृष्ठ ।

तथा त्रिविक्रमं वक्ष्ये ब्रह्माण्डक्रमणोल्वणम् ।
पादपार्श्वे तथा बाहुमुपरिष्ठात् प्रकल्पयेत् ॥
अधस्ताद् वामनं तद्वत् कल्पयेत् सकमण्डलुम् ।
दक्षिणे छत्रिकां दद्यान्मुखं दीनं प्रकल्पयेत् ॥
भृङ्गारधारिणं तद्वद् बलिं तस्य च पार्श्वत: ।
बन्धनं चास्य कुर्वन्तं गरुडं तत्र दर्शयेत् ॥

२५ बलराम श्रीवास्तव, *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, ३।१५, १३७ पृष्ठ ।

त्रिविक्रमस्त्रिषु गदाचक्रशङ्खान् बिभर्ति य: ॥
वामनस्तु शङ्खचक्रगदापद्मलसत्कर: ।

२६ *ऐजन*, १३९ पृष्ठ ।

राम: शरेषुधृक् श्याम: सशीरमुशलो बल: ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिहरूमा चार हातहरू उत्कीर्ण गरिएको पाइँदैन ।[२७] यस मूर्तिमा भने चार हातहरू छन् । हुनत *अध्यात्म, आनन्द* आदि *रामायण*हरूमा विष्णुकै जस्तो चतुर्भुज शङ्ख, चक्र, गदा, पद्मधारी रामको मूर्तिको उल्लेख गरेको पाइन्छ । त्यो रामलाई विष्णुकै अवतार हुन् भन्ने कुरा देखाउन उल्लेख गरिएको हो ।

यस मूर्तिमा भएका चार हातहरूमध्ये दायाँतर्फको माथिल्लो हातमा चक्र छ । त्यस्तै बायाँतर्फको माथिल्लो हातमा गदा छ । दायाँतर्फको तल्लो हातले पद्मबीज समातेको पाइन्छ । सोही हातको ठीक मुन्तिर लघु रूपको पुरुषाकार मूर्ति रहेको छ । पद्मबीज रहेको हातको हत्केला अगाडि फर्केको छ । बायाँतर्फको तल्लो हातको मुन्तिर पनि दायाँतर्फको जस्तो लघु पुरुषाकार मूर्ति उभिएको अवस्थामा छ । तर सो हातको हत्केला पछाडि फर्केको हुनाले त्यस हातमा केही आयुध लिएको छ वा छैन थाहा हुँदैन । यस प्रकार ती मानवाकार लघु मूर्तिहरू के का मूर्तिहरू हुन् ? भन्ने प्रश्न आउँछ । सो मूर्ति रामको हुन सक्तैन भन्ने कुराको चर्चा माथि गरिसकियो । विष्णुले माथिल्लो हातमा चक्र तथा गदा लिएको तथा तल्लो दायाँतर्फको हातमा पद्मबीज लिएको देखिनाले बायाँ तल्लो हातमा शङ्ख हुनुपर्ने अनुमान गर्न सकिन्छ । तल्लो हातका आयुधहरूको ठीक मुन्तिर रहेका लघु मूर्तिहरू विष्णुले तल्लो हातमा समाएको आयुधहरूको मानवाकार रूप हो भन्ने कुरा थाहा हुन्छ । ती मूर्तिहरू आयुधपुरुषहरूका हुन् भन्ने कुराको उल्लेख सबभन्दा पहिले मेरी स्लसर र गौतमवज्र वज्राचार्यको एउटा लेखमा पाइन्छ ।[२८]

*गोपालराजवंशावली*मा विष्णु गुप्तको चर्चा गर्दै जाँदा सो मूर्तिको परिचयको सम्बन्धमा केही विवेचन गरिएको छ । त्यसको अनुसार विष्णु गुप्तको प्रतीकको रूपमा विष्णु एवं उनका दुइ छोराहरू त्यहाँ स्थापना गरिएको उल्लेख गरिएको छ ।[२९] नेपालमा व्यक्तिविशेषको मूर्तिहरूलाई त्यति ग्राह्यता नदिई देवीदेवताको मूर्तिलाई प्रश्रय दिने गरेको इतिहासबाट अवगत हुन्छ । यसैको अनुसरण विष्णु गुप्तले पनि गरेका रहेछन् भन्ने कुरा *गोपालराजवंशावली*बाट थाहा हुन्छ । विष्णु गुप्त विष्णुका अनन्य उपासक थिए । उनले बूढानीलकण्ठनारायणको स्थापना गरेका थिए । त्यस्तै गरी आर्यघाटपारि रहेको उक्त विष्णुको मूर्ति स्थापना गर्ने व्यक्ति पनि विष्णु गुप्त (वि.सं. ६९०-६९८ आ.) भएको थाहा पाइनाले उनको विष्णुप्रति रहेको श्रद्धाविश्वास बुझ्न सकिन्छ । *भाषावंशावली*हरूमा यसलाई जयस्थिति मल्लले स्थापना गरेको बताइएको छ, तर *गोपालराजवंशावली* को विवरण तथा मूर्तिमा अन्तर्निहित विशेषताहरूलाई हेर्दा यो मूर्ति कुनै पनि हालतमा जयस्थिति मल्लको समयमा निर्माण भएको हुन नसक्ने देखिन्छ । विक्रमको सातौं शताब्दीमा प्रचलित विशेषताहरू रहेको यो मूर्ति नेपालको प्रतिनिधि मूर्तिको क्रममा आउँछ ।

विष्णुका पुराना मूर्तिहरूको क्रममा पशुपतिनाथमन्दिरको पश्चिमपट्टि रहेको बाहिरी मूल ढोकाको उत्तरतिरको सत्तलको चोकको पश्चिम–उत्तरको पेटीमा रहेका मूर्तिहरू उल्लेख्य छन् । यी मूर्तिहरू त्यहाँ छन् भन्ने बारेमा सम्भवत: कमैलाई थाहा होला । त्यहाँ सूर्य, लक्ष्मीको अतिरिक्त विष्णुका दुइ मूर्तिहरू रहेका छन् । झट्ट हेर्दा ती दुवै मूर्तिहरू उस्तै देखिन्छन् । सूर्यमूर्तिको बायाँतर्फ रहेको विष्णुको मूर्ति बसेको अवस्थामा छन् (चित्रसङ्ख्या ३५) । बाटुलो अनुहारमा किञ्चित् हाँसेको जस्तो देखिने यो मूर्ति सानो भईकन पनि हेरिरहुँ जस्तो लाग्ने किसिमको छ । लिच्छविकालका मूर्तिहरूमा पाइने बनोट र ढाँचा यस मूर्तिमा पाइन्छ । प्रस्तरको प्रकार, मूर्तिको विशेषता तथा अनुहार निर्माण शैलीले पनि त्यस कुरालाई पुष्टि गर्दछन् । विक्रमको पाँचौं-छैटौं शताब्दीको हुन सक्ने सत्य-नारायणस्थान हाँडिगाउँको विष्णु मूर्तिसँग (चित्रसङ्ख्या ३६) यो मूर्तिको बनोट र शैली मिल्दछ ।

---

२७ पं. गोविन्दप्रसाद भट्टराई, *मूर्तिकला,* (काठमाडौं: इल्या भट्टराई, वि.सं. २०३१), ४५ पृष्ठ ।

२८ Mary Shepherd Slusser, Gautamvajra Vajracharya, "Some Nepalese Stone Sculpture Further Notes", *Artibus Asiae*, Vol. XXXI, 3, (1973 A.D.), p. 269

२९ Dhanavajra Vajracharya and Kamal P. Malla, *The Gopalrajavamsavali,* (Germany: Franz Steiner Verlag Wiesbaden GmbH, 1985 A.D.), p. 30.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णुको शिरमा किरीटमुकुट छ । त्यसको बीचमा फूलबुट्टा तथा दायाँ-बायाँ चोसे आकृति छ । कानमा कुण्डल तथा घाँटीमा हार पहिरेको छ । चार हातहरूमध्ये दाहिनेतर्फको माथिल्लो हातमा चक्र छ । तल्लो हातमा के थियो सो हात भाँचिइसकेकोले भन्न सकिन्न । यस्तै देब्रेतर्फको माथिल्लो हातमा के थियो ? सो हात पनि भाँचिइसकेकोले भन्न गाह्रो छ तापनि सो हात झण्डै काँधको तहमा पुगेर केही लम्बाकार कुरा समाइरहेको जस्तो देखिने हुँदा त्यस हातमा गदा हुनुपर्ने अनुमान गर्न सकिन्छ । सोही मूर्तिको अनुकरणमा बनाइएको जस्तो देखिने यहाँ चर्चित मूर्तिको बायाँतर्फ रहेको मूर्तिमा बायाँपट्टिको माथिल्लो हातमा गदा भएकोले पनि माथि गरिएको अनुमान ठीक हुन सक्ने देखिन्छ । तल्लो हात सिमेन्टले छोपिएकोले सो हातमा के थियो ? स्पष्टसँग भन्न सकिन्न । तीन डोरे बाजु पाखुरामा देखिन्छ ।

विष्णुको अर्को मूर्ति त्यहीं सँगै छ भन्ने कुराको चर्चा माथि गर्‍यौं (चित्रसङ्ख्या ३७) । यो मूर्तिको कम्मरभन्दा मुन्तिरको भाग छोपिएको छ । यो पनि आसनावस्थामा छ । माथि चर्चा गरिएको विष्णुमूर्तिसँग यो मूर्तिले यति सामञ्जस्य राख्दछ कि यी दुवै मूर्ति एउटै मूर्तिकारको हातको सिर्जना हुन् जस्तो लाग्छ । यो मूर्तिको किरीटमुकुटको अग्रभाग फुटिसकेको छ । माथिल्लो दुइ हातका आयुधहरू माथि चर्चित विष्णुका जस्तै छन् । तल्ला हातहरू भने सिमेन्टले छोपिएकोले ती हातहरूमा भएका आयुधहरूबारे थाहा हुँदैन । सौम्य अनुहार, तालमान मिलेको शारीरिक बनोटले गर्दा मूर्ति आकर्षक बन्न गएको छ । कुनै वेला श्रद्धावान् व्यक्तिले आस्थासाथ भक्ति तथा उपासनाको हेतुले स्थापना गरेको यो मूर्ति अहिले मिल्किएर रहेको छ ।

पशुपतिक्षेत्रमा भएका विष्णुका आकर्षक अन्य मूर्तिहरूमा नवालीटोलस्थित लुँहिटीपूर्वको एउटा निजी घरको चोकमा रहेको विष्णुको मूर्ति पनि हो । विष्णु सादा आसनीमाथि उभिएका छन् । विष्णुको दायाँतर्फ लक्ष्मी तथा बायाँतर्फ गरुड उभिएका अवस्थामा छन् । उनीहरू विनाआसनी उभिएका छन् । विष्णुका चार हातहरूमा दायाँपट्टि माथिल्लो हातमा चक्र तथा तल्लो हातमा शङ्ख, बायाँपट्टि माथिल्लो हातमा गदा एवं तल्लो हातमा पद्म छन् । किरीटमुकुट पहिरेका विष्णुको अनुहार लिच्छविकालका मूर्तिमा सामान्यतया देखिने आकृतिको छ । कालो कडा प्रस्तरमा निर्मित यो मूर्ति प्रभावोत्पादक छ । विष्णुको घुँडासम्म धोती लत्रेको छ । दुइ खुट्टाको बीचबाट मुजामुजा परेर लत्रेको धोती लिच्छविकालका अन्य मूर्तिसरह आकर्षक देखिन्छ । धोती पारदर्शक किसिमको भईकन पनि धर्के बुट्टायुक्त छ । लत्रेको जनैलाई कमरबन्दले च्यापेको छ । घाँटीमा पहिरेका हारहरू गलामै सीमित छन् । कानमा पुष्पाकृति कुण्डल छ । विष्णुको टाउकोपछाडि माथि चोसो परेको प्रभामण्डल छ । विष्णुको दायाँतर्फ रहेको लक्ष्मीका दुइ हात छन् । दायाँ तर्फको हात वरदमुद्रामा केही डल्लो वस्तु समाएको जस्तो देखिन्छ । बायाँ हातमा पूर्ण फक्रेको कमल समाएको देखाइएको छ । तीनचोसे मुकुट पहिरेकी लक्ष्मीको बारुले कम्मर सुहाउँदो छ । धोतीलाई कम्मरमा अड्याउन प्रयोग गरिएको पट्टा बुट्टायुक्त छ । टाउकोपछाडि विष्णुको जस्तै प्रभामण्डल छ ।

विष्णुको बायाँतर्फ गरुड हात जोडेर उभिइरहेका छन् । मानवाकृति गरुडका दुइ पखेटा घुँडासम्म आएका छन् । गरुडको धोतीको पहिरन विष्णुको झैं छ । कानको कुण्डल एवं टाउकोपछाडिका ज्वालावली पनि विष्णुसँग मिल्दछ । गरुडको मुकुट भने भिन्न किसिमको छ । तीन मूर्तिको बाहिर दुइ तहयुक्त ज्वालावली छ । यस मूर्तिमा भएको ज्वालावली पाटन थापाहिटीको वि.सं. ११२२ र सौगलटोलको वि.सं. ११४० का सूर्यमूर्तिसँग मिल्दोजुल्दो छ । तर ती दुइ सूर्यमूर्तिहरूभन्दा भिन्न यो विष्णुमूर्तिको तालमान मिलेको तथा शैलीगत विशेषताहरूबाट पनि पुरानो हो भन्ने देखिन्छ । यसलाई हेर्दा यो मूर्ति छैटौं-सातौं शताब्दीताका निर्माण भएको हुनुपर्ने देखिन्छ (चित्रसङ्ख्या ३८) ।

विष्णुका विविध शैलीका उपलब्ध मूर्तिहरूमध्ये भस्मेश्वरस्थित भद्रेश्वरशिवलिङ्गको पूर्वपट्टि खाल्डोमा रहेको एउटा प्रस्तरस्तम्भमा कुँदिएको विष्णुको आकृति पनि पर्दछ (चित्रसङ्ख्या ३९) । प्रस्तरफलकमा विष्णुको मूर्ति उत्कीर्ण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको छ । यो मूर्ति ११.५ इन्च अग्लो छ । आधा मूर्ति जमीनमुनि गडेको अवस्थामा छ । चार हातयुक्त यो मूर्तिमा शरीरका अङ्गहरू त्यति पुष्ट नबनेका हुनाले आकर्षक बन्न सकेको छैन । स्तम्भहरूमा पाइने शङ्करका मूर्तिको शैलीमा यसको निर्माण भएको छ ।

माथिल्लो दाहिने हातमा चक्र छ, तल्लो हातमा भएको आयुध देखिँदैन । देब्रेतर्फ माथिल्लो हातमा गदा छ, तल्लो हातको आयुध यतापट्टि पनि देखिँदैन । किनभने मूर्ति जमीनमुन्तिर गडेको अवस्थामा छ । टाउकोपछाडि भित्री तहमा थोप्लेबुट्टा तथा बाहिर अग्निज्वाला भएको प्रभावली छ । तल्लो शरीरमा धोती छ । प्रस्तरस्तम्भमा उत्कीर्ण शङ्करका मूर्तिहरूसँग यसको सादृश्य देख्दा यसको निर्माण विक्रमको सातौँ-आठौँ शताब्दीतिर भएको हुन सक्ने देखिन्छ ।

विष्णुका मूर्तिहरूको क्रममा नवालीटोलस्थित चन्द्रविनायकमन्दिरको भित्र पश्चिमाभिमुख भएर रहेको मूर्ति पनि उल्लेख्य छ । दायाँ-बायाँ लक्ष्मी एवं गरुडसहित रहेको यो मूर्ति कमसल ढुङ्गामा बनेकोले निकै भग्न छ । त्यसो भए तापनि यसमा निहित शैलीबाट त्यो मूर्ति सातौँ-आठौँ शताब्दीतिरको जस्तो देखिन्छ । फुस्रोजस्तो देखिने सेतो ढुङ्गामा बनेकोले पनि होला यो मूर्ति मन्दिरभित्र रहँदा पनि निकै भग्न भइसकेको छ (चित्रसङ्ख्या १६१) ।

१२.२.४ राम

पशुपतिक्षेत्रस्थित नवालीटोलमा एउटा लक्ष्मीनारायणमन्दिर छ । यो सानो आकारको भईकन पनि विष्णुका विभिन्न अवतारका मूर्ति यहाँ हुनु यसको वैशिष्ट्य हो । यो मन्दिरमा भएको आकर्षक मूर्तिहरूमध्ये एउटा मूर्ति रामको छ । यो मूर्ति आलीढासनमा छ । दुइ हातमध्ये दायाँ हातमा बाण एवं बायाँ हातमा धनुष समाएको रूपमा यो मूर्ति कुँदिएको छ (चित्रसङ्ख्या ४०) । धोतीको पट्टा घुँडासम्म आएको तथा अगाडिको फेर भुइँसम्म लत्रेको जुन देखाइएको छ त्यसले यही मन्दिरमा भएका बलराम (चित्रसङ्ख्या ४२) र परशुराम (चित्रसङ्ख्या ४१) का मूर्तिसँग सामञ्जस्य राख्दछ । टाउकोपछाडिको ज्वालावली एवं मूर्तिको बाहिरी आभरण पनि उस्तै छ । घाँटीमा सादा तीन किसिमका गहना छन् । कानमा कुण्डल काँधसम्म लत्रेको देखाइएको छ । सम्भवत: यो मन्दिरमा कुँदिएका मूर्तिहरू एकै कलाकारको घरको परम्परामा विकसित भएको हुनुपर्छ । यो कुरा मूर्तिमा देखिने कतिपय समानताबाट अवगत हुन्छ । यो विक्रमको सत्रौँ शताब्दीको मध्यतिरको मूर्ति हो भन्ने बुझिन्छ ।

रामको एउटा प्राचीन मूर्ति रुद्रगारेश्वरमा थियो (चित्रसङ्ख्या १७३) । त्यो केही दशकअगाडि हराएकोले अब त्यो छैन । विक्रमको छैटौँ-सातौँ शताब्दीको त्यो मूर्ति उभिएको अवस्थामा थियो, भग्न हुनलागे तापनि मूर्ति विशिष्ट किसिमको थियो ।

१२.२.५ परशुराम

विष्णुका चौबीस अवतारमा पर्ने परशुरामको मूर्ति नेपालमा थोरै पाइन्छन् । पशुपतिक्षेत्रस्थित रुद्रगारेश्वरमा केही वर्षअगाडिसम्म एउटा उच्चकोटिको प्राचीन परशुरामको मूर्ति थियो, तर अहिले हराइसकेको छ (चित्रसङ्ख्या १७४) । यहाँ चर्चिन लागेको परशुरामको मूर्ति कलाकारिताको दृष्टिकोणले त्यति उल्लेख्य नभए पनि तिथिमितियुक्त मन्दिरमा स्थापना भएकोले मूर्तिको निर्माण कालको बारेमा बताउन सजिलो हुन गई यसले प्रस्तरमूर्तिकलाको विकासक्रमलाई थप सहयोग पुऱ्याएको उल्लेख्य छ । नवालीटोलस्थित ने.सं. ७२४ (वि.सं. १६६०) कार्तिकमा निर्माण भएको लक्ष्मीनारायणको मन्दिरको बाहिरी भित्तामा रहेको यो मूर्तिमा चार हातहरू छन् । दायाँ माथिल्लो हातमा मुसल, तल्लोमा चक्र तथा बायाँ माथिल्लो हातमा हलो तथा तल्लो हातमा शङ्ख लिएको देखाइएको छ । परशुरामलाई कमलको पीठिकामाथि उभिएको रूपमा बनाइएको छ । यसै मन्दिरमा रहेको बलरामको मूर्तिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभामण्डल एवं ज्वालावली दिइएको छ भने यो मूर्तिमा त्यस्तो केही पनि छैन । परशुरामको टाउकोमाथि सात फणायुक्त नाग छन् । तल्लो शरीरमा धोती लगाएको देखाइएको छ । पाखुरामा तीन डोरे बाजु लगाएको देखाइएको छ । चार हातका नाडीमा एक-एकवटा चुरी छन् । फुस्रो प्रस्तरमा मूर्तिको निर्माण गरिएकोले घाम-पानीले मूर्तिलाई बिगार्दै छ (चित्रसङ्ख्या ४१) ।

१२.२.६ बलराम

बलरामको थोरै मूर्ति नेपालमा पाइन्छन् । त्यसमध्ये एउटा मूर्ति नवालीटोलस्थित लक्ष्मीनारायणमन्दिरमा रहेको छ (चित्रसङ्ख्या १९०) । उभिएको अवस्थामा रहेको यो मूर्तिमा बलरामले दायाँ हातले मुसल र बायाँले हलो समाएको देखाइएको छ (चित्रसङ्ख्या ४२) । श्रीकृष्णको दाजु बनेर अवतार ग्रहण गर्ने बलरामलाई मूर्तिकारले देवताको मूर्तिमा हुनुपर्ने सबै किसिमका आभूषण पोशाक र मुकुट पहिऱ्याइदिएका छन् ।. बलराम विष्णुका चौबीस अवतारमध्ये पर्दछन् । यो मूर्ति रहेको मन्दिर ने.सं. ७२४ (वि.सं. १६६०) कार्तिकमा निर्माण भएको बताउने अभिलेख सोही मन्दिरको तोरणमा भएकोले यो मूर्ति नेपालको प्रस्तरमूर्तिकलाको विकासको अध्ययनका लागि सहयोगी छ । टाउकोपछाडि प्रभामण्डल एवं मूर्तिफलकको वरिपरि दुइ तहयुक्त आभरण छ । घाम-पानीले गर्दा मूर्तिको मुहारलगायत शरीरका विभिन्न भाग टुटीफुटी दागजस्तो देखिन गएका छन् ।

१२.२.७ धन्वन्तरी

विष्णुका विभिन्न अवतारहरूमध्ये धन्वन्तरीको मूर्ति पनि पशुपतिक्षेत्रमा रहेको छ । धन्वन्तरीको मूर्तिको प्राप्तिले वैद्यहरूको वस्तीको सङ्केत गर्दछ । आयुर्वेदशास्त्रका आराध्यको रूपमा धन्वन्तरीलाई लिइन्छ । ने.सं. ७२४ (वि.सं. १६६०) कार्तिकको लक्ष्मीनारायणमन्दिरको बायाँतर्फ हुबहु त्यस्तै शैलीमा धन्वन्तरीको मन्दिर रहेको छ (चित्रसङ्ख्या १९०) । शिखर शैलीको सो मन्दिरभित्र दक्षिणाभिमुख भएर रहेको धन्वन्तरी दुइ तहवाला कमलपत्रमाथि सुखासनमा बसेका छन् । चार हातहरूमध्ये तल्ला दुइ हातले अमृतघडा समाएको देखाइएको छ । माथिल्ला दुइ हातमध्ये दायाँमा चक्र एवं बायाँमा शङ्ख छ । धन्वन्तरीको तल दायाँ-बायाँ सेवकहरूले चमर डोल्याइरहेको देखाइएको छ । विक्रमको अठारौँ शताब्दीका प्रस्तरमूर्तिहरूमध्ये उच्चकोटीको मूर्तिमा यसको गणना गरिन्छ । धन्वन्तरीको गहना एवं आभूषण सुहाउँदो किसिमले उत्कीर्ण गरिएको छ (चित्रसङ्ख्या ४३) ।

१२.२.८ अनन्तआदिनारायण

पशुपतिक्षेत्रमा प्रस्तरमूर्तिहरूका अतिरिक्त पोलिएका माटोद्वारा तयार पारिएका मूर्तिहरू पनि पाइन्छन् । तिनीहरूमा वत्सलेश्वरीमन्दिरको उत्तरपट्टि रहेको अनन्तआदिनारायण नामले प्रसिद्धि पाएको मूर्ति (चित्रसङ्ख्या ४४) उल्लेखनीय छ । टुक्रा-टुक्रा गरी साँचोमा ढालिएको माटोलाई पोलेर तयार पारिएको यो मूर्ति निकै आकर्षक छ । फक्रेको कमलमाथि समभङ्ग अवस्थामा उभिएको रूपमा यो मूर्ति तयार गरिएको छ । आसनीबाहेक पूरा मूर्ति १२१ टुक्रा पोलिएका माटाका टुक्राहरू जोडेर बनाइएको छ । त्यसरी टुक्रा-टुक्रा जोडेर बनाएको भए तापनि मूर्ति आकर्षक छ । नयाँ शीपको विकास र प्रयोगलाई यसले छर्लङ्ग्याउँछ । यस शीपको प्रभाव प्रस्तरमूर्तिहरूमा पनि पऱ्यो । भक्तपुरदरबारक्षेत्रतिरका विक्रमको सत्रौँ-अठारौँ शताब्दीतिरका जनावरका प्रस्तरमूर्तिहरू यस्तै टुक्रा गाँसेर बनाएको पाइन्छ ।

अनन्तआदिनारायणका चार हातहरू छन् । तीमध्ये दाहिनेतर्फको माथिल्लो हातमा चक्र, तल्लोमा पद्म तथा देब्रेतर्फ माथिल्लो हातमा गदा र तल्लो हातमा शङ्ख छ । तल्लो हातका आयुधको मुन्तिर जमीनबाट पुष्पलता आएको भान पर्ने गरी बुट्टा कुँदिएको छ । नाडीमा एकसरो बुट्टे कङ्कण तथा पाखुरामा केयूर लगाएको छ । टाउकोमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरीटमुकुट तथा कानमा फूलबुट्टायुक्त कुण्डल छ । कानको दायाँ-बायाँ कर्णपट्ट छन् । त्यसको मुन्तिर काँधसम्म कपाल झरेको छ । घाँटीमा दुइ किसिमका हारहरू छन् । एक थरी छातीको माथिल्लो भागसम्म मात्र छन्, अर्को थरी झण्डै पेटसम्म आएको छ । माथिल्लो शरीरमा पारदर्शक वस्त्र पहिरिएको छ जसको सङ्केत दुइ पाखुरामा आइपुगेको बुट्टे परिधानबाट थाहा हुन्छ । तल्लो शरीरमा कटीबन्धयुक्त पारदर्शक धोती लगाइएको छ । प्रस्तरमूर्तिमा धोती लगाएको देखाउने मल्लकालको प्रचलन र यसमा केही फरक पाइन्न । अनन्तआदिनारायणको टाउकोमाथि सात फणायुक्त नागहरू छन् । नारायणको दायाँ-बायाँ जामा लगाएका नारी मूर्तिहरू दुइ हातमा फूलको माला लिई उभिएको देखाइएको छ । तिनीहरूको पोशाक मल्लकालिक ढाँचामा छ । *भाषावंशावली* अनुसार यसको निर्माण अमर मल्ल (वि.सं. १५९४-१६१७ आ.) ले गरेका हुन् । खुलेको मुख, चौडा निधार, भव्य शरीर सुहाउँदो छ । मूर्तिको बाहिर दुइ तहयुक्त ज्वालावली छ । त्यसमा भित्री ज्वालावली गोलबुट्टे छ । बाहिरपट्टिको चाहिँ ज्वालाको प्रतीकको छ ।

खुला मन्दिरमा स्थापना गरिएको हुँदा हावापानी तथा धूलोले मूर्तिलाई असर पारेको छ । मन्दिरका खोपाहरूमा पोलिएको माटोका अनेक मूर्तिहरू छन् । राम्रा मूर्तिहरू भने हराइसकेका छन् । त्यस्तै मन्दिरलाई सिँगार्न प्रयोग गरिएको बुट्टाहरू आकर्षक छन् ।

१२.२.९ गरुडनारायण

पशुपतिक्षेत्रस्थित नवालीटोलमा रहेको गरुडनारायणको मूर्ति नेपालको प्रस्तरमूर्तिहरूको क्रममा उत्कृष्ट मूर्तिमध्येको एउटा हो । पहिले यो मूर्ति निर्वाणेश्वरमन्दिरप्राङ्गणमा रहेको थियो । पछि गौशालाचाबहिल सडक विस्तारको क्रममा सो मूर्ति रहेको मन्दिर भत्काइएकोले अहिले सो मूर्ति गुठियारको घरमा राखिएको छ । यो मूर्तिलाई लैनसिंह बाङ्देलले वि.सं. २०२७ तिर हराइसकेको भनी लेख्नुभएको छ ।[३०] त्यो सत्य होइन ।

वाहन गरुडमाथि सुखासनमा विष्णु बसेको देखाइएको यो मूर्तिको आसन अन्य गरुडनारायणमूर्तिमा भन्दा फरक छ । विष्णु गरुडको प्वाँखको आसनी बनाई त्यसमाथि बसेका छन् । चार हातहरूमध्ये दायाँतर्फको माथिल्लो हातमा चक्र, तल्लोमा पद्मबीज तथा बायाँतर्फको माथिल्लो हातमा गदा तथा तल्लोमा शङ्ख समातेको रूपमा उत्कीर्ण गरिएको छ । तल्लो शरीरमा धोती लगाएको भए तापनि माथिल्लो शरीर भने लुगाविहीन छ । बीचमा कीर्तिमुखको आकृति चित्राङ्कित भएको किरीटमुकुट शिरमा पहिरेको छ । दुवै कानमा पुष्पकुण्डल छन् । धोतीको सप्को दुवै काँधमा सपक्क मिलेको देखाइएको छ । यसबाट जुन वेला यो मूर्तिको निर्माण भयो त्यस वेला लगाउने गरेको पहिरनको शैली थाहा पाउन सकिन्छ । पेटमा बाँधेको पटुकामा दायाँ-बायाँ मुजा बनाइएको स्पष्ट देखिन्छ । नारायणको टाउकोपछाडि प्रभामण्डल छ ।

वाहन गरुडको मुखाकृति मानवाकार छ । कपाल घुम्रेको देखाइएको छ । खुट्टा पक्षीको जस्तो छ । गरुड उड्नलाई ठीक्क परेको जस्तो गरी बनाइएको छ । कानमा लगाएको कुण्डल दुवै अलग-अलग प्रकारका छन् । दायाँतर्फ पुष्पकुण्डल छ, बायाँतर्फ बाटुलो कुण्डल छ । सर्पहार घाँटीमा छ ।

गरुडनारायणको दायाँतर्फ लक्ष्मी एवं बायाँतर्फ सेविका पूजासामग्रीको थाल लिएर उभिएका छन् । दुवै कमलको आसनीमाथि छन् । लक्ष्मीको बायाँ हातमा कमल डाँठसहित समाएको देखाइएको छ । दायाँ हात छातीमुन्तिर छ, सो हातले केही समाइरहेको देखिन्छ । पारदर्शक सादा बुट्टायुक्त धोती दुवै मूर्तिमा परिधानको रूपमा रहेको छ । बीचको भाग केही चुच्चो परेको मुकुट शिरमा छ । गरुडनारायणको यो मूर्ति ज्यादै उच्चकोटीको कलाकारिताले पूर्ण छ ।

---

३० Lain S. Bangdel, *op.cit.*, foot note no. 14, p. 176.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालको प्रस्तरमूर्तिकलाको उत्कर्षित काललाई यसले प्रतिनिधित्व गर्दछ । चाँगुको गरुडनारायण मूर्ति (चित्रसङ्ख्या ४५) सँग दाँजिन सक्ने यो मूर्ति विक्रमको सातौँ-आठौँ शताब्दीको उत्कृष्ट नमूनाको रूपमा रहेको छ (चित्रसङ्ख्या ४६) ।

गरुडनाराथणका मूर्तिहरूमा नासननीको मूर्ति नवालीटोलको गरुडनारायणपछिको प्रमुख मूर्ति हो (चित्रसङ्ख्या ४७) । चाँगुनारायणको गरुडनारायण मूर्तिबाट ज्यादातर प्रभावित भएको यो मूर्ति चाँगुनारायणको झैँ उत्कृष्ट बन्न नसके पनि आकर्षकचाहिँ छ । उडेको गरुडमाथि प्रलम्बपादासनमा नारायणको मूर्ति चित्रित गरिएको छ । मूर्ति कुँदिएको ढुङ्गाको गुण त्यतिविधि असल नभएकोले उत्कृष्ट र भव्य बन्न सकेको छैन । गरुडका दुइ पखेटाको माथि काँधमा नारायणका दुइ पाउ छन् । यो मूर्ति २०.५ इन्च अग्लो छ । नारायणको टाउको अलिकति झुकेको रूपमा उत्कीर्ण गरिएको छ तर मुहार सौम्य छ । किरीटमुकुट लगाएका चार हातयुक्त नारायणको दुवैतर्फको तल्लो दुइ हातको अगाडिको खण्ड भाँचिएको छ । माथिल्लो शरीरमा वस्त्र पहिरेको छैन । तल्लोमा धोती लगाएको छ । धोतीलाई कम्मरबन्धमा अड्याएको दुइतिर निक्लेका धोतीका फुर्काबाट बुझिन्छ । कटिबन्ध अलि झोलिएको अवस्थामा भुँडिमुन्तिर देखाइएको छ । चार हातहरूमध्ये दायाँतर्फको माथिल्लो हातमा चक्र र देब्रेतर्फको माथिल्लो हातमा गदा छ । तल्लो दुवैतर्फका हातमा रहेका आयुधहरू चिनिँदैनन् । तर चाँगुनारायणको मूर्तिमा भने दायाँतर्फ तल्लोमा पद्म र बायाँतर्फ शङ्ख भएकोले यस मूर्तिमा सम्भवत: तिनै आयुधहरू भएको अड्कल गर्न सकिन्छ ।

नारायणको टाउकोपछाडिको आभरण तीन तहयुक्त छ । बाहिरपट्टिको आभरण अग्नि ज्वालाको आकारको छ । जुन धेरैजसो नारायण एवं शिवका मूर्तिमा पाइन्छन् । चाँगुनारायण, नवालीटोलको गरुडनारायणमूर्तिमा पनि झण्डै त्यस्तै किसिमको छ ।

नारायणको घाँटीमा बुट्टेदार हार छ भने केयूर र कङ्कण हातमा छन् । कानमा फूलबुट्टे कुण्डल छ । धोतीको फेर देब्रेतर्फबाट लत्री गरुडको पखेटासम्म पुगेको देखाइएको प्रभावोत्पादक छ । पृष्ठभूमिमा आकाशको प्रतीक बादलहरू बनाइएको छ । चाँगु तथा नवालीटोलका गरुडनारायणमूर्तिहरूमा भन्दा भिन्न एकसरो बाङ्गोटिङ्गो रेखाहरूले बादल बनाइएको छ ।

नारायणकै समानुपातिक झुकाइमा गरुड पनि झुकेको देखाइएकोले मूर्तिमा असन्तुलन आएको छैन । गरुडको मुहार बाटुलो छ । टाउकोमा घुम्रेका कपाल छन् । कानमा गोलाकार मुन्द्री तथा घाँटीमा सर्पको माला छन् । खुट्टा पक्षीको झैँ उत्कीर्ण छ तर अरू शरीर मानवाकार छ । दुइ हातमा दुइ पखेटा बनाइएका छन् । गरुडको पखेटाको मुन्तिरको हातहरू नवालीटोलको झैँ नखुली केही दबेको छ । यो मूर्तिको शैलीलाई हेर्दा एघारौँ-बाह्रौँ शताब्दीको देखिन्छ ।

गरुडनारायणका विविधस्वरूपमा मूर्तिहरू कुँदिएको पाइन्छ । तिनमध्ये लक्ष्मीसहितको गरुडनारायणमूर्ति गौरीघाटमा रहेको छ (चित्रसङ्ख्या ४८) । फुच्चे गरुडमाथि सादा आसनीमा नारायण र लक्ष्मी बसेका छन् । नारायण पलेटी मारेर सुखासनमा बसेका छन् । उनको देब्रे काखमा ललितासनमा लक्ष्मी बसेकी छिन् । नारायणको मुहार दाहिनेपट्टि किञ्चित् ढल्केको छ । नारायणको मुहारको बनोट बाटुलो छ । चार हातहरूमध्ये दाहिनेतर्फको माथिल्लो हातमा चक्र छ । तल्लोमा पद्मसहित अभयमुद्रामा छ । पद्मबीजलाई चोरऔँला र बूढीऔँलाले समातेको देखाइएको छ । देब्रेतर्फको माथिल्लो हातमा गदा र तल्लो हातमा शङ्ख छ । शङ्ख भद्दा किसिमको छ । कानमा गोलाकार कुण्डल तथा गलामा पेटसम्म लत्रेको हार छ । त्यस्तै आसनीसम्म लत्रेको वनमाला पनि पहिर्‍याइएको रूपमा चित्रित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायणको देब्रेपट्टिको काखमा लक्ष्मी छिन् । दायाँ खुट्टा पलेटी कसेको छ, देब्रे खुट्टाले तल आसनीमा अडेस लाएको छ । दायाँ हात वरदमुद्रामा छ भने देब्रे हात अभयमुद्रामा छ । उनको तल, माथि शरीरमा वस्त्र धारण गरेको छ । नाडीमा निकै चूरा लगाएको छ । पाखुरामा कङ्कण छ । सुलुत्त परेको झण्डै घण्टाकारको मुकुट टाउकोमा धारण गरेको छ । कानको गोलाकार कुण्डल नारायणको झैँ छ । कमसल प्रस्तरद्वारा निर्मित हुँदा मुखाकृति खिइसकेको छ ।

गरुडलाई सादा आसनीमाथि उत्कीर्ण गरिएको छ । गरुडको शरीरको तुलनामा दुइ पखेटायुक्त हात सानो रूपमा चित्रित गरिएको हुँदा सुहाएको छैन । गरुडको मुखाकृति र घुम्रेको कपाल नवालीटोल एवं चाँगुका गरुडनारायणमूर्तिको गरुडसँग मिल्दोजुल्दो छ । पृष्ठभूमिको पत्थरमा अरूमा झैँ आकाशको प्रतीक बादल नकुँदी छिनोका दागहरू चारैतिर लागेकोले मूर्तिमा ओज छैन । शैलीको आधारमा यो मूर्तिलाई विक्रमको अठारौँ-उन्नाइसौँ शताब्दीको समय दिन सकिन्छ ।

१२.२.१० *लक्ष्मीनारायण*

स्थानीय व्यक्तिहरू 'जोरकुमारी' भनी पूजा गर्ने एउटा मूर्ति पिङ्गनस्थानमा छ । पश्चिमाभिमुख भएर रहेको यो मूर्ति केही भग्न भइसकेकोले भ्रमवश स्थानीय व्यक्तिहरूले नचिनी अर्कै मूर्तिको रूपमा यसको पूजाआजा गरेको देखिन्छ । वास्तवमा यो मूर्ति लक्ष्मीनारायणको हो । यसमा दायाँपट्टि नारायण र बायाँपट्टि लक्ष्मीको आकृति अङ्कित गरिएको छ (चित्रसङ्ख्या ४९) । नारायणको मूर्ति ८.५ इन्च अग्लो छ भने लक्ष्मीको चाहिँ ६ इन्च अग्लो छ । दुवै मूर्तिमा मुखाकृति भग्न भइसकेका छन् । त्यतिमात्र होइन आयुधहरू पनि नचिनिने भइसकेका छन् । नारायणका चार हातहरू छन् । दाहिने माथिल्लो हातले के समाएको हो चिनिँदैन । तल्लो हात वरदमुद्रामा छ तापनि सो हातले पद्म समातेको देखिन्छ । देब्रे हातमा गदा छ, तल्लोमा शङ्खको आकृतिको अनुमान सम्म गर्न सकिन्छ । तल्लो शरीरमा धोती लगाएको देखाइएको छ, जुन त्यति आकर्षक र बान्की परेको छैन ।

लक्ष्मीले दुइ हात लमतन्न पारेर साधारण रूपमा तल झारेको देखिन्छ । त्यहाँ कुनै पनि आयुधहरू छैनन् । यस मूर्तिमा प्रयोग गरिएको प्रस्तर असल किसिमको नभएकोले मूर्ति भव्य बन्न सकेको छैन । लघु प्रकारको भएकोले पनि भने जस्तो हुन नसकेको देखिन्छ । दुवै मूर्तिमा पछाडि प्रभावली दिइएको छ । मूर्तिको शैलीलाई हेर्दा यो मूर्तिको निर्माण अठारौँ-उन्नाइसौँ शताब्दीतिर भएको हुनुपर्ने देखिन्छ ।

मुखाकृति चिन्नै नसकिने गरी भग्न भइसकेको अर्धनारीश्वरको एउटा मूर्ति गौरीघाटमा रहेको छ (चित्रसङ्ख्या ५०) । एउटै शरीरमा दाहिनेपट्टि नारायण र देब्रेपट्टि लक्ष्मीको मूर्ति बनाइएको छ । मूर्ति सुडौल नभई दुब्लोपातलो छ । त्यसो भए तापनि स्वाभाविक र सुहाउँदो छ । फक्रेको कमललाई आसनी बनाएर लक्ष्मीनारायण उभिएका छन् । नारायणको हातमा माथिदेखि तलसम्म क्रमशः चक्र, शङ्ख, गदा र पद्म छन् । लक्ष्मीका हातमा पुस्तक, पद्म, ज्वालान्ह्याक र श्रीबीज छन् । अरू यस किसिमका मूर्तिहरूमा भन्दा भिन्न यसमा नारायण र लक्ष्मीका शरीरमा त्यति फरक छैन । कुण्डल केही फरक छ । लक्ष्मीको हातमा चुराहरू बढी छन् । धोती एउटै प्रकारको छ । छातीको भागमा लक्ष्मीको केही उठेको स्तन देखाइएको छ भने नारायणको त्यतिविधि नउठेको छाती छ । नारायणको हातमा केयूर, कङ्कण छन् । परिधानहरू प्राचीन शैलीकै परम्परामा अभिव्यक्त भएको छ । पेटमा उदरबन्ध र त्यसको दायाँ-बायाँ मुजा परेर लत्रेको देखाइएको छ । उदरबन्धभन्दा केही मुन्तिर बुट्टे कटिबन्द छ । त्यसको मुन्तिर यज्ञोपवीत लट्किरहेको छ । त्यसको केही तल धोतीको फेर तिघ्रासम्म आएको छ । जाँघको बीचबाट तल खुट्टासम्मै धोतीको फेर मुजा परेर खसेको छ । मूर्तिको बाहिर अरू मूर्तिहरूको अनुपातमा निकै बाक्लो दुइ तहयुक्त ज्वालावली छ । भित्री ज्वालावली बुट्टाविहीन तर बाक्लो छ भने त्यो कुमको सतहभन्दा माथि छ । अग्निको सङ्केत गर्ने ज्वालावली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खुट्टाको सतहदेखि टाउकोमाथि सम्मकै भागमा छ । मूर्तिको अनुपातमा ज्वालावली भद्दा देखिन्छ । यस मूर्तिमा प्राचीन परम्परा र अभिव्यक्तिलाई अँगाल्न खोजिएको पाइन्छ । त्यो सफल पनि भएको छ । तर मूर्तिकलामा देखिँदै गएको पतनलाई यसले राम्ररी देखाउँछ । प्राचीन परम्परा समेटिएको भए तापनि मूर्ति भव्य बन्न सकेको छैन । विक्रमको पन्ध्रौं-सोह्रौं शताब्दीको हुन सक्ने यो मूर्तिमा प्रयोग गरिएको पत्थर कडा र कालो छ ।

वैष्णव मूर्तिहरूको क्रममा नवालीटोलस्थित मृत्युञ्जयमन्दिरको पश्चिमपट्टि बगैँचामा रहेको लक्ष्मीनारायण मूर्तिलाई पनि प्रस्तुत गर्न सकिन्छ (चित्रसङ्ख्या ५१) । यो मूर्ति ३७ इञ्च अग्लो छ । हुनत कलाकारिताको दृष्टिकोणले यो त्यति उल्लेख्य होइन, तर आकारप्रकारमा ठूलो हुनाले चर्चा गर्नु प्रासङ्गिक नै हुनेछ । मूर्तिको माथिल्लो भाग चर्केर खस्ने अवस्थामा पुगिसकेको छ । मूर्तिको दायाँ भागमा विष्णु एवं बायाँ भागमा लक्ष्मीको आकृति छ । लक्ष्मी र नारायणको आधा-आधा भागबाट पूर्ण मूर्ति बनेको छ । लक्ष्मीको आधा भागका आयुध, गरगहना, पोशाक लक्ष्मीका अनुकूल छन् भने विष्णुको आधा भागको आयुध, गरगहना पोशाक, विष्णुसँग तादात्म्य राख्ने किसिमका छन् । विष्णुको भागको आयुधहरू माथिल्लो हातदेखि तल्लो हातसम्म क्रमशः चक्र, शङ्ख, गदा र पद्म छन् भने लक्ष्मीको भागमा माथिल्लो हातदेखि तल्लो हातसम्म क्रमशः पुस्तक, कमल, ज्वालान्त्याक र सिन्ह्मु छन्, दुइ पत्रे फक्रेको कमलमाथि उभिएको लक्ष्मीनारायणमूर्तिमा घुँडाभन्दा तलसम्म आउने गरी वनमाला छ । घाँटीमा नाइटोसम्म आउने गरी हार लगाएको उत्कीर्ण गरिएको छ । कानमा अलग-अलग कुण्डल लगाएको छ भने विष्णुको भागपट्टि किरीटमुकुट र लक्ष्मीको भागपट्टि शृङ्गार गरिएको केश नै मुकुट झैँ बनेको रूपमा अभिव्यक्त भएको छ । मूर्ति रहेको स्थानमा ने.सं. ९०० (वि.सं १८३६) माघको अभिलेखबाट यसको निर्माण उन्नाइसौं शताब्दीमा भएको रहेछ भन्ने बुझ्न सकिन्छ ।

१२.२.११ लक्ष्मीनृसिंह

विष्णुका दशाअवतारहरूमध्ये केही अवतारका मूर्तिहरू पशुपतिक्षेत्रमा छन् । त्यसमध्ये नृसिंह पनि एउटा हो । गौरीघाटमा रहेको यो मूर्ति सर्पासनको पाँच तहको गुजुल्टोमा लक्ष्मीसहित बसेको रूपमा उत्कीर्ण गरिएको छ (चित्रसङ्ख्या ५२) । कलाको दृष्टिले त्यति उच्चस्तरको मूर्ति होइन तापनि पशुपतिक्षेत्रका मूर्तिहरूको प्रसङ्गमा भने चर्चा गर्न लायक मूर्ति छ । गुजुल्टोयुक्त सर्पको शरीरमा कुनै त्यस्ता चिह्नहरू छैनन् जसले सर्पको यथार्थ रूपको सङ्केत गरोस् । नृसिंह ललितासनमा बसेका छन् । दाहिने खुट्टा लत्रेको छ भने देब्रे काखमा लक्ष्मी पनि ललितासनमा आसीन छन् । नृसिंहको टाउको सिंहको छ । त्यसभन्दा मुन्तिर मानवाकारस्वरूप छ । नृसिंह भुँडेवाल देखाइएका छन् । भुँडीसम्म आउने एकसरो हार तथा घाँटीमा अर्को सानो हार पहिरेको छ । त्यसको अतिरिक्त बसेको आसनसम्म आउने वनमाला पहिरेको छ । नृसिंहका चार हातहरूमध्ये दाहिनेतर्फको माथिल्लो हातमा चक्र छ, तल्लो हात वरदमुद्रामा छ, त्यसै गरी देब्रेतर्फको माथिल्लो हातले धनुष र तल्लो हातले लक्ष्मीको कम्मर समाएको देखिन्छ । कानमा फूलबुट्टे कुण्डल तथा शिरमा मुकुट पहिरेको छ । माथिल्लो शरीरमा वस्त्र छैन, तल्लो शरीरमा धोती लगाएको छ । खुट्टामा जुत्ता तथा कल्ली छ । देब्रे काखमा लक्ष्मी दाहिनेखुट्टा पलेटी मारेर देब्रेखुट्टा आसनमाथि झोल्याएर बसेकी छिन् । दुइ हातहरूमध्ये दाहिने हात वरदमुद्रामा छ भने देब्रे हात अभयमुद्रामा छ । माथिल्लो शरीरमा वस्त्र देखिन्छन्, तल्लो शरीरमा भने धोती लगाएको छ । धोतीलाई कटीबन्धले अड्याएको देखिन्छ । घाँटीमा हार पहिरेको छ । लामो हार दुइ स्तनको बीचबाट लत्रेको देखाइएको छ । टाउकोमा भद्दा किसिमको मुकुट छ ।

नृसिंहको प्राकट्य स्तम्भबाट भएको कथालाई सङ्केत गर्न नृसिंहको पछाडि स्तम्भ देखाइएको छ । टाउकोमाथि सात फणायुक्त नाग छन् । नागहरू सामान्य किसिमका छन् । मूर्तिमा निहित शैलीलाई हेर्दा यो मूर्ति विक्रमको अठारौँ-उन्नाइसौं शताब्दीको हो भन्ने देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.२.१२ जलशयननारायण

*पुराण*हरूमा वर्णित महाप्रलयको अवस्था एवं विष्णुबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति गर्न जलमा निवास गरेको देखाउने भावका शेषशायी विष्णुका केही मूर्तिहरू पशुपतिक्षेत्रमा स्थापना भएका छन् । तिनीहरूमा आर्यघाटको दायाँ किनारमा रहेको बिरामी राख्ने सत्तलभित्र रहेको शेषशायी विष्णुको मूर्ति निकै आकर्षक छ (चित्रसङ्ख्या ५३) । खुट्टा पसारेर लमतन्न परेको विष्णुको पाउ दावी रहेकी लक्ष्मी विष्णुको बायाँपट्टि छिन् । विष्णुको नाइटोबाट निस्केको कमलमा ब्रह्मा आसीन भएको देखाइएको छ । यस्तो स्वरूपको मूर्ति नेपालमा अन्यत्र पाइएको छैन । कालो कडा प्रस्तरमा निर्मित यो मूर्ति विक्रमको छैटौं-सातौं शताब्दीताका निर्माण भएको हुनुपर्ने कुरा मूर्तिमा निहित विशेषताहरूबाट थाहा हुन्छ ।

जलशयनविष्णुका अरू मूर्तिहरूमा ने.सं. ७८२ (वि.सं. १७१८) माघको पशुपतिमन्दिरको पूर्वपट्टिस्थित शेषशायी उल्लेख्य छ । माथि उल्लेख गरिएको मूर्तिभन्दा भिन्न यो मूर्तिमा भगवान् विष्णु पाँचवटा नागहरूलाई बिछ्यौना बनाई सुतेको देखाइएको छ । बूढानीलकण्ठनारायणमूर्तिबाट प्रभावित भई यो मूर्तिको निर्माण भएको छ । तर बूढानीलकण्ठनारायणको उच्च र उत्कृष्ट कालिगडीको अघिल्तिर यो मूर्तिमा निहित कालिगडीको स्थान नगण्य छ । कमलो र फुस्रो प्रस्तरमा निर्मित हुनाले मूर्ति आकर्षक बन्न सकेको छैन । *पुराण*हरूमा वर्णित जलशयनमूर्तिहरूमा लक्ष्मी विष्णुको पाउको नजिक बसेको देखाएको हुनुपर्ने उल्लेख पाइन्छ, तर यसमा त्यो पाइन्न । यस्तै शैलीमा भस्मेश्वरघाट (चित्रसङ्ख्या ५४), राजराजेश्वरीघाटमा (चित्रसङ्ख्या ५५) पनि लघुरूपका जलशयनका मूर्तिहरू निर्माण भएका छन् । तिनीहरू उक्त घाटहरूमा प्रस्तर छाप्दा वि.सं. १९४२ सालमा निर्माण भएका हुन् । घाटमा भएका शेषशायीका मूर्ति श्राद्ध गर्दा पूजा गर्न, त्यसै नजिक बसी जप, ध्यान गर्न निर्माण गरिएको पाइन्छ ।

१२.२.१३ कृष्ण

पशुपतिक्षेत्रमा कृष्णका केही मूर्तिहरू रहेका छन् । तिनीहरूमध्ये ने.सं. ७९७ (वि.सं १७३४) मा हरिरामदासले स्थापना गरेका राधासहितको कृष्णमूर्ति अहिलेसम्म त्यहाँ प्राप्त कृष्णका मूर्तिमा सबभन्दा पुरानो मानिन्छ । यो मन्दिर पशुपतिनाथमन्दिरको पूर्वपट्टि रहेको छ । शिखर शैलीको मन्दिरभित्र प्रतिष्ठापित यो मूर्ति पश्चिमाभिमुख भएर रहेको छ । वि.सं. २०१६ सालमा सो मन्दिरलाई भत्काई नवीन रूप दिँदा मन्दिरको शैली भ्रष्ट भएको छ । यो मन्दिरको स्थापनासँग सम्बन्धित शिलालेख पनि हुनाले मूर्तिको तिथिमिति थाहा लाग्छ । यो मूर्तिमा निहित शैलीबाट अरू तिथिमिति नभएका मूर्तिहरूको समय पत्ता लगाउने काममा पनि सहयोग लिन सकिन्छ ।

जयवागीश्वरीमन्दिरनजिक लुँहिटीमा बाँसुरी बजाई उभिएका कृष्णको मूर्ति रहेको छ । पनौतीमा भएको विक्रमको सत्रौं-अठारौं शताब्दीको कृष्णको मूर्तिसँग (चित्रसङ्ख्या ५६) यसले सामञ्जस्य राख्दछ । वनमाला पहिरेको, स्वस्तिक मुद्रामा खुट्टा राखी उभिएको ३३ इन्च अग्लो यो मूर्ति लुँहिटीको माथि खुला मन्दिरमा रहेको छ ।

जयपुरवाला सङ्गमर्मरमा निर्मित पूर्णकदको एउटा मूर्ति पशुपतिप्राङ्गणमा रहेको छ । यसमा जयपुर शैली स्पष्ट देखिन्छ । यो मूर्ति स्व. श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको पूजाकोठाबाट पछि औंला भाँचिएको यहाँ ल्याई राखिएको हो । जितजङ्गप्रकाशेश्वरको पूर्वपट्टि अर्को कृष्णको मूर्ति रहेको छ । यो वि.सं. १९३८ मा निर्माण गरिएको हो ।

१२.३ मातृकामूर्तिहरू

विविध स्वरूपका देवीका मूर्तिहरूलाई यहाँ मातृका समूहमा राखी चर्चा गरिएको छ । विविध स्वरूपका देवीका मूर्तिहरू यहाँ निकै पाइन्छन् । सप्तमातृका समूह, नवदुर्गा समूह तथा एक्लो रूपमा चामुण्डा, लक्ष्मी, कार्तिकेयदेवी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्नपूर्णा, कुमारी, गौरी, वागीश्वरी आदिका मूर्तिहरू यहाँ छन् । यहाँको धार्मिक सांस्कृतिक जनजीवनमा यिनीहरूको अत्यधिक महत्ता रहिआएको छ ।

१२.३.१ सप्तमातृका मूर्तिहरू

नेपालका प्राचीन सप्तमातृकाका मूर्तिहरूमा जयवागीश्वरीमन्दिरको दक्षिणपट्टिको खण्डमा रहेका मातृकाका मूर्तिहरू महत्त्वपूर्ण मानिन्छन् । ढोकाविहीन मन्दिरमा रहेका ती मूर्तिहरू रगतले कटकटिएर झट्ट हेर्दा नचिनिने अवस्थामा पुगेका छन् । मूर्तिहरू कुनै आधा शरीर गडेको अवस्थामा पुगेका छन् त कुनै झण्डै पूरै जमीनमा गडेको अवस्थामा छ । साँच्चै भन्ने हो भने ती मूर्तिहरू असरल्ल अवस्थामा छन् ।

ढोकाको नजिकमा बायाँपट्टि राखिएको मातृकाको मूर्ति आधा भूइँमा गडेको अवस्थामा छ । अहिले मन्दिरभित्र रहेको भए तापनि सो मूर्ति बाहिर घामपानीमा रहेको जस्तो गरी शरीरमा चिरा-चिरा परेको छ (चित्रसङ्ख्या ५७) । यो मूर्ति खिइएर नचिनिने भइसकेको छ । हातका आयुधहरू चिनिँदैनन् । यसले गर्दा यो के को मूर्ति हो ? भनेर खुट्याउन गाह्रो पर्छ । त्यसो भए तापनि यसको बायाँ हातमा शक्तिको आकारको सङ्केत पाइने हुँदा यो मूर्ति कौमारीको रहेछ भन्ने देखिन्छ । दायाँ हातको अवस्थालाई हेर्दा सो हात वरदमुद्रामा रहेको सङ्केत पाइन्छ । कानमा चेप्टो पत्रकुण्डल र कम्मरमा पेट छोपिने गरी पटुका लगाएको देखिन्छ । सो पटुका खुकुलो जस्तो गरी लगाएकोले पेट छोप्ने काम पनि गरेको छ । यो मूर्तिको केशविन्यास आकर्षक छ । कपाललाई दुइतिर चुल्ठो बनाएर बाटिएको छ । टाउकोपछाडि बुट्टाविहीन प्रभामण्डल छ । माथिल्लो शरीरमा लुगा लगाएको देखिन्न । बारुले कम्मर, फुकेको पुठ्ठाले पनि यो मूर्तिको प्राचीनताको सङ्केत दिइरहेको छ ।

बायाँपट्टिको कुनामा झण्डै कम्मरसम्म जमीनमा गाडिएको एउटा अर्को मूर्ति रहेको छ । यसको बाटुलो मुखाकृति छ । तर धेरै नै खिइसकेकोले यस मूर्तिको छातीदेखि कम्मरबीचको भाग केही लामो भएकाले झट्ट हेर्दा कता-कता के नमिलेको जस्तो देखिन्छ । माथि उल्लेख गरिएको कौमारीको भन्दा यस मूर्तिमा केशविन्यास अर्कै किसिमको छ । यो मूर्तिमा कपालमा सिउँदो नराखी पछाडिपट्टि फर्काएको छ । त्यसरी फर्काइएको कपाल केही उठेकोले फेटा जस्तो देखिन पुगेको छ । यसको कानमा अलि ठूलो कर्णकुण्डल लगाइएको छ । घाँटीमा स्तनभन्दा माथिसम्म आउने गरी कण्ठहार लगाइएको छ । नाडीमा मोटो एकसरो चुरा छ । बाटुलो उठेको स्तन, मसिनो कम्मर, फैलिएको पुठ्ठाले आकर्षणको साथै प्राचीनताको सङ्केत दिन्छ । माथिल्लो शरीरमा लुगाविशेष लगाएको पाइन्न । तल्लो शरीरमा भने धोती छ । बायाँ हात काखमा राखेर सोही हातले त्रिशूललाई समाएको छ । यसबाट यो मूर्ति माहेश्वरीको मूर्ति हो भन्ने देखिन्छ (चित्रसङ्ख्या ५८) ।

ढोकाको छेउमा दायाँपट्टि टाउको मात्रै जमीनमा गडिरहेको अवस्थाको अर्को मूर्ति छ (चित्रसङ्ख्या ५९) । यो पनि मातृकाका मूर्तिमध्येको एक हो । तर मूर्तिको तल्लो भाग नभएको तथा आयुधहरू केही नभएकोले के को मूर्ति हो ? भन्न सकिन्न । मूर्तिको केशविन्यास आकर्षक छ । निधारको अग्रभागमा दायाँ-बायाँतर्फ कपाल कोरेर सम्याइएको अत्यन्त आकर्षक छ । यस्तो आकर्षक केशविन्यास कमै मूर्तिमा मात्र पाइएको छ । यो मूर्ति त्यहाँ भएका अन्य मातृकाका मूर्तिहरूभन्दा पछिको हो । यसको आभरण र बाजूको बनोटले आठौं-नवौं शताब्दीतिर निर्माण भएको हुनुपर्ने आभाष दिन्छ ।

ती मातृका समूहहरूमा भएका मूर्तिहरूमध्ये एउटा मूर्ति आसनीमा बसी देब्रे खुट्टा पलेटी मारी दाहिने खुट्टा आसनभन्दा मुन्तिर झारेको छ (चित्रसङ्ख्या ५०) । बसेको अवस्थालाई हेर्दा त्यो मूर्ति पनि मातृका समूहमध्येकै कुनै मातृकाको हो भन्ने देखिन्छ । तर कम्मरभन्दा माथिल्लो भाग सम्पूर्ण फुटिसकेकोले कुन मातृकाको हो भन्न सकिन्न ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सो खुला मन्दिरको बायाँतर्फ अर्को एक मातृकाको मूर्ति रहेको छ (चित्रसङ्ख्या ६१)। उक्त मूर्तिको दाहिने खुट्टा पलेटी अवस्था एवं देब्रे खुट्टा आसनीबाट तल झारिएको अवस्थामा छ । मूर्तिको अनुहार एवं आयुधहरू धेरै नै खिइसकेका छन् । बाटुलो अनुहार भए तापनि नाक, मुखको सङ्केतसम्म पनि त्यहाँ बाँकी छैन । दुइ हातयुक्त यो मूर्तिमा दायाँ हात काखमा छ र सो हातले केही समाएको छ । त्यो वज्रको आकृतिको छ । बायाँ हातले भने कुनै लामो वस्तु समाएको देखिन्छ । सम्भवत: यो गदा हुनुपर्छ । आयुधहरूलाई हेर्दा यो मूर्ति इन्द्रायणीको हो भन्ने देखिन्छ । यो मूर्तिको टाउकोपछाडि सादा प्रभामण्डल छ । खुट्टामा एकसरो मोटो कल्ली लगाएको छ । नाइटो देखिने गरी धोतीलाई कम्मरमा बाँधिएको छ । स्तनहरू पुष्ट र उठेका छन् । माथि चर्चित कौमारी र माहेश्वरीको तुलनामा यो मूर्ति केही झुकेको जस्तो देखिन्छ । बारुले कम्मर एवं फैलिएको पुठ्ठा यसमा पनि आकर्षण प्रदान गर्ने तत्त्वको रूपमा रहेका छन् ।

यो मन्दिरको कोठाको बायाँ भागमा अर्को एक मातृकाको मूर्ति रहेको छ । यसको बसाइको अवस्था माथि उल्लेख गरिएको इन्द्रायणीको ठीक उल्टो छ । इन्द्रायणीको भन्दा यो मूर्तिको शरीर दुब्लो पातलो छ । यो मूर्ति निकै खिइएको छ । मुखाकृति ज्यादै भग्न भइसकेको छ । कानमा ठूला-ठूला कुण्डल लगाएको स्पष्ट देखिन्छ । जुन च्यूँडो-मुन्तिर लर्केको देखिन्छ । केशविन्यास कौमारीमा झैं पछाडिपट्टि फर्काएर कोरिएको छ । गलामा हार पहिर्‍याइएको छ । माथिल्लो शरीरमा लुगा लगाएको देखिन्छ । तल्लो शरीरमा भने धोती पहिरिएको छ । पलेटी अवस्थामा रहेको खुट्टाको घुँडामा धोतीको मुजा स्पष्ट देखिन्छ । धोतीको किनाराको भागले सपक्क छोपेको देखाइएको छ । खुट्टामा एकसरो कल्ली लगाएको छ । दुइ हातमध्ये देब्रेतर्फको हातको अरू भाग भाँचिएको छ । तर भाँचिएको खण्डको अग्रभागको अवस्थालाई हेर्दा सो हातले कुनै फराकिलो चिज समाएको जस्तो लाग्छ । सम्भवत: त्यो कमण्डलु हुन सक्छ । बायाँ हात वरदमुद्रामा भईकन त्यसले अक्षमाला समाएको देखिन्छ । यसबाट यो मूर्ति ब्रह्माणीको हो (चित्रसङ्ख्या ६२) भन्ने अनुमान हुन्छ ।

माथि उल्लेख गरिएका मूर्तिहरूको शैली र बनोटलाई तिनले हेर्दा दोस्रो-तेस्रो शताब्दीताका निर्मित मानिने मूर्तिहरूसँग तादात्म्य राख्दछन् । यस्तै शैलीका मूर्तिहरू मालीगाउँ (चित्रसङ्ख्या ६३), हाँडिगाउँ (चित्रसङ्ख्या ६४) मा पनि पाइएका छन् । ज्यादै भग्न अवस्थामा पुगेको मातृकाको एउटा मूर्ति वत्सलेश्वरी प्राङ्गणस्थित पञ्चगणेशस्थानमा रहेको छ (चित्रसङ्ख्या ६५) । यो मूर्तिको बसाइको शैली माथि चर्चित हाँडिगाउँ, मालीगाउँका मातृकामूर्तिसँग मिल्दछ ।

१२.३.२ मायादेवी

हाल छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयमा रहेको आकर्षक मायादेवीको मूर्ति पहिले नवालीटोलस्थित लुँहिटीमा थियो (चित्रसङ्ख्या ६६) । प्रतापादित्य पालले मायादेवीको मूर्तिलाई ईस्वीको दशौं शताब्दीको मानेका छन् ।[३१] वोष्टन क्याटलगमा यसलाई बाह्रौं-तेह्रौं शताब्दीको समय दिइएको छ ।[३२] तर मायादेवीको मूर्तिसँग तुलना गर्न लायकको मूर्ति चापागाउँको ब्रह्माको मूर्ति (चित्रसङ्ख्या ६७) छ जुन मूर्तिको पादपीठमा लिच्छविलिपिमा अङ्कित लेख पनि छ । यस लेखमा मिति नभए पनि लिपिको शैलीको आधारमा यसलाई छैटौं शताब्दीको समय दिइएको छ ।[३३] ब्रह्माको मुखाकृति, ओठको ढाँचा, आँखाको शैलीसमेत मायादेवीको मूर्तिसँग मिल्दछ । त्यति मात्र होइन प्रस्तरको गुणसम्म पनि ब्रह्माको मूर्तिसँग मिल्दछ । यसले गर्दा मायादेवीको मूर्तिको समय अनुमान गर्न सजिलो हुन गएको छ । मायादेवीको

---

३१ Pratapaditya Pal, *op.cit.*, foot note no. 10, p. 99.

३२ *Ibid.*

३३ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी १ सङ्ख्या, १५३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिमा पाइने विशेषता भावभङ्गी, शैली र उत्कृष्टतालाई हेर्दा पनि प्रतापादित्य पालले भने जस्तो यो मूर्ति दशौं शताब्दी वा बोष्टन क्याटलगको जस्तो बाह्रौं-तेह्रौं शताब्दीको हुन सक्तैन ।

१२.३.३ वनकाली

लिच्छविकालका देवीका मूर्तिहरूको क्रममा राख्न सकिने मूर्तिहरूमा वनकाली नामले प्रसिद्ध मूर्ति पनि एउटा छ । वनमा रहेको देवी अर्थात् कालीको मूर्ति हुनाले यसलाई वनकाली नामले सम्बोधन गरिएको हो । वि.सं. १९०२ पौषशुक्ल चतुर्थीको एउटा लालमोहरमा 'वनकाली' नामको उल्लेख आएको छ । यसबाट वनकाली नाम त्यसभन्दा अघिदेखि चलनमा आएको बुझिन्छ ।

शवको प्रतीक लम्पसार परेको करङ्ग देखिने मानवाकार शरीरमाथि उभिएको रूपमा देवीलाई उत्कीर्ण गरिएको छ । दुवै खुट्टा दायाँ–बायाँ खुम्च्याएर उभिएकी देवीका आठ हात छन् । गढेका आँखा, मासुविहीन हाडकरङ्ग देखिने शरीरले उग्रस्वरूप झल्काउँछ । हातका धेरै आयुधहरू खिइएर चिन्न नसकिने भएका छन् । कुनै-कुनै मात्र चिनिन्छ । तिनमा देब्रेपट्टि माथिल्लो हातमा खड्ग र तल्लो हातमा मुण्ड छ । दाहिनेपट्टिको दोस्रो हातमा डमरु छ । अरू चिनिँदैन, दुवैपट्टिका दुइ हात मुखको झण्डै अगाडि केही खाइरहेको अवस्थामा छन् । खुट्टामा सर्पका कल्लीहरू छन् । नाइटो देखिएको भुँडी, डरलाग्दो मुहार, घुँडासम्म आएको जामा आदिले रौद्रस्वरूपलाई स्पष्ट्याउँछ । टाउकोमा जटा-मुकुट मात्र छ । जामालाई केही मोटो कटिबन्धले बाँधेको छ । टाउकोपछाडि अग्निको ज्वालाका प्रतीकका आभरण छन् । ज्वाला बाक्ला र मोटा छन् । मूर्तिको बाहिरी भागमा पनि दुइ तहयुक्त ज्वालावली छन् । बाहिरी ज्वालावलीको ज्वाला केही राँक्किएको देखाउन खोजिएको प्रतीत हुन्छ (चित्रसङ्ख्या ६९) ।

दुइ फीट अग्लो देवीको स्वरूप र आयुधलाई हेर्दा यो मूर्ति चामुण्डाको हो भन्ने देखिन्छ । शवको शिरपट्टि एक जना भक्त देवीपट्टि फर्केर बसेको देखिन्छ । मूर्तिको पादपीठमा लिच्छवि लिपिमा उत्कीर्ण लेख भएको हुनाले समय पत्ता लगाउन गाह्रो पर्दैन । प्रतापादित्य पालले यसलाई ईस्वीको दशौं शताब्दीको मान्नुका साथै कोष्ठमा प्रश्नवाचक चिह्न राखी अन्यौलमा परेको सङ्केत दिएका छन् ।[३४] तर पादपीठमा भएको लेखको लिपि विक्रमको सातौं शताब्दीताकाको भएको हुँदा यो मूर्ति प्रतापादित्य पालले भने जस्तो ईस्वीको दशौं शताब्दीको हुन नसक्ने देखिन्छ ।

१२.३.४ वज्रेश्वरी

वज्रेश्वरी नामले प्रसिद्ध तीनवटा मूर्ति समूह गौशालाबाट त्रिभुवनअन्तर्राष्ट्रियविमानस्थल जाने चक्रपथको मुन्तिर पिङ्गनस्थान भनिने ठाउँमा रहेको छ (चित्रसङ्ख्या ६९) । अरू मूर्तिहरूको साथ पश्चिमाभिमुख भएर सो मूर्ति रहेको छ । प्रस्तर तोरणको मुन्तिर ती तीनवटा मूर्तिहरू रहेका छन् । छातीको भागसम्म मात्र ती मूर्ति देखिने र त्यसभन्दा मुन्तिरको भाग नदेखिने हुनाले मुखाकृतिबाट मात्र ती मूर्तिहरू चिह्न गाह्रो छ । स्थानीय व्यक्तिहरू वाराही, काली र भैरवको रूपमा त्यसको पूजा गर्छन् । तर ती तीनै मूर्तिहरू नारी मूर्तिहरू छन् । भैरवमूर्तिको चिह्न केही पनि पाइँदैन । तीनै मूर्तिहरूमा कानमा मोटो पत्र कुण्डल लगाएको देखाइएको छ । ती कुण्डलका आकृतिहरू मालीगाउँ (चित्रसङ्ख्या ६३), जयवागीश्वरी (चित्रसङ्ख्या ५७, ५८, ६०) आदि ठाउँका मातृकामूर्तिहरूसँग मिल्दछ । यी मूर्तिहरूका मुखाकृतिहरू हाँडिगाउँको कार्तिकेयको मूर्तिसँग मिल्न खोज्दछन् (चित्रसङ्ख्या १६२) । देवपाटनका मानिसहरूको जनजीवनमा वज्रेश्वरीको ठूलो मान्यता छ । विभिन्न गुठीअन्तर्गत त्यहाँ पूजाआजा गरिन्छ । देवपाटनमा हुने देशोद्धारपूजाका मुख्य कार्यक्रमहरू सबै त्यहीं हुन्छ । यसको बनोट, शैली र अभिव्यक्तिलाई हेर्दा यस मूर्तिको निर्माण सातौं-आठौं शताब्दीतिर भएको हुनसक्ने देखिन्छ ।

---

३४ Pratapaditya Pal, *op.cit.*, foot note no. 10, fig 284.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.३.५ मङ्गलागौरी

प्रतापादित्य पालले वत्सलामन्दिरप्राङ्गणस्थित मङ्गलागौरीलाई ईस्वीको बाह्रौं शताब्दीको मानेका छन् । उनले *नेपालमाहात्म्य*मा उल्लिखित 'वत्सला' यही मूर्तिलाई मानेका छन् ।[३५] यो मूर्ति उमामहेश्वरको शैलीमा निर्मित छ । अष्टदलकमलको आसनमाथि ललितासनमा देवी आसीन छिन् । प्रभावशाली ढङ्गले बसेको यस मूर्तिका आठ हात छन् । दायाँपट्टिको हातमा क्रमशः अक्षमाला, खड्ग, घण्टा र वरदहस्त छ भने देब्रेमा माथिल्लो हातको वस्तु चिनिँदैन, अरूमा ढाल, पुस्तक र कमलको डाँठसहितको फक्रिरहेको पुष्प देखाइएको छ । बीचको देवीमा पारदर्शक धोतीको प्रयोग भएको छ । धोतीलाई कम्मरबन्धले अड्याइएको छ । कम्मरबन्धको अग्रभागको गाँठो कलात्मक छ । सुहाउँदो बारुले कम्मरयुक्त मूर्ति आकर्षक छ । खुट्टामा मोटो कल्ली र नाडीमा चुरीको प्रयोग पाइन्छ । स्तन सुहाउँदो गरी गोलाकार शैलीमा बनाइएको छ । तीन चोसे मुकुट टाउकोमा छ । कानमा कुण्डल लगाइएका छन् । पारदर्शक धोती सलक्क कमलासनमा खसेको देखाइएको आकर्षक छ । मुहार खिइएकोले भव्यतामा केही कमी छ । कमलासनको मुन्तिर पादपीठमा देब्रेपट्टि एउटा लघु मूर्ति अञ्जलिमुद्रामा छ । यो सम्भवतः मूर्ति बनाउन लगाउने भक्त हुनुपर्छ । देवीको दायाँ-बायाँ तल-माथि दुइ-दुइ नारी मूर्ति छन् । माथिल्लो भागका मूर्ति उभिएको अवस्थामा छन् भने तल्लो भागको मूर्ति बसेको अवस्थामा छन् । ती चारै मूर्तिमा चार-चार हात छन् । बीचको देवीसँग दायाँ-बायाँका मूर्तिहरूको आकृति मिल्दोजुल्दो छ । देवीको टाउकोपछाडि आभरण छ । देवीको माथि बुट्टे छत्र छ । देवीको दायाँ-बायाँ भएका मूर्तिहरूको हातमा विविध आयुधहरू समातेको देखाइएको छ । ती सबै द्वारपालिकाहरू हुन् । तर ती चारैको नाम बताउन भने त्यससम्बन्धी प्रतिमालक्षण थाहा नहुनाले गाह्रो छ । बीचको मूर्ति मङ्गलागौरीको नामले प्रसिद्ध छ । देवीको दायाँ-बायाँ भएका नारी मूर्तिहरू नक्सालको विष्णुमूर्तिको लक्ष्मीसँग (चित्रसङ्ख्या ७१) तुलनीय छ । यस मूर्तिमा निहित शैलीलाई हेर्दा यो मूर्ति विक्रमको सातौं-आठौं शताब्दीभन्दा पछिको होइन भन्ने देखिन्छ । पहाडको पृष्ठभूमिमा मूर्ति बनाइएको छ । बीचको देवीमूर्ति सुदृढ ढङ्गले बसेको देखाइएको (चित्रसङ्ख्या ७१) छ । देवीको देब्रेतर्फ माथिको भागको मूर्ति जसको माथिल्ला दुइ हातमा दण्ड तथा अङ्कुश, तल्लो दुइ हातमा मातुलुङ्ग एवं कमण्डलु छ, त्यो जया तथा दाहिने पट्टिको माथिल्लो मूर्ति जसको हातमा खड्ग, त्रिशूल माथिल्लोमा र तल्लोमा मातुलुङ्ग र घण्टा छ, सो विजयाको मूर्ति हो ।

१२.३.६ यमुना

देवीका मूर्तिहरूमा मङ्गलागौरीस्थानभित्र रहेको मूर्ति पनि चर्चा गर्न लायक छ । पूर्णयौवनसम्पन्न सुडौल आकृतियुक्त यो मूर्ति आकर्षक छ (चित्रसङ्ख्या ७२) । कम्मरभन्दा मुन्तिरको भाग फराकिलो र सुडौल छ तथा त्यसभन्दा माथिल्लो भाग सुहाउँदो गरी बनाएको छ । साधारण आसनमाथि उभिएको पूर्णकदको यो मूर्तिको दाहिने हातको अग्रभाग फुटेकोले के थियो ? भन्न सकिन्न । देब्रे हातमा भने ज्वालान्त्याक आफूपट्टि फर्काई समाएको देखिन्छ । उनले तल्लो शरीरमा धर्केबुट्टायुक्त धोती लगाई त्यसैको फेरले दाहिने पट्टिबाट देब्रे कुमबाट सप्को भुइँमा मुजामुजा परी सपक्क खसेको देखाइएको छ । धोतीको अग्रभागको मुजाको फेर नाइटोमुन्तिरबाट खसेको देखाइएको सुहाउँदो छ । धोतीलाई अड्याउन प्रयोग गरिएको कटिबन्ध बाटुलो बुट्टायुक्त छन् । कटिबन्ध चौडा छ । यस किसिमको चौडा कटिबन्ध अरू मूर्तिमा कमै देखिएको छ । पूर्णकदको मूर्ति भएको हुनाले शिल्पकारले शरीरको अनुपातमा मिलाउन खोज्दा केही ठूलो भएको हुनुपर्छ । नाडीमा चारवटा चुरा लगाइको छ, पाखुरामा बुट्टे कङ्कण छ । कानमा फूलबुट्टे कुण्डल तथा घाँटीमा चार डोरे कण्ठहारको बीचमा गोलाकार बुट्टा छ । मुखाकृति बाटुलो छ । निधार

---

३५ *Ibid.*, p. 132.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फराकिलो छ । मुकुटको मुन्तिरबाट अग्रभागमा कपाल झरेको देखाइएको छ । अर्धचन्द्राकार घेरामा बुट्टाहरूले सजाइएको तीन बुट्टे मुकुट पहिरेको छ । खुट्टामा औँलाको माथिल्लो भागसम्म आउने गरी बाक्लो पाउजेब छ ।

आसनीको मुन्तिर कछुवाको आकृतियुक्त मूर्तिमा यो मूर्ति रहेको छ । पालले कछुवालाई पछि राखिएको मानेका छन् । तर मूर्तिको अनुपातमा कछुवा निर्माण गरिएको पाइने हुँदा मूलरूपमा सोही देवीसँग सम्बन्धित रहेको देखिन्छ । जहाँसम्म देवीको मूर्ति उत्कीर्ण ढुङ्गा र कछुवाको ढुङ्गा फरक छ भन्ने छ त्यसमा देवीको महत्त्वको अगाडि कछुवाको आकृति त्यस्तै प्रस्तरमा नकुँदिनु आश्चर्यजनक कुरो होइन । कछुवामाथि उभिएकोले यो मूर्ति यमुनाको रहेछ भन्ने बुझिन्छ ।

मङ्गलागौरीको मूर्तिसँग यमुनाको आकृति तथा शैली मिल्ने तथा त्यस मूर्तिको भव्यतासँग यमुनाको मूर्तिले समता राख्ने हुँदा मङ्गलागौरीमन्दिरसँग सम्बन्धित हुन नसक्ने होइन । यदि यसलाई स्वीकार्ने हो भने यमुनाको यो मूर्ति पनि सातौँ-आठौँ शताब्दीमा निर्माण भएको अनुमान हुन्छ ।

१२.३.७ लक्ष्मी

वत्सलेश्वरीप्राङ्गणको दक्षिण-पश्चिम कुनामा एउटा मूर्ति रहेको छ । यसलाई स्थानीय व्यक्तिहरू सरस्वतीको मूर्ति मानी पूजा गर्दछन् । यो नारीको स्वरूप नवयौवनसम्पन्न छ । हात-खुट्टा सुडौल र हृष्टपुष्ट छन् । उन्नत स्तन, बारुले कम्मर छन्, दुवै नाडीमा कङ्कण छन् । पारदर्शक धोती सपक्क लगाएको छ । कलाकारले पारदर्शक धोती भए तापनि सुहाउँदो किसिमले मर्यादित ढङ्गले बनाइदिएका छन् । धोतीलाई कम्मरबन्धले अड्याएको छ । बुट्टे कम्मरबन्ध कम्मरमा आकर्षक देखिन्छ । धोतीको सप्को मुजामुजा पारेर बायाँपट्टिबाट लत्रेको देखाएको आकर्षक छ । अहिले प्रचलित स्त्री पहिरन र यसमा कुनै फरक छैन ।

गलामा एकसरो हार छ तर सुडौल र नवयौवना शरीर देखाउन कलाकारले त्यहाँ मांसपेशीको आभास झल्काउन प्रयास गरेकोले छालाका ती डोराहरू गहना झैँ देखिन पुगेका छन् । कानमा फूलबुट्टे गहना छ । मुकुट तीन चोसे छ ।

फक्रेको कमलमाथि उभिएको रूपमा चित्रित गरिएको यो मूर्तिको दाहिने लत्रेको हातमा श्रीफल छ, देब्रेपट्टिको हात कम्मरमा छ । 'श्रीफल' समातेको हातलाई अड्याउन जमीनबाट लहरायुक्त बिरुवालाई कलात्मक रूपमा बनाई हातको पञ्जापछाडि चित्रित गरिएको छ (चित्रसङ्ख्या ७३) ।

यो मूर्तिको विशेषता के छ भने मुहार र शरीरको प्रस्तर फरक झैँ छ । त्यसको कारण मुहारको प्रस्तर त्यति चिल्लो छैन, फुस्रो छ, जब कि शरीरका अरू भागका प्रस्तर पालिस लगाएको जस्तो चिल्लो छ । मुहारलाई बिर्सेर सो मूर्तिको शैली र विशेषतालाई मात्र हेरेर यसको निर्माणकाल पत्ता लगाउन खोज्ने हो भने यसलाई पाँचौँ-छैटौँ शताब्दीभन्दा पछिको समय नै दिन मिल्दैन । तर मुकुट र मुहारमा निहित विशेषताहरूबाट भने यो मूर्तिलाई तेह्रौँ-चौधौँ शताब्दीको समय दिनुपर्ने हुन्छ । प्रतापादित्य पालले यसलाई पन्ध्रौँ शताब्दीको मानेका छन् ।[३६]

स्थानीय व्यक्तिहरूले यसलाई सरस्वतीको मूर्ति मानेका छन् भनी माथि भनियो । तर सरस्वतीको मूर्तिमा हुनुपर्ने आयुध यसमा छैनन् । दुइमध्ये एउटा हातमा मात्र आयुध भएकोले यो के को मूर्ति हो भन्न गाह्रो त छ तर कमलासनमा उभिएको तथा दाहिने हातमा 'श्रीफल' भएकोले यो मूर्ति सरस्वतीको नभई लक्ष्मीको मूर्ति हो भन्ने

---

३६ Pratapaditya Pal, *op.cit.*, foot note no. 10, fig 228.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ । *मत्स्यपुराण*मा उल्लेख गरेको लक्ष्मीसँगै मिल्न खोज्छ ।[३७] तर सम्पूर्णमा भने न *मत्स्यपुराण*सँग मिल्छ न *रूपमण्डन*सँग नै मिल्छ ।[३८] गहनाको प्रयोग त्यति छैन । पाखुरामा केयूर छैन । खुट्टामा न पाउजेब छ न कल्ली नै छ । नालाको देवी मूर्तिभन्दा पनि सादा र सरल छ ।

लक्ष्मीको एउटा आकर्षक मूर्ति पशुपतिनाथमन्दिरको पश्चिम मूल ढोकाको उत्तरपट्टि रहेको सत्तलको चोकभित्र रहेको छ (चित्रसङ्ख्या ७४) । यो मूर्ति विष्णु, सूर्य आदिको मूर्तिहरूको साथमा रहेको छ । स्थानक अर्थात् उभिएको अवस्थामा रहेको यो मूर्तिका दुइ हात छन् । दायाँतर्फको हातले मातुलुङ्ग तथा बायाँतर्फको हातले फक्रेको कमल समाएको छ । फक्रेको कमल लक्ष्मीको काँधभन्दा केही माथिल्लो सतहमा फुलेको देखाइएको छ । लक्ष्मीको कानमा ठूला पुष्पकुण्डल गहनाको रूपमा छन् । गलामा घाँटीभन्दा केही मात्र मुन्तिर आउने गरी हार लगाइदिएको छ । स्तनहरू पुष्ट देखाइएका छन् । नाडीमा एकसरो मोटो चुरा लगाएको छ । तल्लो शरीरमा धोती लगाएको देखाइएको छ । घुँडाभन्दा मुन्तिरको भाग जमीनमुनि गाडिएको छ । मूर्ति त्यति ठूलो छैन । यो १० इञ्च अग्लो छ । तर मूर्ति सानो भईकन आकर्षक छ । त्यहाँ भएका विष्णु, सूर्य आदिका मूर्ति तथा यो लक्ष्मीको मूर्ति सत्तलको पेटीमा टाँसेर राखेको देख्दा अन्यत्र कतैबाट सुरक्षाको लागि यहाँ ल्याइएको भान पर्दछ । जयवागीश्वरीमा भएका मातृकाका मूर्तिहरूसँग यो लक्ष्मीको मूर्तिको अनुहार मिल्न खोज्छ । अरू विशेषताहरूमा पनि केही सामञ्जस्य देखिन्छ । तर केशविन्यास सादा नभईकन विकसित अवस्थाको पाइने हुँदा यसको निर्माण काल ती मातृकाका मूर्तिहरूको भन्दा पछिल्लो हो भन्ने अनुमान हुन्छ । यस्तो केशविन्यास विक्रमको छैटौं-सातौं शताब्दीका नारी मूर्तिहरूमा साधारणतः देखिन्छ । यसकै विकसित रूप पछिल्लो कालमा निर्मित मूर्तिहरूमा पनि पाइन्छ ।

लक्ष्मीको दायाँ तथा बायाँ दुइ जना सेविकाहरू उभिएको अवस्थामा छन् । यसको शैलीलाई हेर्दा यसलाई पन्ध्रौं-सोह्रौं शताब्दीको समय दिन सकिन्छ ।

१३.३.८ अन्नपूर्णा

पशुपतिक्षेत्रमा अन्नपूर्णाको एउटा मूर्ति छ । यो मूर्ति पशुपतिनाथमन्दिरको उत्तरपट्टि रहेको मण्डपमा पश्चिमाभिमुख भएर रहेको छ । मूर्ति कमसल प्रस्तरमा निर्मित हुनाले त्यति आकर्षक बन्न सकेको छैन । तर यसको पादपीठमा ने.सं. ७९३ (वि. सं १७३०) को अभिलेख हुनाले यसले विक्रमको अठारौं शताब्दीको प्रतिनिधित्व गर्नुका

---

३७ राधेश्याम खेमका (सम्पा), *पूर्ववत्*, पादटिप्पणी १४ सङ्ख्या, २६१।४०-४४, १०१४ पृष्ठ ।
श्रियं देवीं प्रवक्ष्यामि नवे वयसि संस्थिताम् ।
सुयौवनां पीनगण्डां रक्तौष्ठीं कुञ्चितभ्रुवम् ॥
पीनोन्नतस्तनतटां मणिकुण्डलधारिणीम् ।
सुमण्डलं मुखं तस्याः शिरः सीमन्तभूषणम् ॥
पद्मस्वस्तिकशङ्खैर्वा भूषितां कुन्तलालकैः ।
कञ्चुकाबद्धगात्री च हारभूषौ पयोधरौ ॥
नागहस्तोपमौ बाहू केयूरकटकोज्ज्वलौ ।
पद्मं हस्ते प्रदातव्यं श्रीफलं दक्षिणे भुजे ॥
मेखलाभरणा तद्वत् तप्तकाञ्चनसप्रभाम् ।
नानाभरणसम्पन्नां शोभनाम्बरधारिणीम् ॥

३८ बलराम श्रीवास्तव (अनु.), *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, ५।५७-४८ । १९७ पृष्ठ ।
अष्टपत्राम्बुजस्योर्ध्वे लक्ष्मीः सिंहासने शुभे ।
विनायकवदासीना सर्वाभरणभूषिता ॥
ऊर्ध्वहस्तौ प्रकर्त्तव्यौ देव्याः पङ्कजधारिणौ ।
वामेऽमृतं घटं धत्ते दक्षिणे मातुलिङ्गकम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साथै यसलाई आधार मानेर अन्य तिथिमिति नभएका मूर्तिहरूको अध्ययन गर्न सकिन्छ ।[३९] यो मूर्तिको स्थापना पूर्णवती भन्ने एक जना नारीले गरेकी हुन् ।

अन्नपूर्णाको दुइ हात छन् । देब्रेतर्फको हातमा घैलो लिई कम्मरमा अड्याई समातेको देखाइएको छ भने दाहिनेतर्फको हातले घैलोबाट केही झिक्न लागेको भान पर्ने गरी कुँदिएको छ । घैला राखेपट्टिको कम्मर केही लच्केको देखाई कुँदिएको यो मूर्तिमा पाँचचोसे मुकुट पहिऱ्याइएको छ । घुँडासम्म आउने वनमाला घाँटीमा छ । तल्लो शरीरमा जामाजस्तो देखिने शैलीमा पातलो धोती लगाएको छ । सौन्दर्ययुक्ता तथा पूर्णयौवना बनाउन कलाकारले हरसम्भव कोशिश गरेको छ । टाउकोपछाडि आभरणको साथै पूरै मूर्ति ढाक्ने गरी ज्वालावली दिइएको छ ।

१२.३.९ दुर्गा

भुवनेश्वरीमन्दिरको दक्षिण-पश्चिम दिशामा सडककै छेउमा भूइँतले खुला मन्दिरमा केही मूर्तिहरू छन् । तिनमा पश्चिमाभिमुख भएर सिंहलाई आसनमुन्तिर पारेको अठार हातयुक्त एउटा देवीको मूर्ति रहेको छ (चित्रसङ्ख्या ७५) । अठार हातहरूमध्ये दायाँतर्फको एक हातमा कपाल तथा बायाँ हात अभयमुद्रामा छ । ती दुइ हातहरू छातीको अगाडि छन् । दायाँतर्फको अरू आठ हातहरूमा खड्ग, परशु, कमल आदि छन् भने बायाँतर्फ शक्ति, ढाल आदि छन् । यो हेमाद्रिमा वर्णित दुर्गासँग मिल्दछ ।[४०] यस मूर्तिमा दुर्गाको मुकुट पाँच चोसे छ । कानमा गोलाकार गहना लगाएको छ । गलामा हार लगाएको छ । एउटा हार घाँटीभन्दा केही तलसम्म लर्केको छ । अर्को हार स्तनको आधा भागसम्म पुगेको छ । पलेटी अवस्थामा दुवै घुँडा केही उठाएर बसेको हुँदा धोतीका किनार जुन घुँडाको अग्रभागमा आएको छ त्यो घुँडा बाँध्न प्रयोग गरिएको जस्तो देखिँदा अस्वाभाविक झैं देखिन पुगेको छ । धोतीको दुइ फेर दुवै घुँडाभन्दा मुन्तिर झरेका छन् । धोतीको बुट्टा आकर्षक बनाइएको छ । दुर्गा बसेको सादा आसनको दायाँ-बायाँ फणा उठाएर बसेका दुइ सर्प उत्कीर्ण गरिएका छन् । सर्पको टाउकोमाथि नागमणि देखाउन उठेको सिउर देखिन्छ । दुवै नागको मुन्तिर आयुधसहितका दुइ हातयुक्त सेविका छन् । उनीहरू अञ्जलिमुद्रामा छन् । दुर्गा बसेको आसनीको मुन्तिर सानो सिंहको आकृति वाहनको रूपमा उत्कीर्ण गरिएको छ । सिंहको मुन्तिर पद्मपत्रको आसनी छ । यो मूर्तिको माथिल्लो भागमा रहेको तोरणमा ने.सं. ८०२ (वि.सं. १७३९) अङ्कित भएको तथा माथि उल्लिखित सो मूर्तिको बनोट एवं शैली हेर्दा विक्रमको अठारौं शताब्दीको देखिने भएकोले तोरण र मूर्ति एकै समयमा स्थापना भएको हुनसक्ने देखिन्छ ।

१२.३.१० बालकुमारी

बालकुमारीको मन्दिर नामले चिनिने माथि उल्लिखित खुला मन्दिरमा चार हातयुक्त मयूरमाथि पलेटी मारेर बसेकी कौमारीको मूर्ति रहेको छ । तीन चोसे मुकुट, कानमा गोलाकार गहना धारण गरेकी यी कौमारीको अगाडिका दुइ हातको अवस्था माथि चर्चित दुर्गासँग (चित्रसङ्ख्या ७५) ठ्याक्कै मिल्दछ । दायाँतर्फको माथिल्लो हातमा चाहिँ अक्षमाला छ । बायाँतर्फको माथिल्लो हातमा बाणहरू ठोक्रामा राखी समाइएको देखाइएको छ । मूर्तिलाई ढाक्ने गरी पछाडिपट्टि थोप्ले पट्टाको आभरण दिइएको छ । यो मूर्तिको शैली, बनोट एवं विशेषताहरू त्यहीं भएको वि.सं. १७३९ को दुर्गासँग मिल्ने भएकोले यस मूर्तिलाई विक्रमको अठारौं शताब्दीको समय दिन सकिन्छ । स्थानीय व्यक्तिहरू यो मूर्तिलाई बालकुमारी मानी पूजाअर्चना गर्दछन् (चित्रसङ्ख्या ७६) । यही नामले हिजोआज सो मन्दिरभेगको टोललाई बालकुमारीटोल पनि भन्ने गरेको पाइन्छ । समय–समयमा सो मन्दिर उत्तरको बाटोमाथि माटो-इँटा थपिँदै गएकोले बालकुमारीको मन्दिर जमीनको सतहभन्दा झण्डै २-३ फीट तल परिसकेको छ ।

---

३९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ४८ सङ्ख्या ।

४० पं. गोविन्दप्रसाद भट्टराई, पूर्ववत्, पादटिप्पणी ३१ सङ्ख्या, १२२-१२३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.३.११ शीतला

पशुपतिनाथमन्दिरको आग्नेय कुनामा शीतलाको एउटा मूर्ति रहेको छ । जुन वेला बिफर उन्मूलन भएको थिएन त्यतिखेरको समाजमा शीतलाको असाद्धै प्रतिष्ठा थियो । साँच्चै भन्ने हो भने बिफरबाट त्राण पाउने एउटै उपाय शीतलाको पूजाअर्चना थियो । पहिले जस्तो शीतलाको पूजाआजा अहिले त्यति गरेको पाइन्न । तर प्रत्येक वर्ष चैत्र महीनाको कृष्णपक्षको अष्टमीलाई शीतलाअष्टमी मानेर पूजाआजा गर्ने चलनचाहिँ हराएको छैन । अद्यापि मारवाडी समुदायका नारीहरू यस दिनलाई धूमधामसँग मनाउँछन् । पशुपतिमा रहेको शीतलाको पनि यस निम्ति विशेष ख्याति छ । काठमाडौँवरपरका मानिसहरू सो दिन त्यहाँ पूजाआजा गर्न प्रशस्तको सङ्ख्यामा आउँछन् ।

पशुपतिस्थित शीतलाको मूर्ति १६ इन्च अग्लो छ । गधाबाहनमाथि दाहिने खुट्टा तल झारेर देब्रे खुट्टा पलेटी मारेर बसेको अवस्थामा कुँदिएको यो मूर्ति कलाकारिताको दृष्टिले त्यति आकर्षक छैन । उनको देब्रे काखमा एउटा बच्चा उनीपट्टि फर्केर बसेको अवस्थामा छ । बच्चालाई दुवै हातले समाइरहेको छ । दाहिने हातमा केही समाएको जस्तो देखिन्छ । सम्भवतः यो कुचो हुनुपर्छ । उनलाई पूर्ण वयस्क अवस्थामा चित्रित गरिएको छ । गलामा हार पहिरेको छ । सो हार दुइ स्तनको बीचमा खाली भागबाट लटकेको देखाइएको छ । टाउकोमा पाँच चोसे मुकुट पहिरेको छ । टाउकोपछाडि गोलो आभरण छ भने पूरै मूर्तिलाई ढाक्ने गरी दुइ तहयुक्त ज्वालावली दिइएको छ । करीब ४ फीट अग्लो दुइ छाना भएको लघु आकारको छानामाथि छाना भएको नेपाली शैलीको खुला मन्दिरमा शीतलालाई प्रतिष्ठापित गरिएको छ । मूर्तिमा निहित शैलीलाई हेर्दा यो विक्रमको सत्रौँ-अठारौँ शताब्दीभन्दा अघि निर्माण भएको होइन । मूर्ति कमसल प्रस्तरमा निर्मित हुनाले खिइँदै गइरहेको छ ।

१२.३.१२ कार्तिकेयदेवी

नवालीटोलस्थित जयवागीश्वरीमन्दिरको पश्चिमपट्टि एउटा देवीमन्दिर छ । सो देवीमन्दिरको पूर्वतर्फको बाहिरी भित्तामा यो कार्तिकेयदेवीको मूर्ति रहेको छ । यो कार्तिकेयदेवीको मूर्ति हो भन्ने कुरा कार्तिकेयको झैँ ६ टाउको हुनु र वाहनको रूपमा दायाँतर्फको देवीको खुट्टाले मयूर तथा बायाँतर्फको खुट्टाले सिंहलाई टेकेकोबाट थाहा हुन्छ । *मत्स्यपुराण*मा तारकासुरसँग देवताहरूको घमासानको युद्ध हुँदा पार्वतीको बायाँ कोखबाट एक शिशु जन्मेका थिए ।[४१] ती शिशुलाई जन्मनासाथ सबै देवी-देवताहरूले आ-आफ्नो आयुध दिई शक्ति दिएका थिए भन्ने उल्लेख पाइन्छ । तिनै कार्तिकेयकी शक्ति कार्तिकेयदेवी हुन् । *मत्स्यपुराण*कै आख्यानलाई आधार मानी तयार पारिएको यस मूर्तिको देवीका बाह्र हात छन् । ती हातहरूमा त्रिशूल, चक्र, खड्ग, बाण, धनुष, परशु, वज्र, घण्टा, अङ्कुश आदि छन् । देवीका तीन टाउकोको माथि अरू तीन टाउको गरी जम्मा ६ टाउका छन् । देवी आलीढासनमा छिन् । लामो घुँडासम्म आउने गरी वनमाला पहिरेकी छिन् । मूर्ति फुस्रो ढुङ्गामा निर्मित हुनाले बिग्रँदै गइरहेको छ । मूर्तिमा विद्यमान विशेषताहरूलाई हेर्दा यो अठारौँ शताब्दीताकाको देखिन्छ (चित्रसङ्ख्या ७७) ।

पशुपतिक्षेत्रमा मातृकाका मूर्तिहरू पछि पनि स्थापना हुँदै गए । विक्रमको अठारौँ-उन्नाइसौँ शताब्दीताका निर्मित अचुलेश्वरननिको ६ हातयुक्त सिंहवाहिनीदेवी (चित्रसङ्ख्या ७८) यसैको उदाहरण हो । यो मूर्तिमा देवीको मुख नचिनिने गरी फुटेको छ । फुस्रो सेतो ढुङ्गामा बनेको यो मूर्तिमा अनुपात त्यति मिल्न नसकेकोले आकर्षक बन्न चाहिँ सकेको छैन । माथि उल्लिखित प्रस्तरमूर्तिहरूको अलावा मृत्तिकाद्वारा निर्मित मातृकाका मूर्तिहरू पनि यहाँ छन् । जयवागीश्वरीको मूर्ति, राजराजेश्वरीघाटस्थित नवदुर्गाको मूर्तिलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

---

४१ राधेश्याम खेमका (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १४ सङ्ख्या, १५९ अध्याय, १-१२ श्लोक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.४ गणेशमूर्तिहरू

पशुपतिक्षेत्र गणेशमूर्तिहरूका लागि पनि प्रसिद्ध छ । लोकोक्तिले काठमाडौँखाल्डोलाई चार तिरवाट चार गणेशहरूले रक्षा गरिरहेका छन् भन्ने गरेको चार गणेशमध्येका चन्द्रविनायक नामले चर्चित गणेश पशुपतिक्षेत्रस्थित चाबहिलमा पर्दछ । पशुपतिक्षेत्रमा भएका गणेशमूर्तिहरूको बारेमा विद्वान्हरूले त्यति ध्यान दिएको पाइँदैन । पशुपतिक्षेत्रमा आसन र नृत्य मुद्राका गणेशमूर्तिहरू छन् । तिनमा आसन मूर्तिहरूको बाहुल्य छ । पशुपतिक्षेत्रमा मात्रै झण्डै ३०-३५ वटा गणेशका मूर्तिहरू कुनै मन्दिरभित्र, कुनै मन्दिरविना स्थापित भएर रहेका छन् । सानो ठाउँमा त्यत्राविधि गणेशका मूर्तिहरू स्थापित हुनुले नेपाली जनजीवनमा भएको गणेशको स्थानलाई सङ्केत गर्दछ । गाणपत सम्प्रदायको उल्लेख यहाँ नपाइने हुनाले साम्प्रदायिक कारणले भन्दा पाञ्चायन देवगणहरूलाई नेपालको जनजीवनले आत्मीयतासाथ अङ्गीकार गर्दा पाञ्चायन देवगणमध्येका देवीदेवताहरूको मूर्तिहरू अधिकतर स्थापना गरिएका हुन् भन्ने बुझिन्छ । यहाँ स्थापित गणेशहरूमध्ये पुरानो बस्तीमा स्थापित भएका कुनै गणेशमूर्तिहरू स्थानगणेशको रूपमा यस क्षेत्रका व्यक्तिहरूले विशेष रूपमा अन्य क्षेत्रको स्थानगणेशमा झैँ पूजाआजा गर्ने गरेको पाइन्छ ।

यहाँ भएका गणेशमूर्तिहरूमा तिथिमितिको अभाव भएको हुनाले आधिकारिक रूपमा अध्ययन गर्न अप्ठ्यारो पर्न जाने निश्चित छ । त्यसो भए तापनि मूर्तिमा निहित विशेषताहरू, आभूषण, पोशाक तथा बनावटको तुलनात्मक अध्ययनबाट तिनीहरूको सम्भाव्य कालक्रम भने बताउन सकिन्छ । गणेशका मूर्तिहरू (१) आसन (२) स्थानक र (३) नृत्य रूपमा पाइने भए तापनि पशुपतिक्षेत्रमा चाहिँ आसन र नृत्य रूपका मात्र मूर्तिहरू पाइएका छन् ।

यहाँस्थित केही गणेशमूर्तिहरू भक्तजनले पूजाआजा गर्ने दृष्टिकोणले त्यति प्रसिद्ध नभए तापनि प्राचीनताको दृष्टिकोणले उल्लेख्य मानिन्छन् । केही मूर्तिहरू केवल मूर्तिकै रूपमा मात्र छन्, पूजाआजा गर्ने गरेको पाइँदैन । त्यस्तै केही मूर्तिहरू कलात्मक एवं प्राचीनता दुवै दृष्टिकोणले त्यति प्रभावशाली नदेखिने हुँदा यहाँ ती सबै कुराहरूलाई विचार गरी सबै गणेशका मूर्तिहरूको उल्लेख नगरी विविध दृष्टिकोणले प्रतिनिधिस्वरूप मान्न सकिने गणेशमूर्तिहरूको बारेमा मात्र चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ ।

पशुपतिक्षेत्रको दक्षिणपट्टिको सिमानामा पिङ्गनस्थान नामको देवस्थल छ । त्यहाँ करीब ३५ से.मी. उच्चाइको भग्न गणेशमूर्ति (चित्रसङ्ख्या ७९) रहेको छ । दुइ हातयुक्त उक्त गणेशमूर्ति सयौँ वर्षको घामपानीले खिइसकेको भए तापनि शीप, बनोट र शैलीबाट सो मूर्ति नेपालको प्राचीन गणेशका मूर्तिहरूमध्ये एक हो भन्ने देखिन्छ । साधारण आसनमा दाहिने खुट्टा पलेटी अवस्था र देब्रे खुट्टा केही उठाई अर्धपर्यङ्कासनमा बसेको यो गणेशमूर्तिको टाउकोमा मुकुट पहिरेको छैन । गला एवं शरीरमा कहीँ गरगहना देखिँदैन । यो मूर्तिको दाहिने हातको अघिल्लो भाग भग्न भएकोले सो हातमा के रहेको थियो भन्न सकिँदैन । तर यस खालका दुइ हातयुक्त मूर्तिहरूमा गोलो कुनै फल वा अनार समाइरहेको पाइने हुँदा यसमा पनि त्यस्तै फल थियो होला भन्ने अनुमान गर्न सकिन्छ । देब्रे हातमा लड्डू छ । सो लड्डू सूँडले खान लागेको देखाइएको छ । गर्दन छोटो भईकन भद्दा देखिन्छ जुन ठूलो कानको पछिल्तिर छ । हात्तीको टाउकोको बोझ शरीरमा कलाकारले देखाउन सक्षम भएकोले मूर्तिमा स्वाभाविकता आएको छ । छाती पुष्ट छ, पेट ठूलो र केही अगाडि उठेको छ । भारतको उदयगिरिस्थित चन्द्रगुप्त गुफामा भएको विक्रमको पाँचौं शताब्दीको मूर्तिको साथै त्यसै शताब्दीका अरू मूर्तिहरूसँग यो मूर्ति तुलनीय छ । प्रारम्भमा त यो मूर्ति पछिल्लो कालतिरकै होला भन्ने खालको थियो । किनभने सम्पूर्ण मूर्तिमा धूलो र पानीले गर्दा न ढुङ्गाको रङ्ग चिनिन्थ्यो न गणेशको आकृति नै चिनिन्थ्यो । मूर्ति धेरै वर्षको घामपानीले खिइसकेको छ । यो मूर्तिको ढुङ्गा कालो रङ्गको छ, जुन लिच्छविकालिक मूर्तिका विशेषताहरूमध्ये एउटा हो । यो मूर्तिको ढुङ्गा र लिच्छविकालिक शिलालेखयुक्त आर्यघाटपारिको उमामहेश्वर मूर्ति (चित्रसङ्ख्या १५) को ढुङ्गा उस्तै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिङ्गलास्थानको गणेशमूर्तिभन्दा उच्चाइमा केही अग्लो दुइ हातयुक्त गणेशमूर्ति पाँचुटोलको पाँचुगणेश (चित्रसङ्ख्या ८४) हो । यस्तै किसिमको मूर्तिहरू गैह्रीधारा (चित्रसङ्ख्या ८०) ज्ञानेश्वर (चित्रसङ्ख्या ८१) धोबीचौर (चित्रसङ्ख्या ८२) पुल्चोक (चित्रसङ्ख्या ८३) मा पनि छन् । पाँचुगणेशको टाउकोमा मुकुट नभएकोले खाली छ । अर्धपर्यङ्कासनमा रहेको यो मूर्तिमा कलाकारले हात्तीको स्वाभाविक टाउको तथा छोटो गर्दन बनाइदिएकोले मूर्ति झट्ट हेर्दा ड्याच्च परेको छ । यो मूर्तिमा यज्ञोपवीतको रूपमा कलात्मक सर्प देब्रेबाट दाहिनेतिर काँधमा अर्थात् सव्य रूपमा छ । जसको सुर्केनी परेको गाँठोचाहिँ नाइटोनजिक उत्कीर्ण गरेको पाइन्छ । यस मूर्तिमा गणेशको ठूलो भूँडी देखाइएको छ । दुवैतर्फका काँधलाई फराकिलो कानले छोपेको छ । घुँडामाथि राखिएको दाहिने हातमा केही समाइरहेको देखिन्छ भने देब्रेतर्फको हातमा राखिएको लड्डू सूँडद्वारा खाइरहेको देखिन्छ । कडा ढुङ्गामा निर्मित यो मूर्तिमा केही टलकपन पनि पाइने हुनाले पालिसको प्रयोग गरिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । पाँचुटोलको सडकको बीचमा सानो मन्दिरभित्र रहेको यो गणेशलाई यहाँका स्थानीय व्यक्तिहरू स्थानगणेशको रूपमा पूजा गर्दछन् । सो मन्दिरको वरपर लिच्छविकालिक शिवलिङ्ग (चित्रसङ्ख्या ८५) तथा प्राचीन मन्दिरका अवशेषहरूमध्ये प्रस्तरस्तम्भ (चित्रसङ्ख्या १३४) पनि रहेको छ । अहिले भएको मन्दिर विक्रमको अठारौँ-उन्नाइसौँ शताब्दीको हो । यो मूर्तिमा निहित विशेषतालाई हेर्दा यसको निर्माण विक्रमको छैटौँ-सातौँ शताब्दीतिर भएको अनुमान गर्न सकिन्छ ।

आसन अवस्थाका मूर्तिहरूमा अर्को महत्त्वपूर्ण मूर्ति हाल पशुपतिनाथमन्दिरप्राङ्गणको वासुकिमन्दिरनजिकको उत्तरपट्टिको पर्खालको भित्तामा टाँसेर राखिएको छ । त्यसभन्दा पहिले सो मूर्तिफलक भगवान् पशुपतिनाथका लागि नित्य भोग पकाउने भान्छाको रछ्यानमा भाँडा माझ्ने काममा कैयन् वर्षदेखि प्रयोगमा ल्याइएको थियो । ४१×१० इञ्च नापको सो फलकमा बीचमा गणेशको मूर्ति उत्कीर्ण गरिएको छ । उनका चार हातहरू छन् । दाहिने माथिल्लो हातमा अक्षमाला छ, तल्लो वरदमुद्रामा छ र देब्रे माथिल्लो हातमा बञ्चरो लिएको र तल्लोमा लड्डू समाएको छ । पछाडिको पृष्ठभूमि पहाडको छ । गणेशमूर्तिको दायाँ-बायाँ अर्का दुइ मूर्तिहरू पनि छन् । गणेशको दाहिनेपट्टि बाघको जस्तो अनुहार भएको घुँडा टेकी अञ्जलिमुद्रामा विनीत भावमा रहेको एक मूर्ति छ । कपालको पछाडि फूलले सजाएको देखिनाले यो कुनै नारी मूर्ति हो कि भन्ने देखिन्छ । तर के को मूर्ति हो ? ठम्याउन सकिएन । त्यस मूर्तिको देब्रेपट्टि कुबेरको मूर्ति छ । दुइ हातहरूमध्ये देब्रे हातले एउटा थैलो समाएको देखिन्छ । दाहिने हात खिइएकोले आयुध स्पष्टसँग चिनिँदैन । फलकको दाहिने कुनाको मूर्ति धेरै नै खिइसकेकोले त्यसबारे विस्तृत थाहा हुन सक्तैन । यसरी त्यस फलकमा रहेका कुबेरबाहेक अन्य के के का मूर्तिहरू हुन् भन्न गाह्रो छ । गणेशका दायाँ-बायाँका ती मूर्तिहरू गणेशका प्रतिहारहरू हुन सक्छन् । *रूपमण्डन, अपराजितपृच्छा* आदि पछिल्ला कालका प्रतिमालक्षणसम्बन्धी ग्रन्थहरूमा गणेशका आठ प्रतिहारहरू-अविघ्न, विघ्नराज, सुवक्त्र, बलवान्, गजकर्ण, गोकर्ण, सुसौम्य, शुभदायकको उल्लेख पाइन्छ ।[४२] त्यस फलकमा उत्कीर्ण गरिएका सबै मूर्तिहरू सादा र साधारण ढुङ्गामा निर्मित छन् । गणेशको शिरमा सानो मुकुट छ, तल्लो शरीरमा सादा पारदर्शक धोती लगाएको देखाइएको छ । गणेशका अरू मूर्तिहरूमा भन्दा भिन्न यहाँ गणेश सुखासनमा छन् । मूर्ति धेरै नै खिइसकेको हुनाले उनले लगाएका आभूषण पहिचान गर्न गाह्रो छ । दाहिने माथिल्लो हातको नाडीमा कङ्कण लगाएको भने देखिन्छ । सँगैको कुबेरको बसाइको शैली पनि गणेशको झैँ छ । टाउकोमा जटामुकुट छ । बाटुलो अनुहार, सादा बनोट र कम आभूषण पहिरेका कुबेर एवं त्यस फलकमा चित्रित अरू मूर्तिहरू लिच्छविकालिक सातौँ-आठौँ शताब्दीताकाका मूर्तिहरूसँग सामञ्जस्य राख्छन् । खैरो बलौटे ढुङ्गामा उत्कीर्ण गरिएको सो फलक कुनै प्रस्तर मन्दिर वा अन्य त्यस्तै वास्तुकलाको अङ्ग हुनुपर्ने देखिन्छ ।[४३] अहिले यो मूर्तिलाई भित्तामा टाँसेकोले पूजाआजाको निमित्त उपयोगी हुनुभन्दा सजावटको साधन बन्न पुगेको छ ।

---

४२ बलराम श्रीवास्तव (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी ८ सङ्ख्या, ७८ पृष्ठ ।

४३ गोविन्द टण्डन, *काठमाडौं अधित्यकाका गणेशमूर्तिहरू,* (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र वि.सं. २०४२), ५० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिरको उत्तर-पूर्व भागमा चार स्तम्भयुक्त प्रस्तरमन्दिर रहेको छ । त्यस मन्दिरको पश्चिमपट्टिको फलकमा नृत्य र वाद्यवादन गरिरहेका गणहरूसहित अर्धपर्यङ्कासनमा बसेको एक गणेशमूर्ति उत्कीर्ण छ । यो फलक त्यस प्रस्तरमन्दिरको अङ्ग नभई पछि कहींबाट ल्याएर राखिएको हुनुपर्छ । यस फलकमा गणेश वास्तविक रूपमा गणपतिको रूपमा देखाइएको छ । गणेशको दायाँ-बायाँका उनका गणहरू कोही नृत्य मुद्रामा छन् त कोही बाजा बजाइरहेका छन् । खास गरी यस किसिमका गणहरू उमामहेश्वरफलकमा उत्कीर्ण गरेको पाइन्छ । यो फलकलाई हेर्दा यो कुनै उमामहेश्वर मूर्तिको पादपीठ हुनुपर्ने देखिन्छ । यो सत्य हो भने उक्त उमामहेश्वरको सो मूर्ति नेपालमा प्राप्त उमामहेश्वरमूर्तिहरूमध्ये सबभन्दा ठूलो हुन सक्ने कुरा अहिले चर्चित उक्त फलकको आकार प्रकारबाट थाहा हुन्छ । यो फलक ३३.५" ×१५" को छ । यहाँ उत्कीर्ण गरिएको गणेशको मूर्तिको बनोट र शैली चिँकअट एवं नेपाल राष्ट्रिय सङ्ग्रहालय छाउनीको भन्दा विकसित छ । चार हातहरूमा लिएका चिह्नहरू चिँकअटको गणेशमूर्तिको झैँ छ । हात्तीको झैँ चौडा र ठूलो कान, चौडा छाती अरू गणेश मूर्तिहरूकै अनुरूप छ । फराकिलो दायाँ-बायाँ उठेको निधार विशेष आकर्षकयुक्त छ । त्यसले बुद्धि र ज्ञानको असीमित भण्डारलाई सङ्केत गरेको छ । फलकको दायाँ-बायाँ कुनामा एक-एक जना पुरुष मूर्ति देब्रे हातमा तरवार समाएर उभिएको अवस्थामा छन् । यी प्रतीहारहरूको दाहिने हातमा के थियो भग्न भएकोले स्पष्ट हुँदैन । यिनीहरूको गलामा एकसरो सादा हार छ । टाउकोपछाडि गोलो आभरण पनि दिइएको छ । रुद्रदेवको समयको पाटन क्वावहालटोलको ने.सं. १०७ (वि.सं. १०४४) को उमामहेश्वर फलकको गणेशको मूर्तिभन्दा यसको शैली र बनावट केही पुरानो एवं सादासमेत देखिने हुनाले यो मूर्तिलाई त्यसभन्दा केही अगाडिको समय दिनुपर्ने देखिन्छ । क्वाबहालटोलको गणेशको मुकुट साजसज्जापूर्ण छ, गणहरूको पनि त्यस्तै छ । यसकारण पशुपतिको यो मूर्तिको निर्माण कम्तीमा पनि विक्रमको नवौँ-दशौँ शताब्दीतिर भएको हुनुपर्छ ।

विक्रमको नवौँ-दशौँ शताब्दीको जस्तो देखिने एउटा आसन अवस्थाको गणेशमूर्ति पशुपतिप्राङ्गणको पूर्वपट्टि रहेको छ । यस मूर्तिलाई वि.सं. १९०१ को लालमोहरमा 'ढुण्डीराजगणेश' भनिएको छ ।[४४] काशी विश्वनाथमा ढुण्डीगणेश प्रसिद्ध रहेकोले सोही अनुरूप पशुपतिमा रहेको गणेशमूर्तिलाई पनि उक्त नाम दिइएको हुनु धेरै सम्भव छ । सधैँजसो सिन्दूरले पोतिएर रहने भएको हुनाले स्थानीय व्यक्तिहरू यो मूर्तिलाई 'लालगणेश' पनि भन्दछन् । यो मूर्तिमा दुइ हात छन् । टाउको मुकुटविहीन छ । सर्पको जनै लगाएको छ । देब्रे हातमा लड्डू लिएको तथा सो लड्डूलाई सुँडले समातिरहेको देखाइएको छ । गणेशको तल्लो शरीरमा बुट्टे धोती लगाएको देखाइएको छ । कालो प्रस्तरमा निर्मित यो मूर्ति ज्ञानेश्वर (चित्रसङ्ख्या ८१), टङ्गाल (चित्रसङ्ख्या ८०) आदि प्राचीन मूर्तिको शैलीमा निर्मित छ । यो मूर्ति झण्डै साढे तीन फीट अग्लो छ ।

जयवागीश्वरी मूलसडकको पूर्वपट्टि एउटा सानो मन्दिरभित्र दुइ प्रतिहारहरूको माझमा उत्कीर्ण गरिएको मूर्ति पनि यहाँ उल्लेखनीय प्रतीत हुन्छ (चित्रसङ्ख्या ८६) । बीचमा गणेशको मूर्ति छ । उनी सुखासनमा बसेको रूपमा उत्कीर्ण गरिएको छ । पृष्ठभूमि पहाडको दिइएको छ । चार हातहरूमा दाहिने माथिल्लो हातमा अक्षमाला, तल्लो हातमा मूला समातेको देखाइएको छ । देब्रेपट्टिको माथिल्लो हातमा बञ्चरो छ । तल्लोमा लड्डूसहितको कचौरा समातेको छ । सूँडले लड्डू समाइरहेको देखाइएको छ । गणेश एवं प्रतिहारहरूको घुँडा-घुँडासम्म धोती आएको छ । धोतीको किनाराका धर्के बुट्टा स्पष्ट देखिन्छ । गणेशको कान कम चौडाइको लामो छ । गणेशको मुकुट बुट्टेदार छ । गणेशको दायाँ भागमा उनको आसनको केही तल सुखासनमा गजकर्ण अञ्जलिमुद्रामा छन् । गलामा एकसरो हार लगाएको छ । देब्रेपट्टि अर्को मूर्ति अञ्जलिमुद्रामा छ । कानमा गोलो ठूलो मुन्द्री लगाएको छ । त्यो कसको मूर्ति हो ? स्पष्ट भन्न सकिँदैन । गणेशको मूर्ति बान्की परेको भए तापनि प्रतिहारका मूर्तिहरू सुडौल एवं कलाकारितापूर्ण देखिँदैनन् । खुट्टाका पञ्जाहरू पनि भद्दा देखिन्छन् । यो मूर्तिलाई झट्ट हेर्दा आर्यघाटबाट गुह्येश्वरी जाने उकालोमा

---

४४ परिशिष्टभाग (क), अभिलेखखण्ड, २०४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेको ब्रह्माको मूर्तिलाई सम्झाउँछ । जुन मूर्ति अहिले मूल ठाउँमा नभई पशुपतिगोश्वाराको भण्डारमा राखिएको छ । ब्रह्माको मूर्ति बनाइएको ढुङ्गा यद्यपि निकै कालो छ । तर पृष्ठभूमिको बनोट, गणेश फलकको गजकर्ण र ब्रह्माको मूर्तिफलकको ऋषिको शारीरिक बनोटमा समानता पाइन्छ । ब्रह्माको उक्त मूर्तिलाई नवौं शताब्दीताकाको समय दिइन्छ । गणेशको यो मूर्तिको शैली एवं कालिगडीलाई हेर्दा सम्भवत: यो नवौं-दशौं शताब्दीतिरको हुनुपर्ने देखिन्छ । यो मूर्तिको निर्माणकालसँग सम्बद्ध अभिलेख पाइएको छैन । तर सो मन्दिरको पूर्वपट्टिको बाहिरी भित्तामा ने.सं. ७७७ (वि.सं. १७१३) मार्गमा सुखुरी भँडारीले आफ्नो छोरा विश्वनाथको सम्झनामा सो मन्दिरमा पाटी बनाइदिएको तथा मन्दिरको जीर्णोद्धार गरेको उल्लेख पाइने हुनाले सो मितिभन्दा अगाडि नै त्यहाँ गणेशमूर्तिको स्थापना भइसकेको बुझिन्छ ।

पाटनको रातो मच्छिन्द्रनाथलाई महास्नान गर्नुभन्दा अगाडि यो गणेशलाई पूजा, अभिषेक गरी लगेको जलले स्नान गराइने चलन छ । यो परम्परा कहिलेदेखि चलेको हो त्यसबारेमा खोजी गर्न भने अझै बाँकी छ ।

चाबहिलस्थित चन्द्रविनायकलाई (चित्रसङ्ख्या ८७) रक्तविनायक पनि भन्दछन् । शरीरमा घाउखटिरा आदि उत्पन्न भई साह्रै पीडा हुन लाग्यो र कुनै उपाय र औषधोपचारले पनि निको हुन सकेन भने यस मन्दिरमा गई गणेशको दर्शनपूजन, स्पर्शन एवं आराधनादि गर्दा आरोग्य लाभ हुन्छ भन्ने धारणा छ ।[४५] यो मूर्ति दुइ हातयुक्त तथा बसेको अवस्थामा छ । नवौं-दशौं शताब्दीताकाको मूर्तिको क्रममा नै यो मूर्तिलाई पनि लिन सकिन्छ । तर यस मूर्तिलाई ऐ. शि. बाबुराम आचार्यले त्यति अगाडिको नभएको र यहाँ रहेका शिलालेख, ताम्रपत्र आदिमा प्रताप मल्लको राज्यकालको भन्दा थोरै वर्षपछिको भएको उल्लेख गर्नुभएको छ ।[४६] यो मूर्ति मल्लकालमा निर्माण भएको होइन भन्ने कुरा यस मूर्तिमा विद्यमान प्राचीनताबोधक विशेषताहरूबाट एकातिर थाहा पाउन मदत पुऱ्याउँछ भने अर्कोतिर वत्सलेश्वरीयात्रामा वत्सलेश्वरीको रथ सो गणेशमन्दिरमा लगिने परम्परा भएको तथा वत्सलेश्वरीयात्राको चलन मल्लकालभन्दा अगाडिको देखिने हुनाले पनि उक्त कुराको पुष्टि हुन्छ । स्थानीय नेवार समुदायका बूढापुराना व्यक्तिहरू यो गणेशमूर्तिलाई 'ल्होसला गणेश' पनि भन्दछन् । नेवारी भाषामा ल्होसलाको अर्थ तानेर ल्याएको भन्ने हुन्छ । अनुश्रुतिअनुसार यो मूर्तिलाई चाबहिलका बासिन्दाहरूले धुमवाराहीबाट ल्याएका थिए । त्यसको सम्झनास्वरूप अझै चाबहिलको गणेशयात्राको दिन धुमवाराहीस्थान जहाँबाट सो मूर्ति लगेको भनिन्छ त्यहाँ पूजाआजा गर्ने चलन छ । पुराना अभिलेखहरूमा यो मूर्तिलाई 'ल्होसला गणेश' भनी सम्बोधन गरिएको पाइन्छ । सो गणेशमूर्तिको समयको हाराहारीमा आउने बहिरागणेश (चित्रसङ्ख्या ८८) मूर्ति पनि प्रमुख मानिन्छ । दुइ हातयुक्त यो गणेशमूर्ति विश्वरूपामन्दिरको बाहिर दक्षिण-पश्चिम दिशामा रहेको छ । यहाँ पूजा-आजा गरे कान नसुन्ने रोग बिसेक हुन्छ भन्ने धारणा स्थानीय व्यक्तिहरूमा छ ।

विक्रमको एघारौं-बाह्रौं शताब्दीको हुन सक्ने एउटा अर्को गणेशमूर्ति देवपाटनमा रहेको छ । यो मूर्तिका चार हात छन् । परशु, अक्षमाला, लड्डू र फल हातमा छ (चित्रसङ्ख्या ८९) । यो नृत्य अवस्थामा छ । पाटन पिँलाछेँमा रहेको गणेशमूर्तिसँग यो मूर्ति निकै सामञ्जस्य राख्दछ (चित्रसङ्ख्या १५५) । कीर्तिमुखभैरवको आकृति बीचमा भएको मुकुट धारण गरे तापनि विक्रमको आठौं-नवौं शताब्दीताकाको उमामहेश्वरमूर्तिहरूमा भन्दा केही परिष्कृत मुकुट पहिरेको देखाइएको छ । हात र खुट्टामा बाला र कल्ली धारण गरेका छन् । धोतीको एउटा सप्को जाँघमुन्तिर देखिन्छ । दाहिने खुट्टामुन्तिर गणेशको वाहन छुचुन्द्रो नृत्यरत देखिन्छ ।

---

४५ सोमनाथ सिग्द्याल (सम्पा.), *सपरिचय सुधार कार्य विवरण,* पहिलो संस्करण, (काठमाडौं: सोमनाथ सिग्द्याल, वि.सं.२०१७), १८ पृष्ठ ।

४६ बाबुराम आचार्य, "लिच्छविकालका शिलालेखमा किरात कालको झलक, देवपाटन, भादगाउँ, पाटन र काठमाडौंको किरात नाम", *नेपाली,* १६ अङ्क, (वि.सं. २०२०), १० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रमा रहेका गणेशमूर्तिहरू एउटा बाहेक अरू सबै एक्ला छन् । गौरीघाटमा रहेको विक्रमको उन्नाइसौँ-बीसौँ शताब्दीको मूर्ति शक्तिसहितको छ (चित्रसङ्ख्या ९०) । यहाँ भएका गणेशमूर्तिहरूमा आकारको दृष्टिले सबभन्दा ठूलो गणेशमूर्ति आर्यघाटपारि विष्णुमन्दिरअघिल्तिर स्थापित छ । दायाँ भागमा मानवाकार गरुड एवं देब्रेतर्फ गणेशको मूर्ति रहेको छ । विष्णुको मन्दिर अघिल्तिर यो गणेशमूर्ति किन राखियो ? भन्न गाह्रो छ । सम्भवत: सो गणेशमूर्तिको मूल स्थान त्यो होइन । शङ्खमूलस्थित वि.सं. १९१७ मा स्थापित गणेशको मूर्तिसँग यहाँको यो मूर्ति धेरै मिल्दछ । आर्यघाटपारिको सो गणेशमूर्ति शङ्खमूलको माथि चर्चित गणेशमूर्तिको समकालिक हुन सक्छ (चित्रसङ्ख्या ९१) ।

आकृतिसम्म आउने गणेशमूर्तिहरूलाई पनि श्रद्धासाथ स्थापना गरेको एवं पूजाआजा गरेको पाइनाले गणेशप्रति जनमानसमा रहेको श्रद्धा विश्वास स्पष्टिन्छ । गणेशको वाहन मानिएको छुचुन्द्रोको मूर्ति प्राचीन गणेशको मूर्तिफलकमा पाइँदैन चाहे त्यो एक्लो मूर्ति होस् चाहे समूहमा रहेको गणेशमूर्ति होस् । गणेशको मूर्तिमा वाहन छुचुन्द्रोको आकृति उत्कीर्ण गर्ने चलन पछि मात्र आयो ।

पशुपतिनाथमन्दिरको पश्चिम ढोकाको बाहिर महास्नानघरको बाहिर सडक किनारमा वि.सं. २०१६ सालमा स्थापित गणेशमूर्ति यहाँको सबभन्दा पछि स्थापित मूर्ति हो (चित्रसङ्ख्या ९२) ।

१२.५ सूर्यमूर्तिहरू

पशुपतिक्षेत्रमा सूर्यमूर्तिहरू पनि पाइएका छन् । सूर्यमूर्तिहरूको प्राप्तिले यहाँ विभिन्न कालमा सूर्यको आराधना गर्ने तथा मूर्ति स्थापना गर्ने चलन रहिआएको थाहा पाइन्छ । यहाँ सूर्यको उभिएको मूर्ति तथा प्रस्तरफलकमा अरुणद्वारा हाँकिएको सातघोडे रथमा आसीन मानवाकृतिस्वरूपमा पाइन्छ । प्रतीकात्मक रूपको सौर्य बिम्ब पनि यहाँ पाइएको छ । जसमा लिच्छवि लिपिमा लेख पनि उत्कीर्ण छ ।[४७] यस क्षेत्रमा भएको केही प्रमुख सूर्यमूर्तिहरूको बारेमा यहाँ चर्चा गर्नुपरेको छ ।

विरूपाक्षको मूर्ति रहेको मन्दिरभित्र एउटा मूर्ति रहेको छ (चित्रसङ्ख्या ९३) । यसलाई स्थानीय व्यक्तिहरू विरूपाक्षको आमा आर्यदिवीको मूर्ति मान्छन् । त्यसको अतिरिक्त उनैको नामबाट आर्यघाटको नाम रहन गएको विश्वास गर्छन् । यो मूर्ति त्यतिविधि खिइएको छैन । स्थानीय व्यक्तिहरूले जेसुकै भने पनि यो मूर्ति नारी मूर्ति होइन भन्ने कुरा नारीगत स्वभाव र चिह्न यस मूर्तिमा नभएबाट थाहा हुन्छ ।

साधारण आसनमा दुवै खुट्टा तल झारेर प्रलम्बपाद अवस्थामा मूर्ति बसेको देखाइएको छ । बसाइको यो ढाँचा प्रारम्भिक कालका मातृकाका मूर्तिहरूमा पनि प्रसिद्ध रहिआएको पाइन्छ । सुडौल हात-पाखुरा तथा बलियो शरीरको गठन स्पष्ट रूपले देखिन्छ । यस मूर्तिको आसनीको बनोट अरू मूर्तिहरूमा भन्दा भिन्न किसिमको छ । आसनीको तल्लो भाग सिँढीजस्तो बनाई खुट्टा राख्ने पाउदानीको रूपमा प्रयोग गरिएको छ । मूर्तिको माथिल्लो भागमा कुनै लुगा लगाएको छैन । तल्लो भागमा भने धोती लगाएको छ । तर त्यो धोती मिहिन र पारदर्शक नभई मोटो र भद्दा प्रकारको छ । धोतीको फेर दुवै खुट्टामा घुँडामुन्तिरसम्म आएको छ । घुँडामा आएको धोतीको फेरको किनारामा मोटा दुइ डोरा देखिन्छन् । नाभिमुन्तिरको जाँघ भागमा धोतीको मुजा सपक्क आसनीमा लत्रेको देखाइएको छ । त्यसभन्दा केहीमाथि मोटो डोरी जस्तै पारेको अर्धगोलाकार धोतीको भाग देखिन्छ जसबाट धोतीको मुजा तल खसालिएको छ । कसैले यसलाई पटुका भनी उल्लेख गरेका छन् ।[४८] पटुका पेटमा बाँधिएको हुन्छ यसरी खुकुलो पारी छोडिएको

---

४७ धनवज्र वज्राचार्य (सम्पा.), पूर्ववत्, पादटिप्पणी १ सङ्ख्या, १४१ पृष्ठ ।

४८ लैनसिंह बाङ्देल, पूर्ववत्, पादटिप्पणी २३ सङ्ख्या, ८३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन । साधा कटिबन्ध कम्मरमा देखिन्छ । दुवै खुट्टाको दायाँ-बायाँ धोतीको पछाडिबाट आएका भागहरू खसेको आसनीमा चित्रित गरिएको छ । विक्रमको छैटौं शताब्दीदेखिका मूर्तिहरूमा प्रयोग गरिएको धोती पारदर्शक, सामान्य र मिहिन ढङ्गले बनाइएको जहाँ पाइन्छ त्यसभन्दा अगाडिका मूर्तिहरूमा त्यो पाइँदैन । यो मूर्तिमा प्रारम्भिक कालका मूर्तिमा पाइने धोती एवं पहिरनको शैली र ढाँचा पाइन्छ ।

शरीर सुडौल र हृष्टपुष्ट छ । दुवै हात खुम्च्याइएर घुँडामा अडाइएको छ । दायाँपट्टिको उत्तानो पारिएको हातमा एउटा डल्लो बीज समाएको छ भने बायाँतर्फको घोप्टाइएको हातमा कमलको कोपिला लिएको छ । नाडीमा लगाएका चुराहरू मातृकामूर्तिहरूमा जस्तै मोटा छन् । घाँटीमा एकसरो बुट्टे माला पहिरेको छ । कानमा कुण्डल लगाएको छ । बाटुलो मुहार केही स्मित हाँसोमा देखिन्छ । केशविन्यास अरू मूर्तिहरूमा भन्दा फरक छ । कपाल घुँगुरिएको भए तापनि विरूपाक्ष वा गरुडका मूर्तिहरूमा देखिने भन्दा फरक छ । कपाल कानभन्दा मुन्तिरसम्म लर्केको छ । पेटमा नाभिको प्वाल केही ठूलो तर स्वाभाविक रूपको छ । टाउकोपछाडि गोलाकार प्रभामण्डलमा मोटा धर्सायुक्त किरणका प्रतीक छन् ।

यो मूर्तिको पहिचानको सम्बन्धमा निकै विवाद छ । यस मूर्तिको चर्चा गर्दै प्रतापादित्य पालले एक ठाउँमा राजपुरुषको मूर्ति होला भनेका छन्[४९] भने अर्को ठाउँमा सूर्यको मूर्ति हो भनी उल्लेख गरेका छन् ।[५०] लैनसिंह बाङ्देलले सूर्यको मूर्ति मानेका छन् ।[५१] नारी मूर्ति भएको भए यसलाई आयुधहरूको आधारमा लक्ष्मीको मूर्ति मान्नु पर्थ्यो । किनभने हातमा लिएको आयुधहरू मत्स्यपुराणमा उल्लेख गरिएको लक्ष्मीको जस्तै छ । तर नारी मूर्तिमा स्पष्ट देखिने स्तन यस मूर्तिमा नभएकोले यो मूर्ति पुरुष मूर्ति नै हो भन्ने निश्चित छ ।

यस मूर्तिको पछाडि असामान्य किसिमका धर्सायुक्त प्रभामण्डलको प्रयोग भएबाट त्यसको कुनै सङ्केत छ कि भन्ने अनुमान हुन्छ । यस्तो प्रभामण्डल नेपालमा प्राप्त अन्य मूर्तिहरूमा पाइएको छैन । सूर्यको किरण जस्तै आभास दिने धर्सायुक्त गोल चक्काको रूप प्राचीन टकहरूमा पाइन्छ । त्यसले सूर्यको सङ्केत गर्ने गरेको छ । यद्यपि देव-देवीका मूर्तिहरूमा विभिन्न किसिमका प्रभामण्डल दिने चलन पुरानो हो । त्यसो भए तापनि आर्यघाटस्थित यो मूर्तिमा असाधारण किसिमको प्रभामण्डल हुनुका साथै त्यसको आकार गोलाकारसमेत भएकोले यो मूर्ति सूर्यकै हो भन्ने देखिन्छ । सूर्यको वैदिककालिक एउटा नाम 'अर्यमा' पनि हो । त्यही अर्यमालाई कालान्तरमा जनजीब्रोले आयदिवी भन्न थालेको हुनु धेरै सम्भव छ । यस मूर्तिको अभिव्यक्ति ढाँचा र शैलीले मातृकामूर्तिहरूसँग सामञ्जस्य राख्दछ । अझ बसाइ र हातका ढाँचा त ठ्याम्मै मातृकाका मूर्तिहरू हेरी हेर्नु पर्दैन । यी सबै कुराहरूलाई विचार गर्दा यो मूर्तिको निर्माण विक्रमको दोस्रो-तेस्रो शताब्दीतिर भएको हुन सक्ने देखिन्छ । प्रतापादित्य पाल तथा लैनसिंह बाङ्देलले यो मूर्तिलाई ईस्वीको चारौं शताब्दीको मान्नुभएको छ ।

पशुपतिक्षेत्रमा रहेको उल्लेख्य सूर्यमूर्तिहरूको क्रममा हाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राजपुरुषको नाउँबाट परिचय गराइएको मूर्तिको चर्चा गर्नु आवश्यक छ (चित्रसङ्ख्या ९४) । यो मूर्तिलाई कसै-कसैले किरात राजा यलम्बरको मूर्ति हो भन्ने गरेको पनि पाइन्छ । तर त्यसको कुनै आधार नभएकोले त्यो भनाइ विश्वास योग्य छैन । राष्ट्रिय सङ्ग्रहालयमा रहेको यो मूर्ति पहिले योगी नरहरिनाथले फेला पार्नुभएको हो ।[५२] वि.सं. २०२१ सालमा

---

४९ Pratapaditya Pal, *op.cit.*, foot note no. 10, fig. 64

५० P.Pal and D.C. Bhattacharya, *The Astranal Divinities of Nepal,* (Vanaras: Prithivi Prakasana, 1969 A.D.), p. 10.

५१ लैनसिंह बाङ्देल, *पूर्ववत्*, पादटिप्पणी १७ सङ्ख्या, ८४ पृष्ठ ।

५२ *ऐजन*, ८१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वप्रथम स्टेला क्रामरीशले यो मूर्तिको तस्वीर छपाई परिचय गराएकी थिइन् ।[५३] तर यो मूर्तिको पहिचान र कालनिर्धारण सबैको आ-आफ्नै किसिमको रहिआएको छ । स्टेला क्रामरीशले यसलाई एउटा राजाको मूर्ति भनी उल्लेख गरी ईस्वीको पाँचौं शताब्दीको समय दिएकी थिइन् ।[५४] एन. आर. बेनर्जीले यसलाई 'किरात राजा' भनी ईस्वीको तेस्रो शताब्दीको समय दिएका छन् ।[५५] मदनजित् सिंहले राजपुरुषको मूर्ति भनी ईस्वीको चौथौ शताब्दीको समय दिएका छन् ।[५६] त्यस्तै वाल्डस्मिड्टले यसलाई 'एउटा राजकुमार वा देवताको सालिक' भनी दोधारे विचार दिई त्यसको समय ईस्वीको चार-पाँच शताब्दीको मानेका छन् ।[५७] प्रतापादित्य पालले एक ठाउँमा प्रश्न चिह्न दिएर राजपुरुषको मूर्ति भनेका छन्[५८] भने अर्को ठाउँमा सूर्यको मूर्ति भनी व्याख्या गरेका छन् ।[५९] राजपुरुषको मूर्ति भन्दा उनले ईस्वीको चारौं शताब्दीको हुनुपर्ने चर्चा गरेका छन् भने सूर्यको मूर्ति भनी उल्लेख गर्दाचाहिँ पाँचौं शताब्दीको काल निर्धारण गरेका छन् । यसरी यो मूर्तिको सम्बन्धमा स्थिर विचार पाइँदैन ।

जहाँसम्म कुनै राजपुरुषको मूर्ति हो कि भन्ने कुरा छ यो मूर्तिमा कुनै पनि राजकीय चिह्न देखिँदैन । साधारण धोती लगाएका तथा गहनासम्म पनि नलगाएको यो मूर्ति कुनै व्यक्ति वा राजाविशेषको हुन सक्ने देखिँदैन । देव प्रतिमामा ज्यादातर पाइने तीन चोसे मुकुट तथा प्रभामण्डल यो मूर्तिमा पाइने हुँदा देवताविशेषकै मूर्ति हुनुपर्ने देखिन्छ ।

समभङ्ग अवस्थामा उभिएको यो मूर्तिको घुँडाभन्दा मुन्तिरको भाग फुटेकोले अहिले छैन । हृष्टपुष्ट शरीर, फराकिलो छाती स्वाभाविक किसिमको छ । मुहार बाटुलो छ, केही स्मित हाँसोको आभास सो मूर्तिमा पाइन्छ । कानमा भएको कुण्डल विरूपाक्षको मूर्तिसँग हुबहु मिल्दछ । दुवै हात केही फिँजिएका छन् । दाहिने हातको हत्केला केही खुम्च्याइएको अवस्थामा अभयमुद्रामा छ । बायाँ हातले धोतीको फेरलाई समाएको कट्यावलम्बित अवस्थामा छ । दुवै नाडीमा प्रारम्भिक कालका मूर्तिमा देखिने किसिमका एकसरो मोटो कङ्कण छ । प्रतापादित्य पालले यस मूर्तिको दायाँ हातमा बीजपूरक अथवा फल जस्तो केही गोलो वस्तु छ भनेका छन् ।[६०] तर नियालेर हेरेमा त्यस्तो केही वस्तु देखिँदैन । औंलाहरू खुम्च्याइएकोले केही समाएको जस्तो भान परेको हो । यस मूर्तिमा भएको कटिबन्ध बाक्लो र सिँधा धर्सोयुक्त छ । यो अनौठो प्रयोग हो जुन अरू मूर्तिमा पाइँदैन । अरू मूर्तिमा झैँ माथिल्लो शरीरमा वस्त्र छैन तल्लो शरीरमा भने मिहिन पारदर्शक धोतीको प्रयोग गरेको पाइन्छ । अर्धवर्तुलाकार ढङ्गले खसेको धोतीको फेर झण्डै घुँडा-घुँडासम्म देखाइएको आकर्षक छ । यस मूर्तिमा जनैको प्रयोग छैन । मुखको बनोट किरात ढाँचाको भएको स्पष्ट देखिन्छ । यसबाट स्थानीय परम्परा वा शैलीको झझल्को पाइन्छ । हातको खुम्च्याइ विरूपाक्षलगायत प्रारम्भिक कालका मातृकाका मूर्तिहरू झैँ खुम्चिएको पाइन्छ । यो मूर्ति माथि चर्चा गरिएको आर्यघाटको सूर्यमूर्तिभन्दा केही विकसित देखिन्छ । यस मूर्तिको शैली, ढाँचा, बनोट र अभिव्यक्तिलाई हेर्दा विरूपाक्ष तथा उपर्युक्त सूर्यमूर्तिभन्दा केही

---

५३ Stella Kramrisch, *The Art of Nepal,* (New York: Asia Society, 1964 A.D.), fig 1.

५४ *Ibid.*

५५ N.R. Banerjee. *An Introduction to Nepalese Art,* (Kathmandu: Department of Archaeology, 1996 A.D.), fig 10.

५६ Madanjit Singh, *Himalayan Art,* (Londan: Macmillan, 1968 A.D.), p. 167.

५७ Ernast Waldschmidt, Rose Waldschmidt, *Nepal: Art Treasures from the Himalayas,* (Calcutta: Oxford and IBH Publishing Co., 1969 A.D.), fig 1.

५८ Pratapaditya Pal, *op.cit.*, foot note no. 10, fig 62.

५९ P.Pal and D.C. Bhattacharya, *op.cit.*, foot note no. 48, fig 1.

६० *Ibid.*, p. 45.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि निर्माण भएको हुनुपर्छ । प्राचीन परम्पराबाट अर्को नवीन परम्पराको शुरुवात हुन लागेताका यसको निर्माण भएको देखाउने सङ्केत सो मूर्तिमा पाइन्छ । यसरी हेर्दा यसलाई विक्रमको चारौँ-पाँचौँ शताब्दीको समय दिन सकिन्छ ।

टाउकोपछाडि रहेको सादा गोलाकार प्रभामण्डलले सूर्यमूर्तिको झझल्को दिन्छ । यद्यपि यसका आयुधहरू सूर्यसँग सम्बद्ध राख्ने किसिमका छैनन् ।

अर्को एउटा सूर्यमूर्ति पशुपतिनाथमन्दिरको दक्षिण-पूर्व कुनामा छत्रचण्डेश्वर रहेको मण्डपको दक्षिणतर्फको भित्तामा रहेको छ । कालो प्रस्तरमा कुँदिएको यो मूर्ति आकर्षक र प्रभावोत्पादक छ । यस मूर्तिफलकमा बीचमा सूर्य तथा दायाँ-बायाँ दण्ड तथा पिङ्गल उभिएको अवस्थामा छन् । त्यहाँ दण्ड तथा पिङ्गल हात जोडेर उभिएका छन् । तीनै जना समभङ्ग अवस्थामा उभिएको नभई केही लच्केर उभिएका छन् । सूर्यले घुँडासम्म आउने जुत्ता लगाएका छन् । सो जुत्ता कुषाण राजाहरूमा प्रचलित किसिमको देखिन्छ । त्यस्तै दण्ड तथा पिङ्गलले लगाएका धोतीहरू पनि नेपाली मूर्तिकलामा त्यति चल्तिमा नआएका किसिमका छन् । उनीहरूले झण्डै जामा जस्तो गरी धोती लगाएका छन् । सूर्यको तीन चोसे मुकुट छ । मूर्तिमा सामान्य किसिमको बुट्टाविहीन पोशाक लगाएको देखाइएको छ । यस मूर्तिमा भएको शैलीगत विशेषताहरूलाई हेर्दा यसको निर्माण विक्रमको नवौँ-दशौँ शताब्दीतिर भएको हुनुपर्ने देखिन्छ ।

पशुपतिनाथमन्दिरको दक्षिणपट्टि कीर्तिमुखभैरवको पूर्वपट्टिको पर्खालमा दुइवटा सूर्यमूर्तिहरू रहेका छन् । लहरै खोपामा राखिएका मूर्तिहरूमध्ये सबभन्दा दायाँतर्फ राखिएको पहिलो तथा त्यसदेखि तेस्रो मूर्ति सूर्यका हुन् । भिन्न-भिन्न देवताहरू विभिन्न कालको त्यसरी लहरै खोपामा राखिएकोलाई हेर्दा तिनीहरू पहिले अन्यत्र स्थापित थिए होलान् भन्ने अनुमान हुन्छ ।

सबभन्दा दायाँतर्फको सूर्यमूर्ति २८ इञ्च अग्लो छ । बीचमा सूर्य तथा दायाँ-बायाँ दुइ प्रतिहारहरू सो मूर्तिफलकमा छन् । तिनीहरू दण्ड, पिङ्गल हुनुपर्छ । दायाँतर्फको परिचरको दायाँ हात छोपिएको छ । बायाँ हातको भने आयुध्र देखिँदैन । सूर्यको बायाँपट्टि रहेको प्रतिहारले दायाँ हातमा चमर समाएको देखिन्छ, बायाँ हात भने भाँचिएको छ । तीनै जना नाङ्गो खुट्टामा छन् । सूर्यको मूर्ति यद्यपि जुत्तासहित बनाउनुपर्ने विधान पाइन्छ, तर कति सूर्यमूर्तिहरू जुत्ताविहीन पाइन्छन् । फुस्रो प्रकारको ढुङ्गामा निर्मित मूर्ति हुनाले मुखाकृतिहरू खिइसकेका छन् । लैनसिंह बाङ्देलले यसलाई ईस्वीको आठौँ-नवौँ शताब्दीको मान्नुभएको छ ।[६१]

त्यहीँ रहेको दोस्रो सूर्यमूर्ति पहिलोभन्दा आकर्षक छ । यो मूर्ति २१.५ इञ्च अग्लो छ । यस मूर्तिमा पनि बीचमा सूर्य एवं दायाँ-बायाँ दण्ड, पिङ्गलका मूर्ति छन् । तीनै मूर्तिमा जामाजस्तो गरी धोती लगाएको छ । जामालाई कम्मरको दायाँ-बायाँ बाँधेका छन् । पेटमा कमरबन्ध बाँधेको छ । सूर्यको गलामा तीन तह भएको हार छ । कानमा पुष्पकुण्डल छ । तीन चोसे मुकुट शिरमा पहिरेका छन् । दुइ हातमा फक्रेको कमल समाएका छन् । सूर्य कमलासनमा उभिएका छन् । हृष्टपुष्ट, सुडौल शरीर देखाइएको यो सूर्यको मूर्ति जीवन्त छ । सूर्यमूर्तिको टाउकोपछाडि अग्निमय आभरणयुक्त छ । सूर्यले हातमा लिएको कमल अष्टदलयुक्त छ ।

बायाँतर्फको प्रतिहारले बायाँतर्फको हातमा खड्ग दायाँतर्फको हातमा कुनै डल्लो चिज समाएको देखिन्छ । उनी पनि कमलको आसनीमा उभिएका छन् । दायाँतर्फको प्रतिहारले दायाँतर्फको हातमा चमर तथा बायाँतर्फको हातमा डल्लो वस्तु समाएको छ । तल्लो शरीरमा लगाएको पोशाक सूर्यको जस्तै छ । सो फलकमा भएको दुवैवटा प्रतिहारहरूको मुकुट सूर्यको जस्तै तीनचोसे छन् तर सूर्यको भन्दा अलि भिन्न प्रकारका छन् । नाडीमा कङ्कण लगाएको छ ।

---

६१ लैनसिंह वाङ्देल, "सूर्यमूर्ति", *प्रज्ञा*, १ वर्ष, १ अङ्क, (वि.सं. २०२७), १८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पालिसयुक्त कालो प्रस्तरमा निर्मित यो मूर्तिको बनोट थपाहिटीको वि.सं. १०८७ तथा वि.सं. ११३७ को सौगलटोलको सूर्यको मूर्तिभन्दा उच्च कोटीको हुँदा निश्चित रूपमा तिथिमितिसहितका यी दुइ मूर्तिहरूभन्दा केही अगाडिका हुन् भन्ने देखिन्छ । सम्भवत: पशुपतिको माथि उल्लिखित सूर्यमूर्ति विक्रमको दशौं-एघारौं शताब्दीको हुनुपर्छ । लैनसिंह बाङ्देलले यसलाई ईस्वीको सातौं-आठौं शताब्दीको मान्नुभएको छ । यस मूर्तिमा बाङ्देलले दण्ड तथा पिङ्गल छैन भन्नुभएको छ तर मूर्तिको दायाँ-बायाँ दण्ड तथा पिङ्गल पनि उभिएको रूपमा छन् ।[६२]

मण्डलाकार रूपमा निर्मित सूर्यमूर्तिहरू पनि पशुपतिक्षेत्रमा केही छन् । तिनमध्ये भुवनेश्वरीमन्दिरको पूर्वपट्टि ढुङ्गेधारामा पूर्वाभिमुख भएर रहेको सूर्यमूर्ति (चित्रसङ्ख्या ९५) एउटा हो । उदीच्यवेषमा नीलकमल लिएका सूर्यको अगाडि रथ हाँकिरहेका अरुण छन् । दायाँ-बायाँ ताँदो तानिरहेका उषा, प्रत्यूषा, नाग-नागिनी, छाया, संज्ञा, एवं ऋषिहरू देखिन्छन् । सप्ताश्वको दाहिनेतिर केतु र देब्रेतिर राहु रथको पाङ्ग्रा समातिरहेका देखिन्छन् । प्रस्तरको सानो फलकमा कतै ठाउँ खाली नराखीकन विभिन्न मूर्तिहरू यथास्थान राखी जसरी मूर्तिको निर्माण भएको छ, त्यसले कलाकारको उत्कृष्ट शीपलाई झल्काउँछ । प्रस्तरको छनोट राम्रो हुन नसकी फुस्रो किसिमको भएकोले मूर्ति जति आकर्षक बन्न सक्थ्यो त्यति बन्न सकेको छैन । बाह्रौं-तेह्रौं शताब्दीतिर प्रचलित 'शिवभास्कर' मूर्तिको शैलीसँग सामञ्जस्य राख्ने यो मूर्ति पनि त्यसैताक निर्माण भएको हुनुपर्छ । तर लैनसिंह बाङ्देलले यो मूर्तिलाई ईस्वीको आठौं-नवौं शताब्दीको मान्नुभएको छ ।[६३] उहाँले बताउनु भए जस्तो यो मूर्ति त्यति अगाडिको हुन सक्तैन । वास्तवमा ईस्वीको आठौं-नवौं शताब्दीका मूर्तिहरूमा देखिने गुण यसमा पाइँदैन ।

यस्तै अर्को गोलाकार रूपमा उत्कीर्ण भएको सूर्यमूर्ति पशुपतिप्राङ्गणस्थित जलशयननारायणमूर्तिको पश्चिमपट्टि एउटा गुम्बज शैलीको मन्दिरमा रहेको छ । यस मूर्तिमा सूर्य अरुणद्वारा हाँकिएको सातघोडे रथमा उभिएको अवस्थामा छन् । दायाँ-बायाँ उषा, प्रत्यूषा ताँदो चलाइरहेका छन् । यो मूर्ति भुवनेश्वरीधाराको सूर्यमूर्तिभन्दा केही ठूलो छ । रस्सीको प्रतीक घोडाहरू ज्यादै स्वाभाविक देखिन्छन् । मूर्ति कालो प्रस्तरमा बनेको छ । घोडाको नाथ्रीमा बाँधिएको लगामसमेत यतिको स्वाभाविक देखिन्छ कि मूर्ति हेर्दा साँच्चिकै अरुणले रथ हाँकिरहेको जस्तो भान पर्दछ । सूर्यमूर्तिको दायाँ-बायाँ दण्ड, पिङ्गलले चमर हम्किरहेको देखाइएको छ । यस सूर्यमूर्तिको ठीक टाउकोमाथि शिवलिङ्ग रहेको छ । यस्तै किसिमको एउटा सूर्यको मूर्ति पनौतीमा पनि रहेको छ । पनौतीको सूर्यमूर्तिको वरिपरी नवग्रहका प्रतीकस्वरूप सूर्यबाहेक अरू आठ ग्रहको मानवाकार मूर्ति रहेको छ । यसमा चाहिँ त्यो छैन । मूर्तिको बनोट र शैलीलाई हेर्दा पशुपतिस्थित सूर्यको मूर्ति सोह्रौं-सत्रौं शताब्दीताकाको अनुमान हुन्छ । वि.सं १९०१ को लालमोहरमा यो सूर्यको मूर्तिको पूजा गर्ने व्यवस्थाको कुरा परेको छ ।

विक्रमको सातौं-आठौं शताब्दीताका निर्माण भएको हुन सक्ने एक्लै उभिएका सूर्यमूर्तिहरू पशुपतिभेगमा केही छन् । तिनीहरूमा भकुनटोलको सडकमा रहेको गणेशस्थान सँगैको सूर्यमूर्ति (चित्रसङ्ख्या ९६), लुँहिटीको पूर्व भित्तामा पश्चिमाभिमुख भएर रहेको सूर्यमूर्ति (चित्रसङ्ख्या ९७), बालकुमारीमन्दिरभित्र रहेको सूर्य (चित्रसङ्ख्या ९८) मूर्तिहरूलाई देखाउन सकिन्छ । ती सबै सूर्यमूर्तिहरू उभिएको अवस्थामा छन् । दुवै हातमा फक्रेको कमल समाएर उभिएका ती सूर्यमूर्ति त्यति अग्ला छैनन् । मतमण्डिलटोलको सूर्यमूर्तिको दायाँ-बायाँ दण्ड, पिङ्गल उभिएका छन् (चित्रसङ्ख्या ९९) । बालकुमारीस्थानमा रहेको सूर्यमूर्ति ज्यादै भग्न छ । उभिएको अवस्थामा रहेको सो सूर्यमूर्तिले दायाँ हातमा फक्रेको कमल समाएको देखाइएको छ ।

---

६२ ऐजन ।

६३ ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लुँहिटीमा रहेको सूर्यमूर्ति यद्यपि चारकुने प्रस्तरफलकमा निर्मित छ, तर यो गोलाकार प्रस्तरफलकमा निर्मित सूर्यमूर्तिबाट धेरै प्रभावित छ । अरुणद्वारा हाँकिएको सात घोडे रथमा सूर्य आसीन छन् । घामपानीले गर्दा मूर्ति बिग्रेर जाँदैछ । चौधौँ-पन्ध्रौँ शताब्दीताकाको यो मूर्ति कलाकारिताको दृष्टिकोणले त्यति आकर्षक नभए पनि उल्लेख्यचाहिँ निश्चित छ (चित्रसङ्ख्या १००) ।

१२.६ बुद्धमूर्तिहरू

यहाँ बुद्धका विभिन्न महत्त्वपूर्ण मूर्तिहरू छन् । बुद्धका मूर्तिहरूको प्राप्तिले यस क्षेत्रको वैशिष्ट्यको बारेमा बोध गर्न सकिन्छ । बुद्धका मूर्तिहरूमा यहाँ मुख्य शाक्यमुनि बुद्ध, पद्मपाणि बोधिसत्त्वका बसेको तथा उठेका मूर्तिहरू पाइन्छन् । तिनीहरूमा केही प्रमुख बौद्ध मूर्तिहरूको चर्चा यहाँ गरिन्छ ।

राजराजेश्वरीघाटमा रहेको घुँडाभन्दा मुन्तिर गाडिएर रहेको बुद्धको मूर्ति नेपालको अत्यन्त राम्रा मूर्तिहरू मध्येको एक हो (चित्रसङ्ख्या १०१) । बुद्धको शान्त अवस्थामा चित्रित गरिएको यो मूर्ति भव्य र आकर्षक छ । कुनै पनि कला पारखीले यो मूर्तिको प्रशंसा नगरी रहन सक्तैन । पूर्णकदमा रहेको यो मूर्ति झण्डै घुँडासम्म गाडिएको अवस्थामा छ । असरल्ल मिल्किएकोले यो मूर्ति भग्न भइसकेको छ । दाहिने हातको पाखुराभन्दा मुन्तिर भाँचिइसकेको छ । त्यसैले त्यो हातको मुद्रा थाहा हुन सक्तैन । तर बुद्धको यस किसिमको शैलीको मूर्तिमा दाहिने हात वरदमुद्रामा हुने भएकोले सम्भवत: यसमा पनि वरदमुद्रा नै हुनुपर्थ्यो । बायाँ हातले कुमबाट झरेको चीवरको फेर समातेको छ । सुडौल र हृष्टपुष्ट शरीर आकर्षक छ । पारदर्शक चीवरको प्रयोग कलाकारले यसरी गरिदिएका छन् कि शरीरको एक-एक अङ्ग मर्यादित रूपमा देखाइएको छ । एकसरो कटिबन्ध लगाएको देखाइएको छ । शरीरको तालमान मिलेकोले मूर्ति हेरिरहूँ लाग्ने किसिमको छ । पुष्ट छातीमा स्वाभाविक पोटिला दूध्रको मुन्टासमेत आकर्षक ढङ्गले देखाउन कलाकार सफल भएका छन् ।

अनुहार अत्यन्त सौम्य र शान्त रूपमा उत्कीर्ण गरिएको छ । बाटुलो अनुहार, हिस्सी परेको मुहार एवं मिलेको अङ्ग–प्रत्यङ्गले गर्दा साँच्चिकै प्रभावोत्पादक छ । प्रस्तरफलकलाई पृष्ठभूमिमा उपयुक्त ढङ्गले राखी वरिपरि आभरण दिइएको छ । टाउकोपछाडि ज्वालावली दिइएको छ । खुला ठाउँमा रहेको यो मूर्ति घामपानीले गर्दा दिनानुदिन सौन्दर्यविहीन बन्दो छ । प्रतापादित्य पालले यो मूर्तिलाई ईस्वीको एघारौँ शताब्दीका मानेका छन् ।[६४] तर यो मूर्ति त्यति पछिको होइन । जुन वेला उनले यो मूर्ति देखेका थिए त्यस वेला फोहर र झाडीको बीचमा रहेको मूर्तिभरि झ्याउ उम्रिरहेको थियो त्यसैले उनले यसलाई पछिल्लो कालको समय दिएको हुनुपर्छ । यो मूर्तिमा निहित विशेषताहरूलाई हेर्दा विक्रमको छैटौँ-सातौँ शताब्दीभन्दा पछि यस्तो भव्य र आकर्षक मूर्ति बन्यो होला भन्न गाह्रो छ ।

पाँचौ-छैटौँ शताब्दीको हुनसक्ने बुद्धको एउटा सुन्दर मूर्ति चाबहिलमा थियो (चित्रसङ्ख्या १०२), त्यो केही वर्षअगाडि चोरिइसक्यो । त्यसो भए तापनि त्यसको चर्चा गर्नुपरेको छ । हुनत त्यो मूर्तिको दायाँ-बायाँका हातका खण्डहरू पूर्णरूपेण भग्न अवस्थामा थियो । तर अरू अङ्गहरू भने सबुद अवस्थामा नै थियो । तालमान मिलेको पुष्ट शरीर, हिस्सी परेको मुहार, उच्च कलाकारिताले गर्दा सो मूर्ति आकर्षक थियो । कटिबन्ध बाँध्दा हुने स्वाभाविक डोबलाई जसरी देखाइएको छ, त्यसले मूर्तिको भव्यतालाई बढाएको थियो । सौम्य र शान्त मुहार यसको विशेष आकर्षण थियो । दुवै हात भग्न भएकोले हातको अवस्था बताउन गाह्रो छ । बाङ्गेमुढाको बुद्धको मूर्तिसँग यो तुलनीय थियो । चाबहिलको यो बुद्धमूर्ति तथा बाङ्गेमुढा (चित्रसङ्ख्या १०३) एवं कुम्भेश्वरस्थित चैत्यको (चित्रसङ्ख्या १०४) बुद्धको मुहार झण्डै एकै ढङ्गका हुनाले कतै एउटै कलाकारले निर्माण गरेको त होइन भन्ने भान पर्न जान्छ ।

Pratapaditya Pal, *op.cit.*, foot note no 10, fig 176.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रमा रहेका बुद्धका मूर्तिहरूमा चाविहार नामको विहारभित्र रहेको बुद्धको मूर्ति पनि उल्लेख्य छ। प्रस्तरस्तम्भको चारैतिर बुद्धको आकृतिहरू पूर्णकदमा कुँदिएको छ (चित्रसङ्ख्या १६१)। सरल ढङ्गबाट कलाकारले मूर्ति बनाउन सफलता पाएका छन्।

षट्कोण प्रस्तरलाई आसनी बनाई त्यसको बीचमा चौकोर स्तम्भ खडा छ। सोही चौकोरको चारैतिर षट्कोण-युक्त आसनीमाथि बुद्धका उभिएका मूर्तिहरू छन्। चारै मूर्तिहरू आलीढासन अवस्थामा उभिएका छन्। मूर्तिको शरीर हृष्टपुष्ट भए तापनि अङ्ग-प्रत्यङ्ग राजराजेश्वरीघाटको बुद्धको मूर्ति जस्तो तालमान मिलेको छैन। सुडौल खुट्टा एवं शरीर त मिलेको छ तर हात भने सुडौल बन्न सकेको छैन। पारदर्शक चीवर अलि भद्दा किसिमको छ। दाहिने हात वरदमुद्रामा छ। देब्रे हातले कुमको चीवरको फेरलाई समातेको रूपमा देखाइएको छ। कम्मरमा कटिबन्ध छ। गलामा सादा माला देखिन्छ। मुहारको दाँजोमा कपालको प्रतीकात्मक बुट्टा अलि ठूलो हुँदा नसुहाउँदो देखिन्छ। मुहारको पछाडि केही गोलो सादा आभरण छ। यस किसिमको सादा आभरण अन्य मूर्तिहरूमा कमै देखिएको छ।

यो मूर्ति एउटै ढुङ्गामा निर्माण गरिएको छ। वैदिक देव-देवीहरूमा चतुर्नारायण, शिवलिङ्ग आदिको निर्माण झण्डै यही ढङ्गबाट गरिएको पाइने तथा तिनीहरू पुरानासमेत देखिँदा त्यसैबाट प्रभावित भई यो शैलीमा बुद्धमूर्तिहरू निर्माण भएको पाइन्छ। नागबहाल (चित्रसङ्ख्या १६४), ठमबहिल (चित्रसङ्ख्या १६५) आदिमा यस्तै मूर्ति पाइन्छन्। यो मूर्तिमा निहित शैलीलाई हेर्दा चौधौँ-पन्ध्रौँ शताब्दीतिर निर्माण भएको देखिन्छ।

धन्दोचैत्यको पद्मपाणि बोधिसत्त्वसँग केही सामञ्जस्य राख्ने पद्मपाणि बोधिसत्त्वको मूर्ति गोरखनाथक्षेत्रमा रहेको छ (चित्रसङ्ख्या १०५)। सुडौल तर पातलो गाँठको यो मूर्तिको मुखाकृति खुला ठाउँमा रहेकोले घामपानीले खिइसकेको छ। कमलासनमाथि प्रत्यालीढ अवस्थामा उभिएको बोधिसत्त्वको यो मूर्तिको माथिल्लो शरीर नाङ्गो छ भने तल्लो शरीरमा धोती लगाएको छ। कानमा कुण्डल, गलामा हार, केयूर तथा कङ्कण गहनाको रूपमा प्रयोग गरिएको छ। दाहिने हात वरदमुद्रा तथा देब्रे हातमा डाँठसहितको पद्म समातेको देखिन्छ। वरद हात अडेस लागेको भाग लहरादार बुट्टासहितको छ। धोतीको फेर एकसरो पट्टाको रूपमा तिघ्रालाई घुमेर गएको देखाइएको छ। यज्ञोपवीत घुँडासम्म लत्रेको स्पष्ट देखिन्छ। धोतीलाई बुट्टेदार उदरबन्धले अड्याएको शोभायुक्त छ। विक्रमको सातौँ-आठौँ शताब्दीको हुन सक्ने यो मूर्तिको पृष्ठभागको प्रस्तरफलकमा सामान्य बुट्टाको ज्वालावली छ। कमलासनको मुन्तिर चारकुने जलहरी छ। तर त्यहाँ कुनै लेख छैन।

पद्मपाणि बोधिसत्त्वको मूर्तिहरूमा चाबहिल धन्दोचैत्यको दक्षिणमा रहेको मूर्ति यस सन्दर्भमा उल्लेख्य छ (चित्रसङ्ख्या १०७)। ढोकाबहालको पद्मपाणि (चित्रसङ्ख्या १०६) भन्दा यो मूर्ति दुब्लोपातलो स्वरूपमा निर्माण गरिएको छ। गोरखनाथक्षेत्रमा रहेको पद्मपाणिको (चित्रसङ्ख्या १०५) आकृति र यसमा धेरै समता पाइन्छ। यसमा पद्मपाणि बोधिसत्त्व कमलपुष्पको पादपीठमा उभिएका छन्। दाहिने खुट्टा केही लच्काई आलीढासनमा उभिएका छन्। असुरक्षित अवस्थामा खुला ठाउँमा रहेकोले मूर्ति कालगतिले गर्दा भग्न भइसकेको छ। मुखाकृति नै विरूप हुने गरी भग्न भएको छ। दुब्लोपातलो आकृतिमा भए तापनि सुहाउँदो रूपमा छ। अरू पद्मपाणिमा झैँ यसको पृष्ठभूमिमा पनि मूर्तिलाई ढाक्ने कलात्मक प्रस्तरफलक छ। खुट्टाको दायाँ-बायाँ अलग-अलग आसनीमा बोधिसत्त्वपट्टि फर्केर हात जोडेको भक्तका मूर्ति उत्कीर्ण गरिएको छ। दुवै अञ्जलिमुद्रामा छन्। बोधिसत्त्वको माथिल्लो शरीर अरूमा झैँ नाङ्गो छ, तल्लो शरीरमा भने धोती लगाएको छ। धोतीलाई कटिबन्ध बाँधेर लगाएको छ। जाँघको बीचबाट धोतीको फेर मुजामुजा परेर खसेको आकर्षक छ। त्यस्तै गरी पछाडिपट्टि धोतीको सप्को खसेको देखाउन कलात्मक ढङ्गले उत्कीर्ण गरिएको छ। कटिबन्ध तीन तहवाला र बुट्टे छ। यसको शैली तात्कालिक अरू वैदिक मूर्तिहरूसँग पनि मिल्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोधिसत्त्वको गलामा एकसरो हार छ । कानमा फूलबुट्टे कुण्डल देखिन्छ । हातमा केयूर, कङ्कण छन् । दाहिने हात वरदमुद्रामा छ भने देब्रे हातले पूर्ण फक्रेको कमल समाएका छन् । सो देब्रे हात तिघ्रामा केही अडेस लागेको गरी बनाइएको छ । मूर्तिको बाहिरी पृष्ठभूमिमा वरिपरि फूलबुट्टे ज्वालावली बनाइएको छ । बोधिसत्त्वको तीन चोसे मुकुटको बीचमा अमिताभको लघु मूर्ति चित्रित गरिएको छ । यसको शैलीलाई हेर्दा बाह्रौं शताब्दीको सौगलटोल (चित्रसङ्ख्या १०९) र थपाहिटीका (चित्रसङ्ख्या १०८) तिथिमितिसहितका सूर्यका मूर्तिहरूभन्दा निश्चित रूपमा पुराना हुन् ।

चाबहिलको यो बोधिसत्त्वको मूर्ति विक्रमको आठौं-नवौं शताब्दीको देखिन्छ । आजकल यसको महत्त्व नै नामेट हुने गरी सिँगार्ने नाममा रातोपहेँलो इनामेल लगाई विरूप पारिदिएको पाइन्छ । यङ्गुबहाल (चित्रसङ्ख्या ११०), काठेसिम्भू (चित्रसङ्ख्या १११) र चाबहिलको यो बोधिसत्त्वको विषयवस्तु उही छ तर शैली हेर्दा तिनीहरूमध्ये चाबहिलको अझै केही पुरानो देखिन्छ, लगनको भन्दा चाहिँ केही पछिको हो । लगनको बोधिसत्त्वलाई सातौं शताब्दीतिरको समय दिन सकिन्छ (चित्रसङ्ख्या ११२) ।

गोरखनाथभेगमा अरू दुइवटा बुद्धका मूर्ति रहेका छन् । ती मूर्तिहरू (चित्रसङ्ख्या १६७, १६८) बाट गोरखनाथक्षेत्र पहिले बौद्धमार्गीहरूको साधनास्थलको रूपमा पनि रहेको अवगत हुन्छ । यहाँ भएको पद्मपाणि बोधिसत्त्व (चित्रसङ्ख्या १०५) र प्रस्तरचैत्य (चित्रसङ्ख्या १६६) ले त्यसैको सङ्केत गर्दछ ।

बुद्धको मूर्तिको क्रममा लघु आकारको एउटा बुद्धको मूर्ति चाबहिलस्थित चन्द्रविनायकमन्दिरको उत्तरपट्टि बाहिर रहेको खोपामा रहेको छ । यो मूर्ति ज्यादै भग्न छ । टाउको छैन, खुट्टाको पैतालाको भाग छैन । पारदर्शक धोती सपक्क पारेर लगाएको रूपमा बनाइएको यो मूर्ति सानो भईकन पनि आकर्षक छ । पाँचौं-छैटौं शताब्दीताका निर्माण भएको हुनुपर्ने यो बुद्धको मूर्ति (चित्रसङ्ख्या १६९) सँगै मातृकाको भग्न मूर्ति (चित्रसङ्ख्या १७०) र बुद्धको ज्यादै भग्न अर्को मूर्ति रहेको छ । यद्यपि यी मूर्तिहरू मिलाएर तीनवटा पादपीठ भएको मूर्तिकै पादपीठमा राखिएको छ । तर पादपीठहरू यी मूर्तिसँग सम्बन्धित छैनन् । यी दुइ मूर्ति पनि भर्खरै चर्चा गरिएको बुद्धको मूर्तिको हाराहारीको हुनुपर्ने देखिन्छ ।

१२.७ विविध मूर्तिहरू

शिव, विष्णु, गणेश, सूर्य, देवी जस्ता स्पष्ट चिनिने मूर्तिहरूलाई सोही क्रममा माथि उल्लेख गरी त्यसबाहेकका मूर्तिहरूलाई विविध मूर्तिहरूको क्रममा यहाँ चर्चा गरिएको छ । पाञ्चायनबाहेकका अन्य कतिपय मूर्तिहरू यहाँ छन् । त्यस्ता मूर्तिहरूको बारेमा छोटकरी रूपमा यहाँ चर्चा गरिएको छ ।

१२.७.१ विरूपाक्ष

आर्यघाटको दायाँतर्फको किनारको एउटा सानो मन्दिरभित्र विरूपाक्ष वा कलि नामले चिनिने एउटा प्रभावोत्पादक मूर्ति रहेको छ (चित्रसङ्ख्या ११३) । त्यो मूर्ति रहेको मन्दिरभित्र त्यसबाहेक अरू पनि मूर्तिहरू रहेका छन् । तिनीहरूबारे यथास्थान चर्चा गरिने छ । यहाँ चर्चा गरिन लागेको मूर्तिको बारेमा बेग्ला-बेग्लै अनुश्रुतिहरूको अतिरिक्त आ-आफ्नै धारणाहरू पाइन्छन् । मुख्यत: सो मूर्तिको आधाभन्दा बढी भाग जमीनभित्र गडेको अवस्थामा रही हातका आयुधहरू तथा तल्लो भाग नदेखिएको हुँदा कला समीक्षकहरूले आ-आफ्नो विचार प्रतिपादन गर्न पाएका छन् ।

जमीनमाथि देखिने भाग नाङ्गै अवस्थामा छ । तेर्सो बुट्टे कटिबन्ध लगाएको यस मूर्तिमा पुरुषचिह्न ऊर्ध्व अवस्थामा देखाइएको छ । यो मूर्तिको केशविन्यास अनौठो प्रकारको छ । गरुडका मूर्तिहरूमा पनि यस्तो केशविन्यास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदेखिने होइन तर यसमा घुम्रेको नभई लाम्चो मोटो कपाल देखाइएको छ । यस मूर्तिको मुहार सौम्य र हँसिलो प्रकारको छ । फराकिलो छाती र पुष्ट शरीरको सन्तुलन मिलाइएकोले मूर्ति आकर्षक छ । मूर्तिको मुखाकृति नेपालमा प्राप्त अरू कुनै पनि मूर्तिसँग सामञ्जस्य राख्दैन । बाटुलो अनुहार, केही नेप्टिएको नाक, बाक्लो ओठ, बदामे आँखा, पुष्ट गालाहरूको संयोगले गर्दा यो मूर्ति आफ्नै किसिमको हुनाको साथै किरात मुहारलाई झलक्क सम्झाउँछ ।

शिरको दायाँतर्फ अर्धचन्द्राकार आकृति कपालमा देखिन्छ । त्यस्तै गरी निधारमा लाम्चो आकारको चिह्न देखिन्छ । त्रिनेत्रको रूपमा यसलाई लिन सकिन्छ । यस मूर्तिमा यज्ञोपवीत देखिँदैन । यो अनौठो प्रकार र शैलीमा निर्मित मूर्ति के को मूर्ति हो भन्ने बारेमा विवाद देखिन्छ । कसैले शिवको मूर्ति मानेका छन् ।[६५] कसैले सामन्तको मूर्ति मानेका छन् ।[६६] त्यस्तै कसैले नाग नेताको मूर्ति मानेका छन् ।[६७] कसैलेचाहिँ किरात राजा शङ्कुको मूर्ति मानेका छन् ।[६८]

यो मूर्तिलाई आर्यघाटमा नुहाउन आउने श्रद्धालु भक्तजनले अञ्जलिमा पानी चढाएर भक्तिभाव देखाउँछन् । भगवान् शिवका १०८ नामहरूमा विरूपाक्ष पनि एउटा हो । ऊर्ध्वलिङ्ग, कपालमा अर्धचन्द्राकार तथा त्रिनेत्र जस्तो आकार निधारमा रहनुबाट यो शिवकै मूर्ति हो भन्ने मत पनि प्रतिपादन भएको देखिन्छ ।

यो मूर्तिमा दुइ हातहरू तल झरेका छन् । ती हातहरूमा के-के छन् भन्ने कुरा अनुमानको भरमा भन्न सकिने स्थिति त छैन । तर वि.सं. २०२२ सालतिर किरात समुदायका एक जना वृद्धले खनेर यो मूर्तिलाई जमीनमाथि झिकेका थिए ।[६९] त्यस वेला सो मूर्तिको एउटा हातमा शिवलिङ्ग जस्तो देखिने वस्तु र अर्को हातमा अक्षमाला थियो भनी देख्नेहरू बताउँछन् । हरिराम जोशीले हातमा आयुधको बारेमा त्यही कुरा उल्लेख गर्नुभएको छ । तर स्रोत भने बताउनुभएको छैन । आयुधको आधारमा उहाँले त्यसलाई नाग नेताको मूर्ति मान्नुका साथै त्यसको स्थापना मानदेव प्रथमकी रानी भोगिनीले गरेकी हुन् भनी लेख्नुभएको छ ।[७०]

उहाँले *वाराहपुराण*मा पशुपतिनाथको दर्शन गर्नुअघि वासुकिनागको प्रदक्षिणा गर्नुपर्ने कुराको सन्दर्भमा वासुकि नभनी नागको रूपमा उल्लेख गरी त्यो नाग भनेको आर्यघाटको विरूपाक्ष नामले चिनिने मूर्तिलाई औंल्याउनुभएको छ । तर वासुकिको मूर्ति पशुपतिमन्दिरको उत्तर-पूर्वमा रहेको तथा सो मन्दिरको प्रदक्षिणा गर्ने सम्बन्धमा *वाराहपुराण*को अतिरिक्त *नेपालमाहात्म्य*, *पशुपतिपुराण* तथा *हिमवत्खण्ड* आदि ग्रन्थहरूमा चर्चा पाइने हुनाले जोशीजीले बताएजस्तो सो मूर्ति नागको हुन सक्ने देखिँदैन । अर्को कुरा सो मूर्तिमा नागवंशको या नागको मूर्ति हो भन्ने सङ्केत दिने कुनै पनि आधार छैन । नेपालमा जति पनि नागका मूर्ति पाइएका छन् तिनीहरू सर्पाकार गुजुल्टोमा बसेको तथा नागको फणायुक्त पाइएका छन् । चाहे ती एकल मूर्तिमा होस् चाहे अरूको साथ उत्कीर्ण मूर्तिमा होस् सो नागको मूर्ति हो भन्ने कुरा केवल कल्पना तथा भोगिनी नागवंशकी हुन् भनी देखाउन रचिएको एउटा गल्प मात्र हो । वास्तवमा भोगिनी न नाग वंशकी हुन् न सो मूर्ति नागको हो न भोगिनीले स्थापना नै गरेकी हुन् ।[७१]

---

६५ (क) Pratapaditya Pal, *op.cit.*, foot note no. 10, pp. 51-52.
(ख) लैनसिंह बाङ्देल, *पूर्ववत्*, पादटिप्पणी १७ सङ्ख्या, ९५ पृष्ठ ।

६६ Madanjit Singh, *op.cit.*, foot note no. 54, p. 181.

६७ Hariram Joshi, "Virupaksa", *Ancient Nepal*, No. 92-97 (Feb-Jan 1986-1987), pp. 1-4.

६८ डा. स्वामी प्रपन्नाचार्य (प्र. सम्पा.), *किरातेश्वर सन्देश*, २ वर्ष, २ अङ्क, (वि.सं. २०४३), १ पृष्ठ ।

६९ पशुपतिगोश्वाराका तात्कालिक प्रमुख श्रीबटुकृष्णले बताएको भनी स्थानीय देवपाटननिवासी श्रीपद्मप्रसाद भट्टले मलाई बताउनुभएको हो ।

७० Hariram Joshi, *op.cit.*, foot note no. 65, pp. 3-4.

७१ गोविन्द टण्डन, "मानदेवकी रानी भोगिनी: एक चर्चा", *गोरखापत्र*, ८६ वर्ष, १८ अङ्क, (वि.सं. २०४३), ५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि उल्लेख गरेको जस्तो हातमा आयुधहरू हुन् भने यो शिवकै मूर्ति हुनुपर्ने देखिन्छ ।[७२] शिवका सहस्रनाममध्ये विरूपाक्ष पनि एउटा पर्दछ । त्यसै गरी एघार रुद्रमा पनि 'विरूपाक्ष' पर्छन् ।[७३] यी सबै कुरालाई विचार गर्दा यो मूर्ति शिवमूर्ति नै हो भन्ने अनुमान हुन्छ । विरूपाक्ष नामका एक जना शिवभक्तको अनुश्रुति *हिमवत्खण्ड*मा पाइन्छ । त्यहाँ उल्लेख गएिको कथाअनुसार उनी अन्तर्वेदी शहरका निवासी र ब्राह्मणकुलमा उत्पन्न भएका थिए । पूर्वजन्मको कर्मले पापाचारी मातृगमन गर्ने व्यक्ति भए । त्यही पश्चात्तापले आफ्नो बन्धुवान्धव छोडेर निक्ले । पापले गर्दा उनलाई कुष्ठरोग लाग्यो र यताउता भौतारिन थाले । कौशिक नदीको किनारमा स्नान गर्न लाग्दा कुनै ऋषिलाई देखी उनले पाप निवृत्तिको उपाय बताउन आग्रह गर्दा पूर्वजन्मको संस्कारबाट भएका पापहरूबाट मुक्ति पाउन तीर्थयात्रा र शिवलिङ्गको दर्शन, स्पर्शन र आराधना गरे पापमोचन हुने कुरा बताएकोले सबै तीर्थस्थलहरूमा स्नान तथा पूजन गर्दै हिंडेको रूपमा बताइएको छ ।[७४] कलियुगको दोष विरूपाक्षमा भएकोले उनलाई 'कलि' नामले पनि सम्बोधन गरिन थालियो ।

विरूपाक्षको सो मूर्ति दिनानुदिन जमीनमाथि आउँछ र जब माथि आइपुगी बूढीऔंलाको टुप्पाले जमीनमा छुन्छ तब महाप्रलय भई कलियुगको समाप्ति हुन्छ भन्ने जनविश्वासअनुसार त्यस्तो महाप्रलय चाँडै नहोस् भन्ने कामनाले आर्यघाटमा आउने व्यक्तिहरू जसलाई यसबारेमा केही थाहा छ, उनीहरू अञ्जलिमा पानी लिई चढाउँछन् । परम्परागत रूपमा विरूपाक्षसम्बन्धी कथा जनजीवनमा व्याप्त भएकोले पछि *हिमवत्खण्ड*मा लिपिवद्ध भएको अनुमान हुन्छ ।

जहाँसम्म यो मूर्तिको निर्माणकालको कुरा छ, यस मूर्तिसँग समता राख्ने किसिमका मूर्तिहरू नभएकोले यसै भन्न गाह्रो छ । तर विरूपाक्षको कानमा भएको कुण्डल तथा कानको परिधान हाल राष्ट्रिय सङ्ग्रहालयमा भएको सूर्यको मूर्ति (चित्रसङ्ख्या ९४) भनी चिनाइएको मूर्तिको भन्दा पूर्वरूप लाग्दछ । प्रत्येक दिन हजारौं श्रद्धालुहरूले जलले स्नान गर्दा प्रस्तरपालिस लगाएको जस्तो भान पर्ने यो मूर्ति विक्रमको तेस्रो-चौथो शताब्दीतिरको हुन सक्ने देखिन्छ । राष्ट्रिय सङ्ग्रहालयको उपर्युक्त सूर्यमूर्ति विरूपाक्षको मूर्तिभन्दा विकसित देखिन्छ ।

१२.७.२ शङ्करनारायण

नेपालमा शङ्करनारायणको मूर्तिको प्रसिद्धि रहेको कुरा यहाँ यत्रतत्र पाइने शिव र विष्णुको संयुक्त रूपको मूर्तिबाट अवगत हुन्छ । यस क्रममा नेपालमा शङ्करनारायणमूर्तिको पहिलो उल्लेख संवत् ४८७ (वि.सं. ६२३) को देवपत्तन लगनलाछीस्थित शिलालेखमा आएको छ । लिच्छवि राजा गणदेवको समयमा यहाँको शङ्करनारायणको मूर्ति स्थापना गरिएको थियो । अहिले पनि यहाँ एउटा आकर्षक र सुन्दर शङ्करनारायणको मूर्ति रहेको छ । कसैले यसलाई गणदेव (वि.सं. ६१७–६२२ आ.) को समयमा बनेको मूर्ति मानेका छन् ।[७५] तर धेरैजसोले भने यसलाई लिच्छविकालको मूर्ति मानेका छैनन् । यो मूर्ति देवपत्तनमा महास्नानघरको पूर्वपट्टिको चोकमा श्रद्धालु भक्तजनहरूको उपासनाबाट वञ्चित भएर असुरक्षित र अपहेलित अवस्थामा रहेको छ । यो मूर्ति पौने ३१ इन्च अग्लो छ ।

---

७२ Govinda Tandan, "Comment on Michaels' Contribution", *Aspects of Nepalese Traditions*, (Proceeding of a Seminar held under the auspices of Tribhuvan University Research Division and the German Research Council), (1990 A.D.), p. 208.

७३ एघार रुद्रमा अजैकपाद, एकपाद, अहिर्वुध्न्य, विरूपाक्ष, रेवत, हर, वहुरूप, त्रैम्बक, सुरेश्वर, जयन्त र अपराजित् पर्छन् ।

७४ योगी नरहरिनाथ, पं. लोकराज सत्याल आदि (सम्पा.) *हिमवत्खण्ड* (काशी: गोरक्षटिल्ला, वि.सं. २०१३), ९२, ९३ अध्याय ।

७५ मनवज्र वज्राचार्य, *नेपालको मध्यकालीन कला*, प्रथम संस्करण (काठमाडौं: श्री ५ को सरकार सूचना विभाग), १२९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दायाँ भागमा शिवको शरीर एवं बायाँ भागमा विष्णुको शरीर छ । शिवपट्टिका दुइ हातमध्ये माथिल्लो हातले त्रिशूल र तल्लो हातले विभूतको डल्लो समातेको छ । विष्णुपट्टिको माथिल्लो हातमा चक्र तथा तल्लो हातमा शङ्ख छ । यो मूर्ति ज्यादै सौम्य, भव्य र आकर्षक छ । शिवको दायाँतर्फ पार्वती एवं विष्णुको बायाँतर्फ लक्ष्मीको लघु आकारका मूर्ति उत्कीर्ण गरिएका छन् । उनीहरू त्रिभङ्गी अवस्थामा उभिएका छन् । लक्ष्मीका दुइ हातमध्ये एक हातले कमल र अर्को हातले फल लिएको छ । पार्वतीका दुइ हातमध्ये एक हातले रूखको सानो हाँगा र अर्को हातले फल लिएको छ । लक्ष्मी र पार्वतीका कानका आभूषणहरू अनौठा प्रकारका छन् । दुवैको देब्रेतर्फको कानको गहना लम्बाकार छ । दाहिनेतर्फको भने बाटुलो किसिमको छ । शिरमा करण्डक अर्थात् केश देखिने मुकुट लाएको छ । केशको शृङ्गारचाहिँ सुन्दर ढङ्गमा आधा कपालमाथि लगेर दायाँ र बायाँ चुल्ठो बाटेर आधा तल झरेको छ । यिनीहरूको आसनचाहिँ पार्वती पर्वतीय कैलाशमा बस्ने हुनाले पवर्तकै रूपमा दिइएको छ तथा लक्ष्मी समुद्रमा बस्ने भएकीले पानीमा हुने कमल दिइएको छ । मूर्तिको पछाडि तलदेखि माथिसम्म कलात्मक रूपबाट बनाइएको ज्वालावली अत्यन्त आकर्षक छ । मूर्तिकलाको दृष्टिले यो मूर्ति (चित्रसङ्ख्या २२) अति उच्चकोटीको छ । बीचको शङ्कर-नारायणको मूर्तिमा दायाँतर्फको आधा भागमा महादेव र बायाँपट्टिको आधा भागमा विष्णुको प्रतिनिधित्व गर्ने मूर्तिको लक्षण दिइएको छ । त्यसैको आधारमा शिरमा भएको मुकुटमध्ये शिवको भागपट्टि जटा तथा विष्णुको पट्टि किरीटमुकुट लगाएको देखाइएको छ । काँधबाट सव्य भएर जनै लटकिरहेको छ । कम्मरमा पटुका बाँधेको छ, जसको दुइ तर्फको फेर कम्मरको दायाँ-बायाँ फुर्का बनेको छ । तल्लो शरीरमा पारदर्शक धोती लगाएको देखाइएको छ । धोतीको किनारा बुट्टेदार भईकन अग्रभागमा घुँडा-घुँडासम्म खसेकोले बुट्टेदार मालाको अवलम्बन झैँ देखिन पुगेको छ । उनका तल्ला दुइ हातहरूलाई कमलमाथि अडेस लगाई चित्रित गरिएकोले कलाकारीको उत्कर्षित रूप देखिन्छ । खुट्टामुनिको पादपीठ पनि कलात्मक बुट्टेदार कमलको आधारमा बनाई कुँदिएको छ ।

शङ्कर र नारायणको संयुक्त रूपको यस मूर्तिले नेपालमा वैष्णव र शैव धर्मको बीचको सम्बन्धलाई सुदृढ पारेको देखिन्छ । यसबाट नेपालमा वैष्णव र शैव धर्मबीच कुनै भेदभाव नभएको देखिन्छ । किनभने यस मूर्ति कुँदिनुको पछिल्तिर त्यही धार्मिक सहभाव प्रस्फुटित भएको देखिन्छ । अर्को शब्दमा भन्ने हो भने भगवान् विष्णु र शिवं एकै अङ्ग जस्ता हुन् तिनीहरूबीच कुनै किसिमको भेदभाव छैन भन्ने कुरा देखाउनको निमित्त यस् किसिमको मूर्तिको निर्माण भएको हुनुपर्छ ।

शङ्करनारायणमुन्तिर रहेको छुट्टै प्रस्तरमा स्वामी वार्तको अभिलेख रहेको कुराको चर्चा माथि गरिसक्यौँ । शिलालेखको मङ्गलाचरणमा शङ्करनारायणको स्तुति भएकोले कसैले शिलालेख र मूर्तिको बीच सम्बन्ध स्थापित गर्न खोजेका छन् । यसअनुसार यो मूर्ति विक्रमको छैटौँ शताब्दीका स्वामी वार्तले स्थापना गरेको हुनुपर्छ भन्ने धारणा रहेको पाइन्छ । तर यो मूर्ति प्राचीन कालको आदर्शमा बनाउन खोजे तापनि मूर्तिको पादपीठको शिलालेखको समयसँग यो मूर्तिले तादात्म्य नराख्ने कुरा यस मूर्तिको पृष्ठभागमा पूरै मूर्ति ढाकिने कलात्मक तर बढी साजसज्जापूर्ण ज्वालावली भएबाट बुझ्न सकिन्छ । विक्रमको छैटौँ शताब्दीताका त्यस्तो किसिमको ज्वालावलीको प्रयोग प्रस्तरमूर्तिकलामा पाइँदैन । धेरै सम्भव छ पहिलेको मूर्ति नासिएपछि केही संशोधनसहित यो मूर्तिको निर्माण प्राचीन शैलीको आदर्श अनुरूप बनाइएको हो । अर्को कुरा अहिले विद्यमान मूर्ति र शिलालेख रहेको पादपीठको ढुङ्गाको रङ्ग र जात मिल्दैन । साधारणतया एकै पटक स्थापित मूर्ति र शिलालेखबीच सामञ्जस्य पाइन्छ ।

यस मूर्तिलाई धेरैजसोले सत्रौँ शताब्दीको समय दिएका छन् । तर यो मूर्ति विक्रमको छैटौँ शताब्दीको नभए पनि सत्रौँ शताब्दीको चाहिँ हुन सक्तैन । यस मूर्तिसँगै यहाँ धर्म मल्लको समयको ने.सं. ५२० (वि.सं. १४५६) पौषको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिलेख छ ।[७६] सो शिलालेखको शीर्ष भागमा त्रिशूल, अक्षमाला, शङ्ख र चक्र कुँदिएको छ (चित्रसङ्ख्या २३) । यहाँ स्थित शङ्करनारायणको मूर्तिमा तिनै चिह्नहरू आयुधको रूपमा लिएको देखाइएको एवं शीर्ष भागमा पनि ती चिह्नहरू रहेकोले मूर्ति र शिलालेखबीच सम्बन्ध हुन सक्ने देखिन्छ । सो अभिलेखमा शङ्करनारायणको प्रार्थना पनि परेकोले अझ बढी पुष्टि हुन्छ । सम्भवतः यो मूर्ति स्थापना गरेपछि नै शिलालेख राखिएको हुन सक्ने सम्भावना पनि छ । अहिले शिलालेख ज्यादै भग्न अवस्थामा छ । मूर्तिमा निहित विशेषताहरू हेर्दा पनि त्यसले चौधौं-पन्ध्रौं शताब्दीको प्रस्तरमूर्तिकलालाई सम्झाउँछ ।

शङ्करनारायणको प्रार्थना गरिएको स्वामी वार्तको शिलालेखबाट नेपालमा भगवान् विष्णु र शिवबीच भेद नरहेको एवं त्यस भावनाको विकासमा कलालाई पनि माध्यम बनाई प्रभावकारी रूप दिन खोजेको स्पष्ट हुन्छ । भारतमा हरिहरसम्बन्धी शिलालेखीय वर्णन कृष्णराजको मण्डक अभिलेखमा पाइन्छ ।[७७] शङ्करनारायणको यस मूर्तिलाई दृष्टिगत गरेर कसैले हरिहर सम्प्रदायको पनि प्राचीन नेपालमा अस्तित्व रहेको हुन सक्ने बताएका छन् ।[७८] भगवान् शिव र विष्णुबीच विद्यमान अभिन्नता अनेकौं धार्मिक ग्रन्थले गरेका छन् । विभिन्न देवीदेवताबीचको सद्भाव र सम्बन्धलाई वैदिक कालदेखि नै प्रोत्साहन दिएको पाइन्छ । त्यसको परम्परा नेपालमा रहेको कुरा देखाउने अनेक प्रमाण छन् । त्यसमा शङ्करनारायणको प्रार्थना भएको माथि उल्लिखित अभिलेख र मूर्तिहरू यसका प्रमाणहरू हुन् । यस किसिमको अभिप्राय *पुराण*हरूमा पनि पाइन्छ ।[७९]

पशुपतिप्राङ्गणको दक्षिणतर्फ कीर्तिमुखभैरव रहेको स्थानभन्दा पूर्वतर्फको पर्खालमा लहरै केही मूर्तिहरू राखिएका छन् । तिनमध्ये कीर्तिमुखको पित्तलको प्रतीक टाँसिएदेखि दायाँपट्टिको पहिलो मूर्ति नै शङ्करनारायणको हो । लगनलाछीको शङ्करनारायणको मूर्तिमा जस्तै यस शङ्करनारायणमूर्तिमा पनि शिवको दायाँतर्फ पार्वती एवं विष्णुको बायाँतर्फ लक्ष्मीको लघु रूप उत्कीर्ण गरिएको छ । शङ्करनारायणको संयुक्त मूर्तिको दायाँतर्फ शिव एवं बायाँतर्फ विष्णुको शिरदेखि पाउसम्मको आधा भाग बनाई यो मूर्ति निर्माण गरिएको छ । यसैले शिवको आधा भागमा शिवको आयुध एवं गरगहना तथा विष्णुको आधा भागमा शिवको आयुध एवं गरगहनाहरू छन् ।

शिवको माथिल्लो हातमा त्रिशूल तथा तल्लो हातमा अक्षमाला समाएको देखाइएको छ । त्यस्तै विष्णुको माथिल्लो हातमा चक्र एवं तल्लो हातमा शङ्ख छ । शिरमा कीर्तिमुखयुक्त मुकुट पहिरेको छ । घाँटीमा दुइवटा हार

---

७६ Luciano Petech, *Mediaeval History of Nepal*, Second, Thoroughly Revised Edition, (Roma: Is.M.E.O., 1984), p. 156.

७७ जगदीशचन्द्र रेग्मी, *लिच्छवि संस्कृति*, (काठमाडौं: रत्न पुस्तक भण्डार, वि.सं. २०३०), ३१२ पृष्ठ ।

७८ *ऐजन*।

७९ बलराम श्रीवास्तव, *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, ६५ पृष्ठ ।

(क) हरिरूपी महादेवः शिवरूपी जनार्दनः ।
लोकस्य नेता यस्तं नमामि जगद्गुरुम् ॥

(ख) एकस्य बहुधा व्याप्तिर्गुणकर्मविभेदतः ।
लोकानामुपकारार्थमाकृतित्रितयं भवेत् ॥

(ग) मुनिलाल गुप्त (अनु.), *श्रीश्रीविष्णुपुराण*, (गोरखपुर: गीता प्रेस, वि.सं. २०४१), ४६९ पृष्ठ ।
यत्तोऽविभिन्नमात्मानं द्रष्टुमर्हसि शङ्कर ।
योऽहं स त्वं जगच्चेदं सदेवासुरमानुषम् ॥
मत्तो नान्यदशेषं यत्तत्वं ज्ञातुमिहार्हसि ।
अविद्यामोहितात्मानः पुरुषा भिन्न दर्शिनः ॥
वदन्ति भेदं पश्यन्ति चावयोरन्तरं हर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिरेको देखाइएको छ । पातलो धोती त्यसमा अग्रभागको फेर मुजामुजा परेर खसेको आकर्षक छ । शङ्करनारायणको पाखुरामा तीनडोरे बाजु तथा नाडीमा एकसरो चुरी लगाएको छ । पाउ नाङ्गो छ । शङ्करनारायणको यो मूर्ति २४ इन्च अग्लो छ ।

शिवको दायाँ भागमा त्रिभङ्ग अवस्थामा उभिएर रहेकी पार्वतीका दुइ हात छन् । बायाँ हात वरद जस्तो भईकन कुनै डल्लो वस्तु बूढी र चोर औँलाले समाएको छ । दायाँ हातमा डाँठसहितको पुष्प समातेको छ । शिरमा तीन चोसे अल्खाले केशविन्यास बनाएको हुँदा झ्वाट्ट हेर्दा मुकुटै लगाए जस्तो भान पर्दछ । पार्वतीको बारुले कम्मरअनुसार पुष्ठा नमिलेकोले मूर्ति खोटविहीनचाहिँ छैन । हिस्सी परेको मुखमा सुहाउँदो बाटुलो कुण्डल छ । पार्वती पर्वतको आकृतियुक्त पादपीठमा उभिएकी छिन् ।

विष्णुको बायाँतर्फ उभिएकी लक्ष्मीको देब्रे हातमा डाँठसहितको कमल तथा दाहिने हातमा बीजपूरक छ । बुट्टायुक्त पारदर्शक धोती पार्वतीको जस्तै छ । केशविन्यास पनि पार्वतीसँग मिल्दोजुल्दो छ । शङ्करनारायणको यो मूर्ति बाह्रौं शताब्दीताकाको पनौतीको सूर्यको मूर्ति (चित्रसङ्ख्या २४) बाट प्रभावित देखिन्छ । पाटनको वि.सं. ११४० र वि.सं. ११२२ को सूर्यमूर्तिसँग पनि तुलनीय छ ।

शङ्करनारायणको एउटा अर्को मूर्ति पशुपतिमन्दिरप्राङ्गणको पूर्वोत्तर कुनामा वासुकिमन्दिरबाट जलशयन-नारायणको मूर्ति भएतर्फ ओर्लदा बाटोको दायाँतिर दक्षिणाभिमुख भएर रहेको छ । यो मूर्ति ५८ इन्च अग्लो छ । कलात्मक सजीवताको दृष्टिकोणले त्यति आकर्षक र प्रशंसालायक नभए पनि शङ्करनारायणको मूर्तिको प्रसङ्गमा यसलाई बिर्सन मिल्दैन । यसको पादपीठमा ने.सं. ७७९ (वि.सं. १७१६) को अभिलेख भएकोले अझ महत्त्व बढ्न गएको छ ।

यस मूर्तिमा पनि शिव भाग दायाँतर्फ एवं विष्णु भाग बायाँतर्फ रहेको छ । शिव र विष्णुको आधा-आधा शरीर मिलेर शङ्करनारायणको पूर्ण मूर्ति तयार भएको छ । शिवपट्टिको भागमा माथिल्लो हातमा त्रिशूल एवं तल्लो हातमा विभूतको डल्लो छ । विष्णुतर्फको भागमा माथिल्लो हातमा चक्र एवं तल्लो हातमा शङ्ख समाएको देखिन्छ । आयुधहरू माथि उल्लेख गरिएको लगनलाछीको शङ्करनारायणको मूर्तिसँग हुबहु मिल्छ । शिवमा शिरको भागमा जटा एवं विष्णुको भागमा किरीटमुकुट लगाइदिएको छ । गलामा हारको रूपमा सर्पको गहना एवं सव्य अवस्थामा जनै लटकिरहेको छ । मूर्ति त्यति लयपूर्ण बन्न सकेको छैन । लगनलाछीमा भएको शङ्करनारायण र यो शङ्करनारायणको मूर्तिबीच त्यति लामो समयको अन्तर छैन । त्यसो भए तापनि यो मूर्तिमा निहित कलाकारीलाई हेर्दा त्यति छोटो समय बीच प्रस्तरमूर्तिकलामा धेरै नै न्यूनता आइसकेको देखिन्छ । विष्णुको खुट्टामुन्तिर वाहन गरुड देखाइएको छ । यो मूर्तिको स्थापना विष्णुसिंहले ने.सं. ७७८ (वि.सं. १७१४) फाल्गुनशुक्ल द्वितीयाको दिन गरेका थिए । यो कुरा मूर्तिको पादपीठमा रहेको लेखले बताउँछ ।

१२.७.३ यमराज

यमराजको एउटा मूर्ति पशुपतिनाथमन्दिरप्राङ्गणको पूर्वउत्तरपट्टि रहेको बद्रेश्वर नामको शिवलिङ्गको चारैतर्फ रहेको फलकमध्ये पूर्वपट्टिको फलकमा उत्कीर्ण गरिएको छ । यो फलकमा दुइ तह गरी मूर्तिहरू कुँदिएका छन् । माथिल्लो भागको बीचमा यमराज देब्रे खुट्टा भुइँमा अडाई दाहिने खुट्टा उठाई बसेको अवस्थामा छन् । उनका दुइ हात छन् । देब्रे हात देब्रे घुँडामा अड्याएका छन् । दाहिने हातचाहिँ उठेको खुट्टामा राखिएको छ । यमराजले पहिरेको मुकुट तीन चोसे छ । दाहिनेतर्फको कुनामा दुइ हातमा दुइ डरलाग्दो अवस्थाको कपालसमेत यसै जिङ्ग्रिङ्ग छोडेको मूर्ति उत्कीर्ण गरिएको छ । त्यसको अगाडि तरवारमाथि दुइ हात अड्याइ खुट्टालाई स्वस्तिक पारेर उभिएको विकरालको मूर्ति छ । उसको जटायुक्त कपाल छ । विकरालको अगाडि बच्चालाई काखमा राखेर अङ्कमाल गरिरहेको नारी मूर्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । नारीको कपाल चुल्ठो पारेर कोरिएको देखाइएको छ । उनको बायाँतर्फ यमराज छ । यमराजको बायाँतर्फ दुइ नारी मूर्ति छन् । तर तिनीहरू ज्यादै भग्न अवस्थामा भएकाले विस्तृत विवरण दिन र चिन्न गाह्रो छ ।

यमराज बसेको आसनमुन्तिर उनको वाहन राँगो बसिरहेको अवस्थामा छ । सो वाहनको पछाडि दुइ व्यक्तिहरू दुवै घुँडा टेकेको अवस्थामा उत्कीर्ण गरिएका छन् । दुवै एकदमै डराइरहेको देखाइएको छ । उनको कपाल चुल्ठो पारेर कोरिएको देखाइएको छ । कानमा गोलो मुन्द्रा लगाएको छ । तिनमध्ये एक जनाको हात किलामा बाँधिएको देखाइएको छ । उनको पछाडि देब्रेपट्टि दुवै घुँडा टेकेर हात जोडिरहेको नारी मूर्ति छ । मानौँ उनी यमराजबाट दया चाहन्छिन् ।

यमराजको वाहनको दायाँतर्फ उनको सेवकले एक जना तराजुमा राखी तौली रहेको देखाएको छ । त्यसको दायाँपट्टि हातमा बहिखाता लिइरहेको चित्रगुप्तको मूर्ति पलेटी कसेको अवस्थामा उत्कीर्ण गरिएको छ । फलकमा उत्कीर्ण मूर्तिहरू एवं दृश्यहरूलाई हेर्दा यो फलक कुनै कथावस्तुमा आधारित गरी तयार पारिएको देखिन्छ । मुख्यतः पाप-धर्मलाई यमराजले यमलोकमा जाँचिरहेको देखाई समाजलाई कुकर्मबाट टाढिन सन्देश दिएको छ ।

यमराजलाई राजकीय गहना एवं पोशाकहरू पहिरिएको अवस्थामा देखाइएको छ । उनलाई लगौटीबाहेक अरू केही पनि नलगाएको रूपमा प्रस्तुत गरिएको छ ।

समग्रमा भन्दा यो मूर्तिले कुनै कथावस्तुलाई प्रस्तुतीकरण गर्न खोजेको छ । यो मूर्तिमा प्राचीन विशेषताहरू पाइन्छ । नःघलटोलबाट ल्याई राष्ट्रिय सङ्ग्रहालयमा राखिएका कुमारसम्भवको कथामा आधार गरी निर्मित मूर्तिफलकसँग यो धेरै कुरामा समता राख्दछ (चित्रसङ्ख्या ११४) । यसलाई हेर्दा यो मूर्ति विक्रमको पाँचौं-छैटौं शताब्दीको हो भन्ने कुरा अनुमान गर्न सकिन्छ । यो मूर्तिको प्राप्तिले नेपाली जनजीवनमा पाप-धर्मलाई कुन रूपमा हेरेका थिए भन्ने कुरा बुझ्न सकिन्छ । पाप कर्मबाट जनजीवनलाई सचेत गराउन मूर्तिकलाको माध्यमबाट त्यसको प्रभाव रहिरहने हुँदा नै सो फलकको निर्माण भएको देखिन्छ ।

पशुपतिक्षेत्रमा यमराजका दुइवटा मूर्तिहरू पाइएकामध्ये वत्सलेश्वरीप्राङ्गणको मूर्ति अर्को मूर्ति हो । तेल, सिन्दूर, अबीरको कारण मूर्तिमा धूलो टाँसिएर के को मूर्ति हो ? भनी गडेर नहेरीकन चिनिँदैन । प्रस्तरको १५x१४.५ इन्चको फलकमा यो मूर्ति बनेको छ (चित्रसङ्ख्या ११५) । बीचमा राँगोमाथि आरूढ भई यमराज बसेका छन् । उनी ललितासनमा बसेका छन् । देब्रे खुट्टा पलेटी मारेको छ । दाहिने खुट्टा आसनीमुन्तिर लत्रिएको छ । दुइ हातमा दाहिने हात पछाडिपट्टिको आसनमा अड्याइएको छ । उनका दायाँ-बायाँ महिष, चित्रगुप्त, विकराल आदि अनुचर वर्गहरू छन् । सामान्यतया देवप्रतिमालक्षणमा बताइएभन्दा भिन्न यमराजको मुखाकृति तथा आँखाहरू त्यस्तो प्रदीप्त बनाइएको छैन । चित्रगुप्त देब्रेतर्फ तराजु लिएर बसेको देखाइएको छ । अहिले प्रचलनमा भएको तराजुभन्दा भिन्न एकातर्फ मात्र जोख्ने भएको तराजु उनले हातमा लिएका छन् । यमराजको टाउँकोमाथि छत्र छ । तर भाँचिएकोले भग्न छ । यो यमराजको मूर्तिको शैली शिवभास्कर एवं ब्रह्माभास्करमूर्तिहरूसँग मिल्दछ जुन कालक्रमको हिसाबले बाह्रौं-तेह्रौं शताब्दीको मानिन्छ । यमराजको दायाँ-बायाँ रहेका मूर्तिहरूमा केवल टाउकोहरू मात्र देखिन्छन् । यो मूर्तिमा नराम्रोसँग धूलोहरू टाँसिएको हुँदा त्यसलाई हटाउन रासायनिक उपचार गरेर राख्न पाए यसमा निहित भव्यतालाई बचाई राख्न सकिने देखिन्छ ।

१२.७.४ ब्रह्मा

करेटोलमा एउटा खुला मन्दिरमा रहेको ब्रह्माको मूर्ति हाल वडाप्रहरीकार्यालय गौशालाको चौरमा राखिएको छ (चित्रसङ्ख्या ११६) । यो मूर्ति २० इन्च अग्लो छ र फिक्का कालो रङ्गको ढुङ्गबाट बनेको छ । यद्यपि अघिल्तिरबाट हेर्दा मूर्ति तीनमुहारयुक्त जस्तो देखिन्छ तर बीचको मुहारको पछाडि अर्को मुहार भएकोले चार मुहारयुक्त छ । यस प्रकार यो मूर्ति चर्तुमुखी छ । चारै शरीरमा सजाइएको जटा सौम्य मुहारमा सुहाएको छ । अग्रभागको शरीरको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुममा जटा लत्रेको देखाइएको छ । ब्रह्मा कमलासनमा मृगाजीनमाथि बसेका छन् । पारदर्शक धोती छ । घुँडामा धोतीको धर्के बुट्टा देखाइएको छ । नौ डोरे कमरबन्ध पेटमा देखिन्छ । सुखासनमा बसेका ब्रह्माका दुइ हात छन् । दाहिने हातमा अक्षमाला र देब्रे हातमा कमण्डलु छन् । दुवै हात घुँडामा अडेस लागेका छन् । अक्षमाला र कमण्डलु घुँडामुन्तिर लत्रेको देखाइएको छ ।

छैटौं-सातौं शताब्दाको हुन सक्ने यो मूर्तिमा गहनाको अत्यन्त कम प्रयोग भएको छ । घाँटीमा एकसरो माला-बाहेक अरू केही छैन । जनै सव्य रूपमा स्पष्ट देखिन्छ । ह्यत भग्न अवस्थामा छ । बाबुकृष्ण रिजालले यसलाई आर्यघाटपारिको भनी उल्लेख गर्नुभएको छ ।[८०] प्रतापादित्य पालले यसलाई ईस्वीको आठौं शताब्दीको मानेका छन् । नेपालको प्रतिनिधि प्रस्तरमूर्तिहरूमा यो मूर्ति पर्दछ । यस्तो राम्रो मूर्तिको बारेमा बताउने अभिलेखहरू छैनन् ।

ब्रह्माको अर्को मूर्ति आर्यघाटपारि गोरखनाथ जाने सिँढीको देब्रेतर्फको पर्खालमा थियो (चित्रसङ्ख्या ११७), हाल पशुपतिगोश्वारामा राखिएको छ । पछिल्लो कालमा बनेको पर्खालमा राखिएको हुँदा कहीं कतैबाट ल्याएर यहाँ राखिएको प्रतीत हुन्छ । यहाँ फक्रेको कमलमाथि सुखासनमा प्रसन्न चित्तले योगमुद्रामा ब्रह्मा आसीन छन् । ब्रह्माका चार मुहारमध्ये तीन मुहार देखिन्छ । कालो प्रस्तरमा निर्मित यो मूर्ति आकर्षक देखिन्छ । शरीरको माथिल्लो भागमा केही लुगा लगाएको छैन । तल्लो भागमा भने पारदर्शक धोती लगाएको छ । अरू मूर्तिहरूमा भन्दा भिन्न कलाकारले धोतीलाई शरीरमा सपक्कै नमिलाई घुँडाबाट स्वाभाविक रूपमा तल लत्रेको देखाएका छन् ।

ब्रह्माका चार हात देखाइएका छन् । दायाँपट्टिको माथिल्लो हातमा अक्षमाला र स्रुव रहेको छ भने देब्रेतर्फको माथिल्लो हातमा पुस्तक र तल्लोमा कमण्डलु छ । जयवागीश्वरीको ब्रह्माको मूर्तिभन्दा भिन्न यसमा ब्रह्माको शिरको परिधान जटालाई आकर्षक रूपबाट बाटेर मुकुटजस्तो बनाइएको छ । बीचको शिरबाट दुवै काँधमा कपाल लटकेको छ । सव्य रूपमा मसिनो यज्ञोपवीत लगाएको देखिन्छ । नाइटोमुनि कटिबन्ध तथा त्यसको मुन्तिर भएको धोतीको फेरले जाँघलाई छोपेको स्वाभाविक देखिन्छ । ब्रह्माको दायाँ भागमा तल र माथि करङ्ग देखिएका, दाह्री र जटाधारी अनुहार भएका मूर्ति छन् । दुवैले बायाँ हातमा कमण्डलु र दायाँमा जपमाला लिएका छन् । तल्लो शरीरमा धोती लगाएको देखिन्छ । पहाडको कन्दराको भान पर्ने गरी पर्वतको प्रतीकात्मक बुट्टाको भित्र ती मूर्तिहरू भएकोले तपस्यारत ऋषिहरू हुन् भन्ने देखिन्छ । सुरक्षित अवस्थामा नरही असरल्ल फ्याकिएको मूर्ति हुनाले बायाँ भाग भग्न छ । त्यस्तै गरी मुखाकृति पनि बिग्रेको छ । प्रतापादित्य पालले यसलाई दशौं शताब्दीको समय दिएका छन् ।[८१] लैनसिंह बाङ्देलले *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*मा यसलाई दशौं शताब्दीको मानेका छन् ।[८२] मूर्तिको टाउकोपछाडि गोलाकार आभरण छ । बाहिरी भागमा अग्निज्वालाको प्रतीक पाइन्छ । घाँटीमा एउटा मात्र माला छ । ओढेको मृगछाला बायाँ कुममा केही लट्केको देखाइएको छ । यसमा प्रयोग गरिएको प्रस्तरमा गिरावट आइसकेको छैन । यो मूर्ति त्यस्तै नवौं-दशौं शताब्दीको हुनुपर्छ । यो मूर्तिको चर्चा गर्दा लैनसिंह बाङ्देलले चोरिइसकेको भनी लेख्नुभएको छ ।[८३] तर चोरिएको नभई यो मूर्ति पशुपतिगोश्वरामा राखिएको छ ।

ब्रह्माका मूर्तिहरूको क्रममा पशुपतिप्राङ्गणमा रहेको नवौं-दशौं शदाब्दीताकाको मूर्ति पनि उल्लेख्य छ । ब्रह्माको मन्दिर भए तापनि मूल मूर्ति चोरिइसकेकोले त्यसबारेमा चाहिँ थाहा हुँदैन, तर प्रस्तर ढोकाको माथिल्लो सङ्घारमा रहेको तीन टाउकोयुक्त यो मूर्ति र आर्यघाटपारिको ब्रह्माको मूर्तिमा धेरै समता पाइन्छ ।

---

८० बाबुकृष्ण रिजाल, "लिच्छविकालीन केही ब्रह्माका मूर्तिहरू", *प्राचीन नेपाल*, १० सङ्ख्या, (वि.सं. २०२६ माघ), ४४ पृष्ठ ।

८१ Pratapaditya Pal, op. cit, foot note no. 10, fig, 245.

८२ लैनसिंह बाङ्देल, पूर्ववत्, पादटिप्पणी १२ सङ्ख्या, १३२ पृष्ठ ।

८३ Lain S. Bangdel, *op.cit.*, foot note no. 14, p. 66.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुद्रगारेश्वरमा एउटा प्रस्तरमा ब्रह्माको आकृति चित्रित छ । सम्भवत: यो कुनै मन्दिर विशेषको कुनै भाग हुनुपर्छ । यसमा केवल ब्रह्माको तीन टाउको मात्र बाँकी रहेको छ । यस मूर्तिको कपाल जयवागीश्वरीको ब्रह्माको मूर्तिसँग धेरै मिल्दो छ । यद्यपि यो मूर्तिमा समय निक्र्योल गर्नको लागि कम आधारहरू छन् । त्यसो भए तापनि यो मूर्ति बाह्रौं-तेह्रौं शताब्दीभन्दा पछिको होइन भन्ने देखिन्छ ।

१२.७.५ *हनूमान्*

हनूमान्का केही मूर्तिहरू यहाँ छन् । दुइ हातयुक्त हनूमान्का मूर्तिहरूमध्ये कुनै अञ्जलिमुद्रामा घुँडा टेकेर बसेका छन्, कुनैचाहिँ अभय र वरदमुद्रायुक्त छन् । भक्तजहरूले तेल र सिन्दूर प्रयोग गरी पूजा गर्ने गरेकोले त्यसको बाक्लो तहले गर्दा हनूमान्का आकृति नै समेत चिन्न नसक्ने किसिमका हुन्छन् । हनूमान्का मूर्तिहरूमा मृगस्थलीको हनूमान् (चित्रसङ्ख्या ११८), गौरीघाटको हनूमान् (चित्रसङ्ख्या ११९), गुह्येश्वरीस्थित वाग्वतीको किनाराको हनूमान् (चित्रसङ्ख्या १२०), भस्मेश्वरको हनूमान् (चित्रसङ्ख्या १२१), शङ्कराचार्यमठको दक्षिणतर्फको हनूमान् र पशुपतिप्राङ्गणको हनूमान् मुख्य छन् ।

भस्मेश्वरको हनूमान् (चित्रसङ्ख्या १२१) विष्णुमन्दिरको पारि पश्चिमपट्टि विष्णुलाई रामचन्द्र सम्झी उनको वाहनको रूपमा स्थापना गरिएको पाइन्छ । अरू मूर्तिहरू वाहनको रूपमा भन्दा अलग अस्तित्व दिई स्थापना गरिएका पाइन्छन् । हनूमान्लाई प्रेत निवारक र संरक्षक सम्झी ज्यादातर विक्रमको सत्रौं शताब्दीताका मन्दिर, घाट, दरबार आदि क्षेत्रमा स्थापना गरेको पाइन्छ । पशुपतिक्षेत्रमा भएका हनूमान्को सबै मूर्तिहरू विक्रमको उन्नाइसौं-बीसौं शताब्दीमा निर्माण गरिएका हुन् । पशुपतिप्राङ्गणस्थित हनूमान्का मूर्तिको पादपीठको रूपमा रहेको ढुङ्गामा ने.सं. ९४१ (वि.सं. १८७८) लेखिएकोले सो हनूमान्को मूर्ति विक्रमको उन्नाइसौं शताब्दीको अन्ततिर निर्माण भएको रहेछ भन्ने देखिन्छ ।

१२.७.६ *गरुड*

पशुपतिक्षेत्रमा पछिल्लो कालतिर बनेका विष्णु एवं विष्णुका अवतारका मन्दिरहरूको अघिल्तिर गरुडका मूर्ति स्थापना गरिएको पाइएका छन् । तर सबै मन्दिरहरूमा त्यो लागु हुँदैन । गरुडलाई नारायणले वाहनको रूपमा चढेको देखाइएका प्राचीन र मध्यकालिक मूर्तिहरू पाइए तापनि गरुडका अलग्गै मूर्तिहरू भने पछिका मात्र पाइएका छन् ।

पछि स्थापित गरिएका मूर्तिहरूमा आर्यघाटपारिको मानवाकार गरुड (चित्रसङ्ख्या १२२), आर्यघाटपारि लक्ष्मीनारायणमन्दिर अगाडिको पक्षीरूपका गरुड एवं जितजङ्गनारायणमन्दिरअगाडिको मानवाकार गरुड (चित्रसङ्ख्या १२३), मुख्य छन् । तिनमा लक्ष्मीनारायणमन्दिरअगाडिको गरुडको मूर्ति (चित्रसङ्ख्या १२४) वि.सं. १९९२ मा भीमशमशेरले लक्ष्मीनारायणमन्दिरको निर्माण गर्दा स्थापना गरेका हुन् । विष्णुमन्दिरअगाडिको गरुडको मूर्ति (चित्रसङ्ख्या १२२) कसले स्थापना गरेका हुन ? थाहा पाउने केही प्रमाण यहाँ छैनन् । तर मूर्तिको शैलीको आधारमा त्यसलाई विक्रमको उन्नाइसौं-बीसौं शताब्दीको समय दिन सकिन्छ ।

१२.७.७ *कार्तिकेय*

पशुपतिक्षेत्रमा भएका कार्तिकेयका मूर्तिहरूमा स्थानीय इँटापाखाटोलमा एउटा घरको चोकभित्र भएको कार्तिकेयको मूर्ति (चित्रसङ्ख्या १२५) उल्लेखनीय मानिन्छ । यस मूर्तिमा कार्तिकेय मयूरमाथि बसेको अवस्थामा उत्कीर्ण गरिएको छ । कार्तिकेयका दुवै खुट्टा मयूरको पखेटामाथि छन् । यो मूर्ति ११ इन्च अग्लो छ । दुइ हातयुक्त कार्तिकेयको बायाँ हातमा शक्ति छ । दायाँ हातमा समातेको वस्तु खिइसकेकोले राम्ररी चिन्न सकिन्न । कार्तिकेयको पछाडि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृष्ठभूमिमा बादलको सङ्केत दिने बुट्टा कलाकारले उत्कीर्ण गरेका छन् । मयूर कार्तिकेयको मूर्तिको अनुपातमा ठूलो भईकन पखेटा फिँजाएर उड्न लागेको भान पार्ने किसिमको छ । पछिल्ला कालका कार्तिकेयको तुलनामा सादा देखिने यो मूर्ति प्राचीन प्रस्तरकलाको नमूना हो भन्ने अनुमान गर्न सकिन्छ । सातौँ-आठौँ शताब्दीका प्रस्तरमूर्तिसँग तुलनीय यो मूर्ति बाहिर यसै रहेको छ ।

१२.७.८ नागराज

पशुपतिक्षेत्रमा मानवाकार रूपका नागराजका पाँचवटा मूर्तिहरू केही वर्ष अगाडिसम्म थिए । तिनीहरूमध्ये एउटा धन्दोचैत्यको गर्भगृहको उत्तरतर्फ (चित्रसङ्ख्या १२६), अर्को अरुणधाराको पूर्वपट्टिको पाटीमा (चित्रसङ्ख्या १२७), तेस्रो पशुपतिमन्दिरप्राङ्गणको दक्षिण-पूर्वमा रहेको चण्डेश्वरको मण्डपको दक्षिणतर्फको भित्तामा, चौथो वासुकिमन्दिरमा र पाँचौं वत्सलेश्वरीमन्दिरप्राङ्गणमा रहेकोमा अहिले वासुकि, पशुपतिप्राङ्गण र वत्सलेश्वरीमन्दिर-प्राङ्गणका बाहेक अरू दुइवटा नागराजका मूर्तिहरू हराइसकेका छन् । धन्दोचैत्यमा रहेको नागराज सातौँ-आठौँ शताब्दीताकाको थियो । अरुण नामको ढुङ्गेधाराको पूर्वपट्टिको पाटीमा रहेको नागराज पाँचवटा नागहरूको गुडुल्किएको शरीरमाथि पलेटी मारेर बसेको अवस्थाको थियो । तिनै नागको पाँचवटा फणाचाहिँ नागराजको टाउकोमाथि देवत्व भाव झल्काएर बसेको रूपमा कुँदिएको थियो । नागराजको दायाँ हातमा कुनै डल्लो वस्तु सम्भवतः पद्मबीज थियो भने बायाँ हातमा पनि कुनै डल्लो वस्तु समाएको देखिन्थ्यो । तीन चोसे मुकुट, कानमा कुण्डल, पाखुरामा तीन डोरे बाजु पहिरेको थियो । सातौँ-आठौँ शताब्दीताकाको यो नागराजको मूर्ति वि.सं. २०४२ मा हरायो । अरुणधाराकै नागराजको शैलीमा बनेको पशुपतिप्राङ्गणस्थित नागराजको मूर्ति आकर्षक छ । यो मूर्ति सातौँ-आठौँ शताब्दीतिर निर्मित हुनुपर्छ । वासुकिमन्दिरभित्र रहेको नागराजको मूर्ति नेपालको राम्रो नागराजको मूर्तिमध्येमा पर्छ । नागहरूलाई आसनी बनाएर बसेको यो मूर्ति निकै आकर्षक छ । कालो प्रस्तरमा निर्मित यो मूर्ति विक्रमको छैटौँ-सातौँ शताब्दीताका निर्मित भएको हुनुपर्ने कुरा यसमा निहित विशेषतालाई हेर्दा थाहा हुन्छ । नाग तथा नागकन्याका साना मूर्तिहरू वासुकिमन्दिरवरपर केही रहेका छन् ।

१२.७.९ गोरखनाथ

पशुपतिक्षेत्रमा भएका मूर्तिहरूमा गोरखनाथको मूर्ति पनि पर्दछ । मृगस्थलीमा भएको गोरखनाथको मन्दिरमा मूर्ति नभईकन पादुका मात्र छ र त्यसैको पूजा हुन्छ । वनकालीस्थित गोरखनाथको मन्दिरमा भने गोरखनाथको मूर्ति रहेको छ (चित्रसङ्ख्या १२९) । यो मूर्ति कलाकारिताको दृष्टिकोणले भव्य त छैन तर यो मूर्तिमा गोरखनाथको दायाँ–बायाँ शैव धर्मअन्तर्गतका गणेश, कुमार आदिका मूर्तिहरू लघु रूपमा उत्कीर्ण गरिएको पाइनाले गोरखनाथ मतमा विद्यमान धार्मिक सद्भावलाई देखाउन यसले दिएको सन्देश उल्लेख्य छ । नौवटा नागको फणा गोरखनाथको शिरमाथि छ । चार हातहरूमध्ये दायाँतर्फको माथिल्लो हातमा डमरु, तल्लो हातमा अक्षयमाला र सो हातले जप्न लागेको जस्तो गरी माला समाएको छ । बायाँ माथिल्लो हातमा त्रिशूल, तल्लो हातमा पुस्तक समातेको देखाइएको छ । मूर्तिको पादपीठमा गोरखनाथका शिष्यहरूको आकृति छ । गोरखनाथ कमलको आसनमाथि नागासनमाथि पद्मासनमा बसेको देखाइएको छ । यस्तै शैलीको मूर्ति पनौतिस्थित गोरखनाथमन्दिरमा छ । यो मूर्ति यसै शताब्दीको प्रारम्भतिरको हो ।

१२.७.१० महावीर जैन

देवपत्तनस्थित अचुलाछेँननिमा भएको महावीर जैनको मूर्ति पनि उल्लेख्य मानिन्छ (चित्रसङ्ख्या १७१) । यो मूर्ति त्यहाँ अरू मूर्तिहरूको साथमा रहेको छ । यो मूर्ति रहेको दायाँ-बायाँका खोपाहरूमा शिवलिङ्ग, सिंहवाहिनी देवी, उमामहेश्वर, नाटेश्वर आदिका मूर्तिहरू पनि छन् । यद्यपि यो मूर्ति सोही ठाउँमा छ तर सो महावीर जैनको मूर्तिको कालक्रमसँग अरू मूर्तिहरूको सामञ्जस्य छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साढे दश इञ्च अग्लो ध्यानावस्थामा बसेको अवस्थामा रहेको यो मूर्ति सानो भईकन पनि आकर्षक छ । फराकिलो छाती, सौम्य मुहार, ध्यानमग्न आँखा सबै सुहाएको छ । बायाँ हातको पञ्जामाथि दायाँ हातको पञ्जा रही ध्यान मुद्रामा रहेको यो मूर्तिमा टाउकोपछाडि मात्र होइन शरीरको ठीक पछाडि शरीरको बसाइको स्वरूपअनुसार साधारण बुट्टाविहीन आभरण उत्कीर्ण गरिएको अरू मूर्तिमा भन्दा भिन्न छ । माथिल्लो शरीर वस्त्रविहिन छ तथा तल्लो शरीरमा स्पष्ट देखिँदैन । मूर्तिमाथि साधारण छत्र छ, छत्रमाथि चुकुलको लागि काम लाग्ने गरी चुच्चो भाग निकालिएको तथा मूर्तिको दायाँ-बायाँ भागमा मूर्तिभन्दा वास्तुकलासँग सम्बद्ध बुट्टाहरू निकालिएको हुँदा यो मूर्ति कुनै मन्दिरविशेषको भाग हुनुपर्ने देखिन्छ । यस मूर्तिको शैलीगत सामञ्जस्य पशुपतिनाथप्राङ्गणको उत्तर-पश्चिम दिशामा रहेको ब्रह्माको मन्दिरका मूर्तिहरूसँग मिल्दछ । यो सोही मन्दिरकै लागि तयार पारिएको मूर्ति हुन नसक्ने होइन । शैलीगत विशेषताहरू हेर्दा यो मूर्ति नवौँ-दशौँ शताब्दीको सिर्जना हुनुपर्ने देखिन्छ । यो मूर्तिमा नेपाली अभिव्यक्तिभन्दा भिन्न किसिमको स्वरूप स्पष्टिन्छ । बाहिरका कलाकारहरू आएर बनाएको वा बाहिरबाट ल्याइएको भान मूर्तिको शैली र अभिव्यक्तिले बताउँछ । लामो कान, नाङ्गो शरीर, बुद्धको मूर्तिमा पाइनेभन्दा भिन्न किसिमको सानो उष्णीष एवं केशविन्याशले यो मूर्तिलाई बुद्धमूर्तिभन्दा अलग हो भन्ने देखाउँछ । यसलाई कसै-कसैले बुद्धको मूर्ति भनी उल्लेख गरेको पाइन्छ । वास्तवमा यो बुद्धको मूर्ति नभई महावीर जैनको मूर्ति हो । यो मूर्तिको प्राप्तिले पशुपतिक्षेत्रको सद्भावमय धार्मिक वातावरणमा अर्को अध्याय थपेको स्पष्ट छ ।

१२.७.११ *दक्षिणामूर्ति*

भगवान् शिवका विभिन्न अवतारका मूर्तिहरूमा दक्षिणामूर्ति पनि एक हो । यस स्वरूपको एउटा मूर्ति पशुपतिनाथमन्दिरको पश्चिममा रहेको एउटा चारपाखे नेपाली मण्डप शैलीको मन्दिरमा रहेको छ (चित्रसङ्ख्या १७२) । ललितासनमा आसीन दक्षिणामूर्तिको दायाँ खुट्टाको पाउले अज्ञानरूपी राक्षसलाई थिचेको रूपमा उत्कीर्ण गरिएको छ । दक्षिणामूर्तिलाई भगवान् पशुपतिको गुरुवक्त्र मानिन्छ । यसैले गुरुपूर्णिमाको अवसरमा यहाँ भक्तजनहरू पूजाआराधनाको लागि प्रशस्तको सङ्ख्यामा आउँछन् । वरवृक्षमुनि बसेका दक्षिणामूर्तिका चार हातहरू छन् । दायाँ माथिल्लो हातमा माला छ, तल्लो अभयमुद्रामा छ । त्यस्तै गरी बायाँ माथिल्लो हातमा अमृतको घडा छ र तल्लोले पुस्तक समातेको छ । आसनीको मुन्तिर साना-साना मूर्तिहरू प्रशस्त छन् । ती मुनिजनका प्रतीक हुन् । दक्षिणामूर्तिले ज्ञानोपदेश दिन लागेको रूपमा उत्कीर्ण गरिएको छ । मथिल्लो शरीरमा जनै तथा घाँटीमा हार लगाएको छ । तल्लो शरीरमा धोती लगाएको छ । धोतीको किनारको पट्टा बायाँ घुँडा भएर गएको अलि अस्वाभाविक जस्तो देखिएको छ । यस दक्षिणामूर्तिमा तीन नेत्र छन् । मुकुट अप्रचलित किसिमको छ । मुकुटको बीचमा लघु मुखाकृति उत्कीर्ण छ । यो कसको मुखाकृति हो चिनिँदैन । दक्षिणामूर्तिको मुकुटको दायाँतर्फ अर्धचन्द्राकार आकृति पनि उत्कीर्ण छ ।

यो मूर्तिको निर्माणको सम्बन्धमा *भाषावंशावली*मा केही चर्चा पाइन्छ । त्यसअनुसार काठमाडौँका तात्कालिक राजा नृपेन्द्र मल्ल (वि.सं. १७३१-१७३७ आ.) को पालामा पशुपतिनाथमन्दिरका सन्न्यासी पुजारी विमलानन्दले असिनाको भय निवारणार्थ दक्षिणामूर्तिको आव्हान गरी यसको स्थापना गरेका हुन् ।[८४] मूर्तिमा विद्यमान विशेषताहरूलाई हेर्दा पनि यो मूर्ति विक्रमको अठारौँ शताब्दीभन्दा अघिको होइन भन्ने देखिन्छ । यस मूर्तिलाई स्थानीय व्यक्तिहरू पशुपतिनाथका गुरु भनी बताउने तथा त्यही रूपमा पूजाआजा गर्ने गर्दछन् । वास्तवमा त्यसो नभई यो पशुपतिनाथको गुरुवक्त्र अर्थात् गुरुरूप हो ।

---

८४ नयनाथ पौडेल (सम्पा.), *भाषावंशावली*, २ भाग, (काठमाडौँ: राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३), ९३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२.८ विभिन्न कलाकृतिहरू

देवी-देवताका मूर्तिहरूबाहेक अन्य कलाकृतिहरू पनि प्रशस्तको सङ्ख्यामा यहाँ छरिएर रहेका छन् । यी छरिएका कलाकृतिहरूको अध्ययन मनन गर्दा पशुपतिक्षेत्रका प्राचीन वस्तुस्थितिको बारेमा केही अनुमान गर्न सकिन्छ । केहीलाई छाडेर धेरैजसो यहाँ छरिएर रहेका कलाकृतिहरू मन्दिर स्थापत्यसँग सम्बन्धित छन् । विभिन्न किसिमका प्रस्तरस्तम्भहरू यहाँ यत्रतत्र छन् । कलशको कलात्मक आकृति माथिल्लो भागमा भईकन तल्लो भागमा कुनै गह्रौ बोझ आफ्नो काँधमा अड्याइरहेको जस्तो देखिने भावभङ्गीमा उत्कीर्ण मूर्तिहरू चारैतर्फ भएको प्रस्तरस्तम्भ एवं त्यसको माथिल्लो भागमा अर्को स्तम्भमा घुसाउन हुने गरी ठीक पारिएको गोलाकार चुकुल भागलाई हेर्दा पनि यी मन्दिर-स्थापत्यका स्तम्भ हुन् भन्ने देखिन्छ । वत्सलेश्वरीमन्दिरको पश्चिमतर्फ लहरै राखिएको विक्रमको सातौं-आठौं शताब्दीताकाका यस्ता स्तम्भहरू उल्लेख्य छन् (चित्रसङ्ख्या १२९,१३०,१३१) । प्रतापादित्य पालले यस्ता यक्ष अङ्कित स्तम्भहरूलाई ईस्वीको सातौं शताब्दीको समय दिएका छन् ।

जयवागीश्वरीमन्दिरप्राङ्गणमा बुट्टाविहीन साधारण किसिमको झण्डै ७ फिटको प्रस्तरस्तम्भ रहेको छ (चित्रसङ्ख्या १३२) । चारकुने, छकुने गरी काटिएको ढाँचामा माथिल्लो भागमा कमलपत्रलाई पीठिकाको रूपमा राखिएको यो स्तम्भ पनि आकर्षक छ । यस्तै किसिमको एउटा स्तम्भ पादवेश्वरमन्दिरको पश्चिम भागमा छ (चित्रसङ्ख्या १३३) । जयवागीश्वरीमन्दिरप्राङ्गणको प्रस्तरस्तम्भ र यो स्तम्भ हुबहु उस्तै छन् । यिनलाई हेर्दा यी दुवै स्तम्भ एउटै मन्दिरको हुनुपर्ने देखिन्छन् । जयवागीश्वरीमन्दिरको बायाँपट्टि सिँढीमुन्तिर अरू दुइवटा प्रस्तरका स्तम्भहरू गाडिएको अवस्थामा छन् (चित्रसङ्ख्या १५४) । यी स्तम्भहरूबाट जयवागीश्वरीभेगंमा पहिले कुनै प्रस्तरमन्दिर भएको अनुमान गर्न सकिन्छ । त्यो कुनै प्राकृतिक कारणले भत्कियो पछि पुनर्निर्माण हुन सकेन र त्यस मन्दिरमा प्रयोग गरिएका प्रस्तर भागहरू यत्रतत्र छरिए ।

पाँचुगणेशमन्दिरको पछाडिपट्टि रहेको प्रस्तरस्तम्भ आकर्षक ढङ्गले बनाइएको उल्लेख्य स्तम्भ हो । गाडिएको अवस्थामा रहेको यो प्रस्तरस्तम्भको ठाउँ-ठाउँमा पातबुट्टा र कमलपत्रे बुट्टा छन् । माथिल्लो भागमा स्तम्भको चारकुनाको आकृति जोडेर बाघको अनुहार निकालिएको अनौठो किसिमको छ (चित्रसङ्ख्या १३४) । स्तम्भको माथिल्लो भागमा विभिन्न किसिमका बुट्टा काटिने प्रचलन यहाँ थियो । पशुपतिनाथमन्दिर जाँदा शङ्कराचार्यमठको पश्चिम मूलसडकको दायाँतर्फ रहेको एउटा स्तम्भमा कलशाकृति आकर्षक ढङ्गले कुँदिएको छ । माथिल्लो भागको कलश र स्तम्भको तल्लो भागलाई जोड्न कलशको चारतिरबाट तल झारिएको पट्टा कलात्मक छ । त्यसभन्दा तलको स्तम्भको भाग भने सादा छ (चित्रसङ्ख्या १३५) ।

'विश्वामित्रेश्वर' नामको एकमुखे शिवलिङ्ग रहेको चोकमा एउटा प्रस्तरस्तम्भ रहेको छ । अरू स्तम्भभन्दा भिन्न यसको तलदेखि माथिसम्मको भाग विभिन्न बुट्टा काटिएर आकर्षक बनाइएको छ (चित्रसङ्ख्या १३६) । यसमा कुँदिएका केही बुट्टाहरू छैटौं-सातौं शताब्दीताकाको यक्ष मूर्तिमा पाइने बुट्टासँग मिल्दछ (चित्रसङ्ख्या १३७) । स्तम्भको माथि कमलपत्रे पीठिका छ । तर यो स्तम्भको भाग होइन । पछि कसैले राखिदिएको हो ।

मन्दिरको वास्तुकलासँग सम्बन्धित अन्य कलाकृतिहरू पनि यहाँ निकै पाइन्छन् । वत्सलेश्वरीमन्दिरको दक्षिणतर्फ पाटीको पेटीमा रहेको नागमूर्ति (चित्रसङ्ख्या १३८) यस सन्दर्भमा उल्लेखनीय छ । तल्लो भाग सर्पाकार एवं माथिल्लो भाग मानवाकार रूपमा भएको यो नागमूर्तिको शिरमाथि सातवटा नागका फणा छन् । गुजुल्टिएको नागको रूपमा रहेको यस मूर्तिमा घाँटीमा एकसरो हार छ । शिरमा सामान्य किसिमको मुकुट छ । विक्रमको पाँचौं-छैटौं शताब्दीको हुन सक्ने यो मूर्तिको महत्त्व बुझ्न नसक्दा पेटी बनाउँदा ढुङ्गाको रूपमा प्रयोग गरी राखिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक्लो रूपमा उत्कीर्ण गन्धर्वको एउटा मूर्तिफलक नासननीमा छ । आकाशमार्गमा उडेको रूपमा चित्रित यो गन्धर्वको दुवै हात पखेटा झैँ दुइतिर फिँजाएको रूपमा देखाइएको छ । त्यस्तै गरी दुइ खुट्टालाई पनि हावामा चाल्न प्रयोग गरिएको रूपमा छ । मूर्तिमा पृष्ठमूमिमा हावाको सङ्केत दिने बुट्टा काटिएका छन् । ज्यादै खिइसकेको यो मूर्ति पनि कुनै मन्दिरको अवशेष हुनुपर्ने देखिन्छ (चित्रसङ्ख्या १३९) । सातौँ-आठौँ शताब्दीको हुन सक्ने यो मूर्ति असरल्ल अवस्थामा रहेको हुँदा हालसालै फुट्न गएको छ । सोही ठाउँमा प्रस्तर मन्दिरको चार सुरमा प्रयोग गरिने किसिमको वायुपङ्खी सिंह (चित्रसङ्ख्या १४०) रहेको छ । सिक्री आकारका गर-गहनाहरू घाँटीमा भएको यो सिंहको मुख फुटेर नचिनिने भइसकेको छ । यो बाह्रौं-तेह्रौं शताब्दीतिरको हुनुपर्ने अनुमान हुन्छ ।

मन्दिरको सङ्घारको रूपमा प्रयोग हुन सक्ने कलात्मक यक्ष अङ्कित फलकहरूमध्ये एउटा कुटुबहिलमा अझैसम्म ढोकाको सङ्घारको रूपमा रहेको छ (चित्रसङ्ख्या १४१) । दायाँ-बायाँ सिंह एवं बीचमा दुइ हातमा फूल समाएका रूपमा चित्रित यक्ष छन् । पानीको प्रतीकस्वरूपका बुट्टाहरू गणको दायाँ-बायाँ भएकाले झट्ट हेर्दा अनौठो लाग्ने यो मूर्ति लखनउ म्युजियमको ईस्वीको छैटौँ शताब्दीको मानिने गणको मूर्तिसँग (चित्रसङ्ख्या १४२) सामाञ्जस्य राख्दछ । यस सङ्घारको दायाँ-बायाँ रहेका सिंह–सिंहिनीको पृष्ठभूमिमा पहाडको सङ्केत दिने बुट्टा काटिएका छन् । सिंह-सिंहिनीको घुङ्गुरिएको याल काँधमा झरेका छन् । कुटुबहिल नामको बहिलको मुख्य कक्षको बाहिर यो प्रस्तरको सङ्घार रहेकोलाई हेर्दा सम्भवत: यही बहिलसँग यो सम्बन्धित हुनुपर्ने देखिन्छ । झण्डै यही शैलीको गणको मूर्ति भएको प्रस्तरको टुक्रा भुवनेश्वरीमन्दिरको ढुङ्गेधारामाथि रहेको छ (चित्रसङ्ख्या १३७) । बीचमा गणको मूर्ति छ । दायाँ-बायाँको हातले केही समाइरहेको जस्तो छ । तर कुटुबहिलको यक्षको मूर्तिभन्दा भिन्न यसमा गणको दायाँ-बायाँ टाउकोनजिक दुइ अनौठा प्राणीको मुख देखिन्छन् । तिनीहरूको शरीर सामान्य प्राणीहरूको भन्दा भिन्न किसिमको छ । घुँम्रिएको सिउर पृष्ठभागमा देखिन्छ । यस प्रस्तरको माथि किरीटमुखाकृति भएको अनुहार कलात्मक प्रस्तरफलकमा सजाइएको रूपमा छ । विष्णुको मुकुटको बीचमा हुने आकृति र यसमा समानता पाइन्छ । मुखबाट ज्वाला आइरहेको देखाइएको छ । दायाँ-बायाँ कलात्मक बुट्टाको लहरमा दुइवटा जनावरका टाउको कीर्तिमुखपट्टि फर्केको वास्तुकलाको अङ्गजस्तो देखिन्छ ।

दायाँ-बायाँ यक्षाकृति भएका साधारण किसिमका सङ्घारहरू यहाँ केही देख्न पाइन्छन् । नवालीटोलमा नवदुर्गा डबलीमा भएका दुइवटा सङ्घार (चित्रसङ्ख्या १४३), लुँहिटीमा भएको सङ्घार (चित्रसङ्ख्या १४४) र वत्सलामन्दिरको पश्चिमपट्टि रहेको सङ्घारलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । यी सबै ढोकाका अवशेषहरू हुन् । दुइ खुट्टा टेकेर कुनै बोझ थाम्न दुइ हात खुट्टामाथि अड्याइएको रूपमा राखेको जस्तो देखिने यक्षका यस्ता मूर्तिहरू प्रस्तरका प्राचीन स्तम्भ, ढुङ्गेधारा आदिमा काठमाडौँमा अन्यत्र पनि देख्न पाइन्छ । यी सातौँ-आठौँ शताब्दीतिर निर्मित देखिन्छन् ।

कलाकृतिहरूको चर्चा गर्दा प्रस्तरमा निर्मित कामधेनु (चित्रसङ्ख्या १४५), साँढे (चित्रसङ्ख्या १४६) का मूर्तिहरू पनि उल्लेख्य छन् । सम्पन्नता र समृद्धिको प्रतीकको रूपमा कामधेनुगाईको चित्र लिच्छविकालको मुद्राहरूमा उत्कीर्ण गर्ने प्रचलन थियो । हाल भण्डारेश्वरमन्दिरअगाडि रहेको कामधेनु गाईको मूर्ति पहिले सोही मन्दिरदेखि दक्षिणपट्टि रहेको खरीको रूखमुन्तिर थियो । बसेको गाईको साथ बाच्छा पनि बसेको रूपमा उत्कीर्ण गरिएको छ । सिङविहीन कामधेनु आफ्नो बाच्छा रहेको बायाँपट्टि फर्केको छ । बाच्छा पनि माउपट्टि मुख जोरेर बसेको छ । यो पनि सातौँ-आठौँ शताब्दीताकाको अनुमान हुन्छ ।

यहाँ भएका साँढेका प्रस्तरमूर्तिहरूमा जयवागीश्वरीमन्दिरअगाडि रहेको साँढेको मूर्ति आकर्षक छ । साँढेको निधारमा बुट्टे पट्टा बाँधिएको छ । साँढेको जुरोमा वरिपरि बुट्टा भएको कलात्मक पट्टा छ । साँढेको निधारमा टीका लगाइएको छ (चित्रसङ्ख्या १४६) । जयवागीश्वरीमन्दिरमा राखिएको प्रस्तरको यो साँढे अरू ठाउँबाट ल्याई यहाँ राखिएको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सलेश्वरीमन्दिरमा भएका सिंहका मूर्तिहरू पनि आकर्षक छन् । यी सिंहहरू कुटुवहिलको प्रस्तरको सङ्घारमा भएका सिंहहरूसँग (चित्रसङ्ख्या १४१) कतिपय कुरामा सामञ्जस्य राख्दछन् । यस्ता सङ्घारहरूमा कुनै पूरै धार्मिक झलक दिने किसिमका सङ्घार पनि पाइन्छन् । जयवागीश्वरीमन्दिरको मूल ढोकाको सङ्घारको रूपमा रहेको सङ्घार यस्तै किसिमको छ (चित्रसङ्ख्या १४७) । बीचमा धर्मचक्र दायाँ-बायाँ मृग भएको यो सङ्घारलाई कलात्मक बनाउन मृगको दायाँ-बायाँ रहेको खाली भागमा दुइवटा अनौठा जीवको आकृति उत्कीर्ण गरिएको छ । सिंहको मुखाकृति भएको यो जीवको पछिल्लो शरीर घुँगुरिएको बुट्टाहरूले सज्जित छ । यो सङ्घारमा भएको मृग राष्ट्रिय सङ्ग्रहालयमा भएको छैटौं-सातौं शताब्दीको कुनै वास्तुकलाविशेषको भागसँग (चित्रसङ्ख्या १४८) मिल्दछ । मृगको बसाइको ढाँचा उस्तै छ । जयवागीश्वरीको सङ्घारलाई हेर्दा पहिले यहाँको यो सङ्घार बौद्ध विहार वा बौद्ध धर्मसँग सम्बन्धित कुनै स्थापत्यमा प्रयोग गरिएको हुनुपर्छ । यस्तै गरी वास्तुविशेषसँग सम्बन्धित प्रस्तरस्तम्भहरू, प्रस्तरका कलाकृतिहरू पनि यहाँ यत्रतत्र छन् (चित्रसङ्ख्या १३३, १३५, १३६, १३९, १४०, १४१) ।

यहाँ चारवटा सिंहका मूर्तिहरू छन् । तिनीहरूमध्ये दुइवटा साना र दुइवटा ठूला छन् (चित्रसङ्ख्या १२९) । यी सिंहका मूर्तिहरू कहाँ राखिएका थिए स्पष्ट भन्न सकिन्न । तर वत्सलेश्वरीमन्दिरको पश्चिमपट्टि लक्ष्मीमूर्तिको बायाँपट्टि देवपाटनको पूर्वी ढोका रहेकोले त्यही ढोकाको भित्र-बाहिर दायाँ-बायाँतर्फ यी मूर्तिहरू पहिले रहेका थिए कि भन्ने अनुमान हुन्छ । कालान्तरमा ती ढोकाहरू भत्किएर महत्त्व बिर्सियो, तिनीहरू असरल्ल परे ।

पशुपतिक्षेत्रमा भएका प्रस्तरका चैत्यहरू पनि कलाकृतिका उत्कृष्ट नमूनाहरू हुन् । धन्दोचैत्यवरपर मात्र यस्ता प्रस्तरचैत्यहरू दशवटा छन् (चित्रसङ्ख्या १९२) । ती सबै पाँचौं-छैटौं शताब्दीदेखि आठौं-नवौं शताब्दीका कृतिहरू हुन् । यी चैत्यहरू ज्यादै कलात्मक छन् । यस्तै प्रस्तरचैत्यका विभिन्न भागहरू यत्रतत्र छरिएर रहेका पनि छन् । लुँहिटीमा भएको प्रस्तरचैत्यको दुइवटा गोलाकार भाग उल्लेख्य मानिन्छन् (चित्रसङ्ख्या १४९, १५०) । वरिपरि साना-साना खोपा र त्यसको दायाँ-बायाँ कलात्मक बुट्टाहरू आकर्षक छन् । त्यसमध्ये एउटामा चैत्यको माथिल्लो भाग पनि त्यहीं रहेको छ (चित्रसङ्ख्या १५०) । यसको चारैतिर चारवटा खोपा छन् । यी चारवटा खोपाहरू चार ध्यानीबुद्धका प्रतीक हुन् । पाँचौं-छैटौं शताब्दीतिर यसरी खाली छोडिने गरेको गवाक्षमा सातौं शताब्दीपछि ध्यानीबुद्धका मूर्तिहरू बनाउन थालिएका हुन् ।

यसबाहेक ढुङ्गेधाराका कलात्मक डुंड पनि कम महत्त्वका छैनन् । मकराकृतिका डुंडहरू यत्रतत्र छरिएर रहेका छन् (चित्रसङ्ख्या १५१, १५२, १५३) । यसै अलपत्र फ्याँकिएर रहेका डुंडहरूबाट पहिले यहाँ ढुङ्गेधाराहरू निकै रहेको अनुमान हुन्छ । बिग्रेको वा काम नलाग्ने डुंडहरूलाई जथाभावी नफाली मन्दिरको छेउछाउमा राखी सुरक्षा गर्ने गरेको बुझिन्छ । यस्तै डुंडलाई 'वोसल' (वायुपङ्खी घोडा) र 'मौलो' बनाएको र पछि विभिन्न जनश्रुति त्यससँग सम्बन्धित भई त्यसले महत्त्व प्राप्त गरेको पनि पाइन्छ । पशुपतिअमालकोटकचहरीको छेउमा रहेको 'वोसल' यसको उदाहरण हो । समयको दृष्टिकोणले पनि यिनीहरूको महत्त्व छ । यिनीहरू सातौं-आठौं शताब्दीतिरको कृतिहरू हुन् ।

पशुपतिक्षेत्रमा भएका यी अनगिन्ती मूर्तिहरूले पशुपतिक्षेत्रको महत्त्वलाई बढाएको छ । यी मूर्तिहरूको महत्त्व, स्थापनाको हेतु आदि जस्ता कुराहरू आवश्यकीय हुँदा-हुँदै पनि तिनको यहाँ विस्तृत रूपले अध्ययन प्रस्तुत गर्न सकिएको छैन । यहाँ भएका प्रत्येक मूर्तिको आफ्नो इतिहास छ । साथै एक-एक मूर्ति तथा शिवलिङ्गको लागि गुठीको बन्दोबस्तबाट पूजाआजामा अक्षुण्णता दिने प्रबन्ध गरिएको पनि पाइन्छ । यी सबै कुराको खोजीमेली गरी तिनको क्रमबद्ध इतिहास तयार पार्न सकियो भने अझ बढी कुराहरू थाहा पाउन सकिने स्थिति छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनकालीस्थित अघोरीको मूर्ति, अहिले यो मूर्ति चोरिइसकेको छ, एक्काइसौँ शताब्दी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेह्र अध्याय

पशुपतिक्षेत्रमा मनाइने यात्राहरू

नेपाल विविध संस्कृति भएको सुरम्य देश हो । प्रत्येक टोल, बस्ती, गाउँ र शहरमा आ-आफ्ना मौलिक विशेषताहरूले ओतप्रोत भएका विभिन्न यात्रा, मेला, पर्वउत्सवहरू जताततै देख्न पाइन्छन् । फेरि ती सबै संस्कृतिका अङ्गहरूको आफ्नै उद्भवका कारण एवं ऐतिहासिक नालीबेली छन् । समयको लामो अन्तरालमा कतिका ऐतिहासिकता लुप्त भइसके भने कतिले अझै इतिहासका गूढ र तथ्य कुराहरूलाई कहने सामर्थ्य राखेका पाइन्छन् । केवल आवश्यकता छ, तिनीहरूको गहिरो खोज तथा अनुसन्धानको । सरसर्ती हेर्दा कसैले कुनै महत्त्व अन्तर्निहित नभएको पाउन सक्छ, तर तिनीहरूको सूक्ष्म अध्ययन गर्ने पारखीहरूले नै त्यसमा धर्म-संस्कृतिको अनुपम सामञ्जस्य र गूढ रहस्य फेला पारेका हुन्छन् । त्यसैले हो संस्कृतिलाई राष्ट्रको आत्मा, गौरव र गाथा भन्ने गरेको । आफ्नो रीतिथिति र कुलपरम्पराअनुसार मनाउँदा त्यसमा विभिन्नता पनि हुन सक्छ । तर मूलतः तिनीहरूले विविधतामा एकता, सद्भाव, समन्वय, सङ्गठन र राष्ट्रियताको निमित्त अमर सूत्र दिइराखेका हुन्छन् । यो सबैभन्दा महत्त्वपूर्ण कुरा हो ।

हाम्रा महामना पुर्खाहरूले सांस्कृतिक जनजीवनलाई सरस र सुन्दर मात्र होइन तिनीहरूको महत्त्व बताउनसमेत प्रमुख तिथिमितिहरूसँग तालमेल कायम राखी जुन चाडपर्व, मेला, यात्रा, उत्सवका परम्पराहरू सिर्जना गरे तथा तीसँग सम्बन्धित धर्म, कर्म, आचार-विचार, भोजन तथा मनोरञ्जन आदिका प्रक्रियाहरू चलाइदिए त्यसकै कारणबाट पनि कतिपय पुराना त्यस्ता सांस्कृतिक निधिहरू अहिलेसम्म कुनै न कुनै रूपमा जीवन्त बन्न सकेका छन् ।

पुरानो बस्ती वा शहरको परिचायक नै त्यहाँ हुने यात्रा, चाडपर्व, मेला आदि हुन् । यी कुराहरू नयाँ बसेको बस्ती, गाउँ वा शहरमा कमै देख्न पाइन्छ । तर जहाँ जरो गाडिएर परम्परा नै बनिसकेको छ, त्यस्ता ठाउँमा उत्साह, उमङ्ग अर्कै हुन्छ । अर्को शब्दमा भन्ने हो भने त्यो त्यहाँको जनजीवनको शैली नै बनेको हुन्छ ।

पशुपतिक्षेत्रमा प्राचीन बस्तीहरू भएको कारण यस क्षेत्रमा मनाइने यात्रा, चाडपर्वहरू आफ्नै किसिमका छन् । आफ्नो परिवार, कुलले मनाउने पारिवारिक चाडपर्वहरूबाहेक सामूहिक रूपले मनाइने यात्राहरू पनि प्रशस्त छन् । तिनीहरूबारे सङ्क्षिप्त रूपले यहाँ चर्चा गर्नुपरेको छ ।

१३.१ त्रिशूलयात्रा

देवपाटनमा मनाइने विभिन्न यात्राहरूमध्ये त्रिशूलयात्रा विशेष महत्त्व भएको यात्रा हो । प्रत्येक वर्ष आषाढकृष्ण अष्टमीको दिन यो यात्रा सम्पन्न हुन्छ । आषाढकृष्ण अष्टमीको दिन अधिकतम वर्षात हुने योग परेको हुन्छ भन्ने धारणाअनुसार यो अष्टमीलाई 'भलभलाष्टमी' पनि भनिन्छ । त्यसैले भलभलाष्टमीको दिनमा देवपाटनमा सम्पन्न गरिने यो यात्रा पानी माग्न गरिएको यात्रा हो कि भन्ने सम्भावना रहनु स्वाभाविक हो । त्रिशूलयात्राको देवपाटनमा जति महत्त्व र प्रख्याति छ, त्यति देवपाटनबाहिरका मानिसहरूलाई यस यात्राको बारेमा थाहा छैन । त्रिशूलयात्रा स्थानीय यात्रा भए पनि काठमाडौँबाट प्रकाशित हुने पञ्चाङ्गहरूमा उल्लेख पाइनाले यसको महत्त्वको बारेमा अवगत गर्न सकिन्छ ।

नेवारी भाषामा यसलाई 'मतिजात्रा' भन्छन् । यो यात्रालाई किन त्रिशूलयात्रा भनिएको हो ? यो नाम रहनुको पछाडि के रहस्य रहेको छ ? थाहा हुँदैन । त्रिशूल भगवान् शिवको आयुध हो । यसैले सोही आयधको प्रतिनिधितत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस यात्रामा हुने भएकोले यसलाई त्रिशूलयात्रा भनिएको हो कि भन्ने भ्रम पर्न नसक्ने होइन । तर सो यात्रामा शिवको आयुध त्रिशूलको नभई देवपाटनका तीनवटा स्थलबाट तीनवटा खटमा शूलले घोचेको भान पर्ने गरी पाँच जना बालबालिका निकालिने भएको तथा उहिले बच्चाहरूलाई त्यसरी शूलले नभई त्रिशूलले उन्ने परम्परा भएकोले यो यात्रालाई त्रिशूलयात्रा भनिएको हो भन्ने कुरा बूढापाकाहरू बताउँछन् ।[१]

त्रिशूलयात्राको प्रचलनको सम्बन्धमा जनश्रुति एवं *भाषावंशावली*हरूमा भिन्न-भिन्न विवरणहरू दिइएका छन् । कुनै *वंशावली*ले त्यसको शुरुवात लिच्छवि राजा नरेन्द्रदेवको समयमा भएको बताउँछन् त कुनैले मल्ल राजा अमर मल्लको समयमा प्रारम्भ भएको बताउँछन् । त्रिशूलयात्राको सम्बन्धमा जानकारी हासिल गर्न कुन *वंशावली*ले के भन्छन् ? अनुश्रुति के छ ? ती सबैको बारेमा अध्ययन गर्नु उपयोगी हुने देखिएकोले प्राप्त *वंशावली*हरूको विवरण तथा अनुश्रुतिहरूको आधारमा सो यात्राबारे चर्चा गर्नुपरेको छ ।

त्रिशूलयात्राको उद्भवको बारेमा भिन्न-भिन्न अनुश्रुतिहरू सुन्न पाइन्छन् । एउटा अनुश्रुति यस प्रकार छ– उहिले स्वयम्भूको डाँडावरपर राक्षसहरूको बसोबास थियो । त्यहाँका राक्षसहरू मानिसको बस्ती भएको ठाउँमा बराबर आएर केटाकेटीहरू लैजान्थे । एक पटक ती राक्षसहरूले देवपाटनका बच्चाहरूलाई खूब सताउन थाले । देवपाटनका प्रजाहरू त्राहि-त्राहि भए । आफ्ना बालबच्चाहरूलाई बचाउने उपायको खोजी गर्ने क्रममा उनीहरूले राक्षसका बच्चाहरूलाई मारी साटो फेर्ने निर्णयमा पुगे र एक दिन राक्षसका बच्चाहरूलाई समाती त्यसै गरिदिए । मारिएका राक्षसका बच्चाहरूलाई देवपाटनमा घुमाए र देवपाटनको पश्चिममा रहेको सिफलको डाँडाबाट राक्षसहरूले देखून् भनी खटमा राखी त्रिशूलले घोचेर प्रदर्शन गरे । त्यस वेलादेखि देवपाटनमा राक्षसहरूले दु:ख दिन छाडे । त्यसैको सम्झनामा प्रतिवर्ष यात्रा गर्ने परम्परा बसेको हो ।[२]

अर्को जनश्रुति पनि झण्डै-झण्डै यस्तै छ तर पनि केही कुराहरू अलग छन् । यसअनुसारको भनाइ यस्तो छ - उहिले एउटा दुष्ट राक्षस नागार्जुनमा बस्दथ्यो । उ हरेक दिन देवपाटनमा आउँदथ्यो र केटाकेटीहरूलाई चोरेर लग्थ्यो । त्यस घटनाले देवपाटनवासीहरू दु:खित थिए । राजा नरेन्द्रदेवले आफ्ना गुरु बन्धुदत्त आचाजुसँग त्यस राक्षसलाई कसरी मार्ने भन्ने बारेमा विचार-विमर्श गरे । बन्धुदत्तले राजासँग ३०-४० जना सिपाहीहरू मागे । उनीहरूलाई अस्त्र-शस्त्र दिई राक्षसलाई समाउन बाटोमा लुकाई राखे । तर यो कुरा राक्षसले थाहा पाएकोले आएन । त्यसपछि राजा, बन्धुदत्त र सिपाहीहरू नागार्जुन पर्वतमा गई उक्त राक्षसलाई त्रिशूलले मारे । त्यो थाहा पाई देवपाटनका प्रजाहरू अत्यन्त हर्षित भए र त्यसैको सम्झनामा प्रत्येक वर्ष यात्रा गर्ने गरे ।[३]

त्रिशूलयात्राको सम्बन्धमा देवपाटनका मानिसहरू मान्छेपिच्छे अलग–अलग कथाहरू कथ्दछन् । यसो हुनाको मुख्य कारण त्यस यात्राको बारेमा लिखित प्रमाणहरू नहुनाले नै हो भन्न सकिन्छ । देवपाटनका प्रजाहरूलाई राक्षसले दु:ख दिएकोले देवीदेवताको आराधना गरिएको तथा त्यसको सम्झनामा यात्रा निकाल्ने गरिएको मानिने यात्राहरूमा त्रिशूलयात्रा र देशोद्धारपूजा पर्दछन् । त्रिशूलयात्राको सन्दर्भमा देवपाटनका प्रजाहरूलाई दु:ख दिएकोले दु:ख दिने राक्षसलाई मारेको[४] भन्ने जनश्रुति एवं तिनीहरूका छोरा-छोरीहरूलाई देवपाटनका मानिसहरूको अनुरोधमा मारिएको भन्ने दुवै किसिमको अनुश्रुतिहरू सुन्न पाइन्छ । वास्तविकता के हो ? त्रिशूलयात्राको प्रारम्भ हुनाको खास कारण के

---

१ देवपाटननिवासी श्रीतिलक कपाली (हाल दिवङ्गत) सँगको कुराकानीको आधारमा ।

२ देवपाटनका वूढापुरानाहरूलाई त्रिशूलयात्रावारे सोध्दा सबैजसो यही कथा सुनाउँछन् ।

३ Axel Michales, "The Trisulayatra in Deopatan and its Legends", *Heritage of the Kathmandu Valley*, (June, 1985 A.D.), p. 6.

४ *ऐजन*, १७०-१७५ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो ? स्पष्टसँग भन्न सकिने स्थिति छैन । कालान्तरमा त्रिशूलयात्रामा अर्को घटना पनि जोडिन पुग्यो । त्यो हो भुवनेश्वरीमन्दिरबाट लाशको प्रतीकस्वरूप निकालिने खट ।

त्रिशूलयात्राको सम्बन्धमा अरू कुराहरू भन्नुभन्दा अघि त्यस अवसरमा गरिने यात्राविधानबारे सङ्क्षिप्त चर्चा गर्नु आवश्यक देखिन्छ । त्रिशूलयात्राको खास विधान 'कुम: पूजा' देखि शुरू हुन्छ । यो पूजा ज्येष्ठशुक्ल षष्ठी, जसलाई 'सिठी नख:' पनि भनिन्छ, सो दिन शुरू हुन्छ । त्यस दिन त्रिशूलयात्राको निमित्त आवश्यक पर्ने पाँच जना केटाकेटीहरू गुठियारहरूले छान्छन् । पाँच जनामा जयवागीश्वरीभण्डारतहबिलको तर्फबाट दुइ जना बालिका र एक जना बालक, भुवनेश्वरीगूठी र वज्रघरगूठीबाट क्रमश: एक-एक जना बालक छान्ने चलन छ । त्यस दिन सम्बन्धित देवीदेवतामा पूजाआजा गरी ती केटाकेटीहरूलाई त्रिशूलयात्राको दिन लगाउने पोशाक र जयवागीश्वरीको परिधानहरू देखाइन्छन् । ती केटाकेटीहरूलाई जयवागीश्वरीभण्डारको कोठामा विधिविधान गरी एक रात थुनिन्छ । यसलाई एक किसिमको केटाकेटीको साहसको परीक्षाको रूपमा लिइएको पाइन्छ । तर आजकल यो चलनको औपचारिकता मात्र बाँकी छ (नक्सासङ्ख्या २ङ) ।

गुठियारहरूले पानी चल्ने जातका केटाकेटीहरू छान्छन् । डङ्गोल, महर्जन थरका नेवार समुदायबाट धेरैजसो लिएको देखिन्छ । केटाकेटीहरू अविवाहित र दोस्रो दाँत आएको हुनुपर्ने चलन छ । यिनै केटाकेटीहरू त्रिशूलयात्राको मुख्य पात्रहरू हुन्छन् । यिनलाई नै खटमा राखी यस दिन यात्रा निकालिन्छ ।

त्रिशूलयात्राभन्दा चार दिनअघि भुवनेश्वरीका कर्माचार्य पुजारी 'कुवकुदो' भन्ने स्थानमा पूजा गर्न जान्छन् ।[५] यो पूजालाई 'चाकूपूजा' भनिन्छ । त्यस्तै यात्रा सकिएको चार दिनपछि पुन: सोही ठाउँमा पूजा गर्न जान्छन् । यो पछिल्लो पूजालाई 'वाकुपूजा' भनिन्छ । कुवकुदो भुवनेश्वरीका पुजारी मुनि (भूमि) आचाजु[६] अमृत लिएर फर्कदा अलप भएको ठाउँ मानिन्छ ।

आषाढकृष्ण अष्टमीको दिन बिहानैदेखि जयवागीश्वरी, भुवनेश्वरी, वत्सलेश्वरी र वज्रघरमा बलिसहितको पूजा हुन्छ । भुवनेश्वरीका कर्मचार्यको आचार्यत्वमा सो दिनको पूजा सम्पन्न हुन्छ । यता यात्राको लागि खटहरू मिलाउने, सिँगार्ने आदि काम भइरहेको हुन्छ । अपराह्ण ५ बजेतिर यात्रा प्रारम्भ हुने भएकोले त्यतिञ्जेलसम्म खट बोक्नेदेखि लिएर यात्रामा सामेल हुने सबै जम्मा भइसक्छन् । आषाढको धान रोप्ने याम भए पनि खेती-किसानी गर्ने यस क्षेत्रका डङ्गोल, महर्जन आदि ज्यापूहरू विशेषत: यस यात्रामा सहभागी भएको देख्दा यसमा खास केही कारण छ कि जस्तो भान पर्दछ । केटाकेटीहरूको सङ्ख्या पनि प्रशस्त हुने गर्छ ।

यात्राको खट काठबाट बनेको र काँधमा बोक्ने गरी बनाइएको हुन्छ । प्रत्येक वर्ष जोडजाड गरी बनाइने खटका काठहरू जयावागीश्वरीको पश्चिमपट्टिको धर्मशालामा, वज्रघरमा र वत्सलेश्वरीको पोडेपाटीमा राखिन्छ । यात्राको दिन खटहरूमा १०८ वटा असुरोका हाँगाहरू राख्नुपर्ने चलन छ । साथै लुगाहरू पनि झुण्ड्याउनुपर्ने परम्परा देखिन्छ । लुगाहरूलाई राक्षसको प्रतीकको रूपमा लिने गरिन्छ ।

खटमा राख्नुपर्ने एवं सिँगार्नुपर्ने वस्तुहरू राखिसकेपछि बालबालिकाहरूलाई ल्याइन्छ । त्यसभन्दा अगाडि खटमा राखिने ती केटाकेटीहरूलाई गोप्य विधान र सिँगारपटार गुठियार र कर्माचार्य पुजारीको उपस्थितिमा गरिन्छ । त्यसपछि खटमा पुऱ्याउँदा छोपेर लग्छन् । खटमा शूलले छोपेको भान पर्ने गरी उत्तानो परेको शरीरमा नाइटोमाथि

---

५ 'कुवकुदो' भन्ने नामको यो ठाउँ नयाँ बानेश्वरस्थित एभरेष्ट होटलको पूर्वपट्टि छ ।

६ भुवनेश्वरीमन्दिरका यी पुजारीको नाम अलग-अलग *वंशावली*मा भिन्न-भिन्न दिइएको छ । डेनियल राइटको *हिस्ट्रि अफ नेपाल*मा मुनि आचार्य भनिएको छ । विक्रमजित् हसरतको *हिस्ट्रि अफ नेपाल*नामक पुस्तकमा मुल्मी आचार्य भनिएको छ । जनश्रुतिमा चाहिँ भूमि आचाजु नामले प्रसिद्धि पाएको छ । कर्माचार्यको नेवारी रूप आचाजु हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शूल अर्थात् भाला देखाइन्छ । बच्चालाई नखस्ने गरी टाउको, ढाड र खुट्टामा काठको आड दिइएको हुन्छ । झट्ट हेर्दा कुनै लाश नै हो र ढाडबाट शूलले घोपेर पेटमा निकालिएको हो झैँ देखिन्छ ।

वत्सलेश्वरी, वज्रघर र जयवागीश्वरीमा अलग-अलग खट तयार पारिएको हुन्छ भन्ने कुरा माथि नै लेखियो । यात्रांको दिन उपर्युक्त ठाउँका खटहरूमध्ये सबभन्दा पहिले वत्सलेश्वरीको खटले अगुवाइ गर्दछ । त्यसपछि क्रमैसँग वज्रघरको खट यात्रामा सामेल गरिन्छ । भकुनटोल हुँदै यात्रा बालकुमारीस्थानबाट जयावागीश्वरीतर्फ गइरहँदा भुवनेश्वरीमन्दिरबाट चार जना व्यक्तिहरूले लाश झैँ पहेँलो कपडाले छोपिएको वस्तु ल्याएका हुन्छन् र उनीहरू पनि यात्रालाई पछ्याउँदै पछाडि-पछाडि जान्छन् । जयवागीश्वरी पुगेपछि त्यहाँको खट पनि वज्रघरबाट निकालिएको खटको पछि लाग्दछ । नवालीटोलस्थित पश्चिम ढोका हुँदै यात्रा सिफलचौरको पश्चिममोत्तर सीमाभित्र रहेको बारीमा पुग्दछ । त्यहाँ पुगेपछि ठूला-ठूला स्वरले मनपरी अश्लील गाली गर्दछन् । त्यसपछि यात्रा अघिकै बाटो जयवागीश्वरीसम्म फर्कन्छ र त्यहाँबाट पाँचुटोल हुँदै लगनलाछी पुगेपछि भीमसेनस्थानको अगाडिबाट भुवनेश्वरीअगाडि पुग्छ । तीन ठाउँबाट निकालिने खटहरूमध्ये जयवागीश्वरीको बाहेक अरू खट, वज्रघर र वत्सलेश्वरीमा पुऱ्याइन्छन् । जयवागीश्वरीबाट निकालिएको खटको भने खटमा झुण्ड्याइएका कपडाहरू त्यहीँ झिक्छन् । त्यसको कारण के हो ? जान्न सकिएको छैन । वत्सलेश्वरीमा पुगेपछि खटयात्राको काम समाप्त हुन्छ । त्यसपछि साँच्चै भन्ने हो भने त्रिशूलयात्रा सकिन्छ । तर यस यात्रासँग गाँसिएको अर्को पक्ष भने अझै सकिएको हुँदैन । भुवनेश्वरीमन्दिरबाट निकालिएको यात्राको पछाडि-पछाडि हिँडाइएको चार जनाले बोकेको वस्तुलाई भस्मेश्वरघाट हुँदै विराटेश्वरशिवलिङ्ग रहेको घाटबाट वाग्वतीमा सेलाइन्छ । भुवनेश्वरीमन्दिरदेखि नै यसको अगुवाइ त्यहींका पुजारीले गरेका हुन्छन् । हातमा लिएको घण्टी बजाउँदै-बजाउँदै यात्राको साथ उनले अगुवाइ गर्नुपर्ने परिपाटी छ । यात्राको अवधिभरमा घण्टीको आवाज एकोहोरो गरी बजाउँछन् । त्यसपछि उनीहरू भुवनेश्वरीमन्दिरमा फर्किन्छन् । छोपेको कपडा र गोप्य विधानसँग राखेको शिवलिङ्गबाहेक 'मुस्वाँ', 'दूबो' आदि सबै वाग्वतीमा सेलाउँछन् । शिवलिङ्गलाई गोप्यसाथ रातो कपडाले लपेटेर पुजारीले ल्याउँछन् । ती चिजहरूलाई मन्दिरमा भित्र्याउनुभन्दा अघि भुवनेश्वरीमन्दिरको पूर्वपट्टि लसकुसको विधान गरिन्छ । लसकुससम्बन्धी विधान दक्षिणामूर्तिमन्दिरका राजोपाध्याय पुजारीको आचार्यत्वमा हुन्छ । यसपश्चात् मन्दिरमा यात्रामा समावेश गरिएको शिवलिङ्गलाई भित्र्याइन्छ ।

उता वत्सलेश्वरीको प्राङ्गणमा खटका केटाकेटीहरूलाई ओरालिन्छ । वाग्वतीमा नुहाई-धुवाई गरेपछि जयवागीश्वरी खटका केटाकेटीलाई जयवागीश्वरीमा र वज्रघर तथा वत्सलेश्वरी खटका केटालाई भुवनेश्वरीमा लगी गोप्य विधान गरिन्छ । त्यसपछि उनीहरू विश्राम गर्छन् । करीब २ घण्टा खटमा असजिलो तरिकाले बस्नुपरेकोले विश्रामको साथै उनीहरू भुसुक्कै निदाउँछन् । यात्रामा प्रत्यक्ष भाग लिने गुठियारहरूले उनीहरू नब्यूँझिएसम्म खाना खानु हुँदैन भन्ने चलन छ । उनीहरू ब्यूँझिएपछि खान दिनको लागि चौरासी व्यञ्जन तयार पारिएको हुन्छ । चौरासी व्यञ्जनमा चौरासी प्रकारका छुट्टा-छुट्टै खानाभन्दा चौरासी जातका चिजहरू हालेर खाना तयार पारिन्छ । त्यसपछि भुवनेश्वरी र जयवागीश्वरीका पुजारीहरू पशुपतिनाथमा पूजा गर्न जान्छन् । त्यसै दिन बेलुका भुवनेश्वरीका पुजारीले यात्रामा लगिएको शिवलिङ्गलाई कपडामा लपेटेर देवपाटनभरि घुमाउँछन् । एक-दुइ जना अन्य सहयोगीको साथ उक्त कार्य गरिन्छ ।

भोलिपल्ट त्रिशूलयात्राको अवसरमा लाशको प्रतीकस्वरूपको खट बोक्ने बिसेटहरूलाई भुवनेश्वरीमन्दिरमा भोज ख्वाइन्छ । यो यात्रामा पशुपतिका सबै बि सेटहरूले सक्रिय रूपमा भाग लिनुपर्छ ।[७]

---

७ पशुपतिभण्डारतहबिलमा 'दुका बिर्ता' सम्बन्धी जग्गाको आम्दानीको रेखदेख एवं तिनीहरूबाट गर्नुपर्ने नित्यनैमित्तिक पूजाको रेखदेख बिसेटहरूले गर्नुपर्छ । यस्ता बिसेटहरू पहिले दश जना थिए अहिले केबल तीन जना मात्र छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो यात्रामा दुइ घटनाको सम्मिश्रण भएको कुरा माथि चर्चा गरियो । पहिलो घटनाको बारेमा कथिने जनश्रुतिको बारेमा केही प्रकाश पनि पारियो । यात्रा उठान हुनाको तथ्य कुरा के हो ? थाहा हुन नसके पनि जनजीवनले यसलाई कुन रूपमा हेरेको छ थाहा पाउनको लागि जनश्रुति उपयोगी देखिन्छ । जहाँसम्म त्रिशूलयात्राको प्राचीनता वा ऐतिहासिकताको कुरा छ, यसबारेमा *भाषावंशावली*हरूमा बाहेक अन्यत्र यसको उल्लेख पाइएको छैन । प्रकाशित *भाषावंशावली*हरूमा अमर मल्ल (वि.सं. १५८७-१५९५ आ.) ले यो यात्राको चलन चलाएको सङ्केत पाइन्छ । त्यहाँ भनिएको छ–[८] "यिनै राजा (अमर मल्ल) ले भुवनेश्वरीका पुजाहारि मुनी आचार्य मन्त्रशास्त्रमा बडो प्रवल हुनाले तिनिसित सम्मत गरी मङ्गलेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, वत्सलेश्वरी, पशुपतिनाथ खुसी निमित्त बडो असंभाव गरी लोकमा धन्य कहाई नौ प्रकारका रथ बनाई मुसल श्रृंखला त्रिशूल खडग बली ३ छुरी, पाश, इत्यादि संयुक्त गरी कुमार-कुमारी नौ जनालाई रथमा चढाई शरीर छिन्नभिन्न गरी आषाढकृष्ण अष्टमीका दिन इशानेश्वर प्रदक्षिणा गराई देशमध्ये प्रतिवर्ष यात्रा गराया ।"

*वंशावली*को उपर्युक्त विवरणबाट अमर मल्लले आषाढकृष्ण अष्टमीको दिन प्रति वर्ष चलाउने गरी यात्रा चलाएको तथा वर्तमानमा प्रचलित त्रिशूलयात्राको प्रकृति एवं तिथिलाई दृष्टिगत गर्दा अमर मल्लले चलाए भनिएको यात्रा त्रिशूलयात्रा नै हो भन्ने देखिन्छ । त्रिशूलयात्राको अवसरमा हिजोआज तीनवटा खट तथा पाँच जना कुमार-कुमारी समावेश गर्ने चलन भए तापनि यो यात्राको शुरुवात गर्दा नौवटा रथ र त्यसमा नौ जना कुमार-कुमारी राख्ने व्यवस्था गरिएको कुरा *वंशावली*को माथिको विवरणबाट अवगत हुन्छ । त्यहाँ विस्तृत कुरा नदिए पनि यात्रा शुरू गर्नाको खास कारण "मङ्गलेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, वत्सलेश्वरी, पशुपतिनाथ खुशी निमित्त" भनिएकोले जनश्रुतिले कहँदै आएको कुरा अधिकांश सत्य हो भन्न सकिँदैन । प्रारम्भमा यो यात्राको नामै पनि अर्कै थियो । एक थरी *भाषावंशावली*मा त्यसलाई 'कुमारीयात्रा' भनिएको छ ।[९] यसलाई हेर्दा त्रिशूलयात्रा भन्ने नाम पछि दिइएको बुझिन्छ ।

अमर मल्ल काठमाडौंका मल्लकालिक राजा हुन् । कसै-कसैले अमर मल्लको उल्लेख *वंशावली*मा बाहेक अन्यत्र नपाइने हुनाले यिनको अस्तित्वमा शङ्का उठाएका छन् ।[१०] वंशावलीकारदेखि वर्तमानकालसम्मका धेरैजसो इतिहासकारले रत्न मल्लपछि उनका छोरा अमर मल्ल कान्तिपुरको गद्दीमा बसे, अमर मल्लपछि उनका छोरा सूर्य मल्ल राजा भए भनी लेखेका छन् । परन्तु यो कुरा ठीक होइन । रत्न मल्लपछि उनका छोरा सूर्य मल्ल राजा भए, त्यसपछि सूर्य मल्लका छोरा अमर मल्ल कान्तिपुरको गद्दीमा बसेका हुन् भन्ने कुरा सिद्ध भइसकेको छ ।[११] अमर मल्लको अर्को नाम नरेन्द्र मल्ल पनि थियो ।[१२]

अमर मल्लले कुमारीयात्रा (अहिले त्रिशूलयात्रा) प्रारम्भ गराएको केही समयपछि सो यात्राको अवसरमा एउटा घटना घट्यो । त्यसको सङ्केत *भाषावंशावली*मा पनि पाइन्छ । यस सम्बन्धमा विभिन्न जनश्रुति पाइन्छ । तिनीहरूमध्ये एउटा प्रसिद्ध जनश्रुति यहाँ प्रस्तुत गरिन्छ -

---

८ पं.देवीप्रसाद लंसाल (सम्पा.) *भाषावंशावली*, २ भाग, (काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३), १०० पृष्ठ ।

९ श्रीयज्ञप्रसाद रुपाखेतीले सारेर राखेको *भाषावंशावली*को ६९ पृष्ठमा लेखिएको छ ।

"ने सं. ६४७ (अरू वंशावलीमा यो मिति फरक छ) मा ती मुनि आचार्यले मृतसन्जीवनी औषधि लिन गएका वखतमा घरमा लोप भएका भनि मुर्दा लैजाने रीतसंग कुमारी यात्राका पछि चिन्हा पोल्न लगेका थिए । उसै दिं अमृतका घडा लिई ती मुनि आचार्य देवपाटनमा आइपुग्दा त्यो खवर सुनी अमृत घडालाई त्यहीं राखी आफू लोप भए । तेस ठाउँलाई "कुवकुदो" भन्दछन् ।"

१० D.R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: Firm K.L. Mukhopadhayay, 1966), pp. 34, 38.

११ धनवज्र वज्राचार्य, रामजी तेवारी आदि (सम्पा.), *इतिहास-संशोधनको प्रमाणप्रमेय*, (ललितपुर: जगदम्वा प्रकाशन, वि. सं. २०१९), १ पृष्ठ ।

१२ शंकरमान राजवंशी, "नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन्", *पूर्णिमा*, १ वर्ष, ३ अङ्क, (वि.सं. २०२१ कार्तिक), २९-३६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमर मल्लको समयमा भुवेश्वरीका पुजारी भूमि आचाजु थिए। एक दिन सदा झैँ नित्यपूजा गर्न उनी मन्दिरको आगम कोठाभित्र गए। दैवसंयोग त्यस दिन दीक्षा नलिएका उनका एक जना नाबालक छोरा पनि पछि लागेर गएछन्। भूमि आचाजुलाई यो कुरा थाहा भएन। उनी बलि क्रियाको लागि कालो बोका पनि डोराएर गएका थिए। उनी तन्त्रमन्त्रमा सिद्ध थिए। देवी प्रत्यक्ष भई सो दिन म कालो बोकाको बलि लिन्न तिम्रो पछि आउनेको बलि-दिन सक्छौ ? भनी सोधिन्। पुजारीले पछाडि हेर्न नहुने रीतिअनुसार पछाडि नहेरेरै स्वीकार गरे। पछाडि अर्को बोका जस्तै प्राणी रहेछ। उनले देवीको आज्ञाअनुसार त्यसैको बलि दिए। बलि दिइसकेपछि हेर्छन् त आफ्नो छोरा! त्यसपछि उनलाई ठूलो बिस्मात भयो। आफ्नो छोराको आफैले हत्या गर्नु ठूलो अपराध सम्झी जसरी भए पनि छोरालाई नबचाई भएन भनेर मृत शरीरलाई कसैले थाहा नपाउने गरी कोठामा राखी ताल्चा मारे र आफ्नी स्वास्नीलाई आफू केही दिनको लागि बाहिर जान लागेको तथा ताल्चा मारेको कोठा कुनै पनि हालतमा नखोल्नु भनी अह्राई उनी गए। स्वास्नीलाई त्यस कोठामा के छ भन्ने कुरा उनले बताएका थिएनन्। उनी अमृतको खोजीमा गए।

यता घरमा छोरा हराएको तथा जताततै खोजी गर्दा कहीँ पनि नपाएकोले खैलाबैला मच्चिन गयो। भूमि आजाजुकी स्वास्नीले माइतीसँग सरसल्लाह गरी लोग्नेले नखोल्नु भनेको कोठामा के रहस्य छ त्यो हेर्न आफू इच्छुक भएको बताइन्। माइतीपट्टिका मानिसहरूले पनि त्यसै गर्न सल्लाह दिए। कोठा खोलियो, आखिर हराएको छोरा काटिएको अवस्थामा त्यहीँ फेलापऱ्यो। सबैले भूमि आचाजुलाई धिक्कार्न थाले। त्यसपछि सबैको सल्लाहले मृतकको अन्तिम संस्कार गर्ने निधो गरे। त्यो दिन त्रिशूलयात्रा परेकोले यात्राको अघि लाश लग्न नहुने भएकोले पछि-पछि लगियो।

उता भूमि आचाजु आफ्नो छोरालाई जतिसक्दो चाँडो बचाउने विचारले दौडादौड गरेर मृतसञ्जीवनी ल्याउँदै थिए। कुवकुदो भन्ने ठाउँमा आएर उनी विश्राम लिँदै थिए कि देवपाटनतिरबाट हुलका हुल मानिस आएको देखे र त्यसको कारण जान्न सोधे। उनीहरूले भुवनेश्वरीका पुजारीले आफ्नो छोरालाई हत्या गरी ताल्चा मारी कोठामा बन्द गरी राखेको तथा आजैमात्र मृतकको दाहसंस्कार गरिएको, सबै जना त्यहीबाट फर्केको कुरा बताए। त्यो खवरले भूमि आचाजु अत्यन्त दुःखित भए र आफूले छोरालाई बचाउनको निमित्त ल्याएको अमृत काम नलागेको देखेर त्यहीँ घोप्टाइदिए। घोप्टाएको अमृत चौरमा परेकोले 'दूबो' अजम्मरी भयो। त्यस्तै चौरमा पोखिएको अमृत कागले खाएकोले काग पनि अजम्मरी भयो भन्ने जनश्रुति बूढाबूढी अझै कहन्छन्। भूमि आचाजुले छोरालाई जीवित तुल्याउन गरेको प्रयास राजाले पछि थाहा पाएर आफ्ना गुरु भूमि आचाजुको निष्कपटताको संस्मरणमा त्रिशूलयात्राको अवसरमा उनका मृतक छोराको लाशको प्रतीक बनाई लग्नुपर्ने चलन चलाए।

यो अनुश्रुति धेर-थोर परिवर्तनको रूपमा अनेक किसिमबाट प्रस्तुत गरिएको पाइन्छ। कसैले भूमि आचाजुको ठाउँमा बन्धुदत्त आचाजु, कसैले मुनि आचाजु आदि नाम पनि दिन्छन्। त्यस्तै लिच्छवि राजा नरेन्द्रदेव र उनको राज्यकालसँग उक्त अनुश्रुतिलाई जोड्न पुगेको पनि कतैकतै देखिन्छ। तर बन्धुदत्तको सम्बन्ध अन्य अनुश्रुतिहरूमा बुङ्मतीका रातो मत्स्छेन्द्रनाथसँग भएको तथा *भाषावंशावली*हरूमा त्रिशूलयात्राको प्रारम्भको समय एवं त्यस वेलाका राजाको नामको समेत चर्चा पाइएकोले बन्धुदत्तसँग त्रिशूलयात्राको सम्बन्ध जोड्न नमिल्ने देखिन्छ।

त्रिशूलयात्राको प्रारम्भ निश्चित रूपले कहिले भएको हो भन्न सकिन्न। *भाषावंशावली* मा अमर मल्लको राज्यकालमा भएको हो भन्ने कुरा लेखिएको छ। *वंशावली*मा भूमि आचाजुसम्बन्धी घटना कतै ने.सं. ६२७ (वि.सं.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५६४)[१३] कतै ने.सं. ६४७ (वि.सं. १५८४)[१४] कतै ने.सं. ६७७ (वि.सं. १६१४)[१५] मा भएको बताइएको छ । स्मरण रहोस्, सूर्य मल्लको ने.सं. ६५० (वि.सं. १५८६) कार्तिककृष्ण एकादशीमा मृत्यु भएपछि अमर मल्ल गद्दीमा बसेका हुन् । यिनले ने.सं. ६७५ (वि.सं. १६१२) सम्म राज्य गरेका थिए । यसबाट *वंशावली*हरूले दिएको तीनवटै समय अमर मल्लको राज्यकालसँग सामञ्जस्य राख्दैन ।

त्रिशूलयात्राको प्रचलित अनुश्रुति मुख्यतः राक्षस र भूमि आचाजुसँग सम्बन्धित भएको देखिन्छ । तर सूक्ष्मसँग यो यात्राको अध्ययन गर्ने हो भने यो केवल त्यतिमै सीमित छैन । कृषि प्रधान देश भएको हुनाले राम्रो बालीको लागि वर्षाको कत्तिको महत्त्व छ भन्ने कुरा बताउनु पर्दैन । हुन त अहिले त्रिशूलयात्राको यो पक्षलाई सबैले बिर्सेको अनुभव हुन्छ । तर आषाढ महीनाको 'भलभलाष्टमी' नामले प्रतिष्ठित तिथि त्रिशूलयात्राको दिन पर्नु, यात्रामा डङ्गोल, महर्जन आदि कृषिसँग सम्बन्धित वर्गहरूको बढी सहभागिता रहनु, यात्राको अवधिभर लाशको प्रतीकस्वरूपको खटमा शिवलिङ्गलाई गोप्य रूपले राखी वाग्वतीमा पुऱ्याउनु र देशभर (देवपाटन) घुमाउनु आदि विशेषताहरूलाई हेर्दा माथिको कुराको पुष्टि हुन्छ । त्यस्तै त्रिशूलयात्राको दिन पानी पर्छ भन्ने आम धारणाले पनि त्यसैलाई इङ्गित गर्दछ ।

यो यात्रामा केटाकेटीदेखि बूढाबूढीसम्मलाई मनपरी बोल्न छुट भने जस्तै छ । प्रौढ एवं वयोवृद्धहरू भट्याई-भट्याई केटाकेटीहरूलाई मनपरी बोल्न उक्साउँछन् । यस सम्बन्धमा उनीहरू कोही देवपाटनका केटाकेटी खाने राक्षसलाई गाली गरेकी भन्छन् भने कोही भूमि आचाजुको स्वास्नीका माइती जसले बन्द कोठामा राखेको भूमि आचाजुका मृतक छोराको दाहसंस्कार गर्न सल्लाह दिएका थिए उनीहरूलाई गाली गरेको भन्छन् । तर धर्म-संस्कृतिसँग सम्बन्धित भएको धार्मिक यात्रामा त्यस किसिमको मनपरी गाली गर्न उक्साउनु र त्यसलाई परम्परा भनी अँगाल्दै रहनु कुनै पनि दृष्टिकोणले उपयुक्त छैन । संस्कृति र परम्परा राम्रो र सुसंस्कृत भयो भने त्यसमा सबैको सद्भाव रहन्छ । त्यसको विपरीत हुँदा विस्तार–विस्तार जनरुचिसमेत घट्न गई त्यो परम्परा नै विलुप्त बन्दछ । यो कुरा ध्यान दिन लायक छ । त्रिशूलयात्राको सम्बन्धमा पनि त्यस्तै हुँदैछ । बूढापुरानाहरूबाहेक अरूले श्रद्धा र आस्था कम देखाउँदै छन् ।

त्रिशूलयात्रा छुटगूठीअन्तर्गत पर्दछ । आजकल यसको सञ्चालनको केही खर्च गूठीसंस्थानले भुवनेश्वरीका पुजारीलाई दिन्छ । उनैमार्फत यो यात्रा सञ्चालन हुने गरेको छ । त्रिशूलयात्राको आवश्यकीय अङ्ग खटमा राखिने कुमार-कुमारी हुन् । खटमा सामान्य काठको भरमा नाबालक केटाकेटीहरूलाई राख्नुपर्ने तथा जाँड-रक्सीले मात्तिएका व्यक्तिहरूले खट बोक्ने आदि कारणहरूले केटाकेटीहरूको जीवन खतरापूर्ण महसूस गर्न थालेकाले यात्राको लागि अवश्यक पर्ने केटाकेटी अभिभावकहरूले नदिने हुनाले पनि त्रिशूलयात्रा समाप्तिको दिशातिर जाँदैछ । विगत वर्षहरूमा खट ढल्न जाने स्थिति भई केटाकेटीहरू असुरक्षित बन्न गएकोले त झन् यो यात्रा सञ्चालनमा बाधा पर्न जाने अवस्था बढ्दै गएको छ ।

एकाध वर्षयता खटमा बस्ने केटाकेटीहरूलाई जनही रु. १२०।- तथा लुगा दिई आकर्षण गराइएको थियो । तर अब त्यसरी पनि केटाकेटी नपाउने भएकोले आजकाल यात्रा सञ्चालन धरमरको स्थितिमा छ । खट बोक्ने प्रत्येकलाई केही न केही रुपैयाँ दिनुपर्छ । यात्रा चलाउन आवश्यक पर्ने रकम गूठीसंस्थानबाट प्राप्त नहुने तथा पहिलेभन्दा सहभागिता अनेकौं कारणले गर्दा कम हुँदै गएकोले पनि त्रिशूलयात्रामा सुस्तिपना बढ्दो छ ।

---

१३ पं. देवीप्रसाद लंसाल (सम्पा.) पूर्ववत्, पादटिप्पणी ८ सङ्ख्या, ५३ पृष्ठ ।

१४ श्री यज्ञप्रसाद रुपाखेतीले सारेर राखेको *भाषावंशावली*को ६९ पृष्ठमा यो घटना ने.सं. ६७७ (वि.सं. १६१४) मा घटेको बताइएको छ ।

१५ Daniel Wright, *History of Nepal*, Second Indian Edition, (Calcutta: Susil Gupta Pvt. Ltd, 1958 A.D.), p. 123.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो यात्राको एउटा विशेषता के पनि छ भने लाशको प्रतीकको रूपमा रहने खटमा भएको 'मु:स्वाँ' लाई वाग्वतीमा सेलाएपछि मु:स्वाँको याम गयो भनी नयाँ फूल नफूलुन्जेल त्यसको प्रयोग गर्दैनन् ।

१३.२ गङ्गामाईयात्रा

प्रत्येक वर्ष आषाढशुक्ल सप्तमीको दिन देवपाटनमा गङ्गामाईको यात्रा सम्पन्न हुन्छ । वैदिक संस्कृतिमा गङ्गाको अत्यधिक महत्त्व छ । यसैले नै नदीनाला समुद्रलाई पवित्र, माङ्गलिक र तीर्थको स्वरूप हुन् भनेर मानिएको छ । पशुपतिनाथमन्दिरको पूर्वपट्टि स्थित वाग्वतीको किनारमा गङ्गामाईको गुम्बज शैलीको सानो आकारको मन्दिर रहेको छ । त्यही मन्दिरबाट गङ्गामाईको यात्रा प्रारम्भ हुन्छ । यसबाट के थाहा हुन्छ भने सो मन्दिरको स्थापनापश्चात् नै गङ्गामाईको यात्रा शुरू भएको हो । मन्दिरभित्र गङ्गामाईको सङ्गमर्मरको मूर्ति रहेको छ । यो मन्दिरको स्थापना कसले गरेको हो त्यस बारेमा बताउने सामग्री पाइएको छैन । तर मन्दिरको ढोकाको खापामा वि.सं १९०५ मा वुद्ध गिरी बाबाले गङ्गामाई प्रीति गरी ढोका राखेको अभिलेख कुँदेको[१८] तथा मन्दिर एवं मूर्तिको शैलीलाई हेर्दा गङ्गामाईको मन्दिर विक्रमको बीसौं शताब्दीको पूर्वार्द्धमा निर्मित भएको देखिन्छ । केही स्थानीय बूढापाकाहरू यो मन्दिरको स्थापना गङ्गारानी नामकी व्यक्तिले गरेको बताउँछन् । जङ्गबहादुरकी एउटी स्वास्नीको नाम गङ्गादेवी थियो । उनले आर्यघाटपारि गङ्गेश्वर नामको शिवालय बनाएकी थिइन् । सम्भवत: यो मन्दिर उनैको कृति हो । अनावृष्टि, अतिवृष्टि जस्ता प्रकोप नहोऊन् भन्ने उद्देश्यबाट यो यात्रा गरिएको हो भन्ने कुरा बूढाबूढीहरू अझै भन्दैछन् । हुन पनि आषाढ महीनामा हुने भएकाले अरू यात्राहरूको झैं यसको पनि त्यही हेतु रहेको हुनुपर्ने अनुमान सहजै गर्न सकिन्छ । पछिल्लो कालमा प्रारम्भ गरिएको यात्रा भएकोले *भाषावंशावली*हरूमा यसको विवरण पाईंदैन । न देवमाला आदि पछि लेखिएको *वंशावली*हरूमा नै यसको कुनै उल्लेख पाइन्छ ।

देवपांटनमा अरू यात्राभन्दा यसमा रौनकता थप्ने र शोभा बढाउने काम शार्दुलजङ्ग कम्पनी (पहिले गुरुज्यूको पल्टन) को उपस्थितिले गरेको छ (चित्रसङ्ख्या २१९) । यात्राको प्रारम्भ हुनुअघि पशुपतिभण्डारतहबिल तैनाथका कुसलेहरू बाजा बजाउँदै यात्रा सञ्चालनको स्वीकृतिको लागि पशुपतिनाथका मूलपुजारीकहाँ जानुपर्ने चलन छ । मूलपुजारीले स्वीकृति दिएपछि तिनीहरू बाजा बजाउँदै पशुपतिमन्दिरलाई प्रदक्षिणा गरी पूर्वपट्टिको ढोकाबाट गङ्गामाईमन्दिरमा जान्छन् । यात्राको अवसरमा निकालिने ढलोटको मूर्ति त्यस वेला मन्दिरमा ल्याएर राखिसकिएको हुन्छ । बाजागाजासाथ आएका भुवनेश्वरीको पुजारी कर्माचार्यले सो ढलोटको मूर्ति बोकेर बाजाको साथ वज्रघरअगाडि खट राखेको ठाउँमा पुगी मूर्तिलाई खटमा विराजमान गराउँछन् । गङ्गामाई खटमा विराजमान गराइएको शुभअवसरमा शार्दूलजङ्ग कम्पनीका जवानहरूले हर्षबढाइँ स्वरूप दुइ पटक आकाशमा बन्दुक पड्काउँछन् । गङ्गामाईको दर्शन गर्न उपस्थित भएका श्रद्धालु भक्तजनहरूले दर्शनपूजन सकेपछि यात्राको प्रारम्भ हुन्छ (नक्सासङ्ख्या २छ) ।

देवपाटनमा हुने अरू यात्राहरूमा भन्दा यो यात्राको बाटो अलि फरक छ । वज्रघरबाट पूर्वपट्टि हुँदै पञ्चदेवलको पूर्वपट्टिको मूल बाटो, लामपोखरी, वनकाली, गौशाला, जयवागीश्वरी, नवालीटोल हुँदै ताम्रेश्वरको मन्दिरको प्रदक्षिण गरेर नवालीटोल, जयवागीश्वरी, दथुटोल, पाँचुटोल हुँदै पशुपतिनाथमन्दिरको पश्चिमपट्टिको मूलढोकामा पुर्‍याइन्छ । वत्सलेश्वरी, वज्रेश्वरीयात्राको जस्तो बाटोमा पर्ने वासिन्दाहरूले त्यति पूजा नगर्ने हुनाले यो यात्रा सकिन धेरै समय लाग्दैन । पशुपतिनाथमन्दिरको पश्चिमपट्टिको मूल ढोकामा एकछिन विश्राम गरेपछि लगनलाछी, भुवनेश्वरीटोल हुँदै वज्रघरमा पुगेपछि खटलाई तल झिकिन्छ । सो अवसरमा पुन: आकाशमा दुइ पटक बन्दुक पड्काउने चलन छ । यात्राभर शार्दुलजङ्ग कम्पनीका जवानहरूले अगुवाइ गरेका हुन्छन् । श्रद्धासाथ कुसलेवाजा,

---

१८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २२२ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसाईबाजा, डङ्गोलबाजा, दमाईंबाजा बजाउनेहरू शोभायात्रामा सामेल हुने हुनाले यात्रालाई भव्यता थपेको स्पष्ट देखिन्छ । देवपाटनमा हुने अरू यात्राभन्दा भिन्न यसको पाङ्ग्रावाल रथ छ । त्यसैले केटाकेटीहरू रौस मानीमानी रथ तान्न सक्रिय देखिन्छन् ।

यात्रालाई राजकीय सम्मान प्रदान गर्ने काममा हनूमान्‌ढोकाबाट गद्दिनसिन राजाको प्रतीकस्वरूपको खड्ग र दुइवटा छडी ल्याइन्छ । खड्गलाई रथमा नै राखेको हुन्छ भने छडीचाहिँ छडीवालले यात्रामा बोकेर हिँड्छन् । केही दशकअगाडिसम्म यो यात्राको अवसरमा समयबजी र तिलौरी प्रशस्त बाँडिन्थ्यो । तर आजकल औपचारिकतासम्म पुर्‍याइन्छ । यात्रामा बाजा बजाउने, रथ तान्नेहरूलाई एक-दुइ मुठी दिइन्छ, अरूलाई भने दिने चलन अब छैन । पहिले-पहिलेको यात्रा हेर्ने अनुभवीहरू बताउँछन् उहिले मुरीका मुरी समयबजी, तिलौरी बाँडिन्थ्यो । त्यसले गर्दा एकातिर यात्रामा सहभागी हुनेहरू बढी हुन्थे भने अर्कोतिर केटाकेटीहरूलाई मनोरञ्जन गराउने साधन बन्दथ्यो । यसरी उत्साह र उमङ्गले यात्रा सम्पन्न हुन्थ्यो ।

यो यात्रा चलाउन गूठीसंस्थान, पशुपतिअमालकोटकचहरी एवं पशुपतिगोश्वाराले सहयोग गर्नुपर्ने गराइएको छ । त्यस निमित्त गूठीसंस्थान र पशुपतिअमालकोटकचहरीले पचास-पचास रुपैयाँ उपलब्ध गराउँदै आएका छन् भने पशुपतिगोश्वाराले यात्राअगाडि रथको सम्भार गरिदिएर सहयोग पुर्‍याउनुपर्दछ । रथ तान्न चाहिने डोरी गूठीसंस्थानले दिने गरेको छ । रुपैयाँको दृष्टिले भन्दा धार्मिक भावनाको कारणले गर्दा कतिपय यात्राहरू चलिरहेको प्रसङ्गमा देवपाटनको गङ्गामाईको यात्रामा पनि त्यही कुरा घट्छ । यात्राको सामान्य पूजाविधान गर्न समेत नपुग्ने रकमको सहयोग प्राप्त भए तापनि परम्परा हो, यात्रा रोक्नु हुन्न भन्ने धारणाअनुसार आर्थिक सङ्कटको विपरीत पनि प्रत्येक वर्ष यात्रा सञ्चालन भइरहेको छ । तर यसको पनि सीमा हुने भएकोले धार्मिक-संस्कृतिक सम्पदाको रूपमा रहेका यस्ता यात्रा-चाडपर्वहरूलाई जीवन्तता प्रदान गर्न सम्बन्धित निकायहरूबाट सक्दो सहयोग उपलब्ध गराइदिनु अपेक्षित छ ।

यो यात्रामा शार्दुलजङ्ग कम्पनीका जवानहरू सम्मिलित हुने तथा राजाको प्रतीकस्वरूपको खड्गसमेत राख्नुपर्ने राजकीय प्रचलनलाई हेर्दा यस मन्दिर एवं यात्राको प्रारम्भ राजपरिवार वा तात्कालिक शासक परिवारको तर्फबाट भएको थियो कि भन्ने सङ्केतको पुष्टि हुन्छ ।

१३.३ उपाको वनेगु

देवपाटनमा हुने परम्परागत यात्राहरूमा 'उपाको वनेगु' यात्रालाई महत्त्वपूर्ण यात्राको रूपमा लिन सकिन्छ । नेवारी समुदायमा यो यात्रा अत्यन्त प्रसिद्ध छ । 'उपाको' को शाब्दिक अर्थ के हो स्पष्ट भन्न सकिन्न । किनभने यो शब्द यही यात्राको प्रसङ्गमा प्रचलित भए तापनि अहिलेको बोलीचालीको नेवारी भाषामा अप्रचलित भइसकेकोले यसको मूलअर्थ पत्ता लगाउन गाह्रो छ । भाद्रशुक्लद्वादशी जसलाई वामनद्वादशी पनि भनिन्छ सोही दिनको साँझपख पितृहरूको आत्मिक शान्ति एवं मुक्तिको लागि इच्छा राख्ने उनीहरूको परिवारका सदस्यहरूको सहभागितामा यो धार्मिक यात्रा सम्पन्न हुन्छ । यो यात्रामा आफ्नो बस्ती वा शहरको बहिरी क्षेत्रमा अवस्थित देवीदेवताको स्थानहरूमा बत्ती बाल्ने र पूजा गर्ने काम हुन्छ । काठमाडौँ, हाँडिगाउँ र देवपाटनमा 'उपाको वनेगु' यात्रालाई श्रद्धाभक्तिसाथ प्रत्येक वर्ष सञ्चालन गर्ने चलन अद्यापि छ । अब यहाँ देवपाटनमा हुने 'उपाको वनेगु' यात्राबारे सङ्क्षिप्त रूपमा चर्चा गर्नुपरेको छ ।

'उपाको वनेगु' यात्रा व्यक्तिगत रूपमा नभई समूहगत रूपले सञ्चालन हुन्छ । यो यात्रा सो वर्ष मरेका पितृहरूको उद्धारको लागि बाँचेका परिवारहरूले मिलेर गर्छन् । मरेका घरका बाँचेका परिवारहरू जम्मा भई सर-सल्लाह गरी केही रकम जम्मा गर्छन् । त्यो सङ्कलित रकमले आवश्यक पर्ने सामग्री जोरजाम गर्ने, यात्रा समाप्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको भोलिपल्ट भोज खाने आदि काम गर्दछन् । यो यात्रामा एउटै समूह मात्र संलग्न नभई विभिन्न समूहहरू सहभागी हुन सक्छन् । केही दशकअगाडिसम्म उपाको वनेगु यात्रामा यस्ता विभिन्न समूह सहभागी भएको देखिन पाइन्थ्यो । तर अहिले एउटै समूह देखिन पनि गाह्रो हुँदै जान लागेको छ । यात्रामा भाग लिने सबै जना निश्चित ठाउँमा जम्मा हुन्छन् । यात्रामा संलग्न हुनको लागि उमेर, लिङ्गको कुनै बन्देज छैन । यात्रामा सामेल हुन चाहने जो पनि भाग लिन सक्छन् । तर हिँड्न सक्ने चाहिँ हुनुपर्छ । किनभने यात्रामा लामो दूरी पार गर्नुपर्ने हुन्छ । यात्रामा भाग लिने स्वास्नीमानिसहरूले पूजासामग्री राखिएको कोटाल लिएका हुन्छन् । केटाकेटीहरू र लोग्नेमानिसहरूले चिरागवत्ती लिएका हुन्छन् । कोही जाँडको गाग्री लिएर सामेल हुन्छन् ।

देवपाटनको 'उपाको वनेगु' को आफ्नै बाटो र जाने निश्चित स्थान छन् । त्यसैले यो सबै थाहा पाएको, जानेबुझेको मानिस जानु आवश्यक पर्ने भएकोले पाइएसम्म त्यस्तो मानिसलाई यात्रामा सामेल गराउने प्रयास गरिन्छ । देवपाटनको 'उपाको वनेगु' को प्रारम्भ इनागालको गणेशस्थानबाट हुन्छ । इनागाल गुह्येश्वरीको उत्तरपट्टिको फाँटमा रहेको छ । त्यहाँ पुग्न गौरीघाटस्थित बालश्मशाननिरको गोरेटोबाट जान्छन् । त्यहाँबाट वाग्वती तरेर गुह्येश्वरी प्रदक्षिणा गरी उत्तरपट्टि मूलसडकभन्दा पूर्वतिरको गोरेटो भई वाग्वतीको किनारबाट मृगस्थलीको पूर्व सिमाना पुगी ठाउँ-ठाउँमा पूजा गर्छन्, बत्ती बाल्छन् । अहिले त्यहाँ केही देखिँदैन, परन्तु पहिले त्यहाँ धार्मिक महत्त्वका स्थल हुनुपर्ने अनुमान गर्न सकिन्छ । कहीं केही अवशेष पनि देखिन्छ । अहिले कालीप्रसादगण बसेको व्यारेकको पूर्वपट्टि भएर गौशालाबाट गौचर जाने पुरानो बाटो भई तिलगङ्गास्थित त्रिविक्रममूर्तिमा पूजाआजा र बत्ती बाल्ने काम गर्छन् । वामनद्वादशीको अवसरमा यो यात्रा हुने हुनाले अरू ठाउँहरूमा भन्दा त्रिविक्रमको मूर्तिमा अलि धेरै समय लगाई विशेष रूपबाट पूजा गर्छन् । त्यहाँ पूजा सकी वाग्वतीको पूर्वी किनार हुँदै वत्सला, मङ्गलेश्वरीमा पूजाआजा गरी त्यहाँबाट पशुपतिमा गई प्रदक्षिणा गरी दक्षिणपट्टिको ढोकाबाट निस्की भस्मेश्वर हुँदै राजराजेश्वरी पुग्छन् । त्यहाँको पूजा सकिएपछि वज्रेश्वरीमा जान्छन् । त्यसपछि वनकालीमा केही बेर विश्राम लिएपछि वज्रेश्वरीको पश्चिमपट्टिस्थित गोरेटो बाटो हुँदै मध्यलखुमा यात्रा जान्छ । त्यहाँको प्रदक्षिणा र पूजाआजापश्चात् मूल बाटो हुँदै बत्तीसपुतली राममन्दिरको दक्षिणपट्टिको दोस्रो कच्ची बाटो भई रामन्दिरमा पुग्छन् । अरू ठाउँमा झैं त्यहाँ पनि बत्ती बाल्ने अक्षता, फूल चढाउने काम सकेपछि मूल बाटो निस्केर मैतीदेवी पुग्छन् । त्यहाँ प्रदक्षिणा, पूजाआजा गरेपछि ज्ञानेश्वर उकालो उक्ली सानोगौचरको पूर्वी मूल बाटो हुँदै कालोपुल भई भण्डारेश्वर, सिफल, कोटुबहाल, चन्द्रविनायक, धन्दोचैत्य भएर जयवागीश्वरी पुगेपछि यात्रा सकिन्छ । भण्डारेश्वर, कोटुवहाल, चन्द्रविनायक, धन्दोचैत्य तथा जयवागीश्वरीमा बत्ती, फूल-अक्षता चढाई पूजा गर्ने काम गर्छन् ।

यात्रामा बाजागाजा बजाउने समूह पनि सामेल हुन्छन् । त्यसले यात्रामा रौनकता थपेको हुन्छ । बाटो-बाटोमा साथमा लिएर गएको जाँड-रक्सी बाँडिन्छ । सहभागीहरू बाटोमा पनि पिउँदै-पिउँदै हिड्छन् । धार्मिक यात्रामा जाँड-रक्सीलाई प्रोत्साहन दिएको देख्दा आश्चर्य लाग्दछ । तर जाँड-रक्सी नेवारी समाजमा उनीहरूका लागि एक किसिमले संस्कारै बनिसकेकोले त्यसलाई संस्कृतिभित्रकै अङ्ग मानिन्छ । 'उपाको वनेगु' को अवसरमा काँचो पालामा बत्ती बाल्छन् । यात्रा सकिएको भोलिपल्ट भोज खान्छन् । 'उपाको वनेगु' को बाटो (नक्सासङ्ख्या २ ज) लाई हेर्दा यसले सो क्षेत्रको सीमालाई पनि केही हदसम्म इङ्गित गरेको बुझिन्छ । कसै-कसैले यो यात्रा परम्पराको रूपमा अवलम्बन गरिरहेको क्षेत्रमा त्यसले पुरानो शहरको पूरै क्षेत्रलाई बुझाउँछ भनेका छन् ।[१७] तर समयको लामो अन्तरालको कारण एवं पुरानो बाटोहरूमा भएको अतिक्रमण तथा तिनीहरूको अस्तित्व कतिपय ठाउँमा विलीनसमेत भएको हुनाले पूरै क्षेत्रलाई समेट्न नसक्ने कुरा स्पष्ट छ (नक्सासङ्ख्या २ज) ।

---

१७ Mary Shephard Slusser, *Nepal Mandala: A Cultural Study of the Kathmandu Valley*, Vol. I, (New Jersey: Princeton University Press, 1982 A.D.), p. 93.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३.४ गणेशयात्रा

देवपाटनमा सम्पन्न हुने यात्राहरूमा 'गणेशयात्रा' लाई महत्त्वपूर्ण यात्राको रूपमा लिइन्छ । यो यात्रा देवपाटनको उत्तरी भागसँग सम्बन्धित छ । यसैले यसको मुख्य केन्द्र अहिलेको चाबहिल क्षेत्र हो । यो यात्राको प्रारम्भ काठमाडौँका मल्ल राजा भूपालेन्द्र मल्लले गरेका हुन् भन्ने कुरा *भाषावंशावली*बाट बुझिन्छ । त्यहाँ लेखिएको छ[१८]– "(भूपालेन्द्र मल्लको पालामा) वत्सलेश्वरीको यात्रा जगाएको वर्ष ४ पछि रानीकन स्वप्न भयो र राजा रानी दुवै गई श्रीपशुपतिनाथकन पूजा गरी श्वेतविनायक कवच मूर्ति बनाई धेरै गूठी राखी बाडाहरुकन गुठियार गरी कार्तिकशुक्ल पूर्णिमामा र प्रतिपदाका दिन प्रतिवर्ष रथ यात्रा गराया । यही यात्रा गराउन जाँदा रजिकहरू मिलि बिन्ति गर्दा राजाले रजिक कूप बनाई दिया ।" *वंशावली*मा यो यात्रा कार्तिकशुक्लपूर्णिमा र प्रतिपदाका दिन हुने भनिएको छ । तर हिजोआज कार्तिककृष्णपक्षको परेवाको दिन शुरू भई द्वितीयाको दिन समाप्त हुने गरेको छ । *वंशावली*को लेखाइ र वास्तविकतामा फरक किन पर्न आयो भन्न सकिन्न । गणेश वैदिक पाञ्चायन देवगणमध्येका हुन् ! उनलाई महायान सम्प्रदायमा पनि स्वीकारिएको छ । त्यसैले होला यो यात्राका गुठियारहरू चाबहिलविहारका शाक्यहरू छन् ।[१९]

यात्राको प्रारम्भको दिन अर्थात् कार्तिककृष्णपरेवाको दिन पालोवाला गुठियारको घरबाट गणेश र भैरवलाई अलग-अलग विराजमान गराइएको खट बाजागाजासहित ल्होसला (चन्द्रविनायक)[२०] मन्दिरमा लगी परिक्रमा गराइसकेपछि दक्षिणपट्टिको खुला प्राङ्गणमा खटमै राखी खुशीको भान पार्ने गरी यताउता घुमाइन्छ । खटमा ल्याइएका गणेश र भैरव छुट्टा-छुट्टै गूठीद्वारा चलेका छन् । त्यसैले ती दुवै मूर्तिहरू अलग-अलग व्यक्तिकहाँ राखिन्छ । ती दुवै घर शाक्य थरका छन् । चन्द्रविनायकमन्दिरको प्राङ्गणमा खुशीयालीस्वरूपको नचाउने काम सकिएपछि सो मन्दिरको उत्तरपट्टिको गोरेटो बाटो भएर त्यसैदेखि उत्तरमा रहेको गङ्गाहिटी नामको ढुङ्गेधारामा दुवै खटलाई पुऱ्याइन्छ । त्यहाँ गणेश र भैरवलाई स्नानादि गरिसकेपछि चन्द्रविनायकको प्राङ्गणमा गणेश र भैरव दुवैलाई सर्वसाधारणको दर्शनको लागि राखिन्छ । श्रद्धालु भक्तजनहरू दर्शनपूजनको लागि जम्मा हुन्छन् । क्षमता र श्रद्धाअनुसार पूजा गर्ने क्रम दिनभरि जसो नै चल्दछ । अपराह्णतिर खटयात्रा पुनः शुरू हुन्छ ।

गुठियारहरूको प्रमुख सहभागितामा खटयात्रा सञ्चालन हुन्छ । खटयात्राको क्रममा चन्द्रविनायकमन्दिरबाट शुरू गरी मूल सडकै-सडक चुच्चेपाटीभन्दा केही परसम्म पुऱ्याई त्यही बाटो भएर चाबहिल चौइबाटोबाट भगवान्स्थानअगाडिको मूल बाटो हुँदै कसाईटोल (आजकल मित्रपार्क) बाट पश्चिमपट्टिको कच्चीबाटो हुँदै भूँलाखेल पश्चिमस्थित गल्छेडोबाट चाबहिलविहारको उत्तरपट्टिस्थित मण्डपमा अलग-अलग गरी दुवै खटलाई राखिन्छ । केही वर्ष अगाडिसम्म भैरवको खटबाहेक गणेशको खटलाई कसाईटोल हुँदै जयवागीश्वरी, दथुटोल, पाँचुटोल, लगनलाछी हुँदै पशुपतिनाथमन्दिरको पश्चिम ढोकामा पुऱ्याई त्यहाँबाट फर्काई भुवनेश्वरीटोल, बालकुमारीस्थान हुँदै नवालीटोल, तपाखेल लगी देवपाटनका अरू यात्रामा झैँ यो यात्रामा पनि खटलाई भण्डारखालको पर्खालमा तीन ठक्कर लगाई सिफल हुँदै कोटुबहालदेखि दक्षिणस्थित कच्चीबाटोबाट भूँलाखेल पश्चिमको गोरेटो बाटो हुँदै चाबहिलविहारको उत्तरपट्टिको मण्डपमा राखिन्थ्यो । तर केही वर्ष भयो आवश्यक जनशक्तिको अभावले गर्दा पशुपति र त्यसवरपरका बस्तीमा लग्ने कार्यमा अवरोध आएको छ । सो दिन रातभरि नै दुवै खटलाई त्यहीं राखिन्छ । भनिन्छ, दश-बाह्र वर्ष-अगाडिसम्म त्यही दिन सिन्दूरयात्रासमेत गरी यात्रा सक्ने चलन थियो । त्यसै वेलातिर सिन्दूरयात्रालाई भोलिपल्ट अर्थात्

---

१८ पं. देवीप्रसाद लंसाल (सम्पा.), पूर्ववत्, पादटिप्पणी ८ सङ्ख्या, १०० पृष्ठ ।

१९ चाबहिलले स्थानविशेषको नाउँलाई पनि सङ्केत गर्दछ । यो नाउँ 'चाबहिल' नामको बौद्ध धर्मसँग सम्बन्धित वहिलको नामबाट राखिएको हो ।

२० यो गणेशलाई 'श्वेतविनायक' पनि भन्ने चलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयाको दिन गर्ने चलन चलाइयो । द्वितीयाको दिन चाबहिलको मण्डपमा राखिएको गणेश एवं भैरवलाई अर्को खटमा राखी सिन्दूरयात्राको निमित्त नगर परिक्रमा गराइन्छ । स्थानीय व्यक्तिहरूले सो परिक्रमाको अवसरमा गणेश एवं भैरवलाई सिन्दूर चढाउँछन् तथा यात्रामा संलग्न व्यक्तिहरूले आपस-आपसमा सिन्दूर लगाएर रङ्गमङ्गिएका हुन्छन् । सिन्दूरयात्रा सकिएपछि यात्रा सकिन्छ । यात्रा सकिएपछि खटयात्रामा समावेश गरिएका मूर्तिहरूलाई गुठियारहरूले आ-आफ्नो घरमा लग्छन् ।

खटयात्राको अवसरमा खटलाई रङ्गीबिरङ्गी कपडाले सिङ्गारी खटको माथि छाताहरू राखिएको हुन्छ । त्यस वेला हर्षोल्लाससाथ आ-आफ्नो घरअगाडि लिपपोत गरी राखेका हुन्छन् । त्यसरी जहाँ-जहाँ लिपपोत गरेको छ, त्यस्ता ठाउँमा खट रोकिन्छ र पूजा गरिन्छ ।

यात्राको अवसरमा निकालिने गणेशको मूर्तिलाई कार्तिककृष्णतृतीयाको दिन गुठियारमध्येका थकालीको घरमा लगी सफा-सुग्घर गर्ने चलन छ । गणेशयात्राका गणेश चाबहिलस्थित चन्द्रविनायक नामले प्रसिद्ध विनायकको प्रतिकृति हो भन्ने कुरा *वंशावली*को विवरण[२१] एवं उक्त गणेशलाई चढाइएको गर-गहनामा आएको समान नामबाट थाहा हुन्छ ।[२२] यी गणेशलाई विभिन्न नामले सम्बोधन गरेको पाइन्छ । गणेश्वर,[२३] रक्तविनायक,[२४] चन्द्रविनायक,[२५] चाबहिल गणेश,[२६] ल्होसला गणेश,[२७] श्वेतविनायक[२८] आदि नामहरू मुख्य छन् । गुठियारको थकालीको घरमा मूर्तिलाई सफा-सुग्घर गरिसकेपछि पूजा गरिन्छ । त्यसपछि बत्ती भित्र्याइन्छ । सो कार्य गरेपछि सो वर्षको यात्राको अवसरमा गुठियारहरूको तर्फबाट गर्नुपर्ने विधिविधानहरू समाप्त भएको मानिन्छ । यात्रामा निकालिने पुरानो मूर्ति वि. सं. १९०२ मा चोरियो । पछि त्यसको लागि नयाँ मूर्ति बनाइयो ।[२९] यो काम पनि वि.सं. १९०२ मा गरिएको थियो ।[३०] गणेशयात्राको साइत दिने काम पशुपतिअमालकोटकचहरीले गर्छ ।[३१] यस यात्राका गुठियारहरू शाक्य परिवारका छन् । अहिले गणेशबहादुर शाक्य थकाली छन् । यात्रा चलाउने पालो एक-एक वर्षको छ । यो यात्रा चलाउन करीब साढेचार रोपनी जति जग्गा गूठी राखिएकोमा करीब चार रोपनी तारागाउँहोटल निर्माण हुँदा अधिग्रहण भयो । मोहीले लिने भाग कटाई मुआब्जा पाएको चार हजार रुपैयाँ बैङ्कमा राखिएकोले त्यसैको व्याजबाट यात्रा चलाउने काम गुठियारहरूले जिनतिन गरिरहेका छन् ।

१३.५ गुह्येश्वरीयात्रा

पशुपतिनाथमन्दिरको पाउभर पूर्वमा वाग्वतीको दक्षिण किनारमा गुह्येश्वरीको मन्दिर रहेको छ । काठमाडौं

---

२१ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, ५३ पृष्ठ ।

२२ गणेशयात्राको अवसरमा पहिन्याइने गरगहनाहरूमा चाबहिल गणेश, चन्द्रविनायक आदि नाम कुँदिएका छन् ।

२३ शंकरमान राजवंशी (सम्पा.), *कान्तिपुर-शिलालेख-सूची,* (काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०१७), ९५ पृष्ठ ।

२४ पं. सोमनाथ सिग्द्याल (सम्पा.), *सपरिचय सुधार कार्य विवरण,* (काठमाडौँ: सोमनाथ सिग्द्याल, वि.सं. २०१७), १९ पृष्ठ ।

२५ *ऐजन,* १८ पृष्ठ ।

२६ परिशिष्टभाग, अभिलेखखण्ड (क), २२९ सङ्ख्या ।

२७ शंकरमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २३ सङ्ख्या, १५३ पृष्ठ ।

२८ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, १०० पृष्ठ ।

२९ परिशिष्टभाग, अभिलेखखण्ड (क), २०७ सङ्ख्या ।

३० *ऐजन* ।

३१ यात्राको साइत लिन पालोवाला गुठियार कार्तिककृष्ण एकादशी वा द्वादशीको दिन पशुपतिअमालकोटकचहरीमा जानुपर्दछ । यात्रा प्रारम्भ गर्ने वेलामा त्यस कचहरीका द्वारे पुगेपछि यात्रा शुरू गरिने प्रचलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधित्यकाका प्रसिद्ध पीठहरूमा गुह्येश्वरीको गणना हुन्छ । तलेजु तथा देगुतलेजु जस्तै गुह्येश्वरी पनि शक्तिको एक रूप हो । यसैले राजा प्रताप मल्लले ने.सं. ७७४ (वि.सं. १७११) मा त्यहाँ कुँदाइ राखेको अभिलेखमा अङ्कित गुह्येश्वरीस्तोत्रमा चण्डिका, कालिका आदि नामद्वारा उनलाई सम्बोधन गरिएको छ । गुह्येश्वरीयात्राको केन्द्रस्थल त्यही मन्दिर हो ।

प्रत्येक वर्ष मार्गकृष्ण नवमीको दिन शुरू भई दशमीको दिन गुह्येश्वरीयात्रा सम्पन्न हुन्छ । वास्तवमा गुह्येश्वरीयात्राको प्रारम्भचाहिँ मार्गकृष्ण अष्टमीदेखि नै हुन्छ । अष्टमीको दिन हनूमान्ढोकास्थित तलेजुमन्दिरका पुजारी गुह्येश्वरीलाई यात्राको निमन्त्रणा दिन भनी 'निमन्त्रणापूजा' गर्न आउँछन् । त्यसको भोलिपल्ट अर्थात् नवमीको दिन बेलुका हनूमान्ढोकाको तलेजुमन्दिरबाट गुह्येश्वरीको प्रतीकस्वरूप अष्टदलकमलमाथि चाँदीको कलश एवं भैरवको प्रतीक राखी खटमा बोकी रै-रकमीहरूकासाथ सो खटलाई गुह्येश्वरीमा लग्छन् । त्यसरी लग्दा हनूमान्ढोका, असन, कमलाछी, तीनधारा, लालदरबार, हात्तीसार, नागपोखरी, भगवतीबहाल, सिफल, नवालीटोल, दथुटोल, पाँचुटोल हुँदै उमाकुण्डअगाडिको मूलसडक हुँदै गुह्येश्वरीमा खटलाई पुऱ्याइन्छ । पुल माथिबाट खटलाई लग्न नहुने विश्वासअनुरूप जहाँ-जहाँ पुल आउँछ त्यहाँ नदी तरेर लग्छन् ।

गुह्येश्वरीको उत्तरपट्टिको बाहिरी मूल ढोकामा खट पुग्नासाथ त्यस मन्दिरका कर्माचार्य पुजारीले खटको परिक्रमा गरी सामान्य ढोगभेट गर्छन् । खट गुह्येश्वरीमा ल्याइपुऱ्याउनुअघि गुह्येश्वरीको बाहिरी सडकमा परम्परागत रूपबाट लिङ्गो उभ्याउने चलन छ । पहिले प्रत्येक वर्ष नालाको जङ्गलबाट विधिविधानसाथ त्यहाँ गुह्येश्वरीमा यात्राको अवसरमा उभ्याउने लिङ्गो ल्याई उभ्याउनुपर्दथ्यो । आजकल यो चलन अवरुद्ध भएको छ । वर्षौंदेखिको पुरानो रूखको हाँगालाई लिङ्गो भनेर त्यहाँ उभ्याउने गरेको पाइन्छ ।

मन्दिरका पुजारीबाट पूजा सकिएपछि कलश एवं भैरवसहित खटलाई गुह्येश्वरीमन्दिरको प्राङ्गणमा लगिन्छ । खटसहित तीन पटक मन्दिरको परिक्रमा गरिन्छ । त्यसअघि मन्दिरको उत्तरपट्टि धुनी बालिन्छ । सो अग्निलाई साक्षी राखेपछि मात्र मन्दिरको परिक्रमा गर्ने चलन छ । परिक्रमापश्चात् खटभित्रको गुह्येश्वरी र भैरवका प्रतीकहरू झिकिन्छन् र गुठियारहरूले मन्दिरभित्र विराजमान गराउँछन् । हनूमान्ढोकाबाट खटमा पीताम्वरमा वेरेर तरबार पनि ल्याएको हुन्छ । भनिन्छ, त्यो तरबार जगज्जय मल्ल (वि.सं. १७७९-१७९३ आ.) को हो । मन्दिरभित्र यात्रामा ल्याइएका आराध्यहरूलाई विराजमान गराइसकेपछि त्यसको जिम्मा गुह्येश्वरीमन्दिरका पालोवाला देवपाल कसाईहरूले लिन्छन् । यात्रा नसकिउञ्जेलसम्म उनीहरूकै जिम्मामा हुने भएकोले रातभर जाग्राम बसी कुर्छन् ।

गुह्येश्वरी र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याइएपछि हनूमान्ढोकास्थित तलेजु र गुह्येश्वरीका कर्माचार्य पुजारीहरूको आचार्यत्वमा गुप्ती पूजा हुन्छ । सो पूजालाई 'महापूजा' भन्छन् । महापूजाको अवसरमा पूजा गर्न जस-जसले गूठी राखेका छन् उनीहरूबाट पनि त्यस वेला पूजाआजा हुन्छ । त्यस्ता गूठीहरूमा कुनै धूपदीप बाल्ने छन् भने कुनै नैवेद्य चढाउने छन् । त्यस्तै कुनै हाँस, बोका, राँगोका बलि पूजा गर्ने छन् । महापूजाको अवसरमा पूजा गर्न सत्ताइसवटा गूठी राखिएका छन् । तिनीहरू केही निजी छन् भने केही राज्यको तर्फबाट गर्ने राजगूठीअन्तर्गतका छन् । आ-आफ्नो गूठीअन्तर्गत गर्नुपर्ने पूजा गर्न गुठियारहरू जम्मा भएका हुन्छन् । यसैले मन्दिरमा मानिसहरूको भीड लागेको हुन्छ । यो पूजा रातको १२-१ बजेसम्म चलिरहन्छ । महापूजामा पशुपतिअमालकोटकचहरी, काठमाडौँको कुमारीको रथ हाक्ने 'महानायक' को तर्फबाट पनि पूजा हुन्छ । कुमारीको रथको महानायक 'महर्जन' थरका ज्यापू हुन्छन् ।

त्यसको भोलिपल्ट अर्थात् दशमीको दिन बिहानैदेखि दिनभरि पूजाआजा हुन्छ । त्यो दिनको पूजा धेरैजसो गूठीहरूकै तर्फबाट हुन्छ । दशमीको दिन बाउन्नवटा गूठीहरूको तर्फबाट विभिन्न किसिमका पूजाआजा हुन्छन् । पूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिएपछि त्यहीं नै भोज खाने गरी तिनीहरूमध्ये धेरैजसो गूठीका गुठियारहरू आउने हुनाले दशमीको दिन बिहानैदेखि मन्दिरमा घुइँचो लागेको हुन्छ । अपराह्ण चार-पाँच बजेसम्म विभिन्न गूठीहरूबाट गर्नुपर्ने पूजाआजा सकिएपछि गुह्येश्वरीयात्राका गुठियारको तर्फबाट 'शोभापूजा' हुन्छ । शोभापूजा सकिएपछि हनूमान्ढोकातलेजुबाट ल्याइएको गुह्येश्वरी एवं भैरवका प्रतीकहरूलाई खटमा राखिन्छ । त्यस वेला पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल, जयवागीश्वरीभण्डारतहबिललगायत केन्द्रीयस्तरको गूठीनिकायका सम्पूर्ण कर्मचारीहरू उपस्थित हुने चलन केही दशकअगाडिसम्म थियो । अर्को शब्दमा भन्ने हो भने दशमीको दिनको ती कार्यालयहरूको हाजिरै गुह्येश्वरीमा लिइन्थ्यो । त्यसले गुह्येश्वरीयात्रा र गुह्येश्वरीको महत्त्वलाई केही प्रकाश पार्दछ । तर त्यो परम्परा अहिले गुह्येश्वरीयात्रामा देख्न पाइन्न । दिनानुदिन महत्त्व घट्दै गएको छ । सहभागिता पातलिँदै गएको छ ।

क्षमापूजा सकिएपछि हनूमान्ढोकाबाट शार्दूलजङ्ग कम्पनीका जवानहरू यात्रा फर्काउनको लागि गुह्येश्वरीको उत्तरपट्टिको मूलसडकमा जम्मा भइसकेका हुन्छन् । तिनै जवानहरूको अगुवाइमा यात्रा फर्किन्छ । गुह्येश्वरीबाट उमाकुण्ड, दक्षिणामूर्तिमन्दिर हुँदै ठूलो सदाबर्तघरको दक्षिण पेटीमा विश्राम गराइन्छ । त्यहाँ ठूलो सदाबर्तको तर्फबाट पूजा गरिन्छ । सो दिन पूजा गर्ने ठाउँमा चँदुवा आदि राखेर विशेष सजावट गरिएको हुन्छ । पूजा सकिएपछि पशुपतिको बाहिरी पश्चिम ढोकासम्म पुऱ्याएर फर्काइन्छ । त्यसपछि लगनलाछी, पाँचुटोल, दथुटोल हुँदै अमालकोटको उत्तरपट्टिको मण्डपमा विश्राम गराइन्छ । पशुपतिअमालकोटकचहरीको तर्फबाट त्यहाँ पूजा गरिएपछि पुनः पहिले ल्याएकै बाटो गरी हनूमान्ढोकामा पुऱ्याइन्छ । जगन्नाथमन्दिरको पूर्वपट्टि पेटीमा खटसहित एकादशीको दिन पूरै दिन राखिन्छ । श्रद्धालु भक्तजनहरू दर्शन गर्न त्यो दिन आउँछन् । भोलिपल्ट अर्थात् द्वादशीको दिन गुह्येश्वरीलाई तलेजुमन्दिरमा गई 'क्षमापूजा' गर्छन् । यात्राको अवसरमा विधिविधानमा कुनै त्रुटि भएको भए क्षमा होस् भन्ने धारणाबाट नै क्षमापूजा गरिन्छ ।

गुह्येश्वरीयात्राका गुठियार पहिले नवमीसिंह भँडेल थिए । त्यसैअनुसार अहिलेसम्म उनकै सन्तानहरू गुठियार छन् । परम्पराअनुसार गुह्येश्वरीयात्राको खट बोक्ने जिम्मा फसिन्खेल (मनमैजु) का केही बासिन्दाहरूलाई दिइएको थियो । जुन वेलासम्म यो यात्रा अमानतप्रथाअनुसार चलेको थिएन त्यतिञ्जेलसम्म जस-जसलाई जे-जेको जिम्मा लगाइएको थियो, सो बमोजिम चलेको थियो तर अमानतपश्चात् त्यो हुन सकेन । आजकाल खट बोक्ने काम ठेक्कामा चलाइएको छ । पहिले नियत गरिएअनुसारको कसाईबाजा (झ्याली) बजाउनेहरू अहिलेसम्म सो अवसरमा आउने चलन छँदैछ (नक्सासङ्ख्या २ज) ।

गुह्येश्वरीयात्राको शुरुवात जगज्जय मल्लले गरेका हुन् । यो कुरा उनले राखेको ने.सं. ८४८ (वि.सं. १७८५) को अभिलेखबाट अवगत हुन्छ । सो यात्रा चलाउन उनले ९५ रोपनी जग्गा गूठी राखेका थिए ।[३२] त्यसैको आम्दानीले त्यो यात्रा सञ्चालन गर्न आवश्यक पर्ने वस्तुहरू सङ्ग्रह गर्नुपर्ने चलन छ । मोहिनीविनोद शर्माको *वंशावली*अनुसार राजा जगज्जय मल्लले आफूले राजगद्दी पाएको खुसीयालीमा वि.सं.१७७९ देखि यो यात्रा चलाएका हुन् भन्ने छ ।[३३] उनले यो यात्रा चलाउन गूठीको बन्दोबस्त गर्दा भोट र भारतमा व्यापार गर्न जाने बत्तीसकोठी महाजनहरूलाई गुठियार बनाइदिएका थिए । त्यसैले आजभोलि पनि गुह्येश्वरीको यात्रामा व्यापारीविशेषले रुचि लिन्छन् भनी गौतमवज्र वज्राचार्यले लेख्नुभएको छ ।[३४] गुह्येश्वरीयात्राको वेला हनूमान्ढोकाबाट ल्याइने तरबारलाई अघिल्तिर राखी विधिविधानहरू गरिन्छ । त्यो तरबार जगज्जय मल्लको हो भन्ने विश्वास गरिन्छ । यात्राको प्रारम्भ जगज्जय मल्लले गरेको अभिलेखीय प्रमाण प्राप्त भएकोले यात्राको अवसरमा उपस्थित गराइने तरबार उनैको हुनुपर्दछ ।

---

३२ शंकरमान राववंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २३ सङ्ख्या, १५६ पृष्ठ ।

३३ गौतमवज्र वज्राचार्य, *हनूमान्ढोका राजदरबार*, (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.स. २०३३), १८९ पृष्ठ ।

३४ *ऐजन* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३.६ माधवनारायणयात्रा

काठमाडौं अधित्यकामा सम्पन्न हुने उल्लेखनीय र महत्त्वपूर्ण मानिने यात्राहरूमा माधवनारायणयात्रा पनि पर्दछ । यो यात्राको मुख्य थलो साँखु हो । तर यात्राको क्रममा विभिन्न धार्मिक एवं ऐतिहासिक स्थलहरूको भ्रमण गर्दा पशुपतिनाथमा पनि ल्याइने प्रचलन रहेकोले त्यस यात्राबारे सङ्क्षिप्त रूपबाट यहाँ चर्चा गर्नुपरेको हो । यो यात्रा चर्चित यात्रा भए तापनि यसबारे त्यति लेखिएको थाहा छैन ।

माधवनारायणयात्रा स्वस्थानीव्रतसँग सम्बन्धित छ । यसैले यो यात्राको कुरा गर्दा यात्रा र व्रतसमेतको सन्दर्भ आउँछ । व्रतको थालनी पौषशुक्ल पूर्णिमादेखि भई माघकृष्ण पूर्णिमाको दिन समाप्त हुन्छ । *हिमवत्खण्ड*अन्तर्गत केदारखण्डको अंश मानिने स्वस्थानीकथाको आधार लिई यसको प्रारम्भ भएको देखिन्छ । साँखुको माधवनारायण-मन्दिरक्षेत्रमा यो व्रतसम्बन्धी काम हुन्छ । व्रत बस्न चाहने व्यक्तिहरू (लोग्नेमान्छे वा स्वास्नीमान्छे) पौषशुक्ल पूर्णिमादेखि निश्चित स्थलमा जम्मा भई सबेरै नुहाइ-धुवाइ गरी पूजाआजामा संलग्न हुन्छन् । यो व्रत बस्नाको मुख्य उद्देश्य आफूले चाहेको कुरा पूर्ण हुन्छ भन्ने रहेको पाइन्छ । जसरी स्वस्थानीव्रतकथामा पार्वतीले महादेवको पूजा-ध्यान गर्नाले महादेवलाई पति पाउन सफल भएकी थिइन्, त्यस्तै गरी एक महीनासम्म यो व्रत बस्यो भने जे चिताएको हो सो कुरा पुग्छ भन्ने जनविश्वास भएकोले विभिन्न कामना मनमा राखी यसमा सामेल हुन्छन् । यो व्रत शैव धर्मानुयायी नेवार समुदायमा अत्यन्त प्रचलित छ । साँखुबाहिरका व्यक्तिहरू सामेल हुन चाहेमा पनि भाग लिन सक्छन् ।

पौषशुक्ल पूर्णिमादेखि त्रयोदशीसम्म माधवनारायणमन्दिर एवं शालिनदीमा पूजाआजा तथा नुहाइ-धुवाइ गरी भाग लिन्छन् । त्रयोदशीको दिन बिहानै नुहाइ-धुवाइ गरी व्रत बसेको ठाउँ शालिनदीबाट खड्गयोगिनीको मन्दिरमा व्रतालुहरू जान्छन् । त्यो दिन व्रतालुहरूमध्ये इच्छुक व्यक्तिहरू व्रत बसेको ठाउँदेखि जमीनमा लम्पसार परी दण्डवत् गर्दै-गर्दै खड्गयोगिनीको मन्दिरमा पुग्छन् । त्यहाँ सामान्य पूजाआजा तथा प्रदक्षिणा गरी फर्किन्छन् र साबिक भैँ घाटको धर्मशालामा बस्छन् । यात्राको शुरूमै उनीहरू भगवान् पशुपतिनाथको सान्निध्यमा आउँछन् । स्वस्थानीको आधारभूमिमा यो व्रतको प्रारम्भ भएको तथा पशुपतिको मन्दिर रहेको क्षेत्र भगवान् शिवको क्रीडाभूमि रहेको भन्ने विश्वासले नै यात्राको प्रारम्भमै पशुपति आएको अनुमान हुन्छ । पशुपतिमा आउनुअगाडि शालिनदीमा नुहाइ-धुवाइ गरी पूजाआजा सकी देवपाटनमा बास बस्ने गरी आउँछन् । देवपाटनमा आइपुगेपछि सो रात ठूलो सदाबर्तघरमा बास बसी भोलिपल्ट औँसीको दिन आर्यघाटमा सबै भेला भई विधिविधानपूर्वक स्नान गर्छन् ।[३५] त्यहाँ पूजाआजा एवं विधिविधान गराउने काम दक्षिणामूर्तिमन्दिरका 'राजोपाध्याय' पुजारीबाट हुन्छ । आर्यघाटमा सम्पन्न गर्नुपर्ने विधान सकिएपछि पशुपतिनाथको प्रदक्षिणा र दर्शन गर्दछन् । पुरुष व्रतालुहरूमध्ये केहीले सहस्रधारायुक्त माटोका गाग्रीहरू बोकेर साथ लागेका हुन्छन् । जहाँ-जहाँ स्नानादि कार्य हुन्छ त्यहाँ-त्यहाँ सो घडामा जल भरी मन्दिरमा चढाउँछन् तथा सहस्रधारा बहाउँदै हिँड्छन् । पशुपतिनाथमन्दिरमा हुने काम सकिएपछि लगनलाछी, पाँचुटोल, दथुटोल हुँदै पशुपतिअमालकोटकचहरीको उत्तरपट्टिको डबलीमा माधवनारायणलाई विराजमान गराइन्छ । सोही डबलीमा कचहरीको तर्फबाट पूजाआजा हुन्छ ।[३६] पूजाकार्य जयवागीश्वरीको पूजा गर्ने पालो परेका कर्माचार्यले गर्छन् । त्यहाँबाट माधवनारायणको साथमा उनीहरू नवालीटोल, सिफल, कालोपुल हुँदै सानो गौचरमा विश्राम लिन्छन् । त्यसभन्दा अगाडि सहस्रधारायुक्त घडामा बाँकी रहेको जल भण्डारेश्वरमा चढाउँछन् । सानो गौचरमा व्रतालुहरू

---

३५ ठूलो सदाबर्तघर पशुपतिनाथमन्दिरको पश्चिम दिशामा रहेको छ । यस लाई 'महास्नानघर' पनि भनिन्छ । किनभने यो घरको निर्माण पशुपतिमा प्रत्येक पूर्णिमाको दिन महास्नान-महाबलि पूजा गर्ने कामको लागि चाहिने आवश्यक सामग्रीहरू राख्न श्री ५ रणबहादुर शाहको पालामा उनकी रानी कान्तवतीले गरेकी थिइन् ।

३६ पशुपतिअमाकोटकचहरीद्वारा पूजा गर्ने कामको थालनी वि.सं. १९७४ फाल्गुन ६ गते रोज १ को सनदबमोजिम भएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाना खान्छन् । सो काम सकिएपछि माधवनारायणलाई अघि लगाई नारायणहिटीराजदरबारमा पुऱ्याइन्छ । भनिन्छ, पहिले गद्दीनसिन राजाको तर्फबाट माधवनारायणको पूजाआजा हुन्थ्यो । तर आजकाल दरबार पुगी फूलप्रसाद दिने काम मात्र हुन्छ । त्यहाँबाट तीनधारा, जमल, कमलाछी, असन, इन्द्रचोक, मखन हुँदै हनूमान्ढोकादरबारमा पुग्छन् । त्यहाँ माधवनारायणलाई हनूमान्ढोकादरबारको तर्फबाट पूजाआजा गर्छन् । पूजा सकिएपछि वसन्तपुर, झोछेँ, यङ्गाल, भोटेबहाल, त्रिपुरेश्वर, नक्खु, खोकना हुँदै फर्पिङ शिखरनारायणको मन्दिरमा पुग्छन् । रात्रीमा त्यहीँ बास बसी भोलिपल्ट पशुपतिनाथमा गरे झैं बिहानै नुहाइ-धुवाइ गरी पूजाआजा गर्छन् । त्यहाँको कार्य सकिएपछि खाना-पिना गर्छन् र बुङ्मती, लगनखेल, शङ्खमूल हुँदै फर्पिङ पुग्छन् । यात्राको कार्य पञ्चमीसम्मको लागि स्थगित हुन्छ । पौषकृष्ण पञ्चमीको दिन बिहानै पनौतीको लागि यात्रा प्रारम्भ गर्छन् । त्यो रात त्यहीँ बास बसी भोलिपल्ट अरू तीर्थस्थलमा पूजाआजा गरे जस्तै गर्छन् र सोही दिन अर्थात् षष्ठीमा साँखु फर्कन्छन् ।

पौषकृष्ण सप्तमी जुन 'बेलासप्तमी' को नामबाट विशेष प्रसिद्ध छ त्यो दिन साँखुको परिक्रमा गर्दछन् । यसलाई 'देशपरिक्रमा' पनि भन्ने गर्छन् । परिक्रमाको कार्य सालखाटोलबाट प्रारम्भ भई चलाखु, सुनटोल, इपाटोल, धुलाटोल हुँदै सालखामा पुगेर टुङ्गिन्छ । त्यसपछि सालखामा अवस्थित शिवलिङ्गमा पूजा गर्छन् । सो पूजापश्चात् देशपरिक्रमा समाप्त हुन्छ । त्यो दिन कुनै-कुनै व्रतालुहरू अत्यन्त कष्टप्रद साधना गर्छन् । त्यो हो जमीनमा पल्टनबाजी खेल्दै देशपरिक्रमा गर्नु । देशपरिक्रमाको कार्य सकिएपछि दशमीसम्म पुनः साँखु माधवनारायणमन्दिरमा नै पूजाआजा एवं व्रत बस्ने काम हुन्छ ।

पौषकृष्ण एकादशीको दिन बिहानै चाँगुनारायणमन्दिरमा व्रतालुहरू जान्छन् । त्यो दिन व्रत, पूजासम्बन्धी सबै काम त्यहीँ हुन्छ । बास पनि त्यहीँ बस्छन् । भोलिपल्ट साँखुमा फर्किन्छन् । चाँगुनारायणको यात्रा सकिएपछि माधवनारायणयात्राको अवधिमा निस्कने यात्राको क्रम टुङ्गिन्छ । पौषकृष्णपूर्णिमासम्म व्रतालुहरू साँखुमै व्रतपूजाका साधना गर्छन् ।

यात्राको क्रममा जुन-जुन तीर्थस्थलमा व्रतालुहरू जान्छन्, त्यहाँ विधिविधान गर्ने काम पशुपतिमा दक्षिणामूर्तिका राजोपाध्याय पुजारी, फर्पिङमा शिखरनारायणका राजोपाध्याय पुजारी, चाँगुनारायणमा चाँगुका राजोपाध्याय पुजारीले गर्छन् । पनौतीमा चाहिँ पुरोहितको व्यवस्था नभएकोले कजी, कजिनीले विधिविधानले मार्गदर्शन गर्छन् ।

माधवनारायणयात्राको सञ्चालन राजगूठीतर्फबाट हुन्छ । यसको मतलव सो यात्रालाई आवश्यक पर्ने सम्पूर्ण खर्च व्यहोरिने भन्ने कुरा होइन । सञ्चालनमा केही सहयोग र व्रतको प्रारम्भ हुनुभन्दा अगाडि गरिने विधिविधानको लागि आवश्यक व्यवस्था गर्न गूठी जग्गाको आम्दानीबाट खर्च गर्ने बन्दोबस्त छ । त्यो जग्गा राजगूठीअन्तर्गत भएकोले यसलाई अहिले पनि काठमाडौँगूठीखर्चअड्डाबाट केही सहयोग दिने गरेको छ । यो यात्रा सञ्चालनमा मुख्य भूमिका कजी, कजिनीको हुन्छ । तिनीहरू लोग्ने-स्वास्नी नै हुनुपर्छ । व्रतको प्रारम्भको सङ्केत मार्गशीर्षशुक्ल पूर्णिमापछिको द्वादशीको दिन सात जना 'सावा' (गुठियार) हरूले नियममा बस्न शुरू भएपछि हुन्छ । पहिले सावाहरू एघार जना हुन्थे । यो यात्रामा सहभागीको सङ्ख्या दिनपरदिन बढ्दो छ । माधवनारायणयात्राको अवसरमा गरिने व्रत कठोर व्रतको रूपमा लिइन्छ । व्रत र यात्राको वेला जुत्ता लगाउन नहुने, बिरामी भएमा पनि औषधि खान नहुने, एक छाक हविष्य मात्र खानुपर्ने प्रचलन छ । यात्राको अवसरमा हिँड्नै नसके पनि जसरी भए पनि आफै हिँडेर वा यात्रामा भाग लिने व्रतालुले बोकेर भए पनि यात्रा सक्नुपर्छ भन्ने धारणा भएकोले पनि यसलाई कष्टसाध्य व्रत भन्ने संज्ञा दिन सकिन्छ । व्रत तथा यात्रा अवधिमा पर्ने जुठो, सूतक आदि व्रतालुहरूले बार्नु नपर्ने चलन छ । व्रतकै अवधिमा कुनै व्रतालुको दैवसंयोग मृत्यु भएमा व्रतालुहरूले नै किरिया सम्पन्न गर्नुपर्छ भन्ने चलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३.७ दूदू च्याँच्याँ

देवपाटनमा वर्षैभरि नै विभिन्न किसिमका यात्रापर्वहरू पर्दछन् । तिनीहरूमा पनि प्रत्येक वर्ष चैत्रकृष्ण सप्तमीदेखि चतुर्दशीसम्म त दिनैपिच्छै भने जसो पूजा, चाडपर्व तथा यात्राहरू पर्दछन् । तिनीहरूमा देशोद्धारपूजा, वत्सलेश्वरी र वज्रेश्वरीको यात्रा मुख्य छन् । 'दूदू च्याँच्याँ' नामको विधानपश्चात् ती पूजा तथा यात्राहरूको प्रारम्भ हुन्छ । 'दूदू च्याँच्याँ' लाई निमन्त्रणा गरिने विधानको रूपमा लिएको पाइन्छ । यो प्रत्येक वर्ष चैत्रकृष्ण अष्टमीको दिन पर्दछ । वत्सलेश्वरीयात्राको निमन्त्रणा स्वयं पशुपतिनाथले गर्नुपर्ने भन्ने लोकोक्तिअनुसार चैत्रकृष्ण अष्टमीको दिन 'दूदू च्याँच्याँ' बाट देवपाटनमा वर्षको झण्डै अन्तिम वेलातिर यो सांस्कृतिक चहल-पहल हुन्छ । दूदू च्याँच्याँको वास्तविक अर्थ के हुन सक्छ त्यसबारेमा निश्चयका साथ यसै हो भन्न सकिन्न । भगवान् पशुपतिनाथले मातृका शक्तिहरूलाई पशुपतिक्षेत्रमा हुने यात्राहरूको अवसरमा निमन्त्रणा गर्दा दूध खाने काखेबच्चा तथा हुर्किएका बच्चाहरूसमेत यात्रामा लिएर आउनु भनेको हो भन्ने कुरा दूदू च्याँच्याँको शाब्दिक अर्थको सम्बन्धमा भन्ने गरेको पाइन्छ । दूदू च्याँच्याँको सम्बन्धमा अनेक अनुश्रुतिहरू सुन्न पाइन्छन् । तिनीहरूमध्ये एउटा लोकोक्ति यस्तो छ– उहिले कुनै वेला देवपाटनको दक्षिणपट्टिको फाँटमा मातृका गणका देवीहरू सबै दु:ख-सुखका कुरा गर्न जम्मा हुन्थे । त्यहाँ कङ्केश्वरी पनि आउँथिन् । उनको एक जना 'कोचिला' नामको अत्यन्त प्यारो भक्त थियो । उ हरदम कङ्केश्वरीको सेवामा रहन्थ्यो । कङ्केश्वरीको उ अनन्य भक्त थियो । कङ्केश्वरीले एक पटक मातृका देवीहरूको भोजमा कोचिलालाई पनि लिएर गइन् । तर देवीदेवताको भोजमा मनुष्य भएर कहाँ जाने ? भनी उसले असजिलो अनुभव गऱ्यो । त्यसैले भोज हुने ठाउँमा पुगेपछि एउटा रूखमाथि चढेर सबै चर्तिकला हेर्न थाल्यो । त्यहाँ जम्मा हुनुपर्ने सबै मातृका गणहरू एकपछि अर्को हुँदै जम्मा भए । त्यसपछि उपस्थित सबैलाई खानेकुरा भागबण्डा भयो । तर उपस्थित देवीहरूभन्दा एक भाग बढी हुन गयो । दुइ-तीन पटक गन्ती गर्दा पनि त्यस्तै भएकोले भाग पस्किन बसेकी सेतै कपाल फुलेकी वृद्ध देवीले वास्तविक कुरा के हो ? कसले के त्रुटि गरेको छ ? तुरुन्त भन्न अनुरोध गरिन् । त्यस्तो देखी कङ्केश्वरीमाईले डराएर हात जोड्दै आफूले साथमा ल्याएको मनुष्य भक्तको बारेमा बताइन् । त्यसपछि सबै देवीहरूले साथमा आएको भक्तलाई नडराईकन भोजमा सम्मिलित हुन आग्रह गरेकाले कोचिलाले पछि भोजमा भाग लियो । केही दिनपछि कोचिलाले एकान्त पारेर आफूले सर्वेसर्वा ठानेको देवी कङ्केश्वरीलाई सोध्यो– मैले हजुरलाई सबभन्दा ठूलो ठानेको थिएँ । तर हजुरले पनि आदरभाउ गर्नुपर्ने सेतै कपाल फुलेकी सबैलाई भाग पस्किने वृद्धा को हुन् ? भनेर सोध्दा कङ्केश्वरीले उहाँ हामीहरूमा जेठी, सबैले मान गर्नुपर्ने भगवान् शिवकी प्रिया वत्सलेश्वरी हुनुहुन्छ भनेर जवाफ दिइन् । त्यो थाहा पाई भक्तले वत्सलेश्वरीलाई साष्टाङ्ग दण्डवत् गरी उनको नाममा एउटा यात्रा प्रसिद्ध गराउने विचारले वत्सलेश्वरीसँग स्वीकृति माग्यो । पहिले त वत्सलेश्वरीले आफ्नो यात्राको प्रसिद्धिको आवश्यकता नभएको बताइन् । पछि फेरि यदि भगवान् पशुपतिले नै सबै देवीहरूलाई निमन्त्रणा गरी डाकी दिने हो भने यात्रा गराउनामा राजी भएकोले भक्त कोचिलाले अनेक अनुनय-विनय गरेर भगवान् पशुपतिलाई राजी गराए । वत्सलेश्वरीको यात्राभन्दा सात दिनअगाडि सम्पन्न हुने 'दूदू च्याँच्याँ' लाई यस्तै अनुश्रुतिहरूको आधारमा वत्सलेश्वरीयात्राको लागि भगवान् पशुपति स्वयं निम्ता दिन गएको यात्राको रूपमा लिन्छन् । यो एउटा अनुश्रुतिसम्म हो । अनुश्रृतिहरू सबै सत्य हुन् र त्यसमा भनिने सबै कुरा तथ्यमा आधारित छन् भन्न मिल्दैन । एक पछि अर्को व्यक्तिमा पुग्दा अनुश्रुति बढाइ–चढाइ प्रस्तुत गरिन सक्छ । तर धेरैजसो अनुश्रुतिहरूले विगतमा भएका कुनै न कुनै ऐतिहासिक सत्यलाई केही सङ्केत गरिरहेको हुन्छ । त्यो कुरालाई सहसा अस्वीकार गर्न पनि सकिँदैन । माथि प्रस्तुत गरिएको अनुश्रुतिको केही भाव *भाषावंशावली*हरूमा पनि पाइन्छ । त्यहाँ लेखिएको छ –

"(भूपालेन्द्र मल्लको समयमा) फेरी कान्तिपुर्को कोइ कोचीली भन्ने नेवारले देशका उत्तर भागको इन्द्रायणी पीठमा रात्रीका बखतसेवा गर्न जादां येकदम्पीठमा वत्सलादेवी आइ वस्ता देवी गणले वत्सलादेवीको सन्मान गरेको देखी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो कोचिलीले यी स्वामी (राधवानन्द) सीत सम्मत गरी पुजा आदिले सन्मान गरी प्रतिवर्ष सींदुर्यात्रा गर्ने गर्‍यो राजाले पनि यस्ले धेरै धनखर्च गरी दुःख गर्‍यो भनी देवपत्तनको प्रधान गराई दिए।"[३७]

*भाषावंशावली*को अनुसार त्यो घटना काठमाडौँको राजा भूपालेन्द्र मल्लको समयमा घटेको हो। यद्यपि त्यहाँ दूदू च्याँच्याँसम्बन्धी प्रसङ्ग छैन तर बाँकी उल्लेखहरूले वत्सलेश्वरीयात्राको सङ्केत दिएको छ। अहिलेसम्म पनि कोचिलाका सन्तानहरूले वत्सलेश्वरीमन्दिरका 'ढोगूठी' (श्यालगूठी) का गुठियारहरूमार्फत वत्सलेश्वरीको पूजाको लागि सामग्रीहरू दिनुपर्ने तथा यात्राको समाप्तिको दिन पूजा गर्न आउनुपर्ने चलनलाई हेर्दा वत्सलेश्वरीयात्रामा कोचिला नामका व्यक्तिको हात रहेको हुनुपर्ने तथा कोचिला कुनै काल्पनिक नाम नभएर ऐतिहासिक तथ्यमा आधारित व्यक्ति देखिन्छन्।

दूदू च्याँच्याँको दिन पशुपतिअमालकोटकचहरीबाट एउटा सानो खट डङ्गोलहरूले पशुपतिनाथमन्दिरको दक्षिण-पश्चिम कुनामा राख्छन्। यो काम साँझतिर हुन्छ। त्यसपछि त्यो खटको छानामा ध्वजा-पताकाहरू राखी सिँगारिन्छ। सुनको मोलम्बायुक्त गजुर पनि खटको छानामा राखिन्छ। त्यतिन्जेलसम्म बाजा बजाउने कुसले, नगरा बजाउने दमाईं, मूल भँडारी, खट बोक्ने डङ्गोलहरू र अन्य सम्बद्ध व्यक्तिहरू जम्मा भइसक्छन्। त्यस वेलासम्म पशुपतिनाथको सन्ध्याकालिक पूजाआजा सम्पन्न भइसक्छ। बेलुकाको आरतीको काम सकिएपछि दक्षिण मुखका भट्ट पुजारी समारोहस्थलमा आउँछन्। दूदू च्याँच्याँको कामको जिम्मा पशुपतिका चार जना मूल भँडारीहरूको हो। प्रत्येक वर्ष एक जना मूल भँडारीको पालो पर्छ। पालोवाला मूल भँडारीले आवश्यक सबै कुरा गर्छन्।

खटको तयारी तथा रै-रकमीहरू जम्मा भइसकेपछि पशुपतिनाथमन्दिरभित्रबाट तामाको करीब आठ इन्च उचाइको चतुर्मुखी शिवलिङ्ग ल्याई खटमा राखिन्छ। खटमा राखेको शिवलिङ्गलाई पशुपतिको अघोर मुखका पुजारीले पूजाआजा गर्छन्। त्यो शिवलिङ्गलाई पशुपतिकै प्रतिकृति मानी दूदू च्याँच्याँ यात्रामा लगिन्छ। पूजाआजा सकिएपछि यात्राको प्रारम्भ हुन्छ। आशागुर्जा लिएका दुइ जना परिचरहरू तथा बाजागाजाले यात्राको अगुवाइ गर्छन्। पशुपति-मन्दिरसँग सम्बन्धित रै-रकमीहरू सबै सो यात्रामा संलग्न हुनुपर्ने प्रचलन भए तापनि आजकल त्यसमा निकै कमी आएको छ। पशुपतिनाथमन्दिरबाट शुरू भएको यात्रा पश्चिम ढोकाबाट लगनलाछी, पाँचुटोल, नवालीटोल, सिफल हुँदै अगाडि बढ्छ। भण्डारेश्वरमा पुगेपछि मन्दिरको प्रदक्षिणा गरिन्छ। त्यसपछि सानोगौचर पूर्वको बाटो हुँदै ज्ञानेश्वर महादेवमन्दिरको प्रदक्षिणा गर्न खटलाई लगिन्छ। प्रदक्षिणापश्चात् पुनः सानोगौचर हुँदै भगवतीवहाल, चारढुङ्गे, नागपोखरी, हात्तीसार, लालदरबार पूर्वपट्टिको छेडो, तीनधारा, जमल भएर कमलाछीस्थित झङ्गठकुहिटीको पूर्वपट्टिको पाटीअगाडि यात्रा पुग्दा त्यहाँ नरदेवीको श्वेतकालीमन्दिरका कुमारी, भैरवी, वाराही आदि धिमेबाजा बजाउने टोलीको साथ शहर भित्र्याउन त्यहीं उपस्थित हुने चलन छ। काठमाडौँ शहर बाहिरका खटयात्रा, रथयात्राका देवीदेवताहरूलाई त्यसरी शहर भित्र्याइने चलन मल्लकालमा पनि प्रसिद्ध थियो।[३८] दूदू च्याँच्याँको पशुपतिनाथको प्रतिकृति रहेको खट त्यहाँ पुर्‍याइँदा स्वागतको लागि विभिन्न 'भजन खलः' का भक्त गायकहरू त्यहाँ भक्तिसङ्गीत प्रस्तुत गर्न उपस्थित हुने चलन छ।[३९] खटयात्रा त्यहाँ पुग्नासाथ शिवसम्बन्धी भक्तिसङ्गीत प्रस्तुत गर्छन्। स्थानीय भक्तजनहरू त्यस वेला पूजाआजा गर्न त्यहाँ भेला हुन्छन्। केही बेर पूजाआजा भएपछि नरदेवीमन्दिरका तर्फबाट आएको बाजागाजा र रै-रकमीहरू पनि सो यात्रामा सम्मिलित हुन्छन्। परम्परागत रूपमा मुर्दा लग्ने बाटो मानिदै आएको 'सिँ लँ' मा बाजा नबजाई चुपचाप मौन भएर यात्रा अघि बढ्ने चलन अद्यापि कायम छ। त्यसपछि खटयात्रा कमलाछी हुँदै

---

३७ यज्ञप्रसाद रुपाखेतीले सारेर राखेको *भाषावंशावली*को ७८ पृष्ठमा यो कुरा लेखिएको छ।

३८ गौतमवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ३३ सङ्ख्या, १६७ पृष्ठ।

३९ आजकल कमलाछीको 'नास भजन खलः' का भजनीयाहरू आई यस अवसरमा भजन-कीर्तन गर्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्नपूर्णमन्दिर दायाँ पारी बालकुमारी, इन्द्रचोक, मखनटोल हुँदै हनूमान्ढोका पुग्छ । त्यहाँ हनूमान्लाई दायाँ पारी आकाशभैरवअगाडिको बाटो हुँदै कुमारीघर उत्तरबाट साँगुरो बाटो भएर मजिम्पाट निस्की, जैसीदेवल पुग्छन् । सो देवल पुगेपछि 'पिचा' अर्थात् भोज र पूजासामग्री खर्पनमा बोक्ने मानिस र केही बाजा बजाउनेहरूको समूह पचलीभैरवमा पूजा गर्न जान्छन् । पशुपतिको प्रतिकृति राखेको खट र अरू रै-रकमीहरू भने जैसीदेवलको पूर्वपट्टिको बाटो हुँदै लगनडबलीमा पुग्छन् । त्यहाँ खटलाई दोस्रो पटक बिसाइन्छ । भगवान् पशुपतिनाथको प्रतिकृति भएको खट त्यहाँ बिसाउनासाथ यात्राको प्रतीक्षा गरेर बसिरहेका धर्मानुरागी श्रद्धालु स्थानीय व्यक्तिहरू दर्शनपूजन गर्न आउँछन् । त्यसरी आउने दर्शनार्थीहरू केटाकेटी र वृद्धहरू देखिन्छन् । पचलीभैरवकहाँ पूजाभोग अर्पण गर्न गएको समूह नफर्कुन्जेल खटलाई त्यहीं डबलीमा राखिएको हुन्छ । जब ब्रह्मटोल हुँदै पचलीमा पूजा गर्न गएको समूह लगनडबली, जहाँ खटलाई बिसाइएको हुन्छ, आइपुग्छ तब दूदू च्याँच्याँको यात्राको क्रम पुनः प्रारम्भ हुन्छ । पचलीभैरवमा पनि अरू मन्दिर एवं मूर्तिहरूमा सामान्य बलि (भात, फूल, अक्षता, समयबजी आदि) दिए झैं गरी पूजाआजा हुन्छ ।

लगनडबलीबाट यात्रा फर्किदा अर्काको घरमुन्तिर गई पर्खाल नाघेर भए पनि खटलाई त्यहींबाट लग्नु पर्ने बाध्यतालाई हेर्दा यात्राको पुरानो बाटोको बारेमा बुझिन्छ । यात्राको पुरानो बाटोहरूमा कालान्तरमा घर, पर्खाल बन्न गए । तर परम्परालाई अङ्गाली राख्ने नेपाली संस्कारअनुसार यात्राका ती बाटोहरू कायम रहे । त्यो क्रममा लगनडबलीको पश्चिमपट्टि करीब १०० फिटको दूरीमा रहेको एउटा घरमुन्तिरको बाटोबाट दुर्गाविक्रम राणाको घरको चोक हुँदै यङ्गालमा निस्की त्यहाँबाट पश्चिम हुँदै मजिम्पाट निस्की अघि गएकै बाटोबाट सिंहमण्डप र काष्ठमण्डपलाई दायाँ पारेर मरुंगणेश हुँदै प्याफलको बाटोबाट यात्रा नरदेवी पुग्दछ । त्यहाँ पुग्दा रातको करीब १०-११ बजिसकेको हुन्छ । तर जति नै रात परे पनि भगवान् शिवको दर्शनपूजन गर्नको निमित्त प्रशस्तको सङ्ख्यामा श्रद्धालु भक्तजनहरू प्रतीक्षामा हुन्छन् । खटयात्रासँगै आएका पशुपतिनाथको दक्षिण मुखका पुजारी खटभन्दा अगाडि नै नरदेवीमन्दिरमा पुगी सक्ने हुनाले नरदेवीमन्दिरको तर्फबाट हुने पूजा उनैले गर्छन् ।[४०] विक्रमको उन्नाइसौं शताब्दीको मध्यसम्म 'ङटेश्वरी' नामबाट प्रसिद्ध यो मन्दिरको तर्फबाट मात्र खटमा ल्याइएको आराध्यलाई पूजा दिई अन्य मन्दिरहरूमा त्यसरी पूजा दिने चलन नहुनुको पछिल्तिर के रहस्य छ ? स्पष्ट भन्न सकिन्न । जहाँसम्म ङटेश्वरीको कुरा छ, त्यो 'नटेश्वरी' बाट अपभ्रंश भएर ङटेश्वरी बनेको हो । नटेश्वरी पार्वतीको अर्को नाम हो । तिनै ङटेश्वरी पछि नरदेवी नामबाट सम्बोधित हुन थालिन् । कसै-कसैले नरबलि दिनुपर्ने देवी भएको हुनाले नरदेवी नाम रहन गएको विश्वास गर्छन् तर त्यो गलत हो । *भाषावंशावली*मा यो मन्दिरको स्थापना कलिगत संवत् ३८२५ अर्थात् वि.सं. ७८१ मा गुणकामदेवले गरेका हुन् भनेर लेखिएको छ ।[४१] स्वदेश रक्षा निमित्त श्वेतकालीलाई तन्त्रोक्त विधिले आवाहन गरी यस मन्दिरको प्राणप्रतिष्ठापूर्वक स्थापना गरेको हो भन्ने कुरा पनि त्यहाँ लेखिएको छ ।[४२]

नरदेवीमन्दिरमा यात्राको साथ लगेको शिवलिङ्गको करीब आधाघण्टा जति पूजाआजा हुन्छ । त्यहाँको विधिविधान सकिएपछि खटयात्रा न्ह्याँकन्तला, असन, कमलाछी, तीनधारा हुँदै कमलपोखरी, ज्ञानेश्वर, कालोपुल, सिफल, जयवागीश्वरी, पाँचुटोल भएर पशुपतिमन्दिरमा लगिन्छ । त्यहाँ पुग्दा रातको करीब १२-१ बज्छ ।

---

४० Axel Michaels, "Siva's wild and wayward calf: The Goodess Vatsala Her Temple and Yatra", *Kailash*, Vol. XI, No. 3-4, (1984 A.D.), p. 118.
"यस लेखमा यात्राको अवसरमा पशुपतिनाथको मन्दिरको तर्फबाट भाग लिने व्यक्तिमा मूलपुजारीको उल्लेख गरेको छ । तर त्यसो नभई यात्रामा पशुपतिनाथमन्दिरका दक्षिण मुहारका पुजारी सामेल हुन्छन् ।"

४१ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, २३ पृष्ठ ।
"वि.सं. ७८१ मा नेपालमा लिच्छविराजा जयदेव द्वितीय गद्दीमा थिए । यसकारण *वंशावली*ले दिएको समय भ्रमात्मक छ । नेपालको इतिहासमा दुइ जना गुणकामदेव देखिएका छन् । पहिलो गुणकामदेव करीब वि.सं. १०३७ देखि वि.सं. १०५५ सम्म एवं दोस्रो गुणकामदेव करीब वि.सं. १२४३ देखि १२४४ सम्म थिए ।"

४२ ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिमन्दिरप्राङ्गणमा पुगेपछि त्यहाँका देवीदेवताहरूलाई दायाँ पार्दै परिक्रमा गरेपछि पूर्वपट्टिको ढोकाबाट वाग्वती, आर्यघाट भई वत्सलामन्दिरको प्रदक्षिण गरिन्छ । त्यसपश्चात् भ्रूङ्केश्वरीको बाटो भई गुठियार पालोवाला मूल भँडारीको घरमा खटलाई पुऱ्याइन्छ । त्यहाँ परम्पराअनुसार 'लसकुस' गरी भगवान् पशुपतिनाथको प्रतिकृतिलाई घरमा भित्र्याइन्छ । केही दशकअगाडिसम्म पालोवालको घरमा भित्र्याइएको मूर्तिलाई चार दिनसम्म पूजाआजा गरी राखिन्थ्यो । तर आजकल मूर्ति चोरीको बिगबिगीले गर्दा भित्र्याइएको भोलिपल्टै सो मुखलिङ्गलाई पशुपतिनाथमन्दिरमा बुझाउने गरिएको छ । 'दूदू च्याँच्याँ' सम्पन्न भएपछि देवपाटनमा वत्सलेश्वरीपूजा, देशोद्धारपूजा एवं वज्रेश्वरीयात्रा निकट आएको सङ्केत दिन्छ । अर्को शब्दमा भन्ने यसले हो भने देवपाटनवासीहरूले मान्ने 'पाचह्रे' चाड आएको बताउँछ (नक्सासङ्ख्या २क) ।

यात्रामा संलग्न हुने 'पिचा' भुवनेश्वरीमन्दिरको तर्फबाट आउँछ । पिचाले खर्पनमा एकातिर भात अर्कोतिर फूल, अक्षता आदि पूजासामग्री राखेको हुन्छ । दोबाटो, चौबाटो आदिमा पर्ने मूर्ति तथा मन्दिरहरूमा ती सामग्रीहरू जसलाई भोग वा बलि भन्छन् चढाउँदै-चढाउँदै यात्राभरि हिँड्छन् । त्यस्तै दूदू च्याँच्याँको खटयात्रा चलाउने पालो परेका मूल भँडारीकहाँबाट यात्राको दिन बाटोमा चिराग बाल्ने बन्दोबस्त भएको हुन्छ । साथै उनैले बाटोमा पर्ने देवीदेवताहरूको मन्दिरमा धूप बाल्ने व्यवस्था मिलाएका हुन्छन् । ती कामहरूको लागि गूठी राखिएको छ । त्यसैको आम्दानीले माथि उल्लिखित कार्यहरू गर्नुपर्छ । दूदू च्याँच्याँको काम सम्पन्न गर्नको लागि तीन गूठीहरू संलग्न छन् । 'लसकुस' गरी खट यात्रामा लगिएको शिवलिङ्गलाई भित्र्याएपछि पालोवाला मूल भँडारीको घरमा यात्रामा सहयोग गर्ने सहभागीहरू– बाजा बजाउने कुसले, दमाईं, चिराग बाल्दै हिँड्ने चिरागी तथा पिचालाई भोज खुवाइन्छ । दूदू च्याँच्याँको काम सकिएको चार दिनपछि अर्थात् पापमोचनी एकादशीको दिनमा देशोद्धारपूजा जसलाई नेवारी भाषामा 'द्य पूजा' नामले सम्बोधन गरिन्छ त्यो सम्पन्न हुन्छ । साथै वत्सलेश्वरीको पूजा तथा यात्राको तयारीका कामहरू पनि प्रारम्भ हुन्छ । देशोद्धारपूजा आफ्नै स्वतन्त्र अस्तित्वको पूजा हो कि भन्ने भान कसैलाई पर्न सक्छ । तर देशोद्धारपूजाको सम्बन्ध वत्सलेश्वरीयात्रा तथा वज्रेश्वरीयात्रासँग पनि रहेको देखिनाले तिनीहरूबीच एक आपसमा अन्योन्याश्रित सम्बन्ध रहन गएको छ ।

१३.८ देशोद्धारपूजा

देवपाटनमा चार वर्णहरू ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रबाट राष्ट्रको कल्याण तथा समृद्धिको लागि वैदिक तथा तान्त्रिक विधिविधानद्वारा पिङ्गला अर्थात् वज्रेश्वरीको पीठमा पापमोचनी एकादशीको दिनमा गरिने विशेष पूजालाई 'देशोद्धारपूजा' भनिन्छ । यो पूजा गर्नुको पछिल्तिर खास के कारण निहित रहेको छ प्रामाणिक सामग्रीहरूको अभावमा निश्चय गर्न सकिन्न, तर यो पूजाको प्रचलित नामबाट भने यसको उद्देश्य के हो थाहा नपाइने होइन । देशोद्धारपूजाको प्रचलनको सम्बन्धमा विभिन्न जनश्रुति प्रचलित छन् । एउटा लोकोक्तिअनुसार घण्टाकर्ण नामको राक्षसले एक पटक नेपालमा ज्यादै अत्याचार गरेको थियो । जताततै त्राहि-त्राहि थियो । उ भगवान् शिवको दर्शनको निमित्त दिनहुँ पशुपति जान्थ्यो । तर त्यहाँ विघ्न मच्चाउन भने पछि पर्दैनथ्यो । त्यो कार्य देखी एक दिन त्यहाँका चारै वर्ण मिली त्यसको अत्याचार रोक्न वज्रेश्वरीमा गई प्रार्थना गरे । वज्रेश्वरीले भगवान् शिवकी अर्धाङ्गिनी वत्सलेश्वरीलाई गुहारी शिवसँग घण्टाकर्ण राक्षसको अमानवीय कार्य तथा अत्याचार रोक्न अनुरोध गरिन् । अनुरोधअनुसार भगवान् शिवले यो शक्तिक्षेत्रमा जथाभावी नगर्न घण्टाकर्णलाई वाध्य गराई उत्तरापन्थमा पठाइदिए । शिवजीले त्यसरी पठाइदिँदा उसलाई खूब चोट पऱ्यो र रोयो । त्यस्तो देखी उसलाई वर्षमा दुइ पटक घण्टाकर्णचतुर्दशीको दिन दिनभरि र पिशाचचतुर्दशीको वेला रातभरि कुनै विघ्न नगर्ने शर्तमा बस्ने अनुमति दिए । यो कथनअनुसार घण्टाकर्णको अत्याचारबाट मुक्ति पाउन देशोद्धारपूजा चलेको हो भन्ने आशय रहेको छ । कसै-कसैले वि.सं. १४०६ मा बङ्गालका सुल्तान शमसुद्दीनले काठमाडौं अधित्यकाका देवस्थलहरूलाई तहस-नहस गरेपछि त्यसबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्राण पाउन यो पूजाको प्रारम्भ भएको अनुमान गर्छन् । तर त्यसमा सत्यता नरहेको कुरा त्यसको सङ्केत गर्ने प्रमाणको अभाव तथा यो पूजामा त्यस समयभन्दा अगाडिको प्राचीनताबोधक कुराहरू विद्यमान भएबाट बुझ्न सकिन्छ । हिन्दू धर्मशास्त्रहरूमा शत्रुपक्षलाई हराउन लडाइँमा जानुअघि तथा देशलाई हानि, दुर्भिक्ष, अनिकाल तथा अन्य सङ्कटहरूबाट टाढा राख्न ईश्वरराधना गर्ने, पूजाआजा गर्ने प्रचलनहरूको उल्लेख प्रशस्त गरिएका छन् । देवपाटनमा हुने देशोद्धारपूजाको स्वरूप तथा परम्परालाई दृष्टिगत गर्दा यसको थालनी लिच्छविकालतिर नै भएको अनुमान हुन्छ । देशोद्धारपूजामा संलग्न वर्ण समूह तथा त्यो पूजाको पालो देवपाटनका सबै वर्ग तथा जुन पायो त्यही ठाउँमा बस्नेले नपाई नवालीटोलको पश्चिम ढोकादेखि देवपाटन पाँचुटोलनजिकको कुँछेँसम्मका चार वर्णहरूले मात्र पाउने चलनलाई हेर्दा यो ठाउँ लिच्छविकालको प्रसिद्ध 'नवगृह' को क्षेत्र नै हो कि भन्ने सम्भावना देखिन्छ । हुन पनि त्यही सिमानाभित्र भने जस्तो अहिले नवालीटोल रहेको छ । लिच्छविकालदेखि मल्लकालसम्म नवगृह वा नवहर नामबाट प्रसिद्धि पाएको नवगृह कालान्तरमा नवालीटोलमा परिणत हुन गयो । कसैले नवगृहबाट 'ग्वल' (देवपाटन) भएको हो भन्छन् ।[४३] तर त्यो होइन । किनभने ग्वलले समुच्चा देवपाटनलाई कहन्छ । 'नवगृह' ले सीमित क्षेत्रलाई मात्र सङ्केत गर्दछ ।

देशोद्धारपूजामा पालो लिई पूजा गर्ने देवपाटनका चार वर्णहरूमध्ये ब्राह्मणमा राजोपाध्याय, क्षत्रियमा वैद्य, भँडारी, शाक्य र पशुपतिका पाँच कवलमध्ये एक कवलका बिसेट, वैश्य समूहमा डङ्गोल, नापित र मानन्धर, शूद्रमा सङ्घत पर्छन् । तिनीहरूमध्येमा आ-आफ्नो समूहमा पालो लिई पूजा गरिसकेको बाहेक जन्मकुण्डलीअनुसार जो जेठो छ, उसले पालो लिई देशाद्धारपूजा चलाउनुपर्दछ । माथि उल्लिखित थरबाहेकका व्यक्ति तथा माथि चर्चा गरिएको सीमाबाहेकका नयाँ-पुराना कुनै पनि बासिन्दाले पालो नपाउने परम्परालाई हेर्दा एकातिर पुरानो देवपाटनको पूर्व र पश्चिमको बस्तीको सिमानाको बोध हुन्छ भने अर्कोतिर यहाँका पुराना बासिन्दाहरूको बारेमा सङ्क्षेपमा केही कुरा बुझ्न सकिन्छ । ब्राह्मणबाहेक अन्य तीन वर्णको देशोद्धारपूजाको पालो जीवनमा एक पटक मात्र आउने हुनाले पनि यसलाई विशेष उत्साहसाथ मनाउँछन् । ब्राह्मण समूहका राजोपाध्यायमा चाहिँ थकाली जो छ उसैले जीवनपर्यन्त प्रतिनिधित्व गर्नुपर्ने प्रचलन छ ।

माथि चर्चा गरिएको सिमानाबाहेक अन्यत्रका व्यक्तिहरूले पालो लिन नपाउने तर त्यहाँबाट बाहिर अन्त कतै बसाइँ सरेकाहरूले चाहिँ पालो लिई पूजामा भाग लिन अवसर पाउने हुनाले प्राचीन अस्तित्वको सङ्केत यो पूजामा अझै देख्न पाइन्छ । क्षत्रिय वर्णमध्येको दथु कवलका भँडारीहरू मात्रले पालो लिई पूजामा संलग्न हुन पाइने तर अन्य कोफले, मतमण्डिल, भडिभू कवलका भँडारीहरूले पालो लिन नपाउने चलनलाई हेर्दा प्रारम्भमा पशुपतिनाथमन्दिरमा एक कवलका भँडारीहरू मात्रले काम चलाएका थिए भन्ने जनश्रुतिलाई पुष्टि गर्न खोजेको अनुमान हुन्छ । तर यस विषयमा अरू खोजीको आवश्यकता छ ।

वैश्य वर्णमा उहिले मानन्धरहरू देशोद्धारपूजाका अधिकारी थिएनन् । उनीहरूले कसरी पालो पाए भन्ने सम्बन्धमा एउटा लोकोक्ति प्रचलित छ । उहिले एक जना डङ्गोल थरका बलवान् व्यक्ति देवपाटनमा बस्दथ्यो । देवपाटनका बासिन्दाहरू मर्दापर्दा डङ्गोलहरू मलामी जान्थे त्यही चलनअनुसार उ पनि अन्त्येष्टि क्रियामा मलामीहरूलाई सघाउन जान्थ्यो । त्यसरी मलामी जाने गर्दा दाहकार्यमा गर्नुपर्ने सबैजसो काम आफू एक्लैले सजिलैसँग गर्न सक्ने भएकोले अरू मलामी साथीहरूलाई अन्त्येष्टिको सम्पूर्ण काम नसकिँदै नै घर फर्काइदिने काम गर्दथ्यो । एक-दुइ पटक यस्तै भयो । मान्छेको अन्त्येष्टि जस्तो कुरा लाग्ने समयभन्दा ज्यादै कम समयमा सकेर आएको देख्दा अरू साथीहरूको मनमा चिसो पस्यो । उसको कार्यप्रति अविश्वास र शङ्का लागी एक पटकको त्यस्तै अन्त्येष्टिमा चियो बस्ने निधो गरेअनुसार बसे । त्यस वेला उनीहरूले थाहा पाए कि उ स्वयं मृतकको लाश पोलेर खाँदो रहेछ ।

---

४३ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), १९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एककान-दुइकान सबैतिर त्यो कुरा फैलियो । उ समाजबाट परित्यक्त भयो । त्यसपछि उ पशुपतिकै जङ्गलमा लुकेर बस्ने गर्न लाग्यो । जङ्गलमा बस्न थालेपछि ज्यूँदै मानिस पनि खान थाल्यो । समाजमा हाहाकार भयो । तिनै कुकृत्यले गर्दा उ 'बालादैत्य' नामबाट प्रसिद्ध भयो । बालादैत्यलाई मार्न अनेक प्रयासहरू भए । तर सबै कार्य निष्फल भएको देखी तात्कालिक काठमाडौँका राजाले उसको मीत देवपाटनको एक जना मानन्धरलाई अनेक प्रलोभन दिई बालादैत्य मार्ने काममा लगाए । मीतप्रति शङ्का गर्ने कुरै थिएन । मीतले हातहतियार खर्पन मुन्तिर लुकाई माथितिर मीठो-मीठो खाने कुरा लिएर बालादैत्यलाई भेट्न जङ्गलतिर लाग्यो । अनेकौँ प्रयासपछि बल्ल-बल्ल एक दिन पत्ता लगाई केही नगर्ने शर्तमा पहिले आफूले लगेको मीठो-मीठो खाने कुराहरू खान दिई आफ्नो काखमा सुतायो । घर-समाजबाट परित्यक्त भई जङ्गलमा बसेको हुनाले कपाल लामा-लामा भई जुम्रा परिसकेको थियो । हात-खुट्टाका नङ्हरू राक्षसको जस्तो भइसकेको थियो । मीतले टाउकोको जुम्रा हेरिदिन थालेकोले बालादैत्य मीतको काखमा मस्तसँग सुत्यो । सुतेको मौका पारी उसले बालादैत्यको टाउको गिँड्यो । त्यो खबरले सबै खुशी भए । बालादैत्यलाई मारेबापत राजाले प्रशस्त जग्गा-जमीन ती मानन्धरलाई इनाम थिए । त्यस कामले खुशी भएर त्यसै वेलादेखि राजाले र उसका सन्तान मानन्धरहरूलाई देशोद्धारपूजामा पालो लिन पाउने गरिदिए भन्ने कुरा केही बूढापाकाहरू भन्छन् । त्यस कुरालाई स्मरण दिलाउने 'बालादैत्यगूठी' अझै सम्म छ । कसैले यसको सम्बन्ध बालाचतुर्दशीसँग पनि गर्न खोजेका छन् । बालागूठीको सम्बन्ध मुख्यतया वत्सलेश्वरीसँग भएको र पशुपतिमन्दिरअन्तर्गत बाह्र गूठीमध्ये अर्को 'बालागूठी' भएकोले नामका सादृश्यले सत्यमोहन जोशीलाई भ्रम परेको हो ।[४४] पछिल्लो गूठीको सम्बन्ध बालाचतुर्दशीसँग छ । अर्को कुरा सामान्य प्रचलनमा अहिले शाक्य भन्नासाथै बौद्ध धर्मावलम्बी बाँडालाई लिइन्छ । तर बुद्धकालमा झैँ नेपालमा पनि उहिले शाक्यहरू क्षत्रिय वर्णअन्तर्गत पर्दथे भन्ने परम्परालाई देशोद्धारपूजाले सम्झाउँछ । शूद्र वर्णमा अरू जातलाई नलिई केवल सङ्घतहरूलाई मात्र लिएबाट पुरानो देवपाटनमा शूद्रहरूमा सङ्घतहरू मात्र थिए कि भन्ने अनुमान हुन्छ । देवपाटनका सङ्घतहरू लुगा धुने कार्यमा संलग्न भएको देखाउने प्रारम्भिक शाहकालतिरका कागजातहरू पाइने तथा अहिले पनि पशुपतिअमालकोटकचहरी एवं पशुपतिभण्डारतहबिलमा उनीहरूको दरबन्दी त्यस्तै कार्यको लागि भएको देखिनाले तिनीहरू लुगा धुने कार्यमा लागेका पुराना व्यवसायीहरू हुन् भन्ने बुझ्न सकिन्छ । *भाषावंशावली*ले पनि त्यसैलाई औँल्याएको छ ।[४५]

देशोद्धारपूजाको परम्परागत चलनअनुसार जातवाला 'ठ्या' छोराले मात्र पालो लिन पाउँछ । पालोवालाको घरमा सो पूजा छेक्ने गरी जूठो-सूतक परेमा अरूको घरमा सरेर भए पनि पूजा उतार्नुपर्ने चलन छ । पूजा हुने दिन प्रत्येक वर्ष चैत्रकृष्ण एकादशीमा आ-आफ्नो मूलघरबाट ब्राह्मण, क्षत्रिय, वैश्य शूद्रको पूजा सामानहरू क्रमशः पशुपतिअमालकोट, जसलाई लायकु अर्थात् दरबार पनि भनिन्छ, को अगाडिको डबलीमा राखिन्छ (चित्रसङ्ख्या २२३, २२४) । त्यहाँ बाजा बजाउने कुसले, दमाईं, डङ्गोल, आदिलाई सेतो कपडाको धरोले फेटा बाँधिदिएर सिन्दूर लगाइदिएपछि पूजासामग्रीहरूसहितको लस्कर गौशालाको पूर्वपट्टिको परम्परागत मुर्दा बाटो हुँदै वनकालीको गोरखनाथमन्दिर निस्केर सो मन्दिरदेखि पूर्वपट्टिको छेडोबाट वज्रेश्वरीपीठमा पुग्दछ । यो काम साँझपख हुन्छ । पूजासामग्रीहरू पीठमा पुऱ्याएपछि पीठको सिँगारपटारको काम हुन्छ । पूजासामग्री त्यहाँ पुऱ्याउनासाथ देशोद्धारपूजामा संलग्न हुने कर्माचार्य पुरोहित वत्सलेश्वरीमन्दिरमा आई 'जापाय' अर्थात् भातले पीठको मुख मात्र देखिने गरी छोपेर पूजा गर्ने काममा लाग्छन् (चित्रसङ्ख्या २०३) । त्यो दिन पहिले वत्सलेश्वरी र त्यसपछि शिवजीलाई आवाहन गरी 'जापाय' गरिन्छ । मुख्यतः 'जापाय' गर्दा गद्दीनसिन राजा, राष्ट्र र देशवासीको कल्याणको कामना गरी विभिन्न विधानले वत्सलेश्वरीपीठको पूजा हुन्छ । त्यस्तै यजमानले वत्सलेश्वरीपीठवरपर पञ्चगणेश, यमराज,

---

४४ सत्यमोहन जोशी, *नेपाली चाडपर्व*, प्रथम संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३९), ४८-४९ पृष्ठ ।

४५ पं. देवीप्रसाद लंसाल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ८ सङ्ख्या, ४७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनन्तआदिनारायण, आकाशभैरव, जयमङ्गला आदिमा भात र फूल-अक्षता चढाई 'चाख पूजा' गर्छन् । पीठलाई छोपेको भात कसाईले झिक्नुअगाडि स्याललाई खुवाउनुपर्ने चलन छ । भनिन्छ, पहिले–पहिले त्यो खान स्याल आफै आउँथ्यो, तर अहिले भने कुकुरलाई स्यालको प्रतीक सम्झी खुवाएपछि मात्र पालोवाला कसाईले लिने चलन छ । वत्सलेश्वरीमन्दिरको 'जापाय' को काम सकिएपछि त्यहाँ पूजा गर्ने पुरोहित नै वज्रेश्वरीपीठमा जान्छन् र देशोद्धारपूजाको काम प्रारम्भ गर्छन् । त्यतिञ्जेलसम्म वज्रेश्वरीपीठमा सिँगारपटार तथा लिपपोतको काम सकिइसकेको हुन्छ । सङ्कल्प आदि प्रारम्भिक चरणको काम सकिएपछि 'भेलुपा' (भैरवको प्रतीक) अगाडि बलिको काम हुन्छ । बलिको कार्य हुँदा पञ्चेबाजा, धिमेबाजा आदिबाट विभिन्न धुनहरू बजाइन्छ । त्यो कार्य सकिएपछि चारै वर्ण वर्णक्रमानुसार वज्रेश्वरीको अगाडि बसी पूजाआजा गर्छन् । त्यो सकिनासाथै कर्माचार्य पुरोहितले पुनः वज्रेश्वरीको पूजा गर्छन् । त्यसको लगत्तै वर्णक्रमानुसार चारै वर्ण वज्रेश्वरीपीठको पश्चिम भागको भित्तामा बस्दछन् । उनीहरूको प्रत्येकको अघिल्तिर सुकुण्डा, दीप र कलश हुन्छ । सबैले कर्माचार्यले भनेबमोजिम कलश, दीप तथा सुकुण्डामा पूजा गर्छन् । त्यतिखेर चार जना कर्माचार्यहरूले एक-एक वर्णको पुरोहित्याई गरिरहेका हुन्छन् । देशोद्धारपूजामा कर्माचार्यकै आचार्यत्व प्रधान रहन्छ । त्यसपछि देशोद्धारपूजाका सहभागी राजोपाध्यायबाट तीन वर्णका सहभागीहरूलाई टीका लगाई फूलप्रसाद दिन्छन् । त्यस्तै गरी अन्य उपस्थित व्यक्तिहरूलाई पनि राजोपाध्याय तथा कर्माचार्यले फूलप्रसाद दिन्छन् । त्यसपछि आमन्त्रित व्यक्तिहरूलाई देशोद्धारपूजाको पालो पर्नेमध्ये कुन वर्णले डाकेको हो उसलाई आफूले लगेको करीब एक डेढ गज लामो सेतो कपडाले फेटा गुतिदिन्छन् । फेटा गुत्ता-गुत्ता टाउकोमा अड्न नसक्ने हुनाले त्यसलाई अरू सहभागीहरूले थामिदिनुपर्ने हुन्छ । फेटा गुत्ने काम सकिएपछि पूजाको प्रारम्भमा बलि गरिएको राँगोको टाउकोलाई आठ टुक्रा गरी कसाईले भाग लगाई आदरसाथ दिन्छ । त्यसलाई अष्टसिद्धिको रूपमा लिने चलन नेवार समुदायमा छ । त्यो काम सकिनासाथ वज्रेश्वरीपीठको दक्षिणपट्टि रहेको पाटीमा चारै वर्ण तथा बाजा बजाउने कुसले, दमाई आदिलाई 'मु समय बजी' भनेर बारा, भुटेको च्यूरा, कालो भटमास र रक्सी आदि दिइन्छ । त्यसपछि चारै वर्णका पालो लिएका व्यक्तिहरूलाई सगुनस्वरूप समयबजी बाँडिन्छ । प्रसादस्वरूप समयबजी खाइसकेपछि पहिले आएकै बाटोबाट फर्किन्छन् र जयवागीश्वरीमा पुगेपछि पालो लिई पूजा गरी फर्केका तीनै वर्णले ब्राह्मण राजोपाध्यायलाई तीन पटक परिक्रमा गरी आदरपूर्वक खुट्टामा ढोगी अर्को वर्षको पालो पर्नेलाई पालो दिन आ-आफ्नो मूलघरमा जान्छन् । मूलघरको आगममा फूल, प्रसाद, चढाइसकेपछि अर्को साल पालो पर्नेलाई जिम्मेदारी दिइन्छ । अर्को सालको पालो पर्नेलाई सगुन, प्रसाद आदि दान दिइसकेपछि देशोद्धारपूजाको मूलकार्य त्यस वर्षको लागि सकिन्छ । रातको करीब १ बजे यो काम सम्पन्न हुन्छ ।

देशोद्धारपूजाको पालो पर्नेले सो पूजा नसकुञ्जेल प्रत्येक शनिश्चरवारको दिन वज्रेश्वरीपीठमा गई पूजाआजा गर्नुपर्ने चलन छ । डङ्गोलहरू देशोद्धारपूजा हुनु चार दिनअघिदेखि नै कलशपूजा गर्छन् । खास गरी डङ्गोलहरूमा देशोद्धारपूजाकै उपलक्ष्यमा व्रतबन्ध र देवालीसमेत गरिने भएकोले पूजाको प्रतीक्षामा बसेका हुन्छन् । सङ्घतहरूमा यो पूजाको पालो नलिएमा आफ्नो समाजमा प्रतिष्ठा नरहने सम्झिने हुनाले जसरी भए पनि पालो लिन्छन् । तर क्षत्रिय वर्णको समूहमा एक दशकअगाडिसम्म जुन उत्साह र उमङ्गसाथ पालो लिन्थे अहिले त्यो छैन । समाजमा आफ्नो धर्म-संस्कृतिप्रति बढ्दै गइरहेको अनास्था एवं उपेक्षा भाव, गूठीजग्गाप्रतिको वेवास्ता, आकाशिदो महँगी, धार्मिक वातावरणको अभाव जस्ता अनेकौं कारणहरूले आफ्नो आएको पालोसमेत छोड्ने स्थिति देखापर्न थालेको छ र देशोद्धारपूजामा शिथिलता देखापर्देछ । जे होस्, देशोद्धारपूजालाई देवपाटनमा बडो श्रद्धा र आदरसाथ हेरिन्छ । यो पूजाको पालो लिइसकेपछि नेवार समुदायमा अत्यधिक प्रचलित 'जङ्कु' अर्थात् बूढो पास्नीसमेत गर्नुपर्दैन भन्ने भनाइ छ । देशोद्धार पूजा सकिएको भोलिपल्ट द्वादशीको दिन राजाकहाँ फूलप्रसाद टक्र्याउने परम्पराअनुरूप अहिले पनि राजदरबारको ढोकामा फूलप्रसाद पुऱ्याउने चलन छ (नक्सासङ्ख्या २ख) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३.९ वत्सलेश्वरीयात्रा

पशुपतिनाथमन्दिरको दक्षिणपट्टि जम्बुद्वीपको पूर्वपट्टि अवस्थित वत्सलेश्वरीको अति नै महत्त्व रहेको छ। *नेपालमाहात्म्य*मा वत्सलेश्वरीको मुक्तकण्ठले महत्ता गाइएको छ। पवित्र वाग्वती नदीको तीरमा रहेको श्लेष्मान्तक वन अत्यन्त रमणीय हुँदा काशी र कैलाशलाई समेत छोडेर भगवान् शिव श्लेष्मान्तक वनमा पशुरूप लिएर आएको अनि पशुपति नामबाट त्यहीँ रहेको बताइएको छ। ब्रह्मादि देवताहरूले हात जोडेर कैलाशमा गई बसिदिन अनुनय-विनय गर्दा पनि भगवान् शिव वाग्वतीको किनारमा बसेको उल्लेख छ। आफ्नो प्राणभन्दा प्यारो पति कैलाशधाम नजाने भएपछि पार्वतीले पशुपतिनाथसँगै बस्ने इच्छा प्रकट गरिन्। शिवजीको वात्सल्यले यहाँ बस्न खोजेको हुनाले उनलाई भगवान् शिवले वत्सला नाउँ राखिदिएको र त्यही नामबाट उनी लोकमा प्रसिद्ध भएको कुरा *नेपालमाहात्म्य*मा बताइएको छ। भगवान् शिवले वाग्वतीको पवित्रता बताउँदै महापातकीले पनि वाग्वतीमा स्नान गर्‍यो भने शिवलोक पुग्दछ, ठूलो डरमा परेका दुःखी, रोगले आक्रान्त भएका, अकालमा नै मर्न आँटेका, छारे रोग लागेकाहरूले विधिपूर्वक वाग्वतीको जलमा स्नान गरे भने सम्पूर्ण दुःखबाट निवृत्ति पाउँछन् भने यहाँ एक पटक मात्र स्नान गर्ने मानिस सबै पापबाट मुक्त भई शिवलोक पुग्दछ, पर्वउत्सवमा स्नान गरे जन्ममृत्युमय संसारमा फेरि जन्मनु पर्दैन। त्यस्तै मोक्षको इच्छा गर्नेलाई मोक्ष दिने, प्राणीहरूलाई सुगति दिने, गति नभएकालाई वाग्वतीले गति दिने चर्चा गर्दै वाग्वतीमा स्नान गरी वत्सलामन्दिरमा दर्शनपूजन गर्नेहरू कैलाशमा बास गर्ने हुन्छन्। जसले त्यहाँ भगवान् नाम जप्छन् तिनीहरूले सिद्धि पाउँछन् भनी भगवान् शिवले वरदान दिएकोले वत्सला यहाँ बसेको बताइन्छ।[४६] उता *भाषावंशावली*मा धर्मदत्त नाउँका राजाले वत्सलेश्वरीमा यात्रा तथा पूजा गर्ने चलन चलाएको उल्लेख छ। *भाषावंशावली* मा भूमिगुप्तपछि धर्मदत्तको नाम दिइएको छ तर समय दिँदा कलिगत वर्ष ३४८९ (वि. सं. ४४५) दिइएको छ।[४७] *भाषावंशावली*मा उल्लेख गरिएको समय र मानदेव प्रथमको पहिलो शिलालेखमा केवल ६७ वर्षको अन्तर हुनाले *भाषावंशावली*ले धर्मदत्त भनेको राजा मानदेवका बाबु धर्मदिव हुन सक्ने देखिन्छ। *भाषावंशावली* यद्यपि निकै पछि लेखिएको वंशावली हो, तर त्यसको परम्परालाई पछ्याउने हो भने वत्सलेश्वरीयात्राको थालनी लिच्छविकादेखि नै चलेको अनुमान हुन्छ। *देवमालावंशावली*मा वत्सलेश्वरीपीठलाई 'आदिपीठ' बताइएको छ।[४८]

वत्सलेश्वरीको मन्दिर वाग्वती नदीको बायाँ किनारमा रहेको चारपाखे नेपाली मण्डप शैलीमा निर्मित वर्तमान बनावट सत्रौं शताब्दीको हो। विविध रूपमा भैरवहरूको आकृतिका टुँडाल भएको तथा अठार हात भएकी महिषासुरमर्दिनीको आकृति बीचमा रहेको तोरणहरू चारै ढोकामा भएको वत्सलेश्वरीमन्दिरमा चारै ढोकामा खापा नराखी खुला हुनु यो मन्दिरको विशेषता मानिन्छ। यो मन्दिरसँग सम्बद्ध शिलालेख सयौँ वर्षको घाम, पानी, शीतले खिइएर अक्षरविहीन भइसकेको छ।[४९] मन्दिरको दक्षिणपट्टिको घण्टामा रहेको अभिलेखअनुसार सो घण्टा वि.सं. १९८६ मा ठाकुरप्रसाद टण्डन लाहुरी क्षत्रियले चढाएको कुरा उल्लेख छ।[५०] त्यसबाहेक सो मन्दिरसँग सम्बन्धित पुरानो अभिलेखहरूको यहाँ अभाव छ।

वत्सलेश्वरीको मन्दिरमा 'पाचह्रे' अर्थात् पिशाचचतुर्दशीको दिन बिहानैदेखि नै दुनियाँबाट पूजा हुन्छ। त्यस

---

४६ मुक्तिनाथ पोखरेल (सम्पा.), *नेपालमाहात्म्य,* पहिलो संस्करण, (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२८), ६ पृष्ठ।

४७ नयनाथ पौडेल (सम्पा.), *भाषावंशावली,* १ भाग, (काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०), ८३ पृष्ठ।

४८ योगी देवीनाथ (सम्पा.), *देवमालावंशावली,* (काठमाडौँ: गोरक्ष ग्रन्थमाला, वि.सं. २०१३), ४७ पृष्ठ।

४९ लिच्छवि शिलालेख उत्कीर्ण गरिने जस्तो प्रस्तर वत्सलेश्वरीमन्दिरको उत्तरतर्फ पञ्चगणेशमन्दिरको पछाडिपट्टि गाडिएको अवस्थामा छ। तर सबै अक्षर खिइएको छ।

५० यो घण्टा वत्सलेश्वरीमन्दिरको दक्षिणपट्टि सिँढीमुन्तिर छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन गच्छेअनुसार पूजा एवं बलिको कार्य दिनभरि जसो हुन्छ । अपराह्ण दुइ बजेतिर शङ्कराचार्यको आगमको पूजा गर्ने भट्ट, पशुपतिका मूलपुजारी, पशुपतिका अन्य तीन पुजारी, भालिञ्चागूठी तथा पशुपतिअमालकोटकचहरीको तर्फबाट वत्सलेश्वरीको मन्दिरमा 'जापाय' (अन्नप्राशन) हुन्छ । प्रत्येक पटकको 'जापाय' मा तीन पाथी चामलको भातले पीठ छोपी पूजाआजा गरिन्छ । त्यस वेला निख्खर कालो बोकाहरू बलि दिइन्छ । पशुपतिअमालकोटको तर्फवाट 'जापाय' सकिएपछि त्यस दिन वत्सलेश्वरीमन्दिरमा 'जापाय' तथा बलि दिन नहुने चलन छ । 'जापाय' को विधान रातको करीब ९-१० बजेतिर सकिन्छ । त्यसपछि वत्सलेश्वरीमन्दिरको प्राङ्गणमा सिन्दूरगूठी तथा चन्दनगूठीको गुठियारको घरबाट शिव तथा पार्वती ल्याएर गोबरले लिपपोत गरी रेखीद्वारा आसन बनाएको मण्डपमा राखिन्छ (चित्रसङ्ख्या २०३, २०४) । त्यसरी बाहिर राखिँदा कर्माचार्य पुरोहितले क्रमैसँग पूजा गर्छन् । पूजा गरेपछि शिव तथा पार्वतीलाई वत्सलेश्वरीमन्दिरमा भित्र्याएर शिवशक्तिको रूपमा पूजा गरिन्छ (चित्रसङ्ख्या २०५) । त्यसपछि बाहिर ल्याई पहिलेको जस्तै गरी राखिन्छ । शिव-पार्वतीको उपस्थितिमा जम्बुद्वीप मानिने चौकोरमा नौवटा मुढाहरू टाँड लाएर चिता बनाई धुनी जगाउने चलन छ (चित्रसङ्ख्या २०६) । त्यही दिन राती १२-१ बजेतिर वज्रेश्वरीगूठीबाट नौ जना कुमारी र दुइ जना गणेश र कुमार सिन्दूर तथा चन्दनगूठीको तर्फबाट नौ जना कुमारी तथा गणेश, कुमारस्वरूपका दुइ जना कुमारहरूलाई चौरासी भोजन गराउँदा त्यहीं धुनीमा दुइवटा निख्खर कालो बोकाको गर्दन पोली प्रसादरूपमा समयबजीको साथमा कन्या तथा कुमारहरूको अतिरिक्त बाजा बजाउने कुसले, दमाईं एवं उपस्थित व्यक्तिहरूलाई बाँडिन्छ । वत्सलेश्वरीयात्राको प्रमुख विशेषताहरूमा कन्या तथा कुमार भोजन पनि हो । नौ जना 'इही' नगरेका डङ्गोल कन्याहरूलाई नवदुर्गा मानी तथा दुइ जना कुमारहरूलाई गणेश र कार्तिकेय मानी त्यो दिन उनीहरूलाई सन्तुष्ट गरी भोजन गराइन्छ ।[५१] कन्या पूजाको काम सकिएपछि बिहानको करीब ५ बजेतिर वत्सलेश्वरीलाई ६ मुरी जति जाँडले स्नान गरिन्छ । यसलाई 'छाहायेकु' भनिन्छ । यो स्नानलाई बडो पवित्र मानी वत्सलेश्वरीलाई स्नान गरेपछि वाग्वतीमा बहने धाराबाट नुहाउन भक्तहरू तँछाड-मछाड गरी आउँछन् । त्यसपछि मन्दिरभिंत्र बसेर एक जना गुठियार स्याल जस्तो बनी 'श्री ५ महाराजधिराज सरकारको जय होस्' 'सकल नेपालीको कल्याण होस्' भनी तीन पटक स्यालको अनुकरण गरी हुइँया-हुइँया गरी कराउँछन् । छाहायेकुमा कसैले यसरी कराउने काम आचाजु (कर्माचार्य) ले गर्छन् भनी लेखेका छन् ।[५२] छाहायेकु गर्दा अर्नाको सिङबाट स्नान गराइन्छ । अर्नाको सिङमा भएको लेखअनुसार त्यो सिङ वि. सं. १८५२ चैत्रकृष्ण १० बुधवारको दिन श्री ५ रणबहादुर शाहले वत्सलेश्वरी प्रीति गरी चढाएको भन्ने कुरा उल्लेख छ (चित्रसङ्ख्या २०२) ।[५३] वि. सं. १८५१ तथा १८५३ को श्री ५ रणबहादुर शाहको लालमोहरअनुसार वत्सलेश्वरीको पूजा गर्ने विभिन्न गूठीहरूमध्ये 'सिन्दूरगूठी' काठमाडौंका राजा जयप्रकाश मल्लले राखेको कुरा बुझिन्छ ।[५४] त्यसको लागि उनले १२० रोपनी जग्गा गूठी राखिदिएकोमा पछि श्री ५ रणबहादुर शाहले सो गूठी थामिदिई परम्पराअनुरूप गूठी चलाउन लालमोहर गरिदिएका थिए ।[५५]

वत्सलेश्वरीमन्दिरमा पूजाआजा मात्र नभई यात्रा पनि चलाइन्छ (चित्रसङ्ख्या १९९) । घोडेजात्राको दिन देवपाटनमा हुने वज्रेश्वरीयात्राको काम सम्पन्न भइसकेपछि वत्सलेश्वरीयात्राको काम प्रारम्भ हुन्छ । प्रारम्भिक

---

५१ Axel Michaels, *op.cit.*, foot note no. 40, p. 126.
यहाँ लेखकले जम्बुद्वीपमा बालिएको धुनीमा कुसलेहरूले कन्या तथा कुमारहरूको लागि भोजन पकाउने कुरा लेखेका छन् । तर त्यस रातको भोजन त्यहाँ पकाउने नभई गुठियारहरूको घरैबाट ल्याइन्छ ।

५२ *Ibid.*, p. 128.
"Because in the early hours of the morning, Acajus suddenly kneel down at the four corners of the temple take street dog between their legs and then proceed to howl like Jackals."

५३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११० सङ्ख्या ।

५४. परिशिष्टभाग, अभिलेखखण्ड (क), ११२ सङ्ख्या ।

५५ ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शाहकालको प्रशासनअनुसार पशुपतिनाथका मूलपुजारी यहाँका अमाली हुनाले अहिले पनि सोही परम्पराअनुसार वत्सलेश्वरीयात्राको पहिलो दिन बाजागाजा, आशागुर्जा तथा पशुपतिनाथमन्दिरसँग सम्बन्धित रै-रकमीहरूका साथ वत्सलेश्वरीमन्दिरप्राङ्गणमा आएर मूलपुजारीले खट उठाई यात्रा गराउने आदेश दिएपछि मात्र यात्रा प्रारम्भ हुन्छ (चित्रसङ्ख्या २००)। वत्सलेश्वरीयात्रा प्रारम्भ गर्ने दिन त्यहाँ दर्शकहरूको घुइँचो लाग्छ। दुइ तले नेपाली मण्डप शैलीमा निर्मित करीब १० फिट उचाइको खटमा वत्सलेश्वरीको प्रतीक कलश तथा शिवको प्रतीक खप्टेर सजिसजाउपूर्वक राखिएको हुन्छ। अरू खटको भन्दा यसको विशेषता के छ भने यसको न पाङ्ग्रा छ न अन्य खट जस्तो बोकेर काँधमा नै राखिन्छ। करीब ३० फिट लामा दुइवटा दलिनमाथि राखिएको खटलाई करीब तीस जनाले फलामको सिक्रीले उपर्युक्त दलिनमा अङ्कुश लगाएर नोलद्वारा तान्छन्। यो यात्रा तीन दिनमा समापन गरिन्छ। खटको छानाको किनारामा भएको लेखअनुसार यो खट वि.सं. १९३२ मा देवपाटनका श्रीमान वैद्य भन्ने व्यक्तिले जीर्णोद्धार गरेका थिए।[५६] वत्सलेश्वरीयात्राको अवसरमा देवपाटनभरि नै विभिन्न देवीदेवताको नाम भएका तुलहरू टाँगी ध्वजापताकाहरूले सिङ्गारिएको हुन्छ। देवपाटनका रैथाने व्यक्तिहरू यो पर्वलाई ठूलो उत्साह र उमङ्गका साथ मनाउँछन्। आफ्ना छोरी-बेटी, नाता-कुटुम्बहरूलाई यही अवसर पारी निम्त्याई रमाइलो गर्ने चलन छ। वत्सलेश्वरीको यात्रालाई लिएर बूढापाकाहरू शिव र पार्वतीका बीचमा भएको झगडा र मिलन नै यात्राको प्रमुख विषय भएको बताउँछन्। उनीहरू शिव र पार्वतीलाई मानवीय चरित्रका रूपमा उतारेर यस्तो लोकोक्ति कथ्ने गर्छन्– पिशाचचतुर्दशीको दिन दुनियाँहरूले चढाएको बलि, जाँड र रक्सी आदिले वत्सलेश्वरी मात्तिएर यात्रामा लड्खडाउँदै निस्किन्छिन् र बेलुका आफ्ना पति भगवान् पशुपतिकहाँ जान्छिन् तर भगवान् शिवले जाँड-रक्सीले मात्तिएर आएकी वत्सलेश्वरीलाई आफूकहाँ आउन मनाही गर्छन्। उनी रिसाएर जान्छिन्। रिसाएर बसेकी वत्सलेश्वरीलाई भेट्न उनकी बहिनी भगवतीबहालकी देवी आउँछिन्। छोरा गणेश पनि भेट्न आउँछन्। आखिरमा पछि एक पटकलाई माफ दिई भगवान् शिवले वत्सलेश्वरीलाई भित्र्याउँछन्। वत्सलेश्वरीको खटयात्रा यही कथा प्रसङ्गमा आधारित छ।

खटयात्राको पहिलो दिन वत्सलेश्वरीको प्राङ्गणको यता र उता तीन पटक खटलाई ठोक्काएर जाँड-रक्सीले मात्तिएको भान पर्ने गरी लगिन्छ। वत्सलेश्वरीको खट उठाउन थालेपछि वत्सलेश्वरीमन्दिरको दक्षिणपट्टि रहेको आकाशभैरवलाई 'हाकुपटासी' लगाएका डङ्गोल कन्याहरूले पूजा, आरती गरेर वत्सलेश्वरीको खटको पछि-पछि केही परसम्म लग्छन्। बाटो–बाटोमा वत्सलेश्वरीको खटमा रहेका आराध्य शिव र शक्तिलाई श्रद्धालु भक्तजनहरूले गच्छेअनुसारको पूजा गर्छन्। भुवनेश्वरीमन्दिरको दक्षिणको बाटो हुँदै इँटापाखाको ठाडो उकालो उकाल्न ईश्वरप्रतिको श्रद्धा र भक्ति तथा परम्पराको कारण कुनै गाह्रो काम ठान्दैनन्। खटलाई इँटापाखाको डाँडोमा उकालेपछि खट बोक्नेहरूको खुशीको सीमा नै रहँदैन। किनभने त्यो जत्रो ठाडो उकालो यात्रा मार्गमा त्यहाँ अर्को छैन। त्यसपछि खट जयवागीश्वरी हुँदै नवालीटोलमा लगेर बिसाइन्छ। त्यतिखेर रातको १२ बजिसकेको हुन्छ। यस प्रकार वत्सलेश्वरीको पहिलो दिनको खटयात्रा त्यहीं विश्राम हुन्छ [नक्सासङ्ख्या २घ (अ)]।

भोलिपल्ट बिहान पुनः यात्राको क्रम शुरू हुन्छ (चित्रसङ्ख्या २०७)। गोलढुङ्गामा बिसाएको रथलाई सिफलको तपाखेलमा पुऱ्याई भण्डारखालको पर्खालमा दुइ पटक ठक्कर लगाइन्छ। भण्डारखालमा पहिले बस्ती भएको तथा त्यहाँभित्र देव-देवीका स्थान हुनाले दुइ पटक ठक्कर लगाई वत्सलेश्वरीलाई अझै मात नगएको सङ्केतस्वरूप त्यसो गरिएको हो भन्ने भनाइ बूढापाकाहरूको छ। त्यहाँबाट वत्सलेश्वरीयात्रा नवालीटोलस्थित ताम्रेश्वरमन्दिर परिक्रमा गरी पाँचुटोल हुँदै पशुपतिनाथमन्दिरमा पुग्दछ। भनिन्छ, वत्सलेश्वरी भगवान् शिवकहाँ जाने उत्कण्ठाले गएकी थिइन्, तर भगवान् शिवले अनुमति नदिएकोले फर्किइन्। त्यसको सङ्केतस्वरूप दुइ पटक मात्र ढोगेर रिसाएर हिँड्छिन्। रिसाएकी वत्सलेश्वरीको खट भुवनेश्वरीअगाडिको बाटो हुँदै पशुपतिअमालकोटकचहरीको डबलीमा के पुगेको हुन्छ

---

५६ वत्सलेश्वरीयात्रामा निकालिने खटमा यो लेख छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथमन्दिरबाट उनलाई खुशी पार्न 'विचारपूजा' एउटा खटमा राखेर पुऱ्याउँछन् र कर्माचार्य पुरोहितले विचार-पूजा गर्छन् । विचारपूजा सकिनासाथ पशुपतिनाथका मूलपुजारी, वासुकीमन्दिरका पुजारी तथा अन्य तीन जना पशुपतिनाथका पुजारीहरू वत्सलेश्वरीको दर्शनपूजनको निमित्त आउनुपर्ने प्रचलन छ । त्यहाँ आउनुभन्दा अगाडि पशुपतिअमालकोटकचहरीका अमाली अर्थात् पशुपतिका मूलपुजारीले आफूअन्तर्गतका रै-रकमीहरूलाई पगरी बाँधिदिई एक-एक पोका सिन्दूर दिनुपर्छ ।[५७] त्यसपछि आशागुर्जा, बाजागाजा, रै-रकमीहरूलाई साथमा लिएर पशुपतिका मूलपुजारी पशुपतिनाथ, शङ्कराचार्यमठ आदि देव-देवताका ठाउँमा सिन्दूर छर्दै पाँचुटोल, दथुटोल हुँदै वत्सलेश्वरी राखेको डबलीमा पुगी वत्सलेश्वरीको प्रदक्षिणासहित दर्शनपूजन गरी पशुपतिअमालकोटमा पुग्छन् । पशुपतिअमालकोटको अमाली भएको कारण मूलपुजारीले अन्य पुजारीहरूको साथमा त्यहाँको झ्यालमा बसी आफ्ना रै-रकमीहरूले बजाएको बाजा तथा नृत्य केही बेर हेरी उनीहरूलाई परम्परानुसार दस्तुर दिन्छन् । बाहिर आएर पुनः वत्सलेश्वरीलाई पूजा गरेर खटलाई केही अगाडि बढाएको जस्तो गरी तानेपछि मात्र उनीहरू फर्किन्छन् । त्यतिञ्जेलसम्म रातीको करीब १२ बजिसकेको हुन्छ । वत्सलेश्वरीको खटयात्राको दोस्रो दिन डबलीमा राखेपछि नक्सालभगवतीको खटयात्रा पशुपतिमा ल्याइन्छ । पशुपतिमन्दिरमा पुऱ्याएर फर्केपछि डबलीमा वत्सलेश्वरीलाई तीन पटक परिक्रमा गरेपछि तीन ठक्कर लगाएर नक्सालभगवतीको खटयात्रा जयवागीश्वरी, नवालीटोल, सिफल ज्ञानेश्वर हुँदै फर्किन्छ । नक्सालभगवतीको यात्रा लावालस्करसाथ विभिन्न बाजागाजाको साथ ल्याइन्छ । यात्राको दोस्रो दिनमा चाबहिलबाट चन्द्रविनायक लिन आउनुपर्ने चलन छ ।[५८] तर केही वर्ष यता मूर्तिको असुरक्षा, जनशक्तिको अभाव र श्रद्धाको कमीले गर्दा चाबहिलमा वत्सलेश्वरीको यात्रा लग्न छोडिएको छ । बाटो खराब नहुँदासम्म चाबहिलबाट लिन नआए पनि पुऱ्याइन्थ्यो [नक्सासङ्ख्या २घ (आ)] ।

वत्सलेश्वरीयात्राको तेस्रो दिन [नक्सासङ्ख्या २घ (इ)] पशुपतिअमालकोटको डबलीबाट बिहान ९-१० बजे यात्रा प्रारम्भ भई नवालीटोल हुँदै सिफलको तपाखेल पुगी भण्डारखालको पर्खालमा तीन ठक्कर लगाई वत्सलेश्वरीको औपचारिक शिष्टाचार गरेको जनाउ दिई सिफलढोकामा खट पुऱ्याइन्छ । त्यो ढोकादेखि पशुपतिको भित्री क्षेत्र शुरू हुने हुनाले पशुपतिनाथले निगाह राखी विचारपूजा पठाए पनि चमरपङ्खा नपठाईकन वत्सलेश्वरीको खटयात्रा अगाडि बढाउन नहुने परम्परा भएकोले पशुपतिमन्दिरका मूल भँडारीले चमरपङ्खा ल्याई हम्कन शुरू गरेपछि मात्र खटयात्रा अगाडि बढाइन्छ । त्यसपछि ताम्रेश्वरमन्दिर, पाँचुटोल हुँदै खटयात्रा पशुपतिनाथमन्दिरको पश्चिम ढोकातिर चलाइन्छ । बाटो-बाटोमा घर हुनेहरूले धुमधामसँग पूजा गर्दै यात्रा चलाउँछन् । देशोद्धारपूजामा पालो पर्नेको मूलघरबाट पूजा अनिवार्य रूपले गर्नुपर्ने चलन छ । खटयात्रा प्रारम्भ भएको तेस्रो दिन यात्रा सकिने भएकोले अरू दिनको भन्दा त्यस दिन दर्शक तथा यात्रामा भाग लिनेहरूको घुइँचो बढी हुन्छ । तेस्रो दिन खट बोक्न नियत गरिएका मानिसहरूबाहेक अरू युवाहरू पनि खट बोक्न तम्सिन्छन् । वत्सलेश्वरी प्रसन्न भएर फर्केको संस्मरणस्वरूप पशुपतिनाथमन्दिरको पश्चिम ढोकामा तीन ठक्कर लगाउन तथा हेर्न त्यहाँ उपस्थित भीड उत्सुक हुन्छन् (चित्रसङ्ख्या २०८) । ढोकामा सीधा ठक्कर नलगाउञ्जेल सिधासँग ठक्कर लगाउन संलग्न सबै प्रयत्नशील हुन्छन् । ठक्कर लागेपिच्छे उनीहरू खुशीले विभोर हुन्छन् । उफ्रिन्छन्, नाच्छन्, युवा जाँगर र जोश देखाउँछन् । त्यसरी तीन ठक्कर लगाइसकेपछि पशुपतिनाथका मूलपुजारीले वत्सलेश्वरी रहेको खटलाई परिक्रमा गरी पूजा गर्छन् । त्यसपछि पशुपतिनाथमन्दिरको चारैतिरका मन्दिर-मूर्तिहरूमा उनले सिन्दूर चढाउँदै-चढाउँदै मन्दिरभित्र प्रवेश गरी चारै ढोका खोली हर्ष व्यक्त गर्छन् र त्यहाँ उपस्थित सबैलाई प्रसादस्वरूप सिन्दूर बाँड्छन् । त्यहाँबाट खटलाई त्यहीं नजिकको डबलीमा बिसाइन्छ । यस प्रकार वत्सलेश्वरीको यात्रा सम्पन्न हुन्छ । खट बिसाउनासाथ पिशाचचतुर्दशीको दिन

---

५७ मूलपुजारीले आफ्नो निवासस्थान अगाडि रङ्गी-विरङ्गी टोपी लगाउन दिन्छन् । पगरीको सट्टा समयानुसार टोपी दिन थालेको देखिन्छ ।

५८ प्रचलन के छ भने चन्द्रविनायकको खटयात्रा पशुपतिमा ल्याएको वर्ष वत्सलाको यात्रा पनि चाबहिलमा लगिन्छ नत्र लगिँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सलेश्वरीमन्दिरमा बलि दिइएको राँगोको टाउको सिन्दूरगूठी, चन्दनगूठीलगायत आठ गूठीका गुठियारहरूले आठ टुक्रा गरी अष्टसिद्धिको रूपमा ग्रहण गर्छन् । यात्रा सकिएपछि शिव र पार्वतीलाई सिन्दूरयात्रा गर्दै लगिन्छ । ती दुवैको छुट्टा-छुट्टै 'द्य छेँ' (देवताघर) भए तापनि ती घरहरू जीर्ण-शीर्ण भई पाताल भएकोले गुठियारहरूले उनीहरूकै व्यक्तिगत घरको आगममा राख्ने गरेको छ । आगममा भित्र्याउनुभन्दा चार दिनअगाडि कोठाबाहिर सबैले दर्शनपूजन गर्न सक्ने गरी राखिन्छ । कसैले यात्रामा निकालिने शिव एवं वत्सलाको मूर्ति आचाजुको घरमा राखिने कुरा लेखेका छन् ।[५९] तर त्यो ठीक होइन ।

वत्सलेश्वरीको यात्रासम्बन्धी सबै कामहरूको लागि गूठी राखिएको छ । तिनीहरू 'सिन्दूरगूठी' र 'चन्दनगूठी' को नामबाट प्रसिद्ध छन् ।[६०] ती गूठीहरू देवपाटनका बिसेट थरका नेवारहरूले चलाउँदै आएका छन् । वत्सलेश्वरीयात्रा उतार्ने मुख्य काम पशुपतिअमालकोटकचहरीको पनि हो । मुख्य गरी खट बनाउने, तान्ने र त्यससम्बन्धी अरू आवश्यकीय काम अमालले नै गर्नुपर्ने चलन भएको देखिन्छ । वि.सं. १९७६ को लगतअनुसार त्यस वेला वत्सलेश्वरीयात्राको लागि अमालले रु. १८।७२।२ खर्च गरी सम्पन्न गर्दथ्यो । पछि त्यो रकम रु. १६।८८ भयो र वि. सं. २०३८ सालसम्ममा पनि त्यति नै रकमले चलाउनुपर्दछ भन्ने बाध्यता रहेको थियो । त्यसले यात्रा सञ्चलन गर्न नसकेपछि वि.सं. २०३८ आषाढ १३ गते गूठीसंस्थानले रकम बढाई रु. ३९७।५१ गरिदियो ।[६१] तर महँगीको कारण त्यतिले पनि पुग्न सकेन । यसैले वि. सं. २०३९ मा सो यात्रा उतार्न रु. ४,७००।-, २०४० सालमा रु. ५,४००।६२ र २०४१ सालमा रु. ६,९६६।६२ खर्च भएको त्यससम्बन्धी लगतबाट अवगत हुन्छ ।[६२] यो अमालले बेहोर्ने खर्च हो । अरू गूठीको तर्फबाट गर्ने खर्च त्यसमा समावेश गरिएको छैन । वत्सलेश्वरीको सिन्दूरयात्राको लागि जयप्रकाश मल्लले १२० रोपनी जग्गा गूठी राखिदिएका थिए । वि.सं. १८५६ सालमा श्री ५ रणबहादुर शाहले सो गूठी थामी देवपाटनका मेल्हमा वैद्यलाई गुठियार बनाई सो गूठीअन्तर्गत गर्नुपर्ने काम सम्पन्न गर्न लालमोहर गरिदिएका थिए ।[६३] वत्सलेश्वरीयात्रामा 'ढो द्ये' अर्थात् स्यालदेवताको पनि सम्मानित स्थान छ । पहिले स्यालको आकृतिको मूर्ति नै वत्सलेश्वरीमन्दिरबाहिर थियो । यात्राको अवसरमा त्यहाँ पूजा हुन्थ्यो । त्यसको पूजाका लागि छुट्टै गूठी थियो । त्यही कारणले गर्दा वत्सलेश्वरीमन्दिर रहेको ठाउँलाई 'जम्बुद्वीप' मान्ने प्रचलन छ एवं त्यसैको आव्हान गरी पूजाआजा सम्पन्न हुन्छ । यसले गर्न खोजेको सङ्केत स्पष्ट छैन । *वंशावली*हरूमा त्यहाँ 'नरशिवा' (मानिसरूपी स्याल) कोलाहल गर्न लगाइएको उल्लेख पाइन्छ ।[६४] वत्सलेश्वरीयात्राको पछाडि-पछाडि 'ढो गूठी' का गुठियारले खोकिलाभित्र कुनै वस्तु यात्रा नसकिउञ्जेल लिएर हिड्नुपर्ने चलन छ । त्यसलाई गोप्य राखिने भएकोले आफूले प्रत्यक्ष त्यो के वस्तु हो ? हेर्न नपाएकोले यस सम्बन्धमा कोरा अनुमान गर्नु ठीक जँच्दैन ।

वत्सलेश्वरीको पूजा तथा यात्राहरू गूठीको माध्यमबाट चलेको छ । कुनै राजगूठी छन्, कुनै निजी गूठीको तर्फबाट चल्दछन् । जे होस्, यात्राहरू गूठीव्यवस्थाको कारणैले मात्र चल्न सम्भव भएको छ । यससम्बन्धी पूजा र यात्रा उतार्न करीब एघारवटा गूठी संलग्न छन् । धार्मिक कार्य, परम्परा, मन बहलाउ र सामाजिक सङ्घटनसमेत गूठीअन्तर्गतका पूजा तथा यात्रामा हुने भएकाले राष्ट्रको धर्म-संस्कृतिको जगेर्नामा यिनीहरूले प्रशस्त सघाउ पुऱ्याउने कुरा यहाँ अविस्मरणीय छ । त्यस्तै यात्राका प्रसङ्गहरूले इतिहासका कति पेचिला कुराहरू बताउने पनि यहाँ बिसर्न सकिन्न ।

---

५९ Axel Michaels, *op.cit.*, foot noot no. 40 p. 124.

६० वत्सलेश्वरीयात्रामा निकालिने वत्सलाको प्रतिकृति सिन्दूरगूठी तथा चन्दनगूठीअन्तर्गत पर्दछन् ।

६१ गूठीसंस्थानले पशुपतिअमालकोटकचहरीलाई वि.सं. २०३८ आषाढ १३ गते लेखेको पत्र ।

६२ पशुपतिअमालकोटकचहरीमा भएको यात्रासम्बन्धी लगत ।

६३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११२ सङ्ख्या ।

६४ योगी देवीनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ४८ सङ्ख्या, ४७ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३.१० वज्रेश्वरीयात्रा

वज्रेश्वरीयात्रा देवापटनमा हुने अर्को महत्त्वपूर्ण यात्रा हो । वज्रेश्वरीलाई स्थानीय भाषामा 'पिङ्गनमाई' भन्ने गरिएकोले यो पिङ्गनमाईयात्राका नामबाट पनि प्रसिद्ध छ । पशुपतिक्षेत्रको दक्षिणी सिमानामा वज्रेश्वरी वा पिङ्गनमाई पूजास्थल छ । वि. सं. २०३३ मा निर्माण गरिएको चक्रपथमा यो पूजास्थल पर्न गएकोले अहिले सडकको मुन्तिर अवस्थित छ । यस स्थललाई प्रसिद्ध पीठको रूपमा लिइन्छ । वज्रेश्वरीयात्राको मुख्य काम यहीँ नै हुने भएकोले यो यात्राको केन्द्रबिन्दु 'पिङ्गनस्थान' हो । देवपाटनका पुराना बासिन्दाहरू पिङ्गनमाईलाई असाद्धै मान्छन् । महर्जन, डङ्गोल, कसाई, पोडे आदि समुदायहरूले इष्टदेवीकै रूपमा पिङ्गनमाईलाई मान्ने गरेको पाइन्छ । वज्रेश्वरीयात्राले विभिन्न समुदायबीचको एकतालाई उद्घाटित गर्दछ [नक्सासङ्ख्या २ग (अ)] ।

वज्रेश्वरीयात्राको प्रारम्भको सम्बन्धमा कुनै पनि अनुश्रुति प्रचलित भएको सुनिएको छैन । यो यात्राका गुठियारहरू अहिले देवपाटन भकुनटोल तथा लगनलाछीटोलका डङ्गोलहरू दुइ घर छन् । यात्रामा निकालिने देवीदेवताका मूर्तिहरू यिनै गुठियारहरूको घरमा राखिन्छ । प्रत्येक वर्ष पालैपालो ती गुठियारहरूले ती मूर्तिहरू आ-आफ्नो घरमा पूजाआजा गर्छन् ।

वज्रेश्वरीयात्राको प्रारम्भ चैत्रकृष्ण त्रयोदशीको दिनदेखि हुन्छ । सो दिन बिहानै पालोवाला गुठियार कहाँबाट पिङ्गनस्थानमा नवदुर्गा, गणेश र भैरवको मूर्तिहरू लगी लहरै राखी पूजाआजा गर्छन् । त्यहाँ पूजा सकिएपछि साथमा ल्याइएको मूर्तिहरू घरमा फर्काउँछन् । घरमा गुठियारहरूले विधिविधानसहित पूजाआजा गर्छन् । घरमा गर्नुपर्ने पूजाआजा सकिएपछि नवदुर्गा, गणेश र भैरवका सुवर्ण जलप भएका प्रतिकृतिहरू पुनः वज्रेश्वरीमा लगिन्छ । ती प्रतिकृतिहरू मुखुण्डो झैं केवल टाउको मात्र छन् । त्यसरी लगिएको विभिन्न देवीदेवताका मूर्तिहरू त्रयोदशी र चतुर्दशीको दिन दिनभरि नै पिङ्गनस्थानमा राखिन्छ । स्थानीय श्रद्धालु भक्तजनहरू त्यसअवसरमा पूजाआजा गर्न आउँछन् । कसैले त्यसैको निमित्त गूठी नै राखेका पनि छन् ।

चतुर्दशीको दिन साँझपख पोडेटोलका पोडेहरू प्रदर्शित गरी राखिएको मूर्ति लिन आउँछन् । उनीहरूमा पनि पालो मिलाइएको हुन्छ । सामान्य पूजाआजा गरिसकेपछि नवदुर्गा, गणेश र भैरवका प्रतिकृतिहरूलाई ढक्की-ढक्कीमा राखी पोडेटोलमा लगिन्छ । पहिले पोडेटोल बालकुमारीमन्दिरदेखि दक्षिणपट्टिको इँटापाखामा थियो । पछि वि.सं. १९५४ मा त्यहाँबाट अहिलेको ठाउँमा सारिएको हो । इँटापाखामा छउन्जेल पोडेहरूले त्यसरी छुट्टै लग्नुपर्ने चलन नभएको बुझिन्छ । किनभने इँटापाखामा नै वज्रेश्वरीलाई ल्याएर राख्नुपर्छ । अद्यापि यो चलन छँदैछ ।

पोडेटोलमा देवीदेवतालाई लगेपछि त्यहाँका सबै बासिन्दाहरूले राती विशेष उत्साह र उमङ्गसाथ पूजाआजा गर्ने गरको देखिन्छ । त्यस दिन आफ्ना नाता-कुटुम्ब, छोरी-बेटीहरूलाई डाक्ने, भोज खुवाउने आदि कामले गर्दा वज्रेश्वरीयात्रालाई उनीहरूले विशेष चाडकै रूपमा लिएको पाइन्छ । यसरी रातभर त्यहाँ राखेपछि भोलिपल्ट अर्थात् अमावास्याको दिन बिहानै ती देवीदेवताहरूलाई ढक्कीमा राखी पालोवालाले बाँकी बाजागाजाको साथ तिलगङ्गा, रामघाट हुँदै वत्सलेश्वरीमन्दिरको प्रदक्षिणा गरी भकुनटोल, बालकुमारी भएर इँटापाखामा बिहानैदेखि शृङ्गार गरेर राखेको नेपाली मन्दिर शैलीको खटमा ती मूर्तिहरूलाई विराजमान गराइन्छ । त्यसपछिको जिम्मावारी डङ्गोल गुठियारहरूमा जान्छ ।

त्यसरी इँटापाखामा विराजमान गराएपछि स्थानीय श्रद्धालुहरू दर्शनपूजनको लागि जान्छन् । सो कार्य सकिएपछि गुठियारहरूले विराजमान गराइएका खटसहित शोभायात्रा निकालिन्छ । शोभायात्रा इँटापाखाको दक्षिण, अहिलेको वेदविद्याश्रमको पूर्वी ढोकाबाट निकालेर भकुनटोल हुँदै पुनः वत्सलेश्वरीमन्दिरमा प्रदक्षिणाको लागि लग्ने चलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सलेश्वरीबाट भकुनटोल, भुवनेश्वरी, लगनलाछी, पशुपति पश्चिम ढोका, त्यहाँबाट पुनः सोही बाटो फर्केर भुवनेश्वरीको दक्षिण बालकुमारीस्थान हुँदै जयवागीश्वरी, नवालीटोल, ताम्रेश्वर, तपाखेल लगिन्छ । त्यसपछि भण्डारखालको पश्चिमपट्टि पर्खालमा तीन ठक्कर खुवाइन्छ । त्यहाँबाट नवालीटोल, दथुटोल, लगनलाछी हुँदै पशुपतिको बाहिरी पश्चिम ढोकामा पुऱ्याइन्छ । त्यहाँ तीन ठक्कर खुवाएर लगनलाछी हुँदै भुवनेश्वरीको मन्दिरको पूर्वी प्राङ्गणमा वज्रेश्वरीलाई नचाएको भनी नृत्यको भावभङ्गीमा खटलाई घुमाउने, यताउता दौडाउने गर्छन् । त्यसपछि त्यसै गरी नचाउने काम वज्रेश्वरीको 'द्य छेँ' अगाडि हुन्छ । यो काम अपराह्ण ५-६ बजेसम्म सम्पन्न भइसक्छ । त्यसपछि 'द्य छेँ' नजीकैको मण्डपमा खटलाई राखिन्छ । श्रद्धालुहरू दर्शनपूजनको लागि जम्मा भएका हुन्छन् । त्यो क्रम वत्सलेश्वरीको यात्रा निकाल्नु अघिसम्म चलिरहन्छ । वज्रेश्वरीलाई 'द्य छेँ' भित्र नभित्र्याईकन वत्सलेश्वरीको यात्रा शुरू गर्न नहुने जनविश्वासअनुसार सोही मण्डपनजिक रहेको 'द्य छेँ' मा वज्रेश्वरीमा 'लसकुस' गरी भित्र्याइन्छ ।[६५] लसकुस गरी भित्र्याउने काम पालोवाला गुठियारकी धर्मपत्नीले गर्छिन् ।

'द्य छेँ' मा भित्र्याएपछि सात दिनसम्म वज्रेश्वरीको यात्रामा निकालेको मूर्तिहरूलाई त्यहीं राखिन्छ । दुइ जना अर्थात् पालो लिने र पालो दिने गुठियारहरू त्यस अवधिभर निश्चित नियमभित्र रही गोप्य तरिकासँग विविध अनुष्ठान गर्छन् । ती देवीदेवताहरूलाई त्यस अवधिमा अनेकौं किसिमका जङ्गली जातका तरकारीहरू खान दिनुपर्ने चलन छ । त्यस्ता तरकारीहरू तीस-चालीस प्रकारका छन् भन्ने सुनिन्छ । नजिकका जङ्गलमा तिनीहरू पाउन छाडेकोले ती तरकारीहरूको आवश्यक जोहो १५-२० दिन अगाडिदेखि नै गर्छन् । त्यस वेला गुठियारहरूले एक छाक मात्र खान्छन् । आफूले खानुभन्दा अगाडि कुमार-कुमारीहरूलाई ख्वाउनुपर्ने चलन छ । साथै गुठियार दुइ जना खाना खानको लागि कसैले नदेख्ने गरी वनकालीतिर जान्छन् । उनीहरूले अपनाउँदै आएको परम्पराको वास्तविक अर्थ के हुन सक्छ ? समयको लामो अन्तरालले गर्दा व्यक्त गर्न गाह्रो छ ।

सात दिनको विधान सकिएपछि देवीदेवताहरूलाई भकुनटोलस्थित 'द्य छेँ' बाट पालोवाला गुठियारको घरमा लगिन्छ । त्यसपश्चात् दीक्षा लिएको व्यक्तिले नित्यपूजा गर्छन् । प्रत्येक शनिवार विशेषपूजा गर्नुपर्ने चलन छ । वैशाखकृष्ण औँसी, जसलाई मातातीर्थ औँसी पनि भनिन्छ, को दिन बिहानैदेखि गुठियारको घरमा आगमकोठाबाट बाहिर झिकी सबैले दर्शनपूजन गर्न सक्ने गरी राखिन्छ । स्थानीय व्यक्तिहरू जसलाई त्यो कुरा थाहा छ उनीहरू दर्शनपूजनको लागि जान्छन् ।

वज्रेश्वरीयात्राको परम्परा कहिलेदेखि चलेको हो भन्न सकिने तथ्य प्रमाण पाइँदैन । वि.सं. १९८९ को लगत-अनुसार यो यात्राको लागि देवापाटन भकुनटोलका डङ्गोलहरूले वज्रेश्वरीको यात्रा, नित्यनैमित्तिक पूजा तथा उनीहरूको लाश उठाउने 'सिँ गूठी' को लागि समेत १५ रोपनी जग्गा गूठी राखेको देखिन्छ ।[६६] वज्रेश्वरीको यात्राको अवसरमा निकालिने प्रतिकृतिहरूको शैलीगत विशेषता विक्रमको सत्रौं शताब्दीका ढलोटका मूर्तिमा देखिने विशेषता छन् ।

---

६५ पहिले पञ्चदेवलको पश्चिम-उत्तरमा सडकको दक्षिणपट्टि किनारमा काँचो माटोले बनेको वज्रेश्वरीको 'द्य छेँ' थियो । वि.सं. २०४० सालमा तात्कालिक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिले सो पुरानो 'द्य छेँ' भत्काई पुरानो 'द्य छेँ' को ठाउँमा मण्डप बनाई त्यसैको दक्षिणपट्टि भूइँतले पक्की 'द्य छेँ' बनाएको छ ।

६६ वि.सं. १९७४ को वज्रेश्वरी गूठीको लगत, गूठीलगत तथा तहविलकार्यालय, दीर्घ २८ लगतसङ्ख्या ।
"उप्रान्त देउपाटं वज्रेश्वरी गुठीको लगत कीताप षडा गर्नालाई मीसील हेर्दा नेपाली राजाका पालामा हाम्रा पुर्षाले श्री वज्रेश्वरीको जात्रा गर्नालाई र नीत्य नैमीत्ये पूजा गर्नालाई आफ्ना टोलमा मरेका आफ्ना जात मर्दा येसै गुठीबाट उठाउनु पर्ने गरी जमा १५ रोपनीको धां १५ ले नीत्ये पूजा र सालवसाल चैत्रकृष्ण १२ रोजका दीनदेषी औंसीका दीनतक र वैशाखकृष्ण १४ का दीन र सालसालका दीनका सनीश्चरवारका दीन पुजा गर्ने थीती र दानपत्रको सनसदस्मेत गरी जाहा गणदेवाता राषेको छन तेसै थाउमा राषनु भन्ने वनदेज गरी राषेको पछि सो देवता नुहाउदा पानीले थैली स्मेत भिजी सो सनद स्मेत घुलो भयेको ...."

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वज्रेश्वरीयात्राको अतिरिक्त यो गूठीबाट मार्गशुक्ल पूर्णिमाको दिन 'सिकापूजा,' चैत्रशुक्ल द्वादशीको दिन नौ जना कन्या तथा कुमार दुई जनालाई भोजन गराउनुपर्दछ । यो वत्सलेश्वरीयात्राको अवसरमा पोडेपाटीमा मध्यरातमा खुवाइन्छ । वि.सं. १९८९ भन्दा अगाडि यस गूठीबाट भकुनटोलका डङ्गोलहरूको 'सिँ गूठी' को काम गर्ने गरिए तापनि त्यसपछि सो गूठी 'राजगूठी' मा परिणत भएकोले त्यो काम हटाइयो ।[६७]

यो यात्रासम्बन्धी काम गर्ने गुठियारहरू वि.सं. १९५८ सम्म पाँच जना थिए । वि.सं. १९८३ मा चार जना भए ।[६८] अहिले आएर दुइ जना मात्र छन् ।[६९] यसबाट गुठियारहरूले विस्तार-विस्तार छोड्दै गइरहेको बुझिन्छ ।

उपर्युक्त यात्राहरूबाहेक गाईयात्रा, खड्गयात्रा, रोपाइँयात्रा पनि देवपाटनमा आफ्नै किसिमले मनाइन्छ । घरका परिवारका सदस्यहरूमा यदि कसैको त्यो वर्ष मृत्यु भयो भने त्यस घरका मानिसले दिवङ्गत आत्माको मुक्तिका लागि अथवा दिवङ्गत आत्माको संस्मरणमा प्रतीकात्मक अभिव्यक्ति प्रदर्शन गर्न गाईयात्रा महोत्सवमा भाग लिने गर्छन् । यसमा प्रायः धेरैजसोले घरका वा बाहिरका एक जना बाल-बालिकालाई गाईको अनुहार भएको चित्र शिरमा लगाई, पेरुङ्गोद्वारा सजाइएर नवालीटोलदेखि पशुपतिमन्दिरसम्मको बाटोमा परिक्रमा गराउँछन् (चित्र सङ्ख्या २३९) । कसैको चाहिँ गाईलाई नै विशेषरूपले सिङ्गारेर कोही मानिस साथ लगाई परिक्रमा गर्न पठाउने चलन छ । धार्मिक पृष्ठभूमिमा विचार गर्दा गाईको पुच्छर समाई वैतरिणी नदी तर्ने तथा यमद्वारभित्र प्रवेश पाउने अनेक लोककथनहरू पनि छन् । गाईसँग सम्बन्ध भएकोले नै यसलाई गाईयात्रा भनिएको हो । गाईयात्रामा मानिसहरू अनेक किसिमका जोगीका भेषमा पनि भाग लिने गर्छन् । कोहीचाहिँ बहुलाका भेषमा आउँछन् । गाईयात्राको वेलामा अनेक नाचगानका कार्यहरू देखाउनाको अतिरिक्त ख्यालः, प्रहसन र हास्य-व्यङ्ग्य प्रदर्शन गर्ने प्रचलन पनि छ । देवपाटनमा हुने गाईयात्रामा नवालीटोल र पोडेटोलका बासिन्दाहरूको विशेष सहभागिता रहेको पाइन्छ । त्यसो भए तापनि सम्पूर्ण देवपाटन-बासीहरूले आ-आफ्नो किसिमले भाग लिन्छन् । गाईयात्राको भोलिपल्ट खड्गयात्रा हुन्छ । हातमा खड्ग लिएका सहभागीहरू रङ्गी-बिरङ्गी पोशाकमा यात्रामा सामेल हुन्छन् ।

त्यस्तै गरी रोपाइँयात्रा गाईयात्राको तेस्रो दिन सम्पन्न हुन्छ । तीनै यात्राको अवसरमा यात्राको बाटो एउटै हुन्छ । रोपाइँयात्राको दिन रोपाइँ गरेको जस्तो गरी बाटोभरि रोपाइँ गरेको जस्तै गरी हिँड्छन् । खड्गयात्रा तथा रोपाइँयात्राले के कुरालाई सङ्केत गर्न खोजेको हो स्पष्ट हुँदैन । गाईयात्रादेखि लगातार तीनदिनसम्म तीन थरी यात्रा देवपाटनबाहेक अन्यत्र हुँदैन । गाईयात्राको दिनदेखि ती यात्राहरूको शुरुवात हुने हुनाले गाईयात्रासँग खड्गयात्रा र रोपाइँयात्राको सम्बन्ध हुन सक्ने देखिन्छ ।

इन्द्रयात्रा, कृष्णयात्रा पाँच-सात वर्षयता मनाउन थालेको पाइन्छ । तर परम्परागत यात्रामा जस्तो यी नयाँ यात्रामा त्यतिको सहभागिता देखिँदैन । परम्परागत रूपमा चलेका यात्राहरूको निश्चित बन्दोबस्त भएकोले पनि यस्तो भएको हो ।

यस्ता यात्राहरूबाहेक पशुपतिक्षेत्रमा ल्याइने तथा नचाइने नाचहरू नाँगेनाच, नवदुर्गानाच, हरिसिद्धिनाच आदिको आफ्नै किसिमको परम्परा र रीतिरिवाज छन् । तिनीहरू पनि झण्डै एक किसिमले यात्राको रूप लिन्छन् ।

---

६७ ऐजन।

६८ ऐजन। वि.सं. १९५८ मा घटासिं, सानु, जुङ्गुल, शिवशङ्कर, दुगलनसिंह डङ्गोल यसका गुठियार थिए।

६९ अहिले पञ्चनारायण डङ्गोल र हीराकाजी डङ्गोल यसका गुठियार छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३.११ वाग्वती, कुण्ड, लिङ्ग एवं उपलिङ्गयात्राहरू

पशुपतिक्षेत्रको धार्मिक-सांस्कृतिक महत्त्वलाई यस क्षेत्रसँग सम्बन्धित विभिन्न यात्राहरूले पनि इङ्गित गर्दछ। श्रद्धालु भक्तजनहरूको सहभागितामा कुनै कर्ता खडा भई यात्रा सञ्चालन गर्न अघि सरेमा गरिने यात्राहरू– वाग्वती-यात्रा, कुण्डयात्रा, लिङ्गयात्रा र उपलिङ्गयात्रा पशुपतिक्षेत्रसँग कुनै न कुनै रूपमा सम्बन्धित रहेको पाइन्छ। वाग्वती-यात्रा तथा लिङ्गयात्रा केही रूपमा मात्र पशुपतिक्षेत्रसँग सम्बन्ध राख्छ भने कुण्डयात्रा र उपलिङ्गयात्रा पूर्णरूपमा पशुपतिक्षेत्रकै सेरोफेरोमा सीमित छन्।

विभिन्न तिथिविशेषमा निश्चित समयावधिमा हुने यी यात्राहरूको कर्ता हिन्दूधर्मावलम्बी जो कोही भए पनि यात्राको तीर्थगुरुचाहिँ पशुपतिक्षेत्रस्थित शङ्कराचार्यआगमघरका भट्ट ब्राह्मण हुन्छन्। यस्तो यात्रा परिआउँदा अद्यापि आगमघरका भट्ट ब्राह्मणले तीर्थगुरु भई सञ्चालन गर्दै आएका छन्। तीर्थगुरुको अख्तियारी ने.सं. ८४८ (वि.सं. १७८५) वैशाखमा काठमाडौँका मल्ल राजा जगज्जय मल्लले साम्बसदाशिव भट्टलाई ताम्रपत्र गरिदिएका थिए।[७०] त्यस वेला उनले पशुपतिमन्दिरमा निर्जलाव्रत गराउने अधिकार पनि दिएका थिए। यी यात्राहरू गराउने तीर्थगुरुलाई 'नेमुनि' भनी सम्बोधन गर्ने प्रचलन छ। *हिमवत्खण्ड, नेपालमाहात्म्य* एवं *पशुपतिपुराण* आदि ग्रन्थहरूमा विरूपाक्षले गरेको कुकृत्यको दोषनिवारणार्थ नेमुनिको आज्ञाअनुसार विभिन्न तीर्थहरूको भ्रमण गरेका थिए र तत्पश्चात् उनी दोषमुक्त भएका थिए भन्ने कथनअनुसार विरूपाक्षले यात्रा गरेका विभिन्न तीर्थहरू नै भट्ट ब्राह्मणले गराउने परम्परा र विश्वासअनुसार यात्रा गराउने ब्राह्मणलाई 'नेमुनि' भनिएको हो। वाग्वतीयात्रा, कुण्डयात्रा, लिङ्गयात्रा, उपलिङ्गयात्राको सिलसिलामा कुनै न कुनै रूपमा विरूपाक्षको मन्दिर रहेको स्थान आर्यघाट किनारमा जानुपर्छ। अझ समापनको समयमा त्यहाँ गई विशेष पूजाआजा नै गर्नुपर्ने चलन छ। अब यहाँ माथि उल्लिखित विभिन्न यात्राहरूको बारेमा सङ्क्षिप्त रूपले जानकारी दिनु उपयोगी हुने देखिन्छ।

१३.११.१ वाग्वतीतीर्थयात्रा

वाग्वतीतीर्थयात्रा वैशाखशुक्ल प्रतिपदाको दिन प्रारम्भ हुने भए तापनि त्यसको दुइ दिनअघि वैशाखकृष्ण चतुर्दशीदेखि नै तयारीको काम शुरू हुन्छ। कर्ता हुने व्यक्तिले वाग्वतीयात्रामा सहभागी हुन इच्छुक व्यक्तिहरूलाई सार्वजनिक रूपमा सूचना र तीर्थगुरुलाई सिङ्गो सुपारी, दूबो, फूल, पान लिएर दुइ-चार दिनअगाडि नै निमन्त्रणा दिएर निश्चय गरेपछि वैशाखकृष्ण चतुर्दशीको दिनमा घरबाट साइत गरी निस्केर बुङ्मतीस्थित कार्यविनायकको दर्शन गरी फर्पिङको शेषनारायणस्थानमा इच्छुक सबै जना जम्मा हुन्छन्। भोलिपल्ट वैशाखकृष्ण अमावस्याको दिन दामोदरकुण्डमा स्नान गरी शेषनारायणको दर्शनपश्चात् दक्षिणकालीको पूजाअर्चना गरी गोपालेश्वरमा रुद्री पाठ, प्रतिज्ञा गोदान गरी हविष्य भोजनद्वारा पूर्वाङ्गको रात बिताउने चलन छ। वाग्वतीतीर्थयात्रा पद्धतिअनुसार तीर्थगुरुले सहभागी हुने यात्रीहरूलाई सङ्कल्प गराउँछन्। सो दिन गोपालेश्वरको अगाडि यात्रीहरूले आफ्नो शरीर सङ्कल्पसाथ भगवान् शिवलाई अर्पण गर्नुपर्छ। तिल, कुशले सङ्कल्प गर्दा यात्राको क्रममा गङ्गाजीमा कुनै प्रकारको फोहरमैला देखेर घिनाउदिन, मनले कुभाव चिताउन्न भनी सङ्कल्पित हुन्छन् र नान्दीमुखश्राद्ध पनि गर्छन्। त्यसपछि गोपालेश्वरदेखि पूर्व व्याघ्रपर्वतमा रहेको व्याघ्रतीर्थमा स्नान गरी विष्णुसहस्रनामको पुस्तक दान गर्छन् र त्यहीँ बालुवाको शिवजी बनाई विधिविधानपूर्वक पूजाआजा गर्छन्। त्यहाँको कार्य सकिएपछि शेषनारायणस्थानमा आई रात बिताउने चलन छ। यस प्रकार तयारीको क्रम सकिएपछि भोलिपल्ट वैशाखशुक्ल प्रतिपदादेखि वाग्वतीयात्रा प्रारम्भ हुन्छ। यो यात्राको क्रममा मुख्यत: वाग्वती नदीमा भएका विभिन्न तीर्थहरूमा स्नान गरिन्छ। यात्राको समापन वैशाखशुक्ल पूर्णिमाको दिन हुन्छ।

---

७० परिशिष्टभाग, अभिलेखखण्ड (क), ६९ सङ्ख्या।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभिन्न ठाउँका तीर्थको महत्त्वअनुसार अलग-अलग वस्तुहरू अर्पण गर्ने प्रचलन छ । कर्ताले विधिवत् सबै कार्य गर्नुपर्छ भने अरू श्रद्धालुहरूले जो सकेको गरे हुने परम्परा देखिन्छ । वाग्वतीतीर्थयात्रालाई कठिन धार्मिक यात्राको रूपमा लिइन्छ । नियम निष्ठामा रहेर, एक छाक खाएर, नाङ्गो खुट्टा प्रत्येक दिन बढीमा उनन्तीस तीर्थमा स्नान गर्दै पन्ध्र दिनसम्म गुजार्नु कम गाह्रो काम होइन । कति ठाउँमा घस्रेर-पस्रेर हिँड्नुपर्दछ । वाग्वतीतीर्थयात्राको क्रममा वाग्वतीलगायत रुद्रमती, मनमती, विष्णुमती, इक्षुमती, प्रभावती, सर्वोषधि आदि तीर्थहरूमा पनि विधिपूर्वक स्नान गरिन्छ ।

अब तीर्थहरूको सूची प्रस्तुत गरिन्छः-[७१]

७१ देवपत्तननिवासी श्रीमदन भट्ट, श्रीपद्मप्रसाद भट्टसँग रहेको पूजा विधानसम्बन्धी टिपोटहरूबाट यी विवरणहरू प्रस्तुत गरिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	स्नान गरिने तीर्थहरू	दान गरिने सामग्रीहरू र चाहिने सामग्री	तीर्थ रहेको ठाउँ	वास
वैशाखशुक्ल	प्रतिपदा	पहिलो	सेतुभिन्नतीर्थ, चन्द्रोदयतीर्थ, उत्तरवाहिनीतीर्थ, वासुकितीर्थ, गोतीर्थ, भद्रावतीतीर्थ, हनूमत्तीर्थ, सर्वमयतीर्थ, सीतातीर्थ, लक्ष्मणतीर्थ, दामोदरतीर्थ, रामतीर्थ, गोपालतीर्थ, सूर्योदयतीर्थ, सुलोचनातीर्थ, मत्स्येन्द्रत्रिजटातीर्थ	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, वरण सामग्री	खोकना	खोकना
वैशाखशुक्ल	द्वितीया	दोस्रो	सर्वौषधितीर्थ, महागणपतीतीर्थ, कर्कोटकतीर्थ, भृगुपाततीर्थ, चक्र-तीर्थ, वाराहीतीर्थ, तमोगणपतितीर्थ	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, औषधि-रसादि, पुष्टकारी, मुगाको गणेश, लड्डू, मुला, पूजा भाग, ऐना, पञ्चरत्न पचली भैरवलाई पूजा भाग	खोकनादेखि जलविनायकसम्म	जलविनायक
वैशाखशुक्ल	तृतीया	तेस्रो	प्रमोदारथतीर्थ, सप्तनीलतीर्थ, कायनिर्मलतीर्थ, पञ्चनदतीर्थ, शकतीर्थ, भैरवतीर्थ, कालमोचन-तीर्थ	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, छाता, जुत्ता, चमर पङ्खा, तस्वीर, लठ्ठी, जौको सतु, सर्वत, झोली, घडा, सिधा	जलविनायकदेखि कालमोचनसम्म	कालमोचन
वैशाखशुक्ल	चतुर्थी	चौथो	सहोदरतीर्थ, रुद्राधारातीर्थ, उत्तरप्रयागतीर्थ, निर्मलावतीतीर्थ, शङ्खमूलतीर्थ, वायुवतीतीर्थ, विमलावतीतीर्थ, सिद्धवतीतीर्थ, उमामहेश्वरतीर्थ, वाणगङ्गातीर्थ, मृत्युञ्जयतीर्थ, अमरावतीतीर्थ, भोगमतीतीर्थ	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, गोदान, ताम्रपत्र, तिल, सुन, शङ्ख	कालमोचनदेखि शङ्खमूलसम्म	शङ्खमूल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	स्नान गरिने तीर्थहरू	दान गरिने सामग्रीहरू र चाहिने सामग्री	तीर्थ रहेको ठाउँ	वास
वैशाखशुक्ल	पञ्चमी	पाँचौं	त्रिलोचनतीर्थ, सत्यभामातीर्थ, सुवर्णतीर्थ, पृथुकाख्यतीर्थ, त्रिविक्रम-तीर्थ, उमापतितीर्थ, क्षत्रियतीर्थ, क्षेत्रपालतीर्थ, राजराजेश्वरीतीर्थ, भस्मगङ्गातीर्थ, शापान्तक-पिशाचमोचनीतीर्थ, मणितीर्थ, प्रयागवतीतीर्थ, ब्रह्मतीर्थ, विष्णुतीर्थ	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, नून, कपास, माणिक, ताम्रपात्र, तिल, सुन, आसनी, जपमाला, पुस्तक, ढाल, पञ्च हतियार,अन्य	शङ्खमूलदेखि राजराजेश्वरीसम्म	राजराजेश्वरी देवपत्तन
वैशाखशुक्ल	षष्ठी	छैटौं	जयमङ्गलातीर्थ, आकाशभैरव-तीर्थ, गङ्गातीर्थ, कुशोदकतीर्थ, सौभाग्यतीर्थ, कुवेरतीर्थ, गौरीतीर्थ, खर्वरीतीर्थ, सूर्यभागातीर्थ नारायणतीर्थ, त्रिवेणीकातीर्थ पावनीतीर्थ, गोखुराख्यतीर्थ, अगस्त्यतीर्थ, नीलकण्ठतीर्थ, वासुकितीर्थ, देवघट्टतीर्थ, रुद्रसहस्र-तीर्थ, अनन्ततीर्थ, ब्रह्मसहस्रतीर्थ, आर्यातीर्थ, विष्णुसहस्रतीर्थ, चक्र-तीर्थ, चन्द्रभागातीर्थ, वत्सलातीर्थ, पञ्चविनायकतीर्थ, मृगोदकतीर्थ, गणेशतीर्थ, भृगुपतनतीर्थ,	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, सिधा, सौभाग्य द्रव्य, फलफूल, मिठाई, मसला, गोदान, वाग्वती-पशुपतिको पूजा लागि, रुद्री पाठ, अन्नहरू, दूध, लावा, विष्णु पाठ, कुशासन, आसानी, जपमाला, गोमुखी, पुस्तक, तामाको दीयो, रातो धान, रातो बत्ती, रातो वस्त्र, रक्तचन्दन, सुनको सूर्यविम्ब, प्याङ, चामल, दही, कपूर, मोती , शङ्ख, श्रीखण्ड, सेतो वस्त्र, चाँदीको दियो, सेतो बत्ती, चाँदीको चन्द्रविम्ब	राजराजेश्वरीदेखि वासुकिसम्म	पशुपति
वैशाखशुक्ल	सप्तमी	सातौं	मनकामनोहिततीर्थ, ज्ञानवापीतीर्थ, जिव्हालोलतीर्थ, गौरीतीर्थ, पुष्पाङ्गारतीर्थ, गुह्येश्वरीतीर्थ,	प्रायश्चित्त गोदान पूजा दुइ भाग, सौभाग्य द्रव्य, सुनको जिभ्रो, वस्त्र पहिऱ्याई भोजनसहित कन्यापूजा,	पशुपतिदेखि गुह्येश्वरीसम्म	गुह्येश्वरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	स्नान गरिने तीर्थहरू	दान गरिने सामग्रीहरू र चाहिने सामग्री	तीर्थ रहेको ठाउँ	वास
			गोखुराख्यतीर्थ, ताम्रचूडतीर्थ, भैरव-तीर्थ, जलेश्वरीतीर्थ, कर्कोटकतीर्थ, त्रिशूलगङ्गातीर्थ, श्लेष्मान्तकतीर्थ, बालश्मशानतीर्थ, सप्तर्षितीर्थ रुद्रसहस्रतीर्थ, पशुगणतीर्थ, अनन्तवाहिनीतीर्थ ।	नवरत्न राखी गुप्तिदान, तामा		
वैशाखशुक्ल	अष्टमी	आठौँ	चैलगङ्गातीर्थ, विष्णुपदतीर्थ, सूर्यकान्ततीर्थ, हिमवत्तीर्थ, चन्द्रकान्ततीर्थ, पितामहतीर्थ, भृगुपाततीर्थ, गोकर्णेश्वरतीर्थ, नारदतीर्थ, चक्रतीर्थ, चन्द्रभागातीर्थ, कैलाशतीर्थ, गदाधरतीर्थ, हत्यामोचन-तीर्थ, महागणपतितीर्थ, हनूमत्तीर्थ, गणपतितीर्थ, कर्कोटकतीर्थ, उत्तरगयातीर्थ,	प्रायश्चित्त गोदान पूजा दुइ भाग, लड्डु, घन, खरुवा, वस्त्र, गोदान, अन्नहरू, रुद्रीपाठ, पूजा, श्राद्ध सामग्री, अन्न दान, ब्राह्मण भोजन	गुह्येश्वरीदेखि गोकर्ण मनुभागसम्म	गोकर्ण
वैशाखशुक्ल	नवमी	नवौँ	सप्तर्षितीर्थ, कपोतगिरितीर्थ, उत्तर-वाहिनीतीर्थ, कालभैरवतीर्थ,	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, छाता, पिर्का, कमण्डलु, आसनी, कुशासन, पञ्चान्न, मसला, धोती, उपर्ना, परेवा	गुह्येश्वरीदेखि गोकर्णसम्म	गोकर्ण
वैशाखशुक्ल	दशमी	दशौँ	घोलमतीतीर्थ, वाल्मीकितीर्थ, अनलाम्बुतीर्थ, श्वेतवाराहतीर्थ, सुन्दरिकातीर्थ, सहस्रसुन्दरीतीर्थ वाग्वतीतीर्थ, मदलाम्बुतीर्थ, काकगङ्गातीर्थ, निमलाम्बुतीर्थ,	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, भूमि दान, घर दान, चित्रविचित्र वस्त्र दान	सुन्दरीजल	सुन्दरीजल

Jayatu Sanskritam, Kathmandu, Nepal

महीना	तिथि	दिन	स्नान गरिने तीर्थहरू	दान गरिने सामग्रीहरू र चाहिने सामग्री	तीर्थ रहेको ठाउँ	वास
			नागमतीतीर्थ, स्यालमतीतीर्थ, पुण्यवतीतीर्थ, धनुषतीर्थ, विमलाम्बुतीर्थ, गजामतीतीर्थ, महाकालतीर्थ, धर्मवतीतीर्थ, सहस्रधारातीर्थ,			
वैशाखशुक्ल	एकादशी	एघारौं	विश्वाम्बुतीर्थ, कामधेनुतीर्थ, योगाम्बुतीर्थ, सिद्धाम्बुतीर्थ, भागणाम्बुतीर्थ, अगस्त्यतीर्थ, भोगाम्बुतीर्थ, शतरुद्रतीर्थ, ज्ञानाम्बुतीर्थ,	प्रायश्चित्त गोदान, पूजा दुइ भाग, बाजाहरू, सौभाग्य द्रव्य, हतियार, चित्रविचित्र वस्त्र, डमरु, त्रिशूल, घण्टा, गोदान २, सचैल स्नानलाई वस्त्र २, चडुवा गोदान २	गोकर्णदेखि वागद्वारसम्म	वागद्वार
वैशाखशुक्ल	द्वादशी	बाह्रौं	अनन्ततीर्थ, अप्सरसतीर्थ, तारातीर्थ, षट्कुमारतीर्थ, विष्णु-लक्ष्मीतीर्थ, रुद्रगौरीतीर्थ, ब्रह्मसरस्वतीतीर्थ	होमलाई व्रीही, होम्ने वस्त्र, शय्यादान, वज्रयोगिनीलाई पूजा दुइ भाग, सबै यात्रुलाई कल्याण होस् भन्नाको लागि गोप्यमा बलि पन्छाउन-को लागि कालो दाल, बेसार, चामल, रातो बत्ती, माटाको भाँडो, यो कार्य गोप्यमा हुन्छ ।	वागद्वारदेखि बूढानीलकण्ठसम्म	बूढानीलकण्ठ
वैशाखशुक्ल	त्रयोदशी	तेह्रौं		ने मुनिलाई शिरपाउ दिने सामग्रीहरू, दहीच्यूरा, साँखुमा शय्यादान गर्न नभ्याउनेले यहीं गरे हुने ।	बूढानीलकण्ठ–साँखु	साँखु
वैशाखशुक्ल	चतुर्दशी	चौधौं	गोकर्ण	बूढानीलकण्ठको पूजा, गोकर्ण स्नान	साँखुदेखि चाँगु	चाँगुनारायण
वैशाखशुक्ल	पूर्णिमा	पन्ध्रौं	योगधारा, योगकुण्ड	उद्यापनको सामग्री, वज्रयोगिनीको पूजा ।	चाँगुपशुपति	चाँगुनारायण

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैशाखशुक्ल पूर्णिमाको दिन यो तीर्थयात्राको समापन हुन्छ । समापनको दिन चाँगुनारायण र दशावतार तथा छिन्नमस्ता, कान्तिभैरव, कीलेश्वर, शङ्ख-चक्र आदिको दर्शनपूजन गरिन्छ । त्यसपछि मणिमतीमा स्नान गरी गुह्येश्वरी तथा पशुपतिनाथको दर्शनपूजन गरी आर्यघाटस्थित विरूपाक्षलाई दही, च्यूरा चढाई तीर्थगुरुलाई पूजा, दक्षिणा, वस्त्रादि जो सकेको दिई घर पुऱ्याएर बिदा गरिसकेपछि तीर्थयात्रामा संलग्न यात्रीहरू आ-आफ्नो घर जाने चलन छ ।

यो यात्रामा हिन्दूधर्मावलम्बी जो कोहीले भाग लिन सक्छन् । प्रारम्भमा नै नान्दीमुखश्राद्ध भइसकेको हुनाले तीर्थयात्रा अवधिभर यात्रीलाई परिवारको तथा परिवालाई यात्रीको जूठो-सूतक बार्नुपर्दैन । यात्रा सम्पन्न भइसकेपछि जूठो-सूतक बाँकी छ भने बाँकी दिनको मात्र बार्नुपर्छ, बाँकी छैन भने बार्नु नपर्ने प्रचलन छ ।

यात्राको क्रममा तीर्थगुरुलाई सहयोग गर्ने अरू ब्राह्मणहरू साथमा हुन्छन् । उनीहरूले शङ्ख, डमरु बजाउनुका साथै झण्डा बोक्छन् । यात्राको समयमा कोही महिला नछुनी भए अरूलाई नछोई, पछि-पछि लाग्ने प्रचलन छ । घर जान भने पाइँदैन । कसैको कुनै तीर्थ छुटे पछि हुने यस्ता यात्रामा समावेश भई पूर्ण गरे हुने चलन पनि छ ।

वाग्वतीतीर्थयात्रा विगतमा धेरै भए होलान् । तर त्यसको विवरण राख्ने प्रचलन नहुँदा पहिलेका वाग्वतीयात्राबारे विस्तृत थाहा पाइँदैन । वर्तमान तीर्थगुरुबाट वि.सं. १९९१ देखिको जानकारी पाइन्छ । त्यसपश्चात् वि.सं. २००३, २००८, २०१५, २०३०, २०३४, २०५०, २०४१, २०४२, २०४३ सालमा वाग्वतीतीर्थयात्रा सम्पन्न भए । वि.सं. २००३ सालको यात्रामा बाईस सय यात्रु सहभागी थिए भने भरिया मात्र आठ सय जना थिए । त्यसपछि क्रमशः ३००, १८०, २००, ५०, २५०, १००, ३०, २५, २५ जना सो यात्रामा समावेश भए । वि. सं. २०४३ पछि यो यात्रा गर्न कोही कर्ता अघि सरेको छैन । अब त वाग्वतीयात्रा गर्न चाहे पनि प्रदूषणले गर्दा नसकिने हुन गएको छ ।

१३.११.२ कुण्डयात्रा

कुण्डयात्राको लागि पनि पहिले कुनै कर्ता तयार हुनुपर्छ । त्यसपछि तीर्थगुरुसँग सहमति लिई विधिवत् वाग्वतीयात्रामा झैं निमन्त्रणा गर्नुपर्छ । कर्ता तथा तीर्थगुरुको बीच कुण्डयात्रा आयोजना गर्ने निश्चय भएपछि कुण्डयात्रामा संलग्न हुन चाहने श्रद्धालु भक्तजनहरूलाई अधिकाधिक सङ्ख्यामा भेला हुन सकून् भनी जानकारी गराइन्छ । यात्रामा संलग्न हुने सबै जना श्रावणकृष्ण चतुर्दशीको दिन पशुपतिमा भेला हुन्छन् । भोलिपल्ट श्रावणकृष्ण अमावास्याको दिन पूर्वाङ्ग हुन्छ । कुण्डयात्रा श्रावणशुक्ल प्रतिपदाको दिन आरम्भ हुन्छ र पशुपतिक्षेत्रको अधिकांश तथा पशुपतिक्षेत्रबाहिर रहेका केही कुण्डहरूको यात्रा गरिन्छ । 'ने' मुनिले साँखुमा तपस्या गर्दा वर पाएको भन्ने आख्यान प्रचलित भएकोले विरूपाक्षरूपका यात्रीहरू त्यहाँ गई पूजाआजा गर्ने चलन छ । यो कार्य श्रावणशुक्ल त्रयोदशीको दिन हुन्छ । फर्कदा चतुर्दशीको दिन चाँगुनारायण गई त्यहाँ पनि पूजाआजा गरिन्छ । कुण्डयात्राको क्रममा साँखु, चाँगु जानेबाहेक अरू वेला त्यति टाढा जानुपर्दैन । कुण्डयात्रामा पशुपतिक्षेत्रबाहिर जानुपर्दा पूर्वमा बौद्ध, कुमारीगाल, बरालगाउँ, सिनामङ्गल, काँडाघारी, दक्षिणमा बानेश्वर महादेवस्थान, पश्चिममा ज्ञानेश्वर, मैतीदेवी उत्तरमा चाबहिल गणेशस्थानसम्म जानुपर्छ । साँखु, चाँगुमा जाँदाबाहेक अरू दिन पशुपतिमा बास बसी सबै यात्रा पूर्ण गरिन्छ ।

पशुपतिक्षेत्रमा श्लेष्मान्तक वनमा धेरै कुण्डहरू छन् । पहिले कुण्ड भएका तर अहिले पानी नभएको वा पुरिएका ठाउँमा कुनै भाँडोमा पानी राखेर पञ्चस्नान गरिन्छ । बस्ती क्षेत्रमा भएका कुण्डहरू सुक्ने तथा अतिक्रमण हुँदै गएकाले कतिपय कुण्डहरूका नामनिसान नै भेटिँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाग्वतीतीर्थयात्रामा जस्तै ब्राह्मणवरण, सङ्कल्प, नान्दीमुखश्राद्धलगायतका विधिविधानहरू कुण्डयात्रामा पनि गरिन्छन् ।

१३.१२.३ *लिङ्गयात्रा*

चौसठ्ठी शिवलिङ्गयात्राको धार्मिक महत्त्वको बारेमा *हिमवत्खण्ड, नेपालमाहात्म्य, पशुपतिपुराण* आदि नेपालमा अत्यधिक मात्रामा प्रचलित पुराण साहित्यहरूमा विशेष चर्चा गरिएका छन् । चौसट्ठी लिङ्गयात्रा गर्न सक्नेहरू लामै समय लगाएर भए पनि सो लिङ्गयात्रा गर्छन् । तर समय उमेर आदि विविध कारणहरूले गर्दा चौसट्ठी लिङ्गयात्रा गर्न नसक्नेहरू त्यसैको सङ्क्षिप्तस्वरूपको यात्रा गर्छन् । प्रत्येक लिङ्गलाई चौसट्ठी लिङ्गमध्येको विभिन्न नामले पूजाअर्चना गरी लिङ्गहरूको विधिपूर्वक दर्शनपूजन लिङ्गयात्रामा गरिन्छ । यसका तीर्थगुरु पनि शङ्कराचार्यआगमघरका पुजारी नै छन् । वाग्वतीतीर्थयात्रा, कुण्डयात्रामा झैं कर्ता तयार भई यात्रा गर्ने निश्चय भएपछि कर्ताले भाग लिन चाहनेहरूलाई प्रोत्साहित गर्छन् ।

माघशुक्ल चतुर्थीको दिन सबै यात्रीहरू पशुपतिनाथको मन्दिरमा जम्मा हुन्छन् । त्यसको भोलिपल्ट पूर्वाङ्गको दिन आर्यतीर्थमा स्नान गरी भगवान् पशुपतिनाथलगायतका देवीदेवताहरूको दर्शनपूजन गरिसकेपछि चाबहिल चन्द्रविनायकको पूजाआजा गरी प्रतिज्ञागोदान आदि विधान सम्पन्न भएपछि यात्रा प्रारम्भ हुन्छ ।

ब्राह्मण वरणका सामग्री तथा चौसट्ठी शिवलिङ्गलाई पूजा गर्न चाहिने सामग्रीहरू विधानअनुसार यात्रामा सहभागी हुनेले लिएर आउनुपर्छ । हरेक शिवलिङ्गमा अर्घ्य दिनुपर्ने भएकोले अर्घ्यका सामानहरू पनि चाहिन्छ । त्यस्तै चण्डी, गीता, रुद्री आदिको पाठ पनि गरिन्छ । यो यात्राको शुरू पनि पशुपतिबाट तथा समाप्ति पनि पशुपतिक्षेत्रबाट हुन्छ । रुद्रागारेश्वरमा समापनसम्बन्धी विधिविधानका कार्य गरिन्छन् । अलग-अलग तीर्थमा स्नान गरी प्रत्येक दिन लामो पैदल यात्रा तय गरी सम्बन्धित शिवलिङ्गको पूजाआजा गरिन्छ । प्रत्येक बासमा तीर्थ, लिङ्ग माहात्म्यको श्रवण तथा भजनकीर्तनको आयोजना गर्ने चलन छ । अब यात्रा अवधिमा पूजाआजा गरिने, स्नान गरिने तथा बास बस्ने क्रमश: शिवलिङ्ग, तीर्थ तथा वासस्थलको चर्चा गर्नुपरेको छ :-

Jayaṭu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	स्नान गर्ने तीर्थहरू	पूजा गर्ने लिङ्गहरू	अन्य पूजा दर्शन	वास
माघशुक्ल	पञ्चमी	पहिलो	आर्यातीर्थ	कीलेश्वर, कुशेश्वर, भीमेश्वर, कस्येश्वर, चन्द्रेश्वर, धनेश्वर, विकटेश्वर	पशुपतिनाथ, चन्द्रविनायक	चाँगुनारायण
माघशुक्ल	षष्ठी	दोस्रो	सोमतीर्थ	विमलेश्वर, मङ्गलेश्वर, अनन्तकीलेश्वर, विश्वरूपेश्वर, गोभ्राटेश्वर, भालेश्वर, सोमलिङ्गेश्वर, इन्द्रेश्वर	आकाशभैरव, महालक्ष्मी	लुभु
माघशुक्ल	सप्तमी	तेस्रो	सिद्धसरोवरतीर्थ, गोदावरी-तीर्थ, ज्ञानवापीतीर्थ, गौरी-तीर्थ	गुप्तेश्वर, चम्पेश्वर, कालेश्वर, लटारम्भेश्वर, कटेश्वर, तिलेश्वर, भृङ्गेश्वर	बालकुमारी, चण्डभैरव	सुनाकोठी भृङ्गारेश्वर
माघशुक्ल	अष्टमी	चौथो	गोपालतीर्थ, यज्ञगङ्गातीर्थ	चम्पेश्वर, उन्मत्तेश्वर, नन्दिकेश्वर, त्रिलिङ्गेश्वर, कुपितेश्वर, सर्वेश्वर, दुहालेश्वर	क्रोधभैरव, दक्षिणकाली	शेषनारायण
माघशुक्ल	नवमी	पाँचौं	रुद्र तीर्थ	गोखुरेश्वर, पाण्डकेश्वर, बाणेश्वर, चन्द्रभ्राटेश्वर, ज्ञानेश्वर, भुवनेश्वर, गोलोकेश्वर	लम्बोदर गणेश, काल-भैरव, विष्णुदेवी	नैकाप पुरानो भञ्ज्याङ
माघशुक्ल	दशमी	छैटौं	यक्षतीर्थ, नन्दीतीर्थ	आदेश्वर, भैरवेश्वर, पर्वतेश्वर, कुटेश्वर, रुद्रगारेश्वर, शैलेश्वर, स्कन्देश्वर, यक्षेश्वर	कालभैरव, विकटगणेश, चाँगुनारायण	आदेश्वर
माघशुक्ल	एकादशी	सातौं	पिण्डाकरतीर्थ, स्यहारा तीर्थ, धर्मगङ्गा, जेष्टिला-तीर्थ	ब्रह्मेश्वर, चण्डिकेश्वर, मणिचूडेश्वर, कागेश्वर, जलेश्वर, गुह्येश्वर (सिद्धेश्वर), धर्मेश्वर	रुद्रभैरव, विघ्नराजगणेश, जलशयननारायण, भद्रकाली	बूढानीलकण्ठ
माघशुक्ल	द्वादशी	आठौं	रुद्रमती, चन्द्रभागातीर्थ, कान्तिभैरवतीर्थ, योगतीर्थ, तारा तीर्थ,	फाटकेश्वर, रत्नचूडेश्वर, नारायणेश्वर, ज्योतिलिङ्गेश्वर, बाल्मीकेश्वर, बागेश्वर, गोकर्णेश्वर, योगेश्वर	गोकर्णेश्वर, अशिताङ्ग भैरव, उग्रतारा	साँखु
माघशुक्ल	त्रयोदशी	नवौं	भैरवतीर्थ, स्याङ्दहतीर्थ		गरुडनारायण, शिवमस्ता, कान्तिभैरव, दशअवतार	चाँगुनारायण
माघशुक्ल	चतुर्दशी	दशौं	शङ्खचक्रतीर्थ	रुद्रगारेश्वर	गुह्येश्वरीपीठ पूजा, कन्याकुमारी पूजा, विरूपाक्ष पूजा	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिङ्गयात्राको अवसरमा बाटोमा पर्ने मुख्य-मुख्य देवीदेवता, मन्दिरको दर्शन तथा तीर्थहरूको स्नान गरिन्छ । समापनको दिन विरूपाक्षलाई दही-च्यूरा चढाई विशेषरूपमा पूजा गरिन्छ । त्यसपश्चात् तीर्थगुरुलाई दान, दक्षिणा दिई घरसम्म पुऱ्याई बिदावारी गर्ने चलन छ । यात्रामा सहभागी हुनेहरू आ-आफ्नो घर फर्की इष्टदेवता, कुलदेवताको पूजा गरी विश्राम लिन्छन् ।

१३.१२.४ उपलिङ्गयात्रा

उपलिङ्गयात्रा पशुपतिक्षेत्रको अर्को महत्त्वपूर्ण धार्मिक यात्रा हो । उपलिङ्गयात्रा अधिकांश पशुपतिक्षेत्रमा सीमित छ । दुइ-चारवटा शिवलिङ्ग पूजनको लागि मात्र पशुपतिक्षेत्रबाहिर जानुपर्दछ । यस यात्रामा पशुपतिक्षेत्रमा मल्लकालसम्म स्थापित अधिकांश शिवलिङ्गहरूको दर्शनपूजन गरिन्छ । उपलिङ्गयात्रा गर्न कुनै कर्ता तयार भएमा शङ्कराचार्य स्वामीका आगमघरका पुजारी तीर्थगुरु भई यो यात्रा सम्पादन गर्ने परम्परा छ । यो यात्रामा भाग लिन चाहनेहरू माघशुक्ल चतुर्थीको दिन पशुपतिमा जम्मा हुन्छन् । हविष्य खाई, नङ, कपाल काटी, शुद्ध भई सो दिन एकचित्त भई पशुपतिमा वास बस्छन् । भोलिपल्ट पञ्चमीको दिन (१) तीर्थगुरु, (२) गणेश, (३) पण्डित, (४) घण्टे, (५) धुपौरे आदि ब्राह्णहरूको वरण हुन्छ । सोही दिन यात्रामा भाग लिनेहरूले प्रायश्चित्त गोदान गर्छन् ।

उपलिङ्गयात्राको अवसरमा यात्राभरि प्रत्येक दिनको गर्नुपर्ने कार्य सकेपछि पशुपतिमा फर्की वास बस्छन् । प्रत्येक दिन अलग-अलग तीर्थको स्नान गरी, एक्काईसवटा शिवलिङ्गको विधिपूर्वकको दर्शनपूजन गरेपछि सो दिनको समाप्तिमा प्रत्येक दिन अलग-अलग शक्तिपीठमा जम्मा भई पञ्चोपचार पूजा, गोदान गरी प्रसाद ग्रहण गर्ने प्रचलन छ । मुख्यकर्ताले यात्रा अवधिभर प्रत्येक दिन दर्शनपूजन गरिने एक्काईसवटै शिवलिङ्गमा गोदान गर्नुपर्छ तर अरू यात्रीहरूले चाहिँ शक्तिपीठको पूजाको वेलामा मात्र गोदान गर्छन् ।

कुनै ठाउँमा शिवलिङ्ग चोरिई, हराई, नासिएको भए बालुवाको बनाई पूजा गर्ने प्रचलन छ । यात्रा अवधिभर यात्रीले एक छाक चोखो सात्त्विक खाद्यान्न, फलफूल खान्छन् । प्रत्येक दिन साँझ खाना खाइसकेपछि *हिमवत्खण्ड*को अर्थसहितको पारायण हुन्छ । साथै दिउँसो दर्शनपूजन गरेको शिवलिङ्गहरूको माहात्म्य पनि बताइन्छ । यात्राको साथ लगिएको ध्वजा, कलशको आरतीपश्चात् मात्र सुत्छन् । अब यहाँ प्रत्येक दिन स्नान गरिने तीर्थ, लिङ्ग र शक्तिपीठको विवरण प्रस्तुत गरिन्छ । उपलिङ्गयात्राको क्रममा नवग्रह, धर्मशिला, आदिलाई पनि भगवान् शिवको स्वरूप सम्झी पूजाआजा गरिने परम्परा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी–देवता	दर्शन–पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
माघशुक्ल	पञ्चमी	पहिलो	आर्यघाटतीर्थ, लालगणेश पूजा	१. मृगेश्वर	आर्यघाट	वत्सलेश्वरीको पूजा गरी आकाशभैरव अष्टभैरवको पूजा, गोदान गरी कुमारी कन्यापूजा गर्ने । कुमारी एकै जना भए पनि पुज्ने ।
				२. लालेश्वर	मृगेश्वरमन्दिरभित्र	
				३. इन्द्रेश्वर	मृगेश्वरमन्दिरभित्र	
				४. तारकेश्वर	ब्रह्मनाल रहेको ठाउँ	
				५. गुप्तेश्वर	आर्यघाटबाट पशुपति-मन्दिर जाने सिँढी दायाँ	
				६. कर्पुरेश्वर	आर्यघाटपारि डिल	
				७. नीलकण्ठेश्वर	मृगेश्वरमन्दिरभित्र	
				८. गौरेश्वर	मृगेश्वरमन्दिरभित्र	
				९. कुवेरेश्वर	मृगेश्वरमन्दिरभित्र	
				१०. कोखोदकेश्वर	मृगेश्वरमन्दिरभित्र	
				११. त्रिसधुलेश्वर	बिरामी राख्ने रातो सत्तलमुनि	
				१२. सघोसुलेश्वर	बिरामी राख्ने रातो सत्तलमुनि	
				१३. विरूपाक्षेश्वर	आर्यघाट	
				१४. मातृगोचक्रेश्वर	आर्यघाटपुलको पूर्वको खोपा	
				१५. पञ्चदण्डिकेश्वर	वत्सलाको यन्त्रमुनि उत्तरतर्फ	
				१६. पञ्चगणेश्वर	वत्सलामन्दिरको उत्तरको पञ्चगणेश	
				१७. सूर्येश्वर	आर्यघाट पार्थिवशिला	
				१८. चन्द्रेश्वर	आर्यघाट पार्थिवशिला	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी–देवता	दर्शन–पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१९. पद्मेश्वर	भस्मेश्वरघाट	
				२०. मण्डलेश्वर	सूर्येश्वरको पूर्वपट्टि वाग्वतीको पश्चिम	
				२१. विश्वरूपेश्वर	गुप्तेश्वरको पश्चिम	
माघशुक्ल	षष्ठी	दोस्रो प्रार्थना	विनायक तीर्थ, विघ्नहरणेश्वरको	१. क्षेत्रपालेश्वर	राजराजेश्वरी जाने पञ्चगणेश, वाग्वतीको दायाँ किनार	जयमङ्गला, भैरवमा पूजा गोदान
				२. विराटेश्वर	राजराजेश्वरीको उत्तर वाग्वती किनार	
				३. गोचक्रेश्वर	विराटेश्वरमुन्तिर	
				४. उमामहेश्वर	राजराजेश्वरीप्राङ्गण	
				५. राजेश्वर	राजराजेश्वरीप्राङ्गण	
				६. कल्पान्तेश्वर	राजराजेश्वरीप्राङ्गण	
				७. पीठगागेश्वर	वज्रेश्वरीस्थान	
				८. हरिलिङ्गेश्वर	पञ्चदेवलबाहिर आग्नेय कुना	
				९. खपुतेश्वर	पञ्चदेवलप्राङ्गण पूर्व	
				१०. नर्वदेश्वर	पञ्चदेवलप्राङ्गण उत्तर	
				११. शिवपुरेश्वर	पञ्चदेवलप्राङ्गण पश्चिम	
				१२. नारायणेश्वर	पञ्चदेवलप्राङ्गण वायव्य दिशा	
				१३. विष्णुजोगेश्वर	पञ्चदेवल पश्चिम वनकाली जाने बाटोछेउ	
				१४. चन्द्रजोरेश्वर	वज्रघरपश्चिमको पर्खालभित्र	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी–देवता	दर्शन–पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१५. सुरोपातेश्वर	चन्द्रजोरेश्वर दक्षिण पर्खाल	
				१६. वसलेश्वर	चन्द्रजोरेश्वर दक्षिण पर्खाल	
				१७. दधितेश्वर	चन्द्रजोरेश्वर दक्षिण पर्खाल	
				१८. वसुमतेश्वर	चन्द्रजोरेश्वर दक्षिण पर्खाल	
				१९. ॐमकेश्वर	पञ्चदेवल जाने सिँढी	
				२०. ज्योतिलिङ्गेश्वर	वज्रघर पश्चिम खाडल	
				२१. क्रोधेश्वर	झङ्केश्वरी स्थान	
माघशुक्ल	सप्तमी	तेस्रो	क्षेत्रपाल तीर्थ, एकदन्त गणेशको प्रार्थना	१. धर्मेश्वर	नासननी	राजराजेश्वरी पूजा, एकदन्त गणेश, क्षेत्रपाल भैरवको पूजा, प्रार्थना, गोदान
				२. तववाटेश्वर	ज्ञानधारा पाटीपछाडि	
				३. संलालेश्वर	भकुनटोल चोकको खाडल	
				४. संभारभैरवेश्वर	वरुणधारा उत्तर गणेश-मूर्तिसँगैको प्रस्तर	
				५. हरिसिद्धेश्वर	भूसकेव	
				६. भूमण्डलेश्वर	भूसकेव	
				७. भुवनेश्वर	आटगानन्नी	
				८. हरिकालेश्वर		
				९. हात्तिकेश्वर	भीमसेनमन्दिर दक्षिण सडकछेउ	
				१०. बुद्धावतारेश्वर (नृत्यनाथ)	हात्तिकेश्वरदेखि केही उता सडकपारि खाल्डो	
				११. दूतिकेश्वर	बालकुमारीमन्दिर उत्तर	
				१२. पिशाचेश्वर	अमालकोटको बोसल	
				१३. कृष्णेश्वर	कुँछेँ, माधवलाल श्रेष्ठको घर पूर्वको बगैँचा	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी–देवता	दर्शन–पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१४. भवुकालेश्वर	कृष्णेश्वरसँग पुरिएको	
				१५. चम्पेश्वर	ऐजन, भोगटेको रुखमुनि	
				१६. कालिकेश्वर	कुँछें घरअगाडि बाटो	
				१७. चाँदेश्वर	कुँछें, माधवलाल श्रेष्ठको घरको सडकपट्टिको पेटी	
				१८. पादवेश्वर	मच्छिन्द्र गणेश दक्षिणको मन्दिर	
				१९. मणिलिङ्गेश्वर	पादवेश्वरअगाडि खाडल	
				२०. खञ्जनेश्वर	अमालकोटभित्र बगैंचा	
				२१. भीमेश्वर	जयवागीश्वरीमन्दिर-प्राङ्गणको माथितिर टाउको फर्केको ढुङ्गेधाराको टुटी	
माघशुक्ल	अष्टमी	चौथो	आर्यघाट मृगोदकतीर्थ, गन्धर्व गणेश (मृगेश्वरभित्र) को पूजा	१. वाटेश्वर	नवालीटोलस्थित सुन्धारा	वज्रेश्वरी पूजा, गन्धर्वगणेश, क्रोधभैरव त्रिशूलपूजा एवं गोदान
				२. हिलावसेश्वर	नवालीटोलस्थित सुन्धारा	
				३. वाग्भवेश्वर	नवालीटोलस्थित सुन्धारा	
				४. इन्द्रेश्वर	मूलडबली दक्षिण जात्रा निकाल्ने पाटीपछाडि	
				५. महतेश्वर	नवालीटोलमा नवदुर्गा राख्ने खाडल (हाल सडकको बीच)	
				६. भ्रूकुटेश्वर	मृत्युञ्जयननीको बाटोमा पुरिएको	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				७. वसितेश्वर	मृत्युञ्जयमहादेवको दक्षिण पर्खालमा थियो । हाल त्यहाँ घर बनेकोले मृत्युञ्जय-मन्दिरभित्र छ ।	
				८. ग्रहपाटेश्वर	नवालीटोलस्थित धुनीमठ-निरको बाटो	
				९. महामृत्युञ्जय	मृत्युञ्जयलाई नै महामृत्युञ्जय भनिएको	
				१०. जोगेश्वर	मृत्युञ्जयमन्दिरदेखि पश्चिम सरस्वतीननी	
				११. बलिकेश्वर	मृत्युञ्जयमन्दिरदेखि पश्चिम सरस्वतीननी	
				१२. भैरवेश्वर	वत्सलेश्वरीको देवता राख्ने घरअगाडि बाटो	
				१३. चक्रपाटेश्वर	'पलास्वाया पुखु' चक्रकुण्डनिरको शिला	
				१४. दण्डपाणेश्वर	नवालीटोलको गोलढुङ्गा	
				१५. जयपाटेश्वर (मन्त्रेश्वर)	वैद्यहरूको आगमछेंको दक्षिण	
				१६. चतुरगम्भेश्वर	करेटोल पश्चिमको ब्रह्माजी (हाल वडाप्रहरी-कार्यालय, गौशाला)	
				१७. नरन्देश्वर	भण्डारखालबगैंचाको उत्तरतर्फ	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथिं	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१८. फटिकेश्वर	भण्डारखाल बगैंचाको उत्तरतर्फ	
				१९. कुशेश्वर	इँटाटोलस्थित हर्षबहादुर कुसलेको चोकभित्र	
				२०. चन्द्रेश्वर	इँटाटोलस्थित पिपलको वृक्षछेउ	
				२१. लम्बोदरेश्वर	इँटाटोल गणेशस्थानसँगै	
माघशुक्ल	नवमी	पाँचौं	वासुकितीर्थ, द्वादशी गणेश	१. माधवेश्वर	नवालीटोल इनारतिर	वनकालीको पूजा द्वादशी गणेश, द्वाम्छे भैरव (वनकाली पाटी निर) पूजा गरी गोदान गर्ने
				२. विष्णुजोरेश्वर	शेषनारायण वैद्यको चोक	
				३. ताम्रेश्वर	नवालीटोल	
				४. ग्रहभैरवेश्वर	सिफलको नीरबहादुरको घरनिर	
				५. भीमकेश्वर	सिफलको नीरबहादुरको घरनिर	
				६. भण्डारेश्वर	धोबीखोलाडिल	
				७. कुवेरेश्वर	भण्डारेश्वरमन्दिरभित्र	
				८. खण्डमूल स्वप्नेश्वर	रुद्रमती (धोबीखोला)-पारि बाटो दक्षिण (अहिले हराएको)	
				९. नेपालेश्वर	रुद्रमती पश्चिम सत्य-नारायणमन्दिरप्राङ्गण	
				१०. शिवाजाम्बुकेश्वर	कुटुबहिल चौर	
				११. लिङ्गभैरवेश्वर	चन्द्रविनायकअगाडिको लिङ्ग	
				१२. ग्रहज्वालेश्वर	चन्द्रविनायकअगाडिको थलकमलको बोटछेउ	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१३. ब्रह्माकेश्वर	चन्द्रविनायकअगाडिको थलकमलको बोटछेउ	
				१४. भैरवकश्यपेश्वर	चन्द्रविनायकअगाडि पित्तलले मोरेको सुतेको मूर्ति	
				१५. चन्द्रजोरेश्वर	चन्द्रविनायकमन्दिरको केही पूर्वतर्फ सडकछेउ रहेको बोसल (हाल छैन)	
				१६. भारेश्वर	करेटोल दक्षिणको बारी	
				१७. कौचेश्वर	ऐजनसँगै	
				१८. भनेश्वर	बेखाहिटी (तारिणी कोइरालाको घरको ढोकानिर हाल धारा पुरिएको)	
				१९. उमाशङ्करेश्वर	निर्वाणेश्वरी पूर्व (सडक बनेकोले हाल छैन)	
				२०. जङ्गेश्वर	निर्वाणेश्वरी पूर्व (सडक बनेकोले हाल छैन)	
माघशुक्ल	दशमी	छैटौं	वाग्वती सौभाग्यतीर्थ	१. चित्रगुप्तेश्वर	दक्षिणामूर्तिमन्दिर	जयवागीश्वरी पूजा, श्वेतगणेश एवं नीलभैरव पूजा तथा गोदान
				२. नाटेश्वर	दक्षिणामूर्तिमन्दिर	
				३. निसापाटेश्वर	ठूलो सदाबर्त पश्चिम (हाल दक्षिणामूर्ति-मन्दिरको दक्षिण प्राङ्गण)	
				४. चतुरुद्रेश्वर	हिरालाल भँडारीको चोक	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				५. सहस्रनेत्रेश्वर	ऐजन, सँगै खाडलमा	
				६. विश्वामित्रेश्वर	डम्बरमान वैद्यको चोक	
				७. गाधिकेश्वर	भुसकेव, राममान श्रेष्ठको घरको अगाडि	
				८. धनेश्वर	कान्छाकाजी भँडारीको चोक	
				९. कागेश्वर	शिवशरण भँडारीको चोक	
				१०. शम्भुगणेश्वर	कागेश्वर पूर्व (अहिले छैन)	
				११. बलिदाशूलेश्वर	ऐजन, गोरेटो	
				१२. कामकुशेश्वर	पाँचुगणेशमन्दिरसँगै दायाँ	
				१३. गणिकेश्वर	पाँचुगणेशमन्दिरसँगै बायाँ	
				१४. चिमानेश्वर	पाँचुगणेशमन्दिरसँगैको चैत्याकार	
				१५. सूर्यभैवरेश्वर	पाँचुगणेशमन्दिरको उत्तर तर्फको पर्खाल	
				१६. नेत्रेश्वर	करेटोलस्थित 'मेख्य' भन्ने ठाउँ काजी भन्नेको ढोकाभित्र	
				१७. वृजमृत्तेक्षेत्रेश्वर	दक्षिणामूर्ति उत्तरतर्फ गुह्येश्वरी जाने बाटो माथि (हाल जलहरी मात्र छ)	
				१८. आशिखेश्वर	दक्षिणामूर्तिमन्दिरको उत्तर-पूर्व पेटी	
				१९. धर्मेश्वर	ठूलो सदाबर्तघरको पारि छेउको गल्ली	
				२०. गौखुरेश्वर	दथुज्यूनाटोल, कुमार वैद्यको घरअगाडिको सडक	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				२१. नीलभैरवेश्वर	नवालीटोलस्थित चन्द्रविनायकमन्दिरबाहिर रहेको लामो प्रस्तर	
				२२. तुतेसुन्दरभैरवेश्वर	जयवागीश्वरीको नृत्यनाथअगाडिको डबलीको कुनाको श्वेतशिला	
माघशुक्ल	एकादशी	सातौं	आर्यघाट कुवेरतीर्थ, धुम्रविनायक गणेश (मृगेश्वर) को प्रार्थना	१. वीरभद्रेश्वर	भीमसेनस्थानमन्दिरभित्र खोपा	भुवनेश्वरी पूजा, धुम्रविनायक तथ सम्भारभैरवको दर्शन-पूजन
				२. चौसत्रेश्वर	भीमसेनडबलीको कुनाको बाटोमा पर्खालमुनिको शिला	
				३. चक्रमण्डिकेश्वर	गुरुज्यूको सत्तलको दक्षिण तर्फको खाडल	
				४. टवटेश्वर	ऐजन, दक्षिणतर्फ	
				५. बुद्धेश्वर	मिन्योननी, लगनलाछी	
				६. तोमखेश्वर	मिन्योननी, लगनलाछी	
				७. झङ्केश्वर	शङ्कराचार्यमठको बगैंचा	
				८. भूतेश्वर	सानो सदाबर्त पूर्व का.म.न.पा. ८ रहेको ठाउँ (हाल प्रतापेश्वरस्थानभित्र)	
				९. राजेश्वर	प्रतापेश्वरस्थानको खाल्डो	
				१०. भवानेश्वर	रत्नलाल भँडारीको घरको उत्तर, लगनलाछी	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				११. अचलेश्वर	मदन भट्टको घरको चोक दक्षिणपट्टि	
				१२. वछ्लेश्वर	मदन भट्टको घरको चोक दक्षिणपट्टि	
				१३. गोखुरेश्वर	सप्तमी सत्तलको उत्तर-स्थित सत्तलको चोक	
				१४. गोचक्रेश्वर	सप्तमी सत्तलको उत्तर-स्थित सत्तलको चोक	
				१५. रुद्रगारेश्वर	पशुपतिनाथमन्दिर उत्तर काभ्रोको रूखमुनि	
				१६. ईशानेश्वर	ऐजन, भित्ता (हाल छैन)	
				१७. निशानेश्वर	ऐजन, भित्ता (हाल छैन)	
				१८. गोकर्णेश्वर	बद्रीनरसिंहको सत्तलभित्र	
				१९. क्वाटरुद्रेश्वर	कैलाशबगैंचा	
				२०. रुद्रसहस्रेश्वर	सूर्यघाट पहिले मौनीबाबा बसेको गुफाको भित्ता	
				२१. विष्णुसहस्रेश्वर	सूर्यघाट पहिले मौनीबाबा बसेको गुफाको भित्ता	
माघशुक्ल	द्वादशी	आठौं	खर्वरीकातीर्थ, भुवनेश्वरी-मन्दिरभित्र रहेको लवगणेश पूजन	१. महेन्द्रदमनेश्वर	कैलाश चौरको अग्लो शिवलिङ्ग	झङ्गेश्वरी पूजा, लवगणेश तथा भैरव पूजा एवं गोदान
				२. जयन्तेश्वर	ऐजन, पूर्वपट्टि	
				३. अम्पेश्वर	कैलाशबाट गौरीघाट ओर्लंदा बाटो पश्चिम	

Jayatu Sanskritam, Kathmandu, Nepal

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				४. यजनेश्वर	ऐजन, लिङ्गको पश्चिम	
				५. पर्वतेश्वर	दक्षिणामूर्तिको मन्दिरबाट कैलाश उक्लदाको मोटो शिवलिङ्ग	
				६. सिद्धेश्वर	गौरीघाट जाने बाटो-देखि पूर्व कैलाशको भिरालोको प्रस्तर	
				७. तस्करेश्वर	वासुकिमन्दिरबाट बद्रीनाथमन्दिर जाँदा बायाँपट्टिको कुनाको	
				८. पुष्पाङ्गारेश्वर	गौरीघाट हनूमान्मूर्ति अगाडिको शिवलिङ्ग	
				९. कर्कोटेश्वर	गौरीघाट पुलदेखि दक्षिणतर्फको शिला	
				१०. अनन्तगौरेश्वर	गौरीघाटको गौरी-अगाडिको शिला	
				११. सन्तापेश्वर	बालश्मसान (हाल छैन)	
				१२. जिव्हालोलेश्वर	बालश्मसान	
				१३. द्वापुरेश्वर	गुह्येश्वरीबाट गोरख-नाथ जाने सिँढीको गणेशसँगै	
				१४ बालश्मशानेश्वर	गुह्येश्वरीबाट गोरखनाथ जाने सिँढीको गणेशसँगै	
				१५. पदसत्येश्वर	गोरखनाथस्थित मनकामनासँगै	
				१६. गोरक्षेश्वर	गोरखनाथमन्दिर	

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१७. रत्नचूडेश्वर	मृगस्थलीबाट आर्यघाट ओर्लंदा सिँढी दायाँ (हाल वडा-प्रहरीकार्यालय, गौशालामा छ)	
				१८. कुरुक्षेत्रेश्वर	भाग्लाकभुग्लुक	
				१९. श्लेष्मान्तकेश्वर	आर्यघाटमाथिको एकमुखे शिवलिङ्ग	
				२०. कलियुगेश्वर	आर्यघाटमाथि मन्दिर-मुनि खोपा	
माघशुक्ल	त्रयोदशी	नवौं	वत्सलातीर्थ	१. कुचमनेश्वर	दाउरागूठीसत्तल पूर्वको शिवलिङ्ग	गुह्येश्वरी पूजा, इनायगणेश दर्शन पूजन र गोदान
				२. दोखेश्वर	ऐजन, सँगै	
				३. मणिचूडेश्वर	ऐजन, नजीकै	
				४. मुक्तेश्वर	आर्यघाटबाट मृगस्थली उक्लने सिँढीको दायाँ भित्ता	
				५. मङ्गलेश्वर	विष्णुमन्दिरबाट रामघाट लक्ष्मीनारायणमन्दिरतर्फ जाँदा बाटोको दायाँ कुना	
				६. मुक्तेश्वर	ऐजन, नजीकै	
				७. छद्मेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				८. यक्षेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				९. अमरेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				१०. नीलेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				११. निर्मलेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				१२. दमनेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१३. विभूतेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				१४. हाटकेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				१५. गलेश्वर	विष्णुमन्दिर पूर्वको सिँढी	
				१६. पातालेश्वर	विष्णुमन्दिरको पूर्वको सिँढी	
				१७. वाल्मीकेश्वर	ऐजन, मुनि	
				१८. पार्वतेश्वर	ऐजन, चारमुखे शिवलिङ्ग	
				१९. वशिष्ठेश्वर	आर्यघाटस्थित पुलको पूर्वपट्टिस्थित भुवनेश्वर शिवलिङ्ग	
				२०. काशिविश्वेश्वर	चौसट्ठी दक्षिणको अनुपरमेश्वर शिवलिङ्ग	
				२१. कोटेश्वर	चौसट्ठीबीचको मन्दिर	
माघशुक्ल	चतुर्दशी	दशौं	जयमङ्गलागौरीतीर्थ, ल्होसला-गणेश (चन्द्रविनायक, चावहिल) प्रार्थना	१. छत्रवतेश्वर	कीर्तिमुखभैरव मूर्ति	अष्टमातृका पूजा
				२. सशुद्धेश्वर	शितलापाटीको समाधि लिङ्ग	
				३. क्रोधकेश्वर	कीर्तिमुख भैरवसँगै	
				४. आदित्येश्वर	नवग्रह	
				५. सोमेश्वर	नवग्रह	
				६. मङ्गलेश्वर	नवग्रह	
				७. बुधेश्वर	नवग्रह	
				८. बृहस्पतेश्वर	नवग्रह	
				९. शुक्रेश्वर	नवग्रह	
				१०. शनिश्चरेश्वर	नवग्रह	
				११. राहवेश्वर	नवग्रह	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				१२. केतकेश्वर	नवग्रह	
				१३. उन्मत्तेश्वर	उन्मत्तेश्वरभैरवभित्रको शिला	
				१४. द्रव्येश्वर	पशुपतिप्राङ्गण बेलको रूखमुनि	
				१५. लज्जाभूतेश्वर	ब्रह्मामन्दिर पश्चिमको नटराजमूर्ति	
				१६. नन्दिकेश्वर	पशुपतिप्राङ्गण	
				१७. ध्वजापुरेश्वर	जयेश्वरशिवलिङ्ग	
				१८. जलेश्वर	जयेश्वरसँगै	
				१९. चण्डेश्वर	पशुपतिप्राङ्गण	
				२०. शिवकेश्वर	पशुपतिप्राङ्गण	
				२१. बालभूतेश्वर	वासुकिमन्दिर जाने बाटो	
				२२. बारुभूतेश्वर	वासुकिमन्दिर जाने बाटो	
माघशुक्ल	पूर्णिमा	एघारौँ	विष्णुउमापतितीर्थ, गणेश प्रार्थना	१. लक्ष्मीअन्नपूर्णेश्वर	वासुकिमन्दिर अगाडिको मनमानेश्वरी पूजा	
				२. वासुकेश्वर	वासुकिमन्दिरभित्रको शिवलिङ्ग	
				३. हनूमतेश्वर	वासुकिमन्दिरबाट जलशयनविष्णुतर्फ जाँदा सिँढीको दायाँतर्फको प्रस्तरमन्दिर	
				४. सन्तापनाशनेश्वर	मुक्तिमण्डपभित्र खाल्डोको शिवलिङ्ग	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महीना	तिथि	दिन	यात्रा प्रारम्भमा स्नान गर्ने तीर्थ र देवी-देवता	दर्शन-पूजन गरिने शिवलिङ्गहरू	रहेको ठाउँ	शक्ति
				५. मुक्तेश्वर	मुक्तिमण्डपको बीचको शिवलिङ्ग	
				६. निद्रेश्वर	लालगणेशमन्दिरभित्र पूर्वपट्टिस्थित	
				७. धर्मशिलेश्वर	पशुपतिनाथमन्दिरको दक्षिणतर्फको धर्मशिला	
				८. पशुपति ज्योतिर्लिङ्गेश्वर	पशुपतिनाथ	
				९. सिद्धेश्वर	लालगणेश पूर्वको सत्तल-भित्र रहेको शिवलिङ्ग	
				१०. केदारेश्वर		
				११. गोकुलेश्वर		
				१२. नैमिषारण्येश्वर		
				१३. उत्तरेश्वर		
				१४. ज्ञानेश्वर		
				१५. पाण्डुकेश्वर		
				१६. विकटेश्वर		
				१७. वैष्णवेश्वर		
				१८. पूर्वेश्वर		
				१९. जोगेश्वर		
				२०. यत्रऋषेश्वर		
				२१. कामदेवेश्वर		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौध अध्याय

पशुपतिक्षेत्रमा भएका केही प्रमुख मन्दिर, स्तूप एवं विहारहरू

पशुपतिक्षेत्रमा प्रशस्त मठ, मन्दिरहरू छन् । त्यसका साथै केही स्तूप एवं विहारहरू पनि छन् । तिनीहरू विभिन्न कालका तथा भिन्न-भिन्न शैलीमा निर्मित छन् । चारपाखे छानायुक्त नेपाली मण्डप शैलीका मन्दिरहरू तथा राजकीय गुम्बज एवं गुम्बज शैलीका मन्दिरहरूको अधिकता यहाँ छ । विक्रमको उन्नाइसौं शताब्दीको मध्यभन्दा अधिका मन्दिरहरू कि चारपाखे छानायुक्त नेपाली मण्डप शैलीमा छन् कि गन्यकूट वा शिखर शैलीमा छन् । गन्थकूट शैलीका मन्दिरहरू भने निकै थोरैको सङ्ख्यामा यहाँ छन् ।

प्रस्तर निर्मित चैत्यहरू पशुपतिक्षेत्रमा प्रशस्त छन् (चित्रसङ्ख्या १९२, १४९, १५०) । तिनीहरू लिच्छविकालका नै धेरै छन् । यस्ता चैत्यहरू धन्दोचैत्यवरपर केही छन् भने केही अवशेषका रूपमा नवालीटोलमा छन् ।

चारपाखे छानायुक्त नेपाली मण्डप शैलीका प्रमुख मन्दिरहरू अधिकांशको चर्चा यहाँ परेको तथा राजकीय गुम्बज शैली र गुम्बज शैलीका मन्दिरहरूको अधिकता भए तापनि थोरैको मात्र चर्चा भएकोले यस सम्वन्धमा यहाँ केही उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

गुम्बज र राजकीय गुम्बज शैलीमा त्यति धेरै भिन्नता पाइँदैन । लघु आकारमा निर्माण भएको मन्दिरलाई गुम्बज शैली तथा गुम्बज शैलीभन्दा आकारमा ठूलो, चारैतिर सत्तल भएको, हेर्दामा नै भव्य देखिने ठूला आकार-प्रकारका मन्दिरहरूलाई भने राजकीय गुम्बज शैली नामबाट नामकरण गरी सम्बोधन गरिएको छ । भारतमा यस्ता शैलीका मन्दिरहरूलाई कहीं मुगल शैली, कहीं राजपूत शैली भनेको पाइन्छ ।

नेपालमा राजकीय गुम्बज शैलीलाई भित्र्याउने काम गोर्खाका राजा राम शाहले वि.सं. १६९३ मा गोर्खा पोखरीथोकमा 'रामेश्वर' मन्दिरको निर्माण गरी गरेका थिए । त्यसपछि झण्डै डेढसय वर्षसम्म राजकीय गुम्बज शैलीको मन्दिरको निर्माण भएन । डेढसय वर्षको अवधिमा प्रशस्त मन्दिरहरू बने । तर राजकीय गुम्बज शैलीका मन्दिरहरूचाहिँ नबनेको देख्दा नेपाली समाजले त्यस वेला यो शैलीलाई प्रचार गराइहाल्न हिच्किचाएको देखिन्छ । किनभने सो शैली परम्परा बनिसकेको थिएन । जङ्गबहादुर राणाले जङ्गहिरण्यहेमनारायणमन्दिर बनाउँदासम्म पनि यो मन्दिर शैलीलाई 'देशी कायदा' ले बनाएको भनी लेखेको पाइन्छ ।[1]

काठमाडौँखाल्डोमा राजकीय गुम्बज शैलीको मन्दिरको पहिलो नमूनाको रूपमा टुँडिखेल पश्चिम-दक्षिणको जगन्नाथमन्दिर देखिन्छ । त्यसको निर्माण श्री ५ रणबहादुर शाहबाट वि.सं. १८५३ मा भएको थियो ।

जाइफल अधिकारीले वि.सं. १८७१ मा पशुपतिक्षेत्रस्थित गौरीघाटमा बनाएको जयेश्वरमन्दिर आकारप्रकारको दृष्टिकोणले त्यति ठूलो नभए पनि राजकीय गुम्बज शैलीको प्रारम्भिक कालको नमूना हो ।

राजकीय गुम्बज शैलीका मन्दिरहरू विक्रमको उन्नाइसौं शताब्दीको मध्यदेखि विस्तार-विस्तार काठमाडौँमा प्रचार-प्रसार हुन थाल्यो । राजा तथा भाइभारदारहरूले विभिन्न आराध्यका मन्दिरहरू स्थापना गर्दा यो शैलीलाई प्रश्रय दिन थाले । यस शैलीका मन्दिरहरूको निर्माण गर्दा प्रस्तरको मन्दिर बनाउनु जस्तो कठिन नहुने तथा चारपाखे

---

१ गोविन्द टण्डन, "हाम्रा राजकीय गुम्बज शैलीका मन्दिरहरू", *शैव भूमि*, ६ वर्ष, ६ अङ्क, (वि.सं. २०४६), २३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली मण्डप शैलीका मन्दिरहरूमा जस्तो काठको ज्यादातर प्रयोग नहुनाले टिकाउ हुने धारणा तथा तिनीहरूभन्दा राजकीय गुम्बज शैलीका मन्दिरहरू निर्माण गर्न सजिलो हुने भएकोले पनि यो शैलीले निकै प्रोत्साहन पाउँदै गयो। विक्रमको बीसौं शताब्दीको प्रारम्भदेखि त्यसको अन्तसम्म काठमाडौँखाल्डोमा राजा, भाइभारदार तथा जनताबाट जति मन्दिरहरू बने अधिकांश राजकीय गुम्बज शैली र गुम्बज शैलीमा निर्मित भए।

पशुपतिक्षेत्रमा भएका राजकीय गुम्बज शैलीका मन्दिरहरूमध्ये विश्वरूपा, पञ्चदेवल, जितजङ्गप्रकाशेश्वर, अमरकान्तेश्वर, सुरेशकान्तेश्वर, दीपप्रकाशेश्वर, एकादशरुद्रेश्वर, त्रैलोक्यप्रकाशेश्वर, त्रिभुवनप्रकाशेश्वर आदिका मन्दिरहरू उल्लेख्य छन्।

कसै-कसैले पशुपतिक्षेत्रस्थित पञ्चदेवललाई शाहवंशीय राजाहरूले स्थापना गरेको मन्दिरहरूमा सबैभन्दा अन्तिम हो भनेर लेखेको पाइन्छ।[२] तर पञ्चदेवलको निर्माण भएको झण्डै ४१ वर्षपछि वि.सं. १९६८ वैशाखशुक्ल त्रयोदशीका दिन गुह्येश्वरीमन्दिरको पश्चिमतर्फ श्री ५ पृथ्वीवीरविक्रम शाहबाट निर्माण भएको पृथ्वीप्रकाशेश्वर एवं वि.सं. १९८५ मा श्री ५ त्रिभुवनवीरविक्रम शाहबाट निर्माण भएको गुह्येश्वरीको त्रिभुवनप्रकाशेश्वर मन्दिरहरूलाई भुल्न सकिँदैन (चित्रसङ्ख्या १८७)।

राजकीय गुम्बज शैलीका सबैजसो मन्दिरहरूको भित्तामा वज्रलेपन गरी चून पोतिएको पाइन्छ। यो एक किसिमले विशेषता जस्तै वन्न पुगेको पाइन्छ। कुनै कुनै मन्दिरहरूमा मात्र वज्र नपोतिएको पाइन्छ। उदाहरणको लागि पशुपतिक्षेत्रस्थित वि.सं. १९१३ मा निर्माण भएको अमरकान्तेश्वर, सुरेशकान्तेश्वर र दीपप्रकाशेश्वर मुख्य छन्। विक्रमको सत्रौं शताब्दीदेखि यस शैलीको प्रवेश भारतबाट नेपालमा भएको हो तापनि नेपालमा आएपछि यस शैलीमा नेपालीकरण शुरू भयो। गजुर नेपाली भयो। ढोकाका तोरण, खापा, झ्यालहरू नेपाली कलाकृतिले सजिए। चारैतर्फ दुइपाखे नेपाली शैलीका सत्तलहरू बन्दा त यस शैलीमा आफ्नै प्रकारको मौलिकता आउन थाल्यो। यस शैलीलाई विस्तारै आत्मसात् गर्दै लगियो र आफ्नै बनायौं। नेपाली जनजीवनमा यो शैलीले प्रसिद्धि पायो। तर गोर्खापछि काठमाडौँ छाडेर यो शैलीको विस्तार अन्यत्र त्यति हुन सकेन। वि.सं. १९६८ को जनकपुरको जानकीमन्दिरमा आयातित शैलीको झल्को जति स्पष्ट पाइन्छ गोर्खा, काठमाडौँका शैलीमा त्यसको विपरीत नेपालीपन ज्यादा देखिन्छ।

गुम्बज शैलीका मन्दिरहरू पशुपतिक्षेत्रमा प्रशस्त पाइन्छन्। यहाँ भएका सम्पूर्ण गुम्बज शैलीका मन्दिरहरूमा शिवलिङ्ग स्थापित छन्। यसैले यी गुम्बज शैलीका मन्दिरहरू सामान्य बोलीचालीको भाषामा शिवालय नामले पनि प्रसिद्ध छन्। आर्यघाटक्षेत्र, मृगस्थलीक्षेत्र, लगनलाछी, भकुनटोल, वनकाली, कैलाशक्षेत्र, पशुपतिनाथमन्दिरप्राङ्गण आदि ठाउँहरूमा गुम्बज शैलीका मन्दिरहरू छरिएर रहेका छन्।

पशुपतिक्षेत्रमा रहेका विभिन्न विहारहरूमध्ये चाविहार र कुटुबहाल अहिले मौजुदा रहेको तथा मैजुबहालको नामनिशाना नै मेटिई सो विहारको नामले चिनिने ठाउँसम्म अहिले 'मैजुबहाल' शब्दले सम्बोधित हुने गरेको पाइन्छ।

१४.१ गुह्येश्वरीमन्दिर

पशुपतिक्षेत्रमा रहेका प्रसिद्ध मन्दिरहरूमा गुह्येश्वरीको मन्दिर पनि एक हो। गुह्येश्वरीमन्दिर पशुपतिनाथको मन्दिरदेखि पूर्व दिशामा मृगस्थलीको जङ्गल तथा वाग्वती उत्तरवाहिनीको बायाँ किनारमा अवस्थित छ। नेपाली समाजमा गुह्येश्वरीको अत्यधिक मान्यता छ। गुह्येश्वरीलाई वैदिक एवं बौद्ध मतालम्बीहरूले मात्रै होइन हिन्दूधर्म-

---

२ डा. जगदीशचन्द्र रेग्मी, *शाहकालीन कला र वास्तुकला,* प्रथम संस्करण, (काठमाडौँ: साझा प्रकाशन, वि.सं. २०३३), २२८ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्गतका सबै शाखा एवं सम्प्रदायका अनुयायीहरूले पूज्दछन् । वैदिकहरूले दुर्गा, काली एवं पार्वतीको रूपमा पूज्दछन् भने बौद्ध धर्मका अनुयायीहरूले नैरात्माको रूपमा आराधना गर्दछन् ।

गुह्येश्वरीको नामको सम्बन्धमा विभिन्न अर्थहरू गरेको पाइन्छ । पौराणिक साहित्यहरूका अनुसार सतीदेवीको मृत्युपश्चात् दुःखी भएका शिव सतीदेवीको शवलाई काँधमा बोकेर चारै दिशामा बौलाहा जस्तो भई नाच्दै घुम्न थाले, यसरी हिँड्दा मृत शरीरका अङ्गहरू विभिन्न ठाउँमा खसे र ती ठाउँहरू कालान्तरमा सिद्धपीठको रूपमा प्रसिद्ध भए । *तन्त्रचूडामणि*को अनुसार सतीदेवीको गुह्य पतन भएको ठाउँलाई नै गुह्येश्वरी भनिएको भन्ने भनाइ पाइन्छ । यस्ता पीठहरूको सङ्ख्या भिन्न-भिन्न ग्रन्थमा भिन्न-भिन्न पाइन्छन् । *देवीभागवत*मा स्वयं देवीले हिमालयलाई भनेकी छिन् "गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम्"[३] 'गुह्येश्वरी' शब्दको व्युत्पत्ति हेर्दा 'गुह्यानाम् ईश्वरी इति गुह्येश्वरी' अर्थात् गोपनीय वस्तुहरूकी अधिष्ठात्री देवी गुह्येश्वरी भन्ने बुझिन्छ । त्यस्तै "गुह्या गोपनीया अप्रकाश्या ईश्वरी गुह्येश्वरी" अर्थात् जसलाई प्रकाश गर्न सकिन्न त्यस्ती देवी गुह्येश्वरी हुन् भन्ने पनि अर्थ लगाउन सकिन्छ । शक्ति साधनामा गुह्येश्वरीलाई अधिक मान्यता दिइने परम्परा छ । शक्ति प्रत्येक प्राणीका लागि अपरिहार्य हुन्छ । शक्ति विनाको जीवन निर्जीवतुल्य हुन्छ । शक्ति छ त जीवन छ, शक्ति छैन त जीवन छैन । हाम्रा मन्त्रद्रष्टा ऋषिहरूले ब्रह्मलाई 'ईश्वर' र प्रकृतिलाई 'शक्ति' बताएका छन् । जे होस्, आद्याशक्तिको प्रतीकात्मकस्वरूप गुह्येश्वरी हुन् । त्यसैले विविध स्वरूप र विविध आस्थाले उनलाई श्रद्धा, सम्मान र आराधना गर्ने प्रचलन परम्परादेखि चल्दै आएको छ । आद्याशक्ति तत्त्वातीत भएर पनि सर्वतत्त्वमयी र प्रपञ्चरूपा मानिन्छिन् । उनी नित्या, परमानन्दस्वरूपिणी तथा चराचर जगत्को बीजस्वरूपा हुन् । उनी प्रकाशात्मक शिवको स्वरूपज्ञानको उद्बोधक दर्पणस्वरूप छिन् । आत्मज्ञान नै शिवको स्वरूपको ज्ञानको रूपमा लिइन्छ । आद्याशक्तिको आश्रय नलिईकन आत्मज्ञानको प्रकाश हुन सक्तैन । शुद्ध शिव अथवा शुद्ध शक्ति परस्पर सम्बन्धरहित भएर एक्लै जगत्को निर्माण वा सृष्टि गर्न सक्तैनन् । दुवैको आपेक्षिक सहभाव विना सृष्टि कार्य हुँदैन । सम्पूर्ण तत्त्व यिनै दुइको पारस्परिक सम्बन्धबाट नै उद्भूत हुन्छ । यसैले शिव र शक्ति, प्रकाश र विमर्श परस्पर विभिन्न र स्वतन्त्र पदार्थ हुन् भन्ने सम्झनु हुँदैन ।

प्रचलित *भाषावंशावली*हरूमा काठमाडौँखाल्डोका प्रसिद्ध चार कालीका रूपमा वत्सलाकाली, महाकाली, दक्षिणकाली र गुह्येश्वरीलाई उल्लेख गरेको पाइन्छ । पशुपतिक्षेत्रका नौ देवीहरूमा गुह्येश्वरी, वज्रेश्वरी, कोटेश्वरी, झङ्केश्वरी, भुवनेश्वरी, मङ्गलेश्वरी, वत्सलेश्वरी, राजराजेश्वरी र जयवागीश्वरीलाई लिइने परिपाटी छ ।[४] नेपालमा प्रचलित *बृहत्पुरश्चर्यार्णव*मा कालीका नौ भेदमा गुह्येश्वरीको चर्चा पाइन्छ । त्यहाँ दक्षिणकाली, गुह्यकाली, भद्रकाली, कामकलाकाली, श्मशानकाली, धनकाली, महाकाली, सिद्धिकाली, चण्डीकालीको उल्लेख छ ।[५] *स्कन्दपुराण*अन्तर्गतको *हिमवत्खण्ड*मा ठाउँ-ठाउँमा गुह्येश्वरीको चर्चा पाइन्छ । साथै प्रकाशित *हिमवत्खण्ड*को परिशिष्टभागमा गुह्येश्वरी सहस्रनाम, गुह्येश्वरीशतनामबाट गुह्येश्वरीको प्रार्थना गरिएको पाइन्छ । ती कसका रचना हुन् वा कहिलेका हुन् तिनको निर्देश दिइएको छैन तापनि गुह्येश्वरीको महत्त्व बुझ्न तिनले सघाउ पुऱ्याउँछन् ।

गुह्येश्वरी पीठ भएकीले छानायुक्त मन्दिर नभई छाना भाग खुल्ला छ । गुह्येश्वरीको मन्दिर अप्रचलित किसिमको छ । कुनै शैली विशेषलाई आधार बनाउनुभन्दा गुह्येश्वरी कुण्डलाई हरसम्भव सुरक्षित र आकर्षक बनाउने क्रममा सो शैली बन्न गएको देखिन्छ । गुह्येश्वरी पीठमा शिव र शक्ति दुवै छन् । शक्तिको रूपमा कुण्ड र कलश एवं शिवको रूपमा भैरवको प्रतीकात्मक आकृति कुण्डको दक्षिण भागमा छ । श्रद्धालु भक्तजनहरू दुवैको दर्शन पूजन

---

३ *देवीभागवत* (पूर्वार्द्ध) ७ स्कन्ध, ११ श्लोक ।

४ Bikramjit Hasrat, *History of Nepal as Told by its own and contemporary Chronicles*, (Hoshiyarpur Punjab: V.V. Research Institute Book Agency, 1970), p. 25.

५ *बृहत्पुरश्चर्यार्णव*, तृतीयखण्ड, ६०-६१ पृ. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्छन् । भित्री भागको पेटीमा मातृकागणका मूर्तिहरू छन् । कसैले गुह्येश्वरीलाई *गोपालराजवंशावली*मा उल्लिखित भृङ्गारेश्वरी नै अहिलेकी गुह्येश्वरी हुन् भनी उल्लेख गरेका छन् ।[६]

पुराण साहित्यहरूमा गुह्येश्वरीको बखान ठाउँ-ठाउँमा पाइन्छ । *देवीभागवत*मा नेपालको गुह्येश्वरीको चर्चा आउनु तथा सो स्थानलाई महास्थान भन्दै पवित्र स्थलको रूपमा उल्लेख गरिनु महत्त्वपूर्ण छ ।[७] *वराहपुराण*मा शिखरवासिनी पार्वतीको रूपमा गुह्येश्वरीको उल्लेख गरिएको छ । त्यहाँ अनेक सिद्धहरू बसेको श्लेष्मान्तक वनको गौरीशिखरमा "शिखरप्रिया पार्वती सदैव भक्तजनको रक्षामा लागिरहन्छिन्, उनको दर्शनपूजन गर्‍यो भने देवीको सालोक्य प्राप्त हुन्छ तथा ती देवी रहेको ठाउँदेखि मुन्तिरको वाग्वतीमा शरीर त्यागियो भने उहाँको धाम जान पाइन्छ" भन्ने चर्चा छ -[८]

गौर्यास्तु शिखरं तत्र गच्छेत् सिद्धनिषेवितम् ।
यत्र सन्निहिता नित्यं पार्वती शिखरप्रिया ॥ ९० ॥
लोकमाता भगवती लोकरक्षार्थमुद्यता ।
तस्यास्तु सालोक्यमगात् तामेवार्च्याभिवाद्य च ॥ ९१ ॥
त्यजते यस्तनुस्तस्या ह्यधस्ताद् वाग्वतीतटे ।
उमालोके व्रजेदाशु विमानेन विहायसा ॥ ९२ ॥

गुह्येश्वरी अवस्थित स्थललाई गौरीशिखरको संज्ञा *पशुपतिपुराण*मा पनि गरिएको छ । त्यहाँ भनिएको छ-[९]

गौरीशिखरमूले तु वाग्वत्यां स्नायते तु यः ।
स्त्रीषु सौभाग्यमाप्नोति देव्या लोकं स गच्छति ॥

*हिमवत्खण्ड*मा गुह्येश्वरीको उत्पत्ति मशुपतिनाथको उत्पत्तिसँगै भएको बताइएको छ । त्यहाँ भनिएको छ– जब भगवान् शिवले मृगको रूप धारण गरेर भ्रमण गर्न थाल्नुभयो तब देवताहरू दानवहरूको डरले स्वर्गलाई नै त्यागेर शिवलाई खोज्न यताउता हिँडे । त्यस सिलसिलामा मुञ्ज पर्वत (गोकर्णेश्वर रहेको ठाउँ) मा आइपुगेपछि ब्रह्माजीले समाधि लगाएर भगवान् शिव बसेको ठाउँको अन्दाज गरे र हिमालयको फेदीस्थित श्लेष्मान्तक वनको सिद्धाद्रिक्षेत्रमा रहेको विचार गरी त्यहाँ पुगे । सिद्धाद्रिस्थित वाग्वतीको पूर्वी किनारामा आइपुगेपछि एउटी सात वर्षकी सुकुमार कन्यालाई बालुवाको वेदी बनाइरहेको देखे र ती कन्या निश्चय पनि पार्वती नै हुन् भन्ने चिनेर भगवान् शिव कहाँ हुनुहुन्छ ? भनेर उनलाई सोधे । कन्याले भगवान् शिव यहाँबाट नैर्ऋत्यतर्फ वाग्वतीको पश्चिमी किनारामा मृगको रूप लिएर घुमिरहनुभएको बताई अन्तर्धान भइन् । देवी पार्वती अन्तर्धान भएको ठाउँमा देवताहरूले गुह्येश्वरीको स्तुति गरेको कुरा *हिमवत्खण्ड*मा उल्लेख छ ।[१०] *हिमवत्खण्ड*मा गुह्येश्वरीलाई मुक्तिदायिनी बताइएको छ ।[११] त्यहाँ उनलाई 'गुप्तदेवी' को रूपमा पनि उल्लेख गरिएको पाइन्छ ।[१२] गुह्येश्वरीलाई *नेपालमाहात्म्य*मा 'गुह्येश्वरी' को

---

६ महेशराज पन्त, "द गोपालराजवंशावली सरसरी हेर्दा", *पूर्णिमा*, १८ वर्ष, ४ अङ्क, (वि.सं. २०४४), ३४ पृष्ठ ।
७ *देवीभागवत* (पूर्वार्द्ध) ७ स्कन्ध, ११ श्लोक ।
८ *वराहपुराण* २१३।९०-९१ ।
९ प्रा. मधुसूदन रिसाल 'प्रदीप' (सम्पा.), *पशुपतिपुराण*, प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं.२०२९), १७।४८-४९, १३१ पृष्ठ ।
१० योगी नरहरिनाथ आदि (सम्पा.) *हिमवत्खण्ड*, (वाराणसी: योगप्रचारिणी, वि.सं. २०१३), ८२।१९-२१, १७९ पृष्ठ ।
११ *ऐजन*, ६९।१४, १५२ पृष्ठ ।
१२ *ऐजन*, ७१।८, १५६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा चर्चा गरिएको छ ।[१३] पार्वती गुप्त भएको ठाउँको परिकल्पनाबाट 'गुप्तेश्वरी' नाम प्रचलित हुन गएको यसबाट बुझिन्छ । *नेपालमाहात्म्य*मा सतीदेवीको अङ्ग पतनबाट गुह्येश्वरीपीठ बनेको उल्लेख पाइन्छ ।[१४]

गुह्येश्वरीलाई काम वा इच्छा पूरा गरिदिने देवीको रूपमा पनि अर्वाचीन कालका केही ग्रन्थ वा अभिलेखहरूमा उल्लेख गरेको पाइन्छ । नाथ सम्प्रदायअन्तर्गतको *महामेघमाला*नामक ग्रन्थमा गुह्येश्वरीलाई साक्षात्कामार्थदायिनी अर्थात् काम वा इच्छा पूरा गर्ने साक्षात् देवी भनिएको छ ।[१५] त्यसको प्रसिद्धि जनजीवनमा व्यापकै थियो भन्ने कुरा सरदार अमरसिंह थापाको वि.सं. १८४६ को गुह्येश्वरीस्थित सिद्धेश्वरमन्दिरको अभिलेखको संस्कृत भागमा 'गुह्येकाली' त्यसैको दायाँपट्टि रहेको पद्य भागमा 'श्रीकामाक्षादेवी' र 'उमा' भनिएकोबाट थाहा हुन्छ ।[१६] गुह्येश्वरीमा जलज्योतिमा पश्चिमाम्नायेश्वरी कुब्जिका र कुण्डमा उत्तराम्नायेश्वरी सिद्धिकराली गुह्यकाली र समष्टिमा ऊर्ध्वाम्नाय श्रीविद्याको पूजा हुने हुनाले यो पीठ 'गुह्या एव ईश्वरी' गुह्येश्वरी भन्ने नामले प्रचलित भयो भन्ने धनशमशेरको भनाइ छ ।[१७] कुण्डमा बलि कार्य हुँदैन तर तान्त्रिक विधिद्वारा पञ्चमकारले पूजा भने हुन्छ । गुह्यकालीको स्वरूपको वर्णन तन्त्रशास्त्रहरूमा पाइन्छन् । त्यहाँ उल्लेख भएको स्वरूप एवं वर्णन सङ्केतात्मक रूपमा बढी भएकोले सही अर्थ निकाल्न उच्चकोटीको आध्यात्मिक साधना र त्यसैमा नित्यनिरन्तरको चिन्तन नभई सम्भव छैन ।

गुह्येश्वरी रहेको स्थानको बारेमा बताउने पुराना स्रोतहरूको अभाव छ । *देवमालावंशावली*मा शङ्करदेव भन्ने राजाको पालामा नरसिंह ठाकुरले गुह्येश्वरीस्थानको उद्धार गरेको उल्लेख पाइन्छ ।[१८] तर अर्को एक *वंशावली*को अनुसार नरसिंह ठाकुर काठमाडौंका मल्लकालिक राजा प्रताप मल्ल (वि.सं. १६९८–१७३१) का समकालिक थिए भन्ने बुझिन्छ । *वंशावली*ले उनैको सल्लाहअनुसार गुह्येश्वरीपीठको खोजी गर्न शुरू गरिएको एवं त्यस वेला *महाकालसंहितातन्त्र*को वर्णनअनुसार श्लेष्मान्तक वनमा खोज गर्दा प्रताप मल्लको साथमा गएका खड्गधारी (खड्गी) र तेलकार (मानन्धर) ले गुह्येश्वरीकुण्डको चिह्न फेला पारे । पछि राजा प्रताप मल्लले गुह्येश्वरीकुण्डलाई फलामको सत्तरी लगाएर सुरक्षित पारी कुण्डनजीकै नवदुर्गा, गणेश, नृसिंह र भैरवहरू स्थापना गरे । त्यहाँ धर्मशाला तथा सिंह बनाएको उल्लेख पाइन्छ ।[१९] *भाषावंशावली*मा यही कुरा अलि भिन्न रूपमा वर्णन गरिएको छ । त्यहाँ प्रताप मल्लले गुरु लम्बकर्ण भट्टसँग सम्मत गरी ने.सं. ७७४ (वि.सं. १७११) वैशाखशुक्ल ११ रोज ५ का दिन गुह्येश्वरीकुण्डमा प्रयत्नपूर्वक फलामका दलिनहरू राखी चारैतिर पर्खाल लगाई ढुङ्गा छापी ईश्वरीको कुण्डको जलज्वाला ढाकी अष्टदलपत्र यन्त्राकार भैरवसहित गरी कुण्ड सुन्दर गरी बनाई फटिकका कलशाकार बनाई नित्यनैमित्तिक पूजाआजा हुने व्यवस्था गरेको बताइएको छ ।[२०] यसबाट गुह्येश्वरी स्थानमा निर्माण कार्यलगायतका केही कार्यहरूको प्रारम्भ प्रताप मल्लको समयदेखि हुन थालेको बुझिन्छ । त्यसभन्दा अगाडिको उल्लेख पाइएको छैन ।

---

१३ मुक्तिनाथ खनाल (अनु.), *नेपालमाहात्म्य, प्रथम संस्करण,* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२८), ३।५६, १९ पृष्ठ ।

१४ ऐजन, १।३८, ४ पृष्ठ ।

१५ योगी नरहरिनाथ (सम्पा.), *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह,* भाग १, (काठमाडौं: गोरक्षनाथ, वि.सं. २०२२), ५२० पृष्ठ ।

१६ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ (सम्पा.) *शाहकालका अभिलेख,* (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०३६), १७९-८० पृष्ठ ।

१७ धनशमशेर ज.ब.रा., *कामकला रहस्य,* प्रथम संस्करण, (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३६), ९७ पृष्ठ ।

१८ योगी देवीनाथ (सम्पा.), *देवमालावंशावली,* (काठमाडौं: शूरशमशेर वि.सं. २०१३), १९ पृष्ठ ।

१९ Bikramjit Hasrat, *op.cit.*, foot note no. 4, p. 77.

२० पं. देवीप्रसाद लम्साल (सम्पा.), *भाषावंशावली,* २ भाग, (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय वि.सं. २०२३), ९० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रमा रहेका मन्दिरहरूमा गुह्येश्वरीमन्दिरको ख्याति वर्तमानमा यत्रोविधि छ तर अभिलेख एवं *गोपालराजवंशावली*, जहाँ पशुपतिनाथको चर्चा अत्यधिक रूपमा पाइन्छ, त्यहाँ गुह्येश्वरीको चर्चा पाइँदैन यसको रहस्य के हो ? खोजीको विषय छ ।

गुह्येश्वरीको प्रसिद्धि मल्लकालदेखि जनजीवनमा बढी देखिँदै गयो । गुह्येश्वरीको प्रार्थना गरिएको भजन पाइएको छ । यसलाई कसैले काठमाडौँका राजा सदाशिव मल्लको पालाको मानेका छन् ।[२१] प्रताप मल्लले ने.सं. ७७४ (वि.सं. १७११) मा अठार श्लोकको 'सर्वापराधस्तोत्र' लेखाई गुह्येश्वरीमन्दिरमा राखेका छन् । त्यहाँ उनले आफ्ना अपराधहरूको क्षमाको लागि प्रार्थना गरेका छन् । त्यही मन्दिरमा प्रताप मल्लले एघार श्लोकको 'कालिका-भुजङ्गदशकस्तोत्र' कुँदाई राखेका पनि छन् । सो स्तोत्रको अन्तिम भागमा उनले गुह्येश्वरीको मन्दिर बनाएको तथा भव्य रूपमा पूजा गरेको वर्णन गरेका छन् । मन्दिर बनाउँदा भएको अज्ञात अपराधहरूका लागि देवीसँग क्षमा मागेको उल्लेख सो स्तोत्रमा छ । गुह्येश्वरीमन्दिरमा देवीको वाहन सिंहलाई स्तम्भमाथि राखी सिंहध्वज स्थापना गर्ने कार्य उनले ने.सं: ७७४ (वि. सं. १७१०) माघशुक्ल एकादशीमा गरेका थिए । मन्दिर बनाएको झण्डै ६ वर्षपछि उनले जलकुण्डलाई सुनको दोहोरो कमलपत्रले मोरिदिएको कुरा त्यहाँ रहेको लेखबाट अवगत हुन्छ ।[२२]

पशुपतिगोश्वारामा रहेको प्रताप मल्लको ने.सं. ७६४ (वि.सं. १७००) माघको ताम्रपत्रमा शिवरात्रिको दिन पशुपतिनाथ एवं त्यसको भोलिपल्ट गुह्येश्वरीको पूजा गर्न केही जग्गा गूठी राखिदिएको उल्लेख पाइन्छ ।[२३]

गुह्येश्वरीलाई ताम्रपत्रहरूमा साक्षी राख्ने, लेखको प्रारम्भमा सम्बोधन गर्ने प्रचलन पनि देखिन्छ । ने.सं. ७३१ पौष (वि.सं. १६६७) मा गोपालदेव, केशवदेव आदिले धर्मपत्र गर्दा गुह्येश्वरीलाई साक्षीको रूपमा उल्लेख गरेका छन् ।[२४] त्यस्तै गरी प्रताप मल्लले पशुपतिमन्दिरप्राङ्गणको ने.सं. ७७५ (वि.सं. १७११) माघशुक्ल सप्तमीको तुलास्तम्भको लेखको उठानमा 'श्रीश्रीश्री गुह्येश्वरी, श्रीश्रीश्री पशुपतिर्जयति' भनी कुँदाएका छन् ।[२५] प्रताप मल्ल र श्रीनिवास मल्लबीच ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणशुक्ल सप्तमीमा भएको सन्धिको साक्षीमा अरू देवी-देवताहरूका साथ 'श्रीश्रीश्री गुह्येश्वरी' को उल्लेख छ ।[२६] त्यस्तै भास्कर मल्ल र भूपतीन्द्र मल्लबीच ने.सं. ८२३ (वि.सं. १७६०) श्रावणशुक्लमा भएको सन्धिमा पनि श्री गुह्येश्वरीलाई साक्षी राखिएको छ ।[२७] यसरी गुह्येश्वरीलाई साक्षी राख्ने प्रचलन शाहकालका अभिलेखहरूमा पनि पाइन्छ । श्री ५ रणबहादुर शाहले वि.सं. १८५५ मा नाबालक श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई राजगद्दी दिँदा भाइभारदारहरूले अन्यथा नगरून् भनी अधिकांश भाइभारदारहरूलाई धर्म भकाई त्यसलाई ताम्रपत्रको रूपमा पशुपतिनाथमन्दिरमा चढाउन लगाएका थिए । वि.सं. १८५५ माघशुक्ल पूर्णिमाको सो धर्मपत्रमा श्रीइष्टदेवी, श्रीपशुपति, श्रीपाञ्चायनको साथमा श्रीगुह्येश्वरीलाई पनि साक्षीको रूपमा उल्लेख गरिएको छ ।[२८] त्यस्तै गरी श्री ५ सुरेन्द्रविक्रम शाहले वि.सं. १९१२ वैशाखशुक्ल चतुर्थीमा पशुपतिनाथमन्दिरको

---

२१ हरि श्रेष्ठ, *नेवारी लोकगीत*, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान; वि.सं. २०३१), १३६ पृष्ठ ।

२२ योगी नरहरिनाथ, "गुह्येश्वर्या इतिहास" *संस्कृत-सन्देश*, १ वर्ष, १०, ११, १२ अङ्क, (वि.सं. २०१० चैत्र), संयुक्ताङ्क, ३३ पृष्ठ ।

२३ गोविन्द टण्डन, "पशुपतिनाथमन्दिरमा बाजासम्बन्धी व्यवस्था: एक चर्चा", *शैव भूमि*, २ अङ्क, (वि.सं. २०४५), ३३-३४ पृष्ठ ।

२४ मोहनप्रसाद खनाल, *चाँगुनारायणको ऐतिहासिक सामग्री*, (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४०), २७६ पृष्ठ ।

२५ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३५ सङ्ख्या ।

२६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३९ सङ्ख्या ।

२७ *ऐजन*, ५८ सङ्ख्या ।

२८ *ऐजन*, ११६ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भित्र-बाहिरको सुरक्षाको लागि ३२ जना कोटालहरू राख्ने व्यवस्था बाँधेको अभिलेखको शीर्ष भागमा 'श्रीगुह्येश्वरी' भनी नाम उत्कीर्ण गरिएको छ ।[२९]

गुह्येश्वरीमन्दिरलाई सिँगारी भव्य गर्ने कामको शुरुवात प्रताप मल्लबाट भएको र त्यसपश्चात् समय–समयमा विभिन्न व्यक्तिहरूले यहाँ विभिन्न कीर्तिहरू राख्दै गएअनुरूप अहिलेको गुह्येश्वरीमन्दिरको स्वरूप बन्न गएको हो । यस क्रममा शङ्कर भट्ट नामका एक दाक्षिणात्य ब्राह्मणले ने.सं. ८३२ (वि.सं. १७६९) मा गुह्येश्वरीको प्रीतिको लागि ठूलो घण्टा चढाएका थिए जुन अहिले मन्दिरको उत्तरतर्फको सिँढीको पूर्वपट्टि रहेको छ ।[३०]

सरदार अमरसिंह थापाले गुह्येश्वरीमन्दिरप्राङ्गणमा रहेको सिद्धेश्वरमा सुनको मोलम्वायुक्त आकर्षक लघु मन्दिर बनाएका थिए ।[३१]

गुह्येश्वरीमन्दिरको दक्षिणतर्फको तोरण आदिलाई सुवर्णमय बनाई भव्यता दिने काम, ने. सं. ९९५ (वि.सं. १९३१) मार्गमा वषवर सिं, हर्षवीर सिंह, राजवीर सिंह, बुद्धिमान सिंहले गरेका हुन् ।[३२] वि.सं. १९३६ मङ्सिरशुक्ल दशमीका दिन देवीप्रसाद गिरी र उनकी धर्मपत्नीसहित भई गुह्येश्वरीमन्दिरको पश्चिमपट्टिको ढोकामा जया-विजया चढाएका थिए ।[३३] बाङ्गेमुढानिवासी वषवर सिंह, राजवीर सिंह आदिले वि.सं. १९३९ श्रावणकृष्ण द्वादशीमा गुह्येश्वरीमन्दिरको पूर्वपट्टिको बाहिरी भागलाई दक्षिणपट्टिको जस्तै सुवर्णमय बनाउने काम गरे ।[३४] वि.सं. १९४८ मार्गशुक्ल अष्टमीका दिन वङ्गलटोलका श्रीमती मैथकु एवं उनका परिवारका सदस्यहरूले मन्दिरको पश्चिम ढोकामा ढलोटको 'षलु' चढाए ।[३५] वषवर सिंहलाई गुह्येश्वरीमन्दिरको दक्षिणतर्फ सुवर्णमय तोरणले मात्र चित्त बुझेन, पछि वि. सं. १९४९ जेष्ठमा सुवर्णमय ढोका पनि बनाई चढाए ।[३६] गुह्येश्वरीमन्दिरको उत्तरतर्फ बाहिरी भाग सजाउन बाँकी थियो त्यो पनि वि.सं. १९५७ चैत्रमा रत्नकुमारी, सुब्बा गणेशदास, सुब्बा रत्नदास, कृष्णदास आदिले चार कवलको गाह्रोसमेत चाँदीले मोरी आकर्षक तुल्याइदिए ।[३७]

शङ्कर भट्टले ने.सं. ८३२ (वि.सं. १७६९) मा गुह्येश्वरीलाई अर्पण गरेको घण्टा जीर्ण हुँदा सुवर्णप्रभाले जीर्णोद्धार गरिदिएकी थिइन् ।[३८] गुह्येश्वरीमन्दिरको चारैतिर चाँदीका सिँहका मूर्तिका पानस श्री ५ कान्छा वलीअहद महारानीबाट चढाइएको थियो ।[३९]

जङ्गबहादुर राणाले गुह्येश्वरीमन्दिरभित्र वरिपरि ढलौट पाता छापेका थिए, त्यो खिइयो । पछि चन्द्रशमशेरले ती सबै पाता झिकी त्यसलाई गालेर देवीको वाहन सिंह बनाई गुह्येश्वरीमन्दिरको वरिपरि सोह्रवटा सिंह राखिदिए ।

---

२९ ऐजन, २३९ सङ्ख्या ।
३० परिशिष्टभाग, अभिलेखखण्ड (क), ६० सङ्ख्या ।
३१ योगी नरहरिनाथ "अमरसिंह थापाकस्य", *संस्कृत सन्देश*, १ वर्ष, १०, ११, १२ अङ्क, (वि.सं. २०१० चैत्र), ३४-३५ पृष्ठ ।
३२ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९० सङ्ख्या ।
३३ परिशिष्टभाग, अभिलेखखण्ड (च), २९० सङ्ख्या ।
३४ परिशिष्टभाग, अभिलेखखण्ड (क), २६४ सङ्ख्या ।
३५ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३१२ सङ्ख्या ।
३६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३१३ सङ्ख्या ।
३७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३२१ सङ्ख्या ।
३८ परिशिष्टभाग, अभिलेखखण्ड (क), ६० सङ्ख्या ।
३९ बालचन्द्र शर्मा (सम्पा.), "काठमाडौं उपत्यकाको एक राजवंशावली", *प्राचीन नेपाल*, ६ सङ्ख्या, (वि.सं. २०२५ माघ), पृष्ठ २५ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो काम वि.सं. १९६८ आश्विन १४ गते भएको हो ।[४०] उनले गुह्येश्वरीको अष्टदल एवं भैरवमा सुनका पाताले मोरी दिई नवरत्न जडाउको सुनको कलश, चाँदीका पूजाभाँडाहरू प्रीति गरी वि.सं. १९२१-१९२२ मा अर्पण गरेका थिए ।[४१]

गुह्येश्वरीको मन्दिरलाई आकर्षक बनाउने क्रममा राजवैद्य चक्रपाणिले सुनका चारवटा नाग बनाई कुण्डको माथि चार कुनामा राखी सुनको पाताले मोरी चढाएको कुरा *देवमालावंशावली*मा उल्लेख गरिएको छ ।[४२]

गुह्येश्वरीमन्दिरको पश्चिमपट्टिको ढोका राजवैद्य दण्डपाणिका जेठा छोरा राजवैद्य देवानन्दले अर्पण गरेकोमा पछि सो बिग्रदा उनका कान्छा छोरा राजवैद्य पद्मानन्दले वि.सं. १९८७ आश्विनशुक्ल द्वितीयाका दिन खापा, तोरण, चौकोस एवं ठेलीसमेत सबै बनाई चढाए ।[४३]

गुह्येश्वरीमन्दिरको बाहिर सिंह एवं मूर्तिसहितका स्तम्भहरू राखी सजाउने काम श्री ५ ललितत्रिपुरसुन्दरीदेवीले वि. सं. १८८०, श्री उपेन्द्रविक्रम शाह, श्रीबमबहादुर राणाले वि. सं. १९०७, पद्मानन्द वैद्य, तथा पछि वि. सं. २०१६ आषाढमा श्री ५ महेन्द्रवीरविक्रम शाह एवं श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहको प्रतिमा गुह्येश्वरीमन्दिर पश्चिम प्राङ्गणमा स्थापना भयो ।[४४]

गुह्येश्वरीको महत्त्वलाई व्यापक बनाउने काममा जयप्रकाश मल्लले वि.सं. १८१० को आफ्नो टकमा 'श्री ३ पशुपति' 'श्री ३ गुह्येश्वरी' उत्कीर्ण गरिदिएकोले पनि केही सहयोग पुगेको देखिन्छ ।[४५] त्यस्तै प्रतापसिंह शाहले वि. सं. १८३१, १८३२ को मुद्रामा 'गुह्येश्वरी' को नाम उत्कीर्ण गराई प्रचार-प्रसारमा अरू बल पुऱ्याए ।

वि.सं. १९९० को भूकम्पले गुह्येश्वरीमन्दिरवरपरका पाटीहरू भत्किएकोमा जुद्धशमशेरले तिनको जीर्णोद्धार गरिदिएका थिए ।[४६]

गुह्येश्वरीको पूजाआजा तान्त्रिक विधिबाट गर्ने प्रचलन छ । यहाँको पुजारीको काम कर्माचार्यहरूबाट हुने गरेको छ । पुजारीहरू तीन कवलका छन् । एक थरी भोसिकोटोलका भैरवाचार्यहरू छन्, दोस्रो थरी किलागलका बुद्धाचार्यहरू छन्, तेस्रो थरी पाटनका भैरवाचार्यहरू छन् । मन्दिरमा पूजा गर्ने पालो प्रत्येक कवलका पुजारीको एक-एक महीनाको हुन्छ । प्रत्येक महीनाको कृष्णपक्षको चतुर्दशीका दिन पालो फेरिन्छ । यदि चतुर्दशीमा 'चह्रे' अर्थात् चतुर्दशी परेको छैन भने त्रयोदशीमा नै पालो फेरिन्छ ।

पालो फेरिंदा लगत हेरेर सामान बुझ्ने-बुझाउने काम हुन्छ । भाँडाकुँडाको जिम्मा पालोवाला पालेको हुने प्रचलन यहाँ छ ।

गुह्येश्वरीमन्दिरमा नित्यपूजा एवं पर्व पूजाका लागि विभिन्न गूठीहरूको माध्यमबाट व्यवस्था गरिदिएका छन् । नित्यपूजाको कार्य बिहानदेखि नै प्रारम्भ हुन्छ । त्यसमा चोखो पानीलाई संशोधन गरी गर्भगृह चोखो गर्ने, पुजारी

---

४० परिशिष्टभाग, अभिलेखखण्ड (क), ३३४ सङ्ख्या ।

४१ योगी देवीनाथ (सम्पा.) *पूर्ववत्*, पादटिप्पणी १८ सङ्ख्या, ३० पृष्ठ ।

४२ *ऐजन*, २० पृष्ठ ।

४३ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३५५ सङ्ख्या ।

४४ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३८० सङ्ख्या ।

४५ E.H. Walsh, *The Coinage of Nepal*, First Edition, (Delhi: Indological Book House, 1973), p. 62.

४६ योगी देवीनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १८ सङ्ख्या, २१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयंले न्यास गर्ने; पात्र, अर्घ राख्ने, त्यसपछि अर्घको सङ्कल्प गर्ने, बलिपात्रको आवहान गर्ने, पञ्चामृतले स्नान गराउने, चोखो जलले स्नान गराउने, 'अली' (रक्सी) ले स्नान गराउने, शङ्खजलस्नान, अर्घजलस्नानपश्चात् दर्शनार्थीहरूलाई अभिषेकको जल दिने काम हुन्छ । पूजासामाग्रीहरूमा श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, जौ, तिल, अक्षता, रेखी हाल्ने पीठो, ध्वजापताका, वस्त्रसमेत हुन्छन् । पूजाको अवसरमा गद्दीनसीन राजाको प्रतीकस्वरूप खड्ग राखिन्छ । पूजा सकिएपछि खड्गलाई प्रसाद अर्पण गरिन्छ । मन्दिरभित्रको विधिविधान सकिएपछि पुजारी बाहिर निस्केर बाहिर रहेका मूर्तिहरूमा 'चाखः पूजा' गर्ने त्यसपछि चारै ढोकाको पूजा गर्ने काम हुन्छ । उपर्युक्त क्रिया सकिएपछि भोग अर्पण गरिन्छ । यसरी नित्यपूजाअन्तर्गत बिहानको पूजा कर्म सकिन्छ । अनि पुजारी जान्छन् ।

बेलुकाको पूजामा ध्यान दुइवटा र आरती मात्र हुन्छ । त्यस अवसरमा चार कुनाका स्तम्भहरूमा घ्यूको बत्ती बालिन्छ । त्यस वेला सङ्कल्प क्रिया र पुष्पाञ्जलि हुन्छ । पूजा गर्दा पहिले गुह्येश्वरीको त्यसपछि भैरवको पूजा हुन्छ, तत्पश्चात् वरपरका गणहरूको आव्हानसाथ पूजा गरिन्छ ।

बिहानको पूजामा बाह्र ध्यान गर्ने परम्परा छ । त्यसमा दशमहाविद्याको दश ध्यान, राजाको लागि एक ध्यान र राष्ट्र कल्याणको लागि एक ध्यान हुन्छ ।

गुह्येश्वरीको प्राप्तिसँग सम्बन्धित विभिन्न व्यक्तिहरूको तर्फबाट अद्यापि पूजाआजा हुने परम्परा छ । वैशाखशुक्ल नवमीका दिन झा ब्राह्मणहरू गुह्येश्वरीलाई सीताको रूपमा पूजा गर्न आउँछन् । झा ब्राह्मणहरू अर्घ्य राखेर मोहिनीसमेतले पूजा गर्छन् । त्यसरी आउने झा ब्राह्मणहरू आफूलाई नृसिंह ठाकुरका सन्तान भन्छन् । त्यस्तै गरी साल्मीहरू प्रत्येक महीनाको कृष्णपक्षको दशमीको दिन पूजा गर्न आउँछन् । केही गरी नित्यपूजा शुरू हुनुभन्दा अघि उनीहरू आए भने उनीहरूको पूजा सकिएपछि मात्र नित्यपूजा हुने परम्परालाई हेर्दा साल्मीहरूको योगदानको महत्त्वलाई बुझ्न सकिन्छ । उनीहरूले कलश उचालेर दिएपछि मात्र नित्यपूजाको काम प्रारम्भ हुने प्रचलन छ । साल्मीहरूले मोहीनी बालेर चक्र पूजासहित आराधना गर्छन् । त्यस दिन उनीहरूको थकालीले पूजा गर्छन् ।

गुह्येश्वरीको नित्यनैमित्तिक पूजाआजाको लागि चाहिने सामाग्रीहरू अमानतगूठी एवं छुटगूठीअन्तर्गतबाट आउँछन् । चह्रे, औंसी, पूर्णिमा, सङ्क्रान्ति र कृष्णपक्षको अष्टमीको दिन पञ्चपर्व पूजाहरू हुन्छन् । त्यस्तै गरी बडादसैं, चैते दसैंमा पनि नैमित्तिक पूजाहरू हुन्छन् । नवरात्रिभर विशेषपूजा हुन्छ ।

गुह्येश्वरीमन्दिरका रै-रकमीहरू भन्नु पुजारी र पाले मात्रै हुन् । पालेहरू डङ्गोल र कसाई छन् । मन्दिरको सुरक्षाको लागि पहिले समरजङ्ग कम्पनीबाट दिउँसो एक जना र रातमा दुइ जना पालेको व्यवस्था थियो । वि.सं २०१० सालदेखि प्रहरीहरू पनि सुरक्षाका लागि मन्दिरप्राङ्गणमा बस्ने व्यवस्था भएको छ ।

गुह्येश्वरीमन्दिरमा भक्तजनहरूले चढाउने भेटी पालोवाला पुजारी र पालेले भागबण्डा गरी लिन्छन् । प्रत्येक दिन चढ्ने भेटी पाँच भाग लगाई चार भाग पालोवाला पुजारीले तथा एक भागमध्ये आधा भाग डङ्गोल पालेले र अर्को आधा भाग कसाई पालेले लिने गरेको पाइन्छ । गरगहनाहरू भँडार दाखिल हुने तर असर्फिचाहिँ भागबण्डामा लिने-दिने गरेको छ । गरगहनाहरू लगतमा दरी चढाउने प्रचलन अहिलेसम्म नहुँदा चढाइएका वस्तुहरू भँडारमा राखिने-नराखिने कुरा पालोवाला पुजारीको विश्वासमा भर पर्ने स्पष्ट छ ।

पुजारीहरूले गुह्येश्वरीको पुजारी बन्न दीक्षा लिनुपर्दछ । पुजारीपरम्परा वंशानुगत भएकोले बाबु वा दाजुभाइबाट दीक्षा लिने परम्परा उनीहरूमा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्येक वर्ष गुह्येश्वरीयात्रा गरिन्छ । यो मार्गकृष्ण नवमीको दिन पर्दछ ।[४७] कसैले गुह्येश्वरीको यात्राको प्रारम्भ प्रताप मल्लले गरेको उल्लेख गरेका छन् ।[४८] तर मोहिनीविनोद शर्माको *वंशावली*अनुसार राजा जगज्जय मल्लले आफूले राजगद्दी पाएको खुशियालीमा वि.सं. १७७९ देखि यो यात्रा चलाएका थिए भन्ने बुझिन्छ । उनले यो यात्रा चलाउन गूठीको बन्दोबस्त गर्दा भोट र भारतमा व्यापार गर्न जाने बत्तीसकोठी महाजनहरूलाई गुठियार बनाइदिएका थिए । गुह्येश्वरीयात्राको अवसरमा हिजोआज पनि तिनै व्यापारीका सन्तानहरूले विशेष अभिरुचि लिने गरेको पाइन्छ । गुह्येश्वरीमन्दिरमा रहेको राजा जगज्जय मल्लको ने.सं. ८४८ (वि.सं. १७८५) को शिलालेखमा सो यात्राको निमित्त उनले पञ्चान्नब्बे रोपनी खेत गूठी राखिदिएको वर्णन परेको पाइनाले जगज्जय मल्लले गुह्येश्वरीयात्रा चलाएको बुझिन्छ । केही दशकअगाडि गुह्येश्वरीयात्रालाई जति भव्यतासाथ महत्त्व दिई सञ्चालन गरिन्थ्यो आजकल त्यसमा निकै कमी आएको छ । यसो हुनाको मुख्य कारण गूठीव्यवस्था खण्डित हुँदै जानु तथा धर्म-संस्कृतिप्रति नयाँ पुस्ताको वितृष्णा हुनु हो ।

१४.२ जयवागीश्वरीमन्दिर

पशुपतिक्षेत्रमा रहेका प्रसिद्ध मन्दिरहरूमा जयवागीश्वरीको मन्दिर पनि पर्दछ (चित्रसङ्ख्या १७९) । यो मन्दिर गौशालादेखि केही उत्तरस्थित नवालीटोल नामको पुरानो बस्तीमा रहेको छ । स्थानीय बासिन्दा जयवागीश्वरीलाई 'श्वेत सरस्वती' को रूपमा पूजाअर्चना गर्दछन् । वागीश्वरी सरस्वतीको अर्को नाम हो । वागेश्वरीलाई वाक् अर्थात् वाणीकी अधिष्ठात्री मानिन्छ ।

जयवागीश्वरीको मन्दिर छानामाथि छानायुक्त चारपाखे नेपाली मण्डप शैलीमा निर्मित छ । यस किसिमको शैलीमा प्रचलित मन्दिरहरूभन्दा भिन्न मूल गर्भगृहको दायाँ-बायाँ पनि एक-एक उपगर्भगृह तथा त्यसैअनुसार मन्दिर माथिसम्म बनेकोले अलि बेग्लै किसिमको देखिन्छ । मन्दिर पश्चिमाभिमुख छ । मन्दिरको गर्भगृहको बीचमा जयवागीश्वरी तथा दायाँतर्फ श्वेत भैरव र बायाँतर्फ गणेशको मूर्ति छ । उत्तरतर्फको उपगर्भगृहको बाहिरी भित्तामा भैरवको आकृति विभिन्न रङ्गद्वारा चित्राङ्कित गरिएको छ । दक्षिणतर्फको गर्भगृहमा मातृकाका प्राचीन मूर्तिहरू छन् । जयवागीश्वरी अर्थात् सरस्वती र गणेशको प्रचलित मूर्तिहरूभन्दा फरक आयुध लिएका मूर्तिहरू यहाँ छन् । उभिएको अवस्थामा रहेको जयवागीश्वरीको चार हातहरू छन् । तिनमा सिन्हमु, ज्वालान्ह्याक, चक्र र खड्ग छन् । सामान्यतया सरस्वतीको आयुधहरू वीणा, पुस्तक हुन् । यहाँस्थित गणेशको स्वरूप विघ्नेश्वरको छ । विघ्नेश्वर भन्नाले गणेशको हात्तीको टाउको हुनुभन्दा अगाडिको रूप हो । ती तीनैवटा मूर्तिहरू सेतो रङ्गका छन् । विघ्नेश्वरस्वरूपको गणेशको मूर्ति शायदै अन्यत्र पाइन्छ । देवपाटनस्थित जयवागीश्वरीको मूलमूर्ति सरस्वतीको छ । यसैले स्थानीय जनताहरू यसलाई सरस्वतीमन्दिर पनि भन्ने गर्छन् । *गोपालराजवंशावली* मा जयवागीश्वरीको उल्लेख छ । पुजारीको भनाइअनुसार मूर्तिको हातमा सिन्हमु, ज्वालान्ह्याक, चक्र र खड्ग छन् । जयवागीश्वरीको यो मूर्तिलाई लिच्छविकालको हो भनी ठोकेर भन्न सकिन्छ भनी कसैले लेखेको पनि पाइन्छ ।[४९] वास्तवमा पादपीठ मात्र लिच्छविकालको हो । त्यसदेखि माथिको भाग माटोद्वारा निर्मित छ र यो बाह्र-बाह्र वर्षमा विधिविधानपूर्वक नयाँ बनाइन्छ ।

---

४७ यसै ग्रन्थको तेह्र अध्यायमा गुह्येश्वरीयात्राबारे विस्तृत चर्चा गरिएको छ ।

४८ धनशमशेर ज.ब.रा, *पूर्ववत्*, पादटिप्पणी १७ सङ्ख्या, १४७ पृष्ठ ।

४९ रुक्मिणी प्रधान (वन्त), "नेपाली जनजीवनमा देवी सरस्वतीको स्थान: एक अध्ययन", *कन्ट्रिब्यूशन टू नेप्लीज स्टडिज*, ८ अङ्क, १ सङ्ख्या, (पौष, २०३७), १९३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्या तथा सम्पूर्ण कलाकी देवी सरस्वती वैदिक युगमा नदीको रूपमा प्रसिद्ध थिइन् । पछि यिनै सरस्वती वाग्देवीको रूपमा पुराणहरूमा प्रसिद्ध भइन् । सरस्वतीलाई ब्रह्माकी छोरी, ब्रह्माकी शक्ति, विष्णुकी शक्ति पनि मानिएको पाइन्छ ।[५०] ब्रह्माको शक्तिको रूपमा देखाइँदा ब्रह्माको दाहिनेतर्फ देखाइन्छ । विष्णुको शक्तिको रूपमा देखाइँदा देब्रेतर्फको सरस्वतीलाई 'पुष्टि' र दाहिनेतर्फको लक्ष्मीलाई 'श्री' को रूपमा देखाइन्छ ।

ऋग्वेदमा ब्रह्मा प्रार्थनाका देवता थिए । प्रार्थनाको लागि वाणीको आवश्यकता पर्दथ्यो । यसैले सरस्वतीलाई वाणी वा काव्यकी देवीको रूपमा मानियो ।[५१]

वागीश्वरी, सरस्वती काव्य; कलाकी वाणी, विद्याकी देवीको रूपमा प्रसिद्ध छिन् । जयवागीश्वरीमन्दिरको विषयमा *नेपालमाहात्म्य* एवं प्रचलित *भाषावंशाली*हरूमा केही चर्चा पाइन्छ । *नेपालमाहात्म्य*मा राढाबाट कालिका-देवी श्लेष्मान्तक वनमा गइन् र त्यहाँदेखि उनी जयवागीश्वरी नामले प्रसिद्ध भएको कुराको चर्चा गरिएको छ ।[५२]

राढात: कालिका देवी श्लेष्मान्तकवने गता ।
जयवागीश्वरीनाम्ना प्रसिद्धा क्षेत्रसत्तमे ॥

प्रचलित *भाषावंशाली*मा द्वापर युगमा मानसरोवरदेखि शिला नदी तरी आएको तथा जयवागीश्वरी नामले देवपत्तनमा विराजमान भएको एवं देवीका प्रथम गणहरू आएर नियमपूर्वक साधना गरी तीर्थका जल आवाहान गरेर यसलाई शुद्ध तीर्थ बनाएको उल्लेख पाइन्छ ।[५३] यस *वंशावली*मा राजा नरेन्द्रदेवले एक योगीलाई खुशी गराई जयवागीश्वरीलाई शान्ति गरी चित्रकारी गरी अनेक विधिपूर्वक जीवनका सङ्कष्टमय विधिक्रम गरेको तथा तिनले राजालाई गोप्य रूपमा आफू दुर्वासा ऋषिको वंशको हूँ भनी बताई त्यहाँ भैरव, नौलिङ्ग तथा गजकर्णको मूर्ति प्रकाश गराएको चर्चा छ ।[५४] सोही *वंशावली*मा राजा नरेन्द्रदेवले पुरीसहित तीन प्रकारका कोष, एउटा प्रणाली गरी देवपत्तन पुरी बनाई पशुपतिनाथलाई चढाएको तथा जयवागीश्वरीमा नित्यपूजाआजा हुने व्यवस्था गरेको प्रसङ्ग पाइन्छ ।[५५] *भाषावंशावली*हरूमा पाइने यी विवरणहरूले जयवागीश्वरीको मन्दिर राजा नरेन्द्रदेवले बनाएको प्रकारान्तरले बुझिन्छ । त्यहाँ उनैले जयवागीश्वरीमन्दिरमा बाह्र-बाह्र वर्षमा चित्रकारी कर्म गर्ने अर्थात् कलेवर फेर्ने कामको परिपाटी बसाएको पनि उल्लेख पाइन्छ ।

*भाषावंशावली*मा भन्दा भिन्न *देवमालावंशावली*मा जयवागीश्वरीको मन्दिरसम्बन्धी प्रसङ्ग अलि फरक पाइन्छ । त्यहाँ सूर्यवंशी राजा शिवदेवको पालामा 'ग्वल' नामक शहर बसाइँ जयवागीश्वरीको नित्यार्चन गराएको उल्लेख छ । ती राजाले एक जना योगीको सल्लाह लिई कलिगत ३२३२-३२७४ मा देवीको चञ्चल मूर्तिलाई स्थिर पारी चित्रकारीद्वारा रहस्यमय मूर्ति बनाई त्यसको प्राणप्रतिष्ठा गरी कर्माचार्यलाई पुजारी गराएको उल्लेख गरिएको छ । साथै त्यहाँ प्रतिवर्ष चित्रकारी गर्न मुश्किल छ भन्ने सम्झी अंशुवर्माको पालादेखि बाह्र-बाह्र वर्षमा 'कलेवर फेर्ने' रीत चलाएको चर्चा गरिएको छ ।

---

५० Alex Wayman, "The Goddess Sarasvati From India to Tibet", *Kailash*, Vol. 5, No. 3, (1977), p. 248.
५१ J. N. Banerjee, *Development of Hindu Iconography*, Third Edition, (Delhi: 1974), p. 490.
५२ मुक्तिनाथ खनाल (अनु.), पूर्ववत्, पादटिप्पणी १३ सङ्ख्या, १।५३, ८ पृष्ठ ।
५३ योगी देवीनाथ (सम्पा.), पूर्ववत्, पादटिप्पणी १८ सङ्ख्या, ४, ३ पृष्ठ ।
५४ ऐजन, ८३ पृष्ठ ।
५५ ऐजन, ८० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयवागीश्वरीको मूर्तिको सम्बन्धमा सबैभन्दा प्राचीन अभिलेख भन्नु नै पादपीठमा रहेको शिलापत्र हो । तर सो शिलापत्रमा तिथिमिति नहुनाले साल छुट्याउन सकिन्न । लिपिलाई हेर्दा सातौँ शताब्दीतिरको हुनुपर्ने इतिहासकार धनवज्र वज्राचार्यको भनाइ छ ।[५६] मूर्तिको पादपीठको शिलालेखबाट यद्यपि यो मूर्तिको स्थापना मिति निश्चित गरी खुट्याउन सकिन्न तर लिपिको शैलीबाट भने सातौँ शताब्दीताकाको भएको अनुमान हुन्छ । पछिल्ला कालमा लेखिएका *भाषावंशावली* एवं *देवमालावंशावली*हरूले यो मूर्तिको सम्बन्धमा उल्लेख गरेका राजाहरूको समय पनि सातौँ शताब्दी नै हुन आउँछ ।

देवपत्तनस्थित जयवागीश्वरीको वर्तमानस्वरूपको मन्दिर प्रताप मल्ल (वि. सं. १६९८–१७३१ आ.) का छोरा नृपेन्द्र मल्ल (वि. सं. १७३१-१७३७ आ.) को कीर्ति हो भन्ने कुराको उल्लेख *भाषावंशावली*मा पाइन्छ ।[५७] यिनको पालामा जयवागीश्वरीमन्दिरभित्र चोर पसी गहनाहरू चोरी ढोकाबाहिर राखी पाटीमा बस्दा उठ्न नसकेको घट्ना हेर्न राजा त्यहाँ पुगेको एवं ती गहनाहरू पुन: तिनै देवीलाई समर्पण गरी चोरलाई मारेको चर्चा त्यहाँ गरिएको छ ।[५८] वि.सं. १९९० को महाभूकम्पमा सो मन्दिरलाई कुनै क्षति भएन ।[५९]

जयवागीश्वरीमन्दिरको नित्यनैमित्तिक पूजाआजाहरू तान्त्रिक विधिविधानअनुसार कर्माचार्य पुजारीले गर्ने परिपाटी छ । यसका लागि चार जना पुजारीहरू छन् । उनीहरूको क्रमैसँग एक-एक महीनाको पालो पर्दछ । जयवागीश्वरीमन्दिरको पूजाआजाको लागि श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट वि.सं. १८६७ मा गूठीजग्गाहरूको व्यवस्था गरी त्यसको रेखदेखको जिम्मा पशुपतिनाथमन्दिरका मूलपुजारीलाई दिएअनुरूप जयवागीश्वरीभण्डारतहविलको प्रमुख अद्यावधि मूलपुजारी छन् ।[६०] गूठीजग्गाको उठति-पुठति तथा गर्नुपर्ने पूजाआजालगायत अन्य व्यवस्थापन पक्षका कार्यहरू सोही तहबिलले गर्ने गरेको छ ।

जयवागीश्वरीमन्दिरमा विभिन्न पर्वउत्सवहरूमा विशेषपूजाहरू सम्पन्न गरिन्छन् । श्रावणशुक्ल नवमीका दिन पवित्रारोपण गरिन्छ, मार्गशुक्ल नवमीको राती मूल डबलीअगाडि बोडेगाउँको नवदुर्गाको नाच हुन्छ । बोडेकी नवदुर्गालाई जयवागीश्वरीको मितिनी मानिन्छ । मार्गशुक्ल त्रयोदशीका दिन 'दाज्यपर्व' सम्पन्न गरिन्छ । पौषशुक्ल द्वादशी र पूर्णिमाका दिन मन्दिरको अगाडि होम गरिन्छ । त्यस्तै गरी पौषशुक्ल त्रयोदशीका दिनदेखि एक महीनासम्म बिहान मकलमा आगो राखी देवीलाई आगो तपाइन्छ । जयवागीश्वरीमन्दिरमा चैत्रकृष्ण चतुर्दशीका दिन विशेषपूजा हुन्छ । सो दिन 'पचिलनाइके' ले देवीको हेरचाह गरी पूजाआजा गरी प्रसाद ग्रहण गर्छन् ।

जयवागीश्वरीमन्दिरको वरपर अरू विभिन्न कलाकृति एवं मन्दिरहरू पनि छन् (चित्रसङ्ख्या १३२, १४६, १४७, १५१, १५४) । पश्चिमपट्टि 'लुँहिटी' नामको ढुङ्गेधारा छ । यो ढुङ्गेधाराको पानी जयवागीश्वरीको नित्यस्नानको निमित्त प्रयोग गरिने भए तापनि आजकल बिग्रेर दयनीय अवस्थामा छ ।

१४.३ वासुकिमन्दिर

पशुपतिनाथमन्दिरप्राङ्गणको उत्तर-पूर्व दिशामा मझ्यौला आकारको छानामाथि छानायुक्त चारपाखे नेपाली मण्डप शैलीको एक मन्दिर छ । त्यो वासुकिको मन्दिर हो । दुइ तले मन्दिरभित्र पश्चिमाभिमुख भएर नागराजको मूर्ति

---

५६ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ११७ पृष्ठ ।

५७ पं. देवीप्रसाद लम्साल (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी २० सङ्ख्या, ९४ पृष्ठ ।

५८ *ऐजन*, ९४ पृष्ठ ।

५९ योगी देवीनाथ (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी सङ्ख्या १८, पृष्ठ ३४ ।

६० परिशिष्टभाग, अभिलेखखण्ड (क), सङ्ख्या १४८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेको छ । यहाँ शिवलिङ्गको शैलीमा नागराजको मूर्ति रहेको छ । नागराजको माथिल्लो भाग मानवाकार छ । सो भाग जलहरीमा अडेको छ । झट्ट हेर्दा यो शिवलिङ्ग जस्तो देखिन्छ । मूर्ति निख्खरा कालो छ । पशुपतिनाथको दर्शन हुनुअघिका विभिन्न आवरणहरूमध्ये बाहिरी आवरणमा वासुकिको मूर्ति एवं मन्दिर रहेको छ । *हिमवत्खण्ड*मा हरिणेश्वर (पशुपति) ले भनेको वचनको रूपमा उल्लेख गरिएको छ कि "हजारौं नागहरूले युक्त भएर रातदिन मेरो ढोकामा बस्दछ, मेरो क्षेत्रमा प्रवेश गर्ने मनुष्यहरूलाई तिनै विघ्न गर्छन्, पहिले वासुकिलाई नमस्कार गर्नु अनि क्रमशः त्यो विधिले गएका मनुष्यहरू निर्विघ्नपूर्वक प्रवेश गर्न सक्ने हुन्छन् ।"[६१] त्यस्तै त्यहाँ भनिएको छ "त्यो पुरीको मध्यमा पशुपतीश्वर लिङ्ग निरन्तर शोभित भइरहन्छ । त्यसलाई देवताहरू अनेक बाजाहरू तथा ठूल्ठूला उत्सवहरूले नित्य सेवा गरिरहन्छन् । त्यसका रक्षक नन्दी, भृङ्गी, गण, क्षेत्र यी चार तथा वासुकि पाँच ढोकाहरूमा विद्यमान भइरहन्छन् ।"[६२] यही परम्पराले गर्दा हो कि भगवान् पशुपतिनाथको दर्शन गर्नुअघि बाहिरी आवरणमा रहेका विभिन्न देवी-देवताहरूको दर्शनपूजन गरेर मात्र पशुपतिनाथको विधिपूर्वक दर्शन गर्ने चलन छ । *हिमवत्खण्ड*को एक अर्को ठाउँमा भगवान् श्री पशुपति आफ्ना गणहरूलाई सम्बोधन गर्दै भन्नुहुन्छ -"हे नन्दी, हे भृङ्गगण, गणेश, वासुकि, भैरव । तिमीहरू मेरो द्वारमा रहेर मेरो क्षेत्रको रक्षा गर । तिमीहरूलाई दर्शन नगरी म भएको ठाउँमा कोही आउँछ भने त्यसलाई पाइला-पाइलामा विघ्नवाधा पार । जसले श्रद्धाभक्तिपूर्वक तिमीहरूको पूजाआजा गरी मेरो दर्शनपूजा गर्छ त्यो पशुजन्मबाट मुक्ति भई मेरो धाममा प्राप्त हुन्छ ।"[६३] यसैले दर्शनविधिअनुसार पशुपतिनाथमन्दिरको दर्शनपूजन गर्नेहरू चाहे दक्षिण ढोकाबाट प्रवेश गरून् वा पश्चिम ढोकाबाट वाहिरी आवरणमा रहेका विभिन्न देवी-देवताहरूको दर्शनपश्चात् मात्र पशुपतिनाथको दर्शन गर्न जान्छन् ।

वासुकिको मन्दिरको स्थापनाको वारेमा एउटा लोकोक्ति पाइन्छ । त्यसअनुसार आदियुगमा गरुडले समाती ल्याएका नागले बडो कष्टसँग गरुडको हातबाट छुटी श्रीपशुपतिनाथको शरणमा आई तप गरी रहँदा ईश्वर खुशी भई वासुकिलाई त्यसै स्थानमा बसी उनको नामले नगर बनाई[६४] बस्ने आशीर्वाद दिएको भन्ने छ ।[६५]

---

६१ योगी नरहरिनाथ (सम्पा.), पूर्ववत्, पादटिप्पणी १० सङ्ख्या, ६३।१०८-१०९ ।
अतः पूर्वोत्तरे भागे वासुकिर्नाम नागराट् ।
वृतो नागसहस्रेण द्वारि तिष्ठति मेऽनिशम् ॥
स विघ्नं कुरुते नृणां मत्क्षेत्रं विशतां सदा ।
प्रथमं स नमस्कार्य्यस्ततोऽहं क्रमशः पुनः ।
अनेन विधिना पुंसामविघ्नं विशता भवेत् ॥

६२ ऐजन, १६६।१५-१७, ३०६-३०७ पृष्ठ ।
तन्मध्ये भासतेऽजस्रं लिङ्गं पशुपतीश्वरम् ।
देवैः प्रसेव्यते नित्यं बहुवाद्यैर्महोत्सवैः ॥
तिष्ठन्ति रक्षकास्तस्य चत्वारो गोपुरेषु च ।
नन्दी, भृङ्गी गणः क्षेत्रो वासुकिः पञ्चमस्तथा ॥
तेषामाज्ञां च संलङ्घ्य अकुशला प्रवेशितुं ॥
रुद्राल्लब्धवराणां च अपि देवा नराः किमु ॥

६३ ऐजन, १५८।५९-६०, पृष्ठ २९५ ।
न पश्य येऽनमन्युष्मान् आयान्ति च मन्दान्तिकम् ।
विघ्नं ददत यूयं वै तेभ्यो देवाः पदे पदे ॥
प्रणम्य गौरवाद्युष्मान्मां प्रपश्यन्ति ये नराः ।
गमिष्यन्ति च मे लोकं पशुजन्मानि मोचयन् ॥

६४ काठमाडौंको केही भाग वासुकिक्षेत्रको नामबाट पनि प्रसिद्ध छ । सङ्कल्प वाक्य पढ्दा 'वासुकिक्षेत्रे' भनी उल्लेख गरिन्छ ।

६५ योगी देवीनाथ (सम्पा.), पूर्ववत्, पादटिप्पणी १८ सङ्ख्या, ६३-६४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासुकिमन्दिरको स्थापनाको सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरिएका समकालिक अभिलेखहरू त पाइएका छैनन् । तापनि *वंशावली*हरूमा छिटपुट चर्चा भने पाइन्छ । केशर पुस्तकालयमा भएको जीर्ण *वंशावली*मा गुणकामदेव नामका राजाले पशुपतिनाथमन्दिरमा एघार कोष चढाएको प्रसङ्गमा वासुकिमन्दिरमा तामाले मन्दिर छाइदिएको उल्लेख छ ।[६६] यस कुराको उल्लेख *देवमालावंशावली*मा पनि पाइन्छ ।[६७] गुणकामदेव नामका राजाले मध्यकालमा अन्दाजी वि.सं. १०३७-१०५५ सम्म राज्य गरेको अनुमान् हुन्छ ।[६८] यी गुणकामदेवले छानासम्म तामाको हालिदिएको उल्लेख पाइने हुनाले मन्दिरको स्थापना त्यसभन्दा अगाडि नै भएको अनुमान गर्न सकिन्छ । वासुकिमन्दिरको उल्लेख पछिका अभिलेखहरूमा निकै पाइन्छन् । ने. सं. ५३३ (वि. सं. १४६९) माघको ज्योतिर्मल्लको पशुपतिस्थित अभिलेखमा वासुकिको चर्चा आएको छ ।[६९] त्यस्तै गरी यक्ष मल्ल र जीव मल्लको ने.सं. ५६७ (वि.सं. १५०४) को पशुपतिमा रहेको ताम्रपत्रमा वासुकिक्षेत्रको उल्लेख पाइन्छ ।[७०] ने.सं. ५८८ (वि.सं. १५२५) को पशुपतिस्थित ताम्रपत्रमा पनि वासुकिमन्दिरको नाम आएको छ । ने.सं. ५९१ (वि.सं. १५२७) माघको नारायण भट्टको पशुपतिस्थित शिलापत्रमा पशुपतिनाथको प्रार्थना गर्दै प्राणीको पशुपाश छुटाउने देव-दानवहरूले स्तुति गरिएका सबै कामना पूर्ण गरिदिने, वाग्वतीको किनारामा धेरै देवी-देवता र अर्धनारीश्वर, वत्सलादेवी, वासुकिहरूले सहित भएका पशुपतिनाथलाई नमस्कार गरिएको चर्चा छ ।[७१]

वासुकिको प्रसिद्ध मन्दिरको पुनर्निर्माणको कार्य पछि राजा प्रताप मल्लले ने.सं. ७७० (वि. सं. १७०६) माघमा गरे । त्यस वेला उनले त्यहाँ नारायणस्तोत्र पनि कुँदाई राख्न लगाएको उल्लेख त्यस मन्दिरको निर्माणसँग सम्बन्धित वासुकिमन्दिरको पेटीमा रहेको शिलालेखमा गरिएको छ ।[७२] वर्तमान मन्दिर त्यसै वेलाको कीर्ति हो । वासुकिमन्दिरको ढोकामा चाँदीको कलात्मक पाता राखी सुन्दर बनाउने काम भने वि. सं. २०४४ सालमा भएको हो । श्री ५ महेन्द्रवीरविक्रम शाह एवं वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेकका अवसरहरूमा क्रमशः वि.सं. २०१३ र वि.सं. २०३१ मा सो मन्दिरमा रङ्गरोगन एवं मर्मतसम्भारको काम भएको थियो ।

१४.४ ताम्रेश्वरमन्दिर

पशुपतिक्षेत्रमा रहेको ताम्रेश्वर नामले चिनिने शिवालय पनि यहाँको प्रसिद्ध मन्दिरमध्येको एक हो (चित्रसङ्ख्या १८९) । यो मन्दिर नवालीटोलमा अवस्थित छ । पश्चिमाभिमुख भएर रहेको यो शिवालय छानामाथि छानायुक्त नेपाली मण्डप शैलीमा निर्मित छ । मन्दिर सानो भईकन पनि आकर्षक छ । मूल रूपमा पहिले झिँगटीको छाना भएको यस मन्दिरमा पछि जस्तापाताको छाना राखिएकोमा पशुपतिक्षेत्रविकासकोषको अनुरोधमा वि.सं. २०४७ सालमा मन्दिरको पुनर्निमाण पुरातत्त्व विभागद्वारा हुँदा तामाको छाना तथा स्वर्ण जलपयुक्त गजुर हालिएकाले मन्दिरलाई शोभा प्रदान गरेको छ ।

---

६६ Dhanavajra Vajracharya, Kamal P. Malla, *The Gopalrajvamsavali*, (Germany : Franz Steiner Verlag Wiesbeden GmbH, 1985 A.D.), p. 215.

६७ योगी देवीनाथ (सम्पा.) *पूर्ववत्*, पादटिप्पणी १८ सङ्ख्या, ६३-६४ पृष्ठ ।

६८ Luciano Petech, *Medieaval History of Nepal*, Second Thoroughly Revised Edition, (Roma: Is.M.E.O., 1984), pp. 32-33.

६९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३ सङ्ख्या ।

७० परिशिष्टभाग, अभिलेखखण्ड (क), ४ सङ्ख्या ।

७१ ज्ञानमणि नेपाल, *पशुपतिनाथको दर्शन-स्पर्शन एवं पूजन सम्बन्धमा समीक्षा*, (काठमाडौं: महेशराज पन्त, वि.सं. २०४३), ५४-५६ पृष्ठ ।

७२ D.R. Regmi, *Medieval Nepal*, Part IV, (Patna: D.R. Regmi 1966), pp. 89-90.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दिरभित्र तामाद्वारा निर्मित चतुर्मुखयुक्त शिवलिङ्ग छ । यसैले यो मन्दिर 'ताम्रेश्वर' नामले प्रसिद्धि पाएको हो । वि.सं. १७३५ ताकाको एक अभिलेखमा यो मन्दिरलाई 'ताम्रलिङ्ग' नामले सम्बोधन गरिएको छ ।[७३] यो मन्दिर कसले ? कहिले ? निर्माण गरेको हो त्यस विषयमा बोल्ने कुनै प्रामाणिक उल्लेख पाइएको छैन । पशुपतिक्षेत्रमा मनाइने तथा नवालीटोल पुऱ्याइने कुनै पनि परम्परागत यात्राको रथ वा खटलाई ताम्रेश्वरमन्दिरको परिक्रमा गराइने प्रचलनलाई हेर्दा ताम्रेश्वरमन्दिरको प्राचीनताबारे केही सङ्केत मिल्दछ । मन्दिरभित्रको शिवलिङ्गको शैली तथा बनोट हेर्दा यसको निर्माण एघारौं-बाह्रौं शताब्दीतिरको अनुमान हुन्छ । कसैले यसलाई ईस्वीको नवौं-दशौं शताब्दीको मानेका छन् ।[७४]

यो मन्दिरको संवर्द्धनमा मल्लकालका प्रसिद्ध भारदार चिकुटीका दाजु माधेजुको केही हात रहेको कुरा एउटा अभिलेखमा उनले हरिनाथ उपाध्यायको आचार्यत्वमा अहोरात्र यज्ञ गरी गजुर हालिदिएको उल्लेख भएबाट थाहा पाइन्छ ।[७५] यो ने.सं. ७९८ (वि.सं. १७३५) तिरको घटना हो । सम्भवत: त्यस उपलक्ष्यमा उनले केही गूठी पनि राखिदिएका थिए । फलस्वरूप उनका सन्तानहरूले केही दशक अगाडिसम्म पनि त्यहाँ पूजाआजालगायत मन्दिरको मर्मतसम्भार गर्दथे तर आजकल सो कार्य गर्न छोडिदिएका छन् ।[७६] यो मन्दिरको नित्यपूजा गर्न देवपाटनका वैद्यहरूको तर्फबाट केही गूठी राखिएकोले सो कार्य जिनतिन चलेको छ । तर मन्दिरमा गर्नुपर्ने अरू कुनै पनि कार्य र दायित्व परम्परागत गुठीयारहरूबाट निर्वाह हुन नसक्दा मन्दिरको स्याहारसम्भारलगायत यसको सुरक्षामा समेत समय-समयमा अप्ठेरो पर्ने गरेको छ ।

स्थानीय बासिन्दाहरू विभिन्न पर्वविशेषमा यो मन्दिरमा आई पूजाआजा गर्ने प्रचलन छ । तर बाहिरीया व्यक्तिहरू भने त्यति आउने-जाने नगरेको देख्दा स्थानीय सीमाभन्दा बाहिर यस मन्दिरको त्यति प्रसिद्धि हुन नसकेको देखिन्छ । तर धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक दृष्टिकोणले यो मन्दिरको आफ्नै किसिमको विशेषता छ ।

१४.५ भुवनेश्वरीमन्दिर

पशुपतिक्षेत्रमा रहेका प्रसिद्ध मन्दिरहरूमध्ये 'भुवनेश्वरीमन्दिर' पनि एक हो । गौशालाबाट पशुपतिनाथमन्दिर जाने मूल बाटोको बायाँतर्फ यो मन्दिर रहेको छ । यो मन्दिर छानामाथि छानायुक्त चार पाखे नेपाली मण्डप शैलीमा निर्मित छ । यो दुइ तले छ । दचि इँट (एक प्रकारको तेलिया इँट) को गारोमा कलात्मक काष्ठहरूको प्रयोग गरी बनाइएको यो मन्दिरमा प्राचीनताका झलकहरूको स्पष्ट अभिव्यक्ति भएको पाइन्छ । छानाको जस्तापाताको प्रयोग केही दशक अगाडिको हो । त्यसभन्दा अघि झिँगटीको छाना थियो, जुन एकताका नेपाली वास्तुको अभिन्न अङ्ग बनेर रहेको थियो । तर बाँदरको प्रकोप बढ्दै जाँदा झिँगटीका छाना तिनीहरूको उपद्रवको अगाडि बच्न सकेनन् । त्यसैलाई विचार गरी पशुपतिक्षेत्रका कतिपय यस्ता मन्दिरहरूमा झिँगटीको छाना उघारी जस्तापाताको छाना राखिँदै गएअनुरूप भुवनेश्वरीमन्दिरमा पनि राखिएको हो ।

---

७३ *Ibid.*, p. 336.

७४ Mary Shephard Slusser, *Nepal Mandal: A Cultural Study of the Kathmandu Valley*, Vol. 2, (New Jersey: Princeton University Press, 1982), plate 340.

७५ D.R. Regmi, *op.cit.*, foot note no. 72, p. 336.
ध्व कुन्हुं गोरोसं, श्री ३ ताम्रलिंगस, प्रमान चिकुति भाजुया दाजु, माधेजुन, यंरस चोडाव, यँरया उपाध्या श्रीहरिनाथजुन, अहोरात्र यज्ञ यातकाव गजुलि छायादिन इन्द्र कलस, यँरया श्रीश्रीनिवास मल्लयातं तय यंड जुरो ॥

७६ ताम्रेश्वरमन्दिरका गुठियारमध्ये एक बत्तीसपुतलीनिवासी श्रीकुलप्रसाद जोशी (हाल दिवङ्गत) बाट प्राप्त जानकारीको आधारमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भुवनेश्वरी' दशमहाविद्यामध्येकी हुन् । पशुपतिक्षेत्रमा हुने विभिन्न पर्वउत्सव एवं यात्राहरूको सम्बन्ध भुवनेश्वरीमन्दिरसँग हुने गरेको पाइएको छ । उत्तराभिमुख भएर रहेको यो मन्दिरको गर्भगृहभित्र भुवनेश्वरीदेवीको कुनै मानवाकार मूर्ति नभई प्रतीकात्मक यन्त्र छ । नित्यनैमित्तिक पूजा सोही यन्त्रमा 'कर्माचार्य' पुजारीले गर्छन् । पुजारी बाहेक बाहिरिया मान्छेहरू गर्भगृहभित्र नजाने परिपाटी यस मन्दिरमा छ ।

यो मन्दिरको निर्माणसँग सम्बन्धित समकालिक अभिलेखहरू पाइएका छैनन् । प्रचलित *भाषावंशावली*मा यो मन्दिरको निर्माणको श्रेय लिच्छविकालका प्रसिद्ध राजा शिवदेवलाई दिएको छ ।[७७] वर्तमान मन्दिरको स्वरूप विभिन्न समयमा गरिएको जीर्णोद्धारपश्चात्को हो । *देवमालावंशावली*मा यो मन्दिरको जीर्णोद्धार नरेन्द्रमल्ल (वि.सं. १५८६-१६१२ आ.) ले गरेको उल्लेख पाइन्छ । त्यस वेला यस मन्दिरका पुजारी भूमि आचार्य थिए । राजा नरेन्द्र मल्लले ती पुजारीसँग सरसल्लाह गरी तान्त्रिक विधिले नौ प्रकारका रथहरू बनाई कुमार-कुमारीहरू नौ जनालाई रथमा चढाई ईशानेश्वर प्रदक्षिणा गराई यात्रा गर्ने परिपाटी बसालेको उल्लेख पाइन्छ ।[७८] यो यात्रा अहिले पनि आषाढकृष्ण अष्टमीका दिन गरिने परम्परा छ । यसलाई 'त्रिशूलयात्रा' भनिन्छ । *देवमालावंशावली* मा यो यात्राको प्रारम्भ ने.सं. ६३४ (वि.सं. १५७१) मा गरिएको वर्णन पाइन्छ ।[७९] भुवनेश्वरीमन्दिरका पुजारी भूमि आचार्य आफ्नो छोरालाई ब्यूँताउन मृतसञ्जीवनी खोज्न गएको प्रसङ्ग प्रसिद्ध छ । भुवनेश्वरीमन्दिरको नाम लिनासाथ यो मन्दिरको बारेमा केही थाहा पाउने जो कोही व्यक्ति त्यो प्रसङ्गलाई बताउने गर्छन् । प्रचलित *भाषावंशावली*अनुसार नरेन्द्र मल्लले सो मन्दिरको जीर्णोद्धार गर्दा पहिलेभन्दा ठूलो गरी बनाएको उल्लेख पाइन्छ ।[८०] नरेन्द्र मल्ल काठमाडौँका प्रथम मल्ल राजा रत्न मल्लका नाति तथा सूर्य मल्लका छोरा हुन् । यिनलाई कुनैकुनै अभिलेखहरूमा अमर मल्ल भनेर सम्बोधन गरेको पाइन्छ । नरेन्द्र मल्ल वा अमर मल्लपछि यो मन्दिरको जीर्णोद्धार गङ्गारानीले गरेको सङ्केत प्रचलित *भाषावंशावली*मा पाइन्छ ।[८१] गङ्गारानी काठमाडौँका मल्ल राजा शिवसिंह मल्लकी रानी हुन् । यिनी धर्म-संस्कृतिप्रति रुचि राख्ने तथा वास्तुकलाको उन्नायक नारीको रूपमा मल्लकालिक इतिहासमा परिचित छिन् । यिनले पशुपतिनाथको मन्दिरको पनि जीर्णोद्धार गरेकीले *भाषावंशावली*ले भुवनेश्वरीमन्दिरको जीर्णोद्धार गरेको भनी जुन सङ्केत गरेको छ त्यो अन्यथा होइन भन्ने देखिन्छ । गङ्गारानीपश्चात् भुवनेश्वरीमन्दिरको जीर्णोद्धार काठमाडौँका मल्ल राजा नृपेन्द्र मल्लले गरेको चर्चा सोही *वंशावली*मा पाइन्छ ।[८२]

काष्ठकलाको दृष्टिकोणबाट यो मन्दिर उत्कृष्ट मानिन्छ । यहाँ धार्मिक-सामाजिक जनजीवनसँग सम्बन्धित टुँडाल एवं काष्ठकलाका विभिन्न कृतिहरू छन् । वि. सं. २०४२-४३ सालमा शाही नेपाली सेनाले भुवनेश्वरी-मन्दिरको जीर्णोद्धार गरिदिएकोले अहिलेको स्वरूप बन्न आएको हो । खास गरी मन्दिरको भग्न गारोहरूलाई पुनः जोड्ने, प्राङ्गण बढाउने काम त्यस वेला भयो । पूर्वपट्टि रहेको व्यक्तिगत घरहरू हटाई मन्दिरलाई मूलसडकबाट देखिने तुल्याउने काम पनि त्यसै वेला भयो । एउटा कुरा त्यस वेला मन्दिरका काष्ठ कृतिहरूमा विभिन्न रङ्गका इनामेल लगाइदिनाले सामान्य व्यक्तिहरूलाई झलक्क हेर्दा राम्रो जस्तो लागे तापनि पुरातात्त्विक दृष्टिकोणबाट उपयुक्त भएन । देशको धार्मिक-सांस्कृतिक सम्पदाहरूलाई जगेर्ना गर्ने काममा शाही नेपाली सेनाले देखाएको उत्साह भने प्रशंसनीय मान्नुपर्छ ।

---

७७ नयनाथ पौडेल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २३ सङ्ख्या, ८३ पृष्ठ ।

७८ योगी देवीनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १८ सङ्ख्या, १३४ पृष्ठ ।

७९ *ऐजन ।*

८० पं. देवीप्रसाद लम्साल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २० सङ्ख्या, पृष्ठ ५७ ।

८१ *ऐजन*, ९३ पृष्ठ ।

८२ *ऐजन ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भुवनेश्वरीमन्दिरमा विभिन्न तिथिविशेष र पर्वविशेषहरूमा भिन्न-भिन्न धार्मिक कृत्यहरू गरिन्छन् । वैशाख महीनामा हुने दमनारोहण, ज्येष्ठ महीनामा मृगस्थलीको जङ्गलमा हुने देवालीपूजा, आषाढ महीनामा हुने त्रिशूलयात्रा, श्रावण महीनामा घण्टाकर्णलाई भोज खुवाउने, आश्विन महीनाको नवरात्रिपूजा, कार्तिकमा लक्ष्मीपूजा, चैत्र महीनामा हुने दूदू च्याँच्याँमा संलग्नता, देशोद्धारपूजाको अवसरमा वज्रेश्वरीमा नौ जना कन्या तथा दुइ जना कुमारलाई खुवाउनुपर्ने भोजन आदि यस सन्दर्भमा उल्लेखनीय छन् । पशुपतिनाथमा प्रत्येक महीना पूर्णिमाको दिनमा हुने महास्नान-महाबलि कार्यमा भुवनेश्वरीमन्दिरमा पनि पूजासामग्रीको भाग पठाउनुपर्ने चलन अद्यापि छ । भुवनेश्वरीमन्दिरप्राङ्गणमा 'ज्ञानवापी' नामको ढुङ्गेधारा छ । भुवनेश्वरीको नित्यनैमित्तिक पूजाको लागि त्यहींको जलको प्रयोग गरिन्छ । मन्दिर अगाडि 'भुवनेश्वर' नामको चुतुर्मुखी प्राचीन शिवलिङ्गका साथै अरू प्रस्तरका मूर्तिहरू छन् (चित्रसङ्ख्या १३७) ।

१४.६ वत्सलेश्वरीमन्दिर

पशुपतिक्षेत्रमा रहेका प्रसिद्ध मन्दिरहरूमा वत्सलेश्वरीको मन्दिर पनि पर्दछ (चित्रसङ्ख्या १८०) । पशुपतिनाथमन्दिरको दक्षिणपट्टि वाग्वतीको बायाँ किनारमा वत्सलेश्वरीको मन्दिर रहेको छ । वत्सलेश्वरीलाई पार्वतीको अर्को नामको रूपमा *नेपालमाहात्म्य*मा उल्लेख गरिएको छ । त्यहाँ वत्सलेश्वरीको मुक्तकण्ठले महत्ता गाउँदै पवित्र वाग्वती नदीको किनारामा रहेको श्लेष्मान्तक वन अत्यन्त रमणीय हुँदा काशी र कैलाशलाई समेत छोडेर भगवान् शिव श्लेष्मान्तक वनमा पशुरूप लिएर आएको हुनाले पशुपति नामबाट यही रहेको एवं ब्रह्मादि देवताहरूले हात जोडेर कैलाशमा गई बसिदिन अनुनय-विनय गर्दा पनि भगवान् शिव वाग्वतीको किनारमा बसेको उल्लेख छ । आफ्नो प्राणभन्दा प्यारो पति कैलाशधाम नजाने भएपछि पार्वतीले यहीं पशुपतिनाथसँग बस्ने इच्छा गरेको एवं भगवान् शिवको वात्सल्यले गर्दा यहाँ बस्न खोजेको हुनाले 'वत्सला' नाउँ राखिदिएको र सोही नामबाट उनी लोकप्रसिद्ध भएको कुरा *नेपालमाहात्म्य*मा बताइएको छ ।[८३]

भगवान् शिवले वाग्वतीको पवित्रता बताउँदै महापातकीले पनि वाग्वतीमा स्नान गरे भने शिवलोक पुग्ने, ठूलो डरमा परेका, दुःखी, रोगले आक्रान्त भएका र अकालमा नै मर्न आँटेका, छारे रोग लागेकाहरूले विधिपूर्वक वाग्वतीको जलमा स्नान गरे भने सम्पूर्ण दुःखबाट निवृत्ति पाउने उल्लेख गर्दै यहाँ एक पटक मात्र स्नान गर्ने मानिस सबै पापहरूबाट मुक्त भई शिवलोक पुग्दछ भन्नुभएको छ । पर्वउत्सवमा स्नान गर्नेले जन्म-मृत्युमय संसारमा फेरि जन्मनुपर्दैन, त्यस्तै मोक्षको इच्छा चाहनेलाई मोक्ष दिने, प्राणीहरूलाई सुगति दिने, गति नभएकाहरूलाई गति दिने चर्चा गर्दै वाग्वतीमा स्नान गरी वत्सलामन्दिरमा दर्शनपूजन गर्नेहरू कैलाशमा वास गर्ने हुन्छन् र जसले त्यहाँ भगवान्को नाम जप्दछन् तिनीहरूले सिद्धि पाउँछन् भनी भगवान् शिवले वरदान दिएकोले वत्सला त्यहाँ बसेको बताइएको छ ।[८४] यसैले हो पशुपतिनाथको दर्शनविधिमा वाग्वतीमा स्नान गरी त्यहाँ रहेका देव-देवीहरूको दर्शनपूजन सकी वत्सलेश्वरीको दर्शनपूजन सकेर दक्षिण ढोकाबाट पशुपतिनाथमन्दिर प्रवेश गर्ने चलन जानेबुझ्नेकाहरूमा अझै छ ।

वत्सलेश्वरीको मन्दिर छानामाथि छानायुक्त चारपाखे नेपाली मण्डप शैलीमा छ । मन्दिर मझौला किसिमको दुइ तले छ । टुँडाल, तोरणहरूमा काष्ठ कालिगढीको अत्युत्तम नमूनाहरू देख्न पाइन्छ । टुँडालहरूमा विविध रूपका

---

८३ मुक्तिनाथ खनाल (अनु), *पूर्ववत्*, पादटिप्पणी १३ सङ्ख्या, १।३९, ६ पृष्ठ ।
मम वात्सल्यतो यस्मात् स्यातुमिच्छसि पार्वती ।
तस्मात् ते वत्सला नाम भविष्यति वरानने ॥

८४ *ऐजन*, १।४०, ६ पृष्ठ ।
वाग्मत्याः पयसि स्नात्वा दृष्ट्वा त्वां वत्सलां शिव ।
द्रक्ष्यन्ति मां नरा ये वै ते स्युः कैलासगामिनः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भैरव तथा देप्ा.हरूको आकृति कुँदिएको छ । त्यस्तै गरी मन्दिरको चार ढोकाको तोरणको बीचमा अठार हातयुक्त महिषासुरमर्दिनीको आकृति उत्कीर्ण छ । चार ढोका भईकन तिनमा खापा नहुनु यो मन्दिरको विशेषता मानिन्छ । यसो हुनुको कारण वत्सलेश्वरीलाई 'पीठ' मानिनु हो । किनभने पीठ खुला रहनुपर्ने प्रचलन रहिआएको पाइन्छ । मन्दिरभित्र कुनै मूर्तिविशेष छैन बरु यहाँ यन्त्राकार मण्डल छ । वत्सलेश्वरीमा हुने सम्पूर्ण पूजाअर्चना यहीं हुन्छ । मण्डलको मुनि भैरवको आवाहान गरी पूजाआजा गरिन्छ । वत्सलेश्वरीलाई सिद्धिलक्ष्मीको रूपमा पनि पूजाअर्चना गरिने परिपाटी छ ।

वत्सलेश्वरीमन्दिरको निर्माणसम्बन्धी शिलालेखहरू पाइएको छैन । मन्दिरको सँगै उत्तरमा शिलालेख कुँदिने किसिमको अग्लो प्रस्तरफलक गाडिएको त छ तर त्यहाँ अहिले अक्षरको कुनै आकार–प्रकार छैन, सम्पूर्ण मेटिइसकेको छ । प्रचलित *भाषावंशावली*मा धर्मदत्त नामका राजाले वत्सलेश्वरीमा यात्रा तथा पूजा गर्ने चलन चलाएको उल्लेख छ । त्यहाँ भूमि गुप्तपछि धर्मदत्तको नाम दिइएको छ तर समय दिँदा कलिगत वर्ष ३४८९ (वि.सं ४४५) दिइएको छ । *भाषावंशावली*मा उल्लेख गरेको समय र मानदेव प्रथमको पहिलो शिलालेखमा केवल ६७ वर्षको अन्तर हुनाले *भाषावंशावली*ले धर्मदत्त भनेको व्यक्ति मानदेवका बाबु धर्मदेव हुन् सक्ने देखिन्छ । *भाषावंशावली* धर्मदिवको समयको झण्डै बाह्र सय वर्षपछि लेखिएको हो । यसको परम्परालाई पछ्याउने हो भने वत्सलेश्वरीयात्राको थालनी लिच्छविकालदेखि नै चलेको अनुमान हुन्छ । *भाषावंशावली*मा पनि वत्सलेश्वरीमन्दिरको निर्माणकर्ताको विषयमा उल्लेख छैन । *देवमालावंशावली*मा वत्सलेश्वरीपीठलाई 'आदिपीठ' भनी महत्त्व दिइएको छ ।[८५] मन्दिरको दक्षिणपट्टिको घण्टामा रहेको लेखअनुसार सो घण्टा वि.सं. १९८६ मा ठाकुरप्रसाद टण्डन लाहुरी क्षत्रियले चढाएको कुरा उल्लेख छ ।[८६] त्यसदेखि बाहेक सो मन्दिरसँग सम्बन्धित पुराना अभिलेखहरू मन्दिर वा मन्दिरप्राङ्गणमा छैनन् । प्राचीन मन्दिर भईकन यससँग सम्बन्धित अभिलेखहरू किन रहेनन् ? यसै भन्न गाह्रो छ । वत्सलेश्वरीमन्दिरमा काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्लको पनि उल्लेख्य योगदान रहेको छ । वत्सलेश्वरीमन्दिरका विभिन्न धार्मिक कृत्यहरूका लागि राखिएको गुठीहरूमध्ये 'सिन्दूरगूठी' उनैले राखेका हुन् ।[८७] त्यसका लागि उनले १२० रोपनी जग्गा गूठी राखिदिएका थिए । पछि श्री ५ रणबहादुर शाहले सो सिन्दूरगूठी थामिदिई परम्पराअनुरूप गूठी चलाउन लालमोहर गरिदिएका थिए ।[८८] वत्सलेश्वरीयात्राको क्रममा गरिने 'छाहायेकु' कार्यको लागि श्री ५ रणबहादुर शाहले सुनले मोरी अर्नाको सिङ चढाएका थिए । सो सिङ वि.सं. १८५२ चैत्रकृष्ण दशमी बुधवारका दिन वत्सलेश्वरीमा अर्पण गरिएको थियो ।[८९] अद्यावधि वर्षको एक पटक छाहायेकु गरिँदा सोही सिङको उपयोग गरिन्छ ।

पशुपतिक्षेत्रमा मनाइने विभिन्न यात्राहरूमा वत्सलेश्वरीको विशेष महत्त्व छ । दूदू च्याँच्याँ, देशोद्धारपूजा एवं वज्रेश्वरीयात्राबीच पनि वत्सलेश्वरीयात्राको सम्बन्ध रहिआएको छ । पशुपतिक्षेत्रमा वत्सलेश्वरीयात्रा तीन दिनसम्म धुमधामसँग मनाइन्छ । वत्सलेश्वरीको अलग्गै 'द्य छैं' छ । नित्यनैमित्तिक पूजा गुठियारले गर्नुपर्ने चलन छ । वत्सलेश्वरीको गुठियार पशुपतिनाथमन्दिरका बिसेट परिवारहरूमध्येबाट हुने परिपाटी छ । वत्सलेश्वरीमन्दिरवरपर प्रस्तरका विभिन्न कलाकृतिहरू छन् (चित्रसङ्ख्या १२९, १३०, १३१, १३८, १४३, १४४, १६०) ।

---

८५ योगी देवीनाथ (सम्पा.), पूर्ववत्, पादटिप्पणी १८ सङ्ख्या, ४७ पृष्ठ ।

८६ Axel Micheals, *Die Reisen der Götter,* (Boon : VGH Wissenschaftsverlag, 1994 A.D.), p. 363.

८७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११२ सङ्ख्या ।

८८ *ऐजन ।*

८९ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११० सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सलेश्वरीमन्दिरको नित्यनैमित्तिक पूजा तान्त्रिक पध्दतिअनुसार कर्माचार्य पुजारीले गर्छन् । यसका लागि अलग्गै पुजारी छैनन् । तर जयवागीश्वरीमन्दिरमा जसको पूजाको पालो पर्छ तिनै पुजारीले वत्सलेश्वरीमा आई पूजा गर्छन् ।

१४.७ राजराजेश्वरीमन्दिर

पशुपतिक्षेत्रमा रहेका देवीका मन्दिरहरूमा राजराजेश्वरीमन्दिर पनि पर्दछ (चित्रसङ्ख्या १९५) । पशुपतिनाथमन्दिरदेखि केही दक्षिण तथा चक्रपथदेखि उत्तर वाग्वतीको दायाँ किनारमा यो मन्दिर अवस्थित छ । यो मन्दिरमा गुह्येश्वरीमा जस्तो भक्तजनहरूको भीड नलागे पनि स्थानीय बासिन्दाहरूमा यसको प्रसिद्धि छ । देवपत्तनमा हुने कतिपय यात्रापर्वहरू यो मन्दिरसँग सम्बन्धित छन् । प्रत्येक पूर्णिमाको दिन पशुपतिनाथमन्दिरमा हुने महास्नान-महाबलिको दिन पशुपतिक्षेत्रका महत्त्वपूर्ण देव-देवीका मन्दिरहरूमा पूजा भाग पठाउने परम्पराअनुसार राजराजेश्वरीमन्दिरमा पनि पठाइन्छ ।

यो मन्दिर चारपाखे छाना शैलीको भुइँतले छ । उत्तराभिमुख यो मन्दिरको ढोका एवं छानाहरू सुनको मोलम्बायुक्त भएकोले आकर्षक देखिन्छ । तान्त्रिक विद्या रहस्यमय तथा गूढ भएको कारण साधनाका कैयन् विषयहरू गोपनीय मानिन्छन् । राजराजेश्वरीमन्दिर पनि तान्त्रिक साधनाकी देवीको हो । मन्दिरभित्र नवदुर्गाका पूर्णकदका मृत्तिकाका मूर्तिहरू छन् । यसैले कतिपय व्यक्तिहरू यो मन्दिरलाई नवदुर्गाको मन्दिरको नामबाट पनि चिन्दछन् ।[९०] यथार्थमा यो राजराजेश्वरीको मन्दिर हो । नवदुर्गाका विग्रहहरूको अगाडि भुइँमा 'श्रीविद्या महात्रिपुरसुन्दरी' को यन्त्र छ । यही यन्त्रमा विशेष रूपले नित्यनैमित्तिक पूजाआजा हुन्छ । यन्त्रको महत्त्व एवं शक्तिलाई अनधिकारी व्यक्तिहरूको पहुँचबाट जोगाउन नवदुर्गाको मूर्तिलाई वाहिरी रूपमा प्राधान्य दिएको बूढापाकाहरू बताउँछन् । यस मन्दिरका पुजारी कर्माचार्यहरू छन् ।

यो मन्दिरको स्थापना ने.सं. ५२८ (वि.सं. १४६४) माघकृष्ण अष्टमीका दिन जयधर्म मल्ल र जयज्योति मल्लको पालामा भएको हो ।[९१] यसपछि लामो समयसम्म यो मन्दिरको बारेमा केही थाहा पाइँदैन । काठमाडौँका राजा रत्न मल्ल (वि.सं. १५४१-१५७७ आ.) को पालामा नुवाकोटका ठकुरीहरूलाई हराएको खुशियालीमा राजराजेश्वरीमा चित्रकारी कर्म गराएको विवरण *भाषावंशावली*मा उल्लेख छ ।[९२] अहिले पनि नवदुर्गाको मूर्तिमा बाह्र-बाह्र वर्षमा चित्रकारी कर्म गर्ने प्रचलन छ ।

राजराजेश्वरीमन्दिरलाई भव्यता प्रदान गर्ने काममा जङ्गबहादुर राणाका छोरा जितजङ्ग राणाको ठूलो हात छ । उनले स्थापना गरेका जितजङ्गप्रकाशेश्वर शिवालय राजराजेश्वरीमन्दिरप्राङ्गणमा निर्माण गरी उक्त मन्दिरलाई विभिन्न किसिमले सजाउने काम गरे । यस क्रममा वि.सं. १९३९ भाद्रकृष्ण ८ रोज ३ मा उनले सो मन्दिरमा सुनको ढोका, झ्याल एवं तोरण हालिदिएका थिए ।[९३] त्यस्तै वि.सं. १९४१ कार्तिककृष्ण ८ रोज १ मा उनी र उनकी श्रीमती खड्गकुमारी भई मन्दिरको छानालाई सुवर्णमय बनाउने काम गरेका थिए ।[९४] राजराजेश्वरीमन्दिरको नामबाट सो मन्दिरदेखि पूर्वपट्टि वाग्वतीको घाटको नाम पनि राजराजेश्वरीघाटको नामबाट प्रसिद्ध छ ।

---

९० धनशमशेर ज.व.रा., पूर्ववत्, पादटिप्पणी १७ सङ्ख्या, १०३ पृष्ठ ।
'राजराजेश्वरी भन्ने नाम त श्रीविद्या महात्रिपुरासुन्दरीको हो । तर यहाँ पशुपतिमा रहेको राजराजेश्वरी नामले प्रख्यात भएको पीठ नवदुर्गाको हो ।'

९१ D.R. Regmi, *Medieval Nepal*, Part III, (Calcutta: K.L. Mukhopadhyay 1966), p. 45.

९२ पं. देवीप्रसाद लम्साल (सम्पा.), पूर्ववत्, पादटिप्पणी २० सङ्ख्या, ५२ पृष्ठ ।

९३ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९५ सङ्ख्या ।

९४ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९८ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो मन्दिरको पूजाआजाका लागि चाहिने आयस्रोतको लागि गूठीजग्गा रहेकोमा हाल सो अमानतगूठीअन्तर्गत हुनाले गूठीसंस्थानअन्तर्गत छ ।

१४.८ कोटिलिङ्गेश्वरमन्दिर

पशुपतिनाथमन्दिरको प्राङ्गणको दक्षिणपट्टि छानामाथि छानायुक्त छत्राकार शैलीमा एक शिवालय रहेको छ, जुन कोटिलिङ्गेश्वरमन्दिरको नामबाट प्रसिद्ध छ । यस मन्दिरको सम्बन्धमा बताउने त्यति धेरै सामग्रीहरू छैनन् । यो मन्दिर रहेको प्राङ्गणमा कोटिलिङ्गेश्वरलाई प्रदक्षिणा गर्न हुने गरी यन्त्राकार रूपले प्रदक्षिणापथ बनाइएको छ । प्रदक्षिणापथको दुवैतर्फको पर्खालमा आकारविहीन स-साना शिवलिङ्गहरू छन् । मन्दिर बीचमा पर्दछ । मन्दिरको गर्भगृहमा आकारविहीन सादा शिवलिङ्ग रहेको छ ।

यो मन्दिरको निर्माण काठमाडौँका मल्ल राजा प्रताप मल्लले ने.सं. ७७५ (वि.सं. १७१२) मा गरेका थिए ।[९५] यी राजा अलि व्यभिचारी थिए । आफूले गरेको कुकृत्यहरूको प्रायश्चित्तका लागि उनले यो मन्दिर बनाएका हुन् भन्ने भनाइ पाइन्छ ।[९६]

प्रताप मल्लले छत्राकार मन्दिरको निर्माणमा विशेष बल दिएको पाइन्छ । नेपाली मण्डप शैलीमा बनेका मन्दिर झैं देखिए पनि यो मन्दिर चारपाटे नभएर वर्तुलाकारमा बनेको छ । नेपाली शैलीमा वर्तुलाकारका मन्दिर योसमेत दुइवटा मात्रै छन् । यस्तै शैलीको अर्को मन्दिर पञ्चमुखी हनूमान्को हो, जुन हनूमान्ढोकास्थित नासलचोकको पूर्वोत्तर कुनामा रहेको छ । पञ्चमुखी हनूमान्को मन्दिरको निर्माता पनि प्रताप मल्ल नै हुन् ।[९७]

पशुपतिनाथको दर्शन गर्न दक्षिणपट्टिबाट जाने श्रद्धालुहरू कोटिलिङ्गेश्वरलाई परिक्रममा गरेर जान्छन् । अझ केटाकेटी तथा युवाहरू यो मन्दिरको प्रदक्षिणा गर्न उत्सुक भएका देखिन्छन् । यसको कारण मनोरञ्जन पनि रहेको छ ।

कोटिलिङ्गेश्वरमन्दिरको पूजाआजाको लागि प्रताप मल्लको पालामा के-कस्तो व्यवस्था गरिएको थियो थाहा पाइँदैन, तर वि.सं. १९०१ ताका भने कोटिलिङ्गेश्वरको पूजाआजाको जिम्मा शङ्कराचार्य आगमघरका पुजारी सदानन्द भट्टलाई दिइएको थियो भन्ने बुझिन्छ ।[९८] अहिले पनि उनीहरूकै सन्तानद्वारा जसो-तसो यो मन्दिरको पूजाआजा चलेको देखिन्छ ।

१४.९ चन्द्रविनायकमन्दिर

पशुपतिक्षेत्रमा रहेका मन्दिरहरूमा चन्द्रविनायकमन्दिरको आफ्नै किसिमको प्रसिद्धि छ (चित्रसङ्ख्या १८१) । यो मन्दिर चाबहिलमा पर्दछ । छानामाथि छानायुक्त मण्डप नेपाली शैलीमा यो मन्दिर बनेको छ । दुइ तले यो मन्दिर

---

९५ D.R. Regmi, *op.cit.*, foot note no. 72, pp 95-97.

९६ पं. देवीप्रसाद लम्साल (सम्पा.), *पूर्ववत्* पादटिप्पणी २० सङ्ख्या, ८९ पृष्ठ ।
"... फेरि यी राजाले यौवनावस्या पूरणार्थ स्त्री भोग लक्ष्य योनी क्रिया पुऱ्याउने इच्छाले स्त्रीहरुकन बुझाई मनोमानसंग कीडा गर्दा तीन हजार ३००० सम्म पुग्दा एक वाला स्त्रीसंग भोग गर्दा स्त्री मरण भई गईन र राजाकन ठूलो पाप भयो भनी पशुपतिनाथ जाई मास तीन ३ वसी कोटिलिङ्ग स्थापना गरी बीचमा वाटुला देवल बनाई कोट्याहुति यज्ञ गरी अधिका विग्ग्राको गजुर बनाई पशुपतिनाथमा चढाया......"

९७ *ऐजन*, ८३ पृष्ठ ।

९८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २०४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मझ्यौला आकारको छ । उत्तराभिमुख भएर रहेको यो मन्दिरको उत्तरतर्फ फैलिएको चौर, दक्षिणतर्फ खुला प्राङ्गण एवं विभिन्न मूर्तिहरू तथा प्राङ्गणको दक्षिण एवं पश्चिममा सत्तलहरू छन् ।

चाबहिलस्थित चन्द्रविनायकलाई अभिलेखहरूमा विभिन्न नामले सम्बोधन गरेको पाइन्छ । गणेश्वर[९९] रक्तविनायक,[१००] चन्द्रविनायक,[१०१] चाबहिल गणेश,[१०२] ल्होसला गणेश,[१०३] श्वेत विनायक[१०४] आदि तिनमा मुख्य छन् । स्थानीय नेवार समुदायका व्यक्तिहरू यसलाई 'ल्होसला गणद्य' भन्न रुचाउँछन् । 'ल्होसला' नेवारी शब्द हो जसको अर्थ तानेर ल्याएको ढुङ्गा भन्ने हुन्छ । पुराना बूढापाकाहरू चावहिलस्थित यो चन्द्रविनायक पहिले हाँडिगाउँमा स्थापित थियो, पछि हाँडिगाउँबाट ल्याई चाबहिलको अहिलेको ठाउँमा स्थापना गरेको भनी आफूले बाबुबाजेबाट सुन्दै आएको बताउँछन् । हाँडिगाउँमा पनि चन्द्रविनायकमा झैं कार्तिक महीनामा यात्रा गरिने प्रचलन अझसम्म छ ।

काठमाडौँखाल्डोका चार प्रसिद्ध गणेशहरूमध्ये चन्द्रविनायक पनि एउटा हो । यहाँ खास गरी मङ्गलवार, शनिश्चरवार र अरू पर्व आदिमा दर्शन गर्न जानेहरूको भीड लाग्दछ । चारैतिरबाट काठमाडौँमा आई बसोवास गर्नेहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको कारण प्रसिद्ध मन्दिरहरूमा पहिलेभन्दा भीड बढ्दै गएको फलस्वरूप चन्द्रविनायकमा पनि दर्शन गर्न आउनेहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ । देवपाटनका वैद्यहरू परम्परागत रूपमा वैद्य दीक्षा लिएपछि सो कार्यमा सिद्धि प्राप्त होस् भनी चाबहिलस्थित चन्द्रविनायकमा दर्शनपूजन गर्न जाने प्रचलन छ । शरीरमा घाउ, खटिरा आदि उत्पन्न भई साह्रै पीडा हुन लाग्यो र कुनै उपाय तथा औषधोपचारले पनि निको हुन सकेन भने चन्द्रविनायकको मन्दिरमा गई गणेशको दर्शन, पूजन एवं आराधन गर्दा आरोग्य एवं लाभ हुन्छ भन्ने जनविश्वास छ ।[१०५]

चन्द्रविनायकको मूर्ति कालो प्रस्तरमा निर्मित छ । यो मूर्ति आसनावस्थामा छ, यसका दुइ हात छन् । नेपालमा भएका गणेशका मूर्तिहरूको शैलीगत विशेषताहरूको अध्ययनबाट यसलाई नवौं-दशौं शताब्दीको समय दिन सकिन्छ । तर यस मूर्तिलाई ऐ. शि. बाबुराम आचार्यले त्यति अगाडिको नभएको तथा यहाँ रहेका शिलालेख, ताम्रपत्र आदिमा प्रताप मल्लको राज्यकालभन्दा थोरै वर्षपछिको भएको उल्लेख गर्नुभएको छ ।[१०६] तर यो मूर्ति मल्लकालको होइन भन्ने कुरा यो मूर्तिको निर्माण उत्तर लिच्छविकालिक गणेशमूर्ति निर्माण शैलीमा बनेको तथा आर्यघाटनजिक रहेको वत्सलेश्वरीको यात्रामा पशुपतिनाथ निमन्त्रित हुने र वत्सलेश्वरीको रथलाई यात्राको क्रममा चाबहिल चन्द्रविनायकमन्दिरमा लगिने प्राचीन परम्परालाई हेर्दा यो मूर्ति पनि उत्तर लिच्छविकालिक हो भन्ने अनुमान गर्न सकिन्छ ।[१०७] वत्सलेश्वरीयात्रा काठमाडौँमा प्रचलित यात्राहरूमध्येकै प्राचीन यात्रामा पर्दछ ।

---

९९ शंकरमान राजवंशी (सम्पा.), *कान्तिपुर-शिलालेख-सूची,* (काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७), १९ पृष्ठ ।

१०० पं. सोमनाथ सिग्द्याल (सम्पा.) *सपरिचय सुधार कार्य विवरण* (काठमाडौँ: सोमनाथ सिग्द्याल, वि.सं. २०१७), ९५ पृष्ठ ।

१०१ *ऐजन,* १८ पृष्ठ ।

१०२ परिशिष्टभाग, अभिलेखखण्ड (क), १२९ सङ्ख्या ।

१०३ शंकरमान राजवंशी (सम्पा.) *पूर्ववत्,* पादटिप्पणी ९९ सङ्ख्या, १५३ पृष्ठ ।

१०४ पं. देवीप्रसाद लम्साल (सम्पा.) *पूर्ववत्,* पादटिप्पणी २० सङ्ख्या, १०० पृष्ठ ।

१०५ पं. सोमनाथ सिग्द्याल (सम्पा.), *पूर्ववत्,* पादटिप्पणी १०० सङ्ख्या, १८ पृष्ठ ।

१०६ बाबुराम आचार्य, *"लिच्छविकालका शिलालेखमा किरातकालको झलक, देवपाटन, भादगाउँ, पाटन र काठमाडौँको किरातनाम"* नेपाली, १६ अङ्क, (वि.सं. २०२०), १० पृष्ठ ।

१०७ गोविन्द टण्डन, *काठमाडौँ अधित्यकाका गणेश मूर्तिहरू,* (कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४२), ५६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रविनायकको मूर्तिको पछाडि लिच्छविकालमा प्रचलित शैलीमा प्रस्तरनिर्मित चैत्य छ । यसले एकातिर नेपालमा प्रचलित वैदिक एवं बौद्धबीच रहेको सद्भाव र आत्मीयतालाई दर्शाउँछ भने अर्कोतर्फ यहाँ विद्यमान विनायकको प्राचीनताको बोध गर्न सघाउ पुऱ्याउँछ । गणेश र चैत्यमा पहिले कुन निर्माण भएको हो ? तथ्य प्रमाणहरूको अभावमा निक्यौल गर्न सकिँदैन । तर स्थानीय बूढापाकाहरू त्यसवरपर पहिले श्मशान रहेकोले त्यसबाट छुटकारा पाउन चैत्यको स्थापना गरिएको बताउँछन् । गणेशमन्दिरभित्र चैत्य वा बुद्धको मूर्ति काठमाडौँमा अन्यत्र पनि पाइन्छ ।

चन्द्रविनायकमन्दिरको जीर्णोद्धार एवं पूजाआजासम्बन्धी गूठीसँग सम्बन्धित केही शिलालेखहरू चन्द्रविनायकमन्दिरको पश्चिमतर्फ रहेको सत्तलको भित्तामा लहरै गाडेर राखिएको छ । ती सबै शिलालेखहरू मल्लकालिक हुन् । विभिन्न समयमा राजा-प्रजाहरूको योगदानको फलस्वरूप चन्द्रविनायकको मन्दिर तथा त्यसवरपर अन्य कीर्तिहरू स्थापित छन् (चित्रसङ्ख्या १६९, १७०) ।

नेपाली शैलीका अन्य मन्दिरहरूमा झैँ छाना अड्याउने काममा कलात्मक टुँडालहरूको प्रयोग भएको छ । माथिल्लो छाना सुनको मोलम्बायुक्त छ र तल्लो तलाको छाना पित्तलको छ । पहिले माथिल्लो छाना झिँगटीको थियो । त्यसलाई झिकी राजवीर साहु भन्ने स्थानीय व्यक्तिले सुनको मोलम्बायुक्त छाना हालिदिएकोले मन्दिरको शोभा बढाउन मदत पुग्यो ।

काठमाडौँखाल्डोका धार्मिक-सांस्कृतिक सम्पदाहरूलाई संरक्षण-संवर्द्धन गर्न स्वर्गीय श्री ५ महेन्द्रवीरविक्रम शाहबाट उपत्यकाञ्चल तात्कालिक सुधारसमिति गठन गरी त्यसमार्फत भएका कार्यहरूमा यस चन्द्रविनायकमन्दिरमा पनि केही कार्यहरू भएका थिए । त्यसमध्ये मन्दिरको तल्लो छाना पित्तलको बनाउने, गङ्गाहिटी नामको ढुङ्गेधारा मर्मत गर्ने, मन्दिरप्राङ्गणमा चौतारा बनाउने प्रमुख थिए । मन्दिरको टुँडालहरूमा अष्टभैरव र अष्टमातृकाका आकृति कुँदिएका छन् । मूल ढोकाको तोरण सुनको मोलम्बायुक्त छ । मन्दिरको बाहिरी भित्ताहरूमा सेरामिक टायलहरू टाँसिएकोले झट्ट हेर्दा कसैलाई राम्रो लागे तापनि त्यसले मन्दिरको नेपालीपनलाई बिगार्न मदत गरेको छ ।

यो मन्दिरको नित्यपूजा गर्ने पुजारी कर्माचार्य छन् भने 'द्यपाल' मानन्धरहरू छन् । प्रत्येक महीनाको चतुर्दशी तथा पूर्णिमाको अवसरमा विशेषपूजा गर्ने व्यवस्थाको लागि क्रमश: ने.सं. ७८३ (वि.सं. १७१९) फाल्गुण[१०८] तथा ने.सं. ८४० (वि. सं. १७७७) वैशाखमा[१०९] विश्वदेव मानन्धर तथा हरिनारायण सम्मिलित भई त्यससम्बन्धी गूठी राखिएको अवगत हुन्छ । प्रत्येक वर्ष कार्तिककृष्ण परेवाको दिन शुरू भई द्वितीयाको दिन समाप्त हुने गरी 'गणेशयात्रा' गरिन्छ ।

चन्द्रविनायकमन्दिरको छानालगायत भित्री भागहरू मर्मतसम्भार गर्ने तथा काठहरू फेरी जिर्णोद्धार गर्ने कार्य वि.सं. २०४९ मा पशुपतिक्षेत्रविकासकोषको कार्यक्रमअनुसार श्री ५ को सरकार पुरातत्त्व विभागबाट सम्पन्न भएको छ । यसो भए तापनि मन्दिरको दक्षिण-पश्चिमतर्फको सत्तल भग्न अवस्थामा छ, मन्दिरवरपर बजार बस्दै गएकोले धार्मिक क्षेत्रमा पाइनुपर्ने शान्ति र एकान्तपनाको अभाव खड्किदै गएको कुरा विचारणीय छ ।

---

१०८ शंकरमान राजवंशी (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ९९ सङ्ख्या, ९५ पृष्ठ ।

१०९ *ऐजन*, १५३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४.१० विष्णुमन्दिर

पशुपतिक्षेत्रस्थित भस्मेश्वरघाटको पूर्वपट्टि गुम्बज शैलीको एउटा मन्दिर रहेको छ । स्थानीय बासिन्दाहरू यसलाई 'रामचन्द्रमन्दिर' भनी सम्बोधन गर्दछन् । नित्यनैमित्तिक पूजाआजा हुने समय तालिका थाहा नभएर हो कि त्यति पायक परेको ठाउँमा नभएर हो बिदाको दिन र पर्वविशेषमा बाहेक यस मन्दिरमा त्यति भीड भएको देखिँदैन । बिहान-बेलुकाको पूजाआरतीको समयमा बाहेक अरू वेला ढ्यामढुम्म ढोका लगाएर राखिने भएकोले पनि दर्शनार्थीहरू यस मन्दिरमा कमै मात्र गएको देखिन्छ ।

यो मन्दिर सामान्य प्रचलित गुम्बज शैलीभन्दा अलि भिन्नै खालको छ । मन्दिर मझ्यौला आकारको छ । मन्दिर पश्चिमाभिमुख भएर रहेको छ । गर्भगृहलाई प्रदक्षिणा गर्न हुने गरी मन्दिरभित्र चारैतर्फ प्रदक्षिणापथ बनेको छ । गर्भगृहभित्र पश्चिमाभिमुख भएर पूर्णकदका तीन मूर्तिहरू रहेका छन् । बीचको मूर्ति झण्डै दश फीट जति अग्लो छ । दायाँ-बायाँका मूर्ति झण्डै तीन फीट जति अग्ला छन् । प्रचलित एक *वंशावली*मा यो मन्दिरलाई लवकुशसहितको राम-मन्दिर भनी उल्लेख गरेको पाइन्छ ।[११०] रामका दुइ छोरा भएको तथा यस मूर्तिमा दायाँ-बायाँ दुई स-साना मूर्तिहरू रहेकाले यस मूर्तिलाई रामको मूर्ति भनी धेरैले ठम्याए र त्यहीअनुसार कतिपय पुस्तकहरूमा पनि सोही कुराको उल्लेख पाइनाले यो जेसुकैको मूर्ति भए तापनि त्यतातिर दृष्टि नदिई रामकै मूर्ति भनेको पाइन्छ । यही कारणले यो मन्दिरको गूठीसँग सम्बन्धित राणाकालिक कागजातहरूमा पनि यसलाई रामचन्द्रकै मन्दिर भनी उल्लेख गरिएको छ । साथै रामनवमीको वेला विशेषपूजा गर्न गूठीसमेतको व्यवस्था गरिएको उल्लेख त्यहाँ पाइन्छ ।

यो मन्दिरमा भएका मूर्तिहरूमा रामचन्द्रको मूर्तिमा हुनुपर्ने आयुधहरू छैनन् । बीचको मूर्तिको दायाँतर्फको माथिल्लो हातमा चक्र छ, बायाँतर्फको माथिल्लो हातमा गदा समाएको पाइन्छ । त्यस्तै गरी दायाँतर्फको तल्लो हातमा पद्मबीज समाएको पाइन्छ । बायाँतर्फको तल्लो हातको हत्केलाको पृष्ठभाग मात्र देखिने हुनाले सो हातमा भएको आयुध देखिँदैन तर सो हातमा शङ्ख नै हुनुपर्छ भनी सहजै अनुमान गर्न सकिन्छ । ती दुवै तल्लो हातको मुनि दायाँ-बायाँ लघु आकारमा दुइ पुरुष मूर्ति छन् । यी के का मूर्तिहरू हुन् ? जिज्ञासा सहसा उठ्छ ।

विष्णुका आयुधहरू कहिलेकाहीं मानवाकार रूपमा मूर्तिमान् गरेको पाइन्छ । यस्तो हुँदा चक्रलाई मूर्तिमान् गरिए 'चक्रपुरुष' गदालाई गरिए 'गदानारी' शङ्खलाई गरिए 'शङ्खपुरुष', पद्मलाई गरिए 'पद्मपुरुष' भनी सम्बोधन गरिन्छ । यो मूर्तिमा रामका कुनै पनि आयुधहरू नहुनु तथा आयुधहरूलाई मूर्तिमान् गरिनुबाट प्रचलित *भाषावंशावली*ले भने जस्तो यो मन्दिर रामचन्द्रको होइन भन्ने देखिन्छ ।

यो मूर्तिको सम्बन्धमा *गोपालराजवंशावली* मा सङ्क्षिप्त रूपले केही चर्चा गरेको पाइन्छ । त्यहाँ भनिएको छ[१११] :-

राजा श्रीविष्णुगुप्त वर्ष ७१ तेन कृतम्
श्रीपशुपतिस्थाने वाग्मतीतीर पूर्व्वटते वृहच्छिलामय
विष्णुभटारक प्रतिष्ठितम् स्वात्मप्रमानेन, पुत्र-
द्वयोपि पाश्वसहितेन: ....

---

११० Daniel Wright (Ed.), *History of Nepal* (Calcutta: Susil Gupta (India), Pvt.Ltd, 1958), p.110,
"...the Raja (Jayasthiti Malla) caused a stone image of Rama with his two sons Lava and Kusha, to be made, and placed it on the bank of the Bagmati, opposite Arya Tirtha, Where it is yearly worshipped as a patron deity ..."

१११ Dhanavajra Vajracharya and Kamal P. Mall, *op.cit.*, foot note no. 66, pp. 30, 78.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् राजा श्रीविष्णुगुप्त भए, वर्ष ७१ । तिनले श्रीपशुपतिस्थानमा वाग्वती तीरको पूर्व किनारमा ठूलो ढुङ्गे विष्णु भट्टारक बनाई प्रतिष्ठा गरे । सो विष्णु मूर्ति आफ्नै शरीर प्रमाणको थियो । साथै अगलबगलमा दुइ छोरा पनि राखिएका थिए ।

नेपालमा प्राप्त सबैभन्दा पुरानो मानिने *गोपालराजवंशावली*मा पनि सो मूर्तिलाई स्पष्टसँग विष्णुको मूर्ति भनी उल्लेख गरिएकोले सो मूर्ति रामचन्द्रको मूर्ति होइन रहेछ भन्ने निश्चित हुन गएको छ । यो कुरालाई सबभन्दा पहिले जनसमक्ष ल्याउने काम मेरी स्लसर र गौतमवज्र वज्राचार्यले गरेका हुन् ।[११२]

*गोपालराजवंशावली*को उल्लेखबाट सो मूर्तिको निर्माता विष्णु गुप्त (वि.सं. ६९०-६९८ आ.) रहेछन् भन्ने थाहा हुन्छ । प्राचीन नेपालमा व्यक्तिविशेषको शालिक बनाउने परम्परा थिएन । बनाइहाले पनि देवी-देवताका मूर्ति बनाई त्यसमा सम्बन्धित व्यक्तिका शारीरिक गुणहरू सकेसम्म समेटी त्यसैबाट आत्मसन्तुष्टि लिने प्रचलन थियो । सोही परम्परागत परिपाटीअनुसार भस्मेश्वरघाटपारि विष्णुको मूर्ति बनेको थियो । विष्णुका आयुधपुरुषहरूलाई विष्णु गुप्तका दुइ छोराहरूको रूपमा त्यहाँ मूर्तिमान् गरिएको पनि *गोपालराजवंशावली*बाट थाहा हुन्छ ।

अहिलेको विष्णुमन्दिर जुद्धशमशेरको कृति मानिन्छ । मन्दिरको पश्चिमपट्टि प्रस्तरस्तम्भमा हनूमान्‌को लघु मूर्ति तथा त्यसको अगाडि एउटा मण्डपमाथि दायाँतर्फ गणेश र बायाँतर्फ गरुडको ठूला मूर्तिहरू विष्णुमन्दिरपट्टि फर्काई स्थापना गरिएको छ ।

यो मन्दिरको नित्यनैमित्तिक पूजा देवपत्तनका राजोपाध्याय ब्राह्मणबाट हुने गरेको छ । यो मन्दिर राजगूठीअर्न्तगत पर्दछ । मन्दिरको प्राचीनता, मूर्तिको भव्यता र प्रसिद्धि हुँदाहुँदै पनि मन्दिरको पूजाआजादेखि लिएर व्यवस्थापनमा कुनै किसिमको जीवन्तताको वोध गर्न पाइँदैन ।

प्रत्येक वर्ष श्रीरामनवमीको दिन दिनभरि नै जसो मन्दिर खुला हुन्छ ।

१४.११ वनकालीमन्दिर

वनकाली नामले प्रसिद्ध देवस्थल पशुपतिक्षेत्रको उत्तरतर्फ गौशालादेखि पूर्वपट्टिको जङ्गलमा अवस्थित छ । वनकाली कुनै मन्दिरभित्र रहेको नभई खुला मन्दिरमा रहेको छ । वनकालीको प्रसिद्धि लिच्छविकालदेखि नै थियो । वनकालीको पादपीठमा लिच्छवि लिपिमा अङ्कित लेख भएको हुनाले यसको निर्माण लिच्छविकालमा भएको रहेछ भन्ने बुझ्न सकिन्छ ।[११३] लिपिको शैली हेर्दा विक्रमको सातौं शताब्दीताकाको देखिन्छ । कसैले अमृत वर्माको शिलालेखलाई यही मन्दिरप्राङ्गणभित्र रहेको तथा वनकालीको मूर्तिको पादपीठको अभिलेख मानी वनकालीको मूर्ति एवं मन्दिरको पर्खाल बनाउने काम श्रीकलहाभिमानी अर्थात् अंशुवर्माकी पत्नीले उहाँबाट निगाह पाएर अमृत वर्माले गरेका थिए भनी लेखेको पाइन्छ ।[११४] अमृत वर्माको सो अभिलेख वनकालीमन्दिरप्राङ्गणमा नभईकन राजराजेश्वरीमन्दिरको दक्षिणतर्फको पोखरीनजिक रहेको छ । पहिले सो अभिलेख सोही स्थलदेखि केही पश्चिमको मङ्गाल छोप्ने काममा प्रयोग गरिएको थियो । त्यसभन्दा अघि सो अभिलेख कहाँ थियो ? कताबाट ल्याइएको थियो ? थाहा हुँदैन । यस परिस्थितिमा सो अभिलेखलाई वनकालीमन्दिरसँग सम्वन्धित गर्न मिल्ने देखिँदैन ।

---

११२ Mary Shepherd Slusser and Gautamvajra Vajracharya, "Some Nepalese Sculptures further notes:", *Artibus Asia*, Vol. XXXV, 3 (1974 A.D.), pp. 269-270.

११३ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ५६ सङ्ख्या, ५९७ पृष्ठ ।

११४ सरला मानन्धर, *पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरू*, (काठमाडौं: पूर्णप्रसाद मानन्धर, वि.सं. २०४८), ३१ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनकालीको प्राचीनता लिच्छविकालिक भए पनि यससँग सम्बन्धित अभिलेखहरू सोही मूर्तिको पादपीठको अभिलेखबाहेक श्री ५ रणबहादुर शाहको समय अघिको पाइएको छैन । वि.सं. १८५४ मा वनकालीको वर्षवर्द्धनका लागि मोतीटारको ३३ रोपनी जग्गा गूठीका लागि समर्पित गरी गुठियारहरूको व्यवस्था श्री ५ रणबहादुर शाहले गरिदिएका थिए ।[११५] यो मन्दिरको नित्यनैमित्तिक पूजाआजा छुटगूठीबाट सञ्चालन[११६] भइआएकोमा पछि कहिले अमानतबाट, कहिले ठेक्काबाट चलेको पाइन्छ । अहिले यसको गूठीजग्गा गूठीसंस्थानद्वारा अमानत तहसिल भएकोले गूठीसंस्थानमार्फत पुजारी खान्गीबापत वर्षको ६ मुरी चामल पुजारीले पाउँछन् । यसका पुजारी कर्माचार्य छन्, 'घपाल' 'डङ्गोल' थरका नेवार छन् । वैशाखशुक्ल तृतीया, श्रावणकृष्ण चतुर्दशी, आश्विनशुक्ल नवमीको दिनमा विशेषरूपले बलिसहितको पूजा गूठीसंस्थानमार्फत हुने गरेको छ । वनकालीको मूर्तिको बारेमा अघिल्लो अध्यायमा चर्चा गरिएको छ । मूर्ति दक्षिणाभिमुख भएर रहेको छ । दक्षिणपट्टि प्राङ्गण र सत्तल बगैंचा छ । वि.सं. २०१५ मा वनकालीको प्राङ्गण, सत्तल र चारैतर्फको पर्खाल मर्मत सम्भारको काम भएको थियो । वनकालीको मन्दिर प्रसिद्ध भईकन पनि सो मन्दिरमा जानेआउने बाटो उपयुक्त नहुँदा भक्तजनहरूलाई कष्ट भइरहेकोमा वि.सं. २०५० मा पशुपतिक्षेत्रविकास-कोषले प्रस्तरफलक छापी वनकालीमन्दिर हुँदै बाटो बनाइदिएकोले मन्दिरको शोभा बढ्नुका साथै भक्तजनहरूलाई सुविधा पुग्न गएको छ । वनकालीमन्दिरको वरपर जङ्गल मासिदै गइसकेकोमा कोषको अनेक प्रयासबाट वि.सं. २०४५ मा वृक्षरोपण गरी हराभरा तुल्याउने काम भएको सराहनीय छ ।

१४.१२ दक्षिणामूर्तिमन्दिर

दक्षिणामूर्ति नामले प्रसिद्ध एक मन्दिर पशुपतिनाथमन्दिरको नजिक देवपत्तनबाट उमाकुण्ड जाने बाटोमा दायाँतर्फ रहेको छ । छानामाथि छानायुक्त नेपाली मण्डप शैलीमा निर्मित यो मन्दिर दुइ तले छ । दक्षिणाभिमुख यो मन्दिर सानो भईकन पनि आकर्षक छ । अरू वेला भक्तजनहरूको त्यति आवत-जावत नहुने यो मन्दिरमा गुरुपूर्णिमाको दिन भने भक्तजनहरूको निकै भीड लाग्दछ । दक्षिणपट्टि सानो आकारको प्राङ्गण भएको यो मन्दिरको बाहिर चारैतर्फ खुला छ ।

मन्दिरको भित्री गर्भगृहमा दुइ खण्ड छन् । उत्तरतर्फ भित्तामा मूल मूर्ति रहेको छ भने मूर्तिलाई छुन नसकिने गरी त्यसदेखि केही दक्षिणतर्फ काठको बार लगाइएको छ । दक्षिणामूर्ति ललितासानमा छन् । उनको दायाँ पाउले अज्ञानरूपी राक्षसलाई थिचेको रूपमा मूर्ति उत्कीर्ण गरिएको छ । वृक्षमुनि बसेका दक्षिणामूर्तिका चार हातहरू छन् । दायाँतर्फको माथिल्लो हातमा माला छ, तल्लो हात अभयमुद्रामा छ । त्यस्तै गरी बायाँतर्फको माथिल्लो हातमा अमृतको घडा छ र तल्लोले पुस्तक समातेको छ । आसनीको मुन्तिर मुनिजनका प्रतीकस्वरूप स-साना मूर्तिहरू उत्कीर्ण गरिएका छन् । घाँटीमा हार तथा जनै लगाएको छ । तल्लो शरीरमा धोती लगाएको तथा त्यसको किनारको पट्टा बायाँ घुँडा भएर गएको छ । दक्षिणामूर्तिको तीन नेत्र छन् । मुकुटको दायाँतर्फ अर्धचन्द्राकार आकृति कुँदिएको छ ।

यो मन्दिरको निर्माणको सम्बन्धमा बताउने शिलालेखहरू नभए तापनि यस विषयमा *भाषावंशावली* मा केही चर्चा पाइन्छ । त्यसअनुसार काठमाडौँका तात्कालिक राजा नृपेन्द्र मल्ल (वि.सं. १७३१-१७३७ आ.) को पालामा पशुपतिनाथमन्दिरका सन्न्यासी पुजारी विमलानन्दले असिनाको भय निवारणको लागि दक्षिणामूर्तिको आवाहन गरी स्थापना गरेको उल्लेख गरिएको छ ।[११७]

---

११५ *अभिलेख फाँट*, लालमोहर नक्कल, पो.नं. ६, सि.नं. २००० प.नं. १ ग, १८ सङ्ख्या, ५ पृष्ठ ।

११६ भक्तपुर टोर्छें वडा नं. ९ निवासी श्री कृष्णराज जोशीसँग भएको वनकालीसम्बन्धी गूठीको वि.सं. १९०२ पौषशुक्ल ४ रोज ५ को लालमोहर ।

११७ पं. देवीप्रसाद लम्साल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी २० सङ्ख्या, ९३ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो मन्दिरको पुजारी राजोपाध्याय ब्राह्मण छन् । यस मन्दिरका पुजारी अभयानन्दोपाध्यायलाई वि.सं. १९३८ मा रानीसाहेव (?) बाट २० रोपनी जग्गा दान दिइएकोमा सो जग्गा उनले दक्षिणामूर्तिमन्दिर तथा त्यहाँ रहेको पाटीको मर्मतसम्भार, नित्य जपपाठ एवं झारुबढारु गर्ने कामको लागि वि.सं १९४१ आषाढशुक्ल चतुर्दशीमा गूठी राखिदिएको उल्लेख पाइन्छ ।[११८] यो मन्दिर छुटगूठीअन्तर्गत सञ्चालित छ ।

गुरुपूर्णिमाको दिन यहाँ विशेषरूपमा दर्शनार्थीहरूको भीड लाग्दछ । स्थानीय बासिन्दाहरू दक्षिणामूर्तिलाई पशुपतिनाथको गुरु भन्छन् । यसैले कसै-कसैले 'गुरुमन्दिर' भनी सम्बोधन पनि गर्दछन् । तर पशुपतिनाथको गुरु को हुने ? पशुपतिनाथको दक्षिणामूर्तिलाई गुरुवक्त्र मानिने शास्त्रीय परम्परालाई नबुझेर पशुपतिनाथको गुरु भन्ने भूल गरेका हुन् । गुरुपूर्णिमाको दिन पशुपतिनाथमन्दिरबाट पूजा लगी मूलपुजारीले दक्षिणामूर्तिको पूजाआजा गर्नुपर्ने चलन छ ।

दक्षिणामूर्तिमन्दिर जीर्ण भई भत्किने अवस्थामा पुगेको थियो । त्यसलाई साविकको अवस्थामा राख्ने काम पशुपतिक्षेत्रविकासकोषको अनुरोध एवं सहयोगमा वि.सं. २०४४ मा पुरातत्त्व विभागबाट सम्पन्न भयो । त्यस वेला समुच्चा मन्दिर पुनर्निर्माण गरी झिँगटीको छानाको सट्टा तामा एवं माटोको गजुरको ठाउँमा स्वर्णलेपयुक्त गजुर तथा दक्षिणपट्टिको बाहिरी भित्तामा आँखीझ्याल राख्ने तथा प्राङ्गणमा प्रस्तरफलक छाप्ने काम भएको थियो ।

१४.१३ गोरखनाथमन्दिर

गोरखनाथ 'नाथ सम्प्रदाय' का उन्नायक एक प्रसिद्ध सन्त हुन् । उनको लोकावतरणको समयको विषयमा विभिन्न मतमतान्तरहरू छन् । कोही उनको समय विक्रमको दशौँ शताब्दी मान्दछन् ।[११९] कसैले ईस्वीको तेह्रौं शताब्दी मानेका छन्[१२०] भने कसैले उनको जन्म समय सन् ११२० मानेका छन् ।[१२१] गोरखनाथलाई मत्स्येन्द्रनाथको शिष्य बताइने तथा सातौँ शताब्दीका नेपालका लिच्छवि राजा नरेन्द्रदेवको राज्यकालमा बुङ्मतीका लोकेश्वर (रातो मत्स्येन्द्रनाथको नामले अहिले प्रसिद्ध) को अवस्थितिले के देखिन्छ भने गोरखनाथलाई मत्स्येन्द्रनाथको शिष्य बताउने हो भने गोरखनाथलाई सातौँ शताब्दीभन्दा पछिको समय दिन मिल्दैन । बुङ्मतीका 'बुङ्गच' लाई कहिलेदेखि रातो मत्स्येन्द्रनाथ नामले सम्बोधन गरिन थालेको हो ? यो खोजीको विषय छ ।

प्रचलित अनुश्रुतिहरूमा मत्स्येन्द्रनाथबाट गोरखनाथले पाएको शिक्षा-दीक्षा एवं कतिपय अलौकिक घटनाहरू सुन्न पाइन्छ । गोरखनाथ मत्स्येन्द्रनाथका अन्यतम शिष्यको रूपमा प्रसिद्ध छन् । यस उसले दुवै समकालिक देखिन्छन् । कसैले दुवैको समय ईस्वीको दशौँ शताब्दीको अन्तदेखि एघारौँ शताब्दीको शुरूको समय हुनुपर्ने बताएका छन् ।[१२२] नेपालमा प्रचलित *वंशावली*हरूमा रातो मत्स्येन्द्रनाथ र लिच्छविकालका राजा नरेन्द्रदेवबीचको सम्बन्धको विषयमा ठाउँ-ठाउँमा उल्लेखहरू पाइन्छन् ।[१२३]

---

११८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २९७ सङ्ख्या ।

११९ राजेश दीक्षित, *नवनाथ चरित्र सागर*, तृतीय संस्करण, (दिल्ली: हिन्द पुस्तक भण्डार, १९८९), ११९ पृष्ठ ।

१२० David N. Lorenzen, *The Kapalikas and Kalamukhas: Two Lost Saivite Sects*, (Barkeley/Los Angeles: University of California Press, 1972), p. 44.

१२१ Benjamin Walker, *The Hindu World: An Encyclopedic Survey of Hinduism*, Vol. 2, (New York: Fre derick Praeger, 1968), p. 402.

१२२ Mary Shapherd Slusser, *Nepal Mandal: A cultural Study of the Kathmandu valley*, Vol. 1, (New Jersey: Princeton University Press, 1982), p. 368.

१२३ पं. देवीप्रसाद लम्साल (सम्पा.), *पूर्ववत्*, पादटिंप्पणी २० सङ्ख्या, ५-१६ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छवि राजा नरेन्द्रदेवको समयपश्चात् गोरखनाथको नेपाली जनजीवनमा रहेको ख्यातिको विषयमा केही थाहा पाउन सकिँदैन । यो स्थिति जयस्थिति मल्लसम्म कायम रहेको पाइन्छ । तर जयस्थिति मल्लको समयदेखि उनका नाति यक्ष मल्लको समयसम्म (वि.सं. १४२४-१५३९ आ.) गोरखनाथको समाजमा उत्कृष्ट स्थान रह्यो । त्यसपछि श्री ५ पृथ्वीनारायण शाहको उदय नहुन्जेलसम्म पुन: गोरखनाथको समाजमा के कस्तो स्थान थियो सो थाहा पाउन सकिँदैन । श्री ५ पृथ्वीनारायण शाहबाट नेपाल राष्ट्रको एकीकरणअभियानमा गोरखनाथलाई दिएको महत्त्वको कारण यस सम्प्रदायले विकसित हुने अवसर पायो । त्यसपछि त गोरखनाथलाई नबुझ्ने, र नमान्ने शायद विरलै छन् । त्यसमा पनि कुसले, योगी तथा नाथहरूले गोरखनाथको मत ग्रहण गरी 'नाथ सम्प्रदाय' लाई धानेका छन् ।

नेपालमा भएका गोरखनाथका मन्दिरहरूमध्येका मृगस्थलीस्थित गोरखनाथमन्दिरको आफ्नै स्थान छ (चित्रसङ्ख्या १९३) । यो मन्दिरको स्थापनाको सम्बन्धमा कुनै शिलालेखीय प्रमाण पाउन सकिएको छैन । तर एउटा *वंशावली*मा यसलाई जयस्थिति मल्लले ने.सं. ५१४ (वि.सं. १४५१) मा गोरखनाथको पादुका जगाई नाथयोगीहरूको सम्प्रदाय बनाई नित्यनैमित्तिक पूजाआजाको लागि गुठीजग्गाहरूको बन्दोबस्त गरिदिएको उल्लेख पाइन्छ ।[१२४] सो *वंशावली*मा त्यसपछि नै गोरखनाथ प्रकाशमा आएको उल्लेखसमेत पाइन्छ ।

मृगस्थलीस्थित गोरखनाथको मन्दिर शिखर शैलीमा छ । जयस्थिति मल्लको समयमा सो मन्दिर कस्तो थियो बताउन सकिँदैन । वर्तमान मन्दिरको निर्माणमा बालनरसिंह कुँवरकी श्रीमतीहरू गणेशकुमारी र रक्षाकुमारीको महत्त्वपूर्ण योगदान छ । वि.सं. १९०६ मा गणेशकुमारीले सो मन्दिरको जीर्णोद्धार गरी त्यसको वर्षवर्द्धन पूजा निमित्त बल्खुमा साँढे २२ रोपनी जग्गा गूठी राखिदिई प्रत्येक वर्ष २० रुपैयाँ जगेडा राखी त्यसबाट मन्दिर र सत्तलको जीर्णोद्धार नियमित गर्ने व्यवस्था मिलाएकी थिइन् ।[१२५] यसै गरी बालनरसिंह कुँवरकी कनिष्ठ पत्नी रक्षाकुमारीले गोरखनाथमन्दिरको गजुरको जीर्णोद्धारका साथै सो मन्दिरको पूर्वोत्तर कुनादेखि पूर्वसम्म फैलिएको धर्मशालाको निर्माण गरिदिएकी थिइन् । गोरखनाथमा नित्य रोट चढाउने व्यवस्थाको लागि गूठी राखिदिएकी थिइन् ।[१२६]

वर्तमान गोरखनाथको मन्दिरको जीर्णोद्धार त्यसपछि भएको उल्लेख पाइँदैन । गोरखनाथमन्दिरको शिखर शैलीको स्वरूप मल्लकालिक हो भन्ने देखिन्छ । पुरानै शैलीलाई वि.सं. १९०६ मा मर्मत-जीर्णोद्धार सम्म गरिएको हुनु पर्छ । मन्दिर पूर्वाभिमुख छ । एक तहवाला मण्डपमाथि निर्मित सो मन्दिरको गर्भगृहमा गोरखनाथको पादुका छ । सोही पादुकामा नित्यनैमित्तिक पूजाआजा हुन्छ । गर्भगृह एक जना पुजारी पनि खुम्चिएर बस्नुपर्ने किसिमको साँघुरो छ । मन्दिरको उत्तरतर्फको सत्तलमा अखण्ड धुनीको व्यवस्था गरिएको छ । पहिले यो मन्दिरको सञ्चालन छुटगूठीबाट हुने गरेको थियो । वि.सं. २०४४ देखि छुटगूठीलाई अमानत गरी गूठीसंस्थानमार्फत सञ्चालन भएको छ । तर गोरखनाथमन्दिरको महत्त्व र प्रसिद्धिअनुसार पहिले जुन किसिमको भव्यता एवं सुव्यवस्थित किसिमले मन्दिर सञ्चालन हुने गरेको थियो अहिले पाइँदैन । छुटगूठीद्वारा सञ्चालन हुँदा पछिल्लो समयमा आएर गूठी हिनामिना पार्ने प्रवृत्ति जसरी बढ्यो त्यसलाई निराकरण गर्न समयमा उचित कदम चाल्न नसक्दा विकृतिहरू आए । अहिले गएर यो मन्दिर अनेकौं समस्याहरूमा जेलिएको छ ।

पशुपतिक्षेत्रमा भएका थोरै शिखर शैलीका मन्दिरहरूमा गोरखनाथमन्दिरको आफ्नै किसिमको स्थान छ । गुह्येश्वरी तथा आर्यघाट जताबाट गए पनि पुगिने गोरखनाथमन्दिरवरपरको वातावरण एकान्त र शान्त छ । नाथ

---

१२४ योगी देवीनाथ (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी १८ सङ्ख्या, ६६ पृष्ठ ।

१२५ गूठीलगत तथा तहबिलकार्यालय, काठमाडौंमा रहेको गोरखनाथसम्बन्धी कागजातको पोकामा भएको वि.सं. १९०६ पौषकृष्ण ११, रोज २ को पत्र ।

१२६ गोरखनाथमन्दिरको पश्चिमतर्फको सत्तलको पिँढीमा भएको वि.सं. १९०६ माघकृष्ण ११ को शिलालेख ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्प्रदायअन्तर्गत रहेको यो मन्दिरमा विभिन्न तिथि एवं पर्वहरूमा विशेष किसिमका पूजाआजा हुन्छन् । यो मन्दिरवरपरको वातावरणलाई उपयुक्त तुल्याउने काममा पशुपतिक्षेत्रविकासकोषबाट यहाँ भएका केही कार्यहरू उल्लेखनीय मान्न सकिन्छ ।

१४.१४ पञ्चदेवल

पशुपतिनाथमन्दिरको दक्षिणतर्फ एकै ठाउँमा धेरै मन्दिरहरू झुम्म देखिने गरी पाँचवटा टलक्क टल्कने गजुरहरू भएको सेतो रङ्ग पोतेको अग्ला मन्दिरहरू देखिन्छन् । यी मन्दिरहरू राजकीय गुम्बज शैलीमा छन् । पाँचवटा मन्दिरहरूको समूह हुनाले बोलीचालीको भाषामा 'पञ्चदेवल' भनी यी मन्दिरहरू प्रसिद्ध हुन पुगे । अग्लो मण्डपमाथि मन्दिरहरू बनेका हुनाले देवपत्तनको वरपरबाट सजिलैसँग देख्न सकिन्छ । राजकीय गुम्बज शैलीका मन्दिरहरूमा पञ्चदेवल ठूलो र भव्य मन्दिरहरूमध्येमा पर्दछ । पाँच मन्दिरहरूको समूहहरूमा बीचमा रहेको मन्दिर विशेष अग्लो छ । त्यसैको चार दिशामा अरू चारवटा मन्दिरहरू रहेका छन् । यी मन्दिरहरू एक जनाको कीर्ति नभई एकैसाथ पाँच जनाले निर्माण गरेका कीर्ति हुन् । यी मन्दिरहरूको निर्माण वि.सं १९२७ मा श्री ५ राजेन्द्रवीरविक्रम शाह, श्री ५ सुरेन्द्रवीरविक्रम शाह, तथा उनका दुइ रानीहरू र श्री ५ त्रैलोक्यवीरविक्रम शाहले गरेका हुन् ।[१२७]

पञ्चदेवलसँग सम्बन्धित अभिलेखहरूमा ती पाँचवटा मन्दिरका सिँढीमा रहेका ठूला घण्टाहरूमा उत्कीर्ण भएका लेखहरू मात्र आजकल देखिन्छन् । यत्रो मन्दिरको पूजाआजा तथा गूठी व्यवस्थापनलाई उल्लेख गर्ने अरू कुनै अभिलेखहरू मन्दिरप्राङ्गणमा छैनन् । मन्दिरको चारैतर्फ लम्बाकार भूइँतलासमेत दुइ तले चौघेरा सत्तलहरू छन् । दचि इँटाद्वारा निर्मित ती सत्तलहरूका झ्याल, ढोकाहरू कलात्मक हुनाले पञ्चदेवलको भव्यतालाई बढाउन सहयोग पुऱ्याएका छन् ।

पञ्चदेवलका पाँचैवटा मन्दिरका गर्भगृहमा शिवलिङ्ग स्थापित छन् । ती मन्दिरहरू बनेको मण्डपको एक तह मुनिका सिँढीमा चारैतर्फ विष्णु, सूर्य, देवी र गणेशका लघु आकारका मन्दिरहरू रहेका छन् । यस प्रकार पञ्चदेवलको निर्माण पाञ्चायन पद्धतिमा भएको छ । मन्दिर तथा चौघेराभित्रको चोक ठूलो र फैलिएको हुनाले आकर्षक छन् ।

वि.सं. १९२७ आषाढशुक्ल अष्टमी रोज ५ का दिन मन्दिरको व्यवस्थापन सम्बन्धमा केही व्यवस्था भई गुठियारहरू नियुक्त भई तीद्वारा मन्दिरको गूठीजग्गाको आयस्ताको असुली तथा खर्च गर्ने व्यवस्था मिलाइएको थियो । वि.सं. १९४८ सम्म यसै गरी यो मन्दिरको सञ्चालन भयो । मन्दिरमा नित्यनैमित्तिक एवं वर्षवर्द्धनको पूजाआजा गर्न दुइ जना पुजारीको व्यवस्था भएको थियो । वि.सं. १९४९ देखि सरकारी निकाय गूठीबन्दोबस्तअड्डाले सञ्चालन गर्ने गरी अमानतगूठीद्वारा यो मन्दिरको सञ्चालन हुन थाल्यो । गुठीबन्दोबस्तअड्डा खारेज भई वि.सं. २०२१ सालमा गूठीसंस्थान स्थापना भएपछि सोही संस्थानले मन्दिरको व्यवस्थापनलगायतका सबै काम गर्नुपर्ने भएको छ । गूठीलगतकार्यालयमा भएको यस मन्दिरसम्बन्धी लगतलाई हेर्दा पहिले मन्दिरमा गर्नुपर्ने नित्यनैमित्तिक पूजाआजालाई व्यवस्थित र अविच्छिन्न रूपले सञ्चालन गर्ने प्रयास गरेको बुझिन्छ । आषाढशुक्ल अष्टमीमा मन्दिरको प्राणप्रतिष्ठा भएको सम्झनास्वरूप सो दिन वर्षवर्द्धन गर्नुपर्ने रीत चलाइएको तथा सङ्केतात्मक रूपमा अझसम्म सो कायम नै छ ।

वि.सं. १९७६ देखि 'पञ्चदेवल' मन्दिरभन्दा पाकशालाको रूपमा चलनचल्तीमा आयो । किनभने पञ्चदेवलको ठूला सत्तल, फैलिएको आकर्षक प्राङ्गणबाट आकर्षित भएर हुनसक्छ आश्रय नभएका गरीब, दुःखीहरूलाई आश्रय दिने गरी पञ्चदेवलमा पाकशाला स्थापना भयो र सो 'पञ्चदेवल पाकशाला' को नामले पुकारिन थाल्यो । श्री ५

---

१२७ परिशिष्टभाग, अभिलेखखण्ड (क), २७६, २७७, २७८, २७९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गूठीबन्दोबस्तअड्डा विघटन नहुन्जेलसम्म सो पाकशाला सोही अड्डाद्वारा सञ्चालित थियो । गूठीसंस्थानको स्थापनः पश्चात् संस्थानमा दायित्व सऱ्यो । प्रारम्भमा पञ्चदेवल पाकशालामा स्वास्नीमानिसहरू मात्र आश्रित हुन पाउने व्यवस्था भए तापनि पछि लोग्नेमान्छेहरू पनि बस्ने व्यवस्था भयो । यहाँ २५० जनाको दरबन्दी थियो । वि.सं. २०३२ फाल्गुन १ गते समाज कल्याण केन्द्र, सञ्चालक समितिको गठन भयो । पञ्चदेवल पाकशालाको नाम परिवर्तन भई 'वृद्धाश्रम' भयो । वि.सं. २०३७ देखि पञ्चदेवलस्थित वृद्धाश्रम श्रम तथा समाज कल्याण मन्त्रालयअन्तर्गत सञ्चालित भएकोमा अहिले महिला तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको छ ।

पञ्चदेवलमन्दिरको जीवन्तता दिनानुदिन ह्रास हुँदै गएको देखिन्छ । मन्दिर तथा सत्तलहरू जीर्ण अवस्थामा छन् । पूजाआजाको पक्ष त्यति सबल बन्न सकेको छैन, औपचारिकतामा नै व्यवस्थापनपक्ष सीमित हुँदै गएको छ ।

१४.१५ धन्दोचैत्य

नेपालमा भएका ठूला र प्रसिद्ध चैत्यहरूमा बौद्ध, स्वयम्भू, पिम्बहाल, काठेसिम्भूको साथमा पशुपतिक्षेत्रस्थित धन्दोचैत्यको पनि गणना हुन्छ । यो चैत्य गौशालाबाट चाबहिल जाने मूल बाटोमा चाबहिल चौबाटो नजिक, सडकको बायाँतर्फ अवस्थित छ (चित्रसङ्ख्या १८४) । सडकको छेउमा नै रहेकोले यो चैत्यबाट अनभिज्ञ शायद कम छन् ।

संस्कृत भाषाको 'स्तूपः' धातुबाट स्तूप नाम बनेको हो । पालि भाषामा स्तूपलाई 'थूप' भनिन्थ्यो ।[१२८] संस्कृत भाषाको 'स्तूप' तथा पालि भाषाको 'थूप' शब्दको अर्थ एकत्रित गर्नु वा थुप्रो लगाउनु भन्ने हुन्छ । तर सामान्य थुप्रो वा माटोको रासको अर्थभन्दा बौद्ध धर्ममा यसलाई धर्मको विशिष्ट प्रतीकको रूपमा सम्मान गरिन्छ तथा बौद्ध धर्मको कतिपय दार्शनिक पक्षको व्याख्या गर्ने क्षमता स्तूपले राख्दछ । चैत्यलाई स्तूप कै पर्यायवाची शब्दको रूपमा लिइन्छ । यसो भए तापनि ढुङ्गा, माटोद्वारा स्वतन्त्र रूपमा बनाइएका वा गुफामा निर्माण गरिएका स्तूपाकारका स-साना धार्मिक स्मारकलाई जनबोलीमा 'चैत्य' भन्ने गरेको पाइन्छ भने ठूला आकारका यस्ता कीर्तिहरूलाई 'स्तूप' शब्दले सम्बोधन गर्ने एक किसिमको प्रचलन नेपालमा छ । यो बौद्ध स्मारक कलेवरमा ठूलो भए पनि 'चैत्य' नामले पुकारिएको पाइन्छ । बौद्ध धर्मका प्रसिद्ध भिक्षु, गुरु, महापुरुष तथा बौद्धधर्मावलम्बी राजा-महाराजाका भस्म अर्थात् धातु राखी त्यसमाथि स्तूप बनाउने चलन प्राचीन हो । भगवान् गौतम बुद्धको महापरिनिर्वाणपश्चात् तात्कालिक राजाहरूबीच भस्म प्राप्तिको लागि परेको खिँचातानी एवं सम्राट अशोकले प्राचीन स्तूपहरूबाट भस्म झिकी तिनको विभाजन गरी बौद्ध धर्मको प्रचार-प्रसारको क्रममा हजारौं स्तूप निर्माण गरेको एवं गर्न लगाइएको कथा बौद्ध साहित्यहरूमा यत्रतत्र पाइन्छ । जुन वेला बौद्ध धर्ममा प्रतीक पूजाको सम्मानित स्थान थियो त्यस वेला स्तूपहरूले जनजीवनमा निकै सम्मानित स्थान प्राएका थिए । पुगिसरि आएकाहरूले राजा, महाराजा, भिक्षु तथा महापुरुषहरूको स्मृतिमा यस्ता स्तूपहरू बनाउने परिपाटी उहिले थियो ।

'धन्दो' नामको यो चैत्य कसले ? कहिले बनाएको हो ? यसबारेमा निश्चयका साथ भन्न सकिने प्रामाणिक आधार पाइएको छैन । यसो भए तापनि अनुमान गर्ने आधारहरूचाहिँ नभएका होइनन् । अहिले जहाँ धन्दोचैत्य रहेको छ, यो ठाउँ लिच्छविकालदेखि नै बौद्ध धर्मको आराधनास्थल रहेको पवित्र ठाउँ थियो भन्ने कुरा यहाँ रहेको प्रारम्भिक लिच्छविकालको अभिलेखले देखाउँछ । लिच्छविकालका एक जना महिलाले किन्नरी जातकका कथाहरू कुँदेर धेरै काल कष्ट गरी चैत्य बनाई त्यसको स्थायित्वको लागि गूठीजग्गाहरू राखिदिएको वर्णन यस अभिलेखमा उत्कीर्ण गरिएको

---

१२८ T.W. Rhys Davids and William Stede, *Pali - English Dictionary*, (Delhi: Motilal Banarasidass Publication Pvt. Ltd., 1993), p. 309.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ ।[१२९] उक्त शिलालेखमा उल्लेख गरिएको जस्तो उनले बनाएको चैत्य अहिले यहाँ छैन । तर लिच्छविकालमा निर्मित प्रस्तरका सुन्दर र कलात्मक चैत्यहरू धन्दोचैत्यको प्राङ्गणमा निकै छन् । यस्ता चैत्य यत्रो सङ्ख्यामा अन्यत्र विरलै पाइन्छन् । यी चैत्यहरूको अवस्थितिले उहिले धन्दोचैत्यको महत्त्व र जीवन्तताको बारेमा थाहा पाउन सकिन्छ । धन्दोचैत्यको स्थापनाले गर्दा विस्तार-विस्तार सो चैत्य रहेको प्राङ्गणमा बौद्ध धर्मसँग सम्बन्धित चैत्य, मूर्तिहरूको स्थापना भएको हो भन्ने कुरा प्रकारान्तरले बुझिन्छ (चित्रसङ्ख्या १०२, १०७, १२८, १९२) ।

धन्दोचैत्य जमीन सतहबाट माथि उठेको एउटा पेटीमाथि बनेको छ । नेपालमा भएका अरू स्तूपमा झैं त्यसमाथि अण्ड, हर्मिका र छत्र छन् । स्तूपको जमीनभन्दा केही माथिल्लो भागमा पूर्वपट्टि अक्षोभ्य, दक्षिणपट्टि रत्नसम्भव, पश्चिमपट्टि अमिताभ र उत्तरमा अमोघसिद्धि नामक पन्चबुद्धमध्येका बुद्धका मूर्तिहरू छन् । यस्ता चैत्यहरू विनाआधार तथा विनादर्शन बनेका छैनन् । साहित्यमा मात्र तिनीहरूको चर्चा पाइने नभई वास्तुकला र चित्रकलामा समेत मूर्त रूप दिई तिनीहरूको महत्त्व र रहस्य बुझाउने प्रयास गरेको पाइन्छ । स्तूपको रहस्य र महत्त्व बुझाउने किसिमको एउटा पुरानो चित्र राष्ट्रिय सङ्ग्रहालय छाउनीमा सङ्ग्रहीत छ । हर्मिकामा रहेको आँखालाई तन्त्रादि, मन्त्रादि र नाकलाई यन्त्रादि भनी विश्वब्रह्माण्डको सृष्टि, स्थिति र तिनको आधारलाई बोध गराउन खोजेको सङ्केत त्यसले दिएको छ । हर्मिकाभन्दा माथिको तेह्र तहले बौद्ध दर्शनमा प्रचलित त्रयोदश भुवनलाई इङ्गित गर्दछ । स्तूपको पेटीमा पहिले अरू पनि मूर्तिहरू थिए तर केही दशकयता एक-दुइ गर्दै धेरैजसो मूर्तिहरू हराइसके । तिनीहरूमा नागराज, धर्मचक्र, भक्तिनी, सिंहनादलोकेश्वरका मूर्तिहरू प्रमुख छन् । धन्दोचैत्यको निर्माणको सम्बन्धमा विभिन्न *वंशावली*मा विभिन्न भनाइ पाइन्छ । प्रचलित *भाषावंशावली*हरूमध्ये कुनैमा यो चैत्यको निर्माण वृषदेवले गरेको बताइएको छ,[१३०] कुनैमा धर्मदत्त नामका राजाले बनाएको तथा मानदेवका बाबु धर्मदिवले जीर्णोद्धार गरिदिएको उल्लेख पाइन्छ । तर नेपालमा अहिलेसम्म प्राप्त *वंशावली*हरूमध्ये सबैभन्दा पुरानो मानिने *गोपालराजवंशावली*मा धन्दोचैत्यको निर्माणको श्रेय मानदेव प्रथमका बाबु धर्मदिवलाई दिइएको छ । संवत् ३८६ (वि.सं. ५२२) ज्येष्ठदेखि मानदेवका शिलालेखहरू पाइने हुनाले धर्मदिवको शासन वि.सं. ५२२ भन्दा अगाडि मान्नुपर्ने हुन्छ । *गोपालराजवंशावली*मा धन्दोचैत्यको निर्माणको सम्बन्धमा भनिएको छ–[१३१]

> "राजा श्रीधम्मदिव वर्ष ४१ तेन श्रीपशुपति
> भटारिकस्य दक्षिणमूर्ति महद्वृषध्वजापि
> कृतवान् पुन राजविहारधमरेचैत्य भटारिके
> प्रतिष्ठितम्"

अर्थात्, राजा धर्मदिवले ४१ वर्षसम्म शासन गरे र उनले पशुपतिमन्दिरको दक्षिणतर्फ ठूलो वृषध्वज चढाए । फेरि राजविहारमा 'धमरे चैत्य' भगवान्को प्रतिष्ठा गरे । उक्त वंशावलीले दिएको वर्णन अन्यथा होइन होला भन्ने सङ्केत यो चैत्यको प्रचलित वर्तमान नामबाट पनि बुझ्न सकिन्छ । राजा धर्मदिवले स्थापना गरेको हुनाले उनैको नामबाट यो चैत्यलाई सम्बोधन गर्ने परम्परा चलेको र कालान्तरमा अपभ्रंश हुँदै जाँदा 'धमरे चैत्य' 'धन्दोचैत्य' जस्ता नाम जनजिब्रोले टिपेको हुन नसक्ने होइन । नेवारी भाषामा भन्नुपर्दा आजकल यस चैत्यलाई 'धन्दो भगवान्' भन्ने गरेको पाइन्छ । वि.सं. १७७१ को त्यहीं नजीक रहेको एक शिलालेखमा यो चैत्यलाई सम्बोधन गर्नुपर्दा 'धर्मधातु चैत्य

१२९ धनवज्र वज्राचार्य, *पूर्ववत्*, पादटिप्पणी ५६ सङ्ख्या, १-२ पृष्ठ ।
१३० नयनाथ पौडेल (सम्पा.), *पूर्ववत्*, पादटिप्पणी ५३ सङ्ख्या, ५६ पृष्ठ ।
१३१ Dhanavajra Vajracharya and Kamal P. Malla, *po.cit.*, foo note no. 53, p. 56.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनदे देव' भनी उल्लेख गरेको पाइनाले लिच्छवि राजा धर्मदेवले यो चैत्य बनाएका हुन् भन्ने कुरा विक्रमको अठारौं शताब्दीसम्म पनि बिर्सिसकेको थिएन भन्ने बुझिन्छ ।

मल्लकालमा नेपालको तिब्बतसँगको व्यापारिक सम्बन्ध राम्रो हुँदा काठमाडौंबाट तिब्बत जाने बाटोमा पर्ने हुनाले यसैको पश्चिमपट्टि रहेको 'चाविहार' नामको बौद्धविहार एवं यो चैत्यको महत्त्व बढेको थियो । पहिले नियमित र भव्यतासाथ नित्यनैमित्तिक पूजापर्वहरू हुन्थे तर पछि गूठिहरू मासिदै जान थालेकाले हुनुपर्ने पूजाआजा, चाडपर्वहरू विलुप्त बन्यो । आजकल नित्यनैमित्तिक पूजाआजा हुँदै हुँदैन भने हुन्छ । हिजोआज वर्षको एक पटक वैशाखशुक्ल पूर्णिमाको दिन स्थानीय जनसमुदाय मिलेर सामूहिक रूपमा पूजाआजा र शोभायात्रा केही वर्षयता निकाल्न थालिएको छ ।

धन्दोचैत्यको दक्षिणपट्टि नेपालको प्रतिनिधि मानिने पद्मपाणि बोधिसत्त्वको मूर्ति रहेको छ (चित्रसङ्ख्या १०७) । तर यसको महत्त्व नबुझी भक्तहरूले पोतिदिएको इनामेल रङ्गले गर्दा सुन्दर र आकर्षक सो मूर्ति कुरूप बन्न पुगेको छ । चाबहिलका बौद्ध अनुयायी शाक्यहरूको कुलदेवताको रूपमा यी पद्मपाणिलाई लिइन्छ । यहाँ बुद्धको एउटा अति राम्रो प्राचीन मूर्ति रहेको थियो सो केही दशकअगाडि चोरिइसक्यो ।

धन्दोचैत्यको दक्षिणपट्टि एउटा जीर्ण विहार रहेको छ । सामान्य पूजाआजा र मर्मतसम्भारसमेत हुन नसकी यो विहार श्रीहीन बन्न पुगेको छ । चैत्यको पश्चिमपट्टि मञ्जुश्रीको मूर्ति रहेको छ । श्रीपञ्चमीको दिन यहाँ स्थानीय वासिन्दाहरू पूजाअर्चना गर्न आउँछन् । चैत्यको पश्चिमपट्टि रहेको धार्मिक महत्त्वको पोखरी अहिले पुरिएको छ । लामो ऐतिहासिक, धार्मिक परम्परा र आस्था बोकेको यस्तो प्रसिद्ध चैत्य पशुपतिक्षेत्रमा हुनुले प्राचीन कालदेखिको नेपालीमात्रको मौलिक गुण धार्मिक सद्भाव र सहअस्तित्वलाई स्पष्ट पारेको मननीय छ ।

१४.१६ चाबहिल

पशुपतिक्षेत्रमा रहेका बौद्ध साधनास्थलहरूमा 'चाबहिल' अर्को महत्त्वपूर्ण बहाल हो । यो चाबहिल बजारको दक्षिण तथा धन्दोचैत्यको पश्चिम दिशामा पर्दछ । जीर्ण अवस्थामा भए पनि बहालको प्रचलित बनोटमा अहिलेसम्म यो बहाल रहेको छ । यद्यपि अहिलेको बाहिरी बनोट विक्रमको उन्नाइसौं शताब्दीभन्दा अघिको होइन । दुइ तले यो बहिलको बीचमा चोक तथा चोकपट्टिको भुइतला कतै खुला कतै बन्द छन् । मूल ढोकाको दायाँ-बायाँ सिंहको मूर्ति तथा ढोकाबाट छिर्नासाथ दायाँ-बायाँ संरक्षण देवताको रूपमा गणेश र महाकालका मूर्ति छन् । माथिल्लो तला कोठाको रूपमा बारिएका छन् । मूल ढोकाको काष्ठ तोरणको बीचमा अक्षोभ्य बुद्ध र दायाँ-बायाँ पञ्चध्यानी बुद्धको आकृति कुँदिएका छन् ।

बहालको दक्षिणपट्टिको खण्डमा मूलदेवता पद्मपाणि लोकेश्वरको मूर्ति रहेको छ । स्थानीय बासिन्दाहरू यिनलाई वज्रपाणि लोकेश्वरको रूपमा पूज्दछन् । मूल देवताको मूर्तिको मुखाकृतिबाहेक अरू भाग पोशाकले सँधै छोपिरहेको हुन्छ । मूल देवता उत्तराभिमुख छन् । चोकमा प्रस्तरनिर्मित चार चैत्यहरू छन् (चित्रसङ्ख्या १९१) । तिनमध्ये एउटा चैत्यको चारैतर्फ पूर्णकदको पद्मपाणि वोधिसत्त्वको मूर्ति छ, जुन आकर्षक छ । यसले चतुर्नारायण वा शिवलिङ्गको प्रभावलाई आत्मसात् गर्न खोजेको देखिन्छ । बहालको छाना झिँगटीको छ ।

जुन वेला चाबहिल साँखु भई तिब्बत जाने बाटोको प्रसिद्धि थियो त्यस वेलासम्म मूल बाटोमा पर्ने भएकोले चाबहिलको उत्तरोत्तर महत्त्व वृद्धि हुँदै थियो । तर पछि तिब्बत जाने मार्गहरू अन्यत्रतिर खुल्दा तथा अरू मार्गहरूको प्रसिद्धि भएकोले चाबहिल भई जाने मार्गको महत्त्व कम हुन थाल्यो । यसले गर्दा चाबहिलको चहलपहलमा पनि कमी आयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रचलित *भाषावंशावली*हरूमा यो बहालको स्थापना चारुमतीद्वारा भएको एवं उनी सम्राट् अशोककी छोरी भएको उल्लेख गरेको पाइन्छ ।[१३२] तर यो कुराको पुष्टि गर्ने प्रामाणिक ऐतिहासिक आधारहरू नपाइने हुनाले सो कुरालाई स्वीकार गर्न सकिने स्थिति छैन । अशोक (ई.पू. २३२-२६९ आ.) ले बनाएका कुनै विहार भारतमा बचेका छैनन् । यस अवस्थामा अशोककी छोरीले बनाएको चाबहिल अहिलेसम्म बचेर रहनु सम्भव कुरा छैन ।[१३३] ऐ.शि. बाबुराम आचार्यले यो विहार प्रताप मल्लको समयमा बनेको मान्नुभएको छ ।[१३४] तर यो पनि होइन । किनभने ने.सं. ४०१ (वि.सं.१३३७) मा सारिएको अमरकोषमा 'चाविहार' को उल्लेख आएको छ ।[१३५] त्यस्तै ने.सं. ५३८ (वि.सं. १४७५) माघकृष्ण अष्टमीमा सारिएको *दिव्यौषधिनाममालामा*मा पनि चाविहारमा बस्ने शाक्यभिक्षु मदनभद्रको उल्लेख आएकोले चाविहारको निर्माण त्यसभन्दा अघि नै भएको देखिन्छ ।[१३६] यस सम्बन्धमा चाबहिलका शाक्यहरू यसको निर्माण देवपाटनका राजा तथा उनकी रानी गङ्गारानीबाट भएको मान्छन् । चाविहारमा भएको एउटा लेखोट पुस्तकमा भाजुगूठीको चर्चा गर्दै जाँदा देवपाटनका राजाले असनको एक जना मालिनी, जो पछि गङ्गारानी भइन्, सँग विवाह गरे । क्षत्रिय राजाले मालिनीसँग विवाह गरेको हुनाले वर्णसङ्कर सन्तानहरूको बिचल्ली हुने देखी बुधमानसिंह मन्त्रीको सल्लाहअनुसार चाविहार बनाई त्यहाँ चूडाकर्म गरी शाक्यभिक्षु बनाएको उल्लेख छ । त्यहाँ देवपाटन महाराजको शुभ संवत् भनी ११० उल्लेख गरिएको छ । ती राजाको नाम के थियो ? त्यहाँ चर्चा छैन, छोराहरूको नाम भने देवसिंकर र गङ्गादेव भनी बताइएको छ । सो लेखोटमा चाविहार निर्माण गर्दाको शुभ लग्नको पनि चर्चा छ ।[१३७] साथै गङ्गादेवका सन्तानहरूको पुस्तावारी पनि दिइएको छ । माथि उल्लेख गरिएको ने.सं. ४०१ (वि.सं. १३३७) को अमरकोषमा चाविहारको उल्लेख आएकोले उक्त लेखोटमा उल्लिखित संवत् प्रचलित नेपालसंवत् हुनु धेरै सम्भव छ ।

चाविहार नाम रहनुको कारणमा नेवारी भाषामा 'चा' को अर्थ रात्री र 'बहिल' को अर्थ निवासस्थान हुन्छ ।[१३८] यसरी चाबहिल भन्नाले रात्रीनिवास भयो । हुन पनि पहिले यो बाटो भएर तिब्बतमा जाने व्यापारी-हरूलाई बेलुका बास बस्न दिई गुप्तयोगिनीको प्रसाद दही पियाएर बाटो लगाइने प्रचलन भएको जनश्रुति अझै सुन्न पाइन्छ । यो जनश्रुतिको आधारलाई हेर्दा चाविहार नाम पछि रूढ भएर आएको भन्ने देखिन्छ । यसभन्दा अघि यसको नाम अरू कुनै रहेको हुनुपर्छ । यस विषयमा प्रकाश पार्ने अरू केही त पाइएको छैन, तर यही विहारको दक्षिणपट्टिको सिँढीमा रहेको शिलापत्रमा ने.सं. ७७५ (वि.सं. १७११) चैत्रकृष्णमा राजविहार बस्ने शाक्यभिक्षु श्रीजयतक्लपसिंसहित

---

१३२ Daniel Wright (Ed.), *op.cit.*, foot note no. 110, p. 66.

१३३ बाबुराम आचार्य, *पूर्ववत्*, पादटिप्पणी १०६ सङ्ख्या, १० पृष्ठ ।

१३४ *ऐजन* ।

१३५ (क) पं. पूर्णरत्न वज्राचार्य, (सम्पा.) *बृहत्सूचीपत्रम्*, नवमो भागः, (काष्ठमण्डपः राष्ट्रिय अभिलेखालय, वि.सं. २०२६), १० पृष्ठ । "श्रेयोऽस्तु सम्वत् ४०१ भाद्र शुक्ल द्वादस्याया धनेष्ठनक्षत्रे आदीतवासरे । राजाधिराजपरमेश्वर परभट्टारिक श्रीश्रीजयार्जुनदेवस्य विजयराज्ये लिखितमि । श्रीमानिग्लास्थानाधिवासिनः चाविहार वैद्य श्रीजसराजनाम्नेन लिखितम् ।"

(ख) Luciano Petech, *op.cit.*, foot note no. 68, p. 132.

१३६ (क) D. R. Regmi, *Madievel Nepal*, Part I, (Calcutta, K. L. Mukhopadhyay, 1965), p. 420. "श्रीमन चाविहारे शाक्यभिक्षु श्रीमदनभद्रेण स्वयं पाठार्थहेतुना लिखितमिदम् रामदत्तेनवैहः । श्रेयोऽस्तु सम्वत् ५३८ माघकृष्ण अष्टम्यां विशाषप्रअनुराधानक्षत्रे ध्रुवयोगे शनैश्चरवासरे सम्पूर्णदिने राजाधिराज श्रीश्री जयज्योतिर्मल्लदेवस्य विजयराज्ये श्रीनेपालमण्डले ।"

(ख) Luciano Petech, *op.cit:*, foot note no. 68, p. 164.

१३७ यो 'सफु' चाविहारका गुठियार शाक्यहरूकहाँ छ । मूल प्रति चाविहारको भण्डारमा छ । तस्वीरप्रति मैले श्रीशान्तरत्न शाक्यबाट हेर्न पाएको हुँ ।

१३८ बाबुराम आचार्य, *पूर्ववत्*, पादटिप्पणी १०६ सङ्ख्या, १० पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भई राजविहारमा गजुर हालेको चर्चा पाइनाले चाबहिलको नाम राजविहार पनि रहेछ कि भन्ने बुझिन्छ ।[१३९] यस कुरामा कसैले शङ्का व्यक्त गरेका छन् ।[१४०] नेवारी भाषा बोल्नेहरू यसलाई 'थतुचाबहि' भनी सम्बोधन गर्छन् ।

यो बहालमा कुमारी छिन् । चाबहिलको सङ्घका शाक्यहरूका छोरीमध्येबाट कुमारी छान्ने प्रचलन छ । क्वापाद्येभन्दा माथिको कोठामा उनी बस्छिन् । विधिवत् कुमारीलाई सो ठाउँमा भित्र्याउने धार्मिक अनुष्ठानको कार्य, मखनबहिका वज्राचार्यले गर्छन् । स्थानीय बासिन्दाहरू पर्वविशेषमा र नववरवधू विवाहपश्चात् त्यहाँ दर्शन गर्न जाने प्रचलन छ । चाबहिलकी कुमारी दिसीपूजा, अक्षय तृतीया, गुँलाको पञ्चदान आदि कार्यहरूमा भाग लिन्छिन् ।

यो विहारसँग सम्वन्धित शाक्यहरू चाबहिलमा अहिले सत्र घर छन् । यो विहार निजी गुठीअन्तर्गत भएकोले विहारमा गर्नुपर्ने पूजाआजा एवं क्रियाकर्महरू तिनै शाक्यहरूले आफ्नो पालोअनुसार गर्छन् ।

प्रत्येक वर्ष पशुपतिक्षेत्रको विभिन्न ठाउँमा नचाइने 'नाँगे नाच' को तयारी गर्नेलगायत नाच्ने व्यक्तिहरू चाविहारकै हुन्छन् । त्यसरी नाच्दा पशुपतिका पुजारीलगायत विभिन्न देव-देवी रहेका चोकहरूमा पनि नाच्न जानुपर्ने परम्परालाई हेर्दा चाबहिलको पशुपतिक्षेत्रमा अन्य मठमन्दिरहरूसँग रहेको सम्बन्धबारे बुझ्न सघाउँछ ।

१४.१७ कोटुबहिल

पशुपतिक्षेत्रमा रहेका बौद्ध साधनास्थलहरूमध्ये कोटुबहिलको आफ्नै किसिमको महत्त्व छ । यसलाई 'धर्मचक्र महाविहार' पनि भन्छन् । यो बहिल सिफलबाट चन्द्रविनायकमन्दिर जाने मूल बाटो एवं मित्रपार्कबाट सिफलतर्फ जाँदाको चौबाटोको केही पश्चिममा पर्दछ । पूर्वाभिमुख भएर रहेको यो विहारमा अरू विहारहरू झैँ बीचमा चोक र चारैतिर चौघेरा भवन पहिले रहेको भए तापनि पूर्वतर्फ हालसालै मर्मतजीर्णोद्धार भएको केही भाग र मुख्य देवता रहेको जीर्ण भागबाहेक बहिलको अरू भाग अहिले छैन (चित्रसङ्ख्या १८८) । पहिले चौघेरा रहेको देखाउने सङ्केतहरू त्यहाँ अझै प्रशस्त छन् ।

यो बहिलको पूजाआजा स्थानीय दुइ कवलका शाक्यहरूले आ-आफ्नो पालोमा गर्छन् । प्रत्येक अष्टमीमा पालो फेरिने चलन गराएका छन् । यो बहिल निजी गुठीअन्तर्गत सञ्चालित छ । बहिलको जीर्ण अवस्थाले नै देखाउँछ कि यसको सञ्चालन स्थिति रुग्ण छ । चोकको पश्चिमपट्टि मुख्य देवता रहेको भागको बाहिर दायाँ-बायाँ स-साना झ्यालहरू छन् । मूल ढोका कलात्मक छ । यस बहिलको मूलदेवता अक्षोभ्य हुन् र त्यहाँ पञ्चध्यानी बुद्ध र अजिमा पनि छन् । माथिल्लो तलाको चोकपट्टिको भागमा तीनमुखे कलात्मक झ्याल छ । चोकको बीच भागमा तीनवटा प्रस्तरचैत्यहरू छन् । त्यसमध्ये दुइवटा लिच्छवि शैलीका चैत्यहरू छन् ।

यो बहिलको आफ्नै 'सङ्घ' छ र सङ्घका दीक्षित शाक्यहरूले बहिलमा गर्नुपर्ने नित्यनैमित्तिक कार्यहरू गर्छन् । सङ्घका शाक्य कुमारहरूको 'बरेछुयागु' लगायतका कार्यहरू आफ्नै बहिलमा गर्छन् । सङ्घमा पाँच जना थकालीहरू छन् ।

---

१३९ शंकरमान राजवंशी, पूर्ववत्, पादटिप्पणी ९९ सङ्ख्या, ८१ पृष्ठ ।

१४० John K. Locke, S.J., *Buddhist Monasteries of Nepal*, First Edition, (Kathmandu: Sahayogi Press Pvt. Ltd., 1985), p. 394.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो बहिलको स्थापनाको सम्बन्धमा निश्चित रूपमा भन्न सकिन्न । चाबहिलका शाक्यहरूबीच प्रचलित जनश्रुतिअनुसार चाबहिल बनाउँदा उब्रेको सामानले कोटुबहिल बनाएको भन्ने छ । चाबहिल संवत् ११० (वि.सं. १०४७) मा बनेको भन्ने कुरा चाबिहारमा रहेको एक 'सफु' मा उल्लिखित छ ।[१४१]

कोटुबहिलको महत्त्व प्राचीन देवपत्तनको सिमानामा पर्नुमा पनि छ । हुनत पञ्चायत र नगरपालिकाको सिमाना निर्धारणले गर्दा पुरानो सिमानाहरू यताउता परिसके तैपनि कतिपय इतिहासहरू बुझ्न पुराना सिमानाहरूको जानकारी आवश्यक हुन्छ ।

कोटुबहिलभित्र मुख्यदेवतानजिक रहेको शिलापत्र पढ्न पाइए त्यसबाट सो बहिलको इतिहास बुझ्न केही सहयोग पुग्थ्यो तर त्यहाँ रहेको शिलापत्र हेर्न नदिने हुनाले तथ्य कुरा जान्नुबाट पछि पर्नुपरेको छ ।

कोटुबहिलका शाक्यहरूले त्यहींनजिक रहेको 'ढोद्य' लाई कार्तिकपूर्णिमाको दिन 'जापाय' गरी देवाली गर्ने प्रचलनलाई हेर्दा उनीहरूको कुलदेवता ढोद्य रहेछन् भन्ने बुझिन्छ ।

१४.१८ विश्वरूपामन्दिर

पशुपतिक्षेत्रमा रहेका बृहदाकारका मन्दिरहरूमा 'विश्वरूपा' मनिदर पनि एक हो । मृगस्थली जङ्गलको पूर्वपट्टि यो मन्दिरको स्थापना भएको छ । राजकीय गुम्बज शैलीमा निर्मित यो मन्दिरको चारैतर्फ दुइपाखे छानायुक्त दुइ तले सत्तल निर्माण गरिएको छ । यो मन्दिरको स्थापनाको सम्बन्धमा विभिन्न भनाइहरू सुन्न पाइन्छ । वि.सं. १९१२ मा भोटसँगको युद्धमा नेपालको विजय होस्, धनजनको धेरै नोक्सान नहोस् भन्ने कामना जङ्गबहादुरको रहेको थियो । त्यसै सिलसिलामा भोट जाने मार्गमा एउटा ठूलो शिला फेला पर्‍यो, त्यही शिलालाई त्यहाँ भैरव रूपमा मानी आकांक्षा पूरा भएको खण्डमा काठमाडौंमा लगी स्थापना गर्ने भागल उनले गरेका थिए । फलस्वरूप उक्त शिलालाई काठमाडौंमा निकै परिश्रमसाथ ल्याइयो र मृगस्थलीको जङ्गलमा राखी पूजा गर्न शुरू गरियो । पछि राणाजीहरूले खुबै मान्न थाले । यतिकैका हनूमान्ढोकादरबारभित्र प्रताप मल्लले निर्माण गरेको विश्वरूपा अर्थात् कामकामेश्वरीको धातुको ठूलो मूर्ति लामो समयदेखि यसै छिँडिमा रहेको देखी उनले उक्त मूर्तिलाई पनि मृगस्थलीको भर्खरै स्थापित भैरवस्थानको प्राङ्गणमा मन्दिर बनाई स्थापना गर्ने निधो गरे । यस प्रकार मन्दिर बनाउन शुरू भयो र वि.सं. १९२० मा मन्दिरको निर्माण कार्य पूरा भयो । *देवमालावंशावली*मा यस मन्दिरको विषयमा चर्चा गर्दै लेखिएको छ – "श्री ३ महाराज जङ्गबहादुर राणाबाट धेरै तन्त्र बटुली ठूलो परिश्रम गरी ध्यान मिलाई नेपालभर कहीं नभएको मूर्ति दुनियाँ उद्धार होस् आफू पनि ईश्वरका चरणाविन्दमा भक्ति वृद्धि भै आफू र स्ववंशसमेत उद्धार होस् भनी ईच्छाले विक्रम संवत् १९२० सालमा कोटिहोम गरी प्रतिष्ठा कर्म पुऱ्याई अङ्गावरण सहित गरी स्थापना गरिदिएका हुन्" ।[१४२] बौद्ध धर्मावलम्बीहरू यस मूर्तिलाई हेरुकको रूपमा पूजाआजा गर्छन् । वि.सं. १९२४ मा मन्दिरको पश्चिमतर्फ ढलोटका दुइवटा ठूला घण्ट जङ्गबहादुर राणाले नै राखिदिए ।

यो मन्दिर स्थापना बृहद् योजनामा निर्मित छ । तीन तहयुक्त पेटी चारैतर्फ छन् । त्यसमाथिको डबलीमा चौकोर किसिमको मन्दिरको निर्माण भएको छ । झण्डै सोह्र फीटको भुइँतला छ र त्यसमाथि बीचमा गुम्बज भईकन चारैतर्फ प्रदक्षिणा गर्न हुने किसिमले बार्दली बनेको छ । तर माथिल्लो तलामा जान हुने भित्री भऱ्याङ्ग छैन । बाहिरपट्टि कुनै भऱ्याङ्ग नराखी माथिल्लो तलामा जान सकिँदैन । गर्भगृहको चारैतर्फ तीन-तीन ढोका संयुक्त भएको ठूल्ठूला

---

१४१ यो 'सफु' चाबिहारको भण्डारमा छ ।

१४२ *देवमालावंशावली, पूर्ववत्,* पादटिप्पणी १८ सङ्ख्या, ७८, ७९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काठका ढोकाहरू छन् । त्यसको दायाँ-बायाँ दुइ-दुइ आँखीझ्याल बनेका छन् । मन्दिरको बाहिर चूनामसलाको लिउन लगाइएको तथा ठाउँ-ठाउँमा चूनामसलामा कालो रङ्गको बुट्टाहरू बनाइएकोले मन्दिर आकर्षक देखिन्छ ।

मूल ढोका पश्चिमाभिमुख रहेको छ । मूल ढोकाबाट छिर्नासाथ चारैतर्फ झण्डै सात फीटको प्रदक्षिणापथ बनेको छ । गर्भगृहमा विशालकाय झण्डै बाह्र फिट जति अग्लो धातुको मूर्ति स्थापित छ । सह्रस्रौ हात, सह्रस्रौ टाउकोसहितको मूर्तिमा शक्ति आलिङ्गन अवस्थामा रहेकी छिन् । मूर्तिको पादपीठमा लहरै स-साना मूर्तिहरू उत्कीर्ण छन् । ती मूर्तिहरूलाई सधैँजसो रातो कपडाले छोपेर राखिएको हुन्छ । तिनको तान्त्रिक विधिले पूजाआजा हुन्छ । त्यसकै अगाडि प्रस्तरमा कुँदिएको 'यन्त्र' रहेको छ । नित्यनैमित्तिक पूजा पहिले सोही यन्त्रमा आवाहन गरिने प्रचलन छ । यहाँ भएको ढलोटमूर्ति शायद विश्वकै ठूलो ढलोटको मूर्तिमध्येमा पर्न सक्छ । मूल मन्दिरको आराध्य शक्तिसहित भएकोले यस मन्दिरको चारैतर्फ भएका मन्दिरमा पनि पूर्णकदका धातुका आकर्षक मूर्तिहरू स्थापित छन् । तिनमा राम, सीता; शिव, पार्वती; कृष्ण, राधा र लक्ष्मी, नारायणका छन् ।

जङ्गबहादुर राणाले आफ्नो प्रधामन्त्रित्वकालमा स्थापना गरेको मन्दिर हुनाले मन फुकाएर जग्गा गूठी राखेका थिए । यो मन्दिरको सुव्यवस्थित सञ्चालनको लागि उनले २५५ रोपनी तथा उनका भाइ कृष्णबहादुर राणाले ५० रोपनी गरी जम्मा ३०५ रोपनी जग्गा राखी त्यसको आयस्ताले नित्यनैमित्तिक पूजाआजा, वर्षवर्द्धनलगायत पुजारी, भँडारी, कुचिकार, चौकिदार तथा कुसलेहरूलाई खान्गी खुवाउनु पर्ने व्यवस्था बाँधिएको पाइन्छ । प्रत्येक अष्टमीका दिन विशेष किसिमले पूजाआजा गर्नुपर्ने कुरा लगतमा पाइन्छ ।[१४३] यहाँ दुइ जना पुजारी, दुइ जना बहिदार, एक जना कुचिकार, रोसनीबाजा बनाउने कुसले नौ जना तथा चौकिदार आठ जना थिए ।

राजकीय गुम्बज शैलीका मन्दिरमा यो मन्दिर भव्य र आकर्षक छ । अहिले गूठीसंस्थानले सञ्चालन गर्ने गरेको यो मन्दिर स्याहारसम्भाररहित भएकोले भौतिक रूपले जीर्ण र भग्न अवस्थामा छ । भएको गूठीजग्गा कुनै रैतान कुनै हराइसकेकाले मन्दिर सञ्चालन दयनीय अवस्थामा रहेको छ । मन्दिरलगायत चारैतर्फका सत्तलहरू अधिकांश भत्किसके बाँकी पनि रेखदेखको अभावमा भत्किने अवस्थामा छन् । यो मन्दिरले चर्चेको क्षेत्र र यसको महत्त्वलाई हेर्दा समयमा नै यसको जगेर्ना तथा समयानुकूल उपयोगको लागि उपयुक्त योजनासाथ कार्य हुनु नितान्त आवश्यक भइसकेको छ । जतिसक्दो चाँडो यसो हुन सकेन भने सदाको लागि नामेट हुने स्थितिमा यो मन्दिर पुगिसकेको छ ।

---

१४३ गूठीलगत तथा तहबिलकार्यालय, गूठीबन्दोबस्ततहबिलफाँट, लालमोहर नक्कल कि. नं. १३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वि.सं. १९५७ ताकाको आर्यघाटपरिसर

(तस्वीर : डा. कुर्त बोअक, सौजन्य : पाटन सङ्ग्रहालय)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ध्र अध्याय

पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनका प्रयासहरू

राष्ट्रदेवको रूपमा सम्मानित हुँदै एवं पुँजिदै आएका आराध्यदेव भगवान् पशुपतिनाथको मन्दिर रहेको पशुपति क्षेत्रको संवर्धनका लागि विभिन्न ऐतिहासिक कालहरूमा उठाइएका कदम एवं गरिएका कार्यहरू जान्नुपर्ने विषयको रूपमा हाम्रो सामु आउँछ । पशुपतिक्षेत्रमा विभिन्न ज्ञात-अज्ञात व्यक्तिहरूले मूर्ति, मन्दिर, स्तूप, विहार जस्ता साधनास्थलहरूको निर्माण, जीर्णोद्धार एवं तिनको सुव्यवस्थित सञ्चालनको लागि गरेका प्रयासहरूको बारेमा अघिल्ला अध्यायहरूमा चर्चा गरिसकिएको छ । किरात, लिच्छवि, मध्य, मल्ल र शाहकालमा त्यस्ता अनगिन्ती कामहरू भएका थिए । विभिन्न ऐतिहासिक कालहरूमा धार्मिक-आध्यात्मिक उत्कण्ठा र भावनाले स्थापना भएका मठ, मन्दिर, स्तूप, विहार एवं मूर्तिहरूको स्थापनाले गर्दा कालान्तरमा भगवान् पशुपतिनाथको मन्दिर रहेको क्षेत्रको महत्तामा अझ अभिवृद्धि भएको हो, यसमा सन्देह छैन । पशुपतिनाथको मन्दिर रहेको क्षेत्रको मात्रै होइन सबै तीर्थस्थलहरूमा यस्तो प्रसङ्ग दोहोरिएको पाइन्छ । व्यष्टि मठमन्दिरहरूको निर्माणले समष्टि क्षेत्रको संरक्षण, संवर्धनमा उत्प्रेरणा दिएको हुन्छ ।

यस अध्यायमा पशुपतिक्षेत्रको धार्मिक, सांस्कृतिक महत्त्वअनुरूप संरक्षण संवर्धनका लागि गरिएका विभिन्न कार्यहरूको सङ्क्षिप्त टिपोट गर्नुपरेको छ । ती कार्यहरू कुनै मन्दिरको व्यवस्थापन पक्षसँग सम्बद्ध छन् त कुनै गुठीव्यवस्था एवं कुनै यस क्षेत्रकै स्याहारसम्भार तथा सुविधाका विविध विषयसँग सम्वद्ध छन् । विभिन्न कालमा स्थापित धार्मिक कीर्तिहरूको सम्बधमा यथास्थान चर्चा गरिएकोले यहाँ दोहोर्‍याइरहनु आवश्यक देखिँदैन ।

१५.१ विभिन्न ऐतिहासिक कालमा भएका प्रयासहरू

किरातकाल तथा किरातकालभन्दा अगाडि तथा त्यसपछिको पूर्व लिच्छविकालसम्म पशुपतिनाथको मन्दिर र पशुपतिक्षेत्रको संरक्षण, संवर्धनमा के कस्ता कार्यहरू भए यसबारेमा प्रकाश पार्ने सामग्रीहरूको अभावमा अहिले यसै भएको थियो भन्न सकिन्न । यसको मतलब ती कालहरूमा केही हुँदै भएन भन्न खोजिएको होइन । ती कालहरूमा अनेक मठमन्दिर, स्तूप, विहार, एवं मूर्तिहरू स्थापना भए । लिच्छवि राजा नरेन्द्रदेवको समय संवत् १०३ (वि.सं. ७३६) ज्येष्ठमा देवपत्तनमा ढुङ्गेधारा बनाएको उल्लेख पाइन्छ ।[१] त्यसको रेखदेख, स्याहारसम्भारको जिम्मा भिक्षुसङ्घलाई दिइएको थियो । त्यस कालमा धर्मशाला, सत्तल आदि पनि बनेको हुनुपर्छ तर तिनको केही उल्लेख पाइँदैन । पशुपतिक्षेत्रमा विभिन्न शैव सम्प्रदायका आश्रम एवं भिक्षुसङ्घ पनि थिए । धार्मिक, आध्यात्मिक परितुष्टिमा तिनीहरूले सहयोग पुर्‍याएको पाइन्छ । तिनीहरूमध्ये त्यस वेला स्थापना गरिएका केही मूर्तिहरू अद्यापि छन् ।

मध्यकालमा स्थापित कृतिहरूको बारेमा बताउने सामग्रीहरूको अभाव छ । मध्यकालमा आनन्द मल्लको (वि.सं. १२०४-१२२४ आ.) समयमा पशुपतिनाथको मन्दिरमा पूजाआजासम्बन्धी विषयमा शङ्कराचार्य स्वामीबाट भएको व्यवस्था उल्लेखनीय मान्नुपर्छ । पशुपतिनाथमन्दिरमा पूजाआजासम्बन्धी व्यवस्था गर्नुभन्दा अगाडि त्यहाँ केही अव्यवस्था थियो कि भन्ने सङ्केत शङ्कराचार्य स्वामीले गरेको व्यवस्थाबाट बुझिन्छ । शङ्कराचार्य स्वामीले दाक्षिणात्य ब्राह्मण पुजारीबाट पशुपतिनाथमन्दिरमा पूजाआजा गर्ने व्यवस्थाको सूत्रपात गरिदिएका थिए । यो परम्परा रत्न

---

१ धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, प्रथम संस्करण, (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), ४९९ पृष्ठ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्लको समयसम्म अक्षुण्ण रूपमा कायम भयो । रत्न मल्लको समयमा यो व्यवस्थामा परिवर्तन आयो । फलस्वरूप रत्न मल्लको समयदेखि जगज्जय मल्लको समय (वि.सं. १७७९-१७९३ आ.) सम्म सन्न्यासी पुजारीहरूले पूजाआजा गर्ने गरेको विवरण पाइन्छ ।[२] जगज्जय मल्लको समयदेखि पुन: दाक्षिणात्य ब्राह्मणहरूबाट पूजा गराउने चलन चल्यो । त्यस वेलादेखि अहिलेसम्म यो चलन अक्षुण्ण चल्दै आएको छ ।

मल्लकालमा पशुपतिक्षेत्रमा प्रशस्त कृतिहरूको स्थापना भयो । मन्दिर, पाटी-पौवा, सत्तल, इनार, ढुङ्गेधारा जस्ता कीर्ति यस कालमा यहाँ निकै निर्माण भए । जनजीवनमा तिनको अधिक उपयोग र उपादेयता रहेको भए तापनि त्यस वेला स्थापित केही मन्दिरहरूबाहेक अन्य कीर्तिहरू जीर्ण र उपयोगविहीन बन्न पुगेका छन् । समय-समयमा मर्मतजीर्णोद्धार हुन सकेका केही कृतिहरू मात्र अहिले उपयोगमा आउन सकेको छ । उदाहरणको लागि गुह्येश्वरी, राजराजेश्वरी, पशुपतिनाथमन्दिर, जयवागीश्वरी, ताम्रेश्वर, भुवनेश्वरी, वत्सलेश्वरी आदि मन्दिरहरूको वर्तमान स्वरूपलाई प्रस्तुत गर्न सकिन्छ । त्यसै गरी गुह्येश्वरीको धर्मशाला पनि त्यसै वेलाको कृति हो । पशुपतिक्षेत्रको संवर्द्धनको क्रममा आर्यघाटमा प्रस्तर छाप्ने काम गरी लक्ष्मीनरसिंह मल्लले गरी यश कमाएको उल्लेख पाइन्छ ।[३] पशुपतिप्राङ्गणमा स्थापित इन्द्रेश्वर, राधाकृष्णमन्दिरले पनि मल्लकाललाई सम्झाउँछ । मल्लकालमा पशुपतिक्षेत्रमा भएका धार्मिकबाहेक लौकिक पक्षका सेवा, सुविधासम्बन्धी कार्यहरूको त्यति विवरण पाइँदैन । मन्दिरक्षेत्रमा अन्न दानका भने केही उल्लेखहरू पाइन्छन् ।

श्री ५ पृथ्वीनारायण शाहले एकीकरणअभियानको सिलसिलामा काठमाडौँखाल्डोलाई जितिसकेपछि पशुपतिनाथको लागि गूठी[४] राखिदिए तथा पशुपतिनाथमन्दिरमा सुगमतासाथ पुग्न सकियोस् भन्नाको लागि धोबीखोलामा पुल हालिदिई सजिलो पारिदिए ।[५] उनका भाइभारदारहरू पनि पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनमा लागेको पाइन्छ । त्यसो हुनाको मुख्य कारण श्री ५ पृथ्वीनारायण शाहले धार्मिक-आध्यात्मिक समुत्थान तथा राष्ट्रिय संस्कृतिको अभिवृद्धिमा दिएको प्रोत्साहन हो । श्री ५ पृथ्वीनारायण शाहका सेनापति रामकृष्ण कुँवरले वि.सं. १८२६ मार्गशुक्ल चतुर्थीका दिन आर्यघाटदेखि गुह्येश्वरीसम्म जाने बाटो बनाइदिएका दिए ।[६] आफ्नो अन्तिमकालताका वि.सं. १८२६ मा रामकृष्ण कुँवरले मृगस्थलीमा 'रामकृष्णेश्वर' नामको शिवालय बनाई गूठीको व्यवस्था गरिदिएका थिए । पछि गएर रामकृष्णेश्वरवरपर उनका सन्तानहरूले प्रशस्त मन्दिर तथा शिवालयहरूको स्थापना गरे । ठूला-साना गरी गोरखनाथक्षेत्रमा मात्र एघारवटा धर्मशाला एवं सत्तलहरू बने । राजकीय गुम्बज शैलीमा निर्मित भव्य विश्वरूपाको मन्दिर बृहद् धर्मशालासहित बन्यो ।

पशुपतिक्षेत्रको महत्त्व अनुकूल संवर्द्धनको क्रममा विभिन्न समयमा स्थापित मठ, मन्दिर, पाटी, धर्मशाला तथा सत्तल आदिलाई उल्लेखनीय कार्यको रूपमा मान्नुपर्दछ । मन्दिरको वरपर वा नजिकमा धर्मशाला तथा सत्तलहरू स्थापना हुने गरेकोले मन्दिरमा पूजाआजा, यज्ञ-होम आदि धार्मिक कृत्य गर्ने व्यक्तिहरू तथा राती बास बसी गरिने पर्वउत्सव आदिमा धर्मशाला, सत्तल आदिले ठूलो सहयोग पुऱ्याउने कुरा स्मरणीय मान्नुपर्छ । जुनवेला सुगम

---

२ यस सम्बन्धमा सात अध्यायमा विस्तृत चर्चा गरिएको छ ।

३ योगी देवीनाथ (सम्पा.), *देवमालावंशावली,* (काठमाडौं: शूर शमशेर ज.ब.रा. वि.सं. २०१३), १२९ पृष्ठ ।

४ नयराज पन्त, देवीप्रसाद भण्डारी आदि (सम्पा.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* दोस्रो भाग, (ललितपुर: जगदम्बा प्रकाशन, वि.सं. २०२५), ९१४ पृष्ठ ।

५ यज्ञप्रसाद रुपाखेतीले सारेर राखेको *भाषावंशावली*को १२८ पृष्ठमा लेखिएको छ:-
"फेरि (श्री ५ पृथ्वीनारायण शाह) बाट पशुपति जाने मूल बाटो राम्रो गरी बनाई रुद्रमतीमा पुल समेत हाली त्यहाँबाट पूर्वतर्फ लडाइ गर्न पठाउँदा विजयपुर, चैनपुर, चण्डेली समेत फत्य भयो ।"

६ *ऐजन।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यातायातको व्यवस्था थिएन; कोसौंकोसदेखि पैदल यात्रा गरी आवत-जावत गर्नुपर्दथ्यो अहिले जस्तो लज, होटल आदि थिएनन् त्यस्तो अवस्थामा बटुवा तथा यात्रीहरूलाई विश्राम गराउने प्रमुख साधनको रूपमा पाटी-पौवाहरू रहेका थिए । तिनै उद्देश्य पूर्तिका लागि पशुपतिक्षेत्रमा विभिन्न दाता महानुभावहरूबाट पाटी-पौवा, धर्मशाला, सत्तल निकै निर्माण भए । खास गरी जस-जसले मन्दिर बनाएको छ, उस-उसले सोही मन्दिरको छेउछाउमा पायक पर्ने गरी साना-ठूला पाटी, पौवा, धर्मशाला, सत्तल आदि बनाएको पाइन्छ ।

शाहकालमा मन्दिरको साथमा मिल्दो गरी आवश्यकतानुसार पाटी, पौवा, धर्मशाला, सत्तल, बनाउने प्रचलनले बढावा पाएको थियो । साना-तिना केही मन्दिरहरूमा भने पाटी-पौवा बनेको पाइँदैन । वि.सं. १९२७ मा पञ्चदेवल निर्माण हुँदा सो मन्दिरको चारैतिर भव्य सत्तलहरू बने । वि.सं. १९१३ मा अमरकान्तेश्वर, सुरेशकान्तेश्वरको चारैतिर सत्तल बने । वि.सं. १९१६ मा दीपकुमारी शाहबाट प्राणेश्वरको साथै त्यस मन्दिरको तीनतर्फ सत्तल बने । राजराजेश्वरीघाटमा रहेको साम्राज्येश्वरीको चारैतिर वि.सं. १९०७ मा नेपाली कलाकृतिको नमूनालायक सत्तल बने । त्यस्तै गरी वि.सं. १९१५ मा खड्गबहादुर कुँवरले मृगस्थलीमा जगदीश्वर, इन्द्रेश्वर आदिको निर्माण गरी बनाएको सत्तल, बखतमुक्तेश्वर, रक्षामुक्तेश्वर, स्वर्णप्रकाशेश्वर, बहादुरजङ्गप्रकाशेश्वर, नीलप्रकाशेश्वरको वि.सं. १९८१ मा निर्माण गरेपछि त्यसको पश्चिमपट्टि स्थापना भएको दुइ तले सत्तल, वि.सं. १९११ मा गोरखनाथअगाडि रक्षेश्वरको साथ स्थापना भएको उत्तरतर्फको ठूलो सत्तल, वि.सं. १९३१ मा जितजङ्गप्रकाशेश्वर स्थापना गरेपछि निर्माण भएको सो मन्दिरको चारैतिरको सत्तल, वि.सं. १९३६ मा प्रकाशेश्वरको निर्माणको साथै बनेको सत्तल, शान्तबालेश्वर, भक्तहेमेश्वर, हेमभक्तेश्वर आदिको निर्माण भक्तवीर कुँवर राणाले वि.सं. १९०६ मा गरेपछि निर्माण भएको दक्षिणपट्टिको धर्मशाला, रत्नकुमारेश्वर, शेरनरसिंहेश्वर, केदारनरसिंहेश्वर, होमेश्वरी भगवतीको स्थापना गरी ती मन्दिरहरूको उत्तरतर्फ निर्मित सत्तलहरू, द्विजराजेश्वरको उत्तरपट्टिको सत्तल, गोरखनाथको जीर्णोद्धारपश्चात् रक्षाकुमारीले स्थापना गरेको सत्तलहरूलाई यस सन्दर्भमा उल्लेख गर्न सकिन्छ ।

मन्दिरको स्थापना नगरी अन्य धार्मिक कृत्यहरू गर्ने उद्देश्य राखी बनाइएका सत्तल, धर्मशालाहरू पनि शाह-कालमा प्रशस्त छन् । दक्षिणामूर्तिमन्दिरको पूर्वपट्टि रहेको ठूलो महास्नानघर, पशुपतिनाथमन्दिरको पश्चिमतर्फको कुलानन्द झाको सत्तल, वज्रघर, गौरीघाट सत्तल आदि यिनमा उल्लेख्य छन् ।

पशुपतिक्षेत्रको धार्मिक महत्त्वको अनुकूल हुने गरी यहाँ व्यवस्था गरिएका कतिपय कार्यहरूले पशुपतिक्षेत्रको संवर्द्धनको दिशामा योगदान पुऱ्याएको पाइन्छ । पशुपतिस्थित आर्यघाट अन्तिम संस्कारको कार्यको लागि प्रसिद्ध स्थल रहिआएकोले आर्यघाटमा ल्याइएका त्यस्ता अन्तिम अवस्थाका बिरामीहरूको लागि केही व्यवस्था गरिएको पाइन्छ । आर्यघाटमा वाग्वतीको अतिरिक्त पशुपतिनाथ र गुह्येश्वरीको चरणोदक बहने भएकोले यो स्थललाई 'त्रिवेणी' को रूपमा लिइन्छ । अन्तिम अवस्थामा घाटमा ल्याइने बिरामीहरू जसको आफन्त छन् तिनको लागि अरूले स्याहार-सुसार गर्नुपर्ने जरुरत पर्दैन । तर जसको आफन्त भन्ने सम्बन्धीहरू कोही हुँदैन त्यस्ताको निमित्त अन्तिम अवस्थामा सेवा गर्ने सेवीहरूको कत्तिको जरुरत रहन्छ स्वतः स्पष्ट छ । यस्तै कोही नहुनेहरूको लागि आर्यघाटमा सुसारियाहरू राख्ने व्यवस्था वि.सं. १९४१ मा श्री ५ सुरेन्द्रवीरविक्रम शाह, रणोद्दीपसिंह र उनकी मुखेनी हरिप्रियादेवीको संयुक्त प्रयासबाट भएको थियो । सो कार्यको लागि विभिन्न ठाउँमा गरी २२ रोपनी ४ आना जग्गा गूठी गरी राखिएको थियो । गूठीजग्गाको आयस्ताको निश्चित परिमाण आर्यघाटमा बस्ने रोगी-बिरामीहरूलाई स्याहार-सुसार गर्ने, पानी दिने, सुग्घर-सफाइ गर्ने व्यक्तिहरूलाई दिने व्यवस्था मिलाइएको थियो ।[७] आर्यघाटमा ल्याइने अन्तिम अवस्थाका बिरामीहरू राख्नको लागि आर्यघाटको दायाँ-बायाँ दुइवटा धर्मशाला बनाइएका थिए । दुइमध्ये दायाँपट्टिको सत्तलको बनावट अहिले पनि मूल रूपमा नै छ भने बायाँपट्टिको सत्तल भत्काई चन्द्रशमशेरद्वारा आधुनिक शैलीमा पछि

---

७ गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर नक्कल, कि.नं. ३, २२९ सङ्ख्या, ३७४ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुनर्निर्माण गरिएको हो ।[८] ती दुइ सत्तलका केही भाग अन्तिम अवस्थामा ल्याइएका बिरामीहरू राख्न प्रयोगमा आएको भए तापनि अहिले बिरामीहरूको स्याहारसम्भार गर्ने सुसारेहरूको व्यवस्था छैन । सेवा गर्ने भावनाले प्रेरित भई गरेको कार्य समयानुकूल र उत्कृष्ट हुँदाहुँदै पनि त्यसमा अपेक्षित नयाँ सेवा, सुविधाहरू आवश्यकतानुसार थपी विकास गर्नुपर्नेमा त्यसो हुन नसकी पहिलेदेखि सञ्चालन हुँदै आएका कार्यमा उल्टो अवरोध आउनु विचारणीय छ ।

पशुपतिक्षेत्रको संवर्द्धनको क्रममा सामाजिक महत्त्वका कतिपय सेवासुविधाहरू शाहकालमा जुटाइए । तिनमध्ये 'दाउरागूठी' पनि एउटा हो । यो गूठीको मुख्य काम आर्यघाटमा ल्याइएका गरीब-गुरुवाहरूको मुर्दा जलाउन दाउरा उपलब्ध गराउनु थियो । जङ्गबहादुरकी मुखेनी नन्दकुमारीले सो गूठी श्री ५ सुरेन्द्रवीरविक्रम शाहमा जाहेर गराइ 'छैं भँडेल' ले प्रयोग गरिरहेको स्वान गाउँ र कागति गाउँ तथा त्यसभित्र पर्ने घर, बारी, पाखाखेत पाएकी थिइन् ।[९] त्यसैबाट प्राप्त हुने आयस्ताबाट त्यो कार्य चलेको थियो । वि.सं. २००७ साल अगाडिसम्म त्यो कार्य श्री ३ गूठीबन्दोबस्तअड्डामार्फत चलेको थियो । कोही नभएका व्यक्तिहरू र अन्तिम संस्कारको काम गर्न धौ-धौ पर्ने गरीबहरूको लागि यस किसिमको व्यवस्थाले केही मात्रामा भए पनि त्राण दिएको थियो । त्यस गूठीअन्तर्गत अहिले पनि गूठीसंस्थानमार्फत नगण्य काम हुने गरेको छ ।

यस सन्दर्भमा 'परालगूठी' को पनि उल्लेखनीय स्थान छ । परालगूठी विभिन्न व्यक्तिहरूले राखेको पाइन्छ । पौष महिनादेखि चैत्र महिनासम्म गौरीघाट, आर्यघाट, राजराजेश्वरीघाटमा बिहानै नुहाउन आउने श्रद्धालुहरूको सुविधाको लागि कठ्याँङ्ग्रिदो जाडोमा सेवा पुगोस् भनी नदी किनारामा परालको आगो बाल्दिने व्यवस्थाको लागि आवश्यक जनशक्ति र सामग्री जुटाइदिने काम यस्तो परालगूठीअन्तर्गत भएको पाइन्छ । एकाध वर्ष अगाडिसम्म ती कार्यहरू राम्रैसँग सम्पन्न हुने गरेका थिए भने अहिले विस्तार-विस्तारै सेलाउँदै गइरहेका छन् । वाग्वतीलाई पनि कलुषित र प्रदूषित तुल्याइँदा नदीमा स्नान गर्ने श्रद्धालुहरू नभएपछि 'परालगूठी' महत्त्वहीन बन्न पुगेको छ ।

घाटमा ल्याइने बिरामीहरूको मरण हेर्ने घाटे वैद्यहरूको व्यवस्था अर्को उल्लेख्य पक्ष हो । खान्गी आदिको व्यवस्था गरी 'घाटे वैद्य' हरू राखिएकोमा पहिले पाइआएको खान्गी कटौती भएकोले अहिले काम गर्ने घाटे वैद्यहरू स्वेच्छाले मात्र काम गरिरहेका छन् । घाटे वैद्यहरूको विशेषता अन्तिम अवस्थाका भनिएका बिरामीहरूलाई घाटमा लैजानु पर्ने-नपर्ने वा मरणको आसपासको समय बताइदिनु रहेको पाइन्छ । जुन समय थाहा पाउँदा अन्तिम अवस्थामा गरिने धार्मिक कृत्यहरू गर्न तथा अर्घजल, फूलप्रसाद, चरणोदक आदि दिन समय प्राप्त हुन्छ र राम्रो मरण हुन्छ भन्ने धारणा जनमानसमा रहेको पाइन्छ । यसै कारणले गर्दा मुख्य-मुख्य घाटमा पहिले घाटे वैद्यहरूको व्यवस्था गरिन्थ्यो । अहिले आर्यघाटमा दुइ जना वृद्ध वैद्य घाटे वैद्यको रूपमा काम गर्दछन् ।

तीर्थस्थलमा आउने विभिन्न परिलक्षित समूह एवं सौन्दर्य र संवर्द्धनका लागि चौर वा गौचर छोड्ने, पोखरी, बगैंचा, ढुङ्गेधारा जस्ता सामुदायिक भलाइका क्षेत्रको सन्दर्भमा भण्डारखाल, भण्डारेश्वर बगैंचा, सिफल चौर, कैलाश, महास्नानबगैंचा, भुयुखेल, लामपोखरी, सानो सदावर्त बगैंचा, ल्होसलाखेल आदि यसैका उदाहरणहरू हुन् । तिनीहरूको अत्यधिक महत्त्व भए तापनि मानवीय अतिक्रमणले गर्दा त्यस्ता सार्वजनिक महत्त्वका कतिपय स्थलहरू मासिन गएका छन् । समाजमा रहेको तिनीहरूको उपादेयतालाई ध्यानमा राखी तिनलाई पुनरुद्धार गर्नु सामयिक हुने देखिन्छ । श्री ५ रणबहादुर शाहले पशुपतिनाथको नाममा समय-समयमा छाडिने साँढेहरूको चरनको लागि एक हजार रोपनी जग्गा

---

८ योगी देवीनाथ (सम्पा.), पूर्ववत्, पादटिप्पणी ३ सङ्ख्या, १३० पृष्ठ ।

९ श्री ५ सुरेन्द्रवीरविक्रम शाहको वि.सं. १९१० आषाढकृष्ण २ रोज ५ को लालमोहर, गूठीलगत तथा तहबिलकार्यालय, कि.नं. १, ८८ सङ्ख्या, ८९ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौचर गराई राखेका थिए ।[१०] सो गौचर 'ठूलो गौचर' नामले प्रसिद्ध 'थियो । पछि सोही गौचरमा त्रिभुवनअन्तर्राष्ट्रियविमानस्थल बन्यो । यसको अतिरिक्त श्री ५ रणबहादुर शाहबाट साँढेलाई दाना-पानी खुवाउने प्रबन्धका लागि जग्गा गूठी राखिदिएका थिए ।[११] प्राणी मात्रको भलाइ गर्न हिन्दूधर्मले सिकाएको शिक्षाकै कारणबाट प्रभावित भई ती कार्य भएका हुन्, त्यसमा शङ्का छैन । पशुपतिमा गरिने महास्नान एवं वृषोत्सर्ग जस्ता धार्मिक कार्यहरूमा भगवान् शिवको वाहनको रूपमा रहेको 'बसाहा' छोड्ने प्रचलन हुँदा छोडिएका बसाहाहरू खान नपाई, भोकभोकै नमरून्, बराल्लिएर सर्वसामान्य कृषकको खेत-बारीमा नजाऊन् भनी त्यस किसिमको व्यवस्था गरिएको हो । यसको अलावा पशुपतिक्षेत्रका बाँदर, कुकुर, माछा, परेवा जस्ता प्राणीहरूको सुरक्षा र खानाको लागि प्रबन्ध गरिएका उल्लेखहरू पाइन्छन् । पशुपति, गुह्येश्वरी, गोरखनाथक्षेत्रका बाँदरहरूलाई प्रति दिन मकै खुवाउनको लागि भोटु पाँडेले ३६ रोपनी जग्गा गूठी राखी व्यवस्था गरेको पाइन्छ ।[१२] प्राणी मात्रको उपकार गर्नुपर्ने सन्दर्भमा यी कार्यहरूलाई धार्मिक भावनाबाट प्रेरित मान्न सकिन्छ भने मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा पशुपतिक्षेत्रमा आउने दर्शनार्थीहरूलाई भोकाएका बाँदरले दुःख नदिऊन् भन्नाको लागि सुझबुझसाथ गरिएको प्रयास हो ।

पशुपतिक्षेत्रको धार्मिक महत्त्वको अभिवृद्धिको क्रममा गरिएका कार्यहरूको सिलसिलामा 'सदाबर्तगूठी' लाई बिर्सन सकिन्न । दीन-हीन, लुला-लङ्गडा, आयस्रोत केही नभएका व्यक्तिहरूको लागि निश्चित परिमाणको चामल, नून, दाल, दाउरा आदि निश्चित सङ्ख्यामा बाँड्नु सदाबर्त गूठीको मुख्य कार्य देखिन्छ । यस्ता कार्यहरूको लागि निश्चित जग्गा गूठीस्वरूप राखी सोही जग्गाबाट प्राप्त आयस्ताबाट गूठीहरू चलाउने गरिएको पाइन्छ । श्री ५ राजेन्द्रलक्ष्मीले पशुपतिमा सदाबर्त बाँड्नको लागि वि.सं. १८५३ मा ७५ रोपनी जग्गा गूठी राखेको पाइन्छ ।[१३] त्यस्तै गरी वि.सं. १८६९ मा राजपुरोहित राधावल्लभ अर्ज्यालले पनि पशुपतिमा सदाबर्त बाँड्न गूठी राखेका थिए ।[१४] त्यसको अतिरिक्त ब्राह्मणहरूलाई भोजन गराउन उनले छुट्टै गूठी राखेको उल्लेख पाइन्छ ।[१५] श्री ५ रणबहादुर शाहले पनि पशुपतिमा सदाबर्तगूठी राखेका थिए । सो सदाबर्त बाँड्नको लागि निर्माण गरिएको घर अहिले पनि 'सानो सदाबर्त घर' को नामले प्रसिद्ध छ ।

उपर्युक्त कार्यहरूको अतिरिक्त हिउँदमा बाँसका कीला राखी नदीलाई सोझ्याई स्नान गर्नेहरूलाई सुविधा दिने, बर्सादको समयमा वाग्वतीका ठाउँ-ठाउँमा साँघु हालिदिने, यात्रा-मेलामा पानी बाँड्ने, बाटो-घाटोमा पिउने पानीको घ्याम्पो स्थायी रूपमा राखी पानीको व्यवस्था गरिदिने जस्ता कार्यहरू कम महत्त्वपूर्ण छैनन् । समय, परिस्थितिअनुसार हिजोको आवश्यकता र आजको आवश्यकतामा फरक पर्न सक्छ तर सेवा सर्वव्यापक हुँदा तौर-तरिका फरक भए तापनि मूल आवश्यकता एउटै हुन सक्ने हुँदा पहिले भए गरेका कार्यहरूबाट आगामी दिनहरूको लागि नयाँ उपायहरूको अवलम्बन गरी बढी सेवा सुविधा उपलब्ध गराई यस क्षेत्रको संवर्द्धनमा सहयोग पुऱ्याउनु वाञ्छनीय देखिन्छ ।

---

१० Mahesh C. Regmi, *Land Tanure and Taxation in Nepal*, First Edition, (Kathmandu: Ratna Pustak Bhandar, 1978 A.D.), p. 644.

११ वि.सं. १८६८ पौषकृष्ण १३ को वीरकेशर पाँडेको पत्र, अभिलेख शाखा, पो.सं.६, प.नं.१ ग, सि.नं. २००२, १६२ सङ्ख्या, २४ पृष्ठ ।

१२ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, *शाहकालका अभिलेख*, पहिलो भाग, (कीर्तिपुरः नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७), ४४९-४५१ पृष्ठ ।

१३ श्री ५ रणबहादुर शाहको वि.सं. १८५३ मङ्सिरकृष्ण ११ रोज ६ को पत्र, गूठीलगत तथा तहबिलकार्यालय, लालमोहर कि.नं. २, २१९ सङ्ख्या, ८३ पृष्ठ ।

१४ राधावल्लभ अर्ज्यालको वि.सं. १८६९ को पत्र, अभिलेख फाँट, लालमोहर नक्कल, पो.सं. २८, सि.नं. ३२५९, प.नं. १ ग, २९४ सङ्ख्या, ४० पृष्ठ ।

१५ गूठीलगत तथा तहबिलकार्यालय, काम बाँकी पोका नं. ३, २७ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रमा आउने तीर्थयात्रीहरू र यहाँका बासिन्दाहरूलाई स्वास्थ्यसम्बन्धी सेवासुविधा पुऱ्याउन पशुपति होमियोप्याथी अस्पताल र यलोप्याथी उपचारको लागि रामघाटअस्पताल स्थापना गरिएका थिए । वि.सं. २०१९ मा स्थापित होमियोप्याथी अस्पताल वि.सं. २०४३ सालदेखि पुल्चोकमा सऱ्यो । पशुपति होमियोप्याथी अस्पतालको सूत्रधार डा. रामनाथ भन्ने एक जना अघोरी बाबा थिए । नेपालमा सर्वप्रथम होमियोप्याथी अस्पतालको श्रीगणेश पशुपति-क्षेत्रबाट नै भएको हो । रामघाट अस्पतालमा पहिले चार शय्याको क्षमता थियो । अहिले चिकित्सकसहितको स्वास्थ्य चौकीको रूपमा छ ।

यसै गरी शाहकालको शुरूमा पशुपतिक्षेत्रमा स्थापित मठमन्दिरहरूको पूजाआजा तथा अन्य व्यवस्थाको लागि गूठीहरूको स्थापना गर्नुको अतिरिक्त अनेक कृतिहरूको पनि स्थापना हुँदै गयो । पशुपतिक्षेत्रमा धार्मिक-आध्यात्मिक महत्त्वका कृतिहरूको विस्तार हुँदै जानाले क्षेत्रगत दृष्टिबाट त्यसको संरक्षण-संवर्द्धनमा ध्यान दिनुपर्ने वातावरण बन्दै गयो । फलतः त्यसको जिम्मा 'अमाली' लाई दिइयो । यो कुरा वि.सं. १८५३ को लालमोहरबाट थाहा हुन्छ । त्यहाँ वाग्वती आर्यघाटको घाट भत्केको जीर्णोद्धारको काम पहिले स्थानीय जनसहयोगमा अमालीको मातहतबाट हुन्थ्यो भन्ने थाहा हुन्छ ।[१६] जीर्णोद्धारको क्रममा चाहिने रकम गूठीको शेषकसरबाट प्राप्त हुने बन्दोबस्त थियो । वि.सं. १८७० मा श्री ५ गीर्वाणयुद्धवीरविक्रम शाहले देवपाटनको खास सिमाना तोकी त्यसभित्र पर्ने गूठी, जागीर र बिर्ताबाहेकका जग्गा भगवान् पशुपतिनाथलाई अर्पण गरी गूठी राखिदिएपछि त्यसको जिम्मा पशुपतिका मूलपुजारीलाई दिइयो । त्यसपश्चात् शिवरात्रि, रामनवमी, मेषसङ्क्रान्ति, दमनारोपण, धनुर्मास, दशहरा, महाअष्टमी, विजयादशमी, श्रीपञ्चमी आदि पर्वहरूमा अर्पण गरिएको जग्गाको आम्दानीले पशुपतिनाथमा पूजाआजा गरी बाँकी भएका रुपैयाँ जम्मा गरी एवं देवपाटनका प्रजाबाट झारा उठाई मठमन्दिर, बाटोघाटो बनाउने चलनको सूत्रपात भयो । यो व्यवस्थाले गर्दा समुच्चा पशुपतिक्षेत्रको संरक्षण, संवर्धनको जिम्मा मूलपुजारीको हातमा गयो । त्यसो भए तापनि व्यवस्था गरिएअनुसारको पूजाआजा गरी बाँकी भएको आम्दानीले पशुपतिनाथमन्दिर र वासुकीमन्दिरको सिँगार-पटारका केही काम गर्नुबाहेक अन्य मठ, मन्दिरहरूमा मर्मतजीर्णोद्धार गरिएका उल्लेखहरू आजसम्म पाइएका छैनन् ।

पशुपतिक्षेत्रलाई रमणीय पारी संवर्द्धन गर्ने क्रममा पशुपतिवरपर बागबगैंचाहरूको स्थापना विभिन्न व्यक्तिहरूले गरे, वाग्वतीका घाटहरू बने । गुह्येश्वरीमन्दिरको उत्तरपट्टिका घाटहरू रणोद्दीपसिंहकी जेठी मुखेनी हरिप्रियादेवी र बैठकेहरूले बनाए । राजराजेश्वरीमन्दिरपूर्वका घाटहरू वि.सं. १९४० सालमा श्री ५ पृथ्वीवीरविक्रम शाहको राज्यकालमा बन्यो । रामघाट १९९० मा बन्यो । आर्यघाटका घाट एवं त्यसको पूर्वपट्टिका प्रस्तर सिँढीहरू रामकृष्ण कुँवरले बनाउन लगाएका थिए, पछि जङ्गबहादुर राणाले मर्मतजीर्णोद्धार गरे । गौरीघाट वि.सं. २०१५ मा श्री ५ महेन्द्रवीरविक्रम शाहलें जीर्णोद्धार गरिबक्सेको हो । यही परम्परामा रामघाटको दक्षिणपट्टिको केही घाट वि.सं. २०४३ सालमा पशुपतिक्षेत्रविकासकोषको संयोजनमा बनाइयो । नदी नियन्त्रण र वाग्वतीको दायाँ-बायाँको मन्दिर, मूर्ति एवं धर्मशाला, पाटी, पौवाको संरक्षणमा ती घाटहरूको निर्माणले ठूलो मदत पुऱ्याएका छन् । साथै ती घाटहरूको निर्माणले गर्दा वाग्वतीमा नुहाउन आउने श्रद्धालु भक्तजनहरूलाई पनि सजिलो पुग्न गएको छ । त्यति मात्र होइन पशुपति क्षेत्रको सौन्दर्यको अभिवृद्धिमा पनि त्यसले मदत पुऱ्याएको स्पष्ट छ ।

वि.सं. १९०४ मा श्री ५ सुरेन्द्रवीरविक्रम शाहबाट पशुपतिक्षेत्रको वन तथा वन्यजन्तु संरक्षणमा गरेको व्यवस्था पनि यस सन्दर्भमा उल्लेखनीय मान्नुपर्छ । पशुपतिक्षेत्र वनदुर्गको रूपमा रहेको कारण लिच्छविकालदेखि नै यसको संरक्षणमा नियम-कानूनहरू बनाइएको हुनुपर्छ । त्यसैको परम्परास्वरूप जयप्रकाश मल्लले ने.सं. ८७२ (वि.सं.

---

१६ परिशिष्टभाग, अभिलेखखण्ड (क), ११४ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८०९) मा लालमोहर गरी वन तथा वन्यजन्तुको संरक्षणमा कदम चालिएको बुझिन्छ ।[१७] त्यही परम्परालाई कायम राख्न श्री ५ सुरेन्द्रवीरविक्रम शाहबाट वि.सं. १९०४ मा लालमोहर भएको थियो ।[१८] जसअनुसार पशुपतिक्षेत्रमा चराचुरुङ्गी तथा माछा मार्न नपाउने; सुकेका रूखका हाँगा-बिँगाबाहेक अरू काट्न नपाउने तथा घाट, पाटी बनाउँदा-सोझ्याउँदा काट्नुपर्ने रूख, हाँगा-बिँगाबाहेक अरू रूख काट्न नपाउने व्यवस्था भयो ।[१९] पशुपतिस्थित श्लेष्मान्तक नामले प्रसिद्ध जङ्गलका रूखहरू ऋषि-मुनिहरू हुन् भन्ने भावनात्मक विचारको सूत्रपात त्यसै वेला भयो । समुच्चा पशुपतिक्षेत्रका वृक्षहरूको संरक्षणमा यसबाट मदत पुग्न नसके पनि श्लेष्मान्तक जङ्गलको सुरक्षामा भने केही सघाउ पुग्न गयो ।

धार्मिक-सांस्कृतिक महत्त्वका कीर्तिहरू अत्यधिक सङ्ख्यामा रहेको पशुपतिक्षेत्रको मठ, मन्दिर, मूर्ति तथा पाटी-पौवाहरूको समष्टिगत संरक्षण, संवर्द्धनको लागि वि.सं. १९६१ मा स्थापित 'पशुपतिगोश्वरा' नामको अड्डाको उसवेला उल्लेखनीय स्थान रहेको थियो । पशुपति, गुह्येश्वरीमन्दिरको हाता इलाकाभित्रका मठ, मन्दिर, पाटी, बाटो, पुल आदिहरूको सामान्य मर्मत जीर्णोद्धार गर्ने, निजी गूठीअन्तर्गतका कीर्तिहरूको संरक्षण गर्न सम्बन्धित दाता वा दाताका सन्तानहरूलाई उत्प्रेरित गर्ने काम पशुपतिगोश्वाराले गर्दथ्यो । गूठी नभएका बेवारिससरह भएर रहेका कृतिहरूको मर्मतजीर्णोद्धारको निमित्त अख्तियारवालाकहाँ जाहेर गरी निकासा भएबमोजिम गर्ने काम पनि पशुपतिगोश्वाराले गर्दथ्यो । पशुपतिगोश्वाराले एक पटकमा रु. ५०।- सम्म खर्च गरी देवालय, पाटी, पौवा, पुल बनाउन सक्थ्यो । त्यसभन्दा बढी खर्च गर्नुपर्ने भएमा पब्लिक वर्क डिपार्टमेन्टनामक अड्डामा लेखी पठाई निकासा भएअनुसार गर्नुपर्दथ्यो । मठ, मन्दिर जस्ता कृतिहरूको मर्मतजीर्णोद्धार गर्न आवश्यक पर्ने जिन्सी सामानहरू माल-गौँडाहरूबाट सजिलैसँग दिनुपर्ने व्यवस्था मिलाइएको थियो । पशुपतिक्षेत्रमा जथाभावी मन्दिर, धर्मशाला, पाटी, पौवाहरू नबनून् भन्ने हेतुले कसैले कुनै कीर्तिहरू बनाउने मनसुवा गरेमा पशुपतिगोश्वारामा जानकारी गराई बडागुरुज्यूमार्फत अख्तियारवालाकहाँ जाहेर गर्नुपर्ने चलनले जथाभावी कृतिहरू बन्न सक्ने अवस्थालाई केही नियन्त्रण गरेको थियो । तिनीहरूको अतिरिक्त पूजाआजा, मन्दिरको सुग्घर-सफाइ, सुरक्षा, परम्पराअनुसार पर्वपूजा चले-नचलेको हेर्ने, मन्दिरको मर्यादा कायम गर्ने, आर्यघाटमा राखिने बिरामीहरूको हेरचाह गर्ने, शौचालयको रेखदेख गर्ने, अरुण, वरुण नामक ढुङ्गेधारा तथा जयवागीश्वरीको 'लुँहिटी' नामको ढुङ्गेधाराको हेरचाह गर्ने, सात-सात दिनमा मङ्गाल सफा गर्ने, घाट-चिता हेर्ने, वन हेर्ने, वन विकास गर्ने, बिजुलीबत्तीको व्यवस्था गर्ने, पाटी-पौवा सत्तलको रेखदेख र व्यवस्था गर्ने, ताम्रपत्र, शिलापत्र, लालमोहरमा लेखिएबमोजिम गूठीद्वारा गर्नुपर्ने कामहरू भए-नभएको हेर्ने जस्ता कार्यहरू पशुपतिगोश्वाराले गर्दथ्यो ।[२०] गूठीसंस्थानको स्थापनापश्चात् पशुपतिगोश्वाराको पहिले भएको सनदमा समय र परिस्थितिअनुसार केही पनि परिवर्तन हुन सकेन । बजारभाउ दिनपरदिन आकाशिँदै गएको तथा गूठीव्यवस्थामा पनि ह्रासोन्मुख प्रवृत्ति बढ्दै गएकोले पशुपतिगोश्वाराले पहिले भएको व्यवस्थाअनुसार काम गर्न सकेन । फलतः सामान्य रेखदेख मात्रै पशुपतिगोश्वारामा सीमित हुन पुग्यो । वास्तवमा भन्ने हो भने वि.सं. २००७ सालपश्चात् यसको कार्यक्षेत्र सङ्कुचित हुँदै गयो । अहिले आएर नाम मात्रको अड्डाको रूपमा रहनुको पछिल्तिर तिनै कारणहरू निहित छन् । अझ वि.सं. २०३४ मा पशुपतिक्षेत्रसुधार तथा विकाससमितिको स्थापनाले केही कामहरूमा दोहोरोपन पनि देखापर्‍यो । पशुपतिक्षेत्रको मर्मत, जीर्णोद्धारका कार्यहरूमा खास गरी दोहोरोपन केन्द्रित भयो ।

---

१७ परिशिष्टभाग, अभिलेखखण्ड (क), ८५ सङ्ख्या ।

१८ परिशिष्टभाग, अभिलेखखण्ड (क), २१४ सङ्ख्या ।

१९ ऐजन।

२० पशुपतिगोश्वारालाई वि.सं. १९८९ चैत्र ११ गते भएको अख्तियारीको सनद, पशुपतिगोश्वारा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनको सिलसिलामा बसोबास उठाइएका उल्लेखहरू पनि पाइन्छन् । भण्डारखालबगैंचा बनाउँदा त्यहाँबाट तीस घर सारी भण्डारखालको विस्तार गरिएको थियो । त्यस्तैं इँटापाखामा बसोबास गरी आएका पोडेहरूलाई त्यहाँबाट उठाई गौचर पश्चिमको खाली ठाउँमा वि.सं. १९४५ मा बसाइएको थियो ।[२१] ती कामहरू पशुपतिक्षेत्रलाई रमणीय र आकर्षक तुल्याई संवर्द्धन गर्ने क्रमका प्रारम्भिक पाइलाहरू हुन् ।

१५.२ वि.सं. २०१६ को दशकमा पशुपतिक्षेत्रमा भएका विकासनिर्माणसम्बन्धी कार्यहरू

पशुपतिक्षेत्रको संरक्षण, संवर्धनको क्रममा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट उपत्यकाञ्चल तात्कालिक सुधारसमिति वि.सं. २०१४ मा गठन गरी त्यसमार्फत गराइएका कार्यहरू उल्लेखनीय छन् । ऐतिहासिक एवं सांस्कृतिक महत्ताका सम्पदाहरूको स्याहारसम्भार तथा मर्मत गर्ने कार्यलाई बढावा दिई तिनको जगेर्ना गर्न वि.सं. २०१२ माघ ३ गते श्री ५ महेन्द्रवीरविक्रम शाहबाट तेह्र सूत्रीय योजनाको घोषणा गरिबक्सेपछि स्थानीय मालपोतको आम्दानीको सयकडा पाँच प्रतिशत रकम त्यस्ता काममा खर्च गर्ने नीति बन्यो । तर काठमाडौं अधित्यकामा मालपोतबाट हुने आम्दानी कम भएको तथा गर्नुपर्ने कामचाहिँ धेरै भएको हुँदा सो कुरा श्री ५ महेन्द्रवीरविक्रम शाहमा जाहेर हुँदा सरकारबाट देवी-देवताका मन्दिर, पुल, बाटो, ढलहरूको तात्कालिक सुधारको निमित्त काठमाडौंको लागि रु. १,००,०००।-, ललितपुरको लागि रु. ५०,०००।- र भक्तपुरको लागि रु. ५०,०००।- प्रदान गरिबक्सी ऐतिहासिक कार्यको थालनी गरिबक्स्यो । वि.सं. २०१४ मा स्थापना भई वि.सं. २०१६ मा तोकिएका कार्यहरू सकी विधिपूर्वक विघटन भएको उपत्यकाञ्चल तात्कालिक सुधारसमितिले उत्साहवर्द्धक रूपमा काम गर्न सफल भयो । पशुपतिक्षेत्रमा सो समितिले गरेका कार्यहरू देहायअनुसारका छन् :-

१५.२.१. पशुपतिमन्दिरको प्राङ्गणभित्र भएका कार्यहरू

क) पशुपतिनाथमन्दिरको पश्चिमपट्टिको बाहिरी ढोका उच्च पारी गोपुरअनुरूप निर्माण गरी त्यसैमा धर्मशालासमेत बनाई 'महेन्द्रसहारा' नामकरण ।

ख) पशुपतिनाथमन्दिरको पूर्वपट्टिको बाहिरी ढोका, पर्खाल बनाई मुक्तिमण्डपको पूर्वपट्टि बार्दलीको निर्माण ।

ग) श्री ५ महेन्द्रवीरविक्रम शाह तथा श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहको पूर्णकदको अञ्जलिमुद्रायुक्त स्वर्णप्रतिमाको स्थापना ।

घ) पशुपतिनाथमन्दिरको प्राङ्गणमा विद्यमान मन्दिरहरूमा सिमेन्ट प्लाष्टर गरी रङ्गरोगन ।

ङ) पशुपतिनाथमन्दिरको वरपर भएका शिवलिङ्ग तथा मूर्तिहरूलाई त्यहाँबाट हटाई प्राङ्गणलाई फराकिलो पारी त्यहाँका मूर्ति तथा शिवलिङ्गलाई अन्यत्र स्थानान्तरण ।

च) मुक्तिमण्डपको जीर्णोद्धार ।

छ) वासुकिमन्दिरको जीर्णोद्धार ।

ज) कोटिलिङ्गेश्वरमन्दिरको जीर्णोद्धार तथा परिक्रमापथको निर्माण ।

झ) पशुपतिनाथमन्दिर प्राङ्गणको पुराना प्रस्तरफलक हटाई नयाँ प्रस्तरफलकहरू छाप्ने कार्य ।

---

२१ परिशिष्टभाग, अभिलेखखण्ड (क), ३०९ सङ्ख्या ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५.२.२ पशुपतिमन्दिरबाहिर भएका कार्यहरू

क) गुह्येश्वरीमन्दिरको प्राङ्गणमा प्रस्तरफलकहरू छाप्ने कार्य ।

ख) गुह्येश्वरीमन्दिरको उत्तरपट्टिको बाहिरी ढोकाको निर्माण ।

ग) गुह्येश्वरीमन्दिरको चारै दिशामा भएका धर्मशालाहरूको जीर्णोद्धार ।

घ) गुह्येश्वरीमन्दिरको पश्चिमपट्टि प्राङ्गणमा ठूलो ढलौटे घण्टाको स्थापना ।

ङ) गुह्येश्वरीमन्दिरको पश्चिमपट्टि श्री ५ महेन्द्रवीरविक्रम शाह तथा श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाह सरकारको पूर्णकदको प्रतिमा स्थापना ।

च) वनकालीमन्दिरमा प्रस्तरफलक राखी, पर्खाल निर्माण तथा धर्मशाला जीर्णोद्धार ।

छ) वनकालीस्थित गोरखनाथमन्दिरको जीर्णोद्धार ।

ज) चावहिलस्थित चन्द्रविनायकमन्दिरको तल्लो तलाको झिँगटीको छाना झिकी पित्तलयुक्त पारिए, टुँडाल आदि फेरिए । मन्दिरको पश्चिमपट्टि रहेको धर्मशालाको जीर्णोद्धार । नयाँ चौताराको निर्माण ।

झ) चन्द्रविनायकमन्दिरदेखि उत्तरपट्टिरहेको गङ्गाहिटी नामक ढुङ्गेधाराको जीर्णोद्धार ।

ञ) गौरीघाटमा पुलदेखि पूर्व तथा पश्चिममा प्रस्तरयुक्त पारी उत्तरपट्टि घाट निर्माण ।

ट) किरातेश्वरमन्दिरको उत्तरपट्टि मूल बाटोको दायाँ-बायाँ पर्खाल निर्माण गरी भू-क्षय रोकथाम ।

ठ) पशुपतिनाथमन्दिरको पश्चिमको मूल बाटोलाई सिमेन्ट लगाई पक्की पार्नुका साथै ढल निर्माण ।

ड) पशुपतिनाथमन्दिरको पश्चिम मूल बाटोको दायाँ-बायाँ गणेश र कुमारको मूर्ति स्थापना ।

ढ) पशुपतिनाथमन्दिरको पश्चिमपट्टि प्रतापेश्वर शिवलिङ्ग भएको ठाउँमा चौतारा निर्माण ।

ण) सिफलस्थित महाकालमूर्ति उत्तरको पाटीको पुनर्निर्माण ।

उपत्यकाञ्चल तात्कालिक सुधारसमितिको माध्यमबाट पशुपतिक्षेत्रमा भएका कार्यहरू उल्लेखनीय हुनाको साथै ती कार्यहरूले गर्दा पशुपतिक्षेत्रलाई रमणीय र मनमोहक तुल्याउन केही मदत पुऱ्यायो । तर नवीनता र आधुनिकता दिने नाउँमा त्यस वेला केही प्रस्तर मन्दिरहरूलाई सिमेण्ट प्लाष्टर गरी विरूप तुल्याइयो, त्योचाहिँ सामयिक थिएन । त्यस वेला पशुपतिप्राङ्गणको छँदा-खाँदाको प्रस्तर मन्दिरहरू– राधाकृष्ण, इन्द्रेश्वर, चण्डेश्वर, रत्नेश्वर, रामेश्वर आदि मन्दिरहरूमा सिमेण्ट लगाई पहेँलो र रातो रङ्ग लगाएको कारण पशुपतिमन्दिरको भव्यतालाई समेत फिक्का पारिदिएको जो कोहीले अनुभव गर्न सक्छ । इन्द्रेश्वर, राधाकृष्णलगायत चारवटा मन्दिरहरूलाई मस्जिद शैलीमा पुनर्निर्माण गरी विरूप पारिएको सुहाएको छैन ।

१५.३ पशुपतिक्षेत्रको सुधार तथा विकास गर्न विभिन्न समितिहरूको गठन एवं पशुपतिक्षेत्र-विकासकोष स्थापना

पशुपतिक्षेत्रको सुधार, विकास तथा संरक्षण, संवर्द्धनको कार्यलाई योजनाबद्ध रूपबाट गर्नु समयको माग हुन गयो । त्यसको लागि वि.सं. २०३२ सालमा स्थानीय व्यक्तिहरूको सहभागिता र सक्रियतामा जनस्तरबाट एक पशुपतिक्षेत्रसुधार तथा विकाससमितिको स्थापना गरियो । त्यसको स्थापनाको केही समयपछि नै त्यसले सुधारविकास-सम्बन्धी कार्यक्रमको रूपरेखा तयार पाऱ्यो । पशुपतिक्षेत्रलाई आकर्षक र रमणीय तुल्याउनुका साथै धार्मिक वातावरणयुक्त बनाउन मदत पुग्ने हिसाबले त्यस वेला - (१) सुधार कार्यक्रम, (२) संरक्षण कार्य र (३) निर्माण कार्य गरी तीन भागमा कार्यक्रमहरूलाई विभाजन गरी तिनीहरूलाई विभिन्न उपशीर्षकमा बाँडिएको थियो । सुधारसम्बन्धी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्यक्रमहरूमा घाटे वैद्यको व्यवस्था, सामानको सुरक्षा, उपयुक्त वातावरणको सिर्जनाको लागि विभिन्न कार्यहरू गर्ने लक्ष्य रहेको थियो । संरक्षण कार्यमा ऐतिहासिक, धार्मिक वस्तुको संरक्षण र वातावरणको संरक्षण गर्ने लक्ष्य थियो भने निर्माण कार्यतर्फ पशुपतिक्षेत्रको सीमाङ्कन, चार दिशामा चारवटा प्रवेशद्वारको निर्माण, साधनाश्रमको स्थापना, पुस्तकालयको स्थापना, धार्मिक मुद्रणालयको स्थापना, आदर्श विद्यालयको स्थापना, घाटहरूको पुनरुद्धार, आश्रम तथा मठहरूको जीर्णोद्धार र पुनरुद्धार, सङ्ग्रहालयको स्थापना, कैलाशडाँडाको सजावट, घाटको निर्माण, जलप्रवाह नियन्त्रण, विभिन्न परिचयपट्टको स्थापना, बृहद् सङ्केतपट्टको स्थापना, औषधालय स्थापना, बेकारी निवारण, प्राकृतिक चिकित्सा केन्द्रको स्थापना, मोटर पार्कको व्यवस्था गर्ने कार्यक्रम रहेको थियो । ती सबै कार्यक्रमहरूलाई विस्तृत अध्ययन गरी सुधार र निर्माणको प्रारूप, नक्सा, प्राविधिज्ञहरूको सेवा र परामर्श र विज्ञजनहरूको सम्पर्कमा रही योजना तयार पार्ने कार्यको लागि तत्काल दुइ लाख रुपैयाँ चन्दा सङ्कलन गर्ने कार्यक्रम रहेको थियो ।[२२] परन्तु पछि गएर नियत गरिएका कार्यहरू अर्थाभावको कारण अगाडि बढ्न सकेनन् । यस्तैमा दुइ वर्ष बित्यो । प्रारम्भमा नयाँ उत्साह र जाँगर देखाएर स्थापना भएको समिति निष्क्रिय भयो । त्यसो भए तापनि भगवान् पशुपतिनाथको मन्दिर रहेको पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनको महत्त्वपूर्ण कार्य समयमै नभएको खण्डमा पछि गएर सो कार्य जटिल हुने निश्चितप्राय: थियो । त्यसैले वि.सं. २०३४ सालमा तात्कालिक राजसभा स्थायी समितिका सभापति भूपालमानसिंह कार्कीको अध्यक्षतामा सरकारी स्तरमा पाशुपतक्षेत्रसुधार तथा विकाससमितिनामक संस्थाको जन्म भयो । वि.सं. २०३२ सालमा जनस्तरमा स्थापना भएको पशुपतिक्षेत्रसुधार तथा विकाससमितिले तयार गरेको कार्यक्रमलाई नै मार्गदर्शकको रूपमा लिई त्यस समितिले आफ्नो कार्यलाई अगाडि बढायो । मुख्यत: त्यस समितिले पशुपतिनाथमन्दिरको आन्तरिक व्यवस्थापनदेखि लिएर यस क्षेत्रमा गर्नुपर्ने कार्यहरूको गुरुयोजनाको लागि आवश्यक हुने पूर्वाधारहरूको तयारीमा समय लगायो । पशुपतिक्षेत्रको सीमा तय गरी त्यसको विस्तृत नक्सा तयार पार्नु, पशुपतिनाथमन्दिरसँग सम्बन्ध राख्ने लालमोहरहरू, सनद, सवाल, ताम्रपत्र आदिको तस्वीर खिची लगत राख्नु तथा भारतका विभिन्न मन्दिरहरूको व्यवस्थापन विषय बुझ्न विविध मन्दिरको अध्ययन भ्रमण गरी पशुपतिनाथको लागि समय सुहाउँदो व्यवस्थापनको लागि प्रतिवेदनहरू बनाउनु जस्तो कार्यमा उक्त समिति संलग्न रह्‍यो । त्यस समितिले पशुपतिनाथमन्दिरमा चढाइने दक्षिणाभेटीलाई मुख्य आर्थिक स्रोत मानी त्यसैद्वारा धार्मिक तथा लोकोपकारी सेवामूलक कार्यहरू गर्ने योजनालाई कार्यान्वयन गर्नु अपरिहार्य भएको तर्फ दृष्टि दिन थाल्यो । तर त्यो कुरा त्यस मन्दिरमा चढ्ने भेटी तथा दक्षिणालाई व्यक्तिगत आम्दानी मानी भागवण्डा गरी खाने दाक्षिणात्य पुजारी तथा भँडारीहरूलाई प्रिय नहुनु स्वाभाविक थियो । यही कारणले गर्दा पुजारी तथा भँडारीहरूले समितिलाई सहन सकेनन् । मुख्यत: त्यस वेलाका मूलपुजारीबाट समितिलाई असहयोग पुग्न गयो । फलत: पशुपतिक्षेत्रलाई अनुपम र दर्शनीय बनाउने अनेक उत्कण्ठा र आकाङ्क्षा बोकेर विविध योजनाको प्रारूप तयार गर्नमा संलग्न रहेको उक्त समिति निष्क्रिय सरह भयो । उक्त समिति जीर्णोद्धार तथा पुनर्निर्माण जस्ता कुनै पनि कार्यमा त्यस अवधिमा लाग्न सकेन ।

पशुपतिक्षेत्रको जगेर्ना गर्ने जस्तो पुनीत कार्यमा अवरोधहरू देखापर्दै जानु कुनै पनि दृष्टिले उपयुक्त थिएन । विश्वका सम्पूर्ण हिन्दूहरूको पवित्र तीर्थस्थलको रूपमा रहेको पशुपतिनाथको मन्दिर रहेको पशुपतिक्षेत्रलाई हर-हालतमा संवर्द्धन गर्नु आवश्यक भएकोले वि.सं. २०३८ सालमा श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गत सोही मन्त्रालयका तात्कालिक अतिरिक्त सचिव रमेशजङ्ग थापाको अध्यक्षतामा पशुपतिक्षेत्रसुधार तथा विकाससमितिको गठन भयो । त्यस समितिले वि.सं. २०३२ सालमा स्थापित समितिले तय गरेका आधारभूत कार्यहरूलाई नै सम्पन्न गर्ने लक्ष्य लिएको थियो । नवस्थापित त्यस समितिले निर्माण-जीर्णोद्धारका कार्यहरू पनि केही मात्रामा गर्‍यो । स्थापनाको पहिलो वर्ष अर्थात् आर्थिक वर्ष २०३८।३९ मा श्री ५ को सरकारले रु. १०,००,०००।-,

---

२२ *सुधार र विकाससम्बन्धी रूपरेखा,* (काठमाडौं: पशुपतिक्षेत्रसुधार तथा विकाससमिति, वि.सं. २०३२), १-८ पृष्ठ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो वर्ष रु. १५,००,०००।-, तेस्रो वर्ष रु. २५,००,०००।-, चौथो वर्ष रु. २६,२५,०००।- पाँचौ वर्ष रु. २५,००,०००।- र छैटौं वर्ष रु. २५,००,०००।- प्रदान गरेको थियो । त्यस समितिको माध्यमबाट पशुपतिनाथका मूलपुजारी र दक्षिण मुखका पुजारी बस्ने घरको पुनर्निर्माण भयो । शङ्कराचार्यमठको पूर्वी लङ्को पुनर्निर्माण भयो । जितजङ्गप्रकाशेश्वरमन्दिरको पूर्व र उत्तरपट्टिको धर्मशालाको पुनर्निर्माण भयो । गौशालादेखि भुवनेश्वरीसम्मको मूल बाटो फराकिलो पारियो । वनकालीमा सङ्ग्रहालयको उद्देश्यले भवनको निर्माण भयो । रुद्रगारेश्वरमा गोठ बन्यो । भकुनटोलको धर्मशालाको पुनर्निर्माण भयो । त्यसबाहेक साना-तिना मर्मतजीर्णोद्धारका कार्यहरू पनि केही भए । तर ऐतिहासिक-धार्मिक एवं पुरातात्त्विक महत्त्वका मठ, मन्दिरहरूको स्याहारसम्भार, जीर्णोद्धारभन्दा नयाँ निर्माण कार्यलाई प्रोत्साहन दिइयो । पुरातात्त्विक स्थलमा के गर्न हुने ? के गर्न नहुने ? जस्ता कार्यमा कमै ध्यान दिइयो । यसैको कारण हो कि पशुपतिमन्दिरनजिकको रुद्रगारेश्वरमा आधुनिक शैलीको गोठ बन्यो । जितजङ्गप्रकाशेश्वरको उत्तरपट्टिको धर्मशालाभित्रको भित्तामा रहेको गोरखनाथको योगासनका आकर्षक भित्ते चित्रहरूलाई संरक्षण गर्नुको सट्टा मासियो ।[२३] योजनाबद्ध रूपबाट पशुपतिक्षेत्रमा काम हुनुको बदला हतारमा काम हुन थालेको स्पष्ट देखिँदै गयो । सुग्घर-सफाइ, ढलनिकास, शौचालय जस्ता आवश्यकीय कुराहरूमा कमै ध्यान दिइयो । जबकि तिनीहरूलाई उच्च प्राथमिकता दिनुपर्ने आवश्यकता थियो । सांस्कृतिक सम्पदाहरूको स्याहारसम्भार र सुरक्षा हुन नसक्नु, पशुपतिक्षेत्र जस्तो धार्मिक क्षेत्रमा के गर्न हुने ? के गर्न नहुने ? जस्ता सामान्य कुराहरूमा पनि दृष्टि नपुग्नु, दिनानुदिन मठ, मन्दिर स्तूप, विहारहरूको अतिक्रमण हुने गरी घरहरू बनाइँदा पनि चूप लाग्ने प्रवृत्तिको विकास हुनु तथा पशुपतिक्षेत्रको वातावरण प्रदूषित हुँदा पनि प्रभावकारी कदमहरू चाल्न नसक्नु आदि अनेकौं कारणहरूले गर्दा अपेक्षित कार्यहरू उक्त समितिको क्षमताबाट हुन सकेन ।

एकातिर पशुपतिक्षेत्रमा निश्चित योजनाअनुसार काम गर्न कुनै योजना थिएन भने अर्कोतिर न काम गर्ने उपयुक्त वातावरण थियो न काम गर्ने जनशक्ति नै थियो । यिनै कारणले गर्दा पुरातात्त्विक सम्पदाहरूको जगेर्ना हुन सकेन । सबभन्दा आश्चर्यलाग्दो कुरा त्यस समितिले केही यस्ता कार्यहरू गरेको छ, जुन पशुपतिक्षेत्रको महत्तालाई घटाउन मदत पुऱ्याउने किसिमका छन् । उदाहरणको लागि पशुपतिनाथको पूर्व-दक्षिणप्राङ्गणमा रहेको भण्डारतहबिलमा शौचालय बनाई त्यसको निकासलाई वाग्वतीमा छोडिदिनु, केही नयाँ ढल बनाई त्यसको निकासलाई राजराजेश्वरीघाटमा छोडिदिनु, लिच्छविकालिक भकुनटोलको छँदा-खाँदाको वरुण ढुङ्गेधारा रहेको ठाउँमा अनावश्यक सडक विस्तार गरी ढुङ्गेधारालाई अशोभनीय र बेकम्मा तुल्याउनु, गौशाला दोबाटोमा तीन तले प्रहरी चौकी बनाउन स्वीकृति दिनु, ठीक त्यसैको पूर्वपट्टि पेट्रोल पम्प राख्न अनुमति दिनु, मूलपुजारी बसेको प्रताप मल्लको पालाको ऐतिहासिक भवनलाई मूल रूपमा नराखी नवीनता दिनु, अमालकोटघर भत्काएर पूर्व रूपलाई बदल्नु, आर्यघाटवरपरका प्रस्तर मन्दिरहरूमा चून पोतेर विरूप पारिदिनु जस्ता कार्यहरूलाई देखाउन सकिन्छ । वातावरण संवर्द्धनतर्फ गरिएको कार्यमा देव-उद्यानको विकास प्रशंसनीय देखिन्छ । तर त्यसलाई घेर्न वरिपरि ढुङ्गे पर्खाल लगाई पर्खालमाथि आराध्य देव-देवीका मूर्तिहरू तथा वैदिक मन्त्र एवं सूक्तिहरू राखेकोचाहिँ उदेकलाग्दो छ । वास्तवमा त्यस्तो महत्त्वपूर्ण नीतिवचन र मन्त्र तथा मूर्तिहरू राखी पर्खाल सजाउन खोजेको ठीक होइन ।

पशुपतिक्षेत्रको प्रतिष्ठामाथि ओझेल पर्नु भनेको नेपालको गौरवमाथि आघात पुग्नु हो भन्ने सम्झी लामो समयदेखि राष्ट्रको तर्फबाट यस क्षेत्रको उन्नयनको लागि प्रत्यक्ष दृष्टि दिँदै आएको पाइन्छ । त्यसो भए तापनि जानी-नजानी अनेकौं कारणहरूबाट पशुपतिक्षेत्रको महत्त्व तथा यस क्षेत्रको धार्मिक, सांस्कृतिक, पुरातात्त्विक एवं प्राकृतिक वातावरणलाई ह्रास पार्न मदत पुऱ्याउने क्रियाकलापहरूको बढोत्तरी हुँदै गइरहेको तथा समयमा नै तिनको निराकरण

---

२३ गोविन्द टण्डन, "प्रस्तर कला र वास्तुकलाको भण्डार: पशुपतिक्षेत्र", *गोरखापत्र*, ८४ वर्ष, २८१ अङ्क, (वि.सं. २०४१), शनिवासरीय परिशिष्टाङ्क ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नभएको खण्डमा चुनौती बढ्दै जाने स्पष्ट देखिँदै गइरहेको बखत श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट वि.सं. २०४३ पौष १ गते हिन्दूअधिराज्य नेपालको आराध्यदेव श्रीपशुपतिनाथको पशुपतिक्षेत्रलाई योजनाबद्ध रूपमा सुरक्षा गर्दै सम्भार तथा विकास गर्न पशुपतिक्षेत्रविकासकोष खडा गर्ने घोषणा गरिबक्स्यो ।[२४] त्यसको लगत्तै भने जसो वि.सं. २०४३ फागुन १४ गते महाशिवरात्रिको अवसरमा पशुपतिक्षेत्रविकासकोषसम्बन्धी अध्यादेश जारी भयो जुन वि.सं. २०४४ श्रावण २९ गते ऐनको रूपमा जनसमक्ष आयो ।

भगवान् श्री पशुपतिनाथको विश्वव्यापी प्रतिष्ठा एवं महत्त्वअनुरूप पशुपतिक्षेत्रको योजनाबद्धरूपमा सुरक्षा, सम्भार तथा विकास, पशुपतिक्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा जगेर्ना, दर्शनार्थी, तीर्थयात्री, पर्यटकहरूका लागि योजनाबद्ध सुविधा विकास तथा हिन्दूमात्रको उपासना केन्द्र र तीर्थस्थलका रूपमा सनातनदेखि रहिआएको महत्त्व र उपादेयतालाई अझ बढी उजागर पार्दै लगी प्रतिष्ठित तुल्याउने सद्उद्देश्यले पशुपतिक्षेत्रविकासकोषको स्थापना भएको छ । विश्वका सम्पूर्ण हिन्दूधर्मावलम्बीहरूका आराध्यदेव, नेपालीहरूका परमाराध्य र राष्ट्रदेव भगवान् पशुपतिनाथको मन्दिरले चर्चेको पशुपतिक्षेत्रको योजनाबद्ध ढङ्गबाट स्याहारसम्भार, संरक्षण, संवर्द्धनका लागि पशुपतिक्षेत्रविकासकोषको स्थापनाले सबैतिर अदम्य उत्साहको लहर सल्बलाएको छ । यसमा पनि कोषको संरक्षकत्व स्वयं राष्ट्रनायक सरकारबाट ग्रहण गरिबक्सी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह अध्यक्ष भइबक्सेको प्रसङ्ग नेपालको इतिहासकै लागि अनुपम उदाहरण बन्न पुगेको छ । राजदम्पतिको सबल, सक्षम, सुयोग्य एवं ओजस्वी मार्गदर्शनको कारण कोषको लक्षित उद्देश्य परिप्राप्तिमा सुगमता र निश्चिन्तता थपिएको छ ।[२५]

पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धन एवं पुनर्जागरणमा ठूलो सघाउ पुऱ्याउने ऐतिहासिक अवसरको थालनी पशुपतिक्षेत्रविकासकोषको स्थापनाले भएको कुरामा सन्देह छैन । कोषको स्थापनाअगाडि सहयोग गर्न इच्छा हुनेलाई सहयोग गर्ने विधि र वातावरणको तर्जुमा नभएकोले अन्यौलको स्थिति थियो भने अब त्यो रहेन ।

पशुपतिक्षेत्रविकासकोष ऐन २०४४ (पहिलो संशोधन २०५०) ले कोषको कार्य सञ्चालनमा नीति, निर्देशन, योजना स्वीकृतिको लागि कोषसञ्चालकपरिषद् एवं स्वीकृत योजनाको कार्यान्वयन तथा दैनिक कार्य सञ्चालनको निमित्त कार्यकारिणीसमितिको व्यवस्था गरेको छ । कोषका उद्देश्यहरू निम्न बमोजिम छन् :-[२६]

क) नेपाल एक मात्र राजतन्त्रात्मक हिन्दूअधिराज्य रहिआएको र आराध्यदेव श्रीपशुपतिनाथको पशुपतिक्षेत्र हिन्दू मात्रको उपासना केन्द्र र तीर्थस्थलका रूपमा सनातनदेखि रहिआएकोले यस पशुपतिक्षेत्रलाई सोही बमोजिम कायम गर्ने ।

ख) श्रीपशुपतिनाथको आदर्श, गरिमा एवं महत्त्वअनुरूप पशुपतिक्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

ग) पशुपतिक्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु वा स्थलहरू तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा संवर्धन गर्ने ।

घ) स्वदेश तथा विदेशका तमाम हिन्दू धर्मावलम्बीहरू तथा पर्यटकसमेतको सुविधाको लागि यस पावन तीर्थस्थलहरूलाई यथोचित रूपमा योजनाबद्ध रूपले सुधार गर्ने ।

---

२४ *गोरखापत्र*, ८६ वर्ष, २२२ अङ्क, (पौष २, वि.सं. २०४३), १ पृष्ठ ।

२५ गोविन्द टण्डन, "पशुपतिक्षेत्रविकासकोष: हाम्रो दायित्व र सहयोगको अपेक्षा", *गोरखापत्र*, ८७ वर्ष, १२८ अङ्क, (वि.सं. २०४४, भाद्र २७), शनिवासरीय परिशिष्टाङ्क ।

२६ पशुपतिक्षेत्रविकासकोष ऐन, २०४४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्तअनुसारका उद्देश्यहरूका प्राप्तिका लागि कोषसञ्चालकपरिषद् एवं कार्यकारिणीसमितिको गठन गर्ने व्यवस्था भएअनुरूप कोषसञ्चालकपरिषद्का अध्यक्ष श्री ५ बडामहारानी सरकारबाट वि.सं. २०४३ चैत्र २३ गते एक्काईस सदस्यीय कोषसञ्चालकपरिषद् एवं वि.सं. २०४४ वैशाख १ गते कार्यकारिणीसमितिका पदाधिकारीहरू तथा सोही साल ज्येष्ठ १८ गते अरू सदस्यहरूको मनोनयन भयो । पशुपतिक्षेत्रविकासकोषको व्यवस्था गर्न बनेको ऐन २०४४ अनुसार पशुपतिक्षेत्रमा गर्नुपर्ने देखिएका विभिन्न कार्यहरू भइरहेको बखत नेपाल-भारत वाणिज्य सन्धि नवीकरण हुन नसक्दा सृजना भएको अप्ठ्यारो स्थितिले कोषद्वारा सञ्चालित विभिन्न विकास निर्माणका कार्यहरूलाई बाधा पार्‍यो । त्यसपछि बहुदलीय व्यवस्थाको पुनर्बहालीको लागि देशमा भएको आन्दोलन एवं तत्पश्चात् भएको राजनैतिक परिवर्तनले कोषमा पनि केही परिवर्तनहरू भए ।

सर्वप्रथम त पशुपतिक्षेत्रविकासकोषको सङ्गठनात्मक ढाँचामा श्री ५ को सरकार, मन्त्रिपरिषद्को वि.सं. २०४९ चैत्रको निर्णयले केही परिवर्तन ल्यायो । जसअनुसार पहिलेको कार्यकारिणीसमिति विघटन भयो । त्यसले गर्दा कार्यकारिणीसमितिले गर्ने सबै कार्य सञ्चालकपरिषद्ले नै गर्ने भयो । शिक्षा, संस्कृति, तथा समाजकल्याणमन्त्री पदेन उपाध्यक्ष तोकिए । कोषको दैनिक कामकारवाहीमा उपाध्यक्षको संलग्नता रह्‍यो । कोषसञ्चालकपरिषद् र कार्यकारिणीसमिति रहँदा काम गर्नमा जसरी अलमल र दोहोरोपन थियो, अब त्यो रहेन । सञ्चालकपरिषद्द्वारा नै सबै काम कुराहरू हुने भएकोले सञ्चालकपरिषद्को जिम्मेवारी अरू बढ्यो । फलत: पशुपतिक्षेत्रविकासकोषका संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहको अध्यक्षतामा वि.सं. २०४९ वैशाख २ गते सञ्चालकपरिषद्को गठन गरिबक्स्यो । नवगठित सञ्चालकपरिषद्ले पशुपतिक्षेत्रमा उपयुक्त सरसफाइद्वारा वातावरण स्वच्छ तुल्याउने कार्यहरूदेखि पशुपतिक्षेत्रमा नगरी नहुने देखिएका विभिन्न सुविधाहरूसँग सम्बन्धित विकास निर्माणका कार्यहरू गर्दै गयो ।

कोषको स्थापनाअघि पशुपतिक्षेत्रमा गर्नुपर्ने देखिएको कार्यहरू कसले गर्ने ? त्यसका लागि कहाँ भन्नुपर्ने ? त्यो निश्चय नहुँदा स-साना कार्यहरू पनि अल्मलिएका थिए । कोषको स्थापनापछि त्यसो नभई पशुपतिक्षेत्रमा गर्नुपर्ने देखिएका कोषले गर्न सक्ने कार्यहरू स्वयं कोषले तथा कोषको दायित्वभन्दा बाहिरको कार्यहरू कुन निकायद्वारा गराउनुपर्ने हो त्यस निकायमा जानकारी गराई कोषले संयोजनको भूमिका निर्वाह गरेर काम गराउने अवस्था जुन देखापर्‍यो त्यो उल्लेख्य प्रतीत हुन्छ ।

पशुपतिक्षेत्रविकासकोषको व्यवस्था गर्न बनेको वि.सं. २०४४ को ऐनले कार्यकारिणीसमितिको काम, कर्तव्य र अधिकार देहायअनुसार निर्दिष्ट गरेकोमा कार्यकारिणीसमितिको विघटनपछि ती सबै कार्यहरू गर्ने जिम्मेवारी सञ्चालकपरिषद्को हुन आएको छ । ती यस प्रकार छन् :

१) कोषको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजनाअनुसारका कार्यक्रमहरू जिम्मेवारीपूर्वक कार्यान्वयन गर्ने;

२) कोषका अध्यक्ष तथा परिषद्बाट भएको मार्गदर्शन, निर्देशन, नीति तथा निर्णयअनुसार काम गर्ने,

३) समितिले योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय एकाइ तथा जनताको सहभागिता जुटाउने र जनतामा भ्रम र अन्यौल नहुने गरी समितिले कार्यान्वयन गर्न लागेको योजना र कार्यक्रमको स्पष्ट जानकारी समय-समयमा जनसाधारणलाई गराउने,

४) पशुपतिक्षेत्रको योजनाबद्ध रूपमा विकास गर्दा सुव्यवस्थित रूपले निर्माण, मर्मत सम्भार र सरसफाइ गरी स्वच्छ वातावरण कायम गर्ने,

५) खानेपानी, पानी ढल, निकास ढल, बिजुली टेलिफोन, सडक जस्ता अन्य आधारभूत सार्वजनिक उपयोगिताका साधनहरू सुव्यवस्थित गर्ने र फोहरमैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६) पशुपतिक्षेत्रमा वृक्षरोपण, वन, बगैंचा, उद्यान, वन्य-जीवजन्तु तथा वनसम्पदा आदि समेतको रमणीय रूपमा सुव्यवस्था गर्ने,

७) पशुपतिक्षेत्रको घाट, चितास्थल, नदीको जलमार्ग, जल पदार्थ, जल प्रवाह, तथा बालुवा आदि सुव्यवस्थित रूपमा संरक्षण र संवर्द्धन गर्ने,

८) पशुपतिक्षेत्रमा प्रदूषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक नियन्त्रण तथा निषेध गर्ने,

९) तीर्थस्थलको रक्षा र सदुपयोगको लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार-प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने,

१०) ऐनबमोजिम कोषका उद्देश्यहरू योजनाबद्धरूपमा कार्यान्वयन गर्न व्यवधानका रूपमा देखिन आएका हटाउनुपर्ने, भत्काउनुपर्ने, परिवर्तन गर्नुपर्ने र नियन्त्रण गर्नुपर्ने कुरा गर्ने,

११) पशुपतिक्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित नेपाल कानूनबमोजिम घर-जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्यहरू गर्ने ।

माथि उल्लिखित समितिको काम, कर्तव्य र अधिकारहरूबाट त्यसको उत्तरदायित्वको बारेमा अवगत गर्न सकिन्छ । त्यस्तै गरी कोषको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजना तथा कार्यक्रमहरू आवश्यकतानुसार कार्यान्वयन गर्न प्रचलित नेपाल कानून, लालमोहर, सनद, सवाल तथा अन्य लिखितहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि पशुपतिक्षेत्रभित्र समितिले निषेध गरेको ठाउँमा कसैले आफ्नो हक, भोगको जग्गा कुनै प्रकारले हक हस्तान्तरण गर्न र निर्माणसम्बन्धी कार्य गर्दा समितिले समय-समयमा निर्धारण गरिदिएको मापदण्डबमोजिम गर्नुपर्ने, मापदण्ड निर्धारण गर्दा भवन, सडक, बाटो, पुल, पानी ढल, निकास ढल, शौचालय तथा टेलिफोनलाइन खम्बा र अन्य आधारभूत सार्वजनिक उपयोगिताको विषयहरूमा मापदण्ड निर्धारण गरी लागू गर्ने, समितिले मापदण्ड निर्धारण गरी छुट्याइदिएका ठाउँहरूमा समितिको पूर्वस्वीकृतिविना कसैले आफ्नो हकभोगको जग्गामा नयाँ निर्माण, पुनः निर्माण, साबिक आकार र शैलीमा परिवर्तन, थपघट, मर्मत वा अन्य निर्माणसम्बन्धी कार्य गर्न नपाउने, निर्माणसम्बन्धी विषयमा नक्सासहित वा रहित स्वीकृति दिने वा नक्सा पास गर्ने दायित्व भएका काठमाडौंउपत्यका नगरविकास-योजना-कार्यान्वयन-समिति, नगरपालिका वडासमिति वा अन्य निकायहरूले समितिको पूर्वस्वीकृति नलिई निर्माणसम्बन्धी नक्सा पास गर्न वा स्वीकृति दिन नहुने, पशुपतिक्षेत्रभित्र सवारी साधनको आवागमन गर्न, बिसाउन, चलचित्र खिच्न, फोटो खिच्न, पोष्टर वा तस्वीर टाँस्न, कुनै किसिमको भेला गर्न वा अन्य प्रचार-प्रसार गर्न समितिको स्वीकृति लिनुपर्ने आदि ऐनले व्यवस्था गरेका कुराहरूलाई हेर्दा पनि पशुपतिक्षेत्र विकासकोषसञ्चालकपरिषद् सक्षम हुनु जरुरी देखिन्छ ।

पशुपतिक्षेत्रविकासकोषको स्थापनापश्चात् पशुपतिक्षेत्रको सुन्दर भविष्यको कल्पना सबैले गरेका छन् । वास्तवमा कोषको उद्देश्यअनुसारका कामहरू गर्न अवरोध, बाधा अड्चनहरू नआएमा पशुपतिक्षेत्रको लक्षित संरक्षण, संवर्धन एवं समुन्नति हुनेछ भन्ने अपेक्षा लिन सकिन्छ ।

पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धनको काम अत्यन्त जटिल र कठिन छ । किनभने पशुपतिक्षेत्र भन्नासाथै नयाँ-पुराना बस्ती भएको, आफ्नै किसिमको संस्कृति र संस्कार भएको, जीर्णशीर्ण अनेकौं मठ, मन्दिर, विहार आदि सम्पदाहरू भएको क्षेत्र बुझिन्छ । नयाँ ठाउँमा योजना गर्न जति सजिलो हुन्छ, त्यसको विपरीत पहिलेदेखि स्थापित स्मारक, बस्ती र समस्या भएको ठाउँमा तिनको व्यवस्था गर्ने गरी योजना बनाउन अति गाह्रो हुन्छ । योजनाको दृष्टिकोणले पशुपतिक्षेत्र यस्तै विविध समस्याहरू भएको धार्मिक-सांस्कृतिक एवं पुरातात्त्विक स्थल हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दिर छन्, मूर्ति छैनन् । मूर्ति छ, पूजा छैन । पुजारी, रै-रकमी छन्, खान्गी छैन । धर्मशाला, पाटी, पौवा छन्, वटुवा र तीर्थयात्री बस्न पाउँदैनन् । ऐतिहासिक, धार्मिक, पुरातात्त्विक महत्त्वका कृतिहरू अनगिन्ती छन्, तिनको मर्म बुझ्ने बासिन्दा छैनन् । खाने-पाउने कुरामा परम्पराको हाँक दिई मठमन्दिरसँग सम्बद्ध पुजारी, रै-रकमीहरू लिन्छन्-खान्छन्; बनाउनुपर्ने, जोगाउनुपर्ने कुरामा कुनै चासो छैन । अधिकारको कुरा गर्ने प्रवृत्ति बढ्दो छ, कर्तव्य पक्ष शून्य छ । यो स्थिति आज धार्मिक स्थलमा जहीं-तहीं देखिएको छ । पशुपतिक्षेत्र पनि त्यसको प्रभाववाट मुक्त हुन सकेको छैन । यहाँका मूर्तिविहीन अनगिन्ती मन्दिरहरू, पूजा नपाएर बेवारिससरह भएका मन्दिरहरू, रूख, झार उम्रेर दिसा-पिसाव गर्ने ठाउँ बनेका मन्दिरहरू, सुग्घर-सफाइ, स्याहारसम्भार, मर्मत, जीर्णोद्धार हुन नसकेर उपेक्षित, अपहेलित धार्मिक सांस्कृतिक निधिका दृश्यहरू देख्दा स्पष्ट हुन्छ - यस प्रकारको बडो कठिन अवस्थामा पशुपतिक्षेत्रको संरक्षण, संवर्द्धन र जगेर्ना गर्न लरतरो उपाय र व्यवस्थाले सम्भव छैन । यसको निमित्त स्पष्ट दिशाबोध हुने नीति, योजना र कार्यान्वयन पक्ष आवश्यक हुन्छ । पशुपतिक्षेत्रको कुन ठाउँमा के गर्ने ? परिलक्षित समूहको आवश्यकता के-के हुन् ? ती सबै कुराहरू निर्दिष्ट गरेर स्वीकृत योजनाअनुसार दूरदर्शी कार्यक्रमहरू अपेक्षित रहने कुरामा दुइमत हुन सक्तैन ।

पशुपतिक्षेत्रविकासकोषको मुख्य आम्दानीको स्रोत स्वदेश वा विदेशका व्यक्ति वा संस्थाले चन्दास्वरूप दिने रकम, श्री ५ को सरकारले प्रदान गरेको रकम, कोषले उपलब्ध गराएको सेवाबापत प्राप्त हुन आएको शुल्क वा रकम, कोषले अधिकतम आयस्ता र सुरक्षा हुने गरी लगानी गरी आर्जन गरेको रकम आदि हुन् ।[२७] त्यसरी प्राप्त हुने रकमबाट कोषले आफ्नो कार्य सञ्चालन र लक्षित योजना तथा कार्यक्रमहरू सम्पन्न गर्ने उद्देश्य राखेको देखिन्छ ।

पशुपतिक्षेत्रविकासकोषको स्थापनाले पशुपतिक्षेत्रको उचित स्याहार, सम्भार, संरक्षण तथा संवर्द्धनमा एक जिम्मेबार निकाय रहेको कुरालाई स्वीकार्नुपर्दछ । अरू नभए पनि पशुपतिक्षेत्रमा कहाँ ? कुन ठाउँमा ? के गर्नु पर्दछ ? भन्ने सोच्ने निकाय भएकोले पहिलेभन्दा कोषको स्थापनापछि पशुपतिक्षेत्रमा गर्नुपर्ने देखिएका कामहरू सम्बन्धित निकायमा पुऱ्याइदिने तथा कोषको क्षमताले भ्याउने कामहरू क्रमश: हुँदै जाने हुनाले केही न केही भरथेक हुने कुरामा विश्वस्त बन्न सकिन्छ ।

पशुपतिक्षेत्रविकासकोषको स्थापनापछि पशुपतिक्षेत्रमा गर्नुपर्ने कार्यहरूका लागि ठूलो आर्थिक लगानी आवश्यक पर्ने कुरालाई महसूस गरी राष्ट्रव्यापीरूपमा वि.सं. २०४४ मा गरिएको चन्दासङ्कलन उत्साहवर्द्धक देखिएको थियो । त्यस वेला झण्डै रु. ३,२९,७०,१९६।- सङ्कलन गरिएको थियो । प्रत्येक वर्ष श्री ५ को सरकारले बजेट विनियोजन गरिदिने परिपाटीले कोषद्वारा गरिने कार्यहरूको लागि राम्रै सहयोग पुग्दै आएको देखिएको छ । मूल धनलाई विभिन्न बैङ्कहरूमा राख्दा त्यसबाट आउने व्याज तथा श्री ५ को सरकारबाट प्रत्येक वर्ष प्राप्त हुने अनुदान रकमबाट कोष विभिन्न विकास निर्माणका कार्यहरूमा संलग्न भएको पाइन्छ । साथै पशुपतिक्षेत्रमा गर्नुपर्ने विभिन्न निकायहरूसँग सम्बन्धित कार्यहरू तत्-तत् निकायहरूबाट गर्न-गराउन पनि संयोजनको भूमिका निर्वाह गरी वि.सं. २०५१ सम्म केही कार्यहरू भए-गरेका देखिएका छन् । यसरी भएका प्रमुख कार्यहरूमा दक्षिणामूर्ति, ताम्रेश्वर, चन्द्रविनायक-मन्दिरहरूका जीर्णोद्धार; वरुणहिटी, अरुणहिटी, बाहिटी आदि ढुङ्गेधाराको मर्मत-सम्भार तथा जीर्णोद्धार; रामघाटदक्षिणको घाट विस्तार; राजराजेश्वरीबाँधको पुन:निर्माण छन् । कोषको आफ्नो बजेटबाट भएका विकास-निर्माणका प्रमुख कार्यहरूमा किरातेश्वरमन्दिरप्राङ्गण एवं सिँढीनिर्माण, सूर्यघाटको मर्मत-सम्भार एवं सिँढीनिर्माण, वनकालीमन्दिरमा जाने बाटोनिर्माण, वनकाली उद्यान विकास, मृगस्थली, वनकाली, भण्डारखाल, गोठाटारमा वृक्षरोपण एवं वन विकास पर्दछन् । त्यस्तै गरी दथुटोलको पाटीको पुन:निर्माण, बालकुमारीमन्दिरको पुन:निर्माण,

---

२७ पशुपतिक्षेत्रविकासकोष ऐन, २०४४, पूर्ववत्, पादटिप्पणी २६ सङ्ख्या, १८ दफा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुजरातीबाजासत्तलको पुन:निर्माण, चन्द्रप्रकाशेश्वरसत्तलको जीर्णोद्धार, गुह्येश्वरीसत्तलको जीर्णोद्धार, राजराजेश्वरीमा क्रियापुत्री सत्तलको निर्माण मुख्य छन् । पशुपतिक्षेत्रमा आउने बटुवा, तीर्थयात्री तथा पर्यटकहरूको सुविधाको लागि हुने गरी ठाउँ-ठाउँमा शौचालयहरूको निर्माण गरिएका पाइन्छन् । पानीको समस्या ज्यादातर देखिए पनि तिनले केही सुविधा पुऱ्याएका छन् ।[२८]

पशुपतिक्षेत्र नेपालको मात्र प्रमुख तीर्थस्थल मात्र नभई विश्वसांस्कृतिक सम्पदासूचीमा समेत परेकोले यहाँ जे जति कार्यहरू हुन्छन्, धार्मिक सांस्कृतिक एवं पुरातात्त्विक संवदेनशीलताअनुसार हुनु आवश्यक छ । यसका लागि एक निश्चित योजना हुनुपर्दछ । त्यसअनुरूपको योजना कोषको तर्फबाट जति सक्दो चाँडो कार्यान्वयन हुन सके राम्रो हुने कुरा स्मरणीय छ ।

पशुपतिक्षेत्रको संवर्द्धन एवं विकासमा पशुपतिनाथमन्दिरका मूलभट्टबाट समय-समयमा हुने बाधा-व्यवधान एवं विदेशी मूलभट्टलाई दिइएको अधिकारलाई दृष्टिगत गरी पशुपतिक्षेत्रविकासकोषको व्यवस्थाको लागि बनेको ऐन २०४४ लाई संशोधन गर्न वि.सं. २०५० मा भएको संशोधनले मुख्यत: पशुपतिक्षेत्रमाथि मूलभट्टको मनपरी एवं पशुपतिअमालकोटकचहरी, पशुपतिभण्डारतहबिल तथा जयवागीश्वरीभण्डारतहबिलमाथिको अख्तियारीलाई समाप्त पार्ने दिशातिर अग्रसर भएको छ । साथै भगवान् पशुपतिनाथको नाममा चढ्ने भेटी आजसम्म पशुपतिनाथमन्दिरका पुजारी र भँडारीले बाँडचुँड गरी खाइरहेकोमा त्यो पशुपतिक्षेत्रको विकासमा लगाइनुपर्ने प्रावधान रहेको उल्लेख्य छ । भगवान्को नाममा मन्दिरमा चढ्ने भेटी भट्ट-भँडारीले उपभोग गरिरहने अनि पशुपतिक्षेत्रमा भत्के-बिग्रेका मठ, मन्दिरहरूको सङ्ख्या दिनानुदिन बढ्दै जाने तथा तिनको संरक्षणका लागि चन्दा र अनुदानमा आश्रित हुनुपर्ने अवस्था कुनै पनि हालतमा ठीक थिएन । ऐनको कार्यान्वयनको लागि नियमावलीहरूको आवश्यकता पर्ने कुरालाई कोषले अहिलेसम्म त्यति ध्यान दिन नसकेको कुरा ऐन आएको तीन वर्ष बितिसक्ता पनि नियमावली नआउनुले स्पष्ट पारेको छ ।

पशुपतिक्षेत्रको धार्मिक, सांस्कृतिक, पुरातात्त्विक एवं प्राकृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन तथा विकास गर्ने सम्पूर्ण जिम्मा कोषमा निहित रहेकोले ऐनको भावना र उद्देश्यअनुसार काम हुन सकेमा पशुपतिक्षेत्रलाई चाहेको जस्तो धार्मिक वातावरणयुक्त मनमोहक तीर्थस्थल बनाउन सकिने देखिन्छ । त्यसको विपरीत, काम नहुने हो भने भविष्यका सन्ततिले समेत कोषलाई दोष दिनेछन् यो विचारणीय छ । पशुपतिक्षेत्र जस्तो सबैको आस्थाको केन्द्रस्थलीमा जति काम गऱ्यो त्यति आकर्षण बढ्छ, जति राम्रो काममा खर्च गऱ्यो त्यति आर्थिक स्रोत जुट्छ । चिताउनु मात्र पर्दछ पुऱ्याउने ईश्वर छन् । ब्याजको आशामा भएको रकमलाई बैङ्कमा मात्र राख्ने हो भने ब्याज केही बढेको देखिन्छ तर मुद्रास्फीतिले गर्दा मूल धन घट्दै जान्छ । यसैले पशुपतिक्षेत्रलाई बनाउन कस्तो चाहेको हो ? त्यसको पूर्ण योजना तयार पारी त्यसअनुसार काम भएमा मात्र पशुपतिक्षेत्रलाई पावन तीर्थस्थलको रूपमा चिरस्थायी बनाउन सकिन्छ अन्यथा आज वाग्वती प्रदूषित हुन्छिन्, भोलि मठ, मन्दिर जीर्ण हुँदै जान्छ, ढल्छ नयाँ केही योजना हुँदैन, बैठक र छलफलमा कार्यालय चल्न सक्तैन अनि पशुपतिक्षेत्र खण्डहरबाहेक केही रहने छैन । श्रद्धालु र आस्थावान्हरूको मन मरिसक्छ अब केही हुँदैन भनेर, त्यो विश्वास कदापि गुम्न दिनु हुँदैन ।

---

२८ पशुपतिक्षेत्रविकासकोषद्वारा वि.सं. २०५१ भाद्र महिनासम्म गरिएका कार्यहरूको मात्र यहाँ उल्लेख गरिएको छ । त्यसपछि जनमानसमा प्रभाव पार्ने उल्लेखनीय कार्यहरू हुन सकेका छैनन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

229

तस्वीरहरूको विवरण

१. राजराजेश्वरीघाटस्थित विराटेश्वर, छैटौं-सातौं शताब्दी ।

२. धोबीखोलास्थिति भण्डारेश्वर, चारौं-पाँचौं शताब्दी ।

३. इँटापाखास्थित कुशेश्वर, चारौं-पाँचौं शताब्दी ।

४. पाँचुटोलस्थित विश्वामित्रेश्वर, चारौं-पाँचौं शताब्दी ।

५. अचुलेश्वरननीस्थित वचलेश्वर, चौधौं-पन्ध्रौं शताब्दी ।

६. आर्यघाटस्थित भूतेश्वर पाँचौं-छैटौं शताब्दी ।

७. पञ्चदेवलको बाहिर पूर्व-दक्षिण कुनास्थित शिवलिङ्ग, पाँचौं-छैटौं शताब्दी ।

८. लगनलाछीस्थित प्रतापेश्वर, पाँचौं-छैटौं शताब्दी ।

९. भुवनेश्वरीमन्दिरअगाडिको भुवनेश्वर, नवौं-दशौं शताब्दी ।

१०. पञ्चदेवलको पूर्वी प्राङ्गणमा रहेको शिवलिङ्ग, नवौं-दशौं शताब्दी ।

११. आर्यघाटस्थित कलियुगेश्वर, एघारौं-बाह्रौं शताब्दी ।

१२. दथुटोलस्थित पादवेश्वर, अठारौं-उन्नाइसौं शताब्दी ।

१३. विष्णुमन्दिर पूर्वको चतुर्मुख शिवलिङ्ग, अठारौं-उन्नाइसौं शताब्दी ।

१४. अरूणधारास्थित उमामहेश्वरको मूर्ति, दोस्रो-तेस्रो शताब्दी ।

१५. विष्णुमन्दिर पूर्वको उमामहेश्वरको मूर्ति, छैटौं शताब्दी ।

१६. ठमेलको उमामहेश्वरको मूर्ति, सातौं-आठौं शताब्दी ।

१७. नवालीटोलको उमामहेश्वरको मूर्ति, सातौं-आठौं शताब्दी ।

१८. राजराजेश्वरीघाटको उमामहेश्वरको मूर्ति, सातौं-आठौं शताब्दी ।

१९. भस्मेश्वरघाटको उमामहेश्वरको मूर्ति, तेह्रौं-चौधौं शताब्दी ।

२०. दथुटोलको पादवेश्वरको सिँढीको दायाँतर्फको उमामहेश्वरको मूर्ति, अठारौं-उन्नाइसौं शताब्दी ।

२१. दथुटोलको पादवेश्वरको सिँढीको बायाँतर्फको उमामहेश्वरको मूर्ति, अठारौं-उन्नाइसौं शताब्दी ।

२२. लगनलाछीको शङ्करनारायणको मूर्ति, पन्ध्रौं शताब्दी ।

२३. लगनलाछीको शङ्करनारायणको मूर्तिनजिक रहेको धर्म मल्लको ने.सं. ५२० (वि.सं. १४५६) पौषको शिलापत्र ।

२४. पनौतीको सूर्यमूर्ति, बाह्रौं शताब्दी ।

२५. देवपत्तन नासननीको नटराजको मूर्ति; बाह्रौं शताब्दी ।

२६. मङ्गलागौरीस्थानभित्र रहेको शङ्करको मूर्ति, सातौं-आठौं शताब्दी ।

२७. गौरीघाटको शङ्करको मूर्ति, एघारौं-बाह्रौं शताब्दी ।

